ग्रेप्स अफ ग्याथ

लेखक- जोन स्टेनबेक
अनुवादक- टङ्कविलास वार्य

नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशकः–
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान
कमलादी, काठमाडौं ।

प्रथम संस्करण–२०३१

मूल्य–

मुद्रक– मातृभूमि प्रेस, घण्टाघर, काठमाडौं ।



श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेव

२०१४ साल आषाढ ९ गतेका दिन स्थापना भएको नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान सो समयदेखि नै साहित्य, संस्कृति, कला आदिको क्षेत्रमा कार्य गर्दै आएको छ । यसका जन्मदाता स्वनामधन्य स्वर्गीय श्री ५ महेन्द्रबाट हुकुम भएअनुसार यसको मूल उद्देश्य –"देशको मौलिक परम्परालाई युगानुकूल बाटोमा अग्रसर गराउनु"– नै हो ।

राष्ट्रनायक श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवका कृपापूर्ण संरक्षकत्वमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानले २०३१ साल, वैशाख १ गतेदेखि नवीन व्यवस्थाअनुसार कार्य गर्न प्रारंभ गरेको छ । यसअनुसार प्रज्ञा-प्रतिष्ठानको उद्देश्य तथा कार्यक्रम अधिक व्यापक तथा गंभीर तुल्याइएको छ ।

विविध विषयका आधिकारिक सृजनात्मक ग्रन्थको प्रकाशन, अनुसन्धानात्मक कार्य, नेपाली संस्कृतिका आधारभूत कुराहरूको खोजी तथा साहित्य, संगीत औ कलाका क्षेत्रमा राष्ट्रियताको विकास हुने कार्यको संचालनद्वारा यसले प्रगतिशील नेपाली राष्ट्रसुहाउँदो कार्य द्रुतता औ गंभीरताका साथ गर्ने चेष्टा गर्नेछ ।

देश-देशान्तरमा नेपाली राष्ट्रको गौरव तथा प्रगतिशीलताको सौरभ फिजाउन प्रज्ञा-प्रतिष्ठानले सबैको सहयोग पाउने आशा गरेको छ ।

सूर्यविक्रम ज्ञवाली
कुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

वैशाख, २०३१ साल

[illegible]

[illegible] ৬ আগস্ট ১৯০৫

[illegible] কি [illegible] যে নাট্যশালা-গৃহ [illegible] [illegible] [illegible] । ও [illegible] [illegible] [illegible]

मन्तव्यः

आधुनिक पाश्चात्त्य साहित्यका लोकप्रिय उपन्यासहरूमध्ये जोन स्टेनबेकको "ग्रेप्स अफ न्याथ" पनि एउटा हो । संसारका अनेक भाषाहरूमा यस उपन्यासको अनुवाद भएको छ । यो उपन्यास प्रकाशित भएपछि पाश्चात्त्य जगत्मा यसको निकै चर्चा भयो तथा लेखकलाई एउटा सफल उपन्यासकारको रूपमा संसारले स्वीकार गऱ्यो । यस्ता लोकप्रिय पुस्तकहरूको अनुवाद गरी नेपाली साहित्यको भण्डारलाई धनी तुल्याउने नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको उद्देश्य भएको हुँदा यो पुस्तकको स्वागत होला तथा सबै साहित्यप्रेमीहरूले यस्ता लोकप्रिय उपन्यासको रसास्वादन गर्लान् भन्ने हामीलाई लागेको छ । प्रस्तुत पुस्तक श्री टङ्कविलास वार्यले परिश्रम गरी नेपाली भाषामा अनुवाद गरिदिनु भएकोमा उहाँलाई धन्यवाद छ ।

३१-४-२०३१
प्रज्ञा-भवन
कमलादी, काठमाडौं ।

लैनसिंह बाङ्गदेल
उपकुलपति
नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

प्रकाशक :

[illegible]

[illegible]

[illegible]

ग्रेप्स अफ ऱ्याथ

ভাদ্র নাথ সর্গঃ

पहिलो अध्याय

ओक्लाहामाको रातो र खैरो देहाती भागमा सुस्त-सुस्त अन्तिम वृष्टि हुन थाल्यो । त्यस वृष्टिको पानी दाग-दाग परेको भूमि नाघेर गएन । खोलाले खाएको जमीनमा हलो जोतिए । अन्तिम वृष्टि भएकोले छिटो-छिटो अन्न उम्रनुको साथै सडकका छेउहरूमा बस्ती बसाले झैं ठाउँठाउँमा घाँसहरू देखा पर्न थाले । यस हरियालीले गर्दा खैरो र गाढा रातो रंगको देहाती भूमि अदृश्य हुन गयो । 'मे' महीनाको अन्ततिर आकाश मलिन भयो र वसन्त ऋतुमा अकास्सिएर बसेका बादलका गुच्छाहरू बिलाएर गए । प्रतिदिन खेतमा उम्रिरहेका अनाजका बिरुवासाथि कडा घाम लाग्यो । यसबाट हरेक हरियो बिरुवाको किनारामा खैरो रेखा देखा पर्न थाल्यो । बादल देखा परे, फेरि बिलाए, अनि आउन छोडे । आत्मरक्षा गर्दै घाँसहरू गाढा हरियो रंगमा परिणत भए । तर अरू नयाँ ठाउँमा घाँस उम्रन छोडे । भूमिको माथिल्लो भाग सारो हुन थाल्यो र आकाश मलिन भयो । जमीन पनि मलिन हुँदै गयो । रातो रंगको भूमिले गुलाबी रंग र खैरो भूमिले सेतो रंग धारण गरे । खोलाले खाएर साँगुरा निकासहरू बने । त्यसमा जमीनबाट उडाएर ल्याएको धूलो जम्यो । एक किसिमको लोखर्के जस्ता जनावरहरूले तथा कसिला खाने कीराहरूले निकासहरू वरिपरिको जमीन खनेर केही-केही भास्न लगाएका थिए । दिनप्रतिदिन घाम चर्केर आएकोले अनाजका बिरुवामा भएका पातहरू ठाडा हुन छोडे । र तिनीहरूका केन्द्रीय रीढहरू कमजोर हुँदै गएकाले प्रत्येक पात तलतिर झुक्न थाल्यो । त्यसपछि 'जून' महीना शुरू भयो र घाम झन् चर्कंदै गयो । अन्नका पातहरूमा खैरो रंग चढ्दै गए र केन्द्रीय रीढहरूमा छुन पुगे । घाँसका छेउहरू च्यातिएर जरातिर ढल्कन थाले । हावा सुस्त भयो र आकाश झन् मलिन हुँदै गयो । अनि पृथ्वी पनि दिनदिन मलिन हुँदै गयो ।

सडकहरूमा बग्गी चल्दा त्यसका पांग्राहरूको चालले र घोडाका टापहरूको

कुल्चाइले जमीनको सारो माथिल्लो भाग खिइएर धूलो बन्न गयो । सडकमा चल्ने हरेक चीजले धूलो उडाउन थाल्यो । मानिस हिंड्दा मसिनो धूलो कमरसम्म उडेर आउँथ्यो । बग्गी चल्दा आङमाथिसम्म धूलो उडाउँथ्यो र मोटरगाडी चल्दा धूलोको बादल उडाएर जान्थ्यो । उडेको धूलो बिलाउन निकै बेर लाग्थ्यो ।

'जून' महीना आधी गएपछि टेक्सास र खाडीबाट उठेका जलमय कालो बादलहरू आकाशमा देखा परे । किसानहरूले बादलतिर हेरेर हावाको दिशा जान्न भिजेका औंलाहरू माथि उठाए । घोडाहरू उत्तेजित थिए र बादलहरू जम्मा हुन थाले । जलमय बादल अलि-अलि पानी वर्षाउँदै अन्य प्रदेशतिर हतारिंदै गए । ती बादल गएपछि आकाश फेरि मलिन भयो । अनि घाम चर्कन थाल्यो । धूलोमा पानीका थोपा परेर ठाउँठाउँमा प्वाल परेको थियो र अनाजका बिरुवाहरूमा पनि पानीका थोपाहरू स्पष्ट देखिन्थ्यो । बस यत्तिकै थियो ।

वृष्टिमय बादललाई उत्तरतिर ख्याउँदै सिरीसिरी हावा चल्न थाल्यो । त्यस हावाले अन्नका सुकेका बिरुवाहरूमा हलुकासँग ठक्कर दियो । यसरी एक दिन बितिसकेपछि हावा बढ्दै गएर प्रचण्ड रूप धारण गऱ्यो । सडकहरूबाट उडेर गएको धूलो खेतहरूको छेउमा उभ्रिरहेको घाँसमा मात्र होइन अपितु अलि परका खेतहरूमा पनि पर्न गयो । अब हावा जोरसँग चल्यो र अनाजका खेतहरूमा भएको सारो जमीनको माथिल्लो भागमा यो ठक्कर खान पुग्यो । धूलो मिसिएको हावाले अलि अलि गरेर आकाश धमिल्याइ दियो । बतासको झोकाले पृथ्वीबाट धूलो खनी लग्यो । हावाले झन् प्रचण्ड रूप धारण गऱ्यो । जमीनको सारो माथिल्लो भाग फोडेर हावाले खेतहरूबाट खैरो धूवाँको रूपमा धूलो उडाएर लग्यो । अनाजका बिरुवाहरू हावासँग टकराएर सररर सररर गरी शुष्क आवाज निस्किरहेको थियो । मिहीन धूलो फेरि जमीनमा बस्न आएन अपितु अन्धकार आकाशमा विलीन भएर गयो ।

बतासको वेग बढ्दै गएर ढुंगाको मुन्तिरबाट सुइँसुइँ गरी बग्न थाल्यो । यसले पराल, सुकेका पात तथा माटाका डल्लाहरू समेत उडाएर लग्यो । जुन खेतहरूबाट हावा बगेर गयो ती खेतहरूमा ध्वंसात्मक चिह्नहरू छोड्दै गयो । हावा र आकाश धमिलिएकोले घामको रंग रातो भयो र हावामा एक किसिमको अप्रिय चस्का थियो । राति हावाको वेग पहिलेभन्दा तीव्र हुँदै गयो । र यसले अनाजका जराहरू मजासँग खन्न थाल्यो । अनाजका बिरुवाहरूले बतासँग लाप्पा खेलेपछि

प्रत्येक ठाँठ थकावट अनुभव गर्दै बाङ्गिएर जमीनतिर निहुँरदै हावाको दिशालाई लक्ष्य गरिरहेको थियो ।

भोर भयो तर दिन भएन । खैरो आकाशमा लालिमा लिएर सूर्योदय भयो । सूर्यको वरिपरि धमिलो लाल रंगको गोल रेखा थियो अतएव सन्ध्यामा जस्तै प्रकाशको कमी थियो । यसरी दिन चढ्दै गएपछि सन्ध्यामा नै अन्धकार हुन गयो । र भूइँमा लडेका अनाजका बिरुवाहरूमाथि सुइँसुइँ गरी बतास चल्न थाल्यो ।

नर-नारीहरू आ-आफ्ना घरहरूमा एक साथ गुटमुटिएर बस्न थाले । हावाले उडाएर ल्याएको धूलोबाट बच्नको निम्ति बाहिर जाँदा उनीहरू नाकमाथि रूमाल बाँधेर तथा आँखामा कालो चश्मा लगाएर जान्थे ।

फेरि रात आयो तर अन्धकारमय थियो । ताराहरूको प्रकाश धूलो छेडेर आउन सकेन र झ्यालबाट निस्केका बत्तीका प्रकाशहरू आ-आफ्नो आँगनबाट पर पुग्न सकेनन् । हावामा धूलो समान रूपले मिसिएको थियो जसबाट सेतो पदार्थ जस्तै देखा पर्‍यो । घरहरू ढ्याम्म थुनिएका थिए र ढोका तथा झ्यालहरूको वरिपरि कपडा कोचिएको थियो । तैपनि मिहीन धूलो हावासँग मिसिएर अदृश्य रूपले भित्र आउँथ्यो र पराग जस्तो यो धूलो मेच, टेबुल र रिकापीहरूमा जम्यो । मानिसहरूले आ-आफ्ना कुमबाट धूलो झार्नपर्थ्यो । ढोकाको चौकोसमा धूलोका रेखाहरू परिरहन्थे ।

त्यो मध्यरात बतास थामिइसकेपछि जमीनमा निस्तब्धता छायो । धूले हावाको कारणले गर्दा कुहिरोले ढ्याम्म पारेको वखतमाभन्दा पनि बढी मात्रामा आवाज पटक्कै नसुनिने भयो । सुतिरहेका मानिसहरूले बतास थामिएको चाल पाए । वेगले चलिरहेको आँधी गइसकेपछि उनीहरू उठे । शान्तसँग पल्टेर उनीहरूले निस्तब्धतामाथि गहिरिएर कान थापे । भालेहरू बासेको आवाज गुम्सिएको जस्तो सुनिन्थ्यो । मानिसहरू बेचैनीले आ-आफ्ना ओछ्यानमा पल्टेर प्रभातलाई पखिरहेका थिए । हावाबाट धूलो अलग हुन निकै बेर लाग्ने कुरा उनीहरूले जानिसकेका थिए । बिहानको हावामा कुहिरो जस्तै धूलो लागेको थियो र सूर्यको रंग ताजा रगत जस्तै रातो थियो । दिनभरि चलनीबाट झरेजस्तै आकाशबाट धूलो झरिरहन्थ्यो र भोलिपल्ट पनि मिहीन धूलो झरि नै रह्यो । जमीनमा समान रूपले धूलोको चादर ओछिइयो । अनाजको बिरुवामा, आडमा र तारहरूमा मात्र

होइन अपितु छाना, घाँस र रूखहरूमाथि पनि धूलोको पातलो चादर जस्तो बस्यो ।

मानिसहरू आ-आफ्नो घरबाट निस्केपछि अप्रिय वायु सुँध्नु नपरोस् भनेर नाक थुनेर जानुपर्थ्यो । केटाकेटीहरूले घरबाट निस्केर दगुर्ने र जोरसँग कराउने गरेनन् जस्तो उनीहरू झरी भएपछि गर्ने गर्थे । खेतका आडनिर उभिएर मानिसहरूले जीर्णप्रायः नष्ट अनाजका बिरुवाहरूमाथि अवलोकन गरेपछि धूलोको पातलो चादरबाट अलि-अलि मात्र हरियाली देखा पर्थ्यो । मानिसहरूले मौन धारण गरी यताउति केही चलमलसम्म पनि गरेनन् । यस पाली पुरुषहरू हतोत्साह भए कि भनेर हेर्न नारीहरूले पुरुषहरूको मुख नहेरे जस्तो गरी हेरिरहे किनभने अरू कुरा बचे पनि अनाज त नष्ट भएको हुन सक्थ्यो । केटाकेटीहरू नांगा पैतालाको बूढी-औंलाले धूलोमा आकार खिचेर उनीहरूको नजीकै उभिरहे । नर-नारीहरू हतोत्साह भए कि भनेर हेर्न केटाकेटीहरूले खोजीनीतिको भावनाले उनीहरूलाई अवलोकन गर्न थाले । नर-नारीहरूका मुखमा च्याएर हेरेपछि उनीहरूले पैतालाका बूढी-औंलाहरूले होशियारीसाथ धूलोमा रेखांकन गर्न थाले । घोडाहरू पानी खाने कठौतानेर आएर धूलो भएको पानीको माथिल्लो सतह थुतुनाले चलाउँदै सफा गर्न थाले । एक छिनमा हेरिरहने पुरुषहरूको आकृतिबाट चिन्तामग्न व्यग्रता बिलाएर गयो । त्यसपछि त्यसमा कठोरपन, रीस र विरोधको भावना देखा पर्न थाले । पुरुषहरू सुरक्षित थिए तथा नष्ट भयो भन्ने भावना उनीहरूमा थिएन भन्ने कुरा नारीहरूले बुझे । अनि पछि उनीहरूले सोधे "हामीहरूले के गर्ने ?" उत्तरमा पुरुषहरूले भने, "हामीहरूलाई थाहा छैन ।"

तर सबै ठिकै थियो । सबै ठीक थियो भन्ने कुरा नारीहरूले मात्र होइन केटाकेटीहरूले पनि बुझे । नारी र केटाकेटीहरूले राम्रोसँग बुझे कि पुरुषहरू दृढ र धैर्यवान् रहेसम्म कुनै किसिमको दुर्भाग्य आउने थिएन । नारीहरू काम गर्न घर गए र केटाकेटीहरू होशियारीसँग खेल्न थाले । जति दिन बित्दै गयो उति सूर्यको लालिमा कम हुँदै गयो । धूलोको चादर भएको जमीनमा घाम चर्कन थाल्यो । लट्ठी र साना-साना ढुंगाहरू हातले खेलाई-खेलाई पुरुषहरू आ-आफ्ना घरका ढोकामा बसिरहे । उनीहरू अझै घोरिइँदै आकारहरू खिच्तै बसिरहे ।

दोश्रो अध्याय

सानो सडकको छेउमा रहेको भोजनालयको सामुन्ने भीमकाय रातो पारवहन ट्रक खडा थियो । दूषित धूवाँ निक्लने ठाडो पाइपवाट सुस्त-सुस्त आवाज निस्किरहेको थियो र यसको छेउको माथि फलामे रंगको पातलो धूवाँ प्रायः अदृश्य रूपले चक्कर काटिरहेको थियो । यो उज्ज्वल लाल रंगको नयाँ ट्रक थियो । जसको वगलमा बाह्र इंचको अक्षरले लेखेको थियो 'ओक्लाहामा शहरको पारवहन कम्पनी ।' यसका पांग्राहरूमा दुइ-दुइवटा नयाँ टायर जडिएका थिए तथा यसको पछाडिका ठूल-ठूला ढोकाहरूमा जडान गरेको कब्जामा एउटा पित्तले ताल्चा मारिएको थियो । भोजनालयको पर्दाभित्र एउटा रेडियो बजिरहेको थियो । जसमा शान्तसित नाच्ने गाना ऽाइरहेको थियो । तर कसैले पनि त्यसलाई सुनिरहेको थिएन । ढोकामाथि एउटा गोलाकारको प्वाल थियो जसमा एउटा सानो पंखा बाहिरको हावा लिनलाई निःशब्द चलिरहेको थियो । र ढोका तथा झ्यालहरूमा झिगा मस्तसँग भन्किरहेका थिए । पर्दाहरूमा पनि उनीहरूको धावा त्यत्तिकै थियो । भित्रपट्टि ट्रक-चालक एउटा त्रिपाइमा बसी आफ्ना कुहिनाहरूले टेबिलमाथि अडेस लाएर दुब्लो एक्लो जनाना वेरामाथि कफीको माथिल्लो सतहबाट हेरिरहेको थियो । त्यसले ऊसित चिटिक्क परेको लापरवाही शहरिया भाषामा बोल्दै भन्यो: 'मैले अन्दाजी तीन महिना अघि उसलाई देखेको थिएँ । उसको अप्रेशन गरिएको थियो । जिउको केही भाग काटेर फालेको थियो तर त्यो के हो मैले बिसें' । त्यसले भनी, 'एक साता नाघेको जस्तो पनि लागेन मैले उसलाई देखेको थिएँ । त्यस बेला बेसै जस्तो थियो । त्यो नीच थिएन असलै व्यक्ति थियो ।' ढोकाको पर्दामा झिंगाहरू बिस्तारै भन्किरहेकै थिए । कफी बनाउने मेशीनबाट बाफ निस्केकोले त्यो जनाना वेराले त्यसको पछिल्तिर गएर मेशीन बन्द गरिदिई ।

बाहिरपट्टि मूल सडकको पेटीमा हिंडिरहने एक जना मानिस सडक पार गरी ट्रकको नजीक गयो। बिस्तारै ट्रकको सामुन्ने गएर त्यसले टल्कने रेलिंगमा हात राखेर अघिल्तिरको शीशामा 'कोही सवारी नलिने' भनी लेखी टाँसिएको कागजमा हेऱ्यो । एकै छिनमा त्यो आफ्नो बाटो ततातुन आँटेको थियो तर त्यसो नगरीकन ऊ भोजनालयदेखि पल्तिर रहेको त्यस ट्रकको फल्याकबोर्डमा बस्यो । ऊ तीस वर्ष नाघेको थिएन । उसको आँखा निकै खैरो थियो र आँखाका नानीहरूमा अलि अलि खैरो रंग चढेको थियो । उसको गालाका हाडहरू चौडा भएर माथि उठेका थिए । उसको अनुहार वरिपरि प्रबल गहिरा रेखाहरू गालाहरू पार गरेर वांगिएर गएका थिए । उसको माथिल्लो ओठ लामो थियो । उसको बाहिर निस्केका दाँतलाई ओठहरूले छोपेका थिए किनभने त्यसले आफ्ना ओठहरू टम्म बन्द गरिराखेको थियो । मोटा-मोटा औंला तथा बाक्लो र खस्रो नङ भएका उसका हातहरू सारा थिए । बूढी-औंला र चोर-औंला बीचको भाग तथा हत्केलाको पछाडिको भागमा छाला बाक्लो भएर टल्केको थियो ।

त्यो मानिसले लगाएका लुगाहरू जम्मै सस्ता र नयाँ थिए । उसको खैरो टोपी यति नयाँ थियो कि त्यसमा लगाएको नकाब अझ सारो नै थियो र टाँक अझसम्म लगाइराखेकै थियो । त्यसको आकार-प्रकार बिग्रेको थिएन । त्यो बिग्रेर तबमात्र ठूलो हुन्थ्यो जब त्यसबाट झोलाको, तौलिया-रूमालको अथवा जेबी-रूमालको काम लिइन्थ्यो । उसको कोट र सुरुवाल सस्तो खैरो जीनको थियो । नयाँ भएकोले सुरुवालमा इस्त्री जस्ता-को-तस्तै थियो । उसको नीलो रंगको कमीज सारो र चिप्लो थियो । ऊ अग्लो भएकोले उसको कोट ज्यादै ठूलो र सुरुवाल ज्यादै सानो थियो । उसको कोटको कुमको भाग ठूलो भएर पाखुरामा झुंडिरहन्थ्यो । यति भईकन पनि बाहुला ज्यादै छोटो थियो र कोटको अघिल्लो भाग खुकुलो भएर पेटमा झुंडिरहेको थियो । त्यसले एक जोर नयाँ सैनिक-जुत्ता लाएको थियो जसमा कुर्कुच्चा खिइनुबाट बचाउनाको लागि घोडाहरूको खुरमा जस्तै अर्धनालको साथ-साथै ठूलठूला कीलाहरू पनि ठोकिएका थिए । ट्रकको फल्याकमा बसेर त्यो मानिस आफ्नो टोपी फुकालेर मुखको पसिना पुछ्न थाल्यो । त्यसपछि टोपी लगाएर नकाब बिग्रननदिन त्यसलाई तान-तुन गऱ्यो । उसको ध्यान पैतालातिर गयो । तल निहुरेर जुत्ताको फित्ता फुकाल्न थाल्यो र त्यसलाई त्यसै छोडि नै राख्यो । उसको टाउकोमाथि डिजल इन्जीनको नीलो धूवाँ छिटो-छिटो फक्फक् गर्दै निस्किरहेको थियो ।

भोजनालयमा बजिरहेको संगीत थामिएपछि एउटा मानिसले ध्वनिविस्तारक यन्त्रबाट बोल्यो तर त्यस जनाना बेराले त्यो व्यक्तितिर फर्केर हेरिन किनभने संगीत थामिएको चाल उसले पाइन । उसले आफ्नो कान पछाडि औंलाले छाम्दा एउटा मासुको डल्लो भेट्टाएकी थिई । ट्रक-चालकलाई थाहा नदिईकन काउन्टरको पछाडि उसले ऐना हेर्न चाहेकी थिई । यसैले त्यसले बढार-कुढार गर्न लागे जस्तो गरी आफ्नो कपाल अलि तलतिर झारी । ट्रक चालकले भन्यो: 'शःनीमा भव्य नाच भएको थियो । त्यहाँ कोही मारिए अथवा त्यस्तै कुरा मैले सुने । तिमीले केही सुनेकी छौ ?' जनाना बेराले उत्तरमा भनी, 'अँहँ ।' त्यति भनेर उसले आफ्नो कान पछाडिको डल्लो बिस्तारै औंलाले मुसारी ।

बाहिरपट्टि बसिराखेको मानिसले उभिएर ट्रकको ढकनीमाथि दृष्टिपात गरेपछि एक छिन भोजनालयतिर आफ्नो ध्यान दगुरायो । त्यस पछि ट्रकको फल्याकमा बसेर त्यसले आफ्नो गोजीबाट चुरोट बनाउने कागज झिक्यो । त्यसमा अलिकति सुर्ती राखेर बिस्तारै बेरी चुरोट बनायो । त्यसमा राम्रोसँग सुर्ती भरेपछि त्यसलाई एकनासको पार्‍यो । अन्तमा त्यसले त्यो चुरोट सल्कायो र आफ्नो पैतालामुनि त्यो बलेको सलाइलाई कुल्चेर निभायो । मध्यान्ह हुँदै आएपछि घाम लागेर ट्रकको छायाँ बिलाएर गयो ।

भोजनालयमा ट्रक-चालकले आफ्नो बिल चुक्ता गर्‍यो । सानो प्वाल भएको मेशीनमा दस सेन्ट खसालेर हेर्‍यो । तर त्यस मेशीनले केही सेन्ट फिर्ता गरेन । 'ती सेन्टहरू त्यहाँ रहे अतएव तिमीले केही पनि पाउन सक्तैनौ,' त्यसले जनाना बेरालाई भन्यो ।

उसले जवाब दिई : 'दुइ घण्टा भएको छैन एउटा मानिसले त्यो मेशीनबाट तीन डलर अस्सी सेन्ट पाएको । तिमी कति छिटो फर्कन लागेका ?'

त्यसले ढोकाको पर्दा अलि खोलेर हेर्‍यो । त्यसले भन्यो, 'दस दिन भयो नगएको । मलाई छिटै टल्सा जानु छ र चाँडै फर्कन नसकुँला जस्तो छ ।'

उसले रिसाएर भनी : 'झिगाहरूलाई भित्र पस्न नदेऊ । बाहिर जाऊ या भित्र बस ।

त्यसले भन्यो, 'यति बेर बसिसकें ।' त्यसपछि ऊ बाहिर निस्क्यो । ऊ

गएपछि पर्दा लाएको ढोका ढचाम्म थुनियो । घाममा उभिएर त्यसले चुइंगम बेरिराखेको कागज च्याती फालिदियो । चौडा काँध ठूलो भुँडी भएकोले त्यो भद्दा थियो । मुख लाल तथा उसका नीला आँखा प्रखर उज्यालोमा जहिले पनि ऐंचाताना भई साँगुरेर जान्थे । फौजी सुरुवाल र माथिसम्म फित्ता लगाएको बूट त्यसले लाउँथ्यो । आफ्नो ओठको सामुन्ने सानो छेस्कामा टाँसिएको चुइंगम समाएर त्यसले पर्दाभित्र बोलायो : 'अँ, केही काम गर्दैनौ र मेरो कुरा पनि सुन्न चाहँदैनौ ।' त्यो जनाना वेरा पछिल्लो भित्तामा राखेको ऐनातिर फर्केकी थिई। उसले रूखो आवाजमा जवाब दिई । प्रत्येक टोकाइमा आफ्नो बंगारा र ओठहरू चाक्लो पारेर ट्रक-चालकले चुइंगमको छेस्का सुस्त-सुस्त दाँतले टोक्न थाल्यो ।ठूलो रातो ट्रकतिर जाँदाजाँदै त्यसले त्यो चुइंगम मुखमा हालेर जिब्रोले खेलाउन थाल्यो ।

त्यो सवारीबाट यात्रा गर्न चाहनेले उभिएर झ्यालहरूको बीचबाट हेरेर भन्यो, 'महाशय, मलाई सहारा दिन सक्नुहुन्छ कि ?'

चालकले एक छिन फर्केर भोजनालयमा छिटो-छिटो नजर फेरेर भन्यो, "अगाडिको शीशामा 'कोही सवारी नलिने' भनी लेखेर टाँसिएको देख्तैनौ ?"

'अवश्य देखेको छु । तर कहिलेकाहीं कोही धनी राँडा छोराले त्यस्तो टाँस्न लगाएता पनि कोही त असल पनि हुन सक्छन् ।

बिस्तारै ट्रकभित्र पसेर चालक यस जवाबमाथि विचार गर्न थाल्यो । त्यसले उसलाई इन्कार गरिदिएमा आफू असल नहुने मात्र होइन अपितु त्यस टाँसले कसैलाई साथ लिन नपाउने पनि हुन्थ्यो । त्यसले त्यस सवारीबाट यात्रा गर्नेलाई भित्र पस्न दिए आफू अनायास राम्रो मानिस बन्ने थियो र साथसाथै त्यसको कुनै धनी राँडा छोराले पनि विरोध गर्न सक्तैनथ्यो । त्यसले आफूलाई धरापमा फसेको चाल पायो तर उम्कने कुनै बाटो देख्न सकेन । राम्रो मानिस बन्न चाहेर त्यसले फेरि भोजनालयतिर नजर दौडायो । त्यसले भन्यो, 'हामीहरू घुम्तीमा जाने बेला नभएसम्म ट्रकको फल्याकैमा पल्टिरहनू ।'

त्यस सवारीबाट जान चाहने आफू अदृश्य हुने गरीकन गाडीको ढोकानिर टाँसिएर बस्यो । एक छिन मोटर गर्ज्यो । गियरबाट क्लीक आवाज आयो अनि त्यो ठूलो ट्रक चल्यो । पहिला, दोश्रा, तेश्रा गियर लागेपछि खूब ठूलो आवाज आयो

अनि चौथो गियर लाग्यो । त्यो टाँसिएर गएको मानिसको मुन्तिर जुन मूल सडक थियो त्यो रिंगटा लाग्ने गरीकन अस्पष्ट हुन थाल्यो । सडकको घुम्तीमा पुग्दा एक माइल बाटो काटिसकिएको थियो । त्यस पछि ट्रकको चाल ढीलो हुन गयो । मोटरबाट यात्रा गर्नेले उभिएर ढोका खोल्यो अनि सीटमा बस्यो । चालकले आफ्नो आँखा साँगुरो पारेर उसलाई हेर्‍यो । चपाउँदा त्यसले बंगाराहरू यसरी चलाएको थियो मानौं विचार र आफ्नो मनमा परेका छापहरू दिमागभित्र पस्नुअगाडि बंगाराहरूले छानेर मिलाएका हुन् । चालकको नजर उसको नयाँ टोपीदेखि लिएर नयाँ लुगा र जुत्तासम्म सरसरी फेरिन गयो । त्यस यात्रुले आफ्नो पीठ्यूँ सीटमा सुबिस्तासँग मोड्यो । टोपी फुकालेर ऊ आफ्नो निधार र चिउँडोको पसिना पुछ्न थाल्यो । त्यसले भन्यो, 'धन्यवाद छ, साथी । मेरा खुट्टाहरू औंधी गलिसकेका थिए ।'

चालकले भन्यो, 'नयाँ जुत्ता ।' उसको आँखाले जुन गोप्य कुरा र इशाराको संकेत दिएको थियो त्यही कुरा उसको आवाजले पनि दियो । त्यसले भन्यो, 'नयाँ जुत्ता लाएर यस्तो गरम मौसममा तिमीले हिंड्न नहुने ।'

त्यस यात्रुले धूलो लागेको पहेंलो जुत्तामा नजर दगुराएर भन्यो, 'अर्को जुत्ता छैन मसँग । तपाईंको अर्को जुत्ता नभए यही लाए हुन्छ ।'

चालकले बुद्धि पुऱ्याई कर्के आँखाले अगाडि हेरेर ट्रकको वेग अलि बढायो । त्यसले सोध्यो : 'धेरै टाढा जानु छ ?'

'उँहुँ ! मेरा खुट्टाहरू नथाकेका भए म हिंडेर नै जाने थिएँ ।'

चालकका प्रश्नहरूमा सूक्ष्म परीक्षाको भाव थियो । प्रश्नहरूको जाल फैलाएर त्यसले पासो थाप्न लागेको जस्तो देखिन्थ्यो ।

त्यसले सोध्यो, 'काम खोजी गर्न ?'

'अँहँ, मेरा बूढाले चालीस एकड जमीन पाएका थिए । त्यसले बाली पाउँछ र हामीहरू त्यहाँ धेरै दिनदेखि बसिरहेछौं ।'

चालकले सडकको छेउमा भएका खेतहरूमाथि महत्त्वपूर्ण तरीकाले हेर्‍यो जसको

अगल-बगलमा अन्न खसिराखेका थिए तथा जहाँ थुप्रै धूलो थियो। साना-साना ढुंगाहरू धूलो मिसिएको माटोमा घुसेका थिए। चालकले मानौं आफ्नो मनमनमा भने जस्तो गरी भन्यो : 'चालीस एकडबाट बाली पाउनेले धूलो झार्दैन र ट्र्याक्टर राख्तैन ?'

यात्रुले भन्यो, 'निश्चय नै मैले हालसाल त सुनेको छैन।'

चालकले भन्यो, 'त्यसै बखत एउटा माहुरी गाडीमा उडेर आयो र आँघल्ला शीशा पछाडि गुनगुनाउन थाल्यो। चालकले आफ्नो हात बाहिर निकालेर होशियारीसँग माहुरीलाई झ्यालबाहिर हावामा धपाइदियो। त्यसले भन्यो, 'बाली पाउनेहरूले अब भोकै बस्नुपर्ने हुन्छ। एक जोडा बिरालोले दस परिवार निकाल्छन्। अहिले त जतातत बिरालो नै बिरालो। बाली-पाउनेहरूलाई घोक्याएर पठाऊ। तिम्रो बूढाको के हालचाल छ ?' मुखमा यसै राखिछोडेको चुइंगम चलाएर चपाउनमा उसका जिब्रो र जबडाहरू व्यस्त थिए। जति पटक उसको मुख खोल्यो त्यति पटक उसको जिब्रोले चुइंगम चलाएको देख्न सकिन्थ्यो।

'अँ, हालसाल मैले सुनेको छैन। मेरो यो हातले कहिले पनि लेखेको छैन न मेरो बूढाको हातले लेखेको छ।' त्यसले चा-चाँडै भन्यो, 'तर हामीले चाहे दुवैले लेख्न सक्छौं।'

'केही काम गरेका छौ ?' फेरि रहस्य निरीक्षण गर्ने आकस्मिकता देखियो। त्यसले खेतहरू तथा उज्यालो आकाशमा हेऱ्यो अनि चुइंगमलाई गालाको नजीक ल्याएर बाटोको पारोपट्टि पुग्ने गरी झ्यालबाट थुकेर हुत्त्याय्यो।

यात्रुले भन्यो' 'जरूर गरेका छौं।'

'यस्तै विचार गरें। तिम्रो हात देखें। तिमीले बंचरो या ठूलो घन चलाएका छौ जसले गर्दा तिम्रो हातमा ठेला वस्न गएको छ। म त्यस्तै चिन्ह देखिरहेको छु। त्यसैमा गर्व गर।'

यात्रुले उसलाई क्वारक्वारती हेऱ्यो। ट्रकका टायरहरू सडकमाथि गुडेर गाउन थाले। त्यसले भन्यो, 'केही कुरा जान्न चाहन्छौ ? म भनुँला। तिमीले अनुमान गर्नु

पर्दैन ।'

'नरिसाउनू । मलाई अर्काको कुरा जान्न मन लाग्दैन ।'

'म हरेक कुरा भनुँला र केही पनि लुकाउने छैन ।'

'नरिसाउनू । मलाई कुनै कुरा हेर्न मन लाग्छ जसबाट समय बित्छ ।'

'म केही कुरा भनुँला । मेरो नाउँ टाम जोड । मेरो बाको नाउँ ठूलो टाम जोड । यो भनेर त्यसले चालकमाथि घुरेर हेऱ्यो ।

'नरिसाउनू । मलाई कुनै कुराको इच्छा छैन ।'

जोडले भन्यो, 'मलाई पनि केही कुराको इच्छा छैन । कसैलाई अगाडि नसारीकन म कुरा गर्न लागेको ।' त्यसले कुरा गर्न थामेर शुष्क खेतहरूतिर अवलोकन गऱ्यो । तिर्खाएका रूखहरूको कुञ्ज पर गर्मीमा बेचैनले खडा थियो । आफ्नो खल्तीबाट त्यसले सुर्ती र कागज झिक्यो । हावा नलागेकोले आफ्ना घुँडाहरूको बीचमा राखेर त्यसले चुरोट बेऱ्यो ।

चालकले आफ्नै ढंगमा विचारपूर्वक गाईले पागुर गरे जस्तै गरी चपाउन थाल्यो । ऊ चाहन्थ्यो कि आफू पहिले आएको बाटोको सम्पूर्ण महत्त्व बिलकुल बिर्सेर जाओस् । अन्तमा हावा जब तटस्थ भएको जस्तो देखियो त्यसले भन्यो : 'जसले ट्रक हाँकेर त्यसबाट नाजायज फाइदा उठाउँदैन त्यसलाई यसबारे केही थाहा हुँदैन । बाटोमा कसैलाई हामीहरूले राखेर लैजावस् भनी ट्रकका मालिकहरू चाहँदैनन् । तैपनि हामीहरूले त्यस ट्रकबाट नाजायज फाइदा उठाउँछौं; जस्तो मैले तिमीलाई राखेर फाइदा उठाएको छु । र अन्तमा यस्तो कुरा थाहा पाएर हामीहरूलाई बर्खास्त गर्ने मौका उनीहरू पाउँछन् ।'

जोडले भन्यो, 'म यस कुरालाई प्रशंसा गर्छु ।'

'मैले यस्ता मानिसहरूलाई पनि चिनेको छु जसले ट्रक हाँक्दा असंगत काम गरेका छन् । म त्यस्तो एक व्यक्तिलाई चिन्दछु जो समय बिताउन कविता लेख्ने गर्थ्यो ।' जोडले यस कुरामा दिलचस्पी लियो तर आफू चकित भएको कुरा उसले

चाल नपाउने गरी हेरिरह्यो । आफ्नो अघिल्तिर पर लहरा जस्तै बिस्तारै बग्ने सडकतिर हेरेर जोडले मौन धारण गऱ्यो । अन्तमा चालकले भन्दै गयो, 'एउटा, मानिसले लेखेको एक टुक्रा कविता म यहाँ संझन्छु । दुनियाभर रक्सी खाएर जथाभावी असंगत काम गरेर हिंड्ने ऊ र उसका दुइ जना साथीहरूको बारे उसले यो कविता लेखेको थियो । म त्यस कवितामा के थियो भन्ने कुरा संझने कोशिश गर्छु । त्यसले त्यस कवितामा लेखेका शब्दहरू जीजस क्राइष्टले पनि बुझ्दैन होलान् । त्यस कविताको केही अंश यस्तो थियो: "हात्तीको सूँड या ह्वेल माछाको पुच्छर-भन्दा ठूलो बन्दूकको घोडा लिएको एउटा हब्सीलाई हामीहरूले त्यहाँ देख्यौं ।" त्यो सूँड नाक जस्तै छ । हात्तीको सूँड हो भनेर त्यो मानिसले मलाई एउटा शब्द-कोशमा देखायो । ऊ आफू जहाँ गए पनि शब्द-कोश लिएर जान्थ्यो । समोसा खाइरहँदा या कफी खाइरहँदा पनि ऊ त्यो शब्द-कोश हेरिरहन्थ्यो ।' आफ्नो लामो संवादमा अर्को साथीले चाख नदिएको महसूस गरेर ट्रक-चालक थामियो । नदेखे जस्तो गरी हेरिरहने उसका आँखा जोडमाथि पऱ्यो जो चूप लागेर बसि-रह्यो । चालकले आत्तिएर आफ्नो कुरामा उसको ध्यान जबर्जस्ती आकृष्ट गर्न खोज्यो । त्यसले सोध्यो, 'तिमीले यस्ता ठूलठूला शब्द बक्ने अरू कुनै मानिसलाई कहिले चिनेका छौ ?'

'पादरीलाई चिनेको छु', जोडले जवाब दियो ।

'अँ, कसैले ठूलठूला शब्द प्रयोग गरेको सुनेर तिमी पागल हुनेछौ । पादरीले प्रयोग गरे ठीकै छ किनभने पादरीसँग बस्ने मूर्खता कसैले गर्दैन । तर त्यो व्यक्ति मजाको थियो । त्यसले ठूलठूला शब्दहरू प्रयोग गरेकोमा तिमीले उसलाई कोस्दैनौ किनभने त्यसले यस्तो गरेको आफ्ना प्रियतमाहरूको लागि थियो । त्यसले यस्तो गरेको अरू कसैको लागि होइन ।' जोड उसको कुरा सुनिरहेको थियो भनेर चालक-लाई निश्चितरूपले थाहा थियो । एउटा घुम्ती आइपुगेपछि त्यसले ट्रकलाई दुराशयले हल्लाइदियो जसबाट टायरहरूले चिच्च्याएको जस्तो शब्द निकाले । त्यसले आफ्नो सिलसिला जारी राख्यो, 'मैले अघि भनेको थिएँ ट्रक-चालकले असंगत काम गर्छ । त्यस्तो काम त्यसले गर्नै पर्छ । त्यसको काम कठिन छ र पांग्राहरूमुनि सडक घस्रन्छ । त्यसले एकचोटि भनेको थियो कि ट्रकबाट नाजायज फाइदा उठाउनेहरू सधैं बाटोमा आफू भेला हुने ठाउँमा बसेर गाईको मासु खान्छन् ।'

जोडले स्वीकार गर्दै भन्यो, 'अवश्य उनीहरू त्यस्तै ठाउँमा बसेको जस्तो बुझिन्छ ।'

'उनीहरू जरूर त्यहाँ रोकिइन्छन् तर खानलाई मात्र । जहिले पनि भोकले सताइरहेको हुने हुँदा उनीहरू त्यसरी जान आतुर हुन्छन् । त्यही जमघटमा मात्र उनीहरू थामिन्छन् । त्यहाँ रोकिएपछि केही कुरा किन्नै पर्छ । काउन्टरको पछाडि खेलौना-साँढे टिपेर फालेपछि एक कप कफी र एक टुक्रा समोसा पाइन्छ । त्यति खाएपछि त्यस व्यक्तिलाई अलिकति ताकत आउँछ ।' यति भनेर त्यसले विस्तारै चुइंगम चपाएर जिब्रोले पल्टायो ।

केही महत्त्व नदिईकन जोडले भन्यो, 'उनीहरूको मिजास रूखो भएको हुनु पर्छ ।'

चालकले व्यंग्यको आशा गरेर परीक्षा गर्ने ढगले उसलाई छिटो-छिटो हेरेर भन्यो: 'अँ, ईश्वरको शपथ, यो सजिलो कुरा होइन । हेर्दा सजिलो जस्तो देखिन्छ । आठ या दस-बाह्र घण्टा लगाएर हेरे थाहा हुन्छ । सडकमा कसैले ट्रक चलाएर गएपछि त्यसले केही गर्नुपर्ने हुन्छ । कोही गाउँछन् त कोही सिट्टी बजाउँछन् । कम्पनीले हामीहरूलाई रेडियो लान पनि दिंदैन । कसै-कसैले एक माना जति रक्सी साथमा लिएर जान्छन् । तर त्यसो गर्नेहरू धेरै दिन टिक्दैनन् ।' त्यसले अन्तिम कुरा भन्दा सन्तोष मानेको थियो, 'म कहिले पनि रक्सो पटक्कै छुन्न ।'

जोडले सोध्यो, 'हो र ?'

'हो रे ! एउटा मानिसले त्यति गरेर पुग्दैन । किन, म त पत्रद्वारा स्कूलको पाठ्यक्रम पढ्ने विचार गर्दैछु । त्यो पनि मेकानिकल इजिन्नीयरिङ्ग । यो सजिलो हुन्छ । घरैमा बसेर केही सजिलो पाठ अध्ययन गर्ने विचार गर्दैछु । अनि ट्रक-सक चलाउने काम छोडिदिन्छु । ट्रक चलाउनको निम्ति अरूहरूलाई भनुँला ।'

जोडले आफ्नो कोटको खल्तीबाट एक पाइन्ट ह्विस्की झिकेर भन्यो, 'साँच्चै तिमी एक घुट्का पनि पिउँदैनौ ?' उसको आवाज उपहासपूर्ण थियो ।

'अँहँ, सतोसत म छुँदै छुन्न । अध्ययन गर्न लागेकोले अब म रक्सी

पिउन सक्तिनँ ।'

जोडले बोतलको बिर्को खोलेर छिटो-छिटो दुइ घुट्का पिएपछि फेरि बिर्को हाली खल्तीमा राख्यो । मसलादार ह्विस्कीको तातो बास गाडीमा फैलियो । जोडले भन्यो, 'तिमी बिलकुल संयमी छौ । क्या हो लडकी-सडकी छ कि ?'

'अँ, निश्चय छ । तर जसरी भएपनि म अगाडि बढ्न चाहन्छु । धेरै दिनदेखि आफ्नो मनलाई तालीम दिंदैछु ।'

ह्विस्कीले जोडलाई खुकुलो पारिदियो । त्यसले अर्को चुरोट बनाएर सल्कायो । त्यसले भन्यो, 'मलाई धेरै अगाडि जानु छैन ।'

चालक छिटो-छिटो गयो । उसले भन्यो, 'मलाई कुनै किसिमको उपदेश चाहिंदैन । म सधैं आफ्नो मनलाई तालीम दिन्छु । दुइ वर्ष भयो म पाठ्यक्रममा लागेको ।' त्यसले आफ्नो दायाँ हातले स्टियरिंग ह्वील सुमसुम्याउँदै भन्यो, 'भनुँ कि सडकमा एउटा मानिसलाई हेरेर गएँ । अनि म उसबारे एक-एक कुरा संझने कोशिश गर्छु–कस्तो किसिमको लुगा, जुत्ता, टोप त्यसले लगाएको थियो तथा त्यो कसरी हिंड्थ्यो, कति अग्लो र कति गह्रौं थियो, कुनै घाउ-खटिराको दाग थियो कि थिएन । यस्तो किसिमको संझना म निकै राम्रो गर्छु । म आफ्नो मनमा त्यसको सम्पूर्ण तसवीर उतार्न सक्छु । कहिलेकाहीं औंठा-छापको विशेषज्ञ हुने पाठ्यक्रम पढ्नु पर्ने भनी म विचार गर्थें । एउटा मानिसले कतिसम्म संझन सक्छ भन्ने कुरामा तिमी छक्क पर्नेछौ ।'

जोडले बोतलबाट छिटो-छिटो अर्को घुट्को पियो । राम्रोसँग नबेरिएको चुरोटबाट त्यसले अन्तिम सर्को तानेपछि बुढी-औंला र चोर-औंलाले ठुटो थिच्यो । त्यसले ठुटोलाई गुद्दीमा दलेर झ्यालबाट फालिदियो । गुद्दीले भिजेका औंलाहरू त्यसले हावामा सुक्न दियो । ठूल, ठूला टायरहरूले ढुंगा छापेको डाउँमा निकै स्वर मचाउन थाले । अब जोडले सडकमा घुरेर हेऱ्यो । उसको काला शान्त आँखाहरूमा सन्तोषको भावना झल्कन्थ्यो । चालकले पर्खीकन बेचैनले यताउति हेऱ्यो । अन्तमा जोडको लामो माथिल्लो ओठ ङिच्च हाँस्ता माथि गएर उसका दाँतहरू देखा परे अनि निःशब्द छाति फुलाई फुलाईकन हाँस्यो । त्यसले भन्यो, 'साथी, त्यस ठाउँमा पुग्न तिमीले निकै समय लगायौ ।'

चालकले यताउति नेहेरीकनै भन्यो, 'कुन ठाउँमा पुग्न ? के भनेको ?'

जोडका ओठहरू एक छिन उसका लामा-लामा दाँतहरूमाथि कसिए र त्यसले कुकुरले जस्तै दुइचोटि आफ्ना ओठका दुवैतिर -दायाँबायाँ चाटचो । उसको आवाज सारो थियो । त्यसले भन्यो, 'मेरो मतलब बुझेकै होलाऊ । म पहिलो पटक ट्रक चढ्दा तिमीले मलाई शिक्षा दियौ । मैले हेरिराखेको थिएँ ।' चालकले सरासर अगाडितिर हेरेर स्टियरिंग ह्वील यसरी कसेर समात्यो कि उसको हत्केलाको मासु मात्र बाहिर निस्केको होइन अपितु हातको माथिल्लो भाग पनि मलिन भएर गयो । जोडले भन्दै गयो, 'म कुन ठाउँबाट आएको भनेर तिमीलाई थाहा छ ।' चालक चूप थियो । जोडले आग्रह गरेर भन्यो, 'होइन त ?'

'अँ–अवश्य थाहा छ । अर्थात् थाहा हुन सक्छ । तर त्यो मेरो काम होइन । म आपनै काम हेर्छु । अरूको काममा मलाई वास्ता छैन ।' अब कुरा फुटेर आयो र भन्यो, 'म अर्काको काममा चासो लिन्न ।' एकाएक त्यो चूप लागेर पखिरह्यो र उसका पांग्रा समाइराखेका हातहरू अहिलेसम्म पनि मलिनै थिए । एउटा फटयांग्रो झ्यालबाट उफ्रेर आई एउटा यन्त्रमाथि बसेर आफ्ना खुट्टाहरूले पखेटाहरू चिप्लो पार्न थाल्यो । जोडले आफ्ना औंलाहरूले त्यसको सारो टाउको किचिमिची गरेर झ्यालबाहिर हावामा फालिदियो । जोडले आफ्ना औंलाका टुप्पाहरूले थिचेको कीराका टुक्राहरू साफ गर्दै फेरि हाँसेर भन्यो, 'बाबु, मलाई गलत संझ्यौ । म यसबारे बिलकुल चूप थिइनँ । यो निश्चय छ कि म चार वर्षसम्म मैकआलेस्टरमा थिएँ । त्यहाँबाट निस्कँदा उनीहरूले मलाई केही लुगा दिए यो पनि निश्चय छ । मैले कसैलाई सरापिनँ र म आफ्नो बूढो बाकहाँ जाँदैछु तथा कुनै काम पाउनको लागि मैले झूट बोल्नु पर्दैन ।'

चालकले भन्यो, 'अँ– त्यो कुनै मेरो काम होइन । म अर्काको काममा चासो लिने मानिस होइन ।'

जोडले भन्यो, 'तिमी होइन भन्छौ । तर तिम्रो त्यो ठूलो पुरानो नाक तिम्रो मुखदेखि आठ माइल पर निस्केको छ । तिम्रो त्यो ठूलो नाकले ममाथि यस्तो दखल गरेको छ मानौं एउटा भेडा साग उम्रेको बारीमा घुस्न गएको होस् ।'

चालकको मुख रातो भएर आयो अनि ऊ शिथिल भएर भन्न थाल्यो, 'तिमीले

मैरोबारे जति पनि धारणा लियौ ती सब गलत रहेछ् ।'

यो कुरा सुनी जोडले हाँसेर भन्यो, 'तिमी बेसै मानिस रहेछौ । तिमीले मलाई सहारा दियौ । अँ, मैले समयबाट फाइदा उठाएको छु । समयबाट मैले के फाइदा उठाएको छु त्यो तिमीलाई थाहा नै छ । होइन त ?'

'त्यो मलाई वास्ता छैन ।'

'यो ट्रकबाट नाजायज फाइदा उठाउनु बाहेक अरू के काम हुन सक्छ ? तिम्रो र कम-से-कम तिमीले गर्ने काम त्यही हो । अब हेर, त्यो अगाडिको सडक देख्यौ तिमीले ?'

'अँ म देख्तै छु ।'

'अँ, त्यहाँ पुग्नुछ मलाई । मलाई निश्चय छ कि मैले समयबाट जे फाइदा उठाएँ त्यो जानेपछि तिमीले आफ्नो पैन्ट भिजाउनु पर्नेछ । म तिमीलाई निराश पार्ने मानिस होइन । गाडीको ठूलो आवाज घटचो र टायरहरूको आवाज पनि कम भयो । जोडले रक्सी निकालेर अर्को सानो घुट्का पियो । ट्रक आएर यस्तो ठाउँमा रोकियो जहाँ धूले-सडक समकोण भएर मूल सडकसँग मिल्न गएको थियो । जोड बाहिर निस्केर ट्रकको झ्यालनिर उभियो । दूषित धूवाँ निस्कने ठाडो पाइपबाट मुश्किलले देखिने नीलो धूवाँ निस्किरहेको थियो । जोडले चालकतिर फर्केर छिटो-छिटो भन्यो, 'नर हत्या' । 'त्यो ठूलो कुरा छ– अर्थात् सात वर्ष अघि मैले एउटा मानिस मारेको थिएँ । म चार वर्ष बसी सफाइ पाएर आएँ ।'

यो कुरा संझनलाई चालकको आँखा जोडको मुखमा पर्न गयो । त्यसले भन्यो, 'मैले यसबारे कहिले पनि तिमीसँग सोधेको छैन । म आफ्नो काममा ध्यान दिन्छु ।'

जोडले मुस्काएर भन्यो, 'यहाँदेखि टेक्सोलासम्म जति पनि जलपान गर्ने जमघट आउँछन् त्यहाँ तिमीले यसबारे भन्न सक्छौ । यहाँसम्म, साथी, तिमी बेसै मानिस साबित भएका छौ । तर हेर, यहाँबाट गएर एकछिनपछि जलपान गर्न लाग्दा तिम्रो सामुन्ने एउटा समस्या आउन सक्छ । तिमीले पहिलोपल्ट पासो

थाप्दा आफ्नो समस्या बताइसकेका थियौं ।' त्यसले फेलामको ढोका ढचाम्म लगाई दियो ।

त्यसले भन्यो, 'यहाँसम्म सहारा दिएकोमा धन्यवाद ।' यति भनी त्यो फर्केर धुले-धूलेसडकबाट गयो ।

ऊ गएको एक छिनपछि चालक घोरिइयो । त्यस पछि त्यसले भन्यो: 'भाग्य ।' यताउति नहेरीकन जोडले आफ्नो हात हल्लायो । अनि गाडी गर्ज्यो, गियर लाग्यो र त्यो ठूलो रातो ट्रक भद्दा चालले गुडेर गयो ।

तेश्रो अध्याय

पेलिएको सडकमा भाँच्चिएर अल्झिएका शुष्क घाँसले बरिपरि किनारामा चटाइको रूप लिएका थिए । ती घाँसका टुप्पाहरूमा जौमा जस्तै बाला निस्केर कुकुर-हरूको भुत्लामा लाग्थ्यो । फाक्स्टेल भन्ने घाँस घोडाको खुट्टाको भुत्लामा लाग्थ्यो तथा तिनपतिया घाँस पनि थिए जो भेडाको भुत्लामा लाग्थ्यो । तिखा-तिखा धार जस्ता कोही-कोही स-साना कीरा जस्ता टुप्पा भएका सुषुप्त जीवहरू सरेर जनावरहरूमा जानलाई या हावाले उडाएर लैजाओस् भनेर अथवा मानिसहरूको सुरुवालको मोतामा या आइमाईहरूको फरियाको किनारामा सरेर जानलाई पखिराखेका थिए । ती धारे या चुच्चेदार पदार्थहरू सुस्त नभई गतिशील एवम् सक्रिय थिए ।

सूर्यको ताप घाँसमा परी जमीन तातेको थियो । र घाँसमुनि छायाँमा कीराहरू सलबलाइरहेका थिए जसलाई धरापमा पारेर खानलाई कीरा र कमिला खाने एक थरीका कीराहरू तथा कमिलाहरू पनि चलमलाइरहेका थिए ।फटघांग्राहरू उफ्री-उफ्री एक छिन आफ्ना पहेंला पखेटाहरू तहलाइराखेका थिए । स-साना अरू कीराहरू पनि आ-आफ्नो कोमल खुट्टाको सहाराले नअडीकन मन्द गतिले चलि-रहेका थिए । र सडकको छेउमा उम्रिरहेको घाँसमा एउटा कछुवा बेमतलबले फर्केर आफ्नो सारो आवरणको साथ भट्टासँग घस्रेर गइरहेको थियो । उसको सारो खुट्टा र पहेंलो नङ भएको पैताला बिस्तारै ठक्कर दिंदै अघि बढिरहेको थियो । यो हिंडिरहेको जस्तो लागेन अपितु आफ्नो आवरणलाई घिसारिरहेको जस्तो लाग्यो । जौका बालाहरू उसको आवरणमा चिप्ली तिनपतिया घाँसको गोलाकारका गाँठोहरू त्यसमा परीकन जमीनमा गुडेर गए । उसको सिंगजस्तो चुच्चो अलि-अलि खुलेको थियो तथा नङजस्तै आँखि-भूईं मुन्तिरबाट उसका डरलाग्दा तर रसिक आँखाहरू सोझै अगाडि घूरिरहेका थिए । पछिल्तिर बाटो छोड्दै त्यो घाँस माथिबाट आयो र बाँधस्वरूप खडा भएको मूल-सडकको पहाड उसको सामु उठेको थियो । एक

छिन टाउको उचालेर त्यो थामियो । आँखा छिम्काईकन त्यसले तल-माथि हेर्‍यो । अन्तमा त्यो बाँधमाथि चढ्न थाल्यो । नङ भएको अगाडिका पैतालाहरू त्यसले अघि सान्यो तर बाँध भेट्टाएन । पछाडिका पैतालाहरूले आफ्नो आवरणलाई लातले हान्यो तर घाँस गिर्खामा पर्न गयो । बाँध जति-जति बढ्ता ठाडो हुँदै गयो उति-उति बढी त्यो कछुवाको प्रयास उत्तेजित हुँदै गयो, घचेट्दै गरेको पछाडिका खुट्टाहरू कसेर ऊफैलाउँदै थियो तर ती चिप्लिँदै थिए । आवरणलाई घचेट्दै, घाँटी जतिसक्यो उति फैलाउँदै त्यसले आफ्नो सिंगजस्तो टाउको अगाडि सान्यो । अलि-अलि गरेर उसको आवरण बाँधमाथि चिप्लेर गयो । अन्तमा चार इन्च अग्लो एउटा सिमन्टीको पर्खाल भत्किएर ऊ हिंड्ने बाटो काटयो । मानौं उसको पछि-ल्तिरका खुट्टाहरूले स्वतन्त्रतापूर्वक काम गरे जस्तो गरी आफ्नो आवरणलाई पर्खालको सहाराले घचेट्न थाले । त्यसले टाउको उचालेर पर्खालमाथिबाट चौडा चिप्लो सिमेन्टको समथल बाटो अवलोकन गऱ्यो । अब पर्खालको टुप्पामा कसेर समातेका हातहरू प्रयास गरेर उठाइए तथा आवरण बिस्तारै माथि उक्लेर त्यसको अघिल्लो छेउ पर्खालमा अड्न गयो । कछुवाले एक छिन आराम लिएपछि एउटा रातो कमिला आवरणभित्र कोमल छालामा पस्यो । एकाएक कछुवाले टाउको र खुट्टाहरू कस्यो र उसको कवचजस्तो पुच्छर जोडसँग दबायो । परिणामस्वरूप त्यो रातो कमिला उसको आङ र खुट्टाहरूका बीच थिचियो । र एउटा जइको टुप्पोलाई अगाडिको एउटा खुट्टाले आवरणमा कसेको थियो । निकै बेर त्यो कछुवा चूप लागेर बस्यो । अनि घाँटी बिस्तारै निकाली आफ्नो रसिक र रिसाएको नजरले यताउति हेरेर त्यसले आफ्ना पुच्छर र खुट्टाहरू बाहिर निकाल्यो । हात्तीका खुट्टा-हरूले जस्तै प्रयास गर्दै उसका पछाडिका खुट्टाहरूले काम गर्दै गए र तिनले आवरण-लाई यस्तो कोण बनाए जसबाट अगाडिका खुट्टाहरू समथल सिमेन्टको मैदानसम्म पुग्न सकेनन् । तर पछाडिका खुट्टाहरूले यस आवरणलाई सन्तुलनको केन्द्रमा नपुगे-सम्म झन्-झन् माथि उचाल्यो । अघिल्लो भागलाई तलतिर झुकाएर अगाडिका खुट्टाहरूले ढुंगा छापेको सडकमा घस्रँदै त्यो कछुवा माथि उक्ल्यो । तर अगाडिका खुट्टाहरूको वरिपरि टुप्पा सहितको जइको डाँठ थियो ।

अब अगाडि बढ्नलाई सजिलो भयो । र सबै खुट्टाहरूबाट काम लिइयो तथा आवरण यताउति चल्दाचल्दै अगाडि बढ्यो । चालीस वर्षकी एउटी आइमाई चढेर आएको एउटा पालकी-गाडी त्यस ठाउँमा आइपुग्यो । कछुवा देखेर तिनी मूल-सडकबाट दायाँतिर लागिन् । दिशा परिवर्तन गर्दा त्यस गाडीका पांग्राहरूबाट आवाज निस्कनुको

साथसाथै धूलोको बादल उड्यो । दुइटा पांग्राहरू एक छिन उचालिईकन फेरि तल खसे । पालकी-गाडी चिप्लेर सडकमा फर्क्यो । यो अगाडि बढ्यो तर धेरै ढीलो चालमा । कछुवा छिटै आफ्नो आवरणभित्र घुस्यो किनभने सड़कमा ज्यादै गर्मी थियो ।

अब एउटा हल्का ट्रक आइपुग्यो । यो नजीक आइपुग्दा चालकले कछुवालाई देखेर बाटो काटी त्यसलाई हान्न गयो । उसको अगाडिको पांग्राले कछुवाको सारो आवरणको छेउमा ठक्कर दियो । अनि टिडली वींकको खेलमा जस्तै कछुवा आफ्नो ठाउँबाट अलि पर गएर सिक्का जस्तै फनफन घुमी मूल-सडकबाट पर गुडेर गयो । ट्रक दायाँतिरबाट आफ्नो बाटो लाग्यो । उत्तानो परेको त्यो कछुवा निकै बेर आफ्नो आवरणमा खुम्चिएर बस्यो । तर अन्तमा यसले केही चीज भेट्टाएपछि त्यो तान्नलाई आफ्ना खुट्टाहरू हावामा चलायो । यसले आफ्नो अघिल्लो पैतालाको सहाराले एक टुक्रा बिल्लौर भेट्टायो र अलि-अलि गरेर आवरणलाई तान्दै पुर्लुक्क पल्टिन गयो । जइको टुप्पा छुट्टिएर अगाडिका तीनवटा बीउ जमीनमा खसे । कछुवा घस्रेर बाँधतिर जाँदा यसको आवरणले धूलो उडाई बीउमा पर्न गयो । कछुवा धूले-सडकमा जाँदा यताउति चलेर गएकोले उसको आवरणले धूलोमा लहरै अलि-अलि खाल्टो कोर्दै गयो । आफ्ना रसिक आँखाले अगाडितिर हेरेर सिंगजस्तो चुच्चो अलि खोल्दै त्यो अग्रसर हुँदै गयो । उसको पहेंलो खुट्टाका औंलाहरू अलि-अलि धूलोमा चिप्लँदै गए ।

चौथो अध्याय

ट्रक चलेर गियर बढाउँदै लगेको तथा टायरको घिसाइले जमीन थर्केको आवाज सुनेपछि जोडले थामिएर ट्रकलाई आँखाले भ्याउन्जेल फर्केर हेरिरहयो। ट्रक देखिन छोडिसकेपछि पनि त्यसले परसम्म नीलो आकाशको आलोकतिर हेरिरहयो। आफ्नो विचारमा मग्न भईकन त्यसले गोजीबाट बोतल झिकी त्यसमा लगाएको धातुको बिर्को खोल्यो। बोतलको घाँटीभित्र आफ्नो जिब्रो घुसारेर त्यसले बिस्तारै अलि-अलि ह्विस्की पिउन थाल्यो। त्यस पछि ओठको वरिपरि अलि-अलि लागेको होला भन्ठानेर जिब्रोले ओठ चाट्न थाल्यो। प्रयोगात्मक तवरले त्यसले भन्यो : 'त्यहाँ हामीले एउटा हब्सी देख्यौं–' र त्यसले त्यति मात्र संझन सक्यो। अन्तमा ऊ फर्केर खेतहरूको बीचबाट समकोण बनाएर गइरहेको धूले-सडकको छेउतिर लाग्यो। घाम प्रचण्ड थियो र हावा नलागेकोले छरिएको धूलो उडेन। सडकमा ट्रकको पांग्राले बनाएर गएका खाल्टोहरूबाट धूलो उछिट्टिएर फेरि पुरिइन आयो। अलि पर पुगेपछि पीठोजस्तो मसिनो धूलो उडेर जोडको नयाँ पहेंलो जुत्तामा पर्न आयो र जुत्ताको पहेंलो रंग खैरो देखियो।

निहुरेर फित्ता फुकालेपछि जोडले एक-एक गरी जुत्ता फुकाल्यो। त्यसले पसिनाले भिजेका आफ्ना पैतालाहरू तातो सुकेको धूलोमा मजासँग राखेपछि औंलाहरूको बीचमा अलि-अलि धूलो परेर पैतालाको छाला शुष्कपनले कसिइन-गयो। कोट फुकालीकन त्यसमा जुत्ता बेरेर त्यसले आफ्नो पाखुरामुनि घुसाऱ्यो। अनि बाटोको धूलोलाई लातले हान्दै जमीनको वरिपरि धूलोको बादल उडाउँदै ऊ अगाडि बढ्यो।

दायाँतिर बाटोमा खम्बाहरू गाडिएका थिए जसमा दुइटा तारले बारेको थियो। खम्बाहरू बांगो गरी भद्दासँग ठड्याइएका थिए। लामो खम्बा गाडेको

ठाउँमा तारले बारिराखेको थियो । त्यस्तो नभएको ठाउँमा सानो खम्बाहरूमा खियां परेको तार बेरिराखेको थियो । तार बारेको ठाउँदेखि पल्लापट्टि हुरी, गर्मी र अनावृष्टिले अनाज तल झारेर त्यसै पडिरहेको थियो र पातहरू संगम हुने डाँठको कचौराजस्तो आकार भएका ठाउँहरू धूलोले भरिएका थिए ।

आफ्नो पछाडि धूलोको बादल उडाउँदै जोड मन्द गतिले गइरहेको थियो । अलि पर पुगेर त्यसले उच्च अर्ध-गोलाकार आवरण भएको एउटा कछुवा देख्यो जो आफ्नो खुट्टाहरू छिट्छिटो चलाउँदै धूलोमा मन्द गतिले घस्रेर गइरहेको थियो । त्यसलाई हेर्न जोड अड्यो र उसको छायाँ कछुवामाथि पऱ्यो । एकै निमेषमा कछुवाले आफ्नो टाउको र खुट्टा भित्र घुसाऱ्यो तथा छोटो पुच्छर आवरणभित्र लुकायो । जोडले यसलाई उचाली पल्टाएर हेऱ्यो । त्यसको पीठ्यूँ धूलोसरि खैरो थियो तर आवरण भित्र क्रीम जस्तो पहेंलो भई सफा र चिप्लो थियो । जोडले जुत्ताको पोको आफ्नो पाखुरामाथि साऱ्यो र आवरणभित्रपट्टिको चिप्लो भागमा आफ्ना औंलाले थिच्यो । यो पछाडिको भागभन्दा नरम थियो । उसको चाम्रो छिप्पिएको टाउको बाहिर निकालेर घोच्ने औंला हेर्ने प्रयास गऱ्यो र खुट्टाहरू जोरसँग हल्लायो । कछुवाले जोडको हात भिजाइदियो अनि हावामा चलेर व्यर्थै संघर्ष गऱ्यो । जोडले यसलाई पल्टाएर जुत्तासँगै आफ्नो कोटमा बेऱ्यो । आफ्नो पाखुरामुनि त्यसको थिचाइ, संघर्ष र चलाइ जोडले महसूस गर्दै गयो । मसिनो धूलोमा आफ्नो कुरकुच्चा अलि उचालेर त्यो अझ छिटो-छिटो अगाडि बढ्यो ।

सडकको छेउमा आफ्नो अगिल्तिर पातलो धूलै-धूलो भएको सरपतको एउटा रूखबाट किचिमिची दाग भएको छायाँ जमीनमा परिरहेको थियो । जोडले देख्यो कि पात झरिरहेको त्यस रूखका हाँगाहरू बाटोमा झुकिरहेका थिए र त्यसमा भएका पातहरू छिया-छिया भएर प्वाँख झरेका चल्लाहरू जस्तै देखिन्थे । जोड अब पसिना काढिरहेको थियो । उसको नीलो कमीज पसिनाले गर्दा पीठ्यूँमा र पाखुरा-मुनि कालो देखियो । त्यसले आफ्नो टोपीको नकाब तानेर त्यसको बीचमा एक तह पट्ट्याएर निशान बनायो जसबाट दफ्तीको अस्तर यस्तो नराम्रोसँग बिग्ऱ्यो कि त्यो फेरि कहिल्यै नयाँ हुन सक्तैन । अब उसको पाइला छिटो-छिटो चल्यो र पर सरपतको रूखको छायाँतिर जाने इच्छा भयो । उसलाई थाहा थियो कि सरपतको रूखले कम-से-कम फेदको भए पनि एक टुक्रा छायाँ दिने थियो । किनभने सूर्य भरखर मध्यान्हतिर लाग्यो र घामले उसको गर्दन पोलेर टाउको अलि-अलि दुखा-उन थाल्यो । त्यसले त्यस रूखको तल्लो भाग देख्न सकेन किनभने यो एउटा सानो

धापमा उम्रेको थियो जहाँ समथल ठाउँमाभन्दा धेरै बेर पानी रहिरहन्थ्यो । जोडले घाममा आफ्नो गति तेज गर्न थाल्यो अनि त्यो ओरालो लाग्यो । अकस्मात् उसको गतिमा शिथिलता आयो किनभने त्यसले ताकेर गएको त्यस छायाँको टुक्रामा अरू कोही बसिरहेको देख्यो । रूखको फेदमा अडेस लाएर एक जना मानिस त्यहाँ बसिरहेको थियो । एकमाथि अर्को खुट्टा राखेर एउटा नांगो पैताला झन्डै उसको टाउकोजति माथि उचालेर ऊ अडेस लगाइराखेको थियो । त्यसले जोड आएको चाल पाएन किनभने ऊ 'ज्यू, साहेब, त्यो मेरो बच्चा हो' भन्ने गीतको लयमा मस्तसँग सिट्टी बजाइरहेको थियो । गीतको लयमा तल-माथि हल्लाइराखेको पैताला त्यसले फैलायो । यो नृत्यको लय थिएन । ऊ सिट्टी बजाउन छोडेर सललल्ल बग्ने हलुका उच्च मर्दाना स्वरमा गाउन थाल्यो :

'ज्यू, साहेब, त्यो मेरो रक्षक हो,

जी.....जस मेरो रक्षक हो,

जी.....जस अब मेरो रक्षक हो ।

समथलमा

दानव छैन,

जीजस अब मेरो रक्षक हो ।'

त्यो मानिसले ऊ आएको चाल पाउनुअगावै जोड छिया-छिया भएको पातहरूको अधूरो छायाँनिर पुगिसकेको थियो । त्यसले आफ्नो गाना रोकेर मुन्टो फर्काई हेऱ्यो । उसको मुन्टो हाड र छाला मात्र भएर लम्बाकारको थियो । त्यो मुन्टो अडेको गर्दन गाजरको डाँठजस्तो मसिनो र लामो थियो । उसका आँखाका नानी ठूलठूला भएर बाहिर निस्केका थिए । आँखाको नानी छोप्ने ढकनी तन्किएर रातो र अकृत्रिम थियो । उसको गालामा खैरो रंगको साथसाथै चमक पनि थियो तर दाह्री-जुंगा कतै थिएन । उसको खाने मुखबाट अति रसिकता र कामुकता झल्कन्थ्यो । उसको नाक चुच्चे र सारो भएकोले छाला यति कसिएर तन्किएको थियो कि आँखाको बीचको भाग सेतै देखिन्थ्यो । उसको मुखमा पसिना पटपटै थिएन

न उसको अग्लो मलिन निधारमा नै थियो। उसको निधार असाधारण तवरले माथि उठेको थियो र कंचटहरूमा मसिनो नीलो धमनीका रेखाहरू थिए। उसको मुखको पूरा आधा भाग आँखाहरूमाथि परेको थियो। उसको सारो खैरो कपाल निधार-देखि पछाडिसम्म यसरी नमिलेर गएको थियो मानौं त्यसले आफ्ना कपाल औंलाहरूले कोरिराखेको होस। लुगाको हकमा त्यसले एउटा नीलो कमीज र अंगरखा लाएको थियो। पित्तले टाँक लगाएको खस्रो कपडाको एउटा कोट र सुँगुरको मासु राखेर बनाएको समोसामा जस्तै थोपा-थोपा दाग भएको र पट्टयाएर निशान भएको एउटा खैरो टोप उसको आसपास जमीनमा त्यसै पडिराखेका थिए। रबड-तलुवा भएको टाटको नरम जुत्ता जो धूलोले खैरिएको थियो त्यही ठाउँमा त्यसै पल्टिराखेको थियो जहाँ त्यसले लात हानेर खसालेको थियो।

त्यो मानिसले जोडलाई निकै बेर हेरिरह्यो। उसको खैरो आँखाभित्रसम्म प्रकाश गएको जस्तो बुझिन्थ्यो र यसले गर्दा गहिरो आँखाका ताराहरूमा सानो सुनौला रंगका दाग देखिन्थे। उसले प्रयास गरेर निकालेको गर्दनका मांसपेशीहरू-बाट डल्लो निस्केको देखिन्थ्यो।

जोड छिरबिरे छायाँमा चूप लागेर उभिरह्यो। टोपी फुकालेर पसिनाले भिजेको मुख पुछेपछि त्यसले टोपी र बेरिराखेको कोट दुवै जमीनमा राख्यो।

पूरा छायाँमा बसिरहेको मानिसले एउटामाथि अर्को राखेको आफ्नो खुट्टा तल झारेर औंलाहरू माटोमा गाड्न थाल्यो।

जोडले भन्यो : 'ए ! सडकमा त गरमले क्या हरान छ।'

त्यहाँ बसिरहेको मानिसले उसलाई प्रश्नसूचक दृष्टिले घूरेर हेरेपछि भन्यो, 'तिमी छोराचाहिं टाम-जोड होइनौ—बूढा टामको छोरा ?'

जोडले उत्तर दियो, 'ज्यू, यत्तो बाटो काटेर अब घर जांदैछु।'

'म अनुमान गर्छु, तिमीले मलाई संझेका छैनौ', त्यो मानिसले भन्यो। ऊ फिस्स हाँसिपछि उसका पूरा ओठहरू खुले अनि पछि उसका ठूलठूला अश्व-दाँतहरू देखा परे। "अँहं, तिमी संझदैनौ। मैले तिमीलाई 'होली स्पीरिट' को किताब दिंदा

तिमी साना-साना केटीहरूको चुल्ठो तान्नमा व्यस्त थियौ । त्यो चुल्ठोको जरा समेत उखेल्नमा तिमी लागेका थियौ । तिमीलाई संझना नहुनसक्छ तर म त संझन्छु । त्यो चुल्ठो चलाएपछि तिमीहरू दुवै लगत्तै जीजसकहाँ आयौ । तिमी दुवैलाई तुरुन्तै सिँचाइको खाल्टोमा पवित्र गराइयो । एक जोडा बिरालो जस्तै तिमीहरू कराउँदै झगडा गर्थ्यौ ।"

जोडले आफ्नो शिथिल आँखाले उसलाई हेरेपछि हाँसेर भन्यो, 'तिमी पादरी थियौ, पादरी । एक घंटा पनि भएको छैन होला मैले तिमीलाई एउटा अद्भुत मानिस भनेर सम्झेको थिएँ ।

त्यो मानिसले गंभीर भएर भन्यो, 'म पादरी थिएँ, पूज्यनीय जिम केसी र मलाई बर्निंग बुशर भन्थे । म प्रतापी जीजसको नाउँ लिएर जोरसँग चिच्च्याउँथें । म एउटा सिँचाइको खाल्टो राख्ने गर्थें जसमा डराएर पश्चात्ताप गर्ने पापीहरू पुरिइन्थे, तिनीहरूमध्ये आधी डुबेर मर्न चाहन्थे । तर अरूहरू त्यसो गर्न चाहँदैनथे ।' त्यसले सुस्केरा हालेर भन्यो, 'अब म जिम केसी छु । गिर्जाघरको काम सबै छोडिसकें । तर अहिले एक हूल पापको विचार मनमा उठेर आए जो ठीकै जस्ता देखिन्छन् ।'

जोडले भन्यो : 'तिमीले पापबारे विचार गर्दै गयौ भने अवश्य त्यसबारे तिमी थाहा पाउँदै जानेछौ । तिमीले उमदा किसिमको मीटिंग गरेको पनि मलाई निश्चित रूपले संझना छ । म यो पनि संझन्छु कि एकताक हिंड्दा-हिंड्दै तिमी कराई-कराई धर्मोपदेश दिने गर्थ्यौ । अरूलेभन्दा बढ्ता आमाले तिमीलाई मन पराउँथिन् । र बज्यैले तिमीलाई अध्यात्मवाददेखि घिन लाग्थ्यो भन्नुहुन्थ्यो । जोडले बेरेको कोटमा हात घुसारेर खल्ती फेला पारी रक्सी झिक्यो । कछुवाले एउटा खट्टा चलायो तर उसले त्यसलाई कसेर बेर्‍यो । बिर्को खोली त्यसले बोतल उचालेर भन्यो, 'अलि-कति खाने ?'

केसीले बोतल लिई गहिरिएर विचार गरेपछि भन्यो, 'मैले धर्मोपदेश गरि-रहेको छैन । मानिसहरूमा धार्मिक भावना छैन । त्यतिमात्र होइन, अझ ममा पनि धार्मिक चेतनाको अभाव भइसक्यो । केही गरी फेरि धार्मिक भावनाको गतिविधि देखिन आए म उत्सुकतापूर्वक धार्मिक बैठक बोलाउनेछु । अथवा मानिसहरूले खाद्य-पदार्थको खोजी गरे भने म तिनीहरूको निम्ति प्रार्थना गरिदिनेछु । तर

स्वेच्छाले गर्ने त होइन, उनीहरूले आशा गरेकाले मात्र म त्यसो गर्छु ।'

जोड फेरि आफ्नो टोपी लिएर मुखको पसिना पुछ्न थाल्यो । त्यसले सोध्यो, 'तिमीमा रक्सी खान हुँदैन भन्ने पवित्र भावना छैन होला, छ र ?'

केसीले पहिलो पटक मात्र बोतल देखे जस्तो लाग्यो । त्यसले तीन ठूलठूला घुट्का पियो । त्यसले भन्यो, 'मीठो रक्सी ।'

जोडले भन्यो, 'होला । यो त कारखानामा बनेको रक्सी । एक डलर पर्‍यो ।'

केसीले बोतल फिर्ता गर्नुअघि अर्को घुट्को पिएर भन्यो, 'ज्यू, ज्यू ।'

जोडले बोतल लिएर नम्रता देखाउनाको लागि रक्सी पिउनुअगाडि आफ्नो बाहुलाले बोतलको घाँटी पुछेन । पलेंटी मारेर बसेपछि त्यसले बोतललाई बेरेको कोटनिर ठड्याया। आफ्नो विचार जमीनमा कोर्नको लागि त्यसले एउटा सानो हाँगा लियो । त्यस हाँगाको एक ठाउँबाट पातहरू हटाएर त्यसले धूलो सम्यायो । अनि कोणहरू खिचेर त्यसले साना-साना चक्काहरू बनायो । त्यसले भन्यो, 'मैले तिमीलाई नदेखेको धेरै दिन भयो ।'

पादरीले उत्तरमा भन्यो, 'मलाई कसैले पनि देखेको छैन । म एकलै कहीँ गएर योजनामा लागिरहें । वर्तमानमा त्यसो नभए पनि पहिले ममा धार्मिक भावना प्रबल थियो । धेरै कुराबारे अहिले मलाई यकीन छैन ।' रूखको आडमा त्यो पहिलेभन्दा सोझो भएर बस्यो । उसको हाडैहाड भएको हातले लोखर्केले जस्तै आफ्नो अंगरखाको खल्ती छामेर टोकिराखेको कालो लाम्चो सुर्तिको एक डल्लो झिक्यो । त्यसले होशियारीसँग परालका स-साना टुक्राहरू तथा खल्तीको खैरो धूलो त्यो सुर्तिबाट सफा गरिसकेपछि त्यसको एक कुना टोकेर दाँतको पछाडि गालामा रहन दियो । त्यो सुर्तिको डल्लो जोडको सामु ल्याउँदा त्यसले नकारात्म-सूचक रूपमा लट्ठी हल्लायो । बेरिएको कोट कछुवाले खोस्न थाल्यो । केसीले कोट चलेको देखेर भन्यो, 'त्यसमा के छ–चल्ला ? त्यो निसास्सिनेछ ।'

जोडले बेसरी कोट कसेर भन्यो, 'एउटा बूढो कछुवा जो मैले बाटोमा टिपेर

ल्याएको । मेरो सानो भाइको निम्ति लाने विचार गरेको । केटाकेटीहरू कछुवा मन पराउँछन् ।'

पादरीले समर्थन जनाउन सुस्त-सुस्त मुन्टो हल्लाएर भन्यो, 'प्रत्येक केटाले कुनै-न-कुनै दिन एउटा कछुवा भेट्टाउँछ । तैपनि त्यसलाई धेरै दिन राख्न सकिँदैन । जहिले पनि उनीहरू भाग्ने बाटो हेरिरहन्छन् र अन्तमा एक दिन उनीहरू भागिहाल्छन्—कहीँ टाढा; म भागे जस्तै । आफूसँग भएको राम्रो पुरानो ईसा मसीहको उपदेश म लिन चाहन्छँ । त्यो उपदेशको किताब नच्यातेसम्म म टिप्दै पढ्दै गर्थेँ । कहिलेकाहीं म धार्मिक भावनाले प्रेरित हुन्थेँ तर धर्मोपदेश दिनका लागि मसँग केही हुँदैनथ्यो । मानिसहरूलाई सुमार्ग देखाउन मलाई गिर्जाघरको पादरी हुन निम्ताइएको थियो तर उनीहरूलाई मार्ग देखाउने ठाउँ थिएन ।'

जोडले भन्यो, 'उनीहरूलाई चारैतिर घुमाएर मार्ग-दर्शन गराऊ । सिंचाइको खाल्टोमा उनीहरूलाई जाकिदेऊ । उनीहरूलाई यो सुनाई देऊ कि तिमीले जस्तै उनीहरूले विचार नगरेकाले उनीहरू दुःख पाएर बलिरहनेछन् । के को लागि तिमीले उनीहरूलाई पथ-प्रदर्शन गर्न चाहेको ? उनीहरूलाई मार्ग देखाऊ ।' सोझो परेको रूखको छायाँ जमीनमा फैलेर गयो । जोड कृतज्ञतापूर्वक त्यस ठाउँमा गएर पलेँटी कसेर बस्यो । लट्ठीले आफ्नो विचार खिच्न त्यसले एउटा नयाँ ठाउँ सफा गरेर बनायो । बाक्लो भुत्ला भएको पहेंलो रंगको एउटा गोठाले-कुकुर टाउको निहुराएर जिब्रो निकाल्दै तप-तप राल चुहाउँदै दुलकी मार्दै गइरहेको थियो । त्यसको पुच्छर लुलो-लुलो भएर घुमीकन झुण्डिएको थियो र त्यो जोरसँग स्वाँ-स्वाँ गरिरहेको थियो । जोडले यसलाई सुसेलेर बोलायो तर यसले आफ्नो टाउको एक इन्च मात्र निहुराएर कुनै निर्दिष्ट स्थानतिर झन् छिटो-छिटो दुलकी मारेर गयो । जोडले अलि उत्तेजित भएर भन्यो, 'कहीं गइरहेको, हुनसक्छ घर गइरहेको होस् ।'

त्यस पादरीलाई उसले आफ्नो विषयदेखि अलग गर्न सकेन । उसले दोहोऱ्याएर भन्यो, 'कहीं गइरहेको ।ठीकै छ । त्यो कहीं गइरहेछ । म कहाँ गइरहेछु मलाई थाहा छैन । मेरो कुरा सुन— मैले मानिसहरूलाई बिरामी भई, अझ भनुँ भने, नमरून्जेल समेत कुदेर कुरा गर्दै आफ्नो कीर्तिको प्रशंसा गरेर हिंडेको देख्थेँ । उनीहरूमध्ये कसै-कसैलाई पवित्र पार्थेँ र त्यसपछि थाहा छ म के गर्थेँ ? उनीहरूको बीचबाट एउटी लडकीलाई टिपेर उसँसँग म मैदानमा पल्टिरहन जान्थेँ । यस्तो त म बराबर गर्थेँ । अनि ममा नराम्रो भावना आउँथ्यो । त्यसपछि म ईश्वरको प्रार्थनामा

संलग्न हुन्थें । तर त्यसबाट मलाई केही लाभ भएन । पछि भेटघाट गरी म आफूलाई र उनीहरूलाई फेरि धार्मिक भावनाले भरिदिन्थे । त्यसो गर्न सकुँला जस्तो मलाई लाग्दैन र इच्छा नभएर पनि पाखण्डी हुन लागेको छु ।'

जोड मुस्कायो अनि उसका लामा-लामा दाँतहरू स्पष्ट देखा परे । ऊ ओठ चाटेर भन्न थाल्यो, 'उनीहरूलाई माथि उचाल्ने जोशिलो मीटिंग बाहेक अरू केही हुँदैन । म आफैंले त्यस्तो गरेको छु ।'

केसी उत्तेजित भएर अगाडि झुक्यो । त्यसले कराएर भन्यो, 'बुझ्यौ, मैले त त्यही बाटो देखेको छु र त्यस्तै नै मैले विचार गर्न थालें ।' धाप दिने जस्तो हाव-भाव गरेर हाड र ठूलठूला औंलाको गाँठो भएको आफ्नो हात हल्लाउँदै त्यसले भन्यो, 'म यस्तै विचार गर्दैछु ।' "पवित्रताको लागि मानिसलाई दिइने दैवी सहायताबारे म उपदेश दिंदैछु । र यहाँ यस्ता मानिसहरू पनि छन् जसले कठिनता-पूर्वक पवित्रताको लागि मानिसलाई दिने दैवी सहायता पाउँदैछन् । त्यसैले उनीहरू जोडसित कराउँदै उफ्रन्छन् । अब उनीहरू भन्छन्– लडकीसँग पल्टिरहन् दानवीय गुण हो । तर एउटी लडकीले जति बढ्ता पवित्रता पाउँछिन् त्यति छिटो-छिटो तिनी मैदानमा जान चाहन्छिन् ।" म विचार गर्दैछु कि मैले कसरी क्षमादान पाउने तथा एउटी लडकीको नाक र कानबाट धार्मिक प्रवृत्ति निस्सृत भइरहेको छ भने तिनमा कसरी दानवको गुण घुस्न सक्छ । तिमी विचार गर्लाऊ कि 'एकताक यस्तो थियो होला जब दानवले नरकमा बरफको डल्लोबाट यातनाको मौका पाएन तर त्यस्तो मौका दिइन्थ्यो ।' उसको आँखा उत्तेजनाले चम्किरहेको थियो । एक छिनमा उसको गाला पनि उत्तेजित भएर आयो । त्यसले धूलोमा थुक्यो । उसको थुकको डल्लो गुडेर जाँदा धूलो टिप्दै गयो । अन्तमा यो सुकेको सानो गोलो ढुंगाजस्तै देखियो । पादरीले उसको हात फैलाएर किताब पढेजस्तै गरी उसको हत्केला हेर्न थाल्यो । त्यसले सानो स्वरमा भन्यो, 'यी सबै मानिसहरूको आत्मा मेरो हातमा छ र म त्यसको जिम्मेदार छु । म सधैं ती लडकीहरूमध्ये एक-न-एक जनासित बस्छु ।' त्यसले जोडको मुखमा लाचारपूर्ण दृष्टिले हेऱ्यो । उसको अभिव्यक्तिले सहायताको याचना गऱ्यो ।

जोडले होशियारीसाथ धूलोमा एउटा आइमाईको धड, छाती, नितम्ब र मूत्राशयको आकार कोर्न थाल्यो । त्यसले भन्यो, 'म कहिले पनि पादरी भएको थिइनें । त्यस्तो मौका भेट्टाउन सके म कहिले पनि छोड्ने छैन । त्यसबारे मलाई

कहिल्यै विचार आएको थिएन । यस्तो विचार आए म अनि खुशी हुने थिएँ ।'

केसीले आग्रह गर्दै भन्यो, 'तर तिमी त पादरी थिएनौ । तिम्रो निम्ति एउटी लडकी त लडकी सिवाय अरू केही हुने थिइन । तर मेरा लागि ती लडकीहरू पवित्र भाँडा समान थिए । म उनीहरूको आत्मालाई रक्षा गर्दै थिएँ । र त्यही जिम्मेदारी लिएर म उनीहरूमा धार्मिक भावना घुसाइदिन्थें । अनि म उनीहरूलाई मैदानमा लिएर जान्थें ।'

जोडले भन्यो, 'होला । म पनि पादरी हुनुपर्ने ।' त्यसले कागज र सुर्ति झिकेर चुरोट बनायो । चुरोट सल्काएर धूवाँको बीचबाट त्यसले पादरीलाई कर्के आँखाले हेऱ्यो । त्यसले भन्यो, 'कुनै लडकीको संगत नभएको धेरै दिन भैसक्यो । अब त्यो समयको अन्त हुन लागेको छ ।'

केसीले भन्दै गयो, 'चिन्ताले मेरो निद्रा बिलाइसक्यो । धर्मोपदेश गर्न गएपछि म भन्ने गर्थें : "सतोसत, अहिले यस्तो गर्ने छैन ।" र जे मैले भनें त्यो ठीक नै थियो भनेर मलाई थाहा थियो ।'

जोडले भन्यो, 'तिमीले एउटी स्वास्नी राख्नुपर्ने । एकचोटि हामीहरू बसेको ठाउँमा एउटा पादरी र उसकी स्वास्नी बस्न आएका थिए । उनीहरू हेब्रू धर्मावलम्बी थिए र भऱ्याङमाथि सुत्ने गर्थे । हाम्रो अश्व–शालाको आँगनमा धर्मोपदेशको बैठक हुन्थ्यो । त्यो सुन्न हामी केटाकेटीहरू जान्थ्यौं । त्यस पादरीकी पत्नी हरेक राति बैठकपछि थुनिएकी हुन्थी ।

केसीले भन्यो, 'यो कुरा सुनेर म खुशी भएँ । मलाई लाग्छ त्यो त म नै थिएँ । अन्तमा मलाई यति तकलीफ भयो कि मैले उनको बारेमा निकै विचार गरेपछि छोडेर गए । एकमाथि अर्को खुट्टा राखेर तथा धूलो लागेका औंलाहरूको बीचको शुष्क खुट्टा कन्याएर त्यसले भन्यो, 'मैले मनमनै भनें : "केले दुःख दिइरहेको तिमीलाई ? शोषणले ?" 'र मैले जवाबमा भनें, "अँहँ, पापले ।" र मैले भने : "पाप नगरीकन तथा जीजसको उपदेशमाथि मनन गरेर गधा र खच्चड छुट्टयाउने कुरामा न्याययुक्त नभैकन मैले किन आफ्नो पैन्टका टाँकहरू खोल्नमा समय लगाएको ?"' मानौं त्यसले प्रत्येक शब्दलाई ठीक ठाउँमा राखे जस्तै गरी आफ्नो हत्केलामा दुइटा औंलाहरू राख्यो । मैले भनें : "यो पाप नहुन सक्छ । जनताको चलन यस्तै भएको

हुनसक्छ । हामीले बेकारमा आफ्नो दुःख हटाइरहेको हुन सक्छ ।" कुनै दिदी-बहिनीले तीन फूट लामो तारको मुट्ठाले आफैंलाई कुटेर यातना दिन मन पराएको तथा मैले आत्म-यातना दिने कुरामाथि विचार गर्न थालें । अँ, त्यस कुराको विचार गर्दा म एउटा रूखमुनि पल्टेर निदाइरहें । म बिउँझदा अँध्यारो रात भैसकेको थियो । नजीकै एउटा ब्वासो जोरसँग कराइरहेको थियो । आफूलाई थाहा नै भएन मैले जोरसँग यस्तो भनिरहेको : "मरी जाओस् त्यो पड्के ! यहाँ न कुनै पाप छ न पुण्य नै । मानिसहरू वाहिग्गत काम गर्छन र त्यो त त्यस्तै कुरा भयो । कुनै-कुनै काम मानिसहरूले राम्रो पनि गर्छन् र कुनै नराम्रो । तर असल या खराब काम गर्ने अधिकार मानिसको हुन्छ ।" ' उसले अरू कुरा भन्न छाडेर आफूले हेरिराखेको उसको हत्केलाबाट नजर फेऱ्यो ।

जोडले उसमाथि ङिच्च हाँसेर आफ्नो आँखामा तिखोपन र कौतुकपन ल्याएर भन्यो, 'तिमीले उनलाई आचरण सिकाएर बेसै गरिदियौ ।'

फेरि केसीले दुःख र व्यग्रताको आवाजमा बोल्यो 'मैले भने : "धार्मिक भावना, जो गिर्जाघरमा पादरी बन्नलाई गरेको आह्वान हो, त्यो के हो ?" मैले नै जवाब दिएँ : "यो स्नेह हो । म मानिसहरूलाई यति माया गर्छु कि कहिलेकाहीं मलाई रुन मन लाग्छ ।" मैले सोधें: "तिमीहरूलाई जीजसप्रति प्रेम छैन ?" अँ, मैले निकै बेर विचार गरिसके पछि अन्तमा भनें : "अँहैं, म कसैलाई जीजस भनेर जान्दिनें । मलाई केही कथाहरू थाहा थियो तर मलाई मानिसहरूसँग प्रेम थियो । र कहिलेकाहीं उनीहरूलाई प्यारो गर्दा-गर्दै मलाई रुन मन लाग्ने हुन्थ्यो । म उनीहरूलाई सुखी तुल्याउन चाहन्थें । यसैले म उनीहरूलाई जसरी हुन्छ सुखी हुने किसिमको धर्मोपदेश दिन्थे ।" र त्यस पछि मैले धेरै मानिसहरूको घृणा र पापबारे कुरा गरें । यस्तो नराम्रो कुरा गरेकोमा तिमी चकित हुन सक्छौ । अँ, त्यो कुरा मेरो निम्ति खराब छैन । ती त साधारण जनताले व्यवहारमा ल्याउने कुरा हुन् जसबाट उनीहरूलाई खराब होला भन्ठानेका थिएनन् । जे होस् मैले विचार गरेको अर्को एउटा कुरा म तिमीलाई भन्न चाहन्छु । र एउटा पादरीको मुखबाट यस्तो कुरा भन्नु साँह्रै अधार्मिक हुन्छ । र अब म पादरी हुन सक्तिनँ किनभने म यसबारे विचार गरेर आफू पनि विश्वस्त भैसकेको छु ।'

जोडले सोध्यो, 'के हो त्यो ?'

केसीले उसलाई लाज र डरको भावनाले हेरेर भन्यो, 'त्यो कुराले तिमीमा

गलत धारणा आए नरिसाऊ, रिसाउने छौ ?'

जोडले जवाव दियो, 'मलाई रिस उठेपछि नाक वज्छ अरू केही हुँदैन। तिमीले के विचार गऱ्यौ ?'

'मैले जीजस र होली स्पीरिटले लिएको बाटो विचार गरें। मैले विचार गरें: "हामीले बाटो ईश्वर या जीजसको जिम्मा किन छोड्नु पर्छ र ? हामीहरू समस्त मानवलाई, होली स्पीरिटलाई, मानव आत्मालाई, सम्पूर्ण सृष्टिलाई मनपराउन सक्छौं। सबै मानिसहरूको आत्मा मिलेर एउटा महान् आत्मा अर्थात् परमात्मा बनेको हुन सक्छ।" यसैबारे विचार गर्दै म यहाँ बसें र अकस्मात् मैले यो ज्ञान प्राप्त गरें। मैले यसलाई यस्तो गहिरिएर विचार गरें कि यो तथ्य भएर निस्क्यो र अब यो सत्य हो भन्ने मलाई थाहा छ।'

जोडको आँखा तल झुक्यो मानौं पादरीको आँखामा झल्केको नग्न ईमानदारी-सँग त्यसले सामना गर्न सकेन। त्यसले भन्यो, 'त्यस्तो विचार लिएर तिमीले गिर्जा-घर चलाउन सक्तैनौ। तिम्रो त्यस्तो विचार जानेपछि मानिसहरूले उफ्रँदै-कराउँदै तिमीलाई देशबाट निकाला गर्नेछन्। मानिसहरू त्यस्तै गर्न चाहन्छन्। यस्तो गर्न पाए उनीहरू गर्वले फुल्छन्। बज्यैले कुरा गरेपछि तिमीले उनको मुख थुन्न सक्तैनौ। तिनले वालिग सहायक-पादरोलाई एक मुड्की दिंदा थचक्क पारेकी थिइन्।'

केसीले उसको कुरामाथि ध्यानपूर्वक विचार गरेर भन्यो, 'मलाई हैरान पार्ने केही कुरावारे म तिमीसँग सोध्न चाहन्छु।'

'भन, कहिलेकाहीं मलाई कुरा गर्न मन लाग्छ।'

पादरीले सुस्तरी भन्यो, 'अँ, मैले पादरीको काम गर्दा मेरो ख्याति शिखरमा पुगेको थियो। त्यस बखत मैले तिमीलाई ईसाई बनाएको थिएँ। त्यस दिन मेरो मुखमा जीजस नै पसेका थिए। तिमीलाई संझना हुँदैन किनभने तिमी त्यस बखत चुल्ठो तान्नमा व्यस्त थियौ।'

जोडले भन्यो, 'मलाई संझना छ। जसको चुल्ठो मैले तानेको थिएँ त्यो बच्ची खुशी थिई। एक वर्ष पछि उसले मेरो औंला भाँचिदिई।

'अँ, तिमीले त्यस ईसाईकरणबाट केही फाइदा उठायौ ? तिम्रो आचरणमा केही सुधार भयो ?'

Madhav P "Sankochi"

जोडले त्यसमा विचार गरेर भन्यो, 'अँ..हँ, मेरो आचरणमा सुधार भयो भन्न सक्तिनँ ।'

'अँ, त्यसबाट तिमीलाई केही खराबी भयो ? राम्रोसँग विचार गर ।'

जोडले बोतल टिपेर एक घुट्को निलेर भन्यो, 'मेरो आचरणमा केही असर परेन, न असल न खराब । मैले त्यसमा मजाक पाएँ ।' यति भनेर उसले पादरीको हातमा बोतल राखिदियो ।

मुस्केरा हालेर त्यसले घुट्को पियो । र अलिकति बाँकी रहेको ह्विस्कीमा दृष्टिपात गरेर त्यसले अर्को सानो घुट्को पियो । त्यसले भन्यो, 'बेस छ । अरूको जिन्दगीमा हस्तक्षेप गर्दा मेरो तरफबाट नोक्सान हुन गयो कि भन्ने कुरामा मलाई चिन्ता लागेको थियो ।'

जोडले आफ्नो कोटको पोको हेर्दा त्यसबाट उम्केर आफू आएको दिशातिर हत्तारिंदै गैरहेको कछुवा फेला पाऱ्यो । जोडले एक छिन हेरिरह्यो अनि बिस्तारै उठेर उसलाई फेरि टिपी कोटमा बेऱ्यो । त्यसले भन्यो, 'केटाकेटीहरूको निम्ति अरू केही उपहार पाइएन, सिवाय यो बूढो कछुवा ।'

पादरीले भन्यो, 'यो हाँसउठ्दो कुरा हो । तिमी आउँदा बाबु टाम-जोडबारे विचार गरिरहेको थिएँ । मैले ऊसित भेट्ने विचार गरिरहेको । ऊ अनीश्वरवादी छ भनी म विचार गर्थें । टाम कस्तो छ ?'

'उनी कस्ता छन् भन्ने कुरा मलाई पनि थाहा छैन । चार वर्ष भयो घर नगएको ।'

'त्यसले चिट्ठी-सिट्ठी लेखेन तिमीलाई ?'

जोडले अलमलिएर भन्यो, 'अँ, बाको अक्षर राम्रो छैन त्यसैले उनी लेख्तैनन् । उनले सही गर्दा मुखमा सिसाकलम चोपेर अरूले गरे जतिकै राम्रोसँग गर्न जानेका थिए । तर बा कहिने पनि चिट्ठी लेख्तैनन् । उनी सधैं भन्थे, मैले कसैलाई मुखले भन्न सक्ने कुरा सिसाकलमले किन लेख्ने ?'

केसीले सोध्यो, 'कहिले यता-उति भ्रमण गरेका छौ ?'

जोडले उसलाई संदिग्ध दृष्टिले हेरेर भन्यो, 'मेरोबारे केही सुनेका छैनौ ? म सबै पत्रिकामा थिएँ ।'

'अहँ–मैले कहिल्यै सुनिनँ । के ?' त्यसले एउटा खुट्टा अर्कोमा राखेर रूखमा अलि तल अडायो । दिन छिटो-छिटो चढ्दै गइरहेकोले सूर्यको ताप झन् प्रचण्ड हुँदै गयो ।

जोडले रमाइलोसँग भन्यो : 'तिमीलाई यो भनेरै छोडुंला । तर अहिलेसम्म तिमी धर्मोपदेश गर्दैछौ भने म भन्ने छैन । मलाई डर लाग्छ कि तिमीले मलाई धर्मोपदेश गर्नेछौ ।' त्यसले बोतलमा बाँकी रहेको रक्सी जम्मै सिध्याएपछि बोतल दियो र त्यो खैरो रंगको चेप्टो बोतल धूलोमा सुस्तरी चिप्लेर गयो । 'म मैकआले-स्टरमा चार वर्ष बसेको छु ।'

केसीले आफ्नो नजर उसको वरिपरि घुमाएर हेऱ्यो अनि आफ्नो निधारलाई तलतिर ल्यायो जसबाट उसको माथि उठेको निधार झन् ऊँचो देखियो । 'तिमीले त्यसबारे कुरा गर्न नचाहेको, हँ ? तिमीले केही खराब काम गरेको भए म केही प्रश्न गर्ने छैन ।'

जोडले भन्यो, 'मैले जे गरेको थिएँ त्यो फेरि पनि गर्नेछु । लड्दालड्दै मैले एउटा मानिसलाई मारिदिएको छु । एउटा नाचमा हामीहरू पिएर टन्न थियौं । त्यसले मलाई चक्कुले हान्न आयो अनि मैले त्यहीं पडिरहेको एउटा साभेल टिपेर उसलाई मारिदिएँ । मैले उसको टाउको एकदमै चकनाचूर पारिदिएँ ।'

केसीको आँखि-भूईं आफ्नो स्वाभाविक स्थितिमा आयो । त्यसले सोध्यो, 'तिमीलाई लाज लागेन त ?'

जोडले भन्यो, अँहँ, लागेन । मलाई सात वर्षको कैद ठेकिएको थियो । त्यसले मलाई चक्कु रोपेको थियो भनेर बयान दिई; आयन्दा यस्तो काम गर्ने छैन भन्ने प्रतिज्ञापत्र लेखी, चार वर्षमा छुटेर आएँ ।'

'तबदेखि तिमीले चार वर्षसम्म त्यस ठाउँका मानिसहरूबारे केही

सुनेका छैनौ ?'

'अँ, मैले सुनें । दुइ वर्षअघि आमाले एउटा कार्ड पठाएकी थिइन् र पोहरको क्रिस्टमसमा बज्यैले अर्को कार्ड पठाएकी थिइन् । त्यो देखेर झ्यालखानका कैदीहरू हाँसे । त्यस कार्डमा एउटा रूख र हिउँजस्तो चम्कने केही चीज थियो । त्यसमा एउटा कविता लेखेको थियो जो यसप्रकार छ :

'राम्रो केटो, क्रिस्टमसको खुशी,

जीजस विनम्र जीजस कोमल,

क्रिस्टमसको रूखमुनि

तिमीलाई छ मेरो उपहार ।'

मैले अनुमान गरें कि बज्यैले यो कविता कहिले पढिनन् । शायद तिनले यो कार्ड एउटा व्यापारी-यात्रुसँग किनी होलिन् । यस कार्डमा चमक-दमक भएकोले यसैलाई टिपी होलिन् । जेलको मेरो कोठामा बस्ने मानिसहरू हाँस्दा-हाँस्दै झण्डै मर्न लागेका थिए । त्यो कार्ड आएदेखि उनीहरूले मलाई जीजस जस्तै विनम्र भन्न थाले । बज्यैले कहिले पनि यस्तो उल्ली-बिल्ली होस् भनेर त्यो कार्ड पठाएकी थिइनन् । त्यो कार्ड राम्रो भएकोले तिनले त्यसलाई पढ्न आवश्यक ठानिनन् । म गएको वर्ष तिनले आफ्नो चश्मा हराइन् । हुनसक्छ तिनले चश्मा कहिल्यै पाइनन् ।'

केसीले सोध्यो, 'मैकआलेस्टरमा तिमीलाई कस्तो व्यवहार गरे ?'

'ए, ठीक व्यवहार गरे । समय-समयमा खान पाउने, सफा लुगा लाउन पाउने र नुहाउने ठाउँको प्रवन्ध थियो । त्यो केही हदसम्म बेसै ठाउँ थियो । आइमाईहरू भने नपाउने–योचाहिं अलि मुश्किल काम थियो ।' एकाएक त्यो हाँस्न थाल्यो । त्यसले भन्यो, 'सबैले प्रतिज्ञापत्रको पालन गर्नुपर्थ्यो । एउटा मानिसले प्रतिज्ञापत्रको पालन नगरेको अभियोगमा एक महीनाजति त्यसलाई कारावासमा फर्काइयो । त्यसलाई एउटा मानिसले प्रतिज्ञा किन भग गरेको भनी सोध्दा त्यसले उत्तरमा यस्तो भन्यो, "अँ, मेरो बाको घरमा सुविधाहरू छैनन् । बिजुलीको

सुविस्ता त्यहाँ छैन, र फोहरामा स्नान गर्न पाउँदिन, पढ्नलाई कुनै किताब र खाना राम्रो छैन ।" कारवासमा सुविधाहरू पाइन्थ्यो र खाना समय-समयमा पाइने भएकोले ऊ फर्केर आएको भनी त्यसले भन्यो । कारावासबाहिर के काम गर्ने तथा आफूलाई पनि त एकलो महसूस हुन्छ भनेर ऊ भन्थ्यो । यी सबै कारणले गर्दा त्यसले एउटा मोटर चोरेर फेरि कारावासमै आयो ।' जोडले सुर्ति झिकेर कागजको मुठाबाट खैरो कागजको एक पत्र झिकी चुरोट बेऱ्यो । त्यसले भन्यो, 'त्यो मानिसले भनेको ठीकै छ । हिजो राति कहाँ सुत्ने भनेर विचार गर्दा मलाई डर लागेर आयो । र मैले आफू सुत्ने फल्याकबारे विचार गरें अनि कारावासको कोठामा उड्डसले जे उपद्रव गरे त्यसबाट म आजीत भएँ । म र अरू मानिसहरू मिलेर केही राम्रो बाजा बजाउन लागेका थियौं । एउटाले प्रस्ताव गऱ्यो कि हामीहरू रेडियोमा जानु पर्छ । र आज बिहान कति बजे उठ्ने भनेर थाहा पाइनँ । घंटी बज्ने प्रतीक्षामा त्यहीं पल्टेर बसिरहें ।

केसीले मुख थुनी हाँसेर भन्यो, 'तिमीले काठगोदामको आवाजलाई भ्रमले त्यस्तो सुनेका हुनसक्छौ ।'

दिउँसोको अलि-अलि धूले प्रकाशले पहेंलो रंग धारण गऱ्यो । अन्नका बालाहरू पहेंला देखिए । एक हूल गौंथली माथिबाट पानी-पोखरीतिर सुइँट्ट उडेर गए । जोडको कोटभित्रबाट कछुवाले भाग्ने नयाँ तरीका खोज्न थाल्यो । जोडले आफ्नो टोपीको नकाब पट्ट्याएर निशान बनायो जो कागको चुच्चोजस्तै लाम्चो र बांगो भएर निस्केको थियो । त्यसले भन्यो, 'म जान्छु । घाममा जाने मन त छैन तर अहिले त्यतिसारो भने पोल्दैन ।'

केसीले प्रयास गरेर भन्यो, 'मैले वृद्ध टामलाई रईसी जमानामा देखेको थिइनँ । म जसरी भएपनि उनीसित भेट्न जाँदैछु । धेरै दिन भयो मैले तिमीहरू-कहाँ जीजसको उपदेश प्रचार गरेको । मैले एक छाक खानुबाहेक कहिले पनि अरू कुनै कुरा लिइनँ ।'

जोडले भन्यो, 'आऊ, तिमीसित भेट्न पाएर बा खुशी हुनुहुनेछ । पादरीको काम गर्ने योग्यता तिमीसित निकै थियो भनेर उहाँ सधैं भनिरहनुहुन्थ्यो ।' बेरि-एको आफ्नो कोट टिपेर त्यसले जुत्ता र कछुवा राम्रोसँग कस्यो ।

केसीले रबरको तलुवा भएको टाटको जुत्ता मिलाएर आफ्नो नांगो पैताला त्यसमा घुसारेर भन्यो, 'मलाई तिम्रो विश्वास छैन । मलाई धूलोमा काँचका टुक्रा, तार र कीला होलान भन्ने सधैं डर लाग्छ । किन हो कुन्नि मलाई थाहा छैन, खुट्टाको औंलामा घोचेर घाउ भएको मलाई एकदमै मन पर्दैन ।'

उनीहरू छायाँको किनारमा बसेर अमकनाए । अनि किनारामा पुग्न आतुर भएका दुइ जना पौडीबाज जस्तै उनीहरूले पहेंलो घाममा गोता खान थाले । केही पाइला छिटो चालिसकेपछि उनीहरूले विचार गरेर पाइला अलि सुस्तरी चाल्न थाले । अन्नका बालाका छायाँ छेउछाउमा परिरहेका थिए र हावामा गरम धूलोको गन्ध ठस्स गन्हाएको थियो । अन्नको खेत सकिएपछि यसको ठाउँ गाढा हरियो कपासका बिरुवाले लिए । ती गाढा हरिया पातहरूमा धूलोको एक चपरी बसेको थियो र बीज-कोषहरू पनि देखापरेका थिए । यी पातहरूमा ठाउँ-ठाउँमा दाग थियो । तलतिर जहाँ पानी अड्केको थियो त्यहाँ धूलोको चपरी बाक्लो थियो र माथि-माथि नांगै थियो । बिरुवाहरू घामसँग लापा खेलिरहेका थिए । र पर क्षितिजमा खैरो रंग छाएको थियो । धूले-सडक तल-माथि लहराउँदै उनीहरू सामु फैलिएको थियो । एउटा खोलोमा सरपतका बिरुवाहरू पश्चिमतिर तर्दै लाम लागेर गइरहेका थिए । उत्तर-पश्चिमतिर एउटा बाँझो भागमा पातला झ्याङ उम्रेका थिए । तर तातो धूलोको गन्ध हावामा व्याप्त थियो । हावामा शुष्कपन भएकोले नाकमा सिंघानको पाप्रा जमेको थियो र आँखाको नानी सुक्न नदिनलाई आँखाबाट पानी आइरहेको थियो ।

केसीले भन्यो : 'हेर, अन्न कस्तो राम्रो उम्रेको रहेछ । त्यसमा पछि धूलो बस्न गयो जो बालीको निम्ति हानिकारक छ ।'

जोडले भन्यो, 'प्रत्येक वर्ष म संझन्छु कि यस पालि त राम्रो बाली लागेछ तर कहिल्यै राम्रो आउँदैन । बाज्ये भन्नुहुन्थ्यो, पहिले पाँचबाजि हलो जोत्दा बाली राम्रै थियो तर घाँस-पात अझ छँदै थियो ।' सडक पहाडी प्रदेशमा अलि ओरालो पर्न लाग्यो र फेरि अर्को उकालो आइहाल्यो ।

केसीले भन्यो : 'वृद्ध टामको घर आईपुग्न यहाँबाट एक माइलभन्दा बढी जानु पर्दैन । त्यो घर अब आउने तेश्रो उकालोमा पर्दैन र ?'

जोडले उत्तरमा भन्यो, 'जरूर पर्छ । बाले जस्तै अरूले त्यो घर सुटुक्क लेलान् भन्ने डर छ ।'

'तिम्रो बाले त्यो घर सुटुक्क लिएको ?'

'अवश्य लिएको हो । यहाँबाट पूर्वतिर डेढ माइल जमीन लिएर त्यसमा मिहिनेत लगाएको थियो । त्यहाँ एक परिवार बसीकन छोडेर गयो । बज्यै, बा र मेरो भाइ नोआले सम्पूर्ण जमीन लिन चाहेका थिए तर लिन सकेनन् । उनीहरूले त्यसको केही अंश मात्र पाए; त्यसैले त्यसको एउटा छेउ हास्यास्पद देखिएको । उनीहरूले त्यस जमीनलाई दुइ टुक्रा पारेर तिनमा बाह्रवटा घोडा र एक जोडा खच्चडले हलो जोत्न थाले । अर्को आधाको निम्ति उनीहरूले फेरि एक साथ जोड्न चाहे । तर उनीहरू त्यहाँ पुग्नुअघि विकमैनले आफ्ना छोराहरूको साथ लागेर अर्को आधा भाग सुटुक्क लियो । बा र बाज्ये उनीहरूसित निकै चिढिए । तर केही दिनपछि उनीहरू विकसित बसेर एक साथ खाई-पिईकन खुशी साथ बस्न थाले ।विकले भन्यो, उसको घर पशुपालनको लागि राखिएको थियो र उनीहरूले बराबर पशुहरू ल्याई पालेमा थुप्रा पशु-शाला हुने थिए । रक्सी खाएपछि विक ठूलो मानिस जस्तो हुन्थ्यो । त्यसपछि ऊ, बा र बाज्ये मित्र भए । मौका पाए जहिले पनि उनीहरू एकसाथ बसेर रक्सी खाने गर्थे ।'

केसोले स्वीकृति दिएर भन्यो, 'टाम ठूला मान्छे हुन् ।' त्रान्न हुने पुलमुनि उनीहरू बिस्तारै धूलै-धूलो लिएर गए अनि पछि उकालोको निम्ति आफ्ना पाइला सुस्ताए । केसोले आफ्नो बाहुलाले निधारको पसिना पुछेर विमान-आकारको टोपी लगायो । त्यसले दोहऱ्याएर भन्यो, 'ज्यू, टाम ठूला मानिस थिए । अनीश्वरबादी-हरूको लागि उनी ठूला मानिस थिए । धार्मिक भावना उनमा अलि-अलि घुसेको बेला मैले उनलाई मीटिंगमा कहिलेकाहीं खुशीले दस-बाह्र फीट उफ्रेको देखेको थिएँ । म तिमीलाई भन्छु कि जब बृद्ध टामले होली स्पीरिटको उपदेश पाउँछ तिम्रोले दगुरेर गई उसलाई उफ्री-उफ्री थकित हुनबाट बचाउनु पर्छ 'किनभने ऊ अश्वशालाको घोडा जस्तै पानीदार छ ।'

उनीहरू अर्को उकालो काटेपछि ओरालो लागे जहाँ पुरानो हिँड्नैनसकिने खराब ढुंगे-बाटो थियो जसको दुवैतिर पानीले काटेका नयाँ दागहरू देखिन्थे । त्यस बाटोमा केही ढुंगा भएकोले जोडले तांगा पैतालाले सानो-सानो पाइला चालेर बाटो पार

गऱ्यो । उसले भन्यो, 'तिमी बाको वारे कुरा गर्छौ' । तिमी काका जानलाई पोल्क भन्ने ठाउँमा ईसाई तुल्याएको बेला देखेको छैन होला । जुनेली रातमा कुकुर र ब्वाँसो खुशीले कहिले-कहिले अगाडि-पछाडि उफ्रे जस्तै त्यो पनि फीनी झ्याङमा जोरसँग अगाडि-पछाडि उफ्रन थालेका थिए । अँ, बाले त्यसो गरेको देखेर के ठान्नु-भयो भने त्यस ठाउँमा जीजसको निम्ति खुशीले उफ्रनेहरूमा उनी सबभन्दा उत्तम ठहरिएका थिए । यस्तै बाले पनि काका जानको फीनी झाडीभन्दा दोब्बर लामो फीनी झ्याङ छानी सुँगुरनी जस्तै घ्वाक-घ्वाक कराएर फुटेका शीशीहरू त्यहाँ छर्नुभयो । त्यस झ्याङमा बाले उफर-आफर गर्नुभयो अनि उहाँको दाहिने खुट्टामा घाउ भयो । यसबाट बाको मन खिन्न भयो । पादरीले प्रार्थना गरेर त्यो घाउ ठीक पार्न खोज्यो तर बाले डाक्टरकहाँ जाने मन गर्नुभयो । अरू डाक्टर फेला परेन एउटा यात्रु दन्त-चिकित्सकलाई बालाई देखाइयो । पादरीले जसरी भए पनि निको पार्ने प्रार्थना गऱ्यो ।

पानीले काटेर बनाएको बाटोको पल्लोपट्टि एउटा सानो उकालो थियो, त्यही उकालो उनीहरू बिस्तारै उक्लन थाले । अब घाम अस्ताचलतिर लागेकोले यसको प्रभाव अलि कम हुँदै गयो । हावा तातै थियो तापनि सूर्यको प्रखरतामा कमी आइसकेको थियो । सडकका किनारामा लामो बांगा खंबाहरूमा बेरेको तार अझ छँदै थियो । दायाँपट्टि कपासको खेतको पारितिर तारले बारेको थियो र दुवैतिर धूलो जमेर सुकेका गाढा हरियो कपासका खेतहरू थिए ।

जोडले बारेको सिमानामा औँल्याउँदै भन्यो, 'हाम्रो सिमाना-रेखा त्यही हो । साँच्चै हामीले त्यहाँ बार्नु नै नपर्ने । तर बाले मन पराउनु भएको हुँदा हामीले तार बारेका थियौं । यो बार्नले बाको मनमा दूध र पानी छुट्ट्याएको जस्तो भयो । काका जानले एक राती आफ्नो गाडीमा राखेर ६ रील तार नल्याउनुभएको भए त्यो बारिने नै थिएन । सुँगुरको खोरलाई बार्न उहाँले बालाई त्यो तार दिनु-भएको थियो । काकाले त्यो तार कहाँबाट ल्याएका हुन् हामीहरूलाई थाहा थिएन । उकालो काट्नलाई उनीहरू थुप्रो नरम धूलोभित्रको जमीनमा पाइला चाल्दै अलि बिस्तारै गए । जोडको मानसिक आँखाले आफ्नो स्मृतिको पाना पल्टाउँदै थियो । ऊ मनमनै हाँस्न लागेको जस्तो देखिन्थ्यो । त्यसले भन्यो, 'सुँगुरको बच्चालाई त्यसले गर्न लागेको काम देख्ता राँडा छोरा काका जान पागल भयो ।' ऊ मुख थुनेर हाँस्यो अनि अगाडि बढ्यो ।

जिम केसी अधैर्यपूर्वक पर्खिरह्यो । कहानी अझ शुरू नभएकोले केसी निकै

बेर पखिरह्यो । अनि अलि झोक्किदै सोध्यो, 'अँ, त्यो सुँगुरको बच्चालाई त्यसले के गऱ्यो ?'

'ओ ! अँ, त्यसले त्यो सुँगुरको बच्चालाई काटेर आमालाई चूलो वाल्न लगायो अनि त्यो मासु चपभित्र हालेर कराहीमा वसाल्यो । त्यसले एउटा खुट्टा र करंगहरू चुलोभित्र राखिदियो । करंगहरू नपाकेसम्म त्यसले चपहरू खाइरह्यो । र फेरि खुट्टा नपाकेसम्म त्यसले करंगहरू खाइरह्यो । त्यसले त्यो खुट्टा च्यापेर ठूल-ठूला टुक्रा पारीकन मुखमा हाल्यो । हामी केटा-केटीहरू राल चुहाउँदै चारैतिर झुम्मिएर बसिरह्यौं । त्यसले हामीहरूलाई भने अलि-अलि दियो तर बालाई चाहिं एक टुक्रा पनि दिएन । बिस्तारै बिस्तारै त्यसले यति खायो कि अरू खान नसकेर ऊ सुत्न गयो । ऊ सुतिरहँदा बाले र हामी केटाकेटीहरूले मिलेर खुट्टा चट् पाऱ्यौं । अँ, भोलिपल्ट बिहान काका जान उठेर अर्को खुट्टा चूलोमा फालिदिए । बाले भन्नुभयो: "जान, तिमीले त्यो सिंगै सुँगुर खान लागेका ?" त्यसले उत्तरमा भन्यो: "टाम, मैले खान आँटेको हो किनभने मलाई सुँगुर खान औधी मन लागेको छ । तर मलाई मैले त्यो जम्मै खाइसक्नुअघि त्यो बिग्रेर जाला कि भन्ने डर छ । तिमीले पनि एक प्लेट लिए हुन्छ । बेरिराखेको तारको दुइ गोला मलाई फर्काइ देऊ ।" अँ बा मूर्ख हुनुहुन्नथ्यो । उहाँले काका जान-लाई सुँगुरको मासु खाँदाखाँदै वाक्क नआएसम्म खाइनै रहन दिनुभयो । उहाँ मोटर चढेर गइसकेपछि हेर्न जाँदा आधाभन्दा बढी खान बाँकी नै थियो । बाले भन्नुभयो : "बाँकी बचेकोमा नून छर्कंदैनौ ?" तर काका जानले नून छर्कंनन् । उनलाई सुँगुरको बच्चा खान मन लागेपछि सिंगै चाहिन्छ । र खाइसकेपछि कुनै सुँगुरको बच्चा यताउति हल्लिरहेको हेर्न उनलाई मन पर्दैन । उनी गइसकेपछि बाले बाँकी बचेको मासुमा नून छर्कनुभयो ।'

केसीले भन्यो : 'धर्मोपदेश गर्न मन लाग्दा मैले पाठ तयार गरेर तिमीलाई सुनाउने गर्थें तर अहिले त्यसो गर्न छोडें । त्यसले त्यसो गरेकोमा तिमी के ठान्छौ ?'

उत्तरमा जोडले भन्यो, 'मलाई थाहा छैन । त्यसलाई सुँगुरको मासु खान मन लाग्यो । मासुको कुराले गर्दा मलाई पनि खान मन लागेर आएछ । हरेक क्रिस्टमसमा एक-एक टुक्राको दरले चार वर्षमा चार टुक्रा सुँगुरको सेकुवा खाएको थिएँ ।'

केसीले व्याख्यापूर्वक सुझाव दियो : 'धर्मशास्त्रमा अति व्यय गर्नेले गरेजस्तै टामले मोटो वाछो ढाल्न चाहेको हुनसक्छ ।'

जोडले उपेक्षापूर्वक हाँसेर भन्यो, 'तिमी बालाई चिन्दैनौ । उहाँले कुखुरा मार्नुभयो भने कुखुरा कराउँदैन अपितु उहाँ नै कराउनु हुन्छ । उहाँको बानी कहिले-पनि सुध्रने होइन । उहाँ जहिले पनि क्रिस्टमसको लागि भनेर सुँगुर जोगाइ राख्नु-हुन्छ । अनि सेप्टेम्बर महीनामा जलोदर या अरू कुनै रोग लागेर त्यो सुँगुर मर्छ र कसैले पनि खान पाउँदैन । काका जानलाई सुँगुर खान मन लागे उनी सुँगुर ल्याएर चट् पारिदिन्थे ।'

पहाडको घुमाउरो टुप्पा नाघेपछि उनीहरूले तल जोडको घर देखे । अनि जोडले भन्यो, 'यो त्यही होइन, त्यो घर हेर त । केही भएको छ । त्यहाँ कोही पनि छैन ।' दुवैले अडिएर घरको स्यानो समूहलाई घुरेर हेरिरहे ।

पाँचौं अध्याय

जमीनका मालिकहरू जमीन हेर्न आए। धेरैजसो मालिकका प्रतिनिधिहरू आए। बन्द गाडीमा आएर उनीहरूले सुख्खा माटो औंलाले छामेर हेरे। र कहिले-काहीं उनीहरूले माटो परीक्षणको लागि ठूलठूला बरमाहरू जमीनमा गाडेर हेरे। ती गाडीहरू खेतको बगलमा हाँकेर ल्याउँदा प्रचण्ड घाम लागिरहेको आफ्ना आँगन-हरूबाट मोहीहरू बेचैन भएर हेरिरहे। र अन्तमा उनीहरू आँगनैमा गाडी हाँकेर ल्याई त्यसैमा बसी झ्यालबाट कुरा गर्न थाले। एक छिन मोहीहरू गाडीहरूको छेउमा उभिए अनि पछि धूलोमा आकार कोर्नको निम्ति लट्ठी लिई पलेंटी कसेर बसे।

खुला ढोकाहरूको भित्रबाट आइमाईहरू बाहिर हेरेर उभिरहे र उनीहरूको पछाडि खैरो कपाल भएका केटाकेटीहरू आँखा ठूलठूला पारी नांगो पैताला एक-माथि अर्को राखी त्यसका औंलाहरू चलाएर उभिरहे। आइमाई र केटाकेटीहरूले आफ्ना मानिस र मालिकहरूको बीच कुरा चलिरहेको चूप लागेर हेरिरहे।

ती मालिकहरूमध्ये कोही-कोही यस कारणले दयालु भए कि आफूले गर्नुपर्ने कामदेखि आफैंलाई घिन लाग्यो र कोही यस कारणले रिसाए कि उनीहरूलाई आफू निर्दयी हुन मन पर्दैनथ्यो र कोही यस निम्ति उपेक्षित थिए कि त्यसो नभईकन कोही पनि मालिक हुन सक्तैन भन्ने कुरा उनीहरूले पहिले नै बुझिसकेका थिए। उनीहरू सबै आफूले गर्न सक्नेभन्दा ठूलो काममा फसेका थिए। उनीहरूमा कोही-कोही यस्ता पनि थिए जो गणित मन नपराउने मात्र होइन अपितु त्यसदेखि डर पनि मान्दथे। र कसै-कसैलाई यस कारणले गणित मन पर्‍यो कि यसले उनी-हरूलाई विचार र भावनादेखि छुट्टी दिन्थ्यो। कुनै बैंक या वित्त निगमले जमीन पाएको भए त्यसको मालिकले भन्थ्यो : बैंक या वित्त निगमले चाहन्छ- आग्रह गर्छ-

पाउनै पर्छ मानौं बैंक या निगम आफूलाई बन्धनमा राख्ने विचार र भावनासहितको एउटा अद्‌भुत पशु थियो । बैंक या निगमको मालिक कर्ता र दास मात्र भएकोले बैंक या निगमहरूप्रति जिम्मेवारी लिदैनथ्यो तर बैंकहरू त मेशीनमात्र नभईकन मालिक पनि थिए । कुनै-कुनै जमीनका मालिकहरू यस्ता उपेक्षित र शक्तिशाली मालिक-हरूको दास बन्न पाएकोमा अलिकति गर्व गर्थे । जमीनका मालिकहरूले गाडीमै बसेर व्याख्या गरे, तिमीहरूलाई थाहा छ कि जमीनमा त्यतिको उब्जनी हुँदैन । तिमीहरूले जमीन खन-जोत गरेको निकै दिन भइसक्यो । यो कुरा ईश्वरलाई थाहा छ ।

पलेंटी कसेर बसिरहने मोहीहरूले स्वीकृतिस्वरूप मुन्टो हल्लाए र आश्चर्य माने । उनीहरूले धूलोमा केही आकार कोर्दै भने, हो ईश्वरलाई थाहा छ भन्ने कुरा उनीहरूलाई थाहा थियो । धूलो मात्र नउडेको भए, बिरुवा मात्र माटोमा अडेको भए जमीन यतिको खराब हुने थिएन ।

जमीनका मालिकहरूले आफ्ना मूल कुरा फुटाएर भने : तिमीहरूलाई थाहा छ कि जमीन झन्-झन् कमसल हुँदै गइरहेछ । कपासले जमीनलाई के गर्छ भन्ने कुरा तिमीहरूलाई थाहा छ : यसले जमीन लुट्छ, जमीनको तमाम रगत सोस्छ ।

पलेंटीमार्नेहरूले समर्थन जनाउँदै टाउको हल्लाएर भने– यो कुरा उनीहरूलाई थाहा थियो, ईश्वरलाई पनि थाहा थियो । बाली आलो-पालो गरी लाउन सके मात्र उनीहरूले फेरि जमीनमा रक्तसंचार गर्न सक्थे ।

अँ, अहिले धेरै अबेर भइसक्यो । र जमीनका मालिकहरूले आफूभन्दा झन् बलियो अद्‌भुत पशुको विचार र कामको बारे व्याख्या गरेर भने– कुनै पनि मानिसले खान सक्छ र कर तिर्न सक्छ भने त्यसले जमीन पनि राख्न सक्छ : त्यसले त्यस्तो गर्न सक्छ ।

हो, बालीहरू एक दिन लाग्न नछोडेसम्म त्यसले त्यसो गर्न सक्छ अनि त्यसले बैंकबाट रुपैयाँ माग्नु पर्नेछ ।

तर–बुझ्यौ, कुनै बैंक या निगमले त्यसो गर्न सक्तैन किनभने ती बैंक या निगमका मालिकहरूले हावामा सास फेर्दैनन्, खाना खाँदैनन् । उनीहरू त नाफाको सास फेर्छन्; रुपैयाँको ब्याज खान्छन् । यी कुरा पाउँदैनन् भने उनीहरू त्यसरी नै

गछँन् जसरी तिमीहरू हावा र खानेकुरो नपाएपछि मर्छौ । यो अपशोचको कुरा छ; तर तथ्य पनि हो र यो नै सत्य पनि हो ।

पलेंटीमार्नेहरूले यो कुरा बुझ्नलाई आँखा माथितिर उठाए । हामीहरू दुविधामा परिरहन सक्तैनौ । हुनसक्छ अर्को साल उब्जनी राम्रो होस् । अर्को साल कति कपास उब्जनेछ भन्ने कुरा ईश्वरलाई थाहा छ । लडाईंहरू भएकाले कपासको भाउ अब के हुनेछ भन्ने कुरा भगवान्लाई थाहा छ । उनीहरूले कपासबाट विस्फोटक पदार्थहरू तथा फौजी पोशाकहरू बनाउँदैनन् त ? लडाईं बढेर गयो भने कपासको भाउ अकास्सिने छ । हुनसक्छ अर्को साल भाउ चढोस् । उनीहरूले प्रश्न-सूचक दृष्टिले माथि हेरे ।

हामीहरू यस्ता कुरामा निर्भर गर्न सक्तैनौ । बैंक जस्ता अद्भुत जन्तुले सधैँ नाफा खाइरहनु पर्छ । यसले पर्खन सक्तैन, पर्खेपछि यो मरिहाल्छ । कर बढ्दै जान्छ । यो जन्तु बढ्न छोडेपछि मर्नेछ । एउटै स्थितिमा यो बाँचिरहन सक्तैन । उनीहरू नरम औंलाहरूले गाडीको झ्यालको चौकोसमा खटखटाउन थाले तथा सारा औंला-हरूले चित्र खिच्ने लट्ठीहरू बेचैनीले कसेर समाउन थाले । घाममा तप्त मोहीहरूको घरका ढोकाहरूमा आइमाईहरू सुस्केरा हाल्दै एकमाथि अर्को राखिएका पैंताला फेरेर औंलाहरू चलाइरहेका थिए । मालिकहरूका गाडीनिर कुकुरहरू सुँघ्दै आएर चारैवटा टायरहरूमा एक-एक गरी जल चढाउन थाले । घामले सुकाएको धूलोमा बसेर कुखुराहरू छालाभित्रसम्म पस्ने गरीकन मसिनो धूलोमा पखेटाहरू चलाई-चलाई लडीबुडी खेलेर प्वाँखभित्र धूलो घुसाउँदै थिए । साना-साना खोरहरूका सुँगुरहरू हिलोमा लुटपुटिएर प्रश्नसूचक ढंगले घूँ घूँ कराउँदै थिए ।

पलेंटीमार्नेहरूका आँखा फेरि तल झुके । हामीहरूलाई के गराउन चाहेको ? हामीले घटाएर बाली लिन सक्तैनौं । अहिले हामीहरू अर्ध-बुभुक्षित छौं । हाम्रा केटाकेटीहरू सधैं भोकाएका हुन्छन् । फाटेका र झुत्रा लुगाहरू सिवाय हामीसँग अरू केही लाउने हुँदैन । हाम्रा जम्मै छिमेकीहरू उस्तै नभएका भए हामीलाई मीटिंगमा जान पनि लाज लाग्ने थियो ।

र अन्तमा मालिकहरू मूल कुरामा आइपुगे । अब मोहीको पद्धतिले काम दिने छैन । एक जनाले ट्र्याक्टर चलाएर चौध-पन्ध्र परिवारको ठाउँ लिन सक्छ ।

त्यसलाई ज्याला दिएर जम्मै बाली हामीहरूले लिने सुर छ । हामीलाई त्यसो गर्न त मन छैन । तर त्यो अद्‌भुत जन्तु बैंक बिरामी भई नराम्रो स्थितिमा छ ।

तर तपाईंहरूले कपास उमारेर जमीन बाँझो पार्न लाग्नु भएछ ।

हामीलाई थाहा छ कि जमीन बाँझो हुनुभन्दा अघि छिटो-छिटो कपास उमार्नु छ । त्यसपछि हामी जमीन बिक्री गर्नेछौं । पूर्वतिरबाट आएका परिवारहरूले एक-एक टुक्रा जमीन लिन चाहन्छन् ।

मोहीहरूले डरले माथि हेरे । हाम्रो के गति हुने हो ? र हामी के खाएर बाँच्ने ?

तिमीहरूले जमीन छोड्नु पर्नेछ । हलोले आँगनबाट विद्रा लिनु पर्नेछ ।

अब प्लेंटीमार्नेहरू रिसाएर उभिए । बाज्येले जमीन लिएर आदि निवासीहरू-लाई मारेर भगाउनुपर्‍यो । र बा यहीं जन्मेकाले उहाँको हातबाट घाँस र सर्पहरूले ज्यान गुमाउनुपर्‍यो । त्यसपछि अनिकालको वर्ष आयो र उहाँले केही रुपैयाँ सापट लिनु पर्‍यो । अनि हामीहरूको जन्म भयो । फेरि ती ढोकाभित्र बसेका केटाकेटीहरूको जन्म भयो । त्यसपछि बाले पैसा सापट लिनुपर्‍यो । हाम्रो जमीन बैंकको हातमा गयो । तर हामीहरू सानो एक टुक्रा जमीनमा अडिरह्यौं जसबाट हामीहरूले बाली उब्जाई ज्यान धान्नुपर्‍यो ।

त्यो जम्मै कुरा हामीहरूलाई थाहा छ । यो हामीले गर्न लागेका होइनौं । यो त बैंकले गर्न लागेको । बैंक फेरि एउटा व्यक्तिजस्तो होइन । यो पचास हजार एकडको मालिक एक व्यक्ति जस्तो पनि हुँदैन । तिनीहरू अद्‌भुत जन्तु हुन् ।

मोहीहरूले कराएर भने, निश्चय नै यस्तै छन् । तर यो त हाम्रो जमीन हो । हामीले यसलाई नापेर खण्ड-खण्ड पार्‍यौं । हामीहरू त्यसमा जन्मेका मात्र होइनौं अपितु मारियौं तथा मर्‍यौं पनि । यो जमीन असल नभए पनि हाम्रो हो । यो यस-कारणले हाम्रो हो कि हामीहरू यसमा जन्मर्‍यौं, काम गर्‍यौं र मर्‍यौं पनि । हामीसँग कुनै कागजपत्र नभएता पनि हामीहरू यस जमीनका मालिक हौं ।

हामीलाई अपशोच छ । यस्तो गर्ने हामीहरू होइनौं, अद्‌भुत जन्तु बैंक हो जो

कुनै व्यक्ति जस्तो हुँदैन ।

हो, तर बैंक मानिसहरू मिलेर नै बनेको हो ।

अँहँ, यस कुरामा तिमीहरू बिलकुल गलत छौ । बैंक मानिसहरूभन्दा बेग्लै चीज हो । बैंकमा भएको प्रत्येक मानिसले बैंकले जे गर्छ त्यो नरुचाएको हुनसक्छ तैपनि बैंकले त्यो काम गरिहाल्छ । म भन्छु– बैंक मानिसहरूभन्दा बढी अरू नै कुनै चीज हो । यो अद्‌भुत जन्तु हो । यसलाई मानिसहरूले बनाएता पनि यसलाई उनीहरूले नियन्त्रणमा राख्न सक्तैनन् ।

मोहीहरूले कराएर भने : बाज्येले आदिनिवासीहरूलाई मारे । बाले जमीनकोलागि सर्पहरू मारे । हुनसक्छ हामीहरूले बैंकहरूलाई मार्न सकौंला । ती बैंकहरू आदिनिवासी तथा सर्पहरूभन्दा खराब छन् । हुनसक्छ बा र बाज्येले जस्तै आफ्नो जमीन जोगाउन हामीले संघर्ष गर्नुपरोस् ।

अनि जमीनका मालिकहरूले क्रुद्ध भएर भने, तिमीहरूले जानु पर्नेछ ।

मोहीहरूले कराएर भने, तर यो हाम्रो हो । हामीहरू–

अँहँ, बैंक भनाउँदो अद्‌भुत जन्तुको हो यो जमीन । तिमीहरूले छोडनु पर्नेछ ।

आदिनिवासीहरू आउँदा बाज्येले बन्दूक लिए जस्तै हामीहरूले पनि लिनु पर्ला । अनि के हुन्छ ?

अँ– पहिले जिल्लाधीश अनि त्यसपछि फौज । तिमीहरू बस्न खोज्यौ भने तिमीहरूलाई चोरीको आरोप लाग्नेछ । बस्नलाई कसैको ज्यान ताक्यौ भने तिमीहरूलाई ज्यानमाराको आरोप लाग्नेछ । अद्‌भुत जन्तु मानिस नहोस् तर यसले चाहेको खण्डमा मानिसबाट जे काम पनि गराउन सक्छ ।

तर हामीहरू जाने कहाँ ? र जाने कसरी ? हामीसँग खर्च छैन ।

जमीनका मालिकहरूले भने, हामीहरूलाई यस कुरामा खेद छ । यस कुराको उत्तरदायी पचास हजार एकडको मालिक बैंक हुन सक्तैन । तिमीहरू त्यस भूमिमा

बसिरहेका छौ जो तिमीहरूको होइन। तिमीहरूलाई ठीक बाटोमा ल्याइसकेपछि तिमीहरूले शरद्‌मा कपास टिप्न सक्नेछौ। तिमीहरूले छुटकारा पनि पाउन सक्छौ। तिमीहरू किन पश्चिमतिर क्यालिफोर्निया जाँदैनौ ? त्यहाँ काम पाइन्छ र कहिले पनि जाडो हुँदैन। किनभने त्यस ठाउँमा जहाँ गए पनि तिमीहरूले सुन्तला टिप्न सक्नेछौ। किनभने, जहिले पनि कुनै-न-कुनै किसिमको बाली लगाउन पाइन्छ। तिमीहरू किन त्यहाँ जाँदैनौ ? यति भनेर जमीनका मालिकहरूले गाडी हाँकेर लगे।

मोहीहरू पलेंटी कसेर फेरि लट्ठी लिईकन कौतूहलले धूलोमा आकार-प्रकार खिच्न थाले। घामले पोलेकोले उनीहरूको मुख काले थियो। आइमाईहरू ढोका-बाहिर निस्केर आफ्ना मानिसहरूकहाँ होशियारीसाथ गए। र केटाकेटीहरू पनि दौड्नको लागि आइमाईहरूको पछि घस्री-घस्री आए। अलि ठूलठूला केटाहरू आ-आफ्ना बाबुको छेउमा पलेंटी मारेर बसे। एक छिनपछि आइमाईहरूले सोधे : त्यसले के चाहेको ?

र मानिसहरूले एक छिन माथि हेरे। भित्र दन्किरहेको दुःखको ज्वाला उनी-हरूका आँखामा झल्कन्थ्यो। हामीहरूले यहाँबाट जानुपर्ने भयो। कारखानाहरूमा एउटा ट्र्याक्टर र निरीक्षक आउने रे।

आइमाईहरूले सोधे– कहाँ जाने हामीहरू ?

हामीलाई थाहा छैन। हामी थाहा पाउँदैनौं। र साथमा केटाकेटीहरू अघि-अघि लाएर आइमाईहरू मौन भई छिटो-छिटो आ-आफ्नो घरतिर फर्केर गए। उनी-हरूलाई थाहा थियो कि व्यग्रताले खिन्न भएका व्यक्तिहरू आफन्तमाथि समेत कुपित हुन सक्छन्।

एक छिनपछि मोहीले रजहाँसको घाँटीजस्तो आकारको हैन्डल र फलामको फूल-बुट्टाले सुसज्जित नल भएको दस वर्ष पहिले जडान गरिएको पानी तान्ने यन्त्रमा; कुँदेको काठको लट्ठामा, जहाँ एक हजार कुखुराहरूलाई भोग दिसकिएको थियो; गोठमा त्यसै पडिरहेको हातले चलाउने हलोमा र त्यस गोठमाथिका दलीनहरूमा झुण्डिरहेको नादमा यताउति हेऱ्यो।

घरघर आइमाईहरूको वरिपरि केटाकेटीहरू झुम्मिए। आमा, हामीहरू के गन

अब ? हामीहरू कहाँ जाने ?

आइमाईहरूले भने : हामीहरूलाई अझै थाहा छैन । बाहिर गएर खेल्न जाऊ । तर तिम्रा बाबुनजीक नजाऊ । तिमीहरू नजीक गयौ भने कुटाइ खानुपर्ला । आइमाईहरू काम गर्न गए तर काम गरिरहँदा उनीहरूले धूलोमा पलेंटी मारेर बसिरहेका मानिसहरूलाई टोलाएर आकार-प्रकार खिचिरहेको हेरिरहे ।

ट्र्याक्टरहरू अनिगिन्तीकीराहरूको शक्ति लिएर कीराहरू जस्तै घस्रेर सडक र खेतहरूमा आए । ती जमीनमा घस्रेर आउँदा निशान छोड्दै गुडेर आए । डिजलले चल्ने ट्र्याक्टरहरू अडिरहँदा पनि इन्जीन चलिरहन्थ्यो । ती ठूलो आवाज गरेर चल्थे तथा गड्गडाउने आवाजले थामिन्थे । चेप्टा नाक भएका अद्भुत जन्तुहरू जस्तै ती ट्र्याक्टरहरू धूलो उडाउँदै त्यसैमा नाक घुसाउँदै सोझै प्रदेशमा, त्यसको वारपार, बारेका ठाउँहरूबाट, आँगनहरूबाट, पहाडको बीचको साँगुरा बाटोहरूको भित्र-बाहिर सोझै गुडेर गए । ती जमीनमा गुडेनन् तर आफ्नै सडकको भूमितलमा हिँडेर गए । उनीहरूले पहाड र भीरहरूलाई मात्र होइन अपितु पानीले बनाएको बाटो, बारेका ठाउँ तथा घरहरूको समेत परवाह गरेनन् ।

फलामको आसनमा बस्ने मानिसको अनुहार मानिसको जस्तो देखिएन । पंजा लगाएको, कालो चश्मा लगाएको, नाक र मुखमा धूलो नलाग्ने रबरको नकाब लाएको त्यो व्यक्ति आसनमा बसेको अद्भुत जन्तुको अंशको रूपमा एक यान्त्रिक मनुष्य थियो । प्रदेशमा यान्त्रिक बेलनहरूको गर्जन गुँजेर हावा र माटोमा मिसीकन प्रतिध्वनित हुन्थे । चालकले यसलाई नियन्त्रणमा राख्न नसकेर यो सोझो प्रदेशलाई पार गरी एक दर्जन चक्लाहरू नापीकन फेरि फर्केर आयो । नियन्त्रित यन्त्रहरूमा एक झट्का दिएपछि त्यो ट्र्याक्टरलाई फर्काउन सकिन्थ्यो । तर चालकको हातले झट्का दिन सकेन, किनभने ट्र्याक्टर बनाउने र पठाउने अद्भुत जन्तुले कुनै-न-कुनै तरीकाले चालकको हात, दिमाग र मांसपेशीमा मात्र पसेको होइन अपितु उसलाई मोडीकन मुख थुनिदिनुको साथसाथै उसको मनमा अन्धकार छाइदियो, उसको मुखमा ताल्च लगाइदियो, उसको बोधशक्ति धमिल्याइदियो र उसको प्रतिवादलाई मन्द गराइदियो । त्यसले जमीनको वास्तविक रूप देख्न सकेन न यसको वास्तविक गन्ध नै त्यसले पाउन सक्यो । उसको पैतालाले माटोमा टेकेन न माटोको शक्ति र न्यानोपनको नै त्यसले चाल पाउन सक्यो । ऊ फलामको आसनमा मात्र बसेको होइन अपितु फलामको पाउदानमा पनि खुट्टा टेकेको थियो । त्यसले आफ्नो शक्तिको

वृद्धिमा नखुशी मनाउनसक्यो, न त्यसलाई अगाडि बढाउनसक्यो, न कोस्नसक्यो, न उत्साहित गर्नसक्यो । यही कारणले ऊ आफूलाई खुशी पार्न, अग्रसर गराउन या कोस्न या प्रोत्साहन गर्न असमर्थ भयो । त्यसले जमीनको विषयमा केही थाहा पाएन, न जमीनप्रति विश्वास गर्नसक्यो, न जमीन पाउनलाई याचना नै गर्न सक्यो । एउटा बीउ खसेर त्यसबाट केही उत्पादन नभए त्यो बेकार हुन्थ्यो । कलिलो बिरुवा लगाएर अनावृष्टिमा सुकेर गयो अथवा अतिवृष्टिमा डुबेर गयो भने यसबाट ट्र्याक्टरमा-भन्दा चालकमा केही असर पर्दैनथ्यो ।

बैंकलाई जमीनसित जति मोह थियो चालकलाई त्यति थिएन । त्यसले ट्र्याक्टर-लाई, यसको मेशीनमाथिका भागहरूको, यसबाट निस्कने शक्तिको, यसको फुट्ने बेलनहरूको गर्जनको प्रशंसा गर्न सक्थ्यो । तर यो ट्र्याक्टर उसको होइन । ट्र्याक्ट-रको पछाडिपट्टि धारले माटो काट्दै त्यसका चक्काहरू टल्कने गरी घुमिरहन्थे । यी चक्काहरू हलो जोत्नलाई होइन अपितु माटो काट्नलाई घुमिरहन्थे । यस चक्काको पहिलो लहरले माटो काटेर दायाँतिर फालिदिन्थ्यो र दोश्रो लहरले दायाँतिरको माटो काटेर बायाँतिर फ्याँकिदिन्थ्यो । काट्ने धारहरू माटो काटेकोले पालिश लगाएको जस्तो चम्किरहन्थ्ये । चक्काहरूको पछाडि फलामका दाँतिहरूसँग मिलाइराखेका ह्यारोहरू तानिएका हुन्थे जसबाट सानासाना माटाका डल्लाहरू फोडिएर टम्म मिल्न जान्थे । ह्यारोहरूको पछाडि बीउ छर्ने यन्त्रहरू थिए । आसनमा बसीकन आफूले इच्छा नगरेको सोझो रेखाहरूमाथि, आफ्नो अधीनमा नभएको या आफूलाई मन नपरेको ट्र्याक्टरमाथि, आफूले नियन्त्रण गर्न नसकेको शक्तिमाथि चालकलाई गर्व थियो । कुनै मानिसको औंलाले तातो माटोको डल्ला नफोडीकन तथा कसैको औंलाबाट माटो नचालीकन बाली उमारेर काटेको थियो । कुनै मानिसले न बीउ नै छुनुपर्‍यो न उमार्न उत्कट इच्छा नै गर्नु पर्‍यो । आफूले नउठाएको अन्नबाट बनेको रोटीसँग कुनै सम्बन्ध नराखीकन मानिसहरू रोटी खान थाले । फलामको सहारालै जमीनमा अन्न फल्न थाल्यो र फलामैको कारणले जमीन क्रमश : नष्ट भएर गयो । किनभने जमीनलाई न मन पराइएको थियो न हेर्ला नै गरिएको थियो र जमीनको निम्ति न प्रार्थना नै गरियो न कसैले कोसे नै ।

मध्याह्नमा ट्र्याक्टर-चालक कहिलेकाहीँ मोहीको घरनिर थामिएर खाना खान्थ्यो जसमा मैन कागजले बेरेका सैन्डबीचहरू, सेतो रोटी, अचार, चीज, स्पैम, इन्जीनको एउटा पुर्जा जस्तै छाप भएको समोसाको एक टुक्रा हुन्थ्यो ऊ स्वादै नलीकन खान्थ्यो । अझसम्म आफ्नो बास छोडेर नगएका मोहीहरू उसलाई हेर्न आउँथे र

उसले लगाइराखेको कालो चश्मा र धूलो तपस्ने रवडको नकाब छोडेपछि उसको आँखा वरिपरि देखापरेका सेता चक्काहरू तथा नाक र मुखको चारैतिर देखिएको एउटा ठूलो सेतो चक्कामा उनीहरू उत्सुकतापूर्वक हेरिरहन्थे । ट्र्याक्टरको डिजल खेर गइरहेको हुन्थ्यो । किनभने त्यो ज्यादै सस्तो थियो, यसकारण अर्को नयाँ गति संचालन गर्नको निम्ति डिजलको नल तान्न दिनुभन्दा इन्जीनलाई त्यसै चलाइराख्नु वढी किफायत पर्ने हुन्थ्यो । झुम्रा लगाएका उत्सुक केटाकेटीहरू नजीकै झुम्मिइन आउँथे । उनीहरू भुटेको पीठोको डल्ला खाइरहेका र उसलाई हेरिरहेका हुन्थे । बेरिएका सैन्डवीचहरू फुकाउँदा उनीहरूका भोकाएका आँखा त्यसमा पर्दथे र उनीहरूका क्षुधातुर नाकले अचार, चीज र स्पैमको सुगन्ध सुँघिरहन्थे । चालकसँग केही नवोलीकन उनीहरू खानेकुरो मुखमा हालिरहेको उसको हात हेरिरहन्थे । उनीहरूले खानेकुरो चपाएको हेरेतन् तर उनीहरूका आँखा त्यसको हातमा परिरहन्थे जसमा सैन्डवीच थियो । एकछिनपछि त्यस ठाउँलाई छोड्न नसक्ने मोही बाहिर निस्केर ट्र्याक्टरको छेउमा छायाँ परेको ठाउँमा पलेंटी कसेर बसिरह्यो ।

'तिमी ज्यो डेविसका छोरा हौ ?'

चालकले जवाब दियो, 'अवश्य हो ।'

'अँ, आफ्नै मानिसहरूको विरोधमा तिमीले यस्तो काम किन गरेका ?'

'दिनको तीन डलर पाउँछु म । खान नपाएर त्यसको निम्ति कति दुःख पाएर हिंड्नु पर्‍यो । आफ्ना पनि त स्वास्नी र केटाकेटीहरू छन् । हामीहरूले पेट भर्नुछ । दिनको तीन डलर र त्यो पनि दिनैपिच्छे पाउँछु ।'

मोहीले भन्यो, 'त्यो त ठीकै छ । तर तिमीले तीन डलर पाएर पन्ध्र-बीस परिवार बिलकुल खान नपाउने भएका छन् । तिम्रो दिनको तीन डलरको आर्जनले गर्दा प्राय : सय जना मानिस आ-आफ्नो घरबाट निस्केर सडकहरूमा वेकार भई लन्ठिइरहनु परेको छ । त्यो ठीक भयो त ?'

चालकले भन्यो : त्यसबारे म विचार गर्न सक्तिनँ । मेरै केटाकेटीहरूबारे विचार गर्दा मलाई फुर्सत छैन । दिनको तीन डलर प्रतिदिन पाउँछु म । महाशय,

समय बदलिरहेछ, थाहा छैन ? दुई, चार, दस हजार एकड जमीन र एउटा ट्र्याक्टर नभईकन जमीन जोतेर निर्वाह गर्न सकिन्न अब । हामी जस्ता साना-तिना मानिस-हरूको निम्ति अब जमीनबाट बाली पाउने समय छैन । तिमीहरूले जतिसुकै कराएर विरोध गरेता पनि केही लाग्दैन किनभने तिमीहरू न त फोर्डले जस्तो मोटर बनाउन सक्छौ न तिमीहरू कुनै टेलिफोन कम्पनी नै हौ । अँ, बालीको हालत अब यस्तो छ । यसमा केही गरे पनि हुँदैन । कहीँ गएर तिमीले पनि दिनको तीन डलर पाउने कोशिश गर । त्यही मात्र बाटो छ ।'

मोहीले विचार गऱ्यो । 'गजब छ बा ! के भएको होला यो । एउटा मानिसको केही जमीन छ भने त्यो उसैको हुन्छ, उसैको एक हिस्सा हुन्छ । त्यो जमीनको मालिक छ भने त्यो त्यसमा हिंडन सक्छ र त्यसमा काम गर्न सक्छ तथा त्यसबाट राम्रो उत्पादन भएन भने त्यसलाई खेद हुन्छ र त्यसमा पानी परिदियो भने खुशी हुन्छ । त्यसबाट उठेको बाली उसैको हुन्छ र त्यो जमीन भएकोले आफूलाई ठूलो ठान्छ । यस्तै छ ।'

र मोही अझ विचार गर्दै गयो । 'तर एउटा मानिस यस्तो जमीनको मालिक छ जसको हेरविचार ऊ गर्न सक्तैन अथवा जसमा आफूले काम गर्न सक्तैन या जसमा आफू हिंड्न सक्तैन–त्यस हालतमा जमीन नै त्यो मानिस हुन्छ । आफूले चाहेको जस्तो त्यसले गर्न सक्तैन, न आफूले चाहे जस्तै त्यसले विचार गर्न सक्छ । त्यो जमीन नै आफूभन्दा बलियो मानिस हुन्छ । अनि आफूलाई ठूलो नठानीकन सानो ठान्छ । उसको निम्ति आफ्नो जमीन मात्र ठूलो हुन्छ र आफू जमीनको दास हुन्छ । यस्तो पनि हुन्छ ।'

त्यस चालकले छाप लागेको समोसा चपाईकन त्यसमाथिको सारो भाग फालि-दियो । 'समय बदलिसकेको छ, थाहा छैन ? त्यसरी विचार गरे केटाकेटीहरूले खान पाउँदैनन् । दिनको तीन डलर कमाएर केटाकेटीहरूलाई खवाऊ । आफ्नै केटा-केटीहरू बाहेक अरू कसैका केटाकेटीहरूबारे चिन्ता गर्नु बेकार छ । तिमी अघि भने-जस्तै कुरा गर्छौ भने तिमीले ख्याति प्राप्त गर्छौ तर दिनको तीन डलर भनें कहिले पनि पाउने छैनौ । ठूलठूला जमीनबाट आफ्नो तीन डलरबाहेक अरू कुनै कुराको चिन्ता गर्छौ भने त्यति पनि पाउँदैनौ ।'

'तिम्रो तीन डलरले गर्दा प्रायः सय जना मानिसहरू बेरोजगार भए । हामीहरू

कहाँ जाने ?'

चालकले भन्यो । मलाई संझना भएर आउँछ । तिमीले चाँडै बाहिर निस्कनु पन्यो । यति खाइसकेपछि म छिटै तिम्रो आँगनबाट जाँदैछु ।'

'आज बेहान तिमीले इनार पुन्यौ ।'

'मलाई थाहा छ । मलाई सोझै दिशा बनाउनु थियो । अँ, वृद्ध, तिमी त्यो डेविसलाई चिन्दछौ । म भनुँला । जुन ठाउँ परिवारले छोडेर गएको छैन त्यस ठाउँमा ट्र्याक्टर लगी घरको ज्यादै नजीक गएर अलिकति घर भत्काइदिने आज्ञा पाएको छु । त्यस वापत मैले दुइ डलर पाउन सक्छु । मेरो सबभन्दा सानो बच्चाको अझसम्म जुत्तै छैन ।'

'मैले आफ्नै हातले त्यो घर बनाएको थिएँ । त्यसमा प्लास्टर गर्नाको निम्ति पुराना कीलाहरू सोझ्याएको थिएँ । दलीनहरूमा तार लगाइएको थियो । त्यो घर मेरो हो, मैले नै बनाएको । तिमीले त्यो घर भत्काउने बेला म बन्दूक लिएर झ्यालमा बसिरहने छु । तिमी नजीक आएपछि तिमीलाई खरायो हाने जस्तै हानुँला ।'

'त्यसो गर्ने म होइन । म त केही पनि गर्न सक्तिनँ । त्यसो गरिन भने मेरो जागिर हिँड्छ । हेर– तिमीले मलाई मार्‍यौ रे । त्यसपछि तिमी रूखमा फलेछौ । तर तिमीलाई झुन्ड्याइसकेपछि अर्को ट्र्याक्टर चालक आउने छ र त्यसले तिम्रो घर भत्काउने छ । त्यसैले तिमीले ठीक मानिसलाई मार्न लागेका छैनौ ।'

मोहीले भन्यो । 'त्यो त हो । तिमीलाई आज्ञा दिने को हो ? म त्यसको पछि लागुँला । त्यसैलाई मारुँ पर्छ ।'

'तिमी गलत छौ । त्यसले त बैंकबाट आज्ञा पाएको । बैंकले उसलाई भन्यो । "ती मानिसहरूलाई त्यहाँबाट धपाइदेऊ । यो तिम्रो काम हो ।"'

'अँ, बैंकको अध्यक्ष र निर्देशक-मण्डल छ । मेरो राइफलमा गोली भरेर म बैंक जानेछु ।'

चालकले भन्यो– 'त्यो मानिसले मलाई भनेको थियो कि बैंकले पूर्वबाट आज्ञा

पाएको थियो । आज्ञा यही थियो : "जमीनबाट नाफा उठाऊ नत्र तिमी थुनिइनै छौ ।" '

'तर यो लहरो कहाँ गएर टुंगिन्छ ? हामीले कसलाई गोली हान्ने ? मलाई भोकै मार्न चाहने मानिसलाई मार्नुअघि म भोकै मरेर जान चाहन्न ।'

'मलाई थाहा छैन । हुनसक्छ कसैलाई पनि हान्न नपर्ने होला । मानिसहरू बिलकुल यो दोषबाट अलग रहेका हुन सक्छन् । तिमीले भनेजस्तै जमीनले नै यस्तो गर्न लागेको हुनसक्छ । जे होस्, मैले तिमीलाई मेरो आज्ञाबारे भनें ।'

मोहीले भन्यो- 'मैले विचार गर्नु पन्यो; हामीहरू सबैले विचार गर्नु पन्यो । यो काम रोक्ने कुनै उपाय निकाल्नु पन्यो । यो चटयांग र भूकम्प जस्तै होइन । मानिसहरूले बनाएका नराम्रा कुरा र ईश्वरले बनाएका केही कुरा यस्ता छन् जसमा हामी हेरफेर गर्न सक्छौं ।' मोही आफ्नो घरको ढोकामा बसिरह्यो र चालकले आफ्नो इन्जीन ठूलो आवाजले चलाएर लग्यो । इन्जीनको चालले बाटो भासिँदै-बांगिँदै गयो; हचारोले जमीन सम्म पार्दै गयो र बीउ छर्ने यन्त्रको थुतुनो जमीनभित्र घुसार्दै बीउ छर्दै गयो । आँगनलाई पार गर्दा ट्र्याक्टरले काट्दै गयो र पैतालाले कुल्चिई सारो भएको जमीन बीउ छर्न हुने खेतमा परिणत भयो र ट्र्याक्टरले फेरि काटेर लग्यो । नकाटेको जग्गा दस फीट चौडा थियो । र फेरि ट्र्याक्टर फर्केर आयो । फलामको ढालजस्तो पाताले घरको एक कुनामा त्यसले ठक्कर दियो जसबाट भित्ता भत्कन थाल्यो र त्यो सानो घरलाई जगैदेखि भत्काएर एकातिर लडाइदियो । कीरा थिचिए जस्तै घर किचिमिची भयो । चालकले काले चश्मा लिएको थियो तथा नाक र मुख रबडको नकाबले छोपेको थियो । ट्र्याक्टरले सोझै रेखा खिचे जस्तै गरी काटेर लग्यो । त्यसको ठूलो आवाजले हावा र जमीन थर्क्यो । त्यो मोही हातमा राइफल लिएर ट्र्याक्टरतिर क्वार्क्वार्ति हेरिरह्यो । उसको छेउमा स्वास्नी र पछाडि शान्त केटाकेटीहरू थिए । र उनीहरू सबैले ट्र्याक्टरलाई घुरेर हेरिरहे ।

छैटौं अध्याय

पूज्य केसी र युवक टाम पहाडमा उभिई तल जोड़को घर भएको ठाउँमा हेर्न थाले । त्यो सानो रंग-रोगन नगरेको घरको एक कुना ठक्करले भत्किएको थियो र सिंगै घर जगदेखि उचालिएर एक कोण बनीकन थ्याच्च परेको थियो । त्यसको सामुन्नेका बन्द झ्यालहरूले क्षितिजमाथि आकाशको एक स्थानमा औंल्याइ-रहेका जस्तो देखिन्थ्यो । बारेको बार पनि बिग्रिसकेको थियो । आँगन र घरको वरिपरि उम्रिरहेको कपास गोठनिरको अश्वशालाको छेउमा थियो । गोठको छेउमा पाइखान थियो र त्यसैको नजीक कपास उम्रिराखेको थियो । केटाकेटीहरूको नांगा पैताला र घोडाहरूको खुरको कुल्चाइले तथा चाक्लो बग्गीका पांग्राहरू गुडेकाले सारो मैसकेको आँगन फाँडेर गाढा हरियो धूलै धूलोले भरिएका कपासका बिरुवाहरू उम्रिरहेका थिए । युवक टामले घोडाको शुष्क नादको बगलमा उम्रीकन छिया-छिया परेका सरपतमा तथा पंप जडेको कंक्रीटको भुइँमा निकै बेर घुरेर हेरिरह्यो । अन्तमा उसको मुखबाट 'जीजस' शब्द निस्क्यो । 'छेराउटी आएको होला यहाँ । कोही पनि रहेनछ ।' अन्तमा केसीलाई पछि-पछि लगाएर त्यो छिटो-छिटो पहाड-बाट तलतिर झर्न लाग्यो । त्यसले सुनसान अश्वशालाको गोठमा, भुइँमा पडिरहेको एउटा परालमा तथा कुनामा भएको खच्चडको तबेलामा अवलोकन गर्न थाल्यो । भित्रतिर अवलोकन गरिसकेपछि त्यसले भुइँमा छिटो-छिटो घस्रे र गएको आवाज सुन्यो र परालमुनि साना-साना मूसाको एक परिवार बिलाएर गयो । जोडले अडिएर औंजार राख्ने झोपडीको ढोकामा हेर्‍यो । तर त्यहाँ कुनै औंजार थिएन । थियो त एउटा टुटे-फुटेको हलोको एक टुक्रा कुनामा त्यसै पडिरहेको; अल्झेको एउटा परालको डोरी; गाई-गोरुलाई खवाउने भाँडाको एउटा फलामे पांग्रा, मूसाले खाएको खच्चडको एउटा पट्टा, धूलो र तेलको लेदो जमेको चेप्टो एक ग्यालन अटाउने तेलको भाँडो, र एउटा कीलामा झुण्डयाइएको फाटेको एक जोडा ओवरअल्स् ।

जोडले भन्यो । 'केही पनि बाँकी छैन । हामीकहाँ निकै राम्रा औजारहरू थिए । तो एउटै पनि बाँकी रहेनछन् ।

केसीले भन्यो : 'म अझसम्म पादरी नै भएको भए ईश्वरको पाखुराले धक्का दिएको भन्ने थिएँ ।तर आफू परदेश लागेकोले यो भएको भनी भन्न असमर्थ छु ।मैले केही सुनिनँ ।' उनीहरू कपासको बिरुवाहरूको बीचबाट हुँदै कंक्रीटको पंप-इनारतिर लागे । कपासका बिरुवाहरूमा बीजकोष बनिरहेका थिए तथा जमीन आबाद गरिएको थियो ।

जोडले भन्यो, 'हामीहरूले यहाँ कहिले पनि बिरुवा लगाएका थिएनौं । यो ठाउँ हामीहरूले जहिले पनि खुला राखेका थियौं । अब तबेला भित्र-बाहिर हामीहरूले घोडा पाउन सक्तैनौं ।' उनीहरूले पानी राख्ने शुष्क नादनिर अडेर हेरेपछि त्यसको तलतिर उम्रिरहनु पर्ने घाँसहरू मात्र पाएका होइनन् अपितु नादको पुरानो बाक्लो काठ सुकेर चर्किराखेको पनि पाए । पंपको इनारमा लगाएको ढिम्री खुम्केको थियो । त्यसका तार खिया परेका र पेचहरू पनि हराएका थिए । जोडले इनारको नलीमा हेरी फलामको डण्डीको टुप्पो त्यसमा घुसारी सुन्न थाल्यो । त्यसले इनारमा एक टुक्रा माटो खसालेर सुन्यो । त्यसले भन्यो । 'यो इनार असल हो । मैले पानीको आवाज सुनिनँ ।' ऊ घर जान अनिच्छुक भएको जस्तो बुझिन्थ्यो । त्यसले माटाका टुक्रा एक पछि अर्को गरी खसाल्दै गयो । त्यसले भन्यो । 'यो मरेको हुन सक्छ । कसैले यस्तो भनेको थियो । मलाई त्यो कुरा याद छ ।'

'तिमीलाई सूचना दिनको लागि उनीहरूले घरमा चिट्ठी या अरू कुनै कुरा छोडेर गएको हुन सक्छ । तिमी बाहिर निस्केको उनीहरूलाई थाहा थियो ?'

जोडले भन्यो । 'मलाई थाहा छैन । अँहँ, उनीहरूले थाहा पाए जस्तो मलाई लाग्दैन । मैले त एक साताअघि मात्र थाहा पाएँ ।'

'घरभित्र हेर्न जाऔं । त्यसलाई धक्का दिएर त्यसको आकार विकृत पारिसकेको छ । त्यसमा केही चीजले ठक्कर दिएको छ ।' भासिँदै गइरहेको घरतिर उनीहरू बिस्तारै गए । अगाडिपट्टिका दुइटा लट्ठाहरू खुस्केका थिए जसले गर्दा एक छेउको छाना खसिराखेको थियो । र घरको कुना भत्केको थियो । छरिएका काठहरू-बीचको प्वालबाट कुनाको कोठा देखिइन्थ्यो । भित्तपट्टि अघिल्तिरको ढोका खुलेर

एकातिर झुन्डिएको थियो र अगाडिको ढोकापारि एउटा होचो बलियो झ्याल बाहिर-पट्टि छालाका कब्जाहरूमा झुन्डिइरहेको थियो ।

जोड बाह्र बाह्र फीटको काठ राखेको खुडकिलामा पुगेर अड्यो । त्यसले भन्यो, 'यहाँनिर ढोकामा पस्ने खुडकिलाहरू थिए तर अहिले छैनन्– या आमा मरि-सकेकी छन् ।' त्यसले सामुन्नेको ढोकापारिपट्टिको होचो झ्यालतिर औंल्याएर भन्यो । 'आमा यताउति कहीँ भएकी भए त्यो झ्याल बन्द गरेर छेस्किनी लाइदिने थिइन् । उनले सधैं गर्ने एउटा काम यही थियो । हेर त्यो झ्याल बन्द नै छ ।' उसको आँखा न्यानो भएर आयो । त्यसले भन्यो । 'एक समयको कुरा हो, जैकाबसको घरभित्र सुँगुर पसेर बच्चालाई खाइरहेको थियो । त्यस बेला मिल्ली जैकाबस खलोमा थिइन् । तिनी घरभित्र पस्दा सुँगुरले बच्चा खाइरहेकै थियो । श्रीमती जैकाबस चिच्च्याएर बाहिर गइन् । तिनले यो कुरा कहिल्यै बिर्सिनन् । त्यस बेलादेखि उनको मुखमा विषादको चिह्न देखा पर्न थाल्यो । तर आमाले त्यसबाट एउटा शिक्षा लिइन् । आमाले आफू घरमा नहुँदा त्यो सुँगुरको खोरको ढोका कहिले पनि खोल्दिनथिन् । त्यो कुरा तिनले कहिल्यै बिर्सिनन् । उनीहरू सब गए या मरे ।' त्यसले चर्केको पिँढीमाथि चढेर भान्साभित्र हेऱ्यो । झ्यालहरू भाँच्चिएका थिए तथा फालिएका ढुंगाहरू भुइँमा त्यसै पडिरहेका थिए । भुइँ र भित्ताहरू ढोकादेखि टाढै भासिएर गएका थिए । तख्ताहरूमा मिहीन धूलो जमेको थियो । जोडले ढुंगाहरू र फुटेका काँचतिर औंल्याएर भन्यो, 'केटाकेटीहरू एउटा झ्याल फोर्नलाई बीस माइलसम्म हिंडेर जान्छन् । मैले आफैं पनि यस्तो गरेको छु । घर खालि छ भन्ने कुरा उनीहरूलाई थाहा छ । मानिसहरूले घर छोडेर जाँदा सबभन्दा पहिले केटाकेटीहरू त्यही काम गर्छन् ।' भान्साघरमा कुनै फर्निचर थिएन । चूल्हो थिएन र भित्तामा भएको चूल्होको पाइप घुसार्ने प्वालबाट प्रकाश छिरेर आइरहेको थियो । रछान नजीकको तख्तामा बियरको बट्टा खोल्ने पुरानो औजार र काठको हैन्डल नभएको एउटा भाँच्चिएको काँटा थियो । जोड होशियारीसाथ कोठाभित्र सुत्त पसेपछि उसको बोझले भुइँबाट कन्याक-कन्याक आवाज निस्क्यो । फिलाडेल्फियाबाट ल्याएको एउटा पुरानो बहीखाता भित्तानिर भुइँमा त्यसै पडिरहेको थियो । यसका पानाहरू पहलिएर घुँघरिएका थिए । जोडले सुत्ने कोठाभित्र हेऱ्यो तर त्यहाँ न ओछ्यान, न कुर्सीहरू न त अरू नै चीज थिए । भित्तामा रंगीन आदिनिवासी लडकीको एउटा तसवीर थियो जसमा रेड विंगको लेबिल लगाएको थियो । भित्तामा अड्याइराखेको एउटा पातलो काठको चिरपट तथा माथि-सम्म फित्ता बाँध्नु पर्ने एक जोर जनाना जुत्ता कुनामा थियो । त्यस जुत्ताको मुखको माथिल्लो भाग फुक्क उठेर च्यातिएको थियो । जोडले त्यसलाई टिपेर हेऱ्यो ।

त्यसले भन्यो, 'म संझन्छु यो जुत्ता आमाको हो । यो अहिले खिइएर झुत्रो भइसकेको छ । आमा यो मन पराउँथिन् र वर्षौं सम्म उनले यो लगाएकी थिइन् । सबै चीज लिएर उनीहरू गइसके ।'

सूर्य अस्ताचलतिर लागिसके । अहिले कोण बनेर अडेका झ्यालहरूको कुनाको बीचबाट घाम छिरेर फुटेका ऐनाका किनाराहरूबाट झल्मलिरहेको थियो । अन्तमा जोड फर्कीकन दलान पार गरेर गयो । त्यसले दलानको छेउमा बसेर आफ्ना नांगा पैंतालाहरू बाह्र-बाह्र खुडकिलैपिच्छे अडायो । संध्याको प्रकाश खेतमा परेर कपासका बिरुवाहरूले जमीनमा लामा-लामा छायाँ फ्याँकेका थिए । सरपतको बोटबाट एउटा लामो छायाँ निस्केको थियो ।

केसीले जोडको छेउमा बसेर सोध्यो । 'उनीहरूले तिमीलाई कहिले पनि केही लेखेनन् ?'

'अँहँ, मैले अघि भने जस्तै उनीहरू लेख्ने मानिस होइनन् । बा लेख्न सकेता पनि लेख्नुहुन्न र लेख्न मन पनि पराउनुहुन्न । बाले लेख्ता हात काम्छ । अरूले जस्तै उहाँले क्याटलाग अडरको काम राम्ररी गर्न सक्नुहुन्थ्यो । तर आफन्तहरूलाई उहाँ चिट्ठी लेख्नुहुन्न ।' टाढा क्षितिजतिर घुरेर उनीहरू अगल-बगलमा बसे । जोडले बेरेको कोट आफ्नो नजीक दलानमा राख्यो । उसको स्वतन्त्र हातले चुरोट बेरेर नरम पाऱ्यो अनि त्यसलाई सल्काएर जोरसँग सर्को तानी नाकबाट धूवाँ निकाल्यो । त्यसले भन्यो, 'केही गडबड भएछ । यो घरमा मैले केही गर्न सकिनँ । यहाँ जरूर केही गडबड भएको होला भन्ने कुरा जान्ने मेरो उत्कट इच्छा छ । यो जबरजस्ती भत्काइ-एकोले मेरा मानिसहरू यहाँबाट गएको हुनुपर्छ ।'

केसीले भन्यो । 'ठीक त्यहाँनिर एउटा खाल्टो थियो जहाँ मैले ईसाई बनाएको थिएँ । तिमी नीच थिएनौ तर खरो थियौ । त्यसैले तिमी बुलडग कुकुरले जस्तै त्यस सानो लडकीको चुल्ठो समातेर हिँडेका । हामीले तिमीहरू दुवैलाई होली गोस्टको नाउँमा ईसाई बनायौं । तैपनि तिमीले उसको चुल्ठो समात्न छोडेनौ । वृद्ध टामले भन्यो, "उसलाई पानीमा डुबाईकन पवित्र गर ।" मैले तिम्रो टाउको पानीमा घुसारिदिएँ । पानी बुदबुदाएपछि तिमीले उनको चुल्ठो छोड्यौ । त्यसैले तिमी नीच थिएनौ तर अशिष्ट भने जरूर थियौ । कहिलेकाहीँ एउटा लट्ठक केटो पनि धार्मिक भावनाले प्रेरित भइर हुर्कन्छ ।'

तबेलाबाट एउटा दुब्लो खैरो बिरालो सुटुक्क निस्केर कपासको बिरुवाबाट पिँढीको छेउमा लुसुक्क आयो । बिस्तारै दलानमाथि उफ्रेर त्यो पेटको बलले घस्रिई मानिसहरू भएको ठाउँतिर आयो । ती दुइ जनाको बीच पछिल्तिर आएर त्यो बिरालो बस्यो । त्यसको पुच्छर भुइँमा चेप्टो परेर सोझै फैलियो र त्यसको टुप्पो चलिनै रह्यो । बिरालो थचक्क बसेर उनीहरूले जतातिर हेरिरहे उतैतिर हेर्न थाल्यो ।

जोडले चारैतिर हेरेपछि बिरालो देखेर भन्यो, 'हे भगवान् ! हेर यहाँ को बसिराखेको रहेछ ।' त्यसले हात पसाऱ्यो तर बिरालो नभेटिने गरीकन उफ्रेर गयो । एक ठाउँमा बसेर त्यो एउटा पंजा उठाएर चाटिरह्यो । जोडले आश्चर्य मानीकन त्यसलाई हेरेर भन्यो । 'कुरा मैले बुझें । यहाँ के गोलमाल भएको रहेछ म बुझुँ भन्ने बिरालो चाहन्छ ।'

केसीले भन्यो । 'यहाँ भद्रगोल भएको जस्तो मलाई लाग्छ ।'

'अँहँ, यस ठाउँमा अझ बढी केही भएको छ । यो बिरालो रान्सेस जस्ता छिमेकीहरूकहाँ किन नगएको ? कस्सो कोही आएर यहाँका ठूलठूला काठ झिकेर लगेन ? तीन चार महीनादेखि यहाँ कोही पनि छैन । यसैले काठ-पात चोरेर नलगेको । तबेला र घरमा राम्रा-राम्रा तथा असल खालका फल्याकहरूको साथ साथै झ्यालका चौकोसहरू पनि छन् । तर कसैले पनि ती चीजहरू उठाएर लगेन । त्यो राम्रो कुरा होइन । यसमा मलाई चिन्ता लागिरहेछ । मैले यो राम्रोसँग बुझ्न सकिनँ ।'

'अँ, तिम्रो निम्ति के बुझ्ने कुरा छ र ?' केसी तल पुगेपछि मूसाहरू भागे । त्यसले आफ्ना लामा लामा खुट्टाका औंलाहरू खुम्च्यायो ।

'मलाई थाहा छैन । तर यस्तो लाग्छ कि यहाँ कोही छिमेकीहरू छैनन् । उनीहरू भएका भए यी सबै राम्रा-राम्रा तख्ताहरू यहाँ बाँकी रहन्थे त ? किन, जीजसको किरिया खाएर भन्छु ! अलबर्ट रान्सले एक साल क्रिस्टमसको दिन आफ्नो परिवार, केटाकेटीहरू तथा कुखुराहरू सबै ओक्लाहामा शहर लग्यो । उनीहरू अलबर्टको काकाको छोरासँग भेट गर्न जाँदै थिए । अँ, अलबर्ट केही नभनीकन गयो भनेर यहाँ मानिसहरूले बिचार गरे । त्यसको ऋण थियो होला या कुनै आइमाईसित

कारबार थियो होला । एक हप्तामा अलबर्ट फर्केर आएपछि उसको घरमा एक थोक पनि बाँकी रहेन । चूल्हो लग्यो, ओछ्यानहरू लगिए, झ्यालका चौकोसहरू गए, घरको दक्षिणपट्टि राखेको आठ फीट लामो तख्ता गयो । तिमी यो कुरा विचार गर्न सक्छौ । म्युले ग्रेवसले ढोकाहरू र इनारको पंप लिएर जाँदा त्यो गाडीमा बसेर घर फर्क्यो । हराएका सामानहरू फर्काउन अलबर्टले छिमेकीहरूकहाँ यताउति दुइ-चार हप्तासम्म भौंतारिनु पऱ्यो ।

केसीले आफ्नो खुट्टाका औंलाहरू मजासँग कन्याएर भन्यो, 'कसैले खिचलो गरेनन् ? उनीहरू सबैले सामान फर्काए त ?'

'अवश्य फर्काए । उनीहरूले त्यो चोरेका होइनन् । त्यसले छोडेर गएकोले लिएर गएका भन्ठाने उनीहरूले । त्यसले सोफाको तकिया, मखमलले मोरेको तसवीर बाहेक अरू सबै फर्काइदियो । उसको बाज्येले ल्याएको त्यो तसवीर अलबर्टले मन पराएको थियो । अलबर्ट भन्थ्यो, उसको बाज्ये जहाँ गए पनि त्यो तसवीर आफ्नो साथमा लैजान्थे । र उसलाई कहिले पनि दिंदैनथे । बाज्ये भन्थे, "अलबर्टलाई त्यो तकिया अत्यावश्यक भए त्यसले त्यो लिन जावस् । तर गोली थाप्न सक्ने गरीकन आउनु पर्छ । किनभने मेरो तकिया हिनामिना गर्न आयो भने उसको टाउको फोरि-दिन्छु ।" यसैले अन्तमा अलबर्टले त्यो तकियाको माया मारेर त्यसलाई बाज्येलाई उपहारस्वरूप दियो । यसबाट बाज्येलाई कुखुराको प्वाँख जम्मा गर्ने विचार आयो र उनले केही प्वाँख जम्मा गरे । उनले प्वाँखको सिगै ओछ्यान बनाउने कुरा भने । तर उनले त्यस्तो ओछ्यान कहिले पनि बनाउन पाएनन् । एकताक घरमा एउटा नीच मानिससँग रिसाएर बाले उसलाई एउटा फल्याकले बेस्मारी ठटाए । र आमाले बाज्येले जम्मा गरेको जम्मै प्वाँख जलाई दिइन् । यसरी हामीहरू घरमा बस्न सक्यौं ।' त्यसले खित्का छोडी हाँस्दै भन्यो, "मेरा बाज्ये निमट्ठिएका वृद्ध राँडा-छोरा त्यस तकियामा पल्टिई भन्छन्: अलबर्ट बज्जिए तकिया लिन त आओस् अनि मैले जानेको छ ।" '

त्यो बिरालो ती दुइ जनाको नजीकै बीचमा फेरि घस्रेर आयो । आफ्नो पुच्छर जमीनमा लतारेर जुंगा बराबर चलाइ नै रह्यो । सूर्य क्षितिजतिर ओर्लंदै थिए र धूले हावा रातो र सुनौला रंगले रंगिएको थियो । त्यो बिरालोले एउटा प्रश्नसूचक खैरो पंजा फैलाएर जोड्को कोटमा स्पर्श गऱ्यो । त्यसले वरिपरि हेरेर भन्यो,

'घत्तैरी, मैले कछुवा त भुसुक्कै बिसिराखेको । अब म यसलाई बेरिराख्ने छैन ।' उसले त्यो कछुवालाई फुक्का गरी घरभित्र हुलिदियो । तर त्यो एकै छिनमा बाहिर निस्केर पहिले जस्तै दक्षिण-पश्चिमतिर लाग्यो । बिरालोले त्यसमाथि झंटेर त्यसको बाहिर निस्किरहेको टाउको र चलिरहेका खुट्टामा हान्न थाल्यो । वृद्ध कछुवाले सारो टाउको भित्र खिचेर आफ्नो बाक्लो पुच्छर कडा आवरणभित्र झटपट घुसाऱ्यो । त्यसको टाउको र खुट्टा निस्किएलान् भन्ने आशाले पखिरहेको बिरालोलाई थकाइ लागेर त्यहाँबाट हिँड्यो । त्यसपछि कछुवा फेरि दक्षिण-पश्चिमतिर लाग्यो ।

कछुवा दक्षिण-पश्चिमतिर आफ्नो बोझामाथि उठेको आवरणलाई घिसार्दै तथा खुट्टाहरू चाल्दै गइरहेको युवक टाम जोड र पादरीले हेरिरहे । बिरालोले एकछिन बिस्तारै पछ्यायो तर दस-बाह्र गज जति गइसकेपछि त्यसले आफ्नो पीठ्यूँलाई बलियो र कडा धनुष जस्तै बंगाएर हाई गऱ्यो र बसिरहने मानिसहरू-तिर फेरि सुटुक्क फर्केर आयो ।

जोडले भन्यो, 'त्यो मोरा कछुवा कहाँ जाँदै छ भन्ठानेको तिमीले ? मैले कछुवाहरूलाई सधैं कतै गइरहेको देखेको छु । उनीहरू जहिले पनि त्यहाँ पुग्न चाहे जस्तै देखिन्छन् ।' त्यो खैरो बिरालो फेरि उनीहरूको पछाडि बीचमा बस्न आयो । त्यसले बिस्तारै-बिस्तारै आँखा झिमझिम गऱ्यो । उपियाँले टोकेर त्यसको कुमको छाला अघिल्तिर सरीकन फेरि पछि सरेर गयो । बिरालोले आफ्नो पंजा उचालेर उपियाँ छन् कि भनेर हेर्न नङहरू निकालेर कन्याएपछि आफ्नो गुलाबी रंगको जिब्रोले पंजा चाट्यो । रक्तरंजित सूर्यले क्षितिज स्पर्श गरेपछि थलथले माछा जस्तै फैलियो र त्यस माथिको आकाश पहिलेभन्दा धेरै सजीव र उज्यालो देखियो । जोडले कोटमा बेरिराखेको आफ्नो नयाँ पहेंलो जुत्ता झिकेर लगाउनुअगाडि धूलो लागेको आफ्नो पैताला हातले पुछ्यो ।

खेतहरूको पारितिर घुरेर हेरिरहने पादरीले भन्यो, 'कपासका बिरुवाहरू फाँड्दै को आइरहेछ, हेर ।'

केसीले औंल्याएर देखाएको ठाउँमा हेरेर जोडले भन्यो । 'पैतालाले धूलो उडाउँदै आएकोले उसलाई देख्न सकिनँ । को मोरो आइरहेछ ?' साँझको प्रकाशमा आइरहेको मूर्तिलाई उनीहरूले हेरिरहे । त्यसले उडाएको धूलो घाम अस्ताउन लागे-को हुँदा रातो भएको थियो । तबेला नाघेर जब त्यो मानिस झम् झम् नजीक आयो

जोडले भन्यो, 'किन, म उसलाई चिन्दछु । तिमी उसलाई चिन्दछौ ? त्यो म्युले प्रेत्रस हो ।' अनि त्यसले बोलायो, 'ए,म्युले । तिमीलाई संचै छ ?'

बोलाएको आवाजले त्यो नजीक आइरहने मानिस झस्केर टक्क अडियो अनि ऊ छिटो-छिटो आउन थाल्यो । त्यो दुब्लो, पातलो र पुड्को थियो । ऊ झट्का दिंदै द्रुत गतिले आइरहेको थियो । उसले हातमा एउटा भांग्राको बोरा लिएको थियो । उसको नीलो जीनको सुरुवालको घुँडा र नितम्बनिरको कपडा खुइलिएर मलिन भएको थियो । उसले एउटा पुरानो दाग परेको कालो कोट लाएको थियो । त्यसको बाहुला, कुम र पीठयूँ खुकुलो थियो तथा कुहिनो झुत्रो भएर प्वाल-प्वाल परेको थियो । उसको कालो टोपमा कोटको जस्तै दाग परेको थियो । र टोपको आधा च्यातिएको पट्टा ऊ हिंडडुल गर्दा तलमाथि उठ्ने गर्थ्यो । म्युलेको अनुहार सलक्क परेको थियो र त्यसको गालामा चाउरी परेको थिएन तर त्यसमा बदमाश केटाको मुखमा जस्तै क्रूरता भने झल्केको थियो । उसको सानो मुख बन्द थियो तथा साना-साना आँखाबाट चिडचिडापनको साथसाथै अनिष्ट भाव झल्कन्थ्यो ।

जोडले पादरीसित सानो स्वरमा भन्यो, 'तिमी म्युलेलाई संझन्छौ ।'

त्यो आइरहने मानिसले कराएर भन्यो, 'त्यो को हो ?' जोडले उत्तर दिएन । म्युले त्यो मानिसलाई चिन्नुभन्दा पहिले नै झन् नजीक आएर भन्यो, 'अँ, म कस्तो भएको हुँला । यो टामी जोड हो । टामी तिमी कहिले बाहिर निस्क्यौ ?'

जोडले भन्यो, 'दुइ दिन भयो । गाडीबाट घर आउँदा अलि समय लाग्यो । यहाँ के भएको होला । म्युले, मेरा मानिसहरू कहाँ गए ? घर किन भत्काएको र आँगनमा कपासका बिरुवा किन लगाएको ?'

म्युलेले भन्यो, 'ईश्वरको किरिया खाएर भन्छु, म यहाँ आएको बेसै भयो । किनभने वृद्ध टामलाई चिन्ता लागेको थियो । उनीहरू जाने सुरसार गरिरहेको बेला म त्यहाँ चूल्होमा थिएँ । मैले टामलाई भनेको थिएँ म सत्ते जान लागेको थिइनँ । अनि टामले भन्यो । "मलाई टामबारे चिन्ता लागिरहेछ । ऊ घर आयो भने यहाँ कोही हुँदैन । उसले के विचार गर्ला ?" मैले जवाबमा भनें । "तिमी किन चिट्ठी लेख्तैनौ ?" टामले भन्यो । "म लेख्न कोशिश गर्नेछु । तर मैले नलेखें भने र तिमी यतै रह्यौ भए टामीको हेरविचार गनूँ ।" मैले भनें, "यो नर्क जस्तो ठाउँमा कोही

नभए पनि म घुमिरहुँला । ग्रेवस भन्ने मानिसलाई यस मुलकबाट निकाल्न कसैको लागत हुँदैन ।" र न यस्तो काम कसैबाट भएको नै छ ।'

जोडले अधैर्य भएर भन्यो । 'मेरा मान्छे कहाँ गए ? तिम्रोबारे पछि भन, तर मेरा मान्छे कहाँ छन् ?'

'अँ, बैंकले यस ठाउँमा ट्र्याक्टर चलाउन लगाएपछि उनीहरू यहाँबाट हिंडे । तिम्रा बाज्येले एउटा राइफल लिएर यहाँ उभीकन ट्र्याक्टरका ठूलठूला बत्तीहरू गोलीले उडाइदिए । तर ट्र्याक्टर-गाडी तैपनि चल्दै आयो । तिम्रा बाज्येले त्यस गाडीको चालक बिल्ली फीलेलाई मार्न चाहेनन् । यो कुरा बिल्ली फीलेलाई थाहा भएर ऊ अगाडि बढ्यो । कुकुरले मूसालाई रिंगाए जस्तै गरी त्यस ट्र्याक्टरले घर हल्लाएर लडाइदियो । यसले टामपा हीनताभाश उत्पन्न गरायो । त्यस बेलादेखि त्यसले आफ्नोपनगुमाएको छ ।'

जोडले रिसाएर भन्यो । 'मेरा मानिसहरू कहाँ गए ?'

'म तिमीलाई भन्दैछु । तिम्रो काका जानको गाडीमा बसेर उनीहरू तीन खेप गरेर गए । उनीहरूले आफ्ना साथमा चूल्हो, पंप र ओछ्यानहरू लिएर गए । तिमीले केटाकेटीहरूका सबै ओछ्यान समेत लगेको देखेको हुनुपर्छ । तिम्रा बाज्ये र बज्यै खाटको उठेको फल्याकमाथि बसेर तथा तिम्रो भाइ नोआ चुरोट खाँदै गाडीको छेउमा थुक्तै गए ।' जोडले बोल्नलाई मुख खोल्यो । म्युलेले छिटोछिटो भन्यो । 'उनीहरू सबै तिम्रो काका जानकहाँ छन् ।'

'ओ ! उनीहरू सबै काका जान कहाँ छन् । अँ, उनीहरू त्यहाँ के गर्दै छन् ? अब यसबारे एकछिन भन्दै जाऊ, म्युले एकछिनपछि तिमी आफ्नो बाटो लाग्न सक्छौ । उनीहरू त्यहाँ के गर्न लागेका छन् ?'

'अँ, उनीहरू सबै कपास टिप्न लागेका छन्, केटाकेटीहरू तथा बज्यै पनि । त्यसैबाट पैसा पाएर उनीहरूले पश्चिममा गुजारा गर्न सक्छन् । एउटा गाडी किनेर पश्चिममा काम चलाउन लागेका छन् । त्यहाँ जीविका चलाउन सजिलो छ । यहाँ त त्यस्तो केही पनि छैन । एक एकड़मा कपास काट्दा पचास सेन्ट पाइन्छ । र

तिम्रा मानिसहरू कपास काट्न पाउने मौकाको लागि अनुरोध गर्दैछन् ।'

'र उनीहरू अझसम्म काट्न गएका छैनन् ?'

म्यूलेले भन्यो । 'अँहँ, जहाँसम्म मलाई थाहा छ उनीहरू गएका छैनन् । चार दिन अगाडि मैले तिम्रो भाइ नोआलाई भाले-खरायोको शिकार गर्न आएको बखत भेटेको थिएँ र अब दुइ हप्तामा जाँदैछौं भनी ऊ भन्थ्यो । जानले मलाई चाँडै जानुछ भनेर सूचना दिएको थियो । जानको घर आठ माइल पर छ । त्यहाँ गएपछि तिमीले आफ्ना मानिसहरूलाई जाडोमा दुलोभित्र लोखर्केहरू बसेजस्तै एकै ठाउँमा बसिरहेको पाउने छौ ।'

जोडले भन्यो, 'ठीक छ । अब तिमी आफ्नो बाटो लाग्न सक्छौ । म्युले, तिमी त अलिकति पनि फरक भएका छैनौ । उत्तर-पश्चिमबारे तिमी केही भन्न चाहन्छौ भने दक्षिण-पूर्वतिर तिमी फर्कन सक्छौ ।'

म्युलेले झोक्किँदै भन्यो, 'तिमी पनि बदलिएका छैनौ । तिमी चिटिक्क परेका केटा थियौ र अहिले पनि त्यस्तै छौ । जसरी भए पनि तिमीले मलाई मेरो जिन्दगीको सम्पत्तिबाट कसरी बंचित गर्ने भन्ने भन्न लागेका त होइनौ ?'

जोडले ङिच्च हाँसेर भन्यो । 'अँहँ, तिमी अलमलमा पर्न लागेका छौ । कसैले पनि तिमीलाई त्यस्तो कुरा भन्न सक्तैन । तिमी यो पादरीलाई चिन्दछौ, होइनत त म्युले ? उनी पूज्य केसी हुन् ।'

'किन, अवश्य अवश्य चिन्दछु । म उसलाई नहेरीकन नै राम्ररी संझन्छु ।' केसी उभिएर दुवैले हात मिलाए । म्युलेले भन्यो, 'तपाईंसित फेरि भेट भएकोमा म खुशी छु । तपाईं धेरै दिनसम्म यस्तो रद्दी ठाउँमा बस्नु हुन्न ।'

केसीले भन्यो, 'म प्रश्नहरू सोधिरहेको थिएँ । यहाँ के भएको ? उनीहरू किन यहाँबाट मानिसहरू धपाउँदै छन् ?'

म्युलेको मुख यसरी कस्सिएर बन्द भएको थियो कि उसको माथिल्लो ओठको मध्यभाग सुगाको जस्तो चुच्चे भएर उसको तल्लो ओठमाथि खस्न आएको

थियो । त्यसले रिसाएर भन्यो । 'ती गन्दा राँडा छोराहरू हुन् । म भन्छु, म यहाँ बसिरहेछु । उनीहरूले मलाई यहाँबाट छुट्टी दिन मक्तैनन् । त्यस्तो उनीहरूले गर्न चाहे म फर्केर आउँला । म शान्तसँग लुकेर बस्नेछु भनेर उनीहरूले विचार गरे । ती राँडा छोराहरूमध्ये ५।६ जनालाई लिएर म बसुँला ।' आफ्नो कोटको एकापट्टिको खल्तीमा भएको एउटा गन्हुँगो चीजमा धाप दिएर त्यसले भन्यो । 'मेरो बा यहाँ आएको पचास वर्ष भइसक्यो, अतएव म यस ठाउँलाई छोडेर जान चाहन्न ।'

जोडले भन्यो । 'के विचारले यहाँबाट मानिसहरू भगाउन लागेका ?'

'ओ । यसबारे उनीहरूले राम्रै कुरा गरे । तिमीलाई थाहा छ हामीले कस्तो समयको सामना गर्नु पन्यो । यसरी उनीहरू आएर हरेक काम चौपट पारेकाले मानिसहरूलाई खान पुग्ने गरी बाली आएन र गधासम्म पाल्न पनि धौ-धौ भयो । र हरेकले साहूलाई ऋण तिर्नु पर्ने भयो । किन यसो भएको तिमीलाई थाहा नै छ । अँ, जमीन राख्ने मानिसहरूले भन्थे, "हामी मोही राख्न सक्तैनौं । र मोहीले पाउने हिस्सा फाइदाको ठीक त्यो अल्पांश हो जो हामी गुमाउन सक्तैनौं । सबै जमीन एकै टुक्रामा गाँसिए हामीले मोहीलाई मुश्किलले त्यो भाग तिर्न सक्नेछौं ।" यसरी उनीहरूले मेरो बाहेक अरू सबै मोहीहरूको जमीनमा ट्र्याक्टर चलाए । टामी, तिमीलाई थाहा छ म सतोसत् यहाँबाट जाने छैन । 'तिमी मलाई धेरै पहिलेदेखि नै चिन्दछौं ।'

जोडले भन्यो । 'बिलकुल ठीक । मैले तिमीलाई जन्मेदेखि नै चिनेको छु ।'

'अँ, म मूर्ख होइन भन्ने कुरा तिमीलाई थाहा छ, यो जमीन त्यति असल होइन । गाई-वस्तु चराउने काममा बाहेक अरू कुनै कामको निम्ति पनि यो काम लाग्दैन । यो जमीन कहिले पनि फाँड्नु नपर्ने । मरीमरीकन त्यसमा उनीहरूले कपास रोपे । उनीहरूले मलाई जानु पन्यो भनेर नभनेका भए शायद म क्यालिफोर्निया पुगेर अंगूर खाइरहेको हुन्थें हुँला तथा आफूलाई मन परेको बेला सुन्तला टिपि-रहेको हुन्थें हुँला । तर ती राँडा छोराहरूले मलाई जानु भनेकाले, जीजस क्राइस्टको किरिया खाएर भन्छु, म जस्तो मान्छे उनीहरूले भन्दैमा गइन्न ।'

जोडले भन्यो । 'बा यति सजिलोसँग जानु भएकोमा मलाई निश्चय नै आश्चर्य लाग्यो । बाज्येले किन कसैलाई मारेनन् यसमा पनि मलाई आश्चर्य नै लाग्यो ।

कसैले पनि बाज्येलाई कतै जान अह्राएको थिएन न आमालाई नै कसैले कहीँ जान भनी जोड गरेको थियो । टीनमा कुखुरा राखेर बेच्न आउने एउटा मानिसलाई मुख-मुखे लाग्यो भनेर आमाले कुटेको मैले देखेको छु । आमा एक हातमा कुखुरा र अर्को हातमा बंचरो लिएर कुखुराको टाउको काट्न ठिक भइसक्नु भएको थियो । उहाँले त्यो कुखुरा बेच्न आउनेलाई बंचरोले हान्न लाग्नुभएको थियो । बंचरो कुनचाहिँ हातमा थियो भन्ने कुरा बिर्सेर कुखुरा भएको हातले हान्नु भएछ । हानिसके-पछि कुखुरा खान पाउनु भएन किनभने उहाँको हातमा कुखुराको दुइटा खुट्टा सिवाय अरू केही पनि थिएन । बाज्येले खुट्टादेखि मास्तिरको सबै फ्याँकिदिनुभयो । त्यसैले मेरा मानिसहरू यति सजिलै कसरी गए होलान् ?'

'अँ, त्यो आउने मानिसले समोसा जस्तै मीठो कुरा गऱ्यो । त्यसले भन्यो, "तिमीले जानु पऱ्यो । यसमा मेरो केही दोष छैन ।" मैले भनें, "अँ, दोष कस्को त ? म गएर त्यो मान्छेलाई ठोक्छु ।" त्यसले भन्यो । "यो शःनी, जमीन र गाईवस्तु निगमको दोष हो । मैले त्यही निगमबाट आज्ञा पाएको ।" "शःनी, जमीन र गाईवस्तु निगम को हो ?" "यो कोही पनि होइन । यो त एउटा निगम हो ।" मान्छे बहुलाए कि कसो ? दोष बिसाउन कोही मान्छे फेला परेन । रिस पोखनलाई कारण खोज्दाखोज्दै मानिसहरू आजीत भए । तर म त त्यसो भइनँ । मेरो यो निगमसँग दुश्मनी छ । त्यसैले म यहीँ बसिरहें ।'

सूर्यको बृहत् आकार क्षितिजमा देखा पऱ्यो । त्यसपछि त्यो अस्तायो । त्यो अस्ताएको ठाउँमाथिको आकाश उज्ज्वल थियो र एक टुक्रा बादल रगताम्य जस्त सूर्यास्त भएको ठाउँमाथि झुन्डिरह्यो । पूर्वको क्षितिजतिर बिस्तारै संध्याले आकाश निल्यो र पूर्वबाट अन्धकारले जमीन छोप्यो । सन्ध्यामा शुक्रतारा झलमल भएर चम्कन थाल्यो । त्यो खैरो बिरालो खुल्ला तबेलाभित्र छायाँ जस्तै सुटुक्क पस्यो ।

जोडले भन्यो, 'अँ, आजै राति हामीहरू काका जानको घरमा आठ माइल हिँडेर जान चाहन्नौं । मेरा खुट्टाहरू औंठी गलिसकेका छन् । म्युले, हामीहरू तिमीकहाँ आए कस्तो होला ? तिमीकहाँ भए त एक माइलमात्र हिँडे पुग्छ ।'

म्युलेलाई अप्ठ्यारो परे जस्तो बुझियो । त्यसले भन्यो, 'केही फाइदा हुँदैन । मेरी स्वास्नी, केटाकेटीहरू र साला सबै क्यालिफोर्निया गइसके । घरमा केही खाने-कुरो छैन । म बहुलाएको देखेर उनीहरू सबै गए । खानेकुरो केही छैन ।'

पादरीले डराएर भन्यो, 'तिमी पनि जानुपर्ने। परिवारलाई टुक्र्याउनु नहुने।'

म्युले ग्रेवसले भन्यो। 'म जान सक्तिनँ। केही कुरा छ जसले मलाई जान दिंदैन।

जोडले भन्यो। 'अँ, धरोधर्म मलाई भोक लागिसक्यो। टायम-टायममा खान पाउने गरेको चार वर्ष भयो। मेरो आँत मरिसक्यो। म्युले, तिमी के खान्छौ? तिमी खाना कहाँबाट पाइरहेछौ?'

म्युलेले लाज मानेर भन्यो, 'केही दिन म भ्यागुताहरू, लोखर्केहरू र त्यस्तै किसिमका अरू जनावरहरू खाएर बाचें। यस्तो मैले लाचार भएर गर्नु परेको हो। तर अहिले शुष्क खोलाको झारको बाटोमा केही तारका चिप्लने गाँठाहरूको पासो थाप्छु। यसबाट म खरायो र लुइँचेहरू पाउँछु। कहिलेकाहीं न्याउला र अरू जनावरहरू पनि पर्छन।' उसले तल ओर्लेर आफ्नो बोरा टिपीकन पिढींमा खन्यायो। दुई तीनवटा खरायो त्यसबाट तल खसे र बिस्तारै खोच्याउँदै हिंड्न थाले।

जोडले भन्यो। 'हे भगवान्, ताजा जनावरको मासु नखाएको चार वर्षभन्दा बढी भइसक्यो।'

केसीले एउटा खरायो टिपेर हातले समाइराख्यो। त्यसले सोध्यो। 'म्युले ग्रेवस, तिमीले यो हामीलाई पनि बाँड्ने?'

म्युले अलमलिई बेचैन भयो। 'यस कुरामा मलाई केही भन्नु छैन।' त्यो आफ्नै कुराको नराम्रो भावनामा अड्यो। त्यसले अलमलिंदै भन्यो, 'मेरो भनाइ त्यो होइन, मेरो तात्पर्य त्यो होइन। मेरो मतलब, पहिलो मानिससँग केही खानेकुरो छ र अर्को मानिस भोकै छ भने—पहिलो मानिसको केही निर्णय हुँदैन। मेरो तात्पर्य, मैले आफ्ना खरायोहरू टिपेर कहीं गईकन खाएँ रे भन्ठान-न त।'

केसीले भन्यो। 'म बुझ्छु। त्यो कुरा म बुझ्न सक्छु। टाम, म्युलेले त्यहाँ केही कुरा देख्छ। उसँग केही चीज छ र यो उसको र मेरो, दुवैको निम्ति पनि बोझको कुरा छ।'

युवक टामले आफ्ना हात मल्दै भन्यो । 'चक्कु कोसँग छ ? मूला खरायोहरूलाई लिएर हात पारौं ।'

म्युलेले आफ्नो पैन्टको खल्तीमा हात घुसारेर एउटा चक्कु झिक्यो । टाम जोडले त्यो चक्कु लिएर खोलीकन सुँघ्यो । त्यसले चक्कुको धार भुइँमा बारंबार दलेर फेरि सुँघ्न थाल्यो । आफ्नो सुरुवालको फेरमा चक्कु पुछेर त्यसले आफ्नो बूढी-औंलाले त्यसको धार छामेर हेर्‍यो ।

म्युलेले एक चौथाइ पानी भएको एउटा बोतल आफ्नो गोजीबाट झिकेर पिँढीमा राखिदियो । त्यसले भन्यो । 'त्यो पानी लिएर मजासँग काम गर । भए-भरको पानी त्यही हो । यहाँको इनारभरि पानी छ ।'

टामले एउटा खरायो हातमा लिएर भन्यो । 'तिमीहरूमध्ये एक जना गएर तवेलाबाट केही तार लिएर आऊ । हामी घर भत्किएर छरिएका फल्याक बालेर आगो बनाउँछौं । त्यसले मरेको खरायोलाई हेरेर भन्यो– 'खरायो पोल्नु जस्तो सजिलो काम अरू केही पनि छैन ।' त्यसले पीठ्यूँको छाला झुन्ड्याएर अलिकति लाम्वो पारेर चिऱ्यो । त्यो चिरेको प्वालमा औंलाहरू राखेर ऊ छाला च्यात्न थाल्यो । त्यो स्टार्किंग मोजा जस्तै चिल्पेर गयो । आङदेखि घाँटीसम्म एवम् खुट्टादेखि पंजासम्म च्यातिएर गयो । जोडले फेरि चक्कु लिएर टाउको र खुट्टा काट्यो । ऊ छाला जति तल राखेर खरायोको करङ चिर्न थाल्यो । भूँडी-जति जम्मै छालामाथि थुप्र्याएर त्यसले भित्र्याँस जति सबै कपासको बोटमा फ्याँकि-दियो । बल्ल मांसपेशी भएको सानो शरीर तयार भयो । जोडले खुट्टाको साथसाथै मासु नै मासु भएको पीठ्यूँ दुइ टुक्रा हुने गरी काट्यो । ऊ दोश्रो खरायो टिप्दै थियो त्यही बेला गाँठो परेको एक गुजुल्टो तार हातमा लिईकन केसी फर्केर आयो । जोडले भन्यो, 'अब केही दाउरा राखेर आगो सल्काऊ । जीजस क्राइस्टको किरिया खाएर भन्छु, यी खरायो खानलाई मेरो भोक जागेको छ ।' त्यसले बाँकी खरायोहरू सफा गरिसकेपछि काटेर तारको सुइरोमा उन्यो । म्युले र केसी भत्केको घरको कुनाका फल्याकहरू चिरेर आगो बनाउन थाले । उनीहरूले सुइरो अड्याउनलाई जमीनको दुइतिर लामा-लामा काठ ठोकी ठड्याए ।

म्युलेले जोडको नजीक गएर भन्यो 'त्यो भाले-खरायो राम्रोसँग हेर, त्यसमा घाउ-खटिरा छन् कि । मलाई घाउ-खटिरा भएको खरायो खान मन लाग्दैन ।'

त्यसले आफ्नो खल्तीबाट एउटा सानो कपडाको थैला झिकेर पिँढीमा राख्यो ।

जोडले भन्यो 'त्यो भाले-खरायो हाम्रो मुख र घाँटी जत्तिकै सफा भइसक्यो । हे भगवान्, तिमीसित नून पनि छ ? संयोगवश तिमीसित खल्तीमा केही प्लेट र पुछ्ने कपडा पनि छन् कि ?' ऊ आफ्नो हातमा नून खन्याएर सुइरोमा उनिएको खरायोका टुक्राहरूमा छर्कन थाल्यो ।

आगो सल्केर घरमा छायाँहरू फैलिइए । सुकेका काठहरू कटचाक्-कुटुक् आवाज आउने गरी बलेर टुक्रा-टुक्रा हुन थाले । आकाशमा प्रायः अन्धकार छाइसकेको थियो र ताराहरू पनि झलमल्ल देखा पर्न थाले । त्यो खैरो बिरालो तबेलाबाट निस्की म्याउ-म्याउ गर्दै आगोतिर आयो । तर प्रायः त्यहींनिर पुगेर त्यो फर्क्यो अनि खरायोको भित्र्याँस फ्याँकेको ठाउँतिर गयो । त्यसले चपाउँदै निल्न थाल्यो र भूँडीहरू मुखैमा झुण्डिरहे ।

केसी आगोनिर जमीनमा बस्यो । ऊ टुटेका फल्याकहरूका छेस्का-छेस्की आगोमा हाल्दै छेउ-छेउमा आगोले पचाएका लामा-लामा फल्याकहरूका ठूटा भित्तपट्टि घुसार्दै गयो । साँझपखका चमेराहरू आगोको उज्यालोमा चम्कन थाले । बिरालो थचक्क बसेर आफ्नो ओठ, मुख र जुँगा चाट्न थाल्यो ।

आफ्नो हातले खरायोको मासुका टुक्रा उनिएको सुइरो समातेर जोड आगोनिर गयो । त्यसले भन्यो । 'म्युले, एउटा छेउ तिमी समाऊ । तिमीले समातेको छेउ त्यो काठ वरिपरि बेर । बस ठीक भयो । अब अलि कस । आगो तलतिर नबलेसम्म हामीले पर्खनु पर्छ । तर म पर्खन सक्तिनँ ।' त्यसले तार कस्यो, अनि एउटा लट्ठी लिएर मासुका टुक्राहरू आगोमाथि तारमा हालिदियो । र आगोको रापले मासुको माथिल्लो भाग सारो तुल्याएर चम्किलो पारिदियो । आगोनिर बसेर जोडले आफ्नो लट्ठीको सहाराले त्यो तारमा नटाँसियोस् भनी ओल्टाई-पल्टाई गऱ्यो । त्यसले भन्यो । 'आज यहाँ पार्टी भएछ । म्युलेसँग नून, पानी र खरायोहरू छन् । उसको खल्तीमा भाँडोभरि मकैको च्याँखला होस् भन्ने इच्छा जागेर आउँछ । मेरो त्यति नै इच्छा छ ।'

म्युलेले आगो नजीकबाट भन्यो । 'मेरो जिन्दगी व्यतीत गर्ने तरीकाबाट मलाई असर परेको छ भनी तिमीहरूले भन्ठानेका हौला ।'

जोडले भन्यो । 'असर केही परेको छैन । तिमीलाई असर परेको भए हरेक-लाई असर परोस् भन्ने म इच्छा गर्छु ।'

म्युले भन्दै गयो । 'अँ, महाशय, यो मजाको कुरा हो । उनीहरूले मलाई यहाँबाट जाऊ भन्दा मलाई केही नराम्रो त अवश्य लाग्यो । पहिले म सम्पूर्ण जमातलाई मार्ने पक्षमा थिएँ । त्यसपछि मेरा सबै मानिस यस ठाउँलाई छोडेर पश्चिमतिर गए । तबदेखि म यत्र-तत्र घुम्न थालें तर टाढा कहिले पनि गइनँ । म जहाँ पुग्थें त्यहीँ सुत्ने गर्थें । आज म यहीं सुत्न चाहन्छु । त्यसैले म यहाँ आएको । म आफ्नो मनमनमा भन्थें, "म हरेक कुरामाथि विचार गर्दैछु जसबाट सबै मानिस फर्केर आउन् र सब कुरा ठीक होस् ।" तर मलाइ थाहा थियो त्यो सत्य कुरा होइन । हेर, विचार गर्ने केही कुरा छैन । मानिसहरू फेरि कहिले पनि फर्केर आउने छैनन् । म ठीक मशानको भूत जस्तै यताउति घुम्दैछु ।'

केसीले भन्यो । 'डरलाग्दो ठाउँमा जानु तिम्रो बानी भइसकेको छ । यो ठाउँ छोडेर जान मुश्किल छ भनी विचार गर्ने तिम्रो बानी भइसकेको छ । म अब पादरी छैन तापनि म सधैं आफूले के गरिरहेछु भन्ने विचार नगरीकन पनि आफूलाई प्रार्थना गरिरहेको पाउँछु ।'

जोडले मासुका टुक्राहरू तारमाथि ओल्टाई-पल्टाई गऱ्यो । अब मासुबाट पानी चुहिंदै थियो र प्रत्येक थोपा आगोमा पर्दा आगोको ज्वाला दन्केर आउँथ्यो । मासुको चिप्लो माथिल्लो भाग माथि खुम्चिदै आएर अलि-अलि खैरो हुँदै गयो । जोडले भन्यो । 'मासु सुँघ-त, जीजस मारी हत्ते ! तल हेरेर सुँघ त ।'

म्युले भन्दै गयो । 'जहाँ-जहाँ मालसामानहरू छन् त्यहाँ-त्यहाँ म मशानको भूत जस्तै घुम्दैछु । त्यस्ता सामानहरू चालीस ठाउँमा छन । जलमार्गतिर एउटा झाडी थियो जहाँ पहिलोपल्ट एउटी केटीसित म बसेको थिएँ । त्यसबेला म चौध वर्षको थिएँ । भाले-हरिण जस्तै चंचल भएर उफ्रने-चल्ने, नाक बजाउने र बोका जस्तै खस्रो व्यवहार गर्ने । मैले त्यहाँ पुगेर जमीनमा पल्टिई सबैतिर हेरें । र त्यहाँ तबेला नजीक एउटा ठाउँ छ जहाँ बालाई एउटा साँढेले हानेर मारेको थियो । र उहाँको रगत अहिले पनि त्यहाँ जमीनमा छँदैछ र हुनैपर्छ । त्यो रगत कसैले पनि धोएको छैन । मेरो बाको रगत भएको ठाउँमा मैले आफ्नो हात राखें ।' त्यो बेचैन भएर अडियो अनि फेरि भन्यो । 'तिमीहरू भन्छौ ममाथि असर परेको छ ?'

आगोतिर हेर्दै जोडले मासु पल्टायो । केसी पैतालाहरू उचालेर आगोमा घुरेर हेरिरह्यो । उनीहरूदेखि पन्ध्र पाइला पछाडि त्यो तृप्त भइसकेको बिरालो आफ्नो लामो खैरो पुच्छर राम्रोसित अगाडिको पैतालाहरूमा वेरेर बसिरहेको थियो । एउटा ठूलो लाटोकोसेरो माथिबाट चिच्च्याईकन उडेर गयो र आगोको प्रकाशमा त्यसका फैलिएका पखेटाहरू र त्यसभित्रको सेतो भाग देखापऱ्यो ।

केसीले भन्यो । 'अँहँ, तिमी एकलै छौ तैपनि तिमीलाई केही असर परेन ।'

म्युलेको कसिएको सानो अनुहार कठोर भयो । उसले भन्यो । 'मैले आफ्नो हात त्यस ठाउँमा राखें जहाँ त्यही रगत अझसम्म छँदैछ । मैले मेरा बाबुलाई देखेको छु । उहाँको छातीमा एउटा प्वाल थियो । मैले उहाँ मसित टाँसिएर कामेको अहिलेसम्म म महसूस गर्छु । मैले उहाँले पल्टिएर आफ्ना हात-खुट्टा छामछाम-छुमछुम गरेको, उहाँको आँखामा चोट लागेर आँखा मलिन र कोमल भएको देखेको छु । त्यसपछि त्यो चिसो भएर गयो र उहाँका आँखा निर्मल भएर माथितिर हेरिरहेका थिए । र म त्यस बेला सानो बच्चा थिएं नरोईकन त्यहीं बसिरहेको थिएँ । त्यसले आफ्नो टाउको द्रुत गतिले हल्लायो । जोड मासु ओल्टाई-पल्टाई गर्नमा व्यस्त थियो । त्यसले भन्यो, र म ज्यो जन्मेको कोठामा गएँ । त्यहाँ ओछ्यान-सोछ्यान केही थिएन खालि कोठै मात्र थियो । र यी सबै कुरा सत्य हुन् र सबै आ-आफ्नो ठाउँमा ठीकै छन् । ज्यो त्यहीं जन्मेको थियो । त्यसले जोडसँग स्वाँ-स्वाँ गरेर ठूलो स्वरले करायो जो एक माइल परबाट सुन्न सकिन्थ्यो । र उसकी बज्यैले त्यहाँ उभिएर भनिन्, "त्यो डेजी फूल हो, त्यो डेजी फूल हो ।" यस्तो उनीले बारंबार भनिन् । र उनी कति गौरवान्वित भइन् भने उनले त्यस राति तीनोटा कप फुटाइन् ।'

जोडले खकारेर भन्यो । 'मेरो विचारमा त अब हामीहरू खाऔं ।'

म्युलेले चिढिंदै भन्यो । 'अलि राम्रोसँग पाक्न देऊ, खैरो र कालो हुने गरीकन । मलाई कुरा गर्नु छ । मैले कसैसँग कुरा गरेको छैन । मलाई असर परेको छ भने त्यसको अन्त्य पनि भएको छ । पीटरहरूको, जैकाबहरूको, रैन्सको, जोडका जस्ता छिमेकीहरूका घरमा मशानको भूत जस्तै हिंडिरहेको थिएँ । ती घरहरू अँध्यारोमा हेर्दा नराम्रा बाकसहरू जस्ता भएर उभिएका थिए तर तिनमा राम्रा-राम्रा नाच र पार्टीहरू मात्र भएका होइनन अपितु मीटिंग र प्रतिष्ठाको

हल्ला-खल्ला पनि भएको थियो । यी घरहरूमा विवाह आदि पनि भएका थिए । मलाई शहर पुगेर मानिसहरूलाई मार्न मन लाग्छ । कारण उनीहरूले मानिसहरूको जमीनमा ट्र्याक्टर चलाएर के पाउँछन् र ? उनीहरूको अल्पांश नाफा सुरक्षित भएको पाउँछन् र ? उनीहरूले बालाई जमीनमा मरिरहेको, ज्योलाई जन्मेको तथा मलाई बोका जस्तै राति झाङमा चलिरहेको पाए । उनीहरूले के पाउने छन् ? जमीन राम्रो छैन भन्ने कुरा ईश्वरलाई थाहा छ । कैयन वर्षसम्म कसैले पनि त्यस भूमिबाट कुनै किसिमको वाली उमार्न सक्नेछैन । तर ती राँडा छोराहरूले डेस्कमा बसेर मानिसहरूलाई आफ्ना अल्पांश नाफाको लागि दुइ टुक्रा पारिदिए । त्यो ठाउँ जहाँ जनता बसेका थिए उनीहरूको भयो । उनीहरू सबैले गाडीहरू धेरै आवत-जावत हुने सडकमा एक्लै बस्नुपर्‍यो । उनीहरू अब बाँच्दैनन् । यी राँडा छोराहरूले उनीहरूलाई बिताए ।' र त्यो चूप लाग्यो तर उसको पातलो ओठ हल्लिरहेकै थियो र उसको छाती स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ गरिरहेको थियो । त्यहीँ बसेर उसले आगोको प्रकाशमा आफ्नो हात हेर्‍यो । त्यसले विनम्रतापूर्वक क्षमा मागेर भन्यो, 'धेरै, दिन भयो मैले कसैसँग कुरा गरेको छैन । म मशानको भूत जस्तै यताउति सुस्त-सुस्त हिंडिरहेको छु ।'

केसीले लामा-लामा फल्याकहरू आगोमा घुसार्‍यो र आगोको ज्वाला उनीहरूको वरिपरि दन्केर फेरि मासुतिर नै फर्केर गयो । रातको चिसो हावाले काठ खुम्च्याउँदा घर जोरसँग चर्क्यो । केसीले शान्तपूर्वक भन्यो । 'सडकमा काम गर्न जाने मानिसहरूसित मलाई भेट्नु छ । उनीहरूसित भेट्ने मेरो आकांक्षा छ । उनीहरूलाई त्यो सहायताको आवश्यकता छ जो धर्मोपदेशले मात्र उनीहरूलाई दिन सक्छ । आफ्नो ज्यान नबच्ने देखेपछि के उनीहरू भगवान्‌को भरोसा लिएर बस्छन् ? जब आफ्नो मन दिक्क र उदास हुन्छ तब के होली स्पिरिटले उनीहरूलाई चैन दिन्छ ? उनीहरूलाई सघाउको आवश्यकता भइरहेछ । मर्न सक्नुभन्दा अघि उनीहरूले बाँच्नु पर्छ ।'

जोड डरले करायो । 'जीजस क्राइस्टको किरिया खाएर भन्छु, पकाउँदा-पकाउँदै यो मासु नखुम्चिदै हामीहरू खाऔं । यो हेर त सुँघेर ।' त्यो जुरुक्क उठेर आगोबाट अलग नहुन्जेल तारसमेतै मासुका टुक्राहरू झिक्यो । म्युलेसँग चक्कु लिएर त्यसले तारबाट छुट्ने गरी एक टुक्रा मासु काट्यो । त्यसले भन्यो, 'यो पादरीको भाग हो ।'

'मैले तिमीलाई भनेको थिएँ, म पादरी होइन ।'

'अँ, उसोभए यो मानिसको निम्ति ।' यति भनेर त्यसले अर्को एक टुक्रा काट्यो । त्यसले भन्यो । 'अँ, म्युले, तिमीलाई ज्यादै भोक लागेको छैनभने यो भाले-खरायोको चाम्रो मासु म खान्छु ।' बसेर त्यसले आफ्ना लामा-लामा दाँत त्यो मासुमा गाडेर एउटा ठूलो चौटा लुछेर चपायो । 'जीजस क्राइस्ट मारी हत्ते, हेर कस्तो च्वाम-च्वाम गर्दो रहेछ ।' यति भनेर त्यसले लोभिइँदै अर्को चौटा लुछ्यो ।

म्युले आफ्नो भागको मासु हेरेर बसिरह्यो । त्यसले भन्यो । 'मैले त्यसरी कुरा नगर्नु पर्ने हो क्यारे । मानिसले त्यस्तो किसिमको कुरा आफ्नै मनमा राख्नु पर्ने हो क्यारे ।'

मुखभरि खरायोको मासु राखेर केसीले चारैतिर हेऱ्यो । त्यसले चपाएपछि उसको घाँटीको मांसपेशी चल्यो । त्यसले भन्यो । 'ज्यू, तिमीले कुरा गर्नु पर्छ । कहिलेकाहीं दिक्क भएको मानिसले दिक्कलाग्दो कुरा गर्न सक्छ । कहिलेकाहीं मान्छे मार्नेले आफूले गरेको हत्याबारे कुरा गर्न सक्छ, अनि अबदेखि मार्ने छैन भन्न सक्छ । तिमीले ठीकै गऱ्यौ । आफूलाई रोक्न सक्छौ भने कसैलाई न मार ।' र त्यसले अर्को एक ठूलै चौटा टोक्यो । जोडले हाडहरू आगोमा फालिदियो । त्यसले उफ्रेर तारमा राखेको अरू बढी मासु काट्यो । म्युले अब बिस्तारै खाइरहेको थियो र उसका साना-साना डराएका आँखाले कहिले एउटालाई त कहिले अर्कोलाई हेर्न थाले । जोडले रिसाएको जनावरले खाए जस्तै खायो र उसको मुखको वरिपरि बोसै-बोसोको चिल्लो जम्यो ।

म्युले निकै बेरसम्म प्रायः डराई-डराईकन उसलाई हेर्न थाल्यो । त्यसले मासु लिएको हात तल राखेर भन्यो । 'टामी ।'

जोड माथि हेरेर मासु चपाई नै रह्यो । त्यसले मुखभरि मासु राखेर भन्यो, 'ज्यू ।'

'टामी, मानिसहरू मारेको बारे मसित कुरा गर्ने तिमी पागल त होइनौ ? टाम, तिमी झट्टै रिसाउने त होइनौ ?'

टामले भन्यो । 'अँहँ, म चाँडै रिसाउने छैन । केही कारणले यस्तो हुन

गएको मात्र हो ।'

म्युलेले भन्यो, 'तिम्रो दोष छैन भनेर सबैलाई थाहा थियो । वृद्ध टर्नबुलले तिमी बाहिर निस्केपछि तिमीसित उनले भेट्न चाहेका कुरा भनेका थिए । उनी भन्थे, उनको छोरालाई कसैले पनि मार्न सक्तैनथ्यो । यहाँ सबै त्यस्तै कुरा गर्थे ।'

जोडले बिस्तारै भन्यो । 'हामीहरू एउटा नाचमा पिएर टन्न थियौं । झगडा कसरी शुरू भयो भन्ने कुरा मलाई थाहा छैन । त्यसपछि मेरो जिउमा चक्कु रोपेको थाहा पाइयो । यसले मेरो मनस्थितिलाई गम्भिर तुल्यायो । सबभन्दा पहिले उसको चक्कुले मलाई चोट पारेको मैले अनुभव गरें । स्कूल-घरमा ठड्याइराखेको एउटा सावेल देखेर मैले त्यसलाई टिपीकन उसको टाउकैमा ठटाइदिएँ । चोट लागेर मलाई केही भएन ।त्यो राम्रो मान्छे थियो । त्यो सानो फँदा मेरी बहिनी रोसाशार्न-कहाँ आइरहन्थ्यो । अँहँ, मलाई चोटको केही परवाह भएन ।'

'अँ, सबैले उसको बाबुलाई ऊ असल थियो भन्ने कुरा गरेर अन्तमा उनलाई सान्त्वना दिए । कसैको भनाइ थियो वृद्ध टर्नबुलको आमापट्टिबाट हृदयगति रोकिने रोगको रगत भएकोले त्यो त्यस दिनसम्म मात्र बाँचेको । त्यसबारे मलाई थाहा छैन । टर्नबुल र उसको परिवार ६ महिना अघि नै क्यालि-फोर्निया गइसके ।'

जोडले खरायोको अन्तिम चौटा तारबाट झिकेर सबैतिर घुमायो । पीठ्यूँ भित्तामा अडेस लगाई ऊ मासु बिस्तारै एकनासले चपाएर खान थाल्यो । मुखको वरिपरि लागेको बोसो त्यसले आफ्नो बाहुलाले पुछ्यो र निम्न लागेको आगोमा जब उसले हेर्‍यो उसको आधा बन्द भएका काला आँखा विचारमा डुब्न थाले । त्यसले भन्यो । 'सबै पश्चिमतिर लागे । मलाई जेलको प्रतिज्ञा पालन गर्नुछ, त्यसैले म यो ठाउँ छोड्न सक्तिनँ ।'

म्युलेले सोध्यो । 'जेलको प्रतिज्ञा ? त्यसको बारेमा मैले सुनेको थिएँ । त्यो कस्तो हुन्छ हँ ?'

'अँ, म तीन वर्ष अघि नै छुटेर आएको थिएँ । मैले पालन गर्नुपर्ने केही कुरा छन्, नगरे फेरि भित्र जानु पर्नेछ । मैले बराबर रिपोट दिनु पर्छ ।'

'तिमीसँग मैकआलेस्टरमा उनीहरूले कस्तो व्यवहार गरे ? मेरो आइमाईको कान्छा बाबुको छोरा मैकआलेस्टरमा परेको थियो र उनीहरूले उसलाई दुःख दिए ।'

जोडले भन्यो, 'उनीहरूको व्यवहार त्यतिको खराब थिएन । अन्यत्र जस्तै जो उनीहरूलाई तकलीफ दिन खोज्छ त्यसले दुःख पाउँछ । जबसम्म कसैले गार्डलाई दुःख दिँदैन त्यसमाथि कुनै आपत आउँदैन । दुःख दिएपछि त्यसमाथि आपत आइपर्छ । मलाई ठीकै थियो । अरू-अरूले जस्तै म आफ्नो काम गर्थें । मैले राम्रोमँग लेख्न पनि सिकें । शब्दहरू मात्र होइन, मैले चराहरू र अरू चीजहरूको आकार पनि बनाउन सिकें । मैले एकैबाजि एउटा चरा बनाएको मेरा बाले देखेपछि उहाँ मसित रिसाछनु हुनेछ । मैले त्यसो गरेको देखेपछि बा त पागल हुनुहुनेछ । उहाँलाई त्यस्तो किसिमको काल्पनिक चीज मन पर्दैन । शब्दहरू लेखेको त उहाँलाई मन पर्दैन । मैले सिकेको कुराले उहाँलाई तर्साउने छ भन्ने म अनुमान गर्छु । कसैले केही लेखेको बाले देख्नु भएपछि त्यसले उहाँबाट केही लिएर नै जान्थ्यो ।'

'उनीहरूले तिमीलाई कुटपीट या अरू कुनै त्यस्तै यातना त दिएनन् ?'

'अँहँ, म आफ्नै काम मात्र गरिरहें । एउटै खालको काम चार वर्षसम्म गरिरहेपछि सबैलाई वाक्क लाग्नु स्वाभाविकै छ । कसैले लाज लाग्ने काम गरेको रहेछ भने त्यसले त्यसबारे विचार गर्न सक्छ । तर टर्नबुल अहिले चक्कु लिएर मलाई प्रहार गर्न आयो भने म उसलाई फेरि सावेलले थ्याच्च पार्नेछु ।'

म्युलेले भन्यो । 'त्यो त जसले पनि गर्न सक्छ ।' पादरीले आगोमा घुरेर हेरिरह्यो र उसको माथि उठेको निधार अन्धकारमा सेतो देखियो । साना-साना ज्वालाको चमकले उसका गर्दनका तन्तुहरू देखा पर्न थाले । घुँडाहरूमा राखिएका उसका दुवै हात औंलाहरू पड्काउनमा व्यस्त थिए ।

जोडले अन्तिम हाडहरू आगोमा फ्याँकिसकेपछि आफ्ना औंलाहरू चाटेर पैन्टमा पुछ्यो । उभिएर पिँढीमा राखेको पानीको बोतल लिई होशियारीसाथ पानी पिएर आफू फेरि बस्नुभन्दा अगाडि उसले बोतल अघि सार्‍यो । ऊ भन्दै गयो, 'धेरै सताइने कुरामा म केही महत्त्व देख्तिनँ । आकाशबाट खसेको चट्याङले कुनै गाई मऱ्यो या कहीं बाढीले क्षति पुऱ्यायो भने त्यसमा हामी केही तत्त्व देख्दैनौं

मेरो दुःखको कारण पनि त्यस्तै महत्त्वहीन थियो। तर जब एक हुल मानिसले कसैलाई लगेर चार वर्षसम्म थुनिदिन्छन भने त्यसको केही महत्त्व हुन्छ। मानिसहरूप्रतिको धारणा–उनीहरू केही कुरा विचार गर्न सक्छन् भन्ने छ। उनीहरूले मलाई जेलभित्र थुनेर चार वर्षसम्म ख्वाएर राखे। त्यसको मतलब के थियो भने मबाट फेरि त्यस्तो काम नहोस्, भएमा मलाई फेरि दण्ड दिइनेछ। यसैले त्यस्तो काम गर्न मलाई डर लाग्नेछ' –त्यो अडियो, 'तर कोही ममाथि हमला गर्छ भने म उसलाई नमारी छोड्दिन। मैले विचार गर्न सक्नुभन्दा अगाडि नै म हत्या गरिसक्छु, खास गरीकन, त्यस हालतमा जब म रक्सीको नशामा हुन्छु। त्यस्तो अचेतन अवस्थाले मानिसलाई चिन्तामग्न गराइदिन्छ।'

म्युलेले भन्यो, 'न्यायाधीशको भनाइअनुसार तिमीले त्यस हालतमा हल्का सजाय मात्र पाउँछौ किनभने सम्पूर्ण दोष तिम्रो होइन।'

जोडले भन्यो। 'मैकआलेस्टरमा आजीवन सजाय पाउने मानिसहरू पनि छन्। त्यस्तो खालको मानिस सधैँ अध्ययन गर्छ र साथै ऊ जेल-अफिसरको सेक्रेटरी (चौकीदार) पनि हुन्छ। त्यसले जेल-अफिसरको चिट्ठी लेखिदिन्छ, या अरू त्यस्तै लेखापढी गरिदिन्छ। अँ, त्यो त दिमाग भएको मानिस हुन्छ जसले कानून या अरू त्यस्तै कुराहरू पढेको हुन्छ। एक दिन पुस्तक पढ्नेबारे मैले उसित कुरा गरिहेरें किनभने ऊ निकै अध्ययन गर्दथ्यो। त्यसले भन्यो, किताब पढेर केही फाइदा हुँदैन। ऊ के भन्थ्यो भने उसले अहिलेको र पहिलेको कारावासबारे सबै कुरा अध्ययन गरेको थियो।अध्ययन गर्नुअघि जेलबारे जति उसले बुझेको थियो त्यति पढेपछि त्यसलेबुझेन।त्यसले भन्यो, कारावास अवनतिको बाटोतिर लागिरहेछ। र यसको गति अवरुद्ध गरेर यसमा परिवर्तन ल्याउने बुद्धि कसैमा आएको छैन। उसको भनाइअनुसार ईश्वरको निम्ति कसैले पनि जेलबारे अध्ययन नगरोस् किनभने एक त पढ्नु नै अलमलमा पर्नु हो र अर्को कुरा सरकारी कर्मचारीहरूप्रति आदरका सबै भावना बिलाएर जानेछन्।'

म्युलेले भन्यो, 'ती कर्मचारीहरूप्रति अहिले पनि त ममा रत्तिभर आदर-भाव छैन। हामीले यस्तो किसिमको सरकार मात्र पाएका छौं जसले हामीसँग अल्पांश नाफा लिन खोज्छ। मलाई जिल्ल पार्ने एउटा कुरा छ, र त्यो हो विल्ली फिले–जो ट्र्याक्टर हाँकेर आफ्नै मानिसहरूले खेतीपाती गर्ने गरेको जमीनको

मालिक हुन लागेको छ । यसले मलाई चिन्तित पारिदिएको छ । अरू ठाउँबाट आएको कुनै मानिस यहाँको परिस्थितिसँग अनभिज्ञ हुन सक्छ, तर विल्ली त यहींको हो । मलाई चिन्ता भएर उसकहाँ गईकन मैले सोधें । ऊ त पागल जस्तो थियो । त्यसले भन्यो, "मेरा दुइटा साना-साना केटाकेटीहरू, एउटी स्वास्नी र सासु छन् । मैले तिनीहरूलाई खवाउनु छ ।" झन् पागल जस्तो कुरा गर्दै त्यसले भन्यो, "सब-भन्दा पहिले मैले विचार गर्नुपर्ने मेरो परिवार हो । अरूहरूमाथि के भइरहेछ त्यो उनीहरूको नै चिन्ताको विषय हो ।' त्यसलाई लाज लागेको जस्तो हुन्छ र ऊ पागलसरि व्यवहार गर्छ ।'

जिम केसी निम्न लागेको आगो घुरेर हेरिरहेको थियो । उसका आँखा झन-झन् ठूला भए र गर्दनका मांसपेशीहरू झन्-झन् फुलेर आए । अकस्मात् त्यसले कराएर भन्यो, 'मैले पाएँ । धार्मिक भावनाको केही अंश कसैले पाउनु छ भने त्यो मैले पाएँ । एक झलकको रूपमा मैले त्यो पाएँ ।' ऊ जुरुक्क उठेर टाउको हल्लाई-कन यताउति हिँड्यो।'एकताक म पाल-साल टाँगेर बसेको थिएँ जहाँ प्रत्येक रात पाँच सय जति मानिस आउँथे । त्यो तिमीहरूले देखेकै कुरा हो ।' ऊ थामिएर उनीहरूको मुखतिर हेरी भन्यो । 'खलिहान र मैदानमा मानिसहरूलाई धर्मोपदेश गर्दा मैले कहिले केही चीज जम्मा गरिराखेको तिमीहरूले कहिल्यै देखेका छौ ?'

म्युलेले भन्यो । 'ईश्वर साक्षी राखेर भन्न सक्छु, तिमीले कहिले पनि जम्मा गरेका थिएनौ । तिमीलाई केही नदिनु यहाँका मानिसहरूको बानी नै भैसकेको थियो । अरू कुनै पादरी आएर पैसा उठाउनको लागि जब आफ्नो टोप सबैकहाँ घुमाउँथ्यो, उनीहरू अलि बहुलाएर जस्ता हुन्थे ।यो त ठीक छ ।'

केसीले भन्यो, 'खानलाई म केही चीज लिन्थें । मेरो पैन्ट झुत्रो भएपछि म एउटा पैन्ट लिन्थें र कहीं हिँडेर धर्मोपदेश गर्नुपर्‍यो भने एक जोर जुत्ता पनि लिने गर्थें । तर पालमा बसेर धर्मोपदेश गर्दा मलाई जुत्ताको आवश्यकता थिएन । यस्ता दिनहरू पनि आए जब मैले दस-बीस डलर लिने गरे । त्यसरी लिएर मलाई सुख र चैन भएन, त्यसैले मैले लिन छोडे । अनि पछि मलाई केही दिनको लागि सुख भयो । म ठान्छु, अब उपदेश दिने बेला आइसक्यो । म उपदेश दिन सक्छु कि सक्तिनँ मलाई थाहा छैन । म उपदेश दिन खोज्छु जस्तो मलाई लाग्दैन । तर पादरीको निम्ति एउटा ठाउँ त पाउन सकिएला । घरबारविहीन र जमीनबाट बंचित

गराइएर सडकमा काम गर्न बाध्य भएका मानिसहरूलाई मैले फेरि उपदेश दिन सकुँला। यस्ता मानिसहरूले कुनै किसिमको घर पाउनु पर्ने।' त्यो आगोनिर उभियो। उसको गर्दनका कैयन मांसपेशीहरू स्पष्ट देखिए र आगोको प्रकाश उसका आँखामा परेर रातो छायाँ प्रतिबिम्बित भयो। आगोको नजीक उभिएर त्यसले आगो हेरिरह्यो। उसको आकृतिमा यस्तो तनाव थियो मानौं ऊ केही सुनिरहेको थियो। उसका हात, जो मानौं केही चीज ठिप्न, केही विचारहरू व्यक्त गर्न सक्रिय भएका जस्ता थिए, अब शान्त भएर खल्तीहरूभित्र पसे। चमेराहरू फीका आगोको प्रकाशको भित्र-बाहिर उड्न थाले। र लाटोकोसेरो कराएको आवाज जो पानीको भुल्को जस्तो थियो खेतहरूको पारिपट्टिबाट आयो।

टामले बिस्तारै आफ्नो खल्तीभित्र हात घुसारेर सुर्ति झिक्यो अनि एउटा चुरोट बेरूञ्जेल आगोमा हेरिरह्यो। त्यसले पादरीको सम्पूर्ण भाषणलाई वास्तै गरेन मानौं यो कुनै निजी कुरा थियो जसलाई ध्यान नदिए पनि हुन्थ्यो। त्यसले भन्यो, 'म फेरि घर फर्केर आउँदा कस्तो होला भनेर राति-राति मेरो सुत्ने फल्याकमा पल्टिएर विचार गर्थें। म विचार गर्थें – बाज्ये या बज्यै मर्नु भएको हुनसक्छ तथा कुनै नयाँ केटाकेटीहरू पनि जन्मेका हुन सक्छन्। बाको मिजास त्यतिको कडा नहुन-सक्छ र आमाले आफू अलि कम काम गरेर रोसाशार्नलाई बाँकी काम गराउने गरेको हुनसक्छ। जस्तो पहिले थियो त्यस्तो हुने छैन भन्ने कुरा मलाई थाहा थियो। अँ, हामीहरू यहीं सुतौं, भोलि बेहान काका जानकहाँ जाऔंला। कम-से-कम म त जाउँला। तिमी के गर्छौ, नजाने, केसी?'

पादरी अझसम्म आगोमा नै हेरेर उभिरह्यो। त्यसले बिस्तारै भन्यो, 'हुन्छ, म तिमीसित जाउँला। र तिम्रो परिवार सडकमा काम गर्न गएपछि म उनीहरूसित जाउँला। जुन सडकमा उनीहरू जान्छन् त्यहीं उनीहरूसित म जानेछु।'

जोडले भन्यो, 'तिमीलाई स्वागत छ। आमा जहिले पनि तिमीलाई मन पराउनु हुन्थ्यो। विश्वास गर्न लायकको पादरी छौ भनी उहाँ भन्नुहुन्थ्यो। त्यस बेला रोसाशार्न ठूली भइसकेकी थिइनँ।' त्यसले आफ्नो मुन्टो मोडेर भन्यो, 'तिमी पनि हामीहरूसँगै हिंडेर जान्छौ?' म्युलेले त्यस सडकतिर हेऱ्यो जहाँबाट उनीहरू आएका थिए। जोडले दोहोऱ्याएर सोध्यो, 'म्युले, तिमी पनि साथै जाने विचार छ?'

कैरे ? अहँ, म कतै जान्न यस ठाउँलाई छोडेर । उ पर त्यहाँतिर तल-माथि चलिरहेको त्यो प्रकाश देख्छौ ? शायद त्यो यस कपासको फाँट हेर्ने निरीक्षक होला । कसैले हामीले बालेको आगो निरीक्षण गरिरहेको हुनसक्छ ।'

टामले हेऱ्यो । त्यो प्रकाश-पुञ्ज पहाडमाथि नजीक आइरहेको थियो । त्यसले भन्यो, 'हामीहरूले केही नोक्सान गरेका छैनौं । हामी यहाँ बस्तैछौं । हामी कुनै नराम्रो काम गरिरहेका छैनौं ।'

म्युलेले भन्यो । 'हो, हामी यहाँ केही गरिरहेका छौं । हामीहरू अतिक्रम गरिरहेका छौं । हामीहरू यहाँ बस्न सक्तैनौं । दुइ महीना भयो उनीहरूले मलाई समात्न खोजिरहेका । अब हेर; गाडी आएर लिन आए, हामी कपासको फाँटतिर गएर लुक्न जाऔं । हामीलाई पर जानु छैन । र ईश्वरलाई साक्षी राखेर भन्छु, उनीहरू हामीलाई पत्ता लगाउन कोशिश गरून् ! उनीहरूले हरेक पंक्तिमा तल-माथि खोज्नु पर्नेछ । टाउको निहुराई राख ।'

जोडले रिसाएर भन्यो । 'म्युले, तिमीलाई के भयो ? तिमी कहिले पनि भागेर लुक्ने मानिस थिएनौ । तिमी गिऱ्यौ, नीच भयौ ।'

म्युलेले नजीक आइरहेको प्रकाशलाई हेरिरह्यो । त्यसले भन्यो, 'हो, म ब्वाँसो जत्तिकै नीच भइसकें । अहिले म न्याउलो जत्तिकै नीच छु । तिमीले केही शिकार गरिरहेको बखत तिमी शिकारी हुन्छौ र तिमीमा बल आउँछ । कसैले शिकारीलाई कुट्न सक्तैन । तर तिमी शिकार भयौ भने त्यो भिन्दै कुरा हुन्छ । तिमीउपर केही हुन्छ, तिमी बलियो हुँदैनौ । तिमी डरलाग्दो हुन सक्छौ तर बलियो भने होइन । धेरै दिनदेखि म त शिकार हुँदैछु । अब म शिकारी छैन । अँध्यारोमा कसैलाई गोली हान्ने मेरो इच्छा छ । तर बारिराखेको लट्ठीले भने कसैलाई पिट्ने मन छैन । मलाई होस् या तिमीलाई बेवकूफ बनाएर के फाइदा ? कुरो यही हो ।'

जोडले भन्यो, 'अँ, तिमी लुक्न जाऊ । यी राँडा छोराहरूलाई केही कुरा भन्ने अनुमति मलाई र केसीलाई देऊ ।' प्रकाश झन्-झन् नजीक आइपुग्यो । यो आकाशमा फैलिएर अदृश्य भयो र एकछिनपछि फेरि देखापऱ्यो । यो दृश्य तीनै जनाले हेरिरहे ।

म्युलेले भन्यो, 'शिकार हुनुमा एउटा अर्को कुरा छ । सबै खतरनाक कुराबारे

तिमीले विचार गर्नुछ । तिमी शिकार खेल्दैछौ भने तिमीले खतराबारे विचार गर्नु हुँदैन र तिमीलाई डर पनि हुनु हुँदैन । तिमीले भने जस्तै तिमी कुनै तकलीफमा फस्छौ भने उनीहरूले तिमीलाई बाँकी कैदको अवधि काट्न फेरि मैकआलेस्टर पठाउने छन् ।'

जोडले भन्यो, 'त्यो ठीक छ । उनीहरूले मलाई भनेको त्यही हो । तर यहाँ बस्नु, आराम लिनु या जमीनैमा सुत्नु त तकलीफ होइन । त्यो कुनै गल्ती काम पनि होइन । त्यो रक्सी खाएर लठ्ठ हुनु या अरूलाई दुःख दिनु पनि होइन ।'

म्युलेले हाँसेर भन्यो, 'तिमीले पछि देख्लाऊ । तिमी यहाँ बसिराख, गाडी आउला । यो विल्ली फिले हुन सक्छ जो अहिले उप-जिल्लाधीश छ । विल्लीले भन्ने छ, "यहाँ बसेर के अतिक्रम गरिरहेका ?" अँ, तिमीलाई थाहा नै छ कि विल्ली पूरा पागल छ, यसैले तिमीले भन्ने छौ, "तिमीलाई के को चासो ?" विल्लीले बहुलाएर भन्नेछ, "हटेर जा नत्र म तँलाई यो गाडीभित्र जाकिदिने छु ।" र फिलेले तिमीलाई घचेट्न दिने छैन किनभने त्यो बहुलाएर डराएको हुन्छ । छकाउने काम उसको भएकोले त्यसले छकाउने छ । तिमीले कडा र रुखा व्यवहार गर्नेछौ । तिमीले यो भन्नु पर्नेछ, धत्तेरी, बरु कपासको खेतमा पल्टिएर उनीहरूलाई हेर्न दिनु सजिलो छ । यो बडो मजाको कुरा छ किनभने उनीहरू बहुलाएका छन् र केही पनि गर्न सक्तैनन् । तिमी उनीहरूलाई गिज्याइरहनेछौ । तर तिमीले विल्ली या अरू कुनै मालिकसँग कुरा गर्नेछौ अनि उनीहरूलाई कसेर हिर्काउने छौ । फल-स्वरूप उनीहरूले तिमीलाई गाडीमा राखेर तीन वर्षको लागि फेरि मैकआलेस्टर लिएर जाने छन् ।'

जोडले भन्यो, 'तिमी विवेकपूर्ण कुरा गरिरहेछौ । तिमीले गरेको प्रत्येक कुरामा विवेक छ । तर जीजसको किरिया खाएर भन्छु, म घचेट्न चाहन्न, बरु म विल्लीलाई आफूले सकुन्जेल मुक्क्याउन चाहन्छु ।'

म्युलेले भन्यो, 'त्योसित बन्दूक छ जो त्यसले उप-जिल्लाधीशको हैसियतले चलाउनेछ । त्यस हालतमा या त त्यसले तिमीलाई मार्नु पर्नेछ या तिमीले उसको बन्दूक खोसेर उसलाई मार्नु पर्नेछ । हेर टामी, त्यसरी पल्टिएर तिमीले उनीहरूलाई बेवकूफ बनाउन लागेका छौ भन्ने कुरा तिमी राम्ररी जान्दछौ । तिम्रो मनमा

पनि यही कुरा छ ।' आकाशमाथि कोण बनेर प्रकाशको धार देखा पऱ्यो र मोटर-गाडीको घाइँ-घाइँ आवाज पनि सुनियो । 'टामी हेर त, घेरै टाढा जानु पर्दैन, चौध पन्ध्र पंक्ति घर नाघेपछि उनीहरू के गर्छन् भन्ने कुरा हामीहरूले देख्न सक्छौं ।'

जुरुक्क उठेर टामले भन्यो, 'धरोधर्म ! तिमीले भनेको कुरा ठीक छ । जस्तोसुकै कुरा किन नहोस् मलाई कुनै कुरामा जित्नु छैन ।'

'उसो भए यो बाटो आऊ ।' म्युले घरको वरिपरि पचास गज जति पर कपासको खेतमा गयो । त्यसले भन्यो, 'बेसै छ, अब पल्टेर बस । उनीहरूले प्रकाश-पुञ्ज फ्याँकेर हेर्न थालेको खण्डमा हामीहरूले टाउको तलतिर लुकाए पुग्छ । यो एक किसिमले मजै हुन्छ ।' तीनै जना कुहिनो टेकेर लम्पसार परे । म्युले उफ्रेर घरतिर दगुऱ्यो र एकै छिनमा फर्केर आई त्यसले कोट र जुत्ताहरूको एक पोका फ्याँक्यो । त्यसले भन्यो, 'उनीहरूले यो लिनेछन् ।' घरको तल-माथि उनीहरूले प्रकाश फ्याँकेर हेरे ।

जोडले सोध्यो, 'उनीहरू यहाँ आएर चोर-बत्तीले हामीहरूलाई खोज्दैनन् ? मसित एउटा लट्ठी भए बेस हुने थियो ।'

म्युले भित्रभित्रै हाँस्यो । त्यसले भन्यो, "अँहँ, उनीहरू आउँदैनन् । म न्याउलो जत्तिकै नीच छु भनेर त तिमीलाई अघि नै भनिसकें । बिल्ली एक राति त्यसरी नै हेर्न आयो । अनि मैले उसलाई पछिल्तिरबाट एउटा बारिराखेको लट्ठी लिएर ठोकें । यस्तो चालले मैले उसलाई ठोकें कि पछि त्यसले 'पाँच जना मानिस आएर मलाई ठोके' भन्नुपऱ्यो ।"

गाडी घरको नजीक आइपुगेपछि प्रकाश-पुंज फैलियो । म्युलेले भन्यो, 'छ-पांग्रे ट्रक ।' त्यसबाट आएको सेतो प्रकाशको रेखा उनीहरूको टाउको माथिबाट हुँदै खेतमा पुग्यो । लुकिरहेका मानिसहरूले कोही मानिस चलेको देखेनन् तर उनीहरूले गाडीको ढोका ढ्याम्म लगाएको तथा मानिसहरूको आवाज भने सुने । म्युलेले कानेखुसी गऱ्यो । 'प्रकाशमा पर्न डर लाग्छ । एक-दुइचोटि गाडीको हेडलाइटमा मैले गोली हानेको थिएँ । त्यसबाट बिल्ली चनाखो भयो । आज राति त्यसले आफ्नो साथमा कसैलाई ल्याएको छ ।' उनीहरूले काठमा पाइला टेकेको आवाज सुनेपछि घरभित्रबाट देखाएका चोरबत्तीको प्रकाश देखे । म्युलेले कानेखुसी गऱ्यो । 'घरभित्र

गोली हानुं ? गोली कहाँबाट आयो भनेर उनीहरूले देख्न सक्तैनन् । उनीहरूलाई कसैगरी अलमलाइरहनु पर्छ ।'

जोड्ले भन्यो । 'अवश्य, अगाडि बढ ।'

केसीले कानेखुसी गऱ्यो । 'त्यसो नगर । राम्रो हुने छैन । एक छिन पर्ख । के गर्ने भन्ने कुरामा विचार गर्नु पर्छ ।'

घर नजीकैबाट एउटा घर्षणको आवाज आयो । म्युलेले कानेखुसी गऱ्यो । 'आगो निभाएर त्यसमाथि लात हानेर धूलो फालेको आवाज आएको त्यो ।' गाडीका ढोकाहरू ढचाम्म लाएर त्यसका बत्तीहरू घुमाएर फेरि सडकतिर फर्काइए । म्युलेले भन्यो, 'अब ६-पांग्रे ट्रक ।' उनीहरूले टाउको तलतिर निहुराए र लामो प्रकाशको धार उनीहरूको टाउकोमाथितिरबाट हुँदै गएर कपासको खेत पार गऱ्यो । त्यसपछि गाडी चलेर सुइँक्यो र उकालो पार गरेर अदृश्य भयो ।

म्युलेले बसेर भन्यो, 'विल्लीले जहिले पनि अन्तिम प्रकाशको झलक फालेर हेर्ने गर्थ्यो । त्यसले यति पटक हेऱ्यो भन्ने कुरा म गन्न सक्छु । ऊ त्यसो गर्नु ठीकै छ भनेर अझै विचार गर्छ ।'

केसीले भन्यो, 'उनीहरूले कुनै मानिसलाई घरमा छोडेर गएका हुन सक्छन् । हामीहरू यहाँबाट निस्केपछि उनीहरूले समात्ने हुन् कि ।'

'हुन सक्छ । तिमीहरू यहीं पर्ख । यो कुरा मलाई थाहा छ ।' त्यो बिस्तारै हिँडेर गयो । ऊ गएको बाटोमा अलि-अलि माटो क्याच-क्याच कुल्चेको आवाज सुनियो । ती पर्खनेहरू दुइ जनाले त्यसले बोलेको कुरा सुन्ने प्रयास गरे । तर ऊ गइसकेको थियो । एक छिनपछि त्यसले घरबाट बोलायो । 'उनीहरूले यहाँ कसैलाई छोडेर गएनन् । आऊ यहाँ फर्केर ।' केसी र जोड परिश्रम गरेर घरको अन्धकारमय थुप्रोतिर बढे । म्युलेले उनीहरूलाई धूवाँ आइरहेको धूलोको नजीक भेट्यो जो उनीहरूले बालेका आगोबाट निस्केको थियो । त्यसले गर्वसाथ भन्यो, 'उनीहरूले यहाँ कसैलाई छोडेर जालान् भनेर म विचार गर्दिनँ । मैले विल्लीको गाडीका बत्तीहरूमा दुइ-तीनचोटि गोली हानेर उसलाई सतर्क तुल्याएको छु । यो कसले गरेको भनेर उनीहरूलाई यकीन भएन र मैले आफूलाई समाउन दिइनँ । म

कुनै घरको नजीक सुत्दिनँ । तिमीहरूलाई पनि आउन मन लाग्छ भने म आफू सुत्ने ठाउँ देखाइदिन्छु । त्यहाँ कोही आएर तिमीहरूलाई फेला पार्ने छैन ।'

जोडले भन्यो, 'हुन्छ बाटो देखाउँदै जाऊ, हामीहरू पछि-पछि आउँछौं । मैले मेरो बाको घरमा लुक्ने कहिले पनि विचार गरिनँ ।'

म्युले खेतहरूको पारिपट्टि जोड र केसीलाई पछि लगाउँदै गयो । उनीहरू जाँदा-जाँदै कपासका बिरुवाहरूलाई लात हान्दै गए । म्युलेले भन्यो । 'तिमीहरू अनेक कुराहरूबाट लुक्न सक्नेछौ । उनीहरू एक-एक गरेर खेतहरूको पारिपट्टि गए । उनीहरू पानीको छहरामा आइपुगे र यसैको तल चिल्पेर गए ।

जोडले कराएर भन्यो । 'ईश्वरको किरिया खाएर भन्छु, मलाई थाहा छ । यही नदीको किनारामा भएको गुफा होइन ?'

'ठीक छ । कसरी थाहा पायौ तिमीले ?'

जोडले भन्यो, 'मैले खनेको यो; म र मेरो भाइ नोआ मिलेर खनेको यो गुफा । सुनको खोजी गर्ने भन्दै अरू केटाकेटीहरूले गरे झैं हामी पनि गुफा खन्दै थियौं ।' छहराका पहरा अब उनीहरूको टाउकोमाथि परे । जोडले भन्यो । 'हामीहरू नजीकै आइपुगेको हुनु पर्छ । म ठान्दछु, हामीहरू निकै नजीक आइपुगेका छौं ।'

म्युलेले भन्यो, 'मैले गुफालाई झारपातले छोपेको थिएँ अतएव यसलाई कसैले देख्न सकेन ।' भीरको तल्लो भाग सम्म परेको भए पनि बलौटे थियो ।

जोड सफा बालुवामा बस्यो । त्यसले भन्यो । 'गुफा-सुफामा म सुत्दिनँ । म यहीं सुन्छु । त्यसले कोट बेरेर टाउकोमुनि राख्यो ।

म्युले छोपिराखेको झारपात हटाएर गुफाभित्र घस्रेर गयो । त्यसले कराएर भन्यो । 'मलाई यहींभित्र मन पर्छ । मलाई लाग्छ, कोही आएर मलाई केही गर्न सक्तैन ।'

जिम केसी जोडको छेउमा बालुवामै बस्यो ।

जोडले भन्यो, 'एक छिन सुत, भोलि बेहान हामीहरू काका जानकहाँ जाऔंला ?'

केसीले भन्यो, 'म सुत्दिनँ । म ज्यादै अलमल्ल परेको छु ।' त्यसले आफ्ना खुट्टा तानेर दुवै हातले अँगालो हाल्यो । त्यसले आफ्नो टाउको पछिल्तिर फर्काएर उज्ज्वल ताराहरू हेरिरह्यो । जोडले हाई गरेर एउटा हात आफ्नो टाउकोमुनि राख्यो । उनीहरू चूप लागेपछि बिस्तार-बिस्तारै जमीन, दुलो तथा झारपातहरू फेरि सजीव भएर आए । लोखर्के तथा खरायोहरू हरिया पातहरूमा घस्रेर आउन थाले । मूसाहरू जमीनमा भागाभाग गर्न थाले तथा पखेटाधारी शिकारीहरू आकाश-माथि आवाज नआउने गरी उड्न थाले ।

सातौं अध्याय

शहरहरूमा, शहरका छेउछाउमा, खेतहरूमा, छुट्टै खाली जमीनमा प्रयोग गरिएका गाडीका ग्यारेजहरू, बिग्रेका जहाजहरू मर्मत गर्ने ज्यासलहरू, तथा संकेत-पाटीहरूले सुसज्जित ग्यारेजहरू जसमा लेखिएका थिए–प्रयोग गरिएका गाडीहरू, प्रयोग गरिएका असल गाडीहरू, सस्तो परिबहन, तीन डिब्बा भएका गाडीहरू, '२७ मोडेलको फोर्ड, परीक्षण गरिएका गाडीहरू, ग्यारेन्टी लिइएका गाडीहरू, निःशुल्क रेडियो, गाडीको साथ सय ग्यालन प्याट्रोल निःशुल्क, भित्र आएर हेर,प्रयोग गरिएका गाडीहरू, कुनै किसिमको साधारण व्यय नलाग्ने ।

एक टुक्रा अलग जमीन र एउटा घर जसमा एउटा डेस्क, एउटा कुर्सी र सरकारी अफिसर, एउटा गुप्त पुस्तक । त्यहाँ क्लीप लगाएको एक ठेली मंजूरीपत्र । ती पत्रका कुनाहरू कुकुरका कान जस्तै फर्काइएका; त्यहाँ प्रयोगमा नल्याइएको एक ठेली मंजूरनामा कागज पनि । कलमको विज्ञापन–मसी राम्ररी भरिने, राम्रो लेख्ने । एउटा कलम राम्रो नलेखेकोले बिक्री हुन सकेन ।

ती राँडा छोराहरूले त्यहाँ केही किनमेल गरेनन् । प्रत्येक आँगनमा माल-सामानहरू हेरेर समयमात्र बरबाद गरे, तर कुनै गाडी-सवारी किनेनन् । त्यस्तालाई समय दिनु नपर्ने । ती दुइ जनाका साथमा केटाकेटीहरू । उनीहरूलाई गाडीमा राखेर गाडी दुइ सय माइलको दरले हाँकिदेऊ जसबाट उनीहरूलाई रिंगटा लागोस् । हुन त एक सय पच्चीसको दरले चलाए उनीहरू सहन सक्थे । बिग्रेको गाडीमा उनीहरूलाई राखेर शीघ्र गतिले हाँकेर घुमाऊ । किनभने उनीहरूले हाम्रो समयमात्र बरबाद गरे ।

माथितिर बाहुला स्यारेका मालिक तथा विक्रेताहरूले तीखा र साना-साना

दृढ आँखाले ती किन्न आउनेहरूको कमजोरीमाथि दृष्टिपात गरिरहेका ।

ती आइमाईको मुख राम्रोसँग हेर । तिनले किनमेल गर्न मनपराइन् भने त्यो बूढोसँग हामीले आफ्नो स्वार्थ सिद्ध गर्न सकौंला । पहिले उनीहरूलाई कैड' गाडीमा राखेर घुमाऊ । त्यसपछि त्यो ड्राइभरको साथमा '२६ मोडेलको 'ब्युइक' गाडीमा राखेर घुमाएपछि काम आउँछ । ब्युइकको सवारीपछि उनीहरू फोर्डमा जानेछन् । बाहुला माथि स्यारेर काम गर्दै जाऊ । यो सधैं रहने होइन । उनीहरूलाई 'नैश' गाडी देखाऊ तबसम्म म त्यो '२५ मोडेलको 'डाज' गाडीको बिस्तारै हावा निस्कने ट्यूबमा हावा हालिरहन्छु । म तयार भएपछि तिमीलाई 'हाइमाइ' गाडी दिने छु ।

तिमीलाई चाहिएको परिबहन, होइन ? तिमीलाई ठग्ने कुरा गरेको होइन । सजावट-सामग्रीको मोल अकास्सिएको छ ! बस्ने गद्दाको मोल पांग्राको मोल जति छ ।

अग्रीम भाग, खिया परेका अग्रीम भागहरू अघिल्तिर फर्काएर, चेप्टो टायर भएका गाडीहरू नजीक-नजीकै लाममा राखिएका ।

त्योचाहिं हेर्न भित्र आउने मन छ कि ? भैगो, तिमीहरूलाई किन दुःख, म त्यसलाई बाहिर निकालिदिन्छु ।

उनीहरूलाई अनुगृहीत पार । उनीहरूलाई अलि समय देऊ । उनीहरूलाई संझना हुने गरीकन समय देऊ । धेरैजसो मानिस राम्रै हुन्छन् । उनीहरू हामीहरू-लाई असुविधामा राख्न चाहँदैनन् । हामीलाई असुबिधा भए पनि उनीहरूलाई गाडीमा राखेर देखाऊ ।

टी-मोडेलका, अग्ला र नाक बाहिर निस्केका, पांग्राहरूबाट आवाज निस्कने, खिइएका बैन्डहरू, ब्युइकहरू, नैशहरू, डे सोटेज गाडीहरू लाममा राखिएका ।

ज्यू साहेब, '२२ मोडेलको डाज अहिलेसम्म बनेका गाडीहरूमा सबभन्दा उत्तम । कहिले नखिइने, कम दबाव भएको गाडी । बढी दबावले एक छिनको लागि प्राणशक्ति संचार हुन्छ तर धातु धेरै बेर टिक्दैन । जस्तो प्लाइमाउथ्स, राकनेस स्टार्समा हुन्छ ।

जीजसको किरिया खाएर भन्छु, त्यो एपरसान आर्क कहाँबाट आएको ? र चाल्मर्स तथा चैण्डलर वर्षौं खप्ने गरीकन बनाइएका छैनन् । हामीहरू पत्तु गाडीहरू बेच्तैनौं । मैले बिग्रेका गाडीहरू लिनु पर्ने । मेरो त्यस्तो एउटा गाडीको पच्चीस-तीस डलरभन्दा बढी पर्दैन । त्यस्तो एउटा गाडी पचास-साठीमा बेच्न पाए धेरै नाफा हुने छ । क्राइस्टको किरिया खाएर भन, तिमी एउटा नयाँ गाडीमा कतिसम्म मोल घटाउँछौ ? बिग्रेका गाडीहरू नै लेऊ । यस्तो गाडी पाउनासाथ बिक्री गर्न सकिन्छ । अढाई सय ननाघीकन कुनै गाडी पाउँदैनौ । जिम, पेटीबाट जाने त्यो राँडा छोरा बूढोलाई उम्कन नदेऊ । उसलाई त्यो एपरसन गाडी हेर्न देऊ । खै, त्यो एपरसन गाडी ? बेच्यौ ? हामीले बिग्रेका गाडी नबेचे अरू के बेच्ने ?

सडकको किनारा राता-सेता, सेता-नीला ढुंगाहरूले छापेका । प्रयोग गरिएका गाडीहरू, प्रयोग गरिएका असल गाडीहरू ।

आजको बेच-बिखन चौतारामाथि । यो गाडी कहिले नबेच । नबेच्ने भएपनि मानिसहरूलाई भित्र आउन देऊ । हामीले त्यति मोलमा बेच-बिखन गऱ्यौं भने दस सेन्ट पनि नाफा पाउने छैनौं । यो बेचिसकिएको छ भनेर उनीहरूलाई भन । बेच्नु-अगावै त्यस आँगनको ब्याटरी निकालेर त्यसको ठाउँमा राम्रो काम नदिने त्यो ब्याटरी राखिदेऊ । क्राइस्टको किरिया खाएर भन्छु, पचहत्तर सेन्टमा उनीहरूले के पाउँछन् ? बाहुलामाथि स्यारेर काममा व्यस्त रहनू । यसरी धेरै दिन चल्दैन । मसित बिग्रेका गाडी धेरै भए म ६ महीनामा नै यस कामबाट संन्यास लिनेछु ।

सुन जिम, मैले त्यो 'चेवी' गाडीको पछिल्लो भागबाट आएको आवाज सुनें जो बोतल फुटेको जस्तो छ । आधा ग्यालन जति काठको धूलो भित्र घुसाइदेऊ । गियरमा पनि अलि-अलि हालिदेऊ । हामीले त्यो रद्दी गाडीलाई पैंतीस डलरमा बिकाउनु छ । त्यो एउटामा राँडा छोराले मलाई ठग्यो । मैले दस डलर दिएँ, त्यसले पन्ध्र डलर माग्यो । अनि राँडा छोराले ज्यावलहरू झिक्यो । हे भगवान् ! मसित बिग्रेका पाँच सय जति गाडी भए हुन्थ्यो । यसरी धेरै दिन चल्दैन । त्यसले टायरहरू मन पराएन ? तिनीहरूले टायर किन्दा दस हजार लगाएका थिए । डेढ डलर घटाइ देऊ ।

बारेको ठाउँमा बिग्रेका सामानहरू थुप्रै थिए । त्यसको पछिल्तिर फेन्डर्स, ग्रीज लागेर कालो भएका सामानहरू, काठका साँचाहरू बिग्रेर जमीनमा यताउति पड़ि-

रहेका थिए । बेलनहरूको बीचबाट घाँस उम्रिराखेको थियो । ब्रेकका डंडाहरू, मयल आदि निस्कने पाइपहरू सर्प जस्तै थुप्रिरहेका थिए । ग्रीज र प्याट्रोल पनि पोखिएको थियो ।

बिजुलीको झिल्का निकाल्ने यन्त्रमा कहीं चर्केको थियो कि हेर । क्राइस्टको शपथ, मसित सय डलर पनि नपर्ने, गाडीले तानेर लाने पचास डिब्बा भएका भए मैले तिनीहरूलाई बेच्ने थिएँ । त्यो मोराले के विरोध गरिरहेको ? हामीहरू उसलाई गाडी बेच्छौं तर उसलाई जबरजस्ती लिन लाउन्नौं । जबरजस्ती लिन नलाऊ । महीनावारी किस्तामा चुक्ता हुने गरीकन त्यो एउटा उसलाई देऊ । त्यसबाट फाइदा हुन्छ भनेर तिमी विचार गर्दैनौं ? त्यसोभए उसलाई घोक्राएर पठाइदेऊ । कुनै निर्णय गर्न नसक्ने मानिसबाट हामीलाई निकै हैरानी हुन्छ । ग्रेहैम गाडीको अगाडिको टायर झिक । मरम्मत गरिसकेको पाटा घोप्टचाइदेऊ । बाँकी राम्रै देखिन्छ ।

ती पुराना थुप्रा सामानहरूबाट अवश्य पचास हजार आउँछ । त्यसमा तेल-सेल हालेपछि त्यसबाट निकै फाइदा हुन्छ ।

गाडी हेरेको ? मनमा के छ ? केही कुराले आकर्षित गर्छ कि हेर ? मलाई सुरापानको आवश्यकता छ अलिकति भएपनि खान पाए क्या राम्रो हुने थियो ? आऊ, हामी दुवै जना खाऔं । तबसम्म तिम्री श्रीमतीले 'ला सले' गाडी हेरिसक्ने-छिन् । पांग्राका धूरा खिइएका छन् । धेरै तेल खान्छ । '२४ मोडलको लिंकोल्न गाडी छ जो सधैं चल्छ । त्यस गाडीलाई ट्रक बनाए पनि हुन्छ ।

खिया परेको फलाममा कडा घाम लागेको । जमीनमा तेल पोखिएको । आकुल-व्याकुल हुँदै मानिसहरू गाडीको आवश्यकता परेर भित्र आए ।

पैताला पुछेर आऊ । त्यो गाडी फोहर छ, त्यसमा अडेस नलाऊ । गाडी करारी किन्छौ ? त्यसको कति पर्छ ? अब केटाकेटीहरूलाई हेरिराख्नू । योचाहिंको कति पर्ला ? हामी सोधौंला । त्यति सोध्नलाई पैसा लाग्दैन । हामीले सोध्न सक्छौं, सक्तैनौं र ? पचहत्तर सेन्टभन्दा बढी तिर्न सक्तैनौं होइनभने क्यालिफोनिया पुग्न धौ-धौ पर्नेछ ।

हे भगवान्, मसँग सयवटा मात्र ब्रिग्रेका गाडी भएका भए क्या मजा हुने

थियो । ती गाडी चलुन् या नचलुन् मलाई केही परवाह छैन ।

ज्यादा प्रयोग गरेर फुटिसकेका टायरहरू एकमाथि अर्को थुपारिएका । राता, खैरा ट्यूबहरू डिब्बामा प्याक गरेको मासु जस्तै झुण्डिरहेका ।

टायर टाल्ने प्याच चाहियो ? रेडिएटर सफा गर्ने यन्त्र चाहिएको ? विद्युत झिल्का बढाउने यन्त्र चाहिएको ? यो सानो गोली प्याट्रोलको टंकीमा खसालेपछि प्रतिग्यालन अरू दस माइल बढी जान सकिन्छ । यो गाडीमा रंग लगाइदेऊ– पचास सेन्टले नयाँ जस्तो हुन्छ । वाइपरहरू, फ्यानबेल्टहरू, ग्यास्केटहरू चाहिएको ? कपाट चाहिएको हुन सक्छ नयाँ कपाटको डाँठ नै लेऊ । पाँच सेन्ट तिरेर के नोक्सान हुन्छ र ?

ठीक छ, ज्यो । उनीहरूलाई मिजासले कुरा गरेर यहाँ पठाइदेऊ । म उनीहरूलाई यहाँबाट उम्कन नदिई कुरै-कुराले उनीहरूसँग रकम झारूँला । उनीहरूलाई खुशामद गरेर कुनै गाडीबाट नपठाऊ । म सौदा गर्न चाहन्छु ।

ज्यू, महाशय, भित्र आउनोस् । त्यहाँ आफूलाई मन लागेको खरीद गर्न सक्नुहुन्छ । अस्सी डलर तिरेपछि एक सौदा भइहाल्छ ।

म पचास डलरभन्दा बेसी दिन सक्तिनँ । बाहिर बस्ने मानिसले पचास डलर पर्छ भन्छ ।

पचास ! पचास ? त्यो मानिस तरंगी र झक्की छ । अठहत्तर त पहिले नै दिइसकेको । ज्यो, तिमी पागल र मूर्ख छौ । हामीलाई ड्याग पार्न खोजेका ? हामीले त्यो बाहिर बस्ने मानिसलाई बर्खास्त गर्नुछ । म साठी डलरसम्ममा दिन सक्छु, ल । यता हेर्नोस्, मिस्टर ! दिनभरि यसैमा लागिरहने मलाई फुर्सद छैन । म व्यापारी हुँ र कसैलाई किन्न लाचार गराउन बसेको होइन । केही सौदा गर्नु छ तपाईंको ?

एक जोर खच्चड बेच्नुछ ।

खच्चडहरू ! ए, ज्यो, सुन्यौ ? तिमी खच्चडहरू बेच्न चाहन्छौ । यो यन्त्रको जमाना हो भनेर कसैले तिमीलाई भनेन ? सरेसलाई प्रयोगमा ल्याउन छोड जस्तै मानिसहरू खच्चडलाई कुनै काममा प्रयोग गर्दैनन् ।

खच्चडहरू राम्रा-राम्रा, एउटा पाँच वर्षको, अर्को सात वर्षको । हामी अन्त पनि बेच्न सक्छौं ।

अन्त बेच्ने ! हामीहरू व्यस्त छँदा तिमी आएर हाम्रो समय बरबाद गर्छौं र फेरि जाने कुरा गर्छौं । ज्यो, के तिमी जुवाडेहरूसँग कुरा गरिरहेका ठान्छौ ?

म जुवाडे होइन । मलाई एउटा गाडी चाहिएको छ । हामीहरू क्यालिफोर्निया जाँदैछौं, त्यसैले एउटा गाडी चाहिएको छ ।

अँ, म शोषक हुँ । ज्यो भन्छ, म शोषक हुँ । त्यसले भन्छ मैले मेरो कमीज त्यागिनँ भने मैले भोकै मर्नु पर्नेछ । म जे गरूँला तिमीलाई भन्छु । कुकुरको चारा बनाउनलाई म ती खच्चडहरूलाई पा-पाँच डलर दिन सक्छु ।

कुकुरको चारा बनाउनलाई म ती खच्चडहरू बेच्तिनँ ।

अँ, म सात-आठ डलरमा लिन सक्छु । हामीले के गर्ने भन्ने कुरा तिमीलाई भन्छु । बीस डलरमा तिम्रा खच्चडहरूलाई गाडीको साथसाथै पठाइदिउँला, हुन्न र ? र पचास डलर तिर्ने अनि पछि एउटा मंजूरीपत्रमा तिमीले सही गर्ने जसबाट बाँकी डलर महीनाको द-दसको हिसाबले पठाउने ।

तर तिमीले अस्सी डलर भन्यौ ।

तिमीले परिबहन र बीमा शुल्कबारे कहिले पनि सुनेका छैनौ ? त्यसबाट महसूल अलि बढ्छ । बाँकी जम्मै तिमीले चार-पाँच महीनामा तिरौला । यहाँ तिम्रो नाउँ लेखेर सही गर । बाँकी सबै हाम्रो जिम्मा भयो ।

अँ, मलाई थाहा छैन–

अब, हेर, म तिमीलाई आफ्नो कमीज दिंदैछु । तिमीले यतिका समय लिसक्यौ । तिमीसित कुरा गरून्जेल मैले तीनचोटि सौदा गरिसक्नेथें । मलाई बाबक लागिसक्यो । हो, ठीक यहाँनिर सही गर । बस ठीक भो । अँ, ज्यो, यी भद्रपुरुषको निम्ति गाडीको टंकीमा प्याट्रोल भरिदेऊ ।

जीजसको शपथ ! ज्यो, यो काम तातै खाउँ जस्तो भयो । त्यो बिग्रेको गाडीको

लागि हामीले के दियौं ? तीस डलरदेखि पैंतीस डलर, होइन त ? त्यतिको दललाई मिलाउनु पर्ने । अब त्यसको निम्ति पचहत्तर डलर पाउँदिन भने म व्यापारी नै ठहरिन्नँ । र मैले पचास डलर नगद र चालीसचाहिं कबूलपत्रबाट पाउँछु । सबै मानिस ईमानदार छैनन् भन्ने कुरा मलाई थाहा छ । तर तिमी आश्चर्य मान्नेछौ कि बाँकी डलर असुल गर्नलाई कति चोटि धाउनु पर्नेछ । एक जना मानिस ताकेता लेखेको दुइ वर्षपछि सय डलर लिएर आयो । म बाजि ठोकेर भन्छु कि यसले त जरूर पठाउँछ । क्राइस्टको शपथ, मसित पाँच सय बिग्रेका गाडी भएहुन्थ्यो । ज्यो, तयार भएर बाहिर जाऊ र उनीहरूलाई बिस्तारै फर्काएर मकहाँ पठाइदेऊ । त्यस अन्तिम सौदाको लागि तिमीले बीस डलर पाउँछौ । तिमीले केही खराब गर्न लागेका छैनौ ।

मध्यान्हको घाम लागेको सडकमा छापेको ढुंगामाथि आजको सौदा '२९ मोडेलको फोर्ड ट्रक–मजासँग चल्छ ।

पचास डलरमा 'जेफीर' गाडी चाहिएको ?

त्यसको गद्दाबाट घोडाका रौं निस्किरहेका; फेण्डरहरू थिचिएका तथा पछि-ल्तिरको भाग चेप्टिएको । बंपरहरू पनि खुकुलो भएर झुण्डिरहेका । फेंडर गाइडमा, रेडिएटर क्यापमा साना-साना रंगीन बत्तीहरू तथा पछिल्तिर तीनोटा बत्ती भएको फोर्ड गाडी चलाएर गएको कुशल यात्रीबारे विचार गर । त्यसमा मेशीनलाई बचाउनको लागि राखिएका हिलो लागेका फलामे पाताहरू तथा गियर शिफ्ट लीभरमा एउटा ठूलो डाइ पनि जडिएको । कोरा नाउँ गरेकी एउटी राम्री लडकी रंगीन टायरको छतमाथि बसेकी र गाडीका धूले-शीशाहरूमा मध्यान्हको घाम लागेको ।

क्राइस्टको शपथ, मलाई बाहिर गएर खाने समय छैन । ज्यो, कुखुराको मासु हालेको समोसा लिन एउटा केटो पठाइदेऊ ।

पुराना इन्जीनहरूको गर्जन ।

त्यस क्रिस्लर गाडीमा एउटा मूक खरायोले हेरिराखेको थियो । त्यसको आडमा छालाको कोट छ कि छैन हेर । कोही-कोही किसानका लडकाहरू सुटुक्क आएर चोर्छन् । उनीहरूलाई चिप्लो घसेर मकहाँ पठाइदेऊ । ज्यो, तिमी राम्रो काम गरिरहेछौ ।

अवश्य हामीले यो बेच्यौं । ग्यारेन्टी छ ? हामीले यो मोटरगाडी हो भनेर

ग्यारेन्टी दियौं । त्यस गाडीको स्याहार-सुसार गर्ने हामीले ग्यारेन्टी दिएनौं । अब मेरो कुरा सुन । तिमीले एउटा गाडी किन्यौ र जोरसँग चिच्च्याइरहेछौ । तिमीले रुपैयाँ चुक्ता गर्दैनौ भने म तिमीलाई दोष दिन चाहन्न । तिम्रो कबोलनामा हामी राख्तैनौं । त्यो त हामी वित्त निगमलाई पठाइदिन्छौं । त्यस निगमका मानिसहरूले तिमीलाई पछ्याउनेछन्, हामीले होइन । हामीसित कागज नै हुँदैन । कसो ? अँ, तिमी दुष्ट भएर निस्क्यौ भने मैले पुलिस बोलाउनु पर्नेछ । हामीले ट्यूबहरूमा हावा भरेका छैनौं । ज्यो, गाडी यहाँबाट चलाऊ । ज्यो, कसैले एउटा गाडी किन्यो र त्यस पछि सन्तोष भएन भने त्यो त एक टुक्रा मासु किनी आधी खाएर फर्काएको जस्तो हुँदैन र ? हामी त व्यापार गर्न लागेका पो, दान-घर खोलेका हौं र ? त्यहाँ गएर '३६ मोडेलको पोन्टिआक गाडी उनीहरूलाई देखाऊ ।

ती गाडीहरूका नाक कुनै चारपाटे त कुनै गोलाकारका, कुनै खिया परेका त कुनै साभेल आकारका, कुनै हावाको अवरोध घटाउन लाम्चो भएर बांगिएका त कुनैका सतह चेप्टा । आजको सौदा । धेरै सामग्री भएका पुराना अद्भुत जन्तुहरू–तिनीहरूलाई सजिलैसँग ट्रक बनाउन सकिन्छ । दुइ पांग्राले चल्ने गाडीहरू, पांग्रा अड्ने डंडीहरू, मध्यान्हको कडा घाममा खिया लागेका । प्रयोग गरिएका गाडीहरू । राम्रो प्रयोग गरिएका गाडीहरू । सफा र राम्रोसँग चल्ने । पंपले तेल हाल्नु नपर्ने ।

क्राइस्टको शपथ, त्यो गाडी हेर ! अरूले राम्रोसँग हेरिसकेका ।

कैडिलैकहरू, ला सालेहरू, ब्युइकहरू, प्लाइमाउथहरू, पैकार्डहरू, चेवीहरू, फोर्डहरू, पोन्टिआकहरू । लहरै राखिएका, मध्यान्हको घाममा टल्कने ठूल-ठूला बत्तीहरू । राम्रो प्रयोग गरिएका गाडीहरू ।

ज्यो, उनीहरूलाई चिप्लो कुरा गरी फकाऊ । जीजसको शपथ, मसित हजार-वटा बिग्रेका गाडीहरू भए हुन्थ्यो। उनीहरूलाई सौदा गर्नलाई मनाऊ र म उनीहरू-लाई उम्कन दिनेछैन ।

क्यालिफोर्निया जाँदै छौ ? तिमीलाई चाहिएको कुरा यहाँ छ । हेर्दा खिइएका जस्ता देखिए पनि यी गाडीहरू हजारौं माइल चल्न सक्नेछन् ।

लहरै राखिएका । राम्रो प्रयोग गरिएका गाडीहरू । सौदाहरू । सफा र राम्रोसँग चल्ने ।

आठौं अध्याय

ताराहरूको बीच आकाश खैरो देखिन्थ्यो तथा अवेर गरेर उदाएको चतुर्थांश चन्द्रमा कमजोर तथा पातलो थियो । टाम जोड र पादरी कपासको खेतको बीचबाट गएको बाटो हुँदै छिटछिटो गए जो गाडी तथा ट्र्याक्टरका पांग्राहरूले बनाएका थिए । असन्तुलित आकाशले मात्र भोर भएको सूचना दियो, पश्चिमतिर क्षितिज देखा परेन तर पूर्वतिर एउटा रेखा देखा पर्न थाल्यो । हावामा आ-आफ्ना पैतालाले उडाएको धूलो सुँघ्दै दुवै चूप लागी हिंडिरहे ।

जिम केसीले भन्यो, 'म आशा गर्छु, तिमीलाई बाटो राम्रो याद छ । कहीं जाँदा-जाँदै बाटैमा भोर भइदियो भने मलाई मन पर्दैन ।' कपासको खेतमा छिटो-छिटो जीवन संचार हुन थाल्यो । बिहानका चराहरू पखेटा फटफटाउँदै भुइँमा चारा टिप्न थाले । खरायोहरू डरले खेतमा भागा-भाग गर्न लागे । भोरको शान्त आवाज-मा उनीहरूको पैताला धूलोमा टेकेको सुस्त-सुस्त टचाक-टचाक आवाज तथा माटोमा उनीहरूको जुत्ताले कुल्चँदा निस्केको च्वीं च्वीं आवाज थपिइन गए ।

टामले भन्यो : 'म आँखा चिम्लेर त्यहाँ जान सक्छु । बाटोमा जाँदा-जाँदै उनीबारे विचार आयो भने मैले बाटो बिराउन सक्छु । उनको बारे विचार गर्न बिर्सियो भने म ठ्याम्मै त्यहाँ पुगुँला । मलाई के ठानेको ? म यहीं त जन्मेको । सानै छँदादेखि म यहाँ यताउति दौड्ने गर्थें । हेर, त्यहाँ एउटा रूख होला । तिमीले अहिले नै देख्नेछौ । अँ, एकताक मेरो बाले त्यो रूखमा एउटा मरेको ब्वाँसो झुन्ड्याउनु भएको थियो । त्यो त्यहीं झुन्डिरह्यो । गलेर फ्यात्फ्यात् नखसेसम्म । म त जीजस जस्तै सुखा भइसकेछु । आमाले केही पकाइराख्नुभएको होला भन्ने मलाई आशा छ । मेरो पेटमा मूसा दगुरिरहेछ ।'

केसीले भन्यो, 'मेरो पनि । अलिकति सुर्ति खाने ? अनि ज्यादा भोक लाग्दैन । यति सबेरै नहिँडेको भए बेस हुने थियो । उज्यालो भए जाती हुने ।' आफ्नो सुर्तिको डल्लोबाट दाँतले एक टुक्रा किटिक्क टोक्न ऊ थामियो । 'मलाई रात्रै निद्रा लाग्यो ।'

टामले भन्यो, 'त्यो पागल म्युलेले त्यस्तो गरिदिएको । त्यसले मलाई झस्काइ-दियो । मलाई उठाएर त्यसले भन्यो, "टाम, बिदा है, म जाँदै छु । मलाई कहीं जानु छ । तिमीहरू पनि गए हुन्छ । उज्यालो हुनुअगावै तिमीहरू यहाँबाट टाढा पुग्नेछौ ।" त्यसले व्यतीत गरिरहेको जीवनबाट थाहा हुन्छ कि ऊ लोखर्के जस्तै असम्बद्ध हुँदै गइरहेछ । इन्जीन उसको पछि लागेको छ भन्ने तिमीले ठान्नेछौ । तिमी त्यो उच्छृंखल छ भन्ने ठान्छौ ?'

'अँ, मलाई थाहा छैन । हिजो राति आगो बाल्दा तिमीले गाडी आएको देखेका छौ । घर कसरी भत्काइयो भन्ने कुरा पनि तिमीले देखेका छौ । केही नीच काम भइरहेछ । म्युले निश्चय नै उच्छृंखल छ भन्ने कुरा मान्नैपर्छ । ऊ ब्वाँसो जस्तो यताउति घस्रँदै छ । त्यसैले ऊ पागलसरि भएको । छिटै त्यसले कसैलाई मार्नेछ र उनीहरूले उसलाई कुकुर लगाएर समात्नेछन् । म यो कुरा भविष्यवाणी गरे जस्तै भन्न सक्छु । त्यो झन् झन् खराब हुँदै जानेछ । हामीसँग आऊ भनेर तिमीले भनेनौ ?'

जोडले भन्यो, 'अँहँ, मलाई लाग्छ त्यो मानिसहरूसँग डराउँछ । मलाई आश्चर्य लाग्छ त्यो कसरी हामीकहाँ आयो । घाम झुल्कुन्जेलसम्ममा हामीहरू काका जानकहाँ पुग्नेछौं ।' एक छिन उनीहरू चूप लागेर अगाडि बढे । पछि परेका लाटो-कोसेराहरू खलिहानहरूतिर, खोक्रा रूखहरूतिर, पोखरी-घरहरूतिर उडेर गए जहाँ उनीहरू दिनको उज्यालोबाट बच्ने गर्थे । पूर्वतिर आकाश झन् उज्यालो हुँदै आयो, जसले गर्दा कपासका बिरुवाहरू र खैरो जमीन देख्न सकियो । 'उनीहरू सबै काका जानको घरमा सुती नै रहे मलाई रिस उठ्ने छ । उनीहरूले एउटा कोठा, एउटा भान्साघर र एक टुक्रा खलिहान पाएका छन् । अहिले त्यहाँ झुम्मिएका होलान् उनीहरू ।'

पादरीले भन्यो, 'जानको परिवार छ भन्ने मलाई याद छैन । ऊ त एक्लो मान्छे, होइन त ? उसबारे मलाई धेरै संझना छैन ।'

जोडले भन्यो, 'संसारमा सबभन्दा एक्लो मान्छे त्यो । उच्छृंखल रांडा छोरा अलि अलि म्युले जस्तै, कुनै कुरामा त म्युलेभन्दा झन् गएगुज्रेको । जहाँ पनि उसलाई भेट्न सकिन्छ, शःनीमा मस्तमँग पिएर या वीस माइल पर एउटी विधवा-कहाँ गइरहने या एउटा लाल्टिन लिएर आफ्नो घरमा काम गरिरहने । पागल त्यो । सबैले भन्थे, त्यो धेरै दिन बाँच्दैन । ऊ जस्तो एक्लो मान्छे धेरै दिन बाँच्दैन । तर काका जान बाभन्दा पनि जेठा छन् । वर्षैपिच्छे झन् अनौठा र नीच हुँदै गइरहेछन्, मेरा बाज्येभन्दा नीच ।'

पादरीले भन्यो, 'उज्यालो आएको हेर, चाँदी जस्तै सेतो । जानको पहिलेदेखि नै परिवार नभएको ?'

'अँ, त्यसको परिवार थियो । त्यसैबाट थाहा हुन्छ त्यो आफ्नै तालको एक किसिमको मान्छे रहेछ भनेर । उसको परिवारबारे बा भन्नुहुन्थ्यो । काका जानको एउटी तरुनी स्वास्नी थिई । बिहे गरेको चार महीना भो । तिनी गर्भवती भएकीले एक राति उनको पेट दुख्यो अनि उनले भनिन् । "डाक्टर बोलाइदेऊ ।" अँ, जानले त्यहीं बसेर भन्यो । "तिमीले धेरै खाएकोले पेट दुखेको । पीडानाशक औषधि खाइ-देऊ । पेट थिचेर बस, पीडा हुँदैन ।" बाले भन्नुभयो अर्को दिन बाह्र बजेतिर तिनी पागल जस्ती भइन् । र साँझ चार बजेतिर परलोक भइन् ।'

केसीले सोध्यो, 'के भएको ? तिनीले खाएकोमा केही बिगार भयो कि ?'

'अँहँ, उनको पेटभित्र केही भयो । एपेंडिसाइटिस या अरू केही । अँ, काका जान सधैं नै सरल प्रकृतिका मानिस हुन् । स्वास्नी मर्नु उनको निम्ति वज्रपात थियो । उनले पत्नीको मृत्यु भएको आफ्नो निम्ति पाप ठाने । धेरै दिनसम्म उनी कसैसित पनि बोलेनन् । उनी कसरी हिंड्न थाले भने वरिपरिसमेत उनले केही देख्न छोडे । अनि उनी केही प्रार्थना गर्न थाले । त्यो अवस्थाबाट उम्कन उनलाई दुइ वर्ष लाग्यो । त्यस पछि उनले आफ्नोपन गुमाए र उनी एक किसिमले जंगली जस्ता भए । उनी एक किसिमले असंगत काम गरेर हिंड्न थाले । जुका परेको होस् या पेट दुखेको होस्, हामी केटाकेटीहरूलाई जचाउन काकाजान डाक्टर ल्याइ-हाल्थे । बाले अन्तमा उनलाई त्यसरी डाक्टर नल्याउनु भन्नुभयो । केटाकेटीहरूको जहिले पनि पेट दुखिरहन्छ । उनको पत्नी मरेकोमा उनी आफ्नो दोष ठान्थे । उनी विलक्षण स्वभावका मानिस थिए । उनी सधैं अरूलाई केही-न-केही कुरा दिइरहन्थे ।

केटाकेटीहरूलाई केही चीज दिइरहन्थे । अर्काको पिँढीमा पीठोको एक बोरा छोडेर भए पनि उनी आफूसँग भएको सब थोक दान गर्थे । यति गरेर पनि उनको मनमा चैन हुँदैनथ्यो । कहिलेकाहीं उनी राति एक्लै डुलिरहन्थे । यस्तो भईकन पनि उनी खेतीपाती राम्रै गर्थे । आफ्नो जमीनको राम्रो स्याहार-सुसार गर्थे ।'

पादरीले भन्यो, 'बिचरो एक्लो वृहस्पति । स्वास्नी मर्दा त्यो धेरैजसो गिर्जा-घर जान्थ्यो ?'

'अँहँ, उनी गएनन् । मानिसहरूको नजीक त कहिल्यै जान चाहेनन् । एक्लै बस्न चाहन्थे । उनी आएपछि नबहुलाउने केटो नै देखेको छैन मैले । कहिलेकाहीं उनी राति घर आउँथे । त्यसरी आए पछि हामीलाई अवश्य थाहा हुन्थ्यो कि हामी प्रत्येक केटाकेटीको ओछ्यान नजीकै एकेक पोका पीपी छ । उनी साँच्चै जीजस क्राइस्ट नै हुन् कि भन्ने हामीहरूलाई लाग्थ्यो ।

पादरी टाउको निहुराउँदै गयो । उसको मुखबाट केही उत्तर निस्केन । झुल्किरहेको प्रभातको प्रकाशमा उसको निधार टल्कन थाल्यो र उसका हातहरू आफ्नो अगाडि झुण्डिएर कहिले प्रकाशमा पर्थे, कहिले प्रकाशभन्दा पर ।

टाम पनि चूप थियो मानौं त्यसले ज्यादै घनिष्ठ कुरा भनेर लाज मानेको होस् । त्यसले आफ्ना पाइला छिटो-छिटो चाल्यो र पादरीले पनि त्यस्तै गऱ्यो । उनीहरूले बल्ल आफ्नो सामुन्ने परसम्म अलि-अलि देख्न सके । एउटा सर्प कपासका बिरुवाका पंक्तिहरूबाट सडकमा आएर बिस्तारै छटपटाउन थाल्यो । टामले थामिएर भन्यो । 'यो लोखर्के सर्प । जान दे यसलाई ।' उनीहरू सर्पलाई घुमेर आफ्नो बाटो लागे । पूर्वतिर आकाश अलि रंगीन भयो । अनि एकै छिनमा भोरको प्रकाश बिस्तारै पृथ्वीमा फैलियो । कपासका बिरुवाहरूमा हरियो रंग चढ्यो र पृथ्वीमा खैरोपन छायो । मानिसहरूको आकृतिबाट खैरो रंग गायब भयो । प्रकाश फैलिनुको साथसाथै जोडको मुखमा अन्धकार छाएको जस्तो देखियो । जोडले सुस्त-सुस्त भन्यो, 'यो राम्रो समय छ । केटाकेटी छँदा म उठेर एक्लै यतातिर घुम्न आउने गर्थें । त्यस बेला यस्तै थियो । त्यो अगाडि के हो ?'

कुकुरनीको सम्मानार्थ सडकमा पाँचओटा कुकुरहरू भेला भएका । भाले कुकुर, जो भेडा हेर्ने कुकुरहरूका खच्चड़ थिए तथा जसको उत्पत्ति सामाजिक जीवनको

स्वतन्त्रताले कलंकित थियो, कुकुरनीलाई फकाउनमा व्यस्त थिए । प्रत्येक कुकुरले भुइँ सुँघ्दै कपासको बिरुवातिर गई पछिल्तिरको एउटा खुट्टा उचाली नियमित रूपले जल चढायो । त्यसपछि फेरि सुँघ्दै फर्केर आयो । जोड र पादरीले अडेर हेरे अनि अकस्मात् जोडले मजासँग हाँसेर भन्यो, 'हे भगवान् ! हे भगवान् ! सबै कुकुर एकै ठाउँमा जम्मा भएर रिसले घाँटी फुलाउन थाले । ङ्वार्र-ङ्वार्र गरेर सबैले आ-आफ्नो जिउ तन्काए, प्रत्येकले अरूलाई अग्रसर हुने मौका दिईकन । एउटा कुकुरले आरोहण गरेपछि काम सकिहाल्यो । अरू कुकुरहरू भने च्याल चुहिरहेको जिब्रो निकालेर बडो चाखले हेरिरहे । ती दुई अघि बढे । जोडले भन्यो । 'सतोसत ! म ठान्दछु कि त्यो आरोहण गर्ने कुकुरबाट हामी क्षणिक आनन्द प्राप्त गर्न सक्छौं । त्यो मर्छ भन्ठानेको मैले । स्वागतम् क्षणिक आनन्दलाई !' त्यसले हाँसेर फेरि भन्यो, 'कसैले मलाई बोलाए म वास्ता गर्ने छैन । विल्ली फीले जवान छँदा उसबारे कसैले मलाई भनेको कथाको संझना भएर आउँछ । विल्ली लजालु थियो असाध्य लजालु । अँ, एक दिन त्यसले एउटा जवान गाईलाई ग्रेवसको साँढेकहाँ लिएर गयो । घरमा एल्सी ग्रेवसबाहेक अरू कोही थिएन र एल्सी एकदमै लाजभाँड नभएकी थिई । विल्ली लाजले लाल भएर उभिरह्यो र कुरासम्म पनि गर्न सकेन । एल्सीले भनिन्, "मलाई थाहा छ तिमी किन आएको भनेर । साँढे गोठको पछिल्तिर छ ।" अँ, उनीहरूले त्यो गाई त्यहाँ लगे अनि विल्ली र एल्सी बारिराखेको ठाउँमा बसेर हेरिरहे । एकै छिनमा विल्ली कामातुर भएर आयो । एल्सीले उसलाई हेरेर थाहा नपाए जस्तो गरी भनी– "विल्ली, तिमीलाई के भयो ?" विल्ली यस्तो अशिष्ट भयो कि आफू खप्न सकेन । त्यसले भन्यो । "सतोसत, आफैंले त्यो काम गरिरहेको जस्तो लाग्यो ।" एल्सीले भनी । "किन होइन, विल्ली ? त्यो तिम्रै गाई त हो नि ।" '

पादरीले सुम्त-सुस्त हाँसेर भन्यो । 'तिमीलाई थाहा छ कि पादरी नहुनु नै राम्रो कुरा हो । म त्यहाँ रहुन्जेल कसैले पनि कथाहरू भन्ने गरेन । कसैले कथा भनी हालेपनि म हाँसिन न त मैले सरापें नै । अब म चाहेको बेला सराप्न सक्छु । कसैले मन पराएको बेला सरापे असल हुन्छ ।'

पूर्वतिर क्षितिजमा लालिमा चढ्यो र पृथ्वीमा चराहरूको कलरव गुंजिन थाल्यो । जोडले भन्यो, 'अगाडि हेर ! त्यो काका जानको टंकी हो । हावाले चल्ने चक्की तिमीले देख्न सक्तैनौ तर उसको टंकी त्यहीं छ । तिमीले त्यो आकाशमा

देख्छौ ?' त्यसले आफ्नो गति तेज गऱ्यो। 'सबै त्यहीं हुन् भनेर मलाई उत्सुकता लागिरहेछ।' टंकीको वृहदाकार त्यहाँ माथि खडा थियो। छिटो-छिटो गएकोले जोडले आफ्नो घुंडासम्म धूलो उडायो। 'मलाई उत्सुकता छ यदि आमा–' अहिले उनीहरूले टंकीका खुट्टाहरू, घर, एउटा सानो चारपाटे, रंग नलगाएको खाली बाकस, होचा छाना भएर गुजमुज्ज परेको तबेला देखे। घरमा टीनको चिमनीबाट धूवाँ आइ-रहेको थियो। चोकमा सजावट-सामग्री, हावाले चल्ने चक्कीको मोटर तथा धारहरू, खाटहरू, कुर्चीहरू, टेबिलहरू सब लथालिंग थिए। जोडले भन्यो, 'होली क्राइस्टको शपथ, उनीहरू जाने तरखर गरिरहेका !' एउटा ट्रक आँगनमा खडा थियो। त्यसको दुवैतिर माथिसम्म उठेका बारहरू, अगिल्लो भागमा पालकी, बीचमा माथिको भाग काटेर ट्रकको ओछ्यान जडेको एउटा अनौठा ट्रक थियो त्यो। नजीक आएपछि उनीहरूले चोकमा घन ठोकेको आवाज सुन्न सके र तिमिराउने सूर्यको घेरा क्षितिजमा आएपछि त्यसको घाम ट्रकमा परेर उनीहरूले एउटा मानिस र उसको घन चलाउँदा घन तल-माथि भएको झलक देखे। र घरका झ्यालहरूमा घाम झुल्क्यो। रंग उडिसकेका परिचय-पाटीहरू चम्किए। जमीनमा चारा खोजिरहेका दुइटा राता कुखुरा घामले झलमल्ल भएका थिए।

टामले भन्यो। 'नकरा, हामी उनीहरूकहाँ सुस्त-सुस्त जाऔं।' र त्यो यति छिटो-छिटो गयो कि उसको कमरसम्म धूलो उड्यो। अनि पछि त्यो कपासको खेतको डीलमा आइपुग्यो। अब उनीहरू ठीक चोकमा आइपुगे। त्यहाँ माटो कडासँग ठोकिएको थियो त्यसैले जमीन टल्केको थियो र जमीनमा कहीं-कहीं धूले घाँस उम्रिरहेको थियो। जोड सुस्तरी गयो मानौं ऊ अघि बढ्न डर मानेको होस्। पादरी ऊ गएको देखी आफू पनि सुस्त-सुस्त हिंडन थाल्यो। टाम अगाडि बढ्यो अनि व्यग्रताले ट्रक भएको ठाउँनिर सुटुक्क गयो। यो हडमन गाडी थियो जसमा ६ वटा राम्रा पालकी जोडिएका थिए र यसको माथिल्लो भाग छेनीले काटिराखेको थियो। वृद्ध टाम-जोड ट्रकको ओछ्यानमा उभिरहेका थिए र उनी ट्रकको बगलको माथितिर कीला ठोकिरहेका थिए। दाऱ्ही पालेको उनको खैरो मुख तल-तिर आफ्नो काममा झुकेको थियो र ६ पेनी पर्ने एक मुट्ठो कीला उनको मुखले च्यापिराखेको थियो। उनले एउटा कीला राखेर घनले ठोके। घरबाट दमचुलीमा ढकनी राखेको आवाजको साथसाथै बच्चा रोएको आवाज पनि आयो। जोडले ट्रकको ओछ्यानमा सुटुक्क गएर त्यसमा अडेस लगायो। र उसको बाबु उसलाई हेर्न थाले तर देखेनन्। उसको बाबुले अर्को कीला हालेर ठोके। टंकी राखेको घरको

छानाबाट एक बथान परेवा उडेर चारैतिर कावा काटिसकेपछि फेरि छानैमा बस्न आए अनि छेउतिर हेर्न अकडेर गए । त्यसमा रंगी-विरंगी पखेटा भएका सेता, नीला र खैरा परेवाहरू थिए ।

जोडले ट्रकको भित्तामा भएको सबभन्दा तल्लो बारमा आफ्ना औंलाहरू घुसाऱ्यो । त्यसले ट्रकमा बसेको बूढो तथा खैरो मानिसलाई घुरेर हेऱ्यो । त्यसले आफ्नो बाक्ला ओठहरू जिब्रोले भिजायो । अनि बिस्तारै भन्यो 'ब्रा ।'

वृद्ध टामले मुखभरि कीलै-कीला राखेर अस्पष्ट स्वरले भन्यो, 'किन, के गर्नु-पऱ्यो ?' त्यसले एउटा कालो मैलो टोप छड्के गरी लगाएको थियो र काम गर्दा लाउने एउटा नीलो कमीज पनि लगाइराखेको थियो । त्यसमाथि टाँक नभएको इस्टकोट पनि लगाइराखेको थियो । उसको जीनको लुगा ठूलो चारपाटे पित्तलको बकल भएको छालाको एउटा चाक्लो कमरपेटीले कसिराखेको थियो । छाला र बकल धेरै वर्ष लगाएकोले टल्केका थिए । उसको जुत्ता ठाउँ-ठाउँमा चर्केको थियो र वर्षौं घाम, पानी र धूलो सहनु परेकोले तलुवाहरू डुंगाको आकारमा परिणत भएका थिए । बलिया भएर फुलेका मांसपेशीहरूले गर्दा कमीजका बाहुलाहरू उसका नाडीमा कसिएका थिए । पेट र नितम्ब सानै थिए तर खुट्टाहरू छोटा, भद्दा र बलिया थिए । उसको आकृति, जो ठाडा-ठाडा तिल-चामले दाऱ्हीको कारणले चारपाटे भएको थियो, प्रबल चिउँडोतिर खिचिएको थियो । कैंचीले काटेर बनाएको दाऱ्ही भएकोले उसको चिउँडो छुस्स बाहिर निस्केकोमा त्यसको महत्त्व र प्रबलता थपिन गयो । वृद्ध टामको रौं नभएको गालाको छाला 'मर्शम' भन्ने खनिज पदार्थ जत्तिकै खैरो थियो तथा प्रकाशको किरणमा छड्के आँखाले हेर्दा आँखाका कुना वरिपरि चाउरी परेको देखिन्थ्यो । उसको आँखाको रंग कालो कफी जत्तिकै खैरो थियो र कुनै चीजमाथि हेर्दा ऊ आफ्नो टाउको अगाडि ल्याउँथ्यो किनभने उसको चम्किलो काला आँखाले देख्न छोडिसकेका थिए । उसका ओठहरू, जसबाट ठूलठूला कीलाहरू निस्किरहेका थिए, पातला र राता थिए ।

त्यसले आफ्नो घन कीला ठोक्नलाई हावामा नै समाइराखेको थियो । उसको काममा बाधा पर्न गएकोले त्यसले ट्रकको बगलमा टामलाई हेरेर रिसाएको जस्तो गऱ्यो । अनि उसको चिउँडो अघि सऱ्यो र उसका आँखा टामको अनुहारमा पर्न गयो । त्यसपछि बिस्तारै-बिस्तारै त्यसले के देखिरहेको छ भन्नेबारे उसको दिमाग

सचेत भयो । घन सुस्त-सुस्त आफ्नो बगलमा खस्यो र उसले आफ्नो बायाँ हातले मुखमा च्यापिएका कीलाहरू झिक्यो । त्यसले आफूलाई भनिरहेको जस्तो गरेर आश्चर्य मान्दै भन्यो, 'टामी हो–' र अझ आफूलाई सूचना दिंदै भन्यो । 'टामी घर आएको ।' उसको मुख फेरि एकबाजि खुल्यो र डरको भावना उसका आँखामा देखा पऱ्यो । उसले सुस्तसँग भन्यो, 'टामी, तिमी भागेर आएका त होइनौ ? लुकेर बस्नु त पर्दैन ?' ऊ तनावपूर्ण ढंगले ध्यान दिएर सुन्न थाल्यो ।

टामले भन्यो, 'अँहँ, मैले प्रतिज्ञापत्रबमोजिम आचरण गर्नु पर्छ । म मुक्त भएको छु ।' मैले कागतपत्र पाएको छु ।' त्यसले ट्रकको भित्तामा भएका तलका बारहरू समातेर माथि हेऱ्यो ।

वृद्ध टामले बिस्तारै आफ्नो घन भूईंमा राखेर कीलाहरू खल्तीमा हाल्यो । त्यसले आफ्ना खुट्टाहरू बगलमा हल्लाएर बिस्तारै जमीनमा खसाल्यो । तर एकचोटि फेरि आफ्नो छोराको बगलमा त्यो असमन्जस र आश्चर्यित जस्तो देखियो । त्यसले भन्यो, 'टामी, हामी क्यालिफोर्निया जाँदैछौं । र यो कुरा हामीले लेखेर तिमीलाई भन्न लागेका ।' र त्यसले पत्यार नगरीकन भन्यो । 'तर तिमी फर्केकाले तिमी पनि हामीसित जान सक्छौ ।' कफीको भाँडोको बिर्को घरमा टचाङ्ग बज्यो । वृद्ध टामले आफ्नो काँध माथिबाट हेरेर भन्यो, 'जाऔं, हामीहरू उनीहरूलाई छकाऔं ।' उसका आँखा उत्तेजनाले चम्के । 'तिम्रो आमाको भावना राम्रो छैन । तिनले कहिले पनि तिमीसित भेट हुने आशा लिइनन् । जब कोही मऱ्यो तिनीमा यस्तो शान्त भावना आयो । प्रायः तिनीलाई क्यालिफोर्निया जाने मन छैन । यसको कारण अरू केही होइन, तिनीले तिमीसित फेरि कहिले पनि भेट्न पाउने छैनन् भन्ने मात्र हो ।' दमचूलीको बिर्को फेरि घरमा बज्न थाल्यो । वृद्ध टामले फेरि दोहोऱ्याएर भन्यो, 'जाऔं, हामीहरू गएर उनीहरूलाई चकित पारौं । हामीहरू यसरी भिन्न पर्सौं मानौं तिमी कहिले पनि परदेश लागेका छैनौ । हेरौं तिम्री आमा के भन्दि-रहिछन् । अन्तमा त्यसले टामलाई छोयो तर उसको काँधमा भने डराई-डराईकन मात्र छोयो । त्यसपछि लगत्तै त्यसले आफ्नो हात झिक्यो । त्यसले जिम केसीतिर हेऱ्यो ।

टामले भन्यो । 'बा तपाईं पादरीलाई संझनुहुन्छ । ऊ मसित आएको ।'

'ऊ पनि जेलमा परेको ?'

'अँहँ, मैले उसलाई बाटोमा भेटेको । ऊ कहीं जान लागेको ।'

बाले ऊसित गम्भीर भएर हात मिलाउनु भयो । 'महाशय, स्वागतम् ।'

केसीले भन्यो । 'यहाँ आएर मलाई खुशी लाग्यो । छोरा घरमा आएको हेर्न पाउनु रमाइलो कुरा हो । यस्तो कुरा देख्नु पाउनु रमाइलो हो ।'

बाले भन्नुभयो, 'घर !'

पादरीले छिटै आफ्नो कुरालाई सम्हालेर भन्यो । 'आफ्ना मानिसहरूकहाँ । आज राति हामीहरू अर्कै ठाउँमा बास बस्यौं ।'

बाको चिउँडो बाहिर छुस्स निस्क्यो र उहाँले एक छिन सडकतिर फर्केर हेर्नु भयो । त्यसपछि उहाँ फर्केर टामलाई हेर्न थाल्नुभयो । त्यसले उत्तेजित भएर भन्यो । 'हामीहरूले तिम्रो आमालाई के भन्ने ? म भित्र गएर भनुँ । "यहाँ कोही आइ-राखेका छन् । उनीहरूलाई जलपान गराउनु पर्‍यो", या तिमीहरू भित्र गएर उनले नदेखुन्जेलसम्म अगाडि उभिरहने हो कि, कसो ? त्यसो गरे कसो होला ?' उसको अनुहार उत्तेजनाले रातो भयो ।

टामले भन्यो, 'आमालाई कुनै किसिमको आघात नदेऔं । उहाँलाई झस्कन नदेऔं ।'

पातला र लामा लामा-लामा खुट्टा भएका भेडा हेर्ने दुइटा कुकुर रमाइलो चालले नचिन्ने मानिसहरूलाई सुँघ्न थाले । त्यसपछि होशियारीसाथ पछि हेरेर बिस्तारै तथा प्रयोगात्मक तवरले हावामा पुच्छर हल्लाउँदै हेरिरहे । तर तिनीहरूका आँखा र नाक वैरभाव तथा खतडाप्रति सचेत थिए । एउटाचाहिं आफ्नो घाँटी पसार्दै दगुर्नलाई तत्पर भएर अलि-अलि अघि सर्‍यो र बिस्तारै-बिस्तारै ऊ टामको खुट्टानिर पुगेर स्वीं स्वीं सुँघ्न थाल्यो । त्यसपछि फर्केर ऊ बाको केही इशारा पाउन पर्खिरह्यो । अर्कोचाहिं त्यतिको सूरो थिएन । त्यसले त्यस्तो केही कुराको आशा गरिरह्यो जसबाट उसको ध्यान इज्जतसाथ खिच्न सकियोस् । त्यसले एउटा रातो कुकुरलाई अकडेर गइराखेको देखेपछि त्यसलाई लखेट्न गयो । लखेट्याइँमा परेको कुखुरो क्वाक्क-क्वाक्क कराउन थाल्यो, उसका राता प्वाँखहरू अलिकति

खलबलिइए। यत्तिकैमा कुखुरा आफ्नो कसैका पखेटाहरू फर्फराउँदै छिटो-छिटो भाग्यो । त्यो कुकुर गर्वसँग फर्केर मानिसहरूलाई हेरीकन धूलैमा बसी सन्तोषले आफ्नो पुच्छर जमीनमा फ्याट-फ्याट चलाउन थाल्यो ।

बाले भन्नुभयो, 'आऊ, भित्र आऊ । तिनी तिमीलाई हेर्न चाहन्छिन् । तिम्रो आमाले तिमीलाई देखेपछि उनको मुख कस्तो हुनेछ भनेर मलाई हेर्न मन लाग्यो । आऊ तिनले एकै छिनमा जलपान तयार गर्नेछिन् । मैले अघि नै उनले नूनीलो सुँगुरको मासु कराहीमा ओहिरिसकेको सुनें ।' बाले मसिनो धूलो भएको जमीन हुँदै उसलाई लग्नुभयो । यो घरमा कुनै पिँढी थिएन, एक पाइला चालेपछि ढोका आउँथ्यो र त्यसैको वगलमा एउटा टेक्ने काठ थियो जसको सतह वर्षौं टेक्ने गरेकोले नरम र चिप्लो थियो । सरपतको काठ बालेको गन्ध हावामा मिसिएको थियो । यी तीनै व्यक्तिहरू ढोकामा पुग्दा बगलमा भुटेको मासुको सुगन्ध, धेरै खैरो हुने गरी पकाएको बिस्कुटको सुगन्ध र भाँडोमा कफी चलाएको कडा बास्ना उनीहरूले पाए । बा खुला ढोकामा गएर आफ्नो चाक्लो पुड्को शरीरले ढोका थुनिइने गरी त्यहाँ उभिनुभयो । उहाँले भन्नुभयो । "आमा, दुइ जना मानिस सडकमा आइराखेका छन् र उनीहरू 'केही खानेकुरो हामीले पाउन सक्छौं कि' भनी उत्सुकता-पूर्वक सोध्दछन् ।"

आफ्नो आमाले मन्द-मन्द उच्चारण गर्दै सुस्त-सुस्त शान्त मैत्रीभावले बोलेको आवाज टामले सुन्यो । उनले भनिन् । 'उनीहरू आए हुन्छ, खाना जति भने पनि छ । उनीहरूलाई हात-सात धोएर आऊ भन । रोटी पाकिसकेको छ । अब त मासु पनि चूलोबाट झिकिसकेकी छु ।' चूलोबाट बोसोको चरचर आवाज आइरहेको थियो ।

बा ढोका नाघेर भित्र पस्नुभयो । टाम भित्र आमालाई हेर्न थाल्यो जो भुटि-रहेको सुँगुरको मासुका टुक्राहरू कराहीबाट झिक्दै थिइन् । चूलोको ढोका खुला नै थियो र कराहीमा पाकेर खैरो भइसकेको बिस्कुट त्यहीं थियो । तिनीले ढोकाबाहिर हेरिन् तर टामको पछाडि घाम भएकोले चम्किलो उज्यालोमा एउटा अस्पष्ट आकार मात्र देखिन् । तिनीले खुशीसाथ मुन्टो हल्लाईकन भनिन् । 'भित्र आऊ, आज बिहान धेरै रोटी पकाएको बेसै भयो ।'

टाम भित्र हेरेर उभिरह्यो । आमा ढोसी थिइन् तर मोटी थिइनन् । पेट

बोकेको तथा काम गर्नु परेकोले तिनी ढोसी देखिएकी थिइन् । तिनीले खैरो कपडाको खुकुलो जामा लाएकी थिइन् । पहिले त्यो कपडामा रंगीन फूल-बुट्टाहरू थिए तर अहिले रंग उडेकोले साना-साना फूल-बुट्टाहरू पृष्ठभूमिभन्दा अलि हलुका खैरो रंगका देखिए । उनको लुगा तल गोलीगाँठासम्म आएको थियो । र उनका बलिया, चौडा, नांगा पैतालाहरू भुइँमा छिटो-छिटो चालिएका थिए । उनको पातलो फलामे खैरो रंगको कपाल पछिल्तिर सानो गुच्छा गरेर बाँधिराखेको थियो । बलिया दाग परेका पाखुराहरू कुहिनासम्म नांगै थिए । उनका हात मोटी सानी लडकीको जस्तै छोटा, मोटा र कमला थिए । उनले बाहिर घाममा हेरिन् । उनको मुखमा कहीं पनि कमलोपन थिएन । त्यो नियन्त्रित र दयाले भरिएको थियो । उनको तामा-रंगका आँखाबाट सबै किसिमका दुःखान्त अनुभव गरेको झलक मात्र पाइएको होइन अपितु दुःखलाई सिंढी चढे झैं जस्तै शान्त र अलौकिक समझदारीले पार गरेको जस्तो भान हुन्थ्यो । उनले परिवारको त्यस हैसियत राखेर स्वागत गरेको जस्तो बुझिन्थ्यो जो प्रबल भएर ग्रहण गर्न सकिंदैनथ्यो । तिनले स्वीकार नगरेसम्म टामको बाले र केटाकेटीहरूले डर र चोट कुन चरोको नाउँ हो थाहा पाउँदैनथे । तिनी त डर र चोट दुवैको परवाह नै गर्दिनथिइन् । कुनै आनन्दको कुरा उनीहरूको बीच हुन आयो भने उनीहरू सबै त्यो खुशीको लहर थियो कि भनेर उनको अनुहारतिर हेर्थे किनभने अपर्याप्त कुराहरूलाई हाँसोमा उडाउने उनको आदत नै थियो । तर खुशीभन्दा बढ्ता उनलाई शान्ति नै मन पर्थ्यो । किनभने त्यसमाथि भर पर्न सकिन्थ्यो । परिवारमा उनले ठूलो र नम्र स्थान पाएकीले तिनी प्रतिष्ठित र गौरवान्वित थिइन् । दुःख-निवारकको हैसियतले उनी निश्चिन्त र शान्तिप्रिय मात्र होइन अपितु नहडबडाउने पनि थिइन् । मध्यस्थको हैसियतले कुनै कुराको विचार गर्दा तिनी देवी जत्तिकै दूरदर्शी र निर्दोष थिइन् । तिनीलाई यस कुराको ज्ञान भएको जस्तो बुझिन्थ्यो कि तिनी खस्के परिवार हल्लिन्थ्यो तथा तिनी निराश भए परिवार गिर्ने थियो र परिवारको काम गर्ने इच्छा चौपट हुने थियो ।

तिनीले बाहिर चोकमा घामका बीच एउटा मानिसको कालो आकार देखिन् । उत्तेजनाले कामेर या नजीकै उभिएर उनी कराइन् । 'भित्र आउनोस्, ठीक भित्र आउनोस्, महाशय ।' अनि टाम अलि लज्जित भावले ढोकाको सँघार नाघेर आयो ।

कराहीबाट आँखा हटाएर तिनीले रमाइलोसँग माथितिर हेरिन् । उनको

हात बिस्तारै बगलमा चिप्लन गयो जसबाट समाइराखेको काँटा खसेर काठको भुइँमा ठ्याङ्ङ बज्न गयो । उनका आँखा ठूल-ठूला भएर नानीहरू फुल्न थाले । आफ्नो खुलेको मुखबाट उनले बेस्सरी सास फेरिन्, आफ्नो आँखा बन्द गरेर तिनीले भनिन्, 'धन्यवाद प्रभो, ओहो ! धन्यवाद भगवान् ।' र अकस्मात् उनको मुख फेरि अपसोचले मलिन भयो । 'टामी, तिमीलाई खोजी गर्ने त होइन ? तिमी भागेर आएका त होइनौ ?'

'अँहँ, आमा । मसँग प्रतिज्ञापत्र छ यहाँ ।' त्यसले आफ्नो छाती छोयो । तिनी सुस्त सुस्त चाल मार्दै आफ्नो नांगा पैतला चलाएर ऊतिर गइन् । जाँदा उनको मुखमा आश्चर्यका रेखाहरू देखिएका थिए । उनको सानो हातले उसका पाखुरा र मांसपेशीहरूको स्वस्थता छामेर हेर्‍यो । त्यसपछि उनका आँलाहरूले उसका गाला यसरी छामे जसरी एउटा अन्धाले छाम्थ्यो । अनि पछि उनको आँखाबाट हर्षाश्रु बग्न थाले । टामले आफ्नो तल्लो ओठ दाँतहरूको बीचमा ल्याएर टोक्यो । उनका आँखा आश्चर्यचकित भएर त्यसले टोकेको ओठतिर गए । तिनले उसको दाँतमा अलिकति रगत तथा ओठबाट अलि-अलि रगत बगेको देखिन् । त्यसपछि धैर्य गरी, उनले आफूलाई नियन्त्रणमा राखी हात तलतिर खसालिन् । तिनले जोरसंग सास फेरेर कराइन, 'अँ, हामीहरू तिमीलाई साथमा नलिईकन जान लागेका । र हामीलाई आश्चर्य लागिरहेको थियो तिमीले कसरी हामीसँग भेट्न सक्ने ।' तिनीले काँटा टिपेर उम्लिरहेको घिउबाट छानीकन खाँदा झुरुम-झुरुम हुने गरी पाकेको सुँगुरको मासुको एक घुम्रिएको लामो चौटा झिकिन् । र चूलोको पछिल्तिर उम्लिरहेको कफीको भाँडा राखिन् ।

वृद्ध टामले मूर्ख जस्तो हाँसेर भन्यो, 'अँ, तिमीले आमालाई बेवकूफ बनायौ ? हामीहरूले तिमीलाई बेवकूफ बनाउन खोज्यौं र बनायौं पनि । तिमी त्यहाँ घनले ठोकिएको भेडा जस्तो उभियौ । यो हेर्न बाज्ये यहाँ हुनु भएको भए बेस हुने थियो । कसैले तिम्रा आँखामा घनले ठोकेको जस्तो तिमी देखियौ । आलले फौजको त्यो ठूलो विमानमा हान्न ताकेजस्तै बाज्येले आफूलाई यसरी चुट्नुहुन्थ्यो जसले गर्दा उहाँको आफ्नो नितम्ब उडेर गयो । टामी, एक दिन आधा माइल पर आलले तीस-तीसको गोली भेट्टाई विमानमा ठोकेर जलाई दियो । बाज्येले कराएर भन्नुभयो । "चराको बच्चालाई नहान्, आल । ठूलो चरा नआएसम्म पर्खी ।" त्यसपछि आफैंले आफूलाई ठोकेर आफ्नो नितम्ब उडाइदिनुभयो ।'

आमाले मुख थुनेर हाँसिन् तथा दराजबाट थुप्रै टीनका प्लेटहरू झिकिन् ।

टामले सोध्यो । 'बाज्ये कहाँ हुनुहुन्छ ? मैले त्यो बूढोलाई देखेको छैन ।'

आमाले भान्साको टेबिलमा प्लेटहरू चाङ लगाएर त्यसैको वगलमा कपहरू राखिन् । तिनीले विश्वस्त भएर भनिन, 'ओ, बाज्ये र बज्यै तबेलामा सुत्छन् । किनभने उनीहरूले धेरै पटक राति उठ्नु पर्छ । उठ्दा उनीहरूले साना-साना बच्चा-हरूलाई ठक्कर दिन्थे ।'

बाले भन्नुभयो, 'हो प्रत्येक रात बाज्ये पागल हुन्थे । बच्चा विनफिल्डलाई ठक्कर दिन्थे । ऊ रोएपछि बाज्ये पागल भएर आफ्नो दराजहरूमा सुची गर्थे । यसबाट बूढा झन् बढ्ता पागल हुन्थे । अनि घरभरिका सबै चिच्च्याईकन उनीहरूको दिमाग चौपट भइहाल्थ्यो ।' उनको कुराले सबैलाई भित्र भित्र हाँस्न लगाइदियो । 'ओहो ! हामीले एकचोटि उत्साहपूर्ण समय पाएका थियौं । एक रात सबै कराएर तिम्रो आललाई सरापिरहँदा त्यसले चलाकीसाथ भन्यो "भर्सेलै परून यी सबै, बाज्ये, तपाईं किन गएर डाँकू नबन्नु भएको ?" अँ, यो कुराले बाज्येलाई यति सारै पागल बनाइदियो कि उहाँ बन्दूक खोज्न जानुभयो । आलले त्यस राति खेतैमा सुत्नु पर्‍यो । तर अहिले बाज्ये र बज्यै दुबै तबेला-घरमाथि सुत्छन् ।'

आमाले भन्नुभयो, 'उनीहरू उठेर बाहिर जान मन लागेपछि जान्छन् । छोराको बा, गएर दुबैलाई खबर देऊ टामी घर आएको छ भनेर । बाज्ये उसलाई मन पराउँछन् ।'

बाले भन्नुभयो, 'साँच्चै, मैले अघिनै खबर गर्नु पर्ने ।' ऊ ढोकाबाहिर आफ्नो हात हल्लाईकन आँगन पार गरेर गयो ।

टामले ऊ गएको हेरिरह्यो । अनि उसको आमाको आवाजले उसको ध्यान आकर्षित गर्‍यो । कफी खन्याउँदै तिनीले उसलाई नहेरीकन अनकनाउँदै, डराउँदै भनिन्, 'टामी ।'

'किन ?' आमाको भीरुपनले गर्दा उसको भीरुपन हटेर गयो । यो अनौठो किसिमको व्यग्रता थियो । दुवैले एक-अर्को काँतर भएको चाल पाए जसबाट दुबै झन् बढी कायर भए ।

'टामी, मलाई तिमीसित सोध्नु छ– तिमी पागल त भएका होइनौ ?'

'पागल, हो आमा ?'

'तिमीमा पागलपनको नशा त चढेको छैन ? तिमी कसैसँग घिनाउँदैनौ ? तिमीलाई बहुला तुल्याएर भित्र जेलैमा सड्न लाउन उनीहरूले केही त गरेनन् ?'

त्यसले छड्के आँखाले हेरेर उनको अध्ययन गर्न थाल्यो । यस्ता कुरा तिनीले कसरी जानिन् भनेर उसका आँखाले प्रश्न गरे जस्तै बुझियो । त्यसले भन्यो, 'अँहँ, म धेरै दिन कहाँ बसें र । अरू-अरू जस्तै म अभिमानी पनि भइनँ । मैले आफ्ना सामानहरू गन्न दिएँ । आमा, के भो ?'

अब आफ्नो मुख वाएर मानौं झन् राम्रा कुरा सुन्न उत्सुक भई उनका आँखाले बढ्ता जान्न कुत्कुत्याए जस्तै तिनीले उसलाई हेरिरहिन् । उनको आकृतिले यस्तो जबाव खोज्यो जो सबैं भाषाभित्र लुकिरहेको हुन्छ । तिनीले अलमल्ल परेर भनिन्, 'मैले राम्रो लडका फ्लाइड र उसकी आमालाई चिनेकी छ । उनीहरू असल मान्छे थिए । यो निश्चय कुरा थियो कि एउटा असल लडका जस्तो हुनु पर्ने हो त्यो उस्तै थियो ।' तिनी एक छिन थामिएपछि उनको मुखबाट फेरि वाक्य फुट्यो । 'धेरै कुरा त मलाई थाहा छैन तर यति जान्दछु– त्यसले अलिकति खराब काम गऱ्यो । त्यो गरेको उनीहरूले फेला पारीकन उसलाई सजाय दिए । फलस्वरूप त्यो पागल भयो । अर्को पटक त्यसले बहुलट्टी काम गऱ्यो । उसले फेरि सजाय पायो । अनि पछि त्यो नराम्रोसँग पागल भयो । उनीहरूले उसलाई मूसालाई जस्तै गोली हानीदिए र त्यसले पनि जवावमा गोली फर्कायो । त्यसपछि उसलाई सानो ब्वाँसो-लाई जस्तै लखेटिइयो अनि उसले ठूलो ब्वाँसोले जस्तै रिसले झम्ट्यो । अनि त्यो पागलै भयो । उसको स्वभाव न लडकाको जस्तै थियो न मानिसको जस्तै, तर एउटा जिउँदो लाशको जस्तै थियो, पागलको जस्तै । तर उसलाई चिन्ने मानिसहरूले उसको केही नोक्सान गरेनन् । उसको व्यवहार उनीहरूप्रति पागलको जस्तो थिएन । अन्तमा उसलाई लखेटेर मारी नै दिए । उनीहरूले उसलाई अखवारमा जतिसुकै खराब थियो भनेता पनि वास्तविक कुरा यो थियो ।' तिनीले थामिएर आफ्ना सुख्खा ओठहरू चाटिन् र उनको सम्पूर्ण आकृतिमा एउटा दुःखपूर्ण प्रश्न-चिह्न थियो । 'टामी, म जान्न चाहन्छु उनीहरूले तिमीलाई ज्यादै चुटे ? उनीहरूले तिमीलाई पनि त्यसलाई जस्तै पागल तुल्याए ?'

टामका मोटा ओठहरू उसका दाँतमाथि तन्किए । ऊ आफ्ना ठूला मोटा हातहरू हेर्न थाल्यो । त्यसले भन्यो, 'अँहँ, मलाई त्यसो गरेनन् । थामिएर ऊ आफ्ना भाँचिएका नङ्हरू हेर्दै थियो जसमा सिपीमा जस्तै टीला बनेका थिए । 'खलबल हुँदा म जहिले पनि अलग बस्थें, म त्यतिको बहुलाएको थिइनँ ।'

तिनीले सुस्केरा हालेर सुस्त-सुस्त भनिन्, 'ईश्वर म तिमीप्रति आभारी छु ।'

त्यसले छिटै माथि हेरेर भन्यो, 'आमा, मैले देखें उनीहरूले हाम्रो घरमा के गरेका–'

ऊनले ऊ नजीक आएर जोशले भनिन्, 'टामी, तिमी एक्लै उनीहरूसित लड्न नजाऊ । उनीहरूले तिमीलाई ब्वाँसोलाई जस्तै लखेटेर शिकार गर्नेछन् । टामी, मलाई विचार गर्नु मात्र छैन, मलाई मनको तरंगमा डुब्नुछ र आश्चर्य मान्नुछ । उनीहरू भन्छन् हामी जस्ता हजारौंलाई उनीहरूले निकालेका छन् रे । टामी, हामी पनि त्यस्तै पागल भइदिएका भए उनीहरूले हामी कसैलाई पनि शिकार बनाउन बाँकी राख्ने थिएनन्', यति भनेर तिनी अडिइन् ।

उनलाई हेर्दा-हेर्दै टामीले बिस्तारै-बिस्तारै आफ्नो आँखाका ढकनी ओराल्यो । अन्तमा परेलाको बीचबाट अलिकति आँखाको टलक मात्र देखियो । त्यसले सोध्यो, 'धेरैजसो मानिस त्यस्तै नै महसूस गर्छन् ?'

'अँहँ, मलाई थाहा छैन । उनीहरू एक किसिमले ढुनमुनिएका छन् । अर्धनिद्रामा परेका जस्तै उनीहरू यताउति डुलिरहन्छन् ।'

बाहिर आँगनको पारितिरबाट पुरानो चरचर आवाज गर्ने बेमतलबका कुरा सुनियो । 'हाम्रो विजयको लागि ईश्वरलाई प्रशंसा गर । हाम्रो विजयको लागि ईश्वरको प्रशंसा गर ।'

टामले आफ्नो मुन्टो फर्काइकन ङिच्च हाँसेर भन्यो । 'वज्यैले आखिरमा म घर पुगेको खबर सुन्नुभयो । आमा, तिमी पहिले यस्ती कहिले पनि थिइनौ ।'

उनको आकृतिमा सारोपन आयो र आँखामा उपेक्षाको भाव देखा पऱ्यो । तिनीले भनिन्, 'मैले कहिले पनि मेरो घरलाई धक्का दिएर भत्काएको थाहा पाएकी

थिइनँ, न मेरो परिवारले सडकमा शरण लिन पुगेको नै देखेकी थिएँ । मैले कहिले पनि आफ्ना मालसामान बेच्न परेको थिएन । तर अहिले ती जम्मै थोक गर्नु पर्‍यो ।' तिनीले चूलोमा गई बिस्कुटको ठूलो गोलाकार कराही दुइटा टीनको प्लेटमा खन्याइन् । मासुको रस बनाउनको निम्ति तिनले पीठो चलाईकन धेरै बोसोमा खसालिन् । र यसो गर्दा उनको हात पीठोले सेतो भएको थियो । एक छिन टामले उनको काम हेरिरह्यो । त्यसपछि ऊ ढोकातिर गयो ।

चार जना मानिसहरू आँगन पार गरेर आए । तिनीहरूलाई बाज्येले अघि लगाउँदै ल्याउनु भएको थियो । तीमध्ये एउटा मानिस दुब्लो र झुत्रो भईकन पनि छिटो-छिटो खुट्टा चालेर उफ्रँदै दाँया खट्टामा जोड दिंदै आइरहेको थियो । ऊ आउँदा टाँक लगाउँदै थियो र उसको बूढो हातले टाँक भेट्टाउन मुश्किल भइराखेको थियो; किनभने त्यसले सबभन्दा माथिको टाँक त्यसमुनिको प्वालमा हालेको थियो जसले गर्दा टाँकको सिलसिला सब गडबड भएको थियो । त्यसले कालो झुत्रो पैन्ट र च्यातिएको नीलो कमीज लगाएको थियो । पैन्टको टाँक नलाईकन त्यमै छोडि-राखेकाले लामो खैरो अन्डरवियर देखिएको थियो । कमीजको टाँक नलाएकोले सेतो रौंले ढाकेको उसको सानो सेतो छाती खोलिएको गंजीबाट देखा परेको थियो । त्यसले टाँकको प्वाल त्यसै छोडेर खुल्ला राखेकोले अन्डरवियरका टाँक औंलाले छामिरह्यो । जम्मै त्यसै छोडेर त्यसले आफ्ना खैरा ग्याँटिसहरू कस्यो । उसको दुब्लो र उत्तेजक अनुहारमा अनियन्त्रित लडकाको जस्तै ससाना चम्किला दुष्ट आँखा थिए । उसको जिस्किने अनुहारबाट झगडालुपन, शिकायत तथा उपद्रव झल्कन्थे । त्यसले झगडा र बहस मात्र गर्ने होइन अपितु अश्लील कथा पनि भन्ने गर्थ्यो । ऊ हमेशा कामुक रहन्थ्यो । एउटा दुष्ट बालक जस्तै दुराचारी, निर्दयी तथा अधीर हुनमा उसलाई आनन्द लाग्थ्यो । त्यसले पाएसम्म बढी मात्रामा रक्सी खान्थ्यो, अगाडि खानेकुरो भए मस्तै खाइदिन्थ्यो र सधैं बढ्ता कुरा गर्थ्यो ।

उसको पछि पछि बज्यै ख्वांच्यां-ख्वांच्यां गरेर आइन् । तिनी लोग्ने जत्तिकै नीच भएकीले मात्र बाँचिरहेकी थिइन् । तिनीमा क्रूरता र अधिक धार्मिक भावना थियो जो बाज्येबाट पाउनसक्ने कुनै कुरा जतिकै कामुक र निर्दयी थियो । एक दिन मीटिंग सिद्धिएपछि तिनी बोलिरहेकै थिइन् जब आफ्नो लोग्नेलाई दुइ-नाले बन्दूकले हानिदिइन् जसबाट उसको एउटा नितम्ब प्रायः च्यातिएको थियो । त्यस पछिदेखि उनले उनीको प्रशंसा गर्न थाले र केटाकेटीहरूले उडुसलाई दुःख दिए जस्तै उनलाई दुःख दिन खोजेनन् । हिंडेर आउँदा तिनले आफ्नो खुकुलो गाउन

घुँडासम्म तानेकी थिइन् र तिनले युद्धको तिखो र डरलाग्दो स्वर उठाइन् । 'विजयको लागि ईश्वरलाई प्रशंसा ।'

बाज्ये र बज्यैले त्यो चौडा आँगन पार गर्न परस्परमा दौड शुरू गरे। उनीहरू हरेक कुरामा झगडा गर्थे र प्रेम गर्थे र झगडा गर्नु उनीहरूको निम्ति आवश्यक थियो ।

उनीहरूको पछि-पछि बिस्तारै बा र नोआ सुरु-सुरु आए । नोआ जो जेठो छोरो थियो, ऊ अग्लो र विचित्र स्वभावको हुनाको साथसाथै आकृतिमा सदा अनौठा अनुहार लिएर शान्त र अलमलिएको जस्तो देखिन्थ्यो । जिन्दगीमा कहिले रिसाएको थिएन ऊ । ऊ रिसाएका मानिसहरूलाई त्यत्तिकै बेचैनी र आश्चर्यले हेर्थ्यो जत्ति कि साधारण मानिसहरूले पागललाई हेर्छन् । नोआ बिस्तारै हिंड्ने मात्र होइन अपितु मितभाषी पनि थियो । अतएव नचिन्ने मानिसहरूले उसलाई अक्सर मूर्ख ठान्थे । त्यो मूर्ख थिएन, विचित्र भने जरूर थियो । त्यसमा न अहंकार थियो न वासना नै । ऊ सुत्दा र काम गर्दा एउटा अनौठा तालले उसलाई साथ दिन्थ्यो जसमा ऊ सन्तुष्ट रहन्थ्यो । उसलाई आफ्ना मानिसहरूसँग प्रेम भए तापनि बाहिरबाट कहिले पनि देखाउँदैनथ्यो । कुनै दर्शकले कारण बताउन नसकेता पनि नोआ आफ्नो टाउको या शरीर या खुट्टा या मन कुनै-न-कुनै कुरूप भएको थियो भन्ने कुराको छाप उसको मनमा पारिदिन्थ्यो । तर कुनचाहिं कुरूप थियो भन्ने कुरा संझन सक्तैनथ्यो । नोआ किन विचित्र भएको हो त्यो कुरा बा लाई थाहा थियो भनी आफू ठान्नुहुन्थ्यो । तर बाले शरम मानेर त्यो कुरा कहिले पनि भन्नु भएन । किनभने नोआ जन्मेको राति बा घरमा एक्लै हुनुहुन्थ्यो र आमाका च्यातिएका तिघ्रा देखेर तर्सनु भएको थियो र आमा चिच्च्याउँदा डरले उहाँ पागल हुनु भएको थियो । चिम्टाको सट्टा आफ्ना हात र बलिया औंलाहरू प्रयोग गरेर उहाँले बच्चालाई तानेर निमोठि-दिनुभयो । सूँडिनी अबेर आएकीले उनले टाउको तानेर रूप बिगारेको, घाँटी लामो भएको तथा शरीरको आकार-प्रकार कुरूप भएको बच्चा पाइन् । तिनीले बच्चाको टाउको पछाडि धकेलेर आफ्ना हातले शरीरको उचित आकारमा ल्याइन् । तर बा यो कुरा संझेर सधैं लाज मान्नुहुन्थ्यो । र त्यसैले अरूलाईभन्दा बढ्ता उहाँ नोआलाई माया गर्नुहुन्थ्यो । नोआको चाक्लो मुख, आँखा तथा लामो कमजोर बंगारामा बालाई बच्चाको कुरूप खोपडी देखेको भान हुन्थ्यो । नोआ आफूलाई चाहिएको जम्मै काम गर्न सक्थ्यो । ऊ लेख्न, पढ्न, काम गर्न तथा आकार-प्रकार खिच्न सक्थ्यो । तर उसलाई कुनै कुराको परवाह भएको जस्तो देखिदैनथ्यो । मानिसहरूलाई जुन कुराको आवश्यकता पर्थ्यो ती कुराहरूप्रति उसलाई केही परवाह

हुँदैनथ्यो । ऊ अनौठा शान्त घरमा रहन्थ्यो र शान्त आँखाले घरवाहिर हेर्थ्यो । समस्त संसारको लागि ऊ परदेशी थियो तर ऊ कहिले पनि आफूलाई एक्लो अनुभव गर्दैनथ्यो ।

चारै जना आँगन पार गरेर आएपछि बाज्येले सोध्नुभयो । 'ऊ कहाँ छ ? मोरा, ऊ कहाँ छ ?' उसको औंलाले पैन्टको टाँक छामिसकेपछि बिर्सेर उसले हात खल्तीमा नै राख्यो । त्यस पछि त्यसले टामलाई ढोकामा उभिराखेको देख्यो । आफू मात्र अडिएको होइन अपितु अरूहरूलाई पनि बाज्येले रोक्नुभयो । उहाँका साना-साना आँखा द्वेषले टल्किए । उहाँले भन्नुभयो, 'उसलाई हेर, कैदीलाई । जोड जस्ता अरू कुनै मानिस जेलमा अलि बढी समयको लागि थुनिएका छैनन् ।' उसको मनमा झट्का लाग्यो । 'उसलाई जेलमा थुन्ने अधिकार थिएन । म जे गर्थें त्यसले उही गऱ्यो । यी राडाँ छोराहरूको अधिकार थिएन ।' उसको मनमा फेरि झट्का लाग्यो । र वृद्ध टर्नबुलले जो नीच र घृणित थियो के भनेर फुइँ गरिरहेको थियो भने तिमी बाहिर निस्केपछि त्यसले तिमीलाई गोली हान्ने रे । ऊ उसको रगतमा हैटफील्डको रगत छ भनी भन्थ्यो । अँ, अनि मैले उसलाई भनी पठाएँ । "जोडको अनुपस्थि-तिमा गोलमाल नगर । मेरो रगतमा पनि मैकाइको रगत हुन सक्छ । टाम भएको बेला तिमीलाई जे भन्न मन लाग्छ त्यो भन, म मान्नेछु । अनि त्यस बेला जे हुनु-पर्ने कारवाइ भइहाल्ने छ ।" यो कुरा भनेर मैले उसलाई तर्साइदिएँ ।'

बज्यैले उसको कुरालाई वास्ता नगरीकन भेडा जस्तै कराएर भनिन्, 'ईश्वरलाई विजयको निम्ति प्रशंसा गर ।'

बाज्ये गएर टामको पिठ्यूँमा धाप दिए र उनका आँखाबाट स्नेह र गर्व झल्किरहथ्यो । 'टामी, तिमीलाई कस्तो छ ?'

टामले भन्यो । 'ठीकै छ । तपाईंलाई कस्तो छ नि ?'

मनमा झट्का दिएर बाज्येले भन्नुभयो । 'सुची र अंगूरको रस । मैले त्यस्तै भनें । मैले भनें, उनीहरूले जोडलाई जेलमा राख्ने छैनन् । "टामी त्यसरी नै जेल फोरेर आउने छ जसरी एउटा साँढे बारिएको बार भाँचेर निस्कन्छ", र तिम्रोले त्यस्तै गऱ्यो । खोइ, छोड, अब मलाई भोक लागिसक्यो ।' उहाँ अगाडि बढेर बस्नुभयो अनि आफ्नो प्लेटमा सुँगुरको मासु र ठूलठूला दुइटा बिस्कुटमा मासुको

झोल हालेर अरूहरू भित्र पस्नुअघि मुख भरीकन चलाउन थाल्नुभयो ।

टामले मायालु भावले उहाँतिर हेरी ङिच्च हाँस्यो । त्यसले भन्यो । 'ऊ प्रेत त होइन ?' बाज्येको मुख यति भरिएको थियो कि उहाँले बोल्नसम्म पनि सक्नु भएन । तर उहाँका ससाना नीच आँखामा मुस्कान थियो र उहाँले जोडसँग आफ्नो मुन्टो तल-माथि हल्लाउनु भयो ।

बज्यैले गर्वसँग भनिन्, 'त्यति खराब सरापिन लायकका मानिस उनीहरूभन्दा बढी अरू कोही हुन सक्तैनन् । उनीहरू अन्वेषण गर्न यताउति गइरहेछन् । ईश्वरलाई धन्यवाद । तिनीहरू ट्रक हाँक्न चाहन्छन ।' तिनीले दुष्ट भावले भनिन् । 'अँ, तिनी-हरूले गर्न आँटेका छैनन ।'

बाज्येको घाँटीमा खानेकुरा अड्क्यो जसबाट पीठोको फाँडो छरिएर उहाँको काखमा खस्यो । अनि उहाँ कमजोरसँग खोक्न थाल्नुभयो ।

बज्यै टामलाई हेरेर मुस्काइन् । तिनीले मुख उज्यालो पारेर भनिन । 'गडबड भयो, होइन त ?'

नोआले खुडकिलामा उभिएर टामलाई अवलोकन गऱ्यो र उसको फराकिलो आँखाले उसलाई हेरे जस्तो बुझियो । उसको आकृतिबाट न्यून अभिव्यक्ति झल्कन्थ्यो। टामले सोध्यो । 'नोआ, सन्चै छौ ?'

नोआले उत्तरमा भन्यो । 'सन्चै छु । तिमीलाई कस्तो छ नि ? त्यही नै सब थोक थियो, तर यो आनन्दको कुरा थियो ।

आमा मासुको झोल राखेको कचौराबाट झिंगा धपाउन थालिन् । तिनले भनिन् । 'हामीसित बस्ने कोठै छैन । एउटा प्लेट लिएर जहाँ मन लाग्छ त्यहाँ बस, चाहे आँगनमा होस् या अन्यत्र कहीं ।'

अकस्मात् टामले भन्यो, 'ए, पादरी कहाँ गयो ? त्यो यहीं थियो । कहाँ गयो होला त्यो ?'

बाले भन्नुभयो, 'मैले पनि उसलाई देखेको हुँ, तर त्यो गइसक्यो ।'

र बज्यैले तिखो स्वरमा भनिन्, 'पादरी ? तिम्रो साथमा पादरी आएको ?

उसलाई खोजेर ल्याऊ । हामीलाई पुण्य हुन्छ । तिनीले बाज्येलाई औंल्याइन् । 'उसको निम्ति ज्यादै अबेर भइसक्यो । त्यसले त खाई पनि सक्यो । जाऊ गएर पादरीलाई खोजेर ल्याऊ ।'

टामले पिँढीमा गएर बोलायो । 'ऐ जिम ! जिम केसी !' त्यो त्यहाँबाट आँगनमा गयो । 'अहो केसी !' पादरी टंकीमुन्तिरबाट निस्केर बस्यो । त्यसपछि त्यो उठेर घरतिर गयो । टामले सोध्यो । 'के गरिरहेका ? लुकिरहेका ?'

'अँ, होइन । तर अर्काको परिवार-सम्बन्धी कुरा भइरहेको ठाउँमा कोही पनि बस्न हुँदैन । म विचार गर्दै थिएँ ।'

टामले भन्यो । 'आएर खाना-साना खाऊ । बज्यैले आशीर्वाद चाहेकी छन् ।'

केसीले प्रतिवाद गरेर भन्यो । 'तर म अब पादरी छैन ।'

'अँ, आएर उनलाई आशीर्वाद देऊ । उनलाई चाहिएको आशीर्वाद दिएर तिम्रो केही नोक्सान हुँदैन । उनीहरू सँगसँगै भान्साभित्र पसे ।

आमाले शान्तसँग भनिन्, 'स्वागत छ ।'

अनि बाले भन्नुभयो, 'स्वागत छ । केही जलपान गर्नोस् ।'

बज्यैले कराएर भनिन्, 'सबभन्दा पहिले आशीर्वाद, पहिले आशीर्वाद ।'

बाज्येले केसीलाई नचिनेसम्म खूब आँखा गाडेर हेर्नुभयो । अनि उहाँले भन्नुभयो, 'अहो, त्यो पादरी, त्यो त ठीकै छ । म उसलाई चिनेदेखि जहिले पनि मन पराउँथें ।' त्यसले कति कामुकतासँग आँखा झिम्कायो भने बज्यैले खूब कडा प्रत्युत्तर दिनलाई त्यसले बोलेको थियो भन्ने ठानी भनिन्, 'चूप लाग्, तँ पापी बूढो बोका ।'

केसीले डराएर आफ्नो कपालमा औंला घुसारेर भन्यो । 'मलाई के भन्नु छ भने अब म पादरी छैन । किन, यहाँ आएर मलाई दया र उदारता देखाउने मानिस-हरूलाई मैले धन्यवाद दिए पुग्छ भने त्यही एक किसिमको आशीर्वाद भयो भनेर

म भन्छु । तर अहिले त म पादरी छैन ।'

बज्यैले भनिन्, 'त्यही भए पनि हुन्छ, भन्नोस् । हामीहरू क्यालिफोर्निया जानेवारे एक-दुइ शब्द भन्नोस् ।' पादरी तथा अरू त्यहाँ उपस्थित हुनेहरूले आ-आफ्नो मुन्टो निहुराए । आमाले पेटको आडमा आफ्नो हात जोडी बिन्ति गरेर टाउको निहुराइन् । बज्यैले मुन्टो कति निहुराइन् भने उनको नाकले बिस्कुट र मासुको झोल भएको प्लेट झण्डै छोएको । भित्तामा अडेस लाएर तथा हातमा एउटा प्लेट लिएर टाम सारो भई निहुऱ्यो र बाज्येले बगलतिर आफ्नो टाउको झुकाउनुभयो जसबाट उहाँका नीच र विलासी आँखाले पादरीलाई देख्न सकुन् । र पादरीको आकृतिबाट प्रार्थनाको ठाउँमा विचार गरिरहेको भान हुन्थ्यो । र उसको स्वरले सविनय प्रार्थनाको सट्टा विचारको आभास दिन्थ्यो ।

त्यसले भन्यो, 'म विचार गर्दैछु । जीजसले संसारको दुःखबाट कसरी मुक्त हुने हो भनी विचार गर्न जंगल गए जस्तै म पनि पहाडतिर गइरहेछु भनी विचार गर्दैछु ।'

'ईश्वरको प्रशंसा गर', बज्यैले भनिन्, र पादरीले आश्चर्य मानेर उनलाई पुलुक्क हेऱ्यो ।

'यस्तो देखिन्छ कि जीजस दुःखैदुःखमा अलमलिइरहेका थिए र उनले त्यसबाट मुक्ति पाउने विचार गर्न सकेनन् । अनि उनले संसारमा भएका सबै असल कुराबारे तथा लडाईं-झगडा र योजनाबारे महसूस गर्न थाले । उनलाई थकाइ लाग्यो, असल कुराको पनि उपभोग गरे, त्यसबाट पनि उनलाई थकाइ नै लाग्यो । अनि पछि उनको सबै उत्साह क्षीण भयो । अनि बल्ल उनी निष्कर्षमा आए, तर त्यसबाट केही फाइदा भएन । त्यसैले उनी जंगलतिर प्रस्थान गरे ।'

'तथास्तु !' बज्यैले भेडाको स्वरमा भनिन् । यतिका वर्षसम्म तिनले यो शब्दका विरामसित आफ्नो उत्तर ठीक मिलाएकी थिइन् । र तिनले यो शब्द प्रयोग गरेकोमा आश्चर्य मानेकी या सुनेकी अब धेरै वर्ष भैसक्यो ।

पादरीले भन्दै गयो, म जीजस जस्तै छु भन्ने मेरो तात्पर्य होइन । तर म ऊ जस्तै थाकिसकें र उमेंग मेरो लसपस भइसक्यो र म पनि ऊ जस्तै कुनै बस्ने ठाउँ

नपाई बन-जंगल चहारेर हिंडिरहें । राति पल्टेर म ताराहरू हेर्थें; बेहान उठेर म सूर्योदय भएको हेरिरहन्थे; मध्यान्हमा म एउटा पहाडबाट शुष्क देहात प्रदेशतिर हेर्थें; साँझ म सूर्यास्त भएको दृश्य हेरिरहन्थें । कहिलेकाहीं म सधैं झैं प्रार्थना गर्थें । तर मैले किन प्रार्थना गरिरहेको भन्ने मलाई थाहा थिएन । पहाडहरू हुन्थे, म हुन्थें र पहाडहरूसित म कहिले पनि अलग हुँदैनथें । हामीहरू एक सूत्रमा बाँधिएका थियौं जो पवित्रताको अनुरूप थियो ।

'ईश्वर तिमी धन्य छौ', यस्तो भनेर बज्यैले अलि-अलि अगाडि-पछाडि हल्लिएर सर्वोच्चानन्दमा लीन हुने कोशिश गरिन् ।

म विचारमा डुब्न थालें । यो खालि विचार थिएन, त्योभन्दा धेरै गहन कुरा थियो । हामीहरू एउटैमा विलीन हुँदा तथा समस्त मानवजाति एकै सूत्रमा बाँधिदा कसरी पवित्र भयो भनेर म विचार गर्थें । तब मात्र कुनै व्यक्ति अपवित्र हुन्थ्यो जब कुनै मानिसले खान पाएर अरूलाई लात हान्थ्यो, घिच्च्याउँथ्यो तथा झगडा गर्थ्यो । त्यस्तो किसिमको मानिसले पवित्रता गुमाउँछ । तर जब सबै मानिसहरू एक साथ एक जनाको निम्ति नभईकन सबैको लागि काम गरिरहेका हुन्छन् त्यो ठीक छ, त्यो पवित्र हुन्छ । त्यसपछि मैले विचार गर्न थालें कि पवित्रता के चीज हो मैले बुझ्न सकिनँ ।' त्यो थामियो तर निहुरेका टाउकाहरू झुकिनै रहे किनभने तिनीहरूलाई कुकुरलाई जस्तो 'तथास्तु' को इशारा दिएपछि मात्र टाउको उठाउने तालीम दिइएको थियो । 'म पहिले दिए जस्तै अहिले आशीर्वाद दिन सक्तिनँ । जलपान गर्दा पवित्रता कायम गरेकोमा मलाई खुशी लाग्यो । यहाँ प्रेम र सहानुभूति भएकोमा म खुशी छु । यही सब थोक हो ।' मुन्टोहरू तल झुकेकै थिए । पादरीले वरिपरि हेरेपछि भन्यो, 'मैले तपाईंहरूको जलपान चिस्याई दिएको छु ।' त्यसपछि त्यसले 'तथास्तु' भन्ने कुरा संझेर त्यस्तै भन्यो । अनिपछि उनीहरूले टाउको उठाए ।

बज्यैले पनि 'तथास्तु' भनिसकेपछि जलपान शुरू भयो । तिनीले आफ्नो सारो दाँत नभएको गिजाले बिस्कुट खाइन्, टामले छिटो-छिटो खायो र बाले पनि खानु भयो । खानेकुरा खाएर कफी खाउन्जेल कुनै किसिमको कुराकानी भएन । झुरुम-झुरुम खाना खाइएको तथा पिइएकोले जिब्रोमा परिवर्तन ल्याइदियो । पादरीले खाइरहँदा आमाले प्रश्नसूचक परीक्षा गर्ने, तथा बुझ्न चाहने भावनाले हेरिरहिन् । तिनीले उसलाई यसरी हेरिरहिन् मानौं त्यो त्यसको मूर्ति नभईकन कुनै

अमूर्त, जमीनबाट आएको आवाज थियो ।

मानिसहरूले खान सिध्याएपछि आ-आफ्नो प्लेट तल राखेर बाँकी भएको कफीको कप रित्त्याए । त्यसपछि बाबु, पादरी, नोआ,बाज्ये तथा टाम सबै बाहिर गएर सजाउने सामग्री छरिराखेको काठको खाट, हावाले चल्ने मीलका मेशीनहरू तथा पुरानो हलो सबै छलेर ट्रकको नजीक गईकन त्यसको बगलमा उभिए । उनीहरूले वरिपरि राखिएका नयाँ देवदारका फल्याकहरू छोए ।

टामले छत खोलेर ठूलो चिल्लो इन्जिन हेन्यो । बा त्यसको छेउमा आइपुग्नु-भयो । त्यसले भन्यो, 'तिम्रो भाइ आलले यसलाई किन्नुभन्दा अगाडि नै हेरि-सकेको छ । ऊ भन्छ, सब ठीक छ रे ।'

टामले भन्यो, 'त्यसलाई के थाहा छ र ? त्यो त एउटा धृष्ट व्यक्ति हो ।'

'त्यसले एउटा निगममा गएर काम गऱ्यो । पोहरदेखि त्यसले ट्रक हाँक्न थाल्यो । त्यो चलाख भईकन पनि त्यसलाई अलि-अलि मात्र ज्ञान छ । ऊ इन्जीनबारे जान्दछ भन्ने उसलाई थाहा छ । आलले विचार गर्न सक्छ ।'

टामले प्रश्न गऱ्यो, 'अब त्यो कहाँ छ ?'

बाले भन्नुभयो । 'अँ, त्यो देहातमा भाले-बोका या भाले-बिरालो जस्तै हुनसम्म छाडा भएर हिंडिरहेछ । भर्खर सोह्र वर्ष पुगेर चिटिक्क परेको छ त्यो । उसको उच्छृंखलताले उसलाई उत्तेजित पारिराखेको छ । त्यसले लडकीहरू र इन्जि-नहरू सिवाय अरू कुनै कुरा विचार गर्दैन । साधारण भएर पनि चिटिक्क परेको छ त्यो । एक सातासम्म पनि त्यो राति घरमा हुँदैन ।'

बाज्ये आफ्नो छाती छाम्दै नीलो कमीजका टाँक अन्डरवियरका टाँकका प्वाल-हरूमा घुसार्न सफल हुनुभयो । उहाँका औंलाले केही गडबड भएको महसूस गरेता पनि के गडबड भएको भन्ने पत्ता लगाउन वास्ता गरेनन् । उहाँका औंला टाँकका प्वालमा के अड्किएको रहेछ भनी पत्ता लगाउन तलतिर छाम्न पुगे । उहाँले खुशी भएर भन्नुभयो । 'म खराब भएँ, म नीच भएँ भनेर तिमी भन्न सक्छौ । म आल-

भन्दा अनि ठूलो छँदा सल्लीस भन्ने ठाउँमा एउटा कैम्प बैठक भएको थियो । ऊ धृष्ट र निकम्मा थियो । म त ठूलो भइसकें । त्यस मीटिंगमा हामीहरू पाँच सय जना थियौं । जवानै-जवान मानिसहरूको जमघट थियो ।'

टामले भन्यो, 'बाज्ये, तपाईं त अहिले पनि नीच जस्तो देखिनुहुन्छ ।'

'अँ, म त्यस्तै देखिन्छु । तर म क्यालिफोर्निया जान्छु जहाँ म चाहेको बखत सुन्तला या अंगूर टिप्न सक्छु । त्यहाँ यस्ता चीज पाइन्छन् जो मैले कहिले पनि प्रचुर मात्रामा खाएको छैन । म बाटैमा झुप्पाका झुप्पा अंगूरहरू टिपेर आफ्नो अनुहारभरि त्यसको रस निचोरेर चिउँडोबाट बगाई दिनेछु ।'

टामले सोध्यो, 'काका जान कहाँ छन् ? रोसाशार्न कहाँ छे ? रूठी र विन-फील्ड कहाँ छन् ? उनीहरूको बारे अझसम्म पनि कसैले केही भनेका छैनन् ।'

बाले भन्नुभयो, 'कसैले सोधेको पनि त छैन नि । जान पम्प, औजार, कुखुरा तथा हामीले ल्याएका एक भारी यस्तै चीजहरू बेच्न सल्लीस गयो । भोर हुनुभन्दा अघि नै रूठी र विनफील्डलाई आफ्नो साथमा लिएर गयो ।'

टामले भन्यो, 'मैले उसलाई कहिले पनि नदेख्नु हाँसोको कुरा हो ।'

'अँ, तिमी मूल-सडकबाट आएका होइनौ ? त्यो काउलिंगटनको पछाडिबाट गयो । र रोसाशार्न कान्नीको परिवारमा बसिरहेकी छिन् । ईश्वरको शपथ, रोसा-शार्नको विवाह कान्नी रीवर्ससँग भयो । कान्नी राम्री तरुनी भनेर तिमी संझन्छौ । र रोसाशार्नले पेट बोकेकी अन्दाजी चार-पाँच महीना भइसक्यो । अहिले त उनी मोटा-एर राम्री भएकी छिन् ।'

टामले भन्यो, 'जीजसको शपथ, रोसाशार्न अस्तिसम्म सिंगान पुछ्दै थिई, अहिले आमा हुने भइसकिछे । चार वर्षसम्म तपाईं कहीं बाहिर रहनु भयो भने धेरै घटनाहरू घट्दा रहेछन् । बा, अब तपाईंहरू कहिले पश्चिमतिर प्रस्थान गर्नु हुन्छ ?'

'अँ, हामीहरूले यी चीज लगेर बेच्नु छ । आलले आफ्नो काम सिध्याएर

फर्केछ भने मलाई लाग्छ त्यसले ट्रकमा हाम्रो सबै थोक लाद्न सक्ने छ । अनि पछि हामीहरू त्यसको भोलिपल्ट या पर्सिपल्ट प्रस्थान गर्न सक्नेछौं । हामीसँग त्यतिको खर्च छैन र दुइ हजार माइल जति गइसकेपछि क्यालिफोर्निया पुगिन्छ भनेर एक जना मानिस भन्थ्यो । जति चाँडै हामी प्रस्थान गर्छौं त्यति निश्चित रूपले हामी त्यहाँ पुग्छौं । सधैं रुपैयाँ बगेर गइरहेछ । तिमीसित केही खर्च छ ?'

'म सित दुइ डलर मात्र छ । तपाईंहरू कसरी रुपैयाँ कमाउनु हुन्छ ?'

बाले भन्नुभयो । 'अँ, हामीहरूले आफ्नो भएभरको सब थोक बेचिसक्यौं र बज्यै लगायत हामी सबैले कपास काट्ने गर्यौं ।

बज्यैले भनिन्, 'हामीहरूले अवश्य त्यस्तै गर्यौं ।

हामीहरूले आफूसँग भएको सबथोक दुइ सय डलरमा बेच्यौं । हामीसँग भएको यो ट्रकलाई पचहत्तर डलरले किन्यौं । आल र म दुवै मिलेर यसलाई दुइ टुक्रा पारी अहिलेको अवस्थामा पुऱ्यायौं । आलले कपाटहरू खियाउन लागेको थियो तर ट्रक बनाउनमा ऊ ज्यादै ब्यस्त थियो । हामीहरू यहाँबाट प्रस्थान गर्दा हामीसँग डेढ सय डलर हुनेछ । यो ट्रकको थोत्रा पुराना टायरहरू त्यति टाढा जानलाई काम दिने छैनन् । अर्को खिइएका जगेडा दुइटा टायरहरू पनि छन् । म अनुमान गर्छु, हामीले सामानहरू सडकैमा टिप्नेछौं ।'

घाम सोझै तल परेकोले त्यसको रापले पोल्थ्यो । ट्रकमा भएका ओछ्यानहरूका छायाँ जमीनमा परेर कालो देखिएका थिए । ट्रक भित्र तातो तेल, मैन कपडा र ट्रकमा हालेको पालिसको रंग डुङ्डुंग्ति गह्राउँथ्यो । केही कुखुराहरू आँगन छाडेर घामबाट बच्नको निम्ति औजार राख्ने कोठामा लुक्न गए । सुँगुरको खोरमा बारेको ठाउँनिर सुँगुरहरू स्वाँ-स्वाँ गरेर पल्टिरहेका थिए किनभने त्यस ठाउँमा एउटा पातलो छायाँ परेको थियो । र ती सुँगुरहरू बराबर असन्तोषले तिखो स्वरमा कराउँथे । दुइटा कुकुर ट्रकमुनि रातो धूलोमा फ्वाँ-फ्वाँ गरेर न्याल चुहिरहेका न्याले जिभ्रो धूलोमा लटपटाएर पल्टिरहेका थिए । बा आफ्नो टोप आँखासम्म झरेर पलेंटी मारेर बस्नु भएको थियो । र मानौं यही नै उहाँको विचार गर्ने स्वाभाविक आसन भए जस्तै गरी उहाँ टामलाई सूक्ष्म रूपले उसको नयाँ तर खिइँदै गइरहेको टोपी, उसको लुगा तथा नयाँ जुत्तामा आँखा गाडेर हेरिरहनु भयो ।

उहाँले सोध्नुभयो, 'तिमीले त्यो लुगा हाल्नलाई आफ्नै पैसा खर्च गऱ्यौ ? त्यो लुगाले तिमीलाई दुःख दिन लागेको छ ।'

टामले भन्यो, 'म बाहिर आउने बेला उनीहरूले दिएको लुगा यो', यति भनेर त्यसले आफ्नो टोपी फुकालेर अलि प्रशंसाको दृष्टिले हेरी त्यसैले आफ्नो निधार पुछ्न थाल्यो । त्यसपछि त्यसले छड्के गरेर टोपी लायो र नकाब तान्यो ।

बाले भन्नुभयो, 'उनीहरूले एक जोर राम्रै जुत्ता दिए ।'

जोडले समर्थन गरेर भन्यो, 'हो, निकै राम्रो तर गर्मीको दिनमा यो लाएर जान नहुने ।' त्यो आफ्नो बाबुको छेउमा टुक्रुक्क बस्यो ।

नोआले बिस्तारै भन्यो, 'ट्रकको बगलमा फल्याकहरू भएका भए हामीलाई यो मालसामान लाद्न सजिलो हुन सक्छ । आल आएको भए हामीले लाद्ने ।'

टामले भन्यो, 'हाँक्ने मात्र तिम्रो समस्या भए म हाँक्न सक्छु । मैले मैकआ-लेस्टरमा ट्रक हाँकेको थिएँ ।'

बाले भन्नुभयो, 'बेस ।' त्यस पछि उहाँका आँखाले सडकमा घुरेर हेरे । उहाँले भन्नुभयो, 'मैले गल्ती नगरेको भए, एउटा चिटिक्क परेको युवक डिब्बालाई आफ्नो पछि-पछि तान्दै ठीक घरतिर आइरहेछ । हेर्दा निकै थकाइ लागेको जस्तो पनि देखिन्छ त्यो ।'

टाम र पादरीले सडकतिर हेरे । अशिष्ट आल आफूलाई देख्यो भन्ने कुरा महसूस गरेर आफ्नो काँध पछिल्तिर फर्काएर बास्न लागेको भाले जस्तै अकडिएर आँगनभित्र पस्यो । ऊ टामलाई चिन्नुअघि अलि छड्के दृष्टिले हेरेर नजीक आयो । र चिनिसकेपछि उसको अहंकारपूर्ण आकृतिमा परिवर्तन आयो । उसका आँखाबाट प्रशंसा र आदरको भावना झल्के र उसको घमण्ड बगेर गयो । अग्लो कुर्कुच्चा देखा-उन को लागि आठ इन्ची मोता माथि फर्काइएको उसको सारो जीनको पैन्टले, तामाका मूर्तिहरू भएका तीन इन्ची चौडा कम्मरपेटीले, उसको नीलो कमीजको पाखुरामा राखिएको रातो पट्टाले तथा उसको स्टेटसन टोपलाई छड्के गरेर लाउँदा पनि उसको भाइको उचाइको बराबरमा ऊ आउन सकेन । किनभने उसको भाइले एक जना

मानिसलाई मारेको थियो र यो कुरा कसैले पनि बिर्सने छैन। आललाई थाहा थियो कि आफ्नो उमेरका लडकाहरूको बीच त्यसले केही प्रशंसा प्रेरित गरेको थियो किनभने उसको भाइले एउटा मान्छे मारेको थियो। त्यसले सल्लीसमा आफूलाई औंल्याएर भनेको कुरा सुनेको थियो 'त्यो आल जोड हो। उसको भाइले साभेल प्रहार गरेर एउटा मान्छे मारेको थियो।'

र अब आलले सविनय नजीक गएपछि बुझ्यो कि उसले ठाने जस्तै उसको भाइ घमण्डी थिएन। आलले विचारमा डुबेको आफ्नो भाइको कालो आँखा, शान्त जेल र जेलको गारदलाई कुनै किसिमको विरोध या दास मनोवृत्ति नदर्शाउन तालीम गरिएको चिप्लो सारो आकृति देख्यो। यसबाट आलमा लगत्तै परिवर्तन आयो। अनायास ऊ पनि आफ्नो भाइ जस्तै भयो। उसको राम्रो मुखबाट यस्तो आभास भयो कि ऊ पनि विचारमा मग्न थियो र उसको काँधको तन्काइमा खुकुलोपन थियो। टाम कस्तो थियो भन्ने कुरा त्यसले संझेको थिएन।

टामले भन्यो, 'ए, आल, जीजसको शपथ, तिमी त एउटा मानिस बढे जस्तै बढिरहेछौ। मैले तिमीलाई चिन्नै सकिनँ।'

टामले चाहेको खण्डमा हात मिलाउन तयार भएर आल सचेत भई ङिच्च हाँस्न थाल्यो। टामले आफ्नो हात पसारेपछि आलले उसको हातसित जोड्न आफ्नो हात बढायो। र दुवै जना एकले अर्कोलाई मन पराउन थाले। टामले भन्यो। 'मैले सुनें, तिमी ट्रक हाँक्नमा सिपालु छौ।'

र आफ्नो भाइलाई कसैले घमण्ड गरेको मन पर्दैन भन्ने कुरा थाहा पाएर आलले भन्यो। 'ट्रकको बारे मलाई धेरै ज्ञान त छैन।'

बाले भन्नुभयो, 'तिमी देहाततिर ट्रक चलाउनमा कुशल भएका छौ। तिमीलाई थकाइ लागेको जस्तै देखिन्छ। अँ, तिर्माले सल्लीसमा एक भारी मालसामान बेच्न लानु छ।'

आलले आफ्नो भाइ टामलाई हेरेर लापरवाहीले भन्यो, 'तिमी जान चाहन्छौ?'

टामले भन्यो । 'अँहँ, मलाई जान मन छैन । म यहींको काममा सधाउ दिनेछु । हामीहरू मूल-सडकमा एक साथ भइहाल्छौं ।'

सबैले उसको प्रश्नलाई नियन्त्रण गर्न खोजे, 'तिमी जेलबाट भागेर आएका ?'

टामले उत्तरमा भन्यो । 'अँहँ, मैले प्रतिज्ञापत्र पाएको छु ।'

यो सुनेर आलले अलि निराश भएर भन्यो । 'ओहो !'

नवौं अध्याय

साना-साना घरहरूमा बहालमा बस्ने मानिसहरूले आफ्ना जेथा, बाज्ये बराज्यू-हरूका सरसम्पत्ति सबै ओसार्न थाले। पश्चिमतिर यात्रा गर्नलाई आफ्ना सर-सामानहरू टिप्दै गरे। आफूले पहिलेदेखि जोडिराखेको सम्पत्ति चौपट भएकोले मानिसहरू निर्मम भए। तर आइमाईहरूलाई थाहा थियो कि पहिलेको कुरा संझेर भविष्यमा कति अपसोच गर्नुपर्ने हुन्थ्यो। मानिसहरू तबेला-घरहरू तथा छाप्रोहरूमा गए।

त्यो हलो, त्यो ह्यारोको सहाराले हामीले लडाईंमा तोरी रोपेको याद छ ? उनीहरूले ग्वायुले भनिइने त्यस रबडको बोटसित एउटा मानिसले हामीहरू-लाई परिचय दिएको कुरा संझन्छौ। त्यसले भन्यो धनी हुनलाई ती औजारहरू केही डलरमा बेचिदेऊ। ढुवानी भाडा समेत जोडेर हलो अठार डलरमा बिक्री गर्ने।

घोडा या बयलका साजहरू, गाडाहरू, बीउ छर्ने यन्त्रहरू, कोदालीका साना-साना झुप्पाहरूलाई बाहिर ल्याएर थुपार। तिनीहरूलाई गाडामा लादेर शहर लगी जति पाइन्छ त्यतिमा बेच। घोडाका जोडाहरू र गाडा पनि बेचिदेऊ किनभने यी सबै चीज हाम्रो बिम्ति अब केही काम आउँदैनन्।

एउटा असल हलोलाई पचास सेन्ट दिएर पुग्दैन। त्यो बीउ रोप्ने यन्त्रलाई अठतीस डलर पऱ्यो। त्यसलाई दुइ डलरमा बेचेर पुग्दैन। यसले पछिल्लो भागलाई झट्का दिएर खिच्न सक्तैन। यसलाई पनि बेच्न लैजाने। इनारको पंप र बयलका साज लाने र यसैको साथसाथै बागडोरहरू, पट्टाहरू, बाँध्ने सिक्रीहरू पनि। खैरो आँडे घोडाको बिम्ति ल्याएका त्यसको निधारमा बाँध्ने पट्टामा जडिएका भित्रपट्टि राती गुलाफ भएको साना-साना काँचका जवाहरातहरू बेच्न लैजाऊ। त्यस आँडे

घोडाले दुल्की जाँदा कसरी आफ्ना खुट्टाहरू उचाल्थ्यो यो कुरालाई संझ ।

बेकम्मा चीजहरू आँगनमा थुपारियो ।

हातले चलाउने हलो अब बेच्न सकिन्नँ । धातुको तौललाई पचास सेन्ट दिन्छ । चक्काहरू र ट्र्याक्टरहरू, त्यही त छन् अहिले हलो जोत्ने साधन ।

अँ, यी जम्मै रद्दी चीजहरू लिएर मलाई पाँच डलर देऊ । तिमीले रद्दी चीजहरू मात्र होइन रद्दी जीवहरू पनि किन्न लागिरहेछौ । यो बाहेक तिमीले पत्ता लगाउने छौ कि तिमीले किन्न लागेका चीजले तिमीलाई आनन्द दिंदैनन् । आफ्ना केटाकेटीहरूलाई हलो जोताउन हलो किन्न लागेका मात्र होइन आफूलाई बचाउन सक्ने हातहतियारहरू पनि तिमीले किन्न लागेका छौ । चार डलरले त दिन्नँ, पाँच डलर लिन्छु । यी हलो म फेरि जोत्न सक्तिनँ । ल, ल चारै डलर भो, लेऊ । तर म जनाउ दिंदैछु कि तिमीले जे किन्न लागेका छौ त्यसले आफ्नै केटाकेटीहरूलाई हलो जोताउने छ । तिमीले यो कुरा देख्ने छैनौ र देख्न पनि सक्तैनौ । चार डलरमा लिने भए लेऊ । अब घोडाको जोडा र गाडालाई कति दिने ? तिनीहरू रंगमा मिल्ने, हिंड्दा मिल्ने, लम्केर जाँदा मिल्ने, राम्रो गाढा खैरो रंगका घोडा हुन् । बिहान-पख ती घोडाहरूमा प्रकाश परेपछि ती खैरा देखिन्छन् । हामीहरूको बास सुँघ्दै तथा हामीहरूको आवाज सुन्नलाई आफ्ना ठाडो-ठाडा कान चलाउंदै तिनीहरू बारेको ठाउँमा हेर्छन् । र त्यो निधारको कालो रौं । मैले एउटी लडकीलाई चिनेको छु, जो घोडाको याल र निधारको कालो रौं चुल्ठो बाटेर सानो रातो रीबनको चिप्लने गाँठो त्यसमा राख्न मन पराउँछे । म तिमीलाई त्यस लडकी र ती दोषरहित गाढा खैरा घोडाहरूको बारे मजाको कथा सुनाउन सक्छु । यो कथा सुनेर तिमी हाँस्नेछौ । यी दोषरहित घोडा-हरूको उमेर आठ र दसको बीचमा पर्छ । उनीहरूले काम गरेको हेर्दा उनीहरू एक साथ जन्मेका बच्चाहरू जस्ता देखिन्छन् । देख्यौ ? उनीहरूका दाँत जम्मै ठीक छन् । फोक्सो गहिरो र पैताला राम्रा र सफा छन् । कति दिने ? दस डलर ? दुवैको ? र बग्गीको– अहो, जीजस क्राइस्टको शपथ ! त्यतिमा दिनुपर्‍यो भने म उनीहरूलाई मारेर कुकुरलाई खवाउँछु । हेर मिस्टर, ती घोडाहरू चाँडै लेऊ । घोडाको साथसाथै एउटी सानो लडकीको निम्ति चुल्ठो बनाउनको निम्ति निधारको रौं पनि किन्न । उभिएर गाला र नाक मल्दै टाउको एकातिर छड्के गरेर तिनले आफ्नो कपालको रीबन झिकेर त्यसमा चिप्लने गाँठो बनाउनेछिन् । यति कितेपछि वर्षौं हामीले

मिहिनेत गरेर बनाएका चीजहरू पनि किन्छौ । तर साथसाथै एक थोक नराम्रो कुरा पनि किन्छौ । यो थुप्रो रद्दी चीजहरूको साथसाथै क्षतिपूर्ति हुने एक थोक पनि छ । त्यो हो गाढा खैरो रंगका राम्रा घोडाहरू । अर्को कुरा घर पुगेर केही दिनपछि फलेर फुलेर आउने दुःखको एक पुलिन्दा पनि छ । हामीले त्यो दुःख तिमीलाई नआउन दिन सक्छौं-तिमीले हाम्रो दुःख रोकिदियौ भने । यस अवस्थामा तिम्रो दुःखको अन्त हुनेछ र हामीले पनि तिमीलाई दुःखबाट मुक्त गर्नु नपर्ने हुन्छ ।

र खेतमा काम गर्ने मोहीहरू निधारको तलसम्म आउने गरी टोप लाएर गोजीमा हात राखेर फर्केर आए । कसैं-कसैले एक माना जति रक्सी किनेर खूब जोडसंग लागोस् भनेर छिटो-छिटो खाए । तर तिनीहरूले हाँस्ने र नाच्नेचाहिं गरेनन् । न उनीहरूले गीटार लिएर गाए नै । गोजीमा हात राखेर मुन्टो निहुराउँदै जुत्ताले भूईंमा हान्दै रातो धूलो खेतहरूतिर उनीहरू डुल्दै गए ।

क्यालिफोर्नियाको फलफूलै-फलफूल लाग्ने नयाँ उपजाउ जमीनतिर हामीहरू फेरि प्रस्थान गर्न सक्छौं । हामीहरू जानेछौं ।

तर तिमीहरू प्रस्थान गर्न सक्तैनौ, सक्छ त एउटा बच्चाले मात्र । हामीहरू जे छौं, त्यही छौं । कुनै समयमा आउने रीस तथा हजारौं तसवीरहरूस्वरूप हामीहरू छौं । यी भूमि, यो लाल भूमि नै हामीहरू हौं । बाढीका वर्षहरू, धूलो उडेका वर्षहरू तथा सुख्खा परेका वर्षहरू सब हामीहरूको अनुरूप हुन् । हामीहरू फेरि प्रस्थान गर्न सक्तैनौं । किन्ने मान्छेलाई हामीले रद्दी चीजहरू बेचिहाल्यौं । त्यसले पाएको हामीले पाएका जस्तै हुन् । खेतका मालिकहरूले हामीहरूलाई जाऊ भनेपछि, ट्र्याक्टरले हाम्रा घर भत्काउन आएपछि हामी नमरेसम्म डटेर लडौंला । क्यालिफोर्नियामा होस् या अन्यत्र कहीं, हामीहरू सबै दुःखको पोका लिएर जाऔंला । र एक दिन आ-आफ्नो दुःखको भारी लिएर सबका सब त्यही बाटो लाग्नेछन् । अनि उनीहरू सब एकगठ्ठा भएपछि भयंकर आतंक मच्चिने छ ।

मोहीहरू आफ्ना पाइला रातो धूलोमा घिसार्दै खेतको घरतिर गए ।

दमचुलीहरू, खाटहरू, कुर्सी र टेबिलहरू, सानो कुनामा राख्ने दराजहरू, टब र टंकीहरू जस्ता चीजहरू बेच्नसम्म बेचिसकेपछि पनि तसवीरहरू, चारपाटे ऐनाहरू, तथा फूलदान जस्ता थुप्रा सामानहरू अझ छँदै थिए जसको बीचमा

आइमाईहरू वसेर अगाडि-पछाडि हेर्दै सामानहरूको रेखदेख गरिरहेका थिए ।

अब हामीले के लिन सक्छौं र के लिन सक्तैनौं भन्ने कुरा तिमीहरूलाई थाहा छ । केही पकाउने भाँडा, आराम गर्ने डसनाहरू, लालटिन र बाल्टिनहरू र पाल टाँग्नलाई एक टुक्रा टाट लिएर हामीहरू बाहिर पाल टाँगेर बसौंला । यो मट्टितेलको टीन, थाहा छ त्यो के हो ? त्यो हो चूलो । र लुगाहरू– जम्मै लुगाहरू लिने । र राइफल नि ? राइफल नलिईकन हामी नांगो हात नजाने । जुत्ता, लुगा र खानाले मात्र होइन, आशाले समेत हामीलाई छोडेपछि राइफल त साथमा होला कि । बाज्ये जब आउनुभयो– मैले तिमीलाई भनें ?– उहाँको साथमा मरीच, नून र राइफल थियो । पानी खाने एउटा बोतल सिवाय अरू केही पनि थिएन । बस हाम्रो साथमा त्यति मात्र थियो । एउटा गाडीले तानेर पछि-पछि आउने अर्को गाडीमा केटाकेटीहरूलाई राख्ने अनि बज्यैलाई डसनामा । औजारहरू, एउटा साभेल, एउटा करौंती, एउटा रेन्च, एउटा चिम्टा, चालिस वर्ष अघिदेखि चलाएर खिइसकेको एउटा बंचरो तथा केही डोरीहरू लिएर जाने । बाँकी के गर्ने त ? छोड्ने या जलाउने ?

र केटाकैटीहरू आए ।

मेरीले त्यो मैलिएको झुम्रोको पुतली लिन्छे भने मैले आफ्नो इंजिनको चक्का लिनु पर्नेछ । म जत्रै लामो यो बाटुलो लट्ठी मलाई चाहिन्छ । मैले यो लट्ठीलाई आफ्नो साथ राखेको एक महीना या एक वर्ष जति भइसकेको छ । यसलाई म लिएर जान्छु । र क्यालिफोर्नियामा यो कस्तो हुन्छ ?

आइमाईहरू ठेकिएका चीजहरूको बीच बसेर तिनीहरूलाई अगाडि-पछाडि निहारेर हेरिरहेका थिए । 'तीर्थयात्रीको अग्रगामी' भन्ने यो किताब मेरो बालाई मनपर्थ्यो । उहाँ बो पढ्नु हुन्थ्यो र यसमा उहाँको नाउँ लेखिएको थियो । उहाँको अद्यसम्म बास आउने यो पाइप । देवदूतको यो तसवीर । प्रथम तीन चीज आउनु-भन्दा अगाडि मैले त्यसमा हेरें तर त्यसबाट धेरै फाइदा गरेको जस्तो लागेन । मलाई लाग्छ, चीनबाट ल्याएको यो कुकुरलाई हामीले लाने चीजबीजमा दर्न सक्छौं । काकी सादीईले यसलाई सेन्ट लुइ फेयरबाट ल्याएकी । बुझ्यौ ? यसको बारे सरासर लेखिएको थियो । अँहँ, मैले अडकल गरेको होइन । आफू मर्नुभन्दा पहिले मेरो भाइले लेखेको चिट्ठी यही हो । यहाँ एउटा पुरानो टोप छ । यी प्वाँखहरू ऊ कहिले पनि प्रयोग गर्दैनथ्यो । अँहँ, प्रयोगमा ल्याउने मौकै थिएन ।

हाम्रो जिन्दगी नै नभए हामीहरू कसरी बाँच्न सक्छौं ? भूतकालसित हाम्रो केही सम्बन्ध छैन भनेर हामीहरूले कसरी थाहा पाउने ? अँहँ यसलाई छोडिदेऊ, यसलाई जलाई देऊ ।

उनीहरू बसेर आफ्नो भूतकालको विचार गरेपछि आफ्नो स्मृतिमा नै यसलाई जलाई दिए । आफ्नो घरबाहिरको जमीन थाहा नपाउनु यो कसरी हुन सक्छ ? राति तिमी उठेर त्यहाँ सरपतको रूख छैन भन्यौ भने कस्तो होला ? सरपतको रूख नभईकन तिमी बाँच्न सक्छौ ? अँहँ, तिमी बाँच्न सक्तैनौ । सरपतको रूख नै तिमी हौ । त्यो डसनामा भएको दुःख, त्यो भयानक दुःख तिमी नै हौ ।

केटाकेटीहरू– सामले आफ्नो इन्जिनको चक्की र लामो बाटुलो लट्ठी लिन्छ भने, मैले पनि दुइ चीज लिनु पर्नेछ । भुल्ला भएको तकिया म लिन्छु । त्यो मेरो हो ।

अकस्मात् उनीहरू हडबडाए । उनीहरूलाई छिटो जानु थियो, पर्खन सक्तैनथे । उनीहरूले मालसामान अँगनहरूमा थुपारेर आगो लगाइदिए । उनीहरू उभिएर मालसामान बलेको हेरिरहे । अनि हतपतमा उनीहरू गाडीमा सवार भए र धूलोमा गाडी हाँकेर गए । भरिएका गाडीहरू गएको धेरै पछिसम्म पनि हावामा धूलो बसी नै रह्यो ।

दसौं अध्याय

साना-ठूला औजारहरू, ओछ्यान र कमानीहरू, बेच्न सकिने प्रत्येक चीजले लादिएर जब ट्रक गयो टाम त्यस ठाउँको वरिपरि घुम्न थाल्यो । त्यो अन्यमनस्क भएर तबेला-घरमा र खालि तबेलाहरूमा गयो । औजारहरू राख्ने भँडारमा गएर त्यहाँ छोडिएका सामानहरूलाई लातले हानेर एउटा दाँती भाँचिएको घाँस काट्ने औजार आफ्नो पैंतालाले पल्टाइदियो । आफूले संझेको ठाउँमा त्यो गयो–त्यो लाल किनारा जहाँ गौंथलीहरूले गुँड बनाएका थिए, सुँगुरको खोर माथि भएको सरपतको रूख । मजासित घाम तापिरहेका दुइटा कालो सुँगुरहरू खोरको बारबाट उसलाई देखेपछि अलि डराएर घूँघूँ कराउन थाले । त्यसपछि उसको तीर्थ-यात्रा समाप्त भयो । त्यो गएर ढोकाको सँघारमा बस्यो जहाँ भरखरै छायाँ परेको थियो । उसको पछाडि आमा केटाकेटीहरूको लुगा बाल्टिनमा राखेर लुगा धोएकै हातले भान्सामा गइन् र उनको बलियो दाग भएको पाखुराहरूबाट साबुनको झोल बगेर गई कुहिनाबाट चुहिरहेको थियो । टाम बसेपछि तिनीले लुगा माड्न छोडिन् । त्यसले आगो जस्तो पोल्ने घामतिर फर्केर घुरिरहँदा आमाले उसलाई धेरै बेरसम्म उसको मुन्टो पछाडि-तिर हेरिरहिन् । त्यसपछि तिनी लुगा माड्न फर्केर गइन् ।

तिनीले भनिन् : 'टाम, क्यालिफोर्नियामा सबै ठीक होला भन्ने मलाई आशा छ ।'

ऊ फर्केर उनलाई हेरेर सोध्यो, 'सबै कुरा ठीक छैन भनेर केले विचार गर्न लगायो तपाईंलाई ?'

'अँ– केहीले पनि होइन । बडो राम्रो होला जस्तो छ । त्यहाँ धेरै काम मात्र होइन अपितु पारिश्रमिक पनि निकै रहेछ भन्ने कुरा मैले पर्चा बाँड्ने मानिसहरूको मुखबाट सुनेकी छु । मैले अखबारमा अंगूर, सुन्तला र आरू टिप्न मानिसहरू चाहिएका छन् भन्ने विज्ञापन देखेकी छु । आरू टिप्न त, ट्राम, रमाइलो काम

होला । उनीहरूले हामीलाई एउटै खान नदिए पनि, कहिलेकाहीं नराम्रो नै भए पनि एक-दुइटा आरू चोरेर खान सक्छौं । र रूखमुनि छ'याँमा बसेर काम गर्न त मज्जै होला । मलाई डर लाग्छ यस्तो राम्रो प्रबन्ध होला र ? खै, विश्वास गर्न सकिन्न । यस्तो राम्रो बन्दोबस्त होला भन्ने कुरामा शंकै छ ।'

टामले भन्यो : 'हामीले कीराहरू जस्तै घस्रेर काम गर्नु पर्दैन भनेर तपाईं आफ्नो विश्वासलाई यति माथि नउचाल्नोस् ।'

'तिमीले भनेको कुरा ठीक छ भन्ने मलाई थाहा छ । त्यो धर्म-ग्रन्थको कुरा हो, होइन त ?'

टामले भन्यो, 'म यस्तै अनुमान गर्छु । म धर्म-ग्रन्थलाई कहिले पनि सोझै राख्न सक्तिनँ किनभने मैले "द विनिंग आब बारबरा वर्थ" भन्ने किताब पढेको थिएँ ।'

आमा बिस्तारै भित्रभित्रै हाँसिन् अनि बाल्टिन भित्र-बाहिर गरी लुगा पखालेर निचोरिन् । तिनीले अँगरखा र कमीजहरू निचोरिन् जसबाट उनका पाखुरा फुलेर आए । 'तिम्रो बाज्ये जहिले पनि धर्म-ग्रन्थका कुरा भनिरहन्थे । उनी धर्म-ग्रन्थलाई डा० माइल्स्को पंचाङ्गसित मिलाउँथे । उनी पंचाङ्गको एकेक शब्द जोडसँग पढ्थे । अनि पछि त्यही कुरा उनी मानिसहरूलाई शिक्षाको रूपमा यस्तो "त्यो धर्मग्रन्थको उपमा हो" भनेर सुनाउँथे । तिम्रो बा र काका जानले हाँसेर गिज्याउँदा उनलाई दुःख हुन्थ्यो ।' तिनीले निचोरेका लुगाहरू दाउरा राखे जस्तै टेबिलमा राखिन् । 'मानिसहरू भन्छन् हामीहरूले दुइ हजार माइल बाटो पार गर्नु छ । टाम, तिमी कति माइल होला भनेर विचार गर्छौ ? मैले पोस्टकार्डमा ठूलो पहाड जस्तै नक्कशामा देखेको छु र हामीहरूले ठीक त्यो पहाड नाघेर जानु छ । टामी, त्यति टाढा जानलाई तिमी कति दिन लाग्छ भनेर विचार गर्छौ ?'

त्यसले भन्यो, 'मलाई थाहा छैन । दुइ साता लाग्ला, हाम्रो भाग्य भए दसै दिनमा पनि पुग्न सकिन्छ । हेर्नोस् आमा, तपाईं नआत्तिनोस । खोरभित्रको अवस्थाबारे म तपाईंलाई केही कुरा भन्न लागिरहेछु । तपाईं खोरबाहिर जान लाग्दा त्यो कुरा विचार गर्न सक्नुहुन्न । तपाईं बहुलाउनु हुनेछ । तपाईंले त्यस दिनको बारे, त्यसको अर्को दिनबारे, शनिबारको दिन भएको बल-गेमबारे विचार गर्नु छ । तपाईंले गर्नुपर्ने काम त्यही हो । समयको सदुपयोग गर्ने जति सबैले त्यस्तै

गर्छन् । एउटा नयाँ जवान मानिसले खोरको ढोकामा आफ्नो टाउको यस कारणले बजार्छ कि त्यसले त्यहाँ कति दिन बस्नु पर्ने हुन्छ । तपाईं पनि किन त्यस्तो गर्नुहुन्न, हरेक दिनको गन्ती गर्दै ?'

तिनीले भनिन, 'त्यो राम्रो तरीका हो ।' तिनले चूलोको तातो पानी बाल्टिनमा भरिन् । त्यसमा मैला लुगाहरू राखेर साबुनको झोलमा माड्न थालिन् । 'हो, त्यो राम्रो तरीका हो । तर क्यालिफोर्नियामा बेसै हुनेछ भनी विचार गर्न मलाई मन पर्छ । त्यहाँ कहिले पनि जाडो हुँदैन । यत्रतत्र फलफूलै फलफूलले भरेको तथा सुन्तलाका बोटहरूको बीच साना-साना सेता राम्रा घरहरूमा बसेर मानिसहरू रमाउँछन् । मलाई उत्सुकता छ कि हामीहरू सबैले काम पाउन सके ती साना सेता घरहरूमध्ये एउटा हामीहरूले पाउन सक्छौं । साना-साना केटाकेटीहरू निस्केर रूखमा सुन्तलाहरू टिप्नेछन् । उनीहरूले सुन्तला देखेपछि आफूलाई रोक्न असमर्थ हुनेछन् र सुन्तला पाउन उनीहरू कराउने छन् ।'

टामले उनीलाई काममा व्यस्त भइरहेको हेरिरहचो आफ्नो आँखामा मुस्कान भरेर । 'यसरी विचार गर्नु तपाईंको निम्ति असलै हुनेछ । क्यालिफोर्नियाबाट आएको एउटा मानिसलाई मैले चिनेको छु । त्यसले हामीहरूले जस्तो कुरा गरेन । त्यसले कुरा गरेअनुसार ऊ टाढाबाट आएको भनी तपाईंले थाहा पाउनु हुनेछ । तर ऊ त्यहाँ धेरै मानिसहरूले काम खोज्दैछन् भन्थ्यो । ऊ के पनि भन्थ्यो भने फलफूल टिप्ने मानिसहरू फोहर ठाउँमा मात्र बस्ने होइनन् अपितु प्रशस्त खान समेत पाउँदैनन् रे । उनीहरूले ज्याला थोरै पाउने मात्र होइनन् अपितु कामै समेत पनि पाउँदैनन् भनी ऊ भन्थ्यो ।'

यो कुरा सुनेर उनको मुखमा अन्धकार छायो । तिनले भनिन्, 'ओहो, कुरा त्यस्तो होइन । तिम्रो बाले पहेंलो कागजमा लेखेको एउटा पर्चा पाउनुभएको थियो । उनीहरूलाई काम गर्ने मानिसहरूको कत्रो खाँचो छ भनी उहाँ भन्नुहुन्थ्यो । प्रशस्त काम नपाएको भए उनीहरू त्यस्तो दुःख भोग्न जाने थिएनन् । बाँड्नको निम्ति पर्चा छपाउन उनीहरूको लागि महँगो पर्ने थियो । आफूलाई घाटा पारेर उनीहरूले किन झूटो बोल्नुपर्थ्यो ?'

टामले मुन्टो हल्लाएर भन्यो, 'आमा, मलाई थाहा छैन । उनीहरूले यस्तो किन गरे भनेर विचार गर्नु गाह्रो छ । हुन सक्छ–' रातो जमीनमा चम्किरहेको

तातो घाममा ऊ हेरिरहन्थो ।

'के हुन सक्छ भनेको ?'

'तपाईंले भन्नु भए जस्तै यो कुरा वेसै हुन सक्छ । बाज्ये कहाँ जानुभयो ? पादरी कहाँ गए ?'

पाखुराभरि लुगा राखेर आमा घरबाट बाहिर गइरहेकी थिइन् । उनलाई जान दिन टाम छेउ लाग्यो । तिनले भनिन्, 'पादरी यताउति जान्छु भनेर गएको । बाज्ये घरैमा सुति राख्नुभएको छ । दिउँसो कहिलेकाहीं आएर यही पल्टनु हुन्छ ।' तिनी तारनिर गएर फिका नीलो जीनको पैन्ट, नीलो कमीजहरू तथा लामो खैरो अन्डरवियर झुण्ड्याउन थालिन् ।

आफ्नो पछाडि टामले पैताला घिसारेर आइरहेको आवाज सुनेर फर्की हेऱ्यो । बाज्ये शयनागारबाट बाहिर निस्किरहेका थिए । बेहान गरे जस्तै उनी टाँकको प्वालको माथिको तह छाम्दै थिए । उनले भने, 'मैले तिमीहरूको कुरा सुनें । राडाँ छोराहरूले बूढालाई सुत्नै दिएनन् । कानको नजीक बसेपछि बूढालाई सुत्न दिनु पर्छ भनेर थाहा पाउनु पर्ने ।' टाँकको प्वाल माथिको तहमा लगाइ-राखेका दुइटा टाँक उनका उत्तेजित औंलाहरूले खोले । उनको हातले के गर्न लागेको थियो उनले बिर्से । उनको हात भित्र पुगेर मजासँग अण्डकोषमुनि कन्याइ-राखेको थियो । भिजेको हात लिएर आमा भित्र पसिन् । उनका हत्केलाहरू साबुन र पानीले फुलेर चाउरिएका थिए ।

'तपाईं सुतिरहनुभएको छ भनेर हामीहरूले ठान्यौं । तपाईंको टाँक लाइ-दिउँ ।' उनी फुत्कन खोजेता पनि तिनले उनलाई समातेर अन्डरवियरको, कमीजको र पाइन्टको टाँक लगाई दिइन् । 'बाहिर एकफेर घुमेर आउनोस्,' यस्तो भनेर तिनीले उनलाई जान दिइन् ।

उनले रीसले छिटोछिटो भने, 'कसैलाई भने अरूले टाँक लाइदिए राम्रो लाग्छ । मलाई भने आफ्नै पाइन्टमा टाँक लाउनु राम्रो लाग्छ ।'

आमाले हाँसोमा भनिन : 'क्यालिफोर्नियामा मानिसहरूले कसैलाई

टाँक नलाईकन हिंड्न दिंदैनन् ।'

'उनीहरूले दिंदैनन्, त के ! अँ, म देखाई दिउँला उनीहरूलाई । म बाहिर निस्केपछि मैले के गर्नु पर्छ भनेर उनीहरूले देखाउने विचार गरेका ? किन, मलाई मन परे म जहाँ पनि टहलुँला !'

आमाले भनिन् : 'प्रत्येक वर्ष उसको भाषा झन्झन् बिग्रँदै गइरहेको जस्तो देखिन्छ । म अनुमान गर्छु, ऊ आडम्बर गर्छ ।'

बूढोले आफ्नो ठाडो-ठाडो रौ भएको चिउँडो छुस्स बाहिर निकालेर आमालाई आफ्नो धूर्त, नीच र खुशीले भरेको आँखा लाईकन भन्यो, 'अँ, अब हामीहरू चाँडै नै प्रस्थान गरौंला । र धरोधर्म, सडकैमा अँगूरहरू झुण्डिराखेका छन् । थाहा छ म के गर्छु ? लुगा धुने बाटाभरि अँगूरहरू टिपेर म त्यसमाथि बस्छु अनि थिचिएका अँगूरको रसले मेरो पैन्ट भिज्न दिन्छु ।'

टामले हाँसेर भन्यो, 'धरोधर्म, उनी दुइ सय वर्षसम्म बाँचे भने तपाईंले बाज्येलाई घरैमा बसिरहने तालीम दिनु नपर्ने होला । तपाईंहरू सबै जान आँट्नु भएका ? होइन त, बाज्ये ?'

त्यो बूढोले एउटा बाकस तानेर त्यसैमा थ्याच्च बसेर भन्यो, 'हो, समय निकट आएकोमा भगवान्ले रोकोस् । मेरो भाइ चालिस वर्ष पहिले क्यालिफोर्निया गएको थियो । तबदेखि उसको बारे कहिले केही पनि सुनेको छैन । त्यो नीच राँडा-छोरालाई कसैले पनि मन पराउँदैन । ईमानदार र बाछो जस्तै अनुभवहीन मानिस भागेर गयो । मेरो ऊसित या उसका केटाकेटीहरूसित क्यालिफोर्नियामा भेट भए त्यो बाछोको बारे उनीहरूसित सोधुँला । तर मैले उसलाई चिने या त्यसले केही केटाकेटीहरू पाएर अरूलाई पाल्न दिए तथा अरू कसैले ती केटाकेटीहरूको पालन-पोषण गरिरहेका भए मेरो निम्ति क्यालिफोर्निया जानु निश्चय नै खुशीको कुरा हुनेछ । मेरो निम्ति नयाँ अनुभव हुनेछ र त्यहाँ पुगेर म फलफूलको बगैंचामा काम गर्न जाउँला ।'

आमाले स्वीकृतिस्वरूप मुन्टो हल्लाइन् । तिनले भनिन्, 'त्यसको मतलब यो हो कि तीन महीना अघि जब त्यसले आफ्नो नितम्ब उडाएको थियो त्यस बेलादेखि त्यहाँ काम गर्छु भनिरहेको ।'

बाज्येले भन्नुभन्यो, 'बिलकुल ठीक ।'

टामले आफू बसेको आसनबाट बाहिर ढोकाको सँघारतिर हेरेर भन्यो, 'तबेला-घरको पछिल्तिरबाट घुमेर पादरी आए ।'

आमाले भनिन् : तिनले आज बेहान दिएको आशीर्वाद मैले आजसम्म सुनेकोमा सबभन्दा अनौठो छ । त्यो आशीर्वाद दिएको जस्तै थिएन अपितु कुरा गरेको जस्तो थियो । तर आवाज भने आशीर्वाद दिंदाखेरिको जस्तै थियो ।'

टामले भन्यो, 'त्यो मजाको मानिस छ । आफ्नो मन-मनमा कुरा गरेको जस्तो गरी जहिले पनि मजाको कुरा गर्छ । त्यसले केही कुरा पनि लाद्न खोजे जस्तो छैन ।'

आमाले भनिन्, 'उसको आँखाको हेराइमा ध्यान देऊ । त्यो पवित्र जस्तो देखिन्छ । मानिसहरूले भित्रसम्म छिर्ने हेराइ भन्ने जस्तै त्यसको नजर छ । निश्चय नै त्यो स्वच्छ देखिन्छ । त्यो हिंड्दा टाउको तल झुकाएर यताउति कहीं न हेरीकन जान्छ । त्यो शुद्ध मानिस हो ।' तिनी चूप लागिन् किनभने केसी ढोकानिर आइपुग्यो ।

टामले भन्यो, 'त्यसरी तिमी घाममा हिंड्छौ भने तिमीलाई लू लाग्नेछ ।'

केसीले भन्यो : 'अँ– लाग्न सक्छ ।' त्यसले अकस्मात् आमालाई, बाज्येलाई र टामलाई अपील गरेर भन्यो, 'मलाई पश्चिमतिर जानु छ । मैले जानु पर्छ । मलाई तपाईंहरूसँगै जाने उत्सुकता छ ।' र त्यसपछि आफ्नै कुराले आफूलाई असमंजसमा पारेको जस्तो भएर त्यो उभियो ।

टामले बोलोस् भनेर आमाले उसैतिर हेरिन् किनभने ऊ पुरुष थियो । तर टामले केही बोलेन । तिनीले उसलाई मौका दिएकी थिइन् जो उसको अधिकार थियो । त्यसपछि तिनीले भनिन् : 'किन, तपाँईं जस्तो मानिस हाम्रो साथमा भएपछि हामीलाई गर्व लाग्ने छ । अहिले त म ठीक-ठीक केही भन्न सक्तिनँ । बा भन्नुहुन्छ, सबैले आज राति कुरा गर्नेछन् र हामी कहिले प्रस्थान गर्ने भन्ने कुराको निर्णय पनि गर्नेछन रे । मानिसहरू जम्मा भएर निर्णय नगरेसम्म हामी केही नभनौं । जान, बाबु, नोआ, टाम, बाज्ये, आल र कान्नी सब फर्केर आएपछि

उनीहरू मिलेर निर्णय गर्नेछन् । तर एउटा कोठा बढ्ता भए तपाईं जस्ता व्यक्तिलाई साथमा राख्दा हामीलाई अवश्य पनि गर्व हुनेछ ।'

पादरीले सुस्केरा हालेर भन्यो, 'म जसरी भए पनि जाउँला । यहाँ केही हुन लागेको छ । म पल्तिर गएर हेरें–जम्मै घर खाली, जमीन खाली, सम्पूर्ण प्रदेश खाली । यस्तो ठाउँमा म बस्न सक्तिनँ । जनता जहाँ जान्छन् म त्यहीं जान्छु । म खेतमा काम गरेर सुखी हुन सकुँला ।'

टामले सोध्यो, 'धर्मोपदेश नगर्ने त ?'

'नगर्ने ।'

आमाले सोधिन्, 'ईसाई नतुल्याउने त ?'

'कसैलाई ईसाई पनि नबनाउने । म हरियो खेतमा काम गर्छु । जनता जहाँ छन् म त्यहीं बस्छु । म कसैलाई केही उपदेश दिन चाहन्नँ । बरु म सिक्न चाहन्छु । जनता किन घाँसमा हिंड्छन् म जान्न चाहन्छु, उनीहरू के कुरा गर्छन् र के गाउँछन् म सुन्न चाहन्छु । केटाकेटीहरूले खाना खाएको ध्यानले हेरिरहन मन लाग्छ । लोग्ने-स्वास्नीहरूसित बसेर खान र सिक्न मन लाग्छ ।' उसका आँखा भिजेर टल्किरहेका थिए । 'मेरो सम्पर्कमा आएकी जुनसुकै खुला र ईमानदार दिल भएकीसित घाँसमा पल्टेर बस्न मन लाग्छ । मानिसहरूका कुरारूपी कविता सुनेर किरिया खान र सराप्न चाहन्छु । सबै पवित्र कुरा, मैले नबुझेका सबै थोक, असल कुरा हुन् ।'

आमाले भनिन् : 'तथास्तु ।'

पादरीले ढोकाको बगलमा राखेको ठूलो काठको टुक्रामा नम्रतासँग बसेर भन्यो, 'मलाई कुतकुती लाग्छ कि एक जना एकलो मानिसको निम्ति यी सबै कुराका मतलब के हुन ।'

टामले बिस्तारै खोकेर भन्यो, 'एउटा धर्मोपदेश नगर्ने मानिसको निम्ति–' त्यसले प्रारम्भ गऱ्यो ।

केसीले भन्यो, 'अहो, म कुरौटे छु । कुरा नगरीकन नबस्ने । तर म धर्मोपदेश

गर्न लागेको छैन किनभने धर्मोपदेश गर्नु नै जननालाई बेफ्वाँकको कुरा सुनाउनु हो। म उनीहरूसित सोध्दै छु। मैले गरेको कुरा उपदेश होइन, हो र ?'

टामले भन्यो, 'मलाई थाहा छैन। धर्मोपदेश भनेको एक किसिमको आवाज मात्र होइन अपितु कुनै कुरालाई अवलोकन गर्ने तरीका पनि हो। मानिसहरू तिमीलाई मार्न चाहन्छन् भने उनीहरूको निम्ति धर्मोपदेश असल हुन्छ। मैकआले-स्टरमा पोहरको क्रिस्टमास हुँदा मुक्ति-सेना आएर हामीहरूलाई फाइदा भयो। तीन घण्टासम्म कार्नेस बाजा बज्यो र हामीहरू त्यहीं बसिरह्यौं। हामीहरूप्रति उनीहरूको व्यवहार राम्रै थियो। तर हामीहरूमध्ये कोही बाहिर गएको भए त्यो एकलो हुने थियो। त्यही हो धर्मोपदेश। गिरेको मानिसको भलो गर्नु–त्यही हो धर्मोपदेश। अँहँ, तिमी पादरी होइनौ। तर तिमीले यहाँ कार्नेस बाजा नबजाउनू।'

आमाले चूलोमा केही दाउरा हालेर भनिन्, 'म तिमीलाई अलिकति खाना दिन्छु तर धेरै त होइन नि।'

बाज्येले आफ्नो बाकस बाहिर ल्याई त्यसमाथि बसेर पर्खालको भित्तामा अडेस लगाउनुभयो। टाम र केसीले घरको भित्तामा अडेस लगाए। मध्यान्हको छायाँ घरबाट हटेर गयो।

मध्यान्हको अन्तमा ट्रक धूलोको बीचबाट झट्का दिंदै, घर्घर आवाज गर्दै फर्क्यो। ट्रक भित्रको ओछ्यानमा एक पत्र धूलो थियो र ट्रकको छत मात्र धूलोले भरिएको होइन अपितु त्यसमा जडेका बत्तीहरू पनि रातो रंगको पीठो जस्तो मसिनो धूलोले ढाकिएका थिए। ट्रक फर्केर आउँदा सूर्यास्त हुँदै थियो र सूर्यास्तको प्रकाशमा पृथ्वी रताम्य थियो। सगर्व, गम्भीर तथा सकुशल आल पांग्रामाथि झुकेर बस्यो। बा र काका जानले परिवारका नाइकेहरूलाई सुहाउने किसिमले, चालकको बगलमा सम्मानपूर्वकका आसनहरू पाएका थिए। ट्रकको ओछ्यानमा उभिएर, बगलमा भएको बार समातेर बाह्र वर्षकी रूठी र दस वर्षको विनफिल्ड पनि त्यस ट्रकमा सवार थिए। उनीहरूको मुख मैलिएका तथा डरको भावना झल्केका, आँखामा थकावट र उत्तेजना देखिइने तथा औंला र मुखका घेरा जेठीमधु खाएकोले च्यापच्याप भएका थिए। बाबु शहर गएकाले उनीहरू रोइरहेका थिए। घुँडामुनिसम्म आउने गुलाबी मलमलको लुगा लाएकी रूठी जवान

भद्रमहिलाको रूपमा अलि गम्भीर थिइन् । तर विनफिल्ड सिधाँने केटो हुनुको साथ-साथै तबेला-घरवारे अलि-अलि विचार गर्ने र चुरोटका ठुटाहरू जम्मा गरेर खाने बानी भएको थियो । रूठीलाई आफ्नो ताकत, जिम्मेदारी तथा विकसित हुँदै आएको स्तनको खयाल थियो तर विनफील्ड भने उच्छृंखल तथा अलि-अलि मूर्ख केटो थियो । उनीहरूको बगलमा हल्कासँग बारमा टाँसिएर रोज आब शारन आफ्नो पैतालाका औंलाहरूले टेकेर सन्तुलन कायम गर्दै उभिएकी थिइन् । सडकमा ट्रक हिंड्दा पर्ने दखलप्रति उनी सतर्क थिइन्, कारण के भने उनी गर्भवती थिइन् ।उनको कपाल चुल्ठो बाटेर टाउकोमाथि जुरो पारेको थियो, जसले गर्दा त्यो हल्का खरानी-रंगको मुकुटको आकारको आभूषण जस्तो देखिन्थ्यो । उनको गोल नरम अनुहार जो केही महीनाअघि कामेच्छुक र लोभलाग्ने किसिमको थियो अब गर्भावस्थाको बन्धनमा जकडिएको थियो; यसको अलावा उनको अनुहारले अभिमानपूर्ण मुस्कान र परिपक्त ज्ञानको भावना जनाउँथ्यो । उनको मोटो शरीर–कोमल स्तन र उदर, मांसल नितम्ब जसलाई निस्फिक्री तथा उत्तेजक रूपमा सुमसुम्याउन र चिमोट्न मन लाग्थ्यो–उनको सम्पूर्ण शरीर गम्भीर र महत्त्वपूर्ण थियो । उनका सम्पूर्ण विचार र काम पेटभित्रको बच्चातिर निर्देशित थिए । तिनीले आफूलाई खुट्टाका औंलाहरूको बलमा सन्तुलित राखेकी आफ्नो निम्ति नभई बच्चाको निम्ति थियो । उनको निम्ति संसार नै गर्भवती थिई । तिनी नयाँ उत्पत्ति र मातृत्वको सम्बन्धमा विचार गर्थिन् । उनको उन्नाइस-वर्षीय पति कान्नी, जसले मोटी, कामेच्छुक, गँवार, र निडर लडकी-सित बिहे गरेको थियो, उनीमा परिवर्तन आएको देखेर अझ डरले व्याकुल थियो । कितभने दबिएको स्वरमा हाँस्तै, अन्तमा रुँदै टोकेर, चिथोरेर ओछ्यानमा अब बिरालोको जस्तो झगडा हुँदैनथ्यो । अब तिनी सन्तुलित, होशियार र बुद्धिमती भइन् । आफ्नो पतिसित दृढता र शरमले मुस्काउँथिन् । कान्नीलाई रोज आब शारन-बारे गर्व थियो र साथै डर पनि । मौका पर्नासाथ ऊ तिनको शरीरमा हात राख्थ्यो अथवा उनीनजीक उभिई उनको नितम्ब या काँधको स्पर्श-सुख प्राप्त गर्थ्यो र उसको मनमा त्यो सम्बन्धको भावना आउँथ्यो जो विछोड हुन सक्थ्यो । टेक्सासको विशेष गुणले युक्त त्यो एउटा तिखो अनुहार भएको दुब्लो जवान मानिस थियो । उसका फिक्का नीला आँखा कहिले खतरनाक, कहिले दयालु र कहिले डरलाग्दा देखिन्थे । ऊ खूब मेहनती हुनुका साथै असल पनि थियो । त्यो रक्सी निकै खाने गर्थ्यो तापनि अति भने होइन । आवश्यक पऱ्यो भने ऊ झगडा पनि गर्थ्यो तर घमण्ड भने कहिले पनि गर्दैनथ्यो । त्यो मीटिंगमा शान्तसँग बस्थ्यो तर चिनिने गरीकन ।

उनी पचास वर्ष पुगेर परिवारको एक जना नाइके नभँदिएका भए काका जानले

चालकको बगलमा भएको सम्मानको आसन ग्रहण गर्ने थिएनन् । उनी रोज आब शारानलाई त्यहाँ बसाल्न मन पराउने थिए, तर यो असम्भव थियो किनभने तिनी जवान थिइन् तथा महिला पनि । तर काका जान अप्ठ्यारो मानी बसे । उनको विचारग्रस्त आँखामा शान्ति थिएन । उनको पातलो बलियो शरीर शिथिल थिएन । प्रायः सधैं एक्लोपनको बन्धनले काका जानलाई जनता र भोकदेखि अलग गराउँथ्यो । उनी न खानेकुरो खान्थे न सुरापान नै गर्थे । उनी अहिलेसम्म अविवाहित नै थिए । भिन्न भिन्न उनको भोकको बाँध भरिएर फुटेर आउँथ्यो अनि उनी आफूलाई मन परेको खाना बिरामी नहुन्जेल खाइरहन्थे । उनी आँखा रातो भएर त्यसबाट पानी ननिस्केसम्म, ढलमल नभएसम्म रक्सी खान्थे, अथवा त्यस बखत साल्लिसको कुनै वेश्यालाई संझेर कामोत्तेजित हुन्थे । उनीबारे के भनिएको थियो भने एक पटक उनले शनीमा एक घण्टासम्म स्वाँस्वाँ-फ्वाँफ्वाँ हुने गरीकन प्रतिक्रिया र सहानुभूति नजनाउने तीनओटी वेश्यासँग सम्भोग गरे । तर उनको वासना शान्त भएपछि उनलाई उदासीनता, शरम र एक्लोपनले फेरि छोप्यो । मानिसहरूदेखि उनी लुकेर हिंड्थे र उपहारहरू दिएर सबैलाई आफ्नो निम्ति ठीक पार्न कोशिश गर्थे । अनि उनी घरमा सुटुक्क पसेर केटाकेटीहरूको निम्ति तकियामुनि चुइंग गम छोडेर जान्थे । उनी ज्यालै नलिईकन दाउरा काट्न शुरू गर्थे । त्यसपछि उनले काठी, घोडा, नयाँ जुत्ता; आफूसँग जे छ त्यो मानिसहरूलाई दिएर हिंड्न थाले । कसैले पनि उनीसँग कुरा गर्न सकेन किनभने उनी भागी-भागी हिंड्न थाले । र केही गरी उनलाई फेला पारे उनी आफ्नैभित्र लुक्थे र त्रस्त आँखाले फेलापार्नेलाई हेर्थे । महीनौंसम्म एकलकाँटे जिन्दगी बिताएपछि उनकी स्वास्नी मरिन् जसबाट उनलाई शरम र अपराधी-चेतनाले सताउन थाल्यो । परिणामस्वरूप अविच्छिन्न एक्लोपनले उनलाई छोडेन ।

तर यस्ता कुराहरू पनि थिए जसबाट उनी उम्कन सक्तैनथे । परिवारको एक जना नाइकेको हैसियतले उनले परिवारको हेरविचार गर्नु पर्थ्यो । र त्यसैले चालकको बगलमा भएको सम्मानको आसन उनले ग्रहण गर्नु परेको थियो ।

धूले-सडकमा मोटरबाट फर्केर जाँदा आसनमा बसेका तीनै जनाको मुख निन्याउरो थियो । आलले स्टीयरींगको चक्कामा झुकेर सडकमा हेरिरहेको आफ्नो आँखालाई औजारहरू राख्ने खण्डतिर ल्याएर मीटरको सुई शंका हुने किसिमले घुमेको मात्र हेरिरहेको होइन अपितु तेल र ताप नाप्ने यन्त्रहरू पनि हेरिरह्यो । र उसको मनले गाडीमा भएका कमजोर तथा शंका लाग्ने कुराहरूको सूची बनाइ-

रहेको थियो । त्यसले ह्वाईं-ह्वाईं आवाज सुन्यो जो पछिल्तिरको छेउ सुख्खा भएर आएको हुन सक्थ्यो । त्यसले मोटरमा चलिरहेको फलामे डण्डाको सानो लीभर उठि-रहेको र गिरिरहेको आवाज ध्यान दिएर सुनिरह्यो । त्यसले गियरको लीभरमा यो कसरी घुमिरहेको छ भनेर चाल पाउनलाई आफ्नो हात राखेर हेऱ्यो । क्लच-प्लेटहरू चिप्लिन्छन् कि भनेर हेर्न त्यसले ब्रेकको विरुद्ध क्लच छोडिदियो । त्यो कहिलेकाहीं गन्हाउने बोका जस्तो हुन सक्थ्यो तर यो ट्रक, यसको संचालन र यसको रखवारी उसको जिम्मामा थियो। त्यसमा केही गडबड हुन गयो भने त्यो उसैको दोष हुनेथ्यो। तर कसैले पनि यस्तो भन्ने थिएन र हरेकले, खास गरेर आलले थाहा पाउने थियो कि यो उसैको दोष थियो । र यसैले त्यसले यो ट्रक छामेर, ध्यान दिएर तथा सुनेर हेऱ्यो । उसको मुख गम्भीर र प्रतिक्रियात्मक थियो । र सबै उसलाई र उसको जिम्मेदारीलाई आदर गर्थे । घरका नाइके-बा पनि रेंचु लिएर काम गर्न आलसँग अनुमति लिन्थे ।

ट्रकमा बस्दा-बस्दा उनीहरू सबैलाई थकाइ लागेको थियो । रूठी र विनफिल्ड ट्रकको ज्यादै हल्लाइले, धेरै मानिसहरूको अनुहार देखेकाले,जेठीमधु पाउनलाई झगडा गरेकाले, काका जानले उनीहरूको गोजीमा सुटुक्क चुइंग गम हालिदिन्छन् कि भन्ने उत्तेजनाले थकित थिए ।

सीटमा बस्ने मानिसहरू थकित मात्र होइनन् अपितु क्रुद्ध र उदासीन पनि थिए किनभने उनीहरूले आफ्नो खेतको हरेक चल-सामानको (घोडा, गाडी, औजार तथा घरका सजावट सामग्री) अठार डलर मात्र पाएका थिए । उनीहरूले किन्ने मानिससँग बहस गरे, हमला गरे । तर उसको स्वार्थमा धक्का लागेको जस्तो भएपछि त्यसले यो भनेर उनीहरूलाई भगाइदियो कि त्यसलाई क्षतिमा दिए पनि उनीहरूको सामान चाहिंदैन । उनीहरूले लाचार भएर उसको कुरामा विश्वास गरी त्यसले पहिले दिएकोभन्दा दुइ डलर घटाएर लिन स्वीकार गरे । अब उनीहरू थाकेर डराएका थिए किनभने नबुझेको परम्पराको विरोधमा उनीहरू गएका थिए जसले उनीहरूलाई लाचार पारेको थियो । घोडाको जोडा र बग्गीको बढता मोल पर्थ्यो भनेर उनीहरूलाई थाहा थियो । उनीहरूलाई किन्ने मानिसहरूलाई धेरै नाफा हुने कुरा थाहा थियो, तर के गर्ने ? उनीहरू लाचार थिए । उनीहरूको निम्ति व्यापार गर्नु रहस्यमय कुरा थियो ।

आफ्नो आँखा सडकतिरबाट संकेत-पाटीमा लगाएर आलले भन्यो, 'त्यो

मानिस यस ठाउँको जस्तो छैन । त्यसले यस ठाउँको बोली बोलेन । लुगा पनि भिन्नै थियो उसको ।'

बाले व्याख्या गरेर भन्नुभयो : 'म धातुको भाँडा-पसलमा छँदा मैले चिनेको केही मानिसहरूसित कुरा गरें । उनीहरूले भने, भाँडा किन्नेहरू आउंदैछन् र हामीहरू बाहिर गएपछि उनीहरूलाई हाम्रा भाँडा बेच्नू । उनीहरूले भने, यी नयाँ मानिसहरूले भाँडा उजिल्याउँदै छन् । तर हामीहरूले केही गर्न सकेनौं । टाम आएको भए त्यसले केही गर्न सक्थ्यो होला ।

जानले भन्यो : 'त्यो मानिसले किन्न बिलकुल लागेको थिएन । हामीहरूले सामग्री उसको हातमा राखिदिन सकेनौं ।'

बाले भन्नुभयो, 'यिनीहरूले त्यसकोबारे त्यस्तै भने, मलाई थाहा छ । त्यसो गरेपछि मानिसहरू तर्सिन्छन् । हाम्रो सामान कसरी बिक्री गर्ने त्यसको बारे हामीलाई केही थाहा थिएन । आमा निराश हुन लागेकी छिन् । तिनी बहुलाइ भएर निराश हुनेछिन् ।'

आलले भन्यो : 'बा, हामीहरू कहिले जाने भनी विचार गर्नु भएको छ ?'

'मलाई थाहा छैन । आज राति बज्यैसित कुरा गरेर यकीन गरौंला । टाम फर्केर आएकोले मलाई खुशी नै लाग्यो । त्यसले गर्दा मेरो मनै आनन्द भयो । टाम असल लडका हो ।'

आलले भन्यो : 'बा, कसै-कसैले टामबारे कुरा गरेका थिए । उनीहरूले भने, त्यो प्रतिज्ञापत्र लेखेर छुटेर आएको रे। उनीहरू त्यसले यो राज्य छोडेर बाहिर जान सक्तैन भन्छन् । गयोभने उनीहरूले उसलाई समातेर तीन वर्ष जेल पठाउने छन् ।'

बा झस्कनु भएको जस्तो देखियो । 'उनीहरूले त्यस्तै भने ? थाहा भएका मानिस जस्तै देखिन्छन् उनीहरू ? बढाई-चढाईकन भनेका त होइनन् ?'

आलले भन्यो, 'मलाई थाहा छैन । उनीहरू त्यस्तै कुरा गरिरहेका थिए । मेरो भाइ भनेर मैले भनिनँ । म उभिएर सुनिरहें ।'

बाले भन्यो : 'जीजस क्राइस्टको शपथ, म आशा गर्छु त्यो तथ्य होइन होला ।

त्यसबारे म टामसित सोधुँला । बाहिरको कुरा सुनेर हामीलाई असाध्य दुःख लाग्छ । उनीहरूले हामीलाई लखेट्नेछन् । हामीहरूले बाहिर खुल्लमखुल्ला कुरा गर्नु पर्छ ।'

काका जानले भन्नुभयो : 'टामलाई थाहा होला ।'

उनीहरू चूप लागेर गए । ट्रक घ्यार-घ्यार आवाज गर्दै अगाडि बढ्यो । सानो-सानो घर्षणको आवाज निकाल्दै इन्जीन कोलाहल गर्दै थियो । र ब्रेकको डण्डीबाट पनि घरघर आवाज सुनिन्थ्यो । पांग्राहरूबाट पनि ख्याव्राक-ख्याव्राक गरेर भद्दा आवाज आइरहेको थियो । रेडिएटरको ढकनीमाथि जो प्वाल थियो त्यसबाट बाफको पातलो फोहरा छुटिरहेको थियो । ट्रक आफ्नो पछाडि रातो धूलोको बादल उडाउँदै गयो । क्षितिजमा सूर्य आधी डुब्दा उनीहरू ट्रकको गडगडाहटसाथ अन्तिम सानो उकालो पार गर्दै थिए । सूर्य डुबिसकेपछि उनीहरू घरतिर लागे । उनीहरू थामिइनु के थियो ब्रेकले चिच्च्याएर च्याईंईंय आवाज गऱ्यो ।

रूठी र विनफिल्ड ट्रकको बगलको भित्ता चढेर कराउँदै जमीनमा उत्रे । उनीहरूले कराएर भने : 'त्यो कहाँ छ ? टाम कहाँ छ ?' अनि पछि उनीहरूले उसलाई ढोकाको बगलमा उभिरहेको देखे र असमंजसले थामिई बिस्तारै ऊतिर बढेर लाज मानी-मानी उसलाई हेरे ।

जब त्यसले 'ए, केटाकेटीहरू तिमीहरूलाई कस्तो छ ?' भनेर सोध्यो, उनीहरूले 'हँ, ठीकै छौं' भनी जवाब दिए । उनीहरू अलग उभिएर एउटा मान्छे मारेर जेल परेर आएको ठूलो दाइलाई नदेखे जस्तो गरी हेरिरहे । कुखुरा छोप्ने डोकोभित्र जेल ठानी बसेर कैदी हुने अधिकारको निम्ति लड्ने खेल उनीहरूले संझन थाले ।

कान्नी रीवर्सले ट्रकको पछाडिको अग्लो ढोका खोलेर बाहिर निस्की रोज आब शारनलाई भुइँमा ओर्लन मद्दत गऱ्यो । र आफ्नो मुखलाई अलि वाइहाती किसिमले दुवै कुनातिर फैलाएर बुद्धिमत्ता तथा सन्तोषपूर्वक मुस्काएर तिनीले उसको सघाउलाई शिष्टतापूर्वक स्वीकार गरिन् ।

टामले भन्यो : 'किन, यो त रोसाशर्न रहिछ । तिमी पनि उनीहरूसित आइरहेको मलाई थाहा नै छैन ।'

तिनीले भनिन्, 'हामीहरू डुल्दै थियौं, ट्रक आएर हामीहरूलाई टिपेर ल्यायो ।' तिनीले आफ्नो लोग्नेको परिचय दिएर भनिन्, 'यी कान्नी हुन्, मेरा पति ।' यति भनेर तिनीले आफूलाई अत्युत्तम रूप र भावमा प्रस्तुत गरिन् ।

एकले अर्काकोबारे विचार गर्दै, परस्परमा गहन दृष्टिपात गर्दै, दुवैले हात जोडे । र एकै छिनमा दुवै सन्तुष्ट भए । अनि टामले भन्यो, 'अँ, म तपाईंलाई व्यस्त पाउँछु ।'

'तिनीले तलतिर हेरिन् । 'तिमीले अझसम्म उनलाई देखेका छैनौ ।'

'आमाले मलाई भनिन् । अब कहिले हुने त त्यो ?'

'अब धेरै दिन लाग्दैन । अर्को जाडो महीना नआएसम्म त हो नि ।'

टामले खित्का छोडी हाँसेर भन्यो, 'सुन्तलाको बगैंचामा उसलाई जन्माउन लागेको, हो ? वरिपरि सुन्तलाका बोटहरूले घेरिएको एउटा सेतो घरमा ।'

रोज आब शारनले आफ्नो दुवै हातले पेट छामेर हेरिन् । तिनले भनिन्, 'तिमीलाई थाहा छैन ।' तिनी सन्तोषपूर्वक मुस्काइन् र घरभित्र पसिन् । साँझमा गरम नै थियो र पश्चिमतिरको क्षितिजबाट प्रकाशपुंज आइरहेकै थियो । र बिना कुनै सूचना सबै परिवार ट्रकको वरिपरि जम्मा भएर बैठक शुरू गर्न थाले ।

संध्याको पातलो प्रकाशले लाल रंगको पृथ्वीलाई उज्यालो पार्‍यो जसबाट यसका आयामहरू मात्र गहिरिएका होइनन् अपितु प्रत्येक पत्थर, लट्ठा तथा भवनको गहनता र ठोसपन दिनको प्रकाशमाभन्दा बढी थिए । र यी चीजहरू अलग-अलग रूपले विद्यमान थिए । एउटा लट्ठा पृथ्वीभित्र तथा अन्नको खेतबाहिर उभ्याइएको विशेष गरेर एउटा लट्ठै हुन्थ्यो । बिरुवाहरू पनि अलग-अलग नै थिए तर अन्नको बिरुवाको समूह अलग-अलग हुँदैनथ्यो । र एउटा खस्रो सरपतको रूख अरू सबै सरपतका रूखहरूदेखि अलग उभिएको हुन्थ्यो । पृथ्वीले संध्यालाई प्रकाश दियो । पश्चिमतिर मुख फर्केको, रंग-रोगन नगरेको खैरो घरको अग्रीम भाग चन्द्रमा जस्तिकै उज्यालो थियो । ढोका सामुन्ने आँगनको खैरो धूले ट्रक डबल प्रकाशको दिव्य दृश्यमा जादूस्वरूप खडा थियो ।

मानिसहरू पनि साँझमा शान्त भएका थिए । उनीहरू चेतनारहित संगठनको एक हिस्सा भएको जस्तो बुझिन्थ्यो । उनीहरूले त्यस प्रवृत्तिमुताबिक काम गरेका थिए जो उनीहरूको विचार गरिरहने मनमा अस्पष्ट रूपले मात्र प्रवेश गरेको थियो । उनीहरूका आन्तरिक चक्षु शान्त मात्र थिएनन् अपितु संध्यामा पनि उनीहरूको धूले-चेहराबाट समेत चम्किरहेका थिए ।

त्यस परिवारको बैठक ट्रकनजीक साह्रै महत्त्वपूर्ण ठाउँमा भएको थियो । घर र खेतहरूमा मशानको वातावरण छाएको थियो तर यो ट्रकले ज्वलन्त सिद्धान्त-को सजीव रूप धारण गरेको थियो । बांगिएर दाग-दाग परेको रेडिएटरको पाता भएको, हरेक चल्ने भागको खिइएको ठाउँमा ग्रीज राखेकोले त्यसमा धूलोका साना-साना डल्लाहरू जमेका, धुराका ढकनीहरू नभएकाले तिनीहरूको ठाउँमा रातो धूलोका ढकनीहरू बसेका पुरानो हडसन गाडी परिवार बस्ने केन्द्र भएर नयाँ घर बनेको थियो । भद्दा र उचा बार भएको यो गाडी आधा यात्रु-गाडी जस्तो र आधा ट्रक जस्तो देखिन्थ्यो ।

बाले ट्रकको वरिपरि गएर त्यसतिर हेर्नुभयो । त्यसपछि उहाँ धूलोमा पलेंटी मारेर बस्नुभयो र कोर्नलाई एउटा लट्ठी लिनुभयो।एउटा पैताला जमीनमा पडिर खेको थियो अर्कोचाहिं खुट्टाका औंलाहरू र त्यसको अलि तलतिरबाट टेकेको थियो जसबाट एउटा घुँडा अर्कोभन्दा उचा उठेको थियो । बायाँ पाखुरा बायाँ घुँडाको अलि तल अडाइराखेको थियो । दायाँ कुहिना दायाँ घुँडामा राखेर दायाँ मुठ्ठीले चिउँडो अडाइराख्नुभएको थियो । ट्रकको अवलोकन गर्दै मुठ्ठीमा चिउँडो राखेर बा त्यहीं पलेंटी मारेर बसिराख्नुभएको थियो । काका जान बातिर गएर उहाँकै बगलमा पलेंटी मारेर बसे । उनीहरूका आँखा चिन्तामा डुबेका थिए । बाज्ये घरबाट निस्केपछि दुवैलाई पलेंटी कसेर बसिराखेको देखे । उनी गएर उनीहरूतिर मुख फर्काएर ट्रक चढ्ने फल्याकमा बसे । त्यो ठाउँ मध्य भागमा पर्थ्यो । टाम, कान्नी र नोआ गएर पलेंटी मारेर बसे जसबाट बाज्ये बीचमा परेर अर्धमण्डल बन्न गयो । त्यसपछि आमा बज्यैसँग घरबाट निस्किन् । रोज आब शारन लालित्यपूर्ण ढंगले पछि-पछि हिंडेर आइरहेकी थिइन् । उनीहरू पलेंटी मारेर बसिरहने मानिस-हरूको पछाडि आ-आफ्नो नितम्ब पछिल्तिर हात अड्याएर उभिए।केटाकेटीहरू, रूठी र विनफिल्ड आइमाईहरूको बगलमा एकेक खुट्टाले टेकेर उफ्री-उफ्री आए । उनीहरूले रातो धूलोमा आ-आफ्नो खुट्टाका औंलाहरूले कोरे, तर कुनै शब्द भने निकालेनन् । पादरी एक जना मात्र त्यहाँ अनुपस्थित थियो । शिष्टाचारको नाताले ऊ घर

पछाडिको भूईंमा बसिरहेको थियो । असल पादरी भएकोले त्यसले जनतालाई चिनेको थियो ।

संध्याको प्रकाश झन् मलिन हुँदै गयो र परिवार एक छिन शान्तसँग उभिएर बसे । त्यसपछि बाले एक जनालाई होइन सबैलाई आफ्नो रिपोर्ट सुनाउनुभयो, 'सामग्रीमध्येबाट हामीहरूले बोकाको छाला बेच्यौं । हामीहरू पर्खन सक्तैनौं भनेर किन्ने मानिसले थाहा पायो । त्यसैले त्यसको अठार डलर मात्र पायौं ।'

आमाको चालमा हठ थियो तर उनी मौन थिइन् ।

सबभन्दा जेठो छोरा नोआले सोध्यो : 'जम्मा हामीहरूले कति पायौं ?'

बाले धूलोमा केही अंक खिचेर एक छिन आफ्नो मनमनमा अस्पष्ट शब्दमा केही भन्नुभयो । अनि उहाँले भन्नुभन्यो, 'एक सय चौवन्न डलर । तर आलले भनेछ, हामीहरूलाई राम्रा टायरहरू चाहिएको छ । हामीसँग यहाँ भएका टायरले धेरै दिन काम दिंदैनन् ।'

आलले पारिवारिक सम्मेलनमा भाग लिएको पहिले बाजि यही थियो । जहिले पनि त्यो आइमाईहरूलाई अगाडि सारेर आफू पछाडि बस्ने गर्थ्यो । अब त्यसले गम्भीरतापूर्वक आफ्नो रिपोर्ट पेश गऱ्यो, 'ट्रक पुरानो भएकोले नियन्त्रणमा ल्याउनु मुश्किल छ ।' त्यसले गम्भीरतापूर्वक भन्यो, 'हामीले ट्रक किन्दा जुन अवस्था थियो त्यसमा सुधार गरेर त्यसलाई मैले राम्रो र चालु अवस्थामा ल्याइदिएको छु । ट्रक बेच्नेले जति मोलतोल गरे पनि मैले उसको कुरा सुनिनँ । तारको क्वाइलमा मैले औंलाले छामेर हेरें त्यहाँ धूलो-सुलो केही थिएन । गियर-बाकस खोलेर हेरें त्यहाँ पनि धूलोको नामनिशान थिएन । क्लच जाँचेर र पांग्राहरू चलाएर हेरें । ट्रकको तलतिर पनि पसेर हेरें फ्रेम पनि बांगिएको थिएन । तैपनि गाडी चलेन । गाडीको ब्याटरीमा बिजुली उत्पन्न गर्ने यन्त्र चर्किएको थियो र त्यसलाई फेरेर त्यसको ठाउँमा असल यन्त्र राख्न लगाएँ । टायरहरू बेकम्मा थिए तर असल टायरहरू सजिलैसित पाइन्थे । गाडी बाछो जस्तै चल्ने थियो । त्यसमा तेल-सेल चुहिने थिएन। यी सबै कारणले गर्दा मैले त्यो गाडी किन्न जोड गरें किनभने त्यो लोकप्रिय थियो । बिग्रेका पुर्जा बिक्री गर्ने आँगनहरू हडसन सुपर-सिक्सेसले परिपूर्ण छ र ती ठाउँमा पूर्जाहरू सस्तै किन्न पाइन्थे । त्यतिकै दामले अझ ठूलो झन् राम्रो गाडी किन्न सकिन्थ्यो तर यस्ता गाडीका पुर्जाहरू एक त पाउन मुश्किल, अर्को कुरा, केही गरी

पाइए पनि धेरै महँगा हुन्थे । त्यसैले मैले जसरी भएपनि त्यही किन्ने विचार गरें ।' अन्तिम वाक्य परिवारप्रति आज्ञानुकूलताको अभिव्यक्ति थियो । त्यसले बोल्न छोड्यो र उनीहरूको रग्यको निम्ति पर्खिरह्यो ।

बाज्ये अझै नाम मात्रको पारिवारिक नाइके थिएँ । तर परिवारमा उनको शासन थिएन । सम्मान र दस्तूर मुताबिक उनको स्थान बनिरहेको थियो । तर उनको पुरानो विचारबाट जस्तै सिल्ली कुरा निस्केपनि पहिलो टिका-टिप्पणी गर्ने अधिकार उनैको थियो । अतएव पलेंटी कसेर बसिरहने मानिसहरू र उभिरहने आइमाईहरू उनकै निम्ति पर्खिरहे । बाज्येले भन्नुभयो, 'तिमीले जे भन्यौ त्यो ठीकै छ, आल । म पनि तिमी जस्तै ब्वाँसोसरि बेकार भई हिंडिरहने धृष्ट मानिस थिएँ। तर काम भेट्टाएपछि मैले गरिसिध्याएको छु । तिमी असल भएर आएका छौ ।' उहाँले आर्शीवाद दिने ढंगले आफ्नो वक्तव्य टुंग्याउनुभयो । आलले आनन्द अनुभव गरेर चेहरा अलि रसिलो पार्‍यो ।

बाले भन्नुभयो : 'तिमीले भनेको मलाई ठीक जस्तो लाग्छ । हामीले घोडा किन्न लागेको भए आलमाथि दोषारोपण गरे पनि हुन्थ्यो । तर मोटर-गाडीबारे जान्ने कोही मानिस हामीहरूमा छन् भने त्यो आल नै छ ।'

टामले भन्यो : 'मलाई अलि-अलि थाहा छ । मैले मैकआलेस्टरमा अलि-अलि मोटरको काम गरेको छु । आलले जे भन्यो त्यो ठीकै छ । त्यसले बेस काम गर्‍यो ।' यो सुनेर आलको मुखमा गुलाबी रंग चढ्यो । टामले भन्दै गयो : 'मलाई भन्न मन लाग्छ–अँ, त्यो पादरी, त्यो हाम्रो साथ जान चाहन्छ ।' यति भनेर ऊ चूप लाग्यो । उसको कुरा परिवारका दलले सुने र चूप लागे । टामले थप्यो, 'त्यो असल व्यक्ति छ । हामीले उसलाई धेरै वर्षदेखि चिनेका छौं । कहिलेकाहीं त्यसले अलि उच्छृंखल कुरा गरेता पनि त्यसको कुरामा विवेक र न्याय छ ।' र त्यसले त्यस प्रस्तावलाई परिवारको जिम्मामा छोडिदियो ।

प्रकाश विस्तारै लुप्त हुँदै गयो । आमा त्यस दललाई छोडेर घरतिर गइन् । र घरबाट फलामे चूलो बजेर क्लांग आवाज आयो । एकै छिनपछि विचारमा डुबिरहेको सभाबिर तिनी फेरि फर्केर गइन् ।

बाज्येले भन्नुभयो : 'दुइ किसिमका विचार थिए । कोही-कोही यस्तो विचार

गर्थे कि पादरी विषालु हुन्छ ।'

टामले भन्यो : 'यो मानिस आफूलाई अब पादरी होइन भन्छ ।'

बाज्येले आफ्नो हात अगाडि र पछाडि हल्लाएर भन्नुभन्यो, 'एकचोटि कोही पादरी भयो भने त्यो सधैं पादरी नै रहने छ । यो यस्तो कुरा छ जसलाई तिमीले ढाक-छोप गर्न सक्तैनौ । यस्ता मानिसहरू पनि छन् जसले आफ्नो साथमा पादरी भए आफूलाई राम्रो र सम्मानित ठान्छन् । कोही मानिस मरे पादरीले गाड्छ । बिवाह उचित या अनुचित समयमा जहिले भएपनि पादरीकै हातबाट सम्पन्न हुन्छ । बच्चा जन्मे पनि पादरीकै पदार्पण हुन्छ । म सधैं यही भन्दै आएको छु कि पादरी-हरूको कामसिवाय अरू केही छैन यहाँ । उसलाई साथमा लगे हुन्छ । मलाई यो मानिस मन पर्छ । ऊ कडा छैन ।'

बाले आफ्नो लट्ठी धूलोमा गाडेर औंलाहरूको बीचमा घुमाउनुभयो जसबाट एउटा सानो प्वाल बन्न गयो । बाले भन्नुभयो, 'त्यो मानिस भाग्यमानी छ या असल छ भन्ने कुराको अतिरिक्त अरूतिर पनि विचार गर्नुछ । हामीले कति जना जानुछ भन्ने संख्यामाथि विचार गर्नुछ, हुन त यसो गर्नु अपशोचको कुरा छ । अब हिसाब गरौं । बाज्ये र बज्यै–दुइ जना भयो। म, जान र आमा–पाँच। नोआ, टामी र आल–आठ जना भयो । रोसाशर्न र कान्नी गरेर जम्मा दस भयो । रूठी तथा विनफिल्ड समेत गरीकन जम्मा बाह्र जना हामी छौं । हामीले कुकुरहरू लानुछ । त्यसो गर्नु सिवाय अरू के चारा छ र ? असल कुकुरलाई मार्न सक्तैनौं र दिनेपनि कसलाई फेरि । र ती कुकुर समेत गरेर जम्मा चौध जना भयौं ।'

नोआले भन्यो, 'कुखुराहरू र दुइटा सुँगुर गन्न छुटेछ ।'

बाले भन्नुभयो : 'बाटोमा खानलाई मैले ती सुँगुरहरू मारेर नून लगाउन खोजेको । हामीलाई मासु चाहिन्छ । आफ्नो साथमा नूनको भाँडा लानुछ । हामी सबै पादरीलगायत गाडीमा अटाउन मुश्किल होला । र हामीले एक जना बढी मानिसलाई ख्वाउन सक्छौं ?' पछिल्तिर नहेरीकन त्यसले सोध्यो : 'आमा, हामीले ख्वाउन सक्छौं ?'

आमाले घाँटी सफा गरेर कडासँग भनिन्, 'प्रश्न "हामीले सक्छौं ?" भन्ने

होइन अपितु "हामीले गर्ने ?" भन्ने हुनु पर्छ । जहाँसम्म "सक्ने" भन्ने कुरा छ हामी केही पनि गर्न सक्तैनौं । तर "गर्ने इच्छा", जहाँसम्म यसको सवाल उठ्छ, हामीलाई इच्छा भए हामी गरौंला । र "इच्छा"कै कुरा लिने हो भने हाम्रा मानिसहरू यहाँ पूर्वमा बसेका धेरै वर्ष भइसक्यो । मैले कुनै जोड या हैजलेटहरूले सडकमा बसेर कुनै माग्नेलाई खानेकुरो होस् या आश्रय या अरू कुनै सहायता दिन इन्कार गरेको सुनेको छैन । नीच किसिमका जोडहरू पनि नभएका होइनन् तर त्यस किसिमका नीच भने कहिल्यै देखिएका छैनन् ।'

बाले भन्नुभयो : 'तर भनौं कि बस्ने ठाउँकै अभाव छ रे ।' बाले आमातिर हेर्न आफ्नो घाँटी फर्काउनु भयो र लाज मान्नुभयो । आमाको कथनको भावले बालाई लज्जित पारिदियो । 'भनौं कि हामी सबै गाडीमा अटाउन सकेनौं भने ?'

तिनीले भनिन्, 'अहिले त ठाउँ पुग्दैन । ६ जनालाईभन्दा बढीलाई ठाउँ पुग्दैन र निश्चय पनि हामी बाह्र जना जाँदैछौं । एक जना बढ्ता भएर के नोक्सान हुन्छ र ? त्यसमाथि एउटा बलियो र स्वस्थ व्यक्ति थपेर हामीलाई कहिले पनि बोझ हुँदैन । र जहिले पनि हामीसँग दुइटा सुँगुर हुन्छ र सय डलरभन्दा बढी भएपछि एक जना बढता मानिसलाई ख्वाउन किन नसक्नु ?' यति भनेर तिनी थामिइन्, र बाको भावनामा हनन भएकोले बेचैनीले उहांले पछिल्तिर मुन्टो फर्काउनु भयो ।

बज्यैले भनिन् : 'हाम्रो साथमा एउटा पादरी हुनु राम्रै कुरा हो । त्यसले आज बिहान हामीहरूलाई प्रार्थनाको साथसाथै आशीर्वाद दियो ।'

मतभिन्नताको कारणले गर्दा बाले परस्परमा मुख हेरेर भन्नुभयो : 'टामी, उसलाई बोलाउने ? ऊ जाने हो भने यहाँ आउनु पर्छ ।'

टाम उठेर 'केसी–ओ केसी' भनेर बोलाउँदै घरतिर गयो ।

घरको पछिल्तिरबाट एउटा गुम्सिएको आवाज जवाबको रूपमा आयो । टाम घरको कुनातिर पुग्दा त्यसले पादरीलाई हल्का आकाशमा चमकिलो शुक्र तारा हेरेर भित्तामा अडेस लाईकन बसिरहेको देख्यो । केसीले सोध्यो, 'मलाई बोलाएको ?'

'हो, तिमी हामीसँग जाने भएकोले हामीहरू विचार गर्दैछौं कि तिमीले हिसाब-

किताब गर्न सहायता दिन हामीहरूसित बस्नु पर्छ ।'

केसी उभियो । परिवारहरूको शासन त्यसलाई थाहा थियो र परिवारले उसलाई अपनाएको कुरा पनि उसले थाहा पायो । वास्तवमा उसको स्थान उच्च थियो किनभने काका जानले बगलतिर हटेर बा र आफ्नो बीचको स्थान पादरीको निम्ति छोडिदियो । गाडीको बाहिरपट्टिको फल्याकमा बसिरहने बाजेतिर मुख फर्काएर केसी अरूहरू जस्तै पलेंटी कसेर बस्यो ।

आमा पुन : घरतिर गइन् । लालटीनको छतबाट कींच आवाज आयो । अनि-पछि अँध्यारो भान्सामा पहेंलो प्रकाश जगमगायो । तिनीले ठूलो भाँडोको ढकनी उचालेपछि उम्लिरहेको मासु र चुकन्दरको सागको बास्ना ढोकाबाहिर आयो । अन्धकार हुँदै गइरहेको आँगनमा तिनी फर्केर आउन् भनेर उनीहरू पर्खिरहे किनभने दलमध्ये शक्तिशाली आमा नै थिइन् ।

बाले भन्नुभयो : 'कहिले प्रस्थान गर्ने भन्ने कुराको निर्णय गर्नुछ । जति चाँडै गऱ्यो त्यति असल । हामी प्रस्थान हुनुअगाडि हामीले गर्नुपर्ने काम सुँगुरहरूलाई मारेर नून लाउनु र हाम्रो सामान बाँधेर तयार गर्नु हो । जति छिटो त्यति राम्रो ।'

नोआले स्वीकारेर भन्यो : 'हामीले झिटी-झाम्टी मिलाइराखे भोलि नै जान तयार हुन सक्छौं र उज्यालैमा हामी हिंड्न सक्नेछौं ।

काका जानले आपत्ति गरे : 'दिउँसो यस्तो गर्मीमा मासु चिसो पार्न सक्तैनौं । मारकाट गर्नलाई अहिले कुबेला छ । मासु चिसो पार्न नसके गलेर जानेछ ।'

'अँ, आज राति नै काटौं । राति भए अलि चिसो हुनेछ । खाइसकेपछि काट्न शुरू गरिहालौं । नून त छ ?'

आमाले भनिन् : 'ज्यू, नून जतिभने पनि छ । दुइटा राम्रो भाँडा-भरी छ ।'

टामले भन्यो, 'त्यसोभए, सुँगुरहरूको काम गरिसिध्याऔं ।'

बाज्येले आफ्नो हातको बलले उठ्ने प्रयास गरे । उनले भने, अँध्यारो भयो; मलाई भोक लाग्यो । हामीहरू क्यालिफोर्निया पुगेपछि मेरो हातमा सधैं अंगूरको झुप्पा रहने छ, अनि जहिलेपनि दाँतले टोकिरहने छु । धरोधर्म त्यसै गरुँला ।' उनी उठेपछि अरू सबै उठे ।

रूठी र विनफिल्ड पागलहरू जस्तै धूलोमा उत्तेजित भई एउटा खुट्टाले टेकेर हिंडिरहे । रूठीले विनफिल्डको कानमा रूखा स्वरले कानेखुसी गरिन् : 'सुँगुरहरू मारेर क्यालिफोर्निया जाने रे । सुँगुरहरू मारेर जाने रे– जे भए पनि ।'

विनफिल्डचाहिं पागल जस्तो भएको थियो । आफ्नो औंला घाँटीमा राखेर डरलाग्दो मुख बनाईकन सानो स्वरले चिच्च्याउँदै ऊ यताउति गर्न थाल्यो : 'म बूढो सुँगुर हुँ । हेर ! म बूढो सुँगुर हुँ । रूठी, रगत हेर !' त्यो ढलमलिएर भूईंमा खस्यो र उसले आफ्ना हात-खुट्टाहरू कमजोरीले हल्लायो ।

तर दुइ जनामा रूठी जेठी थिइन् र तिनीले असाधारण समयको महाव बुझेकी थिइन् । तिनीले फेरि भनिन्, 'क्यालिफोर्निया जान लागेका ।' र यो उनको जिन्दगीमा ठूलो घटना भनेर उनलाई थाहा थियो ।

वयस्कहरू अन्धकारको बीचबाट उज्यालो भान्सातिर हिंडे । र आमाले उनीहरूलाई टीनको प्लेटमा राखेर साग र मासु पस्किदिइन् । तर खानुभन्दा अगाडि आमाले ठूलो गोल पखाल्ने भाँडो चूलोमाथि बसालेर आगो दन्काउन थालिन् । भाँडो नभरिएसम्म तिनीले बालटीनका बालटीन पानी खन्याइन् र त्यसपछि खरखण्डाको वरिपरि भित्रपट्टि पानी भरेका बालटीनहरू राखिदिइन् । भान्सा उष्णताले भरियो; अनि परिवार छिटो-छिटो खाएर पानी तातो नभएसम्म ढोकाको सँघारमा बस्न गए । उनीहरू बाहिरपट्टि अँध्यारोमा भान्साको लालटीनबाट ढोकाबाहिर आएको चारपाटे प्रकाशमा बाज्येको कुप्रो छायाँ हेरेर बसिरहे । नोआले कूचोको छेस्काले आफ्नो दाँतमा अड्केका खानेकुराका टुक्राहरू राम्रोसँग झिक्यो । आमा र रोज आब शारनले मालताल धोएर टेबिलमा चाङ लगाए ।

त्यसपछि अकस्मात् परिवारले काम गर्न थाल्यो । बाले उठेर अर्को लालटीन बाल्नुभयो । नोआले भान्सामा राखेको एउटा बाकस खोलेर एउटा धनुष जस्तो बांगिएको खुँडा लिई एउटा सानो खिइसकेको ढुंगामा सान लायो । त्यसले खुर्कने

भाँडोलाई सुँगुर मार्ने काठको लट्ठामा र खुँडालाई त्यसैको वगलमा राख्यो । बाले तीन-तीन फीट लामो दुइटा बलियो लठ्ठीहरू ल्याएर बंचरोले त्यसको छेउ चुच्चो पारिसकेपछि बलिया डोरीहरू लट्ठीको बीचमा दोबरी पारेर बेसरी कस्नुभयो ।

उहाँले मनमनै भन्नुभयो: यी कीलाहरूले सुँगुरहरूलाई थाम्न सक्तैनन् र ।' भाँडोहरूमा पानी गुड-गुड उम्लिसक्यो ।

नोआले सोध्यो: 'पानी त्यहाँ लैजाने कि सुँगुर यहाँ ल्याउने ?'

बाले भन्नुभयो, सुँगुरहरू यहाँ ल्याएर मारीकन तातो पानीले सफा गर्न सक्तैनौ । पानी उमालेको ठीक भो ?'

आमाले भन्नुभयो, 'ठीक भो ।'

'बेस भो । नोआ, तिमी, टाम र आल सबै आऊ । म बत्ती देखाउँछु । हामीहरूले यिनीहरूलाई उतै मारेर यहाँ ल्याऔंला ।'

नोआले खुँडा तथा आलले बंचरो लियो । अनि चारै जना लालटीनको प्रकाशमा खट्टा जगमगाउँदै सुँगुरको खोरतिर गए । रूठी र विनफिल्ड एउटा खुट्टाले टेकेर उफ्रँदै गइरहेका थिए । सुँगुरको खोरमा पुगेपछि बाले लालटीन लिएर चियाएर हेर्नुभयो । निदाइरहेका सुँगुरहरू शंकाले घूँ घूँ कराउँदै जुरुक्कमुरुक्क उठे । काका जान र पादरी सघाउ दिन तलतिर गए ।

बाले भन्नुभयो, 'ठीक भो । उनीहरूलाई लट्ठीले घोच अनि हामीहरू तिनीहरूलाई झुण्डाएर घरतिर लगी मार्छौं र खर्कन्छौ । नोआ र टामले बारनिर गएर एकै निमेषमा कुशलतापूर्वक दुवैलाई खलास गरे । टामले बंचरोको टाउकोले दुइचोटि हिर्कायो । र नोआले ढलिसकेका सुँगुरहरूमाथि निहुरेर आफ्नो बांगो खुँडाले ठूलो धमनी भेट्टाएर रगतको खोला बगाइदियो । त्यस बखत च्वाँ-च्वाँ गरी सुँगुरहरू बारभित्र कराइरहेका थिए । पादरी र काका जानले पछिल्लो एउटा खुट्टा तथा टाम र नोआले अर्को खुट्टा घिसारेर लगे । बा लालटीन देखाउँदै जानुभयो र धूलोमा कालो रगतको धारले दुइ रेखा खिच्दै गए । घर पुगेपछि नोआले पछिल्ला खुट्टाहरूको हाड र स्नायुको बीचमा आफ्नो खुँडा घुसाऱ्यो । तिखारेका

लट्ठीहरूले खुट्टाहरू फट्टयाइराखे र तिनीहरूको सिनु घरवाट बाहिर निस्केका दुइ इन्च चौडा र चार इन्च लामो दलीनहरूमा झुंडिरहेका थिए। मानिसहरूले उम्लिरहेको पानी लगेर कालो सिनुमाथि खन्याइदिए। नोआले सिनुहरूको एक छेउबाट अर्को छेउसम्म चिरेर भुँडि जति जम्मै भूईंमा खसाइदियो। बाले अरू दुइटा लट्ठीहरूको छेउ तिखार्नुभयो जसबाट सिनु हावामा फैलाएर राख्न सकियोस्। टामले खुर्कने भाँडो र आमाले भुत्ते चक्कु लिएर छालाबाट ठाडा-ठाडा सारा रौंहरू खुर्के। आलले एउटा बालटीन ल्याएर आन्द्रा जति सबै साभेलले त्यसमा हालेर घरवाट टाढा खेतमा फाल्न लग्यो। टामको साथसाथै दुइटा बिरालोहरू ठूलो स्वरले म्याउ-म्याउ कराउँदै पछ्याए र दुइटा कुकुर उनीहरूलाई ङ्वार्र-ङ्वार्र गर्दै बिस्तारै उसको पछि-पछि लागे।

बाले ढोकाको सिढीमा बसेर झुण्डिरहेका सुँगुरहरूलाई लालटीनको प्रकाशमा हेर्नुभयो। खुर्कने काम अब सकियो र सिनुहरूबाट अलि-अलि मात्र रगत कालो रगतको थुप्रोमाथि खस्दै थियो। बा उठेर सुँगुरहरू झुण्डयाइराखेको ठाउँमा गएर आफ्नो हातले तिनीहरूलाई छामी फेरि तल बस्नुभयो। बज्यै र बाज्ये सुत्नलाई तबेला-घरतिर गए र बाज्येको हातमा एउटा मैनबत्ती थियो। बाँकी परिवार ढोकाको सँघारमा शान्तसँग बसे; कान्नी, आल र टाम भुईंमा बसेर आ-आफ्नो पीठ्यूँ घरको भित्तामा अडेस लाइरहेका थिए, काका जान एउटा बाकसमा र बा सँघारमा बसिरहेका थिए। खालि आमा र रोज आब शारन यताउति घुमिरहे। रूठी र विनफिल्डलाई अब निद्राले छोपिसकेको थियो तैपनि निद्रा हटाउन संघर्ष गर्दै थिए। उनीहरू अँध्यारोमा बसेर निद्राको नशामा झगडा गरिरहेका थिए। नोआ र पादरी घरतिर मुख पारेर अगल-बगलमा पलेंटी मारेर बसिरहे। बा शिथिल भएर कपाल कन्याउन थाल्नुभयो र टोप उतारेर आफ्ना औंलाहरू कपालमा घुसारिरहनु भयो। उहाँले थकित भएर भन्नुभयो, 'भोलि बिहान सबेरै हामीले त्यस सुँगुरको मासुमा नून हाल्ने छौं। त्यसपछि ट्रकमा ओछ्यानहरू बाहेक अरू सबै चीज लादेर भोलि बेहान हामीहरू प्रस्थान गरौंला। त्यति गर्दा मुश्किलले दिनभरिको काम सकिइने छ।'

टामले भन्यो: 'केही कामको खोजी गर्दै हामीहरू दिनभरि यताउति हल्लिरहनु पर्नेछ।' परिवारको समुदाय बेचैन भएर बहस गर्न थाल्यो। 'भोलि बेहानसम्ममा हामीहरू तयार भएर जान सक्छौं।' यो थियो टामको सुझाउ। हातले घुँडा मुसार्नमा बा व्यस्त हुनुहुन्थ्यो। सबैलाई आलस्यले छोप्यो।

नोआले भन्यो : 'त्यो मासुमा नून हाल्नाले शायद चौपट हुने छैन होला । त्यसलाई टुक्रा-टुक्रा पारेपछि चाँडै चिसो हुनेछ ।'

काका जानको बल पुगेकोले उनैले मासु टुक्रा-टुक्रा गरे । उनले भने, 'हामी किन अनिश्चित हुने ? म यो अवस्थालाई समाप्त गर्न चाहन्छु । अब हामीहरू जाने । किन नजाने हामीहरू ?'

बाँकी परिवारको भावनामा एकाएक परिवर्तन आयो, 'हामीहरू किन नजाने ? बाटोमा सुतौंला ।' अनिपछि एक किसिमको हडबडको भावनाले उनीहरूलाई घेऱ्यो ।

वाले भन्नुभयो : 'दुइ हजार माइल तय गर्नुछ भनेर मानिसहरू भन्दछन् । त्यतिको लामो बाटो हामीले पार गर्नु छ । नोआ, तँ र म मिलेर त्यो मासु सानो-सानो टुक्रा पारेर सबै ट्रकमा हालौं ।'

आमाले आफ्नो टाउको ढोकाबाहिर निकालेर भनिन्, 'अँध्यारोमा केही नदेखिने भएकोले केही चीज लैजान बिर्सने त होइन ?'

नोआले भन्यो, 'बेहान हामीहरूले हेर्न सक्छौं ।' उनीहरू यसैमा विचार गरेर चूप लागेर बसे । तर एकै छिनमा नोआ उठेर आफ्नो बांगो खुँडा लिएर सानो खिइएको ढुंगामा सान लाउन थाल्यो । त्यसले भन्यो, 'आमा, त्यो टेबिल सफा गर्नोस् ।' ऊ एउटा सुँगुरको नजीक गएर त्यसको ढाडको एकातिर लहरै काट्यो र करङबाट मासु छुट्ट्याउन थाल्यो ।

बा उत्तेजित भएर उभिई भन्नुभयो, हामीहरू सबै मिलेर गरौं । आऊ, तिमीहरू सबै ।'

अब उनीहरूलाई जान कर लाग्यो । सबैलाई हडबड भयो । नोआले सुँगुरका साँप्राहरू भान्सामा लगेर नून छर्केर सानो-सानो टुक्रा पारेर काट्यो र आमाले नून खस्रो भएको ठाउँमा हातले मिलाएर एकेक टुक्रा गरेर भाँडाहरूमा हालिन् । तिनीले होशियारीसाथ दुइटा टुक्रा परस्परमा नछुआईकन राखिन् । ईंट छापिए जस्तै गरी तिनीले मासुका टुक्राहरू हालिन् र टुक्राहरूको बीचमा रहेका खाली ठाउँमा नून

कोचेर राखिदिइन् । र नोआले छातीको मासु र खुट्टाहरू पनि काटकुट गऱ्यो । आमाले आगो बालिनै राखिन् र नोआले करङ, ढाड र खुट्टाका हाडहरूबाट आफूले सकेजति मासु झिकेपछि आमाले ती हाडखोडहरूलाई पकाउन चूलोमा सेक्न थालिन् जसबाट ती हाडहरूमा टाँस्सिएका मासु लुछ्न सजिलो हुन् ।

आँगन र तबेला-घरमा लालटीनको प्रकाश चारैतिर फैलिन थाल्यो र लाने चीजहरू जति ल्याएर ट्रकमा थुपारिइए । रोज आब शारनले परिवारका जम्मै लुगाहरू, अँगरखाहरू, बाक्लो तलुवा भएका जुत्ताहरू, रबडका जुत्ताहरू, खिइसकेका राम्रा पोशाकहरू, स्वेटरहरू भेडाको छालाबाट बनेका कोटहरू ल्याइन् । तिनीले यी सब चीजलाई एउटा काठको बाकसमा कोचेर पैतालाले कुल्चिन् । त्यसपछि छीटका पोशाकहरू तथा दोसल्लाहरू, सूतीको कालो स्टाकिंगहरू र केटाकेटीहरूका लुगाहरू, साना-साना अँगरखाहरू तथा सस्ता छीटका पोशाकहरू– यी सबैलाई तिनीले बाकसमा हालेर पैतालाले कुल्चेर कोचिन् ।

टाम औजार राख्ने झोपडीमा गई बाँकी रहेका एउटा हाते-करौंती, एक सेट रेंचु, एउटा घन तथा किसिम-किसिमका कीला भएको एउटा बाकस, एक जोर चिम्टा, एउटा चेप्टो रेती र एक सेट सानो रेती लिएर आयो ।

रोज आब शारनले टारपालिनको ठूलो टक्रा ल्याएर ट्रकको पछाडि भूईंमा ओछ्याइन् । तिनले तीनोटा दुइ जना सुत्ने डसना र एउटा एक जना सुत्ने डसना ढोकाबाट बाहिर निकाल्न ठूलो संघर्ष गर्नुपऱ्यो । तिनले ती डसनाहरूलाई टारपालिन कपडामा चाङ लगाइसकेपछि खोकिल्टाभरि हुने गरी पट्टयाइएका झुत्रो सिरकहरू ल्याएर चाङ लगाइदिइन् ।

आमा र नोआ दुइ जना सिनुहरू सेक्नमा व्यस्त थिए । र हाड सेकाएको बास्ना चूलोबाट फैलिएर आयो । राति अबेर भएकोले केटाकेटीहरू बाटैमा सुतेका थिए । विनफिल्ड ढोकाबाहिर धूलैमा गुटगुटिएर सुतिरहेको थियो र रूठी भान्साको बाकसमा बसेर सुँगुर मारेको हेर्दाहेर्दै भित्तामा टाउको अडेस लाएर भुसुक्क निदाएकी थिइन् । तिनीले निद्रामा चैनसित सास फेरेकी थिइन् र तिनका ओठहरू फाटिएर दाँत देखिएका थिए ।

टाम औजार ओसार्ने काम सिध्याई लालटीन लिएर तथा पादरीलाई पछि-पछि

लगाएर भान्साभित्र पस्यो । टामले भन्यो, 'किजात, त्यो मासु सुँघेर हेर त ! र मासु सेकिएर पड्केको आवाज आएको सुन त ।'

आमाले ईंट छापे जस्तो गरी भाँडामा मासुका टुक्राहरू हालेर त्यसको वरिपरि र त्यसमाथि नून छरेर हातले प्याट्-प्याट् ठोकेर मिलाइन् । तिनी टामलाई हेरेर अलिकति मुस्काइन् तर उनको आँखामा गम्भीरता र थकावट थियो । तिनीले भनिन्, 'भोलि बेहानको जलपानलाई सुँगुरको सेकेको हाड खानू ।'

पादरीले उनको बगलमा गएर भन्यो, 'यो मासुमा नून हाल्ने काम मलाई दिनोस् म गर्न सक्छु । तपाईं अरू काम हेर्नोस् ।'

आफूले गरिरहेको काम रोकेर' मानौ उसले अनौठो किसिमको सुझाव दिएको होस्, तिनीले उसलाई परीक्षात्मक रूपले हेरिन् । र उनको हातमा सुँगुरको मासु-बाट आएको रंगीन पानी लागेकोले नूनको एक चपरी बसेको थियो । अन्तमा तिनीले भनिन्, 'यो आइमाईको काम हो ।'

पादरीले जवाब दियो, 'यो जम्मै कामै हो । धेरै काम भएकोले कुनचाहिं लोग्नेमानिसको र कुनचाहिं स्वास्नीमानिसको काम हो छुट्ट्याउन हुँदैन । तपाईंको निम्ति अरू काम छ । मासुमा नून लाउने काम ममाथि छोडिदिनोस् ।'

अझै एक छिन तिनले उसलाई घुरेर हेरिन् अनि मात्र तिनले बालटीनको पानी टीनको हात धुने भाँडोमा खन्याएर आफ्नो हात धोइन् । पादरीले मासुका टुक्राहरू झिकेर नून राखी हातले प्याट्-प्याट् ठोक्यो र तिनी हेरिरहिन् । र त्यसले ती टुक्राहरूलाई उनले जस्तै गरी भाँडामा हाल्यो । एक तह सिध्याएर त्यसलाई होशियारीसाथ छोपीकन नून राखी थपथपाए पछिमात्र तिनी सन्तोष भइन् । तिनीले कटकटिएर सेता भएका हातहरू सुकाइन् ।

टामले भन्यो : 'आमा, अब यहाँबाट के लाने ?'

तिनीले भान्साको वरिपरि छिटो-छिटो हेरेर भनिन्, 'बालटीन । प्लेट, कप, चम्चा, चक्कु र काँटाहरू जस्तो खाने काममा उपयोग हुने साधनहरू जम्मै लाने । यी सामानहरू जम्मै दराजमा हालेर दराज लैजानू, त्यसको साथसाथ मासु भुट्ने ठूलो

कराही, उमाल्ने ठूलो भाँडा तथा कफीको भाँडा पनि । चिसो भएपछि सामान राख्ने फलामको तख्ता चूलोवाट झिकिदिनू जो आगोमाथि राख्नलाई राम्रो हुन्छ । मलाई त भाँडाकुँडा धुने बाटा लान मन छ तर ठाउँ होला जस्तो लाग्दैन । लुगा सुगा त म बालटीनमै धुनेछु । सानो-सानो सामान लैजाने काम नगर । साना-साना चीजहरू ठूलो भाँडोमा पकाउन सकिन्छ तर ठूल-ठूला चीजहरू सानो भाँडामा पकाउन सकिंदैन । रोटी पकाउने तावाहरू जम्मै लाने । साना-साना तावाहरू जति सबै ठूलो तावाभित्र अटाउँछन् ।' तिनीले उभिएर भान्साको वरिपरि हेरिन् । 'टाम, मैले भनेको त्यो चीज ल्यौ त । बाँकी मै राखुँला; मरीच, नून, जाइफल भएको ठूलो भाँडो र खल समेत । सबभन्दा पछि यो जम्मै चीज म लिएर आउँला ।' तिनी एउटा लालटीन लिएर थकित भई शयनागारभित्र गइन् तर उनको नांगो पैतालाले भुइँमा कुनै आवाज निकालेन ।

पादरीले भन्यो : 'तिनी थाकेकी जस्तो देखिन्छ ।'

टामले भन्यो, 'आइमाईहरू जहिले पनि थाकेकै हुन्छन् । मीटिंगमा बाहेक आइमाईहरूलाई थकाइ लाग्नु स्वाभाविकै छ ।'

'हो, त्योभन्दा थकाइ लागेका हुन्छन् । साँच्चै, थकाइ लागेर बिरामी नै भएका जस्ता हुन्छन् ।'

आमा त्यस बेला ठीक ढोकाभित्र पस्नै आँटेकी थिइन् त्यसैले तिनले उसको कुरा सुनेकी थिइन् । उनको स्वाभाविक अनुहारमा बिस्तारै तनाव आयो र उनको अनुहारका चाउरी परेका रेखाहरू लोप भएर गए । उनको आँखा तिखारिइए र कुम सोझिइए । तिनीले खाली हुँदै गइरहेको कोठाको वरिपरि नजर दौडाइन् । रद्दी चीजहरू बाहेक अरू केही चीज पनि बाँकी थिएनन् । भुइँमा पडिरहेका डसनाहरू पनि लगिसकिएका थिए । मेचहरू बेचिसकिएका थिए । भुइँमा एउटा भाँचिएको काँइयो, टाल्कम पाउडरको एउटा खाली भाँडा तथा धूलोमा बस्ने केही मूसाहरू थिए । आमाले लालटीन भुइँमा राखिन् । कुर्शीहरूको काम दिइरहेका बाकसहरू-मध्ये एउटाको पछाडि पुगेर तिनीले पुरानो, मैलिएको तथा कुनाहरूमा चर्केको एउटा लेखन-सामग्री राख्ने बाकस ल्याइन् । बसेर तिनीले बाकस खोलिन् । त्यसभित्र चिट्ठीहरू, कागजपत्रका टुक्राहरू, तसवीरहरू, एक जोडा यारिङ, एउटा सानो मोहर खोपेको सुनको औंठी, तथा घडीको एउटा बाइन थिए जसमा कपाल बाटी चुल्ठो

पारीकन छेउ-छेउमा सुनको घुमने कडीको जोड थियो। तिनले आफ्नो औंलाले हलुकासँग चिट्ठीहरूमा हात हालिन्। अनि पछि एउटा अखबारको कटिंगमा हात फेरेर चिप्लो पारिन् किनभने त्यसमा टामको मुद्दाको बयान थियो। तिनले निकै बेर बाकस उचालेर त्यसमा हेरिरहिन् र उनका औंलाले चिट्ठीहरू तल-माथि पारी फेरि एक लाममा राखेर मिलाए। केही कुरा विचार गर्दै र संझदै तिनले आफ्नो तल्लो ओठ टोकिन्। र अन्तमा तिनले संकल्प गरिन्। तिनले औंठी, घडीको सिक्री, यारिङ बाहिर निकालेर बाकसभित्रको थुप्रोमाथिबाट खनी कमीजको बाहुलामा हाल्ने सुनको टाँक भेट्टाइन्। तिनले एउटा खामबाट चिट्ठी झिकेर त्यस खाममा एउटा कम दामको वस्तु राखी खाम पट्ट्याएर आफ्नो पोशाकको गोजीमा हालिन्। यति गरेर तिनले सुस्त-सुस्त बाकस बन्द गरी आफ्नो औंलाले होशियारीसँग बाकसको ढकनी मिलाइन्। उनको ओठ खोलिएकै थियो। तिनी उभिइन् र लालटीन लिईकन भान्सामा फर्केर गइन्। तिनीले चूलोको ढकनी उचालेर कोइलामा बिस्तारै बाकस राखिन्। उष्णताले छिटै कागज खैरो पान्यो। आगोको ज्वाला दन्केर बाकसमा पुग्यो। चूलोको ढकनी तिनले फेरि हालिदिएपछि तुरुन्त आगो सल्केर बाकस सखाप पारिदियो।

बाहिर अँध्यारो आँगनमा बा र आल लालटीनको प्रकाशमा ट्रकमा माल लाद्न थाले। औजारहरू तल राखिए तर ट्रक बिग्रेको खण्डमा झट्टै हात घुसारेपछि भेट्टिने गरी राखिए। त्यसमाथि लुगाका बाकसहरू राखिए र एउटा बोरामा भान्साका भाँडाहरू ठुसिए। काट्ने भाँडाहरू र थालहरू आ-आफ्नो बाकसमा थिए। एक ग्यालन पानी अटाउने बालटीन पछिल्तिर बाँधियो। उनीहरूले भारको तल-तिर सकेसम्म बराबर गरे र बाकसहरूको बीचमा खाली हुन आएका ठाउँ बेरिएका सिरकहरूले भरे। सबभन्दा माथि उनीहरूले डसनाहरू राखेर ट्रकको बोझ एकनासले भरे। अन्तमा उनीहरूले बोझमाथि ठूलो त्रिपाल ओछ्याए र आलले छेउ-छेउमा प्वालहरू बनायो जसबाट दुइटा खुट्टा फट्ट्याएर त्यसले साना-साना डोरीहरू घुसारेर ट्रकको छेउका बारहरूमा कस्यो।

त्यसले भन्यो, 'अब पानी पऱ्यो भने हामीले यसलाई बारमाथि बाधौंला जसबाट हामी भिजिइने छैनौं। अघिल्तिर बस्नेजति हामीहरू अलिकति पनि पानीमा पर्ने छैनौं।

र बाले प्रशंसा गर्नुभयो, 'त्यो राम्रो अक्कल हो।'

आलले भन्यो, 'त्यो पूर्ण छैन । सबभन्दा पहिले म एउटा लामो बिरुवाको फेद काटेर एउटा धुरी जोडुँला अनि त्यसमाथि अलकतरा हालेको टाट छाउँला । यसले ट्रकभित्र सबै छोपेर हामीहरूलाई घामबाट पनि सुरक्षित राख्ने छ ।'

बाले स्वीकृति दिंदै भन्नुभयो : 'त्यो पनि राम्रै हो । तिमीले यो विचार पहिले नै किन नभनेको ?'

आलले भन्यो, 'मैले फुर्सद पाइनँ ।'

'समय छैन भनेको ? किन, आल, दुनियाभरि ब्वाँसोजस्तै घुम्न तिमी समय पाउँछौ । भगवान्‌लाई थाहा होला, गएको दुइ साता तिमी कहाँ-कहाँ गइराखेका ।'

आलले भन्यो, 'यस प्रदेशलाई छोडेर जाँदा मेरो केही काम सम्पन्न गर्नु थियो तर मेरो आश्वस्ततामा केही कमी आएको थियो । बा, तपाईंलाई यहाँबाट प्रस्थान गर्नु परेकोमा राम्रै लाग्छ ?'

'हँ ? अँ– निश्चयनै राम्रो लाग्छ । कम-से-कम बेसै छ । किनभने यहाँ हामीहरूलाई मुश्किल परिसक्यो । निश्चय नै यहाँ हेरीकन त्यहाँ फरक हुनेछ– पर्याप्त काम, हरेक कुरा राम्रो, जताततै हरियाली, साना-साना सेता घरहरू, वरिपरि सुन्तलै-सुन्तला पाइन्छन् ।'

'जहाँ गए पनि सुन्तलै-सुन्तला हुन्छ त्यहाँ ?'

'अँ, जहाँ पनि नहुन सक्छ तर धेरैजसो ठाउँमा भने हुन्छ ।'

आकाशमा प्रभातको प्रथम किरण देखिन थाल्यो । र काम सिद्धिसकेको थियो । सुँगुरको मासुका भाँडाहरू र कुखुरा राखेको डोको पनि ट्रकमाथि ल्याउनलाई तयार भैसकेको थियो । आमाले चूलो उघारेर ठाउँ-ठाउँमा मासु भएको झुरुं झुरुं र खैरो हुने गरी पकाइराखेका हाडहरूको थुप्रो निकालिन् । रूठी आधा बिउँझेर बाकसबाट तल झरेर फेरि सुतिन् । तर वयस्कहरू अलि-अलि जाडोले काम्दै झुरुं झुरुं हुने सुँगुरको मासु टोक्दै ढोकावरिपरि उभिरहे ।

टामले भन्यो, 'अब त बाज्ये र बज्यैलाई उठाए पनि भयो । घाम झुल्कन

आँटिसक्यो ।'

आमाले भनिन् : 'जाने बेला नभएसम्म किन उठाउनु ? उनीहरूले सुत्नु आवश्यक छ । रूठी र विनफिल्ड पनि राम्रोसँग सुत्न पाएका छैनन् ।'

बाले भन्नुभयो, 'अँ, उनीहरू मालसामानमाथि सुत्न सक्छन् । त्यहाँ सुत्न मजै हुन्छ ।'

अकस्मात् कुकुरहरूले धूलोबाट उठेर ध्यानपूर्वक सुने । त्यसपछि गर्जेर उनीहरू अँध्यारोमा भुक्न थाले । बाले झर्केर सोध्नुभयो, 'को आएछ त्यहाँ ?' एकै छिनमा भकिरहेका कुकुरहरूलाई सान्त्वना दिंदै बोलिरहेको आवाज उनीहरूले सुने अनि भुकेको आवाजमा खुकुलोपन आयो । एक छिनपछि पाइलाको आवाज सुनिए र एउटा मान्छे देखा पऱ्यो । यो थियो म्यूले ग्रेव्स । त्यसले लगाइराखेको टोप तलसम्म आएको थियो ।

ऊ डराई-डराई नजीक आएर भन्यो, 'तपाईंहरू सबलाई सुप्रभातम् ।'

बाले समातिराख्नुभएको हाड हल्लाउँदै भन्नुभयो, 'किन ? म्यूले, भित्र आएर केही सुँगुरहरूको मासु खाऊ ।'

म्यूलेले भन्यो, 'भैगो, मलाई भोक लागेको छैन ।'

'म्यूले, लेऊ, लेऊ ।' यति भनेर बा घरभित्र पसेर बाँकी रहेको एउटा करङ ल्याइदिनुभयो ।

त्यसले भन्यो, 'म मासु खान भनी आएको होइन । म यसो डुल्दै आइरहेको पो । तिमीहरू जान लाग्यौ होला भनेर मैले विचार गरें । त्यसैले बिदाबारी गर्न आएको ।'

बाले भन्नुभयो, 'एकै छिनमा जाँदैछौं । एक घंटापछि आएको भए भेट नहुने। जम्मै प्याक गरिसक्यौं, देख्यौ ?'

'जम्मै प्याक भैसक्यो ।' म्यूलेले लादिएको गाडीमा हेऱ्यो । 'म पनि गएर

आफ्ना मानिसहरूलाई भेटघाट गरुँ भन्ने कहिलेकाहीं इच्छा जागेर आउँछ ।'

आमाले सोधिन् : 'तिमीले क्यालिफोर्नियाबाट उनीहरूको हालचाल सुन्यौ ?'

म्यूलेले जवाब दियो, 'अँहँ, मैले सुनेको छैन ।तर मैले हुलाकमा गएर त हेरेको छैन । कहिलेकाहीं मैले जानु पर्ने ।'

बाले भन्नुभयो : 'आल, तल गएर बाज्ये र बज्यैलाई उठाऊ । उनीहरूलाई खान आऊ भन । हामी लगत्तै जाँदैछौं ।' र आल तबेला-घरतिर जाँदा बाले भन्नुभयो, 'म्यूले, तिमी पनि अटाई-न-अटाई हामीसँग जाने ? जाने भए तिम्रो निम्ति ठाउँ मिलाउने कोशिश गरुँला ।'

म्यूलेले करङको छेउबाट एक टुक्रा मासु टोकेर चपायो । त्यसले भन्यो, 'कहिलेकाहीं म पनि जाउँ कि भन्ने विचार आउँछ । तर मलाई थाहा छ म जान्नँ । मलाई राम्रोसँग थाहा छ कि म अन्तिम समयसम्म मशानको भूत जस्तै भागी-भागी, लुकी-लुकी हिंडुँला ।'

नोआले भन्यो : 'म्यूले, कुनै दिन तिमी खेतैमा मर्नेछौ ।'

'त्यो त मलाई थाहा छ ; त्यसको बारे मैले विचार गरें । कहिलेकाहीं निकै एक्लोपन जस्तो महसूस हुन्छ, कहिलेकाहीं ठिकै जस्तो लाग्छ, र कहिलेकाहीं असलै जस्तो भएर आउँछ । यिनीहरूमा कुनै फरक छैन । तर तिमीहरूले मेरा मानिसहरूसित भेट गऱ्यौ भने—यही मूल कुरा म भन्न आएको—क्यालिफोर्नियामा मेरा आफन्तहरूसित भेट भएमा मलाई संचैछ, मैले ठिकै गरिरहेछु भनिदिनू । मैले यसरी जिन्दगी बिताइरहेछु भनी नभन्नू । पैसा हुनासाथ उनीहरूकहाँ आउँछु भनी सुनाइदिनू ।'

आमाले सोधिन् : 'तिमी जाने त ?'

म्यूलेले बिस्तारै भन्यो, अँहँ, म जान्नँ । म जान सक्तिनँ । अहिले मलाई यहाँ बस्नु छ । केही वर्षपछि म जान सकुँला तर अहिले होइन भनेर उनीहरू विचार गरून् र थाह्रा पाउन् । म कहिले पनि जाने छैन ।'

प्रभातको प्रकाश अब अलि प्रखर हुँदै आइरहेको थियो जसले गर्दा लालटीनको प्रकाश अलि मलिन भयो । खोच्याउँदै, संघर्ष गर्दै आइरहेको बाज्येलाई आफ्नो बगलमा राखेर आल फर्केर आयो । आलले भन्यो, 'उनी त सुतिरहेका थिएनन् बरु तबेला-घरको पछिल्तिर बसिरहेका थिए । उनीप्रति केही अनर्थ हुन गएको छ ।

बाज्येका आँखा मन्द थिए, पहिलेको जस्तो चंचलता तिनमा थिएन । उनले भने, 'ममाथि केही अनर्थ भएको छैन । म जान्नँ ।'

वाले झर्केर भन्नुभयो, 'नजाने ? के भनेको, जान्न भनेको ? किन, हामीहरूले यहाँ सब थोक प्याक गरिसकेका छौं तथा हामी सबै तयार छौं । हामीहरूले जानै पर्छ किनभने बस्नलाई यहाँ ठाउँ नै छैन ।'

बाज्येले भन्नुभयो, 'मैले तिमीहरूलाई बस्न भनिरहेको छैन । तिमीहरू जाऊ । मेरो हकमा, म यहीं बस्छु । यो मेरो मुलुक हो र म यहींको हुँ । कसैको शयनागार-बाहिर सुन्तला र अंगूरहरू खचाखच उम्रेता पनि म महत्त्व दिन चाहन्नँ । म जाने छैन । यस प्रदेशमा कुनै विकास भएको छैन, तर यो मेरो देश हो । तिमीहरू सबै जाऊ, म यहीं बसुँला जहाँ मेरो सम्बन्ध छ । जहाँ म बस्दै आएको छु ।'

उनीहरू सबै उनको वरिपरि घेरिएर बसे । बाले भन्नुभयो : 'बाज्ये, तपाईं बस्नु सक्नुहुन्न । यस ठाउँका सबै भूमि ट्र्याक्टरले जोत्न लागेका छन् । तपाईंको निम्ति कल्ले पकाउने ? तपाईं कसरी बस्ने ? तपाईं यहाँ बस्न सक्नुहुन्न । किन, तपाईंलाई स्याहार-सुसार गर्ने कोही नभएपछि तपाईं भोकै मर्नु हुनेछ ।'

बाज्येले कराएर भन्नुभयो : 'छोडिदेऊ मलाई । म बूढो भएपनि आफ्नो हिफाजत आफैं गर्न सक्छु । म्यूलेले यहाँ कसरी निर्वाह गरिरह्यो ? उसले जस्तै म पनि निर्वाह गर्न सक्छु । म जान्नँ भनेर तिमीहरूलाई भन्दैछु । यो कुरा तिमीहरूलाई मन नपरेपनि तिमीहरूले सहनु पर्छ । तिमीहरूलाई मन छ भने बज्यैलाई लैजाऊ तर मलाई भने लान सक्तैनौ । यही मेरो निर्णय हो ।'

वाले असहाय भएर भन्नुभयो : 'बाज्ये, मेरो कुरा सुनिदिनोस् । मेरो भनाइ सुनिदिनोस्, एक मिनेट मात्र ।

'म सुन्दिनँ । मैले जे गर्न लागेको छु त्यो तिमीहरूलाई भनिसकें ।'

टामले आफ्नो पिताको कुममा छोयो अनि भन्यो, 'बा, घरमा हिंड्नोस् । म केही भन्न चाहन्छु ।' र उनीहरू घरतिर जाँदा-जाँदै त्यसले 'आमा, तपाईं पनि एक छिन आउनोस्, आउनु हुन्छ ?' भनेर बोलायो ।

भान्सामा एउटा लालटीन बलिरहेको थियो र सुँगुरको हाड भएको प्लेटमा अझै चाङ बाँकी थियो । टामले भन्यो : 'सुन, मलाई थाहा छ कि बाज्येलाई म जान्न भन्ने अधिकार छ । तर उहाँ बस्न सक्नुहुन्न भन्ने कुरा हामीलाई थाहा छ ।'

बाले भन्नुभयो, 'उहाँ निश्चय पनि यहाँ बस्न सक्नुहुन्न ।'

'अँ, हेर। हामीले उहाँलाई समातेर बाँध्यौं भने हामीले उहाँलाई चोट पुऱ्याउन सक्छौं । उहाँले बहुला जस्तो व्यवहार गरेर आफूलाई नै चोट पुऱ्याउनु हुनेछ । अब हामी उहाँसँग बहस गर्न सक्तैनौं । हामीले उहाँलाई रक्सी खवाउन सक्यौं भने काम बन्नेछ । ह्विस्की छ ?'

बाले भन्नुभयो, 'अँहँ । घरमा ह्विस्कीको नाउँमा एक थोपा पनि छैन । जान-सँग ह्विस्की छैन । रक्सी खांदाखेरि पनि त्योसँग ह्विस्की हुँदैन ।'

आमाले भनिन् : 'टाम, विनफिल्डलाई कान दुख्दा उसलाई खवाउन भनी किनेको निद्रा आउने सिरपको आधा बोतल मसँग छ । त्यो सिरपले काम दिन सक्छ, कसो ? नराम्रोसँग कान दुख्ने भएपछि विनफिल्डलाई सुताउन त्यो खवाउने गर्थें ।'

टामले भन्यो, 'काम दिन सक्छ । आमा, त्यो ल्याउनोस् । हामी खवाएर हेरौं, के हुँदो रहेछ ।'

आमाले भनिन्, 'मैले त्यो रद्दी चीजहरू राख्ने ठाउँमा फालिदिएको थिएँ । लालटीन लिएर तिनी बाहिर गइन् र एक छिनमा तिनी कालो औषधि आधा भरिएको बोतल लिएर फर्किन् ।

टामले त्यो लिएर चाख्यो । त्यसले भन्यो, 'यसको स्वाद बिग्रेको छैन । एक कप असल र कडा कालो-कफी बनाऊ । त्यसमा दुइ-ठूलो चम्चाभरी औषधि राखेर हेरौं ।'

आमाले चूलो खोलेर कोइलाको नजीक भित्रपट्टि केट्ली हालिन् अनि पछि पानी र कफी नापेर त्यसमा हालिन् । तिनीले भनिन, 'एउटा भाँडामा राखेर उसलाई खान देऊ । प्याला जति सबै प्याक गरिसकेका छौं ।'

टाम र उसको बा बाहिरपट्टि गए । बाज्येले करङहरू खाइरहने मानिसहरूसँग सोध्नुभयो, 'कुनै मानिसलाई आफूले गर्न चाहेको काम गर्ने अधिकार छ कि छैन ?'

टामले भन्यो, 'हामीहरूले खाइसकेका छौं । आमाले तपाईंलाई भनी एक कप कफी र सुँगुरको केही मासु राखेकी छिन् ।'

घरभित्र गएर त्यसले कफी र मासु खायो । बाहिर बसिरहने मानिसहरू बढ्दै आइरहेको भोरमा उसलाई ढोकाबाट च्याएर शान्तसँग हेरिरहे । उनीहरूले उसलाई हाई गरेको, ढलमलिएको, पाखुराहरू टेबिलमा राखेर आफ्नो टाउको त्यसैमा अड्याएर सुतेको देखे ।

टामले भन्यो, 'त्यसलाई थकाइ लागिसक्यो । उसलाई त्यहीं रहन देऊ ।'

अब उनीहरू तयार भइसके । चक्कराएर अस्थिर हुँदै बज्यैले भनिन् : 'यो सब के हो ? यस्तो सबेरै-सबेरै के गरिरहेका ?' तर तिनी लुगा-सुगा लगाएर मानिसकेकी थिइन् । रूठी र विनफिल्ड उठिसकेका थिए तर थकाइले गर्दा अझै तन्द्रामा थिए । प्रकाश छिटो-छिटो फैलिंदै थियो । परिवारको चलमन रोकियो । जानलाई पहिलो कदम चाल्न उनीहरू टक्क रोकिए। बाज्येलाई डर पसे जस्तै उनीहरूलाई पनि जति समय नजीक हुँदै आयो त्यति डर हुँदै आयो । उनीहरूले प्रकाशमा झुपडीको आकार-प्रकार देखे । बलिरहेका लालटीनहरू मलिन भएर तिनीहरूबाट प्रकाश नआएको उनीहरूले देखे । ताराहरू पनि अलि-अलि गरेर पश्चिमतिर डुबेर गए । उनीहरूको आँखा एउटै चीजमा नअडीकन सम्पूर्ण भोर, जमीन र प्रदेशको सरसरी दृश्यमा पर्न गई परिवार अझै निद्रामा हिंड्ने मानिसहरू जस्तै टक्क उभिएका थिए ।

ट्रकको बारबाट भित्रपट्टि हेर्दै, गाडीको पछिल्तिर झुंड्याइएका जगेडा टायरहरूमा हातले ठोक्दै म्यूले ग्रेव्स एक्लै बेचैनीले घुमिरहेको थियो । अन्तमा म्यूलेले टामको नजीक गएर सोध्यो, 'तिमी क्यालिफोर्निया जाँदैछौ ? तिमीले आफ्नो प्रतिज्ञा उल्लंघन गर्न लागेका ?'

टामले आफ्नो गतिहीनतादेखि मुक्त भएर जोडसँग कराएर भन्यो, 'जीजस क्राइस्टको शपथ, सूर्योदय हुन लागेको छ, हामीले जानुपर्‍यो ।' र अरूहरू पनि चेतनाहीनतादेखि अलग भएर ट्रकनिर गए ।

टामले भन्यो, 'आऊ, बाज्येकहाँ जाऔं ।' बा, काका जान, टाम र आल भान्सामा गए जहाँ बाज्ये आफ्नो निधार पाखुरामा अडेस लगाई सुतिरहनुभएको थियो र टेबिलमा सुकेको कफीको एक रेखा थियो । उनीहरूले उहाँलाई च्यापेर उभ्याइदिए अनि उहाँ बडबडाएर जँड्याहाले जस्तै अस्पष्ट शब्दमा सराप्न थाल्नुभयो । ढोकाबाहिरसम्म उनीहरूले उहाँलाई घचेड्दै लगे । ट्रक नजीक आइपुग्दा टाम र आलले गाडी चढेर तल झुकीकन आफ्ना हातले उहाँको पाखुरा समाती बिस्तारै माथि उचालेर मालसामानमाथि पल्टाइदिए । आलले अलकत्रा लाएको टाट फुकालेपछि उनीहरूले उहाँलाई भिन्नपट्टि हुलिदिए र टाटको भार उहाँमाथि नपरोस् भनेर टाटमुनि उहाँको बगलमा एउटा बाकस घुसारिदिए ।

आलले भन्यो, 'मैले त्यो धुरी हाल्नु छ । आज राति हामीहरू बास बस्ने ठाउँमा हाल्नेछु ।' बाज्ये आफूनाई बिउँझाएकोमा अलि असन्तोषले बिरोध गर्दै झर्किनुभयो । र अन्तमा उहाँलाई पल्टाएपछि उहाँ फेरि गहिरो निद्रामा पर्नुभयो ।

बाले भन्नुभयो : 'आमा, तिमी र बज्यै एक छिन आलसँग बस । सुब्रिस्ता गर्न-लाई हामीहरू माथि गएर हेरफेर गर्नेछौं तर तिमीहरू उतातिर जाऊ ।' उनीहरू गाडीभित्र पसेपछि कान्नी, रोज आब शारन, बा, काका जान, रूठी र विनफिल्ड, टाम तथा पादरी माथि गएर मालसामानमा झुम्मिन पुगे । नोआले तल जमीनमा उभिएर उनीहरूलाई ट्रकको मालसामानहरूको थुप्रोमाथि बसिराखेको हेरिरह्यो ।

आलले वरिपरि घुमेर गाडीमुनि कमानीहरूमा हेर्न पुग्यो । त्यसले भन्यो, 'पवित्र जीजसको शपथ, यी कमानीहरू चेप्टिएर गएछन् । मैले देखेको भाग्य भयो, म तिनीहरूलाई साबिक आकारमा ल्याइदिन्छु ।'

नोआले भन्यो : 'बा, कुकुरहरू के गर्ने ?'

बाले भन्नुभयो, 'कुकुरहरू त बिर्सिनै राखेको । त्यसले ठूलो स्वरले सिट्टी दिए-पछि एउटा कुकुर उफ्रँदै दौडेर आयो, तर एउटै मात्र । नोआले उसलाई समातेर गाडीमाथि फालिदियो जहाँ उचा भएकोले त्यो कुकुर नचलीकन कामेर बसिरह्यो ।

बाले म्यूलेलाई बोलाएर भन्नुभयो, 'अर्को दुइ जनालाई छोडेर जान्छौं । तिमीले उनीहरूको हेरविचार गर्छौं ? हेर उनीहरू भोकै नमरून्, बुझ्यौ ?'

म्यूलेले भन्यो, 'हुन्छ । मलाई दुइटा कुकुर पाल्न मन लागिरहेछ । हुन्छ, म उनीहरूलाई साथमा राखुंला ।'

बाले भन्नुभयो, 'कुखुराहरू पनि लिएर जाऊ ।'

आलले चालकको आसन ग्रहण गऱ्यो । स्टार्टरबाट घ्यार-घ्यार आवाज आएर थामियो र फेरि घ्यार-घ्यार आवाज आयो । अनि यन्त्रका ६ वटा बेलनहरू गर्जेपछि पछिल्तिरबाट नीलो धूवाँ निस्क्यो । आलले कराएर भन्यो, 'म्यूले, बस है, गयौं ।'

र परिवारले कराएर भन्यो, 'म्यूले, बिदा है ।'

आलले तल्लो गियर लगाएर क्लचलाई छोड्यो । ट्रक आँगनमा हल्लेर त्यसमाथि जोर पर्न गयो । दोश्रो गियर लगाइयो । दोश्रो गियरले सानो पहाडमाथि गाडीलाई विस्तारेर लग्यो र रातो धूलो उनीहरूको वरिपरि उड्यो । आलले भन्यो, 'क्राइस्ट, कस्तो बोझ होला ! यस ट्रिपमा हामीहरू छिटो जान सक्तैनौं ।'

आमाले पछाडि हेर्न खोजिन् तर सामान ज्यादा भएकोले देख्न सकिनन् । तिनीले आफ्नो घाँटी लामो पारेर फोहर सडकमा अगाडितिर हेरिन् । उनको आँखा-बाट धेरै थकावटको आभास पाइन्थ्यो ।

मालसामानमाथि बस्ने मानिसहरूले पछिल्तिर फर्केर हेरे । उनीहरूले घर र तबेलाबाहेक चिमनीबाट अझ मसिनो धूवाँ उठिरहेको देखे । उनीहरूले सूर्योदयको प्रथम किरणले रातो पारेका झ्यालहरू देखे । उनीहरूले म्यूलेलाई आँगनको ढोकामा एकलै उभिई उनीहरू गएको हेरिरहेको पनि देखे । त्यसपछि पहाडले यी सब दृश्य छेकिदियो । सडकको अलग-बगलमा कपासका खेतहरू थिए । र ट्रक बिस्तारै धूलो-बाट मूल-सडक र पश्चिमतिर घस्रँदै गयो ।

एघारौं अध्याय

त्यस प्रदेशमा घरहरू शून्य भए र त्यसैले गर्दा प्रदेश पनि शून्य भयो। सेता र टल्कने कर्कटपाताले छाएका ट्र्याक्टर राख्ने घरहरू मात्र सजीव थिए। ती यस-कारण सजीव भए कि त्यहाँ धातु, पेट्रोल, इन्धन र हलो जोत्ने चम्किला चक्काहरू थिए। ट्र्याक्टरहरूमा उज्ज्वल प्रकाश बलिरहेको हुन्थ्यो किनभने ट्र्याक्टरको लागि दिन र रातमा केही फरक हुँदैन र ट्र्याक्टरका चक्काहरूले माटो पल्टाउँदा अँध्यारो हुन्छ र दिउँसै प्रकाश बलिरहने त्यसैले हो। एउटा घोडाले काम थामेर तबेलामा गएपछि त्यहाँ जीवन र सजीवता हुन्छ। त्यस तबेलामा खररर-खररर गरेर स्वास-प्रस्वास फेरेर उष्णता भरिएकोले, खुट्टाले परालमा टाप बजाएको तथा बंगाराले पराल चमचम गरेर चपाएको आवाजले, कान र आँखाको चालले सजीवता ल्याउँछन्। तबेलामा जिन्दगीको न्यानोपन, उष्णता तथा गन्ध हुन्छ। तर ट्र्याक्टरको मोटर थामिएपछि फलाम निकालेको कच्चा धातु जस्तै यो मरेको हुन्छ। लाशलाई उष्णताले छोडेजस्तै मोटरलाई पनि उष्णताले छोडेर जान्छ। त्यसपछि कर्कटपाताका ढोकाहरू बन्द हुन्छन् र ट्र्याक्टर चलाउने मानिस शायद बीस माइल पर शहरको घरमा गाडीबाट जान्छ। त्यसले हप्तौं या महीनौंसम्म आउनु पर्दैन किनभने ट्र्याक्टर मरिसकेको छ। यो काम सरल र कुशल छ। काम यति सरल छ कि चकित नै हुनु पर्दैन, यति कुशल छ कि त्यस प्रदेश र काममा आश्चर्य हुने कुरै छैन। आश्चर्य नहुनु मात्र होइन त्यसमा गहन समझ र सम्बन्ध पनि छैन। ट्र्याक्टर चलाउने मानिसलाई त्यो घृणा आउँछ जो सम्बन्ध र बोध नहुने एउटा परदेशीको मनमा आउँछ। किनभने नाइट्रेट जमीन होइन; न फोस्फेट नै जमीन हो। र रुवामा भएको लम्बिने रेसा जमीन होइन। कार्बोन मानिस होइन; नून, पानी या कैल्सियम पनि मानिस होइनन्। मानिस यी सबै हुन्; अझ बढी हुन्। जति विश्लेषण जमीनबारे हामीहरू गर्छौं त्योभन्दा बढी छ जमीन। जुन मानिस आफ्नो रसायन

शास्त्रभन्दा बढी हुन्छ, जसको जिन्दगी माटोमा बितेको हुन्छ, जसले हलो जोतीकन ढुंगा पल्टाउँछ, जसको औजारले खनेर भूमिको तल्लो तहलाई माथि ल्याउँछ, जसले आफ्नो गुजाराको निम्ति भूमिसित लाप्पा खेल्छ, जो आफ्नो पञ्चतत्त्वभन्दा बढी हुन्छ त्यो मानिसले भूमिलाई चिनेको हुन्छ, जुन भूमि त्यसबारे गरिराखेको विश्लेषणभन्दा बढी हुन्छ । मृत ट्र्याक्टर-चालकलाई केही थाहा नहुने मात्र होइन अपितु माया पनि हुँदैन । त्यसले जे बुझ्छ त्यो रसायनशास्त्र मात्र हुन्छ । त्यसलाई जमीनसँग मात्र होइन आफूदेखि पनि घिन लागेको हुन्छ । कर्कटपाताको ढोका बन्द भएपछि त्यो घर जान्छ र उसको घर जमीनको फाँटमा होइन ।

खाली घरका ढोकाहरू खुला नै थिए र हावाले तिनलाई अगाडि-पछाडि लगेको थियो । साना-साना केटाकेटीहरूका हुलका हुल शहरहरूबाट आएर झ्यालहरू फोर्थे तथा भग्नावशेषबाट केही काम लाग्ने चीजहरू खोजेर लान्थे । कहीं आधा धार गइसकेको चक्कु पाइन्छ त्यो पनि उनीहरूको निम्ती उपयोगी हुन्छ र कहीं मूसा मरेर गन्हाएको भेट्टाइन्छ र कहीं स्कूलको चर्पीमा ह्विटलेले भित्तामा केही लेखेर शिक्षकले पुछ्न लगाएको कुरा भेटिन्छ ।

मानिसहरूले छोडेर गएको पहिलो साँझमा खेतहरूबाट शिकारी-बिरालोहरू आएर पिंढीमा म्याउ-म्याउ कराउन थाले । घरबाट कोही बाहिर नआउँदा बिरालोहरू खुल्ला ढोकाहरूबाट बिस्तारै भित्र पसेर खाली कोठाहरूमा म्याउ-म्याउ कराउँदै चहार्न थाले । अनिपछि उनीहरू खेतैमा फर्केर गई राति न्याउरीमूसा र खेतका मूसाहरू शिकार गर्दै र दिनभरि खाल्टोहरूमा सुतेर जंगली-बिरालोमा परिणत भए । रात परेपछि मानिसहरू छँदा प्रकाशको डरले ढोकासम्म आएर थाम्ने चमेराहरू घरभित्र पसेर खाली कोठाहरूमा उड्न थाले र दिउँसो अँध्यारो कोठाहरूका कुनामा पखेटाहरू नर्फिजाईकन दलीनहरूमा टाउको मुन्तिर पारेर झुण्डिरहन्थे । खाली कोठाहरूमा उनीहरूको विष्ठा डुंग्डुंग्ति गन्हाउँथ्यो ।

मूसाहरू घरभित्र पसेर कुना-काप्चामा, बाकसहरूमा, भान्साका दराजहरूका पछाडि घाँस-पातका बीउहरू जम्मा गर्न थाले । र मूसाहरू समात्न न्याउलाहरू घरभित्र आउँथे । खैरा लाटोकोसेराहरू बाहिर-भित्र उडेर चिच्च्याउँथे ।

अब केही झरी भयो । घाँसहरू पहिले उम्रन नपाइने ढोकाको सँघार सामुन्ने अब उम्रन थाले । पिंढीका फल्याकहरूमा पनि घाँस उम्रेर आए । घरहरू खाली

भएकाले चा-चाँडै भत्कन थाले। जहाँ-जहाँ कीला ठोकिएका थिए त्यहाँ-त्यहाँ खिया परेर चर्केर आएको थियो। भुइँमा बसेको धूलोको परत खालि मूसा, न्याउरा या बिरालोका पाइलाले मात्र बिलाउँदथ्यो।

एक राति हावा चलेर काठको छानाको एउटा फल्याक खुकुलो पारेर उडाएर जमीनमा लग्यो। अर्को हावाको झोकाले त्यस फल्याकको प्वालभित्र पसेर तीनवटा फल्याकहरू उडाएर लग्यो र त्यसपछि आएको हावाले एक दर्जन फल्याकहरू उडाएर लग्यो। मध्यान्हको घाम त्यस प्वालभित्रबाट पसेर भुइँमा पोल्ने गरी चम्क्यो। जंगली बिरालाहरू राति खेतबाट भित्र पस्दा अब ढोकाको खुड्किलामा म्याउ-म्याउ गर्न छोडे। उनीहरू मूसा समात्न कोठाभित्र पस्न जून पार गरेर जाँदा बादलको छायाँ जस्तै भएर जान्थे। र हावा चल्ने रातमा ढोकाहरू बज्रन्थे तथा झुत्रे पर्दाहरू भाँचिएका झ्यालहरूमा फर्फराउँथे।

बाह्रौं अध्याय

मूल-सडक ६६ स्थानान्तरगमन सडकमा मुख्य छ । ६६– प्रदेशलाई पार गर्दै गइरहेको लामो कंक्रीटको बाटो हो । यो मिसिसिपीदेखि बेकर्सफिल्डसम्म नक्शाको तल-माथि बिस्तारै राता र खैरा भूमिहरूबाट घुम्दै गएर पहाडहरूबाट बाटिदै डिवाइड भन्ने ठाउँ र त्यसको तलतिरको उज्ज्वल र भयानक मरुभूमि नाघेर फेरि पहाडको बाटो लागेपछि बल्ल क्यालिफोर्नियाका उपजाउ उपत्यकाहरूमा आइपुगिन्छ । ६६ भागेर जाने मानिसहरूको मार्ग मात्र होइन अपितु धूलो र भूमिको खुमचाइबाट शरणार्थी बन्नेहरूको, ट्र्याक्टरको गर्जन तथा भूमिको स्वामित्वदेखि वंचित गराइएकाहरूको, मरुभूमिको उत्तरतिरको धावाबाट, टेक्सासबाट जोडसँग बगेर आएको तूफानी हावाबाट, जमीनमा भएको उर्बरा शक्तिलाई नष्ट पार्ने बाढीहरूबाट बच्न खोज्ने शरणार्थीहरूको बाटो पनि हो । उपर्युक्त कुराहरूबाट पीडित भएका जति छन् तिनीहरू सबै बगलका शाखा-सडकहरूबाट, गाडीको बाटोबाट तथा प्रदेशका पुराना सडकहरूबाट भागेर ६६ को मूल-सडकमा आउँछन् । अतएव ६६ त्यो सडक हो जसलाई मातृ-सडक भनिन्छ तथा जो सबैले भागेर आउँदा निस्कने सडक हो ।

क्लार्कसविल्ले अनि ओजार्क र त्यसपछि वैन ब्युरेन अनि ६२ नं. मा फोर्ट स्मीथ आएपछि आर्कान्सासको अन्त्य हुन्छ । ओक्लाहामा शहर जाने सबै सडकहरू, जस्तो तुल्साबाट तलतिर झर्ने ६६ को सडक, मैकआलेस्टरबाट माथि उक्लने २७०को सडक, विचिटा फल्स दक्षिणबाट ८१ को सडक, एनीड उत्तर, एडमान्ड, मैक्लाउड, परसेलबाट जाने सडक, ओक्लाहामा शहरबाट ६६ को सडक, एल रेनो तथा क्लिटानका सडकहरू जो ६६ को सडक पश्चिमतिर गइरहेका छन्, हाइडो, एल्क सिटी तथा टेक्सोलाका सड़कहरू नाघेपछि ओक्लाहामाको सडक पार ।यभो

टेक्सासको पैनहैण्डल पार गरेर ६६ को सडक, शामराक तथा मैक्लीनका सडकहरू, कानवे तथा एमरिल्लोका पहेंला सडकहरू, विल्डोराडो, वेगा तथा बोआएसका सडकहरू नाघेपछि टेक्सासको अन्त्य हुन्छ । टकमकेरी तथा सान्ता रोसाका सडक नाघेर न्यू मेक्सिकन पहाडहरूबाट गई आलबुकर्क पुगेपछि, जहाँ सान्ता फेबाट सडक तल झर्छ, त्यहाँबाट पहाडको बीचको साँगुरो बाटो हुँदै रिओ ग्रान्डे तल झरेर लास लुनास पुगेपछि फेरि पश्चिमतिर हानिएर ६६ को सडकबाट गैलपको सडक निस्केपछि न्यू मेक्सिकोको सिमाना आइपुग्छ ।

अब अग्ला पहाडहरू आउँछन् । एरीजोनाका उच्च पहाडहरूका टाकुराहरू हुन्—होलब्रूक, विन्स्लो तथा फ्लैगस्टाफ । त्यसपछि आउँछ ठूलो चौरस भूमि गुडेर जमीन फुलेर आएको जस्तो गरी । फेरि आशफोर्क, किंगमैन तथा पथरीला पहाडहरूको आगमन हुन्छ जहाँ पानी तानेर बेचेको हुनु पर्छ ।त्यसपछि टुटे-फुटेका एरीजोनाका घाम नलाग्ने पहाडहरूबाट किनाराहरूमा हरियो नरकट भएको कालोराडो नदीमा पुगेपछि एरीजोनाको अन्त्य हुन्छ । ठीक त्यस नदीको पारिपट्टि क्यालिफोर्निया अवस्थित छ जो हेर्न लायकको राम्रो शहर छ । नीड्ल्स् भन्ने ठाउँ नदीमा छ तर नदीले यस ठाउँमा अतिक्रम गरेको छ । नीड्ल्स्देखि माथि बल्दो पर्वत-श्रेणीमा मरुभूमि छ । त्यस भयंकर मरुभूमिमाथिबाट ६६ को सडक गएको छ जहाँबाट हेर्दा परको भूमि जगमगाउँछ र कालो केन्द्र-पहाडहरू सहन नसक्ने गरीकन पर झुण्डिरहेछन् । अन्तमा बारस्टो र बढी मरुभूमि आउँछन् र फेरि राम्रा पहाडहरू देखा पर्छन् जहाँ ६६ को सडकबाट आएको हावा बहन्छ । अनि अकस्मात् दर्रा आउँछ जसको तलतिर राम्रो उपत्यका छ, त्यसको पनि तल फलफूलका बगैंचाहरू, अंगूरका लहराहरू तथा साना-साना घरहरू छन् र पर एउटा शहर छ । अहो, भगवान्, अब सफरको अन्त भयो ।

भागेर आएका मानिसहरू ६६ को मूल-सडकमा कहिलेकाहीं एउटै गाडीमा कहिलेकाहीं कारवाँको रूपमा ओइरिरहन्थे । दिनभरि उनीहरू त्यस सडकमा बिस्तारै गुडेर आउँथे र राति उनीहरू पानीको नजीक थामिइन्थे । दिउँसो पुराना चुहिने रेडिएटरहरूबाट बाफहरू निस्कन्थे र खुकुलोसँग जोडिराखेका फलामका डंडीहरूले ठोकिरहन्थे । अनि ट्रक तथा मानिसले खचाखच भरिएका मोटरगाडी हाँक्ने मानिसहरू डराई-डराईकन यी आवाज सुनिरहन्थे । शहरहरू पुग्न कति जानु छ ? त्यहाँ पुग्नलाई डर छ । गाडीको कुनै पुर्जा बिग्रो भने हामीहरू यहाँ बस्नु पर्नेछ र जिमले शहरमा गई त्यो बिग्रेको पुर्जा

लिएर आउनु पर्नेछ । त्यतिन्जेल पर्खंदा हामी सबैलाई खाना पुग्ने हो कि होइन ।

मोटरले काम गरिराखेको छ कि छैन ध्यानले सुन । पांग्राहरूको चाल कस्तो छ, त्यो पनि राम्रो विचार गर । स्टियरिंगमा हात राखेर कान लगाऊ । गियर बदल्ने लीवरमा हत्केला राखेर सुन । बोर्डमा खुट्टा राखेर ध्यानपूर्वक सुन । सबै इन्द्रिय लगाएर पुरानो थोत्रो गाडीका पुर्जाहरूबाट आएको आवाज राम्रोसँग सुन । किनभने गाडीको आवाज एकनासले आइरहेको या लयमा कुनै किसिमको हेरफेर हुनुको मतलब यस ठाउँमा एक हप्तासम्म मुकाम गर्नुपर्ने हुन्छ । त्यो खडखडाहटको आवाज यंत्रको चलिरहेको डंडाको सानो जोर्नीबाट आएको हो । अलिकति पनि त्यस जोर्नीमा चोट नदेऊ । जीजस आएर ठीक नगरेसम्म त्यस जोर्नीबाट खडखडाहटको आवाज आइरहन सक्छ । तर गाडी चल्दा आउने त्यो ठक-ठक आवाज अलि राम्रोसँग सुन त । त्यो आवाज मोबिल-तेल नपुगेको ठाउँबाट आएको हुन सक्छ । एउटा बियरींग चल्न लागेकोले पनि त्यो आवाज आएको हुन सक्छ । जीजस, यो बियरींग चल्दा आएको आवाज भए हामीले के गर्ने ? पैसा पानी सरह खर्च भइरहेछ ।

र आजै राँडा छोरा गर्मी किन यति बढेको ? हामी माथि उक्लिरहेका छैनौं । हेरौं । हे ईश्वर, पंखाको पेटी पनि चुँडिइसकेछ । डोरीको सानो टुक्राबाट पेटी बनाऔं ॥ हेरौं कतिबेर काम दिन्छ । म यसका छेउहरू जोडुँला । अब शहर नपुगेसम्म गाडी बिस्तारै हाँक । त्यो डोरीको पेटी धेरै बेर अड्दैन । यो पुरानो जीप किन्नु-भन्दा अगाडि नै हामीहरू सुन्तलै सुन्तला उम्रने क्यालिफोर्निया पुग्नसक्यौं भने । हामी त्यहाँ पुग्न मात्र पाएको भए ।

टायरहरूमा दुइ तह कपडा खिइसकेका छन्; तिनमा चार तह दोब्र्याएको तार मात्र बाँकी छ । कुनै ढुंगा-सुंगामा ठक्कर खाएन भने हामीहरू त्यस टायरबाट एक सय माइलभन्दा बढी जान सक्छौं । कुन चाहिं हामी मनपराउने छौं—एक सय माइल जाने या ट्यूबलाई नोक्सान गर्ने ? एक सय माइल । अँ, त्यही त हामी विचार गर्छौं । हामीसित ट्यूब टाल्ने सुलेसन छ । गाडी चल्दा हावा मात्र चुहिने हुनसक्छ । गाडीको पछिल्तिर मालसामान राख्ने ठाउँ बनाउने कि ? गाडी पाँच सय माइल जान सक्छ । गाडी नबिग्रेसम्म जाँदै गरौं ।

हामीले एउटा टायर किन्नुछ तर जीजसको शपथ उनीहरू पुरानो टायरको पनि धेरै मोल लिन चाहन्छन् । उनीहरू टायर किन्ने मान्छेको खोजी गर्दैछन् । किन्ने

मानिसलाई अगाडि जानुछ भन्ने उनीहरूलाई थाहा छ। र अगाडि जाने मानिस पर्खन सक्तैन भन्ने कुरा पनिउ नीहरूलाई थाहा छ। त्यसैले मनपरी मोल भएको छ।

लिने भए ल्यौ, होइन भने टायर राख। आफ्नो स्वास्थ्यलाई ध्यानमा राखेर मैले व्यापार गरिरहेको होइन। म त खालि टायर बेच्न लागिरहेको। म त्यतिमा बेच्तिनँ टायरहरू। तिमीहरूबारे म विचार गर्न सक्तिनँ। म जे पनि विचार गर्छु त्यो मेरो आफ्नै निम्ति मात्र हुन्छ।

अर्को शहर पुग्न कति जानु पर्छ ?

तिमीहरू अहिले गएजस्तै हिजो मैले बयालिसवटा गाडी गएको देखेको छु। तिमीहरू कहाँबाट आएका र कहाँ जाँदैछौ ?

अँ, क्यालिफोर्निया एउटा ठूलो राज्य हो।

यो त्यतिको ठूलो छैन। समस्त संयुक्त राज्य अमेरीका त त्यति ठूलो छैन। यो धेरै विशाल छैन। तिम्रो र मेरो निम्ति, तिम्रा र मेरा मानिसहरूको निम्ति, एकै मुलुकका धनी र गरीब मानिसहरूको निम्ति, चोर र ईमानदार मानिसहरूको निम्ति, भोका र मोटा मानिसहरूको निम्ति त्यहाँ पर्याप्त स्थान छैन। तिमीहरू जहाँबाट आयौ त्यहीं किन फर्केर जाँदैनौ ?

यो स्वतन्त्र मुलुक हो, त्यसैले मानिसहरू आफूलाई मन लागेको ठाउँमा जान सक्छन्।

यो तिम्रो आफ्नो विचार हो। क्यालिफोर्नियाको सिमानामा पुलिस चौकीहरू छन् भन्ने कुरा कहिले सुनेका छौ ? लस एन्जेलसबाट आएका पुलिसहरूले तिमीहरू जस्ता जार-पुत्रहरूलाई, आफ्नै निजी जमीन किन्न नसक्नेलाई, यहाँ बस्ने अनुमति दिंदैनौं भनी फर्काई पठाउँछन्। गाडी चलाउने लाइसेन्स छ खै हेरौं भनेर सोध्छन्। लाइसेन्स देखाएपछि च्यातेर फालिदिन्छन्, अनि भन्छन् कि गाडी चलाउने मानिससित लाइसेन्स नभएकोले तिमीहरू भित्र आउन पाउँदैनौ।

यो स्वतन्त्र मुलुक हो।

अँ, जस्तो मन लाग्छ त्यस्तै गर्ने कोशिश गर न त। त्यसले भन्यो कि कसैसित

माल किन्दा त्यसको मोल तिर्न तिमीहरूलाई जति स्वतन्त्रता छ त्यहाँ जानलाई पनि त्यतिकै स्वतन्त्रता छ ।

क्यालिफोर्नियामा श्रमजीवीहरूले धेरै ज्याला पाउँछन् भन्ने कुरा मसित भएको यो हैण्ड-बिलबाटै थाहा हुन्छ ।

ढँटाइ ! मैले मानिसहरू फर्केको देखेको छु । तिमीलाई कसैले धोका दिएर हँसी उडाउन लागेको छ । तिमीलाई यो टायर किन्न मन छ कि छैन ?

त्यो किन्नु त पर्ने हो; तर मिस्टर, जीजस मारी हत्ते, त्यो किनेपछि हामीलाई खर्च अपुग हुन्छ । हामीसँग धेरै खर्च छैन ।

अँ, आफूसित पनि दान दिनलाई कुनै चीज छैन । लिने भए यो लेऊ ।

लिनु त पर्ने हो । हेरौं कस्तो रहेछ । खोलेर देखा । टायर हेर, तँ राँडा छोरा ! टायर राम्रो छ भनेको थिइस् । त्यो त बिग्रेको छ ।

धत्तेरी ! जर्ज मारी हत्ते ! मैले कसरी नदेखेको होला ?

तँ-राँडा छोराले देखेको छस् । तैंले फुटेको टायरलाई चार डलर लिन खोजेको । तँलाई कसेर एक दनक दिउँ कि कसो ?

अब कमीज लाऊ । मैले देखिनँ भनिनँ तिमीलाई । अब म तिमीसँग कति लिन्छु हेर । म यो तिमीलाई तीन डलर पचास सेन्टमा दिन्छु ।

तैंले तपस्या गर्नु पर्छ अब । अर्को शहरमा किनौंला अब ।

हामीले त्यो टायर बनाउन सक्छौं भनेर विचार गरेका ?

विचार गर्नु छ । त्यस राँडा-छोरालाई त्यो टायरको दस सेन्ट मात्र दिनु पर्‍यो भने म टायर नभएका पांग्रा चलाएर जाउँला ।

कसैले व्यापार गर्छ भनेको तिमीलाई कस्तो लाग्यो ? जस्तो त्यसले भन्यो स्वास्थ्यको निम्ति ऊ व्यापार गर्दैन । त्यही त हो नि व्यापार भनेको । व्यापार के

हो भनेर तिमीले के विचार गऱ्यौ ? त्यो मानिसले व्यापार गरेको छ–त्यहाँ सडकको वगलमा परिचय-पाटी देख्छौ ? सेवा-सदन, मंगलबारको जिउनार, कोलमाडो होटेल? स्वागतम्, भाइ । त्यो सेवा-सदन हो । त्यो मानिसले एउटा कथा लिएर गयो । त्यस सेवा-सदनको एउटा मीटिंगमा गएर त्यहाँ उपस्थित सबै व्यापारीहरूलाई त्यो कथा सुनायो । त्यसले भन्यो, म सानै छँदा मेरा बाले मलाई एउटा डोरीले बाँधेको बाछा दिएर भन्नुभयो–यसलाई लगेर यसबाट सेवा गराऊ । उहाँले भने जस्तै मैले गरें र त्यस बेलादेखि जहिले पनि रक्सीको नशामा डुबेको कुनै एउटा व्यापारीले सेवाबारे कुरा गरेको सुनेपछि मलाई आश्चर्य लाग्छ । त्यो व्यापार गर्ने मानिसले झूटो बोलेर ठग्नु पर्ने; तर त्यसले त्यसलाई कुनै अरू थोक नै भनेर नामकरण गर्छ । त्यही त महत्त्वपूर्ण कुरा छ । तिमी गएर त्यो टायर चोर्न जाऊ तिमी चोर भइ-हाल्छौ । तर त्यसले त्यो फुटेको टायरको लागि तिमीसित चार डलर चोर्न खोज्यो; र त्यसो गर्नुनै स्वस्थ व्यापार हो भनी उनीहरू भन्छन् ।

पछाडिको सीटमा बस्ने डान्नीलाई एक कप पानी चाहियो ।

पख भन । यहाँ कतै पानी छैन ।

सुन–पछाडि सबभन्दा छेउको ?

भन्न सक्तिनँ ।

टेलिग्राफबाट खबर गर ।

तर भगवान्, खानेकुरो सिद्धिदै गइरहेछ, खर्च पनि कम हुँदै गइरहेछ । हामी-हरूले पेट्रोल नै किन्न सकेनौं भने–के होला ?

पछाडि सीटमा बस्ने डान्नीलाई एक कप पानी चाहियो । सानो केटोलाई तिर्खा लागेको छ । त्यो ग्यास्केटबाट आएको सिट्टी सुन ।

गाडी चल्यो र ट्यूब र टायर दुवै फुटे । गाडीलाई थन्काउनुछ । फुटेको टायर जुत्ता बनाउनलाई हुन्छ ।

गाडीहरू सडकको वगलमा राखिइए । इन्जीन झिकियो, टायरहरू मरम्मत

गरिए । ६६ को मूल-सडकमा गाडीहरू स्वाँ-स्वाँ गर्दै, संघर्ष गर्दै घाइते जनावरहरू जस्तै लंगडाउँदै आए । गाडीहरूको हालत ज्यादै गरम थियो । पुर्जा र बियरींगहरू खुकुला थिए । गाडीका आङहरूबाट खडखड आवाज आउँथ्यो ।

डान्नीलाई एक कप पानी चाहियो ।

मानिसहरू भागेर ६६ को मूल-सडकबाट आइरहेका थिए । र कंक्रीटको सडक घाममा ऐना जस्तै टल्क्यो । र परबाट हेर्दा गर्मीको रापले गर्दा सडकमा पानी खल-खल खलखल बगेको जस्तो भान हुन्थ्यो ।

डान्नीलाई एक कप पानीको दरकार पऱ्यो ।

त्यसले पर्खनु पर्छ, बिचरो केटो । त्यसलाई गर्मी भयो । अर्को सर्भिस-स्टेशनमा पानी पाइन्छ ।

त्यस सडकमा दुइ लाख पचास हजार मानिसहरू थिए । पचास हजार थोत्रा गाडीहरू बिग्रीकन बाफ चुहिएर त्यसै सडकको बगलमा त्यसै छोडिएर पडिराखेका थिए । ती गाडीहरू र तिनमा बस्ने मानिसहरूको के हाल भयो ? उनीहरू हिंडेर गए ? उनीहरू कहाँ थिए ? हौसला कहाँबाट आयो ? त्यत्रो विश्वास कहाँबाट आयो ?

एउटा कथा छ जो विश्वास गर्न गाह्रो छ, तर कथा तथ्य मात्र होइन रमाइलो र मजाको पनि छ । बाह्र जनाको एउटा परिवारलाई जबर्जस्ती आफ्नो प्रदेश छोड्न लगाइयो । उनीहरूसित गाडी नभएकोले बिग्रेका पुर्जाहरूबाट तानेर लाने बग्गी बनाई त्यसमा आफ्ना मालसामानहरू लादियो । उनीहरूले त्यस बग्गीलाई ६६ को मूल-सडकमा तानेर लगे, अनि पर्खिरहे । छिटै एउटा डोली आएर उनीहरूलाई टिपेर लग्यो । उनीहरू पाँच जना डोलीमा बसे र सात जना र एउटा कुकुर तान्ने बग्गीमा बसे । दुइचोटि बल गर्दा उनीहरू क्यालिफोर्निया पुगे । उनीहरूलाई तानेर लाने मानिसले उनीहरूलाई ख्वाइराख्यो । र यो तथ्य हो । तर आफ्नै जातिमा कसरी यस्तो हौसला र विश्वास आएको होला ? विरलै कुराले यस्ता विश्वासको शिक्षा दिन्छन् ।

डरले भागेका मानिसहरूले अनौठा हण्डर पाएका हुन्छन्, कुनै-कुनै घटना औंधी निर्मम हुन्छ र कुनै कस्तो सुन्दर हुन्छ भने त्यसले सधैंको निम्ति हौसला बढाएको हुन्छ ।

तेन्हौं अध्याय

मूल-सडकमा जाँदा-जाँदै साल्लिसमा पुग्दा त्यो पुरानो खाँदिएको हड्सन गाडीबाट क्रिक-क्रिक र घाईं-घाईं आवाज आयो, अनि त्यो गाडी पश्चिमतिर लाग्यो । आँखा तिरमिराउने गरी घाम लागेको थियो । तर कंक्रीटको सडक पाएर आलले गाडीको बेग बढायो । त्यसको अर्को कारण पनि थियो । अब चेप्टिएका कमानीहरूमा कुनै किसिमको खतडा थिएन । साल्लिसदेखि गोरेसम्मको बाटो एक्काइस माइल छ र हड्सन गाडी एक घण्टामा पैंतीस माइलको गतिमा जाँदै थियो । गोरेदेखि वार्नरसम्म तेन्ह माइलको बाटो छ । वार्नरदेखि चेकोटासम्म चौध माइल छ । चेकोटाबाट हेनरीट्टासम्म चौंतीस माइल लामो बाटो छ । हेनरीट्टाबाट कैसल उन्नाइस माइलको बाटो छ । घाम टाउकोमाथि भएको र राता खेतहरू घामको रापले तातेकाले वायुमण्डल खलबलियो ।

उद्देश्यपूर्ण आकृतिले, आफ्नो सम्पूर्ण तन-मनले गाडीको आवाज सुनेर, आफ्ना बेचैन आँखाहरू सडकतिरबाट औजारहरूतिर लगाएर आल स्टियरिंग ह्विलको सामुन्ने बसेको थियो । आफ्नो हरेक स्नायुले गाडीका कमजोरीहरू ठाक-ठाक, सुइँ-सुइँ, गुनगुनाहट तथा चीँ-चीँ आवाजले गाडी बिग्रन सक्छ भन्ने कुराको परीक्षा गर्दै आल आफ्नो इन्जीनमा विलीन भयो । गाडीको आत्मा र आफू एकै भयो ।

आलको बगलमा सीटमा बसेर बज्यैले अर्धनिद्रावस्थामा रोईकन अघिल्तिर हेर्नलाई आफ्नो आँखा खोलिन् र फेरि उँग्न थालिन् । एउटा कुहिना झ्यालबाहिर राखेर पोल्न घामले छाला रातो पारेर आमा बज्यैको बगलैमा बसेर गइन् । आमा पनि अघिल्तिर नै हेरेर गइन् तर उनको आँखा मन्द थियो । अतएव तिनले सडक

र खेतहरू मात्र नदेखेकी होइन अपितु पेट्रोल-पंपहरू र साना-साना भोजनालयहरू पनि देखिनन् । हड्सन गाडी अगाडि बढेर जाँदा तिनले यी कुनै चीजमाथि दृष्टिपात गरिनन् ।

आफ्नो पहिलेको आसन छोडी आलले टुटेको सीटमाथि वसी स्टियरिंग ह्विल समातिराखेको ठाउँ समेत फेऱ्यो । त्यसले सुस्केरा हालेर भन्यो : 'खरखर आवाज आउँछ । तर ठान्छु गाडी ठीकै छ । भगवान् जानुन्, यत्रो बोझ लिईकन पहाड चढ्नु पऱ्यो भने यो गाडीले के गर्ने होला । आमा, यहाँबाट क्यालिफोर्नियासम्म जाँदा कुनै पहाडहरू आउँछन् ?'

आमाले बिस्तारै आफ्नो मुन्टो फर्काइन् । उनका आँखा सजीव भएर आए । तिनले भनिन्, 'पहाडहरू भएजस्तो लाग्छ । राम्रोसँग त थाहा छैन । मैले सुने जस्तो लाग्छ त्यहाँ पहाडहरू छन्, अझ ठूलठूला पहाडहरू ।'

वज्यैले निद्रामा रोएर लामो सुस्केरा हालिन् ।

आलले भन्यो: 'उकालो चढ्नु पऱ्यो भने हामीहरूलाई गरमले पोल्नेछ । हामीले कुनै सामान झिक्नु पर्ला । हामीले पादरीलाई नल्याउनु पर्ने ।'

आमाले भनिन्, 'हामीहरू ठाउँमा पुग्नुभन्दा अगाडि त्यो पादरी भएकोमा तिमीले खुशी मान्नु पर्नेछ । त्यो पादरीले हामीहरूलाई सघाउनेछ ।' तिनले फेरि अघिल्तिर टन्टलापुर घाम लागेको सडकमा हेरिन् ।

आलले एक हातले स्टियरिंग चलाएर अर्को हात थर्थराइरहेको गीयर बदल्ने लीवरमा राख्यो । बोल्दा त्यसलाई मुश्किल पर्थ्यो । मुखबाट फुटेर आउनु अगाडि उसको मुखैमा शब्दहरू बन्थे । त्यसले 'आमा' भनेर जोरसँग भन्यो । गाडीको चालसित आफ्नो टाउको अलि मोडेर आमाले उसैतिर बिस्तारै हेरिन् । 'आमा, तपाईंलाई जाँदा डर लाग्यो ? तपाईंलाई नयाँ ठाउँमा जाँदा डर लाग्यो ?'

उनको आँखामा विचार उम्लेर आयो अनि कोमलता देखा पऱ्यो । तिनले भनिन्, 'अलि अलि । त्यतिको डराएकी त होइन । म यहाँ बसेर पखिरहेछु । मेरो लायकको केही काम आयो भने म गरुँला ।'

'हामीहरू त्यहाँ पुग्दा के हुने होला भनेर विचार गरिरहेको त होइन ? हामीहरूले ठाने जस्तै त्यहाँ राम्रो हुने छैन कि भन्ने तपाईंलाई डर छैन ?'

तिनले लगत्तै भनिन्, 'अँहँ, मलाई डर लाग्दैन । तिमीले डर मान्नु हुँदैन न मैले नै मान्नु हुन्छ । यतिको ज्यान पाल्नुछ; डर मानेर साध्य छैन । अगाडि गएर हामीले हजारौं ज्यान पाल्नुपर्ने हुनसक्छ । तर त्यस्तै गर्नु पर्‍यो भने एउटैले मात्र गर्न सक्नेछ । उनीहरू बाँचिरहुन्जेल म बाँची रहे, त्यो असाध्य हुनेछ । तिमीले धेरै दिन बाँच्नुछ किनभने तिमी अहिले जवान नै छौ । तर मेरो निम्ति यो सडक पार गर्नु छ । र कति चाँडै तिमीहरूले अरू सुँगुरका हाडहरू खानुपर्ने हुन्छ ।' उनको आकृतिमा सारोपन आयो । 'मैले गर्न सक्ने काम त्यति त हो नि । अरू म गर्न सक्तिनँ । त्यतिभन्दा बढी काम मैले गरें भने चौपट भइहाल्छ । त्यसैको विचार गरेर तिमीहरू सबै मेरै भरोसामा छौ ।'

बज्यैले तिखो स्वरले हाई गरेर आँखा उघारिन् । तिनले असंगत तरीकाले यताउति हेरेर भनिन्, 'धन्य ईश्वर, मलाई बाहिर जानु पर्‍यो ।'

आलले भन्यो, 'यस्तो घना झार-पातमा हुँदैन । अलि अघिल्तिर पुगेपछि बाहिर जानू ।'

'झार-पात होस् या नहोस्, म भन्छु मलाई बाहिर जान मन लाग्यो, मलाई बाहिर जान मन लाग्यो ।'

आलले छिटो-छिटो गाडी हाँक्यो । सानो-सानो झार-पात भएको ठाउँमा आइपुगेपछि त्यसले गाडी रोक्यो । आमाले ढोका उघारेर बाहिर जान हतार भएको ती बूढीलाई सडकको बगलबाट तानी लगेर झार-पात भएको ठाउँमा पुऱ्याइदिइन् । बज्यै टुक्कुक्क बस्दा नलड्ने गरीकन आमाले उनलाई सहारा दिइन् ।

ट्रकमाथि अरूहरू चल्न थाले । छल्न नसकिने घामले पोलेको हुनाले उनीहरूको अनुहार राँकिएर आयो । टाम, केसी, नोआ र काका जान थकित भएर तल ओर्लें । रूठी र विनफिल्ड गाडीको बगलको फल्याकाबट ओर्लेर झाडीतिर दगुरे । कान्नीले रोज अब शारनलाई बिस्तारै तल ओराल्न सघाइन् । बाज्ये बिउँझेर आफ्नो

टाइको टाटमुनिबाट बाहिरतिर निकाले । तर उनको आँखामा नशा र पानी थियो र उनी अझ बेहोश नै थिए । उनले अरूहरूलाई हेरे तर बसैलाई चिन्न सकेनन् ।

टामले उनलाई बोलायो : 'बाज्ये, तल आउन चाहेको ?'

बूढाले लापरवाहीसाथ उसैतिर नजर फेरेर भने, 'अँहँ ।' एक छिन उनको आँखाबाट क्रूरता झल्कियो । 'म जान चाहन्न । म्युले बसेजस्तै यहीं बस्छु भनेर मैले तिमीलाई भनिहालें नि ।' त्यस पछि उनलाई फेरि कुनै किसिमको दिलचस्पी भएन । बज्यैलाई मूल-सडकको किनारातिर आउन सघाउँदै आमा फर्केर आइन् ।

तिनले भनिन्, 'टाम, टाटको पछिल्तिर हाडहरू राखेको कराही लैजा । अब अलि-अलि खानु छ ।' टामले कराही लिएर अगाडितिर साऱ्यो र सडकको बगलमा उभिएर सबैले झुरुम-झुरुम हुने सुँगुरको हाडका टुक्राहरू चपाउन थाले ।

बाले भने, 'साथमा यो खाना ल्याएको भाग्य भयो । यस्तो साऱो छ कि टोक्दा नटोकिइने भइसक्यो । खै, पानी कहाँ छ ?'

आमाले सोधिन्, 'तिमीकहाँ छैन पानी ? मैले एक ग्यालन पानी अटाउने भाँडा राखेकी थिएँ ।'

बाले गाडीको दुबै बगलतिर चढेर टाटमुनि हेरीकन भने, 'पानीको भाँडा त यहाँ छैन, हामीले राख्न बिर्सीं होला ।'

मानिसहरूलाई लगत्तै तिर्खाले सतायो । वित्तफिल्डले रुँदै भन्यो, 'मलाई प्यास लाग्यो, मलाई प्यास लाग्यो ।' मानिसहरू अकस्मात् तिर्खाको चेतनाले आ-आफ्नो ओठ चाट्न थाले । र अलि-अलि खलबल मच्चियो ।

आलले सबैमा डर फैलिएको अनुभव गऱ्यो । त्यसले भन्यो, 'पहिलो मुकाम हुने स्टेशन आएपछि हामीहरूले पानी पाउने छौं । हामीलाई पेट्रोलको पनि केही आवश्यकता छ ।' परिवारका सदस्यहरू ट्रक वरिपरि जम्मा भए । आमा बज्यैलाई ट्रकभित्र पस्न सघाएपछि उनको बगलमा बसिन् । आलले गाडी चलाएपछि उनीहरू अगाडि बढे ।

कासलदेखि पाडेनसम्म पच्चीस माइल छ। सूर्य मध्यान्ह नाघेर तल झर्न थाल्यो। रेडिएटरको बिर्को छिटो-छिटो तल-माथि चलेको मात्र होइन अपितु त्यहाँबाट बाफ पनि निस्कन थाल्यो। पाडेनको नजीक सडकको बगलमा एउटा झोपडी थियो जसको सामुन्ने दुइटा प्याट्रोल-पम्पहरू थिए। पाडेनको नजीक एउटा बारेको ठाउँ थियो जसको बगलमा एउटा धारा र प्याट्रोलको नल थियो। आलले हड्सन गाडीलाई त्यो बारेको ठाउँभित्र लगेर गाडीको मुख नलको नजीक लग्यो। उनीहरू भित्र हाँकेर जाँदा रातो-पीरो मुख र पाखुरा भएको एउटा मानिस पेट्रोल-पंप पछाडिको एउटा कुर्शीबाट उठेर उनीहरूकहाँ आयो। त्यसले पट्टाहरू झुण्डिरहेको खैरो खस्रो सूती-सुरुवाल र पोलो खेल्दा लाउने कमीज लगाइराखेको थियो र टाउकोको घाम छेक्नलाई त्यसले सेतो पोतेको एउटा दफ्तीको पगडी लगाइराखेको थियो। उसको नाक र आँखामुनि पसिनाका दानाहरू थिए तथा घाँटीको चाउरिएका ठाउँहरूमा पसिनाका खोला जमेको थियो। आफ्नो आकृतिलाई क्रूर र कठोर पारेर त्यो ट्रकको नजीक गयो।

त्यसले सोध्यो, 'तिमीहरू केही किन्न आएका ? पेट्रोल कि अरू थोक ?'

आल अगाडि नै गाडिबाट निस्केर आफ्ना औंलाले बाफ निस्किरहेको रेडिएटरको बिर्को खोल्न लागेको थियो। बिर्को खोल्दा त्यसले आफ्नो हात छिटोसँग हटाएको थियो जसबाट बिर्को खुकुलो भएमा भित्रबाट आएको बाफको फोहराबाट बच्न सकोस्। 'केही पेट्रोल चाहिएको छ, मिस्टर।'

'पैसा छ ?'

'निश्चय छ। हामी माग्न आएका भन्ठान्यौ कि कसो ?'

त्यो मोटो मानिसको आकृतिबाट क्रूरता हटेर गयो। 'अँ, बेसै छ। हात मुख धोऊ।' त्यसले छिटो-छिटो व्याख्या गऱ्यो। 'सडकमा मानिसहरूको घुइँचो छ। भित्र आएर पानीले धोऊ। मानिसहरूले चर्पी फोहर पारेर जान्छन्। किन्ने-सिन्ने केही होइन, मालसामान चोरेर मात्र लान्छन्। किन्नलाई पैसा हुँदैन। गाडी चलाउनलाई एक ग्यालन पेट्रोल माग्न आउँछन्।'

ट्राम रिसाईकन गाडीबाट झरेर त्यो मोटो मानिसतिर गयो। त्यसले क्रुद्ध

भएर भन्यो, 'हामी तिर्छौं । हामीहरूको सफरलाई केही सहायता गरिदेऊ भनेर तिमीसँग दाँत झिच्च्याएका छैनौं न कुनै कुराको निम्ति केही याचना नै गरेका छौं ।'

मोटो मानिसले छिटो-छिटो भन्यो, 'अँहँ, भनेको छैन ।' उसको पोलो खोल्दा लाउने लामो बाहुला भएको कमीजले पसिना सोस्न थाल्यो । 'पानी प्रयोग गरेर त्यसबाट काम लेऊ । आवश्यक परेको छ भने पाइखानको प्रयोग गर ।'

विनफिल्डले पानीको फोहरा प्रयोग गऱ्यो । त्यसको छेउबाट पानी खाएपछि पानीको धार टाउको र मुखमा परी त्यहाँबाट पानी चुहिने गरी निस्क्यो । त्यसले भन्यो, 'पानी चिसो छैन ।'

मोटो मानिसले भन्दै गयो, 'म जान्दिनँ तिमीहरूको कस्तो मुलुकमा आउँदै छौ ।' उसको शिकायतले अब अर्कै दिशा लियो । त्यसले जोडहरूबारे कुरा गर्न छोड्यो । 'हर दिन मानिसले भरिएको छप्पन्न गाडीहरू जान्छन् । साथमा बालबच्चाहरू र गृहस्थीका सामानहरू लिएर उनीहरू पश्चिमतिर जाँदैछन् । उनीहरू कहाँ जाँदैछन् ? उनीहरूले के काम गर्ने होलान् ?'

टामले भन्यो, 'हामीले गरे जस्तै काम गर्ने होलान् । कतै जीविका गर्न र आत्मविकास गर्न जाँदै होलान् । बस त्यही त होला ।'

'अँ, म बुझ्दिनँ कस्तो मुलुकमा आउँदैछन् । मैले त बुझ्नै सकिनँ । म पनि त आफ्नो विकास गर्न चाहन्छु । ठूलठूला नयाँ गाडीहरू यहाँ रोक्छन् भन्ठानेको ? अँहँ उनीहरू सरासर शहरभित्रको पहेंलो पोतेको कंपनीका पेट्रोल-स्टेशनहरूमा जान्छन् । उनीहरू यस्ता ठाउँमा अड्दैनन् । यहाँ अडिने धेरै जसो गरीब हुन्छन् ।'

आलले रेडिएटरको बिर्को घुमाएपछि त्यो हावामा उफ्रेर गयो । त्यसको पछि-पछि बाफ निस्क्यो र त्यसबाट खोक्रो बुलबुला आवाज आयो । ट्रकको माथि तिर्खाएको कुकुर डराई-डराईकन मालसामानको छेउमा घस्रेर गई कुइँ कुइँ कराएर पानीतिर हेर्न थाल्यो । काका जानले गाडीमाथि चढेर कुकुरको घाँटी पछिल्तिर समातेर तल ओराल्यो । त्यो कुकुर एक छिन लडखडाएर धारामुनिको हिलो पानी ल्याप-ल्याप गरेर चाट्न थाल्यो । मूल सड़कमा घामको रापले चम्कँदै गाड़ीहरू

सुइँट्ट-सुइँट्ट गए र तिनको शीघ्र गतिले हावा चलायमान भएर पेट्रोल-स्टेशनको आँगनमा पंखा चलेको जस्तो गरी हावा चल्न थाल्यो । आलले फोहराको सहाराले रेडिएटर भऱ्यो ।

मोटेले भन्दै गयो, 'मैले धनी मानिससँग व्यापार गर्न खोजिरहेको होइन । म त खालि व्यापार गर्ने कोशिश गर्दैछु । किन, यहाँ रोकिने जतिले पेट्रोल माग्छन् र उनीहरूले किन्छन् । पेट्रोल र तेल लिएर उनीहरूले दिएर गएका ओछ्यानहरू, साना-साना बग्गीहरू, भाँडाहरू तथा कराहीहरू, जो मैले मेरो पछिल्तिरको कोठामा राखेको छु, म तिमीहरूलाई देखाउन सक्छु । एक परिवारले आफ्नो बच्चाको एउटा पुतली दिएर एक ग्यालन पेट्रोल लिएर गयो । यी मालसामान अब म के गर्ने, रद्दी चीजहरूको पसल खोल्ने ? एउटा मानिसले आफ्नो जुत्ता दिएर एक ग्यालन पेट्रोल लिन चाह्यो । म त्यस्तो किसिमको मानिस भएको भए भैले त्यो जुत्ता लिन सक्थें ।' त्यसले आमालाई हेरेर थामियो ।

जिम केसीले आफ्नो टाउको भिजायो र पानीका थोपाहरू अझसम्म उसको उच्च निधारमा बग्दै थिए । उसको मांसपेशी भएको घाँटी र कमीज भिजेकै थिए । ऊ टामको नजीक गएर भन्यो, 'यो जनताको दोष होइन । एक टंकी पेट्रोल लिएर आफू सुत्ने ओछ्यान दिन कसरी मन लाग्यो होला ?'

'उनीहरूको दोष होइन भन्ने कुरा मलाई थाहा छ । मैले जति मानिसहरूसँग कुरा गरें ती सबै खूब राम्रो काममा जाँदैछौं भनी भन्थे । तर कुन प्रदेशमा जान लागेको ? त्यो म जान्न चाहन्छु । कहाँ जान लागेको ? जहाँ जान लागेको हो त्यहाँ उनीहरूले जीवनयापन गर्न सक्तैनन् । मानिसहरूले त्यहाँ खेती गरेर जीविका चलाउन सक्तैनन् । म तिमीहरूसँग सोध्छु, के कामको लागि आएको ? त्यहाँ केही होला भनेर म विचार गर्न सक्तिनँ । मैले जति मानिससँग सोधें उनीहरूले पनि भन्न सकेनन् । एक सय माइल पार गर्न सकोस् भनेर कसैले आफ्नो जुत्ता दिन चाह्यो । मैले त्यो कुरा विचार गर्न सकिनँ ।' त्यसले आफ्नो सेतो पोतेको टोप झिकेर आफ्नो हत्केलाले निधारको पसिना पुछ्यो । र टामले पनि आफ्नो टोपी फुकालेर त्यसैले निधारको पसिना पुछ्यो । उसले पानीको नलमा गएर टोपी भिजायो अनि त्यसलाई निचोरेर फेरि लगायो । आमाले गाडीको बगलमा भएका बारहरूका बीचबाट एउटा टीनको भाँडा लिएर बज्यै र सामानमाथि बसेका बाज्येको निम्ति पानी लगिन् । तिनीले बारहरूमा उभिएर पानीको कप बाज्येलाई दिएपछि उनले ओठ भिजाई

अनि मुन्टो हल्लाएर पानी फर्काइदिए । फेरि चेतना आउनुभन्दा अगाडि बूढाले आमालाई एक छिन दुःख र व्यग्रताले हेरे ।

आलले गाडी ब्याक गरेर पेट्रोल-पंपनिर लग्यो । 'पेट्रोल भर । सात ग्यालन जति अटाउँछ । नपोखियोस् भन्ना निम्ति ६ हामी ग्यालन मात्र भरौंला ।'

मोटेले नल टंकीभित्र राख्यो । त्यसले भन्यो, 'अँहँ, कुन प्रदेश जाने हो मलाई थाहा छैन । के सहायता आदि हो त्यो पनि थाहा छैन ।'

केसीले भन्यो : 'म मुलुकको वरिपरि घुम्दैछु, सबै त्यही कुरा सोध्छन् । हामी कहाँ जादैछौं ? मलाई लाग्छ हामी कही पनि जाँदैनौं । सधैं बाटोमा गइरहेछौं । मानिसहरूले किन त्यस कुराको विचार गर्दैनन् ? उनीहरू जाँदैछन् । किन जाँदैछन्, कसरी जाँदैछन्, हामीलाई थाहा छ । लाचार भएर उनीहरू जाँदैछन् । राम्रो अवस्था चाहिएकोले उनीहरू जाँदैछन् । त्यो अवस्था प्राप्त गर्ने बाटो त्यही मात्र थियो । त्यो अवस्था चाहिएकोले नै उनीहरूले त्यसको खोजी गर्नेछन् र पाउनेछन् । चोट परेकोले मानिसहरूलाई संघर्षशील बन्न पागल सरि तुल्याइदियो । म मुलुकमा जता गएपनि मानिसहरूले तिमीले जस्तै कुरा गरेको सुन्दछु ।'

मोटेले पंपबाट पेट्रोल हालिदियो । सुई पंपको डायलमा घुमेर पेट्रोलको परिमाण देखाइदियो । 'हो, कति भयो ? त्यही त म जान्न चाहन्छु ।'

टामले झर्किएर भन्यो : 'अँ, तिमीले कहिले पनि थाहा पाउने छैनौ । केसीले तिमीलाई संझाउन खोजेको कुरा तिमी सोध्छौ । तिमी जस्तो मानिसलाई मैले पहिले पनि देखेको छु । तिमीले केही पनि सोध्न लागेका होइनौ, खालि गीत गाउन लागेका बाहेक । "हामी के गर्न आइरहेका ?" तिमी जान्न चाहँदैनौ । मुलुकभरका मानिसहरू अरू ठाउँमा जान हिंडदैछन् । चारैतिर मानिसहरू मर्दैछन् । तिमी पनि चाँडै मर्न सक्छौ तैपनि तिमी केही थाहा पाउँदैनौ । तिमी गीत गाउँदा-गाउँदै सुत । "हामी के काम गर्न आइरहेछौं ?" ' त्यसले खिइएको र पुरानो पेट्रोल-पंपमा मात्र दृष्टिपात गरेको होइन अपितु पुरानो काठले बनेको पंप पछाडिको झोपडीमा पनि नजर दौडायो।त्यस काठमा भएका कीलाका प्वालहरूले त्यो काठ पहिले प्रयोग गरिसकिएको थियो भनेर देखाइरहेका थिए । हुन त ती प्वालहरू टाल्न शहरमा ठूलठूला कम्पनीले राखेका पेट्रोल-स्टेशनहरूको नकल गर्न खोजेर राम्रो प्रहेंलो पालिसले

पोतिएको थियो । तर पालिसले पुराना कीलाका प्वालहरू तथा काठमा भएका पुराना चर्के-मर्केका ठाउँहरू छोप्न सकेन र पालिस पनि नयाँ लाइएको थिएन । अनुकरण असफल थियो र मालिकलाई यो सफल थिएन भन्ने कुरा थाहा थियो । टामले दुइटा मात्र पेट्रोलका पीपाहरू देख्यो । त्यसको नजर टुटेको कुर्सीमा प्वाल परेर खिया लागिसकेको, झिंगा आउन नदिनलाई राखेको फलामको जालीमा, कसिंगर छरिएको आँगनमा तथा त्यसको पछाडिपट्टि घाममा सुकेर मरिराखेको अनाजको खेतमा पऱ्यो । घरको बगलमा केही प्रयोग गरिसकेका टायरहरू थिए । र त्यसले पहिलो पटक त्यो मोटो मानिसको सस्तो धोएको पैन्ट, पोलो खेल्दा लाउने सस्तो कमीज तथा कागजको टोप देख्यो । त्यसले भन्यो : 'मिस्टर, मैले तिम्रो विचार जान्न खोजेको होइन । तिमीसित केही छैन, अतएव तिमी पनि छिटै अरूहरू जस्तै मूल-सडकको पथिक हुनेछौ । ट्र्याक्टरहरूले तिमीलाई यहाँ बस्न दिने छैनन् तर शहरका राम्रा पहेंलो पालिस लगाएका पेट्रोल-स्टेशनहरूले तिमीलाई बस्न दिने छन् । मानिसहरू चल्दैछन् र मिस्टर, तिमीले पनि चल्नुपर्ने छ ।'

टामले बोलिरहँदा त्यो मोटेले पंप सुस्तरी बन्द गऱ्यो । त्यसले टामतिर बेचैनीले हेर्दै लाचारीले सोध्यो, 'तिमीले कसरी थाहा पायौ ? सामान बाँधेर पश्चिमतिर प्रस्थान गर्नेबारे हामीले पहिले नै कुरा गरिसक्यौं भनेर तिमीले कसरी थाहा पायौ ?'

केसीले उसलाई जवाब दियो, 'म समेत सबैले त्यस दानव दुश्मन ट्र्याक्टरको विरोधमा संघर्ष छेडे । त्यस दानवले देशभरि अनिष्ट गर्दैछ । त्यसलाई छिया-छिया नपारेसम्म त्यो हट्ने छैन ।मिस्टर, तिमीले 'जीला' भन्ने ठूलो कालो विषालु छेपारोलाई कहिले समातेको देखेका छौ ? उसलाई समातेर दुइ टुक्रा पारे पनि उसको टाउको झुन्डिरहन्छ । उसको घाँटी छिने पनि टाउको झुन्डिरहन्छ । एउटा मार्तोल लिएर उसको टाउको छिनालेपछि ऊ शिथिल हुन्छ।यस्तो अवस्थामा पनि त्यो आफ्नो दाँतले टोकेर बनाएको प्वालमा विष ओकलिरहन्छ ।' त्यसले आफ्नो कुरा भन्न थामेर टामलाई कर्के आँखाले हेऱ्यो ।

मोटे निराश भई सोझै अघिल्तिर घुरेर हेर्न थाल्यो । आफ्नो हातले पंप घुमाउने काम सुस्त्याएर उसले सानो स्वरमा भन्यो, 'के काम गर्ने भन्ने कुरा मलाई थाहा छैन ।'

पानीको नलनिर काम्नी र रोज आब शारन उभिएर गोप्य कुरा गरिरहेका

थिए । कान्नीले टीनको कप धोएर फेरि कप भर्नुअगाडि आफ्नो औंलाले पानी छामेर हेऱ्यो । रोज आब शारनले गाडीहरू मूल सडकबाट गएको हेरिरहिन् । कान्नीले उनीतिर कप पसारेर भऱ्यो, 'पानी चिसो छैन तर भिजेको छ ।'

तिनीले उसलाई हेरेर गोप्य तरीकाले मुस्काइन् । तिनी अहिले रहस्यमय भएको कारण गर्भिणी भएकोले थियो । उनको निम्ति रहस्य अलि-अलि मौन अर्थ-पूर्ण जस्तो बुझिन्थ्यो । तिनी आफैंमा खुशी थिइन् र आफूसित सम्बन्ध नभएको कुरावारे शिकायत गर्थिन् । र तिनीले कान्नीसित मूर्ख्याइँ कामको माग गर्थिन् । दुवै मूर्ख भनेर उनीहरूलाई थाहा थियो । कान्नी उनीसित खुशी थियो र तिनी गर्भिणी भएकोमा चकित हुन्थ्यो । उनको गोप्य कुरामा हिस्सा लिन पाएको विचार गर्दा त्यो रमाउँथ्यो । तिनी धूर्तताले मुस्काएपछि त्यो पनि धूर्तताले मुस्काउँथ्यो; उनीहरूले कानाखुसी गरेर विश्वासका कुराहरू आदान-प्रदान गरे । विश्व उनीहरूको वरिपरि निकट खिचिएर आएको थियो र उनीहरू त्यसैको केन्द्र बनेका थिए । अथवा रोज आब शारन विश्वको केन्द्र थिइन् र कान्नी उनको वरिपरिको बाटो थियो । उनीहरूको बीचमा जति पनि कुरा हुन्थे ती जम्मै एक किसिमले गोप्य हुन्थे ।

तिनीले मूल-सडकबाट आफ्नो आँखा हटाएर मीठो स्वरमा भनिन्, 'मलाई धेरै तिर्खा लागेको त छैन तर पनि मैले पानी पिउनु बेस होला ।'

त्यसले स्वीकृतिस्वरूप टाउको हल्लायो किनभने तिनको तात्पर्य त्यसले राम्रो-सँग बुझ्यो । तिनीले कप लिएर आफ्नो मुख कुल्ला गरेर पानी फालिदिइन् । त्यस-पछि तिनले एक कप मनतातो पानी पिइन् । त्यसले सोध्यो, 'अर्को कप चाहिन्छ ?'

'आधा कप मात्र ।' र त्यसले आधा कप भरेर उनलाई दियो । सेतो र होचो एउटा लिनकोल्न जेफीर गाडी सुइँट्ट गयो । तिनले अरू कहाँ थिए भनेर फर्केर हेरिन् र ट्रकको अगल-बगलमा उनीहरू झुम्मिएर बसिरहेको पाइन् । निश्चित भएर तिनले सोधिन्, 'तिमीलाई त्यस गाडीबाट जान मन लाग्छ ?'

कान्नीले सुस्केरा हालेर भन्यो : 'मन लाग्नसक्छ–पछि ।' त्यसले भनेको तात्पर्य दुवैले बुझे । 'क्यालिफोर्नियामा पर्याप्त काम पाए हामी आफ्नै गाडी किनौंला । तर त्यस्तो'–त्यसले भर्खरै अदृश्य भएर गएको जेफीर गाडीलाई इंगित गरेर भन्यो–'त्यस्तो किसिमको गाडीको मोल एउटा राम्रो घर किन्न लाग्ने जति पर्छ । मलाई त घर नै मन पर्छ ।'

तिनले भनिन्, 'मलाई त घर र त्यस्तो एउटा गाडी मन पर्छ । तर पहिले घर हुनुपर्छ किनभने–' र तिनीले भन्नखोजेको दुवैले बुझे । उनको गर्भावस्थाबारे उनीहरू ज्यादै उत्तेजित थिए ।

त्यसले सोध्यो, 'तिमीलाई सन्चै छ ?

'थकाइ लागेको छ, घाममा गाडी चढेकोले ?'

'हामीले घाममा त गाडी चढ्नै पर्छ नत्र हामीहरू क्यालिफोर्निया कहिले पनि पुग्ने छैनौं ।'

तिनीले भनिन्, 'त्यो त मलाई थाहा छ ।'

कुकुर सुइँ-सुइँ सुँघ्दै ट्रकको पल्लोतिर गएर फेरि नलको तल जमेको पानीमा गई ल्याप-ल्याप, ल्याप-ल्याप गरेर पानी खानथाल्यो । र त्यो फेरि त्यहाँबाट गयो–नाक खुम्चाउँदै, कान झुण्ड्याउँदै । सडकको पेटीको छेउमा उम्रिरहेका धूलेघाँसहरूको बीच हुँदै त्यो आफ्नो बाटो सुँघ्दै गयो । त्यसले आफ्नो टाउको उठाएर पारितिर हेरी उतै गयो । रोज आब शारनले तिखो स्वरले चिच्च्याइन् । एउटा छिटो-छिटो चलाएर ल्याएको ठूलो गाडी कुकुरको नजीक आइपुग्यो । टायर चुइँय करायो । कुकुरले लाचारीसाथ छलेर क्वाइँ-क्याइँ कराईकन बीच बाटो काटेर पांग्रामुनि गयो । त्यो ठूलो गाडीले एक छिन बेग मन्द गऱ्यो, अनि गाडीभित्रका मानिसहरूले पछिल्तिर फर्केर हेरे । त्यो बढी बेग लिएर अघि बढीकन अदृश्य भएर गयो । भूँडी फुटेर रगताम्य भई एक डल्लो परेको त्यो कुकुरले सुस्त-सुस्त सडकमा लातले हान्न थाल्यो ।

रोज आब शारनको आँखा डरले चौडा भयो । तिनीले याचानापूर्वक सोधिन्, 'त्यसलाई चोट लागेको हो ? हो, चोट लागेको ?'

कान्नीले उनलाई अँगालो मारेर भन्यो, 'आऊ बस । केही पनि भएको छैन ।'

'तर त्यसलाई चोट परेको जस्तो मलाई लाग्यो । मलाई त्यो कुकुरको आर्त्तनाद सुनेर चिच्च्याएको जस्तो लाग्यो ।'

'आऊ बस । केही पनि भएको छैन । चोट-सोट केही लागेको छैन ।' त्यसले उनलाई मर्न लागेको कुकुरदेखि टाढा ट्रकको छेउमा लगेर त्यसको फल्याकमा बसाल्यो ।

टाम र काका जान त्यस दुर्घटनास्थलमा गए । त्यो किचिएको कुकुरको शरीरबाट अन्तिम सास निस्कन लागेको थियो । टामले त्यसको दुइ खुट्टा समाती घिसारेर सडकको छेउमा लग्यो । मानौं आफ्नो दोष भए जस्तो गरी काका जान अममंजसमा परेका जस्ता देखिए । उनले भने, 'मैले उसलाई बाँधिराख्नु पर्ने ।'

बाले एक छिन कुकुरलाई हेरेर मुन्टो फर्काई भन्नुभयो, 'यहाँबाट गइहालौं । अब हामीले यसलाई के गर्ने ?'

मोटेले ट्रकको पछिल्तिरबाट आएर भन्यो, 'मलाई अपशोच छ । मूल-सडकको नजीक कुनै कुकुर बाँच्दैन । मेरा तीनोटा कुकुर एक वर्षमा किचिएर मरे । अब एउटा पनि कुकुर पाल्दिनँ ।' तिमीहरू त्यस कुकुरबारे केही दुःख नमनाऊ । म हिफाजतसाथ उसलाई अनाजको खेतमा गाडिदिउँला ।'

आमाले ट्रकको फल्याकमा अझै कामेर बसिरहेकी रोज आब शारननजीक गएर सोधिन्, 'रोसाशर्न, तिमीलाई सन्चै छ ? तिमी रुग्ण देखिइन्छ्यौ नि ?'

'मैले कुकुर किचिएको देखें । मलाई डरको चस्का भयो ।'

आमाले भनिन्, 'तिमी चिच्च्यायौ भन्ने कुरा मैले सुनें । अब हौसला बढाऊ ।'

'यसले मलाई नोक्सान गर्छ भन्ठानेको ?'

आमाले भनिन्, 'अँहं, तिमीले मनमा पीडा लिएर गुँडमा गौंथली खुम्चिएर बसे जस्तै मनलाई डरले खुम्चायौ भने तिमीलाई नोक्सान गर्न सक्छ । अब उठेर बज्यैलाई आराम दिने कुरामा मलाई सघाऊ । एक छिन तिम्रो पेटभित्रको बच्चालाई बिसिदेऊ । ऊ आफैं आफ्नो स्याहार गर्ने छ ।'

रोज आब शारनले सोधिन्, 'बज्यै खै ?'

'मलाई थाहा छैन । तिनी यतै कहीं होलिन् । दिसा-बस्न गएकी होलिन् ।'

त्यो लडकी पाइखानातिर गई र एकै छिनमा बज्यैको हात समाती बाहिर निस्किई । रोज आब शारनले भनिन्, 'तिनी त्यहाँ निदाउन गएकी ।'

बज्यैले ङिच्च हाँसेर भनिन्, 'त्यहाँ राम्रो लाग्यो मलाई । त्यो चर्पी सुग्घर छ र पानी पनि त्यहीं आउँछ । मलाई त्यहाँभित्र बस्न मन लाग्छ ।' तिनले सन्तोष-पूर्वक भनिन्, 'मलाई नबिउँझाएको भए म मजासँग निदाउने रहिछु ।'

रोज आब शारनले भनिन्, 'त्यो सुत्नको निम्ति राम्रो ठाउँ होइन ।' यति भनेर तिनले बज्यैलाई गाडीभित्र पस्न सघाइन् । बज्यै आरामपूर्वक बसिन् । तिनले भनिन्, 'त्यो सफा नभएको हुनसक्छ, तर त्यो खूब राम्रो छ ।'

टामले भन्यो : 'अब प्रस्थान गरौं । हामीले कैयौं माइल जानु छ ।'

बाले सुइँट्ट गरेर सिट्टी बजाउनुभयो । 'केटाकेटीहरू कहाँ गएछन् ?' औंला-हरू आफ्नो मुखमा हालेर उहाँले फेरि सिट्टी बजाउनुभयो ।

एकै छिनमा उनीहरू अनाजको खेतबाट दगुरेर आए; रूठी अघि-अघि र विनफिल्ड पछि-पछि । 'फुलहरू ।' रूठीले कराएर भनिन्, 'मैले कोमल फुलहरू पाएँ ।' विनफिल्डलाई पछि-पछि लगाउँदै तिनी हुत्तिएर आइन् । 'हेर !' उनको फोहर हातमा एक दर्जन कोमल खैरो सेतो रंगका फुल थिए । र जब तिनले फुल भएको हात पसारिन् उनको नजर सडकको छेउमा मरेर फ्याँकिएको कुकुरमाथि पऱ्यो । 'अहो !' भनेर रूठी र विनफिल्ड बिस्तारै त्यो कुकुरतिर गई हेरे ।

बाले उनीहरूलाई बोलाउनुभयो : 'तिमीहरू यता आऊ नत्र छुट्टिएलाउ ।'

उनीहरू गंभीर मुद्रा गरी ट्रकमा फर्केर आए । रूठीले आफ्नो हातमा भएको घस्रने जनावरको खैरा फुलहरू फेरि हेरिन् र अनि पछि फ्याँकिदिइन् । उनीहरू ट्रकको बगलमा चढे । रूठीले सानो स्वरमा भनिन्, 'उसको आँखा अझसम्म खोलि-एकै छ ।'

तर विनफिल्डले त्यस दृश्यमा गर्व गरेर निडर भई भन्यो : 'उसको भूँडी जम्मै छचाल्ल-ब्याल्ल भएको छ ।' उसले एक छिन चूप लागेर भन्यो, 'जम्मै छचाल्ल-ब्याल्ल भएका छन् ।' त्यस पछि त्यो छिटै लडिबुडी खेलेर ट्रकको बगलमा

बान्ता गर्नथाल्यो । ऊ फेरि बसेपछि उसको आँखाबाट पानी र नाकबाट पातलो सिंघान बग्न थाल्यो । त्यसले व्याख्या गरेर भन्यो, 'यो सुँगुर मारेको जस्तो होइन ।'

आलले हडसन गाडीको छत उघारेपछि पेट्रोल कति छ भनी जाँचेर हेऱ्यो । अगाडि सीट तल भूइँमा राखेको ग्यालनको भाँडो लिएर त्यसले पाइपमा सस्तो कालो तेलको केही परिमाण खन्याएर पुनः नापो गरेर हेऱ्यो ।

टामले उसको बगलमा आएर सोध्यो, 'गाडीलाई म केही टाढासम्म चलाउँ ?'

आलले उत्तर दियो, 'म थाकेको छैन ।'

'अँ, आज राति तिमी सुतेनौ । आज बिहान म केही छिन सुतें । गाडीको छानामाथि जाऊ, म गाडी सम्हालुँला ।'

आलले अनिच्छापूर्वक भन्यो, 'हुन्छ, तर तेलको नापोको राम्रोसँग विचार गर । गाडी बिस्तारै हाँक । तेल थोरै छ कि भनेर मैले हेरिरहेको । बराबर सुई हेर्दै जानू । तेल छोड्दा सुई सुत्त-सुत्त चलेर गयो भने, तेलको कमी छ भनेर बुझ्नु पर्छ । टाम, गाडी बिस्तारै हाँक्नू । त्यसमा ज्यादै बोझ छ ।'

टामले हाँसेर भन्यो, 'म हेरुँला । तिमी आराम गर ।'

परिवार फेरि ट्रकमाथि खाँदिइए । सीटमा बसेकी बज्यैसँगै आमा बसिन् । टामले आफ्नो आसन ग्रहण गरेर गाडी हाँक्यो । त्यसले भन्यो, 'गाडी निश्चय खुकुलो छ ।' त्यसले गियर लगाई मूल-सडकमा गाडी लग्यो ।

गाडी अगाडि बढ्यो र सूर्य उनीहरूको सामुन्ने अस्ताचलतिर जाँदै थियो । बज्यै राम्रै सित निदाइन् र आमा पनि आफ्नो मुन्टो अघिल्तिर खसाली उँग्न थालिन् । टामले आफ्नो टोपी आँखामा पर्ने घाम छेक्नलाई आफ्नो आँखामाथि ओराल्यो ।

पैडेनदेखि मीकरसम्म तेन्ह माइल, मीकरदेखि हैरासम्म चौध माइल गएपछि ठूलो शहर ओक्लाहामा आइपुग्यो । टामले सोझै गाडी हाँक्यो । आमाले बिउँझेर शहरको बीचबाट गाडी जाँदा सडकहरूमा हेरिन् । र ट्रकमाथि बसेका परिवारले

कोठी, ठूलठूला घरहरू तथा अफिसका भवनहरू घुरेर हेर । जाँदा-जाँदै भवनहरू र कोठीहरू साना-साना हुँदै गए । उनीहरूले बिग्रेका गाडीहरू राख्ने आँगनहरू, मसलादार मासु प्रदर्शन गरिराखेका शीशाका आलमारीहरू तथा शहरबाहिरका नृत्य-घरहरू देखे ।

रूठी र विनफिल्डले यी सब कुरा देखेपछि त्यो विशालता र विचित्रताले उनीहरूलाई अलमल्ल पाऱ्यो र राम्रा राम्रा लुगा लाएका मानिसहरूलाई देखेर उनीहरू तर्से । पछि तिनीहरूबारे उनीहरू पक्कै कुरा गर्नेछन् तर त्यसबेला तिनीहरूले परस्परमा केही कुरा गरेनन् । उनीहरूले शहरको किनारामा राखेका तेल-ट्यांकीहरू, त्यस्ता काला यन्त्रहरू देखे । त्यहाँको वायुमंडलमा तेल र पेट्रोलको गन्ध फैलिएको थियो । तर उनीहरू आश्चर्यले कराएनन् । त्यस ठाउँको विशालता र विचित्रताले उनीहरू तर्से ।

शहरमा रोज आब शारनले एउटा मानिसलाई हल्का लुगा लाएर आएको देखिन् । त्यसले सेतो जुत्ता र चेप्टो परालको टोप लगाइराखेको थियो । तिनले कान्नीलाई स्पर्श गरेर आफ्नो आँखाको इशाराले त्यो मानिसलाई देखाइन् । अनि कान्नी र रोज आब शारन मनैमन सुस्त-सुस्त हाँसे र त्यो हाँसो थाम्न नसकेर उनीहरूले मुख थुने । हाँसोले यति जोड पक्ड्यो कि उनीहरूले अरू मानिसहरू पनि हाँसे कि भनेर हेरे । रूठी र विनफिल्डले उनीहरू हाँसिरहेको देखेर यति मजा लिए कि आफूहरू पनि हाँस्ने प्रयास गरे, तर सकेनन् । तर कान्नी र रोज आब शारन हाँस्दा-हाँस्दै निःसासिएर उनीहरूको मुखै रातो भयो । हँसीको दौड यति चल्यो कि उनीहरू एक छिन थामिएर परस्परमा मुखामुख भएपछि फेरि हाँस्न थाले ।

सरहद निकै फैलिएको थियो । टामले गाडी बिस्तारै होशियारीसाथ चलाएपछि उनीहरू पश्चिमको ठूलो मूल-सडक ६६ मा पुगे । त्यस बेला सूर्य सडकको सतहमा पुगेर डुब्न लागेको थियो । बतास छेक्ने शीशा धूलो लागेर टल्केको थियो । टामले आफ्नो टोपी आँखानिर यति तल ओराल्यो कि त्यसले अगाडि हेर्नलाई आफ्नो टाउको पछाडितिर ढल्काउनु पऱ्यो । बज्यै सुतिनै रहिन् । उनको बन्द आँखाको ढक्नीमा घाम पर्न गयो र उनको कंचटका नसाहरू नीलो देखिए, गालाका मसिना नसाहरू रक्सी जस्तै राता देखिए तथा उनको आकृतिमा भएको पुराना खैरा धब्बाहरू झन् कालो भएर गए ।

टामले भन्यो : 'हामीहरू ठीक यही सडकमा बस्छौं ।'

आमा धेरै बेरदेखि चूप थिइन् । तिनले भनिन्, 'सूर्यास्त हुनुअगाडि बस्नलाई एउटा ठाउँ खोज्नुपर्‍यो । मलाई सुँगुरको मासु पकाउन र रोटी बनाउन समय लाग्छ ।'

टामले अनुमोदन गरेर भन्यो, 'जरूर, हामीले एक फड्कोमा सफर तय गर्ने होइनौं । हामीहरू फैलिरहनु जाती छ ।'

ओक्लाहामा शहरदेखि बेठानीसम्म चौध माइल छ ।

टामले भन्यो: 'सूर्यास्त हुनुअगाडि हामीहरूले बास बस्नु जाती होला भन्ठान्छु । आलले गाडी माथिको पाल सम्याउनु छ नत्र घामले त्यहाँ बस्ने जतिलाई मारिहाल्छ ।'

आमा फेरि उँग्न थालिन् । उनको मुन्टो अघिल्तिर झुक्दै थियो । तिनले भनिन्, 'बेलुकाको खाना तयार गर्नु छ । टाम, तिमीले राज्यको सिमाना नाघ्नेबारे तिम्रो बाले मलाई भनिसकेका थिए ।'

उनले पहिले नै जवाब दिइसकेका थिए । हो, आमा, त्यसको बारेमा के त ?'

'अँ, त्यसको बारे मलाई डर लाग्छ । तिमी भागेर गएको संझी उनीहरूले तिमीलाई समात्न सक्छन् ।'

टामले तल-तल गइरहेको थाम छेक्नलाई आफ्नो आँखामाथि हात राख्यो । त्यसले भन्यो, 'त्यसमा केही चिन्ता नगर । मैले विचार गरिसकेको छु । प्रतिज्ञापत्र लेखेर थुप्रै मान्छे छुटेका छन् र उनीहरूमध्ये धेरैजसो जहिलेपनि बाहिर गएका हुन्छन् । केही गरी म पश्चिमतिर समातिएँ भने उनीहरूसँग मेरो तसवीर र बयान वाशिंगटनमा छँदैछ । मलाई फेरि फर्काई हाल्नेछन् । तर मैले केही अपराध नगरे उनीहरूले केही पत्ति गर्ने छैनम् ।'

'अँ, मलाई यसको बारे डर लाग्छ । कहिलेकाहीं तिमी अपराध गर्छौ र तिमीले त्यो खराब काम भनेर थाहा पाउँदैनौ । क्यालिफोर्नियामा केही काम गर्नु

अपराध हुनसक्छ र त्यसको बारेमा थाहा नहुनसक्छ । तिमोले ठीक नै ठानेर केही काम गर्न सक्छौ तर क्यालिफोर्नियामा त्यो काम बेठीक हुनसक्छ ।'

त्यसले भन्यो, 'त्यसो त मैले प्रतिज्ञापत्र नलेखेर आएको भए पनि एउटै कुरो छ । म समातिएँ भने अरूहरूभन्दा बढी सजाय मैले पाउँछु । अब यो चिन्ता-सिन्ताको कुरा छोड । त्यो चिन्तावारे विचार गर्न त परै रहोस् अरू थुप्रै चिन्ताको विषय हाम्रो सामुन्ने छ ।'

तिनले भनिन्, 'त्यसमा म चिन्ता नलिईकन म बस्न सक्तिनँ । तिमीले सिमाना नाघ्ने बित्तिकै तिमीले अपराध गरेको ठहर्छ ।'

त्यसले भन्यो, 'अँ, साल्लिसःमा हल्लिएर भोकै मर्नुभन्दा त त्यो कता हो कता असल छ । अब हामीले बास बस्ने ठाउँ हेर्नुपर्‍यो ।'

उनीहरू बेठानी नाघी त्यसको पल्लोपट्टि गए । सडकमुन्तिरबाट पानी जाने नाली जुन ठाउँमा बनाइएको थियो त्यसको नजीकको एउटा खाल्टोमा एउटा पुरानो पर्यटन-गाडी मूल-सडकदेखि अलि पर राखिएको थियो । र यसैको बगलमा एउटा सानो पाल टाँगेको थियो । स्टोवको नलीबाट आएको धूवाँ पालको बीचबाट निस्कि-रहेको थियो । टामले अघिल्तिर औंल्याएर भन्यो, 'मानिसहरू त्यहाँ पाल टाँगेर बसिरहेछन् । यो राम्रो ठाउँ जस्तो देखिन्छ ।' गाडीको गति मन्द गरेर त्यसले गाडीलाई सडकको छेउमा रोक्यो । त्यो पर्यटन-गाडीको हुड खोलिएको थियो र त्यस गाडीबाट एउटा अधबैंसे मानिस तल आइरहेको गाडीमा हेरिरहेको थियो । त्यसले सस्तो पराले-टोप, नीलो कमीज र कालो थोपा-थोपा भएको इस्टकोट लगाइराखेको थियो । र त्यसले लगाएको जीनको पैन्ट मैलिएर सारो मात्र भएको होइन अपितु त्यसबाट टलक पनि निस्किराखेको थियो । उसको आकृति दुब्लो थियो । उसको गालामा परेको चाउरीका गहिरा रेखाहरू आकृतिको तलसम्म गइरहेकाले उसको गालाका हाडहरू र चिउँडो चुच्चिएर गएका थिए । त्यसले जोडले हाँकेको ट्रकमाथि दृष्टिपात गर्‍यो । उसको आँखाबाट आकुलता र क्रोधको भावना झल्केको थियो ।

टामले झ्यालबाट हेरेर सोध्यो, 'एक रातको लागि यहाँ कुनै मुसाफिरहरू बस्न कानूनले दिन्छ ?'

त्यो मानिसले ट्रक मात्र देखेको थियो । त्यसले आफ्नो आँखा टाममाथि केन्द्रित गरेर भन्यो, 'मलाई के थाहा । हामीहरू अगाडि बढ्न नसकेर यहाँ थामिएको ।'

'यहाँ कहीं पानी पाइन्छ ?'

त्यो मानिसले २ फर्लाङ्ग जति अगाडि पानी दिने झोपडीतिर औंल्याएर भन्यो, 'पानी त्यहाँ पाइन्छ, एक बालटीन पानी लिन दिन्छ ।'

टामले अनकनाएर भन्यो, 'अँ, हामीहरू यहाँनिर पाल टाँग्न सक्छौं भन्ने तिमी ठान्छौ ?'

त्यो दुब्लो मानिसले व्याकुल भएर भन्यो, 'हामीसँग पाल-साल छैन । हामीहरू यहाँ बास बस्नु परेको कारण यो मोरो गाडी अगाडि नगएकोले हो ।'

टामले आग्रह गरेर भन्यो, 'कुनै किसिमले तिमीहरू यहाँ बस्यौ । हामीहरू बसेका छैनौं । त्यसैले तिमीहरूलाई छिमेकी चाहिन्छ कि चाहिंदैन भन्ने अधिकार तिमीहरूको हो ।'

सत्कार गर्ने अनुरोधले तत्काल असर पारेको थियो । त्यसको दुब्लो आकृतिमा मुस्कान फुटेर आयो । 'किन, निश्चय, सडकको पेटीमा आउन सक्छौ, तिमीहरूलाई स्वागत गर्न पाएर गर्व लाग्छ ।' अनि त्यसले बोलाएर भन्यो : 'सायरी हामीसँग कोही बस्न आइरहेछन् । बाहिर आएर स्वागत गर्न आऊ । सायरीलाई संचो छैन' उसले अगाडि भन्यो । पालको झुण्डिरहेको ढोका खोलेपछि झुरिइसकेकी एउटी आइमाई बाहिर निस्किन् । उनको मुख सुकेको पात जस्तै चाउरिएको थियो तथा उनको अनुहारमा आँखाहरू आगोका टुक्राहरू जस्तै बलेको मात्र देखिएका होइनन् अपितु ती काला आँखाहरूले भयभीत भएर हेरेको जस्तो पनि अनुभव हुन्थ्यो । तिनको कद छोटो थियो र तिनी लगलग कामिरहेकी थिइन् । तिनले झुण्डिरहेको पालको ढोकाको सहारालै आफूलाई अड्याएकी थिइन् र टाट समातिरहेको हातको त्वचा चाउरिएर कंकाल भइसकेको थियो ।

तिनले बोल्दा तिनको आवाजमा आवश्यकतानुसार उतार-चढाव गर्न हुने किसिमको गहिरो, कोमल र सुन्दर सानो स्वर थियो । तिनले भनिन्, 'उनीहरूलाई

स्वागत छ भनिदेऊ, उनीहरू आएकोमा खुशी छौं र स्वागत छ भनिदेऊ ।'

टामले गाडीलाई सडकदेखि पर हाँकेर ल्याई खेतमा पर्यटन-गाडीको साथ राख्यो । मानिसहरू छिटो-छिटो ट्रकबाट तल ओर्ले । रूठी र विनफिल्ड धेरै छिटो ओर्लेपछि उनीहरूका खुट्टाले काम दिन छोडे । उनीहरूका खुट्टा निदाएर सियो र पीनले घोचे जस्तै चस-चस दुख्न लागेकोले उनीहरू चिच्च्याउन थाले । आमा छिटै काम गर्न गइन् । तीन ग्यालन अटाउने बालटीन ट्रकको पछिल्लिरबाट फुकालेर तिनले कराइरहेका केटाकेटीहरूको नजीक पुगेर भनिन्, 'तिमीहरू पर तल गएर पानी लिएर आऊ । राम्रोसँग मान्नू । यस्तो भन्नू : "कृपया हामीहरूलाई एक बालटीन पानी दिनुहुन्छ कि ?" र पानी दिएपछि "धन्यवाद" भन्नू । अनि आलो-पालो गरेर बोकेर ल्याउनू, एक थोगा पनि नपोख्नू । कहीं बाटोमा बाल्न हुने सुकेको काठ, लट्ठी फेला पार्यौ भने त्यो पनि ल्याउनू ।' केटाकेटीहरू भ्याट-भ्याट पैताला बजाउँदै झोपडीतिर गए ।।

पालमा अलि असमंजस फैलियो । सामाजिक समागम शुरू हुनुभन्दा अगाडि यो अड्केको थियो । बाले सोधे : 'तिमीहरू ओक्लाहामा निवासी होइनौ ?'

गाडीको नजीक उभिएको आलले लाइसेन्सका पाताहरू हेरेर भन्यो, 'कानसास ।'

त्यो दुब्लो मानिसले भन्यो : 'गैलेना, या त्यसैको नजीक । विलसान, आइवी विलसान ।'

बाले भन्नुभयो, 'हामीहरू जोड-परिवार हौं । हामीहरू ठीक साल्लीसको नजीकबाट आएका ।'

आइवी विलसानले भन्यो, 'अँ, तिमीहरूसित भेट भएकोमा हामीहरू गौरवान्वित छौं । स यरी, यिनीहरू जोड-परिवार हुन् ।'

'तिमीहरू ओक्लाहामाका होइनौ भनेर मैले थाहा पाएँ । तिमीहरू अनौठा किसिमसँग कुरा गर्छौ । त्यो तिमीहरूको दोष होइन, बुझ्यौ ।'

आइवीले भन्यो, 'हरेकको शब्दोच्चारण भिन्न हुन्छ । आराकानसासेलीहरूको

शब्द-उच्चारण अर्कै हुन्छ । ओक्लाहामालीहरू भिन्दै उचारण गर्छन् । र हामीले म्यासाच्युसेटबाट आएकी एउटी आइमईसित भेट गर्यौं । तिनले शब्द-उच्चारण गर्दा सबैभन्दा भिन्न किसिमको थियो । तिनले बोलेको कुरा मुश्किलले मात्र बुझिने ।'

नोआ, काका जान र पादरी ट्रकको सामान ओसार्न थाले । उनीहरूले बाज्येलाई ओरालेर जमीन बसाले । तिनी ख्वांच्यां-ख्वांच्यां गरी बसेर आफ्नो अघिल्तिर घोरिएर हेरिरहे । नोआले सोध्यो, 'बाज्ये, तपाईंलाई बिसन्चो भयो कि कसो ?'

बाज्येले कमजोर स्वरमा भने, 'तिम्रा मोराहरू ! नरकमाभन्दा पनि बढी बिसन्चो छ ।'

सायरी विलसानले बिस्तारै र होशियारीसाथ उनीकहाँ गएर सोधिन्, 'हाम्रो पालमा आउन मन लाग्छ ? हाम्रो डसनामा पल्टेर आराम गर्नुहोस् ।

उनको कोमल आवाजले खिचिएर तिनले उनलाई हेरे । तिनले भनिन्, 'अब आऊ । अलिकति आराम गर । डसनामा जान हामी सघाउने छौं ।'

जनाउ नदिईकन बाज्ये रुन थाले । उनको चिउँडो हल्लियो र उनका चाउरिएका ओठहरू मुखमा कसिए र खस्रो आवाजले सुँक्क सुँक्क गरेर उनी रोए । आमा दगुरेर उनीकहाँ पुगिन् र उनलाई आफ्नो पाखुरामा लिइन् । तिनले उनलाई उचाल्दा उनको आफ्नो चाक्लो पीठ्यूँमा जोर परेको थियो । आधी उचालीकन सघाउँदै तिनले उनलाई पालमा लगिन् ।

काका जानले भने, 'उनी ठीक भएर पनि बिरामीको निहुँ गरेको हुनुपर्छ । त्यस्तो पहिले कहिल्यै गरेका थिएनन् । त्यसरी ठूलो स्वरले रोएको मेरो जिन्दगीमा कहिल्यै देखेको छैन ।' उनी ट्रकमाथि फाल हालेर गए र एउडा डसना तल खसाले ।

आमा पालबाट बाहिर आएर केसीकहाँ गईकन भनिन्, 'तपाई बिरामी मानिसहरू हेर्न जानुहुन्थ्यो । बाज्ये बिरामी छन् । तपाई हेर्न जानु हुन्न ?'

केसी ढीलो नगरीकन पालमा गएर भित्र पस्यो । भूईंमा दोब्र्याएर डसना ओछ्याइएको थियो र सिरकहरू सफासँग फैलाइएका थिए । एउटा सानो टोनको

चूलो फलामका खुट्टाहरूमा अड्याइएको थियो र त्यसमा असमानताले आगो बलेको थियो । एक बालटीन पानी, एउटा काठको बाकसमा खाना बनाउने सामान, टेबिलको सामान भएको एउटा बाकस, जम्मा त्यतिनै थिए । पालको भित्ता छेडेर अस्ताउन लागेको सूर्यको प्रकाश गुलाबी रंग लिएर आएको थियो । सायरी विलसान डसनाको छेउमा भूइँमा घुँडा टेकेर बसिन् र बाज्ये पल्टिराखेका थिए । माथितिर घुरेर हेरिरहेको उनको आँखा खुल्लै थियो र उनको गाला राँकिएको थियो । उनको सास भारी थियो ।

केसीले उनको दुब्लो नाडी आफ्नो औंलामा लियो । त्यसले सोध्यो, 'बाज्ये, थकाइ लागेको छ ?' घुरिरहेको आँखा उसको आवाजतिर गए तर उसलाई देखेनन् । ओठले बोल्न खोज्यो तर वाक्य फुटेन । केसीले नाडी छामेर छोडिदियो अनि आफ्नो हात बाज्येको निधारमा राख्यो । बूढाको जिउले संघर्ष गर्न शुरू गऱ्यो । उनको खुट्टा बेचैनले चल्यो र हात पनि चल्न थाल्यो । उनी बड्बडाउन थाले जो अस्पष्ट थियो । र उनको सेतो ठाडो ठाडो जुँगामुनिबाट उनको मुख रातो-पीरो हुने गरीकन राँकिएको थियो ।

सायरो विलसानले केसीसित कोमल स्वरले भनिन्, 'के खराब भएको, बुझ्यौ ?'

त्यसले उनको चाउरिएको मुख र बलेको आँखामा हेरेर सोध्यो, तिमीलाई थाहा छ ?'

'म ठान्छु–'

केसीले सोध्यो, 'के ?'

'त्यो खराब भयो होला, जो म भन्न चाहन्नँ ।'

केसीले झट्का दिएर चलिरहेको उनको मुखमा हेरेर भन्यो, 'यिनलाई पक्षाघातको आक्रमण हुन लागेको भन्न खोजेको ?'

सायरीले भनिन्, 'म पनि त्यही भन्ने थिएँ । मैले यस्तो किसिमको आघात पहिले चीनचोटि देखिसकेको छु ।'

बाहिरबाट पाल उभ्याएको आवाज, काठ टुक्र्याएको आवाज, करतीहरू बजेको आवाज आउन थाल्यो । आमाले पालको झुण्डिरहेको ढोकाको बीचबाट हेरेर भनिन्, 'बज्यै भित्र आउन चाहन्छिन् । तिनी आए हुन्छ ?'

पादरीले भन्यो, 'उनलाई भित्र नहुले उनी उद्विग्न हुनेछिन् ।'

आमाले सोधिन्, 'तिनलाई ठीक छ भन्ठानेको ?'

केसीले सुस्त-सुस्त नकारात्मसूचक मुन्टो हल्लायो । आमाले संघर्ष गरिरहेको उनको वृद्ध आकृतिमा रक्तचाप बढ्दै गइरहेको छिटो-छिटो हेरिरहिन् । तिनीले बाहिर गएर भनिन्, 'बज्यै, उनलाई ठीकै छ । अहिले अलिकति आराम लिइरहेका छन् ।'

बज्यैले उदासीनताले जवाब दिइन् : 'अँ, म उसलाई हेर्न चाहन्छु । त्यो कपटी दुष्ट मानिस छ । त्यसले तिमीहरूलाई कहिले पनि वास्तविक कुरा थाहा दिने छैन ।' तिनी झुण्डिरहेको पालको ढोकाबाट छिटो-छिटो छिरेर भित्र पसिन् । डसनानिर उभिएर तिनले तलतिर हेरीकन सोधिन्, 'तिमीलाई के भयो ?' जहाँबाट आवाज आएको थियो उतैतिर उनको आँखा गएपछि उनको ओठ खुम्च्यो । बज्यैले भनिन्, 'त्यो रिसले चिढिरहेछ । मैले भनिनँ, त्यो छली छ भनेर । आज बिहान त्यो चोरजस्तो सुटुक्क भाग्न लागेको थियो किनभने उसलाई आउने मनै थिएन । उसको नितम्बमा चोट लागेको थियो ।' यो कुरा तिनले भद्दा तवरले भनेकी थिइन् । 'त्यसलाई रिसले चिडचिडापन आइरहेको छ । त्यसले कसैसँग कुरा नगर्दा मैले चाल पाइसकेकी थिएँ ।'

केसीले कोमल स्वरले भन्यो : 'बज्यै, त्यो रिसले चिढिरहेको होइन । त्यो बिरामी छ ।'

'ओहो !' तिनले त्यस बूढोमाथि फेरि दृष्टिपात गरेर भनिन्, 'धेरै बिरामी भन्ठानेको ?'

'बज्यै, निकै बिसन्चो भइराखेको छ त्यसलाई ।'

एक छिन अनकनाएर तिनले भनिन्, 'अँ, त्यसो भए तिमीले किन प्रार्थना

नगरेको उसको निम्ति ? तिमी त पादरी हौ, होइन त ?'

आफ्ना बलिया औंलाहरूले बज्यैको नाडी भद्दासँग समातेपछि केसीले भन्यो, 'बज्यै, मैले तिमीलाई भनिसकें; म अब पादरी होइन ।'

तिनीले आदेशात्मक स्वरमा भनिन्, 'जसरी भएपनि गर, प्रार्थनाको कुरा त तिमीलाई कण्ठ छ ।'

केसीले भन्यो, 'म सक्तिनँ । के भनेर कसको निम्ति मैले प्रार्थना गर्ने, केही थाहा छैन ।'

बज्यैको आँखा घमेर सायरीकहाँ अड्न पुग्यो । तिनले भनिन, 'ऊ प्रार्थना गर्दैन । रूठी सानै छँदा खच्चर हाँक्ने गर्थिन्, तिनले प्रार्थना गरेको कुरा मैले तिमीलाई भने ? तिनले भनिन्, "म तिमीलाई सुताउँछु । तिम्रो आत्मालाई शान्ति मिलोस् भनेर म ईश्वरसँग प्रार्थना गर्छु । कुकुर आलमारीनिर पुग्दा त्यो खालि नै थियो । अतएव विचरा कुकुरले केही खान पाएन । तथास्तु !" तिनीले गरेको यही हो ।' पालको नजीक कोही हिंडेर आएको छायाँ पालमा देखियो ।

बाज्येको जिउभित्र संघर्ष भइरहेको जस्तो देखिन्थ्यो । उनका नसा जम्मै खिचिए । मानौं ठूलो धक्काको चोटले जस्तो गरी उनी अकस्मात् बेसुरसँग कराएँ । उनी चूप लागे, अनि उनको सास बन्द भयो । केसीले त्यो बूढाको मुखमा हेऱ्यो । उनको मुखमा अलि-अलि कालो बैंजनी रंग चढेर आयो । सायरीले केसीको कुम छोएर कानाखुसी गरिन्, 'उसको जिब्रो, उसको जिब्रो, उसको जिब्रो ।'

केसीले स्वीकृतिसूचक मुन्टो हल्लायो । 'बज्यैलाई सामुन्ने ल्याऊ । त्यसले कसिएका जबडाहरू फट्ट्याएर बूढाको घाँटीसम्म जिब्रो छामेर हेऱ्यो । त्यसले गर्दा जिब्रो तान्दै खरखर आवाज गरेर सास निस्क्यो । अनि हिक्क-हिक्क गरेर सास खिच्यो । केसीले जमीनमा भएको एउटा लट्ठी टिपेर जिब्रोलाई थिचिराख्यो । यसले गर्दा स्वास-प्रस्वास भित्र-बाहिर खरखर आवाज गर्दै चल्न थाल्यो ।

बज्यै कुखुराले जस्तै उफेर आइन् । तिनले भनिन्, 'प्रार्थना गर प्रार्थना, मैले तिमीलाई भनें, प्रार्थना गर ।' सायरीले उनलाई पछिल्तिर तान्न खोजिन् । बज्यैले

भनिन्, 'प्रार्थना गर भनेको तिमीलाई ।'

केसीले एक छिन उनलाई हेऱ्यो । झन् ठूलो खरखर स्वरले, तर असमानताले, सास चल्न थाल्यो । 'हाम्रा मालिक जो स्वर्गमा छन्, धन्य र पूजनीय छ तिम्रो नाउँ–'

बज्यैले कराएर भनिन्, 'बेस !'

'स्वर्गमा जस्तै यहाँ पृथ्वीमा पनि तिम्रो राज्य चलोस् ।'

'तथास्तु ।'

उनको खुला मुखबाट लामो उच्छ्वास निस्कनुको साथसाथै रोएको जस्तो आवाज आयो ।

'हामीहरूलाई रोटी देऊ, सधैं खाने रोटी र क्षमा गर–' सास रोकियो । केसीले बाज्येको आँखामा हेऱ्यो; त्यसमा उसले चमकिलोपन, गहिराइ तथा भिन्नसम्म छेड्ने भावना देख्यो । त्यसमा शान्त, स्वच्छन्द भावना थियो ।

बज्यैले भनिन्, 'धन्य हो प्रभो ! भन्दै जाऊ ।'

केसीले भन्यो, 'तथास्तु !'

बज्यै चुप थिइन् । पालबाहिर सबै हल्ला बन्द भयो । एउटा गाडी मूल सडकबाट सुइँट्ट गयो । केसी अझसम्म डसनाको नजीक भूईंमा घुँडा टेकेर बसिरह्यो । मानिसहरू बाहिर बसेर मर्नलागेको मानिसको आवाज सुन्न उत्सुक भएर शान्तसँग उभिरहेका थिए । सायरीले बज्यैको पाखुरा समातेर उनलाई बाहिर-तिर लगिन् र बज्यै आफ्नो टाउको ठाडो पार्दै गौरवसाथ गइन् । तिनी परिवारको लागि टाउको सोझो पारेर बाहिर गइन् । सायरीले उनलाई जमीनमा पडिरहेको एउटा डसनामा लगेर त्यसमा बसालिन् । र बज्यैले अघिल्तिर सौझै गर्वसाथ हेरिन् किनभने तिनीले अब बहाना गर्नु थियो । पालभित्र निस्तब्धता छाएको थियो र अन्तमा केसी पालको झुण्डिरहेको ढोकालाई आफ्नो हातले उघारेर बाहिर निस्क्यो ।

बाले सानो स्वरमा सोधे, 'के भएको ?'

केसीले भन्यो, 'आघात, राम्रैसित पक्षाघात भएको ।'

जीवनमा फेरि गति आयो । सूर्य क्षितिज स्पर्श गरीकन चेप्टो भयो । र बगलमा रातो पालिश लगाएका मालसामान लादिएका ठूलठूला ट्रक-गाडीहरूको लामो ताँती मूल-बाटोमा लाग्यो । ती गाडीहरू घरर्र आवाज निकालेर जाँदा जमीन थर्केर अलि-अलि भूकम्प भएको जस्तो भयो । र दूषित धूवाँ निस्कने पाइपहरूबाट डिजल बलेर आएको नीलो धूवाँ उडिरहेका थिए । प्रत्येक ट्रकलाई एक-एक जना मानिसले हाँकेको थियो । र उसको सहायक आच्छादनमाथि बनाइ राखेको पटरीमा सुतिरहेको थियो । तर ट्रकहरू कहिले नथामिईकन दिन-रात गडगड शब्द निकाल्दै, जमीन थर्काउँदै अगाडि बढ्दै गए ।

परिवार अब एक इकाई भयो । बा जमीनमा पलेंटी कसेर बसे र काका जान उनैको बगलमा थिए । अब बा परिवारका नाइके भए । आमा उसैको बगलमा उभिइन् । नोआ, टाम र आल पलेंटी मारेर बसिरहे । पादरी बसिरहे, फेरि कुहिनाको सहाराले बसे । कान्नी र रोज आब शारन अलि पर गइरहे । रूठी र विनफिल्डले बकबक गर्दै बालटीनभरि पानी ल्याउँदा उनीहरूको निम्ति रमाइलो लाग्ने परिवर्तन हुन गयो । दुइ जनाले बिस्तारै बालटीन बोकेर ल्याई एक ठाउँमा राखेपछि उनीहरू चूप लागेर आमासित उभिन गए । परिवारको दल जम्मै आएर उनलाई हेर्न नछाडेसम्म बज्यै सगर्व र उपेक्षापूर्वक बसिरहिन् । त्यसपछि तिनले पल्टिएर आफ्नो पाखुराले मुख छोपिन् । सूर्य रातास्य भएर अस्ताएपछि जमीनमा चम्किलो सन्धि-प्रकाश आयो जसबाट मानिसहरूका अनुहार सन्ध्यामा उज्यालो भए र उनीहरूका आँखा आकाशको प्रतिबिम्बमा चम्कन थाले । सन्ध्याले सकेजति प्रकाश बटुल्यो ।

बाले भन्नुभयो : 'त्यो घटना मिस्टर विलसनको पालमा भएको थियो ।'

काका जानले स्वीकृतिसूचक टाउको हल्लाएर भने, 'त्यसले आफ्नो पाल पैंचो दियो ।'

बाले सानो स्वरले भन्नुभयो, 'बेस मित्रवत् मानिसहरू ।'

विलसन आफ्नो बिग्रेको गाडीमा उभिरह्यो र सायरी डसनामा गएर बज्यैको बगलमा बसिन् तर सायरीले उनलाई छोइनन् ।

बाले बोलाउनुभयो : 'मिस्टर विलसन ?' त्यो व्यक्ति पैताला घिसार्दै आएर पलेँटी मारी बस्यो र सायरी पनि आएर उसको बगलमा उभिइन् । बाले भन्नुभयो : 'हामी तिमीहरूलाई धन्यवाद दिन चाहन्छौं ।'

विलसनले उत्तरमा भन्यो, 'तिमीहरूलाई सघाउन पाएकोमा हामीलाई गर्व छ ।'

बाले भन्नुभयो, 'हामी तिमीहरूप्रति आभारी छौं ।'

विलसनले भन्यो, 'मर्न लागेको बेला आभारी भन्ने कुरा उठ्दैन ।' र सायरीले पनि भनिन् : 'यस्तो बेला आभारको कुरा कहिल्यै आउँदैन ।'

आलले भन्यो : 'तिम्रो गाडी म मरम्मत गरुँला– म र टाम मिलेर ।' परिवारको कृतज्ञता फर्काउनसकेकोमा आल गर्वले फुलेको जस्तो देखियो ।

विलसनले आभारको अनावश्यकतामा जोड दिएर भन्यो, 'हामीले सकेको सहायता दिनु पर्छ ।'

बाले भन्नुभयो : 'हामीले के गर्नु पर्छ भनेर विचार गर्नुछ । त्यसका कानून छन् । त्यसैले मृत्युबारे तिमीले रिपोर्ट दिनु छ । तिमीले त्यति गरेपछि उनीहरूले या त्यस कामको निम्ति चालीस डलर लिन्छन या एउटा निर्धन भन्ने ठान्छन् ।'

काका जानले भने : 'हामीले कहिले पनि गरीबहरूले पाउने सुविधा पाएका थिएनौं ।'

टामले भन्यो : 'त्यसबारे हामीले जान्नु छ । हामीले पहिले कहिले पनि मुर्दा गाड्नलाई जमीन पाएका थिएनौं ।'

बाले भन्नुभयो, 'हामीले स्पष्टसँग काम गरेका छौं । हामीलाई कुनै दोष लगाउने ठाउँ छैन । हामीले न कुनै कुराको फाइदा उठाएका थियौं न पैसा नै

तिर्नसकेका थियौं । कसैसँग अनुदान पनि लिएका थिएनौं । टामले दुःख झेल्नु पर्दा हामीले आफ्नो शिर ठाडो गर्न सकेका थियौं । अरूले गर्नसक्ने काम त्यसले पनि गऱ्यो ।'

काका जानले सोधे, 'उसो भए हामीले के गर्ने ?'

'हामीले कानूनबमोजिम गर्ने । उनीहरू लाश लिन आउनेछन् । हामीसँग जम्मा डेढ सय डलर छ । उनीहरूले बाज्येलाई गाड्न चालीस डलर लिए-भने हामीहरू क्यालिफोर्निया पुग्ने छैनौं । यसको विकल्पमा उनीहरूले उसलाई निर्धन ठानेर गाड्ने छन् ।' मानिसहरूमा बेचैनी फैलियो र उनीहरूले अँध्यारो हुँदै गइरहेको आफ्नो सामुन्नेको जमीनमा आँखा गाडेर हेरे ।

बाले सानो स्वरले भन्नुभयो : 'बाज्येले उनको बालाई आफ्नै हातले गाडे, त्यो पनि गौरवसाथ र आफ्नै साभेलले चिहान राम्रोसँग खने । त्यसबेला जुनसुकै मानिसलाई आफ्नै छोराको हातद्वारा गाडिइने अधिकार थियो तथा जुनसुकै छोराले आफ्नै बाबुलाई गाड्ने अधिकार पाउँथ्यो ।'

काका जानले भने, 'अहिले कानून भिन्नै छ ।'

बाले भन्नुभयो, 'कहिलेकाहीं कानूनको मर्यादा पालन गर्न नसकिने हुन्छ । यस्ता समय अनेक पटक आउँछन् । ल्फाइड फुस्केर गई अनियन्त्रित भएपछि कानूनले उसलाई छाडिदियो तर अरू जनताले छाडेनन् । कहिलेकाहीं मानिसले कानूनलाई बदलन्छन् । मेरो तात्पर्य के भने मैले पनि मेरो बालाई गाड्ने अधिकार पाउनु पर्छ । यसमा तिमीहरू कसैको केही भन्नु छ ?'

पादरीले कुहिनाको आडमा उठेर भन्यो, 'कानूनमा हेरफेर हुन्छ तर "गर्नु पर्ने कुराहरू" आई नै रहन्छन् । तिमीले गर्नुपर्ने काम गर्ने अधिकार तिम्रो छ ।'

बाले काका जानतिर फर्केर भन्नुभयो, 'जान, तिम्रो पनि भन्ने अधिकार छ । विरोधमा केही भन्नु छ ?'

काका जानले भने, 'विरोधमा केही भन्नु छैन । उनलाई राति गाडे बेस

होला । बाज्ये शिकार खेल्न राति निस्कन्थे ।'

बाले लाज मान्दै भन्नुभयो : 'बाज्येले जे गरे हामी त्यो गर्न सक्तैनौं । हाम्रो पैसा सिद्धिनुअघि हामीहरू क्यालिफोर्निया पुग्नु छ ।'

टामले भन्यो : 'कहिलेकाहीं मानिसले जमीन खन्दाखन्दै लाश फेला पर्छ अनि अरूहरूले खिचलो झिकेर त्यसैले मारेको भन्छन् । जिउँदो मानिसमाभन्दा मरेको मानिसमा सरकारलाई बढ्ता चाख लाग्छ । सरकारले त्यो मरेको मानिस को थियो तथा त्यो कसरी मऱ्यो भन्ने कुरा खोतल्दै पत्ता लगाउने कोशिश गर्नेछ । बाज्ये को हो, त्यो कसरी मऱ्यो, र किन यहाँ गाडिइयो भन्ने कुरा लेखेको कागज एउटा बोतलमा हालेर उसैको साथ गाडिदिने म प्रस्ताव गर्छु ।'

बाले स्वीकृतिस्वरूप मुन्टो हल्लाएर भन्नुभयो, 'बेस कुरा भन्यौ । कागजमा राम्रो अर्थ आउने गरी लेख्नू । एकलै बूढो मानिस भनेर नलेख्नू । उनको नाउँ लेखिदिए पुग्छ । अरू केही भन्नु छ ?' सबै चूप थिए ।

बाले आमातिर मुन्टो फर्काएर भन्नुभयो, 'तिमीले गाड्नलाई लाश ठीक गर्ने ?'

आमाले जवाब दिइन्, 'म सब ठीकथोक त गरुँला । तर बेलुकीको खाना कसले तयार गर्ने ?'

सायरी विलसनले भनिन् : 'म तयार गरुँला । तिमी आफ्नो काम गर्दै जाऊ । म र तिम्रो त्यो ठूली छोरी मिलेर खाना बनाऔंला ।'

आमाले भनिन्, 'हामी तिमीलाई धन्यवाद दिन्छौं । नोआ, तिमीले त्यो भांडाबाट चाहिने जति मासु झिक्नू । मासुमा अझ नून भित्रसम्म गएको छैन होला । तर खानलाई मजै होला ।'

सायरीले भनिन्, 'हामीसित आधा बोरा मात्र आलु छ ।'

आमाले भनिन्, 'मलाई अढाई डलरको आलु देऊ ।' बाले आफ्नो खल्तीमा खोजेर चाँदीको दाम दिए । तिनी भांडोमा पानी भरेर पाल भित्र गइन् । त्यहाँ

भित्र प्रायः अँध्यारो थियो । सायरी भित्र पसेर एउटा मैनबत्ती बालीकन बाकसमा ठड्याएर बाहिर निस्किन् । एक छिन आमाले ती मरेका बूढालाई हेरिरहिन् । र त्यसपछि तिनले आफ्नो आँचलबाट एक टुक्रा च्यातेर उसको जबडामा कसिन् । तिनले उनका हात-खट्टा सोझ्याएर उनैको छातीमा हात जोडिदिइन् । आफ्नो आँखाको ढकनी तल झुकाईकन तिनले दुवै हातमा चाँदीको एकेक सिक्का राखिदिइन् । तिनीले उनको कमीजको टाँक लगाएर मुख धोइदिइन् ।

सायरीले भित्र हेरेर भनिन्, 'म तिमीलाई सघाउँ ?'

आमाले विस्तारै माथि हेरेर भनिन्, 'भित्र आऊ । मलाई तिमीसित कुरा गर्नुछ ।'

सायरीले भनिन्, 'तिम्रो ठूली छोरी त बेसै रहिछन् । आलुको बोक्रा फाल्नमा तिनी सिपालु रहिछन् । मैले के सघाउँ ?'

आमाले भनिन्, 'म बाज्येलाई नुहाइदिन लागिरहेछु । तर उनको फेर्ने लुगा छैन । र तिम्रो दोलाइँ बिग्रिसकेको छ । मरेको मानिसको गन्ध दोलाइँबाट कहिले पनि जाँदैन । दुइ वर्ष अघि मेरी आमा मरेको डसनामा एउटा कुकुरलाई ङ्वार्र-ङ्वार्र गरेर बसिराखेको मैले देखेकी छु । त्यसैले उसलाई त्यही दोलाइँले बेरौंला । तिमीलाई अर्को दोलाइँ भर्ना दिउँला ।'

सायरीले भनिन् : 'तिमीले त्यस्तो कुरा नगरे पनि हुने । तिमीहरूलाई सघाउन पाएर हामीलाई गर्व छ । धेरै दिनदेखि यस्तो सुरक्षित भएको मैले अनुभव गरेको छैन । मानिसहरूलाई सहायताको आवश्यकता पर्छ ।'

आमाले स्वीकृति जनाउन मुन्टो हल्लाइन् । तिनीले भनिन, 'मानिसहरूलाई सहायता चाहिन्छ ।' दृढसंकल्प जनाउने जबडा तथा मैनबत्तीको प्रकाशमा चम्किरहेका सेता आँखा भएको जुंगा भएको मुखमा तिनीले निकै बेर हेरिरहिन् । 'त्यो स्वाभाविक नदेखिएकोले हामीले उनलाई लपेट्न लागेका ।'

'ती बुढियाले यो कुरा बेसै ठानिन् ।'

आमाले भनिन्, 'किन, तिनी यति बूढी भइन् कि ठीक-ठीक के भयो भनेर

तिनले थाहा नपाएकी हुनसक्छ । तिनले निकै वेरसम्म यथार्थ कुरा थाहा नपाइ-रहेको हुनसक्छ । हामीहरूलाई पनि कुरा नखोल्नमा गर्व लाग्छ । मेरा बा भन्नु-हुन्थ्यो : "जसको पनि स्वास्थ्य बिग्रनसक्छ । नबिग्रोस् भन्ना निम्ति अर्को मानिसको सहायता चाहिन्छ ।" हामी जहिले पनि कुरा रोक्ने कोशिश गर्छौं ।' तिनले दोलाइँ बाज्येका खुट्टा वरिपरि तथा कुमको चारैतिर राम्रोसँग पट्टयाइन् । जोगीको टाउको छोप्ने वस्त्र जस्तै तिनले दोलाइँको कुना उनको टाउकोमाथि ल्याएर उनको मुखमाथि कसिन् । सायरीले उनलाई आधा दर्जन ठूल-ठूला पिनहरू दिएपछि तिनले कसेर राम्रोसँग दोलाइँमा पिन लगाएर लामो पोको बनाइन् । र अन्तमा तिनले उभेर भनिन्, 'यो गाड्नलाई नराम्रो त हुँदैन । उनको अन्तिम संस्कार गर्न हामीहरूको साथमा एउटा पादरी पनि छ ।' अकस्मात् तिनी अलिकति झुकिन् र सायरीले उनको छेउमा गई उनलाई सोझ्याइदिइन् । आमाले लजालु स्वरमा भनिन्, 'त्यो सुतेको छ– अँहँ, मलाई सन्चै छ । तयारी गर्दा-गर्दै हामी व्यस्त भएका छौं, बुझ्यौ ।'

सायरीले भनिन्, 'बाहिर हावामा आऊ ।'

'ज्यू, मलाई यही ठीक छ ।' सायरीले मैनबत्ती फू गरेर निभाई दिएपछि दुवै बाहिर गए ।

सानो भीरको फेदमा मजासँग आगो बलिरहेको थियो । र टामले लट्ठी र तारको सहायताले अडाएर दुइटा केटली झुण्डाइराख्यो जो ठूलो स्वरले गुडगुड गरेर उम्लिरहेको थियो । केटलीको बिर्कोबाट निकै बाफ निस्किरहेको थियो । रोज आव शारन बलिरहेको आगोको तापले नभेट्टाउने ठाउँमा घुँडा टेकेर बसिरहिन् । तिनको हातमा एउटा लामो चम्चा थियो । तिनले आमालाई पालबाट बाहिर निस्केको देखेपछि उठेर उनीकहाँ गइन् ।

तिनले भनिन्, 'आमा, मलाई सोध्नुपर्‍यो ।'

आमाले सोधिन्, 'फेरि डराइस् ? किन, मानसिक दुःख नपाईकन नौ महीनामा तँ बच्चा पाउन सक्तिनस् ।'

'तर यो दुःखले बच्चालाई नोक्सान गर्ला र ?'

आमाले भनिन्, 'एउटा उखान छ, "दुःखमा जन्मेको बच्चा सुखी हुन्छ ।" होइन त, श्रीमती विलसन ?'

सायरीले भनिन्, 'मैले त्यस्तै सुनेकी थिएँ । र मैले अर्को पनि सुनेकी छु : "ज्यादै सुखमा जन्मेको लडका दुःखी हुन्छ ।" '

रोज आब शारनले भनिन्, 'मलाई भित्र-भित्र डर लाग्छ ।'

आमाले भनिन्, 'अँ, हामीहरू कोही ठट्टा गरेर खतडा मोल लिन चाहँदैनौं । भाँडाहरू हेर्नू है ।'

आगोको चारैतिर घेरेर मानिसहरू बसिरहे । औजारको हकमा उनीहरूसँग एउटा साभेल र एउटा कोदालो थियो । बाले आठ फीट लामो र तीन फीट चौडा जमीनमा चिनो लगाउनुभयो । क्रमानुसार कामको थालनी भयो । बाले कोदालो लिएर जमीन खन्नुभयो र काका जानले साभेलले माटो फाले । आलले माटो काट्यो, टामले साभेलले माटो फाल्यो । नोआले माटो काट्यो, कान्नीले साभेलले माटो फाल्यो । र खाल्टो गहिरिएर गयो किनभने कामको गति कहिले घटेन । साभेलबाट फालिएको माटो छिटो छिटो खाल्टोबाट बाहिर उठेर आयो । समकोण-चतुर्भुज आकारको खाल्टो टामको कुमसम्म आउने गरी गहिरिएपछि त्यसले सोध्यो, 'बा, कति गहिरो पार्ने ?'

'निकै गहिरो गर्नु पर्छ । अझ दुइ फीट खन । टाम, अब तिमी बाहिर निस्क र त्यो कुरा कागजमा लेख ।'

टाम आफैं उचालिई खाल्टोबाट बाहिर निस्क्यो र नोआले उसको ठाउँ लियो । टाम आमा भएको ठाउँमा गयो जहाँ तिनी आगो हेरिरहेकी थिइन् । 'आमा, हामीसँग कलम र कागज छ ?'

आमाले बिस्तारै नकारात्मसूचक मुन्टो हल्लाइन्, 'अँ-हँ । त्यही एकथोक हामीले ल्याएनौं ।' तिनले सायरीतिर हेरिन् । र ती सानो कदको आइमाई छिटो-छिटो आफ्नो पालमा गइन् । तिनले एउटा बाइबल र आधा सिसाकलम ल्याइन् । तिनले भनिन्, 'लेऊ, अघिल्तिर खाली एक पाता छ । त्यसलाई च्यातेर प्रयोग गर ।'

तिनले त्यो किताब र सिसाकलम टामको हातमा राखिदिइन् ।

टामले आगोको प्रकाशमा बसेर मन एकाग्र गर्नलाई आँखा तेर्सो गऱ्यो । र अन्तमा त्यसले बिस्तारै होशियारीसाथ किताबको अघिल्लो पातामा राखेको खाली कागजमा ठूल-ठूलो स्पष्ट अक्षरमा लेख्न थाल्यो : यो विलियम जेम्स जोड हो जो बूढो भएर पक्षाघातले मऱ्यो । मलामी खर्च नभएकोले उसका मानिसहरूले उसलाई आफै गाडे । उसलाई कसैले मारेको होइन । पक्षाघात भए ऊ मऱ्यो ।' यति लेखेर त्यो थामियो । 'आमा, यो पढ्छु सुन त ।' त्यसले यो बिस्तारै उनलाई पढेर सुनाइदियो ।

तिनले भनिन्, 'किन, त्यो त राम्रो भयो । तिमीले धर्मशास्त्रबाट केही कुरा टाँस्न सक्तैनौ जसबाट यो धार्मिक हुने छ । त्यो किताब खोलेर धर्मशास्त्रको केही कुरा झिक ।'

टामले भन्यो, 'छोटकरीमा हुनु पर्छ । यो पानामा थोरै ठाउँ मात्र बाँकी छ ।'

सायरीले भनिन्, 'यसो भने के होला "ईश्वरले उसको आत्मालाई दया गरून् ?" '

टामले भन्यो, 'अँहँ, त्यसले झुण्डाइएको जस्तो भान पार्नेछ । म केही सारुँला ।' त्यसले पानाहरू पल्टाउँदै, आफ्नो ओठ चलाउँदै मनमनै पढ्दै गयो । त्यसले भन्यो, 'यहाँ एउटा राम्रो छोटो उद्धरण पाइयो । "र लाटले उनीहरूसित भन्यो, अहो, यस्तो होइन, मेरो प्रभो ।" '

आमाले भनिन्, 'यसको केही अर्थ निस्केन । तिमीले यस्तो एउटा छान्नु पर्छ जसको केही राम्रो अर्थ हो ।'

सायरीले भनिन्, 'भजन पल्टाएर हेर उतातिर । भजनबाट तिमीले सधैं केही कुरा भेट्टाउन सक्छौ ।'

टाम पानाहरू पल्टाएर कविताहरू हेर्न थाल्यो । त्यसले भन्यो, 'एउटा यहाँ छ । यो चाहिं धार्मिक भावनाले परिपूर्ण र राम्रो छ । "त्यसले ईश्वरको आशीर्वाद

पाएको छ जसको उल्लंघन क्षमा गरिएको छ, जसको पाप ढाकिएको छ।" यो कस्तो छ ?'

आमाले भनिन्, 'त्यो साँच्चिकै राम्रो छ। त्यसभिन्न त्यही राख।'

टामले यसलाई होशियारीसाथ लेख्यो। आमाले एउटा फलफुलको भाँडा पुछेर सफा गरिन्। टामले यसमा बिर्को हालेर कस्यो। त्यसले भन्यो, 'यो पादरीले लेख्नु पर्ला।'

आमाले भनिन्, 'अँहँ, पादरी मृतकको नातादार होइन।' तिनी उसँग भाँडा लिएर अँध्यारो पालमा गइन्।कसिएका हातहरू फुकालेर तिनले त्यो फलफुलको भाँडा पातलो चिसो हातहरूमुनि घुसारेर फेरि पीनले कसिदिइन्। यति गरिसकेपछि तिनी आगो हेर्न फर्केर गइन्।

मानिसहरू चिहानबाट फर्केर आउँदा उनीहरूका आकृति पसिनाले टल्केका थिए। बाले भन्नुभयो, 'ठीक भयो।' जान, नोआ र आलसित बा पालमा जानुभयो। र पीनले कसिराखेको लामो पोकालाई उनीहरूले बोकेर बाहिर ल्याए। उनीहरूले बोकेर त्यसलाई चिहानमा लगे। बाले खाल्टोमा फाल हालेपछि त्यो पोकालाई आफ्नो पाखुरामा लिएर सुस्त-सुस्त तल हाल्नुभयो। काका जानले खाल्टो बाहिरबाट एक हातले बालाई सघाए। बाले सोध्नुभयो–'बज्यैलाई कस्तो छ ?'

आमाले भनिन्, 'म हेरुँला।' तिनी डसनानजीक गई एक छिन बूढीलाई हेरिन्। त्यस पछि तिनी चिहानतिर गइन्। तिनले भनिन्, सुतिरहिछन्। तिनले मेरो विरोध गर्न सक्थिन् त्यसैले मैले उनलाई उठाइनँ। उनलाई थकाइ लागेको छ।'

बाले भन्नुभयो : 'पुरोहित कहाँ छ त ? यहाँ प्रार्थना गर्नु पर्छ।'

टामले भन्यो, 'मैले उसलाई सडकमा हिंड्दै गरेको देखेको छु। त्यसलाई प्रार्थना गर्ने मन छैन।'

'प्रार्थना गर्ने मन छैन ?'

टामले भन्यो, 'मेरो तात्पर्य त्यो होइन। त्यो अब पादरी होइन। पादरी

नहुँदा एउटा पादरीले जस्तै काम गरेर मानिसहरूलाई बेवकूफ बनाउन ठीक छैन भनी ऊ विचार गर्छ । म बाजी ठोक्न सक्छु कि ऊ पर गएको कारण कसैले उसलाई नसोधोस् भनेर हो ।'

केसी सुस्त-सुस्त नजीक आइसकेको थियो र टामले बोलिरहेको कुरा त्यसले सुनेर भन्यो, 'म भागेको छैन । म तिमीहरूलाई सघाउने छु तर बेवकूफ भने बनाउने छैन ।'

बाले भन्नुभयो : 'केही धार्मिक कुरा नभन्ने त ? हाम्रो परिवारको कुनै पनि व्यक्तिलाई धर्मोपदेश नसुनाईकन गाडिएको छैन ।'

पादरीले भन्यो, 'म सुनाउने छु ।'

कान्नीले रोज आब शारनलाई उनले अनिच्छा गरेपनि चिहानतिर लग्यो । कान्नीले भन्यो, 'नजानु असभ्य होइन्छ । एक छिन भएपनि जानु पर्छ ।'

आगोको प्रकाश तिनीहरूको दलमाथि पर्न गयो जसबाट उनीहरूका आकृति र आँखा झुकेर आफ्नो कालो लुगाहरूमा परेको देखाइदियो । अब सबैका टोप आ-आफ्नो टाउकोबाट झिकिइए । प्रकाश मानिसहरूमा परेर नाच्न थाल्यो ।

केसीले भन्यो : 'धर्मोपदेश छोटो हुनेछ ।' त्यसले आफ्नो टाउको झुकाएपछि अरूहरूले पनि त्यस्तै गरे । केसीले गम्भीरतापूर्वक भन्यो : 'यो बूढो मानिस आफ्नो जिन्दगी व्यतीत गरेर भरखर मरेको छ । मलाई थाहा छैन त्यो असल थियो या खराब । त्यो त्यतिको महत्त्वपूर्ण पनि छैन । तर त्यो बाँचेको थियो भन्ने कुरा नै महत्त्वपूर्ण छ । र अब त्यो मऱ्यो त्यसमा पनि केही छैन । कसैले एउटा कविता भनेको मैले सुनेको छु । त्यसले भनेको यही हो : "जति बाँचेका छन् ती सबै पवित्र छन् ।" त्यसमा विचार गरेर हेरेपछि चाँडै पत्ता लाग्छ कि कविताले जति शब्दहरू भनेको छ त्यसको अर्थ त्योभन्दा बढी हुन आउँछ । र मरेर गएको बूढोको निम्ति म प्रार्थना गर्दिनँ । त्यो ठीकै थियो । त्यसले काम पाएको थियो । तर उसलाई गाड्न लागिएको छ । तर हामीले काम पाउनु छ । काम हजारौं छन् तर कुनचाहिं गर्ने हामीलाई थाहा छैन । र मैले प्रार्थना गर्नुपऱ्यो भने तिनीहरूको निम्ति गर्छु जसलाई के काम गर्ने भन्ने थाहा हुँदैन । बाज्येले यहाँ सजिलो बाटो लिइसक्नु भयो । र अब

उनलाई पुरिदेऊ र उनलाई आफ्नो काम गर्न देऊ।' यति भनेर त्यसले आफ्नो टाउको उठायो।

बाले 'तथास्तु' भन्नुभयो र अरूहरूले पनि त्यस्तै भने। त्यसपछि बाले साभेल लिएर त्यसमा माटो आधा भरेर खाल्टोमा सुस्तरी फिँजाउनुभयो। उहाँले काका जानको हातमा साभेल दिनुभयो। अनि जानले त्यसमा माटो भरेर खाल्टोमा खसालिदिए।त्यस पछि साभेल एक हातबाट अर्को हातमा गयो र आ-आफ्नो पालोमा सबैले माटो भरेर खसाले। सबैले आ-आफ्नो कर्तव्य र अधिकार पालन गरिसकेपछि बाले खुकुलो माटोको थुम्कोमाथि साभेल चलाएर छिटो-छिटो खाल्टो पुरिदिनुभयो। आइमाईहरू बेलुकीको खाना तयार भयो कि भनेर हेर्नलाई आगो बलिरहेको ठाउँमा गए। रूठी र विनफिल्ड विचारमग्न भएर हेरिरहे।

रूठीले गम्भीर भएर भनिन् : 'बाज्ये त्यहाँ तल हुनुहुन्छ।' र विनफिल्डले दच्केको आँखाले उनलाई हेऱ्यो। त्यसपछि ऊ त्यहाँबाट दगुरेर आगो बलेको ठाउँमा गई बसेर सुँक्क-सुँक्क रुन थाल्यो।

बा आधा खाल्टो पुरिसकेपछि स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ भई उभिनुभयो। बाँकी सबै काका जानले पुरिदिए। जानले चिहानमाथि थुम्को बनाउन लाग्दा टामले रोकेर भन्यो, 'सुन, हामीहरूले एउटा चिहान छोडेर गएपछि उनीहरूले यसलाई लगत्तै खोलेर हेर्नेछन्। हामीले त चिहानलाई लुकाउनु छ। त्यसलाई सम्याएर हामीले त्यसमाथि सुकेको घाँस छरिदिनु पर्छ।'

बाले भन्नुभयो : 'मलाई त त्यसो गर्नु ठीक जस्तो लागेन। चिहानमाथि थुम्को नबनाईकन त्यसै छोड्ने अधिकार नै छैन।'

टामले भन्यो, 'त्यसो नगरीकन सुखै छैन। उनीहरूले यसलाई खनेर झिकि-हाल्छन् र हामीहरूमाथि कानून उल्लंघन गरेको दोष आइहाल्छ। मैले कानून भंग गरेपछि के सजाय पाउँछु भन्ने कुरा तिमीहरूलाई थाहा नै छ।'

बाले भन्नुभयो, 'हो, हो, मैले त त्यो कुरा बिर्सी नै राखेको।' उहाँ जानको हातबाट साभेल खोसेर चिहान सम्याउन थाल्नुभयो। उहाँले भन्नुभयो, 'जाड़ो याम आए पछि यो चिहान गडेर जाने छ।'

टामले भन्यो, 'त्यसमा हामीहरू लाचार छौं । जाडो मौसम आउन्जेल हामी कता-कता पुग्ने छौं । चिहानलाई ठीक पारेर हामी त्यसमा जे-जे छर्नु पर्छ छर्नौं ।'

सुँगुरको मासु र आलु पाकिसकेपछि दुइ परिवारका सदस्यहरू जमीनमा बसेर खान थाले । र उनीहरू शान्त भएर आगोमा घोरिइएर हेरिरहेका थिए । आफ्नो दाँतले एक चपरी मासु च्यातेर विलसनले सन्तोषको सास फेन्यो । त्यसले भन्यो, 'यो सुँगुरको मासु मीठो छ ।'

बाले व्याख्या गरेर भन्नुभयो, 'अँ, हामीसित दुइटा सुँगुर भियो जसलाई खान बेस होला भन्ठान्यौं । खानलाई केही नभएकोले हामीहरू प्रस्थान गर्दा जोडको आमाले रोटीको मात्र प्रबन्ध गर्न सक्ने भएकीले ट्रकमा दुइवटा भाँडाभरी सुँगुरको मासु राखेर लानु बेस होला भन्ठानेका थियौं । तिमीहरू यहाँ सडकमा कति दिन बस्ने ?'

विलसनले आफ्नो दाँतमा अड्केका मासुका टुक्राहरू जिब्रोले साफ गरेर निल्यो । त्यसले भन्यो, 'हामीहरू भाग्यमानी छैनौं । घरबाट निस्केको तीन साता भइसक्यो ।'

'किन, सर्वशक्तिमान् ईश्वरको किरिया खाएर भन्छु, दस दिन या त्योभन्दा यतै क्यालिफोर्निया पुग्ने हाम्रो उद्देश्य छ ।'

आमाले भन्यो : 'बा, मलाई थाहा छैन । त्यत्रो भारी लिएर हामीहरू कहिले पनि त्यहाँ पुग्न नसकौंला । पहाडहरू नाघ्नुछ भने पुग्ने छैनौं ।'

आगोको वरिपरि बसेर उनीहरू चुप थिए । मुख तलतिर निहुरिएकोले उनीहरूको कपाल र निधार आगोको प्रकाशमा देखिए । अग्नि-प्रकाशमाथि गृष्म-ताराहरू अलि-अलि चम्किरहेका थिए । र दिनको गर्मी क्रमशः घट्दै गइरहेको थियो । आगोदेखि टाढा आफ्नो डसनामा बसेर बज्यै छाउरो जस्तै सुस्त-सुस्त कराइरहेकी थिइन् । सबैको मुन्टो उतैतिर फर्क्यो ।

आमाले भनिन् : 'रोसाशर्न, जाती लड्की जस्तो भई बज्यैसँग पल्टिरहन

जाऊ । अब उनलाई एक्लै छोड्न भएन । अब उनलाई बाज्येबारे थाहा हुँदैछ ।'

रोज आब शारन उठेर डसनामा गई बूढीको छेउमा पल्टिइन् । र उनीहरू दुवैले सानो स्वरमा गुनगुनाएको आवाज आगो बलिरहेको ठाउँमा सुनिन्थ्यो । रोज आव शारन र बज्यै एक साथ डसनामा बसेर कानाखुसी गर्न थाले ।

नोआले भन्यो : 'मजाको कुरा त के छ भने बाज्येको मृत्युले मलाई पहिलेको हेरीकन केही फरक तुल्याएको छैन । पहिले ममा जति उदासीनता थियो त्योभन्दा बढी अहिले छैन ।'

केसीले भन्यो, 'बाज्ये र पुरानो ठाउँ एकै कुरा हो । दुवैमा केही फरक छैन ।'

आलले भन्यो : 'यो साच्चै शरमको कुरा हो । उनले गर्न चाहेका काम–जस्तो अंगूरहरू आफ्नै टाउकोमा निचोरेर जुंगा र दाच्ही तिनीहरूको झोलले भिज्नदिने-आदि त्यस्तै अरू कुरा गरेर हिंडिरहेका थिए ।'

केसीले भन्यो: 'उनी जहिले पनि अरूलाई बेवकूफ बनाइरहन्थे । मलाई लाग्छ त्यसो गरिरहेको उनलाई थाहा थियो । बाज्ये आज राति मरेका होइनन् । उनी त्यही बेला मरिसके जब तिमीहरूले उनलाई त्यस ठाउँबाट लिएर आयौ ।'

बाले कराएर भन्नुभयो, 'त्यो कुराबारे तिमीलाई निश्चय थियो र ?'

केसीले भन्दै गयो, 'किन, अँहँ । ओहो, उनी सास फेरिराखेका त थिए तरैपनि उनी मरेका थिए । त्यो त्यही ठाउँ थियो भनेर उनलाई थाहा थियो ।'

काका जानले भने : 'उनी त्यस बेला मरेका थिए भनेर तिमीलाई थाहा थियो र ?'

केसीले भन्यो, 'ज्यू, मलाई थाहा थियो ।'

जानले उसलाई घोरिएर हेऱ्यो र उसको आकृतिबाट डरको भावना झल्केको

थियो, 'तिमीले किन कसैलाई नभनेका ?'

केसीले सोध्यो, 'भनेर के फाइदा ?'

'हामीहरूले केही गर्न सक्थ्यौं ।'

'के ?'

'मलाई थाहा छैन, तर– '

केसीले भन्यो, 'अँहँ, तिमीहरूले केही पनि गर्न सक्ने थिएनौ । तिमीहरूको बाटो निश्चित भइसकेको थियो र बाज्येलाई त्यसमा केही चाख थिएन । उनले कसैलाई जान रोकेनन् । उनले आफ्नो जग्गा छोड्न नचाहेर त्यसैमा बस्न चाहेका थिए ।'

काका जानले क्राइस्टको नाउँमा गम्भीर प्रार्थना गरे ।

विलसनले भन्यो: 'हामीले भाइ विललाई छोडेर आउनु परेको थियो ।' सबैको मुन्टो उसैतिर फर्के । 'ऊ र म चालीस नाघेका थियौं । मभन्दा ऊ जेठो छ । हामी दुवैले गाडी कहिले पनि चलाएका थिएनौं । हामहरूले बेच्ने ठाउँमा गएर सबथोक बेच्यौं । विलले एउटा गाडी किन्यो । र गाडी-बेच्नेहरूले उसलाई गाडी चलाउन सिकाउन एउटा ठिटा दिए । यसकारण हामीहरू प्रस्थान गर्नुअगाडि मध्याह्नतिर विल र अन्टमिन्नी गाडी चलाउने अभ्यास गर्न गए । विल सडकको एउटा घुम्तीमा आएपछि "होआ" भनेर करायो । गाडीलाई ब्याक गरेर ल्याउँदा ऊ बारेको ठाउँ छेडेर गयो र फेरि "होआ, तँ राँडा छोरा" भनेर के कराएको थियो ऊ एउटा भीरको तलतिर गइहाल्यो । त्यो त्यहीं थियो । अरू केही बेच्ने कुरा पनि थिएन र गाडी पनि पाएनौं । यो उसैको दोष थियो । त्यो यस्तो पागल जस्तो भयो कि त्यसले हामीसँग आउन चाहेन तर सराप्दै त्यहीं बसिरह्यो ।'

'ऊ के गर्न गइरहेछ ?'

'मलाई थाहा छैन । त्यो यस्तो पागल भयो कि त्यसले केही विचारै गर्न सकेन । र हामीहरू पनि उसको निम्ति पर्खन सकेनौं । हामीसँग जम्मा पचासी

डलर थियो। हामीहरू त्यहाँ बसेर त्यो खर्च गर्न सक्तैनथ्यौं। जसरी भए पनि हामीहरू त्यतिले गुजारा गर्दै आयौं। सय माइल पनि गएका थिएनौं गाडीको पछिल्तिर एउटा दाँती भाँचियो र अर्को दाँती हाल्नलाई तीस डलर खर्च भयो। र एउटा टायर किन्नुपर्‍यो, त्यसपछि एउटा स्पार्क प्लग चर्क्यो अनि सायरी बिरामी परिन्। त्यसैले दस दिनसम्म थामिनुपर्‍यो। अहिले फेरि बेईमान गाडी बिग्रेर पैसा नपुग्ने भयो। अब क्यालिफोर्निया कहिले पुग्ने हो मलाई थाहा छैन। मैले गाडी मात्र मरम्मत गर्न सकेको भए पनि हुन्थ्यो तर गाडीको बारे मलाई केही ज्ञान छैन।'

आलले महत्त्व दिएर सोध्यो: 'गाडीलाई के भएको ?'

'अँ, गाडी चलेन। एक छिन चलेपछि फेरि फस्स भई रोकिइहाल्छ। एक छिनपछि फेरि स्टार्ट हुन्छ तर चाल लिएर अगाडि बढ्न नपाउँदै फेरि थचक्क बसिहाल्छ।'

'एक छिन गुडेर फेरि थामिन्छ ?'

'ज्यू, जति ग्याँस दिए पनि त्यो अगाडि नबढ्ने। झन् झन् बिग्रेर गयो। अब त अलिकति पनि चल्न मान्दैन।'

आल साह्रै घमण्डी र पाको मान्छे थियो। त्यसले भन्यो, 'त्यसोभए मलाई लाग्छ, ग्याँस निस्कने प्वाल बन्द भयो। म खोलिदिन्छु।'

र बा पनि गर्वले फुल्नु भएको थियो। उहाँले भन्नुभयो, 'गाडीको विषयमा त्यो सिपालु छ।'

'अँ, म निश्चय नै तिम्रो सिपालु हातको निम्ति धन्यवाद दिन्छु। हामीहरू क्यालिफोर्निया पुगेपछि म एउटा राम्रो गाडी किन्न चाहन्छु। त्यो गाडी त बिग्रने छैन होला।

बाले भन्नुभयो: 'त्यहाँ पुगेपछि भनुँला। त्यहाँ पुग्नु नै समस्या भइरहेछ।'

बिलसनले भन्यो, 'ओहो, त्यहाँ त पुग्नै पर्ने। मैले पर्चाहरू देखेको छु।

त्यसमा फलफूल टिप्नलाई मानिसहरूको आवश्यकता तथा राम्रो ज्यालाबारे जिकिर गरिएको छ । छायाँदार रूखमुनि बसीकन फलफूल टिप्दै टोक्दै गर्नु कस्तो होला भनेर विचार गऱ्यौ ? हामीले फलफूल जति खाएपनि उनीहरू परवाह गर्दैनन् किनभने उनीहरूसित राम्रो ज्याला लिएर हामीले एक टुक्रा जमीन किनीकन त्यसबाट अरू फाइदा उठाउन सक्छौं । गोडा दुइ-एकै वर्षमा त्यस्तो काम गर्नेले आफ्नै स्थान बनाउन सक्छ ।'

बाले भन्नुभयो : 'हामीले त्यस्ता पर्चाहरू देखेका छौं । एउटा त मसँग यही छ ।' उहाँले आफ्नो थैली झिकेर त्यसबाट पट्टयाइराखेको सुन्तला-रंगको पर्चा झिक्नुभयो । कालो अक्षरमा यस्तो लेखिएको थियो : 'क्यालिफोर्नियामा केराउ-टिप्नेहरूको आवश्यकता । सबै मौसममा राम्रो ज्याला पाइने । ८०० जवान टिप्नेहरू चाहिएका छन् ।'

विलसनले पर्चालाई उत्सुकतापूर्वक हेरेर भन्यो, 'किन, मैले देखेको पनि यही हो । एकदम यही हो । उनीहरूले आठ सय मजदूरहरू पाइसके होलान् भन्ने तिमी ठान्छौ ?'

बाले भन्नुभयो : 'यो क्यालिफोर्नियाको एउटा सानो भाग मात्र हो । यो हाम्रो सबभन्दा ठूलो दोश्रो राज्य हो । उनीहरूले आठ सय मजदूरहरू पाएपनि के भो र अरू पनि पर्याप्त ठाउँ छन् । म त जसरी भएपनि फलफूल नै टिप्छु । तिमीले भने जस्तै रूखहरूमुनि बसेर फलफूल टिप्ने । केटाकेटीहरूले पनि त्यसो गर्न मन पराउँछन् ।'

अकस्मात् आल उठेर विलसनहरूको पर्यटन-गाडीमा गयो । एक छिन भित्रपट्टि हेरेर त्यो फर्क्यो अनि बस्यो ।

विलसनले भन्यो, 'तिमी आज राति गाडी मरम्मत गर ।'

'मलाई थाहा छ, म भोलि बिहान काम गरुँला ।'

टाम आफ्नो कान्छा-भाइलाई होशियारीसँग हेरिरहेथ्यो । त्यसले भन्यो, 'म त्यस्तै केही कुरा विचार गरिरहेको थिएँ ।

नोआले सोध्यो : 'तिमीहरू दुइ जना के कुरा गरिरहेका ?'

टाम र आल चूप थिए, एक-अर्काको निम्ति पर्खेर । आलले आखिरमा भन्यो, 'भनिदेऊ उनीहरूलाई तिमीले ।'

'अँ, आलले जे विचार गरिरहेछ त्यो राम्रो कुरा नहुनसक्छ तथा मैले भन्न लागेको जस्तो पनि नहुनसक्छ । जे भएपनि गाडी यहाँ छ । हाम्रो गाडीमा भार बढ्ता छ तर विलसनहरूकोमा छैन । हामीहरूमा कोही-कोही उनीहरूको गाडीमा बसी, उनीहरूका हलुका सामानहरू हाम्रो ट्रकमा राख्यौं भने गाडीका कमानीहरू टुट्ने छैनन् तथा हामीहरू पहाड पनि उक्लन सक्नेछौं । गाडीबारे जान्ने म र आल मात्र छौं । अतएव हामीले त्यस गाडीलाई चलाउन सक्छौं । हामीहरू बाटोमा सँगै जाऔंला जसबाट दुवै दललाई फाइदा हुनेछ ।'

विलसनले खुशीले उफ्रँदै भन्यो, 'जरूर हामीलाई त गर्व हुनेछ । हामीहरू अवश्य साथ जानेछौं । सायरी, सुन्यौ तिमीले ?'

सायरीले भनिन्, 'यो राम्रो कुरा हो । तिमीहरूलाई बोझ जस्तो त हुँदैन ?'

बाले भन्नुभयो, 'अँहँ, ईमानसाथ हुँदैन । बोझ हुनु त परै जावस्, तिमीहरू साथमा हुनु नै हामीहरूलाई सहायता हुनेछ ।'

विलसनले बेचैन भई पछिल्तिर हेरेर भन्यो, 'अँ मलाई थाहा छैन ।'

'कुरा के भयो ? हाम्रो साथमा जाने मन छैन ?'

'अँ, बुझ्यौ– मसँग तीस डलर जति बाँकी छ तैपनि म तिम्रो निम्ति बोझ हुन्नँ भन्छौ ।'

आमाले भनिन् : 'तिमीहरू बोझ हुँदैनौ । हामीहरू परस्परमा सघाउँदै क्यालिफोर्निया पुगौंला । सायरी विलसनले बाज्येलाई पुर्ने काममा सघाइन् ।' यति भनेर तिनी अडिइन् । सम्बन्ध स्पष्ट थियो ।

आलले कराएर भन्यो : 'त्यो गाडीमा ६ जना सजिलैसित अटाउँछन् । भनौं कि म, रोसाशार्न, र वज्यै वसौं । अनि त्यसमा भएका टूलठूला हल्का सामानहरूलाई ट्रकमा राखेर अगाडि बढौं ।' त्यसले जोरसँग भन्यो किनभने उसको मनबाट चिन्ताको भारी बोझ हटचो ।

उनीहरूले लाजले मुस्काउँदै तलतिर हेरे । बाले धूले-माटो औंलाको टुप्पामा लिएर भन्नुभयो, 'टामको आमालाई वरिपरि सुन्तला बोट भएको सेतो घर मन पर्छ । तिनले क्यालेन्डरमा एउटा ठूलो तसवीर देखेकी छन् ।'

सायरीले भनिन् : 'म फेरि बिरामी भएँ भने तिमीहरू त्यहाँ पुग्नुपर्नेहरूलाई फसाद भइहाल्छ । त्यसैले हामीहरू बोझ भएर जान चाहन्नौं ।'

आमाले सायरीलाई होशियारीसाथ हेरिन् । र तिनले पहिलेबाजि यातनाले सताइएका आँखा तथा डरले भरिएको र दुःखले खुम्चिएको मुख देखेको जस्तो लाग्यो । र आमाले भनिन् : 'हामी तिमीहरू सफल भएको हेर्न चाहन्छौं । तिमी आफैं भन्थ्यौ कि चाहिएको सहायता हातबाट गुम्न दिनु हुँदैन ।'

सायरीले आगोको प्रकाशमा आफ्ना खुम्चिएका हातहरूको अध्ययन गरेर भनिन्, 'आज राति हामीले अलि सुत्नु पर्छ ।' यति भनेर तिनी उभिइन ।

आमाले भनिन्, 'बाज्ये मरेको एक वर्ष भएको जस्तो लाग्छ ।'

दुवै परिवारहरू जोरसँग हाई गर्दै आलस्यसाथ सुत्न गए । आमाले टीनका प्लेटहरू पानीमा अलि-अलि चोपेर चिल्लो सफा गर्न पीठोले दल्न थालिन् । आगो निभेर गएपछि ताराहरूको प्रकाश तल झऱ्यो । मुसाफिर-गाडीहरू कम संख्यामा मूल-सडकबाट जान थाले तर माल-गाडीहरू बराबर गडगडाउँदो आवाजले जमीन थर्काउँदै गइरहन्थे । खान्टोमा गाडीहरू ताराको प्रकाशमा मुश्किलले देखिइन्थे । सडकमा पेट्रोल-स्टेशनमा बाँधिराखेको एउटा कुकुर जोरसँग कराइरहेको थियो । दुवै परिवारहरू शान्तसँग सुतिरहेका थिए । र खेतका मुसाहरू नडराईकन डसना-हरूमा भागंभाग गर्न थाले । कोही बिउँझेको थियो भने खालि सायरी विलसन, जो आकाशमा घुरेर आफ्नो शरीरलाई यातनासित जोरदार संघर्ष गर्न लगाएकी थिइन् ।

पन्ध्रौं अध्याय

६६ को मूल-सडकमा गाईको मासु हालेर बनाएको समोसा राखेका आलमारीहरू– आल र सुसिको स्थान– कार्लको भोजनालय– जो र मिन्नी–विल्सको भोजनालय । फल्याक र माटोले पोतेका झोपडीहरू । सामुन्ने दुइटा पेट्रोल-पम्पहरू, एउटा पर्दा लगाएको ढोका, त्रिपाइहरू, एउटा फुट रेल । ढोकाको नजीक तीनोटा स्वचालित मेशीनहरू जसमा पाँच सेन्टको सिक्का खसालेपछि सुनको ढिक्का पाउने । ती मेशीनहरूको बगलमा समोसा जस्तै चाङ लगाएका रिकर्डसहितको निक्रलको ग्रामोफोन । ती रिकर्डहरू नृत्य-गीत 'टीपी टीपी टीन', 'स्मृतिको निम्ति धन्यवाद', 'बिग क्रस्बी, बेन्नी गुडमन' बजाउन तयार । काउन्टरको एक छेउमा एउटा छोपि-राखेको बाकस; कफको गुलियो औषधि, स्लिपलेस भन्ने केफीन सल्फेट, नो– डोस; मिश्री, चुरोटहरू, दाह्री बनाउने ब्लेडहरू, एस्पीरीन, ब्रामो-सेल्टजर, अल्का-सेल्टजर । पोस्टरहरूले, स्नान गरिरहेका लडकीहरूले, ठूल-ठूला स्तन, पातलो नितम्ब तथा चिप्लो चम्किलो अनुहार सहितको हल्का केश भएकी, सेतो स्नान गर्ने लुगा लाएकी, कोकाकोलाको एउटा बोतल लिएर हाँसिरहेका गोरी आइमाईहरूका तसवीरहरूले भित्ताहरू सजाइएका । लामो बार, र नून, मरीच, तोरीको तेलका भाँडाहरू तथा कागजका रूमालहरू । काउन्टर पछाडि बियरका धाराहरू, त्यसको पछाडि कफीका भाँडाहरू जो चम्किला र बाफ आइरहेका, त्यसको साथमा कफीको तह देखाउने शीशाका नापहरू । तारका पिंजराहरूमा समोसाहरू तथा चार-चारवटा सुन्तलाहरू एकमाथि अर्को राखिएका । आगोमा सेकिएका पाउरोटीका टुक्राहरूको सानो-सानो चाङ, खस्रो मकैको पीठोका रोटीहरू राम्रो तरीकाले चाङ लगाइएका ।

टल्कने अभ्रकले स्पष्टसँग दफ्तीमा लेखिराखेको: आमाले बनाउनेगरेको जस्तो किसिमका समोसाहरू । उधारोले शत्रु कमाउँछ, हामी मित्र बनौं । भद्र

शरीरहरू धूलोमा फोहर हुने गरीकन घिस्याइन्छन् । यसरी तिमी थाहा पाउन सक्छौ । यदि पाइला नचालिएको भए, यदि भूलले काम गरेर अगाडि बढ्ने इच्छा नभएको भए, बम खसालिने थिएनन्, घाँटी सेरिइने थिएनन् । बम खसाल्नेहरू बाँचुन्जेल बम खसाल्न छोडियो भने त्यस बेला हामीहरूले डर मान्नु पर्छ किनभने प्रत्येक बमले साहस मरेको छैन भन्ने प्रमाणित गर्छ । ठूला-ठूला मालिकहरू बाँचुन्जेल हडताल हुन छोड्यो भने त्यस बेला हामीले डर मान्नु पर्छ किनभने प्रत्येक सानो-सानो हडतालले कदम चालिएको छ भन्ने कुराको प्रमाण दिन्छ । र यो कुरा पनि हामी थाहा पाउन सक्छौं कि जब मानव-जाति कुनै विचारधाराको निम्ति दुःख पाएर मर्दैन त्यस बेला हामीले डर लिनु पर्छ किनभने यही एउटा गुण मानव-जातिको जग हो र यही नै विश्वमा मनुष्यको विशेष गुण हो ।

टेक्सास र ओक्लाहामा, कन्सास र अर्कन्सास, न्यू मेक्सिको, अरीजोना, क्यालिफोर्निया जस्ता पश्चिमका राज्यहरू प्रारम्भिक परिवर्तन आएकोमा भयभीत । एउटै परिवारले जमीन छाडेर गयो । बाले बैंकबाट रुपैयाँ सापट लिनुभयो र अहिले बैंकलाई जमीन चाहियो । जमीन पाउने बैंकले जमीन पाएपछि त्यसमा काम गराउन ट्र्याक्टर चाहिएछ, परिवार होइन । ट्र्याक्टर खराब छ त ? लामा-लामा सोता फाँड्ने शक्ति गलत छ र ? यो ट्र्याक्टर एक जनाको नभईकन सबैको साझा भए बेस हुने थियो । यो ट्र्याक्टरले एक जनाको जमीनमा नगरीकन सबैको जमीनमा लामा-लामा सोता फड्काए बेस हुने थियो । यो ट्र्याक्टर हामी सबैको भइदिए हामीले जमीनलाई मन पराएजस्तै त्यसलाई पनि मन पराउन सक्थ्यौं । तर यो ट्र्याक्टरले दुइ काम गऱ्यो—यसले जमीन पनि फाँड्छ र हामीहरूलाई पनि फर्काइदिन्छ । यो ट्र्याक्टर र टैंकको बीचमा थोरै फरक छ । दुवैले मानिसहरूलाई धपाउने मात्र होइन तर्साउँछन् पनि । हामीहरूले यसबारे विचार गर्नु पर्छ ।

एउटा मानिस, एउटा परिवार जमीनबाट धपाइयो । यो थोत्रो गाडी मूल-सडकबाट किरिकिरी आवाज गर्दै पश्चिमतिर लागिरहेको । मैले आफ्नो जमीन गुमाएँ । एउटै ट्र्याक्टरले मेरो जमीन लिदियो । म एक्लो छु, म व्याकुल छु । र राति एउटा परिवारले खाल्टोमा पाल टाँगेर बस्छ तथा अर्को परिवार त्यहीं आएर बसेपछि पालहरू टांगिइन्छन् । दुइ जना मानिस पलेँटी कसेर बस्छन् अनि आइमाई र केटाकेटीहरू उमीहरूको कुरा सुनिरहन्छन् । यहाँनिर गाँठो आउँछ । तिमीहरू परिवर्तनलाई हेलाँ गर्छौ र क्रान्तिसँग डराउँछौ । यी दुवै पलेँटी कसेर बस्ने मानि-सहरूलाई अलग-अलग छुट्ट्याइ दिएपछि उनीहरूलाई परस्परमा घृणा, डर, शंका

गर्न लगाइदेऊ । तिमीहरू जुन चीजसँग डराउँछौ त्यसको मूल कुरा यहाँनिर छ । दुइ कुराको संयोगले तेश्रो कुराको उत्पत्ति हुने यही हो । किनभने यहाँ 'मैले आफ्नो जमीन गुमाएँ' भन्ने कुरामा परिवर्तन आएछ । एउटा वीजकोष फुटेछ र त्यस फुटाइबाट त्यो चीज उत्पन्न हुन्छ जसलाई तिमी घृणा गर्छौ—'हामीले आफ्नो जमीन गुमायौं ।' खतरा यहाँनिर छ, किनभने दुइजना मानिस उत्तिकै एक्ला र व्याकुल हुँदैनन् । यो 'हामीहरू' भन्ने शब्दबाट अझ बढ्ता खतरनाक कुरा उत्पन्न हुन्छ : 'मसित अलिकति खानेकुरो छ'को साथ 'मसित खानेकुरो नै छैन' जोडौं। यो समस्या-बाट 'हामीहरूसित अलिकति खानेकुरो छ' भन्ने मतलब आउँछ भने, कुरा आफ्नै ठाउँमा छ, स्थानान्तरको आफ्नै दिशा छ । अलिकति गुणन गरेपछि यो जमीन र ट्र्याक्टर हामीहरूको हुन्छ । दुइ जना मानिस एउटा खाल्टोमा पलेँटी कसेर बसि-रहेका, सानो चूलो, बगलमा एउटा भाँडोमा मासु पाकिरहेको, निस्तब्ध पाषाण आँखा भएका आइमाईहरू; पछिल्तिर, केटाकेटीहरू मन लगाएर ती कुरा सुनि-रहेका जो उनीहरू बुझ्दैनन् । रात बढ्दै आउँछ । त्यो बच्चालाई ठंडी लागेको छ । यो सिरक लेऊ । यो ऊनबाट बनेको हो । यो मेरो आमाको सिरक थियो । बच्चाको निम्ति लेऊ-न यो । बम हान्ने कुरा यही त छ । 'म' बाट 'हामीहरू' हुने थालनी यही हो ।

तिमीले आत्मरक्षा गर्न सक्यौ भने; तिमीले परिणामहरूबाट कारणहरू छुट्ट्याउन सक्यौ भने, तिमीले पेन, माक्स, जेफर्सन, लेनिन कारण नभईकन परि-णामहरू थिए भन्ने कुरा थाहा पाउन सक्यौ भने, तिमी बाँच्न सक्छौ । तर त्यो कुरा तिमीले थाहा पाउन सक्तैनौ । किनभने आफ्नो तुल्याउने गुणले तिमीलाई सधैं 'म' मा नै जकडी राख्छ र जहिले पनि 'हामीहरू' देखि तिमीलाई अलग पार्छ ।

प्रारम्भिक परिवर्तनले गर्दा पश्चिमका राज्यहरू भयभीत छन् । आवश्यकताले विचारधारालाई उत्तेजित पार्छ, विचारधाराले कार्यशीलतालाई । पाँख लाख मानिस-हरू प्रदेशतिर गइरहेका; दस लाख बेचैन भएर जान तत्पर; एक करोड डर महसूस गरिरहेका ।

र ट्र्याक्टरहरूले खाली जमीनमा धेरै सोताहरू फड्काइरहेका ।

चौथौं अध्याय

परिवर्तनको प्रारम्भमा पश्चिमको जमीनलाई डर पसेको; बज्र कड्किँदा जसरी घोडाहरू तर्सन्छन् त्यसै गरी पश्चिमतिरका राज्यहरू डराएका; परिवर्तनलाई देखेर तथा परिवर्तनको प्रकृतिबारे केही थाहा नपाएर ठूलठूला मालिकहरू त्रस्त भएका; ठूलठूला मालिकहरूले तात्कालिक कुराहरूमाथि, विस्तृत गरिएको सरकार माथि, मजदूरहरूको बढ्दो मेल माथि, नयाँ ट्र्याक्टरहरूमाथि, योजनाहरूमाथि प्रहार गरिरहेका; यी कुराहरू कारण नभई परिणाम हुन् भनेर उनीहरू अनभिज्ञ। कारणहरू गहिरा र सरल छन्। लाखौं मानिसको भोक, असंख्य मानिसको खुशी र कुनै हदसम्म सुरक्षाको पिपासा कैयन मानिसको तन र मनले काम गरेर उन्नति तथा उत्पादन गर्ने उत्सुकता नै कारणहरू बन्न गएका। धेरै मानिसहरूको तनले काम गर्ने तथा मनले सिर्जना गर्ने इच्छा—जो मानिसको अन्तिम स्पष्ट काम हो—त्यसैले मानिसको प्रतिनिधित्व गर्छ। भित्ता, घर र बाँध बनाउनु, ती तीनै कुरामा मानिसको केही देन राख्नु; र मानिसले ती तीनैबाट केही कुरा हासिल गर्नु; बोझ उचालेर कडा मांसपेशी बनाउनु, स्पष्ट विचार गरेर त्यसबाट केही काम गर्नु मानिसको काम हो। किनभने विश्वका अरू सजीव र निर्जीव वस्तुहरूदेखि अलग मानिसले आफ्नो काम नाघी पर पुगेर विचारधाराहरूको सिढी चढीकन सफलता प्राप्त गरिछोड्छ। मानिसबारे यही कुरा भन्न सकिन्छ। जब विचारहरूमा परिवर्तन आएर चूर-चूर हुन्छ; जब सम्प्रदायहरू, दर्शनशास्त्रहरू, राष्ट्रिय, धार्मिक र आर्थिक संकुचित विचारधाराहरू बढेर पृथक् हुन्छन्, मानिस अगाडि पुगेर पनि भूल गर्छ, कहिलेकाहीं त दुःख हुने गरी नराम्रोसँग। अगाडि पाइला चालीकन पनि त्यो पछाडि चिप्लन सक्छ तर आधा पाइला मात्र पूरा होइन। यस्तो तिमी भन्न सक्छौ तथा जान्न सक्छौ। यस्तो कुरा तिमीले तब मात्र जान्न सक्छौ जब काला वायुयानहरूबाट बजारमा बमहरू खसालिन्छन्, जब कैदीहरू सुँगुर मारे जस्तै घोचेर मारिइन्छन्, जब थिचिएका

महिलाहरूले धूम्रपान गर्न सक्छन् तर ठुटाहरू फाल्दा होशियार हुनु पर्छ । यहाँ भोजन गर र साथमा आफ्नी मायालु स्वास्नीलाई ल्याऊ ।

एकातिर छेउमा परिकारका प्लेटहरू-मासु, साग, आलु पकाउने भाँडाहरू, पकाएको गो-मांस, सेकुवा गो-मांस र सुँगुरको मासु पातलो गरी काट्नलाई राखेका ।

काउन्टरको पछाडि अधवैंसे मिन्नी या सुसी या मे कपाल घुम्रिएको तथा पसिना आइरहेको मुखमा लाली र पाउडर लगाएको । कोमल सानो स्वरले दिएका अडरहरू लिंदै, मयूरको जस्तो चिच्चयाउने स्वरले भान्छेलाई बोलाउँदै । काउन्टरमा गोलाकार रूपले पुछिरहेको, टल्कने ठूनो कफीको भाँडा टल्काइरहेको । मान्छे जो या कार्ल या आल, सेतो कोट र एप्रोन लगाएर बेफुर्सत, सेतो निधारमा पसिनाको दाना, सेतो भान्छेको टोपीमुनि; आफ्नै धुनमा मस्त, मितभाषी, प्रत्येक नयाँ ग्राहकको आगमनमा एक छिन माथि पुलुक्क हेर्ने । तावा पुछेर गो-मांस राखेर बनाएको समोसा तल लापरवाहीले राख्तै । त्यसले मेको अडरलाई बिस्तारै दोहोऱ्याउँछ, तावा खुर्कन्छ, खस्रो कपडाले त्यसलाई पुछ्छ । धुनमा मग्न भएर चूप ।

मे ग्राहकहरूसित सम्पर्क राख्छे, कहिले मुस्काईकन, कहिले चिडचिडाइकन, कहिले विस्फोटन नै होला जस्तो गरीकन; विगत कुराको संझनामा मुस्काइरहने– ट्रक-चालकहरूको कुरामा होइन । जमघट हुने ठाउँमा संकल्प हुन्छ । ट्रकहरू अड्ने ठाउँमा ग्राहकहरू आउँछन् । ट्रक-चालकहरूलाई बेवकूफ बनाउन सकिंदैन भन्ने कुरा उनीहरूलाई थाहा छ । उनीहरूले चलन ल्याउँछन् । उनीहरूलाई थाहा छ । उनीहरूलाई बासी कफी खान दिएपछि त्यस जमघटमा आउन छोड्छन् । राम्रो कफी खान दिएपछि उनीहरू फर्केर आइहाल्छन् । मे ट्रक-चालकहरूसित साँच्चै शक्तिले भ्याएसम्म मुस्काउँछे । ऊ अलि अहंकारले आफ्नो टाउको उचाल्छे, आफ्नो पछिल्तिरको कपाल यसरी मिलाउँछे जसबाट आफ्नो छाती पनि उचालिएका पाखुराहरूको साथ-साथै उठुन्, ठूलठूला कुरा गरेर, महान् समयको चर्चा गरेर, मजाको ठट्टा गरेर दिनको समय बिताउँछे । आल कहिले-पनि बोल्दैन । ऊ ग्राहकहरूसित सम्पर्क राख्तैन । कहिलेकाहीं ऊ ठट्टा सुनेपछि अलिकति मुस्काउँछ तर कहिले पनि हाँस्तैन । कहिलेकाहीं मेको आवाजमा भएको प्रफुल्लता सुनेर त्यसले मुन्टो उठाएर हेर्छ र त्यसपछि रंग मिलाउने औजारले तावा खुर्कन्छ र प्लेटमा लागेको चिल्लो

एउटा फलामको नादमा राखेर खुर्कन्छ ।त्यसले रंग मिलाउने औजार लिएर सुइँइँयँ आवाज आउने समोसालाई थिच्छ । त्यसले सानो नरम मिठा केकहरू प्लेटमा राखेर तताउँछ । त्यसले यताउता छरिएका प्याजका टुक्राहरू बटुलेर मासुमा थुपारीकन रंग मिलाउने औजारले थिच्छ । मासुको माथितिर नरम मीठो केक राखेर त्यसले अर्को आधा भागमा पग्लेको नौनी र पातलो मसला मिसाउँछ । मासुमा मिठो केक राखेर त्यसले त्यो औजारलाई पातलो गरिराखेको मासुभित्र घुसारेर चलाउँछ, त्यसको माथितिर नौनी हालेको मासुको आधा भाग हालेपछि समोसा एउटा सानो प्लेटमा हालिदिन्छ । यसरी मिलाएको कचौरीको बगलमा मधुरिकाको चौथाइ-भाग अचार, दुइटा कालो जैतूनको फल । आलले त्यो प्लेट फलामको चक्का जस्तै काउन्टरमा घिस्याइदिन्छ । र ऊ त्यो रंग मिलाउने औजारले तावा खुर्केर उम्लिरहेको केटलीमा मग्न भएर हेर्छ ।

६६ को मूल-बाटोबाट गाडीहरू सुइँट्ट गइरहेका । लाइसेन्स प्लेटहरू । मास; टेन., आर., आइ., एन., वाइ., विटी., ओहाइओ पश्चिमतिर गइरहेका । राम्रा गाडीहरू पैंसट्टी मिलको गतिमा गइरहेको ।

कार्डस नामक एउटा गाडी जान्छ । पांग्राहरूमा राखेर लगेको एउटा कफिन जस्तो देखिन्छ ।

तर, जीजसको शपथ, ती गाडीहरू कसरी जान्छन् !

ला साले गाडी देख्छौ ? त्यो मेरो निम्ति हो । म सुँगुर होइन । म ला साले-बाट यात्रा गर्छु ।

प्रभावशाली ढंगले तिमी जाँदैछौ भने, कैड गाडीमा कस्तो हुन्छ ?झन् प्रभावशाली हुन्छ, झन् छिटो हुन्छ ।

म जेफीर गाडी लिन्छु । त्यो गाडी चढने भाग्य तिम्रो छैन । तर तिमीले उत्तम र छिटो जाने गाडी पाएका छौ । मलाई जेफीर गाडी देऊ ।

अँ, तिमी यसमा हाँस्न सक्छौ–म व्युक-प्युक गाडी लिनेछु । त्यही खूब राम्रो हुन्छ ।

तर, मोरा, त्यसको मोल जेफीरको जति नै पर्छ र त्यो बलियो छैन ।

मलाई केही परवाह छैन । मलाई हेनरी फोर्ड गाडी मन पर्दैन । मैले त्यो गाडी कहिले पनि मन पराएको थिइनँ । मेरो एउटा भाइ त्यस कारखानामा काम गर्छ । उसले त्यसबारे भनेको थियो ।

अँ, जेफीर गाडी बलियो छ ।

मूल-सडकमा गइरहेका ठूलठूला गाडीहरू । कमजोर; गर्मी सहन गर्न नसक्ने भद्र-महिलाहरू, निर्बल जीवहरू जसका लागि हजारौं प्रसाधनको आवश्यकता पर्छ : क्रीमहरू, मलमहरू, साना-साना सिसीहरूमा राखिएका रंगीन पदार्थहरू—कालो, गुलाबी, गतो, सेतो, हरियो—कपालको रंगमा, आँखामा, ओठमा, नङमा, आखि-भुइँमा, परेलामा, आँखाको ढकनीमा परिवर्तन ल्याउन । पेट साफ गर्नलाई तेलहरू, बीउहरू तथा औषधिका गोलीहरू । उनीहरूको यौनाचार सुरक्षित राख्न, दुर्गन्ध नाश गर्न तथा गर्भधारण नगराउन एक थैली बोतलहरू, पचकाहरू, औषधिका गोलीहरू, पाउडरहरू, झोलहरू, जेलीहरू । र यो लुगाहरूदेखि अलग । कस्तो वाइहात !

आँखा वरिपरि थकावटका रेखाहरू, खाने मुखदेखि तलतिर असन्तोषका रेखा-हरू, स्तनहरू साना-साना ब्रेसरीमा बेसरी कसिराखेका, पेट र तिघ्राहरू रवडका खोलहरूमा तन्काएकाले फुस्कन प्रयत्न गरिरहेका । उनीहरूका मुख स्वाँ-स्वाँ गरि-रहेका, आँखामा उदासीनता छाइरहेकोले घाम, हावा र पृथ्वीलाई मन पराउन छोडिरहेको, खानेकुरोसित र थकाइ लागेकोमा रिसाइरहेका, उनीहरूलाई राम्रो तुल्यउानुसट्टा हमेशा बूढी तुल्याउने समयलाई घृणा गरिरहेका ।

उनीहरूको बगलमा साना-साना तर ठूल-ठूला पेट भएका मानिसहरूले हल्का लुगा र पैनामा टोप लाएका; व्याकुल, चिन्तित र बेचैन आँखा भएका सफा गुलाबी रंगका मानिसहरू । चिन्तित यसकारणले कि उनीहरूका सूत्रले केही काम गर्दैनन्; पृथ्वीबाट सुरक्षा लोप हुँदै गइरहेको थाहा पाएता पनि त्यसको निम्ति भोकाएका । उनीहरूलाई यकीन छ कि उनीहरूले विधिपूर्वक चोरी गरेता पनि व्यापार राम्रो पेशा हो; व्यापारीहरूको मूर्खताको रिकार्ड भईकन पनि उनीहरूमा बुद्धि छ भन्ने उनीहरू थाहा पाउँछन्; स्वस्थ व्यापारका सिद्धान्तहरू भईकन उनीहरू दयालु र धनी

छन् भन्ने कुरा उनीहरू थाहा पाउँछन्; थकाइ लाग्ने नियममा चल्नु परे पनि उनीहरू धनी छन् भन्ने कुरा थाहा पाउँछन्; र त्यस्तो समय आइरहेछ जब उनीहरूलाई कुनै कुराको डर हुने छैन ।

यो दुइथरी आइमाई र लोग्नेमानिसहरू क्यालिफोर्निया गइरहेका; बिवर्ली-विलशायर होटेलको प्रकोष्ठमा मात्र बस्न लागेका होइनन् अपितु पहाडहरू तथा ठूल-ठूला रूखहरू हेर्न जान लागेका इर्ष्यालु मानिसहरूलाई अवलोकन गर्न गइरहेका–लोग्नेमानिसहरू बेचैन नजरले र आइमाईहरू घामले आफ्नो छाला कसरी सुकाउला भन्ने विचार गर्दै प्रशान्त महासागरमा अवलोकन गर्न गइरहेका । पुरुष-हरूले यस कुरामा हामी लाख डलरको बाजी ठोकौंला भन्दै, 'यो महासागर हामीले विचार गरे जतिको ठूलो छैन ।' र स्त्रीहरूले समुद्रको किनाराको बालुवामाथि बसि-रहेका मोटा जवान व्यक्तिहरूमाथि इर्ष्या गर्नेछन् । उनीहरू फेरि घर जानलाई क्यालिफोर्निया गइरहेका । भनौं : 'फलानी ट्रोकाडेरोमा हामीहरूको दोश्रो टेबिलमा थिइन् । तिनी साच्चै खिचडी छिन् तर तिनी राम्रो लुगा लाउँछिन् ।' र पुरुषहरू : 'हामीहरूले राम्रो स्वस्थ व्यापारीहरूसित कुरा गर्यौं । हामीले त्यस व्यक्तिबाट ह्वाइटहाउसमा छुटकारा नपाएसम्म उनीहरूले कुनै अवसर पाउँदैनन् ।' र : 'त्यस व्यक्तिबाट मैले थाहा पाएँ–तिनीलाई यौन-रोग छ । तिनी वार्नर फिल्ममा थिइन् । त्यो व्यक्तिले भन्यो, तिनी फिल्म हेर्दहिँदै सुतेकी थिइन् । अँ, तिनीले खोजिरहेको कुरा पाइन् ।' तर बेचैन आँखा कहिले शान्त भएनन् र क्रोधले फुलाएको ओठ कहिले खुशी भएन । त्यो ठूलो गाडी घंटाको साठी माइलले गइरहेको ।

मलाई चिसो पेय चाहिएको छ ।

अँ, अगाडि त्यस्तो पेय पाइन्छ । अड्ने ?

सफा हुन्छ भन्ठान्छौ ?

ईश्वरले नचाहेको ठाउँमा तिमीले इच्छा गरे जतिकै सफा पाउँछौ ।

अँ, बोतलमा राखेको सोडा बेस होला ।

त्यो ठूलो गाडी चिच्च्याएर थामिन्छ । त्यो चिन्तित मोटो मानिसले आफ्नी स्वास्नीलाई गाडीबाहिर आउन सघाउँछ ।

उनीहरू भोजनालयभित्र पस्दा मे हेरेर नाघी जान्छिन् । आलले आफ्नो आँखा तावावाट उठाएर माथि हेर्छ र फेरि तलै लैजान्छ।मेलाई थाहा छ । उनीहरूले पाँच सेन्ट तिरेर सोडा खानेछन् जो त्यतिको चिसो छैन । त्यो आइमाईले ६ वटा कागजे रूमाल प्रयोग गरेर भूईंमा खसाल्नेछिन् । त्यो मानिसको सास अड्कने छ र अनि ममाथि दोष लगाउन खोज्नेछ । ती आइमाईले गन्हाएको मासु सुँघे जस्तो गरी सुईं-सुईं सुँघ्नेछिन् र दुवैले फेरि बाहिर गएर भन्नेछन् कि पश्चिमका मानिसहरूमा दया छैन । र मे आलसँग एक्लै हुँदा उनीहरूको नाउँ राख्छे । ऊ उनीहरूलाई शिट-हील भन्ने नाउँ दिन्छे ।

ट्रक-चालकहरू । यिनीहरू पत्रू ।

एउटा ठूलो गाडी आइरहेछ । म आशा गर्छु उनीहरू थामिनेछन् । ती शिट-हीलहरूको खाना लिएर जाऊ । मैले आलबुकर्क होटेलमा काम गर्दा, बुझ्यौ आल, उनीहरूले जुनसुकै रद्दी चीज पनि बाँकी राखेनन्; चोरेर लगे । र गाडी जति ठूलो हुन्थ्यो त्यति उनीहरू बढ्ता चोर्थे– तौलियाहरू, चाँदी, साबुन राख्ने थालहरू । म गन्नै सक्तिनँ ।

र आलले उदास भएर भन्यो : ती ठूलठूला कार-गाडीहरू कहाँ आउँछन् र चोरेर लान्छन् ? चालकहरूले आफ्नो साथमा गाडी ल्याएका भन्ठान्छौ ? कहिले पनि ल्याउँदैनन् ।

मालगाडी, त्यसको चालक र सहायक । एक कप कफी खानको निम्ति थामिदैनन् भनेको ? यस्तो रद्दी ठाउँ मलाई थाहा छ ।

कहाँसम्म जाने हो ?

ओ, अगाडि !

रोक । यहाँ एउटा अनुभवी सैनिक रहेछ जो मजाको छ । यहाँ राम्रो कफी पनि पाइन्छ ।

ट्रक रोकिइन्छ । घोडा चढ्दा लगाउने खाकीको सुरुवाल, जुत्ता, छोटो भोटो

तथा टल्केको नकाब भएको फौजी टोपी लगाएका दुइ जना मानिसहरू । पर्दा लगाएको ढोका– ढ्याम्म लाएको ।

ए, मे ?

अँ, बिग बिल द रैट ! यो सफरबाट कहिले फर्क्यौं ?

एक साता अघि ।

अर्को मानिसले पाँच सेन्टको एउटा सिक्का ग्रामोफोनमा हालिदिन्छ, रिकर्ड बस्ने चक्का माथि आएको तथा त्यसमा रिकर्ड आफैं लाग्न पुगेको हेर्छ । बिंग क्रासबीको राम्रो आवाज ।'स्मृतिको निम्ति धन्यवाद, समुद्रको किनारामा घामले पोलेको, तिमीलाई टाउको दुखेको हुनसक्छ, तर तिमी कहिले पनि बेमजा मानेर थकित भएका थिएनौ–' र ट्रक-चालकले मेको कान रमाउनलाई गाइदिन्छ । तिम्रो टाउको दुखनसक्छ तर तिमीलाई कहिले पनि बेमजा भने लाग्न सक्तैन ।

मे हाँस्छे । बिल, तिम्रो साथी को हो ? यस सफरमा नयाँ, होइन ?

अर्को साथीले स्वचालित यन्त्रमा पाँच सेन्ट राखिदिन्छ, हवाइ बन्दूकमा राख्ने चार गोली जित्छ र त्यसैमा फेरि राख्छ। काउन्टरतिर जान्छ ।

अँ, यो के हुन लागेको ?

ओ, एक कप कफी । समोसा तिमीले पाएको ?

केरा क्रीम, भूईं-कटहर क्रीम, चकलेट क्रीम र स्याउ ।

यसलाई स्याउ बनाइदेऊ । पख–त्यो ठूलो बाक्लो किसिमको ?

मे यसलाई उचालेर सुँघ्छे । केरा क्रीम ।

एउटा ठूलो चोक्टा काट; यसको एउटा ठूलो चोक्टा गर ।

स्वचालित यन्त्रको नजीक बस्ने मानिसले भन्छ : जम्मा दुइटा ।

यो त दुइटा । बिल, हाल तिमीले धातुको पातामा कुँदेको कुनै नयाँ बुट्टा देखेका छौ ?

अँ एउटा यहीँ छ ।

अब भद्र महिलाको अग्रीम भागमा गडेर हेर ।

अहो, यो त नराम्रो छैन । सानो नानी अबेर गरेर स्कूल जान्छ । गुरुले भन्छ : 'तिमी किन अबेर आएको ?' नानी भन्छ : 'बाच्छा चराउनु पर्थ्यो ।' शिक्षकले भन्छ : 'तिम्रो बा त्यो काम गर्न सक्तैनन् ?' नानी भन्छ : 'जरूर सक्छन्, तर साँढेलाई जति राम्रो चराउन सक्तैनन् ।'

मे जोरसँग खित्का छोडेर हाँस्छे । आल फल्याकमा राखेर होशियारीसाथ प्याज टुक्रा-टुक्रा गरेर माथि हेरी हाँस्छ अनि फेरि तल हेर्छ । ट्रक-चालकहरू–रद्दी मान्छेहरू । प्रत्येकले मेको लागि पचीस-पचीस सेन्ट दिन लागेको । समोसा र कफी-लाई पन्ध्र सेन्ट तथा मेलाई दस सेन्ट । उनीहरूले उनीबाट फाइदा उठाउन लागि-रहेका छैनन् ।

त्रिपाइहरूमा एक साथ बसेर चम्चाहरू कफी राखेका मगहरूबाट बाहिर निस्किरहेका । दिनको समय काटिरहेका । र आल तावा दलेर केही नभनीकन सुनिरहेको । बिंग क्रासबीको आवाज थामिन्छ । रिकर्ड अड्ने चक्का तल गिर्छ र रिकर्ड झुल्दै चाङमा बस्न जान्छ । बैजनी रंगको प्रकाश निभ्छ । यो स्वचालित यन्त्रलाई चालू गराउने पाँच सेन्टले क्रासबीलाई गाउन लाएको मात्र होइन अपितु अर्केस्ट्रा पनि बजाउन लाएको छ । यो पाँच सेन्ट प्वालको बीचबाट त्यो बाकसमा खस्न जान्छ जहाँ फाइदा हुन जान्छ । यो पाँच सेन्ट, जो अरू दाम जस्तो नभई एउटा काम गर्छ, एउटा प्रतिक्रिया देखाउने भौतिक रूपले जिम्मेवार भएको छ ।

कफीको भाँडामा भएको भलभबाट बाफ निस्किरहन्छ । बरफको यन्त्रमा भएको कम्प्रेसर एक छिन सुस्त-सुस्त ख्यास्स आवाज निकालेर बन्द हुन्छ । कुनामा राखेको बिजुली-पंखाले विस्तारै अगाडि-पछाडि आफ्नो टाउको हल्लाईकन कोठामा न्यानो हावा फैलाउँछ । ६६ को मूल-सडकमा गाडीहरू सुइँट्ट जान्छन् ।

मेले भनिन्, 'एक छिन अघि मैसाच्युसेटस जाने गाडी अडेको थियो ।'

बिग बिलले कपको माथिल्लो भागमा यसरी समात्यो जसबाट चम्चाले उसका पहिला र दोश्रा औंलाहरूको बीचमा ठक्कर दियो । त्यसले हावाको साथसाथै कफी चिसो हुने गरीकन तान्यो । 'तिमी ६६ को मूल-सडकमा जानु पर्छ जहाँ मुलुकभरिका गाडी आउँछन् । सबै पश्चिमतिर लागिरहेका । पहिले यतिका गाडी कहिले नदेखिएका । निश्चय त्यस सडकमा केही मह होला ।'

उसको साथीले भन्यो, 'आज बेहान हामीहरूले एउटा बिग्रेको गाडी देखेका छौं, ठूलो कैंड गाडी । एउटा विशेष घटना । गाडीको रंग मह, क्रीमको जस्तो । यसले ट्रकसँग ठक्कर खाएको । रेडिएटरलाई पछाडि चालककहाँ हुत्याएर पुऱ्याइ-दियो । स्टियरिंग-चक्काले चालकलाई लाग्यो जसबाट त्यो बल्छीमा परेको भ्यागुतो जस्तै अगाडि-पछाडि चलन थाल्यो । आरू र महको जस्तो गाडीको रंग । अब गाडी बेकार भएकोले पीनटले पनि त्यो गाडी किन्न सकिन्छ । चालक एक्लै थियो गाडीमा ।'

आलले आफ्नो काम छोडेर माथि हेऱ्यो । 'ट्रक नोक्सान भयो ?'

'अहो ! जीजस क्राइस्टको किरिया खाएर भन्छु । ट्रक नोक्सान भएन । चूलो, कराही, डसना, केटाकेटी तथा कुखुराहरूले भरिएको एउटा ट्रकले पश्चिमतिर जान लागेको मोटर-गाडीलाई ठक्कर दियो । त्यो ट्रक-चालकले जोरसँग ट्रक चलाइ रहेको थियो जब एउटा मोटर-गाडी आइपुग्यो । ट्रक-चालक ढन्न पिएर आएको जस्तो देखिन्थ्यो । त्यसले मोटर-गाडीलाई कत्रो ठूलो धक्का दियो भने जीजसलाई थाहा होला– ओछ्यान, कुखुरा र केटाकेटीहरू उछिट्टिएर आकाशमा हुत्तिइए । एउटा ठिटो मऱ्यो । यस्तो गोलमाल कहिल्यै देखिएन । हामीहरू थामियौं । ट्रक-चालक बूढोले उभिएर मरेको केटालाई हेरिरहेको । एक शब्द पनि मुखबाट निस्कन सकेन । अनौठासँग लाटो भयो । अरे भगवान्, सडक त उनीहरूको परिवारले भरियो जो पश्चिमतिर जान लागेका थिए । एक परिवारको यतिका सदस्य कहिल्यै देखेका छैनौं । उनीहरू कहाँबाट आएका होलान् ?'

मेले भनिन्, "कहाँ जाने होलान् उनीहरू ! गजब लाग्छ ! कहिलेकाहीं पेट्रोल लिन यहाँ आऊ भन्दा उनीहरू कहिले पनि आउँदैनन् । मानिसहरू भन्छन्, उनीहरू चोर्छन् रे । हाम्रो वरिपरि हामीहरू केही चीज राख्तैनौं । उनीहरूले हामीकहाँबाट कहिले पनि केही चोरेका छैनन् ।"

बिग बिलले आफ्नो समोसा झुरुँ-झुरुँ चपाउँदै पर्दा लाएको झ्यालको बीचबाट सडकमा हेऱ्यो । 'आफ्नो सामान राम्रोसँग बाँधिराख्नू । उनीहरूमध्ये कोही अहिले आइरहेको जस्तो ठान्छु ।'

एउटा १९२६ मोडेलको नैश पालकी-गाडी मूल-सडकमा थाकिएको जस्तो गरी चलाएर ल्याइयो । पछिल्लो सीटमा बोराहरू, भाँडा तथा कराहीहरू प्रायः गाडीको छतसम्म छुने गरीकन चाङ लगाइएका थिए र टुप्पामा गाडीको छत छुने गरीकन दुइ जना लडकाहरू बसेका थिए । गाडीको टुप्पामा एउटा डसना र एउटा पट्ट्याएको पाल; पालका खम्बाहरू गाडीको बगलका फल्याकहरूमा बाँधेर राखिएका । त्यो गाडी पेट्रोल-पंपमा आएर रोकियो । कालो कपाल भएको, बंचरोको जस्तो अनुहार भएको एउटा मानिस बिस्तारै त्यस गाडीबाट बाहिर निस्क्यो । र ती दुइ जना लडकाहरू मालसामानहरूमाथिबाट सर्रर जमीनमा ओर्लें ।

मे काउन्टरको बगलबाट गएर ढोकामा उभिन पुगिन् । त्यो मानिसले खैरो ऊनी सुरुवाल र नीलो कमीज लाएको थियो तथा उसको पिठ्यूँमा र पाखुरामुनि पसिनाको गाढा नीलो दाग बसेको थियो । ती लडकाहरूले झूत्रो टालेको अंगरखा बाहेक अरू केही लगाएका थिएनन् । उनीहरूको केश खैरो भएर टाउकोमा एकनासले बसेको थियो किनभने कपाल छोटो पारेर काटिएको थियो । उनीहरूको मुखमा धूलोका रेखा बसेका थिए । उनीहरू सरासर पानीको पाइपमुनि जम्मा भएको हिले-पानी नजीक गएर हिलोमा आफ्ना औंलाहरू गाड्न थाले ।

त्यो मानिसले सोध्यो : 'मीम साहेब, केही पानी पाउन सकिएला ?'

मेको मुखमा हैरानीको भाव झल्क्यो । तिनले आफ्नो कुमतिर फर्केर बिस्तारै भनिन्, 'म पानीको नल हेरिराखुँला । जरूर पाउनेछौ । गएर लेऊ ।' तिनले हेरि-रहिन् र त्यो मानिसले रेडिएटरको बिर्को फुकालीकन त्यसमा पाइप घुसाऱ्यो ।

खैरो कपाल भएकी गाडीमा बसेकी एउटा आइमाईले भनिन् : 'यहाँ त्यो पाइन्छ कि हेर ।'

त्यो मानिसले पाइप झिकेर फेरि बिर्को कस्यो । ती साना लडकाहरूले उसको हातबाट पाइप लिएर उचालीकन तृप्त हुने गरी पानी खाए । त्यो मानिस कालो-कालो दाग भएको आफ्नो टोप फुकालेर पर्दाको सामुन्ने उत्कण्ठित विनम्रताले

उभियो 'मीम साहेब, एउटा पाउरोटी बेच्नु हुन्छ कि ?'

मेले भनिन् : यो बेच्ने पसल होइन । सैन्डबीच बनाउनलाई हामीले पाउरोटी ल्याएका ।'

'त्यो कुरा मलाई थाहा छ, मीम साहेब । हामीलाई रोटी चाहिएको छ । एक टुक्रा पनि बचेको छैन भन्छन् ।' यो कुरा भन्दा उसको विनम्रतामा आग्रह थियो ।

'हामीले रोटी बेच्यौं भने हामीलाई अपुग हुनेछ ।' मेको आवाजमा दुर्बलता थियो ।

त्यो मानिसले भन्यो, 'हामीलाई भोकले सताएको छ ।'

'सैन्डबीच किन-न त । हामीसित गाईको मासु हालेको राम्रा-राम्रा सैन्डबीचहरू छन् ।'

'मीम साहेब, हामी त्यसको प्रशंसा जरूर गर्छौं । तर हामी किन्न सक्तैनौं । हामीले दस सेन्टले हामी सबैलाई पुऱ्याउनु पर्छ ।' र त्यसले हताश भई भन्यो : हामीसँग खर्च कम छ ।'

मेले भनिन् : 'दस सेन्टमा तिमीले एउटा पाउरोटी पाउन सक्तैनौ । हामीसित पन्ध्र सेन्ट जाने पाउरोटी मात्र छ ।'

उनको पछिल्तिरबाट आलले गर्जेर भन्यो : 'अरे भगवान्, मे, उनीहरूलाई रोटी देऊ ।'

'रोटी लिएर आउने ट्रक आउनुभन्दा अघि हामीसँग रोटी सिद्धिनेछ ।'

आलले भन्यो, 'सिद्धिन्छ भनेको, मोरा? सिद्धिन दे ।' र त्यसले आफूले बनाइ-रहेको आलुको सलादतिर उदास भई हेऱ्यो ।

मेले आफ्नो हृष्ट-पुष्ट कुमलाई असन्तोषपूर्वक उचालेर आफ्नो विरोध

दर्शाउन ट्रक-चालकहरूतिर दृष्टिपात गरिन् ।

तिनले पर्दा लगाएको ढोका खोलेपछि त्यो मानिस भित्र आयो । उसको साथ-साथ पसिनाको गन्ध पनि । लडकाहरू उसको पछि-पछि आएर लगत्तै मिठाइ राखेको आलमारीतिर गईकन घुरेर हेरे– इच्छा, आशा या तृष्णाले होइन, अपितु यस्ता चीजहरू पनि हुँदा रहेछन् भनेर आश्चर्य मान्दै । उनीहरू कद र आकृतिमा एकनासका थिए । एउटा लडकाले आफ्नो धूलो लागेको गोलीगाँठामा अर्को खुट्टाको औंलाको नङले कन्यायो । अर्को लडकाले केही नरम कुरा कानेखुसी गऱ्यो । त्यसपछि उनीहरूले आफ्ना पाखुरा पसारे जसबाट उनीहरूको अंगरखामा कसिराखेका मुट्ठी पातलो नीलो कपडाको बीचबाट देखा परे ।

मेले दराज खोलेर एउटा लामो मइन-कागजमा बेरिराखेको पाउरोटी झिकेर भनिन् । 'यो पन्ध्र सेन्ट जाने पाउरोटी ।'

त्यो मानिसले आफ्नो टोप फेरि टाउकोमा राखेर अटल विनम्रताले सोध्यो : 'त्यसबाट दस सेन्टको मात्र टुक्रा बनाएर दिन सक्नुहुन्न ?'

आलले गर्जेर भन्यो : 'मे, छोडिदे । त्यो पाउरोटी दे उनीहरूलाई ।

त्यो मानिसले आलतिर फर्केर भन्यो । 'अँहँ, हामीले त्यसबाट दस सेन्टको मात्र किन्न चाहेको । मिस्टर, क्यालिफोर्निया नपुगिएला भन्ने डर मानेर हामीले त्यसो गर्न लागेका ।'

मेले समर्पित भावले भनिन् : 'दस सेन्टमा यही लेऊ ।'

'मीम साहेब, त्यसरी लिएपछि तपाईंलाई लुटेको जस्तो हुन्छ ।'

आलले लिन आग्रह गर्छ, 'लेऊ लेऊ ।' तिनीले मइन-कागजमा बेरिराखेको पाउरोटी काउन्टरको वार-पार घिस्याइदिइन् । त्यो मानिसले आफ्नो पछाडिको गोजीबाट एउटा गहिरो छालाको थैलो झिकेर त्यसको फित्ता फुकालीकन खोल्यो । त्यो थैलो चाँदीका सिक्का राखिएकोले गऱ्हुँगो थियो र त्यसमा चिल्लो लागेका बिलहरू थिए ।

त्यसले क्षमा याचना गरेर भन्यो, 'थैलो यसरी कसिराखेकोमा हाँस उठ्न सक्छ । हामीले हजारौं माइल तय गर्नु छ र यस थैलाबाट काम चलाउन सक्ने या नसक्ने हामीलाई थाहा छैन ।' त्यसले चोर-औंलाको सहायताले थैलोमा एउटा दस सेन्टको सिक्का फेला पारेर दुइटा औंलाले झिक्यो । त्यसले त्यो दस सेन्ट काउन्टरमा राख्दा त्यसको साथमा एक पेनी पनि आएको थियो । त्यसले त्यो पेनी थैलोमा राख्नमात्र के लागेको थियो उसको नजर लडकाहरूमा पऱ्यो जो मिठाइ राखेको काउन्टरको सामुन्ने ठिङ्ग उभिएका थिए । त्यो बिस्तारै उनीहरूको नजीक गयो । त्यसले त्यो आलमारीमा राखेको ठूल-ठूला लामा-लामा लट्ठीहरूमा टाँसिएका पिपलमेट राखेको मिठाइ देखाएर सोध्यो, 'मीम साहेब, त्यो मिठाइ एक-एक पेनी जाने हो ?'

मेले तल आएर हेरीकन सोधिन्, 'कुन चाहिं ?'

'त्यो धर्को-धर्को भएको ।'

ती साना-साना लडकाहरूले आफ्नो नजर फेरेर उनको मुखमा हेरेर सास रोके । उनीहरूका मुख अलि-अलि खुलेका थिए, उनीहरूको अर्ध-नांगो शरीर दरो नै थिए ।

'अहो– त्यो । अँ, त्यो त एक पेनीको दुइटा आउँछ ।'

'अँ, मीम साहेब, उसोभए मलाई दुइटा दिनुपऱ्यो ।' त्यसले तामाको सेन्ट होशियारीसाथ काउन्टरमा राखिदियो । लडकाहरूले आफूले रोकिराखेको सास बिस्तारै छोडे । मेले ती ठूल-ठूला लट्ठीहरू निकालिन् ।

त्यो मानिसले भन्यो, 'लेऊ ती लट्ठीहरू ।'

उनीहरूले डराई-डराईकन हात पसारेर एकोटा लट्ठी लिए । उनीहरूले त्यो मिठाइको लट्ठी आ-आफ्नो बगलमा राखे र त्यसमा हेरेनन् । तर उनीहरूले परस्परमा हेरे अनि उनीहरूको मुखका कुनामा असमन्जसको सारो मुस्कान झल्क्यो ।

'मीम साहेब, धन्यवाद, भनेर त्यो मानिस पाउरोटी टिपेर ढोकाबाहिर

निस्क्यो, रातो धर्को भएको मिठाइको लट्ठी आ-आफ्नो खट्टाले जोरसँग च्यापीकन साना लडकाहरू उसको पछि गए। उनीहरू लोखर्केहरू जस्तै अघिल्लो सीटमा उफेर गई फेरि माल-सामानमाथि बस्न पुगे र त्यही जनावर जस्तै उनीहरू पछिल्तिरको मालसामान खनेर अदृश्य भए।

त्यो मानिस गाडीभित्र पसेर स्टार्ट गरे पछि ढ्वाईंईंईंयँ आवाज निकालेर तेलबाट निस्केको नीलो धूवाँको बादल उडाउँदै पुरानो नैश गाडी मूल-सडकको उकालो लागेर पश्चिमतिर गयो।

भोजनालय भित्रपट्टिबाट ट्रक-चालकहरू, मे तथा आल उनीहरूलाई क्वार्क्वार्ति हेरिरहे।

बिग बिलले गाडी ब्याक गर्दै भन्यो, 'त्यो एक सेन्टको दुइटा दिने मिठाइ होइन।'

मैले रिसाएर भनिन्, 'तिमीलाई के को चासो ?'

बिलले भन्यो, 'त्यो एउटा मिठाइको पाँच सेन्ट पर्छ।'

अर्को मानिसले भन्यो, 'हामीलाई जानु पर्‍यो। हामी समय बरबाद गर्दैछौं। उनीहरूले आ-आफ्नो गोजी छामे। बिलले काउन्टरमा एउटा सिक्का राखिदियो, अर्को मानिसले त्यसमा हेरेर फेरि खल्ती छामेर एउटा सिक्का राखिदियो। उनीहरू ढोकातिर लागे।

बिलले भन्यो, 'यतिका बेर बसियो।'

मेले कराएर बोलाइन् : 'ए ! एक मिनेट पख। पैसा फिर्ता लिएर जाऊ।'

बिलले भन्यो, 'नरकमा जाऊ।' यति भनेर पर्दा लाएको ढोका ढ्याम्म लाइदियो।

मेले उनीहरूलाई ठूलो ट्रकमा बसेको मात्र हेरिरहेकी होइन अपितु त्यो ट्रक-

गाडी बिस्तारै भद्दासँग गुडेर गएको पनि हेरिरहिन् र घ्वाईं-घ्वाईं आवाज निकालिरहेको गियरलाई गतिको अनुपातमा बदलेको पनि सुनिरहिन् । 'आल' भनेर तिनीले कोमल स्वरमा बोलाइन् ।

आफूले गाईको मासु पत्र-पत्र पार्दै सैन्डबीच बनाईकन मइन-कागजहरूमा चाङ लगाउन थामी त्यसले माथि हेरेर सोध्यो, 'के चाहियो ?'

'त्यहाँ हेर ।' तिनले कपहरूको बगलमा आधा डलरका दुइटा सिक्काहरू औंल्याएर देखाइन् । आल नजीक गएर हेरेपछि आफ्नो काममा फर्केर आयो ।

मेले आदरपूर्वक भनिन्, 'ट्रक-चालकहरू, त्यसपछि शिट-हीलहरू ।'

झिंगाहरू पर्दामा सानो-सानो झट्का दिंदै गुनगुनाई गए । एक छिन कम्प्रेसर घिस्सिएर थामियो । ६६ को मूल-सडकमा ट्रक-गाडीहरू, राम्रा-राम्रा गाडीहरू तथा रद्दी गाडीहरू दुराशयले सुइँट्ट-सुइँट्ट नाघेर गए । मे प्लेटहरू लिएर एउटा बालटीन राखीकन त्यसमा लागेको समोसाका पाप्राहरू खुर्कन लागिन् । तिनी भिजेको कपडा लिएर काउन्टरको चारैतिर पुछ्न थालिन् । र उनको नजर व्यस्त मूल-सडकतिर गयो जहाँ गाडीहरू ओहोर-दोहोर गरिरहेका थिए ।

आलले आफ्नो हात ऐप्रोनमा पुछ्यो । त्यसले तावाको माथि भित्तामा आलपीनले टाँसेको कागजमा हेऱ्यो । त्यस कागजमा माथिबाट तल कोरिएका चिह्नका तीन रेखाहरू । आलले सबभन्दा लामो रेखा गन्यो । उसले काउन्टरको बगलबाट पैसा दर्ता गर्ने ठाउँमा गएर घण्टी बजायो 'कुनै बिक्री छैन', र एक मुट्ठी पाँच सेन्टका सिक्काहरू लियो ।

मेले प्रश्न गरिन्, 'के गर्न लागेको ?'

आलले जवाब दियो, 'तीन नम्बरको मेशीन रुपैयाँ तिर्न तयार छ । तेश्रो स्वचालित-यन्त्रको नजीक गएर त्यसले पाँच सेन्टका सिक्काहरू त्यसमा खसालेर खेल्न थाल्यो र पांग्राहरूको पाँचौं पटकको परिक्रमामा तीनोटा सुनका डल्लाहरू निस्के तथा दुइटा गुलाम नआएसम्म खोल्न नहुने खेल कपले छोपिराख्यो । आल

ठूलो मुट्ठीभरि सिक्का जम्मा गरीकन काउन्टरमा फर्केर गयो । त्यसले ती सिक्काहरू टेबिलको दराजमा खसालेर खापा ढचाम्म लाइदियो । त्यसपछि त्यो आफ्नै ठाउँमा फर्केर गई थोपाहरूको लाइन तरेर गयो । त्यसले भन्यो, 'तीन नम्बरले अरू नम्बरले-भन्दा बढी खेल्न पाइन्छ । मैले ती नम्बरहरूलाई हेरफेर गर्नुपर्ने छ ।' त्यसले बिर्को उचालेर बिस्तारै उम्लिरहेको मासु चलायो ।

मेले भनिन्, 'उनीहरूले क्यालिफोर्निया गएर के गर्ने होला ?'

'को ?'

'ती मानिसहरू जो भर्खर भित्र पसे ।'

आलले भन्यो, 'त्यो त क्राइस्टलाई थाहा होला ।'

'भनौं, उनीहरूले काम पाए रे ?'

आलले भन्यो, 'के होला भन्ने मलाई थाहा छ ।'

तिनी मूल-सडकको पूर्वतिर टोलाएर हेरिरहिन् । 'दुइटा गाडी आउँछन् । उनीहरू थामिनेछन् ? थामिन्छन् भन्ने आशा त छ ।' र त्यो ठूलो ट्रक-गाडी मूल-सडकबाट भद्दासँग आएर अड्न लाग्दा मेले कपडा लिएर काउन्टरको लम्बाइभरि पुछिन् । र तिनले टल्केको कफीको भाँडाबाट अलिकति कफी लिएर बोतलमाथि आएको ग्याँसलाई भाँडामुनि फालिदिइन् । आल एक मुट्ठी साना-साना सलगमहरू ल्याएर बोक्रा ताछ्न थाल्यो । मेको मुखमा खुशियाली छाएको थियो जब ढोका खोलेर दुइ जना उर्दी-पोशाक लाएका ट्रक-चालकहरू भित्र पसे ।

'हे बहिनी ।'

मेले भनिन्, 'म कसैको बहिनी हुन चाहन्नँ ।' उनीहरू हाँसे, अनि मे पनि हाँसिन् । 'यहाँहरूलाई के चाहिएको होला ?'

'अह्रो, एक कप कफी । समोसा कस्तो किसिमको छ यहाँ ?'

'कटहर क्रीमको, केरा क्रीमको, चकलेट क्रीमको तथा स्याउको ।'

'मलाई स्याउको देऊ । पर्खने फुर्सत छैन– त्यो ठूलो बाक्लो के हो ?'

मेले समोसा टिपीकन सुँघेर भनिन्, 'कटहर-क्रीमको समोसा ।'

'अँ त्यसबाट एउटा चौटो काट ।

गाडीहरू ६६ को मूल-सडकमा दुराशयले सुइँट्ट-सुइँट्ट गुडेर गए ।

सोह्रौं अध्याय

जोड-परिवार र विलसन-परिवार एक एकाईको रूपमा पश्चिमतिर–एल रेनो, ब्रिजपोर्ट, क्लिन्टान, एल्क सिटि, साइरे, तथा टेक्सोला–लागे । सिमाना आयो; अब ओक्लाहामा पछाडि पऱ्यो । र आज गाडीहरू टेक्सासको पैंनहैण्डलको बीचबाट शामराक, एलेनरीड, ग्रूम तथा यारनेल हुँदै अगाडि बढे । उनीहरू साँझ आमैरील्लो-को बीचबाट निकै लामो बाटो गएपछि अँध्यारो भयो । अनि उनीहरू पाल टाँगेर बसे । उनीहरूलाई थकाइ मात्र लागेको होइन अपितु धूलो र गर्मीले पनि सताएको थियो । गर्मीको मारमा परेकाले उनीहरू बास बस्ने बेलासम्ममा बज्यै कमजोर भइ-सकेकी थिइन् ।

त्यस रात आलले एउटा बारिराखेको काठ चोरेर ल्याई ट्रक-गाडीमा धुरी बनाएर दुवैतिरको छेउ कस्यो । त्यस रात उनीहरूले बिहान जलपान गर्दा बचेको चिसो र सारो भइसकेको ओस्सिइएको बिस्कुट बाहेक अरू केही खाएनन् । उनीहरू डसनाहरूमा पल्टेर आ-आफ्नो लुगा नफेरीकन सुते । विलसन-परिवारले आफ्नो पालसम्म पनि टाँगेनन् ।

जोड र विलसन-परिवारहरू बाढीले खाएर पुरामो चिन्हहरू छोडेका लहरा जस्तो देखिने पैंनहैण्डलको देहात नाघेर अलग्गै गइरहेका थिए । उनीहरू ओक्लाहामा र टेक्सास वारपार गरेर तीव्र गतिले गइरहेका थिए । कछुवाहरू धूलोमा घस्रँदै गइरहेका थिए र पृथ्वीमाथि घामको आक्रमण तेज थियो । साँझ माथिबाट आएको ताप गइसकेता पनि पृथ्वीले सोसिराखेको ताप लहराको रूपमा निस्किरहेको थियो ।

दुइ दिनसम्म परिवारहरू तीव्र गतिले गइरहेका थिए । तर तेश्रो दिन उनी-

हरूले जमीन ज्यादै विशाल भएको अनुभव गरी नयाँ तरीकाले जिन्दगी बसाल्न थाले । मूल-वाटो उनीहरूको घर झैं भयो तथा गति नै उनीहरूको अभिव्यक्तिको माध्यम हुन गयो । अलि-अलि गरेर उनीहरूले नयाँ जिन्दगीमा प्रवेश गरे । सबभन्दा पहिले रूठी र विनफिल्ड, अनि आल, त्यसपछि कान्नी र रोज आब शारन तथा सब-भन्दा पछि त्योभन्दा ठूला उमेरका । निश्चल समुद्रका ठूला लहरहरू जस्तै जमीन डोल्न थाल्यो । विल्डोरैडो, वेगा, बोसी तथा ग्लैनरीओ नाघेपछि टेक्सासको अन्त्य हुन्छ । पर क्षितिजमा न्यू मेक्सिको र पहाडहरू दृष्टिगोचर भए । गाडीहरूका पांग्रा-बाट किरिकिरि आवाज आयो । इन्जीन तातेर रेडिएटरका बिर्कोहरूबाट बाफ निस्कन थाले । उनीहरूले पेकोज नदीतिर घस्रेर गएपछि सान्तारोसा पार गरे । उनीहरू अझ बीस माइल अगाडि बढे ।

आल जोडले पर्यटन-गाडी चलायो । उसको बगलमा आमा तथा आमाको बगलमा रोज आब शारन थिई । ट्रक-गाडी अगाडि घस्रँदै गयो । जमीनमाथि नरम हावा लहराको रूप लिई तह-तह भएर बस्यो तथा पहाडहरू गर्मीले काँप्न थाले । सीटमा कुप्रिएर बसीकन तथा स्टीयरिंग-चक्काको वारपार राखेका बारहरूमा आफ्नो हात चैनले झुकाएर आलले लापरवाहीसँग गाडी हाँक्यो । उसको खैरो टोप चुच्चे र पत्यारनपर्दो किसिमले अहंकारी रूप लिने गरी एउटा आँखाको माथिसम्म तानिएको थियो । गाडी हाँक्दा-हाँक्दै ऊ फर्केर बराबर आफ्नो बगलबाट बाहिर थुक्थ्यो ।

उसको बगलमा बसेकी आमा आफ्नो काखमा हात राखी थकाइ मार्दै थिइन् । गाडीको चालमा आफ्नो शरीर र टाउको छोडेर तिनी खुकुलोसँग बसिन् । तिनले आफ्नो सामुन्नेका पहाडहरूलाई छड्के आँखा गरेर हेरिन् । आफ्नो पैंतालाहरू भूईंमा कसीकन र आफ्नो दायाँ कुहिना ढोकामाथि झुकाएर रोज आब शारन गाडीको चालको विरोधमा डटेर बसेकी थिइन् । उनको हृष्ट-पुष्ट मुख गाडीको चालको विरोधमा कसिएको थियो र उनको टाउको तीव्र गतिले हल्लिएको थियो किनभने उनको गर्दनको मांसपेशी कसिएको थियो । आफ्नो गर्भस्थ शिशुलाई धक्का-बाट बचाउन तिनले आफ्नो सम्पूर्ण शरीरलाई बंग्याउने कोशिश गरिन् । तिनले आफ्नो टाउको आमातिर फर्काइन् ।

तिनले भनिन्, 'आमा ।' आमाको आँखा आलोकित भयो र उनको ध्यान रोज आब शारनतिर खिचियो । उनको आँखा कसेको, थाकेको, हृष्ट-पुष्ट मुखतिर

गयो । त्यो लडकोले हाँसेर भनी, 'आमा, हामीहरू त्यहाँ पुगेपछि तपाईंहरू सबै फलफूल टिपेर त्यहीं बस्न मन पराउनु हुनेछ, होइन त ?'

आमाले अलिकति व्यंग्यात्मक रूपले हाँसेर भनिन्, 'हामीहरू अझ त्यहाँ पुगेका छैनौं । त्यो ठाउँ कस्तो छ हामीहरूलाई थाहा छैन । हामीले गएर हेर्नु छ ।'

त्यो लडकीले भनी, 'कान्नी र मलाई त्यस ठाउँमा बस्न मन लाग्दैन । हामी दुवैले के गर्ने भन्ने योजना पूरा तयार गरिसकेका छौं ।'

एक छिन आमाको मुखमा अलिकति उदासीनता आयो । तिनले सोधिन्, 'के तिमी हामीहरूसँग, परिवारसँग नबस्ने ?'

'अँ, कान्नी र मैले यसबारे सबै कुरा गरिसकेका छौं । आमा, हामीहरू शहरमा बस्न चाहन्छौं ।' तिनी उत्तेजित भई भन्दै गइन्, 'कान्नी कुनै दुकान या कारखानामा काम पाउँदैछ । र ऊ घरैमा बसेर अध्ययन गर्न लागिरहेछ, हुन-सक्छ रेडियो बनाउने काम । अतएव त्यसले त्यस काममा दक्षता प्राप्त गर्न सक्छ र पछि आफ्नो दुकान पनि थाप्न सक्छ । र हामीहरूलाई मन लागेको बेला फिल्म हेर्न जाऔंला । र कान्नी भन्छ, नानी जन्मेपछि डाक्टर मेरो साथमा हुनेछ र पछि के हुन्छ हेरुँला । मैले अस्पताल भर्ना पनि हुनपर्ने हुनसक्छ । हामी एउटा सानो गाडी पनि किनौंला । र त्यसले राति अध्ययन गरेपछि, किन, त्यसो गर्नु असलै होला, त्यसले पाश्चात्त्य प्रेम कहानीहरूबाट एक पाना च्यातिदिन्थ्यो । त्यसले पाठ्यक्रम शुरू गर्न लागेको छ किनभने पाठ्यक्रम शुरू गर्दा पैसा-सैसा लाग्दैन । त्यो अखवारको कटिंगमा ठीकै भनिएको छ । मैले नै देखेको त्यो । तिमीले रेडिओ बनाउने विषयको पाठ्यक्रम लियौ भने उनीहरूले तिमीलाई एउटा काम पनि दिन्छन् । यो राम्रो र सफा काम हो जसबाट भविष्य बन्ने छ । हामीहरू शहरमा बसौंला र मनलागेको बेला सिनेमा हेरौंला । मसँग बिजुलीको इस्तरी पनि हुनेछ तथा बच्चाको निम्ति चाहिने सबै नयाँ सामान हुनेछन् । कान्नीले भनेको छ बच्चाको निम्ति सबै नयाँ सामान–अँ, तपाईंले कैंटलागमा बच्चालाई चाहिने सबै सामान देख्नुभएकै छ । कान्नीले घरमा बसेर अध्ययन गर्दा ठीकै हुनसक्छ तर सजिलो त हुने छैन नि । बच्चा पाउने बेलासम्म त्यसले अध्ययन गरिसक्ने छ अनि हामीहरूले सानो भएपनि एउटा ठाउँ पाउने छौं । हामीलाई राम्रै ठाउँ चाहिन्छ भन्ने छैन तर बच्चालाई ठीक हुनेभए पुग्छ ।' उनको आकृति उत्तेजनाले आलोकित भयो । 'र मैले ठानें–अँ,

मैले ठानें, हामी सबै शहरमा जाने अनि कान्नीले आफ्नो दोकान थापेपछि–आलले उसको निम्ति काम गर्न सक्छ ।'

आमाको आँखा उनको रक्तरंजित मुखबाट हटेन । उनको मुद्रामा परिवर्तन भएको आमाले हेरिरहिन् । तिनले भनिन्, 'तिमीहरू कहीं गएको हामीहरूलाई मन पर्दैन । परिवार टुक्रिनु राम्रो होइन ।'

आलले नाक बजाएर भन्यो : 'कान्नीको निम्ति मैले काम गर्ने ? कान्नीले आएर मेरो निम्ति काम गरे कसो होला ? त्यो रांडा छोराले मात्र राति अध्ययन गर्न सक्छ भन्ठानेको ?'

आमाले अकस्मात् यो जम्मै स्वप्न मात्र थियो भनेर बुझेको जस्तो लाग्यो । तिनले आफ्नो टाउको अगाडितिर फर्काईकन आफ्नो जिउलाई नतन्काई त्यसै छोडि-राखिन् । तर उनको आँखा वरिपरि अलि-अलि मुस्कान खेलिरहेको थियो । तिनले भनिन्, 'बज्यैलाई आज कस्तो छ कुन्नि ।'

स्टियरिंग चलाउँदा-चलाउँदै आलले तनाव अनुभव गऱ्यो । इन्जीनबाट अलि खटखट आवाज आउन थाल्यो । त्यसले चाल बढायो र खटखट आवाज पनि बढेर गयो । त्यसले चाल ढीलो गरेर सुन्यो अनि फेरि एक छिन चाल बढाएर सुन्यो । त्यो खटखट आवाज फलाममा ठोकिएर बढ्दै गयो । आलले हर्न बजाएर गाडीलाई सडकको बगलमा ल्यायो । ट्रकलाई अगाडि लगेर फेरि बिस्तारै पछाडि ल्यायो । तीनोटा गाडीहरू पश्चिमतिर बेगले गए र प्रत्येक गाडीले आ-आफ्नो हर्न बजायो । अन्तिम चालकले टाउको बाहिर निकालीकन कराएर भन्यो : 'तिमी कहाँ अडिराखेको भन्ठानेका ?'

टामले ट्रक ब्याक गरेर नजीकै ल्यायो र गाडीबाट बाहिर निस्केर पर्यटन-गाडीतिर गयो।भरिएको ट्रक-गाडीको पछिल्तिरबाट मानिस टाउको निकालेर तल हेर्न थाले । आलले आफ्नो गाडीलाई पछाडि हटाएर त्यसको काम नदिने मोटर-इन्जीनको आवाज सुन्न थाल्यो । टामले सोध्यो : 'आल, के भयो ?'

आलले मोटरको चाल बढाएर भन्यो 'सुन त मोटरको आवाज ।' खटखट

आवाज अब झन् ठूलो भयो ।

टाम सुन्न थाल्यो । त्यसले भन्यो, 'तिम्रो गाडी रोकेर त्यसै राख ।' त्यसले गाडीको छत खोलेर आफ्नो टाउको भित्तपट्टि घुसाऱ्यो । 'अब यसको गति बढाऊ ।' एक छिन त्यसले सुनेर छत बन्द गऱ्यो । 'अँ, आल, तिमीले भनेको त ठीकै जस्तो लाग्यो मलाई ।'

'डंडीबाट आएको आवाज, होइन त ?'

टामले भन्यो, 'यस्तै बुझिन्छ ।'

आलले शिकायत गरेर भन्यो, 'मैले त्यसमा प्रशस्त तेल हालेको छु ।'

'अँ, तेल हालेको त्यसमा परेन होला । अहिले त त्यो डंडी बूढी वानरभन्दा पनि सुखा छ । अँ अब खोलेर हेर्नु सिवाय अरू कुनै चारा छैन । म अगाडि बिस्तारै चलाउँला–एउटा समथल ठाउँ खोज्न । तिमी बिस्तारै अगाडि घचेट्नु तर पैनलाई धक्का पुग्ने गरी नघचेट ।'

विलसनले सोध्यो : 'पैन खराब छ ?'

टामले भन्यो, 'निकै खराब छ ।' उसले ट्रकको पछिल्तिर गएर बिस्तारै अगाडि चलायो ।

आलले व्याख्या गरेर भन्यो : 'यो कसरी बिग्र्यो मैले बुझ्न सकिनँ । मैले चाहिने जति तेल हालेकै छु ।' आलले ई थाहा थियो दोष उसैको भनेर । त्यसले आफ्नो असफलता अनुभव गऱ्यो ।

आमाले भनिन् : 'यो तिम्रो दोष होइन । तिमीले सब थोक ठीक नै गरेका हौ ।' अनि तिनीले अलिकति डराईकन सोधिन् : 'यो नराम्रोसित बिग्रेको छ र ?'

'अँ, यो जान्नु मुश्किल छ । हामीले नयाँ डंडी नै फेर्नु छ या यो डंडीमा अलिकति बैबिट भन्ने बलियो धातु मिसाउनु छ ।' त्यसले लामो सास लिएर भन्यो, 'टाम यहाँ भएकोले मलाई साँच्चै खुशी लागेको छ । मैले बियरींग भन्ने यन्त्र

कहिले जडान गरेको छैन । टामले गरेको होस् भन्ने जीजससँग प्रार्थना गर्छु ।'

सामुन्ने सडकको बगलमा एउटा ठूलो इश्तिहार टाँस्ने रातो पाटी खडा थियो जसको छायाँ दीर्घाकार भएर परिराखेको थियो । टामले ट्रकलाई सडकदेखि टाढा किनारा लगाएर यसको बगलमा रहेको गहिरो नभएको खाल्टो पार गरीकन त्यस छायाँमा लग्यो । त्यो बाहिर निस्केर आल नआएसम्म पर्खिरह्यो ।

त्यसले बोलाएर भन्यो, 'बाटो सजिलो छैन । गाडीलाई बिस्तारै ल्याऊ, नत्र स्प्रिंग भाँचिएला ।'

आलको अनुहार रिसले रातो भयो । त्यसले मोटरलाई दबायो । त्यसले कराएर भन्यो, 'धत्तेरी ! मैले त्यो बियरींग यन्त्रलाई जलाइन । तिमीले के ठानेको मैले स्प्रिंग भाँच्ने ?'

टामले ङिच्च हाँसेर भन्यो, 'चारवटै पांग्राले जमीन छोउन् भन्ने सिवाय मेरो अरू केही तात्पर्य होइन । यो खाल्टोमा अलि बिस्तारै ल्याऊ भनेको मात्र ।'

आलले त्यो पर्यटन-गाडीलाई बिस्तारै चलाएर पल्लोपट्टि राख्ता गुनगुनाउन थाल्यो । 'त्यो बियरींग जलाउने म भनेर कसैलाई प्रचार गरेर नहिंड ।' इन्जीनले अब जोरसँग खटखट आवाज निकाल्यो । आलले गाडीलाई छायाँमा लगेर मोटर बन्द गऱ्यो ।

टामले छत उचालेर कस्यो । त्यसले भन्यो, 'गाडी चिसो हुनुभन्दा अगाडि त्यसलाई चलाउन सकिन्न ।' दुवै गाडीबाट परिवारहरू तल झरेर पर्यटन-गाडीको वरिपरि झुम्मिन थाले ।

बाले सोध्नुभयो : 'कस्तो खराब भएको ? यति भनेर उहाँ पलेंटी कसेर बस्नुभयो ।

टामले आलतिर फर्केर सोध्यो । 'कहिले त्यस्तो जडान गरेका छौ ?'

आलले जवाब दियो, 'अँहँ, कहिले पनि गरेको छैन । मैले त पैन्सहरू

निकालेको थिएँ ।'

टामले भन्यो : 'अँ, हामीले पैत र डंडीलाई झिक्नु छ । हामीले नयाँ पुर्जा ल्याएर प्वाललाई ठूलो पारीकन त्यसमा प्रयुक्त हुने फलामको टुक्रा जडेर मिलाउनु छ । दिनभरिको काम छ । हामीले सबभन्दा अन्तमा छोडेर आएको सान्टा रोसा भन्ने ठाउँमा पुर्जा लिन जानु छ । अल्बकर्क भन्ने ठाउँ अन्दाजी पचहत्तर माइल छ यहाँबाट । अहो ! जीजस, भोलि आइतबार छ ! त्यस दिन केही पनि किन्न पाउँदैनौं ।' परिवार चूप लागेर उभिरहे । रूठी भाँचिएको पुर्जा हेर्ने आशाले घस्रेर खुला हुडमा हेर्न गइन् । टामले सानो स्वरमा भन्दै गयो : 'भोलि आइतबार छ । सोमबार नभईकन हामीले त्यो चीज पाउने छैनौं र शायद मंगलबारअघि मात्र हामीले त्यो चीज जडान गर्न सकौंला । काम सुगम पार्न हामीसँग औजारहरू पनि छैनन् । त्यो त एउटा काम नै हुने छ ।' एउटा शिकारी चराको छायाँ जमीनमा सुइँट्ट गयो र त्यो बग्दैगइरहेको कालो चरालाई हेर्न सबै परिवारका आँखा माथि गए ।

बाले भन्नुभयो : 'हामीसँग भएको पैसा सकिएला भन्ने मलाई ठूलो डर छ । त्यस हालतमा हामीहरू बिलकुल त्यहाँ पुग्न सक्तैनौं । हामी सबैले खानुपर्ने मात्र होइन अपितु पेट्रोल र तेल पनि किन्नु छ । पैसा सकियो भने मलाई थाहा छैन हामीले के गर्ने होला ।'

विलसनले भन्यो : 'यो मेरो दोष जस्तो लाग्छ । यो रद्दी बिग्रेको गाडीले मलाई प्रशस्त दुःख दियो । तिमीहरूले हामीहरूलाई धेरै सहायता दियौ । अब आफ्नो मालसामान बाँधेर गए पनि हुन्छ । सायरी र म बसौंला र कुनै उपाय निकालौंला । हाम्रो निम्ति तिमीहरूलाई यहाँ पर्खाउने हाम्रो नियत होइन ।'

बाले बिस्तारै भन्नुभयो : 'हामी त्यस्तो गर्दैनौं । हामीहरूको बन्धन प्रायः एकै किसिमको छ । बाजे तिमीहरूकै पालमा मरे ।'

सायरीले थकित भएर भनिन् : 'हामीहरू तिमीहरूको निम्ति बोझ र दुःख-सिवाय अरू केही भएनौं ।'

टामले बिस्तारै चुरोट बनाएर जाँचीकन बाल्यो । त्यसले आफ्नो बिग्रेको

टोपी लिएर निधारको पसिना पुछ्यो । त्यसले भन्यो, 'मलाई एउटा विचार आयो । तर यो विचार कसैलाई पनि मन पर्दैन होला, जो यसप्रकार छ : जति-जति हामी क्यालिफोर्नियाको नजीक पुग्छौं त्यति-त्यति छिटो रुपैयाँ सकिंदै गइरहेछ । अब यो गाडी त्यो ट्रकभन्दा दोब्बर छिटो जान्छ । अब मेरो विचार यो छ कि यो गाडीमा भएको केही मालसामान त्यो ट्रकमा राखेर पादरी र मलाई छोडेर तिमीहरू सबै जाऊ । केसी र म यहाँ बसेर यो गाडीलाई मरम्मत गरिसकेपछि दिन-रात गरेर यो गाडी हाँकेर तिमीहरूलाई भेट्टाउन आऔंला । यो मूल-सडकमा हामीहरूको भेटघाट भएन भने तिमीहरू कुनै तरीकाले काम गरिरहेका होलाउ ।कहीं बीचमा गाडी बिग्र्यो भने, सडकको बगलमा कहीं हामीहरूको भेट नभएसम्म पाल-साल टाँगेर बस । तिमीहरूलाई केही मुश्किल हुनेछैन । र तिमीहरू त्यहाँ पुगिहाल्यौ भने तिमीहरूले काम पाइहाल्नेछौ जसबाट खान-पिनमा सुविधा हुने छ । केसीले यो गाडीको कुरामा मलाई सघाउ दिन सकिहाल्छ र हामीहरू आइहाल्ने छौं ।'

त्यहाँ जम्मा भएका परिवारले यस कुरामा विचार गरे । काका जान बाको बगलमा पलेँटी कसेर बसे ।

आलले भन्यो : 'त्यो डंडी फेर्ने काममा सघाउ दिन मेरो आवश्यकता पर्दैन ?'

'तिमीले भनिहाल्यौ, त्यस्तो डंडी तिमीले कहिले मरम्मत गरेका छैनौं भनेर ।'

आलले स्वीकृति दिंदै भन्यो, 'त्यो त ठीकै छ । तिमीलाई राम्रो सघाउ चाहिएको छ । पादरी बस्न मन नपराउन सक्छ ।'

टामले भन्यो, 'अँ, मेरो साथमा जोसुकै बसे पनि मलाई केही परवाह छैन ।'

बा आफ्नो चोर-औंलाले सुकेको माटो कोर्न थाल्नुभयो । उहाँले भन्नुभयो, 'मेरो विचारमा टामले भनेको ठीकै छ । हामीहरू जम्मै यहाँ बसेर केही फाइदा हुने छैन । हामीहरू रात पर्नुअगाडि पचास या सय माइल अगाडि जान सक्छौं ।'

आमाले हैरान भएर सोधिन् : 'तिमीले हामीहरूलाई कसरी फेला पार्ने ?'

टामले भन्यो, 'हामीहरू उही मूल-सडकमा हुनेछौं । त्रयसट्ठी माइल अगाडि बेकर्सफिल्ड भन्ने एउटा ठाउँ आउँछ जो मैले नक्शामा देखेको छु; सरासर त्यहीं जानू ।'

'हो, हामीहरू क्यालिफोर्निया पुगेर यो मूल-सडकदेखि अलग छुट्टिएर गयौं भने नि–?'

टामले उनलाई फेरि यकीन दिलाएर भन्यो, 'चिन्ता मान्नु पर्दैन । हामीहरूले तिमीहरूलाई पाउँछौं । क्यालिफोर्निया नै सबै संसार होइन ।'

आमाले भनिन्, 'नक्शामा त ज्यादै ठूलो ठाउँ जस्तो देखिन्छ नि ।'

बाले सल्लाह मार्दै भन्नुभयो । 'जान, विरोधमा तिम्रो केही भन्नु छ ?'

जानले भन्यो, 'अँहँ ।'

'श्रीमान् विलसन, यो गाडी तिम्रो हो । मेरो छोराले यसलाई मरम्मत गरेर हाँकी ल्याए तिमीलाई केही आपत्ति छ ?'

विलसनले भन्यो, 'मलाई केही आपत्ति छैन । तिमीहरूले हामीहरूको निम्ति सब थोक गरेको जस्तो लाग्छ । मैले तिम्रो छोरालाई सघाउन नसकेको कारण बुझेकै होलाऊ ।'

टामले भन्यो, 'केही गरी हामीहरूले तिमीहरूलाई भेट्टाउन सकेनौं भने, तिमीहरू अलिकति दाम खर्च गरेर काम गरिरहन सक्छौ । र हामीहरू सबै यहीं बसिरह्यौं भने यहाँ पानीको अभाव छ, अतएव हामीले यो गाडी चलाउन सक्तैनौं । तर भनौं कि तिमीहरू सबै त्यहाँ पुगेर काम पाउँछौ भने, तिमीहरूले रुपैयाँ मात्र पाउने होइन अपितु बस्नलाई एउटा घर पनि पाउन सक्छौ । केसी, यसमा तिमी के भन्छौ ? तिमी मसित बसेर मलाई सघाउँदैनौ ?'

केसीले भन्यो, 'जे गरेर तिमीहरूको भलो हुन्छ म त्यो गर्न चाहन्छु । तिमीले मलाई जे अह्राए पनि म गर्न तयार छु ।'

टामले भन्यो, 'तिमी यहाँ बस्यौ भने पल्टेर बस्नुपर्ने मात्र होइन अपितु मुखमा चिल्लो पनि लगाउनु पर्नेछ ।

'मलाई ठीकै हुन्छ ।'

बाले भन्नुभयो : 'अँ, त्यो गाडीको चाल त्यस्तै छ भने हामीहरू अगाडि बढ्नु जाती हुन्छ । हामीहरू नरोकिएको भए एक सय माइल गइसकेका हुन्थ्यौं होला ।'

आमाले उसको अगाडि आएर भनिन्, 'म जान्नँ ।'

आमाको यो विद्रोह देखेर बा छक्क पर्नु भयो अनि भन्नुभयो, 'के भनेको, तिमी जान्नौ भनेको ? तिमीले जानैपर्छ । तिमीले परिवारको हेर विचार गर्नै पर्छ ।'

आमा पर्यटन-गाडीमा गएर पछाडिको सीटको भूईंमा बसिन् । तिनले एउटा फलामको डंडी हातमा लिएर सन्तुलन गर्न थालिन् । तिनले भनिन्, 'म जाने छैन ।'

'म भन्छु, तिमीले जानैपर्छ । हामीहरूले संकल्प गरिसकेका छौं ।'

अब आमाको मुखमा सारोपन आयो । तिनले सानो स्वरमा भनिन : 'मलाई जान लगाउने एउटै बाटो छ र त्यो के भने कोर्रा लाउनु ।' तिनले फलामको डंडीलाई बिस्तारै आफ्नो हातमा चलाइन् । 'बा, मैले तिमीलाई लज्जित पारुँला । मलाई कोर्राले हाने म रुनेपनि छैन, माफी माग्नेपनि छैन । म तिमीमाथि आइलाग्ने छु । र तिमीले मलाई कोर्रा लाउन सक्छौ भन्ने तिमीलाई यकीन छैन । तिमीले लगाइहाल्यौ भने म ईश्वरको किरिया खाएर भन्छु कि तिमीले पीठ्यूँ नफर्काउन्जेल या नबसुन्जेल पखुँला । त्यसपछि म तिमीलाई एउटा बालटीनले ठोकेर उत्तानो पारिदिउँला । पवित्र जीजसको किरिया खाएर भन्छु, म जरूर त्यसो गरूँला ।'

बाले सबैलाई लाचारीसाथ हेरेर भन्नुभयो, 'तिनी निर्लज्ज, मैले कहिले पनि उनलाई यस्तो धृष्ट भएको देखेको छैन ।' रूठी जोरसँग खिसी गरेर हाँसिन् ।

त्यो डंडी आमाको हातमा उत्सुकताले अगाडि-पछाडि खेलिरहेको थियो। आमाले भनिन्, 'आऊ, तिमीले मनमा संकल्प गरिहाल्यौ। मलाई कोर्रा लाएर हेर। तर म जाने छैन। अथवा म गैहाले पनि तिमीले कहिले सुत्न पाउने छैनौ। म तबसम्म पर्खुँला जबसम्म तिमी सुत्दैनौ। पनि अछि म चूलोको एउटा लट्ठी लिएर तिमीलाई ठोकुँला।

बाले गुनगुनाएर भन्नुभयो, 'तिनी यस्तो बिघ्न धृष्ट र निर्लज्ज ! र जवान पनि त छैनन् तिनी।'

तिनीहरूको दलले त्यो विद्रोहलाई हेरिरह्यो। उनीहरू बाको क्रोधाग्नि दन्केर आउने आशा गरेर हेरिरहे। उनीहरूले उनको शिथिल हात कसिएर मुक्कामा परिणत भएको हेर्न पर्खिरहे। तर बालाई रिस उठेन, त्यसैले उहाँका हात बगलमा शिथिल भएर झुण्डिरहे। एक छिनपछि आमाको विजय भयो भनेर सबैले बुझे। र आमालाई पनि यो कुरा थाहा थियो।

टामले भन्यो: 'आमा, तिमीलाई के भैरहेको ? किन यस्तो गर्न चाहेकी ? आखिर कुरा के हो ?'

आमाको मुखमा कोमल भाव झल्क्यो तर आँखामा प्रचण्डता अझ छँदै थियो। तिनले भनिन्, 'तिमीले राम्रोसँग विचार नगरीकन यो निर्णय गर्न लागेका हौ। हामी यति बाहेक संसारमा अरू बाँकी नै के छ र ? हाम्रो परिवारमा जति छन् त्यति त हो नि। हामीहरू बाहिर निस्केपछि बाजे त्रिहानमा पुगिहाले। र अब तिमीले परिवारलाई टुक्र्याउन चाह्यौ।'

टामले कराएर भन्यो: 'आमा, 'हामीहरूले तिमीहरूलाई भेट्टाउने, हामी धेरै बेर विलम्ब गर्दैनौं।'

आमाले डंडी हल्लाइन्। तिनले भनिन्, 'भनौं कि हामीहरूले पाल टाँगेर बस्यौं अनि तिमीहरू नाघेर गयौ। भनौं, हामीहरू त्यहीं पुग्यौ; फलाना ठाउँमा गयौं भनेर हामीले कहाँ भनेर जाने र तिमीहरूले कहाँ सोध्ने ? हामीले अप्ठ्यारो बाटो पार गर्नुछ। बज्यै अस्वस्थ छिन्। तिनी थकित भएर ट्रकमा बसिरहेकी छन्। हाम्रो अगाडि लामो नराम्रो बाटो छ।'

काका जानले भने : 'तर हामीले केही आर्जन त गर्न सक्छौं । हामीमध्ये कोही त्यहाँ पुगेमा केही बचाउन त सक्छौं ।'

सबैका आँखा आमातिर गए । तिनी शक्तिशाली भएकीले सबैलाई नियन्त्रणमा राखेकी थिइन् । तिनीले भनिन्, 'हामीले आर्जन गरेको रुपैयाँले केही लाभ हुने छैन । हामीसँग जे-जति छ त्यो अखण्ड परिवार हो जो ठ्वाँसोहरू घुमिरहँदा एक दल गाई बसे जस्तै गुजमुजिएर बस्छन् । हामी सबै एकगट्ठा भएर बाँचुन्जेल मलाई डर छैन, तर हामीहरू फुटेर बसेको म हेर्न चाहन्न । हामीमित यहाँ विलसन-परिवार र पादरी छन् । उनीहरू जान चाहे म केही भन्न सक्तिन । तर मेरो परिवार फुटेर बस्न चाहे मलाई जंगली बिरालो जस्तो भएर बस्न मन लाग्छ ।' उनको आवाजमा बेफिक्रीपन र निर्णयात्मक भावना थियो ।

टामले रिझाउने तरीकाले भन्यो : 'आमा, हामी सबै यहाँ बस्न सक्तैनौं । यहाँ न पानी छ, न छायाँ नै । बज्यैलाई छायाँको दरकार छ ।'

आमाले भनिन, 'हुन्छ, हामी गएर पानी र छायाँ भएको ठाउँमा बसौंला । अनि ट्रक आएर तिमीलाई टिपीकन पुर्जा लिन शहर लानेछ, जहाँबाट तिमीलाई फर्काउने छ । तिमीले घाममा हिंड्नु पर्ने छैन, न मैले तिमीलाई एकलै छोड्नु पर्ने छ । तिमी एक्लै भएमा तिमीलाई टिप्न र सहायता गर्न परिवारको कोही सदस्य हुँदैन ।'

टामले आफ्नो ओठ दाँतहरूमाथि भित्र खिच्यो र फेरि ओठ खोल्यो । लाचार भएर त्यसले आफ्नो हात फैलाएर बगलमा छोड्यो । त्यसले भन्यो, 'बा तपाईंले एकातिर आमालाई र अर्कोतिर मलाई थिच्नुभयो भने तथा परिवारका सदस्यहरू त्यसमाथि खनिन आएर बज्यै सबैभन्दामाथि फाल हाल्न आइन् भने, आमाको त्यो डंडीले हामी दुइ तीन जना मारिइन सकिने छौं । तर तपाईंले आफ्नो टाउको फोर्न लाउने इच्छा गर्नु हुन्न भने म अनुमान गर्छु आमाले आफ्नो तागत बढाउन चाहनेछिन् । जीजस क्राइस्टको किरिया खाएर भन्छु कि दृढसंकल्प गर्ने एउटा व्यक्तिले धेरै मानिसहरूलाई हटाउन या पछार्न सक्छ । आमा, तिम्रो जीत भयो । कसैलाई चोट पार्नुअगाडि त्यो डंडीलाई एकातिर पन्छाऊ ।'

आमाले त्यो फलामको डंडीमा चकित भएर हेरिन् । उनको हात काम्यो ।

तिनले आफ्नो हथियार जमीनमा खसालिन् । अनि टामले बडो होशियारीसाथ त्यसलाई टिपेर गाडीमै हालिदियो । त्यसले भन्यो : 'बा, तपाईं पलेंटी कसेर बस्नोस् । आल तिमी पाल टाँगेर यिनीहरूलाई बसाल । अनि पछि तिमी ट्रक फर्काएर ल्याऊ । पादरी र म त्यसको पैन फुकालेर हेरौंला । हामीले बनाउन सके सान्ता रोसा गएर एउटा डंडी किन्न खोजौंला । शनिवारको रात भएकोले हामीले पाउन संभव छ । अहिले छिटो गर, हामीलाई जानु छ । खोइ, ट्रकमा होला रेंचु ल्याऊ, सनेसो ल्याऊ ।' त्यो पर्यटन-गाडीमुनि गयो र चिल्लै चिल्लो भएको पैन छामेर हेऱ्यो । 'अहो, मलाई तेल राख्ने बालटीन देऊ । खेर जान नदीकन बचाउनु पर्छ ।' आलले बालटीन ल्याएर हातमा राखिदियो । टामले त्यसलाई गाडीमुनि राखेर एउटा सनेसोले तेलको बिर्को खुकुलो पाऱ्यो । आफ्नो औंलाले बिर्कोको पेच फुकाल्दा त्यसको पाखुरामा कालो तेल बगेर आयो । त्यसपछि कालो तेलको धार बालटीनमा बग्न थाल्यो । बालटीन आधा भरिंदा आलले परिवारलाई ट्रकमा लादिसकेको थियो । पहिले नै आफ्नो मुखमा तेल पोतिएर कालो भैंसकेको टामले पांग्राहरूको बीचबाट हेरेर कराईकन भन्यो, 'छिटो फर्केर आउनू ।' ट्रक बिस्तारै गहिरो नभएको खाल्टो पार गरी घस्रेर जाँदा ऊ पैनका ढिवरीहरू खोलिरहेको थियो । टामले हरेक ढिवरीलाई आलो-पालो गरी एकेक फन्को घुमायो जसबाट चिल्लो घसेको डोरी सुरक्षित हुन सकोस् ।

पादरीले पांग्राहरूको बगलमा घुँडा टेकेर भन्यो, 'मैले कुनचाहिं काम गर्ने ?'

'केही नगर्ने अहिले । तेल जम्मै निखिसकेपछि तथा ढिवरी जम्मै फुकालिसके-पछि पैन झिक्दाखेरि तिमीले मलाई सघाउने ।' रेंचुले ढिवरीलाई फुकाल्दा तथा औंलाले तिनीहरूलाई फुकालेर झिक्दा ऊ गाडीमुनि खुम्चेर बस्यो । पैन खस्न नदिन त्यसले ढिवरीहरूको हरेक छेउमा धागो खुकुलो पारी छोडिराख्यो । टामले भन्यो, 'यहाँ तल जमीन अझ तातै छ । केसी, भन त, केही दिन भयो तिमी गजबसँग मौन धारण गर्दैछौ । किन, जीजसलाई साक्षी राखेर भन ! तिमीसित पहिले भेटघाट हुँदा हरेक आधा-आधा घण्टामा कुरा गरिरहन्थ्यौ । यहाँ दुइ दिन भयो तिमीले दसवटा पनि कुरा गरेका छैनौ । के हो– रिसाएका ?'

पेटको बलले पसारिएर केसी गाडीमुनि हेरिरहेको थियो । ठाडो-ठाडो ठुटे दाह्री उम्रेको उसको चिउँडो उसले आफ्नो एउटा हातको पछाडितिर अडचाएको थियो ।

उसले टोप पछाडि हटाएको थियो जसबाट उसको घाँटीको पछिल्लो भाग त्यसले ढाकेको थियो । त्यसले भन्यो, 'मेरो जिन्दगी राम्रोसँग संचालन गर्न म पादरी छँदा मैले पर्याप्त मात्रामा बोलेको थिएँ ।'

'हो, तिमीले केही मतलबको कुरा पनि गरेका थियौ ।'

केसीले भन्यो, 'म अहिले हैरानीमा छु । पादरीको काम गरेर कहिले हिँडेको थिएँ मलाई त्यो पनि याद छैन । तर म भाले-बिरालोले जस्तै निकै पोथी खोज्दै हिँडेको थिएँ । मैले अब धर्मोपदेश गर्न छोडेपछि बिहे गर्नुपर्ने थियो । किन, टामी, मलाई वासनाले सताइरहेछ ।'

टामले भन्यो, 'मलाई पनि त्यस्तै भैरहेछ । मैकआलेस्टरबाट निस्केकै दिनदेखि मैले धूमपान गर्न थाले । एउटी रंडी जो खरायोनी जस्तै थिई म त्यसको पछि लागे । त्यसपछि के भयो म तिमीलाई भन्दिन, न अरू कसैलाई नै भनुँला ।'

केसीले हाँसेर भन्यो, 'मलाई थाहा छ के भयो भन्ने कुरा । एक दिन म जंगलमा घुम्दै थिएँ । त्यहाँबाट निस्केपछि त्यही कुरा मलाई पनि भयो ।'

टामले भन्यो, 'यसले नराम्रै गऱ्यो ! जे होस् मैले आफ्नो पैसा बचाएँ । मैले त्यस लडकीलाई त्यसको इच्छामुताबिक जहाँ भएपनि जान दिएँ । मैले आफूलाई उच्छृंखल ठानें । मैले उसलाई पैसा दिनु पर्ने । मेरो माउँमा पाँच डलर मात्र थियो । उसले पैसा-सैसा चाहिँदैन भनी । यहाँ भित्र घस्रेर आऊ र ढिवरी समाऊ । म त्यसलाई खुकुलो पारूँला । तिमी त्यो ढिवरी घुमाऊ र म यतातिरको छेउ घुमाउँछु । र यसरी हामीले त्यसलाई सजिलैसित फुकालौंला । त्यो चिल्लो घसेको डोरीको ख्याल गर्नू । त्यो एक टुक्रा भएर आउँछ, हेर्नू । यस्ता पुराना डाज गाडीहरूमा चारवटा बेलनहरू मात्र हुन्छन् । एकताका मैले एउटा बेलन झिकें । यसका मूल बियरींगहरू खरबूजा जत्तिकै ठूला छन् । अब– तल आउन देऊ त्यसलाई –त्यो समाऊ । चिल्लो लाएको डोरी भेट्टाएर त्यसलाई त्यहाँबाट तल तान जहाँ त्यसलाई टाँसिएको छ– अब सजिलो भयो । हेर त्यहाँ ! तिनीहरूको बीचमा चिल्लो लागेको पैन समतल ठाउँमा पडिरहेको छ । तेल बस्ने ठाउँमा अलि-अलि तेल अझ छँदैछ । टामले तेल बस्ने ठाउँहरूमध्ये अघिल्लोचाहिँबाट बैब्बिट

भन्ने मिश्रित धातुका भाँचिएका केही टुक्राहरू टिपेर ल्यायो । त्यसले भन्यो, 'हेर यो ।' त्यसले ती टुक्राहरूलाई आफ्ना औंलाहरूको बीचमा ओल्टाई-पल्टाई हेऱ्यो । 'मेशीनको लामो धुरा माथि आएछ । पछाडिपट्टि हेरेर धुराको बांगो भागलाई समाऊ । मैले तिमीलाई नभनुन्जेल त्यसलाई फर्काई राख्नू ।'

केसी उठेर धुराको बांगो भाग भेट्टाईकन समाइराख्यो ।

'तयार ?'

'भेट्टाऊ– अब सजिलो भयो– अलि बढ्ता– अलि बढ्ता– बस ठीक ।'

केसीले घुँडा टेकेर फेरि तल हेऱ्यो । टामले मेशीनको लामो धुरामा संयोजक-डंडीको बियरींगलाई बजाएर भन्यो, 'यहाँनिर छ यो ।'

केसीले सोध्यो, 'तिमीले के गऱ्यौ भन्ठानेका ?'

'अहो, धत्तेरी, मलाई थाहा छैन ! यो गाडी चलाएको तेह्र वर्ष भइसकेछ । गति-सूचक-यन्त्रअनुसार यो गाडी साठी हजार माइल चलिसकेको रहेछ । त्यसको मतलब एक सय साठी, र भगवान् जानुन् उनीहरूले कतिपल्ट संख्या बदलिसकेका होलान् । यो गाडी गरम हुन्छ । कसैले तेल तलसम्म मात्र हालेको हुन सक्छ ।' त्यसले यन्त्रका भागहरूलाई बाँधेर राख्ने ढिवरीहरू तानेर एउटा बियरींगको ढिवरीमा आफ्नो रेंचु राख्यो । त्यसले बल गऱ्यो तर रेंचु चिप्लेर गयो । उसको हातको पछिल्लो भागमा एउटा ठूलो घाउ भयो । टामले त्यो घाउ हेऱ्यो । घाउबाट एकनासले रगत बगिरह्यो जो तेल र पैनमा पऱ्यो ।

केसीले भन्यो, 'घाउ नराम्रोसँग लाग्यो । खोइ त्यो म गरूँ ? अनि तिमी आपनो हातमा पट्टी बाँध ।'

'अँहँ, बेइमान ! मेरो जिन्दगीमा घाउ नलगाईकन कहिले पनि गाडी मरम्मत गरेको छैन । अब घाउ भैहाल्यो । फेरि घाउ होला भनेर डर मान्नै परेन ।' त्यसले रेंचु फेरि लगायो । त्यसले भन्यो, 'अर्धचन्द्राकारको एउटा रेंचु भए हुने थियो ।' ढिवरीहरू खुकुलो नहुन्जेल त्यसले रेंचुमा आफ्नो हातले घनले ठोके जस्तै ठोक्न थाल्यो । त्यसले ती ढिवरीहरू झिकेर पैनका ढिवरीहरू पैनमा तथा यन्त्रलाई बाँधेर राख्ने

ढिवरीहरू पनि त्यसैमा राख्यो । त्यसले बियरींगका ढिवरीहरू फुकालेर पिस्टन तान्यो । त्यसले पिस्टन र संयोजक-डंडीलाई पैनमा राख्यो । 'अरे, भगवान् ! गाडीको तल खुम्चिएर त्यसले पैनलाई तानेर झिक्यो । त्यसले आफ्नो हात एक टुक्रा बोरामा पुछेर हातको घाउ राम्रोसँग हेर्‍यो । त्यसले भन्यो, 'राँडा छोरा रगत बगिरहेछ । अँ, त्यसलाई थाम्ने तरीका मलाई थाहा छ ।' त्यसले भूईंमा पिसाप गरेर त्यो पिसापको हिलो एक मुट्ठी लिएर घाउमा पोतिदियो । एक छिन रगत अलि-अलि निस्केर थामियो । त्यसले भन्यो, 'रगत थाम्ने सबभन्दा राम्रो तरीका संसारमा यही हो ।'

केसीले भन्यो, 'माकुराको मुट्ठीभर जालले पनि घाउको रगत थामिन्छ ।

'मलाई थाहा छ । तर माकुराको जाल पाइँदैन, पिसाप त जहिले पनि पाइन्छ ।' टामले गाडीको बगलमा भएको फल्याकमा बसेर टुटेको बियरींग जाँचेर हेर्‍यो । 'अब हामीले '२५ को डाज गाडी फेला पारीकन प्रयोग गरिसकेको कानराड र मेशीनमा ठीक हुने केही फलामका चुकुलहरू भेट्टाउन सक्यौं भने यो गाडी ठीक गर्न सकौंला । आल निकै टाढा पुगिसकेको होला ।'

अब इश्तिहार टाँस्ने पाटीले फ्याँकेको छायाँ साठी फीट टाढा हुन आयो । मध्याह्न लम्बिएर गयो । केसी गाडीको बगलमा भएको फल्याकमा बसेर पश्चिमतिर हेरिरह्यो । त्यसले भन्यो, 'हामीहरू छिटै उचा पहाडहरूमा पुग्दैछौं ।' केही बेर चूप लागेर त्यसले भन्यो : 'टाम !'

'किन ?'

'टाम, मैले यो मूल-सडकमा हामीले उछिनेर आएका गाडीहरू तथा हामीलाई उछिनेर गएका गाडीहरूलाई विचार गरेर हेर्दा म सजग भएको छु ।'

'के को सजग ?'

'टाम, हामी जस्ता सयौं परिवारहरू पश्चिमतिर लागिरहेका मैले हेरिरहें । तर कुनै परिवार पूर्वतिर लागेको छैन । त्यो कुरा याद गरेका छौ ?'

'ज्यू मैले याद गरेको छु ।'

'किन, उनीहरू सिपाहीहरूदेखि डराएर भागिरहेको जस्तै छ। सम्पूर्ण मुलुक नै गतिशील भएको जस्तो छ ।'

टामले भन्यो, 'ज्यू, सम्पूर्ण मुलुक नै चलायमान छ । हामी पनि चल्दैछौं ।'

'अँ– त्यहाँ गएका जतिले कुनै काम पाएनन् भने नि ?'

टामले कराएर भन्यो, 'छोडिदेऊ, यो कुरा ! मैले कसरी थाहा पाउने ? म भर्खर एक पाइला सार्दैछु । मैले मैकमा चार वर्षसम्म यस्तो गरेको छु, जेलको सानो कोठाभित्र या बाहिर तथा साझा भोजनालयभित्र या बाहिर। जीजज क्राइस्टको किरिया खाएर भन्छु, म बाहिर निस्कँदा केही फरक हुनेछ भनेर मैले विचार गरेको थिएँ । त्यहाँ भित्र केही पनि विचार गर्न सकिनँ र अहिले पनि केही विचार गर्न सक्तिनँ ।' त्यसले केसीतिर फर्केर भन्यो । 'यहाँ बियरींग खुस्किराखेको रहेछ । यो खुस्किराखेको त हामीलाई थाहा नै भएन । त्यसैले हामीलाई त्यसमा केही चिन्ता नै भएन । अब त्यो खुस्केको हामी मरम्मत गरौंला । र क्राइस्टको किरिया खाएर भन्छु, म चिन्ता-सिन्ता गर्ने छैन । त्यसो गरिरहन सक्तिनँ । यो सानो फलामको टुक्रा र मिश्रित धातुको टुक्रा देख्यौ तिमीले ? मेरो मनले खोजेको त्यही चीज त हो नि । आल पो कता गएछ ।'

केसीले भन्यो : 'टाम, अब हेर । अहो, क्या फसाद ! केही भन्नलाई पनि मुश्किल ।'

टामले आफ्नो हातमा लागेको हिलो निकालेर जमीनमा फालिदियो । घाउको छेउ-छेउमा धूलोको रेखा बसेको थियो । त्यसले पादरीतिर पुलुक्क हेरेर भन्यो, 'तिमी भाषण गर्ने प्रबन्ध गरिरहेका छौ । अँ, गर्दै जाऊ । मलाई भाषणहरू मन पर्छ । वार्डनले जहिले पनि भाषणहरू गर्नेगर्थ्यो ।'

केसीले गाँठैगाँठा भएका लामा-लामा औंलाको पछाडिपट्टि लागेको मयल फालेर भन्यो । 'मालसामानहरू जाँदैछन्, मानिसहरू पनि काम गर्दैछन् । ती मानिस-हरूले तिमीले भनेजस्तै पाइला अगाडि चालिरहेछन्–तिमीले भनेजस्तै जुन ठाउँमा

उनीहरू जान लागेका छन् त्यस ठाउँबारे उनीहरू विचार गरिरहेका छैनन्–तर उनीहरू उतैतिर पाइला सारिरहेछन् । तिमीले ध्यानपूर्वक कान दियौ भने मानिसहरूको चलमल, चोर जस्तै गइरहेका, खडखडाहट तथा बेचैनो सुन्ने छौ । मालसामान गइरहेका छन् तथा मानिसहरूलाई आफूले के गर्न लागेका छौं भन्ने कुरा थाहा नै छैन । तो मानिसहरू आफ्ना खेत छोडेर पश्चिमतिर लागेकाले केही हुनेछ । केही घटनाले बाटो हेरिराखेको छ जसले सम्पूर्ण प्रदेशमा परिवर्तन ल्याउँदैछ ।'

टामले भन्यो : 'म आफ्ना गौरवहरू एकेक गरी तिलान्जलि गर्दैछु ।'

'हो, तर तिम्रो बाटोमा बार लगाएको ठाउँ आयो भने तिमी त्यसलाई फड्केर जान्छौ ।'

टामले भन्यो, 'मैले बारेका ठाउँहरू चढ्नुपरे चढुँला ।'

केसीले सुस्केरा हालेर भन्यो, 'यो सबभन्दा उत्तम तरीका हो । म यसमा सहमत छु । तर विभिन्न किसिमका बारेका ठाउँ आउँछन् । म जस्ता मानिसहरू हुन्छन् जसले निर्बल बारेका ठाउँहरू पनि चढ्छन् ।'

टामले सोध्यो, 'आल आएको होइन त्यो ?'

'हो, त्यस्तै लाग्छ ।'

टामले उभिएर त्यो संयोजक रड तथा बियरींगका दुवै अर्ध-भागहरू एक टुक्रा बोरामा बेन्यो । त्यसले भन्यो, 'मलाई त्यही चीज पाउने यकीन छ ।'

ट्रक मूल-सडकबाट चल्दै आयो अनि आलले त्यसको झ्यालबाट हेन्यो ।

टामले भन्यो : 'तिमीले त निकै बेर लगायौ । कति टाढा गएका ?'

आलले लामो सास फेरेर भन्यो । 'रड झिक्यौ ?'

'झिकें ।' टामले बोरा उचालेर भन्यो । 'बैब्बिट भर्खर फुट्यो ।'

आलले भन्यो, 'अँ, त्यसमा मेरो केही दोष छैन ।'

'अँ, तिमीले अरू मानिसहरूलाई कहाँ छोडेर आयौ ?'

आलले भन्यो, 'हामीलाई कस्तो आपत पऱ्यो । बज्यैले के-के के-के चिच्या-एकीले रोसाशर्नले हेरिराखेकी छिन् । डसनामुनि मुन्टो घुसाएर तिनी चिच्च्याइन् । बज्यै आफ्नो जबडा खोल्नसम्म खोलेर शिकारी कुकुरले जस्तै भुक्न थालिन् । हावा खुस्केको जस्तो बुझिन्छ । सानो बालकले जस्तै न कसैसँग बोल्छिन् न कसैलाई चिन्छिन् । तर बाज्येसँग कुरा गरिरहे जस्तै कुरा गर्छिन् ।'

टामले आग्रह गरेर भन्यो, 'उनीहरूलाई कहाँ छोडेर आयौ त ?'

'अँ, हामीहरू एक ठाउँमा पाल टाँगेर बस्यौं । त्यस ठाउँमा छायाँ र पाइपको पानी पनि छ । त्यहाँ दिनको आधा डलर खर्च हुन्छ । सबका सबले थकाइ र हैरानीले सताइएर त्यहीं मुकाम गरे । बज्यैलाई थकाइ लागेको हुनाले मुकाम गर्नु पऱ्यो भनेर आमाले भनिन् । विलसनहरूको पाल टाँगियो तथा हाम्रो अलकतरा लगाएको टाट पनि टाँगियो । मलाइ लाग्छ बज्यैको हावा खुस्क्यो ।'

टामले अस्ताचलतिर गइरहेको अरुणलाई अवलोकन गर्दै भन्यो, 'केसी, यो गाडीको साथमा कोही बस्नु पर्छ अन्यथा यसका पुर्जाहरू चोरिइने छन् । जतिसक्यो त्यति छिटो तिमी बस ।'

'जरूर म बसुंला ।'

आअले सीटबाट एउटा कागजको थैलो झिक्यो । 'यसमा अलिकति रोटी र मासु छ, आमाले दिई पठाएको र एक जलदान पानी पनि ।'

केसीले भन्यो, 'तिनको स्मृतिबाट कोही बाहिर हुँदैन ।'

टामले आलको बगलमा गएर भन्यो, 'हेर, जतिसक्यो त्यति छिटो हामी फर्कौंला । तर कति बेर लाग्ने भन्न सक्तैनौं ।'

'म यहाँ बसिरहुँला ।'

'ठीक छ । एक्लै भाषण गरेर नबस । आल, बसिराख्नू ।' ट्रक दुइ प्रहर बित्न लाग्दा हिंड्यो । टामले भन्यो, 'त्यो राम्रो मान्छे हो । त्यसले जहिले पनि खानेबारे विचार गर्छ ।'

'अँ, तिमी पादरी थियौभने मलाई लाग्छ अहिले पनि हुमु पर्छ । एउटा रूख-मुनि पाल टाँगेर बस्दा पचास सेन्ट लाग्छ भनेर वा बौलाहा हुन लाग्नुभएको छ । उहाँले त्यस्तो रूख भएको ठाउँ कहीं पनि भेट्टाउन सक्नुभएन । वा बसेर सरापिरहनु भएको छ । तिमीलाई हावाको एक टंकी दिन्छु भनेर वा भन्नुहुन्छ । तर बज्यैको कारणले हामीहरू छायाँ र पानीको नजीक बस्नु पर्छ भनेर आमा भन्छिन् ।' ट्रक मूल-बाटोमा खडखडाएर गयो र अहिले यसमा कुनै बोझ नभएकोले यसको हरेक भागबाट खडखडाएको आवाज आयो । आलले घंटाको तीस माइलको दरले गाडी लग्यो जसबाट इन्जीन जोरसँग घड्घडाएर बलेको तेलको नीलो धूवाँ गाडीभित्रको फल्याकबाट उडेर आयो ।

टामले भन्यो, 'बेग अलि घटाऊ । तिमीले धुराको विर्कोसमेत जलाउन लाग्यौ । बज्यैलाई केले कष्ट दिइरहेछ ?'

'मलाई थाहा छैन ।' तिमीलाई संझना छ, दुइ दिनसम्म तिनी कसैसित केही नबोलीकन ठीकै थिइन् ? अँ, अहिले त तिनी जोरसँग कराएर बाज्येसँग मात्र कुरा गरिरहेकी हुन्छिन् । उसैसँग मात्र जोर-जोरसँग कराइरहेकी । डर पनि त्यतिकै मानेकी । बाज्येले उनलाई दाँत देखाएर ङिच्च हाँसेको जस्तो गरी हाँसिरहेकी पनि देखिन्छ । बाज्येलाई तिनले आफ्नो सामुन्ने बसिरहेको हेरिरहेकी जस्तो बुझिन्छ ।'

'अँहँ मलाई संझना छैन । मैले त प्रतिज्ञापत्र प्राप्त गर्ने एउटा राम्रो अवसर पाएको थिएँ । मैले ठानेको थिएँ कि म घर पुगेपछि आफूलाई मन लागेको ठाउँमा सुत्ने, अबेर उठ्ने तथा यथेष्ट खाने । बाहिर निस्केर म नाचेँ तथा भाले-बिरालोले जस्तै पोथी खोज्दै हिंडे । र यहाँ त त्यो सब काम गर्नलाई मेरो फुर्सत नै छैन ।'

आलले भन्यो : 'मैले बिर्से । आमाले तिमीलाई भन्न भनी थुप्रो कुरा भनी पठाएकी थिइन् । केही पान नगर्नू, कुनै बहसमा नपर्नू, तथा कसैसंग झगडा नगर्नू

भनेर आमाले भनी पठाएकी । तिमीले फेरि जेल जानु पर्ला भने उनलाई डर छ ।'

टामले भन्यो, 'मेरो तरफबाट कुनै दुःख नपाईकन तिनले प्रशस्त काम गर्नु थियो ।'

'अँ, हामी एकेक पाइन्ट बियर खाऔं, नखाने त ? मलाई बियर खान असाध्य मन लागिरहेछ ।'

टामले भन्यो, 'मलाई थाहा छैन । हामीले बियर किने बाले एक हुल छेपारो टिप्नेछन् ।'

'अँ, हेर टाम, मसित ६ डलर छ । तिमी र म एकेक पाइन्ट बियर लिई माछा मार्न जानेछौं । मसँग ६ डलर छ भन्ने कसैलाई थाहा छैन । क्राइस्ट, हामीले पछताउको समय बिताउनु पर्ने छ ।'

टामले भन्यो, 'हामी पानीको किनारामा पुग्दा बियर खाएर पछुतो गरौंला । हामीले काम गरिरहँदा म तिमीलाई माछा मार्न जालाऊ भनेर विचार नगर्न सक्छु ।'

'अँ, म यहाँ कसैलाई चिन्दिनँ । मैले यहाँ धेरै बेर गाडी चलाएँ भने मैले बिहे गर्नु पर्ने छ । हामीहरू क्यालिफोर्निया पुग्दा मलाई पछताउले पीछा गर्ने छ ।'

टामले भन्यो, 'यस्तै आशा गर्छु ।'

'तिमीलाई कुनै कुराको यकीन छैन ।'

'अँहँ, मलाई कुनै कुराको यकीन छैन ।'

'तिमीले त्यो मानिसलाई मार्दा तिमीले कहिले त्यसको या अरू कुनै कुराबारे विचार गऱ्यौ ? मारे पछि तिमीलाई चिन्ताले सतायो ?'

'अँहँ ।'

'अँ, तिमीले त्यसको बारे कहिले विचार गरेनौ ?'

'अवश्य, त्यो मरेकोमा मलाई अपशोच भएको थियो ।'

'तिमीले उसको मृत्युको दोष आफूमाथि लिएनौ ?'

'अँहँ, मैले त्यस बेला त्यो काम गरेको थिएँ ।'

'त्यो–ज्यादै–नराम्रो–थियो ?'

टामले भयभीत भएर भन्यो : 'आल, हेर, मैले जे गरें गरें । म त्यस्तो काम बारंबार गर्न चाहन्नँ । हाम्रो सामुन्ने नदी आयो र ऊ पर शहर छ । हामी एउटा कान-राड किनौं, अरू बाँकी छोडिदेऔं ।'

आलले भन्यो, 'आमा तिमीप्रति ज्यादै पक्षपाती छिन् । तिमी पक्राउ भएपछि तिनले औधी अपशोच गरिन् । कसैलाई थाहा नदिई उनीले एक्लै दुःख-मनाउ गरिन् । आफ्नो मनैमन रुन थालिन् । तिनले केही न भनेता पनि उनले के विचार गरिरहिन् भन्ने कुरा हामीहरू भन्न सक्थ्यौं ।

टामले आफ्नो टोपी आँखाको माथिसम्म ओरालेर भन्यो, 'आल, यता हेर त । हामी अरू कुनै विषयमा कुरा गरौं ।'

'मैले त आमाले के गरिन् भन्ने कुरा पो भनिरहेको ।'

'मलाई थाहा छ–मलाई थाहा छ । तर म त एउटा पाइलाको सामुन्ने अर्को पाइला साछु ।'

आलले अपमानित भएर मौनधारण गऱ्यो । एक छिनपछि त्यसले भन्यो, 'मैले त तिमीलाई भन्न खोजिरहेको ।'

टाम उसलाई हेर्न थाल्यो र आलले आफ्नो नजर सीधा सामुन्ने गाड्यो । त्यो भाररहित ट्रक हलुका भएर आवाज निकाल्दै जोल्टिंग खाँदै गयो । टामले लामा-लामा ओठ आफ्ना दाँतबाट माथि खिच्यो अनि ऊ सुस्त-सुस्त हाँस्यो । 'आल, तिमीले केही भन्न खोजिरहेका छौ भन्ने मलाई थाहा छ । म उच्छृंखल भएको हुन-सक्छ । म त्यसबारे कहिले भनुँला । बुझ्यौ, तिमीले जे जान्न खोजेको हो त्यो

धत्तलग्दो कुनै कुरा हो ।तर मेरो विचित्र विचार के छ भने अहिले केही बेरलाई त्यो कुरा बिर्सिदिए बेस हुने थियो । एक छिनपछि त्यस्तो नहुन सक्छ । अहिले त्यस कुराको बारे विचार गर्दा मेरो मनस्थिति गिरेर नराम्रा भावनाहरूको उत्पत्ति हुन्छ । यता हेर, आल, म तिमीलाई एक थोक भनुँला–जेलखाना एक किमिमको त्यो ठाउँ हो जहाँ मानिसहरू बिस्तारै पागल भएर जान्छन् । बुझ्यौ ? उनीहरू बहुलाएका तिमीले देख्छौ, सुन्छौ र छिटै तिमी आफैं पागल भयौ कि भएनौ भन्ने कुरा तिमी थाहा पाउँदैनौ । उनीहरूले जब राति चिच्च्याउँछन् कहिलेकाहीं तिमी विचार गर्छौ त्यो चिच्च्याउने तिमी आफैं हौ र कहिलेकाहीं आफैं पनि चिच्च्याइरहिएको हुन्छ ।'

आलले भन्यो : 'अहो ! टाम, त्यसको बारे अब म कुरा गर्दिनँ ।'

टामले भन्यो, 'तीस दिनले पुग्छ, र एक सय अस्सी दिनले पुग्छ । तर एक वर्ष नाघेर–मलाई थाहा छैन । यसमा केही कुरा छ, जो संसारमा अरू कुनै कुरासित मिल्दैन । यसमा केही असंगत कुरा छ, मानिसहरूलाई ताल्चा मारेर थुन्ने सम्पूर्ण विचार नै असंगत छ । अहो, यो त कालकोठरी हो ! म यसको बारे कुरा गर्न मन पराउँदिन । ती झ्यालहरूमा घाम झलमलाएको हेर ।'

ट्रक-गाडी पेट्रोल-पंपको इलाकाभित्र पस्यो । मूल-सडकको दायाँतिरको बगलमा बिग्रेका गाडी राख्ने एउटा आँगन थियो जसको क्षेत्रफल एक एकड थियो । त्यसमा चारैतिर माथिसम्म तारले बारिराखेको थियो । सामुन्ने करकटपाताले मोरेको एउटा झोपडी थियो जसका ढोकाहरूनिर पुराना टायरहरू चाङ लगाइएका थिए र ती टायरहरूमा मोल जनाइएको थियो । त्यस झोपडीको पछाडि एउटा सानो झोपडी थियो जो काठ र टीनका टुक्राहरूले बनाइएको थियो । त्यसमा झ्यालहरूको ठाउँमा भित्तामा जडिएका ऐनाहरू थिए । घाँमे-बौरमा बिग्रेका गाडीहरू थिए । कुनै गाडीका भट्टीजस्ता नाक बाटिएका, कुनै घाइते भएर त्यसै पडिरहेका–बगलका पांग्राहरूको अभाव भएर । इन्जीनहरू जमीन या गाडीका कलेवरहरूमा खियाले खाएर त्यसै पडिरहेका । रद्दी चीजहरूको ठूलो रास; फेन्डर तथा ट्रकको बगलका पाताहरू, पांग्रा तथा ऐकसेलहरू; सम्पूर्ण थुप्रोमा हेर्दा सडेका तथा खिइएका भावना आउने; बाटिएका फलाम, सामान पूरा नभएका इन्जीनहरू, लापरवाहीले फ्याँकिएको एक समूह ।

आलले झोपडीको सामुन्ने तेल भर्ने ठाउँमा ट्रक लग्यो । टामले बाहिर निस्केर अँध्यारो ढोकाभित्र हेर्‍यो । त्यसले भन्यो, 'कोही देखिन्न ।' त्यसले कराएर बोलायो : 'यहाँ कोही छ ?'

'जीजसको शपथ, म आशा गर्छु यहाँ '२५ डाज गाडी होला ।'

झोपडीको पछाडि एउटा ढोका ढ्यांग खोलियो । बलिया मांसपेशीहरूमा कसिएको दुब्लो, मैलो, चिल्लोदार छाला भएको प्रेतजस्तो एउटा मान्छे अँध्यारो झोपडीबाट बाहिर निस्क्यो । एउटा आँखा रद्दी भएर त्यसको नछोपिएको अशोभनीय चक्षु-स्थल अर्को सद्दे आँखा चल्दा मांसपेशीहरूको साथसाथै खुम्चिन्थ्यो । उसको सुरुवाल र कमीज चिल्लो बस्दा-बस्दै बाक्लो भएर टल्केको थियो र उसका हात फुटेर ठाउँ-ठाउँमा चर्केका थिए । उसको भद्दा फुलेको तल्लो ओठ उदासीनताले झुलेको थियो ।

टामले प्रश्न गर्‍यो : 'मालिक तिमी नै हो ?'

एउटा आँखा चम्क्यो। त्यसले उदासीनताले भन्यो, 'मालिकको निम्ति म काम गर्छु । के चाहियो ?'

'बिग्रेको '२५ डाज गाडी छ ? हामीलाई एउटा कान-राड चाहिएको छ ।'

'मलाई थाहा छैन । मालिक यहाँ भए उसले बताउन सक्थ्यो । तर ऊ यहाँ छैन, घर गएको छ ।'

'हामीले गएर हेर्न सक्छौं ?'

त्यो मानिसले आफ्नो हत्केलाले सिंघान लिएर सुरुवालमा पुछ्यो । 'तिमीहरू यहीं नजीकबाट आएका ?'

'पूर्वबाट आएका—पश्चिम जानलाई ।'

'उसोभए अरू ठाउँमा हेर ।'

'तिमी आफ्नो मालिकलाई मन पराउँदैनौ जस्तो छ !' आफ्नो एउटा आँखा

खोलेर त्यो मानिसले भट्टा चालले नजीक आएर सुस्त-सुस्त भन्यो, 'म उसलाई घृणा गर्छु, म त्यो राँडा-छोरालाई घृणा गर्छु ! घर गएको छ, उसको घर । ऊ गयो एउटा मान्छेलाई राखेर; एउटा मान्छेलाई दुःख दिएर त्यो गयो । त्यो राँडा छोराको एउटी राम्री उन्नाईस वर्षकी लडकी छ । त्यसले मलाई भन्थ्यो : "तिम्रो उनीसित बिहे गर्ने मन छ ?" र त्यसले मलाई भन्यो : "आज राति नाच छ । हेर्न जान मन छ ?" उसको आँखामा आँसु जम्यो र उसको रातो चक्षु-स्थलको कुनाबाट आँसु बरबर खस्न थाल्यो । 'कुनै दिन, ईमानसाथ–मेरो गोजीमा एउटा पाइपको रेंचु लुकाई राखुँला । मेरो आँखामा हेरेर जब त्यसले यस्तै कुरा भन्ला म त्यो रेंचुले अलि-अलि गरेर उसको गर्दनबाट मुन्टो छिनिदिउँला ।' त्यो रिसले चूर भएर स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ गर्न थाल्यो । 'अलि-अलि गरेर ठीक उसको घाँटी छिनिदिउँला ।'

सूर्य पर्वतपछाडि अदृश्य भएर गयो । आलले बिग्रेका गाडीहरूको थुप्रोमाथि अवलोकन गऱ्यो । 'टाम, उ पल्लोपट्टि हेर त ! त्यो '२५ या '२६ जस्तो देखिन्छ ।'

टामले त्यो कानो मान्छेतिर फर्केर भन्यो । 'हामीले त्यतातिर हेरे तिमीलाई केही आपत्ति छ ?'

'अँहँ, त्यस्ता कुरा छोडिदेऊ । तिमीहरूलाई चाहिएको जुनसुकै कुरा लिएपनि केही आपत्ति छैन ।'

उनीहरू मृत-गाडीहरूको बीचबाट बाटो बनाउँदै चेप्टो टायरहरूमा थ्याच्च बसिरहेको खिया परेको पालकी-गाडीनिर हिंडेर गए ।

आलले कराएर भन्यो, 'यो अवश्य '२५ हो । मिस्टर, हामीले त्यसको पैनलाई झिकेर हेर्नुहुन्छ ?'

टामले घुँडा टेकेर गाडीमुनि हेरेर भन्यो । 'पैन पहिले नै झिकिसकेको । एउटा राड निकालिसकेको जस्तो छ ।' त्यो गाडीमुनि खुम्चियो ।'आल, एउटा क्रैन्क ल्याएर यसलाई घुमाइदेऊ ।' त्यसले राडलाई शैफ्टमा लाएर हेऱ्यो । 'ग्रीज त निकै जमेको रहेछ ।' आलले क्रैन्कलाई बिस्तारै घुमायो । 'हलुका भयो,' टामले कराएर भन्यो । त्यसले जमीनमा पडिरहेको एक टुक्रा काठको पट्टी टिपेर, बियरींग र बियरींगका ढिवरीहरूबाट ग्रीजको तह पुछ्यो ।

आलले सोध्यो, 'कस्न हुन्छ ?'

'अँ, अलि खुकुलो छ, तर खराब छैन ।'

'कति खिइएको छ ?'

'फलामका 'शिम' टुक्राहरू धेरै छन् जो झिकिएका छैनन् । ज्यू, अरू त ठीकै छ । अब त्यसलाई सजिलोसँग घुमाऊ । सुविस्तासँग तल ल्याऊ । हाम्रो ट्रकमा गएर केही औजारहरू लिएर आऊ ।'

त्यो कानो मानिसले भन्यो : 'म तिमीहरूलाई औजारको एक बाकस नै ल्याइ-दिन्छु ।' खिया परेका गाडीहरूको बीचबाट घस्रेर गईकन त्यो एकै छिनमा औजार-हरू राखेको एउटा टीनको बाकस लिएर फर्क्यो । टामले एउटा साकेट रेंचु झिकेर आलको हातमा राखिदियो ।

'यो लेऊ । फलामका 'शिम' टुक्राहरू नघुमाऊ । ढिवरीहरू यताउति पर्लान्, सावधानीसाथ राख । चाँडै गर । अँध्यारो हुँदैछ ।'

आल गाडीमुनि घस्रेर गयो । त्यसले कराएर भन्यो, 'साकेट रेंचुहरूको एक सेट चाहिन्छ । मन्की रेंचुले केही काम नहुने ।'

टामले भन्यो, 'तिमीले सधाउनु पर्‍यो रे भनी ल्याउनूनि ।'

त्यो कानो मानिस निःसहाय भएर उभिरह्यो । त्यसले भन्यो, 'चाहियो भने सधाउँला । त्यो राँडा-छोराले के गरेछ बुझ्यौ ? त्यसले सेतो पैन्ट लाएर आयो अनि भन्यो : "आऊ, सयर गर्ने डुंगामा घुमौं ।" ईमानसाथ, एक दिन म उसलाई ठोक्छु !' त्यसले लामो सास फेरेर भन्यो, 'मैले आँखा गुमाएदेखि म कुनै आइमाईसित बसेको छैन । र त्यसले त्यस्तै कुरा गर्छ ।' उसको नाकको आसपासमा लागेको मयलमा आँसूका थोपा बग्न थाले ।

टामले अधैर्यपूर्वक भन्यो : 'किन यहाँबाट गएनौ त ? तिमीलाई यहाँ रोकी राख्ने कोही गार्ड त छैनन् ।'

'ज्यू, भन्न सजिलो छ। तर एउटा कानो मान्छेले काम पाउनु सजिलो छैन।'

उसैतिर फर्केर टामले भन्यो। 'अब यता हेर। तिम्रो एउटा आँखा त सद्दे छ। तिमी फोहरी छौ, गह्राउँछौ। तिमीलाई त्यस्तै हुन मन लागेको छ। क्यारे त्यस्तो भएकोमा तिमीलाई अपशोच हुनु पर्ने। तिम्रो बेकम्मा आँखालाई फर्फराएर हिंडेपछि तिमीले कुनै आइमाई पाउन सक्तैनौ। मुख-सुख धोएर तिम्रो बेकम्मा आँखा केही चीजले छोपिराख। पाइपको रेंचुले कसैलाई नहान।'

त्यो मानिसले भन्यो, 'मैले भनें नि, कानो मानिसले जिन्दगीमा कडा संघर्ष गर्नु पर्छ। अरूहरूले देखे जस्तै ऊ राम्रोसँग देख्न पनि सक्तैन। कुनै कुरा देखेपनि त्यसको दूरी कति छ भन्ने कुरा समेत पहिल्याउन सक्तैन। जुनसुकै चीज पनि त्यसले चेप्टै देख्छ।'

टामले भन्यो: 'किन, एकताक मैले एउटा मात्र खुट्टा भएको रंडीलाई चिनेको थिएँ। त्यो बसेको गल्लीमा त्यसले पचीस सेन्ट मात्र लिन्छे भन्ठानेको? अँहँ, ईमानसाथ होइन! त्यसले आधा डलर लिन्छे। त्यसले सोधी: "कति जना खोरन्डो आइमाईहरूसित बसिसक्यौ? जवाबमा भनें– एउटासित पनि बसेको छैन।" त्यसले भनी, "ठीकै छ।" त्यसले भनी, "यहाँ त विशेष राम्रीसित बस्न पाइन्छ। त्यसैले पचास सेन्ट लाग्छ।" र सतोसत त्यसले त्यतिनै पाइराखेकी थिई। र ऊसित बस्न आउने मानिसहरू पनि आफूलाई निकै भाग्यमानी ठान्थे। ऊ आफूलाई भाग्यमानी भन्थी। र म बसेको ठाउँमा मैले एउटा कुप्रेलाई चिनेको थिएँ। मानिसहरूको भाग्य जगाउन आफ्नो पीठ्यूँको जुरो मल्न दिएर त्यसले जीविका उपार्जन गर्थ्यो। जीजस क्राइस्टको शपथ लिएर भन्छु, तिम्रो त एउटा आँखा गएको छ।'

त्यो मान्छेले भूल गरेर भन्यो: 'अँ, जीजस, कोही तिमीदेखि टाढा रहन्छ र तिमीसँगै बस्छ।'

'त्यो रद्दी चीजलाई छोपिराख। तिमी त्यसको निम्ति दुःख मनाउँछौ। त्यो त तिम्रो निम्ति केही पनि होइन। केही पाइन्ट सेतो रक्सी किनेर खाईकन ओछ्यानमा पल्टेर कराऊ। आल, तिमीलाई सघाउनु पर्छ?'

आलले भन्यो, 'अँहँ । यहाँ मैले बियरींग खुकुलो पारिसकें । अहिले पिस्टन झिक्न खोजिरहेछु ।'

टामले भन्यो, 'आफैंले आफूलाई नठोक ।'

कानो मान्छेले सानो स्वरमा भन्यो, 'मलाई– कसैले मन पराउनेछ– भन्ठानेको ?'

टामले भन्यो, 'किन, अवश्य मन पराउने छ । तिमी सानै छँदा आँखा फुटेको भनी मानिसहरूलाई भन ।'

'तिमीहरू कहाँ जान लागेका ?'

'क्यालिफोर्निया । हाम्रो जम्मै परिवार त्यहाँ काम खोज्न जाँदैछ ।'

'अँ म जस्तो मानिसले पनि त्यहाँ काम पाउन सक्छ ? मेरो आँखामा कालो दाग हुँदाहुँदै पनि पाउन सकिन्छ ?'

'किन पाउँदैन ? तिमी लँगडा त छैनौ ।'

'अँ, म तिमीहरूको गाडीमा जान सक्छु ?'

'क्राइस्टको शपथ, अँहँ । हामीहरू गाडीमा यति खाँदिएका छौं कि गाडी हिड्न सक्तैन । अरू उपाय गर-न । यहाँको एउटा बिग्रेको गाडी मरम्मत गरेर जाऊ ।'

कानोले भन्यो, 'ईमानसाथ, म जाउँला ।'

फलाम बजेको आवाज सुनियो । आलले कराएर भन्यो, 'मैले त्यो भेट्टाएँ ।'

'अँ, खोइ बाहिर ल्याऊ, हेरौं । आलले पिस्टन, संयोजक-राड तथा बियरींगको तल्लो आधी-भाग उसको हातमा राखिदियो ।

टाम त्यो बैब्बिट पुछेर त्यसको अगल-बगलमा हेर्न थाल्यो । त्यसले भन्यो,

'मलाई चाहिएको जस्तै छ। भन त, सतोसत, हामीसित बत्ती भए हामीले यो आज राति नै जड्न सक्नेछौं ।'

आलले भन्यो, 'भन टाम, म विचार गर्दैछु । हामीसित रींग-चक्कीको साधन छैन । खास गरीकन तलतिर रींग-चक्की हाल्नु नै एउटा काम हुन लागेको छ ।'

टामले भन्यो: 'थाहा छ, एकचोटि एउटा मान्छेले मलाई भनेको थियो, रींग-चक्कीको वरिपरि मसिनो पित्तलको तारले बाँधिदिएपछि त्यो अड्छ ।'

'हो, तर त्यस्तो तार कहाँबाट पाउने ?'

त्यस्तो तार नखोजे पनि हुन्छ । त्यो त पग्लेर जान्छ । त्यसको सट्टा ताँबाको तार बेस हुने छ ।'

टामले भन्यो, 'यो धेरै बलियो छैन ।' त्यसले कानोतिर फर्केर भन्यो, 'मसिनो पित्तले-तार छ ?'

'मलाई थाहा छैन । त्यस्तो त लट्टाईमा बेरिराखेको यहाँ कहीं पाइन्छ भन्ठान्छु । कानो मान्छेले बेकम्मा आँखामा लाउने पट्टी कहाँ पाउने ?'

टामले भन्यो, 'मलाई थाहा छैन । त्यो तार पाइन्छ कि हेरौं ।'

फलामको पाताले मोडेको झोपडीमा उनीहरूले बाकसहरूमा खोजेर त्यस्तो लट्टाई भेट्टाइहाले । टामले त्यो राडलाई शिकंजामा राखेर होशियारीसाथ पिस्टन चक्काहरूको वरिपरि तार बेरेर ती चक्काहरूको वरिपरि तार घुसाएर बाटेपछि घनले ठोकेर चेप्टो पान्यो । त्यसपछि त्यसले पिस्टनलाई घुमाएर त्यसको चारैतिर तारलाई ठोक्दा-ठोक्दै त्यो यसको भित्तामा दबेर गयो । चक्काहरू र तार भित्तासित एकनास भएर गए कि गएनन् भन्ने निर्णय गर्न त्यसले आफ्ना औंलाहरूले तल-माथि छामेर हेन्यो । झोपडीमा अन्धकार छाउन थाल्यो । त्यो कानोले एउटा चोर-बत्ती ल्याएर काम गरेको ठाउँमा प्रकाश दिन लाग्यो ।

टामले भन्यो, 'बेस छ । त्यो बत्ती कतिमा बेच्ने भन ?'

'अँ, यो त्यतिको असल बत्ती होइन । नयाँ ब्याटरीहरूलाई पन्ध्र सेन्ट पर्‍यो । तिमीले लिने भए पैंतीस सेन्टमा दिन्छु ।'

'ठीक छ । यो कान-राड र पिस्टनको कति पर्‍यो ?'

त्यो कानोले आफ्नो औंलाको एउटा गाँठोले निधारमा रगडयो जसबाट मयलको एक तह खुइलियो । 'अँ, मलाई थाहा छैन । मालिक यहाँ भएको भए त्यसले पुर्जाहरूको सूची पल्टाएर नयाँमा त्यसको मोल कति पर्छ भन्ने कुरा पत्ता लाउँथ्यो । तिमीहरूले काम गरिरहँदा तिमीहरू कति अस्थिर अवस्थामा थियौ तथा तिमीहरूको साथमा कति दाम थियो भन्ने कुरा त्यसले पत्ता लगाउने थियो । अनि पछि त्यसले सूची-पत्रमा त आठ डलर छ तर म पाँच डलर लिन्छु भन्नेथ्यो । त्यसमा तिमीहरूले मोल कस्न सकेको खण्डमा तीन डलरमा पनि पाउनेथ्यौ ।'

'हो ! तर यसको निम्ति अब मैले तिमीलाई कति दिनु पर्‍यो ?'

'मेरो अनुमान त एक डलर जति छ ।'

'ठीक छ, म यो साकेट रेंचुको निम्ति पचीस सेन्ट दिन्छु । यसको दोब्बर लेऊ ।' त्यसले चाँदीको मुद्रा ऊसको हातमा राखेर भन्यो । 'धन्यवाद । त्यो रद्दी आँखामा पट्टी हाल ।'

टाम र आल ट्रकभित्र पसे । घोर अँध्यारोमा आलले गाडी स्टार्ट गर्‍यो अनि प्रकाशतिर फर्कायो । टामले कराएर भन्यो । 'निकै बेर लाग्यो । यतिन्जेल त हामीहरू क्यालिफोर्निया पुगी सक्नेथ्यौ ।' उनीहरू मूल-सडकको वारपार गएर पछिल्तिर लागे ।

त्यो कानोले उनीहरू गएको हेरिरह्यो । त्यसपछि करकटपाताको झोपडी बीच हुँदै त्यसको पछाडि रहेको आफ्नो झोपडीमा ऊ गयो । भित्रपट्टि अँध्यारो थियो । भूईंमा ओछ्याइराखेको डसना छाम्दै गएर ऊ त्यसैमा पल्टिएर करायो । र मूल-सडकमा सुइँकिएर गएका गाडीहरूको आवाजले उसको एकलोपनलाई झन् गहन तुल्यायो ।

टामले भन्यो : 'तिमीले मलाई पहिले नै भनेको भए म यी पुर्जाहरू लिएर

आज राति नै जडान गर्ने थिएँ । तिमीले असंगत काम गऱ्यौ भनेर म भन्छु ।'

आलले भन्यो, 'हामीहरूले ठीकसँग जडान गरौंला । तिमीले पुर्जा फेर्नुछ। तर मलाई त डर लागिरहेछ या त पुर्जा ज्यादै कसिएर जलेर जानेछ अथवा खुकुलो भएर घनले ठोक्नु पर्ने हुन्छ ।'

टामले भन्यो, 'म कसुँला । ठीक नभए नहोस् । मैले केही गुमाउनु पर्ने छैन ।

आलले अँध्यारोमा दृष्टिपात गऱ्यो । प्रकाशले अन्धकारमा केही असर पारेन। तर अघिल्तिर प्रकाशको प्रतिच्छायामा एउटा शिकारी-बिरालोको आँखा हरियो भएर चम्क्यो । आलले भन्यो, 'तिमीले त्यो मानिसको मनमा नराम्रो भावना रोपिदियौ । तिमीले उसलाई के तिलांजलि दिने भन्ने कुरा भनिदियौ ।'

'अँ, छोडिदे त्यो कुरा । त्यसले त्यही कुरा मागेको । उसको एउटा आँखा त बचेको रहेछ । त्यसैले मैले उसलाई प्रोत्साहित गरिदिएको। ऊ त आफ्नो आँखालाई नै सबै कुराको दोष दिन्छ । त्यो राँडा-छोरा अल्छी छ । मानिसहरूले उसलाई बुद्धिको बाटो देखाइदिएको थाहा पायोभने शायद त्यो अल्छी नहुन सक्छ ।'

आलले भन्यो : 'टाम, मैले त्यो बियरींग जलाइदिएको केही कुरा होइन ।'

टाम एक छिन चूप थियो । अनि त्यसले भन्यो : 'मैले तिम्रो दोष खोतल्न लागेको, आल । तिमीले गधालाई टट्टू-घोडामाथि चढाउन लागेका छौ । तिमीमाथि कसैले दोषारोपण गर्न आँटयो कि तिमी डर मान्छौ । कुरा के हो भन्ने मलाई थाहा छ । मानिसमा राम्रा-नराम्रा दुवै गुण हुन्छन् । मानिस सधैं खराब गुणतिर लाग्छ । तर त्यो जम्मै कुरा छोडिदेऊ। आल, कसैले तिमीलाई बिगार्न चाहँदैन भने तिमीले होशियार हुनुपर्ने आवश्यक नै छैन । तिमी ठीक बाटोमा लागिरहेछौ ।'

आलले उसलाई जवाब दिएन । त्यसले सोझै अगाडि हेरिरह्यो । ट्रक सडकमा खटखट र बांगवांग गर्दै अगाडि बढ्दै गयो । एउटा बिरालो सडकको बगलबाट सुइँक्यो र आलले त्यसलाई गाडीले किचाउन खोज्यो तर सकेन । बिरालो घाँसमा उफ्रेर गयो ।

आलले भन्यो, 'झण्डै सिद्धिएको । भन टाम, कान्नीले राति अध्ययन गर्ने कुरा गरेको तिमीले सुन्यौ ? म पनि राति अध्ययन गर्ने विचार गरिरहेको छु । तिमीलाई रेडिओ या टेलिभिजन या डिजल-इन्जीनहरूको बारे थाहा छ । त्यसले त्यही विषय-हरूमध्ये एकको अध्ययन गर्ने होला ।'

टामले भन्यो, 'हुन सक्छ । पाठहरूको लागि उनीहरूले तिमीसित कति लिने हो, त्यो पहिले थाहा पाउनु पर्छ । अनि अध्ययन गर्ने नगर्ने पछि विचार गर । मैकआलेस्टरमा हुलाकबाट अध्ययन गर्नेहरू थिए । तर उनीहरूमध्ये कसैले अध्ययन सम्पन्न गरेको मैले थाहा पाइनँ । वाक्क लागेर छोडिदिए ।'

'अरे भगवान्, हामीले केही खानै बिर्सिराखेका ।'

'अँ, आमाले पर्याप्त खानेकुरो पठाइदिएकी थिइन् । पादरीले त्यो जम्मै खान सक्तैन । अलिकति बाँकी राख्ला । क्यालिफोर्निया कहिले पुग्ने होला हामीहरू ।'

'क्राइस्टको किरिया खाएर भन्छु, मलाई थाहा छैन । गाडी मन्द गतिले चलाऊ ।'

उनीहरू निस्तब्ध भए । झमक्क अन्धकार भयो र गगनमण्डलमा उज्ज्वल ताराहरू चमचमाइरहेका थिए ।

केसी डाज-गाडीको पछाडि सीटबाट बाहिर निस्केर मूल-सडकको बगलमा टहलिरहेको थियो, त्यसै बखत ट्रक-गाडी आइपुग्यो । त्यसले भन्यो, 'मैले तिमीहरू यति चाँडै फर्कलाउ भनेर कहिले आशा गरेको थिइनँ ।'

टामले भुइँमा राखेको बोराको टुक्रा भित्रका पुर्जाहरू जम्मा गऱ्यो । त्यसले भन्यो, 'हामीहरू भाग्यमानी छौं । एउटा चोर-बत्ती पनि पाएका छौं । अब राम्रोसँग मरम्मत हुन्छ ।'

केसीले भन्यो, 'तिमीहरूले खाना खान बिर्सौं ।'

काम सिद्धिएपछि खाउँला । आल, गाडीलाई सडकको बगलदेखि अलि टाढा

लैजाऊ र यो बत्ती देखाऊ ।' त्यो सरासर डाजको नजीक गएर आपनो पीठ्यूँले टेकी घस्रेर भित्र गयो । आल आफ्नो पेटको आडले भित्र घस्रेर गयो अनि चोर-बत्तीको प्रकाश फ्याँक्यो । 'मेरो आखाँमा होइन । त्यहाँ देखाऊ ।' टामले पिस्टनलाई बेर्दै, घुमाउँदै सिलिंडरमा हाल्यो । पित्तले-तारले सिलिंडरको भित्तामा अलि-अलि समायो । छिटै धकेलेर त्यसले त्यो तारलाई रींग-चक्काहरूमा घुसाऱ्यो । सौभाग्यले खुकुलो छ यो; नत्र बाफको दवाबले रोक्ने थियो । राम्रै काम देला भन्ठान्छु ।'

आलले भन्यो, 'तारले चक्काहरूलाई अवरुद्ध गर्दैन भन्ने आशा गर्छु ।

'अँ, त्यसैले मैले चेप्टो हुने गरीकन घनले ठोक्न लागेको । त्यो घुम्दैन । तार पग्लेर सिलिंडरको भित्तामा पित्तलको चद्दर बस्न जान्छ भन्ठान्छु ।'

तारले सिलिंडरका भित्ताहरू कोर्न सक्छ भन्ठानेको ?

टाम खित्का छोडेर हाँस्यो । 'जीजस क्राइस्टको शपथ, ती भित्ताहरू कोरिइन सक्छन् । अलि-अलि कोरिएर केही बिग्रने छैन ।' त्यसले राडलाई शैफ्टमाथि राखेर तल्लो आधा-खण्डको परीक्षा गरेर हेऱ्यो । 'त्यसमा केही फलामका टुक्राहरू राख्नु पर्ला ।' त्यसले भन्यो : 'केसी !'

'ज्यू ।'

'अब म यहाँ बियरींग लिदैछु । त्यो क्रैंकनिर गएर मैले भनेपछि त्यसलाई बिस्तारै घुमाउनू ।' त्यसले ढिवरीहरू कस्यो ।

'अब बिस्तारै घुमाऊ ।' र जब त्यो कोण भएको शैफ्ट घुम्यो, त्यसले त्यसमा बियरींगको काम शुरू गऱ्यो । टामले भन्यो, 'धेरै नै फलामका टुक्राहरू । केसी, यो समाऊ ।' त्यसले ढिवरीहरू झिकेर हरेक छेउबाट फलामका टुक्राहरू हटाएर ढिवरीहरू फेरि हाल्यो । 'केसी, फेरि एकचोटि कोशिश गरेर हेर ।' र त्यसले फेरि त्यो राडको काम शुरू गऱ्यो । 'राड अझै अलिकति खुकुलो छ । बढ्ता फलामका टुक्राहरू झिकेपछि ज्यादै कसिने हो कि । झिकेर हेरूँ ।' फेरि ढिवरीहरू झिकेर अर्को पातलो फलामका दुइ टुक्रा हटाइए । 'केसी, फेरि घुमाऊ ।'

आलले भन्यो, 'राम्रै चलेको जस्तो बुझिन्छ ।'

टामले कराएर भन्यो : 'केसी, घुमाउँदा केही सारो भयो ?'

'अँहँ, म त्यस्तो ठान्दिनँ ।'

'अँ, हलुका भएको जस्तो ठान्छ । त्यस्तै होस् भनेर म ईश्वरसित प्रार्थना गर्छु। त्यो खिइने धातुमा औजार नभईकन प्वाल ठूलो पार्न सकिन्न, यो सकेट रेंचुले सजिलैसित ठूलो पार्छ ।'

आलले भन्यो : 'त्यस आँगनको मालिक पागल हुनेछ, जब त्यसले त्यो साइजको साकेट खोज्छ र त्यस्तो चीज त्यहाँ पाइँदैन ।'

टामले भन्यो, 'त्यो उसको असंगत विचार हो। हामीले त्यो चोरेनौं ।' त्यसले ढिवरीहरू यंत्र कस्नलाई भित्र जोडेर तिनीहरूको छेउ-बंगाइदियो । 'त्यो बेस छ भन्ठान्छु । हेर, केसी, आल र मैले पैंनलाई माथि उचालुन्जेल तिमीले बत्ती समाइराख्नू ।'

केसीले घुँडा टेकेर चोर-बत्ती लियो । उनीहरूले बिस्तारै डोरीलाई थपथपाएर ठाउँमा राख्ता तथा प्वालहरूमा पैंनका ढिवरीहरू मिलाएर राख्ता त्यसले काम गरिरहेका हातहरूमा बत्ती देखायो । ती दुइ जना पैंनको बोझको दवाबमा मात्र परेका होइनन् अपितु उनीहरूले ढिवरीका छेउ समातेर अरू ढिवरीहरूमा राखे । उनीहरू त्यस काममा लागिरहँदा टामले अलि-अलि गरेर माथि उचाली पैंनलाई डोरीमा एकनासले राखीकन ढिवरी बेसरी कसिदियो ।

टामले भन्यो, 'म अनुमान गर्छु यो ठीक भयो । त्यसले तेलको पाइप कसिसके-पछि होशियारीसाथ पैंनमा हेरेर बत्ती लिईकन जमीनमा खोज्न थाल्यो। 'यहाँ रहेछ । यो तेल फेरि राखौं ।'

उनीहरूले बाहिर निस्केर क्रैन्कको बाकसमा फेरि तेल खन्याए। टामले चुहिन्छ कि भनेर ग्यास्केटको परीक्षण गरेर हेर्‍यो ।

त्यसले भन्यो, 'ठीक छ, आल । त्यसलाई घुमाऊ । आल गाडीभित्र पसेर

स्टार्ट गर्न थाल्यो । मोटर गाडी गर्जन थाल्यो । मैलो धूवाँ निस्कन पाइपबाट नीलो धूवाँ निस्क्यो । टामले कराएर भन्यो, 'दबाऊ । तेल जलेर तार नष्ट हुन्छ । अहिले धूवाँ पार्तलिदै छ ।' र मोटर चल्दा त्यसले होशियारीसँग सुनिरह्यो । 'स्पार्कलाई खोलेर त्यसै छोडिदेऊ ।' त्यसले फेरि सुन्यो । 'ठीक छ, आल । त्यसलाई निकालिदेऊ । हामीले ठीक गरिसक्यौं भन्ठान्छु । मासु कहाँ छ ?'

आलले भन्यो, 'तिमी त खूबै राम्रो कालीगड भैसकेछौ ।'

'किन नहुनु ? मैले एक वर्ष कालीगडको दोकानमा काम गरेको छु । हामीहरूले गाडी दुइ सय माइलसम्म बिस्तारै र राम्रोसँग लानुछ । त्यसलाई काम गर्ने मौका दिनु पर्छ ।'

आफ्नो ग्रीज लागेको हात घाँसको लुँडोमा पुछिसकेपछि उनीहरू आ-आफ्नो सुरुवालमा पुछ्न थाले । उनीहरूले भोकले चूर भएर उसिनेको सुँगुरको मासु खाइसकेपछि बोतलबाट ठूलठूला घुट्को गरी पानी पिउन थाले ।

आलले भन्यो, 'नखाईकन बस्न मन लाग्छ मलाई । अहिले हामी के गर्ने, कैम्पमा नै जाने ?'

टामले भन्यो, 'मलाई थाहा छैन । उनीहरूले हामीहरूसँग पचास सेन्ट बढ्ता लिन सक्छन् । परिवारसँग मिल्न जाऔं र उनीहरूलाई मरम्मत गरिसकेको कुरा भनौं । उनीहरूले हामीहरूलाई अगाडि पठाउन चाहेको भए हामी जाऔंला । उनीहरूलाई थाहा होला । जीजसको शपथ, आमाले हामीहरूलाई आज दुइ-प्रहरमा रोकेको मलाई खुशीनै लाग्यो । बत्ती देखाएर चारैतिर हेर, आल । यहाँ केही नछुटोस् । त्यो साकेट रेंचु भित्र राखे, हामीलाई फेरि चाहिएला ।'

आलले बत्ती बालेर जमीनमा खोजखाज गऱ्यो । 'केही छुटेन ।'

'ठीक छ । म यो गाडी हाँकुला । आल, तिमी त्यो ट्रक चलाऊ ।' टामले इन्जीन स्टार्ट गऱ्यो । पादरी गाडीमा पस्यो । इन्जीनलाई कम गतिमा राखेर टामले गाडी बिस्तारै हाँक्यो । र आलले पछि-पछि ट्रक चलायो । तल्लो गियरमा घिसार्दै त्यसले गाडीलाई गहिरो नभएको खाल्टोको वारपार चलायो । टामले भन्यो : 'यी डाज गाडीहरूले तल्लो गियरमा लगे एउटा घर तान्न सक्छन् । यो गाडीले अवश्य तेलको

राशन पाउँछ। हाम्रो लागि असल नै छ– म त्यो बियरींग सजिलैसित भाँच्न सक्छु।'

मूल-सडकमा डाज-गाडी बिस्तारै चलेर गयो। बाह्र भोल्टका लाइटहरूले सडकमा पहेंलो रंगको प्रकाशको सानो गोलाकार पर्याँक्दै गए।

केसीले टामतिर फर्केर भन्यो। 'यो मजाको कुरा छ कि तिमीहरूले गाडी मरम्मत गर्न सक्यौ। लाइट वालेर गाडी मरम्मत गर्नू। म त कुनै गाडी मरम्मत गर्न सक्तिनँ। तिमीहरूले मरम्मत गरेको देखेर पनि म गर्न सक्तिनँ।'

टामले भन्यो, 'तिमीले सानैदेखि गाडीको संगत गर्नु पर्नेथ्यो। यो जानेर मात्र आउने होइन, यसमा अनुभव चाहिन्छ। अचेल त केटाकेटीहरूले समेत गाडीको ज्ञानै नभईकन पनि त्यसका पुर्जाहरू फुकाएर फेरि जोड्न सक्छन्।'

एउटा भाले-खरायो गाडीको प्रकाशमा पऱ्यो। हरेक बाजि उफ्रँदा आफ्नो ठूलठूला काम फडफडाउँदै त्यो अगाडि उफ्रँदै गयो। बराबर त्यसले सडक पार गर्न खोज्यो। तर निष्ठुर अन्धकारले उसलाई पछिल्तिर धकेल्यो। गाडीको उज्यालो प्रकाश धेरै अगाडि गयो। त्यो खरायो अनकमाएर फर्क्यो अनि डाज-गाडीले कम प्रकाश पर्याँकेको ठाउँमा उफ्रेर गयो। सानो नरम झट्का दिएर खरायो पांग्राहरू-मुन्तिर घुस्यो। अगाडि आइरहेको गाडी सुईंक्यो।

केसीले भन्यो, 'हामीले निश्चय नै उसलाई किच्यौं।'

टामले भन्यो: कसै-कसैले ती खरायोहरूलाई ठोक्न मन पराउँछन्। मलाई बराबर अलि-अलि झटका दिन्छ। गाडीको आवाज त वेसै छ। रींग-चक्काहरू अहिलेसम्म खुस्किसके होलान्। गाडीबाट धूवाँ त त्यति सारो निस्कँदैन।'

केसीले भन्यो, 'तिमीले राम्रै मरम्मत गऱ्यौ।'

पाल टाँगिएको स्थलमा एउटा सानो काठको घरले प्रभुत्व जमाएको थियो र यस घरको दलानमा एउटा पेट्रोलको लालटीनबाट फुफकारेको आवाज मात्र आइ-रहेको होइन अपितु एउटा ठूलो गोलाकारको सेतो आलोक पनि यसले पर्याँकिरहेको

थियो । त्यस घरको नजीक आधा दर्जन पालहरू टाँगिएका थिए र ती पालहरूको बगलमा गाडीहरू राखिएका थिए । रातिको पकवान त सिद्धिसकेको थियो, तर त्यस क्याम्पमा बालेको आगोको कोइला अझ वरिपरि झलमलाइरहेको थियो । लालटीन बलिरहेको दलानमा एक दल मानिसहरू बसिरहेका थिए र कडा सेतो प्रकाशमा उनीहरूको प्रबल मुखका मांसपेशीहरू देखिएका थिए । त्यो प्रकाशले उनीहरूका टोपका छायाँहरू उनीहरूका निधार र आँखामाथि फ्याँकेको मात्र होइन अपितु उनीहरूको चिउँडो पनि छुस्स बाहिर निस्केका जस्तो भान पारिदियो । उनीहरू खुड्किलाहरूमा बसिरहेका थिए र कोही-कोही आफ्ना कुहिनाहरू दलानको फर्शमा अडेस लाएर भूईंमा नभिरहेका थिए । मालिक उदास अनुहारको, दुब्लो-पातलो मानिस थियो जो दलानमा राखेको एउटा कुर्सीमा बसिरहेको थियो । भित्तामा अडेस लाएर त्यसले घुँडामा आफ्ना औंलाहरू थपथपाइरहेको थियो । घरभित्र एउटा मट्टितेलको बत्ती बलिरहेको थियो जसको क्षीण प्रकाश पेट्रोल-बत्तीको उग्र प्रकाशको सामु नगण्य थियो । मानिसहरू त्यो मालिकको वरिपरि घेरिएर बसिराखेका थिए ।

टामले आफ्नो डाज-गाडी हाँकेर लगी सडकको बगलमा राख्यो । आलले ढोकाभित्र ट्रक-गाडी लग्यो । टामले भन्यो, 'गाडी भित्र ल्याउनु पर्दैन ।' त्यो गाडीबाट बाहिर निस्केर ढोकाभित्र पस्यो अनि उग्र प्रकाश भएको बत्तीनिर गयो ।

त्यो मालिकले आफू बसेको कुर्सीको अघिल्लो खुट्टाहरू तेर्स्याएर अगाडि निहुरेर सोध्यो, 'तिमीहरूलाई यहाँ डेरा चाहिएको ?'

टामले जवाब दियो, 'अँहँ, यहाँ हाम्रा मानिसहरू छन् । हे, बा ।'

सबभन्दा तलको खुड्किलामा बसिरहेका बाले भने : 'तिमीहरूले एक साता लाग्ला भन्ठानेका । मरम्मत गऱ्यौ गाडी ?'

टामले जवाब दियो, 'हामीहरू धेरै भाग्यमानी रहेछौं । अँध्यारो हुनुभन्दा अगाडि नै हामीले एउटा पुर्जा भेट्टायौं । हामीहरू बिहानै यहाँबाट प्रस्थान गर्न सक्छौं ।'

बाले भन्नुभन्यो, 'त्यो साह्रै राम्रो कुरा । तिम्रो आमा चिन्तित छन् । तिम्री बज्यैको ज्वरा खुस्क्यो ।'

'हो, आलले मलाई भनेको थियो । अहिले अलि बिसेक छ ?'

'अँ, जसो-तसो गरेर उनी सुतिरहिछन् ।'

मालिकले भन्यो : 'तिमीहरू यहाँ डेरा गरेर बस्न चाहन्छौ भने पचास सेन्ट लाग्छ । बस्ने ठाउँ छान, पानी र दाउरा लेऊ । कसैले तिमीहरूलाई दुःख दिंदैन ।'

टामले भन्यो, 'क्या हैरानको कुरा, हामीहरू सड़कको बगलमा खाल्टोमा सुत्न सक्छौं । यसमा एक सेन्ट पनि लाग्दैन ।'

त्यो मालिकले आफ्नो घुँडा औंलाहरूले थपथपायो । 'उप-जिल्लाधीशले राति आएर तिमीहरूसँग नराम्रो व्यवहार गर्न सक्छ । यस राज्यमा घरबाहिर सुत्न मनाही गरेर कानून बनाएको छ । आवाराहरूबारे एउटा कानून बनाएको छ ।'

'मैले तिमीलाई आधा डलर तिरें भने म आवारा ठहरिन्नँ कि कसो ?'

'ठीक छ ।'

टामको आँखा रिसले आगोसरि बल्यो । 'उप-जिल्लाधीश संयोगले तिम्रो साला त पर्दैन ?'

त्यो मालिकले अघिल्तिर झुकेर भन्यो, 'अँहँ, त्यो मेरो साला होइन । तिमी जस्तो जड्याँहा आवारासित हामी स्थानीय मानिसहरूले कुरा गर्ने समय आएको छैन ।'

हामीसित पचास सेन्ट लिंदा तिमीलाई कुनै दुःख हुँदैन । र हामी कहिले जँड्याहा आवारा हुने ? हामीले तिमीसित केही मागेका छैनौं । र तैपनि हामीहरू जँड्याहा र आवारा ?, हुँ ? अँ, हामीलाई बस्ने र आराम गर्ने मौका देऊ भनेर तिमीसित हामी केही सेन्टहरू मागिरहेका छैनौं ।'

दलानमा बस्ने मानिसहरू कडा, निश्चल र निस्तब्ध थिए । उनीहरूका मुख-बाट अभिव्यक्ति बिलाएर गयो । र उनीहरूको टोपको छायाँमा लुकेका आँखाहरूले गोप्यसँग मालिकको मुख ताक्न पुगे ।

बालें झर्किएर भन्नुभयो : 'टाम, छोड्दे यो कुरा ।'

'अवश्य, छोडुँला यो कुरा ।'

खुड्किलाहरूमा बसेका, अग्ला दलानमा अडेस लाएका मानिसहरूको घेरा निस्तब्ध थियो । ग्यास-वत्तीको उग्र आलोकमा उनीहरूका आँखा टल्किरहेका थिए । सारो प्रकाशमा उनीहरूका आकृति सारै थिए तथा उनीहरू चूप थिए । खालि उनीहरूका आँखा एक वक्ताबाट अर्को वक्तामा जान्थे र उनीहरूका मुद्रा अभिव्यक्तिरहित तथा शान्त थिए । बत्तीभिन्न एउटा कीरा पसेर मऱ्यो अनि अँध्यारोमा खस्यो ।

एउटा पालमा एउटा बच्चा दुःखले रोइरहेको थियो र उसलाई शान्त गर्न एउटी आइमाईको कोमल आवाज फुटेर सानो स्वरको संगीतमा परिणत भयो : 'जीजसले तिमीलाई राति माया गर्छ । राम्रोसँग निदाऊ, राम्ररी सुत । जीजसले राति हेरिरहन्छ । सुत अहो, सुत अहो ।'

लालटीनबाट दलानमा स्वाइँइँयँ आवाज आइरहेको थियो । त्यो मालिकले आफ्नो गला खुलेको कमीजको 'भी' आकारमा कन्यायो जहाँबाट उसको सेतो छातीको रौंको झुप्पा देखा पऱ्यो । ऊ दुःखी भएर हेरिरहेको थियो । ऊ घेरिएर बसेका मानिसहरूमा के अभिव्यक्ति थियो भनेर हेर्न थाल्यो । तर उनीहरूले केही चलमल गरेनन् ।

टाम निकै बेर चूप थियो । उसको कालो आँखाले बिस्तारै त्यो मालिकतिर हेऱ्यो । त्यसले भऱ्यो, 'म केही तकलीफ दिन चाहन्नँ । जँड्याहा, आवारा भनेको सहन मुश्किल छ । तिम्रो निम्ति म यहाँबाट जान्छु । यहाँ बसेर केही भलो हुँदैन ।'

मानिसहरू चल्न थाले, उनीहरूका स्थान हेरफेर गरिए तथा उनीहरूका झलमलाउने आँखाले मालिकको चल्न लागेको ओठ हेरिरहे । त्यसलाई फेरि यकीन भयो । त्यसले आफ्नो विजय भएको अनुभव गऱ्यो तर पैसा असुल गर्नसक्ने किसिमले होइन । त्यसले सोध्यो, 'तिमीसँग आधा डलर छ ?'

'ज्यू, मसँग छ । तर यो मलाई नै चाहिन्छ । सुत्नको लागि म त्यो दिन सक्तिनँ ।'

'अँ, हामी सबैले जीविका चलाउनु छ ।'

टामले भन्यो, हो, मलाई लाग्छ, कसैको चित्त नदुखाईकन उपार्जन गर्ने बाटो पनि होला ।'

मानिसहरूले फेरि ठाउँ अदल-वदल गरे । र वाले भन्नुभयो : 'हामीहरू भोलि बिहान सबेरै प्रस्थान गरौंला । हेर मिस्टर, हामीले तिरिसक्यौं । यो मान्छे हामीहरू-मध्येको एक जना हो । हामीले तिरिसकेपछि त्यो बस्न सक्तैन ?'

मालिकले भन्यो, 'एउटा गाडीको आधा डलर पर्छ ।'

'अँ, ऊसँग गाडी छैन । गाडी त बाहिर सडकमा छ ।'

मालिकले भन्यो, 'ऊ गाडीमा आएको । सबै मानिस गाडी बाहिर नै छोडेर भित्र आउनेछन् र सित्तैमा यहाँ बस्नेछन् ।

टामले भन्यो : 'हामीहरू सडकैमा बसौंला र भोलि बिहान मात्रै भेटौंला । हामीहरू बाटो हेरिरहौंला । आल यहाँ बस्छ र काका जान हामीसित जान्छन् ।' त्यसले मालिकको मुखमा हेरेर भन्यो, 'यसो गर्नु त ठीक छ ?'

त्यसले रियायतको साथ तत्कालै निर्णय गऱ्यो । 'त्यति नै मानिसहरू आएर बस्छन् र तिर्छन् भने ठीकै छ ।'

टामले आफ्नो सुर्तिको थैलो झिक्यो । त्यसमा अलिकति चिसो सुर्तिको धूलो थियो । त्यसले एउटा पातलो चुरोट बनाएर थैलो फालिदियो । त्यसले भन्यो, 'हामी-हरू छिटै प्रस्थान गरौंला ।'

बाले घेरिएर बसेका उपस्थित सबै मानिसहरूसित भन्नुभन्यो । 'हामी जस्ता आफ्नै घरबार भएका मानिसको निम्ति त्यागेर जानु बडो मुश्किल छ । हामीहरूलाई स्थानान्तर गर्नै नहुने । हाम्रा खेतमा ट्र्याक्टर नआएसम्म हामीहरू खेतमा काम गरि-रहेको थियौं ।'

घामले पोलेर पहेंलो भएको आँखिभुइँ भएको एउटा जवान दुब्लो मानिसले

आफ्नो मुन्टो बिस्तारै फर्काएर सोध्यो, 'बाली काटिरहेको ?'

'अवश्य हामीले अघियाँ बाली काटिरहेका । त्यस खेतमा पनि बस्ने गर्थ्यौं ।'

त्यो जवान मानिसले अघिल्तिर मुख पारेर फेरि भन्यो । 'हामीहरू जस्तै भयौ ।'

बाले भन्नुभयो, 'यो हाम्रो निम्ति सौभाग्यको कुरा छ, यो चलन धेरै दिन टिक्दैन । हामीहरू पश्चिमतिर गएर काम-साम खोजी गरी एक टुक्रा उपजाउ जमीन किनौंला ।'

दलानको किनारानजीक एउटा झुत्रे मान्छे खडा थियो । उसको कालो कोट विदीर्ण भएर धुजा-धुजा भएका भाग झुण्डिरहेका थिए । उसको सुरुवालका घुँडाहरू घिस्सिइसकेका थिए । उसको मुख धूलोले कालो थियो र जहाँ-जहाँ पसिना बगेको थियो त्यहाँ-त्यहाँ धूलोको रेखा बसेको थियो । त्यसले आफ्नो मुन्टो बाहिर पारेर भन्यो, 'तिमीहरूसित रुपैयाँको त एउटा सानो घडा नै होला ।'

बाले भन्नुभयो, 'अँहँ, हामीसँग पैसा छैन । तर हामीहरू धेरैजसोले काम गर्नेछौं र हामीहरू असल मान्छे हौं । हामीहरू राम्रो ज्याला लिएर एकमुष्ट फाइदा हुने काम गर्ने छौं ।'

बाले बोलिरहँदा त्यो झुत्रेले घुरेर हेरिरह्यो । त्यस पछि त्यो हाँस्न थाल्यो र उसको हँसाइ रुवाइमा परिणत भयो । घेरिएका मानिसहरूका मुख उसैतिर फर्के । रुवाइ-हँसाइ रोकिएर खोकाइमा परिणत भयो । अन्तमा त्यसले आफ्नो तरंग-माथि विजय प्राप्त गरिसकेपछि उसका राता राता आँखाबाट पानी निस्कन थाल्यो । 'तिमीहरू त्यहाँ जान लागेका–अहो, क्राइस्ट !' फेरि हँसाइ शुरू भयो । 'तिमीहरू गएर राम्रो ज्याला पाउने–अहो, क्राइस्ट !' त्यसले थामिएर धूर्ततासँग भन्यो : 'सुन्तला टिप्ने होला, हो ? आरू टिप्न जाने ?'

बाको आवाजमा गौरवको भाव थियो । 'उनीहरूसँग जे काम छ त्यो गर्न जाँदैछौं । उनीहरूसँग पर्याप्त काम छ ।' त्यो झुत्रे सुस्त-सुस्त हाँस्न थाल्यो ।

ऊ सडकमा गइनै रहेको थियो त्यस बेला एउटा गाडी आइपुग्यो । त्यसको बत्ती-हरूको प्रकाशमा त्यो झुन्ने टाउको निहुराउँदै, कालो कोटको खल्तीमा हातहरू घुसार्दै पाइला घिसारेर गइरहेको देखा पऱ्यो ।

ती मानिसहरू बेचैन थिए । एउटाले भन्यो : 'अँ– अबेर भयो । सुत्नु पऱ्यो ।'

त्यो मालिकले भन्यो : 'शायद अल्छी । अहिले सडकमा धेरै अल्छी मानिसहरू छन् ।' त्यसपछि त्यो शान्त भयो । त्यसले आफू बसेको कुर्सी फेरि भित्तातिर ढल्का-एर आफ्नो घाँटीमा औंलाले सुमसुम्यायो ।

टामले भन्यो : 'एक मिनेट आमासित भेटौं, अनि जाऔंला ।' जोड-परिवार गयो ।

बाले भन्नुभयो : 'त्यो मानिसले सत्य कुरा भनिरहेको भए ।'

पादरीले उत्तरमा भन्यो : 'त्यसले भनेको तथ्य हो । ऊ उसले भोग्नुपरेको तथ्य कुरा भनिरहेको थियो । त्यसले केही पनि गर्न सकेन ।'

टामले सोध्यो, 'हाम्रो बारेमा के हुन्छ ? हाम्रो लागि पनि त्यो सत्य नै हुन्छ ?'

केसीले भन्यो, 'मलाई थाहा छैन ।'

बाले भन्नुभयो, 'मलाई थाहा छैन ।'

उनीहरू डोरीमाथि टाट फैलाएको पालमा गए । भित्रपट्टि अँध्यारो र निस्त-ब्धता थियो । उनीहरू नजीक आइपुग्दा खैरो-खैरो रंगको एक समूह ढोकानिर चलेर मानिसजत्रो भएर उठ्यो । ती आमा थिइन् जो उनीहरूलाई भेट्न बाहिर निस्किन् ।

तिनले भनिन्, 'सबै सुतिरहेछन् । अन्तमा बज्यै उँग्न थालिन् ।' त्यसपछि तिनले टामलाई देखिन् । 'तिमी यहाँ कसरी आयौ !' भनेर उत्सुकताले सोधिन् ।

'तिमीलाई केही तकलीफ त भएन ?'

टामले भन्यो, 'गाडी मरम्मत गरियो । आराम गरिसकेपछि हामी जानलाई तयार छौं ।'

आमाले भनिन्, 'त्यसको निम्ति प्यारो ईश्वरलाई धन्यवाद । म त अगाडि बढ्न व्याकुल भैराखेको, हरियो र उपजाउ भूमिमा छिटो पुग्न आतुर भएता पनि ।'

बाले गला साफ गरेर भन्नुभयो । 'त्यो मान्छेले अघि भर्खर भनिरहेको थियो'–

टामले उसको पाखुरा समातेर हल्लायो । त्यसले भन्यो, 'त्यसले जे भन्यो त्यो मजाको कुरा थियो । धेरै मानिसहरू बाटोमा छन् भनेको ।'

आमाले उनीहरूलाई अँध्यारो छेडेर हेरिन् । पालभित्र रूठीले खोकेर निद्रामा घ्वार-घ्वार आवाज निकालिन् । आमाले भनिन्, 'मैले उनीहरूको हात-मुख धोइ-दिएँ । धुन-सुन पुग्ने गरी पहिले प्रशस्त पानी पाएको यहीं हो । तिमीहरूलाई हात-मुख धुन बालटीनहरू बाहिर राखिएका छन् । सडकमा कुनै कुरा सफा राख्न सकिन्न ।'

बाले सोध्नुभयो, 'सबै भित्र छन् ?'

'कान्नी र रोसाशर्नबाहेक अरू सबै छन् । उनीहरू खुला ठाउँमा सुत्न जान्छौं भनेर गए । पालभित्र धेरै गरम छ भन्छन् ।'

बाले शिकायत गरेर भन्नुभयो : 'रोसाशर्न धेरै डर मानिरहिछन् ।

आमाले भनिन्, 'पहिले बाजि भएकोले उनी र कान्नीले यसको लागि निकै संचय गरिराखेका छन् । तिमीले पनि त्यस्तै गरेका छौ ।'

टामले भन्यो, 'अब हामीहरू जाऔं । अलि पर अगाडि हामी गाडी

राखौंला । हामीहरू नआए तिमीहरू हेर्न आउनू । हामीहरू दायाँतिरको बगलमा होऔंला ।'

'आल यहाँ बस्ने ?'

'हो, मेरो साथमा काका जान आउँछन् । शुभ-रात्रि, आमा ।'

उनीहरू सुतिरहेको कैम्पको बीचबाट गए । एउटा पालको सामुन्ने एउटा मधुरो आगो अस्थिर रूपले बलिरहेको थियो र एउटी आइमाई एउटा केटली हेरिरहेकी थिइन् जो बिहान सबेरै चिया पकाउन प्रयोग गरिन्थ्यो । सिमी पकाइराखेको बासना कडा र राम्रो थियो ।

उनीहरू जाँदा टामले सानो स्वरमा भन्यो, 'त्यो एक प्लेट खान मन छ ।'

ती आइमाई मुस्काइन् । तिनले भनिन्, 'पाकेको छैन, नन्न एक प्लेट दिने थिएँ । बिहानतिर आऊ ।'

टामले भन्यो, 'धन्यवाद, महाशया । ऊ, केसी र काका जान दलानको बगलबाट गए । त्यो मालिक अझ कुर्सीमै थियो र त्यो लालटीन स्वाइँइँयँ गरेर बलिरहेको थियो । तीन जना गएको देखेपछि त्यसले आफ्नो मुन्टो फर्कायो ।

टामले भन्यो, तिमीहरू ग्याँस-बत्ती देखी भागिरहेछौ ?

'अँ, जसरी भएपनि गाडीमा थुनिने समय छँदैछ ।'

टामले भन्यो, 'अब आधा डलर सडकमा गुडेर जाँदैन भन्ठान्छु ।'

कुर्सीका खुट्टाहरू भुइँमा बजे । 'तिमी मलाई मारेर नजाऊ । म तिमीलाई संझन्छु । तिमी पनि उत्पात गर्नेहरूमध्ये एक छौ ।'

टामले भन्यो, बिलकुल ठीक छ । म बोल्शेभिक हुँ ।'

'तिमी जस्ता मानिसहरू यहाँ आसपासमा धेरै छन् ।'

टाम ढोकाबाट बाहिर जाँदा खित्का छोडेर हाँसेर गयो अनि उनीहरू डाज-गाडी चढ्न थाले । त्यसले माटोको एक डल्लो टिपेर त्यो ग्याँस-बत्तीमा हान्यो । उनीहरूले त्यो माटो घरमा लाग्न गएको आवाज सुने तथा त्यो मालिकले जुरुक्क उठेर अँध्यारोमा हेरेको पनि देखे । टामले गाडी स्टार्ट गरेर सडकमा लग्यो । मोटर-इन्जीन चल्दा त्यसले यसको आवाज खूब ध्यान दिएर सुन्यो र खटखट आवाज आउँछ कि भनेर पनि सुन्यो । गाडीको मधुरो उज्यालोमा सडक धमिलो देखियो ।

टाम रिसाएर फर्क्यो । 'त्यसमा किन यत्रो मजाक ?'

त्यो झुत्रेले आफ्नो मुख थुनेर दलानमा राखेका पाटीहरूमा अपशोचले हेर्न थाल्यो । 'तिमीहरू सबै क्यालिफोर्निया जाँदैछौ, म बाजी ठोक्न सक्छु ।'

बाले भन्नुभयो, 'त्यो त मैले तिमीलाई भनिसकें । तिम्रो अनुमान के-न-के भयो ।'

त्यो झुत्रेले बिस्तारै भन्यो : 'म–म फर्केर आएको । म त्यहीं पुगेको थिएँ ।'

सबैका मुख उसैतिर झट्ट फर्के । मानिसहरू कठोर थिए । बत्तीको स्वाँइँइँयँ आवाज घटेर सुस्केरा समान भएपछि त्यो मालिक आफू बसेको कुर्सीको अघिल्तिरका खुट्टाहरू दलानमा ढल्काएर उभियो । त्यसले त्यो लालटीनमा दम दियो जसले गर्दा स्वाइँइँयँ आवाज फेरि चर्को भएर आयो । त्यो फेरि आफ्नो कुर्सीमा बस्न गयो तर फेरि पछिल्तिर निहुरन गएन । त्यो झुत्रेले आफूतिर फर्केका अनुहारहरूतिर फर्केर भन्यो । 'म फेरि भौकै बस्नलाई जाँदैछु । म फेरि एकचोटि खान नपाईकन बस्न जाउँला ।'

बाले भन्नुभयो : तिमी के नचाहिने कुरा गरिरहेका ? मसित राम्रो ज्याला दिन्छु भन्ने पर्चा छ र केही बेरअघि उनीहरूलाई फलफूल टिप्ने मानिसहरू चाहिएका छन् भनेर लेखिराखेको मैले अखबारमा देखेथें ।'

त्यो झुत्रेले बातिर फर्केर भन्यो । 'तिमीहरू फर्केर जानलाई आफ्नो घर छ ?'

बाले भन्नुभयो, 'अँहँ, हामीहरू कुन कारणले बाहिर निस्केका भने उनीहरूले हाम्रो घरको आसपास एउटा ट्र्याक्टर राखिदिए ।'

'त्यसो भए तिमीहरू घर फर्केर जाँदैनौ ?'

'अवश्य जाँदैनौं ।'

झुत्रेले भन्यो, 'त्यसो भए म तिमीहरूलाई दुःख दिन चाहन्नें ।'

'निश्चय तिमीले हामीहरूलाई दुःख दिन लागेका छैनौ । मसँग एउटा पर्चा छ

जसमा उनीहरूलाई मानिस चाहिएको छ भनिएको छ । मानिस नचाहिएको भए पर्चा लेख्नै नपर्ने । पर्चा लेख्नलाई रुपैयाँ चाहिन्छ । उनीहरूलाई मानिस नचाहिएको भए उनीहरूले पर्चा लेख्ने थिएनन् ।'

'म तिमीहरूलाई दुःख दिन चाहन्नँ ।'

बाले रिसाएर भन्नुभयो : 'तिमी केही उल्फत कुरा गर्न लागेका छौ । अब पनि मुख नथुन्ने ? मसँग भएको पर्चामा उनीहरूलाई मानिस चाहिएको छ भनिएको छ । उनीहरूलाई चाहिँदैन भनेर तिमी हाँसेर भन्छौ । अब, कुनचाहिँ फटाहा हो ?'

त्यो झुन्नेले बाको रोषपूर्ण आँखामा हेऱ्यो । उनको आँखामा अपशोचको भाव देखियो । त्यसले भन्यो, 'पर्चा ठीक छ । उनीहरूलाई मानिस चाहिएको पनि सत्य हो ।'

'त्यसो भए तिमीले किन हाँसेर हामीहरूलाई विचलित गराएका ?'

'किनभने उनीहरूलाई कस्ता किसिमका मानिस चाहिएको भन्ने तिमीलाई थाहा छैन ।'

'तिमी के कुरा गर्न लागेका ?'

त्यो झुन्ने एउटा निर्णयमा आइपुग्यो । त्यसले भन्यो, 'हेर, तिम्रो पर्चामा उनीहरूलाई कति जना मानिस चाहिएको भन्ने छ ?'

'आठ सय, र त्यो पनि एउटा सानो ठाउँमा ।'

'सुन्तला रंगको पर्चामा ?'

'किन–हो ।'

'पर्चा लेख्नेको नाउँ भन–फलाना मजदूर-ठेकेदार भन्छ ?'

बाले खल्ती छामेर पट्ट्याएको पर्चा झिक्नुभयो । 'तिमीले भनेको ठीक छ । कसरी थाहा पायौ ?'

त्यो मानिसले भन्यो, 'हेर, यसको केही अर्थ छैन । यो मान्छेलाई आठ सय मानिसको दरकार थियो । अतएव त्यसले पाँच हजार पर्चा छपायो । र ती पर्चाहरू बीस हजार मानिसले हेरे होलान् । र दुइ-तीन हजार चिन्ताले पागल भएका मानिसहरूले यी पर्चाहरूको हिसाब लगाए होलान् ।'

बाले कराएर भन्नुभयो, 'तर यसबाट त केही अर्थ निस्केन !'

'यो पर्चा निकाल्ने मानिससँग भेट नभएसम्म अर्थ निस्कने छैन । तिमी त्योसित या त्यसको निम्ति काम गरिरहने मानिससित भेट गर्लाउ । तिमीहरू तथा अरू पचास परिवारहरू एउटा खाल्टोमा पाल टाँगेर बस्लाउ । तिम्रो पालमा ऊ हेर्न आउला र तिमीसित केही खानेकुरो बचेको छ वा छैन त्यो पनि त्यसले हेर्नेछ । तिमीसित केही खानेकुरा बचेको रहेनछ भने त्यसले भन्नेछ : "काम चाहिन्छ ?" अनि तिमीले भन्लाउ : "मिस्टर, म निश्चय काम गर्छु । मलाई केही काम गर्न दिएकोमा म तपाईंलाई अवश्य धन्यवाद दिन्छु ।" र त्यसले भन्ला : "म तिमीलाई काममा राख्न सक्छु ।" र तिमीले भन्ने छौ : "कहिलेदेखि शुरू गरूँ ?" र त्यसले तिमीलाई कहाँ जाने तथा कुन समयमा जाने इत्यादि भनेर जाने छ । त्यसलाई दुइ सय मानिस चाहिएको छ भने त्यसले पाँच सय मानिसमँग कुरा गर्छ र ती पाँच सयले अरू मानिसहरूलाई भन्छन् । र तिमी त्यस ठाउँमा पुगेपछि अरू एक हजार मानिस त्यहाँ पुगेका हुन्छन् । त्यो मान्छेले भन्छ : "म घंटाको बीस सेन्ट दिन्छु ।" यो सुनेर आधी मानिस त्यहाँबाट जान्छन् । तर अझ पाँच सय मानिस त्यहाँ बसिरहन्छन् । उनीहरू यस्ता भोकाएका हुन्छन् कि बिस्कुट मात्र दिएपनि उनीहरू काम गर्न राजी हुनेछन् । अँ, यो मानिसले आरू टिप्ने ठेक्का लिएको हुन्छ या–कपास काट्ने ठेक्का लिएको हुन्छ ! बुझ्यौ अब ? जति बढ्ता भोकाएका मानिसहरू त्यसले फेला पार्न सक्छ त्यति कम त्यसले ज्याला दिन्छ । सके त्यसले केटाकेटीहरू भएका मानिस फेला पार्न खोज्छ किनभने–धत्तेरी ! मैले तिमीलाई दुःख दिन चाहेको छैन ।' उपस्थित मानिसहरूले उसलाई लापरवाहीले हेरे । उनीहरूका आँखाले उसका कुरालाई परीक्षा गरेर हेरे । त्यो झुत्रे सचेत भयो । 'म तिमीलाई दुःख दिन चाहन्नँ भनेर मैले भनें, तर म दुःखभने दिइरहेछु । तिमीहरू अगाडि बढ्दैछौ, पछाडि होइन ।' दलानमा निस्तब्धता छायो । लालटीनबाट स्वाँइँइँयँ आवाज आइरहेको थियो र एक हूल कीरा त्यसको वरिपरि झुम्मिरहेका थिए । त्यो झुत्रेले डरले भन्दै गयो : तिमीहरूले त्यो मान्छेसित भेट गरेपछि त्यसले काम गराउनु छ भन्यो भने के गर्ने भन्ने कुरा म भन्छु । कति दिने भनेर ऊसँग सोध्नू । कति दिने त्यो लेखि-

देऊ भन्नू । त्यस्तो गरेनौ भने तिमीहरू बेवकूफ हुनेछौ ।

त्यो फोहरी झुत्रेलाई राम्रोसँग अवलोकन गर्न त्यो मालिक आफू बसेको कुर्सीमा अघिल्तिर झुक्यो । त्यसले आफ्नो वक्षमा उम्रेको खैरो रौं कन्याएर लापरवाहीले भन्यो : 'तिमी यहाँ खलबल मचाउन आएका त होइनौ ? तिमी कामचोर त होइनौ ।'

त्यो झुत्रेले कराएर भन्यो : 'ईश्वरको किरिया खाएर भन्छु म होइन !'

मालिकले भन्यो, 'अरूलाई दुःख दिंदै हिंड्ने मानिसहरू जतिभने पनि छन् । मानिसहरूलाई पागल बनाउँदै ठग्दै हिंड्ने धेरै छन् । यस्ता उत्पात मचाउनेहरूलाई छकाउने समय आइरहेछ । हामीले यस्ता मानिसहरूलाई यस प्रदेशबाट निकाल्न लागेका छौं । मानिस काम गर्न चाहन्छ, त्यो ठीकै छ । त्यसले काम गर्दैनभने उसैलाई दुःख हुन्छ । हामी कसैलाई उत्पात गर्न दिने छैनौं ।'

त्यो झत्रे खुम्च्यो । त्यसले भन्यो, 'मैले एक वर्ष लगाएर पत्ता लगाएको कुरा तिमीहरूलाई भन्न खोजिरहेको । त्यति समयमा मेरा दुइटा केटाकेटीहरू र श्रीमतीको निधन भयो । म यो कुरा तिमीहरूलाई भन्न सक्तिनँ । आफ्ना पेटहरू फुलाएर छाउराहरू जस्तै लगलग काम्दै, पीडाले कराउँदै हाड र छालामात्र बाँकी रहेका यी साना-साना बच्चाहरू पालमा पल्टिरहेका कुरा तथा रुपैयाँ या ज्याला सम्बन्धी कुरा होइन, तर जीजस क्राइस्टको किरिया खाएर भन्छु एक कप पीठो तथा एक चम्चा बोसोको लागि काम पाउन मैले गरेको प्रयासको कुरा म तिमीहरूलाई भन्न सक्तिनँ । त्यसपछि अकाल-मृत्युको कारण अन्वेषण गर्ने अफिसरको आगमन भयो । त्यसले भन्यो, 'यी केटाकेटीहरू हृदयको गति रोकिएर मरेको कुरा लेखिदेऊ यो कागजमा ।'

घेरिएर बसेका मानिसहरू निस्तब्ध थिए तथा उनीहरूले मुख अलि बाएका थिए । उनीहरू अलि सास रोकेर हेरिरहे ।

त्यो झत्रे घेरा हालेका मानिसहरूलाई चारैतिरबाट हेरिसकेपछि फनक्क फर्केर छिटो-छिटो अन्धकारमा विलीन भएर गयो । उसलाई अन्धकारले निलिसकेपछि ऊ गएको धेरै बेरसम्म पनि उसको घस्रेर गएका पाइलाको आवाज सुनिन्थ्यो ।

जो समस्त विश्वमा मानिसले मात्र गन सक्छ । उनीहरू अब किसान थिएनन् अपितु स्थानान्तरगमन गर्ने मानिसहरू थिए । त्यो विचार, त्यो योजना, त्यो दीर्घ निस्तब्धतापूर्ण स्थिर-दृष्टिले अवलोकन गर्ने; अब खेतहरूबाट सडकहरूमा, पर पश्चिमको प्रदेशमा परिणत भए । जहिलेपनि जमीनका एकडसित जोडिएको त्यो मानिसको मन अब संकुचित माइलहरूसित सम्बन्ध हुन थाल्यो । अब उसको विचार र चिन्ता वर्षा, हावा र धूलो, र फसलहरूको आवश्यकतासित जोडिएका थिएनन् । आँखाले टायरहरू हेरिरहे, कानले खड्खडाउने मोटरहरूका आवाज सुने; मनले तेल, पेट्रोल र सडकमा घिसिएर पातलिएको रबडबारे चिन्ता गरे । एउटा गियर भाँचिएपछि शोकान्त दुर्घटना हुन्थ्यो । साँझपख पानी र खानेकुरा उनीहरूको निम्ति ऐच्छिक कुरा हुन्थे । उनीहरूको निम्ति अगाडि बढनलाई स्वास्थ्य, बल र उत्साहको आवश्यकता थियो । उनीहरूको इच्छा आफूभन्दा अगाडि पश्चिमतिर गइराखेको हुन्थ्यो तथा एकताका सुखा र बाढीको प्रकोपसित भयभीत हुने डर अब त्यस्तो कुनै कुरासित हुन थाल्यो जसले पश्चिमतिर अग्रसर हुनमा गतिरोध उत्पन्न गर्न सक्थ्यो ।

केही दिनको सफर गरिसकेपछि कैम्प खडा गरिएको हुन्थ्यो ।

र मूल सडकमा कुनै-कुनै परिवारलाई त्रास हुन थाल्यो । यसैले उनीहरू गाडीहरूमै सुत्दै, दिन-रात सफर गर्दै पश्चिमतिर लागे । पश्चिमतिर बसोबास गर्ने उनीहरूको इच्छा यस्तो तीव्र थियो कि उनीहरू खटखट आवाज आउने इन्जीनहरूलाई सडकमा घिस्याउँदै पश्चिमतिर लागे ।

तर धेरैजसो परिवारले परिवर्तन हुँदै छिटै नयाँ जिन्दगीमा प्रवेश गरे । र सूर्यास्त भएपछि–

बास बस्नलाई ठाउँ खोजी गर्ने समय आउँछ ।

र अगाडि पनि केही पालहरू छन् ।

त्यो गाडी सडक छोडेर गईकन थामियो र अरू गाडीहरू त्यहाँ पहिले नै आइपुगेकाले केही विनय वार्ता आवश्यक भयो । र त्यस परिवारको नेताले गाडीबाट निहुरेर भन्यो ।

हामीहरू यहाँ बास बस्न सक्छौं ?

किन, तिमीहरूलाई स्वागत गर्न पाए हामीलाई गर्व हुन्छ। कुन चाहिं राज्यबाट आएका ?

आरकान्सासबाट आएका।

त्यो चौथो पालमा बस्ने मानिसहरू आरकान्सासबाट आएका हुन्।

हो र ?

र सबभन्दा ठूलो समस्या त पानीको छ। त्यो कस्तो छ ?

अँ, त्यतिको मिठो त छैन, तर जस्तो पाइन्छ त्यो पर्याप्त छ।

अँ, धन्यवाद।

मलाई धन्यवाद दिनु पर्दैन।

तर विनय-वार्ता त गर्नैपर्ने थियो। गाडी भद्दा चालले गुडेर त्यो छेउको पालमा गएर थामियो। अनि गाडीबाट थकाइ लागेका मानिसहरू ओर्ले र सारो भएका आङ तन्काए। त्यसपछि नयाँ पाल टाँगियो, केटाकेटीहरू पानी ओसार्न गए; अलि ठूलठूला लडकाहरू झारपात या दाउरा काट्न थाले। आगो बालियो र बेलुकीको खाना पकाउन चूलोमा भाँडा बसाइयो। पहिले बस्नेहरू आएर आफू बसेका राज्यहरूको नाउँ पनि भने, नयाँ आउनेहरूको राज्यको नाउँ पनि सुने। यसबाट साथीहरू र कहिलेकाहीं नातादारहरू पनि फेला पर्थे।

ओक्लाहामा, हँ ? कुन जिल्ला ?

चेरोकी।

किन, त्यहाँ त मेरा मान्छेहरू छन्। एलेनहरूलाई चिन्छौ ? चेरोकीमा धेरै एलेनहरू छन्। विलिसेसहरूलाई चिन्छौ ?

किन, जरूर चिन्छौं।

र एउटा नयाँ एकाई बन्यो । सन्ध्या आयो, तर अँध्यारो हुनुअगाडि नयाँ परिवारले डेरा बसालिसक्यो । हरेक परिवारमा कुरा चलेको थियो–उनीहरू चिनेका मानिस, असल मानिस भनेर ।

मेरो जिन्दगीभरिनै मैले एलेनहरूलाई चिनेको छु । साइमन एलेन, वृध्द एलेनको आफ्नो पहिलो स्वास्नीसित खटपट भएको थियो । तिनी चेरोकीकी थिइन् र कालो बाच्छा जतिकै राम्री थिइन् ।

अवश्य, युवक साइमनले एउटी रुडाल्फसित बिहे गऱ्यो, गरेन त ? मलाई त्यस्तै लाग्यो । उनीहरू एनिड भन्ने ठाउँमा बस्न गए जहाँ उनीहरूको जिन्दगी राम्रै भयो ।

खालि एलेनले मात्र राम्रो गरेको थियो । उसको एउटा ग्यारेज थियो ।

पानी ओसारिसकेपछि र दाउरा काटिसकेपछि केटाकेटीहरू लजाएर सचेत भई पालहरूको बीचबाट गए । र उनीहरूले बडो प्रयत्नसाथ चिनापर्चीको संकेत गरे । एउटा लडकाले अर्को लडकाको नजीक थामिएर एउटा ढुंगा अध्ययन गरीकन टिप्यो । अनिपछि त्यसलाई ध्यानपूर्वक परीक्षा गरेर त्यसमा थूकीकन सफासँग दल्यो । अरू लडकाले यस्तो के भनेर नसोधेसम्म त्यसले त्यसलाई जाँचेर हेरिरह्यो । त्यसमा के छ ?

र लापरवाहीले भन्यो, केही छैन । यो खालि एउटा पत्थर ।

अँ, त्यसमा त्यसरी के हेरिरहेको ?

यसमा मैले सुन देखे जस्तो लाग्यो ।

कसरी थाहा पायौ ? यो कालो पत्थरमा सुन हुँदैन ।

अवश्य हुन्छ । यो कुरा सबैलाई थाहा छ ।

म बाजी ठोक्न सक्छु, यो मूर्खको सुन हो र तिमीले यसलाई सुन भन्ठान्यौ ।

कुरा त्यो होइन । यस्तोमा वाले धेरै सुन पाइसक्नुभएको थियो । सुन छ छैन कसरी हेर्ने भनेर मलाई भन्नुभएको थियो ।

ठूलो एक टुक्रा सुन पाउने मन छ ?

त्यो मोरा सबभन्दा ठूलो एक टुक्रा मिश्री मैले पाएँ भने !

म किरिया भने खान्न, तर मैले यस्तो मिश्रीको डल्लो पाउँछु ।

म पनि पाउँछु । पनेरामा जाऔं ।

जवान लडकीहरूले परस्परमा भेटेर आ-आफ्नो लोकप्रियता र भविष्यमा हुने आशाको बारे लज्जाले आत्मश्लाघा गरे । आइमाईहरूले परिवारको पेट भर्न हडबडाएर चूलोमा काम गरे । धेरै पैसा खर्च गर्न सके सुँगुरको मासु, आलु र प्याज खान पाइन्थ्यो । डच चूलोमा पकाएको बिस्कुट या रोटी र त्यसमाथि प्रशस्त मासुको झोल । अरू मासु या चपहरू, कालो र तितो हुने गरीकन गाढा गरी पकाएको एक बटुको चिया । पैसाको अभाव भए पीठोको डल्लो भुटेर मासुको झोलमा चोप्ने, पीठो डल्लो झुरु-झुरु र खैरो हुने गरीकन भुटेर त्यसमा मासुको झोल खन्याइदिने ।

आफ्नो पैसा खर्च गर्ने कुरामा साह्रै धनी अथवा साह्रै मूर्ख परिवारहरू टीनमा राखेका सिमी तथा आरूहरू र पैक गरेको रोटी तथा केक खान्थ्ये । तर उनीहरू ती चीजहरू गुप्त रूपले आफ्नो पालैमा खान्थे किनभने यस्ता असल चीजहरू सबैको अगाडि खानु राम्रो हुने थिएन । त्यसरी खाएपनि भुटेको पीठो खाइरहने केटाकेटीहरूले सिमीको बास पाउँथे र खान नपाए भने बेचैन हुन्थे ।

बेलुकाको खाना सकिएपछि रिकापीहरू पानीमा डुबाएर पुछपाछ गरिन्थे । अन्धकार भएपछि मानिसहरू पलेंटी मारेर कुरा गर्न बस्थे ।

उनीहरू आफूले छोडेर आएको जमीनको बारे कुरा गर्थे । उनीहरू भन्थे, कहाँ आउन लागेका मलाई थाहा छैन । त्यो प्रदेश चौपट भएको छ ।

सत्रौं अध्याय

आफ्नो स्थान छोडेर जाने मानिसहरूका गाडी सडकको वगल छोडी ठूला खेतहरूको सडकमा घस्रेर गए र ती गाडीहरू त्यस्तै मानिसहरू जाने बाटोबाट पश्चिमतिर लागे। दिनको उज्यालोमा ती गाडीहरू उडुस जस्तै छिटो-छिटो पश्चिमतिर गए र झमक्क अन्धकार भएपछि उनीहरू उडुसहरू जस्तै बास या पानी भएको ठाउँ नजीक एकत्रित भए। एक्लो र उद्विग्न भएकोले; उदासीनता, चिन्ता तथा पराजयताको स्थानबाट आएकाले र एउटा रहस्यमय नयाँ ठाउँमा जान लागेकाले उनीहरू एकसाथ बसे, कुरा गरे, सह-भोजन गरे, नयाँ ठाउँमा उपलब्ध हुने चीजहरू तथा जिन्दगी साझा गरे। यसरी एउटा परिवार पानी उपलब्ध हुने ठाउँमा बस्योभने अर्को परिवार त्यही पानी र मानिसहरूको साथ पाउनको लागि त्यहीं बस्यो र दुइ परिवारहरूले त्यस ठाउँलाई असल ठामेर बास गरेकाले तेश्रो परिवार पनि त्यहीं बस्यो। र सूर्यास्त भयो, शायद बीसौं परिवार, बीसौं गाडी त्यहाँ उपस्थित थिए।

साँझपख एउटा असाधारण घटना घटचो : बीसौं परिवारहरू एउटै परिवारमा संयुक्त भए, जति केटाकैटीहरू थिए तिनीहरू सबैका केटाकेटी भए। सबै परिवारले घर गुमाएको–एउटै परिवारले एउटै घर गुमाएको जस्तो भयो। एउटा बच्चा बिरामी हुन सक्थ्यो तर यसले सब जवानका बीच परिवारहरूको मनमा निराशाको भावना उत्पन्न गरिदिन्थ्यो। पालमा एउटा नयाँ बच्चाको उत्पत्तिले रातभरि सय जवानको मनमा डर र स्तब्धता फैलाइदिन्थ्यो र बिहान भएपछि उनीहरूको मनमा नयाँ बच्चाको आगमनले हर्ष भरिदिन्थ्यो। एक रात अधिमात्र डर भरिएको र आफ्ना सबथोक गुमाएका परिवार नयाँ बच्चालाई उपहार दिन आफ्ना मालसामानहरूमा खोज-तलाश गर्न लाग्थे। साँझपख आगोको वरिपरि बसेर बीसौं परिवार एक परिवार हुन्थे। उनीहरू जुन-जुन शिविरमा बस्थे त्यस-त्यस शिविरको

एकाई बन्थे र प्रत्येक साँझ तथा रातको एकाई बन्थे । एउटा दोलाइँमा बेरिराखेको गितार झिकेर बजाइन्थ्यो– लोकगीतहरू राति गाइन्थे । लोग्नेमानिसहरू शब्दोच्चारण गरेर गाउँथे तर आइमाईहरू भने सुर मात्र गुनगुनाउँथे ।

मित्रहरू बनाउँदै, शत्रुहरू कमाउँदै हरेक राति सजाउने सामग्रीसहितको संसारको सृष्टि हुन्थ्यो । त्यस संसारमा आत्मश्लाघी र काँतरहरू, शान्त, नम्र तथा दयालु मानिसहरू हुन्थे । प्रत्येक राति एउटा संसार बनाउने सम्बन्धहरू कायम हुन्थे र प्रत्येक बिहान त्यो संसार एउटा सरकस जस्तै छुट्टिन्थे ।

शुरू-शुरूमा बिघ्न-बाधाले परिपूर्ण संसारहरू निर्माण गर्नमा यी परिवारहरूले डर मानेका थिए । तर बिस्तारै-बिस्तारै संसारहरू निर्माण गर्ने कलामा ती कुशल भए । अनि नेताहरूको आगमन भयो र तिनीहरूले नियमहरू मात्र बनाएका होइनन् अपितु गुप्त-भाषाहरू पनि बनाए । पश्चिमतिर बढ्दै जाँदा उनीहरू बढ्ता सम्पन्न र सुसज्जित हुन्थे किनभने उनीहरूका नेताहरू निर्माण-कार्यमा धेरै अनुभवी थिए ।

परिवारहरूले अनेक अधिकारहरूको पालन गर्नुपर्छ भन्ने कुरा सिके– त्यस अधिकारअन्तर्गत पालभित्रको गोप्य कुरा कायम गर्नु, पहिलेका काला करतूतहरू मनभित्रै लुकाइराख्नु, कुरा गर्नु र ध्यान दिएर कुरा सुन्नु, कसैले गरेको सघाउ स्वीकार या अस्वीकार गर्नु, कसैलाई सहायता दिनु या नदिनु, छोराले विवाहको प्रस्ताव राख्नु तथा छोरीमाथि विवाहको प्रस्ताव राखिनु, खान नपाउनेहरूलाई खवाउनु, अरू अधिकारहरूलाईभन्दा बढ्ता गर्भिणी तथा बिरामीहरूको अधिकारलाई महत्त्व दिनु समावेश थिए ।

कसैले नभनेता पनि परिवारहरूले कुन अधिकारहरू अलि क्रूर छन्, र कसरी ती अधिकारहरूलाई ध्वस्त गर्नुपर्छ भन्ने कुरा सिके । ती अधिकारहरूभित्र अर्काको गोप्य कुरामा दखल गर्नु, कैम्पका मानिसहरू सुतिरहेका बेला खलबल गर्नु, अर्काकी छोरी-बेटी या स्त्रीमाथि बलात्कार गर्नु, व्यभिचार, चोरी र हत्या गर्नु समावेश थिए । यस्ता अधिकारहरू दबाइन्थे किनभने यस्ता अधिकारहरू एक रातको निम्ति मात्र सजीव भएपनि उनीहरूका लघु संसारहरू विद्यमान हुन सक्तैनथे ।

जसै उनीहरूका संसार पश्चिमतिर बढ्दै थिए कसैले परिवारहरूलाई

नभनेता पनि नियमहरू कानूनहरूमा परिणत भए। कैम्पको नजीक फोहर गर्नु, खाने पानी फोहर गर्नु, भोकाएको मानिसलाई उचित भाग नदिईकन उसको नजीक असल मिठो खाना खानु गैरकानूनी थियो।

कानूनहरूको साथसाथै सजायहरू पनि थिए– ती दुइ किसिमले हुन्थे– एक, कानूनको उलंघन गर्नेउपर छिटै तथा निर्मूल गर्ने संघर्ष जारी राख्ने दोस्रो, त्यसलाई समाजवाट बहिष्कार गर्ने। सामाजिक बहिष्कार सबभन्दा खराब दण्ड थियो। किनभने कसैले कानूनको उलंघन गऱ्यो भने उसको नाउँ र अनुहार उसैसित जान्थ्यो, जुनसुकै ठाउँमा बनाएको संसारमा भएपनि उसको कुनै स्थान हुँदैनथ्यो।

ती संसारहरूमा सामाजिक चालचलन कडा र हेरफेर गर्न नहुने थियो। यसैले कसैले 'सुप्रभातम' भन्यो भने त्यसलाई त्यस्तै भनेर जवाब दिनु पर्छ र कुनै लडकीको स्वीकृति प्राप्त गर्न सके एउटा लडकाले त्योसित बसेर उसको र केटाकेटीहरूको रक्षा र स्याहार-सुसार गर्नु पर्छ। तर कसैले पनि एक राति एउटी लडकीसित बसेर अर्को राति अर्को लडकीसित बस्ने अधिकार पाउन सक्तैनथ्यो। किनभने यस्ता अधिकारले उनीहरूका संसारमा खतरा र नोक्सान पुऱ्याउँदथे।

परिवारहरू पश्चिमतिर अग्रसर हुँदै गए र उनीहरूको दुनियाँ निर्माण गर्ने कलामा उन्नति भयो जसबाट मानिसहरू त्यसभित्र सुरक्षित हुन सके र नियम यति कडा र हेरफेररहित थियो कि ती नियमहरूमुताबिक काम गर्ने परिवार आफूलाई सुरक्षित ठान्दथ्यो।

नेता र बूढापाकाहरू भएका दुनियाँहरूमा एउटा सरकार कायम भयो। कुनै पनि बुद्धिमान् मानिसले आफ्नो बुद्धि हरेक कैम्पमा आवश्यक भएको महसूस गर्थ्यो, तर एउटा मूर्खले आफ्नो दुनियाँमा आफ्नो मूर्ख्याईं हेरफेर गर्न सक्तैनथ्यो। र यी रातहरूमा एक किसिमको सुरक्षा कायम भयो। खानेकुरा हुने मानिसले भोको मानिसलाई ख्वायो र यसरी आफूलाई भोकबाट सुरक्षित राख्यो। र एउटा बच्चा मरेपछि चाँदीको थुप्रो मुद्रा पालको ढोकामा जम्मा हुन्थ्यो। किनभने एउटा बच्चालाई राम्रोसँग गाड्नु पर्छ तर एउटा बूढाको लाश भने कुनै एउटा कुमालेको

खेतमा छोडपनि हुन्थ्यो ।

एउटा दुनियाँको निर्माण गर्न पानी, नदीको किनारा, खोला, पनेरो, या धारा जस्तो कुनै स्थूल नमूनाको आवश्यकता पर्छ । पालहरू टाँग्न पर्याप्त चेप्टो जमीनको साथसाथै आगो बनाउनलाई अलिकति झारपात या काठको आवश्यकता पर्छ । कहीं नजीकै रद्दी चीजहरू फाल्ने ठाउँ भए झन् जाती हुन्छ । किनभने त्यहाँ दमचूलीका छतहरू, आगोबाट रक्षागर्न फलामको ढाँचा, पकाउन र खानमा उपयोग गरिने भाँडाहरू जस्ता सामग्री पाउन सकिने छ ।

र दुनियाँहरू साँझपख निर्माण गरिएका हुन्थे । मूल-सडकहरूदेखि भित्र गइरहेका मानिसहरूले आफ्ना पालहरू टाँगेर दिल र दिमागले काम गरेर ती दुनियाँहरूको निर्माण गरे ।

बिहानपख पालहरू भत्काइन्थे, टाट पट्टयाइएको हुन्थ्यो, पालका खम्बाहरू गाडीको बाहिरपट्टिका फल्याकमा बाँधिएका हुन्थे, ओछ्यानहरू गाडीमा आ-आफ्ना ठाउँमा तथा भाँडाहरू आ-आफ्ना ठाउँमा राखिएका हुन्थे । र जब परिवारहरू पश्चिमतिर अग्रसर हुँदै थिए साँझपख घर निर्माण गर्ने तथा बिहान उज्यालो भएपछि घर भत्काउने कला स्थिरताले चलेको हुन्थ्यो जसबाट पट्टयाएको पाल एक ठाउँमा लपेटेको हुन्थ्यो, पकाउने भाँडाहरू एउटा बाकसमा गनेर राखिएका हुन्थे । गाडीहरू पश्चिमतिर चल्दा परिवारको हरेक सदस्य आ-आफ्नो स्थानमा गएर आ-आफ्नो कर्तव्य पालन गर्न थाल्थ्यो, जसबाट बूढो होस् या जवान प्रत्येक सदस्यले गाडीमा आ-आफ्नो स्थान लिएर थकाइ लाग्ने गरम साँझहरूमा पाल टाँग्ने ठाउँमा गाडीहरू रोकेपछि हरेक सदस्य नअह्राईकन आ-आफ्नो कर्तव्य पालन गर्न जान्थ्यो । केटाकेटीहरू दाउरा बटुल्न र पानी बोक्न जान्थे, मानिसहरूले पाल-साल टाँगेर ओछ्यानहरू गाडीबाट ओराल्थे, आइमाईहरू बेलुकीको खाना पकाएर परिवारलाई खवाउनमा व्यस्त रहन्थे । यी जम्मै काम कसैले नअह्राईकननै गरिइन्थे । एकाईहरूले बनेका परिवारहरूले आफ्ना मर्यादाहरूमा हेरफेर गरे । यी एकाईहरूको सीमा राति एउटा घर हुन्थ्यो र दिउँसो एउटा खेत हुन्थ्यो । दिनको पट्टयाइलाग्दो गरमी र उज्यालोमा पश्चिमतिर बिस्तारै गइरहेका गाडीहरूमा उनीहरू चूप लागेका हुन्थे । तर राति उनीहरू जुनसुकै दल भेट्टाए पनि त्योसँग मिलेर बस्थे ।

यसरी उनीहरूले आफ्नो सामाजिक जीवनमा हेरफेर गरे– त्यस्तो हेरफेर

प्रदेश फेरि ठीक हुनेछ, तर हामी त्यहाँ हुँदैनौं ।

उनीहरूले थाहा नपाईकन नै केही पाप गरेका हुनसक्थे भन्ने उनीहरू विचार गर्थे ।

त्यो मानिसले भन्यो, सरकारले हामीलाई सताउने छ । हामीले पर्वत र समुद्रको किनाराको आसपासमा हलो जोत्यौं भने सरकारले हामीलाई सताउने छैन । त्यस्तो गर्ने मौका हामीले कहिल्यै पाएका छैनौं ।

र उनीहरूले बिस्तारै आफ्नो घरको बारे कुरा गरे । हावाले चल्ने मिलको तल एउटा सानो चिसो घर थियो । त्यस घरमा क्रीम बनाउनको लागि दूध र तर्बूजा राख्ने गरिन्थ्यो । मध्यान्हमा गर्मी भएर त्यस घरभित्र पसेपछि हामीले चाहे जतिकै शीतल हुन्थ्यो । त्यहाँ राखेको तर्बूजा काटेर खाएपछि ज्यादै चिसो भएकोले जीभ्रै लाटो हुन्थ्यो । टंकीबाट पानी टपटप चुहिरहन्थ्यो ।

उनीहरू दुःखान्तको कुरा गर्थे । चार्ली भन्ने एउटा भाइ थियो । त्यसको कपाल मकै जस्तै पहेंलो थियो र ऊ उमेर पुगेको मानिस थियो । त्यसले एकार्डियन बाजा पनि राम्रै बजाउँथ्यो । त्यसले एक दिन हेंगी चलाइरहेको थियो र आफूले काटेको माटोका पंक्ति सफा गर्दै जाँदा एउटा विषालु सर्प स्वाइँस्वाइँ गरेर आएको देख्ता हेंगीका घोडाहरू तर्सेर उफ्रे, जसबाट हेंगीका चुच्चाहरूले चार्लीको पेट र भूँडीमा घोचियो र ऊ परमधाम पुग्यो ।

उनीहरूले भविष्यको बारे पनि कुरा गरे । त्यहाँ पुगेर के होला ?

अँ, तसवीरहरू खूब राम्रा देखिन्छन् । मैले न्यानो र राम्रा ठाउँको तसवीर देखेको छु जहाँ ओखरका रूखहरू र सानो रसदार गोलगोल फलका रूखहरू देखेको छु र ठीक तिनीहरूको पछाडि हिउँले ढाकेको एउटा अग्लो पहाड छ । त्यो हेर्दा राम्रो लाग्यो ।

हामीले काम पाउन सक्यौं भने वेस हुने छ । जाडोमा ठंडी हुने छैन । स्कूल जाँदा बाटोमा केटाकेटीहरू जाडाले कक्रिइने छैनन् । मेरा केटाकेटीहरू स्कूल नजालान् भन्ने कुरामा म सतर्क हुनेछु । म राम्रोसँग पढ्न सक्छु तर पढ्ने बानी भएको मानिसलाई आउनेजति आनन्द त आउँदैन ।

र शायद एउटा मानिसले आफ्नो पालको सामुन्ने आफ्नो गितार ल्यायो। त्यो मानिस गितार बजाउनलाई बाकसमा बसेको मात्र के थियो कैम्पमा भएका जति सबै उसैतिर बिस्तारै खिचिएर आए। धेरै मानिसहरू गितार बजाउन सक्छन् तर त्यो मानिस शायद फलफूल टिप्यो। त्यो तारहरूबाट झंकृत आवाज आउँदै थियो र संगीत सानासाना पाइलाहरू जस्तै तारमा दगुरिरहेको थियो। सारा र बोझा औंलाहरू तारहरूमा द्रुत गतिले चलिरहेका थिए। त्यो मानिसले बजायो र अरू मानिसहरू आएर बिस्तारै उसलाई घेरेर अलि-अलि गरेर घेरा सानो भएर कसिंदै गयो। त्यसपछि त्यसले गायो 'दस–सेन्टको कपास तथा चालीस सेन्टको मासु' भन्ने गीत। र घेरा दिने मानिसहरू सानो स्वरले ऊसँगै गाउन थाले र त्यसले गायो 'लडकीहरू, तिमीहरूले आफ्नो कपाल किन काटेका ?' र घेरा दिनेहरूले गाए। त्यसले अपशोचले गायो, 'म पुरानो टेक्सास छोडेर जाँदै छु' त्यो पैशाचिक गाना स्पैनियार्डहरू आउनुअगाडि गाइएको थियो, खालि त्यसमा भएका शब्दहरू मात्र त्यसबेलाका अमेरिकी लाल इंडियनहरूका थिए।

अब त्यो दल एउटै चीजमा, एकै एकाईमा संयुक्त भएको थियो। यसैले अन्धकारमा मानिसहरूका चक्षु आ-आफ्नो भित्रपट्टि थिए र उनीहरूका मनले अरू समयको विचार गरे तथा उनीहरूको उदासीनता आराम जस्तो, निद्रा जस्तो थियो। त्यसले 'मैक आलेस्टर ब्लुज' को गीत गायो र त्यसपछि यसको पूर्तिस्वरूप झन् ठूला मानिसहरूलाई त्यसले 'जीजसले मलाई उसको बगलमा बोलाउँछ' भन्ने गीत गायो। केटाकेटीहरू गानाको साथसाथै उँग्न थाले, अनि पछि पालमा सुत्न गए र उनीहरूको सपनामा पनि गाना आइनै रह्यो।

एक छिनपछि गितार लिने मानिस उभिएर हाई गर्न थाल्यो। त्यसले भन्यो, साथीहरू शुभ-रात्रि।

र उनीहरूले गुनगुनाएर भने, शुभ-रात्रि।

प्रत्येकले गितार टिप्न सकोस् भनेर इच्छा गऱ्यो किनभने यो एउटा अनुकूलको चीज हो। मानिसहरू सुत्न गएपछि कैम्प निस्तब्ध भयो। लाटोकोसेराहरू टाउकोमाथि नजीक आएर उड्न थाले र पर ब्वाँसोहरू अस्पष्ट स्वरले कराउन थाले। कैम्पमा अहंकारी र नीच मानिसहरू खानेकुराका टुक्राहरू निडर भएर खोज्न आए।

रात बितेपछि भोर हुनासाथ आइमाईहरूले पालहरूबाट निम्केर आगो बाली कफी पकाउन चूलोमा भाँडो बसाले । र मानिसहरू निस्केर सानो स्वरले भोरमा कुरा गर्न थाले ।

कोलोराडो नदी पार गरेपछि मरुभूमि आउँछ भनेर मानिसहरू भन्छन् । मरुभूमि हेर । हेर अनिश्चित अवस्थामा नबस । केही गरी अनिश्चित अवस्था आयो भने प्रशस्त पानी खानू ।

म राति पानी खान्छु ।

म पनि त्यस्तै गर्छु । त्यसो गरेपछि तिम्रो आत्माबाट सजीव जीजस निस्कने छ ।

परिवारहरू छिटै खाएर थालहरू सफा गर्न थाले । पालहरू भत्काइए । जानेहरूको भीड लाग्यो । सूर्योदय भएपछि कैम्प खाली भयो । मानिसहरूले अलि-अलि बेकम्मा चीजहरू छरिएको अवस्थामा छोडेर गए । र त्यो कैम्प नयाँ रातमा नयाँ संसार बसाल्न तयार थियो ।

तर मूल-सडकमा आफ्नो ठाउँ छोडेर अर्को ठाउँमा जान लागेका मानिसहरूका गाडीहरू उडुसहरू जस्तै घस्रेर जान थाले र अघिल्तिर संकुचित माइल फैलिएका थिए ।

अठारौं अध्याय

जोड़-परिवार न्यू मेक्सीकोका पहाडहरूमाथि उच्च भूमिको टाकुरा र चुचुराहरू नाघेर बिस्तारै पश्चिमतिर बढ्यो। अरीजोनाको उच्च प्रदेशमा उनीहरू उकालो लागे र एउटा कापबाट पेन्टेड डेजर्ट भन्ने मरुभूमिको अवलोकन गरे। सिमानामा एकजना सन्तरीले उनीहरूलाई रोकेर सोध्यो।

'कहाँ जाम लागेका ?'

'क्यालिफोर्निया,' टामले जवाफ दियो।

'अरीजोनामा कति बेर बस्ने ?'

'त्यो पार नभएसम्म।'

'बिरुवाहरू छन् कि ?'

'अँहँ, छैनन्।'

'सामान जाँच्नु छ।'

'बिरुवाहरू छैनन् भनेर त भनिहालें।'

संतरीले मोटर अगाडीको शीशामा एउटा सानो लेबिल लगाई दियो।

'ठीक भो। अगाड़ि जाऊ, तर नअड़ीकन जानू।'

'अवश्य, त्यस्तै गर्छौं ।'

उनीहरू बिस्तारै उकालो लागे । हालबूक, जोसेफ सिटी, विनस्लो भन्ने उकालाहरूमा साना-साना बांगा रूखहरू छरिएका थिए । ती ठाउँहरू नाघेपछि अग्ला-अग्ला रूखहरू देखा परे र मोटरगाडीहरू धूवाँ छोड्दै परिश्रमसाथ उकालो लागे । उनीहरू फ्लागस्टाफ भन्ने त्यस उकालोको टाकुरामा आइपुगे । त्यसको तलतिर विशाल समथल जग्गा थियो र पर सामुन्ने पुगेपछि मूल-बाटो अदृश्य भएर गयो । पानीको अभाव हुन थाल्यो । एक ग्यालन पानी पाँच सेन्ट, दश सेन्ट, पन्ध्र सेन्टसम्म पनि तिरेर किन्नु पर्थ्यो । प्रदेशको चट्टानी भागमा घाम चर्केको थियो र पर अरीजोनाको पश्चिमतिर टुटेफुटेका चुचुराहरू देखा परे । अब उनीहरूलाई पानीको अभावले र घामले सताउन छोड्यो । रातभरी उनीहरू गाडी हाँकिरहे । राति पहाडी ठाउँमा उनीहरू आइपुगे । अनि त्यसका टुटेफुटेका भित्ताहरू नाघेर बिस्तारै अगाडि गए । गाडीको प्रकाश सडकको खैरो पथरिलो भित्ताहरूमा जगमगाउन थाल्यो । उनीहरू अँध्यारोमा चुचुरा नाघेर राति अबेरैतिर ओटमन भत्केको ढुंगाको मलवाबाट बिस्तारै तलतिर ओर्लें । उज्यालो भएपछि उनीहरूले तलतिर कोलोराडो भन्ने नदी देखे । टपोक भन्ने ठाउँमा पुगेपछि उनीहरू पुलमा आइपुगे ।त्यहाँ एक जना सन्तरीले गाडीको शीशामा लगाएको लेबिल झिकिदियो। त्यसपछि उनीहरू पुल नाघेर टुटेफुटेको चट्टानी ठाउँमा आइपुगे । औंधी थकाइ लागेकोले तथा बिहानको गर्मी चर्केकोले उनीहरू थामिए ।

बाले कराएर भन्नुभयो–'हामीहरू आइपुग्यौं क्यालिफोर्नियामा !' घामको रापमा तप्त टुटेफुटेका चट्टानहरूमा तथा नदी पारितिरको अरीजोनाको भीषण पहरामा उनीहरूले आलस्यपूर्ण मुद्राले हेरे ।

टामले भन्यो, 'हामीहरू मरुभूमिमा आइपुग्यौं । हामीहरू पानी भएको ठाउँमा गएर आराम गरौं ।'

सडक र नदी समानान्तर भएर गएका थिए । तातेका मोटर-गाडीहरू नीड्लस भन्ने ठाउँमा आइपुगेपछि रात्र बिहान भैसकेको थियो । यहाँको नदी नरकटहरूको बीचबाट बेगले बगिरहेको थियो ।

जोड र विलसन-परिवारहरूले नदीमा गाडी हाँके । गाडीमा बसेर उनीहरू

मजासँग पानी बगिरहेको तथा पानीको लहरमा हरियो नरकट बिस्तारै चलिरहेको दृश्य अवलोकन गरिरहेका थिए । नदीको बगलमा पानी र घाँसे-धापको नजीक एघारवटा पालहरूसहितको एउटा सानो बस्ती जस्तै देखियो । ट्रकको झ्यालबाट हेरेर टामले भन्यो, 'यहाँ एक छिन रोकिए कसो होला ?'

वालटीनमा लुगा माडिरहने एउटी हृष्ट-पुष्ट आइमाईले माथि हेरेर भनिन्, 'केही छैन, महाशय, मन लागे रोकिए हुन्छ । यहाँका मानिसहरूले तिमीहरूलाई मजासँग हेर्नेछन् ।' यति भनेर तिनी घाममा बसेर लुगा माड्न गइन् ।

दुइटै गाडी त्यस ठाउँमा ल्याइयो जहाँ घाँसे-धाप थियो । पालहरू झिकेर विलसन र जोड-परिवारहरूले आ-आपनो पाल कसे ।

विनफिल्ड र रूठी बिस्तारै घाँसबाट नरकट भएको ठाउँमा गए । रूठीले अलि प्रचण्ड स्वरले भन्यो, 'क्यालिफोर्निया । यो क्यालिफोर्निया हो र हामीहरू ठीक त्यहीं नै छौं ।'

विनफिल्ड एउटा ट्यूल भन्ने फूल टिपेर मजासँग निमोठेर त्यसको सेतो गुदी मुखमा हालेर चपाउन थाल्यो । उनीहरू पिडौलासम्म आउने पानीमा गएर शान्तसँग उभिन थाले ।

रूठीले भनिन्, 'हामीहरूले अझै मरुभूमिसम्म पुग्नु छ ।'

'मरुभूमि कस्तो छ ?'

'मलाई के थाहा । मैले एकचोटि तस्वीरमा मरुभूमि देखेकी छु । त्यहाँ हाडैहाड थियो ।'

'मानिसको हाड ?'

'जहाँसम्म मलाई लाग्छ केहीचाहिं मानिसको हाड र धेरैजसो गाईको हाड ।'

'के हामीहरूले ती हाड देख्ने छौं ?'

'देख्न सकिन्छ होला । मलाई थाहा छैन । राति मरुभूमि नाघ्दैछौं भनी

टामले भनेको छ । टामको भनाइअनुसार हामीहरू दिउँसो त्यस मरुभूमिमा गयौं भने जीजसलाई जिउँदै पोलेजस्तै हामीलाई पनि गर्मी अनुभव हुनेछ ।'

'रमाइलो र चिसो हुन्छ', यति भनेर विनफिल्डले आफ्ना खुट्टाका औंलाहरू बालुवामा गाड्यो ।

'रूठी, विनफिल्ड । फर्की आऊ', भनी आमाले बोलाएको उनीहरूले सुने । उनीहरू फर्केर बिस्तारै नरकट र घाँसहरूको बीचबाट गए ।

त्यहाँ देखिएका अरू पालहरूमा निस्तब्धता थियो । मोटर आउँदा पालहरूको ढोकाहरूबाट एक छिन केही टाउकाहरू बाहिर निस्केर फेरि भित्र पसेका थिए । अहिले हाम्रो परिवारका सबै पालहरू टाँगिसकियो । सबै जना त्यहाँ जम्मा भए ।

टामले भन्यो, 'म नुहाउन जान्छु । सुत्नुअघि म त्यस्तै गर्छु । पालमा ल्याइ-सकेपछि अब बज्यैलाई कस्तो छ ?'

वाले भन्नुभयो, 'खोइ, केही थाहा भएन । उनलाई बिउँझाउन सकिएला जस्तो लागेन । त्यसले आफ्नो टाउको पालतिर ढल्कायो । उँ उँ कराएर बडबडाएको आवाज पालभित्रबाट आएपछि आमा छिटो-छिटो भित्रपट्टि गइन् ।

नोआले भन्यो, तिनी बिउँझेकी ठिकै भयो । रातभरि तिनी पीडाले कराइरहेको जस्तो लाग्यो । तिनलाई होशै भएन ।'

टामले भन्यो, 'हैरान ! तिनलाई थकाइ लागेको छ । छिटै आराम लिइनन् भने तिनलाई नराम्रो हुनेछ । तिनी थाकेकीं छन् । मसित कोही आउँछ कि ? म त नुहाईवरी दिनभरि छायाँमा सुत्न जाँदैछु । ऊ गएपछि अरूहरूपनि उसको पछि लागे । लुगा-सुगा फुकालेर उनीहरूले घाँसमा राखे । त्यसपछि उनीहरू पानीमा गएर बसे । बालुवामा कुर्कुच्चा गाडेर उनीहरू निकै वेर पानीबाट टाउको मात्र बाहिर निकालेर बसी रहे ।

आलले भन्यो, 'जीजसको किरिया खाएर भन्छु, मलाई यो चाहिएको छ ।' त्यसले एक मुट्ठी बालुवा लिएर आङमा दल्यो । पानीमा बसेर नीड्लस भन्ने चुचुरा-

हरू तथा अरीजोनाका सेता चट्टानी पहाडहरूको उनीहरूले अवलोकन गरिरहे ।

वाले छक्क परेर भन्नुभयो, 'हामीहरू ती पहाड र चुचुराहरू नाघेर आएका छौं ।'

काका जानले आफ्नो टाउको पानीमा डुबुल्की मारेर भने, 'अँ, हामीहरू यहाँ क्यालिफोर्निया आइपुग्यौं, तर यो त्यतिको समृद्धशाली जस्तो त लागेन ।'

टामले भन्यो, 'मरुभूमिमा पुग्नु छ, त्यस मोरा कहाँ ।'

नोआले सोध्यो, 'आज राति त्यहाँ पुगेर हेर्ने ?'

टामले सोध्यो, 'बा, तपाईं के विचार गर्नु हुन्छ ?'

'खोइ, म के थाहा पाउँ । अलि आराम गरे हामीहरूलाई बेसै होला, खास गरेर बज्यैलाई । तर जसरी भएपनि मरुभूमि पार गरेर एउटा काम हात पार्नु छ । मसित जम्मा ४० डलर जति मात्र बाँकी छ । हामी सबैले काम गरेर अलि-अलि पैसा आएपछि मात्र मलाई चैन हुनेछ ।'

पानीमा बस्ने जतिले त्यसको प्रवाहको वेग अनुभव गरे । पादरीले आफ्ना हात र पाखुराहरू पानीको सतहमाथि राखिछोड्यो । उसको सर्वाङ्ग, घाँटी र नाडीसम्म सेतै थियो तर हात, मुख र गर्धनवरिपरि गाढा खैरो थियो । सबैले आ-आफ्नो आङ बालुवाले दल्न थाले ।

नोआले आलस्यपूर्ण स्वरमा भन्यो, 'मलाई त यहीं बस्न मन पर्छ । सधैं यहाँ पल्टी रहुँ जस्तो लाग्छ । कहिले पनि भोक लाग्दैन, न मनै उदास हुन्छ । सुँगुरको बच्चा आलस्यले हिलोमा पल्टी रहेजस्तै जिन्दगीभर पानीमा पल्टी रहुँ जस्तो लाग्छ ।'

टामले नदी पारीको खस्रा चुचुराहरू तथा नीड्लसको तलतिर बगिरहेको खोलातिर हेर्दै भन्यो, 'यस्तो खस्रो पहाड कहिले पनि देखेको छैन । यो त ज्यान लिने खालको देहाती प्रदेश हो । यहाँ त प्रदेशको अस्थिमात्र पाइन्छन् । हामीहरू कहिले यस्तो ठाउँमा पनि पुग्नेछौं जहाँ मानिसहरू चट्टानको संगत तथा त्यससंग कडा

संघर्ष नगरी वस्न सक्तछन् । तस्वीरमा मैले हरियाली प्रदेशहरू देखेको छु, जहाँ आमाले भनेजस्तै ससाना सेता-सेता घरहरू हुन्छन् । आमाले एउटा सेतो घरको इच्छा गरेकी छन् । मलाई लाग्छ यो प्रदेश मैले देखेका तस्वीरहरू जस्तो छैन ।'

'जीजस क्राइस्टको किरिया खाएर भन्छु, वा ! यो नै क्यालिफोर्निया हो ।'

जीनको लुगामाथि नीलो कमीज स्वेटर लगाएका दुइ जना मानिस घाँसबाट आएर नांगा मानिसहरूलाई हेरीकन भने, 'पौडी कसरी खेल्ने ?'

टामले जवाफमा भन्यो, 'थाहा छैन । हामीले पौडी खेल्न खोजेका छैनौं । हामीलाई यहाँ यसै बसिरहन मन लाग्छ ।'

'हामी पनि आएर बसे केही आपत्ति छ र ?'

'यो हाम्रो नदी होइन । अलिकति ठाउँ छोडिदिउँला, कत्रो कुरा हो र !'

ती मानिसहरू आ-आफ्नो पाइन्ट, कमीज फुकालेर पानीमा गए । उनीहरूको खुट्टामा घुँडासम्म धूलै-धूलो थियो । उनीहरूको मलिन पैताला, पसिनाले नरम पारेको थियो । आलस्यपूर्वक पानीमा बसेर उनीहरू आङवरिपरि लापरवाहीसाथ माड्न थाले । उनीहरू दुवै घामले झुरिएका बाबु-छोरा थिए । पानीमा बसेपछि उनीहरू चिसोले होहो-हाहा कराउन थाले ।

बाले सोध्नुभयो, 'पश्चिमतिर जान लागेका ?'

'अँहें, पश्चिमतिरबाट आएर घर फर्कन लागेका । त्यहाँ हामीले कुनै किसिमको गुजारा गर्न सकेनौं ।'

टामले सोध्यो, 'घर कहाँ त ?'

'पैनहैण्डल । यो पंपाको नजीकै पर्छ ।'

बाले सोध्नुभयो, 'तिमीहरू त्यहाँ गुजारा गर्न सक्छौ त ?'

'अँहें, कम-से-कम हामीहरू आफूले चिनेका मानिसहरूसित भोकै मर्न सक्छौं ।

यस्ता कोही मानिस छन् जसले हामीहरूलाई भोकभोकै मरुन् भनी घृणा गर्छन् ।

बाले भन्नुभयो, 'बुझ्यौ, यसरी कुरा गर्ने दोश्रो मानिस तिमी नै छौ । उनीहरू तिमीहरूलाई किन घृणा गर्छन् ?'

उत्तरमा त्यस व्यक्तिले भन्यो, 'के थाहा ।' त्यसले पानीको अँजुली लिएर नाक बजाउँदै बर्बराउँदै मुखमा दल्यो । मैलो पानी उसको कपालबाट बगेर घाँटीमा आयो ।

बाले भन्नुभयो, 'यसबारे म बढ्ता कुरा सुन्न चाहन्छु ।'

टामले थप्यो, 'मलाई पनि मन पर्छ । यी पश्चिमका मानिसहरू तिमीहरूलाई किन हेलाँ गर्छन् ?'

त्यस व्यक्तिले टामलाई तीखो दृष्टिले हेरेर भन्यो, 'तिमीहरू पश्चिम जान लागेका छौं ?'

'जाँदैछौं ।'

'तिमीहरू कहिले पनि क्यालिफोर्निया पुगेका छैनौ ?'

'अँहँ, कहिले पनि पुगेका छैनौं ।'

'अँ, मेरो कुरा पत्यार गर्नु पर्दैन । आफैं गएर हेर्नू ।'

टामले भन्यो, 'हुन्छ, तर कुन प्रसंगमा तिमी जान लागेका, यो जान्न चाहन्छु ।'

'अँ, तिमीले साँच्चै जान्न चाहे सुन; म त्यो मान्छे हुँ जसले त्यस प्रदेशको बारे केही प्रश्न गरेर केही विचार दिन्छ । त्यो राम्रो प्रदेश छ । तर अघिदेखि त्यो लुटिएको छ । मरुभूमि नाघेर बेकर्सफिल्ड वरिपरिको प्रदेश लागेपछि कति राम्रो रहेछ भन्ने कुरा थाहा होला । चारैतिर अंगूरै-अंगूरले लादिएको फलफूलका बगैंचा-हरूसहित त्यो तिमीले देखेकोमा सबभन्दा राम्रो प्रदेश हुनेछ । र तिमीले तीस फीट तल पानीले सिंचित राम्रो बंजर समथल जमीन भेट्टाउने छौ । त्यसमा कहीं पनि

तिमीहरूले काम गर्न सक्तैनौ । त्यो बस्तु पाल्ने कम्पनीको जमीन हो । त्यसमा ती कम्पनीका मानिसहरू काम गर्न चाहँदैनन् । र अरू कसैलाई त्यसमा काम गर्न पनि दिइँदैन । तिमीहरू गएर त्यहाँ केही अन्न उमाछौं भने मामाघर जानु पर्नेछ ।'

'तिमी भन्छौ त्यो राम्रो जमीन, र फेरि त्यसमा केही काम पनि नगर्ने ?'

'ज्यू, असल जमीन भईकन पनि त्यसमा केही काम नगरेको । हेर्-न साहेब, त्यो कुराले तिमीहरूलाई अलि पागल तुल्याउने छ । तर यस्ता कुरा तिमीहरूले सुनेका छैनौ । मानिसहरूले उनीहरूको मुख घुरेर हेर्छन् । तिमीहरूलाई देखेपछि उनीहरूको आकृतिबाट यस्तो भावना झल्कनेछ :

' "तँ रण्डीको छोरा हामीलाई मन पर्दैनस् ।" उप-जिल्लाधीशहरू हुन लागेता पनि तिमीहरूलाई उनीहरूले घचेटेर पठाउने छन् । तिमीहरू सडकको बगलमा पाल तानेर बस्छौ भने उनीहरूले उठाएर धपाई दिनेछन् । तिमीहरूप्रति घृणाको भावना त्यहाँका मानिसहरूको मुखमा देख्न पाउनेछौ । म तिमीहरूलाई केही कुरा भन्छु । उनीहरूले निश्चय नै तिमीहरूलाई घृणा गर्नेछन् । एउटा भोकाएको मानिसले खाने-कुरा पाउने अधिकार छ भन्ने कुरा उनीहरूलाई थाहा छ । बंजर जमीनलाई उनीहरू पाप ठान्छन् र यो कसैले लिनेछ भनी उनीहरू थाहा पाउँछन् । कस्तो वाइहात कुरा ! आजसम्म कसैले तिमीलाई "ओकी" त भनेको छैन होला ।'

टामले भन्यो, 'ओकी ? के भनेको त्यो ?'

'ए, ओकीको अर्थ तिमीहरू ओक्लाहामाबाट आएका भन्ने हुन्छ । यसको मतलब तिमीहरू फोहरी रण्डीका छोराहरू । ओकीको माने तल्लो तहका मानिसहरू भन्ने हुन्छ । यसबाट मनमा केही नराम्रो नमान्नू । यस्तो भन्ने उनीहरूको चलन छ । तर अरू बढ्ता कुरा के भनुँ, तिमीहरू आफैं त्यहाँ जाँदैछौ । म सुन्दछु कि हाम्रा तीन लाख मानिसहरू त्यहाँ सुँगुरको जिन्दगी बिताइरहेछन् । हरेक कुराको कोही-न-कोही मालिक भैरहेको हुन्छ । कुनै कुरा बाँकी छैन । र ती कुराका मालिक-हरू त्यसैमा लिप्सिएका छन् । त्यो लिप्साइले अरू मानिसहरूलाई मर्का परे उनीहरू-लाई केही परवाह हुँदैन । त्यस कुरामा उनीहरू यति निश्चित छन् कि उनीहरू पागलसरि त्यसमा लागिरहन्छन् । गएर देख्नेछौ, सुन्नेछौ । तिमीहरूले देखेका प्रदेशहरूमा सबभन्दा राम्रो हुन सकेता पनि ईश्वरले सरापेको ठाउँ हो त्यो । त्यहाँका

मानिसहरूलाई तिमीहरूले राम्रो मान्ने छैनौ । उनीहरू यतिका चिन्तित हुन्छन् कि परस्परमा समेत उनीहरू मिलेर बस्न सक्तैनन् ।'

टामले तल पानीमा हेरेर आफ्ना कुर्कुच्चाहरू बालुवामा गाडेर भन्यो, 'भनुँ कि कसैले काम पाएर केही रुपैयाँ जम्मा गरेको रहेछ रे भने त्यसले केही जमीन पाउन सक्तैन ?'

बाबुचाहिले हासेर छोरालाई हेऱ्यो अनि अवाक् छोरोले प्रायः विजयस्वरूप डिच्च दाँत देखाएर हाँसिदियो । र बाबुले भन्यो, 'तिमीहरूले कुनै स्थिर काम पाउने छैनौ । हरदिन तिमीहरूले आफ्नो छाकको निम्ति संघर्ष गर्नु पर्नेछ । त्यसो गरेर पनि मानिसहरूले तिमीहरूसँग नीच व्यवहार गर्नेछन् । कपडा मीलमा जति कपास टिप्ने काम गरे ज्यालाको तह एकनास हुँदैन । कहीं एकनास भए अरू ठाउँमा अर्कै हुन्छ । सबै ज्यालाको तह त्यस्तै नमिल्दा छन् भनी विचार गरे हुन्छ । यसो गर्नुको कारण कुन मिल्दो र कुन नमिल्दो भन्ने ज्ञानको अभावले हो । जस्तै गरेपनि यो छुट्टयाउन तिमीहरू असमर्थ हुनेछौ ।'

बाले बिस्तारै सोध्नुभयो, 'त्यहाँ जानु बिलकुलै ठीक छैन त ?'

'निश्चय, हेर्नलाई बेसै छ, तर कुनै चीज तिमीहरू पाउन सक्तैनौ । पहेंला-पहेंला सुन्तलाको कुन्ज हुन्छ, तर एउटा सुन्तला तिमीहरूले छोए बन्दूक लिएको मानिसले तिमीहरूलाई मार्ने अधिकार हुन्छ । समुद्र-तटमा बस्ने एउटा पत्रकारको दश लाख एकड जमीन छ ।'

केसीले झटपट माथि हेरेर भन्यो, 'दश लाख एकड जमीन ? त्यतिको जमीन त्यसलाई के काम ?'

'मलाई के थाहा । त्यसले त्यति नै पाएको छ । त्यसमा केही बस्तुहरू चराइ-रहन् । मानिसहरूलाई आउन नदिन त्यहाँ पाले राखेको छ । त्यो गोली हान्दा पनि केही चोट पटक लाग्न नसक्ने खालको गाडी चढेर हिंड्छ । मैले त्यस व्यक्तिको तस्वीर देखेको छु । साना-साना आँखा र गधाको जस्तो मुख भएको ऊ मोटो र कोमल खालको मानिस हो । ऊ निश्चयनै मर्न लागेको छ । दश लाख एकड जमीनको मालिक भएर पनि निश्चयनै मर्न लागेको छ ।'

कैसीले झोक्किएर सोध्यो, 'दश लाख एकड जमीन लिएर त्यसले के गर्ने भन्छ ? केलाई त्यतिको जमीन चाहिएको छ त्यसलाई ?'

त्यो मानिसले आफ्नो मुठ्याएका सेता हातहरू पानी बाहिर निकालेर फैलायो। तल्लो ओठ तन्काएर त्यसले टाउको एकातिर बगलमा झुकाएर भन्यो, 'मलाई थाहा छैन। त्यो बहुला छ क्यारे, बहुला नै भएको हुनुपर्छ। उसको तस्वीर देखेको छु। त्यो पागल जस्तो छ, पागल र नीच।'

'ऊ निश्चय मर्नेछ भनेको ?', केसीले सोध्यो।

'मैले त्यही कुरा सुनेको थिएँ।'

'निश्चयनै ईश्वरले उसलाई मार्नेछ ?'

मलाई थाहा छैन यो यकीन हो भनेर।

बाले भन्नुभयो, 'उसको के चिन्ता छ र ? उसमा केही हँसी-दिल्लगी भएको जस्तो लाग्दैन।'

टामले भन्यो, 'बाज्येलाई यकीन छैन। धेरै हँसी-दिल्लगी भएपछि बाज्ये मन-पराउँदैनन्, त्यसलाई पन्छाउन खोज्छन्। केही नाभाजोहरू राती हँसी-दिल्लगीमा लागिरहँदा बाज्ये र अरू एकजना मानिस मिलेर उनीहरूलाई यस कारणले कुटे कि दिल्लगीमा लागी रहँदा गोफर भन्ने मुसा जस्तो जनावरले उनीहरूको जमीन खनेर बरबाद गर्न नपाउन्।'

केसीले भन्यो, 'त्यस्तै देखिन्छ। त्यो दश लाख एकडवालाले हँसी-दिल्लगीलाई ठुकराउँदैन, तर त्यो नीच बूढो एकान्त भएर निराशामा डुबेपछि त्यसलाई मृत्युको डरले सताइरहन्छ।'

बाले सोध्नुभयो, 'दश लाख एकड भूमि पाएपछि त्यसले किन निराश हुनु पर्‍यो ?'

पादरी अलमलिएको जस्तो भयो। त्यसले पानीमा बगेर आएको एउटा कीरा-

लाई हातले ठोकी पन्छाएर भन्यो । 'आफूलाई धनी अनुभव गर्न त्यसलाई दश लाख एकड जमीनको आवश्यकता पर्दछ भने मलाई लाग्छ कि त्यसले आफूलाई ज्यादै दरिद्र ठान्दछ र त्यो दश लाख एकड जमीनले उसलाई धनी अनुभव गराउँदैन । र ऊ निराश हुनुको कारण यही हुन सक्दछ कि त्यसले जुनसुकै काम गरेपनि आफूलाई त्यति सम्पन्न भएको भावानुकुल पार्न सकेन जति बाज्ये मर्दा कुमारी विलसनले आफ्नो पाल उसको निम्ति दिएको बेला उनको अवस्था थियो । म धर्मोपदेश दिन खोजिरहेको होइन । तर निराश नभैकन माटो खनिरहने 'प्रेरी डाग' भन्ने जनावर जस्तो व्यस्त अरू कोही पनि मैले देखेको छैन ।' यति भनेर त्यसले डिच्च दाँत देखाएर हाँसेर सोध्यो, 'मैले भनेको कुरा धर्मोपदेश जस्तो लाग्छ त ?'

घाम चकिरहेको थियो । बाले भन्नुभयो, 'पानीमा डुबेर निचोर्नु राम्रै होला । घामले त जिउँदो जीजसलाई पोले जस्तै हामीहरूलाई पोल्ने छ ।' र बिस्तारै बगिरहेको पानीलाई त्यसले पल्टेर आफ्नो घाँटीबाट बग्न दियो । बाले सोध्नुभयो, 'कुनै मानिसले धेरै मिहिनेत गरेर काम गर्ने इच्छा गर्छ भने त्यसले त्यो काम रोक्न सक्तछ र ?'

त्यो मानिसले बाको सामुन्ने बसेर भन्यो, 'हेर मिस्टर ! मलाई अरू कुरा थाहा छैन । तिमीले त्यहाँ गएर कथंकदाचित एउटा स्थिर काम पायौ नै भने म त फटाहा साबित भैहाल्छु । तिमीले कहिले पनि काम पाउन सक्तैनौ, म पहिलेबाटै जनाउ दिन्छु । म ठोकेर भन्न सक्छु कि त्यहाँका धेरैजसो मानिस निकै दुःखी छन् ।' यति भनेर त्यो मानिस पल्टयो । त्यसले भन्यो, 'एउटा मानिसले सबै थोक जान्दैन ।'

बाले फर्की काका जानतिर हेरेर भन्नुभयो, 'तिमी त जहाँ गएपनि कुरा गर्ने मान्छे । तर हामीहरूले घर छोडेदेखि तिमीले दुइचोटि पनि मुख बाएका छैनौ । म किरिया खाएर भन्न सक्छु । यस कुरामा तिम्रो के विचार ?'

काका जानले मुख अँध्यारो पारेर भने, 'यसमा मैले केही पनि विचार गरेको छैन । हामीहरू त्यतै जान लागेका छौं, होइन ? अहिले यहाँ गरेको कुनै कुराले पनि हामीहरूलाई त्यहाँ जान रोक्ने छैन । हामीहरू त्यहाँ पुगेपछि हेरौंला । काम पाए गरौंला, नपाए भागौंला । यहाँ कुरा गर्नाले केही फाइदा हुनेछैन ।'

टामले पल्टेर मुखभरी पानी लिई हावामा पिच्च गरेर भन्यो, 'काका जान

वढ्ता कुरा गर्दैनन्, तर जति कुरा गर्छन् त्यो गहन हुन्छ । ईश्वरको किरिया खाएर भन्छु, उनी घतलाग्दा कुरा गर्छन् । बा, के हामीहरू आज रातिनै जाँदैछौं ?'

'जान सक्छौं । त्यहाँ जान सक्छौं ।'

'म त झारमा गएर सुत्न जान्छु ।'

टाम उठ्यो र पानीबाट हिंडेर वलौटे किनारामा गयो । भिजेकै आङमा लुगा लाएर ऊ त्यहाँबाट गयो । अरूहरू पनि उसको पछि लागे ।

पानीमा बसेरै बाबु र छोराले जोड-परिवार गएको हेरिरहे ।

त्यसपछि छोराले भन्यो, 'जीजसको किरिया खाएर भन्छु, म उनीहरूलाई त्यहाँ ६ महिना बसेको देख्न चाहन्छु ।'

बाबुचाहिले हातको औंलाले आँखाको चिप्रा पुछेर भन्यो, 'म त त्यसो गर्न चाहन्नँ । जो सधैं बुझ्नुक हुन खोज्छ त्यसले मानिसहरूलाई वाइहाती कुरा भन्छ ।'

'अँ. बा, जीजसको किरिया खाएर भन्छु, उनीहरूले ६ महिनाको परीक्षण-समय मागेका छन् ।'

'हो, मलाई थाहा छ । तर त्यस व्यक्तिले भने जस्तै उनीहरू जसरी भएपनि जाँदैछन् । मैले उनीहरूलाई दुःख पाउनेछन् भनी जे भनें त्यसमा केही फरक पर्ने छैन ।'

टाम घाँसबाट गएर बिस्तारै छायाँमा पल्टन गयो । नोआ पनि उसको पछि लाग्यो । टामले भन्यो, 'म त यहाँ सुत्न लागेको छु ।'

'टाम !'

'हो र ?'

'टाम, म त नजाने ।'

टामले वसेर भन्यो, 'के भनेको ?'

'टाम, म यो पानी छोडेर जान चाहन्नँ । म यो नदी छोड्न चाहन्नँ ।'

टामले भन्यो, 'तिमी पागल भयौ ।'

'मलाई माछा मार्ने डोरी ल्याइदेऊ । म माछा मार्छु । राम्रो नदीको बगलमा कोही पनि भोकभोकै बस्न सक्तैन ।'

टामले भन्यो, 'परिवारलाई के गर्ने ? आमालाई के गर्ने ?'

'म केही गर्न सक्तिनँ । यो पानी छोडेर म जान सक्तिनँ' नोआले आफ्नो ठूल-ठूला आँखा आधा बन्द गरेर भन्यो, 'टाम, भएको कुरा तिमीलाई थाहा नै छ । यहाँका मानिस मलाई कति राम्रो लागे भन्ने कुरा तिमीलाई थाहा छ । तर उनीहरू वास्तवमा मेरो हेर-विचार गर्दैनन् ।'

'तिमी पागल भयौ ।'

'अँहँ, हेर्नु बेकार छ । म त पानीमा जाँदैछु । म यो पानी छोड्न सक्तिनँ । टाम, म त यो नदीसंगसंगै जाँदैछु । म माछा मारूँला तर यो नदीदेखि पर जान सक्तिनँ । घाँसको गुफाभित्रबाट बिस्तारै बाहिर निस्केर त्यसले भन्यो, 'टाम, आमा-लाई भनिदिनू ।' यति भनेर त्यो गयो ।

टाम नदीको किनारामा उसको पछि-पछि लाग्यो । त्यसले भन्यो, 'ऐ पटमूर्ख, यहाँ सुन् त ।'

नोआले भन्यो, 'सुन्नु बेकार छ । म उदास छु, तर के गर्ने ? मलाई जानुछ । त्यो एकाएक फर्केर किनारै-किनार लाग्यो । टाम पछ्याउन लाग्यो र फेरि थामियो । त्यसले नोआलाई नदीको किनारै-किनार लागिरहँदा कहिले झाडीमा अल्पेको, कहिले देखापरेको हेरिरह्यो । र अन्तमा नोआ बिलकुलै घाँसमा अदृश्य नभएसम्म नदी किनारामा झन्झन् सानो हुँदै गैरहेको देख्तै थियो । र टाम टोपी फुकालेर टाउको कन्याउन थाल्यो । त्यो घाँसको गुफामा फर्केर गयो र सुत्नलाई पल्ट्यो ।

अलकतरा लाएको फैलाइएको टाटमुनि बज्यै एउटा डसनामा पल्टिरहेकी थिइन् । र आमा उनैको बगलमा बसेकी थिइन् । हावा निसास्सिने किसिमले गरम थियो र टाटको छायाँमा झिंगाहरू भन्किरहेका थिए । लामो गुलाबी रंगको पर्दाको एक टुक्रा बेरिएर बज्यै नांगै थिइन् । आफ्नो मुन्टो बेचैनले एक बगलबाट अर्को बगलमा फर्काउँदै तिनी बडबडाएर निसास्सिन थालिन् । आमाले उनको बगलमा बसेर दफ्तीको एक टुक्राले झिंगा धपाउनका साथसाथै उनको कसेको मुखमा पंखा हम्केर तातो हावा चलाउन थालिन् । रोज आब शारन अर्को बगलमा बसेर आमालाई हेरिरहिन् ।

बज्यै ढीठ भएर कराइन् : 'अँ, अँ, तिमी यहाँ आऊ ।' आँखा उघारीकन तिनले डरलाग्दोसँग यताउति हेरेर भनिन् । 'उसलाई यहाँ आऊ भन । म उसलाई समाउँला, उसको कपाल लुछुँला ।' आफ्नो आँखा बन्द गरेर, मुन्टो अगाडि-पछाडि घुमाईकन तिनी अस्पष्टसँग बडबडाइन् । आमा दफ्ती लिएर हम्किरहिन् ।

रोज आब शारन लाचारीसाथ बूढी बज्यैलाई हेरिरहिन् । तिनले सानो स्वरमा भनिन् : 'तिनी साह्रै बिरामी छिन् ।'

आमाले त्यो लडकीको मुखमा दृष्टिपात गरिन् । आमाका आँखामा धैर्य थियो तर उनको निधारमा तकलीफका रेखाहरू देखिएका थिए । आमाले लगातार पंखा हम्किरहेकी थिइन् र दफ्तीको टुक्राले झिंगाहरूलाई आउन दिएन । 'रोसाशार्न, तिमी सानै छँदा जुन घटना घटे पनि आफ्नै तालको हुन्थ्यो । मलाई थाहा छ, म संझन्छु, त्यो एक किसिमको हुन्छ ।' उनलाई आफ्नो छोरीको नाउँ प्यारो थियो । 'रोसाशार्न, तिमी बच्चा पाउन लागेकी छौ । त्यो तिमी एक्लैको निम्ति केही हो । बच्चा पाए-पछि तिमीलाई दुःख हुन्छ र त्यो दुःख तिम्रो व्यक्तिगत हुन्छ । र यो पाल संसारमा एक्लो छ ।' तिनले एउटा ठूलो झिंगा धपाउन एक छिन जोरसँग दफ्ती हम्किन् र त्यो ठूलो चमकीलो झिंगा दुइचोटि पालको परिक्रमा गरेर तिरमिराउने घाममा भुनभुन कराएर गयो । र आमाले भन्दै गइन् : 'यस्तो समय पनि छ । जब त्यो समय आउँछ, सबैले मरे जस्तै मर्नुपर्छ र सबैले जन्माएको जस्तो जन्माउनु पनि पर्छ । जन्म र मरण एउटै कुराका दुइ पक्ष हुन् । र घटनाहरू एक्लै घटदैनन् । र कुनै दुःख त्यति नराम्रो गरी आउँदैन किनभने यसले एउटैलाई दुःख दिंदैन, रोसाशार्न । मैले तिमीलाई राम्रो संझाउन सके हुने, तर मैले सकिनँ ।' उनको

आवाजमा यस्तो कोमलता र माया थियो कि त्यसले गर्दा रोज आब शारनको गहभरि आँसु भयो र उनको दृष्टि-शक्तिमा बाधा पर्न गयो ।

आमाले भनिन्, 'यो लिएर बज्यैलाई पंखा हम्किदेऊ ।' यति भनेर तिनले आफ्नी छोरीको हातमा दफ्ती राखिदिइन् । 'यो राम्रो काम हो । मैले तिमीलाई भन्नु पर्ने, अनि पो तिमीले थाहा पाउने थियौ ।'

बज्यै आफ्नो आँखा बन्द गरेर, मुख अँध्यारो पारेर शिकायत गर्न थालिन् : 'अँ तिमी फोहरी छौ । तिमी कहिले पनि सफा हुन चाहँदैनौं ।' उनी आफ्ना साना खुमचिएका नङहरू चलाईकन गाला कन्याउन थालिन् । एउटा रातो कमिला तिनले लाइराखेको पर्दाको कपडामाथि दौडेर गई बूढीको घाँटीको खुकुलो त्वचाका तहहरूमा संघर्ष गर्दै चढ्न थाल्यो । आमाले छिटै त्यसलाई टिपीकन बुढी-औंला र चोर-औंलाको बीचमा थिचिन् र आफ्नो लुगामा औंलाहरू पुछ्न थालिन् ।

रोज आब शारनले त्यो दफ्तीको पंखा हम्कँदै आमाको मुखमा हेरेर भनिन् । 'तिनी– ?' शब्दहरू उनको घाँटीमै अड्के ।

बज्यैले कराएर भनिन्, 'तिम्रो पैताला पुछ, अँ– तँ फोहरी सुँगुर !'

आमाले भनिन् : 'मलाई थाहा छैन । हामीले उनलाई यस्तो गरम नभएको ठाउँमा लान सक्यौंभने, तर त्यस्तो ठाउँ कहाँ होला मलाई थाहा छैन । रोसाशार्न, तिमीले चिन्ता नमान्नू । आवश्यक पऱ्यो भने सास तानेर छोड्न सक्छ्यौ ।'

च्यातिएको कालो लुगा लाएकी एउटी ठूली आइमाईले पालभित्र हेरिन् । उनको आँखामा चिप्रा थियो । र उनका गालाका त्वचा खुकुलो भएर तल झुण्डिरहेका थिए । उनका ओठहरू खुकुलिएर माथिल्लो ओठ दाँतमाथि पर्दा जस्तै झुलेको थियो । र उसको तल्लो ओठ बोझले गर्दा बाहिर निस्केर दोब्रिएको थियो जसबाट उनका तल्ला गिजाहरू देखा परेका थिए । तिनले भनिन, 'मेमसाहेब, सुप्रभातम्, सुप्रभातम् । र विजयको लागि भगवान्को जयजयकार गर ।'

आमाले चारैतिर हेरेर भनिन्, 'सुप्रभातम् ।'

त्यो आइमाईले पालभित्र पसेर बज्यैमाथि मुन्टो झुकाईकन भनिन्, 'तिमीहरू-

कहाँको एक जना जीजससंग भेट्न जान तयार छ भन्ने कुरा हामीले सुनेका छौं। ईश्वरको जयजयकार गर !'

आमाको मुख तन्कियो, उनका आँखा तीक्ष्ण भएर आए। तिनले भनिन्, 'तिनलाई थकाइ लागेको छ, त्यत्ति हो। सडक र गर्मी उनको थकावटका कारण हुन्। तिनी क्लान्त छिन्। तिनलाई अलि आरामको जरूरत छ। त्यसपछि तिनी ठीक हुनेछिन्।'

ती आइमाईले बज्यैंको मुखमा झुकेर प्रायः नाकले सुँघ्नलाई सुइँ-सुइँ गरेको जस्तो बुझियो। तिनीले आमातिर फर्केर छिटो-छिटो मुन्टो हल्लाइन्। उनका ओठ चल्न थाले र गालामा कंपन आयो। तिनले भनिन्, 'एउटा प्यारो आत्मा जीजसमा लीन हुन जाँदैछ।'

आमाले कराएर भनिन्, 'त्यस्तो अवस्था छैन !'

यो बेला ती आइमाईले बिस्तारै मुन्टो हल्लाएर आफ्नो फुलेको हात बज्यैंको निधारमा राखिन्। आमाले उनको हात लिएर पन्छाइदिइन् र आफूलाई झट्टै रोकिन्। ती आइमाईले भनिन्, 'बहिनी, हो यस्तै छ। हाम्रो पालमा क्राइस्टसित मिल्न जान लागेका ६ जना छन्। म गएर उनीहरूलाई बाहिर निकालुंला र उनीहरूको निम्ति प्रार्थना-सभा गरूँला। उनीहरू ६ जना नै हेब्रू धर्मावलम्बी हुन्। म गएर उनीहरूलाई बाहिर निकालुंला।'

आमाले झर्किएर भनिन्, 'हुँदैन, हुँदैन, बज्यैंलाई थकाइ लागेको छ। त्यसैले तिनी मीटिंगमा उभिन सक्तिनन्।'

ती आइमाईले भनिन्: 'आशीर्वाद पाउनलाई उभिन सक्तिनन् ? जीजसको मिठो कुरा सुन्न उठ्न सक्तिनन् ? के कुरा गरेको, बहिनी ?'

आमाले भनिन्: 'अँहँ, यहाँ होइन। तिनलाई थकाइ लागेको छ।'

ती आइमाईले निन्दनीय दृष्टिले आमालाई हेरेर भनिन्। 'महाशया, तपाईंहरू आस्तिक होइन ?'

आमाले भनिन्, 'हामीहरू जहिले पनि क्राइस्टका भक्त छौं। तर हामीहरू रातभरि गाडीमा सवार रहेकोले बज्यै थकित छिन्। हामी तिमीलाई दुःख दिन चाहन्नौं।'

हामीलाई केही दुःख हुँदैन। दुःख भए क्राइस्टसित मिल्न जाने आत्माको निम्ति भोग्न तयार छौं।

आमाले घुँडा टेकीकन लापरवाहीले भनिन्। 'धन्यवाद छ, हामी यो पालमा कुनै मीटिंग-सीटिंग गर्न चाहन्नौं।'

ती आइमाईले आमालाई निकै बेर हेरिरहिन्। 'अँ, हामी एउटी दिदीलाई अलिकति प्रार्थना नगराईकन छोड्न चाहन्नौं। महाशया, हामी मीटिंग हाम्रै पालमा चालु राखौंला र तपाईंको पाषाण हृदयको निम्ति तपाईंलाई क्षमा गरौंला।'

आमाले फेरि पछाडि हटेर बज्यैको मुखतिर फर्केर हेरिन्। उनको आकृतिमा अझै रुखोपन छँदै थियो। आमाले भनिन्, 'तिनलाई थकाइ लागेको छ। तिनलाई थकाइ लागेको सिवाय अरू केही भएको छैन।' बज्यैले आफ्नो मुन्टो अगाडि-पछाडि हल्लाएर आफूले मात्र सुन्ने गरी बडबडाइन्।

ती आइमाई सारो मुख लाएर पालबाट बाहिर गइन्। आमा बज्यैको मुखमा हेरिनै रहिन्।

रोज आब शारनले दफ्ती हम्केर ताजो हावाको झोका दिएर भनिन्: 'आमा!'

'किन?'

'उनीहरूलाई किन मीटिंग गर्न नदिएको?

आमाले भनिन्, 'मलाई थाहा छैन। हेब्रू धर्मावलम्बीहरू राम्रा मान्छे हुन्छन्। उनीहरू कराएर उछल-कूद गर्छन्। मलाई थाहा छैन। केही कुरा मेरो मनमा आयो। मैले त्यो प्रार्थना सहन सकुँला जस्तो लाग्दैन। म अलग्गै

बस्न चाहन्छु ।'

अलि परबाट एकनासको पट्टाइलाग्दो सुरमा ईश्वरको प्रार्थना-सभा शुरू गरेको आवाज सुनियो । शब्दहरू स्पष्ट थिएनन् तर आवाज चाहिं सुनियो । आवाजमा आरोह-अवरोह थियो । प्रत्येक आरोहमा स्वर उचा हुँदै गयो । पादरीले कुरा भनिसकेपछि जुन विराम आयो त्यसलाई अरू मानिसहरूको तर्फबाट आएको प्रतिवचनले पूर्ति गरिदियो । र विजयको भावले उपदेश माथि उल्यो र आवाजमा शक्तिको गर्जन आयो । यो उपदेशको आवाज फुलेर बढ्यो अनि थामियो र पादरीको उपदेशपछि आएको प्रतिवचनमा गर्जन आयो । अब विस्तारै उपदेशका वाक्यहरू आज्ञा जस्तै छोटिए र झन् तिखा भए । र प्रतिवचनहरूमा शिकायतको स्वर आयो । लयमा तीव्रता आयो । जनाना र मर्दाना स्वरहरूको एउटै स्वरमा संमिश्रण भयो । तर प्रतिवचनको बीचमा आएर एउटी आइमाईको स्वर चढेर अपशोचको चिच्च्याइमा परिणत भयो जो एउटा पशुको चिच्च्याइजस्तै डरलाग्दो र प्रचण्ड थियो । यसको साथसाथै एउटी आइमाईले भुकेको जस्तो एउटा गहन आवाज निकालिन् र एउटा मानिसको स्वर चढेर ब्वाँसो कराएको जस्तो हुन गयो । धर्मोपदेश थामिएपछि जंगली पशु कराएको जस्तो आवाज मात्र पालबाट निस्क्यो र यसको साथसाथै जमीनमा केही खसेको जस्तो भद्दा आवाज आयो । आमा काम्न थालिन्, रोज आब शारनको सासको गति छोटो-छोटो भयो र उनी स्वाँ-स्वाँ फ्वाँ-फ्वाँ गर्न थालिन् । र मुटु नफुटुन्जेल त्यो चिच्च्याइको सहगान चलिनै रहला जस्तो बुझियो ।

आमाले भनिन् : 'मलाई डर लागेर आयो । मलाई केही भयो ।'

अब त्यो उच्च स्वर हाइना जनावरको उन्मादपूर्ण बडबडाहटमा परिणत भयो । ठाक-ठाक आवाज झन् ठूलो भयो । आवाजहरू फुटेर सुँक सुँक र घूँ घूँका धीमा शब्दहरूमा परिणत भए । ताली ठोकेको तथा भुइँमा पैतालाले ठाक-ठाक गरेको आवाज आयो । र त्यो सुँक-सुँक आवाज छाउराहरूले खानेकुरो खोंदा निकाल्ने आवाज जस्तो हुन गयो ।

रोज आब शारन डरले सुस्त-सुस्त कराउन थालिन् । बज्यैले त्यो पर्दाको कपडा खुट्टाले हानेर अलग्याइदिइन् जसबाट उनका खुट्टा गाँठा-गाँठा परेका खैरा लट्ठीहरू जस्तै देखा परे । र बज्यै रोएको परसम्म सुनियो । आमाले पर्दा तानेर

साबिक ठाउँमा राखिदिइन् । त्यसपछि बज्यैले गहिरो सास फेरिन् र उनको स्वास-प्रस्वास स्थिर र सजिलो भयो । उनको बन्द आँखाका ढकनीले झिमझिम गर्न छोडे । तिनी गहिरो निद्रामा परेपछि आफ्नो आधा खोलिएको मुखबाट घुर्न थालिन् । परबाट सुनिने रोएको आवाज झन् झन् मधुर हुँदै गएर अन्तमा बिलकुल नसुनिने भयो ।

रोज आब शारनले आमाको मुखमा हेरिन् र उनका आँखाभरि आँसु भयो र त्यसबाट अर्थरहित अभिव्यक्ति झल्कन्थ्यो । रोज आब शारनले भनिन्, 'फायदा भएछ, बज्यैलाई फाइदा भएछ । तिनी सुत्न लागेकी छन् ।'

आमाको मुन्टो तल झुक्यो । तिनले लाज मानेर भनिन् । 'मैले यी असल मानिसहरूलाई अशिष्ट व्यवहार गरेको हुनु पर्छ । बज्यै सुतिरहेकी छिन् ।'

ती लडकीले सोधिन् । 'तपाईंले पाप गर्नु भएको रहेछ, हाम्रो पादरीसँग किन सोध्नु हुन्न ?'

'म सोधुँला– तर त्यो अद्भुत मान्छे छ । तिनीहरूलाई यहाँ नआऊ भनी मलाई भन्न लगाएको उसैले हुनसक्छ । मानिसहरूले जे गर्छन् त्यो ठीक छ भनेर त्यो पादरी विचार गर्न लागिरहेछ ।' आमाले आफ्नो हात हेरेर भनिन् : 'रोसाशार्न, हामीले सुत्नु छ । हामीहरूले आज राति जानु छ भने हामीले सुत्नुपर्छ ।' तिनी डसनाको बगलमा जमीनैमा फैंबिएर सुतिन् ।

रोज आब शारनले सोधिन् : 'बज्यैलाई पंखा हम्कने ?'

'तिनी अब सुतिसकेकी छन् । तिमी पल्टिएर आराम गर ।'

ती लडकीले शिकायत गरेर भनिन्, कान्नी कहाँ छ ? मैले उसलाई नदेखेको धेरै बेर भयो ।'

आमाले भनिन् : 'चुप आराम गर ।'

'आमा, कान्नीले राति-राति अध्ययन गरेर केही गर्नेछ ।'

'हो, तिमीले त्यसको बारे मलाई भनिसकेका छौ । अलि आराम गर ।'

ती लडकी बज्यैको डसनाको छेउमा पल्टिन् । 'कान्नीले एउटा नयाँ योजना बनाएको छ । त्यसले सधैं त्यसैमा विचार गर्दछ । त्यसले विद्युत्‌विज्ञानको अध्ययन समाप्त गरेपछि त्यसको आफ्नै पसल हुबेछ । अनि अनुमान गरौं, हामी के उपलब्ध गर्ने छौं ?'

'के ?'

'बरफ– तपाईंलाई चाहिएको चोखै बरफ । बरफको बाकस नै पाउनु हुनेछ । त्यसलाई भरिराख्ने । बरफ पाइएपछि नोक्सान नगर्ने ।'

'कान्नी सधैं विचार गरिरहेको हुन्छ' भनेर आमाको आकृतिबाट प्रसन्नताको अभिव्यक्ति झल्क्यो । 'अहिले आराम गर ।'

रोज आब शारनले आँखा बन्द गरिन् । आमाले उत्तानो परेर आफ्ना हातहरू टाउकोमुनि एकमाथि अर्को राखेर बज्यैले र त्यो लडकीले सास फेरेको ध्याम दिएर सुन्न थालिन् । तिनले बज्यैको निधारबाट एउटा झिंगा धपाउन हातले हम्काइन् । तिमिराउंने गर्मीमा कैम्प निस्तब्ध थियो तर गरम घाँस, झ्याउँकीरीको आवाज, झिंगाको भनभन– यस्ता ध्वनि थिए जसलाई निस्तब्धता भने पनि हुन्थ्यो । आमाले लामो सुस्केरा हालेर हाई गरिन्, त्यसपछि आँखा बन्द गरिन् । अर्धनिद्रावस्थामा तिनले पाइलाको आवाज नजीक आइरहेको सुनिन् तर उनलाई एउटा मानिसको आवाजले बिउँझायो ।

'यहाँ भित्र को आएको ?'

आमा जुर्मुराईकन उठेर बसिन् । एउटा खैरो मुख भएको मानिसले झुकेर भित्रपट्टि हेर्‍यो । त्यसले बूटको अलावा खाकी पैन्ट र स्कन्धाभरणहरू भएको खाकी कमीज लाइराखेको थियो । सैम ब्राउनी कम्मरपेटीमा एउटा पिस्तोल राख्ने बैग झुण्डिराखेको थियो तथा उसको बायाँ छातीनिरको कमीजमा एउटा ठूलो चाँदीको तारा जडिएको थियो । एउटा खुकुलो मुकुट जस्तो फौजी टोपी उसले टाउको पछाडितिर लाइराखेको थियो । त्यसले अलकतरा लाएको टाटमा आफ्नो हातले

ठोक्यो जसबाट कसिएको टाट एउटा ढोलक जस्तै थर्कन थाल्यो ।

त्यसले फेरि सोध्यो । 'यहाँ भित्र को छ ?'

आमाले सोधिन् : 'मिस्टर, के चाहिएको तिमीलाई ?'

'मलाई के चाहिएको भन्ठानेको ? यहाँ भित्र को छ भनेर जान्न चाहेको ।'

'किन, यहाँ हामी तीन जना छौं । बज्यै, मेरो छोरी र म ।'

'तिमीहरूका मान्छे कहाँ छन् ?'

'किन, उनीहरू गाडी सफा गर्न गए । आज रातभरि हामी त्यही गाडीबाट सफर गर्दै थियौं ।'

'तिमीहरू कहाँबाट आएका ?'

'ठीक सल्लीसको नजीक, ओक्लाहामाबाट ।'

'अँ, तिमीहरू यहाँ बस्न सक्तैनौ ।'

'मिस्टर, हामीहरू आज राति यहाँबाट निस्केर मरुभूमि पार गर्न चाहन्छौं ।

'अँ, गरे बेस । भोलि यस बेलासम्म तिमीहरू यहाँ देखा पऱ्यौ भने म तिमीहरूलाई समातेर थुनिदिउँला । तिमीहरू कोही पनि यहाँ बसेको हामीहरूलाई मन पर्दैन ।'

आमाको मुख क्रोधले अँध्यारो भयो । तिनी बिस्तारै उठेर भाँडा-कुँडाको बाकसमा झुकेर फलामको डेगची टिपेर भनिन् । 'मिस्टर, तिमीसित एउटा बन्दूक छ । म जहाँबाट आए पनि तिमीलाई केही मतलब छैन ।' तिनी फलामको डेगची लिएर उसको नजीक गइन् । त्यसले बैंगको बन्दूक खुकुलो पाऱ्यो । आमाले भनिन्, 'जाउ यहाँबाट । आइमाईहरूलाई तर्साउँछौ । मेरा मान्छेहरू यहाँ नहुनु तिम्रो निम्ति भाग्यको कुरा छ । नत्र उनीहरूले तिम्रो छाला टाँग्ने थिए । मेरो मुलुकमा

तिमीले आफ्नो जिब्रोलाई लगाम दिनुपर्छ ।'

त्यो मानिसले दुइ पाइला पछिल्तिर साऱ्यो । 'अँ, तिमी आफ्नो मुलुकमा छैनौ अहिले । तिमीहरू क्यालिफोर्नियामा छौ र तिमी जस्ता मोरा ओकीजहरू यहाँ बसेको हामीलाई मन पर्दैन ।'

आमाको फाइँ-फुइँ बिलायो । तिनले टोलाएर सानो स्वरमा भनिन् । 'ओकीज ? ओकीज ।'

हो, ओकीज । भोलि म आउँदाखेरि तिमीहरू यहाँ भयौभने म तिमीहरूलाई थुन्नेछु ।' त्यो फकेर अर्को पालमा गयो अनि आफ्नो हातले टाटमा बजाएर भन्यो । 'यहाँ भित्र को छ ?'

आमाले बिस्तारै टाटको मुनितिरबाट गएर त्यो फलामको डेगची भाँडा-कुँडाको बाकसमा राखिदिइन् । तिनी बिस्तारै तल बसिन् र रोज आब शारन उनलाई नहेरे जस्तो गरी हेरिरहिन् । र आमाले आफ्नो मुख बनाएर झगडा गरिरहेको देखेपछि रोज आब शारनले आफ्नो आँखा बन्द गरेर निदाएको जस्तो नक्कल पारिन् ।

दुइ प्रहरतिर सूर्य अस्ताचलतिर लाग्यो तर यसको तापक्रममा केही कमी आएन । टाम सरपतहरूको मुनिबाट बिउँझ्यो । उसको मुख सुकेको थियो तर उसको जिउ पसिनाले भिजेको थियो र ऊ बेचैन थियो । त्यो ढल्मलाईकन पानी भएको ठाउँतिर गयो । लुगा-सुगा फुकालेर त्यो खोला तर्ने तरखरमा थियो । ऊ पानीमा पुग्नासाथ उसको तिर्खा घटेर गयो । उसले छिप-छिपे पानीमा पल्टेर आफ्नो शरीर-लाई माथि बगाइराख्यो । कुहिनाले बालुबामा टेकेर त्यसले आफूलाई माथि बगाइ-राख्यो र आफ्नो खुट्टाका औंलाहरूलाई हेरिरह्यो जो पानीमाथि नाचिरहेका थिए ।

एउटा मलिन दुब्लो सानो लडकाले नरकटको झाडीबाट जनावर जस्तो घस्रेर आईकन आफ्नो लुगा फुकाल्यो । त्यो पानीमा छुचुन्द्रो जस्तै आत्तिएर आफ्नो आँखा र नाकमात्र पानीको सतहदेखि माथि पारेर पानीमा खेल्न थाल्यो । अनि अकस्मात् त्यसले टामको मुन्टो र आफूलाई टामले हेरिरहेको देख्यो । ऊ पौडन छोडेर बस्यो ।

टामले भन्यो : ऐ ।'

"हेर !"

'तिमी त छुचुन्द्रो खेलिरहेको जस्तो देखिन्छौ ।'

'अँ, म त्यस्तै गरी खेलिरहेको थिएँ ।' त्यो बिस्तारै किनारातिर लाग्यो । त्यो पानीमा लापरवाहीले गयो अनि पानीबाहिर फुत्त निस्केर आफ्ना पाखुराहरूले लुगा टिपेर सरपतहरूको बीचमा गयो ।

टाम सुस्त-सुस्त हाँग्न थाल्यो । त्यसले आफ्नो नाउँ जोरले बोलाएको सुन्यो । 'टाम, अहो, टाम !' पानीमा बसेर त्यसले दाँतको बीचबाट तिखो स्वरमा सुसेल्यो । सरपतहरू हल्लिए र रूठी उसलाई हेरेर उभिरहिन् ।

तिनले भनिन्, 'आमाले तिमीलाई बोलाउनुभएको छ । तिमीलाई आमाले सरासर आउनू भन्नुभएको छ ।

'हुन्छ ।' त्यो उभिएर खोला तरी किनारामा पुग्ने प्रयास गऱ्यो । र रूठीले उसको नांगो शरीर रमाइलो र आश्चर्यले हेरिरहिन् ।

टामले उनको आँखाको दिशा हेरेर भन्यो : 'दौड अब !' र रूठी दौडेर गइन् । उनी जाँदा विनफिल्डलाई उत्तेजित भएर बोलाएको टामले सुन्यो । आफ्नो चिसो भिजेको शरीरमा तातो लुगा लाएर त्यो बिस्तारै सरपतहरूको बीचबाट पालतिर गयो ।

आमाले सुकेको सरपतका हाँगाहरू बालेर आगो बनाएकी थिइन् र एक कराही पानी पनि तताउन लागेकी थिइन् । तिनले उसलाई देखेपछि तिनलाई चैन भएको जस्तो देखिन थालियो ।

त्यसले सोध्यो । 'आमा, कुरा के छ ?'

तिनले भनिन्, 'मलाई डर लागेको थियो । यहाँ एउटा पुलिस आएको थियो । त्यसले हामीलाई यहाँ बस्न सक्तैनौ भन्यो । त्यसले तिमीसित कुरा गऱ्यो कि भनेर

मलाई डर लागेको थियो । त्यसले तिमीसित कुरा गरे तिमीले उसलाई कुट्ने थियौ भन्ने मलाई डर थियो ।'

टामले भन्यो : 'मैले गएर पुलिसलाई किन हिर्काउनु पर्थ्यो ?'

आमाले मुस्काएर भनिन् : 'अँ, त्यसले यस्तो नराम्रोसँग कुरा गऱ्यो कि मैले नै उसलाई झन्डै कुट्न लागेकी ।'

टामले उनको पाखुरा समाएर उनलाई खस्रो र खुकुलोसँग हल्लाई खित्का छोडेर हाँस्यो । त्यो हाँस्ता-हाँस्तै जमीनमा बस्यो । 'आमा, अरे भगवान् । मैले तिमीलाई नम्र आइमाईको रूपमा चिनेको थिएँ । तिमीलाई के भएको ?'

तिनी गम्भीर देखिइन थालिन् । 'टाम, मलाई थाहा छैन ।'

'पहिले त तिमीले हामीहरूलाई एउटा हैन्डलदेखि अलग राख्न चाहन्थ्यौ तर अहिले भने एउटा पुलिसलाई हिर्काउन चाहन्छौ ।' त्यसले सुस्तसँग हाँसेर उनका नांगा पैतालाहरूमा हातले नरमसँग थपथपायो । त्यसले भन्यो, 'पापी बूढो मानिस ।'

'टाम ।'

'किन ?'

तिनी निकै बेर अनकनाइन् । 'टाम, यहाँ आउने त्यो पुलिसले हामीहरूलाई 'ओकीज' भन्यो । "तिमी मोरा ओकीजहरूलाई बसाल्न हामीहरू चाहँदैनौं" भनी त्यसले भन्यो ।

टामले उनलाई अध्ययन गऱ्यो र उसको हात अझै उनका नांगा पैतलामा नरमसँग राखिएकै थियो । त्यसले भन्यो, 'त्यो मान्छेले त्यसको बारेमा भन्यो । उनीहरूले यो कसरी भने भनेर त्यो मानिसले भन्यो ।' त्यसले विचार गऱ्यो : 'आमा, तिमीले मलाई खराब मान्छे भन्ने ? मलाई त्यसरी तालाबन्दी गर्नु पर्ने हो ?'

तिनले भनिन्, 'अँहँ, तिमीलाई तालाबन्दी गरेर हेरिसकेकै छु । तिमीले मसित के सोध्नेको ?'

'अँ, मैले त्यो पुलिसलाई कुट्ने थिएँ भन्ने कुरा मलाई थाहा छैन ।'

आमाको दिल बहलिएकोले उनी मुस्कुराउन थालिन् ।'मैले त्यो कुरा तिमीसित सोध्नैपर्ने भएकोले सोधेको, किनभने मैले झन्डै उसलाई एउटा डेगचीले ठोक्न लागेकी ।'

'आमा, हामी यहाँ बस्न सक्तैनौं भनेर त्यसले किन भनेको ?'

'यति मात्र भन्यो कि उनीहरूले कुनै मोरा ओकीजहरूलाई बस्न दिन चाहँदैनन् । भोलिसम्म हामी यहाँ बस्यौं भने ऊ आएर हामीहरूलाई थुन्ने रे भनेर गयो ।'

'तर कुनै पुलिसद्वारा हामी घोक्र्याइने गरिएका छैनौं ।'

आमाले भनिन्, 'मैले उसलाई त्यस्तै भनें । ऊ भन्थ्यो, हामीहरू अहिले हाम्रो राज्यमा नभई क्यालिफोर्नियामा छौं र त्यसैले उनीहरूले चाहे जस्तै गर्छन् रे ।'

टामले बेचैनीले भन्यो : 'आमा, मेरो तपाईंसँग केही भन्नु छ । नोआ नदीमा गयो । ऊ फर्केर नआउने ।'

यो कुरा बुझ्न आमालाई एक छिन लाग्यो । तिनले कोमल स्वरमा सोधिन् । 'किन ?'

मलाई थाहा छैन । त्यसले बस्नु छ भनी भन्थ्यो । यो कुरा आमालाई भनी देऊ भन्थ्यो ।'

तिनले सोधिन् । 'त्यसले के खाने त ?'

'मलाई थाहा छैन । माछा मारेर खान्छ भन्थ्यो ।'

आमा निकै बेर चूप थिइन् । तिनले भनिन्, 'परिवार छुट्टिन लागेको छ । मलाई केही थाहा छैन । म यसमा विचार गर्न सक्छु जस्तो पनि लाग्दैन । म त विचार नै गर्न सक्तिनँ । परिवार थुप्रै छन् ।'

टामले असन्तोषपूर्वक भन्यो : 'त्यो ठीक हुने छ, आमा । ऊ मजाको मानिस रहेछ ।'

आमाले आफ्नो व्याकुल आँखालाई नदीतिर फर्काइन् । 'मैले केही विचार गर्न सकिनँ ।'

टामले पालको लाममा दृष्टिपात गरेपछि रूठी र विनफिल्डलाई एउटा पालको सामुन्ने उभिएर पालभित्रको कुनै व्यक्तिसित शिष्टतापूर्वक कुरा गरिरहेको देख्यो । रूठीले आफ्नो स्कर्ट हातमा लिएर निमोठिरहेकी थिइन् तर विनफील्ड भने जमीनमा आफ्नो खट्टाको बुढी-औंलाले प्वाल पारिरहेको थियो । टामले बोलायो : 'ऐ, रूठी !' तिनले माथितिर अवलोकन गरेपछि उसलाई देखिन्, अनि आफ्नो पछि-पछि विनफील्डलाई लगाएर उसैतिर छिटो-छिटो लागिन् । तिनी नजीक आइपुगेपछि टामले भन्यो : 'तिमी गएर हाम्रा मानिसहरूलाई उठाइदेऊ । उनीहरू सरपतका बिरुवाहरू-मुनि सुतिरहेका छन् । उनीहरूलाई साथमा लिएर आऊ । विनफील्ड, तिमीले गएर विलसनहरूलाई हामीहरू सकेसम्म चाँडै जाँदैछौं भनेर भनिदिनू ।' केटाकेटीहरू फर्केर दौडिहाले ।

टामले भन्यो : 'आमा, बज्यैलाई अब कस्तो छ ?'

'अँ, तिनी आज सुतेकी छन् । तिनीलाई अलि बिसेक भएको हुनसक्छ । अहिले पनि सुतिरहेकी छन् ।'

'बेसै छ । हामीसित सुँगुरको मासु कति होला ?'

'धेरै त छैन । एउटा सुँगुरको चार खण्डको एक खण्ड होला ।'

'अँ, हामीले त्यो अर्को भाँडामा पानी भर्नु छ । पानी साथैमा लानु छ ।' उनीहरूले सरपतमुनि सुतिरहने मानिसहरूको निम्ति रूठीले तिखो स्वरमा कराएको सुन्न सके ।

आमाले सरपतका लकडीहरू चूलोमा झोसेर कालो भाँडाको वरिपरि आगो इन्काइन् । तिनले भनिन् : 'म ईश्वरसँग प्रार्थना गर्छु कि हामी अलि आराम गरौं ।

म जीजससँग प्रार्थना गर्छु कि हामी एउटा राम्रो ठाउँमा पल्टौं ।'

सूर्य पश्चिममा झुरिएका र फुटेका अस्ताचल पहाडतिर लाग्यो । आगोमा राखेको भाँडा जोरसँग गडगडाउन थाल्यो । आमाले टाटमुनि पसेर आफ्नो एप्रोनभरि आलु ल्याई उम्लिरहेको पानीमा खसालिदिइन् । 'म ईश्वरसँग प्रार्थना गर्छु कि हामी केही लुगा धोऔं । हामी यतिको फोहरी पहिले कहिले पनि भएका थिएनौं । आलु उसिन्न धुनु पनि पर्दैन । हामी यस्तो किन भएका, मलाई आश्चर्य छ । हामीहरूको दिल नै हामीबाट चुँडालेर लगेको जस्तो बुझिन्छ ।'

मानिसहरू सरपतका बिरुवाहरूमुनितिरबाट प्रस्थान गर्दै आए । उनीहरूका आँखा तन्द्राले लठ्ठ थिए र मुख दिउँसो सुतेकोले फुलेर राता भएका थिए ।

बाले भन्नुभयो : 'कुरा के छ ?'

टामले भन्यो, 'हामी जाँदैछौं । पुलिसहरू हामीलाई जाऊ भन्न आए । हामी त्यहाँ पुग्न सकौंला । मजासँग प्रस्थान गरेमा हामी त्यहीं पुगौंला । हामी जहाँ जान लागेका छौं त्यहाँ पुग्नलाई तीन सय माइल मात्र बाँकी छ ।'

बाले भन्नुभयो : 'हामी आराम लिन लागेका छौं भनेर मैले विचार गरेको ।'

टामले भन्यो, 'अँ, बा, हामी आराम नलिने । हामी हिंड्ने । नोआ आएको छैन । त्यो नदीको साथसाथै गयो ।'

'नजाने रे ? त्यो मोरालाई के भयो ?' त्यसपछि बाले आफैंलाई समात्नु-भयो । त्यसले दुःखी भएर भन्यो, 'मेरै दोष । त्यो लडका बिग्रेकोमा मेरै दोष ।'

'अँहँ ।'

बाले भन्नुभयो, 'म यसको बारेमा धेरै कुरा गर्न चाहन्नें । म कुरा गर्न सक्तिनँ–त्यो मेरै दोष हो ।'

टामले भन्यो, 'अँ, हामीलाई जानु छ ।'

विलसनले अन्तिम कुरा गर्न नजीक आएर भन्यो, 'हामीहरू संगै जान सक्तैनौं ।

सायरीलाई ज्यादै थकाइ लागेको छ । तिनलाई आराम चाहिएको छ । तिनी त्यो मरुभूमि पार गर्दा जिउँदी हुने छैनन् ।

उसको कुरा सुनेर उनीहरू चुप थिए । अनि टामले भन्यो : 'पुलिसहरूले हामीहरूलाई भोलि यहाँ फेला पारे थुन्छौं भन्थे ।'

विलसनले आफ्नो टाउको हल्लायौ । उसको आँखामा अपशोचको चमक थियो र उसको कालो त्वचामा मलिनता छाएको थियो । 'उनलाई केही गर्नु छ । अहिले त तिनी जान सक्तिनन् । उनीहरूले हामीहरूलाई जेल पठाए जेलमा बस्नु पर्ला । त्यहाँ तिनीले आराम पाउनेछिन्, अनि बलियो हुनेछिन् ।'

बाले भन्नुभयो : 'हामीहरू पर्खेर सँगसँगै जाऔंला ।'

विलसनले भन्यो, 'अँहँ, हुँदैन । हामीहरूको लागि तिमीहरू बेस र दयालु भएका छौ तर तिमीहरू यहाँ रोकिइन हुँदैन । तिमीहरू गएर काम खोज्नु पर्ने । त्यसैले तिमीहरूलाई यहाँ अड्न दिनेछैनौं ।'

बाले उत्तेजित भएर भन्नुभयो : 'तर तिमीहरूसित केही छैन ।'

विलसन मुस्कुरायो । 'हामीसित त्यस बेला पनि केही थिएन जब तिमीहरूले हाम्रो साथ दियौ । यो तिमीहरूको काम होइन । मलाई नीचताको भाव मदिलाऊ । तिमीहरूले जानु पर्छ, नत्र ममा नीचताको भावना आउने छ, तथा म पागल पनि हुनेछु ।'

आमाले बालाई इशारा गरेर पालकोमुनि लगीकन सानो स्वरमा भनिन् ।

बिलसनले केसीतिर फर्केर भन्यो । 'सायरीले तिमी आएर हेरोस् भन्ने इच्छा गर्छे ।'

पादरीले भन्यो, 'अवश्य जाउँला ।' त्यो विलसनको सानो र खैरो पालमा गएर पालको ढोका उघारेर भित्र पस्यो । भित्र अँध्यारो र गरम थियो । डसना जमीनैमा ओछ्याइएको थियो र सामग्रीहरू बिहान जसरी उतारिएका थिए त्यसरी नै यताउति छरिएका थिए । ठूलठूला चमकीला आँखा भएकी सायरी डसनामा पल्टि-

रहेकी थिइन् । त्यो उभिएर उनलाई हेर्न थाल्यो । उसको ठूलो टाउको झुकेको थियो तथा उसको गर्दनका कमानी जस्ता मांसपेशीहरू दुवैतिर बगलमा कसिएका थिए । त्यसले टोप फुकालेर हातले समातिराख्यो ।

तिनले भनिन् : 'हामीहरू जान सक्तैनौं भनेर मेरो श्रीमान्ले तिमीलाई भने ?'

'त्यसले त्यही कुरा भन्यो ।'

उनको मधुरो राम्रो आवाजले भन्दै गयो : 'मैले जान चाहेको । म त्यहाँ पुगुन्जेल बाँच्दिनँ भन्ने मलाई थाहा छ । तर ऊ जसरी भएपनि पार गरेर जानेछ । अहिले ऊ जान चाहँदैन । त्यसको कारण त्यसलाई थाहा छैन । ऊ सब ठीक हुन्छ भन्ठान्छ । अरू कुरा त्यसलाई थाहा छैन ।'

'त्यो नजाने कुरा गर्छ ।'

तिनले भनिन्, 'त्यो हठी छ भन्ने कुरा मलाई थाहा छ । म तिमीसित प्रार्थना गरिदेऊ भन्ने अनुरोध गर्छु ।'

त्यसले सानो स्वरमा भन्यो, 'म अब पादरी होइन । अतएव मेरो प्रार्थनाको केही असर हुँदैन ।'

तिनले आफ्नो ओठ भिजाएर भनिन् । 'त्यो बूढो मर्दा म त्यहीं थिएँ । त्यस-बेला तिमीले प्रार्थना गरेका थियौ ।'

'त्यो प्रार्थना थिएन ।'

तिनले भनिन्, 'त्यो प्रार्थना थियो ।'

'त्यो पादरीको प्रार्थना थिएन ।'

'त्यो राम्रो प्रार्थना थियो । त्यस्तै प्रार्थना मेरो लागि पनि गरिदेऊ ।'

'के प्रार्थना गर्ने मलाई थाहा छैन ।'

तिनले एक छिन आफ्ना आँखा बन्द गरेर फेरि खोलिन् । 'तिमी मनमनै प्रार्थना गर । सुनिने गरी कुरा नभन । त्यति भएपनि हुन्छ ।'

त्यसले भन्यो, 'मेरो ईश्वर छैन ।'

'तिम्रो ईश्वर छ । ईश्वर कस्तो छ भन्ने कुरा थाहा नभए केही छैन ।' षादरीले आफ्नो ठाउको तल झुकायो । तिनी उसलाई भयभीत भई हेर्न थालिन् । त्यसले आफ्नो टाउको फेरि माथि उचालेपछि तिनी शान्त भएकी जस्तो देखिइन । तिनले भनिन्, 'बेस भयो । यति नै हो मलाई चाहिएको पनि । कसैले नजीक आएर प्रार्थना गरिदेओस् ।'

मानौं ऊ आफै बिउँझन लागेको जस्तो गरी त्यसले आफ्नो टाउको हल्लायो । त्यसले भन्यो, 'म यो बुझ्दिनँ ।'

अनि तिनले जवाव दिइन् : 'हो, तिमी जान्दछौ, थाहा पाउँदैनौं ?'

त्यसले भन्यो, 'म थाहा पाउँछु तर बुझ्दिनँ । तिमी केही दिन आराम गरिसके-पछि आऊ ।'

तिनीले अस्वीकृतिस्वरूप विस्तारै आफ्नो मुन्टो हल्लाइन् । 'मेरो छालाभित्र दुखी रहेको छ । यो के भएको मलाई थाहा छ । तर यो कुरा म उसलाई भन्दिनँ । त्यो सुनेपछि ऊ धेरै दुःख-मनाउ गर्नेछ । के गर्ने भन्ने कुरा उसलाई थाहा हुँदैन । राति ऊ सुतिरहेको बेला या ऊ बिउँझेपछि दुखेको घट्न सक्छ ।'

'मलाई तिमीसित बस र नजाऊ भनेको ?'

तिनले भनिन्, 'अँहँ । म सानैं छँदा म गाउने गर्थें । मेरो गीत सुन्नेहरूले म जेनी लिन्ड जतिकै राम्रो गाउथें भनी भन्थे । मैले गाउँदा मानिसहरू आएर सुन्ने गर्थे । उनीहरू उभिरहन्थे र म गाइरहन्थें । कति बेर हामीहरू त्यहाँ बसिरहन्थ्यौं भन्ने कुरा तिमी थाहा पाउन सक्तैनौ । म उनीहरूलाई धन्यवाद दिन्थें । मैले गाइ-रहेको उनीहरूले उभिएर सुनिरहँदा हामीहरू घनिष्ठ र सन्तुष्ट भएका हुन्थ्यौं । मलाई थियेटरमा गाउँ कि भन्ने विचार आउँथ्यो तर मैले कहिले गाइनँ । त्यसमा म खुशी नै थिएँ । उनीहरूको र मेरो बीचमा केही सम्पर्क भयो । त्यसैले मैले तिमीलाई

प्रार्थना गराउन चाहेको । म फेरि एक बाजि त्यही घनिष्ठता कायम गराउन चाहन्छु । गाउनु र प्रार्थना गर्नु उस्तै र एकै कुरा त हो । तिमी मेरो गाना सुन भन्ने मेरो इच्छा छ ।'

त्यसले उनको आँखामा हेरेर भन्यो । 'नमस्ते, म जाँदैछु ।'

तिनले आफ्नो टाउको बिस्तारै अगाडि-पछाडि हल्लाईकन आफ्नो ओठ कस्ने गरी बन्द गरिन् । र पादरी अँध्यारो पालबाट तिरमिराउने प्रकाशमा गयो ।

मानिसहरू ट्रक लादनमा व्यस्त थिए । काका जान ट्रकमाथि बसिरहेका थिए र अरूहरू उनको हातमा सामग्रीहरू राख्ने थिए । उनले एकनाससँग मिलाएर सामग्री होशियारीसाथ राखे । आमाले त्यो नूतीलो बाँकी रहेको एक चौथाइ-सुँगुरको मासु राखेको भाँडा खाली गरेर एउटा कराहीमा हालिन् । टाम र आलले दुवै सानसाना पीपाहरू नदीमा लगेर धोए । ती पीपाहरूलाई ट्रकको बगलका फल्याकहरूमा बाँधेर उनीहरूले त्यसमा बालटीनबाट पानी ओसारेर भरे । टाट टुप्पामा यसरी कसे जसबाट पानी परेमा ओरालो लागेर तल झरोस् । खालि अलकतरा लाएको टाट र बज्यैको डसना मात्र तलै राखिएका थिए ।

टामले भन्यो : 'यत्रो बोझले यो पुरानो ट्रक-गाडी ताल्ने छ । हामीसँग जति भनेपनि पानी छ ।'

आमाले उसिनेको आलु बाँडिन् अनि पालबाट आधा बोरा आलु ल्याएर सुँगुरको मासु राखेको कराहीमा राखिन् । परिवारले उभिई-उभिईकन आफ्ना पैतालाइरू घिस्याई गरम आलु चिसो नहुन्जेल यो हातबाट त्यो हातमा राख्दै खान थाले ।

आमाले विलसनको पालमा गएर दस मिनेट बसी शान्तसँग बाहिर निस्केर भनिन् । 'अब जाने बेला भयो ।'

मानिसहरू अलकतरा लाएको टाटमुनि गए । बज्यै अझसम्म मुख बाएर सुतिरहेकी थिइन् । उनीहरूले सम्पूर्ण डसना बिस्तारै उचालीकन ट्रकमाथि राखे । बज्यै आफ्ना पातला खुट्टाहरूमाथि खिचेर निद्रैमा मुख अँध्यारो पार्न थालिन् तर विउँझिनन् ।

काका जान र बाले अलकतरा लाएको टाटलाई मालसामानमाथि सानो पाल जस्तो वारपार राखिएको काठको टुक्रामाथि कसेर बाँधे । यसलाई उनीहरूले बगनका बारसा बाँधे । र त्यस पछि उनीहरू तयार भए । बाले आफ्नो थैला झिकेर त्यसबाट दुइटा झुत्रा बिलहरू खोजेर निकाल्नुभयो । उहाँले बिलसनकहाँ गएर ती बिलहरू दिएर भन्नुभयो, 'तिमीले यो लिनु पर्छ भन्ने हाम्रो इच्छा'–र सुँगुरको मासु र आलुतिर औंल्याएर भन्नुभयो 'र त्यो पनि ।'

बिलसनले आफ्नो टाउको निहुराएर लिन्नँ भनेर टाउको हल्लाउँदै भन्यो । 'म लिन्नँ । तिमीहरूसँग पर्याप्त छैन ।'

बाले भन्नुभयो, 'त्यहाँ पुग्नलाई पर्याप्त जगेडा छ । हामीले जम्मै छोडेर जाने होइनौं । हामी त्यहाँ पुगेपछि काम पाइहालौंला ।'

बिलसनले भन्यो, 'म त्यसरी लिन्नँ । तिमीहरूले लिन लगाउन चाहन्छौ भने म नीच हुनेछु ।'

आमाले बाको हातबाट दुइटा बिल लिएर राम्रोसँग पट्टयाईकन जमीनमा राखिदिइन् । र ती बिलहरूमाथि सुँगुरको मासु राखेको कराही पनि राखिदिइन् । तिनले भनिन्, 'ती त त्यहीं नै रहनेछन् । त्यो तिमी लिंदैनौ भने अरूले लिनेछ ।' आफ्नो टाउको अझै निहुराईकन बिलसन फर्केर आफ्नो पालमा गयो । ऊ भित्र पसे-पछि पालको ढोका बन्द भयो ।

एक छिन परिवार पर्खेपछि टामले भन्यो, 'हामीले जानु पर्यो, चार बज्न आँटयो ।'

परिवार ट्रकमाथि चढे । आमा सबभन्दा माथि बसिन्, बगलमा बज्यै । टाम, आल र बा सीटमा तथा विनफिल्ड बाको काखमा बस्यो । कान्नी र रोज आब शारन ट्रकको बगीमा सुबिस्तासँग बसे । पादरी, काका जान र रूठी मालसामानको बीचमा बसे ।

बाले बोलाएर भन्नुभयो : 'श्रीमान्, श्रीमती बिलसन, गर्यौं है हामीहरू, नमस्ते !' पालभित्रबाट कुनै उत्तर आएन । टामले इन्जीन स्टार्ट गऱ्यो अनि ट्रक भट्टासँग गुडेर गयो । उनीहरू नीड्लस र मूल-सडकतिर जाने खस्रो सडकमा घस्रेर

जाँदा आमाले पछाडि फर्केर हेरिन् । आफ्नो हातमा टोप लिएर उनीहरू गएको घुरेर हेरीकन विलसन आफ्नो पालको सामुन्ने उभिरह्यो । घाम उसको मुखभरि लागेको थियो । आमाले उसलाई हेरेर आफ्नो हात हल्लाइन् तर त्यसले हात हल्लाएन ।

टामले स्प्रिंगहरू जोगाउनको लागि खस्रो बाटोमा लग्न ट्रक-गाडीलाई सेकेंड गियरमा राख्यो । नीडल्समा पुगेपछि त्यसले गाडीलाई पंप-स्टेशनमा लगेर खिइएका टायरहरू र पछाडि बाँधिराखेका जगेडा टायरहरूको हावा जाँचेर हेर्‍यो । पेट्रोल टंकी भरेर त्यसले पा-पाँच गैलन पेट्रोलका दुइटा टीन र दुइ गैलन तेलको एउटा टीन किन्यो । रेडिएटर भरिसकेपछि त्यसले एउटा नक्शा मागेर अध्ययन गर्‍यो ।

सेतो युनिफर्म लाएको तेल भर्ने सहायक बिल चुक्ता नगरेसम्म बेचैन भएको जस्तो देखियो । त्यसले भन्यो : 'तिमीहरू साँच्चिकै साहसिला मान्छे रहेछौ ।'

टामले नक्शाबाट नजर उचालेर उसलाई हेरीकन भन्यो । 'के भनेको ?'

'अँ यस्तो थोत्रो गाडीमा बसेर पार गर्ने भनेको ।'

'तिमीले पार गरेका छौ त ?'

'अवश्य गरेको छु; अनेक पल्ट, तर यस्तो थोत्रो गाडीमा होइन ।'

टामले भन्यो : 'गाडी बिग्रे कसैले सहायता दिनेछ ।'

'अँ, होला । तर मानिसहरू राति बास बस्न डराउँछन् । यसमा हात हाल्न मलाई मन पर्दैन । मसँग जति साहस छ त्योभन्दा बढी साहस लिएर जाऊ ।'

टामले ङिच्च हाँसेर भन्यो । 'जब तिमी केही गर्न चाहँदैनौ भने केही गर्नलाई साहस नै किन चाहियो र । ज्यू, धन्यवाद । हामी बिस्तारै अगाडि बढौंला ।' यति भनेर त्यसले गाडी हिंडाइहाल्यो ।

सेतो पोशाक लाएको मानिस कर्कटपाताले मोरेको घरभित्र पस्यो । जहाँ उसको सहायक हिसाब-किताब मिलाउन बिलको किताबमाथि परिश्रम गर्नमा व्यस्त

थियो । 'जीजसको शपथ, कस्तो मुश्किलको जस्तो यात्रा-सामग्री !'

'ती ओकीजहरू ? तिनीहरू सबका सब हण्डर खप्न सक्ने रहेछन् ।'

'जीजसको किरिया खाएर भन्छु, त्यस्ता रद्दी गाडीमा यात्रा गर्न त मलाई एकदमै मन पर्दैन ।'

'अँ, तिम्रो र मेरो समझ छ । ती मोरा ओकीजहरूको न समझ छ न भावना नै । उनीहरू मानिस हुन् र ? कुनै पनि मानिस उनीहरूले जस्तै जीवन व्यतीत गर्दैन होला । कुनै पनि मानिस उनीहरू जस्तै फोहरी र दुःखी हुन सक्तैन । गुरिल्ला-हरूभन्दा राम्रो अवस्थामा उनीहरू छैनन् ।'

'मलाई खुशीनै लागेको छ कि मैले हडसन सुपर-सिक्स चढेर मरुभूमि पार गरिनँ । यो गाडीबाट ढिकीको जस्तै आवाज आउँछ ।'

अर्को साथी बिलको किताबमा हेरिरह्यो । र पसिनाको एउटा ठूलो थोपा उसको औंलाबाट गुडेर गुलाबी रंगका बिलहरूमा खस्यो । 'बुझ्यौ, उनीहरूले धेरै दुःख अनुभव गरेनन् । उनीहरू यस्ता लाटा छन् कि उनीहरूलाई खतराको सम्बन्धमा थाहा नै छैन । क्राइस्ट प्रभुको शपथ, उनीहरूको गाडी कस्तो छ भन्ने कुरा नै उनीहरूलाई थाहा छैन । त्यसैले तिमी किन चिन्तित हुन्छौ ?'

'म चिन्तित भएको छैन । मैले त यति मात्र विचार गरें कि म भएको भए त्यस्ता गाडीमा यात्रा गर्ने थिइनँ ।'

'तिमीमा ज्ञान भएकोले यस्तो भएको । उनीहरूलाई ज्ञानै छैन । र त्यसले गुलाबी बिलमा खसेको पसिनाको थोपा बाहुलाले पुछ्यो ।

त्यो ट्रक मूल-सडक भेट्टाएर टुटे-फुटेको, सडेको चट्टानको बीचबाट लामो पहाडमाथि गुडेर गयो । इन्जीन छिटै तातियो र टामले बिस्तारै चलाएर सुविस्तासँग लग्यो । गर्मीले सेतो र खैरो भएको मृत प्रदेशको बीचबाट घुमाउरो र ब ि.एको लामो उकालोमाथि गाडि चल्दै गयो । र त्यस प्रदेशमा कुनै जीव भएको भान थएन । एक पल्ट टाम इन्जीन चिसो पार्नको निम्ति एक छिन थामियो, त्यसपछि त्यो गाडी हाँक्दै गयो । उनीहरू घाँम छँदै माथि घाटीमा पुगे अनि तल मरुभूमिमा

पर अँगार जस्ता काला पहाडहरूमा, तथा खैरो मरुभूमिमा प्रतिबिम्बित पहेंलो घाममा नियालेर हेरे । सा-साना भोजन नपाएका झाडीहरू, 'सेज' भन्ने एक प्रकारको सुगन्धित वनस्पति तथा 'ग्रीजऊड' भन्ने सा-साना ठाडो झाडीले बालुवा र चट्टानका टुक्राहरूमा स्पष्ट छायाँ फ्याँकिरहेका थिए । सामुन्ने प्रचण्ड घाम सोझै लागिरहेको थियो । टामले राम्रोसँग हेर्नलाई आफ्नो हातले घाम छेक्यो । उनीहरू टाकुरा नाघेपछि इन्जीन चिस्याउन त्यो नचलाईकन ओरालो लागे । उनीहरूले मरुभूमिको सतहसम्म लामो ओरालोमा इन्जीन नचलाईकन मात्र गएका होइनन् अपितु रेडिएटरको पानी चिस्याउनलाई पंखा पनि उघारीकन खोलेर गए । चालकको सीटमा बसेका टाम, आल र वा तथा वाको घुँडामा बसेको विनफील्डले अस्ताचलतिर लागेको उग्र भानुप्रति दृष्टिपात गरे । उनीहरूका आँखा जड समान थिए तथा उनीहरूका खैरो आकृति पसिनाले भिजेका थिए । जल्दो-बल्दो भूमि तथा अँगारजस्ता काला पहाड-हरूले एकनासको दूरीलाई नगण्य पारे र अस्ताउन लागेको सूर्यको रातम्य प्रकाशमा यो दूरीलाई भयानक पारे ।

आलले भन्यो : 'जीजसको किरिया खाएर भन्छु, यो कस्तो ठाउँ रहेछ ! यस्तो ठाउँ पार गर्न मन पराउँछौ ?'

टामले भन्यो, 'धेरै मानिसहरू मरेको हुनु पर्छ ।'

'अँ, हामीहरूले राम्रोसँग मरुभूमिमा प्रवेश गरेका छैनौं ।'

आल एक छिन चूप लाग्यो र रमताम्य हुँदै गइरहेको मरुभूमि नाघियो । त्यसले सोध्यो । 'हामीहरू फेरि विलसनहरूसित भेट गर्न सकौंला र ?'

टामले तेल नाप्ने यन्त्रमा दृष्टिपात गरेर भन्यो । 'केही अनिष्ट कुरा होला भन्ने मेरो अन्तर्ज्ञानमा चढेको छ । अतएव कसैले पनि श्रीमती विलसनसित भेट्न पाउने छैन । मेरो सहज-ज्ञानमा यस्तै कुरा प्रतिबिम्बित भएको छ ।'

विनफील्डले भन्यो : 'वा, म वाहिर जान चाहन्छु ।'

टामले उसलाई हेरेर भन्यो । 'आज राति गाडी चलाउनुअघि सबै निस्कुन् ।' त्यसले गाडी सुस्त्याएर थाम्यो । विनफील्ड हत्तरपत्त बाहिर निस्केर सडकको

बगलमा सुची गर्न थाल्यो । टामले बाहिर झुकेर भन्यो । 'अरू कोही निस्कने छ ?'

काका जानले कराएर भने 'हामी यहाँ पानी लेऔं ।'

वाले भन्नुभयो : 'विनफील्ड, तिमी माथि घस्रेर जाऊ । तिमी गएपछि मेरो निदाएका खुट्टा ठीक हुन्छन् । आफ्नो ओभरआल्समा टाँक लाएर त्यो सानो बच्चा आज्ञापालन गरेर पछाडिको फल्याकमा घस्रेर गयो अनि हात र घुंडाको बलले घस्रेर गई बज्यैको डसनाडुँदै रूठीकहाँ पुग्यो ।

साँझपख ट्रक गुडेर गएपछि भानुको प्रचण्ड प्रकाश खस्रो क्षितिजमा परेर मरुभूमिलाई रगताम्य पारिदियो ।

रूठीले भनिन् : 'तिमी यहाँबाट जाँदैनौ त्यहाँ बस्न, हँ ?'

'म जान्नँ । यहाँ जति मजा छैन त्यहाँ । त्यहाँ पल्टन सकिन्नँ ।'

रूठीले भनिन, 'अँ, चिच्च्याइ-चिच्च्याइ कुरा गरेर मलाई हैरान नगर, किनभने अहिले म सुत्न लागेकी छु । म उठेपछि हामी त्यहाँ जाऔंला । टामले यस्तै भनेको थियो । राम्रो ठाउँ हेर्न त मजै होला जस्तो छ ।'

सूर्यास्त भयो र साथसाथै आकाशमा एउटा ठूलो प्रभामण्डल पनि छोडेर गयो । अलकतरा लाएको टाटभित्र घेरै अँध्यारो थियो । यो एउटा लामो गुफा जस्तो थियो जसका दुवै छेउमा बालेको बत्तीले त्यहाँको त्रिकोणात्मक ठाउँ आलोकित गरेको थियो ।

कान्नी र रोज आब शारनले बगीमा अडेस लाएका थिए र पालको बीचबाट बगेको तातो हावाले उनीहरूको मुन्टोपछाडि हान्यो र उनीहरूको माथि टाटले हिर्काउँदै थपथपाउन थाल्यो । उनीहरूले सानो स्वरमा टाट थपथपाएको आवाजसँग मिलाएर कुरा गरे जसबाट कमैले पनि उनीहरूको कुरा सुन्न नसकोस् । कान्नीले बोल्दा ऊ टाउको फर्काएर उनको कानमा कुरा गर्थ्यो र तिनले पनि उसलाई त्यस्तै गर्थिन् । तिनले भनिन् : 'हामीले हिंड्ने सिवाय अरू केही काम गरेको जस्तो लाग्दैन । मलाई त असाध्य थकाइ लाग्यो ।'

त्यसले आफ्नो टाउको फर्काएर उनको काननिर लग्यो । 'बिहानै होला कि । तिमीलाई एक्लै बस्न कतिको मन पर्छ ?' अँध्यारोमा उसको हात उनको नितम्ब सुमसुम्याउन पुग्यो ।

तिनले भनिन् : 'त्यसो नगर । तिमीले मलाई पागल तुल्याउने छौ । त्यसो नगर ।' र तिनले उसको जवाब सुन्न मुन्टो फर्काइन् ।

'सबै सुतेपछि गरूँ ।'

तिनले भनिन्, 'हुन्छ । तर उनीहरू नसुतुन्जेल पर्ख । तिमीले मलाई उन्मत्त बनाउने छौ र उनीहरू मनिदाउन सक्छन् ।'

त्यसले भन्यो, 'म रोक्न सक्तिनँ ।'

'मलाई थाहा छ म पनि रोक्न सक्तिनँ । हामी त्यहाँ कहिले पुग्ने भन्ने कुरा गरौं । र म उन्मत्त हुनुअगाडि तिमी यहाँबाट हट ।'

ऊ अलिकति हटचो । 'अँ, म त्यहाँ राति अध्ययन गरुँला ।' तिनले लामो सुस्केरा हालेर भनिन् । 'त्यस विषयको एउटा किताब पढेर कुपन काट्न लगाउँछु ।'

तिनले सोधिन् । 'कति बैर लाग्छ भनेर विचार गर्छौ ?'

'कति बेर के ?'

'तिमीले पर्याप्त धन कमाएर हामीले जुहारात पाउन कति बेर लाग्छ ?'

त्यसले महत्त्व दिएर भन्यो, 'कहिले भन्ने चाहिं भन्न सक्तिनँ । ठीकसँग भन्न सकिन्न । क्रिस्टमस आउनुअगाडि मानिसहरूले राम्रो अध्ययन गर्नु पर्छ ।'

'मलाई लाग्छ, जति चाँडै तिमीले अध्ययन गर्छौ त्यति छिटो हामीले जुहारात पाउन सक्छौं ।'

त्यसले मुख थुनेर हाँसीकन भन्यो, 'यहाँ यस्तो गर्मी छ । क्रिस्टमसको

आसपासमा तिमीलाई किन जुहारात चाहिएको ?'

सानो स्वरमा हाँसेर तिनले भनिन् । 'ठीक छ । तर मलाई जहिले पनि जुहारात मन पर्छ । अब त्यसो नगर नत्रभने म उन्मत्त हुनेछु है !'

सन्ध्या अन्धकारमा परिणत भयो र मरुभूमिको कोमल आकाशमा ताराहरू देखा पर्न थाले । ताराहरू तिखो भएर घोच्ने जस्ता थिए र आकाश मखमल जस्तो थियो । र अब ताप आउने बाटोमा हेरफेर भयो । सूर्य घ्योममा छँदा गर्मी चर्को र दुःखदायक थियो तर अब मर्मी तल पृथ्वीबाट आउन थाल्यो र गर्मी बाक्लो भएर गुम्सिएको थियो । ट्रकको प्रकाश फैलिएर अगाडि मूल बाटोको अलि-अलि धमिलोपन तथा सडकको दुवैतिरको मरुभूमिको पट्टीलाई आलोकित गऱ्यो । र कहिलेकाहीं प्रकाश-पुन्जमा पर जनावरहरूका आँखा झलमल भएर देखिन्थे, तर कुनै जनावर भने देखा परेनन् । अब टाटमुनि घोर अन्धकार थियो । पछिल्तिरको त्रिकोणमा घोरिएर आफ्ना कुहिनाहरूको आडमा काका जान र पादरी ट्रकको बीचमा खुम्चिएर पल्टिरहेका थिए । उनीहरूले दुइ थुप्रो उठेका देखेका थिए जो आमा र बज्यै गुटमुटेर सुतिरहेकाले देखिएको थियो । उनीहरूले आमालाई बराबर चलेको तथा बाहिरको प्रकाशमा उनको कालो पाखुरा चलेको देखेका थिए ।

काका जानले पादरीसँग कुरा गरेर भने । 'केसी, अब के गर्ने भन्ने कुरा थाहा पाउनु पर्ने मानिस हौ तिमी ।'

'कुन कुराको बारे के गर्ने ?'

काका जानले भने : 'अँ, त्यसले मेरो लागि सहज पार्ने छ ।'

'अँ, तिमी त पादरी छौ ।'

'हेर, जान, म एकचोटि पादरी भैसकेकोले सबैले मलाई व्यंग्य गर्छन् । पादरी भनेको पनि त मान्छे नै हो नि ।'

'हो, तर– त्यो बेग्लै किसिमको मान्छे हो, नत्र त्यो पादरी नै हुने थिएन । म तिमीबित सोध्न चाहन्छु– अँ, कसैले अरूहरूलाई दुर्भाग्य ल्याउन सक्छ भन्ठान्छौ ?'.

केसीले भन्यो, 'मलाई थाहा छैन, थाहा छैन ।'

'अँ बुझ्यौ– मैले बिहे गरेको थिएँ– एउटी असल राम्री लडकीसित । एक राति उनको पेट दुखेको थियो । अनि तिनले भनिन् : 'एउटा डाक्टर ल्याइदेऊ ।' मैले भनें : "तिमीले बेतालसित धेरै खायौ ।"' काका जानले आफ्नो हात केसीको घुँडामा राखेर अँध्यारो छेडेर उसमाथि दृष्टिपात गरे । 'तिनले मलाई एक नजरले हेरिन् । तिनी रातभरि आर्त्तनाद गरिरहिन् र भोलिपल्ट दुइ प्रहरतिर तिनको देहावसान भयो ।' पादरीले केही कुरा अस्पष्ट गरी बोल्यो । 'बुझ्यौ, मैले नै उनलाई मारें । र त्यस बेलादेखि मैले त्यो क्षतिको पूर्ति गर्ने चेष्टा गरें– धेरैजसो केटाकेटी-हरूप्रति । र मैले आफूलाई असल तुल्याउने चेष्टा गरें, तर सकिनँ । म पिएर लठ्ठ हुन्थें र अनियन्त्रित भएर हिंड्ने गर्थें ।'

केसीले भन्यो, 'त्यसो त सबै अनियन्त्रित नै हुन्छन् । म पनि त्यस्तै छु ।'

'हो, तिम्रो त मेरो जस्तो पाप छैन ।'

केसीले विनीत स्वरमा भन्यो : 'अवश्य, मेरो पनि पाप छ । पाप सबैको हुन्छ । पाप त्यस्तो चीज हो जसको बारे कसैलाई यकीन नै हुँदैन । ती मानिसहरू जो आफूले पापै गरेको छैन भन्छन्, त्यस्ता राँडा छोराहरू ! म ईश्वर भएको भए मैले त्यस्ता गधाहरूलाई स्वर्गबाट निकाला गर्ने थिएँ ! म त्यस्ता मानिसहरूलाई देखि-सहन्नँ ।' काका जानले भने : 'मलाई एउटा भावनाले सताइराखेको छ, र त्यो के भने मैले गर्दा मेरो परिवारमाथि दुर्भाग्य आइपरेको छ । मलाई यो भावना पनि आइ-राखेको छ कि उनीहरूलाई छोडेर म कतै जाऊँ । यस्तो हुँदा मेरो मनमा चैन छैन ।'

केसीले छिटै भन्यो : 'यो कुरा मलाई थाहा छ । जसले पनि जे गर्नुपर्ने हो गर्नु पर्छ । म भन्न सक्तिनँ, भन्न सक्तिनँ । सौभाग्य या दुर्भाग्य छ भन्ने म ठान्दिनँ । यस दुनियाँमा एउटै कुराको मलाई यकीन छ कि कसैलाई पनि आफ्नो जिन्दगीको बाटो बिराउने अधिकार छैन । जिन्दगीको बाटो आफैंले पैल्याउनु पर्छ ।'

काका जानले निराश भएर भने : उसोभए तिमीलाई थाहा छैन ?'

'अँहँ, मलाई थाहा छैन ।'

'मेरी स्वास्नीलाई त्यसरी मर्न दिनु पाप भन्ठान्छौ ?'

केसीले भन्यो, 'अँ जसको निम्ति पनि यो भूल थियो । तर तिमी त्यसलाई पाप ठान्छौ भने त्यो पाप हुन्छ । जसले पनि पाप जमीनबाट उठाएर ल्याउँछ ।'

काका जानले भने, 'म त्यसलाई आचरणको संज्ञा दिन चाहन्छू । त्यो आफ्नो पीठ्यूँले लडीबुडी खेलेर आफ्ना घुँडाहरू माथि तानेर पल्टन थाल्यो ।

ट्रक तातो जमीनमाथि चलेर गयो र घण्टौं बित्दै गए । रुठी र विनफील्ड सुत्न गए । कान्नीले मालसामानहरूबाट एउटा दोलाइँ झिकेर रोज आव शारन र आफू ओढ्न थाल्यो । र तापमा उनीहरू संघर्ष गरेर स्वाँ-स्वाँ र फ्वाँ-फ्वाँ गर्न थाले । एक छिनपछि कान्नीले दोलाइँ फाल्यो । नलबाट आएको गरम हावा पसिनाले भिजेका उनीहरूका शरीरमा स्पर्श हुनमात्र के थियो उनीहरू शीतल अनुभव गर्न थाले ।

ट्रकको पछिल्लो भागमा आमा ब्रज्यैको बगलमा डसनामा पल्टिरहेकी थिइन् । आँखाले त तिनले देखिनन् तर संघर्ष गरिरहेको तन र मन तिनले थाहा पाउन सकिन् । र उनको कानले स्वाँ-स्वाँ गरेको सुन्यो । आमा बारंबार भन्दै थिइन्, 'ठीक छ । ठीक हुँदैछ ।' र तिनले रुष्ट भएर भनिन् : परिवारले मरुभूमि पार गर्नें कुरा त थाहा छ तिमीहरूलाई । तिमीहरूले त्यो थाहा पाउँछौ ।'

काका जानले कराएर भने : 'तिमीलाई त ठीक नै छ ?'

तिनलाई जवाव दिन एक छिन लाग्यो । 'ठीक छ । मलाई निद्रा लाग्न थालेको छ ।' एक छिनपछि वज्यै निस्तब्ध भइन् र उनको बगलमा आमा सारोसँग पल्टिन् ।'

रातको बेला बिह्दै गयो र ट्रकभित्र अन्धकार छायो । कहिलेकाहीं गाडीहरू पश्चिमतिर हुइँकिएर जान्थे र कहिलेकाहीं ठूलठूला ट्रकहरू पश्चिमतिरबाट आएर पूर्वतिर गडगडाउँदै जान्थे । र ताराहरू पश्चिमतिर क्षितिजमा बिस्तारै बगेर जान्थे । प्राय : मध्य-रातमा उनीहरू डैगेट भन्ने चेक-पोस्टनिर आइपुगे । त्यहाँको सडक प्रकाशको प्रवाहले आलोकित थियो र 'दायाँ लागेर रोक' भन्ने एउटा परिचय-पाटी

झलमल्ल देखिएको थियो । अफिसरहरू अफिसमा हल्लिइरहेका थिए तर टामले गाडी भित्र हांकेर ल्याएपछि उनीहरू अफिसबाट बाहिर निस्केर लामो छोपिएको टहरा-मुनि उभिए । एउटा अफिसरले लाइसेन्सको नम्बर तल राखेर गाडीको छत उचाल्यो ।

टामले सोध्यो : 'यहाँ के हुन लागेको छ ?'

'कृषि-सम्बन्धी निरीक्षण । हामीले तिमीहरूको मालसामान जाँच्नु छ । कुनै साग-पात या बीउहरू छन् ?'

टामले जवाब दियो, 'अँहँ, छैन ।'

'अँ, हामीले तिमीहरूको मालताल जाँच्नु पर्छ । तिमीहरूले तल ओर्लनु पर्छ ।'

अब आमा भद्दासँग ट्रकबाट तल ओर्लिन् । उनको मुख सुन्निएको र आँखा सारा थिए । 'हेर, मिस्टर, हाम्रो साथमा एउटी बिरामी बूढी छ । उनलाई डाक्टर-कहाँ लानु छ । हामी पर्खन सक्तैनौं ।' तिनी हिस्टीरियासँग संघर्ष गरिरहेकी जस्तो लाग्छ । 'तिमीले हामीहरूलाई पर्खाउन सक्तैनौ ।'

'के, अँ, हामीले तिमीहरूलाई जाँच्नु छ ।'

आमाले कराएर भनिन् । 'म किरिया खाएर भन्छु, हामीसित त्यस्तो केही छैन । ईमानसाथ छैन । बज्यै सिकिस्त छिन् ।'

अफिसरले भन्यो, 'तिमी आफै पनि त्यतिको सन्चो भएको जस्ता देखिन्नौ ।

आमाले ट्रकको पछिल्तिर गएर आफ्नो भएभरको शक्तिले आफूलाई उचालेर भनिन् । 'हेर ।'

त्यो अफिसरले त्यस बूढीको खुम्चिएको अनुहारमा चोर-बत्तीको प्रकाशले हेऱ्यो । त्यसले भन्यो, 'ईमानसाथ, तिमी त टाठी नै छौ । तिमीहरूसित कुनै बीउ या साग-पात, अन्न या सुन्तलाहरू छैनन् भनेर लौत किरिया खाऊ ।'

'छैन, छैन । धर्सोधर्स छैन ल !'

'त्यसो भए जाऊ । तिमीले बारस्टोमा डाक्टर पाउन सक्छौ । त्यहाँ पुग्नलाई आठ माइल मात्र बाँकी छ । जाऊ, अगाडि बढेर जाऊ ।'

टामले गाडी चढेर हाँक्यो ।

अफिसरले आफ्नो साथीतिर फर्केर भन्यो । 'मैले उनीहरूलाई रोक्न सकिनँ ।'

अर्को साथीले भन्यो, 'उनीहरूले झुक्क्याएको मात्र हुन सक्छ ।'

'अहो, जीजसको किरिया खाएर भन्छु, झुक्क्याएको होइन ! तिमीले त्यो बूढीको मुख हेरेको भए त्यसो भन्ने थिएनौ । त्यसमा झुक्क्याउने कुरै थिएन ।'

टाम गाडीको वेग बढाएर बारस्टो भन्ने सानो शहरमा थामिएर गाडीबाट बाहिर निस्की गाडीको वरिपरि हिंड्न थाल्यो । आमाले गाडीबाट बाहिर हेरेर भनिन् । 'ठीकै छ । म त्यहाँ अड्न चाहन्न । हामीले मरुभूमि पार गर्न सक्दैनौं कि भन्ने मलाई डर छ ।'

'हो ! बज्यैलाई कस्तो छ ?'

'तिनलाई ठीक छ– ठीक छ । गाडी अगाडि बढाऊ । हामीले मरुभूमि पार गर्नु छ ।' टाम आफ्नो मुन्टो हल्लाएर पछिल्तिर गयो ।

त्यसले भन्यो, 'आल म टंकीमा तेल भर्न लागेको छु, त्यसपछि तिमीले केही बेर हाँक्नू ।' त्यसले गाडीलाई रातभरि पेट्रोल दिने स्टेशनमा लगेर टंकी र रेडिएटरको अतिरिक्त क्रैन्कको बाकस पनि पेट्रोलले भऱ्यो । त्यसपछि आल स्टीयरिंगमुनि सुत्त पसेपछि टाम त्यो ठाउँ छोडेर बासँगै बीचमा बस्यो । उनीहरूले अन्धकारमा गाडी चलाएर लगे र बारस्टो नजीकका सा-साना पहाडहरूलाई उछिनेर पछाडि पारे ।

टामले भन्यो : 'आमालाई के भएको मलाई थाहा भएन । कानमा उपियाँले टोकेको कुकुरजस्तै तिनी अस्थिर छिन । मालसामान हेरेको भए निकै वेर लाग्ने । तिनले अघि वज्यै बिगमी छिन् भनिन्; अहिले वज्यैजाई ठिकै छ भन्छिन् । म त आमाबारे विचारै गर्न सक्तिनँ । उनी आफैंलाई सन्चो छैन । सफरको दौरानमा तिनको हावा खुस्क्यो ।'

बाले भन्नुभयो : 'आमा अहिलेपनि प्राय : उस्तै छिन् जस्ती तिनी तरुनी हुँदा थिइन् । त्यस बखत तिनी अनियन्त्रित थिइन् । तिनी कसैसँग पनि डर मान्दिन-थिन् । मैले विचार गरेको थिएँ कि सबै केटाकेटीहरू तथा कामले उनलाई तर्साउने थिए । तर क्राइस्टको किरिया खाएर भन्छु कि ती सब मिलेरपनि तिनलाई तर्साउन सकेनन् ।'

टामले भन्यो, 'तिनलाई के भयो मैले बुझिनँ । तिनलाई थकाइ लागेको हुन सक्छ ।'

आलले भन्यो : 'यो गाडी सफलतासित चलाउँदा म रुने पनि छैन, अपशोच पनि गर्ने छैन । मैले यो मोरो गाडीलाई आफ्नो आत्माभित्र राखेको छु ।'

टामले भन्यो : 'अँ, तिमीले मानिसहरूलाई टिप्ने राम्रै काम गरेका छौ । अब गाडी बिलकुल खराब अवस्थामा भने छैन ।'

रातभरि उनीहरू गरम र अन्धकारमा हैरान भएर गए । भाले-खरायोहरू प्रकाशमा छिटो-छिटो छलांग मारेर गए । भोर भएपछि पश्चिमतिरका ठूल-ठूला पहाडहरू देखा परे । उनीहरू आफ्नो मोजावे गाडीमा पानी र तेल भरिसकेपछि पहाडहरूमाथि घस्रेर गए । र उनीहरूले आफूलाई भोरको बीचमा पाए ।

टामले भन्यो : 'क्राइस्टको शपथ, मरुभूमि त नाघिसकिएको रहेछ ! बा, आल, क्राइस्टको निम्ति मरुभूमि त नाघिसकिएको छ ।'

आलले भन्यो, 'मलाई ज्यादै थकाइ लागेकोले मैले याद गर्न सकिनँ ।'

'गाडी मलाई हाँक्न दिन चाहन्छौ ?'

'अँहँ, अहिले होइन, एक छिन पर्ख ।'

बिहानको उज्यालोमा उनीहरूले टेचाचापीको बीचबाट गाडी हाँकिर लगे । उनीहरूको पछिल्तिरबाट सूर्योदय भयो र अकस्मात् उनीहरूले तलतिर ठूलो उपत्यका देखे । आलले ब्रेक लगाएर सडकको बीचमा गाडी थामीकन भन्यो : 'जीजस क्राइस्टको शपथ ! हेर ! अंगूरका लहराहरू, फलफूलका बगैंचाहरू, हरियो र सुन्दर त्यो ठूलो चेप्टो उपत्यका जहाँ रूखहरू लहरै रोपिएका तथा खेतका घरहरू ।'

बाले भन्नुभयो : 'ईश्वर प्रभो !' ती परका शहरहरू, फलोद्यानको भूमिमा सा साना शहरहरू, प्रभातको सुनौला घाम उपत्यकामा लागिरहेको । ती सबको पछाडि एउटा गाडी भ्वाँक-भ्वाँक हर्न बजाउँदै गइरहेको । आलले गाडी सडकको बगलमा लगेर त्यहीं राख्यो ।

'म त्यहाँ अवलोकन गर्न चाहन्छु ।' बिहान सुनौला रंगका अनाजका खेतहरू, सरपतका रूखहरूका लाम तथा एकपछि अर्को लहरै रोपिएका मसलाका बोटहरू ।

बाले सुस्केरा हालेर भन्नुभयो : 'यस्तो थियो भनेर मैले कहिलेपनि ठानेको थिइनँ ।' आरुका बोटहरू तथा ओखरका कुंजहरू, र सुन्तलाका बोटहरू रोपिएका गाढा हरिया जमीनका टुक्राहरू । र ती बोटहरूको बीचमा राता छानाहरू तथा धानले भरिपूर्ण खलिहानहरू । आलले बाहिर निस्केर आफ्ना खुट्टाहरू तन्कायो ।

त्यसले बोलाएर भन्यो : 'आमा–बाहिर आउनुहोस् । हामीहरू त्यहाँ जाने !'

रूठी र विनफिल्ड गाडीबाट हत्तपत्त ओर्लेर डरले तथा मौन साधन गरेर त्यो ठूलो उपत्यकाको सामुन्ने अलमल्ल परेर उभिए । कुहिरो टम्म ढाकिएकोले दूरी थोरै जस्तो लागेको थियो र त्यसैले जमीन झन्-झन् कोमल हुँदै गयो । हावाले चल्ने चक्की घाममा झलमल्ल देखियो र यसका घुमिरहेका पत्तीहरू साना-साना हेलिओ-ग्राफ जस्तै थिए । रूठी र विनफिल्डले यसमा हेरेपछि रूठीले कानेखुसी गरेर भनिन् : 'यो क्यालिफोर्निया हो ।'

विनफिल्डले ओठ हल्लाएर सानो स्वरले ती शब्दांशहरू उच्चारण गऱ्यो । त्यसले जोरसँग भन्यो, 'त्यहाँ फलफूल छन् ।'

कैसी तथा काका जाम, कान्नी र रोज आव शारन गाडीबाट ओर्लें । उनीहरू चुप लागेर उभिए । रोज आब शारन आफ्नो कपाल कोर्न थालिन् ।त्यसै बेला तिनले उपत्यका देखेपछि बिस्तारै आफ्नो हात बगलमा खसालिन् ।

टामले भन्यो : 'आमा कहाँ छिन् ? आमालाई यो देखाउनु छ । हेर आमा ! यहाँ आऊ, आमा ।'आमा पछाडिको फल्याकबाट बिस्तारै ओलिरहेकी थिइन् । टामले उनलाई हेरेर भन्यो । 'अरे भगवान्, आमा, तिमी बिरामी ?' उनको आकृति सारो थियो, आँखा टाउकोमा भित्रसम्म गडेको जस्तो देखिन्थ्यो तथा आँखाका घेरा थकाइले राता-राता थिए । उनका पैतालाले जमीन छोएपछि तिनले ट्रकको बगलमा अडेस लगाइन् ।

तिनले खस्रो आवाजमा बोलिन् । 'हामीले मरुभूमि पार गर्यौं भनेको ?'

टामले ठूलो उपत्यका देखाएर भन्यो । 'हेर ।'

तिनले आफ्नो टाउको फर्काइन् र उनको मुख अलिकति खुलेको थियो । उनले आफ्ना औंला घाँटीमा लगी त्वचा अलि खुम्च्याएर कोमल स्वरमा भनिन् । 'ईश्वर-लाई धन्यवाद ! परिवार यहाँ आइपुगे ।' आफ्ना घुँडा झुकाएर तिनी गाडीको फल्याकमा बसिन् ।

'आमा, तपाईंलाई सन्चो छैन ?'

'सन्चो नभएको होइन, थकाइ लागेको मात्रै ।'

'तिमीलाई निद्रा लागेन कि, कसो ?

'अँहँ ।'

'बज्यैलाई ठीक भएन ?'

आमाले थकित भएका प्रेमीकाहरू जस्तै आफ्नो काखमा पडिरहेका हातहरू अवलोकन गरिन् । 'मेरो इच्छा त पर्खने छ भनी भन्नु छैन । म आशा गर्छु बेसै होला ।'

बाले भन्नुभयो : 'त्यसोभए बज्यैको अवस्था ठीक छैन ।'

आमाले आफ्नो आँखा उचालीकन उपत्यकातिर हेरेर भनिन् । 'बज्यै परलोक भैसकिन् ।'

उनीहरू सबैले उनलाई हेरे र बाले सोध्नुभयो : 'कहिले ?'

'हिजो राति उनीहरूले हामीहरूलाई रोक्नुभन्दा अगाडि ।'

'त्यसैले होला तिमीले उनीहरूलाई जचाउन नचाहेका ।'

'तिनले भनिन्, 'हामीहरू मरुभूमि पार गर्न सक्दैनौं कि भन्ने मलाई डर थियो । हामीले बज्यैलाई सघाउन सक्दैनौं भनेर मैले उनलाई भनेको थिएँ । परिवारले मरुभूमि पार गर्नु थियो । उनी मर्न लागेको बेला मैले उनलाई भनेको थिएँ कि हामीहरू मरुभूमिमा रोकिन सक्तैनौं । केटाकेटीहरू छन् र रोसाशर्नको पेटमा बच्चा छ ।' तिनले आफ्नो हातले एक छिन मुख छोपेर भनिन् । 'बज्यैलाई एउटा राम्रो हरियो ठाउँमा गाड्नु पर्छ । क्यालिफोर्नियामा चारैतिर रूखैरूख भएको राम्रो ठाउँमा तिनलाई सुताउनु पर्छ ।'

परिवारले आमाको मनोबल देखेर अलि तर्सेर उनलाई हेरे ।

टामले भन्यो : 'जीजस क्राइस्टको किरिया खाएर भन्छु ! तिमी रातभरि लाशसितै पल्टिराखेकी !'

आमाले दुःखी स्वरमा भनिन्, 'परिवारले मरुभूमि नाघ्नु पर्नेथ्यो ।'

टाम आफ्नो हात उनको कुममा राख्न आमाको नजीक गयो ।

तिनले भनिन्, 'मलाई नछोऊ । तिमीले मलाई नछोए म रोकी राखुँला ।'

बाले भन्नुभयो : 'अब हामीले जानु पर्‍यो । ओरालो लाग्नु पर्‍यो ।'

आमाले उसलाई हेरेर भनिन् । 'म अगाडिको सीटमा बस्न सक्छु ? म पछाडि बस्न चाहन्नँ । मलाई थकाइ लागेको छ । ज्यादै थकित छु म ।'

उनीहरू पछाडिपट्टि मालसामानमाथि चढेर गए । उनीहरू त्यो लामो सारो मूर्तिलाई छेलेर गए जसको सर्वाङ्ग छोपिएको थियो, मुन्टो पनि ऊनी गलबन्दीले छोपेर लपेटिएको थियो । उनीहरू आ-आफ्नो ठाउँमा गए र त्यस मूर्तिदेखि आ-आफ्नो आँखा अलग राख्ने चेष्टा गरे–त्यस ऊनी गलबन्दीभित्रको डल्लो जो नाक होला तथा त्यो भिरालो पहाड जस्तो जो चिउँडो उठेको होला, तिनीहरूदेखि आँखा अलग राख्न खोजे । उनीहरूले नहेर्ने चेष्टा गरेता पनि सकेनन् । रूठी र विनफिल्ड त्यो लाशदेखि सकेसम्म टाढा अगाडिको कुनामा गुजमुज्ज बसेर त्यो लपेटिएको मूर्तिमा घोरिएर हेरिरहे ।

रूठीले कानेखुसी गरिन् : 'त्यो बज्यै हो, मरी सकिन् ।'

विनफिल्डले गम्भीरतापूर्वक मुन्टो हल्लाएर भन्यो । 'तिनी बिलकुलै सास फेर्दिनन् । तिनी मरिसकिन् ।'

रोज आब शारनले सानो स्वरमा कान्नीसित भनिन् : 'तिनी मरिन् जब हामीहरू–'

त्यसले उनलाई फेरि यकीन दिलाएर भन्यो । 'हामीले कसरी थाहा पाउने ?'

सीटमा आमाको निम्ति ठाउँ बनाउन आल मालसामानमाथि चढ्यो । आल आफूलाई अपशोच भएको जस्तो देखाउन थाल्यो । केसी र काका जानको बगलमा बसेर त्यसले भन्यो । 'अँ, तिनी बूढी भैसकेकी थिइन् । उनको जाने बेला पनि आइ-सकेको । सबैले त्यही बाटो जानु छ।' केसी र काका जानले उसमाथि अभिव्यक्तिहीन दृष्टिपात गरेर, मानौं ऊ एउटा कुरा गर्ने अनौठो यन्त्र जस्तो ठानेर, हेरे । त्यसले सोध्यो । 'अँ, सबैले त्यही बाटो जानु पर्छ भनेको होइन त ?' आललाई अपशोचमा छोडेर उनीहरूका आँखा ऊदेखि हटे ।

केसीले चकित भएर भन्यो : 'रातभरि तिनी एक्लै थिइन् । जान, त्यत्रो मायालु एउटी आइमाई रहिछन् । तिनीसित म डराएको मात्र होइन अपितु तिनको अगाडि म आफूलाई सानो ठान्छु ।'

जानले सोध्यो : 'त्यस्तो हुनु पाप हो र ? त्यसको कुनै अंशलाई पाप भन्न सकिन्छ ?'

कैसीले अचम्म भएर उनीतिर फर्कीकन भन्यो । 'पाप ? अँहँ, त्यसको कुनै अंशलाई पाप भन्न सकिन्नँ ।'

जानले भन्यो, 'मैले पापको अंशबाट मुक्त भएको कुनै पनि काम गरेको छैन ।' र त्यसले त्यो लामो गुटमुटिएको शरीरमा हेऱ्यो ।

टाम, आमा र बा अघिल्लो सीटमा बसे । टामले ट्रकलाई गुडायो र दवाबले चलाउँदै लग्यो । र त्यो बोझा ट्रक घड-घड गर्दै घर-घर आवाज निकाल्दै पहाडबाट ओरालो लाग्यो । अरुण अब उनीहरूको पछाडि र सुनौला तथा हरियो उपत्यका उनीहरूको अगाडि परे । आमाले बिस्तारै आफ्नो मुन्टो एक बगलबाट अर्को बगलतिर हल्लाइन् । तिनले भनिन्, 'यो ठाउँ राम्रो छ । सबैले हेर्नुपर्ने ठाउँ रहेछ यो ।'

बाले भन्नुभयो, 'मेरो पनि त्यही विचार छ ।'

टामले स्टीयरींग ह्वीललाई आफ्नो हातले राम्रोसँग सम्हाल्यो । त्यसले भन्यो, 'उनीहरू ज्यादै बूढा भैसके । यहाँ भएको कुनै कुरा पनि उनीहरूले देखेका होवैनन् । बाज्येले जवान छँदा इन्जीन र ठूलो घाँसे-मैदान भएको मुलुक देखेका होलान् । र बज्यैले आफू बसेकी पहिलो घरलाई देखेकी र संझेकी होलिन् । उनीहरू ज्यादै बढी उमेरका थिए । साँच्चै राम्रोसँग हेर्ने कोही छन् भने रूठी र विनफिल्ड मात्र ।

बाले भन्नुभयो : 'एउटा बुज्रुकले जस्तै, प्रायः एउटा पादरीले जस्तै टामी कुरा गरिरहेछ ।'

आमाले उदासीन भावले मुस्काएर भनिन् । 'ऊ त्यस्तै कुरा गरिरहेछ । टामी ठूलो हुँदैछ र कहिलेकाहीं त म उसलाई भेट्टाउन सक्तिनँ ।'

घुमाउरो बाटोबाट, सानो छेडोबाट, कहिले उपत्यकालाई नदेखिने र कहिले देखिने गरी उनीहरू पहाडको बाटो ओरालो लागे । उपत्यकाबाट वगेर आएको तातो हावाले उनीहरूकहाँ लस्सादार सुगन्धित वनस्पतिको तथा लस्सादार घाँसको सुगन्ध ल्याइदियो । झ्याउँकीरीहरूको गानाले सडक गुन्जिएको थियो । खड्खड् आवाज गरेर हिंड्ने एउटा सर्पले सडक पार गर्न खोज्दा टामले किचाएर त्यसलाई किचमिच हुने गरी छोडेर गयो ।

टामले भन्यो : 'बज्यैको लाश गाड्न जहाँसुकै भएपनि एउटा कुनामा जानु पर्ला । बा, दाम कति बाँकी होला ?'

बाले भन्नुभयो, 'चालीस डलर जति ।'

टामले खित्का छोडेर हाँसीकन भन्यो । 'ओ जीजस, हामी के नग्न भएरै काम गर्न थाल्ने ! हामीले आफूसित केही पनि ल्याएका छैनौं ।' एक छिन त्यसको आकृतिमा प्रसन्नता झल्क्यो र फेरि छिटै उसको मुख सोझो भयो । त्यसले आफ्नो टोपीको नकाब आँखामाथिसम्म तानेर ओराल्यो । र ट्रक पहाडबाट तलतिर ओरालो लाग्दै ठूलो उपत्यकामा गयो ।

उन्नाइसौं अध्याय

एकताक क्यालिफोर्निया राज्य मेक्सिकोको अधीनमा थियो र यसको जमीन मेक्सिको-निवासीहरूको स्वामित्वमा थियो। अनि झुद्रे उत्तेजित अमेरिकालीहरूको एक बथान ओहिरियो। उनीहरूमा जमीनको लालच अत्यधिक मात्रामा भएकोले उनीहरूले जमीन लिए– सटरको जमीन, ग्वेरेरोको जमीन चोरे; जमीन अनुदान लिएर टुक्रा-टुक्रा गरीकन फांडे अनि ती जमीनहरूको लागि ती उन्मत्त बुभुक्षित मानिसहरू लडाईं-झगडा गर्न थाले। र उनीहरूले आफूले चोरेका जमीनलाई बन्दूकको पहरा दिए। घरवार र तवेलाहरू खडा गरिसकेपछि उनीहरूले माटो फर्काएर बाली लगाए। यी चीजहरू अधिकार थिए र अधिकार स्वामित्व थियो।

मेक्सिकालीहरू पालिएका हुनाले कमजोर थिए। उनीहरूले आक्रमणलाई रोक्न नसकेको कारण के थियो भने अमेरिकालीहरू जमीनको निम्ति जति उन्मत्त थिए उनीहरू त्यतिकै शान्त थिए।

कालान्तरमा अनधिकार तरीकाले अर्काको जमीन हडप गर्नेहरू अब मालिक बन्न थाले। उनीहरूका केटाकेटीहरू ठूला भएपछि त्यही जमीनमा उनीहरूले पनि केटाकेटीहरू जन्माए। जमीनको लागि, पानी, पृथ्वी र आकाशको लागि हरियो वनस्पतिको लागि, बढ्दै गइरहेका कन्दमूलको लागि उनीहरूको अनियन्त्रित, तीव्र र कष्टदायी बुभुक्षाले उनीहरूलाई तिलांजलि दियो। यी चीजहरूमाथि उनीहरूको अधिकार यति सम्पूर्ण रूपले भयो कि तिनीहरूबारे उनीहरूलाई केही ज्ञान नै भएन। खूब उब्जा हुने एकड तथा त्यसलाई हलो जोत्न चाहिने टल्कने धारिलो औजारको लागि बीउ तथा हाथामा पखेटा ख्याउँदै जाने पवन-चक्कीको लागि उनीहरूमा अब तीव्र लालसा थिएन। निद्रालु चराहरूको प्रथम चीं चीं आवाज सुन्न तथा आफूलाई

मन परेको एकडमा जान प्रथम उज्यालोको निम्ति पखिरहँदा घरको वरिपरि बग्न लागेको बिहानको बतासको सिरिसिरि आवाज सुन्नलाई अब उनीहरूले अँध्यारैमा उठ्न नपर्ने भयो । यी कुराहरू गुमिसकेका थिए र बालीहरूको हिसाब डलरमा हुन थाले । जमीनको मूल्यांकन मूल-धन र ब्याजबाट हुन थाल्यो तथा बाली रोप्नुअगाडि नै बेच-बिखन हुन थाले । बाली नलाग्नाले, खडेरी पर्नाले तथा बाढी आउनाले अब मानिसहरूको मृत्यु हुन छोड्यो, तर यी कारणहरूबाट खालि पैसाको नोक्सान मात्र हुन थाल्यो । रुपैयाँले गर्दा जमीनप्रतिको उनीहरूको लगन शिथिल भएर गयो र उनीहरूको क्रूरता ब्याज प्राप्त गर्नप्रति लक्षित हुँदै गयो । अन्तमा उनीहरू किसान हुन बिलकुल छोडेर फसलै बेच्ने साना-साना दुकानदारहरू तथा निर्माण गर्नअघि बाली बेच्ने कारीगरहरू बने । असल दुकानदार नभएका किसानहरूले राम्रा दुकान-दारहरूलाई आपना जग्गा-जमीन दिएर गुमाउन थाले । जमीन र त्यसबाट उत्पत्ति हुने चीजहरूलाई मन पराउने जतिसुकै चलाख मानिस किन नहोस् त्यो राम्रो दुकानदार नभए बाँच्न सक्तैनथ्यो । कालान्तरमा खेत जति व्यापारीहरूको हातमा पर्न गए र ती खेतहरू घट्दै गएता पनि तिनीहरूको आकार-प्रकार झन्-झन् ठूला हुँदै गए ।

अब खेतीपाती नै उद्योग हुन गयो र खेतका मालिकहरूले केही थाहा नभएता पनि रोमको अनुसरण गर्न थाले । उनीहरूले दास न भनेता पनि चीनियाँहरू, जापानीहरू, मेक्सिकालीहरू, फिलिपिनालीहरूलाई दासको रूपमा आयात गर्न थाले। व्यापारीहरूले भन्न थाले कि ती दासहरूले भात र सिमी खाएर बाँच्ने गरून् । यस्ता खानेकुराहरू उनीहरूलाई धेरै मात्रामा चाहिँदैनथ्यो । राम्रो ज्याला पाएर के गर्ने भन्ने कुरा पनि उनीहरूलाई थाहा थिएन । उनीहरू कसरी जीविका चलाउँछन्, उनीहरू के खान्छन् भन्ने कुरामाथि राम्रो विचार गर्नु पर्छ । उनीहरू असम्बद्ध भएर आए उनीहरूलाई देशनिकालाई गर्नु पर्छ ।

सधैं खेतहरू वृहत्तर हुँदै गए र त्यसका मालिक घट्दै गए । जमीनमा किसान-हरू दयनीय पाराले न्यून हुँदै गए । आयात गरिएका दासहरू कुटिएर तर्साइएका मात्र होइनन् अपितु भोकभोकै तुल्याइएका पनि हुन्थे । अन्तमा कोही-कोही फेरि घर फर्केर जान्थे, र कोही दासहरू क्रूर भएकाले मारिइन्थे या देशबाट निर्वासित गरिइन्थे । खेतहरू झन्-झम् विशाल हुँदै गए तथा मालिकहरू झन्-झन् घट्दै गए ।

फसलहरूमा परिवर्तन ल्याइयो। अनाजका खेतहरूमा फलफूलका बोट र सागपातहरू लगाइए। चुकन्दर, काउली, हाथी चक, आलुका बालीहरू उब्जाइन्थे। एउटा मजदूरले उभिएर हँसिया, हलो, चुच्चिएको डंडी प्रयोग गर्न सक्थ्यो। तर त्यसले चुकन्दरका पंक्तिको बीचमा कीरा जस्तै घस्रेर जानु पर्छ, त्यसले पीठ्यूँ बंग्याएर कपासका पंक्तिहरूको बीच आपनो लामो थैलो झिक्नु पर्छ, त्यसले काउलीको धारी पार गरेर पश्चात्ताप गर्ने मानिसले जस्तै घुँडा टेकेर जानु पर्छ।

अब यस्तो भयो कि मालिकहरूले आ-आपनो खेतमा काम गर्न छोडिसके। उनीहरूले कागजमा खेतीपाती गर्न थाले। उनीहरूले जमीन तथा त्यसको गन्ध र र भावना सब बिर्सिसके। उनीहरूलाई यति मात्र संझना थियो कि उनीहरू खेतका मालिक थिए, यति मात्र संझना थियो कि खेतबाट कति फाइदा हुन्थ्यो अथवा नोक्सान; कुनै-कुनै खेत यति विशाल हुन्थे कि त्यसका मालिकले ती खेतहरूको बारे विचार मात्र गर्न नसकेका होइनन्, अपितु यिनीहरूको चाख, नाफा र नोक्सानको हिसाब राख्ने मुनीमका दलहरूको, माटो परीक्षण गरेर फेरि भर्नलाई रसायनशास्त्र जान्नेहरूको, आफूसँग भएका सामानहरूले भ्याएसम्म पंक्तिहरूमा छिटो-छिटो निहुरेर हिंड्ने मानिसहरूलाई निरीक्षण गर्ने उप-प्रधान कामदारहरूको आवश्यकतामा थियो। त्यस पछि यस्तो किसान दुकानदार भएर दुकान थाप्न थाल्छ। त्यसले मानिसहरूलाई खानेकुरो दिएर त्यसको सट्टा दाम लिने गर्थ्यो। र केही समय बितेपछि त्यसले मानिसहरूलाई बिलकुलै तिर्न छोडेर हिसाब-किताब मात्र राख्न थाल्यो। यस्ता फार्महरूले खाद्य-पदार्थ उधारोमा दिने गर्थे। काम गर्नेले काम गरेर खान्थ्यो। र काम-साम सकिपछि त्यसले निगमलाई ऋण तिर्नुपर्ने हुन्थ्यो। खेतका मालिकहरूले खेतमा काम नगरेका मात्र होइनन् अपितु उनीहरूमध्ये धेरैजसोले खेतलाई देखेकै पनि हुँदैनथे।

त्यसपछि अधिकारबाट वंचित व्यक्तिहरू कानसास, ओक्लाहामा, टेकसास, न्यूमेक्सिको, नेवादा र अर्कान्सासबाट पश्चिमतिर धपाइएका हुन्थे। परिवारका परिवार, जातिका जाति धूलो झारे जस्तो गरी ट्र्याक्टरले झारेर पठाइन्थे। घरबार-विहीन भोकाएका मानिसहरू बीसौं हजार, पचासौं हजार, लाखौंको संख्यामा गाडीहरूबाट, पैदल यात्रा गरेर पश्चिमतिर लागिरहेका थिए। उनीहरू पेट भर्नको लागि भोकाएर कमिलाहरू जस्तै आरामै नलिई जुनसुकै काम चाहे त्यो घचेड्ने,

तान्ने, टिप्ने, काट्ने नै किन नहोस् पाउनलाई पहाडमाथिबाट ओहिरिएर गइरहेका थिए। केटाकेटीहरू भोकले चूर थिए। बस्नलाई ठाउँ नै नपाएर उनीहरू कमिलासरह काम, माम, र जमीनको निम्ति छिटो-छिटो खोजी गर्न थाले।

हामी विदेशी थिएनौं। सात पुस्ता अघिसम्म हामी अमेरिकालीहरू थियौं। त्योभन्दा पर आइरीश, स्कच, इंगलीश र जर्मन थिए। क्रान्तिमा हाम्रो परिवारको एक जना थियो। गृह-युद्ध हुँदा दुवैतिर हाम्रो परिवारका धेरैजसोले भाग लिएका थिए। तिनीहरू अमेरिकाली थिए।

भोकाएर, क्रूर भएर उनीहरूले घरबार पाउने आशा गरेका थिए तर तिनीहरूले खालि घृणा पाए। जमीनका मालिकहरूले उनीहरूलाई ओकीज भनेर हेलाँ गरे किनभने उनीहरूलाई आफू कोमल र ओकीजहरू बलिया भन्ने कुरा थाहा थियो। उनीहरूलाई आफूहरू धेरै खान पाएका र ओकीजहरू भोकाएका भन्ने कुरा थाहा थियो। र शायद जमीनका मालिकहरूले आफ्ना बाज्ये-बराज्यूहरूबाट यो कुरा सुनेका थिए कि जमीन खोस्न चाहनेहरू क्रूर, भोकाएका तथा शस्त्र-अस्त्रले लैस भए उनीहरूले कोमल मानिसहरूबाट सजिलैसित जमीन खोस्न सक्छन्। यसैले जमीनका मालिकहरू उनीहरूलाई (ओकीजहरूलाई) हेलाँ गर्थे। र शहरतिर दुकानदारहरू ती ओकीजहरूलाई यस कारण घृणा गर्थे कि उनीहरू बेखर्ची थिए। एउटा दुकानदारको घृणाको तबसम्म सीमा हुँदैन जबसम्म गाहकसँग किन्नलाई पैसा हुँदैन। शहरियाहरू र सा-साना बैंकका मालिकहरू उनीहरूबाट केही फाइदा उठाउन नसकेकाले ओकीजहरूलाई घृणा गर्थे। उनीहरूसँग केही पनि थिएन। मजदूरहरूले ओकीजहरूलाई घृणा गरेको कारण के थियो भने उनीहरूले भोक मेटाउन परेकोले काम खोजेर गर्न बाध्य भइहाल्छन्, फलस्वरूप ज्याला दिनेले अनायास उनीहरूलाई कम ज्यालामा काम गराउँछ जसबाट ती मजदूरहरूको ज्याला पनि घटेर जान्छ।

ती अधिकारच्युत व्यक्तिहरू, अरू प्रदेशमा बस्न जानेहरूको संख्या अढाई लाख हुँदै तीन लाख पुगेर क्यालिफोर्नियामा ओहिरिए। उनीहरूले छोडेर आएका जमीनमा नयाँ ट्र्याक्टरहरूले माटो फर्काई जोतेर मोहीहरूलाई जबर्जस्ती भगाइरहेका थिए। अधिकार छिनिएका, घरबारविहीन, पाषाण-हृदयी, कृतसंकल्प तथा खतरनाक मानिसहरूको नयाँ ताँती बाटोमा आइरहेको थियो।

धन संचय, सामाजिक सफलता, आमोद-प्रमोद, ऐश-आराम, तथा बैंक सुरक्षा

जस्ता अनेक कुराहरू क्यालिफोर्नियालीहरूलाई चाहिएको थियो भने नवागन्तुक जंगलीहरूलाई दुइ कुराको आवश्यकता थियो– भूमि र खानेकुरा। उनीहरूको निम्ति दुवै एकै कुरा थिए। क्यालिफोर्नियालीहरूका आवश्यकता अस्पष्ट र अनिश्चित थिएभने ओकीजका आवश्यकताहरू सडकको बगलमा सबैको सामुन्ने छर्लंग र लोभलाग्दो किसिमले स्पष्ट थिए। पानी भएका असल हरिया खेत खन्नु थियो, प्रयोगात्मक तवरले माटोलाई फोडफाड गर्नु थियो, घाँस सुँघ्नु थियो, तिखो मिठास घाँटीमा नआइपुगेसम्म जइका डाँठहरू चपाउनु थियो। तिनीहरूले बंजर खेतलाई देखेर के बुझ्न सक्थे भने उनीहरूले कमर बंग्याएर, आफ्ना बाहुबल र मिहिनेतले बन्दाकोबी, पहेंलो अन्न, सलगम तथा गाजरहरू उमार्नु थियो।

कुनै पनि घरबारविहीन भोकाएको मानिसले आफ्नो स्वास्नीलाई बगलमा तथा दुब्ला केटाकेटीहरूलाई पछाडिको सीटमा राखीकन सडकहरूबाट गाडी चलाएर लाँदा बेच्नलाई नपुग्ने तर खानलाई भने पुग्ने गरी उत्पादन गर्न क्षमता हुने बंजर खेतहरू देख्न सक्थ्यो। र त्यो मानिसले थाहा पाउन सक्थ्यो कि बंजर खेत आफ्ना दुब्ला-पातला केटाकेटीहरूको लागि पाप र अपराध थियो। यस्तो मानिसले सडकमा गाडी हाँकेर जाँदा प्रत्येक खेतको प्रलोभनले आकर्षण गरेको हुन्थ्यो र आफ्ना केटा-केटीहरूलाई बलियो पार्न तथा आफ्नो स्वास्नीको निम्ति अलिकति आराम दिन ती खेतहरू लिने लालसा उब्जेर आउँथ्यो। प्रलोभन उसको सामुन्ने जहिलेपनि भैंनै रहन्थ्यो। खेतहरू, जसमा निगमले खाल्टो खनेर राम्रो पानीको प्रबन्ध मिलाएको हुन्थ्यो, उसका निम्ति उत्तेजनाका कुरा हुन्थे।

दक्षिणतिर त्यसले गाढा हरिया रूखहरूमा झुण्डिरहेका साना-साना सुनौला रंगका सुन्तलाहरू देख्यो। त्यस सुन्तलाको रिआसतको सीमानामा नजीकै सम्म मात्र हान्न हुने बन्दूक लिएको मानिसले पहरा दिइरहेको हुन्थ्यो जसले गर्दा कसैले पनि आफ्नो दुब्लो पातलो बच्चाको निम्ति एउटा सुन्तलासम्म टिप्न सक्तैनथ्यो र सस्तो मोलमा ती सुन्तलाहरू बेच्नलाई राखिएका हुन्थे।

त्यसले आफ्नो पुरानो गाडीलाई शहरमा हाँकेर लग्यो। ऊ खेतैपिच्छे छिटो-छिटो गई काम खोज्न हिंड्यो। आज राति हामी कहाँ सुत्ने ?

अँ, नदीको किनारमा हूवरवाइल थियो जहाँ ओकीजहरूले आफू बस्नलाई बनाइराखेका लट्ठाको बेडा नै थियो।

त्यसले आफ्नो पुरानो गाडीलाई हूवरवाइलतिर हाँकेर लग्यो । त्यसले फेरि कहिले पनि सोधेन, किनभने हरेक शहरको छेउमा एउटा हूवरवाइल हुन्थ्यो ।

झुत्रे शहर पानीको नजीक अवस्थित थियो । घरहरू के थिए– पालै-पाल । घाँसले छाएका परिवेष्टनहरू, कागजले बनाएका घरहरू, रद्दी चीजहरूको एक थुप्रो थियो त्यहाँ । त्यो मानिसले आफ्नो परिवारलाई त्यहाँ भित्र लग्यो अनि आफू पनि हूवरवाइलको एक नागरिक बन्यो । त्यहाँ बस्ने जतिलाई हूवरवाइल भनिन्थ्यो । त्यसले जतिसक्यो त्यति पानीको नजीक आफ्नो पाल टाँग्थ्यो । त्योसँग पाल नभएको भए त्यो शहरको रद्दी चीजहरू बेच्ने ठाउँमा गएर दफ्तीका बाकसहरू ल्याईकन एकमाथि अर्को तह लगाएर कागजको घर बनाउँथ्यो । पानी परेपछि त्यो घर पग्लेर बग्थ्यो । हूवरवाइलमा बसेर ऊ देहाततिर छिटो-छिटो काम खोज्न जान्थ्यो अनि आफूसँग भएको केही पैसा पनि काम खोज्न जान पेट्रोल किन्नमा खर्च हुन्थ्यो । साँझ त्यस्ता मानिसहरू एकसाथ जम्मा भएर कुरा गर्थे । पलेंटी कसेर उनीहरू आफूले देखेका त्यस ठाउँको बारे कुरा गर्थे ।

यहाँबाट पश्चिमतिर बाह्रिफेर तीस हजार एकड जमीन थियो । जीजसको शपथ, पाँच एकड जमीनले म के गर्न सक्थें ! किन मोरा, म त्यसबाट खानलाई हरेक कुरा पाउँथें ।

एउटा कुरा याद गर्छौं ? खेतहरूमा न साग छन् न कुखुराहरू न सुँगुरहरू नै । उनीहरू एक थोक उत्पादन गर्छन्– कपास, भनूँ या आरुहरू, या चुकन्दर । अर्को ठाउँमा कुखुरै-कुखुरा होलान् । आफूले ढोकाको आँगनमा उत्पादन गर्न सकेका चीजहरू उनीहरू किन्छन् ।

जीजसको शपथ, दुइटा सुँगुरले म के गर्न सक्थें ।

अँ, त्यो तिम्रो होइन, र त्यो तिम्रो हुने पनि छैन ।

हामी के गर्ने त ? केटाकेटीहरू यसरी पढ्न सक्तैनन् ।

शैफ्टरमा काम पाइन्थ्यो भनेर कैम्पहरूमा गाइँ-गुइँ गाइँ-गुइँ कानेखुसी हुन्थ्यो । अनि राति गाडीहरूमा खचाखच मानिस भरिएर कामको लागि मूल-बाटो-हरूमा भीड लाग्थ्यो । शैफ्टरमा जति काम गर्नलाई मानिसहरू चाहिएका थिए

त्यसको पाँच-गुना मानिसहरू थुपारिइन्थे । काम गरेर सुन पाउने उद्देश्यले उनीहरूले त्यसो गरेका थिए । कामको निम्ति उन्मत्त भएर उनीहरू राति सुटुक्क जान्थे । र सडकमा खेतहरूको रूपमा प्रलोभन थियो जसले खाना दिन सक्थ्यो ।

त्यो कसैको हो, हाम्रो होइन ।

अँ, त्यसबाट हामीले एउटा सानो टुक्रा पाउन सक्छौं । त्यहाँ एक टुक्रा भूमि थियो जसमा अहिले साह्रै विषालु घाँस उम्रिरहेका छन् । क्राइस्टको शपथ, त्यो सानो भूमिको टुक्राबाट म मेरो सम्पूर्ण परिवारलाई ख्वाउन पुग्ने गरी पर्याप्त आलु उत्पादन गर्न सक्थें ।

यो हाम्रो होइन । यसमा असाध्य विषालु घाँस उम्रिराखेका छन् ।

यदा-कदा कुनै मानिसले जमीन खनेर हेर्थ्यो । जमीनमा घस्रेर घाँस-पात साफ गरीकन चोरले जस्तै पृथ्वीबाट अलिकति उर्बरपन चोर्न त्यो कोशिश गर्दै थियो । घाँस-पात भित्र रहस्यपूर्ण बगैंचाहरू लुकिरहेका । गाजरको बीउ भरिएको एउटा पैकेट र अलिकति सलगम । आलुका बोक्रा रोपिए, चोरेर पाएको भूमिमा कोदालो चलाउन साँझ सुटुक्क घस्रेर गयो ।

छेउ-छेउमा घाँसहरू नकाटीकन छोडिराख– अनि कसैले पनि हामीले गर्न लागेको पत्ता लगाउन सक्तैन । बीचमा ठूल-ठूला लामा-लामा घाँस नकाटीकन छोडिराख ।

साँझ-साँझ गोप्य तरीकाले बागवानी गर्न थालियो र खिया परेको टीनको भाँडामा राखेर पानी लाने गरियो ।

त्यस पछि एक दिन एउटा उप-जिल्लाधीश आएर भन्यो : अँ, तिमीले जे गर्दछौं त्यसबारे तिमी के विचार गर्छौं ?

मैले केही नोक्सान गरिरहेको छैन ।

तिमीमाथि मैले नजर राखेको थिएँ । यो तिम्रो जमीन होइन । तिमी अतिक्रम गरिरहेका छौ ।

जमीन जोतिएको छैन । र मैले जमीनमा केही नोक्सान गरिरहेको छैन ।

तिम्रा मोरा नयाँ भूमिमा बस्नेहरू ! छिटै तिमीहरूले यो जमीन हाम्रो आफ्नै भनेर दावा गर्नेछौ । यो जमीन तिमीहरूकै हो भनेर तिमीहरू रिसाउने छौ। अहिले नै छोडेर जाऊ ।

र त्यो साना-साना हरिया गाजरका अंकुरहरू लातले हानिए तथा सलगमका सागहरू कुल्चिए । अनि त्यो असाध्य विषालु घाँस फेरि भूमिभित्र ल्याइए । तर त्यो पुलिसले भनेको ठीकै थियो । एक बाली उठाइयो जसले स्वामित्वको दावा गर्छ । जमीन कोदालीले फाँडियो तथा गाजरहरू खाइए । जुन जमीनबाट खानेकुरो उमारेर खाइरहिएको हुन्छ त्यस जमीनको निम्ति एउटा मानिस लड्न सक्छ । छिटै उसलाई यहाँबाट पठाई देऊ । त्यसले यो जमीन आफ्नो भनेर दावा गर्नेछ । असाध्य विषालु घाँस-पातको बीचमा थोरै जमीनको निम्ति त्यो लड्दा-लड्दै मरेर पनि जान सक्छ ।

हामीहरूले यी सलगमलाई लात हानेर पठाउँदा उसको चेहरा कस्तो थियो, तिमीले देख्यौ ? किन, कसैले उसको अनुहार देखेको भए तत्कालै त्यसले त्यस व्यक्ति-लाई मारिदिने थियो । हामीहरूले यी मानिसहरूलाई दबाउनु पर्छ अन्यथा उनीहरूले यो प्रदेशमाथि कब्जा गर्नेछन् ।

विदेशीहरू, परदेशीहरू ।

अवश्य, उनीहरू त्यही भाषामा कुरा गर्छन् । तर उनीहरू त्यस्तै भने छैनन । हेर, उनीहरू जीवन कसरी व्यतीत गर्छन् । हामीहरू कसैले त्यस्तो किसिमको जिन्दगी बिताउछौं भन्ठान्छौ ? अँहें, बिताउदैनौं !

साँझ-साँझ, पलेंटी कसेर कुरा गरिरहेका हुन्छन् । र एक जना उत्तेजित मानिसले भन्यो : हामीहरू बीस जना मिलेर एक टुक्रा जमीन किन नलिने ? हामी-सित बन्दूक छँदैछ । जमीन लिएर भनौं : 'सक्छौ भने हामीलाई धपाइदेऊ ।' त्यसो किन नगर्ने ?

उनीहरूले हद्द गर्लान् हामीहरूलाई मुसा मारे जस्तै गोली हानेर मार्लान् ।

अँ, तिमीहरू के गर्ने, मर्ने कि यस्तै बसिरहने ? भूमिगत हुने कि बोराले

बनेको घरमा बस्ने ? हाम्रा केटाकेटीहरूको निम्ति कुन बाटो अपनाउने, अहिले नै मार्ने कि अपौष्टिक आहार दिएर दुइ वर्षमा मार्ने ? हामीहरू हप्ताभरिदेखि के खाइ-रहेछौं थाहा छ ? उमालेको सिस्नु र भुटेको पीठो ! हामीहरू पीठो कहाँबाट पाउँछौं, थाहा छ ? मालगाडीमा पोखिएको पीठो बटुलेर पाउँछौं ।

कैम्पमा यसरी कुरा भइरहँदा मोटाएका उप-जिल्लाधीशहरूले बन्दूकहरू मोटो-मोटो नितम्बमा झुंडचाउँदै अहंकारले कैम्पहरूमा आएर भने : उनीहरूलाई विचार गर्ने मौका दिनु पर्‍यो । उनीहरूसित मेल गर्नु पर्‍यो, अन्यथा क्राइस्टलाई मात्र थाहा होला उनीहरूले के गर्लान् भनेर ! किन, क्राइस्ट, उनीहरू दक्षिणतिरका हब्सीहरू जत्तिकै खतरनाक भएर आएछन् ! उनीहरूलाई एक साथ राखियो भने उनीहरूले जे गरेपनि रोक्न मुश्किल होला ।

लरेन्सवाइलमा एउटा उप-जिल्लाधीशले एक जना अर्काको जमीनमा अनधिकृत रूपले कब्जा गर्नेलाई हटाई दिएपछि त्यसले यस्तो विरोध गर्‍यो जसबाट त्यो अफि-सर बल प्रयोग गर्न बाध्य भयो । परिणामस्वरूप त्यो कब्जा गर्नेको एघार-वर्षीय छोराले त्यो जिल्लाधीशलाई .२२ को राइफलले गोली ठोकेर मारिदियो ।

विषालु सर्पहरू ! उनीहरूसित सामना गर्ने अवसरहरू लिनु ठीक छैन । उनी-हरू बहस गर्नुभन्दा पहिले नै गोली हानिदिन्छन् । उनीहरूको एउटा केटोले एक जना पुलिसलाई गोली हानेर मारिदिएपछि उनीहरूले के गर्छन्, थाहा छ ? उनीहरू पहिलेभन्दा झन् खस्रा हुन्छन् । त्यसैले उनीहरूसित खस्रो व्यवहार गरेर उनीहरूलाई तर्साई राख्नुपर्छ ।

उनीहरू डराउँदैनन् भने के गर्ने ? उनीहरूले कस्सिएर सामना गरी गोलीको जवाब गोलीले नै दिए भने के हुने होला ? उनीहरू सानैदेखि सशस्त्र थिए । बन्दूक उनीहरूको लागि अविच्छिन्न अंग हो । उनीहरू नडराए भने के गर्ने ? लाम्बार्डहरूले इटलीमा गरे जस्तै, जर्मनहरूले गेलमाथि गरे जस्तै तथा तुर्कहरूले बाइजाइन्टीयम-माथि गरे जस्तै कुनै बेला उनीहरूको सेना यस प्रदेशमा मार्च गरेर आयो भने के हुने होला ? उनीहरू जमीनका निम्ति भोका थिए, शस्त्र-अस्त्रले राम्री सुसज्जित थिएनन् तैपनि सेनाले उनीहरूलाई रोक्न सकेन । मार-काट र त्रासले उनीहरूलाई रोक्तैन । यस्ता मानिसलाई कसरी तर्साउन सकिन्छ जसको आन्द्रामात्र भोकले बटा-रिएको हुँदैन अपितु जसका केटाकेटीहरूका अभागी पेटमा भोकको ज्वाला पनि दन्कि-

रहेको हुन्छ ? त्यस्ता मानिसलाई तर्साउन सकिन्नँ ! यस्तो मानिस निडर हुन्छ ।

हूवरवाइलमा मानिसहरू कुरा गरिरहेका थिए : बाज्येले इन्जनहरूबाट जमीन पाएका थिए ।

अब, यस्तो कुरा गर्नु ठीक हुँदैन । हामीहरूले यहाँ यस्ता कुरा गर्छौं भने त्यो चोर्नु जस्तै हुनेछ । म चोर त होइन ।

होइन त ? तिमीले अस्ति राति दलानबाट एक बोतल दूध चोरेका थियौ । र तिमीले केही ताँवाको तार चोरेर एक चौटा मासु लिएर त्यसलाई बेचेका थियौ ।

हो, केटाकेटीहरूलाई साह्रै भोक लागेको थियो ।

तै पनि, त्यो त चोरी नै भयो ।

फेरफील्डको बिशाल खेत कसरी लिइयो, थाहा छ ? म भन्छु । त्यो जम्मै सरकारी खेत थियो । बूढो फेरफील्ड सैनफ्रैन्सिस्कोमा वकालत गर्न जाँदा त्यसले तीन सय जना आवाराहरूलाई हातमा लियो । तिनीहरूले सो खेत लिएपछि फेरफील्डले उनीहरूलाई खान र पिउन दियो । उनीहरूले जमीन देखाएपछि फेरफील्डले उनीहरूसँग त्यो जमीन लियो । ऊ भन्थ्यो, त्यो खेतको एकेक एकडको मोल एकेक माना ह्विस्की परेको थियो । त्यसलाई पनि चोरी नै भन्ने ?

अँ, त्यसो भन्नु ठीक हुँदैन । किनभने त्यसको निम्ति त्यो कहिले पनि जेल गएको थिएन ।

अँहँ, त्यो कहिले पनि त्यसको निम्ति जेल गएन । जुन मानिसले बोझा चीजहरू लाने मालगाडीमा एउटा डुंगा राखी पठाएँ भनेर रिपोर्ट दियो त्यही मानिस पानीमा थियो, किनभने त्यो डुंगाबाटै गयो । त्यो पनि कहिले जेल गएन । र कांग्रेसीहरू तथा व्यवस्थापिका-सभालाई जुन मानिसहरूले घूस खुवाएका थिए तिनीहरू पनि जेल कहिल्यै गएनन् ।

राज्यभरि नै हूवरवाइलहरूमा मानिसहरू बडबडाइरहे ।

त्यसपछि आक्रामणहरू—अनधिकृत तवरले अर्काको जमीन दखल गर्नेहरूका

कैम्पहरूमा सशस्त्र जिल्लाधीशहरूको तीव्र आक्रमण । गई हाल ! यो स्वास्थ्य विभागको आज्ञा हो । यो कैम्प स्वास्थ्यको लागि खतरनाक छ ।

हामी कतातिर लाग्ने त ?

त्यो हाम्रो काम होइन । हामीले तिमीहरूलाई यहाँबाट धपाउने अनुमति पाएका छौं । आधा घंटामा हामीहरूले यो कैम्पमा आगो लगाइदिन्छौं । यहाँ टाइ-फायड छ । यसलाई के तिमीहरू सबै ठाउँमा फैलाउन चाहन्छौ ?

हामीले तिमीहरूलाई यहाँबाट धपाउने आज्ञा पाएका छौं । अब निस्क ! आधा घंटामा हामीले यो कैम्प जलाउनेछौं ।

आधा घंटामा कागजका घरहरू, घाँसले छाएका झोपडीहरू जलेर निस्केको धूवाँ आकाशमा उठिरहेको तथा मानिसहरू आ-आफ्नो गाडी मूल-सडकहरूमा गुडा-उँदै अर्को हूवरवाइल खोज्दै गरिरहेका ।

कनसास तथा अर्कन्सासमा, ओक्लाहामा, टेक्सास तथा न्यू-मेक्सिकोमा ट्र्याक्टरहरू पसे र मोहीहरूलाई घोक्र्याएर पठाए ।

क्यालिफोर्नियामा तीन लाखभन्दा बढी मानिसहरू ओहिरिरहेका । त्यहाँका सडकहरूमा कमिला जस्तै उन्मत्त मानिसहरू तात्र, घचेट्न, उचाल्न, काम गर्न दौड-धूप गरिरहेका । प्रत्येक भारी उचाल्न मानिस चाहिएमा त्यो उचाल्न पाँच जोडा पाखुराहरू फैलाइन्थे । एक छाक भर-पेट खानको निम्ति पाँचवटा मुख खोलिन्थे ।

उथलपुथलमा आ-आफ्नो जमीन गुमाउनै पर्ने ठूलठूला जमीनका मालिकहरूले ठूलो वास्तविक कुरा जान्न तथा ध्यान दिएर इतिहास पढ्न सक्छन् । सम्पत्ति थोरै मानिसहरूको हातमा संचित भएपछि त्यो खोसिइन्छ । र त्यसको साथसाथ आउने कुरा यो छ कि अधिकांश मानिसहरू भोक र अभावको चपेटमा परेपछि आफूलाई चाहिएको कुरा बलजफ्ती लिन्छन् । प्रत्येक इतिहासमा पाइने क्षोभपूर्ण कुरा यो छ कि दमनचक्रले झन् दबिएकाहरूलाई बलियो र एक गराइदिन्छ । ठूल-ठूला मालिकहरूले इतिहासका यी तीन चर्चालाई लत्याउनु हुँदैन । थोरै मानिसहरूको साथमा जमीन हुन्थ्यो । बेदखलीहरूको संख्या बढेपछि ठूल-ठूला मालिकहरूको प्रयास

दमन गर्नमा लगाइन्थ्यो । रुपैयाँ हाथ-हथियारको लागि, ठूल ठूला जमीन रक्षा गर्न ग्याँसको लागि खर्च गरिन्थ्यो र विद्रोहको सानो अस्पष्ट आवाज बुझ्न गुप्तचरहरू पठाइन्थे जसले गर्दा त्यो विद्रोह दबाउन सकियोस् । परिवर्तित अर्थ-व्यवस्थालाई मात्र होइन अपितु परिवर्तनको निम्ति चाहिने योजनाहरू समेतको वास्ता गरिएन । विद्रोह कसरी दबाउने भन्ने कुरालाई मात्र ध्यानमा राखियो, तर विद्रोहका कारण-हरू भने जस्ताका तस्तै थिए ।

मानिसहरूलाई बेरोजगार पार्ने ट्र्याक्टरहरू, बोझ लाने साधनहरू, उत्पादनका मेशीनहरू सब बढाइएका थिए । झन्-झन् बढता परिवारहरू ठूलठूला जमीनहरूबाट रोटीका टुक्राहरूको खोजी गर्दै, सडकको बगलमा जमीनको लालच बढाउँदै मूल-सडकहरूमा हतार-हतार गर्दै जान थाले । ठूलठूला जमीनका मालिकहरू सुरक्षाको निम्ति संघहरू बनाएर धम्काउने, मार्ने, ग्याँस दिने तरीकाहरूमाथि छलफल गर्न बसे । यस्ता तीन लाख मानिसहरूले एउटा नेता पाए भने के होला भनेर उनीहरू-लाई सधैं डर भइरहन्थ्यो । तीन लाख भोकाएका र दुःखी मानिसहरूले आफैंलाई चिनेका भए जमीन उनीहरूले लिनेछन् तथा ग्याँस र संसारभरका राइफलहरूले पनि उनीहरूलाई रोक्न सक्ने छैनन् । साधारण मानिसहरूभन्दा न्यूनाधिक रूपले ठूला भइसकेका जमीनका मालिकहरूले ती मानिसहरूको सत्वानाश गर्ने कार्यमा लगनशील भएर यस्ता कुनै उपाय गर्न छोडेनन् जसले अन्तमा उनीहरूको विनाश ल्याउने थियो । हरेक सानो-सानो उपायले, प्रत्येक बलात्कारले, कुनै न कुनै हूवर-वाइलमा प्रत्येक आक्रमणले, झुन्ने कैम्पमा प्रत्येक उप-जिल्लाधीश फुइँ गरेर आउनाले त्यस दिनलाई अलिकति खलबलाइदिन्थ्यो तथा त्यस दिनको अनिवार्यतालाई ठोस तुल्याइदिन्थ्यो ।

तेज अनुहार भएका, भोकले दुब्लाएका, भोकलाई दबाएकाले सारो भएका, अपशोचका नेत्र तथा सारो जबडा भएका मानिसहरू पलेंटी कसेर बसिरहे । र उनी-हरूको चारैतिर उपजाउ भूमि थियो ।

त्यो चौथो पालमा बालक रोएको तिमी सुन्छौ ?

अँहँ, म भर्खर भित्र पसेको ।

अँ, त्यो बालकले निद्रैमा रोएर लडीबुडी खेलिरहेको । त्यो बालकको जहान-परिवारले जुका पऱ्यो भन्ठानेका । यसैले उनीहरूले उसलाई प्लास्टर खान दिए, अनि

त्यो मऱ्यो । त्यो बालकको जिन्नो कालो भयो भनी उनीहरू भन्थे । राम्रो खाना खान नपाएकोले त्यसो भएको भन्थे ।

बिचरा सानो बालक ।

हो, तर तिनीहरू उसलाई गाड्न सक्तैनन् । जिल्लाको फलफूलको बगैंचामा जानु पर्छ उनीहरूले ।

अँ, केको चासो ।

उनीहरूका हातले खल्ती छामेर साना-साना सिक्काहरू निकाले । त्यस पालको सामुन्ने चाँदीका सिक्काहरूको एउटा सानो थुप्रो जम्मा भयो । र त्यस परिवारले त्यो पैसा लियो ।

हाम्रा मानिस असल र दयालु छन् । हामी ईश्वरसँग प्रार्थना गर्छौं कि यस्तो दिन पनि आवस् जब दयालु मानिसहरू गरीब नहुन् । ईश्वरसँग प्रार्थना गर्छौं कि यस्तो दिन पनि आवस् जब बालकहरूले खान पाउन् ।

र मालिकहरूका संघले थाहा पाए कि यस्तो दिन आउने छ, जब ती भोका-एकाहरूले गरेको प्रार्थना थामिइने छ ।

र त्यही उनीहरूको अन्त्य हुनेछ ।

बीसौं अध्याय

मालसामानमाथि बसेका परिवार, केटाकेटीहरू, कान्नी, रोज आब शारन तथा पादरी कक्क्क परेर उनीहरूका मांसपेशी बटारिन थाले । उनीहरू बेकर्सफील्डमा अपमृत्युको कारण अन्वेषण गर्ने अफिसरको अफिस सामुन्ने गर्मीमा बसे तर बा, आमा र काका जान भने भिन्न पसे । त्यसपछि एउटा टोकरी बाहिर ल्याइयो र त्यो लामो गुटमुटचाइएको लाश ट्रकबाट तल ओरालियो । लाशको परीक्षण हुन्जेल उनीहरू घामैमा बसे । मृत्युको कारण पत्ता लागेपछि प्रमाणपत्रमा सही गर्ने काम सम्पन्न भयो ।

आल र टाम सडकमा हल्लिरहे र पसलका झ्यालहरू र पेटीबाट हिंड्ने मानिसहरूलाई हेरिरहे ।

अन्तमा बा, आमा र काका जान बाहिर आए । उनीहरू वशीभूत भएर शान्त थिए । काका जान मालसामानमाथि चढे । आमा र बा सीटमा बसे । टाम र आल फर्केर आएपछि टामले स्टियरींग ह्वील सम्हाल्यो । केही शिक्षाको लागि पर्खेर त्यो चूप लागेर त्यहाँ बस्यो । बा सोझै अगाडि हेरिरहनुभयो । उहाँको कालो टोप तलसम्म तानिएको थियो । आमाले आफ्नो मुख औंलाले पुछिन् । उनका आँखा कता-कता टोलाएका मात्र होइनन् अपितु थकाइले निर्जीव पनि थिए ।

बाले लामो उच्छ्वास लिएर भन्नुभयो । 'केही पनि गर्न सकिन्न ।'

आमाले भनिन्, 'मलाई थाहा छ कि बज्यै उनको अन्त्येष्टि राम्रो होस् भन्ने चाहन्थिन् । तिनी त्यो क्रिया जहिलेपनि मन पराउँथिन् ।

टामले उनीहरूलाई छड्के आँखाले हेरेर सोध्यो । 'जिल्ला ?'

'हो ।' मानौ कुनै वास्तविक कुरामा आउन चाहेको जस्तो गरी बाले आफ्नो मुन्टो छिटै हल्लाउनुभयो । 'हामीसँग पर्याप्त धन छैन । हामीले त्यसरी सम्पन्न गर्न सक्तैनौं ।' त्यसले आमातिर फर्केर भन्यो । 'तिमी नराम्रो नमान । हामीले जस्तै सुकै कोशिश गरेता पनि, जुनसुकै काम हामीले गरेता पनि अहिले त्यसरी गर्न सक्तैनौं । मासु नकुहिने मसला र कफीन किन्ने पादरी खर्च बेहोर्ने तथा विहानको निम्ति एक टुक्रा जमीन लिने औकात हामीमा छैन । हामीसँग अहिले जति खर्च छ त्यसको दस गुना खर्च यी जम्मै काम गर्नलाई लाग्छ । हामीले सकेको गर्नेछौं ।'

आमाले भनिन्, 'बज्यैले अन्त्येष्टि क्रिया राम्ररी सम्पन्न होस् भनेको मलाई थाहा छ, त्यसलाई मेरो दिमागबाट निकाल्न म असमर्थ छु । त्यसलाई बिर्सने कोशिश गर्नु पर्छ ।' दीर्घ उच्छ्वासको साथसाथै तिनले आफ्नो मुख हातले रगडिन् । 'त्यहाँ एक जना निकै राम्रो मान्छे छ । ठूलो भईकन पनि त्यो निकै बेस मान्छे छ ।'

बाले भन्नुभयो, 'हो, त्यसले हामीहरूलाई सोझो कुरा भन्छ ।'

आमाले आफ्नो हातले कपाल पछाडितिर सम्याएर लगिन् । उनका जबडा कसिए । तिनले भनिन्, 'हामीले पाउनु छ । हामीले बस्ने ठाउँ पाउनु छ । हामीले काम भेट्टाएर बस्ती बसाल्नु छ । सा-साना बच्चाहरूलाई भोकै राख्ने मतलब छैन । त्यस्तो काम बज्यै कहिले पनि गर्दिनथिन् । तिनी मृतकको काज-क्रियामा मजासँग खाने गर्थिन् ।'

टामले सोध्यो । 'हामी कहाँ जाँदैछौं ?'

बाले आफ्नो टोप उचालेर कपाल कन्याईकन भन्नुभयो, 'कैम्प जाँदैछौं । हामीले काम नपाएसम्म हामीसँग भएको अलिकति खर्च जोगाइराख्ने । हामी देहाततिर काम हेर्न जान्छौं ।'

टामले गाडी स्टार्ट गरेर सडकबाट देहाततिर गयो । र पुलनिरबाट उनीहरूले केही पाल र झोपडीहरू देखे । टामले भन्यो : 'यहाँ थामिएर के भैरहेछ र काम कहाँ पाइन्छ भन्ने कुरा पत्ता लगाउनु पर्ला ।' त्यसले ठाडो दुर्गन्धी ओरालोबाट गाडी लगेर कैम्पको किनारामा राख्यो ।

कैम्पमा कुनै व्यवस्था थिएन । साना-साना खैरा पालहरू, झोपडीहरू, गाडीहरू

लथालिंग भई छरिएका थिए । पहिलो घर अद्भुत थियो । त्यस घरको दक्षिणतिरको भित्ता खिया परेका तीनोटा कर्कटपाताले बनेको थियो । पूर्वतिरको भित्ता एउटा मैलो चारपाटे कार्पेटलाई दुइटा फल्याकहरूको बीचमा बाँधेर बनाइएको थियो । छाना छाउने कागजको एउटा पट्टी तथा झुत्रो टाटको एउटा पट्टीले उत्तर-तिरको भित्ता बनेको थियो । र पश्चिमतिरको भित्ता ६ टुक्रा बोराले बनेको थियो । माथि चारपाटे फ्रेममा नकाटिएको सरपतका हाँगाहरूमा नछाईकन घाँस त्यसै थुपारेर एउटा सानो टीला जस्तो बनाई राखेको थियो । ढोकाभित्र बोराको भित्तानिर सामग्री राखिएकोले लथालिंग थियो । पाँच ग्यालन मटितेल अटाउने एउटा टीनबाट चूलोको काम लिइराखिएको थियो । एक बगलतिर यसलाई घोप्ट्याएर त्यसको एक छेउमा खिया परेको चूलोको पाइप घुसारिएको थियो । एउटा भाँडा-कुँडा पखाल्ने डेगची यो टीनको बगलमा भित्तानिर पडिरहेको थियो । केही बाकसहरू यताउति त्यसै पडिराखेका थिए, कुनै बस्नको निम्ति, कुनै त्यसमाथि राखेर खानको निम्ति । मोडेल 'टी' फोर्डको एउटा पालकी तथा दुइ-पांग्रे एउटा गाडी त्यस झोपडीको बगलमा राखिएका थिए र त्यो कैम्पको वरिपरि आलस्यपूर्ण नैराश्य थियो ।

त्यस झोपडीको सँगै मौसमले खैरो पारेको तर सफा र उचित तवरले टाँगेको एउटा सानो पाल थियो । र त्यसको सामुन्ने राखिएका बाकसहरू पालको भित्तासँगै जोडिएका थिए । त्यसको ढोकाबाट एउटा चूलोको पाइप निस्किराखेको थियो र अगाडिको फोहर बढारेर पानी छरिएको थियो । भिजेको कपडाले भरिएको एउटा बालटीन एउटा बाकसमाथि राखिएको थियो । कैम्प सफा, सुग्धर तथा दृढ थियो । ए मोडेलको एउटा गाडी र घरमा बनाइएको ओछ्यान तानेर लैजाने एउटा गाडी पालको बगलमा खडा थियो ।

त्यस पालको सँगै एउटा ठूलो झुत्रे पाल थियो जसको च्यातिएर धुजा-धुजा परेका ठाउँमा तारका टुक्राहरूले मरम्मत गरिराखेको थियो । पालको ढोकामा लटकेका कपडा त्यसमाथि अडयाइएका थिए । पाल र झोपडी गरेर जम्मा चालीसओटा थिए र प्रत्येक पाल या झोपडीको बगलमा कुनै-न-कुनै किसिमको गाडी थियो । पालको लाममा केही केटाकेटीहरूले नयाँ तलतिर आइपुगेको ट्रकमाथि उभीकन घोरिएर हेरिरहे । धूलो लागेर कपाल खैरो भएको, ओवरआल्स लाएका तथा नांगा पैताला भएका ती सा-साना केटाकेटीहरू त्यस ट्रकतिर बढ़ेर गए ।

टामले ट्रक-गाडी रोकीकन बालाई हेरेर भन्यो । 'गाडीको अवस्था त्यतिको राम्रो छैन । कहीं जानु छ कि ?'

बाले भन्नुभयो, 'हामी कहाँ छौं भन्ने कुरा थाहा नभएसम्म कहीं पनि जान सक्तैनौं । हामीले काम कहाँ पाउँछौं भन्ने कुराबारे सोध-पूछ गर्नु छ ।'

टाम ढोका खोलीकन बाहिर निस्क्यो । परिवार माल-सामानबाट तल ओर्लेर आश्चर्यचकित भएर कैम्प निहार्न थाले । रूठी र विनफील्ड सडकमा जाने बानी परेकोले बालटीन लिईकन पानी लिन सरपतका बोटतिर गए ।

पहिलो झुत्रे-पालका ढोका फट्ट्याएर एउटी आइमाईले बाहिर हेरिन् । उनको खैरो कपाल चुल्ठो बाटेको थियो । तिनले फूल-बुट्टा भएको एउटा मैलो खकुलो लामो गाउन लाइराखेकी थिइन् । उनको आकृतिमा चाउरी परेको थियो र उनका रिक्त नेत्रमुनि भद्दा गहिरो खैरा थैला जस्ता परेका थिए तथा उनको मुखमा शिथिलता र खुकुलोपन थियो ।

बाले सोध्नुभयो : 'हामी यहाँ रोकेर पाल टाँग्न सक्छौं के ?'

टाउको झोपडी भित्र खिचियो । एक छिन निस्तब्ध भएपछि पालको ढोका उघारिइयो अनिपछि बाहुला भएको कमीज लाएको एउटा दाह्री पालेको मानिस निस्क्यो । ऊ निस्केपछि ती आइमाईले बाहिर हेरिन् तर निस्किनन् ।

दाह्री पालेको मानिसले भन्यो : 'क्या हो मानिसहरू ।' यति भनेर उसका बेचैन काला आँखा परिवारको प्रत्येक सदस्यलाई निहालेर हेरिसकेपछि ट्रक तथा सामानहरूमाथि हेर्न थाले ।

बाले भन्नुभयो : 'हाम्रा सामानहरू कहीं राख्नहुन्छ कि भनेर मैले तिम्रो आइमाईसित भर्खर सोधें ।'

त्यो दाह्रीवालले बालाई घोरिएर हेऱ्यो मानौं बाले यस्तो विद्वत्तापूर्ण कुरा भन्नु भएको होस् जसमा विचार गर्ने आवश्यकता पर्थ्यो । त्यसले सोध्यो । 'यहाँ-निर कहीं बस्न ?'

अवश्य, यो ठाउँ कसैको हो जसबाट यहाँ पाल टाँगेर बस्नुअगाडि हामीले विचार गर्नु पर्थ्यो ।'

त्यो दाह्रीवालले प्राय: एउटा आँखा बन्दै होला जस्तो गरी छड्के नजरले हेरेर बालाई अध्ययन गरेपछि भन्यो । 'तिमीहरू यहाँ पाल टाँग्न चाहन्छौ ?'

बाको आक्रोशको पारा चढ्दै गयो । ती खैरो कपाल भएकी आइमाईले भांग्राले मोडेको झोपडीबाट च्याएर हेरिन् । बाले भन्नुभयो । 'मैले भनेको कुरामा तिमी के विचार गछर्यौ ?'

'अँ, तिमी यहाँ पाल टाँग्न चाहन्छौ भने किन टाँग्दैनौ त ? मैले तिमीलाई रोकिराखेको छैन ।'

टामले हाँसेर भन्यो । 'त्यसले टाँग्छ ।'

बाले आफ्नो रिसलाई सम्हालेर भन्नुभयो । 'यो जग्गा कसैको हो कि भनेर मैले जान्न खोजेको । यहाँ बस्दा हामीले केही तिर्नु पर्ने हो कि ?'

त्यो दाह्रीवालले आफ्नो जबडा बाहिर छुस्स निकालेर सोध्यो । 'यो कसको हो र ?'

बाले फर्केर भन्नुभयो । 'क्या हैरान हुन्छ यसको कुरा सुनेर ।' ती आइमाई फनक्क फर्केर पालभित्र पसिन् ।

त्यो दाह्रीवालले तर्साउने छाँटले अघि सरेर सोध्यो । 'यो कसको हुन सक्छ र ? कल्ले हामीहरूलाई यहाँबाट निकाल्न सक्छ र ? मलाई भन ।'

टामले बाको सामुन्ने आएर भन्यो । 'बाले निकै बेर आराम लिए पनि हुन्छ ।' त्यो दाह्रीवालले आफ्नो मुख खोलेर तल्ला जबडाहरूमा एउटा फोहर औंला राख्यो । एक छिन त्यसले टाममाथि विद्वत्ता तथा विचारपूर्वक हेरिनै रह्यो । त्यस पछि त्यो फनक्क फर्केर झोपडीभित्र पस्यो ।

टामले बातिर फर्केर सोध्यो । 'क्या हैरानको कुरा थियो यो ?'

बाले असन्तोषको संकेत दिन आपनो कुम खुम्च्याउनुभयो । उहाँ कैम्पको पारितिर हेरिरहनु भएको थियो । एउटा पालको सामुन्ने एउटा पुरानो ब्युइक गाडी थियो र त्यसको टाउको देखिदैनथ्यो । एउटा जवान मानिस कपाटहरू सुल्टो-उल्टो घुमाइरहेको थियो । त्यसले जोड-परिवारको ट्रकमा नजर उठाएर हेर्‍यो । ऊ एक्लै खित्का छोडेर हाँसिरहेको उनीहरूले देखे । त्यो दाह्रीवाल गइसकेपछि त्यो जवान मानिस आपनो काम छोडेर यताउति टहल्न थाल्यो ।

'तिमीहरूलाई कस्तो छ ?' भनेर त्यसले सोध्यो र उसका नेत्र आमोद-प्रमोदले चम्केका थिए । 'तिमीहरूले भर्खरै नगराध्यक्षसित भेटघाट गरेको मैले देखेको छु ।'

टामले सोध्यो । 'त्यो मोरालाई के भएको होला ?'

त्यो जवान मानिसले मुख बन्द गरीकन हाँसेर भन्यो । 'त्यो तिमी र म जस्तै आचार र विचारमा उच्छृंखल छ । त्यो मभन्दा अलि बढ्ता उच्छृंखल भएको हुनसक्छ । थाहा भएको त होइन मलाई ।'

बाले भन्नुभयो: 'हामीहरू यहाँ बस्न सक्छौं कि भनेर मैले ऊसँग सोधें ।'

त्यो जवान मानिसले आपनो ग्रीज लागेका हात सुरुवालमा पुछेर भन्यो । 'अवश्य बस्न सक्छौ । किन सक्तैनौं ? तिमीहरू भर्खरै मरुभूमि पार गरेर आएका ?'

टामले जवाब दियो । 'हो, आज बिहानै पार गरेर आइपुगेका ।'

'कहिले हूवरवाइलमा अघि-अघि पुगेका छौनौ ?'

'हूवरवाइल कता छ ?'

'यही त हो नि हूवरवाइल ।'

टामले भन्यो । 'अहो ! हामी भर्खरै हूवरवाइलमा पस्यौं ।'

विनफील्ड र रूठी दुवै एक बालटीन पानी बोकेर त्यहाँ आइपुगे ।

आमाले भनिन् : 'अब पाल-साल टाँगौं । मलाई थकाइ लागिसक्यो । हामी सबै आराम लेऔं ।' बा र काका जान ट्रकमाथि चढेर टाट र ओछ्यानहरू तल ओसार्न थाले ।

टाम टहल्दाटहल्दै त्यो जवान मानिसले काम गरिरहेको गाडीको बगलसम्म पुग्यो । त्यसले सोध्यो : 'त्यो दाह्रीवाल कस्तो किसिमको मानिस रहेछ ?'

त्यो जवान मानिसले कपाट कस्ने यन्त्रलाई उल्टो-सुल्टो घुमाईकन भन्यो । 'त्यो नगराध्यक्ष ? क्राइस्टलाई थाहा होला, म त अनुमान गर्छु कि त्यो त साँढे जस्तै सोझो छ ।'

साँढे जस्तै सोझो भनेको के हो ?'

'पुलिसहरूले उसलाई घचेटेता पनि त्यो छिटो-छिटो गइरहेकै हुन्छ ।'

टामले सोध्यो : 'उनीहरू उसलाई किन त्यसरी घचेट्छन् त ?'

त्यो जवान मानिसले आफ्नो काम रोकेर टामको आँखामा हेरीकन भन्यो । 'क्राइस्टलाई थाहा होला । तिमी भर्खर त आयौ । तिमी आफैं यसबारे विचार गर्न सक्छौ । एउटाले एक थोक भने अर्कोले अर्कै थोक भन्छ । तर तिमीहरू केही दिन एकै ठाउँमा बसेपछि एउटा उप-जिल्लाधीशले तिमीलाई कति चाँडै घचेट्दो रहेछ भन्ने कुरा देख्ने छौ ।' त्यसले कपाट उचालेर त्यसको ठाउँमा घेरा पोत्यो ।

'तर के भनेर घचेट्ने ?'

'मलाई थाहा छैन भनेर मैले भनी हालें । कोही भन्छन् हामीले भोट देऔं भनी उनीहरू चाहँदैनन् र हामीले भोट दिन नसकौं भनेर हामीलाई एक ठाउँबाट अर्को ठाउँमा हिंड्न लगाउन चाहन्छन् । र कोही भन्छन् कि हामीले छुटकारा पाउन सक्तैनौं । अर्कोथरिको भनाइ छ कि हामीहरू एकै ठाउँमा बस्यौं भने हामीहरू संगठित हुनेछौं । यस्तो किन भनेको होला मलाई थाहा छैन । मलाई त यतिमात्र थाहा छ कि हामीहरू सधैं गाडी हाँकेर हिंड्छौं । पर्ख, तिमीहरूले देख्न पाउने छौ ।'

टामले आग्रह गरेर भन्यो । 'हामीहरू जँड्याहा, आवारा होइनौं । हामी कामको खोजी गर्दैछौं । जस्तै काम पनि हामी गर्नेछौं ।'

कपाटको प्वालमा बर्मा जड्दा त्यो जवान मानिस थामियो । त्यसले चकित भएर टामलाई हेरेर भन्यो । 'कामको खोजी गरिरहेका ? उसोभए तिमीले काम खोजी गरिरहेका । सबैले के खोजिरहेको भन्ठानेका तिमीले ? हीरा खोजिरहेका ? मैले आपनो गाडीलाई खियाएर के खोजिरहेको भन्ठानेका तिमीले ?' ऊ बर्मालाई उल्टो-सुल्टो घुमाउन थाल्यो ।

टामले मैलिएका पालहरूमा, रद्दी सामानहरूमा, पुराना गाडीहरूमा, घाममा राखिएका डुङ्गुर डसनाहरूमा, मानिसहरूले पकाउने गरेका धूवाँले कालो पारेका प्वालहरूमा राखिएका काला भाँडाहरूमा अवलोकन गऱ्यो । त्यसले शान्तपूर्वक सोध्यो : 'यहाँ कुनै काम-साम पाइँदैन के ?'

'मलाई थाहा छैन । पाइनु पर्छ । अहिले यहाँ कुनै किसिमको बाली छैन । अंगूर र कपास पनि पछिनै टिप्न पाइन्छ । हामीहरू काम खोज्न जाँदैछौं । छिटै यी कपाटहरू मिलाउँदै छु । मेरा एउटी स्वास्नी र केटाकेटीहरू छन् । हामीले उत्तरतिर काम पाइन्छ भन्ने कुरा सुन्यौं । हामी उत्तरतिर सैलिनाजको वरिपरि जाँदैछौं ।'

टामले काका जान, बा र पादरीलाई अलकतरा लाएको टाट पालका खम्बा-हरूमा उचालिरहेका तथा आमालाई पालभित्र घुँडा टेकेर जमीनमा ओछ्याइएका डसनाहरूबाट धूलो झारिरहेको देख्यो । नांगा पैताला तथा मैलिएका आकृति भएका एक घेरा शान्त केटाकेटीहरू उभिएर नयाँ परिवार बसेका हेरिरहे । टामले भन्यो । 'हामीहरू घरमा छँदा केही मानिसहरूले सुन्तला रंगका पर्चाहरू लिएर आईकन भने कि उनीहरूलाई बाली काट्न पर्याप्त मानिसहरूको आवश्यकता छ रे ।'

त्यो जवान मानिसले हाँसेर भन्यो । 'यहाँ हामीहरू तीन लाख छौं भनेर उनीहरू भन्छन् र म बाजी ठोक्न सक्छु कि प्रत्येक परिवारले ती पर्चाहरू देखेको छ ।'

'हो, तर उनीहरूलाई मानिसहरू नचाहिएको भए उनीहरूले ती पर्चाहरू छाप्ने तकलीफ किन उठाउनु पर्यो ?'

'आफ्नो दिमाग खियाऊ, किन खियाउँदैनौ ?'

'हो, तर म जान्न चाहन्छु ।'

त्यो जवान मानिसले भन्यो । 'हेर, भनुँ कि तिमीसित केही काम गराउनु छ । र एकै जनाले काम चाहेको छ भने तिमीले उसलाई त्यतिनै तिर्नु पर्छ जति त्यसले माग्छ । तर, सय जना मानिसहरू छन् भन्ठान ।' त्यसले आफ्नो औजार तल राख्यो । उसको नेत्रमा कठोरपन आयो र आवाजमा तिखोपन । सय जना मानिसले त्यो गर्न चाहेका छन् भनौं । ती मानिसहरूका भोकाएका केटाकेटीहरू छन् भनौं । दस सेन्टले तिनीहरूको निम्ति कमसल खानाको एक बाकस आउँछ भनौं । र तिमीहरू सय जना छौ भने पाँच सेन्ट ज्याला दिएपछि त्यसको निम्ति सय जनाको बीच मारामार हुनेछ । मैले अन्तिम काम पाउँदा उनीहरूले कति ज्याला दिए, थाहा छ ? घण्टाको पन्ध्र सेन्टको दरले डेढ डलर लिनलाई दश घण्टा काम गर्नु पर्थ्यो । अनि त्यस ठाउँमा कोही पनि टिक्न सक्तैन । त्यस ठाउँमा पुगेर पेट्रोलले जलाई दिनु पर्ने ।' ऊ रिसले स्वाँ-स्वाँ फ्वाँ-फ्वाँ भयो । र उसका नेत्र घृणाको भावनाले लाल-लाल भए । 'पर्चाहरू निकालिएको कारण त्यही हो । खेतमा काम गरे वापत घण्टाको पन्ध्र सेन्टको दरले ज्याला दिनलाई त्यस्ता पर्चाहरू जतिपनि छाप्न सकिन्छ ।'

टामले भन्यो: 'त्यो गन्दा काम हो ।'

त्यो जवान मानिसले रुखो तवरले खित्का छोडेर हाँसीकन भन्यो । 'तिमीहरू यहाँ केही दिन बसेर हेर । कहीं राम्रो काम पाइयो भने मलाई पनि बोलाऊ ।'

टामले आग्रह गरेर भन्यो । 'तर काम त छ । क्राइस्ट परमेश्वर, फलफूलका बगैंचाहरूमा अंगूरहरू लटरम्म फलेका तथा अन्यत्र सागपातहरू झ्याम्म उम्रिराखेका मैले आफ्नै आँखाले देखेको छु । ती फलफूल र सागपात टिप्न मान्छे चाहिन्छन् । ती सब चीज मैले नै देखेको ।'

गाडीको बगलको पालमा एउटा बालक रोयो । त्यो जवान मानिस पालभित्र गयो र टाटको बीचबाट उसको आवाज सुस्त-सुस्त सुनियो । टाम बर्मा लिएर कपाटको प्वालमा राखेर उल्टो-सुल्टो घुमाउन थाल्यो । बच्चा रोएको थामिएपछि त्यो

जवान मानिस बाहिर आएर टामले वर्मा चलाएको हेरिरह्यो । त्यसले भन्यो, 'घुमाऊ, यसले हैरान गरिसक्यो । यसलाई यस्तै गर्नु पर्छ ।'

टामले फेरि भन्यो । 'मैले जे भनें त्यसमा के विचार गऱ्यौ ? मैले ती सब चीज उम्रिरहेको आफ्नै आँखाले देखेको छु ।'

त्यो जवान मानिसले आफ्नो कुर्कुच्चाले टेकेर थचक्क बसीकन शान्तपूर्वक भन्यो । 'म भनुँला । त्यो ठूलो राँडा आरुको बगैंचामा मैले काम गरेको थिएँ । त्यसमा सालभरि काम गर्न नौ जना मानिसको दरकार पर्थ्यो ।' त्यो प्रभावपूर्ण ढंगले थामियो । 'ती आरु पाकेपछि दुइ हप्तासम्म तीन हजार मानिसको आवश्यकता पर्थ्यो । त्यति मानिस त लगाउनै पर्थ्यो नत्र ती आरु सडेर जाने थिए । यसैले उनीहरू के गर्थे ? उनीहरूले सब ठाउँमा पर्चाहरू बाँडे । उनीहरूलाई तीन हजार मानिसको आवश्यकता परेको थियो तर ६ हजार मानिस आइदिए । उनीहरूले जति ज्याला तिर्न चाहेका थिए त्यतिमा ती मानिसहरूलाई काममा लगाउन सके । उनीहरू दिएको ज्याला लिन मान्दैनन् भने हजार जवान मानिस त्यति ज्यालामा काम गर्न तयार हुन्छन् । यति ज्यालामा फलफूल टिप्दै गएपछि काम सिद्धिहाल्छ ? प्रदेशको त्यस भागको आरु टिप्ने काम नै सकिन्छ, किनभने सब एक साथ पाक्छन । उनीहरूले त्यस ठाउँमा आरु टिप्ने काम सिध्याइसकेपछि त्यस भागको अरू ठाउँमा पनि टिप्ने काम सकिन्छ जमबाट कहींपनि काम पाइँदैन । अनि ती काम गराउने मालिकहरू-लाई तिम्रो आवश्यकता पर्दैन । तीन हजारले काम गरेका हुनाले काम सिद्धिहाल्छ । त्यसपछि काम गर्ने मजदूरहरूले चोर्ने, रक्सी खाने र अनेक किसिमको उत्पात गर्ने-छन् । यसको अलावा एउटा राम्रो मुलुकमा तिनीहरू पुराना पालहरूमा बसेर नराम्रा देखिएका मात्र हुँदैनन् अपितु गह्राउँछन् पनि । उनीहरू तिमीहरूलाई यताउति घुमेका पनि देख्न चाहँदैनन् । यसैले उनीहरू गलहत्याइन्छन् । परिस्थिति यही छ ।'

टामले जोड-परिवारको पालमा अवलोकन गरेपछि आफ्नी आमालाई थकाइले सुस्तिएर सुकेका पातहरूबाट आगो बनाई त्यसमा पकाउने भाँडाहरू बसालेर बसेकी देख्यो । केटाकेटीहरू नजीक आएर घेरा हालेर बसे । उनीहरू शान्त ठूलठूला आँखाले आमाको हात चलेको एकेक गरी हेरिरहे । एउटा कुप्रे बूढो-बूढो खालको मान्छे एउटा पालबाट निस्केर भालुले जस्तै सुइँ सुइँ सुँघ्दै नजीक आयो । आफ्ना पाखुरा

पछाडि राखेर त्यो केटाकेटीहरूसँगै आमाको काम हेर्न थाल्यो । रूठी र विनफिल्ड आमाको नजीक उभिएर ती नचिन्नेहरूलाई हाँक दिने तरीकाले हेर्न थाले ।

टामले रिसाएर भन्यो : 'ती आरुहरू ठीक अहिले नै टिप्नु पर्छ, पर्दैन र ? पाकेको बेला टिप्नु पर्दैन ?'

'अवश्य टिप्नु पर्छ ।'

'अँ, ती मानिसहरू मिलेर यस्तो भनेका ठानौं । "ती आरुहरू सड्न देऊ ।" त्यसपछि ईमानसाथ बजार भाउ लगत्तै चढी हाल्नेछ ।'

त्यो जवान मानिसले कपाटहरूबाट नजर उठाएर टाममाथि व्यंग्यात्मक तवरले हेरेर भन्यो । 'अँ, तिमीले केही विचार गऱ्यौ, गरेनौ ? छोडिदेऊ त्यो विचारलाई ।'

टामले भन्यो । 'मलाई थकाइ लागेको छ । मैले रातभरि गाडी चलाएको । म कुनै बहस गर्न चाहन्न । मलाई कुनै प्रश्न गरेर हैरान नगर । म तिमीसित यही कुरा सोध्छु ।'

त्यो युवकले ङिच्च हाँसेर भन्यो । 'मेरो तात्पर्य त्यो होइन । तिमी यहाँ बसेका छैनौ । मानिसहरू त्यस्तै विचार गर्थे । र आरुको बगैंचाका मानिसहरू पनि त्यस्तै विचार गर्थे । हेर, मानिसहरू एक सूत्रमा बाँधिएर एउटा तर्क गर्नसक्ने नेताको छत्रछायाँमा संगठित भईकन पहिले बाजि त्यस नेताले बगैंचाका मालिकहरूको सामुन्ने आफ्नो मुख खोले उनीहरूले उसलाई लगेर जेलमा जाक्नेछन् । र फेरि अर्को नेता आएमा त्यसलाई पनि उनीहरूले जेल पठाउनेछन् ।'

टामले भन्यो : 'अँ, जेलमा मानिसले जसरी भए पनि खान त पाउँछ ।'

'उसका केटाकेटीहरूले खान पाउँदैनन् । आफ्ना केटाकेटीहरू खान नपाएर मर्छन् भने को जेलभित्र जान चाहन्छ ?'

टामले बिस्तारै भन्यो, 'हो, हो ।'

'र अर्को कुरा पनि छ । कालो सूचीको बारे केही सुनेका छौ ?'

'कालो सूची भनेको के हो ?'

'अँ, तिमीले भर्खर हामी सबै एक सूत्रमा बाँधियौं भने के होला भनेकोमा सुन; उनीहरूले एक सूत्रमा बाँधिनेहरूको तसबीर लिएर सब ठाउँमा पठाउँछन् । अनि उनीहरूले कहीं पनि काम पाउन सक्तैनन् । र उनीहरूका केटाकेटी भए–'

टामले आफ्नो टोपी फुकालेर निमोठ्न थाल्यो । 'उसोभए हामीले जति पाए पनि लिने, हँ, नत्र हामी भोकै मर्छौं र हामी करायौं भने पनि भोकै मर्छौं ।'

त्यो युवकले हात चलाएर हावामा एक चक्कर काट्यो । उसको हातले झुम्रो पाल र खिया परेका गाडीहरू समात्न पुग्यो ।

टामले फेरि आफ्नो आमालाई हेर्‍यो । उनी आलु ताछेर बसिरहेकी थिइन् । र केटाकेटीहरू झन् नजीक पुगिसकेका थिए । त्यसले भन्यो: 'म यस्तो काम गर्न छैन । भीरमा लडाइदेऊ त्यस्ता कामलाई । म र मेरा परिवार भेडा होइनन् । म त्यस्तालाई लात्तीले हानुँला ।'

'एउटा पुलिसले जस्तै ?'

'कसैले जस्तै ।'

त्यस युवकले भन्यो । 'तिमी पागल छौ । उनीहरूले तिमीलाई उठाएर लाने छन् । तिम्रो न नाउँ छ न धन-सम्पत्तिनै । नाक र मुखमा रगत जम्ने गरीकन उनीहरूले तिमीलाई खाल्टोमा फ्याँकिराख्नेछन् । तिम्रोबारे अखबारमा के लेख्छन् थाहा छ ? "आवारा मरेको पाइयो ।" बस, कुरा सकियो । तिमीले "आवारा मरेको पाइयो ।" भनी लेखिएका अनेकौं अखबारहरूमा देख्न पाउने छौ ।'

टामले भन्यो : 'साँच्चै यहाँ कोही आवारा मरेको पाइएला ।'

युवकले भन्यो । 'तिमी पागल छौ । त्यस्ता साँच्चै आवारा मरेकोमा लेखेर के फाइदा ?'

'अँ, तिम्रो त्यसमा के गर्ने विचार ?' त्यसले उसको ग्रीज लागेको मुखमा हेर्‍यो । त्यस युवकका नेत्रमा पर्दा लागेको जस्तो धमिलोपन आयो ।

'केही पनि गर्ने विचार छैन । तिमीहरू कहाँबाट आएका ?'

'हामीहरू ? ठीक सल्लिसको नजीक ओक्लाहामाबाट ।'

'आजै आइपुगेका ?'

'आजै ।'

'यता धेरै दिनसम्म घुमघाम गर्ने ?'

'थाहा छैन । जहाँ काम पाउन सकिन्छ त्यहीं हामीहरू बसौंला । किन ?'

'त्यसै ।' फेरि आँखामा धमिलोपन आयो ।

टामले भन्यो । 'अहिले सुत्नु पर्‍यो । भोलि हामीहरू काम खोज्न जाऔंला ।'

'तिमीहरू जान सक्छौ ।'

टाम फर्कीकन जोडको पालतिर गयो ।

त्यस युवकले कपाट राख्ने भाँडा लिएर त्यसमा आफ्नो औंला गाडीकन जोरसँग करायो । 'ओ !'

टामले फर्केर सोध्यो । 'किन, के भन्नुपर्‍यो ?'

'मैले तिमीलाई एक थोक भन्नु छ ।' त्यसले औंलाले इशारा गरेर भन्यो । 'मेरो तिमीलाई एउटा कुरा भन्नु छ । बेकारमा काम खोज्न नजाऊ । त्यो साँढे

जस्तो सोझो मानिस कस्तो देखिन्थ्यो, त्यही कुरा संझ ।'

'त्यो पालमा बस्ने मानिस ?'

'हो– हेर्दा लाटो जस्तो, केही समझ नभएको जस्तो देखिन्थ्यो ?'

'त्यो के त ?'

'अँ, पुलिसहरू यहाँ भित्याउँदा ऊ र उसका जहान-परिवार सबै भित्र आउँछन् । त्यस्तै तिमी पनि हुनु पर्छ भनेको । लाटो जस्तो– केही थाहा नभएको जस्तो, केही नबुझेको जस्तो । त्यसो भएपछि मात्र पुलिसहरूले हामीहरूलाई मन पराउँछन् । पुलिसहरूलाई हात नहाल । त्यसो गर्नु घातक हुन्छ । साँढे जस्तै सोझो होऊ ।'

मोरा पुलिसहरू भने मलाई पछार्ने र मैलेचाहिं केही नगर्ने ?'

'होइन । यता हेर त । आज राति म तिमीकहाँ आउँला । मैले भनेको गल्ती हुन सक्छ । चारैतिर गुप्तचरहरू छोडिराखेका छन् । म एउटा मौका लिन्छु । मेरो एउटा बच्चा पनि छ । तर म तिम्रो निम्ति आउँला । तिमीले पुलिस देख्यौ भने, तिमी लाटो ओकी जस्तै हुनू, बुझ्यौ ?'

टामले भन्यो । 'हामी केही गरिरहेछौं भने त्यो ठीकै छ ।'

'चिन्तित नहुनू । हामीले केही गर्न आँटेका छौं । हामीहरू प्रकट भएका छैनौं मात्र । एउटा बालकले छिटै भोक-भोकै बस्नु पर्ने हुन्छ ।' त्यसले आफ्नो काम गर्न थाल्यो; कपाटको ठाउँमा मिलावट फैलाएर आफ्नो हातले बर्मालाई छिटो-छिटो उल्टो-सुल्टो घुमायो । उसको मुखमा लाटोपन तथा मन्दपन छायो ।

टाम बिस्तारै आफ्नो कैम्पमा फर्केर गयो । 'साँढे जस्तै सोझो', भन्ने कुरा मन-मनमा जप्दै गयो ।

बा र काका जान सुकेका सरपतका हाँगाहरू पाखुराभरि राखेर कैम्पतिर आए । ती हाँगाहरूलाई आगोको बगलमा फालेर उनीहरू पलेंटी कसेर बसे । बाले भन्नुभयो । 'ती हाँगाहरू निकै परबाट टिपेर ल्याएको । दाउराको निम्ति निकै टाढा

जानुपर्ने रहेछ ।' उनी घुरेर हेरिरहने केटाकेटीहरूको घेरामा हेर्न थाले । उनले भने । 'अरे भगवान् ! तिमीहरू कहाँबाट आएका ?' सबै केटाकेटीहरू सचेतनाले आफ्ना पैताला हेर्न थाले ।

आमाले अनिन् । 'उनीहरूले पकाएको बास्ना पाए क्यारे । विनफील्ड, तँ पैताला मुनितिरबाट निस्केर जा ।' तिनीले उसलाई घचेटेर पठाइदिइन् । तिनले भनिन् । 'अलिकति मासु हामीले पकाउनु छ । हामीहरूले घर छोडेदेखि पकाएको खाना खाएका छैनौं । बाले भण्डारमा गएर गर्दनको मासु अलिकति ल्याइदिनु पन्यो । यहाँ राम्रो पाक्ने छ ।' बा उठेर बिस्तारै जानु भयो ।

आलले गाडीको हुड उठाएर ग्रीज लागेको इन्जीन हेर्न थाल्यो । नजर उठाएर हेर्दा टाम आइपुगेको देख्यो । त्यसले भन्यो । 'तिमी त एउटा लुटाहा जस्तै खुशी भएका देखिन्छौ ।'

टामले भन्यो । 'वसन्तको झरीमा खुशी भएको भ्यागुतो जत्तिकै म खुशी छु ।'

आलले औंल्याएर भन्यो । 'इन्जीन हेर, निकै असल, हैं ?'

टामले भित्र च्याएर हेरीकन भन्यो । 'मलाई त ठिकै जस्तो लाग्छ ।'

'ठीक ? जीजस, यो इन्जीन गजब भयो । यसबाट न तेल आउँछ न यसले अरू काम नै दिन्छ ।' त्यसले स्पार्कको प्लग खोलेर आफ्नो चोर-औंला प्वालमा घुसाऱ्यो । 'माथितिर चपरी जमेको, तर सुक्खा छ ।'

टामले भन्यो : 'तिमीले टिप्ने काम राम्रै गरेका छौ । तिमीले मलाई भन्न चाहेको कुरा त्यही हो ?'

'अँ, बाटोभरि यस विचारले मलाई डर लागेको थियो कि यो गाडी फुट्ने थियो र त्यो मेरो दोष हुनेथ्यो ।'

'अँहं, तिमीले बेसै गरेका छौ । यो गाडीलाई ठीक गर किनभने भोलि हामीहरू काम खोज्न जांदैछौं ।'

'यो गाडी चल्ने छ ।' आलले भन्यो । 'त्यसमा केही चिन्ता लिनु पर्दैन ।' त्यसले खल्तीबाट एउटा चक्कु झिकीकन स्पार्क प्लगका टुप्पाहरू ताछ्यो ।

टाम पालको बगलको वरिपरि डुल्दै गयो । त्यसले केसीलाई जमीनमा बसेर एउटा नांगो पैतालामा बुद्धिमानीसँग हेरिरहेको पायो । टाम उसको बगलमा भद्दासँग बस्यो । 'त्यसले काम देला भन्ठानेका ?'

केसीले सोध्यो । 'के ।'

'तिम्रा ती खुट्टाका औंलाहरू ।'

'अहो ! भर्खर विचार गर्न यहाँ बसिरहेको ।'

टामले भन्यो । 'तिमी सधैं यसको निम्ति असल र सुखी छौ ।'

केसीले आफ्नो बुढी-औंला माथितिर उठाएर त्यसको तलतिरको औंला तल ओरालेर शान्तसँग मुस्काईकन भन्यो । 'कुनै मानिसको निम्ति आफैंले गर्ने विचार नगरीकन कुनै कुराको विचार गर्न निकै मुश्किल हुन्छ ।'

टामले सोध्यो । 'सधैं विचार गरिरहन्छौ ?'

'ज्यू, सधैं विचार गरिरहन्छु ।'

टामले मैलिएर विग्रिसकेको आफ्नो कपडाको टोपी फुकालेपछि त्यसको नकाब चराको चुच्चो जस्तो देखिन थाल्यो । त्यसले पसिनाबाट सुरक्षा गर्ने पट्टी बाहिर फर्काएपछि लामो गरी बेरी पट्टयाएको अखबार नयाँ फेरेर भन्यो । 'पर्याप्त पसिनाले गर्दा यो अखबार खुम्चिएर गयो । त्यसले केसीको चलिरहेको खुट्टाका औंलाहरूमाथि दृष्टिपात गरेर भन्यो । 'तिमी एक छिन आफ्नो विचारधारालाई भंग गरेर मेरो कुरा सुनिदिन्छौ कि ?'

केसीले डाँठ जस्तो गर्धनमा आफ्नो टाउको घुमाईकन भन्यो । 'म जहिले पनि सुन्छु । त्यसैले म विचार गर्दैछु । मानिसहरूले कुरा गरिरहेको सुन्दछु र बाटो हिंड्ने मानिसहरूले अनुभव गरेका मनको भावना म छिटै सुन्दछु । माथि छानामा चराले

पखेटाहरू फरफराए जस्तै ती मानिसहरू आफ्ना भावनाका पखेटा फर्फराइरहेका हुन्छन् । बाहिर निस्कने प्रयासमा धूलोभरि हावामा उनीहरू आफ्ना पखेटा भाँच्न लागेका छन् ।'

टामले उसलाई ठूलठूला आँखाले हेरिसकेपछि फर्केर बीस फीट परको एउटा खैरो पालमाथि अवलोकन गर्न थाल्यो । पालमा मानिसहरूका धोएका जीन-पैन्ट र कमीजहरू तथा एउटा पोशाक सुकाउने उद्देश्यले झुंडयाइएका थिए । त्यसले कोमल स्वरमा भन्यो : 'म त्यसैको बारे तिमीलाई भन्न लागेको थिएँ । र तिमीले अघिबाटै देखिसकेका रहेछौ ।'

केसीले स्वीकृति दिएर भन्यो । 'मैले देखेको छु । हामीहरू कुनै साधन नभएका सेना हौं ।' आफ्नो मुन्टो झकाईकन त्यसले विस्तारै आफ्नो फैलिएको हात निधार र कपालमा लग्यो । त्यसले भन्यो । 'जहिले पनि मैले यो देखेको छु । जुन ठाउँमा थामिए पनि मैले यो देखेको छु । मानिसहरू बगलतिरको मासु खान उत्सुक हुन्छन् र त्यो मासु पाएपछि उनीहरू अघाउँदैनन् । उनीहरू त्यतिविधि भोकाएपछि भोक-लाई रोक्न नसकेर उनीहरूको निम्ति प्रार्थना गरिदेऊ भनेर मसँग भन्थे र कहिले-काहीं म प्रार्थना गरिदिन्थें ।' त्यसले माथि उचालिएका घुँडाहरू खुम्च्याई आफ्ना खुट्टाहरू भित्र तानेर भन्यो । 'प्रार्थनाले भोक मेटिएला भन्ने विचार गरेर म प्रार्थना शुरू गरिदिन्थें र झिगामार कागजमा झिगा टाँसिए झैं उनीहरूको भोकको दुःख-पीडा पनि प्रार्थनामा टाँसिएर आउला भन्ठानेर प्रार्थना गर्दै जान्थें, दुःख लिंदै जान्थें । तर केही असर भएन ।'

टामले भन्यो : 'प्रार्थनाले कहिले पनि बगलतिरको मासु ल्याउँदैन । सुँगुरको मासु त सुँगुरले नै दिन्छ ।'

केसीले भन्यो । 'हो, र परमात्माले कहिले पनि ज्याला असूल गर्दैनन् । यहाँका मानिसहरू राम्रो खान र लाउन चाहन्छन् र आफ्ना केटाकेटीहरूलाई पनि त्यही हिसाबले हुर्काउन चाहन्छन् । उनीहरू बूढो भएपछि ढोकामा बसेर सूर्यास्त हुन लागेको देख्न चाहन्छन् । उनीहरू जवान छँदा नाच-गानको साथसाथै खान-पान र काम गरेर बस्न चाहन्छन् । बस त्यति नै उनीहरू चाहन्छन् । क्राइस्ट ! मैले के विषयमा कुरा गरिरहेको ?'

टामले भन्यो । 'मलाई थाहा छैन । तिमीले कुरा गरिरहेको राम्रो जस्तो

लाग्छ । तिमीले सोच्न छोडेर काम पाउने विचार कहिले गर्ने ? हामीले काम पाउनु-पर्‍यो । रुपैयाँ खर्च हुँदैछ । वर्‍यैको समाधिमाथि एउटा बोर्ड लेखेर राख्नलाई बाले पाँच डलर दिनुभएको थियो । अब खर्च धेरै बाँकी रहेन ।'

एउटा दुब्लो खैरो संकर जातिको कुकुर पालको बगलमा सुइँ-सुइँ सुँघ्दै आयो । त्यो डरले भाग्न-भाग्न अँटेको थियो । दुइ जना मानिस नजीक थिए भन्ने चाल पाउनुअगाडि त्यसले उनीहरूको नजीक सुँघ्यो । आँखामाथि उठाएर हेरेपछि त्यसले तिनीहरूलाई देखेर बगलतिर फाल हालीकन कान पछाडितिर ठडयाई हाडै-हाडको पुच्छर सुरक्षितसाथ टाँगमुनि छिराईकन भागा-भाग गर्‍यो । केसीले त्यो कुकुर भागेको आँखाले भेट्टाउनजेल हेर्न पालको बगलमा गएर अवलोकन गर्न थाल्यो । केसीले सुस्केरा हालेर भन्यो । 'म कसैको पनि भलाइ गरिरहेको छैन, न आफ्नै न अरूहरूको नै । म एक्लै कहीं जाने विचार गरिरहेको थिएँ । म तिमीले दिएको खाना खाइरहेको र तिमीसँगै कोठामा सुतिरहेको छु । र त्यसको बदलामा मैले तिमीलाई केही दिएको छैन । एउटा स्थायी काम पाएपछि तिमीले मलाई आजसम्म गरेको उपकारको बदला मैले चुकाउन सकुँला कि ।'

टामले मुख खोलेर तल्लो जबडा छस्स अघि सारीकन सुकेको एक टुक्रा सर-सोको डाँठ तल्लो दाँतले किटीकिटी टोक्न थाल्यो । त्यसले कैम्पमा, खैरा पालहरूमा तथा घाँस, टीन र कागजका झोपडीहरूमा घुरेर हेरेपछि भन्यो । 'डरहैमको कडा रक्सी खाने इच्छा भएर आयो । निकै बेर भयो मैले धूमपान गर्न नपाएको । मैक-आलेस्टरमा धूम्रपानको सुर्ति पाउने गर्थें । मलाई फेरि त्यहीं फर्केर जान मन लाग्यो ।' त्यसले फेरि त्यही डाँठमा दाँतले किटीकिटी गरेर अकस्मात् पादरीतिर फर्केर सोध्यो ।

'कहिले जेलभित्र परेका छौ ?'

केसीले जवाब दियो । 'अँहँ, कहिल्यै परेको छैन ।'

टामले भन्यो । 'अझ पनि कहीं नजाऊ । अझ जान हुँदैन ।'

'जति छिटो मैले कामको खोजी गर्नेछु त्यति चाँडै मैले केही काम पाउने छु ।'

टामले उसलाई अर्धमुदित आँखाले अध्ययन गरेर फेरि टोपी लाईकन भन्यो ।

'हेर, पादरीहरूले भनेजस्तो किसिमको सुख र समृद्धिको ठाउँ यो होइन । यहाँ नीच मनोवृत्ति रहेछ । यहाँका मानिसहरूलाई हामीहरू पश्चिमतिर आएकोमा डर छ । र यसैले उनीहरू पुलिस लगाएर हामीहरूलाई तर्साएर पठाउने कोशिश गर्छन् ।'

केसीले भन्यो । 'हो, मलाई थाहा छ । जेलमा गएका छौ भनेर मलाई किन सोध्नेका ?'

टामले बिस्तारै भन्यो : 'जब तिमी जेल जान्छौ तिमीले एक किसिमको ज्ञान प्राप्त गर्छौ । मानिसहरूलाई एकै ठाउँमा बसेर कुरा गर्न दिइन्न । दुइ जना-सम्मलाई कुरा गर्न दिइन्छ तर धेरै जना भेला भई कुरा गर्न दिइन्न । यसरी तिमीले एक किसिमको ज्ञान पाउँछौ । त्यहाँ भित्र केही विस्फोट हुन लागेछ भने–भनूं कुनै मानिसले त्यहाँ त्रास फैलाउन लागेको छ भने तथा कसैले गार्डमाथि भुइँ सफा गर्ने डण्डाको हैन्डलले प्रहार गर्न लागेको छ भने–त्यस्ता घटना हुनुभन्दा अगाडि तिमीले थाहा पाउँछौ । त्यहाँ कुनै दंगा हुन लागेको छ भन्ने कुरा तिमीलाई कसैले भन्नु पर्दैन, आफैं थाहा पाउनेछौ ।'

'हो ?'

टामले भन्यो । 'जसरी भएपनि भोलिसम्म पर्खेर त हेर, केही घटना हुनेछ । मैले मूल-सडकमा एउटा युवकसँग कुरा गरेको थिएँ । त्यो ब्वाँसो जतिकै बुद्धिमान् र चाल नपाउने गरीकन काम गर्ने युवक रहेछ । तर त्यो ज्यादै बुद्धिमान् रहेछ । ब्वाँसो त आफ्नै कामको मात्र खयाल गर्दछ र ऊ निर्दोष र मजाको हुन्छ ।'

केसी उसलाई घुरेर हेरेपछि प्रश्न गर्न तयार भयो र त्यसपछि उसले आफ्नो मुख कसेर बन्द गऱ्यो । आफ्नो खट्टाका औंलाहरू बिस्तारै चलाएर, घुँडालाई छोडेर तथा आफ्नो पैंताला देखिने गरीकन निकालिसकेपछि भन्यो । 'हो, अहिले जाने छैन ।'

टामले भन्यो : 'जब असल शान्त मानिसहरूलाई केही कुराबारे केही थाहा हुँदैन, केही हुन लागेको हुन्छ ।'

केसीले भन्यो । 'म बसुँला ।'

'र भोलि हामीहरू ट्रकमा बसेर काम खोज्न जाऔंला ।'

केसीले भन्यो । 'हो !' त्यसले आफ्ना खुट्टाका औंलाहरू तल-माथि हल्लाएर तिनीहरूको गम्भीरतापूर्वक अध्ययन गर्न थाल्यो । टामले आफ्नो कुहिना टेकेर पल्टे-पछि आँखा बन्द गऱ्यो । पालभित्र त्यसले रोज आब शारनको आवाज र काञ्चीले दिएको जवाब अस्पष्ट स्वरमा सुन्न सक्यो ।

अलकतरा लाएको टाटले अँध्यारो छायाँ फ्याँक्यो र त्यसको दुवैतिर चुकुल आकारको प्रकाश सारो र तिखो थियो । रोज आब शारन एउटा डसनामा पल्टि-राखेकी थिइन् र काञ्ची उनको बगलमा पलेंटी मारेर बसेको थियो । रोज आब शारनले भनिन् । 'मैले आमालाई सधाउनु पर्छ र त्यसो गर्न कोशीश गर्दा हरेक पटक मलाई बमन हुन्थ्यो ।' काञ्चीको नेत्रमा उदासीनता छाएको थियो । 'यस्तो होला भन्ने कुरा थाहा पाएको भए म आउने नै थिइनँ । म घरैमा बसेर ट्र्याक्टरबारे राति-राति अध्ययन गरेर तीन डलरको काम पाउने थिएँ । दिनको तीन डलर पाएपछि जो पनि राम्रो जीवन व्यतीत गर्न सक्छ र प्रत्येक राति सिनेमा पनि हेर्न जान सक्छ ।'

रोज आब शारन भयभीत भएको जस्तो देखिइन् । तिनले भनिन् । 'तिमी रेडियोबारे राति अध्ययन गर्न लागिरहेछौ ।' उत्तर दिनमा त्यसले धेरै बेर लगायो । तिनले सोधिन् । 'होइन त त्यसो गर्न लागेका ?'

'अवश्य हो । छिटै म आफ्नो खुट्टामा उभिनेछु । अलिकति खर्च जोड्नु छ ।'

तिनले आफ्नो बाहुला कुहिनासम्म सारेर भनिन् । 'तिमी यो विचार छोड्न लागिरहेका होइनौ !'

'होइन–होइन–अवश्य पनि होइन । तर–हामी बस्नलाई यो जस्तो ठाउँमात्र पाइयो भने मलाई थाहा छैन ।'

त्यो लडकीका आँखा सारा भए । तिनले शान्तसँग भनिन् 'तिमीले बस्नु पर्छ ।'

'अवश्य बस्नु पर्छ, मलाई थाहा छ । आफ्नो खुट्टामा उभिनु छ । अलिकति

खर्च पाउनु छ । घरैमा बसेर ट्र्याक्टरबारे पढेको भए बेस हुने थियो । दिनको तीन डलर पाइहाल्छौ र अतिरिक्त खर्च पनि पाइहाल्छौ ।' रोज आब शारनका नेत्र विचारमा डुबिराखेका थिए । त्यसले उनलाई दृष्टिपात गर्दा उनको आँखाले आफूलाई आँकेर निरूपण गरिरहेको पाइयो । त्यसले भन्यो । 'तर म अध्ययन गर्न जाँदैछु । चाँडै मैले आफ्नो खट्टामा उभिनु पर्‍यो ।'

तिनले क्रूरतापूर्वक भनिन् । 'पेटबाट बच्चा निस्कनुअगाडि घरको बन्दोबस्त गर्नुपर्‍यो । हामीले पाल-सालमा बच्चा पाउनु हुँदैन ।'

त्यसले भन्यो ।'अवश्य हुँदैन । छिटै मैले आफ्नो खुट्टामा उभिनु छ ।' पालबाट बाहिर निस्केर झारपातको आगोनिर थचक्क बसिरहेकी आमालाई त्यसले अवलोकन गर्‍यो । रोज आब शारनले आफ्नो पीठ्यूँको बलले लडीबुडी खेलेर पालको माथितिर घुरेर हेरिन् । र त्यसपछि तिनी आफ्नो मुख थुन्नलाई बुढी-औंला घुसारेर कसैले नसुन्ने गरी रुन थालिन् ।

आमा आगोको वगलमा घुँडा टेकेर सुकेका हाँगाहरू मासु पाकिरहेको केटली-मुनि हालेर आगो दन्काइरहेकी थिइन् । आगो दन्क्यो, फेरि निभ्यो र फेरि दन्केर निभ्यो । पन्ध्र जना जति केटाकेटीहरू चूप लागीकन उभिएर हेरिरहे । पाकिरहेको मासुको वास्ना उनीहरूका नाकमा चढेपछि, सुगन्धले नाक अलि-अलि खुम्चिए । धूलोले खैरिएका उनीहरूको कपालमा घाम चम्कन थाल्यो । केटाकेटीहरू त्यहाँ बस्न असमन्जस भए तापनि त्यहाँबाट हटेनन् । आमाले एउटी सानी लडकीसित शान्तपूर्वक कुरा गरिन् जो लालायित घेराभित्र उभिएकी थिइन् । तिनी अरूहरूभन्दा जेठी थिइन् । तिनी एउटा पैतालाले टेकेर उभिएकी थिइन् जसको पछाडिको भागमा अर्को पैतालाको माथिल्लो बांगो हिस्साले सुमसुम्याइरहेको थियो । उनका दुवै हात पछि-ल्तिर लगेर जोडिएका थिए । तिनले आमालाई आफ्ना दृढ, साना, खैरा आँखाले हेरिरहिन् । तिनले सुझाव दिइन् : 'मीम साहेब, तपाईं चाहनुहुन्छ भने केही सुकेका हाँगाहरू भाँचेर ल्याऊँ ।'

आमाले आफ्नो काम छोडेर उनलाई हेरिन् र भनिन् । 'तिमी खान चाहन्छौ, हुँ ?'

ती लडकीले दृढतासँग जवाब दिइन् । 'ज्यू, मीम साहेब ।'

आमाले त्यो भाँडामुनि हाँगाहरू घुसारिन् जसबाट आगोको ज्वाला दन्केर पट-पट आवाज निस्कन थाल्यो । 'तिमीले बिहानको जलपान गरेकी छैनौ ?'

'अँहँ, मीम साहेब, खाएको छैन । यहाँ केही काम गर्न पाइँदैन । बा पेट्रोल किन्नलाई केही सामान बेच्ने तरखरमा हुनुहुन्छ जसबाट हामीहरू काम खोजी गर्न जान सकौं ।'

आमाले माथितिर हेरिन् । 'यहाँ भएका केटाकेटीहरू कसैले पनि बिहानको जलपान गरेका छैनन् ?'

घेरिरहेका केटाकेटीहरूले डरले हटीकन उभिनरहेको केटलीबाट नजर हटाए । एउटा सानो लडकाले गर्वसाथ भन्यो : 'मीम साहेब, मैले जलपान गरें । मेरो भाइले पनि गऱ्यो । र यिनीहरू दुइ जनाले पनि जलपान गरिसके, मैले नै देखेको । हामीले पेटभरि खायौं । आज राति हामीहरू दक्षिणतिर जाँदैछौं ।'

आमा मुस्काइन् । 'उसोभए तिमी भोकाएका छैनौ । काम खोजी गर्न जान यहाँ पर्याप्त खाना पाइँदैन ।'

त्यो सानो लडकाले ओठ छुस्स बाहिर निकालेर भन्यो । 'हामीहरूले मजैसँग खायौं ।' यति भनेर त्यो फर्केर भागा-भाग गर्दै एउटा पालभित्र घुस्यो । आमाले उसलाई त्यसबेलासम्म हेरिरहिन् जब सबभन्दा ठूली लडकीले उनलाई संझना गराइ-दिइनन् ।

'मीम साहेब, आगो निभ्न लाग्यो । तपाईंको अनुमति भए म फेरि सल्काई दिन सक्छु ।'

आफूलाई लापरवाही र इज्जतसित समन्वय गर्दै रूठी र विनफिल्ड घेराभित्र उभिए । उनीहरू अलग हुनाका साथै अधिकारसम्पन्न पनि थिए । रूठीले लापरवाही र रिसाएका आँखाले त्यो सानो लडकीलाई हेरिन् । आमाको निम्ति हाँगाहरू भाँच्नलाई रूठी पलेंटी कसेर बसिन् ।

आमाले त्यो केटलीको बिर्को झिकेर त्यसभित्रको मासु एउटा लट्ठीले चलाइन् । 'मलाई अवश्य खुशी लागेको छ कि तिमीहरूमध्ये कोही-कोही भोका छैनौ । जे भए

पनि त्यो सानो बच्चालाई त भोक लागेको छैन कि ।'

ती लडकीले उपहास गरेर भनिन् । 'अहो त्यो ! त्यसले ठूलो र बलियो छु भनेर फुइँ गरेको । बेलुकीको खाना खान नपाएपछि त्यसले के गर्छ थाहा छ ? हिजो राति त्यसले बाहिर आएर आज हामीहरूले कुखुराको मासु खाने भन्यो । अँ, मैले भित्र उनीहरूकहाँ हेर्न जाँदा अरूहरूले खाए जस्तै मुछिएको पीठो भुटेर खाइ-राखेका ।'

'अहो !' भनेर आमाले त्यो सानो लडका गएको पालतिर अवलोकन गरिन । तिनले पछाडि फर्केर त्यो सानो लडकीलाई हेरेर सोधिन् । 'क्यालिफोर्निया आएको कति दिन भयो ?'

'अहो, ६ महीना जति भयो । हामीहरू सरकारी कैम्पमा केही दिन बस्यौं । त्यसपछि उत्तरतिर गएर फर्केपछि त्यो ठाउँ मानिसहरूले भरिइसकेको थियो । त्यो बस्नलाई राम्रो ठाउँ रहेछ ।'

आमाले सोधिन् । 'कहाँ छ त्यो ठाउँ ?' तिनले रूठीको हातबाट सुकेका हाँगाहरू लिएर आगोमा हालिदिइन् । रूठीले त्यस लडकीलाई घृणाको भावनाले हेरिन् ।

'वीडपैच भन्ने ठाउँमा । राम्रा पाइखान र स्नानागारहरू पनि रहेछन् । लुगा धुने टब पनि रहेछ । खाने पानी सुविस्तासँग नजीकै पाइँदो रहेछ । राति-राति संगीत बजाएर मनोरन्जन गर्दा रहेछन् र शनिबार राति उनीहरू नाच देखाउँछन् । त्यति आनन्द अन्यत्र कहीं छैन । केटाकेटीहरू खेल्ने ठाउँ मात्र भएको होइन अपितु उनीहरूले दिसा पुछ्ने कागज समेत पाउँछन् । एउटा सानो यान्त्रिक साधन तानेपछि दिसा बस्ने ठाउँमा पानी आउँदो रहेछ । उनीहरूलाई मन लागे पालभित्र हेर्न आउने पुलिसहरू त्यहाँ छैनन् । र कैम्पमा दौडाहा गर्ने मानिस साह्रै नरम छ । त्यो हेर्न आउँछ, कुरा गर्छ र उसलाई आफू ठूलो हुनु पर्दैन । हामीहरू फेरि त्यहीं गएर बसौं जस्तो लाग्छ मलाई ।'

आमाले भनिन् : 'मैले त्यसको बारे कहिले सुनेको छैन । म तिमीलाई भन्छु, लुगा धुँदा म जरूर टब प्रयोग गर्न सक्छु ।'

तो लडकीले उत्तेजित भएर भनिन् : 'अरे परमेश्वर, पाइपबाट गरम पानी पनि आउँछ । फोहराबाट तातो पानीले स्नान गर्न सकिन्छ । यस्तो ठाउँ तिमीले कहिले पनि देखेकी छैनौ होला ।'

आमाले भनिन् : 'त्यो ठाउँ जम्मै भरिइसकेको छ भनेको तिमीले ?'

'ज्यू, पछिल्लो पटक गएर सोध्दा त्यो भरिइसक्यो भन्यो ।'

आमाले भनिन् । 'त्यो प्रबन्ध गर्दा धेरै पैसा लाग्यो होला ।'

'अँ, त्यसमा निकै खर्च भयो । तिमीसित पैसा नभए उनीहरूले तिमीलाई काम गराउँछन्, हप्ताको दुइ-घंटा जूठो-सुठो सब साफ गराउँछन् । राति संगीत हुन्छ, मानिसहरू एक साथ बसेर काम गर्छन् र पाइपहरूबाट गरम पानी आउँछ । यस्तो राम्रो तिमीले कहिले देखेकी छैनौ होला ।'

आमाले भनिन् : 'हामी पनि त्यहाँ बस्न पाए हुन्थ्यो भन्ने म अवश्य इच्छा गर्छु ।'

रूठी सकेसम्म उभिरहिन् । तिनले सारोसँग झ्वाट्ट बोलिन् : 'बज्यै ट्रकमाथि नै मरिन् ।' ती लडकीले उनलाई प्रश्नसूचक दृष्टिले हेरिन् । रूठीले भनिन् । 'अँ, तिनी त्यसरी नै मरिन् । अनि तिनलाई एउटा कुनामा गाडियो ।' तिनले आफ्ना ओठ कसेर बन्द गरिन् र अलिकति हाँगाहरू भाँचेर थुपारिन् ।

विनफील्डले निडर भएर आक्रमण गरेकोमा आँखा झिम्काएर भन्यो । 'ठीक ट्रकमाथि मरेकी । अनि एउटा ठूलो टोकरीमा राखेर उनलाई एउटा कुनामा गाडियो ।'

आमाले भनिन् : 'तिमीहरू दुवै चूप लाग होइनभने तिमीहरूले जानु पर्ला अन्तै ।' यति भनेर तिनले आगोमा हाँगाहरू थपिन् ।

बर्माले कपाट घुमाउने काम पाइन्छ कि भनेर हेर्न आल पालको लाममा गएको थियो । त्यसले भन्यो । 'तिमी त तलसम्म पुगेर आइसक्यौ जस्तो छ ।'

'दुइचोटि ।'

'यो कैम्पमा कुनै लडकी-सडकी छ ?

जवान मानिसले भन्यो । 'मेरो त स्वास्नी छ । लडकीहरू हेर्न जाने समय छैन ।'

आलले भन्यो । 'म त जहिले पनि लडकी हेर्ने समय पाउँछु । बरु अरू काम गर्न मेरो समय हुँदैन ।'

'तिमी अलि भोकाउँछौ र तिमीमा परिवर्तन आउँछ ।'

आलले खित्का छोडेर हाँसीकन भन्यो । 'आउन सक्छ । तर मैले अझसम्म त्यो खयाललाई बदलेको छैन ।'

'एक छिनअघि मैले जुन मानिससित कुरा गरेथें त्यसले तिमीसित भेट गऱ्यो, होइन त ?'

'हो ! मेरो भाइ टाम । उसलाई बेवकूफ नबनाउनू । त्यसले एउटा मान्छे मारेको थियो ।'

'हो र ? किन ?'

'लडाईं-झगडा परेर । त्यो मानिसले टामलाई चक्कु रोपिदियो । टामले उसलाई साभेलले हानेर मारिदियो ।'

'मार्‍यो, हैं ? कानूनले के गऱ्यो ?'

'छोडिदियो, किनभने यो लडाईं-झगडाको कुरा थियो ।'

'त्यो झगडा गर्ने तालको मान्छे जस्तो त छैन ।

'अहो, त्यो त्यस्तो छैन । तर टाम कसैसित केही कुरा लिंदैन ।' आलको आवाजमा ठूलो गर्व थियो । 'टाम शान्त छ । तर–हेर !'

'अँ–मैले ऊसित कुरा गरें । त्यो नीच जस्तो देखिएन ।'

'त्यो त्यस्तो छैन । त्यसलाई उत्तेजित नपारेसम्म त्यो समोसा जतिकै राम्रो हुन्छ । त्यस पछि–हेर ।' त्यो युवकले अन्तीम कपाट बर्माले घुमायो । 'कपाटहरू मिलाउने काममा सघाउ दिएको मन पराउँछौ ?'

'जरूर, तिम्रो अरू काम छैन भने ।'

आलले भन्यो । 'अलि सुन्नु त पर्छ । तर विग्रेको गाडी देखेपछि नबनाईकन बस्न सक्तिनँ । त्यस गाडिभित्र पसेर हेर्नु छ ।'

त्यस युवकले भन्यो । 'अँ, तिम्रो सघाउको प्रस्तावको म प्रशंसा गर्छु । मेरो नाउँ फ्लाएड नालेज हो ।'

'मलाई आल जोड भन्दछन् ।'

'तिमीसित भेट भएर मलाई गर्व लाग्यो ।'

आलले भन्यो । 'मलाई पनि त्यस्तै लाग्यो । उही गैस्केट प्रयोग गरूँ ?'

फ्लायडले भन्यो । 'हुन्छ प्रयोग गर ।'

आल आफ्नो गोजीबाट चक्कु झिकेर घिरनी खुर्कन थाल्यो । त्यसले भन्यो । 'जीजस ! इन्जीनको तागत जस्तो अरू कुनै कुरा मलाई मन पर्दैन ।'

लडकीहरूबारे के विचार छ तिम्रो ?'

'ज्यू, लडकीहरू पनि ! एउटा रोल्स-गाडीलाई टुक्रा टुक्रा पारेर फेरि जोड्न मन लागेको थियो । एक पटक मैले कैड '१६ गाडीको छतमुनि के हेरेको थिएँ, भगवान्, जिन्दगीमा त्यति राम्री कहिल्यै देखेको थिइनँ ! सल्लिसमा यही १६ माडेलको गाडी एउटा भोजनालयको सामुन्ने खडा थियो । त्यही बेला मैले छत उचालेर हेरें । एक जना मानिसले त्यस गाडीबाट बाहिर निस्केर सोध्यो : "के गर्न लागेका तिमीले ?" जवाबमा मैले भनें : "अवलोकन गरेको । तिनी राम्री छैनन् ?" त्यो त्यहीं उभियो । त्यसले उनलाई पहिले देखेको जस्तो लागेन । त्यहीं उभिरह्यो । परालको टोप, धर्के-धर्के कमीज तथा चश्मा लाएकी आइमाई थिइन् तिनी ।

हामीहरूले केही पनि भनेनौं खालि हेरिरहयौं । अनि त्यसले सोध्यो : "त्यो आइमाई-लाई साथ लिएर गाडि चलाउने मन छ ?" '

फ्लायडले सोध्यो । 'अनि ?'

'जरुर– "त्यस आइमाईलाई लिएर गाडी चलाउने मन छ ?" अँ, मैले लाइराखेको जीनको पैन्ट सम्पूर्ण रूपले मैलो भएकोले मैले उत्तरमा भनें: "मेरो कारण उनीले गन्दा हुनु पर्ने छ ।" त्यसले भन्यो । "हुन्छ आऊ ! उनलाई शहरको खुला भागमा एक चक्कर लगाएर ल्याऊ ।" अँ महाशय, आसन ग्रहण गरेर मैले शहरको खुला भागमा उनलाई आठ चक्कर घुमाएँ । अहो, मेरो ईश्वर प्रभो !'

फ्लायडले सोध्यो । 'राम्रो लाग्यो त ?'

आलले भन्यो । 'अहो, जीजस ! म यो गाडी बिगार्न सकेको भए जुनसुकै मूल्यमा पनि त्यसो गर्न चाहन्थें ।'

फ्लायडले आफ्नो व्यस्त पाखुरा सुस्तायो । त्यसले अन्तिम कपाटलाई त्यसैको ठाउँबाट उठाएर हेर्न थाल्यो । त्यसले भन्यो । 'तिमीले रद्दी गाडी हाँक्ने गरेका भए हुने थियो, जसबाट १६ नं. को गाडी चलाउने छैनौ ।' गाडी चढदा टेक्ने फल्याकमा त्यसले आफ्नो बर्मा राखेर घिरनीमाथिको सारो चपरी खुर्कन एउटा छिनो लियो । नांगो सिर र नांगो पैताला भएका दुइ जना सुगठित शरीर भएका आइमाईहरूले दूध जस्तो सेतो पानीको एउटा बालटीन दुइतिर समातेर लगिरहेका थिए । बालटीनको बोझले उनीहरू लँगडाउँदै माथितिर नहेरीकन गैरहेका थिए । दुइ प्रहरमा सूर्य आधी ढलिसकेको थियो ।

आलले भन्यो । 'तिमीलाई त्योभन्दा बेसी अरू केही पनि मन पर्दैन ।'

फ्लाइड छिनोले झन्सारो खुर्कन थाल्यो । त्यसले भन्यो । 'म यहाँ आएको ६ महीना भैसक्यो । कडा मिहिनेत गरेर स्वास्नी, केटाकेटीहरू तथा आफ्नै निम्ति खानलाई आर्जन गर्न सक्षम हुन यस राज्यमा संघर्ष गर्ने कोशिश गर्दैछु । म भाले-खरायो जस्तै दौड-धूप गर्दैछु तैपनि मैले उद्देश्यपूर्ति गर्न सकेको छैन । जुनसुकै काम गरेता पनि मलाई हात-मुख जोर्न मुश्किल परिराखेको छ । अब त मलाई

थकाइ लागिसकेको छ । सुत्दाखेरि आराम पाउनु वाहेक अरू बेला मेरो निम्ति मलाइ थकान हुन्छ । र अब के गर्ने भन्ने कुरा मलाई थाहा छैन ।'

आलले सोध्यो । 'कुनै मानिसको निस्ति स्थायी काम छैन ?'

'अँहँ, केही स्थायी काम छैन ।' छिनोको सहायताले त्यसले घिरनीको सारो चपरी खुर्क्यो र त्यसले त्यस भुत्ते छिनोलाई एउटा ग्रीज लाएको झुम्रोले पुछ्यो ।

एउटा खियै-खिया लागेको पर्यटन-गाडी कैम्पभित्र घुस्यो । त्यसमा सारो खैरो मुख भएका चार जना मानिस सवार थिए । गाडी कैम्पको बीचबाट बिस्तारै चलाएर ल्याइयो । फ्लाइडले उनीहरूसित सोध्यो । 'राम्रो कुरा छ ?'

गाडी थामियो । चालकले भन्यो । 'हामीले निकै ठाउँ चहार्‍यौं तर कहीं पनि काम पाइएन । अझ खोजी गर्न जानुनैछ ।'

आलले कराएर सोध्यो । 'कहाँ ?'

'ईश्वरलाई थाहा छ । हामीले यस ठाउँमा काम गर्‍यौं ।' क्लच छोडेर त्यो बिस्तारै कैम्पमा तल ओर्‍यो ।

आलले उनीहरूलाई हेरेर भन्यो । 'एक जनाले मात्र काम खोजी गरे हुँदैन र ? त्यसो गरेपछि एक जनाको निम्ति मात्र काम भए त्यसले पाइहाल्छ ।'

फ्लाइडले छिनो तल राखेर बेमजासँग मुस्काईकन भन्यो । 'तिमीलाई थाहा छैन । घुम्नलाई पेट्रोल चाहिन्छ । एक ग्यालन पेट्रोलको पन्ध्र सेन्ट पर्छ । त्यसैले चार जनाले चारवटा गाडी लिन सक्तैनन् । उनीहरू प्रत्येकले ददस सेन्ट हालेर पेट्रोल किन्छन् । तिमीले यी जम्मै कुरा जान्नुछ ।'

'आल !'

आफ्नो बगलमा फुइँ गरेर उभिरहेको विनफील्डमाथि आलले अवलोकन गर्‍यो ।

'आल, आमा खाना पस्किरहिछन्, आएर खाना खाऊ रे ।'

आलले आफ्नो हात सुरुवालमा पुछेर फ्नाइडसित भन्यो । 'आज हामीहरूले खाएका छैनौं । खाइसकेपछि म आएर सहायता गरुँला ।'

'आफ्नै इच्छा भए कुन्नि, नत्र त चाहिंदैन ।'

'अवश्य म सहायता गरुँला ।' विनफील्डको अनुसरण गरेर त्यो जोड-कैम्पमा गयो जहाँ अहिले घुइँचो लागिरहेको थियो । अनौठा केटाकेटीहरू मासुको भाँडा नजीक उभिरहेका थिए । साह्रै नजीक उभिएकाले उनीहरूलाई आमाले काम गरिरहँदा आमाको कुहिनाको धक्का लाग्थ्यो । टाम र काका जान उनको बगलमा उभिएका थिए ।

आमाले असहाय भएर भनिन् । 'के गर्ने हो कुन्नि मलाई थाहा छैन । मेरो परिवारलाई ख्वाउनु छ । यिनीहरूलाई म यहाँ के गर्ने ?' केटाकेटीहरू सारोसँग उभिएर उनलाई हेर्न थाले । उनीहरूका आकृति कठोर र अर्थरहित थिए र उनीहरूका आँखा अनायास मासुको भाँडोबाट तिनले समातिराखेको टीनको प्लेटमा गए तथा भाँडोबाट प्लेटमा चम्चा जाँदा त्यसको पनि अनुसरण गरे । तिनीले बाफ आइरहेको प्लेट काका जानको सामुन्ने राखिदिएपछि त्यसै प्लेटमा उनीहरूका नजर दौडे । काका जानले आफ्नो चम्चा मासुमा डुबाए र उनीहरूका चुर्लुम्म डुबेका नजर चम्चाको साथसाथै उठे । एक टुक्रा आलु जानको मुखमा के जानु थियो उनीहरूका आशापूर्ण नेत्रपनि उनैको आकृतिमा बस्न पुगे । उनीहरूले आलु मुखमा हालेपछि के प्रतिक्रिया हुँदो रहेछ भन्ने कुरा हेरिरहे । प्रतिक्रिया राम्रै होला ? त्यसले आलु रुचाउला ?

र काका जानले पहिलोपल्ट उनीहरूलाई देखेको जस्तो बुझियो । उनले बिस्तारै चपाए । उनले टामसँग भने । 'यो तिमी खाऊ, मलाई भोक लागेको छैन ।'

टामले भन्यो । 'तिमीले आज खाएका छैनौ ।'

'मलाई थाहा छ, तर मेरो पेट दुखेको छ । मलाई भोक पनि लागेको छैन ।'

टामले शान्तपूर्वक भन्यो । 'प्लेट लिएर पालभित्र जाऊ र मासु खाऊ ।'

जानले आग्रह गरेर भन्यो । 'मलाई भोक लागेको छैन । म उनीहरूसित पाल-भित्र भेटुँला ।'

टामले केटाकेटीहरूतिर फर्केर भन्यो । 'जाऊ, अहिले जाऊ ।' उनीहरूले आफ्ना नजर मासुबाट हटाएर आश्चर्यले उसको चेहरामा अडान दिए । 'जाऊ अब । तिमीहरू राम्रो गरिरहेका छैनौ । मासु तिमीहरूलाई पुग्दैन ।'

आमाले साह्रै थोरै मासु हालेर टीन-प्लेटहरू भुइँमा राखेर भनिन् । 'म उनीहरूलाई त्यसै पठाउन सक्तिनँ । के गर्ने हो केही बुझ्दिनँ । तिमीहरू आ-आफ्नो प्लेट लिएर पालभित्र जाऊ । म उनीहरूलाई बचे-खचेको खान दिउँला । रोसाशर्नको निम्ति पनि एक प्लेट लिएर जान्नू ।' तिनले केटाकेटीहरूसित मुस्काएर भनिन् । 'हेर, साना बच्चाहरू, तिमीहरू गएर एकोटा पात टिपेर ल्याऊ । अनि म तिमीहरूलाई बचे-खुचेको राखिदिउँला । तर झगडा-सगडा नगर्नू ।' केटाकेटीहरूको दल शान्तसँग छिटो-छिटो विघटन भएर गयो । उनीहरू पातहरू पाउनमात्र दौडेका होइनन् अपितु चम्चाहरू समेत पाउन आ-आफ्नो पालमा कुदे । आमाले प्लेटहरूमा मासु राख्नुभगाडि नै उनीहरू शान्तसँग जोशपूर्वक फर्के । आमाले मुन्टो हल्लाएर भनिन् । 'के गर्ने हो कुन्नि, मलाई थाहा छैन । म परिवारलाई लुट्न सक्तिनँ । परिवारलाई खवाउनु छ, रूठी, विनफील्ड, आल सवैलाई ' तिनले जोरसँग कराएर भनिन् । 'तिमीहरू प्लेट लिएर छिटो-छिटो पालभित्र जाऊ ।' तिनले क्षमा याचना गर्ने ढंगले पर्खिरहेको केटाकेटीहरूमाथि अवलोकन गरिन् । तिनले सविनय भनिन् । 'धेरै त छैन । म यो केटली बाहिर ल्याउँछु र तिमीहरू सबैले चाख्न अलि-अलि पाउने छौ । तर त्यसले तिमीहरूलाई सन्तोष हुने छैन । तिमीहरूलाई नदिई बस्न पनि सक्तिनँ ।' भाँडा उचालेर तिनले भुइँमा राखिन । तिनले भनिन् । 'अब पख, ज्यादै गरम छ ।' तिनी छिटो-छिटो पाल भित्र गइन् । उनको परिवारका सदस्यहरू आ-आफ्नो प्लेट लिएर भुइँमा बसिरहेका थिए । बाहिरपट्टि केटाकेटीहरूले आ-आफ्नो लट्ठी, चम्चा तथा खिया परेको टीनको टुक्राले भाँडा खुर्किरहेका उनीहरूले सुने । एक हुल केटाकेटीहरूले भाँडालाई छोपिराखेकोले देखिएन । केटाकेटीहरूले न कुरा गरे, न झगडा गरे न बहसनै, तर उनीहरूमा सारो क्रूरताको साथसाथै शान्त संकल्प थियो । आमाले पीठ्यूँ फर्काई राखेकीले केही

देखिनन् । तिनले भनिन् । 'हामी त्यसो गर्न सक्तैनौं । हामीले एक्लै खानु पर्छ । केटली खुर्केको आवाज आयो अनि केटाकेटीहरूको हुल खुर्केको केटली भुइँमा छोडेर विघटन भएर गयो । आमाले खाली प्लेटहरूमा दृष्टिपात गरिन् । 'तिमीहरू कोही पनि यहाँ नजीक कहीं कतै जाँदैनौ ।'

बा जवाब नदिई उठी पाल छोडेर गए । आफ्नो मनमा मुस्काएर पादरी जमीनमा पल्टयो, दुवै हात टाउकोपछाडि लपेटेर । आलले उठेर भन्यो । 'एउटा मानिसलाई गाडी मरम्मत गर्न सघाउ दिनुछ ।'

आमाले प्लेटहरू जम्मा गरेर बाहिर पखाल्न लगिन् ।

तिनले बोलाएर भनिन् । 'रूठी, विनफील्ड, एक बालटीन पानी लिएर आऊ। तिनले उनीहरूलाई बालटीन दिएपछि उनीहरू नदीतिर गए ।

एउटी मोटी र बलिष्ठ आइमाई नजीक आइन् । उनको लुगामा ठाउँठाउँमा धूलो लागेको मात्र होइन अपितु गाडीको तेलको दाग पनि लागेको थियो । उनको चिउँडो अहंकारले छुस्स माथि उठेको थियो । अलि पर उभिएर तिनले आमालाई हाँक दिने तरीकाले हेरिन् । अन्तमा तिनले आमाको नजीक पुगेर लापरवाहीले भनिन् । 'दुइ प्रहरको नमस्ते ।'

आमाले जवाबमा भनिन् । 'नमस्ते ।' तिनले घुँडा टेकेर एउटा बाकस अगाडि सारेर भनिन् । 'बस्ने होइन ?'

त्यो आइमाई नजीक आएर भनिन् । 'अँहँ, म बस्तिनँ ।'

आमाले उनलाई प्रश्नसूचक दृष्टिले हेरेर भनिन् । 'मैले तिमीलाई कुनै तरीकाले सघाउनु छ कि ?'

ती आइमाईले आफ्ना हात नितम्बमा राखेर भनिन् । 'तिमीले आफ्नो केटाकेटीहरूलाई हेरे पुग्छ, मेरा केटाकेटीहरूलाई हेर्नु पर्दैन ।'

आमाका आँखा ठूल-ठूला भए । तिनी भन्न थालिन् 'मैले त तिम्रा केटाकेटी-

हरूलाई केही पनि गरेको छैन ।'

ती आइमाईले आमासित रिसाएर भनिन् । 'मेरो केटो फर्केर आउँदा मासुको बास आएको थियो । तिमीले उसलाई मासु खान दियौ भनेर त्यसले मलाई भन्यो । मासु खान पायौ भनेर तिमीले घमण्ड गरेकी होइनौ ? त्यस्तो नगर । त्यसले गर्दा मलाई निकै दुःख भयो । त्यसले मकहाँ आएर भन्यो । "हामीले खानलाई मासु किन नपाएका ?" उनको आवाज क्रोधले काम्यो ।

आमाले नजीक गएर भनिन् । 'बस-न । बसेर कुरा गर-न ।'

'अँहे, म बस्तिनँ ! मैले आफ्ना मानिसहरूलाई ख्वाउन लागेकी छु र तिमी मासु लिएर आऊ ।'

आमाले भनिन् । 'बस-न । हामीले काम नपाएसम्म अरू मासु खान पाउँदैनौं, त्यही अन्तिम मासु हो । तिमीले मासु पकाइरहेको बेला एक दल सा-साना केटाकेटी-हरू झुम्मिन आए भने, तिमी के गर्छौ ? हामीसँग धेरै मासु थिएन तर तिनीहरूले त्यसरी हेरिरहँदा तिमी नदिई बस्न सक्तिनौ ।'

ती आइमाईको हात आफ्नो नितम्बबाट खस्यो । एक छिनसम्म उनका आँखाले आमासित प्रश्न गरेपछि तिनी फनक्क फर्केर छिटो-छिटो गइन् । तिनीले एउटा पाल-भित्र गएर त्यसको ढोका खिचेर तल ओरालिन् । आमाले तिनी गइरहँदा उनलाई घुरेर हेरिरहिन् । त्यस पछि टीनका रिकापीहरूको चाङको वगलमा तिनी फेरि घुँडा टेकेर बसिन् ।

आल छिटो-छिटो नजीक आएर 'टाम' भनेर बोलायो । 'आमा, टाम भित्र छ ?'

टामले आफ्नो टाउको बाहिर निकालेर भन्यो । 'के गर्नु पऱ्यो ?'

आलले उत्तेजित भएर भन्यो । 'मेरो साथमा आऊ ।'

उनीहरू एक साथै गए । टामले सोध्यो । 'तिमीलाई के भयो ?'

'तिमीले पत्ता लगाउने छौ । पख-न ।' त्यसले टामलाई बिग्रेको गाडीनिर

लग्यो । यो फ्लाइड नलेज हो ।'

'हो, मैले उसँग कुरा गरिसकें । तिमीलाई कस्तो छ ?'

फ्लाइडले भन्यो । 'गाडीलाई त्यसको आकारमा ल्याउँदै छु ।'

टामले घिर्नीमाथि आफ्नो औंलाले छामेर हेऱ्यो । 'आल, तिमीलाई यो गाडीमा के मुश्किल पऱ्यो ?'

'फ्लाइडले भर्खर मलाई भन्यो । फ्लाइड, उसलाई भनिदेऊ ।'

फ्लाइडले भन्यो । 'मैले नभन्नु पर्ने हो क्यारे । तैपनि म तिमीलाई भनुंला । त्यो मानिसले आएर भन्यो, उनीहरू उत्तरतिर काम गर्न जाँदैछन् रे ।'

'उत्तरतिर ?'

'हो–सान्ता क्लारा वेली भन्ने ठाउँमा । उत्तरतिर जानु त नरकमा जानु हो ।'

'हो ? काम कस्तो किसिमको छ त ?'

'बिरुवा छाँट्ने, नाशपाती टिप्ने र टीनको बट्टामा प्याक गर्ने काम । भन्छ कि काम छिटै चाहिएको छ ।'

टामले सोध्यो । 'कति टाढा छ ?'

'अहो, क्राइस्टलाई थाहा होला । दुइ सय माइल जति होला ।'

टामले भन्यो । 'त्यो लामो बाटो छ । हामीहरू त्यहाँ पुगेपछि काम पाइन्छ भनेर हामीहरूले कसरी थाहा पाउने ?'

फ्लाइडले भन्यो । 'अँ, हामीलाई त थाहा छैन । तर यहाँ त केही काम पाइँदैन । र त्यो मानिस आफ्नो भाइले पठाएको चिट्ठी पाएको छु भनी भन्छ । र त्यो जाँदैछ । ऊ त्यसबारे कसैलाई नभन्नु भन्छ किनभने उनीहरू धेरै होलान् रे । हामीहरू राति बाहिर जानु पर्छ । त्यहाँ पुगेर केही काम पाउनु पर्छ ।'

टामले उसलाई अध्ययन गरेर भन्यो । 'हामीहरू किन सुटुक्क जाने ?'

'अँ, सबै त्यहाँ पुगेपछि कसैलाई पनि काम मिल्दैन ।'

टामले भन्यो । 'बाटो लामो भएकै तकलीफको कुरा भयो ।'

फ्लाइडलाई चोट लागेको जस्तो भयो । 'मैले त तिमीलाई सूचना मात्र दिएको हुँ । तिमीले त्यसलाई त्यति गहिरोसँग लिनु हुँदैन । तिम्रो भाइले मलाई सघाउ दिएकोले मैले तिमीलाई सूचना दिएको ।'

'तिमीलाई यकीन भैसक्यो, यहाँ कुनै किसिमको काम छैन भनेर ?'

'हेर, यस मोरा ठाउँमा घुमिरहेको तीन हप्ता भैसक्यो तैपनि एउटा काम पाइएको छैन । तिमी काम खोजी गर्दा पेट्रोल नष्ट गर्न चाहन्छौ भने अगाडि बढेर जाऊ, म रोक्ने छैन । जति बढता पेट्रोल खर्च हुन्छ त्यति कम मौका म पाउँछु ।'

टामले भन्यो । 'म छिद्रान्वेषण गर्न लागेको होइन । यो त लामो बाटोको दुःख छ । हामीले यहीं काम पाएर बस्नलाई एउटा घर भाडामा लिन सकौं भन्ने आशा गर्छौं ।'

फ्लाइडले धैर्यसाथ भन्यो । 'मलाई थाहा छ तिमीहरू यहाँ भर्खर नयाँ आइ-पुगेका । त्यसैले धेरै कुरा सिक्न बाँकी नै छ । तिमीसित भन्ने अनुमति मैले पाएको खण्डमा तिम्रो केही कुरा बच्नेछ । तिमीसित भन्ने अनुमति मलाई नदिए तिमीले सारो बाटो जानु पर्नेछ । तिमी यहाँ यसकारणले बस्ने छैनौ कि तिमीलाई वसाल्न केही काम छैन । र तिम्रो पेटले गर्दा तिमी यहाँ बस्ने छैनौ । यो सरल कुरा छ ।'

टामले बेचैन भएर भन्यो । 'पहिले कामको निम्ति घुमेर त हेरूँ ।'

एउटा पालकी-गाडी कैम्पको बीचबाट गुडाएर नजीकको दोश्रो पालसम्म ल्याइयो । ओवरआल्स र नीलो कमीज लाएको एउटा मानिस त्यस गाडीबाट बाहिर निस्क्यो । फ्लाइडले उसँग कराएर भन्यो । 'भाग्य के भो ?'

'कपास टिप्ने बेला नआएसम्म सम्पूर्ण प्रदेशमा कुनै काम हुँदैन ।' र ऊ झुत्रो पालभित्र पस्यो ।

फ्लाइडले भन्यो । 'बुझ्यौ ?'

'ज्यू, मैले बुझें । तर जीजसको शपथ, दुइ सय माइल जानु त !'

'अँ, केही दिनको निम्ति तिमीहरू कहीं बस्तैनौ । त्यस कुरामा पक्का गर्नु बेस होला ।'

आलले भन्यो । 'हामीहरू जाऔं ।'

टामले सोध्यो । 'यस ठाउँमा कहिले काम होला ?'

'अँ, एक महीनामा कपासको काम शुरू हुनेछ । तिमीहरूसित पर्याप्त खर्च भए त्यस कामको निम्ति पर्खन सक्छौ ।'

टामले भन्यो । 'आमा कहीं जान चाहन्न् । तिनलाई थकाइ लागेको छ ।'

फ्लाइडले असन्तोषले आफ्नो कुम हल्लाएर भन्यो । 'म तिमीहरूलाई उत्तर-तिर घचेटन खोजिरहेको छैन । आफैं विचार गर । मैले सुनेको कुरा तिमीलाई भनि-दिएँ ।' त्यसले तेल लाएको डोरी गाडीबाहिरको फल्याकबाट टिपेर घिर्नीमा होशियारी साथ जडीकन थिच्यो । त्यसले आलसित भन्यो । 'अब, त्यस इन्जिनको शिरमा तिमीले मलाई सघाउन चाहन्छौ कि ।'

उनीहरूले त्यो गह्रौं शिर मूल ढिम्रीहरूमा जडान गरेर एकनासले त्यसलाई तल बिसाएको टामले हेरिरह्यो । त्यसले भन्यो । 'यसबारे कुरा गर्नै छ ।'

फ्लाइडले भन्यो । 'तिम्रा मानिसहरूलाई बाहेक अरू कसैलाई यसबारे थाहा दिन चाहन्नँ म । तिम्रो भाइले मलाई यस काममा नसघाएको भए म तिमीलाई भन्ने थिइनँ ।'

टामले भन्यो । 'अँ, हामीलाई यो कुरा भनेकोमा म जरूर तिमीलाई धन्यवाद

दिन्छु । हामीले यस कुरामा विचार गर्नु छ । हामीले विचार गर्न सक्छौं ।'

आलले भन्यो । 'ईश्वरको शपथ, म ठान्छु कि अरू जाउन् या म जाउन् म त जरूर जाउँला । म त्यहाँ जाउँला ।'

टामले सोध्यो । 'परिवारलाई छोड्मै ?'

'अवश्य, म फर्कन्छु । किन न फर्कने ?'

टामले भन्यो । 'आमालाई यस्तो कुरा मन पर्दैन । बालाई नै मन पर्छ ।'

फ्लाइडले घिर्नीहरू राखेर त्यसमा औंलाहरूले सकेसम्म पेच कस्न थाल्यो । त्यसले भन्यो । 'म र मेरी श्रीमती आफ्ना मानिसहरूका साथ बाहिर निस्केकाले फेरि घर फर्केर जाने विचारै आउँदैन । त्यसबारे विचार नै गर्न सकिन्न । तर हामी सबै एक गूट भएर उत्तरतिर थियौं । म यतातिर लागेपछि उनीहरू हिंड्दै थिए । अब त ईश्वरलाई मात्र थाहा होला उनीहरू कहाँ छन् भन्ने कुरा । त्यस बेलादेखि उनीहरूबारे सोध-पूछ गर्दै खोजी गर्दैछौं ।' इन्जिनको शिरमा भएका ढिम्रीहरूमा त्यसले आफ्नो रेंचु जडेर तिनीहरूलाई एकनासिसित घुमायो । हरेक घिर्नीमा एकेकचोटि घुमाउन थाल्यो ।

टाम गाडीको बगलमा पलेंटी मारेर डेडे आँखा गरीकन पालको लाममा हेर्न थाल्यो । पालहरूको बीचमा भएको एउटा सानो ठुटोले माटोमा हानिरहेको थियो । त्यसले भन्यो । 'अँहँ, महाशय, तिमी बाहिर जाने कुरा आमालाई मन पर्दैन ।'

'अँ, एकलो मानिसले काम गर्ने मौका बढता पाएको जस्तो मलाई लाग्छ ।'

निराश मानिसहरू लादिएका दुइटा गाडी कैम्पमा चलाएर ल्याइए । फ्लाइडले आँखा उचालेर हेरेता पनि उमीहरूको भाग्यबारे भने केही सोधेन । उनीहरूको धूलो भरिएको मुखबाट उदासीनता र प्रतिकारको भावना झल्कन्थ्यो । सूर्यास्त हुन लागेको थियो र पहेंलो घाम हूवरवाइल तथा त्यसको पछाडिका सरपतहरूमा पर्न थाल्यो । केटाकेटीहरू कैम्पमा घुम्नलाई पालहरूबाट बाहिर निस्कन थाले । र पालहरूबाट निस्केर आइमाईहरू साना-साना चूलो जोर्न लागे । मानिसहरू पलेंटी कसेर डफ्फा-डफ्फा भईकन कुरा गर्न थाले ।

एउटा नयाँ चेव्रोलेट गाडी मूल-सडक छोडेर कैम्पतिर हुईँक्यो । त्यो कैम्पको मध्य भागतिर आयो । टामले भन्यो । 'यी को हुन् ? उनीहरू यहाँका त होइनन् ।'

फ्लाइडले भन्यो । 'मलाई थाहा छैन । पुलिसहरू हुन सक्छन् ।'

गाडीको ढोका खोलिएपछि एउटा मानिस फुत्त निस्केर गाडीको बगलमा उभियो । उसको साथी बसी नै रह्यो । अब सबै पलेंटी मारेर बसेका मानिसहरूले नवागन्तुकहरूलाई अवलोकन गरेकाले उनीहरूको कुराकानी शिथिल भयो । र आगो जोरिरहेका आइमाईहरूले त्यो चमकदार गाडीमा नहेरे जस्तो गरी हेर्न थाले । केटा-केटीहरू लामो र वक्राकार रूपमा झन् नजीक नजीक आए ।

फ्लाइडले आफ्नो रेन्चु तल राख्यो । टाम उभियो । आल आफ्नो हात सुरुवालमा पुछ्न थाल्यो । उनीहरू तीनै जना चेव्रोलेट गाडीतिर बढे । गाडीबाट निस्कने मानिसले खाकी सुरुवाल र फलाटीनको कमीज लाएको थियो । त्यसले चेप्टो घेरा भएको स्टेट्सन टोप लाइराखेको थियो । एक पुलिन्दा कागज उसको कमीजको गोजीमा थियो साथसाथै एकेक मुट्ठा फाउन्टेनपेन र पहेंलो पेन्सिल पनि । उसको नितम्बको खल्तीबाट धातुको जिल्द भएको एउटा नोट-बुक निस्किराखेको थियो । त्यो पलेंटी कसिराखेका मानिसहरूको एउटा दलनिर गएपछि उनीहरूले उसलाई शान्तपूर्वक शंकाले हेर्न थाले । उनीहरूले आ-आफ्नो ठाउँबाट नचलीकन उसलाई हेरिरहे । उनीहरूका आँखाका सेता भाग आँखाका नानीहरूमुनि देखा परे, किमभने उनीहरूले मुन्टो उचालेर हेरेनन् । टाम, आल र फ्लाइड आकस्मिक तवरले नजीक पुगे ।

त्यो मानिसले भन्यो । 'तिमीहरू काम गर्न चाहन्छौ ?' तैपनि उनीहरूले उसलाई शान्तपूर्वक शंका गरेर हेरे । र कैम्पभरिका मानिस नजीक आए ।

अन्तमा एक जना पलेंटी मारिरहने मानिसले बोल्यो । 'हामीहरू अवश्य काम गर्न चाहन्छौं । काम कहाँ पाइन्छ ?'

'ट्युलारे जिल्लामा । फलफूल पाक्दैछन् । त्यो टिप्नलाई धेरै मानिसहरू चाहिएका छन् ।'

फ्लाइडले बोल्यो । 'भाडामा लिने ?'

'अँ, मैले जमीन ठेक्कामा लिइराखेको छु ।

मानिसहरू अब एक दलमा सम्मिलित भए । ओवरअल लाइराखेको एउटा मानिसले आफ्नो कालो टोप उतारेर आफ्ना औंलाहरूले लामा-लामा कालो कपाल सम्याएर सोध्यो । 'ज्याला कति दिने ?'

'अँ, अहिलेसम्म ठीक यति दिन्छु भनी भन्न सक्तिनँ । मेरो अनुमान मुताबिक अन्दाजी तीस सेन्ट जति ।'

'किन भन्न नसकेका ? तिमीले ठेक्का लियौ, होइन त ?'

खाकी पोशाक लाउने मानिसले भन्यो । 'त्यो त ठीक कुरा हो । तर कति ज्याला दिने भन्ने कुरा कतिमा बेच्ने भन्ने कुरासित मिलाइएको छ । अलि बढी पनि हुन सक्छ, अलि घटी पनि ।'

फ्लाइडले अघि बढेर शान्तपूर्वक भन्यो । 'मिस्टर, म आउँला । तिमी ठेकेदार भएपछि तिमीसँग लाइसेन्स पनि हुनु पर्छ । आफ्नो लाइसेन्स देखाएर कहाँ र कहिले-देखि काम गर्न जाने तथा हामीले कति ज्याला पाउने भन्ने कुरा लेखेर सही गरिदेऊ, हामी सबै जाऔंला ।'

ठेकेदारले रिसाएर फर्कीकन भन्यो । 'मेरो आफ्नो काम-धन्धा कसरी चलाउने भनेर तिमीले मलाई सिकाइरहेका ?'

फ्लाइडले भन्यो । 'तिम्रो निम्ति हामीले काम गर्न लागेका छौं भने त्यो हाम्रो पनि काम-धन्धा हुन जान्छ ।'

'अँ, के गर्ने भनेर तिमीले मलाई भनिरहेका छैनौ । मलाई मानिसहरू चाहियो भनेर मैले तिमीहरूलाई भनें ।'

फ्लाइडले रिसाएर भन्यो । 'तिमीले कति जना मानिस चाहिएको त्यो पनि भनेनौ, न हामीहरूलाई ज्याला कति दिने भन्ने कुरा नै गऱ्यो ।'

'छोडिदेऊ त्यो कुरा । कति जना चाहिन्छ र कति ज्याला दिने भन्ने कुरा

आफूलाई नै अझसम्म थाहा भएको छैन ।'

'त्यो कुरा तिमीलाई थाहा छैन भने मानिस ज्यालामा राख्ने तिम्रो अधिकार पनि छैन ।'

'आफ्नो काम आफूलाई मन परेको ढंगले गर्ने अधिकार आफूसँग छ । तिमीहरू यहीं बसिरहन मन छ भने ठीक छ, बस । ट्युलारे जिल्लाको निम्ति मानिस खोज्न म जाँदैछु । थुप्रो मानिसको आवश्यकता हुँदैछ ।'

फ्लाइड मानिसहरूको घुइँचोतिर फर्क्यो जुन घुइँचो अहिले शान्तपूर्वक एक वक्तादेखि अर्को वक्ताको मुख ताक्दै उभिरहेको थियो । फ्लाइडले भन्यो । 'त्यसलाई हजार जवान काम गर्ने मानिस चाहिएको हुनसक्छ । त्यसले पाँच हजार मानिस पाउनेछ त्यहाँ र घन्टाको पन्ध्र सेन्टको दरले तिर्नु पर्नेछ । तिमी राँडा-छोराहरूले त्यो काम गर्नु पर्नेछ, नगरेमा भोकै पर्नेछौ । त्यसले मानिसहरूलाई ज्यालामा लिन चाहे लिन सक्छ र कति ज्याला दिने भनेर त्यसले लेखेर दिनुपर्छ । उसको लाइसेन्स हेर्ने अनुरोध गर । लाइसेन्स नदेखाईकन त्यसले कुनै मानिसलाई ठेक्कामा राख्न पाउँदैन ।'

त्यो ठेकेदारले चेव्रोलेट गाडीतिर फर्केर बोलायो । 'ज्यो !' उसको साथी बाहिर हेरेर गाडीको ढोका खोली बाहिर निस्क्यो । त्यसले घोडा चढ्दा लाउने ब्रीचीज तथा फीत्तावाल जुत्ता लाइराखेको थियो । उसको कमरको वरिपरि बाँधिराखेको कारतूसको कमरपेटीमा एउटा गह्रौं पिस्तोल राख्ने छालाको बैग झुण्डिरहेको थियो । उसको खैरो कमीजमा एउटा उप-जिल्लाधीशको तारा जडिएको थियो । त्यसको हिंडाइ बोझा थियो । उसको मुखमा पात्तलो मुस्कान खेलिरहेको थियो । 'किन, म चाहिएको ?' त्यो छालाको बैग उसको नितम्बमा अगाडि-पछाडि चलिरह्यो ।

'ज्यो, यो मानिसलाई पहिले कहिल्यै देखेका छौ ?'

उप-जिल्लाधीशले सोध्यो । 'कुनचाहिं ?'

ठेकेदारले फ्लाइडलाई औंल्याएर भन्यो । 'यो चाहिंलाई',

उप-जिल्लाधीशले फ्लाइडमाथि मुस्काएर भन्यो । 'त्यो के गर्छ ?'

'त्यसले कम्युनिस्ट किसिमको खलबल्याउने कुरा गरिरहेछ ।'

'हूँऽऽ', भनेर उप-जिल्लाधीशले बिस्तारै फर्केर फ्लाइडको मुखको एक तरफको दृश्य हेर्न पुग्यो जसबाट फ्लाइडको आकृतिमा बिस्तारै रंग चढेर आयो ।

फ्लाइडले कराएर भन्यो । 'बुझ्यौ ? यो मानिसको अवस्था राम्रो भएको भए आफ्नो साथमा एउटा पुलिस पनि ल्याउने थियो यसले ?'

ठेकेदारले आग्रह गरेर भन्यो । 'पहिले उसलाई कहिले देखेका छौ ?'

'अँ, मैले देखेजस्तो लाग्छ । गएको हप्ता त्यो प्रयोग गरिएको गाडी आउँदा मैले यो मान्छेलाई हल्लिरहेको देखेजस्तो लाग्छ । म किरिया खान सक्छु कि त्यो त्यही मानिस हो ।' एकाएक उसको आकृतिबाट मुस्कान गायब भयो । त्यसले भन्यो । 'त्यो गाडीभित्र पस ।' र त्यसले आफ्नो पेस्तोलको मोटो भागलाई छोप्नेपट्टि खुकुलो पारिदियो ।

टामले भन्यो । 'तिमीले उसबाट केही फाइदा उठाएनौ ।'

उप-जिल्लाधीशले वरिपरि घुमेर भन्यो । 'तिमी पनि भित्र पस्न चाहन्छौ भने तिमीले फेरि आफ्नो खोर थाप्नु पर्छ । दुइ जना मानिस त्यहाँ हल्लिरहेका थिए ।'

टामले भन्यो । 'म गएको हप्ता यस राज्यमा थिइनँ ।'

'अँ, तिमी अन्यत्र कहीं चाहिएका हुन सक्छौ । तिमीले आफ्नो खोर बन्द गरिराख्छौ ।'

ठेकेदारले मानिसहरूतिर फर्केर भन्यो । 'तिमीहरू यी तिरस्कृत कम्युनिस्ट-हरूले भनेका कुरा सुन्न मन पराउँदैनौ । यी खलबल्याहाहरूले तिमीहरूलाई खलबलमा फसाउनेछन् । अब म तिमीहरू सबैलाई ट्युलारे जिल्लामा काम दिन सक्छु ।'

मानिसहरूले उत्तरमा केही भनेनन् ।

उप-जिल्लाधीशले उनीहरूतिर फर्केर भन्यो । 'जाने विचार गरे बेस नै हुने छ ।' उसको आकृतिमा पातलो मुस्कान फेरि देखा पऱ्यो । 'स्वास्थ्य बोर्डको राय छ कि हामीले यस कैम्पनाई साफ गर्नु पर्छ । र यहाँनिर कम्युनिस्टहरू भैदिए कुनै-न-कुनैलाई चोट पर्न सक्छ । तिमीहरू ट्युलारे गैदिए राम्रो हुनेछ । यहाँ केही काम-साम पाइँदैन । म त एउटा साथीले जस्तै भनिरहेको छु । तिमीहरू नगइदिए तिमीहरूले कोदाली समाएर बस्नु पर्नेछ ।'

ठेकेदारले भन्यो । 'मलाई मानिस चाहिएको छ भनेर मैले भनी हालें । तिमीहरू काम गर्न चाहँदैनौ भने जस्तो तिमीहरूको इच्छा ।'

उप-जिल्लाधीशले मुस्काएर भन्यो । 'उनीहरू काम गर्न चाहँदैनन् भने यस प्रदेशमा उनीहरूले बस्ने ठाउँ पाउँदैनन् । हामीहरू उनीहरूलाई छिटै पठाइदिने छौं ।'

फ्लाइड उप जिल्लाधीशको बगलमा सारोसँग उभियो र फ्लाइडका बुढी-औंलाहरू उसैको कमरपेटीमा अल्झिराखेका थिए । टामले उसलाई नहेरे जस्तो गरी हेऱ्यो र त्यसपछि भुइँमा घुरेर हेऱ्यो ।

ठेकेदारले भन्यो । 'कुरा त्यति त छ । ट्युलारे जिल्लाको निम्ति मानिसहरूको आवश्यकता छ । त्यहाँ जति भनेपनि काम पाइन्छ ।'

टामले फ्लाइडको हातमा सुस्त-सुस्त हेऱ्यो र त्यसले नाडीको मुनितिर डोरीहरू देख्यो । टामका हातहरू माथि उठे र बुढी-औंलाहरू आफ्नो कमरपेटीमा अल्झन गए ।

'हो, त्यति नै हो । भोलि बिहानसम्ममा तिमीहरू सबैले यस ठाउँलाई खाली गर्नु पर्छ ।'

ठेकेदार चेभ्रोलेट गाडीभित्र पस्यो ।

उप-जिल्लाधीशले फ्लाइडसित भन्यो । 'अब तिमी त्यो गाडीमा बस ।' ऊ एउटा

ठूलो हात पसारेर फ्लाइडको बायाँ पाखुरा समात्न पुग्यो । फ्लाइडले एक झटकाले फुत्केर उसको विशाल मुखमा एक मुक्का जमाई कुलेलम ठोक्यो–पालहरूको लाममा । उप-जिल्लाधीश डगमगायो र टाम त्यहाँबाट प्रस्थान गऱ्यो । उप-जिल्लाधीश डङ्रङ्ग लडेर आफ्नो बन्दूक भेट्टाउन गुडेर गयो । फ्लाइड पालको लाममा कहिले नदेखिने गरी गयो । उप-जिल्लाधीशले जमीनैबाट गोली चलायो । पालको सामुन्ने एउटी आइमाईले चिच्च्याएर आफ्नो हात हेरिन् जसका औंलाका जोर्नी गइसकेका थिए । औंलाहरू स्नायु-तन्तुहरूमा अडकेर हतकेलामा झुण्डिरहेका थिए र च्यातिएको मासु रगतबिहीन भएर सेतै देखियो । पर पालको लाममा सपरतहरूको निम्ति फ्लाइड अति बेगले दौडिरहेको देखापऱ्यो । भुइँमै बसेर उप-जिल्लाधीशले हान्नलाई बन्दूक फेरि उठायो । त्यही बेला मानिसहरूको बीचबाट श्रध्देय केसी आइरहेको देखापऱ्यो । त्यसले उप-जिल्लाधीशलाई घाँटीमा लातैले हिर्कायो र त्यो भद्दा मानिस अचेत भएर खसेपछि त्यो उभियो ।

चेव्रोलेट गाडी गर्जेर धूलो मन्थन गर्दै रेखा कोरेर गयो । त्यो मूल-सडकतिर आरोहण गरिसकेपछि हुइँकेर गयो । आफ्नो पालको सामुन्ने उभिएर ती आइमाई आफ्नो छिया-छिया परेको हात हेरिरहिन् । घाउबाट अलि-अलि रगत बग्न थाल्यो । उनको घाँटीबाट रुदन जस्तो खित्का आउन थाल्यो । सासैपिच्छे त्यो खित्का बढेर झन्-झन् ठूलो हुँदै गयो ।

उप-जिल्लाधीश कोल्टे पल्टिरहेको थियो– धूलैमा आफ्नो मुख बाएर ।

टामले आफ्नो रिवाल्वर उठाएर त्यसबाट कार्तूस झिकीकन त्यसलाई ब्रशमा फालिदियो । गोली राख्ने प्वालबाट त्यसले सजीव गोली झिकेर भऱ्यो । 'त्यस्ता मानिसले बन्दूक राख्ने अधिकार छैन ।' यति भनेर त्यसले रिवाल्वर भुइँमा खसाल्यो ।

हातमा चोट लागेको आइमाईको वरिपरि भीड जम्मा भयो । उनको उन्माद बढेर खित्कापूर्ण चिच्च्याइमा परिणत भयो ।

केसीले टामको नजीक गएर भऱ्यो । 'तिमी यहाँबाट जाऊ । तिमी गाउँमा गएर पर्ख । मैले उसलाई लातले हानेको त्यसले देखेन, तर तिमीले आफ्नो खुट्टा

उचालेको त्यसले देखेको छ ।'

टामले भन्यो । 'म जान्न ।'

केसीले आफ्नो मुन्टो नजीक ल्याएर कानेखुसी गरेर भन्यो । 'उनीहरूले तिम्रो औंलाको छाप लिनेछन् । तिमीले आफ्नो प्रतिज्ञापत्र उल्लंघन गऱ्यौ । अतएव उनीहरूले तिमीलाई फेरि उहीं फर्काउने छन् ।'

टामले सुस्त-सुस्त सास फेरेर भन्यो । 'जीजस, मैले बिर्सें ।'

केसीले भन्यो । 'झट्टै जाऊ, ऊ आउला ।'

टामले भन्यो । 'मलाई उसको बन्दूक लिन मन लाग्छ ।'

'अँहँ, त्यो कुरा छोडिदेऊ । फर्केर आउन हुनेभए, म तिमीलाई चारचोटि ठूलो आवाजले सुसेली हालेर बोलाउँला ।

टाम आकस्मिक तवरले गयो, तर मानिसहरूको दलदेखि पर पुगेपछि त्यसले आफ्नो हिंडाइको गति तेज गऱ्यो । र त्यो नदीको किनारामा उम्रेका सरपतहरूको बीचमा अदृश्य भएर गयो ।

आलले पछारिएको उप-जिल्लाधीश नजीक गएर प्रशंसा गर्दै भन्यो । 'जीजसको शपथ, तिमीले जरूर उसलाई पछाऱ्यौ ।'

भीड अचेत मानिसलाई घुरेर हेर्दै थियो । अब धेरै परबाट एउटा साइरन बजेर थामियो र फेरि झन् नजीक बज्न थाल्यो । मानिसहरू आत्तिएका थिए । उनीहरूले एक छिनको निम्ति आ-आफ्नो पाइला सारी आ-आफ्नो पालमा गए । आल र पादरीमात्र त्यहाँ बसिरहे ।

केसीले आलतिर फर्केर भन्यो । 'जाऊ आफ्नो पालमा । तिमीलाई केही पनि थाह छैन ।'

'के ? आफ्नोबारे के छ त ?'

केसीले उसँग ङिच्च हाँसेर भन्यो । 'दोष कसैले सकार गरिदिनुपर्छ, मेरो एउटा पनि केटाकेटी छैन । उनीहरूले मलाई जेलमा हाल्नेछन् तर मैले यताउति हिंड्नु नाहेक अरू केही पनि गरेको छैन ।

आलले भन्यो । 'केही तर्क छैन त्यसको–'

केसीले झट्टै भन्यो । 'अब जाऊ, यहाँबाट गैहाल ।'

आलले आक्रमणात्मक ढंगले भन्यो । 'म कसैको हुकुम मान्न तत्पर छैन ।'

केसीले सुस्त-मुस्त भन्यो । 'तिमी आफ्नो सम्पूर्ण परिवारमा गडबड मचाउँछौ भने उनीहरू सबलाई दुःख हुनेछ । तिम्रोबारे मलाई केही फिक्री छैन । तर तिम्रो आमा र बुबालाई दुःख होला । उनीहरूले टामलाई फेरि मैकआलेस्टर पठाउन सक्नेछन् ।'

आलले यसमा एक छिन विचार गरेर भन्यो । 'ठीक छ । तिमी त बिलकुल मूर्ख जस्तो लाग्छौ मलाई ।'

केसीले भन्यो । 'अवश्य, किन नलाग्नु ?'

साइरन बारम्बार चिच्च्याएर झन्-झन् नजीक आयो । केसीले उप-जिल्लाधीशको बगलमा घुँडा टेकेर उसलाई पल्टायो । त्यो मानिसको मुखबाट आर्त्तनाद निस्क्यो, उसका आँखाहरू फर्फराए र उसले हेर्न खोज्यो । केसीले उसको ओठबाट धूलो पुछिदियो । परिवारहरू अब पालहरूभित्र थिए र पालका पर्दा ओरालिएका थिए तथा अस्ताचलतिर लागेको सूर्यले वायुमण्डललाई लाल पार्नुको साथसाथै खैरो पालहरूलाई काँसको रंगमा परिणत गराइदियो ।

मूल-सडकमा टायरहरूको चिच्च्याइ सुनियो र एउटा खुल्ला गाडी छिटो-छिटो कैम्पतिर आयो । राइफलले सुसज्जित चार जना मानिस त्यस गाडीबाट बाहिर निस्के । केसी उभिएर उनीहरूकहाँ गयो ।

'यहाँ के गडबड हुन लागेको छ ?'

केसीले भन्यो । 'मैले तिम्रो मानिसलाई त्यहाँ थचक्क पारिदिएको छु ।'

एक जना सशस्त्र मानिस उप-जिल्लाधीशको नजीक गयो । ऊ अब होशमा आइसकेको थियो र त्यसैले कमजोरसित बस्न खोजिरहेको थियो ।

'यहाँ के भयो ?'

केसीले भन्यो । 'अँ,त्यो खस्रो भयो अनि मैले उसलाई ठोकें । त्यसपछि त्यसले पालको लाममा उभिएकी एउटी आइमाईलाई गोली हान्न थाल्यो । यसैले मैले फेरि उसलाई ठोकें ।'

'अँ, पहिले-प्रथम तिमीले के गऱ्यौ ?'

केसीले भन्यो । 'मैले कुरा गरें ।'

'त्यो गाडीभित्र पस ।'

केसीले भन्यो । 'अवश्य ।' त्यो पछाडिको सीटमा चढेर बस्यो । दुइ जना मानिसले त्यो चोट लागेको उप-जिल्लाधीशलाई उठाउन सघाए । त्यसले आफ्नो घाँटी बडो होशियारीसाथ छामेर हेऱ्यो । केसीले भन्यो । 'यो पंक्तिको तल एउटी आइमाई छिन् जो उसको नराम्रो गोलीले लागेर रगत बगीकन मर्लिन् जस्तो छ ।'

हामी उनलाई पछि हेर्रौंला । माइक, तिमीलाई ठोक्ने मान्छे यही हो ?'

त्यो तिरमिराएको मानिसले केसीमाथि बिरामीले जस्तो घुरेर हेर्न थाल्यो ।

'त्यो जस्तो लागेन ।'

केसीले भन्यो । 'म नै थिएँ । गलत मानिससँग तिम्रो ईख रहेछ ।'

माइकले बिस्तारै आफ्नो टाउको 'नाइँ'भनेर हल्लायो । 'तिमी उही मानिस हौ जस्तो मलाई लागेन । सतोसत, म बिरामी हुन लागेको छु !'

केसीले भन्यो । 'म निश्चिन्त भएर जाउँला । तिमीहरूले ती आइमाईलाई

कति नराम्रो चोट लागेको छ भन्ने कुरा हेरिदिए बेस हुने थियो ।'

'तिनी कहाँ छन् ?'

'उ त्यो पालमा ।'

उप-जिल्लाधीशहरूको नाइके हातमा राइफल लिएर त्यो पालमा हेर्न गयो । पाल वाहिरबाट आवाज दिएर ऊ भित्र पस्यो । एकै छिनमा ऊ बाहिर निस्केर फर्क्यो । र त्यसले अलि गर्वसाथ भन्यो । 'जीजसको शपथ पैंतालीसमा कत्रो गडबड हुँदो रहेछ ! पट्टी लगाइसकेका रहेछन् उनीहरूले । हामी डाक्टर पठाइदिनेछौं ।'

केसीको दुवैतिर दुइ जना उप-जिल्लाधीशहरू बसे । नाइकेले हरन बजायो । कैम्पमा कुनै हलचल थिएन । पालका पर्दाहरू तल ओरालीकन कसिएका थिए र मानिसहरू आ-आफ्नो पालभित्र बसिरहे । इन्जिनमा चाल आएपछि गाडी चलेर कैम्पबाट बाहिर निस्क्यो । आफ्नो टाउको र घाँटीका रेशादार मांसपेशीहरू माथि उचालेर केसी आफ्ना गार्डको बीचमा गर्वसाथ बस्यो । उसको ओठमा हल्का मुस्कान थियो र उसको आकृतिमा विजयको अलौकिक छाप थियो ।

उप-जिल्लाधीशहरू गैसकेपछि मानिसहरू पालबाट बाहिर निस्के । सूर्य अस्ताचलतिर लागिरहेको थियो र कोमल सन्ध्याको प्रकाश कैम्पमा परिरहेको थियो । पूर्वतिरका पहाड अझै घामले पहेंलै थिए । आइमाईहरू निभिसकेको आगोनिर गए । मानिसहरू एकसाथ जम्मा भै पलेंटी कसेर सुस्त-सुस्त कुरा गर्न थाले ।

आल जोड-परिवारको टाटमुन्तिरबाट घस्रेर आई सरपतहरू भएको ठाउँतिर गई टामलाई सुसेलेर बोलाउन थाल्यो । आमा बाहिर निस्की झारपात बालेर आगो बनाउन थालिन् ।

तिनले भनिन् । 'बा, हामीले अब धेरै नखाने किनभने यति अबेर गरेर हामी खान्छौं ।'

आमालाई आलु ताछेर टुक्रा-टुक्रा गरीकन धेरै तेल भएको कराहीमा काँचै हालिरहेको देखेर बा र काका जान नजीक बसेर कुरा गर्न थाले । बाले भन्नुभयो ।

'अब त्यो पादरीले के विचित्र काम गर्न लागेको होला ?'

रूठी र विनफील्ड घरमा आइ टुक्रुक्क बसी कुरा सुन्न थाले ।

काका जानले एउटा लामो खिया परेको कीलाले माटोमा गहिरो गरी कोर्न थाले । 'उनलाई पापवारे ज्ञान थियो । मैले पापवारे उनीसित प्रश्न गरेपछि उनले मलाई जवाब दिए । तर उनले भनेको कुरा ठीक छ कि छैन मलाई थाहा छैन । उनको भनाइअनुसार कुनै व्यक्तिले उसले पाप गरेको छ भन्ने विचार गर्छ भने त्यसलाई पाप लाग्छ ।' काका जानका आँखामा थकान र उदासीनता झल्केको थियो । उनले भने । 'मेरा दिनहरूमा म गोप्य रहन्थें । मैले यस्ता काम गरेको छु जसबारे मैले कसैलाई कहिले पनि भनेको थिइनँ ।'

आमाले आगो बाल्न थामीकन फर्केर भनिन् । 'जान, केही नभन । भन्ने हो भने ती सबै कुरा ईश्वरलाई भन । तिम्रा पाप अरू मानिसहरूलाई लादेर बोझ नगर । त्यसो गर्नु राम्रो छैन ।'

जानले भन्यो । 'ती पापले मेरो मुटु खाँदैछन् ।'

'अँ, उनीहरूलाई त्यसबारे नभन । नदीमा गएर आफ्नो टाउको निहुराईकन खोलासँग कानेखुसी गर ।'

बाले आमाको कुरा सुनेर बिस्तारै स्वीकृतिस्वरूप मुन्टो हल्लाईकन भन्नुभयो। 'तिनले जे भनिन् त्यो ठीकै छ । आफूले गरेको पाप व्यक्त गरेर मनको बोझ त हल्का हुन्छ तर त्यो कुरा भने फैलिएर जान्छ ।'

काका जानले आफ्नो आँखामा प्रतिबिम्बित भएर घामले सुनौला रंग पारिएका पहाडहरूतिर हेरेर भने । 'मेरो इच्छा त यसलाई चकनाचूर पार्नुछ तर त्यसो गर्न सक्तिनँ । यो पापले गर्दा मेरो आन्तरिक बलमा क्षति पुऱ्याएको छ ।'

उनको पछाडि रोज आब शारन ढलमलाईकन पालबाट बाहिर निस्किन् । तिनले चिडचिडाहटको भावनाले सोधिन् । 'काञ्ची कहाँ छ ? कति बेर भो मैले उसलाई नदेखेको । त्यो कहाँ गयो ?'

आमाले भनिन् । 'मैले देखेको छैन । मैले देखें भने तिमी उसलाई खोजि-रहेकी छौ भनिदिउँला ।'

रोज आब शारनले भनिन् । 'मलाई सन्चो भएन । कान्नीले मलाई छोड्न नहुने ।'

आमाले उनको सुन्निएको मुखमा हेरेर भनिन् । 'तिमी रोइरहेकी छौ ।'

रोज आब शारनका आँखाबाट ताजा आँसु बरबर बग्न थाले ।

आमाले जोडदार शब्दले भन्दै गइन् । 'आत्म-भरोसा गर । हामीहरू यतिका छँदैछौं यहाँ । आत्म-भरोसा गर । यहाँ आएर आलु ताछ्ने गर । तिमी अपशोच गरि-रहेकी छौ ।'

ती लडकी पालमा फर्केर जान थालिन् । तिनले आमाको सारो नजर छल्न खोजिन् तर उनले लाचार भई बिस्तारै आगोतिर आउनु पऱ्यो । तिनले भनिन् । 'त्यो नजानु पर्ने ।' त्यस बेलासम्म उनको आँसु सुकिसकेको थियो ।

आमाले भनिन् । 'तिमीले काम गर्नु पर्छ । पालमा मात्र बसिरहेपछि तिमीमा उदासीनता आउँछ । तिमीलाई आफ्नो साथमा राख्ने मौका मैले पाइनँ । अब राखुँला । यो चक्कु लिएर आलु ताछ ।'

ती लडकीले घुँडा टेकेर भनेको कुरा मानिन् । तिनले क्रूरतापूर्वक भनिन् । 'पख-न, ऊ त आवस्, म उसलाई भनिदिने छु ।'

आमाले बिस्तारै मुस्काएर भनिन् । 'त्यसले तिमीलाई ठोक्न सक्छ । ठोकिइए-पछि तिमी रोएर आउनु पर्नेछ । त्यसले ठोकेर तिमीलाई सुधार्न सके म उसलाई स्याबासी दिन्छु ।' ती लडकीको नजरमा रिसको भावना झल्क्यो तर तिनी चुप थिइन् ।

काका जानले खिया परेको कीला आफ्नो चाक्लो बूढी-औंलाले जमीन भित्र-सम्म गाड़े । उनले भने । 'मलाई भन्नु छ ।'

बाले भन्नुभयो । 'अँ, उसोभए भन ।'

काका जानले आफ्नो हरियो जीनको लुगामा भएको घडी राख्ने खल्तीमा आफ्नो बूढी-औंला घुसाएर एउटा पट्टयाइराखेको मैलिसकेको बिल झिके । उनले त्यो कागज फैलाएर देखाए । उनले भने । 'पाँच डलर ।'

बाले सोध्नुभयो । 'चोरेको ?'

'अँहँ, मैले यसलाई जोगाइराखेको ।'

'त्यो तिम्रो हो, होइन र ?'

'हो, तर यसलाई आफ्नो साथमा राख्ने अधिकार मलाई छैन ।'

आमाले भनिन् । 'त्यसमा म धेरै पाप देख्तिनँ । यो तिम्रो हो ।'

काका जानले बिस्तारै भने । 'यसमा राख्ने कुरा मात्र छैन । मैले यो राखेको रक्सी खानलाई । मलाई थाहा थियो कि एक समय आउने छ जब म जँड्याहा भएर आफ्नो शरीरभित्र रोग उत्पन्न गर्ने थिएँ । समय अझ आएको थिएन भनेर विचार गरें, अमि पादरी आएर टामलाई बचाउन आफैं अघि सऱ्यो ।'

बाले स्वीकृतिसूचक तरीकाले आफ्नो मुन्टो तल-माथि हल्लाईकन कुरा सुन्नलाई टाउको छड्के पार्नुभयो । रूठी छाउरो जस्तै आफ्नो कुहिनाको बलले घस्रेर झन् नजीक आइन् र विनफील्डलें पनि त्यस्तै गऱ्यो । रोज आब शारनले आलुमा आफ्नो चक्कुको टुप्पाले गहिरो आँखा जस्तै खनिन् । सन्ध्याको प्रकाश गहिरिएर गाढा नीलो भयो ।

आमाले तिखो वास्तविक स्वरमा भनिन् । 'पादरीले टामलाई बचाउँदैमा तिमीले किन पिउनु परेको भन्ने कुरा म बुझ्दिनँ ।'

जानले उदासीन भई भन्यो । 'त्यसबारे भन्न सक्तिनँ । मलाई डर लाग्छ । त्यसले यस्तो सजिलोसँग काम गरेको छ कि त्यो त्यहाँ गएर भन्छ : "उप-जिल्लाधीशमाथिको हमला मैले गरेको ।" अनि पछि उनीहरूले उसलाई लगे । र मलाई

रक्सी खान मन लागेर आयो ।'

बाले अझ स्वीकृतिसूचक तरीकाले आफ्नो मुन्टो हल्लाएर भन्नुभयो । 'तिमीलै यो कुरा किन भन्नुपर्छ म केही बुझ्दिनँ । म भए सरासर गएर पिउने कुरा पिउँथे ।'

काका जानले उदासीन भई भने । 'एक समय आएको थियो जब म केही काम गर्न सक्थें र आफ्नो मनको ठूलो पापलाई पखाल्न सक्थें । त्यो मौकालाई केही फाइदा नउठाईकन मैले गुमाएँ । हेर, तिमीसित दाम छ, मलाई दुइ डलर देऊ ।'

बाले मन नलागीकन आफ्नो खल्तीमा हात घुसारेर छालाको थैलो झिक्नुभयो । 'रक्सी खानलाई तिमीलाई सात डलर चाहिँदैन । तिमीलाई सेम्पेन त चाहिएको होइन ।'

काका जानले आफ्नो बिल अगाडि सारेर भने । 'त्यो बिल लेऊ र मलाई दुइ डलर देऊ । दुइ डलरले म मजासँग पिउन सक्छु । म आफूमा कुनै पाप राख्न चाहँदिन । आफूसित भएको म खर्च गरूंला । म सधैं त्यस्तै गर्छु ।'

बाले त्यो मैलो बिल लिएर काका जानलाई चाँदीको दुइ डलर दिए । उनले भने । 'यो लेऊ । तिमी आफूले अठोट गरेको काम गरिहाल्छौ । कसैले भनेर हुने होइन ।'

काका जानले त्यो मुद्रा लिएर भने । 'तिमी पागल त हुँदैनौ ? मैले पिउनु पर्छ भन्ने कुरा त थाहा छ ?'

बाले भन्नुभयो । 'क्राइस्टको शपथ, मलाई थाहा छ । तिमीले गर्नु पर्ने कुरा पनि तिमीलाई थाहा छ ।'

उनले भने । 'अरू कुनै किसिमले आजको रात काट्ने क्षमता ममा हुने छैन ।' उनले आमातिर फर्केर भने । 'तिमी मलाई रोक्ने त छैनौ ?'

आमाले माथि नहेरीकन सुस्त-सुस्त भनिन् । 'अँहँ, जाऊ खान ।'

त्यो जुरुक्क उठेर निराश्रित भैकन सन्ध्याकालमा हिंडिहाल्यो । कंक्रीट ठोकेको मूल सडकमा त्यो गयो र त्यहाँबाट ऊ बनियाँको पसलमा गयो । पर्दा लगाएको ढोका सामुन्ने त्यसले आफ्नो हैट उतारेर धूलोमा फ्याँकी आत्मग्लानिको भावनाले आफ्नो कुर्कुच्चाले त्यसलाई रगड्यो । आफ्नो कालो हैटलाई बिग्रेर मैलिएको अवस्थामा त्यहीं छोडीकन त्यो पसलमा पस्यो । र त्यो तार बारेको ठाउँको पछाडि ह्विस्कीका बोतल राखिएका तख्ताहरूको नजीक गयो ।

बा, आमा र केटाकेटीहरूले काका जान गएको हेरिरहे । रोज आव शारनले रिसाएर आलुमा आँखा गाडिरहिन् ।

आमाले भनिन् । 'बिचरा जान, मलाई शंकै छ त्यसले केही असल काम गर्ला भनेर । मैले यो जस्तो आफ्नो इच्छाले प्रेरित भएको मानिस कहिल्यै देखेको छैन ।'

रूठीले धूलैमा आफ्नो बगलतिर फर्केर आफ्नो टाउको विनफील्डको मुन्टो नजीक लगीकन आफ्नो मुखनिर उसको कान तान्यो । तिनले कानेखुसी गरेर भनिन् । 'म रक्सी खान लागेको छु ।' विनफील्ड फुइँ-फुइँ नाक बजाएर आफ्नो मुख कस्न थाल्यो । दुवै केटाकेटीहरूले आफ्नो सास रोकेर, भित्र-भित्र हाँसेकाले मुख लाल गरीकन घस्रेर गए । पालको वरिपरि घस्रेर गई उनीहरू फुत्त उफ्री चिच्च्याईकन पाल छोडेर भागिहाले । सरपतका बोटहरूतिर उनीहरू कुदे । त्यहाँ लुकेर उनीहरू खित्का छोडी चिल्लाई-चिल्लाईकन हाँस्न थाले । रूठीले डेडे आँखा पारी, हात-खुट्टा लुलो गरी, जिभ्रो निकालीकन ढलमलाएर हिंड्दै भनिन् । 'मलाई रक्सी लाग्यो ।'

विनफील्डले कराएर भन्यो । 'मलाई हेर । म यहाँ छु । म काका जान हूँ ।' ऊ आफ्ना पाखुराहरू पखेटा जस्तै फर्फराएर फ्वाँ-फ्वाँ गर्न लाग्यो । रिंगटा नलागे-सम्म ऊ फनफन घुम्यो ।

रूठीले भनिन् । 'अँहँ, तरीका यो हो, यो हो तरीका । म काका जान हू । मलाई असाध्य रक्सी लागेको छ ।'

आल र टाम शान्तपूर्वक सरपतहरूको बीचबाट गएपछि पागलसरि ढलमलीकन हिंडिरहने केटाकेटीहरूकहाँ आइपुगे । टामले थामिईकन च्याएर हेर्‍यो । 'तिनीहरू

रूठी र विनफील्ड होइनन् ? उनीहरूलाई के भएको होला ?' उनीहरू झन् नजीक पुगेर सोधे । 'पागल तिमीहरू कहींका ?'

केटाकेटीहरू थामिएर असमन्जसमा परे । रूठीले भनिन् । 'हामीहरू खालि खेलिरहेका ।'

आलले भन्यो । 'यसरी खेल्नु त पागलपन हो ।'

रूठीले धृष्टतासँग भनिन् । 'अरू घरै कुराहरूभन्दा यो त्यतिको पागलपन छैन ।'

आल गएपछि उसको पछाडि रूठीले आफ्नो मुख बिगारिन्, आफ्ना चोर-औंलाहरूले मुख फट्टयाइन्, उसलाई हेरी जिभ्रो निकालीकन तथा तिनलाई थाहा भएको हरसम्भव तरीकाले उसको अपमान गरिन् । तर तिनले जे गरेता पनि आलले पछाडि हेरेन । तिनले विनफील्डलाई खेल फेरि शुरू गर्न आँखाले संकेत दिइन् । तर खेल चौपट भैसकेको थियो । यो कुरा उनीहरू दुवैलाई थाहा थियो ।

विनफील्डले प्रस्ताव गऱ्यो । "हामी पानीमा तल गएर टाउको डुबाऔं ।" उनीहरू सरपतहरूको बीचबाट गए । आलसँग उनीहरू रिसाएका थिए ।

आल र टाम शान्तपूर्वक सन्ध्यामा अघि बढे । टामले भन्यो । 'केसीले त्यसो गर्न नहुने । मैले थाहा पाउनु पर्ने । त्यसले हामीहरूको निम्ति केही पनि गरेको छैन भनेर ऊ कुरा गरिरहेको थियो । बडो मजाको मान्छे रहेछ त्यो । जहिले पनि विचार गरिरहने ।'

आलले भन्यो । 'पादरी भएर विचार आएको ।'

पालका भित्ताहरूमा राम्रोसँग हेर्दै उनीहरू पालहरूको बीचबाट गए । फ्लाइ-डको पाल आइपुगेपछि उनीहरूलाई सानो स्वरले स्वागत गरे बापत उनीहरू थामिए । उनीहरू पालको पर्दा नजीक आएर पलेंटी कसेर बसे । फ्लाइडले पालको पर्दा अलिकति उचालेर भन्यो । 'तिमीहरू बाहिर जाँदैछौ ?'

टामले भन्यो । 'मलाई थाहा छैन । हामीहरू जानु वेसै होला भन्ठान्छौ ?'

फ्लाइडले बेमजासँग हाँसेर भन्यो । 'त्यो साँढेले जे भन्यो त्यो तिमीहरूले सुनिहाल्यौ । तिमीहरू यो ठाउँ छोडेर जाँदैनौ भने उनीहरूले तिमीहरूको पाल जलाइदिनेछन् । त्यो मानिस कुटाइ खाएर फेरि फर्केर आउनेछैन भनी तिमीहरू ठान्छौ भने, तिमीहरूलाई पागल भनेपनि हुन्छ । ती बाह्रमासेहरू आज राति यहाँ आएर हामीहरू सबैको पाल जलाई दिनेछन् ।'

टामले भन्यो । 'त्यसोभए हामी जानु बेस होला । तिमी कहाँ जादैछौ ?'

'किन, मैले भनेजस्तै उत्तरतिर जाँदैछु ।'

आलले भन्यो । 'हेर, एक जना मानिसले मलाई भनेको थियो, यहाँ नजीकै एउटा सरकारी कैम्प छ भनेर । त्यो कहाँ छ त ?'

'ओ, म ठान्दछु कि त्यो भरिइसकेको छ ।'

'अँ, त्यो कहाँ छ त ?'

'अन्दाजी बाह्रदेखि चौध माइल पर दक्षिणतिर ९९ नं. मा गएर पूर्व फर्की वीडपैंचतिर जाऊ । त्यो त्यहीं नजीक छ । तर मलाई लाग्छ त्यो ठाउँ भरिइसकेको छ ।'

आलले भन्यो । 'त्यो बडो राम्रो ठाउँ भनेर त्यो मानिसले भन्थ्यो ।'

'अवश्य, त्यो ठाउँ राम्रो छ । त्यहाँ तिमीलाई कुकुर जस्तो होइन मानिस जस्तो गरी व्यवहार गरिन्छ । त्यहाँ पुलिस-सुलिस कोही छैनन् । तर त्यो ठाउँ भरिइसकेको छ ।'

टामले भन्यो । 'त्यो पुलिस किन त्यस्तोबिघ्न नीच भएको, मैले बुझ्न सकिनँ । त्यसले दुःख दिन लागेको जस्तो देखियो । त्यसले एउटा मानिसद्वारा दुःख दिइन त्यस मानिसलाई कुतकुत्याइरहेको जस्तो देखिन्थ्यो ।'

फ्लाइडले भन्यो । 'मलाई यस ठाउँबारे केही थाहा छैन । तर उत्तरतिरको एक जना मानिसलाई म चिन्दछु, जो बडो असल थियो । उप-जिल्लाधीशहरूलाई मानिराहरू चाहिएको थियो भनेर त्यसले मलाई भन्यो । एउटा उपजिल्लाधीशले हरेक

कैदीको निम्ति दिनको पचहत्तर सेन्ट पाउँथ्यो र त्यसले उसलाई पचीस सेन्टको मात्र ख्वाउँथ्यो । त्यसको साथमा कैदीहरू नभएको खण्डमा त्यसको आमदानी हुँदैनथ्यो । त्यो मानिसले भन्थ्यो कि एक हप्ता भयो त्यसले कसैलाई पनि लान पाएको थिएन । र जिल्लाधीशले मानिसहरूलाई ल्याऊ भनिरहेको थियो ।'

टामले भन्यो । 'हामीले हेर्दै जानुछ निकै दिन, फ्लाइड ।'

'निकै दिन । तिमीलाई भेट्छु शायद । आशा त त्यस्तै छ ।'

आलले भन्यो । 'जाऊँ है ।' उनीहरू अँध्यारो खैरो कैम्पबाट जोड-परिवारको पालमा गए ।

आगोमाथि चढाइएको आलु भुटेको कराहीबाट छ्वाइँइँयँ र पाट-पुट-पाट-पुट आवाज आयो । आमाले आलुको बाक्ला फाँकहरू चम्चाले चलाइन् । बा आफ्नो घुँडा अंगालेर नजीकै बस्नुभयो । रोज आब शारन टाटमुनि बसिरहेकी थिइन् ।

आमाले कराएर भनिन् । 'टाम आइपुग्यो । धन्य ईश्वर ।'

टामले भन्यो । 'हामीले यस ठाउँलाई छोड्नु पर्‍यो ।'

'अहिले के कुरा भयो ?'

'अँ, फ्लाइडले भन्यो उबीहरू आएर आज राति कैम्पका जम्मै पाल बाल्नेछन् ।'

बाले सोध्नुभयो । 'किन ? हामीले त केही गरेका छैनौं ।'

टामले भन्यो । 'एउटा पुलिसलाई कुट्नुबाहेक अरू केही गरेका छैनौं ।'

'अँ, हामीहरूले कहिले पनि त्यसो गरेका छैनौं ।'

'त्यो पुलिसले जे भन्यो त्यसबाट यस्तो बुझिन्छ कि उनीहरू हामीहरूलाई धपाउन चाहन्छन् ।'

रोज आब शारनले सोधी । 'तिमीले कान्नीलाई देखेका छौ ?'

आलले भन्यो । 'हो देखेका छौं । नदीको माथितिर गयो त्यो । त्यो दक्षिणतिर लागिरहेछ ।'

'त्यो के टाढै जान लागेको ?'

'मलाई थाहा छैन ।'

आमाले ती लडकीतिर फर्केर भनिन् । 'रोसाशर्न, तिमीले जे कुरा र काम गरेकी छौ त्यो हाँसउठ्दो छ । यस्तो कुरा गरेर हिंडेपछि कान्नीले तिमीलाई के भन्ला ?'

रोज आब शारनले उदासीनतापूर्वक भनिन् । 'घरैमा बसेर ट्र्याक्टर चलाउने अध्ययन गरेको भए बेस हुने थियो ।'

उनीहरू सब चूप थिए । रोज आब शारनले आगोमा हेरिरहिन् र उनका आँखा आगोको प्रकाशले टल्किए । आलु कराहीमा जोरसँग छ्वाइँइँयँ गर्दै गयो । ती लडकीले सुइँ-सुइँ गर्दै आफ्नो नाक हातको पछिल्तिरबाट पुछिन् ।

बाले भन्नुभयो । 'कान्नी कुनै भलाइ चाहँदैन, मैले त्यो कुरा धेरै दिनदेखि हेरेर आएको । केही ह्याउ पनि छैन ।'

रोज आब शारन जुरुक्क उठेर पालभित्र पसिन् । डसनामा पल्टेर आफ्नो पेटको बलले लडीबुडी खेलीकन जोल्टिएका पाखुरामा आफ्नो मुन्टो गाडिन् ।

आलले भन्यो । 'मलाई लाग्छ उसलाई समातेर केही फाइदा हुँदैन ।'

बाले जवाब दिनुभयो । 'त्यो असल नै छैन भने, हामी पनि उसलाई चाहँदैनौं ।'

आमाले त्यस पालभित्र हेरिन् जहाँ रोज आब शारन आफ्नो डसनामा पल्टिरहेकी थिइन् । आमाले भनिन् । 'श् । त्यस्तो नभन ।'

बाले आग्रह गरेर भन्नुभयो । 'अँ, त्यो असल मान्छे होइन । जहिले पनि यो गर्छु, उ गर्छु भनेर भनिरहन्छ तर कहिले पनि केही गर्दैन । त्यो यहाँ रहुन्जेल मैले केही पनि भन्न चाहिनँ । तर अहिले त्यो भागिसक्यो ।

आमाले विस्तारै भनिन् । 'श् !'

'किन, क्राइस्टको निम्ति ? मैले किन श् गर्नु पर्छ र ? त्यो त भागिसक्यो, भागेन र ?'

आमाले आफ्नो चम्चा लिएर आलु पल्टाइदिइन् र बोसो उम्लेर त्यसबाट पाट-पुट आवाज आयो । तिनले आगोमा हाँगाहरू थपिन् र आगोको ज्वाला उठेर पाल आलोकित भयो । आमाले भनिन् । 'रोसाशर्नले एउटा सानो बच्चा पाउन लागेकी छ र त्यो बच्चामा आधा कान्नी छ । बाबुचाहिं असल छैन भनी एकातिर भने मानिसहरू कुरा गरिरहने र अर्कातिर बच्चा बढ्दै आउनु राम्रो कुरा होइन ।'

बाले भन्नुभयो । 'त्यसको बारे झूट कुरा गर्नुभन्दा त बेसै छ ।'

आमाले कुरा काटेर भनिन् । 'अँहँ, त्यो होइन । त्यो मऱ्यो भन्ठान-न । कान्नी मऱ्योभने तिमी उसको बारेमा खराब कुरा भन्ने छैनौ ।

टामले भन्यो । 'ए क्या हो ? कान्नी नआउने गरीकन गयो भन्ने कुराको हामीलाई निश्चय छैन । कुरा गर्ने समय पनि छैन । हामीहरूले खाएर बाटो तताउनु छ ।'

आमाले आगोको प्रकाशले आलोकित अन्धकारको बीचबाट च्याएर भनिन् । 'बाटो तताउने ? हामीहरू भर्खर यहाँ आइपुग्यौं ।'

त्यसले होशियारीसाथ व्याख्या गरेर सुनायो । 'उनीहरू आज राति यो कैम्प जलाउँदैछन् । आमा, अब हाम्रा मालसामान सबै जलेर गएको म उभिएर हेर्न सक्तिनँ; न बाले, न काका जानले नै हेर्न सक्छन् । हामीले लड्नु पर्नेछ र कसैले हामीमाथि आक्रमण गरेको म सहन सक्तिनँ । पादरीले नगरेको भए त्यो काम झण्डै मैले गर्नुपर्ने थियो ।'

आमा भुटिएका आलु गरम चिल्लोमा पल्टाइरहेकी थिइन् । अब तिनले निर्णय गरेर ठूलो स्वरमा भनिन् । 'आऊ आऊ, हामी या खाना खाऔं । हामीले छिटो जानुछ ।' तिनले टीन-प्लेटहरू फैलाइन् ।

बाले भन्नुभयो । 'जानको बारे के गर्ने ?'

बा र आमा दुवै एक छिन चूप लागे । त्यसपछि बाले भन्नुभयो । 'त्यो त रक्सी खान गयो ।'

टामले भन्यो । 'जीजसको कसम ! कस्तो समयमा गएको ! त्यो कहाँ गयो होला ?'

बाले जवाब दिनुभयो । 'हेर, तिमीहरू सबैले खाएर मालसामान गाडीमा लाद । म गएर काका जान कहाँ छ हेरुँला । त्यो सडक पारिपट्टि रक्सी-पसलमा गएको होला ।'

टाम छिटो-छिटो गयो । पालहरू र झोपडीहरूको सामुन्ने सानो-सानो पकवानका आगो बलिरहेका थिए र तिनको प्रकाश झुत्रे स्वास्नीमान्छे र लोग्नेमान्छेहरू तथा पलेंटी मारेर बसेका केटाकेटीहरूका मुखमा पर्न गए । केही पालहरूमा मट्टितेलको बत्तीको प्रकाश पालका टाटमा आलोकित भई त्यसमा मानिसहरूका छायाँ वृहत् रूपमा प्रतिबिम्बित भए ।

टाम धूले-सडकमा गयो तथा कंक्रीट ठोकेको मूल-सडक नाघेर गई सानो बनियाँको पसलमा गयो । पर्दा लगाएको ढोका सामुन्ने उभिएर त्यसले भित्र हेऱ्यो । आँखाबाट पानी निस्किरहने तथा नराम्रो जुंगा भएको एउटा सानो खैरो मानिस त्यस पसलको मालिक थियो जसले एउटा अखबार पढेर काउन्टरमा अडेस लगाई राखेको थियो । उसका दुब्ला पाखुरा नांगे थिए र त्यसले एउटा लामो एप्रोन लगाइराखेको थियो । उसको पछाडि वरिपरि टीनका डिब्बामा राखिएका खाद्यपदार्थ टीलाकारहरू, झुण्डाकार स्तम्भहरू तथा भित्ताकारहरूको रूपमा थुपारिराखिएका थिए । त्यसले माथि हेरेपछि टाम भित्र पस्यो र उसका आँखा नजीकैमात्र हान्न हुने बन्दूकको निशाना ताक्दा गरेजस्तै साँगुरिएर गए ।

त्यसले भन्यो । 'सन्ध्याको प्रणाम, केही कुरा चाहियो ?'

टामले जवाब दियो । 'मेरो काका चाहियो । अथवा त्यो भागिसक्यो कि क्या हो ।'

त्यो खैरो मानिस एकसाथ अलमलिएर चिन्तित भयो । त्यसले आफ्नो नाकको टुप्पा कोमलसँग समातेर चिलाइ मार्न त्यसलाई वरिपरि हल्लायो । त्यसले भन्यो । 'तिमीहरू जहिले पनि कुनै-न-कुनै कुरा गुमाएका जस्ता देखिन्छौ । दिनमा दसपल्ट या त्योभन्दा बढी कुनै-न-कुनै मानिस आएर भन्थ्यो । "फलाना-फलाना नाउँ गरेको तथा यस्तो-यस्तो आकार भएको कुनै मानिस यहाँ आयोभने हामीहरू उत्तरतिर गयौं भनी भनिदिनु होला ।" जहिले पनि यस्तै कुरा आइरहन्छ यहाँ ।'

टाम खित्का छोडेर हाँस्यो । 'अँ, तिमीले कान्नी भन्ने चेप्टो नाक भएर अलि अलि ब्वाँसो जस्तो अनुहार भएको मानिस देख्यौ भने उसलाई नरकमा जानु भनिदिनू । हामीहरू दक्षिणतिर जाँदैछौं । तर मैले खोजिरहेको मानिस त्यो होइन । अन्दाजी साठी वर्षको, कालो पैन्ट लाएको, खैरो-खैरो कपाल भएको एक जना मानिसले यहाँ आएर ह्विस्की खायो ?'

त्यो खैरो मानिसको आँखा चम्क्यो । 'त्यस्तो मानिसले अवश्य खायो तर मैले खाएको त देखिनँ । त्यो सामुन्ने आएर उभियो अनि आफ्नो हैट खसालेर त्यसमा कुल्च्यो । मैले उसको हैट पाएको छु ।' त्यसले काउन्टरको मुन्तिरबाट रूप बिग्री सकेको धूलाम्य भएको हैट ल्यायो ।

टामले त्यो हैट हातमा लिएर भन्यो । 'त्यो उसैको हो, ठीक छ ।'

'अँ, त्यसले दुइ पाइन्ट ह्विस्की लिएर केही नभनीकन बोतलको बिर्को झिकी मुखमा तेर्स्यायो । यहाँ बसेर पिउने लाइसेन्स मसँग छैन भनेर त्यसले भन्यो । त्यसमा मैले भनें । "हेर, तिमी यहाँ बसेर नखाऊ, बाहिर जाऊ ।" अँ महाशय ! त्यो ढोका बाहिरमात्र के गएको थियो र त्यसले चारचोटि पनि बोतल तेर्स्याएको थिएन कि त्यो बोतल खालि भयो । बोतल फ्याँकेर त्यसले ढोकामा अडेस लायो । उसका आँखा मन्द थिए । त्यसले भन्यो । "धन्यवाद, महाशय ।" त्यो यहाँबाट हिंड्यो । त्यसले-जस्तो रक्सी खाएको मेरो जिन्दगीमा मैले कहिल्यै देखेको छैन ।'

'हिंड्यो ? कुन बाटो ? मैले उसलाई भेट्टाउनु छ ।'

'अँ, यस्तै रहेछ भने म तिमीलाई भन्न सक्छु । यस्तो खाएको मैले कहिल्यै देखेको छैन । यसैले ऊ गएपछि मैले उसलाई हेरिरहें । त्यो उत्तरतिर गयो । त्यसपछि एउटा गाडी आएर उसमाथि प्रकाश फाँक्यो । ऊ बैंकको तल गयो । उसका खुट्टाले अलि संघर्ष गर्न थाले । त्यसले अर्को एक पाइन्ट पनि पहिलेनै खोलिसकेको थियो । त्यो धेरै टाढा गएको होओइन– त्यो गइरहेको चालले ।'

टामले भन्यो । 'धन्यवाद, मैले उसलाई भेट्टाउनु छ ।'

'तिमीले उसको हैट लिएर जाने ?'

'ज्यू, ज्यू, उसलाई आवश्यक होला । धन्यवाद ।'

त्यो खैरो मानिसले सोध्यो । 'उसलाई के भएको ? त्यसले ह्विस्की खाँदा केही मजा लिएन ।'

'अहो, त्यो एक किसिमको उदासीन मानिस छ । अँ, रात्रिको प्रणाम । त्यो धृष्ट कान्नीसित भेट भयोभने हामीहरू दक्षिणतिर गयौं भनिदिनू ।'

'मैले धेरै मानिसहरूको कुरा सुनेर भन्नुछ । म जम्मै कुरा सम्झन सक्तिनँ ।'

टामले भन्यो । 'आफैंले आफूलाई धेरै सन्ताप नदेऊ ।' काका जानको धूलो लागेको कालो टोप लिएर त्यो पर्दा लागेको ढोकाबाहिर गयो । कंक्रीट ठोकेको सडक पार गरेर त्यसको किनाराबाट ऊ गयो । उसको तलतिर गहिरिएको ठाउँमा हूवरविल्ले थियो । त्यहाँ साना-साना आगो पिल-पिल बलिरहेका थिए तथा पालहरूको बीचबाट लालटीनहरू चम्किरहेका थिए । कैम्पमा कहीं अभ्यासको रूपमा बेसुरले गितारका तार बिस्तारै झंकृत भएको सुनियो । टामले रोकिएर सुन्यो र त्यसपछि त्यो सडकको बगलबाट बिस्तारै गयो । हरेक केही पाइलापछि ऊ थामिएर फेरि सुन्न थाल्यो । एक-चौथाइ माइल गैसकेपछि आफूले सुन्न चाहेको कुरा त्यसले सुन्यो । त्यो थियो बाँधको तल मोटो स्वरले एकै लयले बेसुरसँग गाइरहेको आवाज । राम्रोसँग सुन्नको निम्ति टामले आफ्नो मुन्टो ढल्कायो ।

र त्यो लयरहित आवाजले गायो : 'मैले आफ्नो दिल जीजसलाई दिएको छु,

अतएव जीजसले मलाई घर लानु पर्छ । मैले आफ्नो आत्मा जीजसलाई दिएको छु अतएव जीजस मेरो घर हो ।' गीतको स्वर सानो हुँदाहुँदै गुनगुनाहटमा परिणत भएर थामिन गयो । टाम बाँधको तलतिरबाट गई गीत आइरहेको ठाउँतिर हतारिँदै गयो । एक छिनपछि थामिएर ऊ फेरि सुन्न थाल्यो । र आवाज नजीकबाट सुनियो, उही बिस्तारै बेसुरले गाएको गानाको : 'अहो, माग्गी मर्ने राति तिनले मलाई आफ्नो बगलमा बोलाएर आफूले लाइराखेको पुरानो रातो फलाटीनको जाँघिया दिइन् जो घुँडामा उठेको थियो ।'

टाम होशियारीसाथ अघि बढयो । त्यसले एउटा कालो आकृति जमीनमा बसिरहेको देख्यो । र त्यो बिस्तारै त्यसको नजीक गएर बस्यो । काका जानले पाइन्ट तेर्स्याए जसबाट रक्सी बोतलको घाँटीबाट ह्वान्ह्वाल्ति बाहिर निस्क्यो ।

टामले शान्तपूर्वक भन्यो । 'ए, पख ! म कहाँ आएँ ?'

काका जानले आफ्नो मुन्टो फर्काएर सोधे । 'तँ को ?'

'तिमीले मलाई अघिबाटै बिसिसक्यौ ? मैले एकचोटि पिउँदा तिमीले चारचोटि पिइसक्यौ ।'

'होइन, टाम । मलाई बेवकूफ बनाउन नखोज । म यहाँ एकलै छु । तिमी अघि यहाँ थिएनौ ।'

'अँ, म अहिले अवश्य यहाँ छु । मलाई घुट्क्याउन नदिने ?'

काका जानले बोतल फेरि उचालेर ह्विस्की गटागट पिए । उनले खाली भँसकेको बोतलमा केही बाँकी छ कि भनेर हल्लाए । उनले भने 'अँहँ, छैन । नराम्री मर्न चाहन्छु । डरलाग्दो गरी मर्न चाहन्छु । अलिकति मर्छु । मर्नु छ । सुत्नुजस्तो त हो नि । एक छिन मर्छु । यस्तो थकाइ लागेको छ, यस्तो थकाइ लागेको छ; मलाई नबिउँझाऊ ।' उसको आवाज मसिनो भएर गयो । 'मुकुट लगाउन लागेको छु– सुनको मुकुट ।'

टामले भन्यो । 'मैले भनेको कुरा सुन, काका जान । हामीहरू अन्यत्र जाँदै छौं । तिमी आएर मालसामानमाथि गई सुत ।' जानले मुन्टो हल्लाएर भन्यो ।

'अँहँ, जाऊ । म जान्न । म यहीं आराम लिन्छु । फर्केर गएर केही फाइदा छैन । कसैलाई फाइदा हुँदैन । राम्रा-राम्रा लुगा लाएका मानिसहरूको बीचमा फोहरी जाँघिया लाएको मानिस जस्तै म आफ्नो पाप लिएर घस्ने । अहँ । जान्न म त ।'

'आऊ, तिमी नआईकन हामीहरू जान सक्तैनौं ।'

'म असल छैन । म राम्रो मान्छे होइन । आफ्नो पापको भारी बोक्दै अरूहरूलाई पनि म अपवित्र पार्दैछु ।'

'अरू मानिसमाभन्दा तिमीमा बढी पाप छैन ।'

जानले आफ्नो मुन्टो नजीक राखेर एउटा आँखा बुद्धिमानीले झिम्काए । टामले उसको मुख ताराको प्रकाशमा धमिलोसँग देख्न सक्यो । 'जीजसबाहेक अरू कसैलाई मेरो पापको ज्ञान छैन । त्यसले जानेको छ ।'

टामले घुँडा टेकेर आफ्नो हात काका जानको निधारमा राखेर छाम्दा त्यो तातो र सुक्खा थियो । जानले उसको हात भद्दासँग हटाइदिए ।

टामले याचना गरेर भन्यो । 'काका जान, आऊ, अहिले आऊ-न ।'

'जान्न, थकाइ लागेको छ । यहाँ आराम लिन्छु ।'

टाम ज्यादै नजीक थियो । त्यसले आफ्नो मुड्की काका जानको चिउँडोको टुप्पामा राख्यो । त्यसले आफ्नो कुमले उसको चिउँडोमा एक कोमल धक्का दियो जसबाट जानको चिउँडो माथितिर गयो । त्यो पछिल्तिर खस्केर फेरि उठ्न खोज्यो । तर टाम उसमाथि घुँडा टेकेर बसिरहेको थियो र जानले एउटा कुहिना माथि उचाल्दा टामले उसलाई फेरि हिर्कायो । काका जान अझ जमीनैमा पल्टिरहे ।

टामले उभिएर झुकीकन जानको लुलो शरीरलाई उचालेर आफ्नो काँधमा उठायो । ऊ बोझले ढलमलियो । ऊ बिस्तारै मूल-सडकतिर जाँदा जानका झुण्डिरहेका हातले उसको पीठमा ठोक्दै गए । एउटा गाडी आएर टामलाई र टामको काँधमा भएको लुलो मान्छेलाई आलोकित गऱ्यो । गाडीको गति एक छिनको निम्ति

ढीलो भयो अनि गर्जीकन गयो ।

सडकबाट जोड-परिवारको ट्रक भएको हूवरविल्लेसम्म फर्केर आउँदा टाम स्वाँस्वाँ-फ्वाँफ्वाँ गर्न थाल्यो । जानलाई बोकेर लाँदा ऊ कमजोर ताललै भएपनि संघर्ष गर्दै थियो । टामले उसलाई बिस्तारै भुइँमा राख्यो ।

ऊ गइरहँदा पाल-साल भत्काइसकेको थियो । आलले पोका-सोका ट्रकमा पास गरिसकेको थियो । मालसामान बाँध्न अलकतरा लाएको टाट तयार थियो ।

आलले भन्यो । 'त्यसले अवश्य छिटो-छिटो प्रस्थान गऱ्यो ।'

टामले माफी मागेर भन्यो । 'मैले यो बिचरालाई आओस् भनेर अलिकति ठोक्नु पऱ्यो ।'

आमाले सोधिन् । 'उसलाई चोट लाग्ने गरी ठोकेका त होइनौ ?'

'त्यस्तो विचार नगर ।'

काका जान कमजोर भई बिरामी जस्ता भएर भुइँमा पडिरहेका थिए । उनलाई अलि-अलि बान्ता आइराखेको थियो ।

आमाले भनिन् । 'टाम, मैले तिम्रो निम्ति एक प्लेट आलु राखिछोडेकी छु ।'

टामले खुशीयाली जाहेर गरेर भन्यो । 'मलाई अहिले खाउँ-खाउँ लाग्दैन ।'

बाले कराएर भन्नुभयो । 'ठीक छ, आल । टाटलाई माथि झुण्डयाऊ ।'

ट्रक भरिएर तयार भयो । काका जान सुतिसके । टाम र आलले उनलाई घचेट्दै मालमासामान माथि ताने । विनफिल्ड ट्रकको पछाडि बान्ता गर्न वाक्क-वाक्क गर्न थाल्यो र रूठीले प्रतिवाद गर्न नपरोस् भनी आफ्नो हातले मुख थुनिराखिन् ।

बाले भन्नुभयो । 'सब ठीक भयो ।'

टामले सोध्यो । 'रोसाशर्न कहाँ छे ?'

आमाले भनिन् । 'त्यहाँ छे । आऊ, रोसाशर्न । हामीहरू जाँदैछौं ।'

ती लडकी आफ्नो चिउँडो छातीमा गाडेर चुप लागेर बसिरहेकी थिइन् । टाम उनीकहाँ गयो । त्यसले भन्यो । 'आऊ ।'

तिनले मुन्टो नउठाईकन भनिन् । 'म जान्नँ ।'

'तिमीले जानै पर्छ ।'

'मलाई कान्नी चाहिएको छ । ऊ नआईकन म जान्नँ ।'

तीनोटा गाडी कैम्पबाट निस्कीकन सडकमाथि गए र मूल-सडक भेट्टाए । ती तीनोटै पुराना गाडी थिए जसमा पाल-साल र मानिसहरू लादिएका थिए । तिनीहरू मूल-सडक भेट्टाएपछि धमिलो प्रकाशले सडक आलोकित गर्दै अगाडि बढे ।

टामले भन्यो । 'कान्नीले हामीहरूलाई भेट्टाउला । मैले बनियाँको पसलमा भनेर आएको छु । त्यसले हामीलाई भेट्टाउने छ ।'

आमा आएर उसको बगलमा उभिइन् । 'आऊ, रोसाशर्न । आऊ, बाबा ।'

'म पर्खन्छु ।'

'हामीहरू पर्खन सक्तैनौं ।' आमाले निहुरीकन ती लडकीलाई पाखुरा समातेर उठाइन् ।

टामले भन्यो । 'त्यसले हामीहरूलाई भेट्टाउनेछ । तिमीले चिन्तित हुनै पर्दैन । त्यसले हामीलाई भेट्टाउने छ ।' उनीहरू ती लडकीको दुर्वैतिर डुल्न थाले ।

रोज आब शारनले भनी । 'त्यो अध्ययन गर्नलाई किताबहरू किन्न गएको हुनसक्छ । त्यसले हामीहरूलाई आश्चर्यचकित पार्न खोजेको हुनसक्छ ।'

आमाले भनिन् । 'त्यस्तै होला, त्यसले गरेको हुनसक्छ ।' तिनीहरूले उनलाई

ट्रकको नजीक लगेर मालसामानहरूपाथि तिनलाई उकाले । तिनी टाटमुन्तिर घस्रेर गई अँध्यारो गुफाभित्र अल्पेर गइन् ।

अब घाँसको झोपडीबाट डराई-डराईकन दाह्री पालेको मानिस ट्रकको नजीक आयो । आफ्ना हातहरू पछिल्तिर जोडेर त्यो पर्खिरह्यो । अन्तमा त्यसले सोध्यो । 'कसैले प्रयोग गर्नसक्ने कुनै चीज छोडेर जान्छौ ?'

बाले भन्नुभयो । 'त्यस्ता केही चीज छन् भनेर विचार गर्न सक्तिनँ । छोड्न हुने कुनै कुरा हामीसित छैन ।'

टामले सोध्यो । 'तिमीहरू बाहिर नजाने ?'

त्यो दाह्री पालिराखेको मानिसले निकै बेर उसलाई घुरेर हेरेपछि अन्तमा भन्यो । 'अँहँ ।'

'तर उनीहरूले तिमीहरूको सब थोक जलाउनेछन् ।'

उसका अस्थिर आँखा भुइँमा झुके । 'मलाई थाहा छ । उनीहरूले पहिले पनि यस्तै गरेका थिए ।'

'अँ, किन तिमीहरू बाहिर ननिस्केका त ?'

उसका उद्विग्न आँखा एक छिन माथि उठेर फेरि तलतिर झुके । र ती आँखामा निभ्न लागेको आगोको प्रकाश प्रतिबिम्बित भए र ती राता-राता देखिए । 'मलाई थाहा छैन । मालसामान जम्मा गर्न निकै बेर लाग्छ ।'

'तिमीहरूको सब थोक जलाएपछि तिमीहरूसँग केही पनि हुँदैन ।'

'मलाई थाहा छ त्यो । तिमीहरूले मैले प्रयोग गर्नसक्ने कुनै कुरा छोड्ने छैनौ ?'

बाले भन्नुभयो । 'सरासर चिप्लो-घसाइ ।' त्यसपछि त्यो दाह्रीवाल हो कि होइन जस्तो गरेर गयो । बाले सोध्नुभयो । 'के भएको उसलाई ?'

टामले भन्यो । 'पुलिससित रमाएको । त्यो व्यक्तिले भन्थ्यो–त्यो साँढे जस्तै

सरल छ । त्यसले टाउकै-टाउकोमा निकै पिटाइ खाएछ ।'

दोश्रो सानो दल कैम्प नाघेर गई सडकमाथि उक्लेर गयो ।

'बा, आउनोस् । हामी जाऔं । हेर्नोस्, बा । तपाईं, म र आल सीटमा बसौं । आमा मालसामानमाथि बस्नेछिन् । होइन । आमा, तपाईं बीचमा बस्नुहोस् ।' आफ्नो सीटमा पुगेर टामले एउटा लामो हैण्डल भएको रेंचु दिएर भन्यो । 'आल, तिमी पछिल्तिर बस । यो रेंचु लेऊ । कोही चढ्न आउन खोज्योभने यसले ठोकेर पठाउनू ।'

आल रेंचु लिएर पछिल्तिरको फल्याकमा चढेर गयो । हातमा रेंचु लिएर त्यो पलेंटी कसेर बस्यो । टामले आफ्नो सीटमुन्तिरबाट फलामको जैक-हैण्डल तानेर ब्रेक-पेडलमुनि भुइँमा राख्यो । त्यसले भन्यो । 'ठीक छ, बीचमा बस, आमा ।'

बाले भन्नुभयो । 'मेरो हातमा त केही पनि छैन ।'

टामले भन्यो । 'जैक-हैण्डल लिएर राख्नोस् । मलाई लाग्छ तपाईंलाई त्यो चाहिएको छैन ।' स्टार्टरमा पाइला हालेर त्यसले गति-चालक पांग्रा घुमायो । इन्जिन स्टार्ट भएर रोकियो र फेरि चालू भयो । टामले लाइट बालेर तल्लो गियरमा राखेर गाडी कैम्पबाट चलाएर लग्यो । धमिलो प्रकाशको सहाराले गाडी डराई-डराईकन सडकतिर लगियो । मूल-सडकतिर उक्लेपछि उनीहरू दक्षिणतिर लागे । टामले भन्यो । 'एक समय यस्तो आउँछ जब मानिस पागल हुन्छ ।'

आमाले भनिन् । 'टाम–तिमीले मलाई भनेका थियौ–तिमीले मसँग प्रतिज्ञा गरेका थियौ–तिमी त्यस्तो कहिले भएका थिएनौ । तिमीले प्रतिज्ञा गरेका थियौ ।'

'मलाई थाहा छ, आमा । म कोशिश गर्दछु । तर ती उप-जिल्लाधीशहरू–एउटा मोटो गधा नभएको कुनै उप-जिल्लाधीशलाई देख्यौ ? र उनीहरू आ-आफ्नो गधालाई हिंडाएर बन्दूक चारैतिर घुमाउँछन् । आमा, यस्तो गर्नुनै उनीहरूको कानून हो भने हामीले यसलाई सहनु पर्छ । तर त्यो त कानून होइन । हाम्रो उत्साह देखेर उनीहरूले यस्तो गर्न लागेका । उनीहरूले हामीहरूलाई कोर्रा लाएको कुकुरनीलाई

जस्तै घस्नन र नराम्रोसँग झुक्न लाउने कोशिश गरिरहेछन् । उनीहरू हामीहरू-लाई चकनाचूर गर्न खोजिरहेका छन् । किन, आमा, जीजस क्राइस्टको शपथ, उनी-हरू यस्तो समयमा आउँदैछन् जब मानिसको शिष्टता नै पुलिसलाई ठोक्नुसिवाय अरू केही हुन सक्तैन । उनीहरू हाम्रो शिष्टतामाथि दखल दिंदैछन् ।'

आमाले भनिन् । 'टाम, तिमीले प्रतिज्ञा गरेका थियौ । राम्रो लडका फ्लाइडले त्यस्तै गरेको छ । मैले उसकी आमालाई चिनेकी छु । उनीहरूले उसलाई चोट लगा-एका छन् ।'

'म कोशिश गर्दैछु, आमा । म ईश्वरप्रति ईमानदार छु । तिमी एउटा चुटि-एकी कुकुरनी जस्तै मलाई पेटको बलले जमीनमा घस्रेर गएको देख्न चाहन्नौ, चाहन्छौ र ?'

'म प्रार्थना गर्दैछु । टाम, तिमीले स्पष्ट गर्नु पर्छ । परिवार टुक्रिइँदैछ । त्यसैले तिमीले दूध र पानी छुट्टयाउनु पर्छ ।'

'आमा, म कोशिश गर्नेछु । तर यी मोटाएका गधाहरूमध्ये एक जनाले मलाई हमला गर्न आउँछ भने नैले पनि जवाब दिनु पर्नेछ । त्यसो गर्नुनै कानून रहेछ भने भिन्दै कुरा हो । तर कैम्प जलाउनु त कानून हुँदैन ।'

गाडी झटका दिएर चल्यो । अगाडि मूल-सडकमा राता-राता लालटीनका केही पंक्ति फैलिएका थिए ।

टामले भन्यो । 'म पथभ्रष्ट भएको अनुमान गर्छु ।' त्यसले गाडी सुस्त्याईकन थामेपछि लगत्तै एक हुल मानिसहरू ट्रकको वरिपरि जम्मा भए । उनीहरूको साथमा बंचरो र थोरै टाढामात्र हान्न हुने बन्दूकहरू थिए । उनीहरूले फलामका टोप तथा अमेरीकाली लिजन-टोपीहरू लाइराखेका थिए । एक जना मानिसले गाडीको झ्यालबाट हेर्‍यो । त्यसको मुखभ्राट ह्विस्कीको तातो बास आइरहेको थियो ।

'तिमीहरू कहाँ जाँदैछौ ?' त्यसले आफ्नो रातो मुख टामको मुख नजीक ल्यायो ।

टामले आफ्नो जिउ सारो पान्यो । उसको हात भुइँतिर गएर गाडीको हैण्डल छाम्न थाल्यो । आमाले उसको पाखुरा समातेर जोरसँग रोकिराखिन् । टामले भन्यो । 'अँ–' र त्यस पछि उसको आवाज नम्र अनुरोधमा परिणत भयो । 'हामीहरू यहाँ परदेशी छौं । ट्युलारे भन्ने ठाउँमा काम पाइन्छ भन्ने हामीहरूले सुन्यौं ।'

'अँ, भर्सेलै परोस् । तिमीहरू गलत बाटोमा जाँदैछौ । हामीहरू यस शहरमा कुनै मुला ओकीहरूलाई बस्न दिन चाहँदैनौं ।'

टामका कुम र पाखुराहरू सारो भएर आए । उसको सर्वांग जोशले काम्यो । आमाले उसको पाखुरा समाती नै राखिन् । ट्रकको अघिल्लो भाग सशस्त्र मानिसहरूले घेरिराखेका थिए । उनीहरूमध्ये कसै-कसैले साना फौजी कोटहरू तथा सैम ब्राउनी कमरपेटीहरू लगाइराखेका थिए जसबाट उनीहरू सैनिक जवान जस्तै देखियुन् ।

टामले सोध्यो । 'मिस्टर, कुनचाहिं बाटो लाग्ने त ?'

'फर्केर उत्तरतिर लाग्नु पर्छ । कपास तयार नभएसम्म फर्केर नआऊ ।'

टामको सर्वांग शरीरमा कंपन आयो । त्यसले भन्यो । 'हुन्छ, महाशय ।' त्यसले गाडीलाई उल्टो दिशातिर फर्काएर जतातिरबाट आएको थियो उतैतिर हुइँक्यायो । आमाले उसको पाखुरा छोडेर उसलाई बिस्तारै धाप दिइन् । र टामले आफ्नो सारो दबाइराखेको सुँक्क-सुँक्क रुदन रोक्ने कोशिश गऱ्यो ।

आमाले भनिन् । 'त्यस कुराको विचार नगर । त्यसमा वास्ता नगर ।'

टामले झ्यालबाट सिंघान फ्याँकेर बाहुलाले आँखा पुछ्यो । 'ती राँडा-छोराहरू–'

आमाले कोमलतापूर्वक भनिन् । 'तिमीले बेसै गऱ्यौ । राम्रै गऱ्यौ ।'

टामले गाडी मोडेर फोहर भएको बगलको सडकमा लग्यो । सय गज जति गइसकेपछि मोटर र बत्ती घुमायो । हैण्डल हातमा लिएर ऊ गाडीबाट बाहिर निस्क्यो ।

आमाले सोधिन् । 'कहाँ जान लागेका ?'

'हेर्न लागेको । हामी उत्तरतिर नजाने ।' राता लालटीनहरू मूल-सडकमा हिंडिए । टामले ती लालटीनहरू फोहर सडकभित्र पसेर अगाडि बढेर गएका हेरि-रहचो । केही वेरपछि जोरसँग कराएका आवाज र चिच्च्याएका स्वर सुनिए । त्यस पछि हूवरविल्लेबाट एउटा प्रकाश-पुन्ज उठेको देखियो । प्रकाश बढेर फैलियो र टाढैबाट आगोले खाएको क्राक क्रुक आवाज सुनियो । टाम फेरि ट्रकभित्र पस्यो । त्यसले फर्केर बिनाप्रकाश फोहर सडकमाथि गाडी दौडायो । मूल-सडकमा फेरि दक्षिणतिर फर्केपछि त्यसले बत्ती बाल्यो ।

आमाले डराई-डराईकन सोधिन् । 'टाम, हामी कहाँ गइरहेका ?'

त्यसले भन्यो । 'दक्षिणतिर जाँदैछौं । ती राडाँ-छोराहरूलाई हामीहरूले घचेट्न दिन सक्तैनौं । सडकको बीचबाट नगईकन त्यसको वरिपरि जान खोज्नु पर्छ ।'

बाले पहिले-प्रथम बोल्नुभयो । 'हो, तर हामीहरू कहाँ जाँदैछौं ? त्यो म जान्न चाहन्छु ।'

टामले भन्यो । 'सरकारी कैम्प हेर्न लागिरहेछु । एक जना मानिसले भनेको थियो कि त्यहाँ कुनै उप-जिल्लाधीशहरूलाई प्रवेश गर्न दिइँदैन । आमा–म उनीहरू-देखि टाढै रहनु जाती । मैले एक जना उप-जिल्लाधीशलाई मार्नु पर्ला भनेर मलाई डर लागेर आउँछ ।'

आमाले उसलाई सान्त्वना दिएर भनिन् । 'टाम, सजिलैसित मार्नेछौ । टामी, तिम्रो लागि सजिलै काम होला । किनभने तिमीले एकचोटि मारिसक्यौ । र फेरि पनि मार्न सक्छौ तिमीले ।'

'हो, एक छिन पछि ममा शिष्टता कत्ति पनि रहने छैन ।'

तिनले भनिन् । 'सजिलो । तिमीले धैर्य राख्नु पर्छ । किन, टाम अरू मानिस-हरू गइसकेपछि पनि हामीहरू बाँचिरहनु पर्नेछ । किन, टाम, हामीहरूले बाँच्नु पर्नेछ । उनीहरूले हामीहरूलाई नास गर्ने छैनन् । किन, हामीहरू अगाडि बढनु

पर्ने मानिस ।'

'हामीहरू सधैं कुटाइ खाने मानिस ।'

आमाले हाँसेर भनिन् । 'मलाई थाहा छ । त्यसले हामीहरूलाई कठोर पार्न सक्छ । धनीहरू आउँछन् र मरेर जान्छन् । उनीहरूका केटाकेटीहरू पनि असल हुँदैनन् र मरेर जान्छन् । तर, टाम, हामीहरू आउँदैछौं । तिमी उत्तेजित नहुनू । समय अर्के आइरहेछ ।'

'तिमीले कसरी थाहा पाउँछौ ?'

'कसरी भन्ने कुरा त मलाई थाहा छैन ।'

उनीहरू शहरभित्र पसे र टामले केन्द्र छल्नको लागि बगलको सडकतिर गाडी फर्कायो । सडकको बत्तीको सहायताले त्यसले आफ्नो आमालाई हेऱ्यो । उनको अनुहारबाट शान्ति झल्किरहेको थियो र समयको खयाल नगर्ने एउटा मूर्तिका नेत्रहरू झैं उनका नेत्रमा पनि एउटा अनौठो झलक थियो । टामले आफ्नो दायाँ हात निकालेर उनको कुम छोयो । त्यसपछि आफ्नो हात झिकेर त्यसले भन्यो । 'मेरो जिन्दगीमा यतिका कुरा गरेको कहिल्यै सुनेको छैन, आमा ।'

तिनले भनिन् । 'मेरो कुरामा यो जत्तिको तर्कपूर्ण कहिल्यै थिएन ।'

बगलका सडकहरूबाट गाडी हाँकीकन त्यो शहर नाघेर फेरि फर्क्यो । एउटा दोबाटोमा भएको परिचय-पाटीमा '९९' लेखिएको थियो । त्यसको दक्षिणतिर ऊ फर्क्यो ।

त्यसले भन्यो । 'अँ, उनीहरूले हामीहरूलाई कहिले पनि उत्तर देखाएनन् । हामीहरूले घरेर जानु परेता पनि हामीलाई जहाँ जान मन लाग्छ त्यहाँ अझ जानेछौं ।'

अगाडिको फराकिलो अँध्यारो मूल-सडकमा धमिलो प्रकाश छर्दै गाडी अघि बढ्दै गयो ।

एक्काइसौं अध्याय

एक ठाउँबाट अर्को ठाउँमा हिंड्दै गइरहेका, काम खोजी गर्दै गइरहेका मानिसहरू देशान्तरगमन गर्नेहरू थिए । एक टुक्रा सानो जमीनमा बस्ने, चालीस एकड जमीनमा उब्जा गरेर गुजारा गर्ने, पाएको बेला खाने र नपाएको वेला भोकै बस्ने परिवारहरूले अब सम्पूर्ण पश्चिमतिर कामको खोजी गर्दै घुम्नुपर्‍यो । उनीहरूले काम पाउनको निम्ति एक ठाउँबाट अर्को ठाउँमा दौड-धूप गर्नु पर्‍यो । मूल-सडकहरूमा मानिसहरू ओहिरिन थाले तथा खाल्टाका किनाराहरूमा मानिसहरूका लाम देखापर्न थाले । उनीहरूको पछाडि अझ बढी मानिसहरू आइरहेका थिए । ठूल-ठूला मूल-सडकहरूमा हिंडिरहेका मानिसहरूको खोला बग्न थाल्यो । त्यहाँ मध्य तथा दक्षिण-पश्चिम भागमा सरल किसानहरू बसेका थिए जो उद्योगमा परिवर्तन भएका थिएनन्, जसले मेशीनद्वारा खेतीपाती गरेका थिएनन् अथवा जसले निजी निगम-हरूका मेशीनमा भएको शक्ति तथा खतराको बारे केही ज्ञान हासिल गरेका थिएनन् । उनीहरू उद्योगका असत्याभासहरूमा हुर्केका थिएनन् । उनीहरू अझ औद्योगिक जीवनलाई हास्यास्पद दृष्टिले खूब हेर्थे ।

र अकस्मात् मेशीनहरूले उनीहरूलाई गलहत्त्याएर पठाए । परिणामस्वरूप उनीहरू ठूलो संख्यामा मूल-सडकको निवासी हुन गए । आन्दोलनले उनीहरूमा परिवर्तन ल्याइदियो । मूल-सडकहरूले, सडकमा भएका कैम्पहरूले, भोकको डर तथा भोक आफैले उनीहरूमा परिवर्तन ल्याइदिए । खान नपाएका केटाकेटीहरूले मात्र होइन अपितु निरन्तर एक ठाउँबाट अर्को ठाउँमा जानु परेकोले उनीहरूमा परिवर्तन आयो । उनीहरू देशान्तरगमन गर्नेहरू थिए । दुश्मनीले गर्दा पनि उनीहरूमा परिवर्तन आएको तथा मेल ल्याइदिएको मात्र होइन अपितु उनीहरूलाई शहरमा साना-साना दल बनाएर–मानौं आक्रमणकारीलाई हटाउन सशस्त्र गराए जस्तै–दलहरूले बंचरो

लिएर, कारिन्दा र पसलेहरूले थोरै टाढामात्र हान्न हुने बन्दूकहरू लिएर आफ्ना मानिसहरूको सुरक्षा गर्न लागे ।

पश्चिममा आतङ्क तब फैलियो जब देशान्तरगमन गर्नेहरूको संख्या मूल-सडकमा बढ्दै गयो । धनी मानिसहरू आफ्ना धनको लागि त्रस्त थिए । कहिल्यै नभोकाएकाहरूले भोका मानिसहरूका आँखा कस्ता थिए भनेर देखे । कहिल्यै खाँचो नहुने मानिसहरूले स्थानान्तर गर्नेहरूका आँखामा खाँचोको अग्नि दन्केको देखे । नगरहरू तथा उप-नगरहरूका मानिस आत्मसुरक्षा गर्न भेला भए । एउटा मानिसले लडनुभन्दा अघि जस्तो गर्नुपर्छ उस्तै उनीहरूले आफूलाई असल र आक्रमणकारी-हरूलाई खराब भन्ने कुरा निश्चय गरे । उनीहरूले भने : यी मोरा ओकीहरू मूर्ख तथा फोहोरी छन् । उनीहरू भ्रष्टाचारी तथा कामोन्मुक्त छन् । उनीहरू चोर छन् अतएव जेपनि चोर्नेछन् । उनीहरूमा सम्पत्ति-अधिकारको ज्ञान पटक्कै छैन ।

र सम्पत्ति-अधिकारको ज्ञानको अभाव भएकोले, सम्पत्ति नहुने मानिसले स्वामित्वको घाउ कसरी थाहा पाउने ? आत्मरक्षा गर्नेहरूले भने : उनीहरूले रोग ल्याउँछन्, उनीहरू फोहोरी छन् । हामीले उनीहरूका केटाकेटीहरूलाई स्कूलहरूमा पढाउन सक्तैनौं । उनीहरू परदेशी हुन् । तिमीले आफ्नी बहिनी उनीहरूमध्ये एक जनासित बाहिर गएको कसरी सहन सक्छौ ?

स्थानीय मानिसहरूले आफूलाई निर्ममतामा ढाले । त्यसपछि उनीहरू एकाई-हरूमा, दलहरूमा विभाजित भएर लौरोहरू, ग्याँस तथा बन्दूकहरूले सुसज्जित हुन थाले । मुलुक हाम्रो हो अतएव हामीले यी ओकीहरूलाई हात पार्न दिन सक्तैनौं । शस्त्र-अस्त्रले सुसज्जित मानिसहरूको मुलुक होइन यो, उनीहरूले त्यस्तै विचार गरेता पनि ! राति जमीन खन्ने कामदारहरूले केही पनि पाएनन् तथा साना-साना पसलेहरूले ऋणसिवाय अरू केही पाएनन् । तर ऋण पनि त केही कुरा हो नि तथा काम पनि त्यस्तै छ । कामदार विचार गर्थ्यो : हप्तामा म पन्ध्र डलर पाउँछु । मुला एक जना ओकीले बाह्र डलरमा काम गऱ्यो भने फसाद पर्दैन त ? त्यो सानो दुकानदार विचार गर्थ्यो : ऋणै नहुने मानिससित म कसरी प्रतिस्पर्धा गर्न सक्थें ?

देशान्तरगमन गर्नेहरू मूल-सडकहरूमा ओहिरिए । उनीहरूका आँखामा

भोक र आवश्यकता झल्कन्थे । उनीहरूसँग आफ्ना मानिसहरू र आवश्यकताबाहेक अरू न कुनै तर्क थियो न पद्धति नै या अरू कुनै । एक जना मानिसको निम्ति काम भए, दस जना मानिसले कम ज्यालामा काम गर्नलाई लड्नुपर्थ्यो । त्यसले तीस सेन्टमा काम गर्छभने, म पचीस सेन्टमा काम गरुँला ।

त्यसले पचीस सेन्टमा काम गर्न राजी भए, म वीस सेन्टमा गरूँला ।

'अँहँ, म गरुँला । म भोकाएको छु । पन्ध्र सेन्टमा म गरुँला । खानमात्र पाए म गरुँला । साना-साना केटाकेटीहरूलाई सा-साना खटिराहरू आइराखेका छन् । उनीहरू यताउति खेल्न पनि सक्तैनन् । उनीहरूलाई केही झरेका फलफूल देऊ, उनीहरूमा रगत भरिएर आउँछ । मेरो हकमा भने म मानो एक टुक्रा मासु ज्याला लिएर भए पनि काम गरुँला ।

यो बैसै कुरा थियो, किनभने ज्याला घट्दै गयो र मोल चढ्दै गयो । ठूल-ठूला मालिकहरू खुशी भएर धेरै मानिसहरू ल्याउन बढता पर्चा बाँड्न पठाए । ज्याला घटेर गयो र मोल चढेर गयो । र चाँडैनै हामीले फेरि दासहरू पाउने छौं ।

र अब ठूल-ठूला मालिकहरू तथा निगमहरूले एउटा नयाँ तरीका आविष्कार गरे । एक जना ठूलो मालिकले फलफूल टीनमा बन्द गर्ने व्यवसाय चलाउने ठाउँ किन्यो । आरु र नासपातीहरू पाकेपछि ती टिप्दा लाग्ने खर्चभन्दा घटी फलफूलहरूको मोल राखियो । फलफूल टीनमा राख्ने व्यवसायको मालिकको हैसियतले त्यसले फलफूलको मोल घटाईकन टीनमा बन्द गरेको फलफूलको मोल बढाएर नाफा खायो । टीनमा फलफूल बन्द गर्ने व्यवसाय नहुने सा-साना किसानहरूले आफ्ना खेत गुमाउनु पर्‍यो । ती खेतहरू त्यस्ता व्यवसाय हुने ठूलठूला मालिकहरूले, बैंकहरूले तथा निगमहरूले लिए । समय बित्दै गएपछि खेतहरू झन् थोरै हुँदै गए । सा-साना किसानहरूले केही समयको लागि शहरतिर गएर आफ्नो इज्जत, मित्रहरू तथा नाता-कुटुम्बहरू गुमाउनुपर्‍यो । त्यसपछि उनीहरू पनि मूल-सडकहरूतिर लागे । सडकहरूमा कामको लागि उन्मत्त तथा घातक मानिसहरूको भीड थियो ।

निगम तथा बैंकहरूले आफ्नो विनाशको लागि काम गर्न थाले । तर त्यो विनाश उनीहरूलाई थाहा थिएन । खेतहरू फलफूलले भरिभराउ थिए र खान

नपाएका मानिसहरू सडकहरूमा फिर्दै थिए । भकारीहरू भरपूर थिए र गरीबहरूका केटाकेटीहरू खान नपाएर हाड नरम भएर जाने रोगको शिकार हुँदै गए र उनीहरूको बगलमा त्वचा पट्-पट् फुट्ने रोग लागेको थियो । भोक र रिसको बीचमा भएको रेखा पातलो छ भनेर ठूलठूला निगमहरूलाई थाहा थिएन । र ज्यालाको रूपमा जाने रुपैयाँ ग्यास, बन्दूकहरू, एजेंटहरू तथा गुप्तचरहरू, शंका लाग्ने मानिसहरूको सूची बनाउनमा तथा जमीन खन्ने कामहरूमा खर्च हुन थाल्यो। मूल-सडकहरूमा मानिसहरू काम र खानेकुरोको खोजी गर्दै कमिला झैं घुम्न थाले । र रिस उत्तेजित हुन लाग्यो ।

बाइसौं अध्याय

त्यस बेला अबेर थियो जब टाम जोडले वीडपैच कैम्पको खोजी गर्दै देहाती सडकमा गाडी हाँक्दै गयो । देहाततिर अल्प प्रकाश मात्र थियो । पछिल्तिरबाट आइरहेको व्योम-प्रकाशले वेकर्सफिल्ड जाने दिशा देखाइरहेको थियो । ट्रक बिस्तारै अगाडि बढ्यो र शिकारी बिरालाहरू ट्रकको अगाडि सडक छोड्दै गए । दोबाटोमा एक गुच्छा काठका स्वेत-भवनहरू थिए ।

आमा सीटमा सुतिरहेकी थिइन् र बा चूप लागेर निकै बेरदेखि आराम लिइराख्नु भएको थियो ।

टामले भन्यो । 'त्यो ठाउँ कहाँ छ मलाई थाहा छैन । उज्यालो नहुन्जेल पर्खौंला अनि कसैसित सोधौंला ।' चौडा सडकमा पुगेपछि सवारीलाई दिने संकेत पाएर ऊ थामियो र अर्को गाडी पनि दोबाटोमा थामियो । टामले बाहिर टाउको निकालेर भन्यो । 'ए, मिस्टर, ठूलो कैम्प कहाँ छ ?'

'सोझै अगाडि छ ।'

टामले सामुन्नेको सडकमा गाडी चलाएर लग्यो । दुइ-चार सय गज जति गएपछि त्यो थामियो । माथिसम्म तारले बारेको ठाउँ सडकको सामुन्ने आइपुग्यो र एउटा चौडा फाटक भएको मोटरको बाटो भित्रपट्टि देखियो । फाटकभित्र झ्यालमा बत्ती भएको एउटा सानो घर थियो । टाम त्यही फाटकको बाटो भित्र पस्यो । ट्रक हावामा उडेर गयो र त्यसले फेरि अतिक्रम गऱ्यो ।

टामले भन्यो । 'जीजसको शपथ ! मैले त्यो टीला पनि देखिनँ ।'

एउटा पालेले ड्योढीबाट उठेर गाडीको नजीक आई बगलमा निहुरेर भन्यो । 'त्यो टीलामा अलि छिटो जोरसंग चलाऊ, अनि सजिलो हुनेछ ।'

'ईश्वरको शपथ, यो के हो ?'

'त्यो पालेले हाँसेर भन्यो । 'अँ, थुप्रा केटाकेटीहरू यहाँ खेल्छन् । केटाकेटीहरूलाई अलि बिस्तारै खेल्न भन्नू । उनीहरू बिर्सन्छन् । उनीहरूलाई एकचोटि त्यस टीलामा हिर्काउन देऊ अनि उनीहरू बिर्सँदैनन् ।'

'अहो ! हो । मैले केही पनि फोर्दिन' भन्ने मलाई आशा छ । भन– हामीहरूको निम्ति कुनै कोठा बाँकी छ यहाँ ?'

'एउटा कैम्प बाँकी छ । तिमीहरू कति जना छौ ?'

टामले आफ्नो औंलामा गन्न थाल्यो । 'म, बा, आमा, आल, रोसाशर्न, काका जान, रूठी र विनफील्ड । अन्तिम दुइ जना केटाकेटीहरू ।'

'अँ, मलाई लाग्छ हामीहरूले तिमीहरूलाई ठाउँ दिन सक्छौं । पाल-साल छन् ?'

'एउटा ठूलो अलकतरा लाएको टाट र ओछ्यानहरू छन् ।

त्यो पालेले गाडीको पाइला टेक्ने फल्याकमा चढेर भन्यो । 'त्यस लामको छेउसम्म गाडी चलाएर दायाँतिर मोड । अनि तिमीहरू चार नम्बरको सैनिटरी युनिटमा पुग्नेछौ ।'

'त्यो के हो ?'

'पाइखानहरू, झर्नाहरू र नुहाउने खरकण्डाहरू ।'

आमाले सोधिन् । 'नुहाउने खरकण्डाहरू–बग्ने पानी भएको यहाँ ?'

'अवश्य ।'

आमाले भनिन् । 'अहो ! धन्य ईश्वर ।'

टामले पालहरूको लामो अँध्यारो पंक्तितल गाडी हाँकेर लग्यो । सैनिटरी भवनमा मन्द प्रकाश बलिरहेको थियो । पालेले भन्यो । 'यहाँ रोक । यो ठाउँ राम्रो छ । यहाँ बस्ने मानिसहरू भर्खरै गए ।'

टामले गाडी रोकेर भन्यो । 'ठीक त्यहीं ?'

'हो । मैले तिमीलाई सही गराउन्जेल अरूहरूलाई मालसामान उतार्न लगाऊ । सुन्नु छ । कैम्पको समितिले भोलि विहान तिमीहरूसित भेटेर निर्णय गर्नेछ ।'

टामले तलतिर हेरेर सोध्यो । 'पुलिसहरू ?'

पालेले हाँसेर भन्यो । 'सरकारी पुलिस होइन । यहाँ हाम्रा आफ्नै पुलिसहरू छन् । यहाँ बस्ने मानिसहरूले आफ्नै पुलिसहरू छान्दछन् । आऊ ।'

आल ट्रकबाट ओर्लेर वरिपरि हिंडेर भन्यो । 'यहाँ बस्न लागेका ?'

टामले भन्यो । 'हो म अफिस जाउन्जेल तिमी र बा भई मालसामान उतार्नू ।'

पालेले भन्यो । 'कृपया शान्त । यहाँ थुप्रा मानिस सुतिरहेका छन् ।'

टाम अँध्यारैमा उसको पछि-पछि लाग्यो अनि अफिसका खुडकिलाहरू चढेर एउटा सानो कोठाभित्र पस्यो जहाँ एउटा पुरानो डेस्क र मेच थियो । गार्डले डेस्कमा बसेर एउटा फार्म झिक्यो ।

'नाउँ ?'

'टाम जोड ।'

'त्यो तिम्रो बाबु ?'

'हो ।'

'उसको नाउँ ?'

'टाम जोड नै ।'

प्रश्न सोधिइँदै गयो । कहाँ जाने, कहाँबाट आएका, यस राज्यमा आएको कति दिन भयो, के काम गर्दैछौ । पालेले माथि हेरेर भन्यो । 'अर्काको काममा म दखल गर्ने होइन । हामीले यी कुरा सोध्नै पर्ने ।'

टामले भन्यो । 'अवश्य ।'

'अब– खर्च केही छ ?'

'अलि-अलि छ ।'

'तिमीहरू गरीब त छैनौ ?'

'अलि-अलि छ । किन ?'

'अँ, यस कैम्पमा हप्ताको एक डलर लाग्छ, तर कसिगर आदि फालेर, कैम्प सफा गरेर– त्यस्तै अरू काम गरेर एक डलर कट्टा गर्न सक्छौ ।'

टामले भन्यो । 'हामी काम गरेर कट्टा गर्छौं ।

'भोलि तिमीहरूले कमिटीका मानिसहरूसित भेट गर्नेछौ । उनीहरूले तिमीहरूलाई कैम्पको प्रयोग कसरी गर्ने भनेर देखाउनेछन् तथा नियमहरू पनि भन्नेछन् ।'

टामले भन्यो । 'यो के हो भन ? यो के कमिटी हो ?'

पालेले पछाडितिर बसेर भन्यो । 'यो कमिटीले राम्रो काम गर्छ । पाँचवटा स्वास्थ्य-सम्बन्धी एकाई छन् । प्रत्येक एकाईले केन्द्रीय समितिको मानिस छान्छ ।

थ्यो समितिले नियमहरू बनाउँछ । उनीहरूले जे भन्छन् त्यही हुन्छ ।'

टामले भन्यो । 'उनीहरू नराम्रो व्यवहार गर्छन् भने ।'

'अँ, तिमीले जसरी उनीहरूलाई भोट दिएर बसाल्यौ त्यसरी नै भोट दिएर उनीहरूलाई निकाल्न सक्छौ । कमिटीका मानिसहरूले राम्रै काम गरेका छन् । उनीहरूले जे गरे म भन्छु– होली रोलर पादरीहरूलाई त तिमीहरू चिन्दछौ जसले सधैं यहाँ बस्ने मानिसहरूकहाँ गएर प्रचार हिंदछन् ? अँ, उनीहरू यस कैम्पमा धर्मोपदेश सुनाउन चाहन्छन् । यहाँ बस्ने धेरै पुराना मानिसहरू उनीहरूलाई रुचाउँथे । यो कुरा केन्द्रीय कमिटीमा निर्भर गर्थ्यो । उनीहरू मीटिंगमा गएर यस्तो तय गर्थे । "यस कैम्पमा जुनसुकै पादरीले प्रचार गर्न सक्छ । कसैले पनि यस कैम्पमा पैसा संकलन गर्न सक्तैन ।" पुराना खालका मानिसहरूको निम्ति यो एक किसिमले अपशोचको कुरा थियो किनभने यो संकलनको कुरा चलेदेखि कुनै पादरी आएनन् ।'

टामले हाँसिर सोध्यो । 'तिम्रो तात्पर्य यो हो कि यस कैम्पमा बस्ने मानिसहरूले नै यो कैम्प चलाइरहेका ?'

'अवश्य हो । र यस्तै काम चलिरहन्छ ।'

'तिमीले पुलिसहरूको बारे भन्यौ–'

'केन्द्रीय कमिटीले नियम बनाएर व्यवस्था कायम गर्छ । भद्र महिलाहरू छन् जो तिम्रो आमासित भेट्न आउलान् । उनीहरूले केटाकेटीहरूको हेरविचार गर्ने मात्र होइनन् अपितु स्थास्थ्य-सम्बन्धी एकाईहरू पनि हेरिदिन्छन् । तिम्रो आमा काम गर्दिनन् भने तिनले काम गर्न चाहनेहरूका केटाकेटीहरूको हेरविचार गर्नेछिन् र तिनले काम पाउँछिन् । फेरि आइमाईहरूले लुगा सिउँछन् । नर्सले आएर उनीहरूलाई काम सिकाइदिन्छे । यस्तै काम सबैले गर्छन् ।'

'तिम्रो तात्पर्य उनीहरू पुलिस होइनन् भन्ने हो ?'

'अँहँ, वारेंट नभईकन कुनै पुलिस यहाँभित्र पस्न सक्तैन ।'

'अँ, एउटा मानिस नीच छ या जँड्याहा र झगडालु छ भने के गर्नें ?'

पालेले एउटा सिसाकलम लिएर ब्लटिंग-पेपरमा घोचेर भन्यो । 'अँ, केन्द्रीय समितिले पहिले-प्रथम उसलाई जनाउ दिन्छ । र दोश्रो पल्ट साँच्चिकै जनाउ दिन्छ । तेश्रोपल्ट त्यस्ता मानिसलाई लात हानेर कैम्पबाट बाहिर पठाइदिन्छ ।'

'अरे भगवान्, मलाई यो कुरा विश्वास गर्न गाह्रो पर्‍यो ! आज राति उप-जिल्लाधीश तथा सा-साना टोपी लाउने मानिसहरूले नदीको किनारामा कैम्प जलाए ।'

पालेले भन्यो । 'उनीहरू यहाँ भिन्न पस्दैनन । कुनै रात, खास गरेर नृत्यको कार्यक्रम भएको रात लडकाहरूले बारेका घेरामा पहरा दिन्छन् ।

'नृत्यको रात ? जीजस क्राइस्टको शपथ !'

'प्रत्येक शनिबार राति जिल्लाको सबभन्दा उत्तम नृत्यहरू हामीहरू प्रस्तुत गर्छौं ।'

'अँ, क्राइस्टको खातिर ! यस्ता ठाउँहरू किन धेरै नभएका ?'

पालेले आफ्नो आकृति उदासीन तुल्याएर भन्यो । 'मैले भनेको कुरा आफ्नै आँखाले देख्न पाउने छौ । जाऊ सुत्न ।'

टामले भन्यो । 'रातको प्रणाम । आमालाई यो ठाउँ मन पर्छ । धेरै दिन भयो तिनले शिष्ट व्यवहार नपाएकी ।'

टाम पालहरूका पंक्तिबीचको सडकबाट गयो । उसका आँखा ताराको प्रकाशमा आदत परिसकेका थिए । त्यसले पंक्तिहरू सोझो भएको पायो तथा पालहरूको वरिपरि कुनै चीज या फोहर नभएको पायो । सडकको भुइँमा बढारेर पानी छरेको थियो । पालहरूबाट सुतिरहेका मानिसहरू घुरेको आवाज आयो । सम्पूर्ण कैम्पबाट गुनगुनाएको तथा घुरेको आवाज सुनियो । टाम बिस्तारै गयो । ऊ चार नम्बरको सैनिटरी युनिट नजीक पुग्यो र त्यसले यस भवनमा उत्सुकतापूर्वक हेर्‍यो जो रंग-रोगन नगरेको मात्र होइन अपितु होचो र खस्रो पनि थियो । छानामुनि बगलमा खुला

भएका मुख-सुख धुने किस्तीहरूका पंक्ति थिए । त्यसले नजीकै खड़ा भएको जोड-परिवारको ट्रक देख्यो र शान्तपूर्वक त्यतैतिर गयो । अलकतरा लाएको टाटको पाल कसिसकिएको थियो र कैम्प शान्त थियो । ऊ नजीक पुगेपछि ट्रकको छायाँबाट एक जना मानिस निस्केर त्यसतर्फ बढ्यो ।

आमाले सुस्त-सुस्त भनिन् । 'तिमी हौ, टाम ?'

'हो ।'

तिनले भनिन् । 'चूप !' उनीहरू सबै सुतिसके । उनीहरू थाकेका छन् ।'

टामले भन्यो । 'तिमी पनि सुत्नु पर्ने ।'

'अँ, मैले तिमीलाई भेट्न चाहेको । सब ठीक छ ?'

टामले भन्यो । 'बेसै छ । म अहिले भन्दिनँ । भोलि बिहान उनीहरू आएर तिमीसित भन्नेछन् । तिमीलाई मन पर्नेछ ।'

तिनीले कानेखुसी गरिन् । 'यहाँ तातो पानी पाइन्छ भन्ने कुरा सुनें ।'

'हो, अब तिमी सुत्न जाऊ । तिमी अस्तिदेखि सुत्यौ कि सुतिनौ मलाई थाहा छैन ।'

तिनीले याचना गरेर भनिन् । 'तिमीले भन्दिनँ भनेको के हो ?'

'म भन्दिनँ । तिमीले सुत्नु पर्‍यो ।'

अकस्मात् तिनी लडकी जस्ती भइन् । 'तिमी मलाई जे कुरा भन्न चाहँदैनौ त्यसमा मैले विचार गर्नु परेपछि म कसरी सुत्न सक्थें ?'

टामले भन्यो । 'अँहँ, तिमीले अहिले थाहा पाउन हुँदैन । भोलि बिहान पहिलो कुरा यो हुने छ कि तिमीले अर्को लुगा फेरेपछि थाहा पाउने छौ ।'

'मेरो मनमा अधुरो कुरा राखेर म सुत्न सक्तिनँ ।'

टामले खुशीले भित्र-भित्र हाँसेर भन्यो । 'तिमीले सुत्नु पर्छ । तिमीले सुत्नै पर्छ ।'

तिनले विस्तारै भनिन् । 'शुभ-रात्रि ।' तिनी निहुरेर अँध्यारो टाटमुनि घुसिन् ।

टाम ट्रकको पछिल्तिर लगाएको फल्याकमाथि चढेर गई काठकै भुइँमा दुइ हातमाथि तकियामा झैं टाउको अडेस लाएर पल्टन थाल्यो । उसका दुइटा पाखुराले दुइटै कान थिचिए । रात झन् चिसो भयो । टामले कोटको टाँक लाएर छाती छोप्यो र फेरि पल्टयो । उसको टाउकोमाथि ताराहरू स्पष्टसँग चम्किरहेका थिए ।

ऊ बिउँझदा अझ अँध्यारै थियो । एउटा सानो फलाम टकराएको आवाजले उसको निद्रा टुटेर ऊ बिउँझ्यो । टामले फलाम टकराएको आवाज फेरि ध्यान दिएर सुन्न थाल्यो । त्यो सारोसँग चलेर प्रभातको हावामा काम्न थाल्यो । सम्पूर्ण कैम्प निदाइरहेको थियो । टामले उभिएर ट्रकको बगलबाट माथि हेऱ्यो । पूर्वतिरका पहाडहरू कालै थिए र त्यसले हेर्दहिर्दै ती पहाडहरूको पछाडि अलि-अलि प्रकाश देखिन थाल्यो । पहाडका छेउ-छेउमा अलि-अलि रातास्य थियो । प्रकाश जब माथितिर उक्लँदै गयो झन् चिसो, झन् खैरो, झन् अँध्यारो हुँदै गएर पश्चिमतिरको क्षितिजनिर पुगेपछि त्यो प्रकाश अँध्यारैमा विलीन भएर गयो । तल उपत्यकामा पृथ्वीले खरानी रंग धारण गरेर भोर ल्याइदियो ।

फलाम टकराएको आवाज फेरि सुनियो । टामले जमीनभन्दा अलि हलुका खैरो रंगका पालहरूको लाममा अवलोकन गऱ्यो । एउटा पालको बगलमा त्यसले पुरानो फलामे-दमचूलीमा बालिराखेको आगोको ज्वाला प्वालहरूबाट देख्यो । बाक्लो धुँवाको पाइपबाट खैरो रंगको धुँवा निस्किरहेको थियो ।

टाम ट्रकको बगलमा चढेर जमीनमा ओल्र्यो । त्यो दमचूलीतिर बिस्तारै गयो । त्यसले एउटी लडकीलाई दमचूलीमा काम गरिरहेकी मात्र देखेको होइन अपितु तिनको बांगो पाखुरामुनि एउटा बच्चाले दूध खाइरहेको पनि देख्यो । बच्चाको टाउको उनको उचालिएको कमीजमुनि थियो । ती लडकी आगो सल्काउन खोजेर हावा राम्रोसित पास गराउन खिया परेका दमचूलीका ढकनीहरू फेर्नमा व्यस्त थिइन् । र त्यस बखत बच्चाले दूध चुस्दै थियो र आमा बच्चालाई सिपालुसँग

एक पाखुराबाट अर्को पाखुरामा सार्दै थिइन् । बच्चाले आमाको काममा या उनको सिमालु छिटो चालमा केही दबाब गरेन । सुन्तला रंगको आगोले दमचूलीका चर्केका ठाउँहरूबाट निस्केर अस्थिर प्रतिबिम्बहरू पालमा फ्याँकिरहेको थियो ।

टामले झन् नजीक गएपछि सुँगुरको भुटेको मासु र पाकिरहेको रोटीको वास्ना सुँघ्यो । पूर्वतिरबाट प्रकाश छिटो-छिटो बढ्दै आयो । टामले चूलोको नजीक आएर आफ्नो दुइटै हात पसार्‍यो । उसलाई हेरेर ती लडकीले स्वीकृतिसूचक टाउको हल्लाइन् जसबाट उनका दुइटै चुल्ठो हृल्लिए ।

'सुप्रभातम् ।' तिनले भनिन् । त्यस पछि तिनले सुँगुरको मासु कराहीमा पल्टाइन् ।

पालको पर्दा माथि उठेपछि एक जना युवक बाहिर निस्क्यो र त्यसको पछि-पछि अर्को पाको उमेरको मानिस आयो । उनीहरूका लुगा र कोट नयाँ नीलो टाटका थिए जो टल्केकाले सारो थिए । कोटमा लाएका पित्तलका टाँक टल्केका थिए । उनीहरूको आकृतिबाट क्रियाशीलता झल्कन्थ्यो । दुवैको अनुहारमा सादृश्य थियो । जवान मानिसको दाह्री कालो र ठुटे थियो । तर पाको मानिसको चाहिँ सेतो र ठुटे दाह्री थियो । उनीहरूको टाउको र मुख भिजेकै थियो, कपालबाट पानी चुहिरहेको थियो तथा सारो दाह्रीमा पानीका थोपा बसेकै थिए । चिसोले गर्दा उनी-हरूका गाला टल्केका थिए । उनीहरू एक साथ हाई गरेर पहाडका घेरामा भएको प्रकाशतिर हेर्न थाले । अनि पछि उनीहरूले फर्केर टामतिर हेरे ।

पाको मानिसले भन्यो । 'सुप्रभातम् ।' उसको आकृतिमा न मित्रताको न त अमित्रताको नै भावना थियो ।

टामले प्रत्युत्तरमा भन्यो । 'सुप्रभातम् ।'

जवानचाहिले पनि भन्यो । 'सुप्रभातम् ।'

उनीहरूका मुखमा बिस्तार-बिस्तारै पानी सुकेर गयो । उनीहरू दमचूलीको नजीक आएर आगोमा हात सेकाउन थाले ।

ती लड़की आफ्नो काममा व्यस्त थिइन् । एकचोटि तिनले बच्चालाई तल

राखेर आफ्नो चुल्ठो पछिल्तिर लगीकन धागोले बाँधिन् । तिनले काम गरिरहँदा दुइटै चुल्ठो चलेर हल्लिन थाले । एउटा ठूलो बाकसमा तिनले टीनका कपहरू, प्लेटहरू, चक्कुहरू तथा काँटाहरू राखिन् । त्यसपछि कराहीबाट सुँगुरको मासु झिकेर टीनको एउटा ठूलो प्लेटमा हालिन् । भान्साको खिया परेको ढोका खोलेर तिनले ठूल-ठूला मोटो बिस्कुटले भरिएको एउटा चारपाटे कराही झिकिन् ।

बिस्कुटको सुगन्ध हावामा फैलिएपछि दुवैले नाक सुइँ-सुइँ गरेर सुँघ्न थाले । जवानचाहिले बिस्तारै भन्यो । 'झुरुम झुरुम गर्नै !'

पाको मानिसले टामसित भन्यो । 'जलपान गऱ्यौ ?'

'अँ, अँहँ, गरेको छैन । मेरा मानिसहरू त्यहाँ छन् । उनीहरू उठेका छैनन् । उनीहरूको निद्रा पुगेको छैन ।'

'त्यसो भए जलपान गर्न हामीसँगै बस-न । ईश्वरको कृपाले हामीसित पर्याप्त खाना छ ।'

टामले भन्यो । 'किन, धन्यवाद । यति मिठो बास्ना आउँछ, मैले त नाइँ भन्न सकिनँ ।'

जवान मानिसले सोध्यो । 'आउँदैन त ? तिम्रो जिन्दगीमा यस्तो मिठो बास्ना कहिले सुँघेका छौ ?' प्याक गरिराखेको बाकसनिर गएर उनीहरू त्यसको वरिपरि पलेंटी कसेर बसे ।

जवान मानिसले सोध्यो । 'यहीं काम गरिरहेका ?'

टामले भन्यो । 'गर्न लागेका । हिजो रातिमात्र आइपुगेका । यता-उति हेर्ने मौका समेत पाएका छैनौं ।'

जवान मानिसले भन्यो । 'हामीले बाह्र दिन काम गऱ्यौं ।'

दमचूलीमा काम गरिरहने लडकीले भनिन् । 'उनीहरूले नयाँ लुगा पनि पाइ-सके ।' दुवैले आ-आफ्नो सारो नीलो लुगामा हेरेर अलि लाज मानेजस्तो गरी

मुस्काए । ती लडकी सुँगुरको मासुको ठूलो प्लेट, खँरा मोटा बिस्कुटहरू, एक भाँडो मासुको झोल तथा एक भाँडो कफी अगाडि सारेर आफू पनि बाकसको नजीक पलेंटी कसेर बसिन् । बच्चा अहिले पनि उनको कमीजमुनि टाउको घुसारेर दूध चुस्दै थियो ।

उनीहरूले आ-आफ्नो प्लेट भरेर मासुको झोल बिस्कुटमा खन्याएपछि कफीमा चिनी मिसाए ।

पाको मानिसले आफ्नो मुख भरेर खूब चपाईकन निल्न थाल्यो । त्यसले भन्यो । 'अरे भगवान्, कस्तो मिठो छ !' र त्यसले फेरि आफ्नो मुख भर्न थाल्यो ।

जवान मानिसले भन्यो । 'बाह्र दिन भयो हामीले मिठो खाना खाइराखेका । बाह्र दिन भयो खाना कहिलेपनि छुटेन हामीहरू तीनै जनाको । काम गर्दै, ज्याला पाउँदै हामीले खाइराखेका छौं ।' ऊ प्रायः पागल जस्तो भएर फेरि खानेकुरोमा हात हालेर प्लेट भर्न थाल्यो । उनीहरूले धेरै तातो कफी पिए र त्यसको कसर जति भुइँमा फाली आ-आफ्नो कप फेरि भर्न थाले ।

अहिले प्रकाशमा रंग चढ्न थाल्यो, अलि-अलि रातो रंगको चमक । बाबु र छोराले खान छोडे । उनीहरू पूर्वतिर फर्किरहेकाले उनीहरूको आकृतिलाई भोरले आलोकित गरेको थियो । उनीहरूले आफ्ना कपमा भएको कसर भुइँमा फ्याँकेर एक साथ उभिए ।

पाको मानिसले भन्यो । 'जानु पर्छ ।'

जवान मानिसले टामतिर फर्केर भन्यो । 'हेर, हामी पाइप जड्ने काम गरिरहेका छौं । तिमी हामीसित जान चाहन्छौ भने, तिमीलाई पनि शायद काम मिलाई दिन सकौंला ।'

टामले भन्यो । 'अँ, त्यो तिमीहरूको भद्रता हो । र मलाई जलपान गराएकोमा तिमीहरूलाई अवश्य धन्यवाद दिन्छु ।'

पाको मानिसले भन्यो । 'तिमीसित भेट भएकोमा हामीलाई खुशी लागेको छ । चाहिन्छ भने तिम्रो निम्ति हामीहरूले काम मिलाई दिनेछौं ।'

टामले भन्यो । मलाई त काम चाहिन्छ। एक मिनेट पख । म मेरा मानिसहरू-लाई भनेर आउँला । हतपतले जोड-परिवारको कैम्पमा गएर माथि झुकीकन त्यसले भित्रपट्टि हेऱ्यो । टाटमुनि अँध्यारोमा त्यसले सुतिरहेका मानिसहरूको समूह देख्यो । तर ओछ्यानका लुगामा अलिकति चलमल हुन थाल्यो । रूठी सर्प जस्तै खुम्चिन थालिन् । उनको कपाल आँखामाथि खसिराखेको र लुगा खुम्चेर बिग्रिराखेको थियो । तिनी होशियारीसाथ घस्रेर आई बाहिर उभिइन् । उनका खैरा आँखा निदाइसकेकाले सफा र शान्त थिए । ती आँखाहरूमा उपद्रवको भावनाको बिल-कुल अभाव थियो । टामले पालदेखि पर गएर उनलाई आफ्नो पछि आऊ भनेर इशारा गऱ्यो । त्यो फर्केपछि तिनले उसलाई हेरिन् ।

त्यसले भन्यो । 'अरे ईश्वर, तिमी त ठूली भैंरहेकी ।'

तिनले असमन्जसमा परीकन अन्तै हेरिन् । टामले भन्यो । 'मेरो कुरा ध्यान दिएर सुन-त । उनीहरू कसैलाई नउठाऊ । उनीहरू उठेपछि उनीहरूलाई भनिदिनू कि मैले काम पाउँला जस्तो छ र त्यसैको लागि म जाँदैछु । आमालाई भनिदिनू कि मैले कुनै छिमेकीहरूकहाँ जलपान गरिसकें । तिमीले कुरा बुझ्यौ ?'

रूठीले हुन्छ भनेर मुन्टो फर्काइन् र उनका आँखा सानी केटीका आँखा थिए । टामले खबरदार गरेर भन्यो । 'उनीहरूलाई नउठाउनू ।' त्यो छिटो-छिटो आफ्ना नयाँ साथीहरूकहाँ गयो । रूठीले होशियारीसाथ सैनिटरी एकाईमा पुगेर खुला ढोका-भित्र च्याएर हेरिन् ।

टाम फर्केर आउँदा दुइ जना नै पर्खिराखेका थिए । त्यो जवान आइमाईले एउटा डसना बाहिर ल्याएर त्यसमा बच्चालाई छोडी आफू रिकापीहरू सफा गर्ने काममा लागिन् ।

टामले भन्यो । 'मैले आफ्ना मानिसहरूलाई म कहाँ जाने भनेर भन्न चाहेको थिएँ । उनीहरू बिउँझेका थिएनन् ।' तीनै जना पालहरूको बीचको सडक हुँदै गए ।

कैम्प सजीव हुँदै आउन थाल्यो । आइमाईहरू नयाँ आगो जोरी मासु मसिनो गरी काटी बिहानको जलपानलाई पीठो मुछी काममा व्यस्त हुन थाले । र मानिस-हरू पाल र गाडीहरूको वरिपरि घुम्न थाले । आकाशमा अब लालिमा चढिसक्यो ।

अफिसको सामुन्ने एउटा दुब्लो बूढो मानिस औजार लिएर होशियारीसाथ जमीन कोर्न थाल्यो । त्यसले आफ्नो औजारलाई यसरी खिच्यो कि साना-साना कोरिएका चिन्हहरू सोझा र गहिरा थिए ।

जवान मानिसले जाँदा-जाँदै भन्यो । 'बा, सबेरै बाहिर निस्कनु भो ।'

'हो, हो । मेरो किराया ठीक मिलाउनु छ ।'

'किराया, भीरबाट लडाइदे !' जवान मानिसले भन्यो । 'गएको शनिबार त्यसलाई रक्सी लागेकोले रातभरि ऊ गाना गाइरहेको थियो । कमिटीले यसको लागि उसलाई काम दिएको छ ।' उनीहरू सडकको किनाराबाट गए । बाटोको बगलमा ओखरका रूखहरूको एक पंक्ति उम्रिराखेको थियो ।

टामले भन्यो । 'यो विचित्र लाग्छ, मैले तिमीहरूको खाना खाइसकें तैपनि मैले आफ्नो नाम तिनीहरूलाई भनेको छैन, न तिमीहरूले आ-आफ्नो नाउँ नै मलाई भनेका छौ । मलाई टाम जोड भन्दछन् ।'

'त्यो पाको मानिसले उसलाई हेरेर अलिकति मुस्काएर सोध्यो । 'तिमीहरू यहाँ आएको धेरै दिन भएको छैन ?'

'अँहँ, भखर्र त दुइ दिन भयो ।'

'मेरो नाउ टिमोठी वैलेस हो र यो मेरो छोरा विल्की ।'

टामले भन्यो । 'तिमीहरूसित चिनापर्ची भएर मलाई गर्व लाग्यो । तिमीहरू यहाँ आएको धेरै दिन भयो ?'

विल्कीले भन्यो । 'दस महीना भयो । पोह्र साल बाढीहरूको अन्त भएपछि हामीहरू यहाँ आइपुगेका । जीजसको शपथ ! एक समय यस्तो आएको थियो जब हामीहरू खान नपाएर झण्डै मर्न लागेका थियौं । पेलिएको सडकमा उनीहरूका पाइला टक टक बज्न थाले । ट्रकभरि मानिस गए । त्यसमा भएको प्रत्येकले ओछ्यान कसेर बस्यो तथा गम्भीर र उदासीन देखियो ।

टिमोठीले भन्यो । 'ग्याँस निगमको लागि जाँदै छौं । उनीहरूकहाँ राम्रो

काम पाइन्छ ।'

टामले सुझाव दियो । 'मैले हाम्रो ट्रक ल्याउन सक्थें ।'

'अँहँ, पर्दैन ।' टिमोठीले तल झुकेर एउटा हरियो ओखर टिप्यो । त्यसले त्यो ओखरको आफ्नो बूढी-औंलाले परीक्षा गरिसकेपछि बारेको तारमा बसिरहेको एउटा कालो चरालाई त्यो ओखरले हान्यो । त्यो चरा माथि उड्यो जसबाट ओखर मुन्तिर खस्यो । त्यसपछि चराले फेरि तारमा बसेर आफ्नो चम्केका काला प्वाँखहरू चुच्चोले मिलायो ।

टामले सोध्यो । 'तिमीहरूको गाडी छैन ?'

दुवै वैलेसहरू चूप लागे र टामले उनीहरूको मुखमा हेरेपछि थाहा पायो कि उनीहरूले लाज मानेका थिए ।

विल्कीले भन्यो । 'हामीले काम गर्ने ठाउँमा यो सडकको एक माइल जति हिंडेपछि पुगिन्छ ।'

टिमोठीले रिसाएर भन्यो । 'अँहँ, हामीसँग गाडी-साडी छैन । हामीले त्यसलाई बेचिसक्यौं । खानेकुरो र अरू कुराको अभावले हामीले बेच्नुपरेको थियो । कुनै काम-साम पनि पाइएन । हरेक हप्ता गाडी किन्नलाई मानिसहरू आउँदै गरे । तिमीहरू भोकाएका छौ भने हामीहरूले गाडी किन्नेछौं भनी उनीहरू भन्न थाले । तिमीहरू धेरै भोकाएका छौ भने हामी आधाभन्दा बढी मोल तिर्ने छैनौं । हामीहरू धेरै भोकाएकोले दस डलरमा गाडी बेच्यौं ।' यति भनेर त्यसले सडकमा थुक्यो ।

विल्कीले शान्तपूर्वक भन्यो । 'गएको हप्ता म बेकर्सफिल्डमा गएको बेला मैले त्यो गाडीलाई सेकेण्ड-हैण्ड गाडीहरूको थुप्रोमा देखेको थिएँ । त्यसको मोल पचहत्तर डलर राखेको थियो ।'

टिमोठीले भन्यो । 'हामीले बेच्नु परेको थियो । त्यो समय यस्तो थियो जब उनीहरूले या त हाम्रो गाडी चोर्नुपर्थ्यो या हामीहरूले उनीहरूको केही चीज चोर्नुपर्थ्यो । आजसम्म हामीले चोर्नु परेको त छैन तर चोर्नुपर्ने अवस्थाको निकट भने पुगेका थियौं ।'

टामले भन्यो । 'थाहा छ, हामीले घर छोड्नु-अगाडि यहाँ पर्याप्त काम पाइन्छ भनेर सुनेका थियौं । मानिसहरूलाई काम गर्न आह्वान गरिएका पर्चाहरू देखेका छौं ।'

टिमोठीले भन्यो । 'हो, हामीले पनि देखेका छौं । काम धेरै छैन । ज्याला कम हुँदै आइरहेछ । कसरी पेट भर्ने भन्ने समस्यामा विचार गर्दागर्दै म हैरान भएँ ।'

टामले भन्यो । 'अहिले त तिमीहरूले काम पायौ ।'

'ज्यू पायौं, तर यो काम धेरै दिनसम्म पाइने होइन । एउटा राम्रो मानिसकहाँ काम गरिरहेका । एउटा सानो ठाउँ पाएका छौं । तर फसाद त यो छ कि त्यो काम धेरै दिन नपाइने ।'

टामले भन्यो । 'किन मलाई लान लागेका त ? म आएपछि काम झन् कम हुन्छ तिमीहरूलाई । आफ्नो घाँटी आफैंले किन सेर्न लागेका ?'

टिमोठीले बिस्तारै मुन्टो हल्लाएर भन्यो । 'मलाई थाहा छैन । केही मतलब भेट्टाइनँ । हामी दुवैले एकेकवटा टोप पाउने विचार गरेका । पाउन सकेनौं । दायाँ-तिर एक ठाउँमा एउटा राम्रो काम रहेछ–घण्टाको तीस सेन्ट आउने । त्यस व्यक्ति-सँग काम गर्दा बडा मजा आउँछ ।'

उनीहरू मूल-सडकदेखि टाढा फर्केर एउटा सानो तर्कारी-बारीबाट कंक्रीट ठोकेको सडकमा गए । र रूखहरूको पछाडि उनीहरू छायाँ दिने केही रूख तथा एउटा अश्वशाला भएको एउटा सानो सेतो खेतको घरमा आइपुगे । अश्वशालाको पछाडि एउटा अंगूको लहरा र कपासको एउटा खेत थियो । तिनीहरू तीनै जना घर नाघेर जाँदा एउटा पर्दा लगाएको ढोका ढचाम्म खोलेर एउटा पुड्को मोटो मानिस पछिल्तिरका खुड्किला ओर्लेर तल आयो । त्यसले घाम छेक्न एउटा कागजको पगडी लाइराखेको थियो र चोक नाघेर आउँदा त्यसले आफ्ना बाहुला माथि लपेट्न थाल्यो । उसका झ्याम्म परेका खैरा आँखि-भुइँ उदासीनताले तल ओर्लेका थिए । उसका गाला गाईको मासु जस्तो लाल रंगका थिए ।

टिमोठीले भन्यो । 'मिस्टर टामस, सुप्रभातम् ।'

त्य तिनिसले चिडचिडाउँदो स्वरमा भन्यो । 'सुप्रभातम् ।'

टिमोठीले भन्यो । 'यिनको नाउँ टाम-जोड । यिनलाई काममा लगाइयोस् भन्ने हाम्रो उत्कट इच्छा छ ।'

टामसले टाममाथि रिसाएर हेऱ्यो । अनि ऊ एकै छिन खित्का छोडेर हाँस्यो । उसका आँखि-भुइँ अझ अँध्यारै थिए । 'अहो, अवश्य म उसलाई काममा राखुँला । म सबैलाई काम दिने छु । एक सय जना जतिलाई म काम दिन सकुँला ।'

टिमोठीले क्षमा-याचना गर्ने तरीकाले भन्न थाल्यो । 'हामीले विचार गऱ्यौं–'

टामसले उसको कुरा काटेर भन्यो । 'हो, म पनि विचार गर्दैछु ।' त्यसले हल्लिएर उनीहरूको सामुन्ने गईकन भन्यो । 'मेरो तिमीहरूलाई केही कुरा भन्नु छ । मैले तिमीहरूलाई घण्टाको तीस सेन्ट दिइराखेको छु–त्यो ठीक छ ?'

'किन, अवश्य–तर मिस्टर टामस–'

'र मैले तीस सेन्ट सुहाउने काम लिइराखेको छु ।' उसका बोझा सारो हातले एकले अर्कोलाई समाउन थाल्यो ।

'हामीहरू दिनमा राम्रो काम गर्न खोज्छौं ।'

'अँ, छोडिदेऊ यो कुरा । आज बिहान तिमीहरूले घण्टाको पचीस सेन्ट पाउँदै छौ । त्यति लेऊ या नलेऊ ।' उसको मुखको लाली रिसले गहिरियो ।

टिमोठीले भन्यो । 'हामीले राम्रै काम गरेका छौं । तपाईं आफैं त्यसो भन्नु-हुन्थ्यो ।'

'त्यो कुरा मलाई थाहा छ । तर यस्तो देखिन्छ कि मैले आफ्ना मानिसहरू-लाई भाडामा लिइरहेको छैन ।' त्यसले थूक निलेर भन्यो । 'हेर, मेरो यहाँ पैंसट्ठी एकड जमीन छ । तिमीहरूले कहिले किसान संघबारे सुनेका छौ ?'

'किन, अवश्य सुनेका छौं ।'

'अं, म त्यस संघको सदस्य छु। हिजो राति हामीहरूको बैठक भएको थियो। तिमीहरूलाई थाहा छ किसान संघ कसले चलाइराखेको छ ? सुन, म भन्छु। पश्चिमको बैंकले चलाइराखेको छ। यो उपत्यकाको धेरैजसो भाग त्यो बैंकको अधीनमा छ। आफ्नो अधीनमा नभएको हरेक कुराको कागज त्यसले राखेको छ। हिजो राति त्यो बैंकको एक जना सदस्यले मलाई भनेको थियो। "तिमी घण्टाको तीस सेन्ट ज्याला दिंदैछौ। त्यसलाई पचीस सेन्ट गर्नु जाती।" मैले भनें। "मेरा मानिसहरू असल छन्। उनीहरूले तीस सेन्ट पाउनु पर्छ।" त्यसले जवाबमा भन्यो। "त्यो कुरा हुँदैन। अब पचीस सेन्ट ज्याला दिनू। तीस सेन्ट दिएपछि खलबल र असन्तोष फैलिनेछ। अर्को साल फसलको ऋणको रूपमा तिमीलाई साबिक दाम चाहिन्छ के ?" ' टामस रोकियो। ऊ स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ गर्दै थियो। 'बुझ्यौ ? ज्यालाको दर पचीस सेन्ट या त्यस्तै भैसक्यो।'

टिमोठीले निस्सहाय भएर भन्यो। 'हामीले राम्रो काम गरेका छौं।'

'अझ बुझेका छैनौ ? बैंकले दुइ हजार मानिस भाडामा लिएकोमा म तीन जना लिन्छु। मलाई पत्रिकासँग सामना गर्नुछ। क्राइस्टको शपथ, तिमीले केही उपाय विचार गर्न सक्छौ भने म त्यसलाई ग्रहण गर्नेछु। उनीहरूले मलाई दोषारोपण गरेका छन्।'

टिमोठीले टाउको हल्लाएर भन्यो। 'के भन्ने हो खै, मलाई थाहा छैन।'

'पख त' भनेर टामस छिटो-छिटो घरभित्र पस्यो। ऊ पसिसकेपछि ढोका ढ्याम्म लायो। एकै छिनमा हातमा एउटा अखबार लिएर ऊ फर्क्यो। 'तिमीले यो देख्यौ ? हेर, म पढिदिन्छु। "नागरिकहरूले गोलमाल गर्ने कम्युनिस्टहरूसित रिसाएर अनधिकार तरीकाले जमीन अधिकार गर्नेहरूको कैम्प जलाइदिए। हिजो राति एक हुल नागरिकहरूले स्थानीय गोलमाल गर्नेहरूको कैम्पमा भएको खलबलमा रिसाएर त्यहाँ भएका पालहरू जमीनमा मिल्ने गरीकन बालिदिएका मात्र होइन अपितु ती गोलमाल गर्नेहरूलाई त्यस जिल्ला छोडेर जाऊ भनेर जमाउ पनि दिए।" '

टामले भन्न थाल्यो। 'किन, मैले–' यति भनेर त्यो आफ्नो मुख थुनेर चूप लाग्यो।

अखबारलाई होशियारीसाथ पट्टयाएर टामसले त्यसलाई आफ्नो खल्तीमा

हाल्यो । त्यसले आफूलाई फेरि नियन्त्रण गरेर शान्तपूर्वक भन्यो । 'तिनीहरूलाई संघले पठाएको थियो । अब म उनीहरूलाई पठाउँदै छु । र मैले जे भनेको थिएँ त्यो कुरा उनीहरूले कहिले पत्ता लगाएका भए अर्को साल मैले एउटा पनि खेत पाउने थिइनँ ।'

टिमोठीले भन्यो । 'त्यसमा के भन्ने हो मलाई थाहा भएन । त्यहाँ गोलमाल गर्नेहरू किन यसरी बहुलाएका म थाहा पाउन सक्छु ।'

टामसले भन्यो । 'मैले निकै दिन हेरिरहें । ज्याला कट्टी गर्नुअघि जहिले पनि कम्युनिस्टहरू गोलमाल गर्न आउँथे । यही त फसादको कुरा छ कि उनीहरूले मलाई नै फन्दामा पार्थे । अब तिमीहरूले के गर्ने ? पचीस सेन्ट मन्जूर छ ?'

टिमोठीले तलतिर हेरेर भन्यो । 'म काम गर्छु ।'

विल्कीले भन्यो । 'म पनि गर्छु ।'

टामले भन्यो । 'म अवश्य काम गर्छु । मलाई काम गर्नु छ ।'

टामस आफ्नो नितम्बको गोजीबाट एउटा रूमाल झिकेर आफ्नो मुख र चिउंडो पुछ्न थाल्यो । 'यस्तो कति दिन चल्न सक्छ मलाई थाहा छैन । तिमीहरूले आजकल जति ज्याला पाउँछौं त्यतिमा परिवार कसरी पाल्न सकिन्छ म बुझ्न सक्तिनँ ।'

विल्कीले भन्यो । 'हामीले काम पाएसम्म परिवार पाल्न सक्छौं । जब काम पाउँदैनौं तब पाल्न मुश्किल हुनेछ ।'

टामसले आफ्नो घडी हेरेर भन्यो । 'अँ, बाहिर गएर केही खाल्टा खनौं । धरोधर्म म तिमीहरूलाई भन्दैछु । तिमीहरू त्यो सरकारी कैम्पमा बस्छौ, होइन ?'

टिमोठीले जिउ तन्काएर भन्यो । 'ज्यू, साहेब ।'

'र हरेक शनिबार राति त्यहाँ तिमीहरूको नाच हुन्छ ?'

विल्कीले मुस्काएर भन्यो । 'अवश्य, हामीहरू देखाउँछौं ।'

'अँ, अर्को शनिबार राति हेर के हुन्छ ।'

टिमोठीले अकस्मात् आफ्नो जिउ तन्काउँदै नजीक गएर सोध्यो । 'के मतलब ? म केन्द्रीय समितिको सदस्य हुँ । मैले थाहा पाउनु पर्छ ।'

टामस डराएको जस्तो देखियो र भन्यो । 'मैले जे भनें त्यो कुरा कहिल्यै नभन ।'

टिमोठीले सोध्यो । 'त्यो के हो त ?'

'अँ, संघलाई सरकारी कैम्पहरू मन पर्दैन । किनभने त्यहाँ कुनै उप-जिल्लाधीश घुसाउन सकिन्नें । मैले सुनेको छु कि त्यहाँ मानिसहरूले आफैं नियमहरू बनाउँछन् । त्यसैले वारेन्ट नभैकन कसैलाई समात्न सकिंदैन । अब त्यहाँभित्र ठूलो झगडा भयोभने या गोली हानाहान भयो भने केही उप-जिल्लाधीशहरू त्यहाँभित्र घुसेर कैम्प साफ गर्न सक्छन् ।'

टिमोठीमा परिवर्तन आयो । उसका कुम तन्किए र आँखा फिका भए । 'तपाईंको तात्पर्य ?'

टामसले बेचैनीपूर्वक भन्यो । 'तपाईंले यो कहाँ सुन्नुभएको भन्नोस-न । अब आउने शनिबार राति कैम्पमा झगडा हुने तथा उप-जिल्लाधीशहरू कैम्पभित्र पस्ने ।'

टामले सोध्यो । 'किन, ईश्वरको लागि, त्यस कैम्पका मानिसहरूले कसैलाई दुःख दिएका छैनन् ।'

टामसले भन्यो । 'त्यसको कारण म भनुंला । ती कैम्पमा बस्ने मानिसहरूलाई मनुष्यलाई जस्तै व्यवहार गरिइन्छ । अनधिकार तरीकाले जमीन अधिकार गर्नेहरूका कैम्पमा उनीहरू फर्केर गएपछि उनीहरूलाई तह लगाउन मुश्किल हुनेछ ।' त्यसले फेरि आफ्नो मुख पुछेर भन्यो । 'अब काम गर्न बाहिर जाऊ । जीजसको शपथ, मैले मेरो खेत बाहिरको कुरा त गरेको छैन होला । तर तिमीहरू मलाई मन पर्छौ ।'

टिमोठीले उसको सामुन्ने गएर आफ्नो एउटा दुब्लो सारो हात पसार्‍यो ।

टामसले उसको त्यो हात समातेर भन्यो । 'केसीले भनेको भन्ने कुरा कसैलाई थाहा हुँदैन । तपाईंलाई धन्यवाद दिन्छौं । झगडा-सगडा केही हुँदैन ।'

टामसले भन्यो । 'काम गर्न जाऊ । घण्टाको पचीस सेन्ट पाउँछौ ।'

विल्कीले भन्यो । 'हामीले तपाईंसँग त्यति स्वीकार गर्ने छौं ।'

टामस घरतिर गयो । त्यसले भन्यो । 'एकै छिनमा म बाहिर जाउँला । तिमीहरू काम गरिरहनू ।' ऊभित्र पसेपछि पर्दा लाएको ढोका ढयाम्म लाग्यो ।

उनीहरू तीनै जना सेतो पोतेको सानो अश्वशाला नाघेर एउटा खेतको किनारै-किनार हुँदै गए । उनीहरू लामो साँगुरो खाल्टोनिर आइपुगे जसको बगलमा कंक्रीट पाइपका विभागहरू थिए ।

विल्कीले भन्यो । 'हामीहरूले काम गर्ने ठाउँ यही हो ।'

उसको बाबुले अश्वशाला खोलेर दुइटा बंचरोहरू र तीनोटा फालीहरू बाहिर निकाल्यो । त्यसले टामसित भन्यो । 'ल्यौ, यो तिम्रो गहना हो ।'

टामले बंचरो कति बोझा छ भनेर उचालेर हेर्‍यो । 'उफ्रेर जीजसको शपथ ! यो बंचरो राम्रो नभएको भए !'

विल्कीले भन्यो । 'एघार नबजुन्जेल पर्ख । बंचरो कस्तो राम्रो हुन्छ अनि हेर ।'

उनीहरू खाल्टोको छेउसम्म गए । आफ्नो कोट फुकालेर टामले थुप्रो मैल-माथि राख्यो । टोपी माथितिर पारेर त्यो खाल्टोमा पस्यो । त्यस पछि हातमा थुकेर त्यसले बंचरो हावामा उठाएर तल ओराल्यो । टामले सुस्त-सुस्त कन्यो । बंचरो उठेर खस्यो र जमीनमा बंचरो गडेपछि कनेको आवाज आयो र माटो खुकुलो हुँदै गयो ।

विल्कीले भन्यो । 'बा, हामीले त माटोसित लड्न सक्ने एउटा गजबको मानिस भेट्टायौं । यसलाई त त्यो सानो माटो खन्नेसित बिहे गरिदिनु पर्ने ।'

टामले भन्यो । 'म ठीक समयमा पसें (ऊँ) । ज्यू, साहेब, म ठीक बेलामा आएँ (ऊँ) । मेरो उमेर ठीक अवस्थामा पुग्यो । (ऊँ) । यो भावना मलाई मन पऱ्यो (ऊँ) ।' उसको अघिल्तिरको माटो खुकुलो हुँदै गयो । घामले अब फलफूलका रूखहरूलाई स्पष्ट पारिदियो तथा अंगूरका पातहरू लहराहरूमा पहेंला र हरिया देखिए । ६ फीट लामो खनिसकेपछि टामले बगलतिर गएर आफ्नो निधारको पसिना पुछ्यो । विल्की उसको पछि-पछि गयो । फावडा उठेर तल आयो अनि लामो हुँदै गैरहेको खाल्टोको बगलमा परिरहेको थुप्रोमा मैल उडेर गयो ।

टामले भन्यो । 'मैले यहाँ केन्द्रीय समितिबारे सुनें । उसोभए तिमी समितिका मानिसहरूमध्ये एक जना छौ, हैं ।'

टिमोठीले जवाब दियो । 'ज्यू, महाशय । र यो एउटा जिम्मेदारी हो । हामी सेन्ट्रल कमिटीका मानिसहरू सबैले हुनसम्मन् राम्रो काम गरिरहेका छौं । र कैम्पमा बस्ने मानिसहरू पनि हुनसम्म बेस काम गरिरहेछन् । ठूल-ठूला किसानहरूले हामी-हरूलाई यसरी दुःख नदिउन् भन्ने म इच्छा गर्छु । उनीहरूले त्यसो नगरून् भन्ने मेरो इच्छा छ ।'

टाम फेरि खाल्टोमा गयो र विल्की बगलमा उभिरह्यो । टामले भन्यो । 'नाचमा झगडा हुने (ऊँ) भन्ने कुराबारे के होला जो त्यसले भनेको थियो (ऊँ)? त्यसो किन गर्न खोजेका उनीहरूले ?'

टिमोठीले विल्कीको पछि-पछि लागेर आफ्नो फावडाले खाल्टोको पींधमा छड्के काट्न थाल्यो तथा पाइप ओछ्याउन त्यसलाई चिप्लो पारेर तयार गऱ्यो । टिमोठीले भन्यो । 'उनीहरूले हामीहरूलाई धपाउन लागेका जस्तो देखिन्छ । उनी-हरू डराएका छन् । हामीहरू संगठित भएर बसौंला । उनीहरूले हामीहरूसित डरा-एको उचित नै हुनसक्छ । यो कैम्प राम्ररी संगठित छ जहाँ मानिसहरू आफ्नो उज्ज्वल भविष्य देख्छन् । त्यहाँ राम्रा-राम्रा मानिसहरू छन् । भोकाएका मानिस-हरूको निम्ति अलिकति जगेडा रुपैयाँ सबैसित लिएर राख्ने गरेको छ । पाँच डलरको खाना तिमीले पाउन सक्छौ अनि कैम्प मजासँग चल्नेछ । हामीहरूलाई कानूनसम्बन्धी कुनै तकलीफ हुँदैन । त्यसैले ठूल-ठूला किसानहरू त्यसमा डर लिन्छन् । हामीहरूलाई उनीहरूले जेल पठाउन सक्तैनन् । यसमा उनीहरू डर मान्छन् । उनीहरूले यस्तो अनुमान गरेका हुनसक्छन् कि हामी आफ्नो शासन

आफैंले गर्छौं भने हामीले अरू-अरू काम पनि गर्न सक्छौं ।'

टाम खाल्टोबाट माथि उक्लेर आफ्ना आँखा वरिपरिको पसिना पुछ्न थाल्यो । 'बेकर्सफिल्डको उत्तरतिर गड़बड गर्नेहरूबारे त्यस अखबारले जे भन्यो त्यो कुरा तिमीले सुन्यौ ?'

विल्कीले भन्यो । 'अवश्य सुनें । उनीहरू जहिले पनि त्यस्तै गर्छन् ।'

'अँ, म त्यहीं थिएँ । उनीहरू गडबड गर्ने थिएनन् । र किन उनीहरूलाई कम्युनिस्ट भनेको हो, केही बुझिएन ?'

टिमोठीले खाल्टोमा भएको एउटा सानो टीलालाई खुक्यों । घामले उसको फुलिसकेको साह्रो दाह्री चम्काइदियो । त्यसले हाँसेर भन्यो । 'कम्युनिस्टहरू कस्ता हुन्छन् भन्ने कुरा जान्न चाहने धेरै मानिसहरू छन् । हाम्रो एक जना युवकले त्यो पत्ता लगायो ।' त्यसले आफ्नो फावडाले थुपारिएको माटोलाई बिस्तारै थपथपायो । 'हिनेस नाउँ गरेको एक जना मानिसले अन्दाजी तीस हजार एकड जति भूमिमात्र पाएको होइन अपितु त्योसँग आरु अँगूरहरूको साथसाथै फलफूलहरू प्याक गर्ने तथा रक्सी बनाउने ठाउँहरू पनि थियो । अँ, त्यसले जहिले पनि ती मोरा कम्युनिस्टहरू-बारे कुरा गरिरहन्छ । "ती मोराहरूले हाम्रो प्रदेशलाई विनाशतिर लाँदैछन् ।" भनेर त्यसले भन्छ । "र हामीहरूले ती राँडा-छोराहरूलाई देशबाट गलहत्त्याउनु छ ।" अँ, त्यो भर्खर पश्चिमतिर आइपुगेको जवान मानिस थियो र एक दिन त्यसले सुनिरहेको थियो । त्यसले आफ्नो टाउको कन्याएर भन्थ्यो । "मिस्टर हिनेस, म यहाँ आएको धेरै दिन भएको छैन । यी मुला कम्युनिस्टहरू के हुन् ?" हिनेसले भन्यो । 'अँ, महाशय, कम्युनिस्ट त्यो राँडा-छोरा हो जसले पचीस सेन्ट ज्याला दिएकोमा तीस सेन्ट माग्छ ।" अँ, त्यो जवान मानिसले कम्युनिस्टबारे विचार गरेर आफ्नो टाउको कन्याईकन भन्यो । 'अँ, जीजसको शपथ, मिस्टर हिनेस, म त राँडा-छोरा होइन । तर कम्युनिस्ट भनेको त्यसैलाई भनिन्छ भने—किन, मलाई पनि घण्टाको तीस सेन्ट चाहिन्छ । त्यस्तो त हरेकलाई चाहिन्छ । मिस्टर हिनेस, त्यसो भए हामी सबै कम्युनिस्ट भयौं ।"' टिमोठीले खाल्टोमुनि आफ्नो फावडा चलायो तथा फावडाले काटेको खँदिलो माटो चम्कन थाल्यो ।

टामले हाँसेर भन्यो । 'मलाई लाग्छ म पनि कम्युनिस्ट भएँ ।' उसको बंचरो

माथिबाट तल गए पछि माटो फुटेर आयो । उसको निधारबाट पसिना बगेर नाकका बगलमा बस्न आयो तथा उसको घाँटीमा पसिना टल्कन थाल्यो । त्यसले भन्यो । 'भीरबाट लडाइदे यो कुरा । आफ्नो निम्ति त बंचरो नै राम्रो औजार छ (ऊँ) । यसलाई नचलाए (ऊँ) । हामी र बंचरो मिलेर एक साथ काम नगरे (ऊँ) ।'

एकै लाम लागेर तीनै जनाले काम गर्दै खाल्टो खन्दै गए अनि बढ्दै आइरहेको विहानपखको घाम चर्केर उनीहरूलाई गर्मी पारिदियो ।

टामले उनलाई छोडेर गएपछि रूठीले एक छिन सैनिटरी युनिटको ढोकामा घुरेर हेरिन् । कुनै कुराको गर्व गर्नुपर्‍यो भने विनफील्डको अनुपस्थितिमा उनको साहस प्रबल हुँदैनथ्यो । तिनले एउटा नांगो पैताला कंक्रीट ठोकिएको भूइँमा राखेर फेरि झिकिन् । पालहरूको लाममा एउटी आइमाई एउटा पालबाट फुत्त निस्केर कैम्पबाट पाएको टीनको दमचूलीमा आगो दाल्न थालिन् । रूठीले त्यतैतिर केही पाइला चालिन् तर त्यहाँसम्म पुग्न सकिनन् । तिनले जोड-परिवारको पालको ढोका-निर बिस्तारै गई भित्रपट्टि हेरिन् । एकातिर जमीनमा मुख बाएर घाँटीमा खकार अड्केको जस्तो घ्वार्र-घ्वार्र आवाज निकाली घुरेर काका-जान पल्टिरहेका थिए । आमा र बाले आ-आफ्नो टाउको प्रकाशदेखि विमुख पारीकन एउटै गलबन्दीले गुटमुटयाइराखेका थिए । काका जानदेखि परै बगलमा आल आफ्नो पाखुराले आँखा छोपेर सुतिराखेको थियो । पालको अघिल्तिर नजीकै रोज आब शारन र विनफील्ड पल्टिराखेका थिए । विनफील्डको बगलमा जहाँ रूठी उभिराखेकी थिइन् खाली ठाउँ थियो । तिनले त्यहीं पलेंटी कसेर भित्रतिर च्याएर हेरिन् । उनका आँखा विन-फील्डको अलि-अलि फुलेको कपालमा परे । तिनले हेरिरहँदा त्यो सानो लडकाले आँखा खोलेर उनलाई घरेर हेर्न थाल्यो । उसको आँखाबाट गम्भीरता झल्किराखेको थियो । ओठमा औंला हालेर रूठीले अर्को हातले इशारा गरेर बोलाइन् । विनफील्ड रोज आब शारनलाई अवलोकन गर्न थाल्यो । उनको गुलाबी रंगको आकृति आफू-तिर नजीकै थियो र मुख अलि बाएको थियो । विनफील्ड सिरकबाट होशियारीसाथ सुत्त निस्क्यो । पालबाट होशियारीसाथ बाहिर घस्रेर गई रूठीसित भेट्न गयो । त्यसले कानेखुसी गरेर भन्यो । 'व ति वेर भो तिमी उठेकी ?'

उसलाई धेरै होशियारीसाथ पर लगीकन उनीहरू सुरक्षित ठाउँमा पुगेपछि तिनले भनिन् । 'म आज रातभरि सुतिनँ ।'

विनफील्डले भन्यो । 'तिमी सुतिनँ भन्छयौ । तिमी नीच र फटाहा छयौ ।'

तिनले भनिन् । 'लौ त, म फटाहा भए जे भएको थियो त्यो कुरा म भन्दिनँ । छुरा-भोकाइले एउटा व्यक्ति कसरी मऱ्यो तथा एउटा भालु आएर एउटा सानो बच्चा कसरी लग्यो भन्ने कुरा म भन्दिनँ ।'

विनफील्डले बेचैनपूर्वक भन्यो । 'भालु-सालु कोही थिएन ।' त्यसले आफ्ना औंलाले कपाल कोरेपछि आफ्नो ओवरअल्स दुइटा खुट्टाको बीचमा तान्यो ।

तिनले व्यंग्यपूर्वक भनिन् । 'ठीक छ । भालु-सालु कोही थिएन । र कैंटलागमा जस्ता चीजले बनेका सेता चीजहरू पनि छैनन् ।'

विनफील्डले उनीबारे गम्भीरतापूर्वक विचार गऱ्यो । त्यसले सैनिटरी युनिट-तिर औंल्याएर सोध्यो । 'त्यहाँ ?'

रूठीले भनिन् । 'म त नीच फटाहा भैहालें । त्यस्ता कुरा तिमीलाई भनेर मलाई केही फाइदा हुँदैन ।'

विनफील्डले भन्यो । 'हामीहरू गएर हेरौं ।'

रूठीले भनिन् । 'म त पहिले नै गइसकें । मैले एउटा त हेरी पनि सकें ।'

विनफील्डले भन्यो । 'तिमीले कहिले पनि हेरेकी छैनौ ।'

उनीहरू युनिट बिल्डिंगमा गए र त्यस बेला रूठी निडर भएर बिल्डिंगतिर अघि-अघि गइन् । पाइखानहरू ठूलो कोठाको एकापट्टि लहरै थिए । सेतो चीनीयाँ माटोको भाँडा चम्किरहेको थियो । अर्को भित्तामा हात-धुने भाँडाहरू लाम लगाई राखिएका थिए । तेश्रो भित्तामा चारोटा फौवारायुक्त स्नानागार थिए ।

रूठीले भनिन् । 'यी पाइखानहरू हुन् । यस्ता कुरा त मैले कैंटलागमा देखेकी छु ।' केटाकेटीहरू पाइखानको नजीक आए । रूठीले निडर भएर आफ्नो घाँघर माथि तानेर बसिन् । तिनले भनिन् । 'मैले भने नि, म यहाँ आएकी थिएँ भनेर । भाँडोमा पानी तुर्काई राखेकैले म यहाँ आइसकेको प्रमाणित गर्दछ ।'

विनफील्ड असमन्जसमा परेको थियो । उसको हातले जोरसँग पानी निस्कने लीवर घुमाई दिएपछि गर्जेर पानी निस्क्यो । रूठी हावामा उफ्रेर भागिन् । तिनी र विनफील्डले कोठाको बीचमा उभिएर पाइखानमा हेरिरहे । पानी छ्वाइँ-छ्वाइँ गर्दै आइनै रह्यो ।

रूठीले भनिन् । 'तिमीले गरेको त्यो । तिमी गएर फुटालेको त हो नि । मैले नि देखेको ।'

'मैले कहिले पनि गरिनँ । ईमानसाथ मैले कहिले पनि गरिनँ ।'

रूठीले भनिन् । 'तिमीले गरेको मैले नि देखेकी । राम्रा चीजहरूमा तिमीलाई विश्वास गर्नु हुँदैन ।'

विनफील्डको फुइँ घट्यो । त्यसले रूठीमाथि नजर उठायो तर उसको गह-भरि आँसु थियो । उसको चिउँडोमा कंपन थियो । र रूठी लगत्तै शोकाकुल थिइन् ।

तिनले भनिन् । 'केही छैन । म तिमीले गरेको भनी दोष दिन्नँ । पहिलेदेखि यस्तै भएको भनेर हामी बहाना गर्नौला । हामीहरू यहाँ आएकै छैनौ भनेर बहाना गर्नौला ।' यति भनेर तिनीले उसलाई भवनबाहिर लगिन् ।

अहिले सूर्य पहाडको घेरामा पुगेको हुँदा पाँचैवटा सैनिटरी एकाईहरूको करकटपाताले मोरेका छानाहरू मात्र घामले चम्केका थिएनन् अपितु खैरो रंगका पालहरू तथा पालहरूको बीचमा भएका सडकहरूका जमीन पनि चम्केका थिए । र कैम्पमा सबै बिउँझिसकेका थिए । कैम्पका दमचूलीहरूमा, मट्टितेलका टीनले बनाएका दमचूलीहरूमा तथा धातुका पाताले बनाएका दमचूलीहरूमा आगो बलिरहेका थियो । वायुमण्डल धुवाँको गन्धले भरिएको थियो । पालका ढोकामा लाएका पर्दाहरू पाल-माथि पन्छाइएका थिए र मानिसहरू सडकहरूमा आवत-जावत गरिरहेका थिए । जोड-परिवारको पालको सामुन्ने आमा सडकको तल-माथि हेरेर उभिरहेकी थिइन् । केटाकेटीहरूलाई देखेर तिनी उनीहरूको नजीक आइन् ।

आमाले भनिन् । 'मलाई चिन्ता लागिरहेको थियो । तिमीहरू कहाँ छौ भन्ने कुरा तिमीहरूलाई थाहा हुँदैन ।'

रूठीले भनिन् । 'हामीहरू हेरिरहेका थियौं ।'

'अँ, टाम कहाँ छ ? तिमीहरूले उसलाई देखेका छौ ?'

रूठीको महत्त्व बढ्यो । 'ज्यू, आमा, टामले मलाई उठाएर केही कुरा भनिदिनु भनेको थियो ।' आफ्नो महत्त्व बढाउन तिनी थामिइन् ।

आमाले सोधिन् । 'अँ–के भनिदिनु भनेको ?'

'त्यसले तिमीलाई भनिदिनु भनेको–' यति भनेर तिनीले फेरि थामिएर विनफील्डले आफ्नो स्थितिलाई प्रशंसा गरोस् भनेर हेर्न थालिन् ।

आमाले आफ्नो हात यसरी उठाइन् कि हातको पछाडिको भाग रूठीतिर पऱ्यो । 'के भनिदिनु भनेको ?'

रूठीले छिटो छिटो भनिन् । 'त्यसले काम पायो । त्यसैले काम गर्न गयो ।' तिनी आमाको उठेको हातदेखि डर मानेको जस्तो देखियो । हात फेरि तल झरेपछि रूठीको निम्ति पसारियो । आमाले रूठीका कुमहरू छिटो-छिटो अँगालो हालेर उनलाई छोडिदिइन् ।

रूठीले अलमल्ल परेर मुन्तिर घुरेर हेरेपछि विषय परिवर्तन गरिन् । तिनले भनिन् । 'त्यहाँ पाइखानहरू छन्, जम्मै सेतै ।'

आमाले सोधिन् । 'त्यहाँ भित्र पुगिसक्यौ ?'

तिनले उत्तरमा भनिन् । 'म र विनफील्ड गएको, अनि विनफील्डले एउटा पाइखान फुटालिदियो ।'

विनफील्ड रिसले रातो भयो । त्यसले रूठीमाथि आँखा तरेर हेरेपछि द्वेषको भावनाले भऱ्यो । 'एउटा पाइखानमा तिनले च्याएर हेरिन् ।'

आमालाई डर भएर आयो । 'अब तिमीहरूले के-के गऱ्यौ ? मलाई देखाऊ ।' तिनले उनीहरूलाई जबरजस्ती ढोकाभित्र लगेर भनिन् । 'भन, अब तिमीहरूले के-के गऱ्यौ ?'

रूठीले भनिन् । 'छ्वाइँ-छ्वाइँ गरेर पानी निस्किरहेको थियो, अब त थामी पनि सक्यो ।'

आमाले सोधिन् । 'तिमीहरूले के गरेका थियौ एकचोटि गरेर देखाऊ त ।'

विनफील्डले अनिच्छाले पाइखानमा गएर भन्यो । 'मैले यो जोरसँग दबाइनँ । मैले यहाँनिर समातेको मात्र के थिएँ त्यसपछि–' पानी फेरि छ्वाइँयँ गरेर निस्किहाल्यो । त्यो उफ्रेर भाग्यो ।

आमा आफ्नो टाउको पछिल्तिर हटाई हाँस्न थालिन् तर रूठी र विनफील्डले भने उनलाई रिसाएर हेरे । आमाले भनिन् । 'त्यो त त्यस्तै हुन्छ । मैले त पहिले पनि यस्तो देखिसकेकी छु । तिमीले धुने काम सिध्याइसकेपछि त्यसलाई फेरि दबाउनू ।'

आफ्नो अज्ञतामा दुवै धेरै लाज़ मानेर बाहिर गए । सडकबाट गएर उनीहरूले एउटा ठूलो परिवारले जलपान गरिरहेको घुरेर हेर्न थाले ।

आमाले उनीहरूलाई ढोकाबाट हेरिरहिन् । त्यसपछि तिनी कोठाको चारैतिर हेर्न थालिन् । फोहरा-स्नानागारहरूनिर गएर तिनी भित्र हेर्न थालिन् । हात-मुख धुने वेसिन-भाँडाहरूको नजीक गएर तिनले सेतो चीनीयाँ माटोमाथि आफ्नो औंलाले छोएर हेरिन् । तिनले टूटी घुमाएर अलिकति पानी छोडिन् र पानीको धारमा आफ्नो औंला राखेर हेरेपछि हात चट्ट झिकिन् किनभने धाराबाट तातो पानी निस्कन लाग्यो । एक छिन वेसिन हेरिसकेपछि तिनले त्यसमा प्लग राखेर पानी बग्ने ठाउँ थुनिन् । वेसिन-भाँडामा अलिकति तातो पानी भरिएपछि उनले अलिकति चिसो पानी पनि भरिन् । अनि पछि तिनी तातो पानीले आफ्नो हात-मुख धुन थालिन् । तिनले आफ्ना औंलाले कपालमा पानी हाल्न लागेकी मात्र के थिइन् आफ्नो पछिल्तिर कंक्रीट ठोकिएको भुइँमा एउटा पाइला चालेको आवाज सुनिन् । आमाले फर्केर हेरेपछि एउटा अधबैंसे मानिसलाई सच्चा आघातको अभिव्यक्तिले हेरेर उभिराखेको देखिन् ।

त्यसले कड्केर सोध्यो । 'तिमी यहाँभित्र कसरी पस्यौ ?' डरले आमा थूक निल्न थालिन् । आफ्नो चिउँडोबाट पानी चुहिएर लुगा भिज्न लागेको तिनले अनुभव

गरिन् । तिनले क्षमा-याचना गर्ने तरीकाले भनिन् । 'मलाई थाहा छैन । यो यहाँका मानिसहरूको निम्ति प्रयोग गर्न राखेको भन्ठानेकी थिएँ ।'

त्यो अधवैंसे मानिसले उनीसित रिसाएर कड्कँदै भन्यो । 'लोग्नेमानिसहरूको निम्ति प्रयोग गर्न राखिएको ।' ढोकानिर गएर त्यसले 'मर्दाना' लेखिराखेको ठाउँ-तिर औंल्याएर देखाईकन भन्यो । 'त्यहाँ हेर, तिमीले देखिनौ त्यो ?'

आमाले शरम मानेर भनिन् । 'अँहँ, मैले त्यो देखिनँ । म जान हुने त्यस्तो ठाउँ छैन ?'

त्यो मानिसको रिस मऱ्यो । त्यसले धेरै दयालु शब्दले सोध्यो । 'भर्खर आएका ?'

आमाले भनिन् । 'गएको मध्य-राति ।'

'तिमीले कमिटीसित कुरा गरेका छैनौ ?'

'के कमिटी ?'

'किन, महिला-कमिटी ।'

'अँहँ, मैले कुरा गरेकी छैन ।'

त्यसले गर्वसाथ भन्यो । 'कमिटीले छिटै तिमीलाई बोलाउने छ र एउटा काम दिनेछ । भर्खर आएका मानिसहरूलाई हामीहरू हेर-विचार गर्छौं । तिमीलाई महिलाहरूको पाइखानमा जानुछ भने तिमी यो भवनको अर्को बगलमा जान सक्छयौ । त्यतातिर तिमीहरूको पाइखान छ ।'

आमाले बेचैनीपूर्वक भनिन् । 'महिला-कमिटी मेरो पालमा आउँछ भनेको ?'

स्वीकृतिस्वरूप त्यसले आफ्नो टाउको हल्लाएर भन्यो । 'चाँडै आउनेछ जस्तो लाग्छ ।'

आमाले भनिन् । 'धन्यवाद ।' तिनी दौडेजस्तो गरी हड्बडाएर

पालतिर गइन् ।

तिनले बोलाएर भनिन् । 'बा, जान, उठ ! तिमी पनि उठ आल र मुख-सुख धोऊ ।' झस्केका-निद्रालु आँखाले उनलाई हेर्न थाले । आमाले कराएर भनिन् । 'तिमीहरू सबै उठेर मुख-सुख धोऊ र कपाल सपाल कोर ।'

काका जान मलिन भएर बिरामी जस्ता देखिए । उनको निउँडोमा चोट परेको रातो दाग थियो ।

बाले सोध्नुभयो । 'कुरा के छ ?'

आमाले कराएर भनिन् । 'कमिटी, एउटा कमिटी छ—महिला-कमिटी यहाँ आउँदै छ । अब उठेर मुख-सुख धोऊ । हामीहरू सुतेर घुरिरहुन्जेलमा टामले बाहिर गएर काम पाइसक्यो । अब उठ ।'

उनीहरू उङदै पालबाट बाहिर निस्के । काका जान अलि डगमगाउन थाले र उनको आकृति दुःखित थियो ।

आमाले हुकुम दिंदै भनिन् । 'त्यो घरमा गएर मुख-सुख धोऊ । हामीले जल-पान गर्नुछ तथा कमिटीको निम्ति तत्पर भएर बस्नुछ ।' तिनले शिविरमा भएका थुप्रा चिरिराखेका दाउरामध्ये अलिकति थुपारिराखेको दाउरा नजीक गएर आगो जोरीकन त्यसमाथि पकाउने फलामका भाँडाहरू बसालिन् । तिनले आफ्नो मन-मनै भनिन् । 'सुखा रोटी, सुखा रोटी र मासुको रस । त्यही छिटो हुन्छ । छिटो गर्नै-पर्‍यो ।' तिनी एकलै कुरा गरिरहिन् । रूठी र विनफील्ड आश्चर्य मानेर उभिरहे ।

शिविरमा जतातत्तै बिहानको आगो बालेकोले धूआँ आउन थाल्यो । र चारै-तिर कुरा गरेको गुन-गुन शब्द सुनिन थाल्यो ।

रोज आब शारन बिखरेर निदाएकै आँखाले पालबाट घरेर बाहिर निस्किन् । आफूले मुट्ठीबाट पीठो नापिरहेको काम छोडीकन आमाले फर्केर ती लडकीको काच-कुच भएर मैलिएको लुगा तथा उनको घुम्रिएको र नकोरिएको कपाल अवलोकन गरिन् । तिनले झट्टै भनिन् । 'तिमी सफा भएर बस । गएर आफूलाई सफा-सुग्घर राख । तिम्रो सफा लुगा छैंदैछ नि । त्यो मैले धोइदिएको थिएँ । कपाल-सपाल

कोर । तिम्रो आँखाको चिप्रा फाल ।' आमा उत्तेजित थिइन् ।

रोज आब शारनले उदास भएर भनिन् । 'मलाई सन्चो भएन । कान्नी किन नआएको होला । कान्नी नभैकन मलाई केही पनि गर्न मन लाग्दैन ।'

आमा उनैतिर फर्किन् । पहेंलो पीठो उनको हात र नाडीमा लागेको थियो । तिनले कड्केर भनिन् । 'रोसाशर्न, तिमी ठीक भएर बस्नू । तिमीले निकै साहस गुमाएकी छौ । महिला-कमिटी आउँदै छ र उनीहरू आउने बेलामा परिवारको कुनै सदस्यले मुख निन्याउरो पार्न हुँदैन ।'

'तर मलाई सन्चो भएन ।'

आमाले पीठो लागेको हात पसार्दै उनीतिर बढेर भनिन् ।'जाऊ, तिम्रो प्रसूति-अवस्था आउने समय अझै बाँकी छ ।'

रोज आब शारनले रोएर भनिन् । 'मलाई बान्ता आउला जस्तो छ ।'

'अँ, गएर बान्ता गर । अवश्य तिमीलाई बान्ता गर्न मन लागेको होला । यस्तो अवस्थामा सबै बान्ता गर्छन् । बान्ता गरेर सफा गर अनि आफ्ना खुट्टा धोएर जूत्ता लाऊ ।' तिनले आफ्नो काम गर्न फर्केर जाँदाजाँदै भनिन् । 'र कपाल चुल्ठो पार ।'

आमाले चम्चामा राखेर सुखा रोटी तेल भएको कराहीमा ओइरेपछि छ्वाइँ-इँयँ आवाज आयो । तिनले केटलीमा राखेर चिल्लोसित पीठो मिसाइसकेपछि पानी र नून थपीकन मासुको रस हालेर चलाइन् । एक ग्यालन अटाउने टीनको भाँडामा राखेर कफी चलाइए पछि त्यसको बास्ना आउन थाल्यो ।

वा सैनिटरी युनिटबाट फर्केर आएपछि आमाले सूक्ष्म रूपले उनलाई हेरिन् । बाले भन्नुभयो । 'टामले काम पायो भनेकी तिमीले ?'

'ज्यू ! हामीहरू उठ्नुअगाडि त्यो गैसक्यो । अब त्यो बाकसबाट केही सफा ओवरआलहरू र कमीज झिकेर रूठी र विनफील्डलाई लगाइदेऊ । म ज्यादै व्यस्त भएकोले तिमीले नै उनीहरूको कान सफा गरिदेऊ । त्यहाँ गरम पानी लिएर उनी-

हरूको कान र घाँटी रातोपीरो हुने गरी चम्काइदेऊ ।'

बाले भन्नुभयो । 'आज जति फुलेको मैले तिमीलाई कहिल्यै देखेको छैन ।'

आमाले कराएर भनिन् । 'हाम्रो परिवार चिटिक्क परेर बस्ने बेला छ अहिले । यतातिर आएदेखि यस्तो मौका आएको छैन । तर अहिले त्यो मौका आएको छ । तिम्रो मैलिएको ओवरअल्स पालमा फालिदेऊ, म धोइदिन्छु ।'

बा पालभित्र पसेर एकै छिनमा फिका नीलो धोएको ओवरअल्स र कमीज लाएर बाहिर निस्के । अनि पछि उनले ती उदास र झस्केका केटाकेटीहरूलाई सैनिटरी युनिटतिर लगे ।

आमाले उनी जान लाग्दा कराएर भनिन् । 'उनीहरूका कानवरिपरि राम्रोसँग मलेर सफा गरिदेऊ ।'

काका जानले ढोकानिर बसिरहेका मानिसहरूको बगलमा आएर बाहिरतिर हेरे । उनी फर्केर गई दुखेको टाउको हातले समातेर पाइखानमा निकै बेर बसिरहे ।

आमाले कराहीभरि खैरो हुने गरी पाकिसकेको सुखा रोटी झिकेर चम्चाले अरू आँटा दोश्रो पाखको लागि तेलमा खसालिरहँदा उनको बगलमा एउटा छायाँ देखियो । तिनले आफ्नो कुमतिरबाट फर्केर हेर्दा सेतो लुगा लाएको एउटा सानो मानिस आफ्नो पछिल्तिर उभिएको पाइन् । एक जोर रमाइलो आँखा भएको उसको मुख पातलो, खैरो तथा चाउरी परेको थियो । उसको सेतो सफा लुगाको सिएका घेराहरू खिइएका थिए । त्यसले आमासित मुस्काएर भन्यो । 'सुप्रभातम् ।'

आमाले उसको सेतो लुगामा हेरिन् । शंकाको भावनाले उनको आकृति साह्रो भएर आयो । उत्तरमा तिनले भनिन् । 'सुप्रभातम् ।'

'तपाईं श्रीमती जोड हुनुहुन्छ ?'

'ज्यू ।'

'अँ, मेरो नाउँ जिम रःले हो । म यस शिविरको मैनेजर हूँ । सबै कुरा ठीक

क भनेर हेर्न आएको । तपाईंहरूलाई चाहिएको सबथोक छ ?'

आमाले उसलाई शंकालु भावनाले अध्ययन गरेर भनिन् । 'ज्यू, सबथोक छ ।'

रःलेले भन्यो । हिजो राति तपाईंहरू आउँदा म सुतिरहेको थिएँ । यो सौभाग्यको कुरा छ कि तपाईंहरूको निम्ति एउटा ठाउँ बाँकी बचेको थियो ।' उसको आवाजमा हार्दिकता थियो ।

आमाले यति मात्र भनिन् । 'वेसै भो । राम्रै छ, खास गरीकन हात-मुख धुने टबहरू राम्रा लागे ।'

'आइमाईहरू लुगा धुन नआउन्जेल पर्खनोस् । अब चाँडै आउँछन् उनीहरू । यस्तो कोलाहल पहिले कहिले पनि सुन्नु भएको छैन होला । मीटिंग गरेको जस्तो हुन्छ । श्रीमती जोड, तपाईंलाई थाहा छ हिजो उनीहरूले के गरे ? उनीहरूले सह-गान गाए । लुगा मल्दामल्दै भक्ति-गान गाइरहेका । म भन्छु, त्यो सुन्न लायकको थियो ।'

आमाको आकृतिबाट शंकाको भावना बिलाएर गयो । 'राम्रो भयो होला । तपाईं यस शिविरको मालिक ?'

त्यसले भन्यो । 'अँहँ, मानिसहरूले यहाँ मलाई काम दिइराखेका । उनीहरूले शिविर सफा मात्र राख्ने होइनन् अपितु आवश्यक व्यवस्था कायम गरेर सबथोक गर्छन् । यस्ता मानिस मैले कहिले पनि देखेको छैन । मीटिंग गर्ने हलमा उनीहरू लुगा सिइरहेका हुन्छन् । उनीहरू खेलौना पनि बनाउँछन् । यस्ता मानिस त मैले कहिले पनि देखेको छैन ।'

आमाले आफ्नो मैलिएको लुगामा हेरेर भनिन् । 'हामीहरू अझै सफा-सुग्घर हुन सकेका छैनौं । पर्यटन गरुन्जेल सफा सुग्घर हुन सकिन्न ।'

त्यसले हावामा सुइँ-सुइँ सुँघेर भन्यो । 'मलाई थाहा छैन र ? यो मिठो बास्ना कफीको हो के ?'

आमाले मुस्काएर भनिन् । 'यसको बास्ना मिठै छ, होइन त ? बाहिर जहिले पनि यसको बास्ना मिठो हुन्छ ।' तिनले गर्वसाथ भनिन् । तपाईंले हामीहरूसँग जलपान गरे हामीहरू गौरवान्वित हुनेछौं ।'

आगोनिर आएर त्यो पलेंटी कसेर बस्यो । आमाले भनिन् । तपाईंलाई स्वागत गर्न पाएर हामीहरू गौरवान्वित हुनेछौं । हामीहरूसँग राम्रो खाना पर्याप्त छैन तर तपाईंलाई स्वागत छ ।'

त्यो सानो मानिसले ङिच्च हाँसेर भन्यो । 'मैले जलपान गरेर आएको । तर त्यो बास्ना आउने कफी भने एक कप त अवश्य पिउँछु ।'

'किन नपिउनु, किन नपिउनु, अवश्य पिउनु पर्छ ।'

'हडबड नगर्नोस् ।'

आमाले एक ग्यालन अटाउने टीनबाट एउटा टीनको कपभरि कफी खन्याइदिइन् । तिनले भनिन् । 'अहिलेसम्म हामीले चीनी पाएका छैनौं । आज शायद पाऔंला कि । तपाईंले चीनी हालेर खानुभयो भने यसको स्वाद त्यतिको राम्रो हुने छैन ।'

त्यसले भन्यो । 'कहिल्यै चीनी हालेर नखानोस् । चीनी हालेपछि त्यसको स्वाद नै खराब भएर जान्छ ।'

आमाले भनिन । 'अँ, मलाई अलि-अलि चीनी हालेको राम्रो लाग्छ ।' त्यो कसरी यति छिटो घनिष्ठ भएर आएको भन्ने चाल पाउन तिनी उसलाई अकस्मात् घुरेर हेर्न थालिन् । तिनले उसको आकृतिमा केही उद्देश्य छ कि भनेर हेरिन् तर मित्रताबाहेक अरू केही भेट्टाइनन् । त्यसपछि उसको सेतो कोटको खिइएका घेरामा हेरेपछि तिनी फेरि आश्वस्त भइन् ।

त्यसले कफी सिप-सिप गर्दै पिएर भन्यो । 'म अनुमान गर्छु कि आज बिहान भद्र-महिलाहरू यहाँ आएर तपाईंसित भेटघाट गर्नेछन् ।'

आमाले भनिन् । 'हामीहरू सफा-सुग्घर छैनौं । हामीहरू अलि सफा नहुन्जेल

उनीहरू जाउनु पर्न ।'

मैनेजरले भन्यो । 'तर यस्तै हुन्छ भन्ने कुरा उनीहरूलाई थाहा छ । उनीहरू पनि त्यस्तै नै पहिले भर्खर-भर्खर आउँदा सफा थिएनन् । यस शिविरमा कमिटीका मानिसहरू बेसै छन् किनभने उनीहरूलाई निकै कुरा थाहा छ ।' त्यो कफी सिध्याएर उभिन थाल्यो । 'अँ, मलाई जानु छ । तपाईंहरूलाई केही कुराको आवश्यकता पऱ्यो भने अफिसमा आउनु होला । म जहिले पनि अफिसैमा हुन्छु । कफी त गजबको छ । धन्यवाद ।' ऊ बाकसमा अरु कपहरू भएको ठाउँमा आफ्नो कप राखीकन आफ्नो हात हल्लाउँदै पालहरूको लामतिर गयो । र त्यो जाँदाजाँदै मानिसहरूलाई कुरा भन्दै गइरहेको आमाले सुनिन् ।

आमाले आफ्नो टाउको निहुराएर रुँ-रुँ लागेको भावनासित सघर्ष गर्न थालिन् ।

केटाकेटीहरूलाई लिएर बा फर्कनुभयो । कानमा बेसरी दलेर दुखेर रोएकाले आँसु अझ उनीहरूको आँखामा छँदै थियो । उनीहरूले रुदन रोकिराखेकाले आँखामा आँसु टलपल-टलपल भैराखेको थियो । विनफील्डको नाकमा घामले पोलेर खैरो भएको छालाको रंग रगडेर उडाइसकेको थियो । बाले भन्नुभयो । 'मैल धुप्रै थियो । उनीहरूलाई सीधा उभ्याउन बराबर ठोकिरहनु पऱ्यो ।'

आमाले बेसै ठानिन् । तिनले भनिन् । 'उनीहरू सफा देखिन्छन् । रोटी र मासुको रस खाऊ । हामीले यी सब चीजलाई अलग हटाएर पालभित्र सफा-सुग्घर राख्नु पर्छ ।'

बाले केटाकेटी तथा आफ्नै निम्ति प्लेटहरू मिलाएर राखेपछि भन्नुभयो । 'टामले काम कहाँ पायो होला ?'

'मलाई थाहा छैन ।'

'अँ, त्यसले काम पाउनसक्छ भने हामीहरूले पनि पाउन सक्नेछौं ।'

आन उत्तेजित भै पालमा आएर भन्यो । 'कस्तो ठाउँ रहेछ यो !' आफैंले कफी बनाएर भन्यो । 'एक जना मानिस के मरिरहेछ थाहा छ ? ऊ त्यहाँ पाल-

हरूको पछाडि एउटा डिब्बा घर बनाएर बसिरहेछ । त्यसमा ओछ्यानहरू, एउटा दमचूली र अरू चीजहरू पनि छन् । त्यसैमा त्यो बसिरहेछ । ईमानसाथ, जिन्दगी बिताउने तरीका त्यस्तै हो । तिमीहरू जहाँ अड्यौ त्यो ठीकै ठाउँ रहेछ । त्यस्तै ठाउँमा तिमीहरू बस्न लागेका छौ ।'

आमाले भनिन् । 'म एउटा सानो घर बनाउन चाहन्छु । छिटै हामीहरूले बनाउन सक्नेछौं । मलाई एउटा सानो घर चाहिएको छ ।'

बाले भन्नुभयो । 'आल–हामीहरूले खाइसकेपछि तिमी, म र काका जान ट्रकमा बसेर कामको खोजी गर्न जाऔंला ।'

आलले भन्यो । 'अवश्य, ग्यारेजमा काम पाए मलाई गर्न मन लाग्छ । साँच्चै मलाई चाहिएको काम त्यही हो । र एउटा पुरानो रद्दी फोर्ड गाडी पाए म त्यसमा पहेंलो रंग पोतेर घुम्न जाउँला । मैले सडकमा एउटी राम्री लडकीलाई देखेको छु । मैले उनलाई एकचोटि बेस्सरी आँखा झिम्काएँ ।'

बाले कड्केर भन्नुभयो । 'भाले-बिरालोले पोथी खोजी हिंडेजस्तो गरी हिंड्नु-अगाडि तिमीले केही काम पाए बेस हुने थियो ।'

काका जान पाइखानबाट बाहिर निस्केर बिस्तारै नजीक आए । आमाले उस-लाई देखेर मुख अँध्यारो पारिन् ।

तिनले भनिन् । 'तिमीले हात मुख धोएका छैनौ ।' त्यसपछि तिनले उसलाई बिरामी, कमजोर तथा उदास भएको जस्तो देखिन् । यो देखेर तिनले भनिन् । 'तिमी गएर पालमा पल्टन जाऊ । तिमीलाई सन्चो छैन ।'

त्यसले आफ्नो मुन्टो हल्लाएर भन्यो । 'अँहँ, मैले पाप गरेको थिएँ र त्यसको सजाय मैले भोग्नै पर्छ ।' दुःख मानेर पलेंटी कसेर बसिसकेपछि त्यसले एक कप कफी आफैं खन्यायो ।

आमाले कराहीबाट अन्तिम सुखा रोटी झिकेर आकस्मिक तवरले भनिन् । 'यो शिविरको मैनेजर आईकन एक कप कफी खाएर गयो ।'

बाले बिस्तारै नजर उठाएर भन्नुभयो । 'हो र ? किन आएको ?'

आमाले विनम्र भई भनिन् । 'त्यसै समय काट्न आएको । एक छिन बसीकन कफी-सफी खाएर यस्तो बास्ना आउने राम्रो कफी खाएको छैन भन्यो ।'

बाले फेरि सोध्नुभयो । 'त्यसलाई के चाहिएको थियो ?'

'केही पनि चाहिएको थिएन त्यसलाई । हामीहरूलाई कस्तो छ भनेर हेर्न आएको मात्र ।'

बाले भन्नुभयो । 'मलाई त विश्वास लाग्दैन । शायद त्यो हामीहरूबारे केही नराम्रा कुरा छन् कि भनेर बुझ्न आएको हुनु पर्छ ।'

आमाले रिसाएर भनिन् । 'त्यस्तो गर्न आएको होइन । त्यस्तो जासूसी गर्न आएको मानिसलाई म छिटै चिन्न सक्छु ।'

बाले आफ्नो कफीको प्याला यताउति हल्लाउनुभयो ।

आमाले भनिन् । 'तिमी त्यो कफीको प्याला तल राख । यस्तो सफा ठाउँमा पोखिएला ।'

बाले मनमा द्वेष राखेर भन्नुभयो । 'यस ठाउँले सफा मानिसलाई बस्न दिन चाहँदैन । आल, छिटो गर । हामी काम खोज्न बाहिर जाँदैछौं ।'

आलले आफ्नो मुख हातले पुछेर भन्यो । 'म त तयार छु ।'

बाले काका जानतिर फर्केर भन्नुभयो । 'तिमी पनि आउने ?'

'हो, म पनि आउने ।'

'तिमीलाई सन्चो छैन ।'

'मलाई सन्चो नभए पनि म आउँछु ।'

आलले ट्रकभित्र पसेर भन्यो । 'ध्याँस हाल्नु छ ।' त्यसले इन्जिन चलायो । बा र काका जान गाडीमा उक्लेर उसको बगलमा बसे । सडकमा ट्रक हुइँकियो ।

आमाले उनीहरू गएको हेरिरहिन् । एउटा बालटीन लिएर तिनी सैनिटरी युनिटको खुला भागमुनि प्लेटहरू खकाल्ने ठाउँमा गइन् । बालटीनमा तातो पानी भरीकन तिनी आफ्नो पालमा फर्किन् । तिनले बालटीनमा राखेर रिकापीहरू खकालि-रहँदा रोज आब शारन फर्केर आइन् ।

आमाले भनिन् । 'मैले तिम्रो खाना प्लेटमा राखिदिएकी छु ।' र त्यसपछि तिनले उनलाई आँखा गाडेर हेरिन् । उनको कोरिएको कपालबाट पानी चुहिराखेको थियो । उनको छाला गुलाबी रंग भएर चम्किराखेको थियो । साना-साना सेता फूल-हरू छापिएको नीलो पोशाक तिनले लाएकी थिइन् । आफ्नो बिहेको कुर्कुच्चादार चप्पल तिनले लाइराखेकी थिइन् । आमाले गडेर हेरेकीले तिनी शरमले लाल भइन् । आमाले भनिन् । 'तिमीले नुहाएर आयौ ।'

रोज आब शारनले झर्केर भनिन् । 'म त्यहाँभित्र पसेकी थिएँ त्यही बेला एउटी भद्र-महिला आएर आफैंले गरेर देखाइन् । तिमीले कसरी गर्ने थाहा छ ? मैले गरे जस्तै अलिकति भित्र पसेर तिमीले हैण्डल घुमाउनू । अनि तातो या चिसो पानी–आफूले जुन चाहेको त्यही ओहिरिएर आउँछ तिमीमाथि ।'

आमाले कराएर भनिन् । 'म आफैं जाँदैछु यहाँको काम सिद्धिनासाथ । तिमीले कसरी गऱ्यौ मलाई गरेर देखाऊ ।'

त्यो लडकीले भनिन् । 'मैले गर्न लाग्दा त्यो भद्र-महिलाले मलाई मात्र देखेकी हे इनन् अपितु मैले पेट बोकेको पनि देखेकी थिइन् । अनि तिनले के भनिन् थाहा छ ? तिनले भनिन् कि प्रत्येक साता एउटी नर्स आउँछे । त्यो नर्ससित मेरो भेटघाट भए-पछि के गरे बच्चा बलियो हुनेछ भनेर तिनले मलाई सल्लाह दिनेछिन् । यहाँका सबै भद्र-महिलाहरू त्यस्तै गर्छन् भनी तिनले भनिन् । र मैले पनि त्यस्तै गर्नु पर्छ भन्थिन् ।' तिनीले भन्दै गइन् । 'के भयो थाहा छ ? गएको हप्ता एउटा बच्चाको जन्म भयो । त्यसको खुशीयालीमा सम्पूर्ण शिविरले पार्टी दियो । शिविरका मानिस-हरूले लुगा मात्र दिएका होइनन् अपितु बच्चालाई अरू चीजहरूको साथसाथै एउटा सानो बाँसको बग्गी पनि दिए । त्यो नयाँ त थिएन तर त्यसमा गुलाबी रंगको पालिश

लगाएर नयाँ जस्तो पारिएको थियो । उनीहरूले बच्चाको नामकरण गरेर एउटा केक पनि काटे । अहो भगवान् !' त्यो बच्चा सास गर्न्हौं भएर मऱ्यो ।

आमाले भनिन् । 'ईश्वरको जय । हामीहरू आफ्नो मानिसहरूकहाँ आए-जस्तो भयो । म स्नान गर्न चाहन्छु ।'

त्यो लडकीले भनिन् । 'अहो, बेसै छ ।'

आमाले टीनका रिकापीहरू पुछ्दै चाङ लगाएर भनिन् । 'हामीहरू जोड-परिवारका हौं । हामीहरू कसैको निगाहामा बस्तैनौं । बज्यैको बाजेले क्रान्तिमा भाग लिएका थिए । ऋण चुक्ता नहुन्जेल हामीहरू खेतीपाती गरिरहेका थियौं । अनि ती मानिसहरू आएर हामीहरूलाई बराबर दुःख दिन थाले । र नौड्लसमा पुलिस आएर मलाई नीच तुल्याएर शर्मिन्दा गरायो । र अब म शर्मिन्दा छैन । यी मानिसहरू आफन्त हुन् । र त्यो मैनेजर आएर कफी खाईकन भन्यो । "श्रीमती जोड, तपाईंहरूलाई कस्तो छ, पुग-न-पुग?" तिनीले थामिएर सुस्केरा हालिन् । 'मलाई फेरि आफू मानिस भएको जस्तो भावना आयो ।' तिनले अन्तिम रिकापीलाई चाङ लगाइन् । पालमा गएर तिनले लुगा राख्ने बाकसमा हात घुमारीकन आफ्नो जुत्ता र सफा लुगा झिकिन् । तिनले कागजमा प्याक गरिराखेको आफ्नो कानको बाला भेट्टाइन् । रोज आब शारनलाई नाघेर जाँदाजाँदै तिनले भनिन् । 'ती भद्र-महिलाहरू आएपछि म चाँडै फर्केर आउने छु भनेर उनीहरूलाई भन्नू ।' यति भनेर तिनी सैनि-टरी युनिटको बगलतिर गई अदृश्य भइन् ।

रोज आब शारन बोझासँग बाकसमा बसेर आफ्नो बिहेको जुत्तामा हेर्न थालिन् । तिनले जुत्ताको चुच्चो भाग औंलाले पुछेर त्यो औंला घाँघरको भित्रपट्टि पुछिन् । तिनी निहुरेकीले आफ्नो बढ्दै आइरहेको पेटमा बोझ पर्न गयो । सोझै बसेर आफ्नो औंलाले पेट छामेर हेरिसकेपछि तिनी अलिकति मुस्काइन् ।

सडकमा एउटी डल्ली आइमाई मैलिएको लुगा लाएर स्याउको एउटा बाकस लिई खकाल्ने ठाउँतिर गइरहेकी थिइन् । उनको आकृति घाममा परेर खैरिएको थियो र उनको कालो नेत्रबाट कुनै उद्देश्यको अभिव्यक्ति झल्कन्थ्यो । सूतीको थैला-बाट बनाएको एउटा ठूलो एप्रोन तिनले आफ्नो रंगीन धर्के-धर्के लुगामाथि लाइ-राखेकी थिइन् र उनका पैतालामा मानिसहरूले लाउने खैरा जुत्ता थिए । तिनले

रोज आब शारनलाई आफ्नो पेट छामिराखेकी मात्र देखेकी होइनन् अपितु उनको मुखमा हल्का मुस्कान पनि देखिन् ।

तिनले मजासँग खित्का छोडीकन हाँसिर जोरसित भनिन् । 'के गर्न लागेकी तिमीले ?'

रोज आब शारन लाजले रक्तरन्जित भई निहुरिन् । नजर उठाएर माथि हेर्दा तिनले ती आइमाईका काला चमकिला साना-साना आँखाले आफूमाथि गडेर हेरिराखेका भेट्टाइन् । तिनले अस्पष्ट स्वरले भनिन् । 'मलाई थाहा छैन ।'

ती आइमाईले स्याउको बाकस भुइँमा फ्यात्त खसालिन् । तिनले सोधिन् । 'सजीव ट्युमर छ कि ?' यति भनेर तिनी सुखी कुखुरी कराएजस्तो गरी क्वाँक्क कराइन् ।

'मलाई थाहा छैन, अवश्य मलाई थाहा छैन ।'

'तिमी भर्खर आएकी, होइन ?'

'हिजो राति अबेरै आएकी ।'

'यहीं बस्ने ?'

'मलाई थाहा छैन । हामीले काम पाए बस्न सक्छौं ।'

ती आइमाईको आकृतिमा एउटा छायाँ जस्तो पर्न आयो र उनका सा-साना काला आँखाले डरलाग्दो रूप धारण गरे । 'हामीले काम पाउन सके । हामी सबै त्यस्तै भन्छौं ।'

'आज बिहान मेरा दाइले काम पाइसके ।'

'हो र ? तिमीहरू भाग्यमानी रहेछौ । भाग्यलाई खोज्न गयौं भने तिमीले त्यसलाई विश्वास गर्न सक्तैनौ ।' तिनीले नजीक आएर भनिन् । 'तिमीले एक किसिमको भाग्यमात्र भेट्टाउन सक्छौं । बढता भाग्य पाउन सक्तैनौ । तिनले क्रूरता-

पूर्वक भनिन् । 'तिमी असल लडकी रहिछौ । तिमीले पाप गरेकी रहिछौ भने तिम्रो पेटको बच्चा पाउने बेलामा थाहा होला ।' तिनले रोज आब शारनको सामुन्ने पलेंटी कसेर मुख अँध्यारो पारीकन भनिन् । 'यस शिविरमा बदनामका घटनाहरू हुन्छन् । हर शनिवार राति नाच हुन्छ यहाँ । चारपाटे नाच मात्र होइन, आङ जोडेर अँगालो हालेर नाच्छन् । त्यस्तो मेरै आँखाले देखेको ।'

रोज आब शारनले होशियारीपूर्वक भनिन् । 'मलाई चारपाटे नाच मन पर्छ ।' र तिनले थपिन् । 'अर्को किसिमको नाच मैले कहिले पनि नाचेकी थिइनँ ।'

ती खैरी आइमाईले मुख अँध्यारो पारेर स्वीकृतिस्वरूप मुन्टो हल्लाउँदै भनिन् । 'अँ, कसै-कसैले नाच्छन् । र भगवान्ले त्यस्तो गर्न दिनेछैन । दिंदैन भन्ठान्दैनौ ?'

शारनले कोमल स्वरले भनिन् । 'हो दिंदैन ।'

ती आइमाईले आफ्नो एउटा खैरो चाउरिएको हात रोज आब शारनको घुँडामुनि राखिन् जसबाट ती लडकी डराइन् । 'अब म तिमीलाई जनाउ दिन्छु । जीजस मन पराउने भक्तहरू अल्पसंख्यामा मात्र छन् । हर शनिवार राति जब तारका बाजा स्तुति बजाउन शुरू गर्छन् उनीहरू ढल्मलाउन थाल्छन् । ज्यू, ढल्मलाउन थालेका मैले नै देखेको । म त उनीहरूको नजीकै जान्नँ, न आफ्ना नाता-कुटुम्बलाई नै नजीक जान दिन्थें । उनीहरू एक-अर्कालाई समातेर अँगाल्दै नाच्छन् । मैले तिमीलाई भनीहालें ।'जोर दिनको लागि थामिएर तिनले मोटो स्वरमा कानेखुसी गरेर भनिन् । 'उनीहरू त्यति मात्र गर्छन् र । उनीहरू स्टेजमा जस्तै नाच्छन् ।' तिनले पछि हटेर रोज आब शारनले यस्तो रहस्योद्घाटनलाई कुन भावनाले हेरिन् भन्ने कुरा हेर्न आफ्नो मुन्टो ढल्काइन् ।

ती लडकीले डर मानेर भनिन् । 'अभिनेताहरू ?'

ती आइमाईले विस्फोट भएर भनिन् । 'अँहँ, अभिनेता होइनन् । उनीहरू सधैं खराब हुँदैनन् । उनीहरू आफ्नै मानिस हुन् । तिनीहरूमा सा-साना केटाकेटीहरू पनि छन् जसले आफूमा नभएका कुरा भएजस्तो देखाउन खोज्छन् । म त उनीहरूको नजीकै जान्नँ । तर उनीहरूले आफूले गर्न लागेको कामको बारे जे

कुरा गरेका थिए त्यो मैले सुनें । यस शिविरमा शैतानले डेरा जमाउन लागेको छ ।'

आफ्ना आँखा उघारेर मुख बाउँदै रोज आब शारन ध्यान दिएर सुनिरहेकी थिइन् । तिनले भनिन् । 'एकचोटि स्कूलमा हामीहरूले क्रिष्टमसको दिन क्राइस्टको बालककालको नाटक खेलेका थियौं ।'

'अँ, त्यस्तो नाटक खराब या असल भनिरहेको होइन । कोही असल मानिसहरू क्राइष्टको बालककालको नाटक बेस छ भनी ठान्छन् । तर– अँ, म सरासर त्यस्तो भन्न चाहन्न । तर यहाँको नाटक क्राइष्टको बाल-नाटक जस्तो छैन । यहाँका नाटकमा पाप, धोका र दानवीय गुण छन् । आफू जस्ता छन् त्यस्तै नहुने गरी मानिसहरू अकडेर हिंड्न, प्रदर्शन गर्न तथा बोल्न लागेका छन् । उनीहरू नाच्दानाच्दै एकले अर्कोलाई समातेर अँगालो हाल्छन् ।'

रोज आब शारनले सुस्केरा हालिन् ।

ती खैरी आइमाईले भन्दै गइन् ।

'उनीहरू थोरै छैनन् । तैपनि तिमी ती निर्दोष व्यक्तिहरूलाई आफ्नो औंलामा गन्न सक्छौ । ईश्वरमाथि विश्वास नभएका ती व्यक्तिहरूलाई पापी ठान्दैनौ तिमी । तिनीहरू अलि-अलि गरेर पाप जम्मा गर्दैछन् । त्यो कुरा ईश्वरले हेरि-राखेका छन् र मैले पनि हेरिरहेको छु । ईश्वरले त्यस्ता दुइ जना पापीहरूलाई पत्ता लगाइसकेका छन् ।'

रोज आब शारनले स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ गरेर भनिन् । 'हो र ?'

ती खैरी आइमाईको आवाज ठूलो हुँदै गयो । 'त्यो कुरा मैले नै देखेकी । तिमी जस्तै पेट बोकेकी एउटी लडकीले नाटकमा अभिनय गरेर अँगालो हाल्दै नाचिन ।' उनको आवाजमा फिकापन र अपसगुनको झलक पाइन्थ्यो । 'तिनी दुब्लाउँदै गएर हाड र छाला मात्र बाँकी रह्यो । अन्तमा तिनको गर्भपात भयो ।'

शारनको अनुहार नीलो-कालो भयो । तिनी कराइन् । 'अपशोच अब

मेरो के होला !'

'मरेको बच्चाको साथसाथै रगत भल-भल बग्न थाल्यो । ऊ सित कसैले पनि बोलेन । तिनीले यस ठाउँलाई छोडेर जानुपर्‍यो । र अर्की एउटी आइमाईले पनि त्यस्तै गरिन् । तिनको पनि त्यही हाल भयो– हाड र छाला मात्र बाँकी रह्यो । त्यस पछि के भयो थाहा छ ? एक राति तिनी गायब भइन् र दुइ दिनपछि तिनी फेरि फर्किन् । कसैलाई भेटेर आएकी भनी तिनी भन्थिन् । तर तिनको पेटको बच्चा गायब । मैले के विचार गरें थाहा छ ? मलाई लाग्यो कि मैनेजरले उनलाई लगेर गर्भपात गरायो । त्यसलाई कुनै पापमा विश्वास छैन । त्यसले मलाई नै भनेको, खान नपाउनु पाप हो र लाउन नपाउनु पाप हो । त्यसले त्यस्ता कुरामा ईश्वर देख्न सक्तैन । त्यसले भन्थ्यो कि यी लडकीहरूको हाड र छाला मात्र बाँकी भएको कारण उनीहरूले पर्याप्त खानेकुरो खान नपाउनु हो । अँ, मैले उसलाई ठीक गरें ।' तिनी उठीकन पछिल्तिर गइन् । उनका आँखा तिखा थिए । तिनले रोज आब शारनको मुखतिर आफ्नो साह्रो चोर-आँलाले देखाइन् । मैले भनें । "फर्की जा ।" मैले भनें । "मलाई थाहा छ शैतानले यस शिविरमा चौपट मचाइरहेको छ । मलाई थाहा छ शैतान को हो । शैतान, निल्की जा ।" क्राइष्टको शपथ, त्यो काम्दै लुरुक्क फर्क्यो । फर्कने बेलामा त्यसले भन्यो । "कृपया मानिसहरूलाई दुःखी नपार्नु होला ।" जवाबमा मैले भनें । "दुःखी ? उनीहरूको आत्मा के हुने भयो ? तिनीहरूका मृत बच्चाहरूको बारेमा तथा नाटकमा अभिनय गरेबापत ती विचरा पापीहरूको बारे के हुने भयो ?" त्यसले खालि हेरिरह्यो अनि बिरामी मानिसले जस्तो ङिच्च हाँसेर त्यो गयो । ईश्वरलाई साँचै साक्षी बक्ने मानिससित भेट भएपछि त्यसले त्यस्तो मानिसलाई चिन्थ्यो । मैले भनें । "म यहाँ भएका घटनाहरू हेरिरहन जीजसलाई सबाउँदै छु । तिमी र ती पापीहरू निस्केर जान लागिरहेका छैनौ ।"' तिनले मैलिएका कपडाको बाकस टिपेर भनिन् । 'याद राख । मैले तिमीलाई जनाउ दिएँ । तिमीले आफ्नो पेटभित्रको बच्चालाई ध्यान दिनू र पापबाट बच्नू ।' र तिनी मबलताले ठूलठूला पाइला चालेर गइन् र उनका नेत्र गुणले चम्कन थाले ।

रोज आब शारनले ऊ गएको हेरिरहिन् । त्यसपछि तिनी आफ्नो टाउको हत्केलामा राखेर हुइँ-हुइँ रुन थालिन् । आफ्नो बगलमा एउटा नरम आवाज सुनियो । तिनले शरमले माथि हेरेपछि सेतो लुगा लाएको सानो कदको मैनेजरलाई देखिन् । त्यसले भन्यो । 'चिन्ता नगर । फिक्री नलेऊ ।'

उनका आँखामा आँसुको पर्दा थियो । तिनले रोएर भनिन् । 'मैले पनि अँगालो हालेर नाचेकी छु । त्यस्तो गरेकी भनेर मैले उनलाई भनिनँ । मैले त्यसरी सल्लिसमा नाचेकी थिएँ । म र काञ्ची मिलेर ।'

त्यसले भन्यो । 'चिन्ता छोडिदेऊ ।'

'तिनले मेरो गर्भपात हुन्छ भनिन् ।'

'तिनी त्यस्तै कुरा भन्छिन् भन्ने मलाई थाहा छ । म उनमाथि नजर राख्न सक्थें । तिनी असल महिला छिन् । तर तिनी मानिसहरूलाई दुःखी तुल्याउँछिन् ।'

रोज आब शारनले आँखा भिजाईकन सुईं-सुईं गर्दै भनिन् । 'यो शिविरमा दुइ जना लडकीहरूले गर्भपात गरिसकेका तिनलाई थाहा थियो भनी तिनले मलाई भनिन् ।'

मैनेजरले उनको अघिल्तिर पलेंटी कसेर बस्यो र भन्यो । 'हेर ! मेरा कुरा सुन । मैले पनि चिनेको छु उनीहरूलाई । उनीहरू ज्यादै भोकाएका तथा थाकेका थिए । र उनीहरूले धेरै परिश्रम गरे । ट्रक चढेर आउँदा उनीहरूलाई धेरै झट्का लागेको थियो । त्यसैले उनीहरू बिरामी भए । त्यो उनीहरूको दोष थिएन् ।'

'तर तिनले भनिन्–'

'त्यसमा केही चिन्ता नलेऊ । ती आइमाई दुःख दिन चाहन्छिन् ।'

'तर तिनको भनाइअनुसार तिमी शैतान रहेछौ ।'

'त्यसले त्यस्तै भन्छे भन्ने कुरा मलाई थाहा छ । त्यसको कारण अरू केही पनि होइन खालि मैले उसलाई अरू मानिसहरूलाई दुःखी तुल्याउन दिइनँ । त्यसले उनको कुम थपथपाएर भन्यो । 'चिन्ता नलेऊ । त्यसलाई केही थाहा छैन ।' यति भनेर त्यो छिटो त्यहाँबाट गयो ।

रोज आब शारनले उसको पछि-पछि हेरिरहिन् । ऊ जाँदा उसका दुब्ना कुमहरू

चलेका देखिन्थे । तिनी उसको दुब्लो शरीरलाई हेरिरहेकै थिइन्, त्यही बेला आमा फर्केर आइन् । उनको मुख सफा-सुग्घर र गुलाबी रंगको थियो । उनको भिजेको कपाल कोरिएर गाँठो पारिएको थियो । तिनले मूर्तिहरू चित्रित गरेको लुगा तथा पुरानो फाटेको जुत्ता लगाएकी थिइन् । र उनका कानमा साना कानका बाला झुण्डिरहेका थिए ।

तिनले भनिन् । 'मैले गर्न जानें । मैले त्यहाँ उभिएर आफूमाथि न्यानो पानीको भल बगाएँ । त्यहाँ एउटी भद्र महिला थिइन् । तिनले मलाई सधैं यस्तै गर्न आउन सक्छौ भनिन् । र महिलाहरूको कमिटी अझसम्म आएको छैन ?'

ती लडकीले भनिन् । 'अँहँ !'

'तिमी त त्यहाँ बसिरह्यौ तर पालको केही कुरा सफा-सुग्घर गरिनौ ।' यो कुरा बोल्दाबोल्दै आमाले टीनका रिकापीहरू जम्मा गरिन् । तिनले भनिन् । हामी-हरूले ठिक-ठाक भएर बस्नुछ । बोरा लिएर आऊ र भुइँ बढार ।' तिनले सामानहरू टिपिन् र कराहीहरू बाकसमा हालिन् तथा बाकसहरू पालमा । तिनले आदेशात्मक तवरमा भनिन् । 'ओछ्यानहरू सफा-सुग्घर राख । मैले तिमीलाई भनें, त्यतिको मिठो पानी मैले कहिल्यै खाएकी छैन ।'

रोज आब शारनले लापरवाहीसंग हुकूम तामेल गरिन् । 'कान्नी आज आउला भन्ठान्छौ के ?'

'आउन सक्छ, नआउन पनि सक्छ । भन्न सकिन्न ।'

'कहाँ आउने भनेर त्यसलाई थाहा छ भन्ने कुरामा तिमी निश्चित छौ ?'

'जरूर थाहा छ ।'

'मा– उनीहरूले शिविर जलाउँदा उसलाई मार्न सक्थे भन्ने कुरा तिमी विचार गर्दिनौ–'

आमाले विश्वास गरेर भनिन् । 'उसलाई जलाउन सक्तैनन् । त्यसले चाहे त्यो भाले खरायोजस्तै छिटो र फ्याउरो जत्तिकै सुटुक्क जान सक्छ ।'

'त्यो आओस् भन्ने मेरो कामना छ ।'

'त्यसलाई आउन मन लागेपछि त्यो आउँछ ।'

'मा–'

'त्यसले काम पाओस् भन्ने मेरो कामना ।'

'अँ, तिमी ठान्छौ कि नाच्नु र नाटकमा अभिनय गर्नु पाप हो, जसबाट गर्भपात हुन्छ ?'

आमाले आफ्नो काम छोडेर आफ्नो नितम्बमा हात राखीकन भनिन् । 'तिमीले के कुरा गरेकी ? तिमीले कुनै नाटकमा अभिनय गरेकी छैनौ ।'

'अँ, कसैले यस शिविरमा गरेका छन् । र एउटी लडकीको गर्भपात भएछ । तिनले मृत बच्चा पाएकी मात्र होइन अपितु रगत समेत ह्वाल-ह्वाल बग्न थाल्यो ।'

आमाले उनलाई घुरेर हेर्दै भनिन् । 'तिमीलाई यो कुरा कसले भन्यो ?'

'मलाई यहाँ आएकी एउटी महिलाले भनिन् । सेतो लुगा लाउने सानो मानिस आएर भन्यो कि त्यस्तो भएको छैन ।'

आमाले मुख अँध्यारो पारेर भनिन् । 'रोसाशर्न, तिमी आफैंले आफूलाई ठ्गन छोड । आफैले आफूलाई गिज्याईकन तिमी रुनेछ्यौ । तिमीलाई के भएको हो मैले केही बुझ्न सकिनँ । हाम्रा मानिसहरूले त्यस्तो कहिले पनि गरेका छैनन् । उनीहरू माथि जे आइलाग्छ त्यसको सामना उनीहरू नरोईकन गर्छन् । म भन्छु यस्ता विचार तिमीमा भरिदिने कान्नी हो ।' तिनले कडासँग भनिन् । 'रोसाशर्न, तिमी त एउटा मात्र व्यक्ति छौ, यहाँ अरू धेरै मानिसहरू छन् । तिमी आफ्नो उचित ठाउँ सम्हाल ।'

'तर, मा–'

'अँहँ, चूप लागेर काम गर । ईश्वरको बारे चिन्ता गर्न तिम्रो उमेर पुगेको

छैन । तिमी आफैले आफूलाई ठुँग्न छोड्दिनौ भने मेरो झापट खालिउ ।' तिनले आगोको प्वालभित्र खरानी बढारेर पठाइन् र यस प्वालको छेउतिर ढुंगाहरू किनारा लगाइन् । तिनले कमिटीका मानिसहरूलाई सडकमा आइरहेको देखिन् । तिनले भनिन् । 'काम गर्दै जाऊ । भद्र महिलाहरू आउँदैछन् । अहिले काम गर्दै जाऊ जसबाट म गर्व गर्न सकूँ ।' तिनले फेरि हेरिन् तर कमिटीका मानिसहरू आइरहेकोमा तिनी सचेत थिइन् ।

तिनीहरू कमिटीका महिला थिए भन्ने कुरामा शंका गर्न सकिन्न । तीन जना आइमाईहरू हात-मुख राम्रोसँग धोएर राम्रा लुगा लाएर आइरहेका थिए । तार जस्तो कपाल भएको एउटी दुब्ली आइमाईले इस्पातको फेम भएको चश्मा लाएकी थिइन् । घुम्रिएको खैरो कपाल भएकी एउटी डल्ली आइमाईको सानो राम्रो मुख थियो । तेश्रो महिला शक्तिशाली थिइन् जसको विशाल नितम्ब र स्तनको साथसाथै ठेला-गाडी तान्ने घोडाको जस्तो मांसपेशी भएर ठूलो जिउ थियो । कमिटीका महिलाहरू सगौरव सडकबाट आइरहेका थिए ।

उनीहरू आइपुग्नुअघि आमा पिठ्यूँ फर्काएर बसेकी थिइन् । आइपुगेपछि उनीहरू थामिएर एक लाममा उभिए । भीमकाय महिलाले कड्केर भनिन् । 'श्रीमती जोड, सुप्रभातम् !'

आमाले फर्केर भनिन् । 'आउनोस्, आउनोस्, तपाईंहरूले मेरो नाउँ कसरी चिन्नु भो ?'

ती भव्य शरीर भएकी आइमाईले भनिन् । 'हामीहरू कमिटीका आइमाईहरू हौं, सैनिटरी युनिट नम्बर चारको महिला-कमिटीका । हामीहरूले तपाईंको नाउँ अफिसमा सुन्यौं ।'

आमाले उत्तेजित भएर भनिन् । 'हामीहरूको अवस्था अझसम्म ठीक भएको छैन । तपाईं जस्ता भद्र महिलाहरू आउनु भएकोमा मलाई गर्व लाग्छ । बस्नोस्, म तपाईंहरूको निम्ति कफी बनाउँछु ।'

मोटी आइमाईले भनिन् । 'जेस्सी, हाम्रा नाउँ पनि परिचय गराइदिनोस् श्रीमती जोडलाई । जेस्सी हाम्रो अध्यक्ष हुनुहुन्छ ।'

जेस्सीले औपचारिक रूपले भनिन् । 'श्रीमती जोड, यहाँ एन्नी लिटलफिल्ड र र उहाँ एल्ला समर्स हुनुहुन्छ र मलाई जेस्सी बुल्लिट भन्छन् ।'

आमाले भनिन् । 'तपाईंहरूको परिचय पाएर मलाई गर्व लाग्छ । बस्नुहुन्न तपाईंहरू ? तपाईंहरूको सेवाको लागि अझसम्म जलपान तयार भएको छैन । म कफी तयार गर्छु ।'

एन्नीले औपचारिकताले भनिन् । 'अँहँ, पर्दैन । तकलीफ गर्नु पर्दैन त्यसरी । हामी त तपाईंहरूलाई कस्तो छ भनेर मात्र हेर्न आएका र तपाईंहरूलाई यहाँ आफ्नै घर जस्तो महसूस होस् भन्ना निम्ति प्रयास गर्छौं ।

जेस्सी बुल्लिटले साह्रोसँग भनिन् । 'एन्नी, म अध्यक्ष हुँ भनी संझेकोमा म तपाईंलाई धन्यवाद दिन्छु ।'

'अहो ! अवश्य, अवश्य, तर अर्को हप्ता त म भै हालुँला ।'

'अँ, अर्को हप्ता नआउन्जेलसम्म तपाईं पर्खनु होला । हामी प्रत्येक हप्ता आ-आपनो ओहदा हेरफेर गर्छौं ।' तिनले यो कुरा आमालाई व्याख्या गरेर भनिन् ।

आमाले लाचार भएर भनिन् । साँच्चै, तपाईंहरू अलिकति कफी खानु हुँदैन ?'

जेस्सीले भनिन् । 'अँहँ अहिले खान्नौं । धन्यवाद । सबभन्दा पहिले सेनिटरी युनिटको बारे तपाईंलाई देखाउँछौं । अनि तपाईं चाहनुहुन्छ भने तपाईंलाई महिला-क्लबको सदस्यतामा सही गराई काम दिन्छौं । तपाईंले आएर त्यसमा भाग लिनैपर्छ भन्ने छैन ।'

'त्यसमा धेरै पैसा लाग्छ ?'

'काम गर्नुसिवाय त्यसमा एक पैसा पनि लाग्दैन । तपाईंलाई सबैले चिनेपछि यस कमिटीमा तपाईं चुनिइनु सम्भव छ ।' एन्नीले कुरा काटेर भनिन् । 'जेस्सी

सम्पूर्ण शिविरको लागि बनेको कमिटीमा हुनुहुन्छ । उहाँ कमिटीको उच्च ओहदामा हुनुहुन्छ ।'

जेस्सीले सगर्व मुस्काएर भनिन् । 'सर्वसम्मतिले चुनिएकी । अँ, श्रीमती जोड, यो शिविर कसरी चलिरहेछ भन्ने कुरा तपाईंलाई भन्नु उपयुक्त होला जस्तो लाग्छ ।'

आमाले भनिन् । 'यो मेरो छोरी रोसाशर्न हो ।'

उनीहरूले भने । तपाईंलाई कस्तो छ ?'

'तपाईं पनि आए जाती होला ।'

भीमकाय जेस्सीले बोलिन् । उनको चाल-चलनमा गौरव र दया थियो ।

'कुमारी जोड, हामीले तपाईंको काममा दखल गर्न लागेका छौं भनेर विचार नगर्नु होला । यस शिविरमा यस्ता कुरा पर्याप्त छन् जो सबैको निम्ति उपयुक्त हुन्छन् । हामीले बनाएको नियमअनुसार हामी चल्छौं । अब हामीहरू युनिटतिर जाँदै छौं । त्यस युनिटलाई सबैले प्रयोग गर्छन् र यसको हेर-विचार सबैले गर्छन् ।' उनीहरू छाना नभएको त्यस विभागतिर गए जहाँ हात-मुख, लुगा आदि धुने बीसवटा फैलिएका भाँडा थिए । त्यसमध्ये आठवटा प्रयोगमा ल्याइएका थिए । आइमाईहरू तल झुकेर लुगा माडिरहेका थिए र निचोरिसकिएका लुगाको थुप्रो सफासँग कंक्रीट ठोकिएको भुइँमा राखिएको थियो । जेस्सीले भनिन् । 'तपाईंलाई मन लागेको बेला यहाँ लुगा धुन सक्नुहुन्छ । एउटै विचार गर्नु पर्ने कुरा के छ भने तपाईंले यी भाँडाहरूलाई सफा-सुग्घर गरेर जानु पर्छ ।'

लुगा धोइरहने आइमाईहरूले चाख लिएर माथि हेरे । जेस्सीले जोरसँग भनिन् । 'यहाँ श्रीमती जोड तथा यहाँ कुमारी जोड हुनु हुन्छ ।' उनीहरूले आमालाई एक साथ बोलेर स्वागत गरे र आमाले उनीहरूलाई अलि झुकेर भनिन् । 'तपाईंहरू-लाई भेट्न पाएर मलाई गर्व लाग्छ ।'

जेस्सीले कमिटीका सदस्यहरूलाई पाइखान र फौवारा-स्नानागारमा लगिन् ।

आमाले भनिन् । 'यहाँ म अघिनै आएर नुहाई पनि सकें ।'

जेस्सीले भनिन् । 'यो त्यसैको निम्ति बनाइएको र यहाँ पनि त्यही नियम लागू हुन्छ, सफा सुग्घर गरेर जाने । एक दिन यहाँ सफा गर्नलाई हरेक हप्ता एउटा कमिटी गठन गरिन्छ। तपाईं पनि त्यस कमिटीको सदस्य हुन सक्नुहुन्छ । सफा गर्नलाई सबैले आ-आफ्नो साबुन ल्याउनु पर्छ ।'

आमाले भनिन् । हामीले साबुन बजारबाट ल्याउनै छ । अह्रिले सबै सिद्धि-राखेको छ ।'

जेस्सीको आवाज प्रायः श्रद्धालु भयो । तिनले पाइखानहरूतिर औंल्याएर सोधिन् । 'यस्तो किसिमको पाइखान तपाईंले कहिले प्रयोग गर्नु भएको छ ?'

'ज्यू, गरेकी छु, आज बिहान ।'

जेस्सीले सुस्केरा हालेर भनिन् । 'बेसै भो ।'

एल्ला समर्सले भनिन् । 'गएको हप्ता–'

जेस्सीले साह्रोसँग कुरा काटेर भनिन् । 'कुमारी समर्स– म भन्नुला ।'

एल्लाले छोडिदिइन् । 'अहो, ठीकै छ ।'

जेस्सीले भनिन् । 'विगत हप्ता तपाईं अध्यक्ष हुनु हुँदा यो जम्मै काम तपाईंले गर्नुभएको त हो नि । यो हप्ता तपाईंले चलाउनुभए म तपाईंलाई धन्यवाद दिन्छु ।'

एल्लाले भनिन् । 'अँ, त्यो महिलाले के गरिछ भन्नोस् ।'

जेस्सीले भनिन् । 'अँ, बेमतलबले बडबडाउँदै जानु यो कमिटीको काम होइन । तर म कसैको नाउँ लिन्न । ती भद्र महिला विगत हप्तामा आएकी । उनीकहाँ कमिटी जानुभन्दा अगाडि उनी यहाँ पसिन् । तिनले आफ्नो बूढोको पैन्ट

पाइखानमा लिएर आइन् र भनिन् । "यो ज्यादै होचो छ र यो पर्याप्त ठूलो छैन । त्यसमा बसेर त ठिट्यूँ नै भाँचिने छ । उनीहरूले त्यो किन अलि उच्चा गर्न नसकेका ?" ' कमिटीका सदस्यहरू उच्च चेतनाको भावले मुस्काए ।

एल्लाले भनिन् । 'ती भद्र महिलाले भनिन् : "तुरुन्तै पर्याप्त घुसाउन सक्तिनँ ।" ' जेस्सीको कडा नजर एल्लामाथि पर्न गयो ।

जेस्सीले भनिन् । 'हामीलाई पाइखानमा प्रयोग गर्ने कागजको बारे तकलीफ भइरहेछ । नियमले यहाँको कागज कसैले लिएर जान सक्तैन ।' तिनले आफ्नो जिभ्रो तिखो स्वरले टक्क बजाइन् । 'शिविरका सबै जनाले पाइखानमा प्रयोग गर्ने कागजको निम्ति गिज्याउँछन् ।' एक छिन तिनी चूप लागेपछि यो कुरा स्वीकार गरेर भनिन् । 'चार नम्बरको सैनिटरी युनिट अरू युनिटलेभन्दा बढी कागज प्रयोग गर्दैछ । कसै-कसैले यो कागज चोरेर लान्छन् । महिलाहरूको साधारण मीटिंगमा आउनू । "युनिट नम्बर चारमा भएका महिलाहरूले धेरै बढी कागज प्रयोग गर्दैछन् ।" मीटिंगमा आउनू ।'

आमा त्यो कुरा निसासिएर सुनिरहेकी थिइन् । 'कागज चोरेकारू के को निम्ति ?

जेस्सीले भनिन् । 'अँ, हामीलाई पहिले त तकलीफ थियो । अस्ति-अस्ति तीन जना साना-साना केटीहरू पाइखानको कागज लिएर काटीकन पुतली बनाइ-रहेका थिए । हामीले उनीहरूलाई समात्यौं । तर अहिले त हामीलाई थाहा छैन । लपेटिएको कागजको एक रोल राख्नासाथ सिद्धिहाल्छ । मीटिंगमा आएकी एउटी भद्र महिलाले भनिन् कि हामीले एउटा सानो घंटी राख्नु पर्‍यो जो प्रत्येक एक फन्को घुमेपछि बज्छ । त्यसबाट हरेकले कति फन्को लियो भन्ने कुरा हामीले गन्न सक्छौं ।' तिनले आफ्नो मुन्टो हल्लाएर भनिन् । 'म केही पनि बुझ्दिनँ । मलाई हप्ताभरिनै चिन्ता भैराखेको छ । युनिट नम्बर चारबाट कसैले त्यो कागज चोरिराखेको छ ।'

ढोकाबाट एउटा दुःखी स्वर सुनियो । 'श्री कुमारी बुलिट ।' कमिटीका मानिसहरूले फर्केर हेरे । 'श्री कुमारी बुलिट, तपाईंले जे भन्नुभयो त्यो कुरा मैले सुनें ।' पसिना काढेर मुख रताम्य गरेर एउटी आइमाईले ढोकामा उभिएर

भनिन् । 'श्री कुमारी बुलिट, म मीटिंगमा उपस्थित हुन सक्तिनँ । उनीहरूले मलाई गिज्याउने थिए ।'

जेस्सीले अघि बढेर भनिन् । 'तपाईंले के कुरा गर्नु भएको ?'

'अँ, हामी सबैले गरेका हुन सक्छौं । तर हामीले चोरेका छैनौं, श्री कुमारी बुलिट ।'

जेस्सी उनैतिर बढिन् र त्यो व्याकुल भएकी भूल स्वीकार गर्ने महिलाको आकृतिमा पसिनाका दाना देखा पर्न थाले । 'श्री कुमारी बुलिट, हामीहरू त्यसमा लाचार छौं ।'

जेस्सीले भनिन् । 'तपाईंले के भन्न लाग्नुभएको भन्नोस् । यो युनिटलाई टट्टीमा प्रयोग गर्ने कागजको बारेमा लज्जित हुनु परेको छ ।'

'कुमारी बुलिट, यो हप्ताभरि हामी लाचार छौं । तपाईंलाई थाहा छ, मेरा पाँच जना लडकीहरू छन् ।'

जेस्सीले अपशकुनसित सोधिन् । 'उनीहरूले त्यसलाई के गरेका ? उनीहरूले ईमानदारीसँग त्यो कागज प्रयोग गरेका होलान् ।'

'उनीहरूको अधिकार छैन । चार-पाँच टुक्रा भए पुगिहाल्छ नि । उनीहरूले के गरेका ?'

दोष स्वीकार गर्नेले भनिन् । 'पाँचै जनालाई दिसा लागेको । पैसाको अभाव भएकोले उनीहरूले काँचो अंगूर खाइदिए । अनि पाँचै जनाको दिसा पातलो भएर द दस मिनेटमा टट्टीतिर दगुर्नुपर्‍यो ।' तिनीले उनीहरूको पक्षमा बोलिन् । 'तर उनीहरूले चोरेका त होइनन् त्यो कागज ।'

जेस्सीको मुखबाट उच्छ्वास निस्क्यो अनि उनले भनिन् । 'तपाईंले त्यो कुरा भन्नु पर्ने । तपाईंले त्यो कुरा नभनिदिएबाट चार नम्बरको युनिटलाई लाजले मर्नु भयो । जसलाई पनि दिसा लाग्न सक्छ ।'

त्यो शान्त आवाजले दुःखी भएर बोल्यो । 'मैले उनीहरूलाई काँचो अंगूरहरू खानबाट रोक्न सकिनँ । उनीहरूलाई अझ ठीक भएको छैन ।'

एल्ला समर्सले झ्वाट्ट बोलिन् । 'तिनले प्राथमिक-उपचार गर्नुपर्ने ।'

जेस्सीले भनिन् । 'एल्ला समर्स, म अघिसम्म तपाईंलाई भन्दै थिएँ कि तपाईं अध्यक्ष हुनुहुन्न ।' तिनीले गेरू पोतेकी सानी आइमाईतिर फर्केर भनिन् । 'श्री कुमारी ज्वायस, तपाईंसित दाम छैन ?'

तिनीले लज्जाले तलतिर हेरेर भनिन् । 'अँहँ छैन, तर हामीले जुनसुकै बेला पनि काम पाउन सक्छौं ।'

जेस्सीले भनिन् । 'अब तपाईंले आफ्नो टाउको उचाल्नु पर्‍यो । त्यसो गर्नु कुनै अपराध होइन । तपाईं वीडपैंच दोकानमा गएर केही गरम मसला लिनोस् । त्यो पसलबाट शिविरले बीस डलर उधारो लिएको छ । तपाईं पाँच डलरको मर-पसला लिनोस् । तपाईंले काम पाएपछि केन्द्रीय कमिटीलाई तिर्न सक्नु हुन्छ । श्रीमती ज्वायस, तपाईंलाई त्यो कुरा थाहानै छ ।' तिनले कडासँग भनिन् । 'तपाईंले कसरी आफ्ना छोरीहरूलाई भोकै राख्नु भएको ?'

श्रीमती ज्वायसले भनिन् । 'हामीले कहिले पनि कुनै अनुदान लिएका छैनौं ।'

जेस्सीले रिसाएर भनिन् । 'तपाईंलाई थाहा नै छ यो अनुदान होइन । त्यस्तो अनुदान हामीले दिन छोडिसक्यौं । यस शिविरमा कुनै किसिमको अनुदान छैन । अनुदानको रूपमा हामीले कुनै चीज राखेका छैनौं । अब तपाईं गएर केही मर-मसला लिनोस् र मलाई त्यसको बिल दिनोस् ।'

श्रीमती ज्वायसले डराई-डराईकन भनिन् । 'केही गरी हामीले तिर्न नसके के होला ? धेरै दिनसम्म हामीले काम पाउन नसके ।'

'सके तपाईंले तिर्नु होला । नसके त्यो हाम्रो काम होइन, न त्यो तपाईंकै काम हो । एक जना मानिस यो ठाउँ छोडेर गयो र दुइ महीनापछि त्यसले दाम फिर्ता पठाइदियो । यस शिविरमा बसेर तपाईंले आफ्ना छोरीहरूलाई भोकै राख्ने अधिकार तपाईंलाई छैन ।'

श्रीमती ज्वायसले त्रस्त भएर भनिन् । 'ज्यू, साहेब्नी ।'

जेस्सीले आज्ञा दिइन् । 'ती लडकीहरूको निम्ति केही पनीर लिएर जानोस्। त्यसले ती दिसा लाग्नेहरूलाई ठीक गर्ला ।'

'ज्यू, साहेब्नी ।' यति भनेर श्रीमती ज्वायस ढोकाबाहिर छिटो-छिटो गइन् ।

जेस्सीले कमिटीका अरू सदस्यहरूतिर फर्कीकन रिसाएर भनिन् । 'जिद्दी गर्ने अधिकार तिनको छैन । हाम्रै मानिसहरूसित जिद्दी गर्ने अधिकार तिनले पाएकी छैनन् ।'

एन्नी लिटलफिल्डले भनिन् । 'तिनी यहाँ आएको धेरै दिन भएको छैन । तिनलाई शायद यहाँको नियम थाहा छैन होला । शायद तिनले एक पटक अनुदान लिएकी होलिन् ।' एन्नीले भनिन् । 'जेस्सी तपाईंले मेरो मुख थुन्ने प्रयास गर्नै पर्दैन किनभने मेरो पनि बोल्ने अधिकार छ ।' तिनले आमातिर आधा फर्केर भनिन् । 'यदि कसैले अनुदान लियो भने यसले मनभित्र पोल्न थाल्छ । यो अनुदान होइन । तर तिमीले यसलाई ग्रहण गऱ्यौ भने तिमीले यसलाई बिर्सदैनौ । म बाजी ठोक्न सक्छु कि जेस्सीले त्यस्तो कहिल्यै गर्नु भएको छैन ।'

जेस्सीले भनिन् । 'अँहँ, मैले त्यस्तो कहिल्यै गरेकी छैन ।'

एन्नीले भनिन् । 'अँ, मैले गरें । पोहर जाडो महीनामा हामीहरू– बा, म र सा-साना बालकहरू– बुभुक्षाको शिकार भयौं । त्यस बेला पानी परिरहेको थियो । एउटा मानिसले हामीहरूलाई मुक्ति-सेनाकहाँ जाने सल्लाह दियो ।' यो कुरा भन्दा-भन्दै उनको नेत्रबाट क्रूरता झल्कन थाल्यो । 'हामी क्षुधाको शिकार भयौं । उनीहरूले हामीहरूलाई भोजनको लागि घस्रन मजबूर गराए । उनीहरूले हाम्रो गौरवमाथि कुठाराघात गरे । अतएव म उनीहरूलाई घृणा गर्छु । र त्यस्तै अवस्थामा परेर श्रीमती ज्वायसले अनुदान लिएकी हुन सक्छ । यहाँ अहिले दिएको अनुदान होइन भन्ने कुरा तिनलाई थाहा छैन होला । श्रीमती जोड, हामी कसैलाई यस शिविरमा अनुदानप्रति आभारी हुने मौका दिंदैनौं । कसैले कसैलाई कुनै चीज दिने अनुमति हामी दिंदैनौं । त्यस्तो दिन मन लागे उनीहरूले यस शिविरलाई दिन

सक्छन् जसले त्यसको निकासा गर्न सक्छ । हाम्रो यहाँ कुनै अनुदानको दस्तूर छैन ।' उनको स्वरमा क्रूरता र खस्रोपन झल्क्यो । तिनले भनिन् । 'मेरो उनीहरूप्रति घृणा छ । मैले मेरो लोग्नेलाई कसैले कहिल्यै कुटेको देखेकी छैन तर मुक्ति सेनाले मेरो पतिमाथि हात छोडे ।'

जेस्सीले मुन्टो हल्लाउँदै नरम स्वरले भनिन् । 'मैले सुनेकी छु । हामीले श्रीमती जोडलाई घुमाउनु लानुछ ।

आमाले भनिन् । 'यो त साँच्चै राम्रो कुरा छ ।'

एन्नीले प्रस्ताव गरिन् । 'हामीहरू लुगा सिउने कोठाभित्र जाऔं । त्यहाँ सिलाइका दुइटा मेशीन छन् । एउटाले सिरक सिउने अर्कोले लुगा । तपाईं त्यहाँ काम गर्न मन पराउन सक्नुहुन्छ ।'

जब कमिटीका सदस्यहरू आमाकहाँ आए रूठी र विनफिल्ड नभेटिने गरीकन पछिल्तिर सुटुक्क गए ।

विनफिल्डले सोध्यो । 'हामी गएर किन कुरा नसुन्ने ?'

रूठीले उसको पाखुरा समातेर भनिन् । 'अँहँ, हामीले हात-मुख धुनु छ । मलाई उनीहरूसित जान मन छैन ।'

विनफिल्डले भन्यो । 'तिमीले मलाई टट्टीको बारे भनेका थियौ । तिमीले ती भद्रमहिलाहरूलाई के भनेर बोलाएका थियौ त्यो कुरा म भनिदिन्छु ।'

डरको छायाँ रूठीको आकृतिमा देखा पऱ्यो । तिनले भनिन् । 'त्यसो नभन । तिमीले भन्नेछैनौं भन्ने जानेर नै मैले त्यसो भनेकी ।'

विनफिल्डले भन्यो । 'तिमीलाई थाहा छैन ।'

रूठीले भनिन् । 'हामीहरू यताउति हेर्न जाऔं ।'

उनीहरू पालहरूको तलतिर परस्परमा अवलोकन गर्दै गए । त्यो युनिटको

अन्तमा एउटा समथल ठाउँ आयो जहाँ काठको हथौडाले काठको भकुन्डो खेल्ने चौर बनाइराखेको थियो । त्यहाँ आधा दर्जन केटाकेटीहरू गम्भीर रूपले खेलिराखेका थिए । एउटा पालको सामुन्ने एउटी अधबैंसे भद्र महिला बेन्चमा बसेर हेरिराखेकी थिइन् । रूठी र विनफिल्ड दुबै दुलकी गए । रूठीले कराएर भनिन् । 'हामीलाई खेल्न देऊ । हामीलाई भित्र पस्न देऊ ।'

केटाकेटीहरूले माथि हेरे । चुल्ठो बाटेकी एउटी केटीले भनिन् । 'अर्को खेल खेल्न सक्छौ तिमीले ।'

रूठीले कराएर भनिन् । 'मलाई अहिले नै खेल्न मन लाग्यो ।'

'अँ, तिमी अर्को खेल शुरू नभएसम्म खेल्न सक्तैनौ ।'

रूठी धम्काउने तरीकाले खेलको मैदानमा गइन् । 'म खेल्न चाहन्छु ।' चुल्ठो बाटेकी केटीले आफ्नो काठको हथौडा कसेर समातिराखिन् । रूठीले उनलाई झम्टीकन गाला चड्काएकी मात्र होइन अपितु उनलाई घचेडेर उनको हातको हथौडा खोसेर पनि लिइन् । तिनले विजयी भएर भनिन् । 'म भन्छु, मलाई खेल्न मन लाग्यो ।'

त्यो अधबैंसे महिला उठेर खेलको मैदानतिर गइन् । रूठीले मुख अँध्यारो पारेर काठको हथौडा मुट्ठीमा कसिन् । ती महिलाले भनिन् । 'विगत हप्तामा रैलफलाई गरेजस्तै गरी हामीहरू खेलौं ।'

केटाकेटीहरू हथौडाहरू भुइँमा छोडेर चूप लागीकन मैदानबाट हिंडे । अलि पर उभिएर उनीहरू अभिव्यक्तिहीन नेत्रले हेर्न थाले । रूठीले उनीहरू जान लागेको हेरिरहिन् । तिनले एउटा भकुण्डोलाई हिर्काएर त्यसको पछि-पछि दगुरिन् । तिनले बोलाइन् । 'आऊ, विनफिल्ड । एउटा लट्ठी लेऊ ।' र त्यसपछि तिनले आश्चर्य भएर हेर्न थालिन् । विनफिल्ड उभिएर हेरिरहने केटाकेटीहरूसँगै मिलेर अभिव्यक्तिहीन नेत्रले उनलाई हेर्न थाल्यो । निडर भएर तिनले फेरि काठको भकुण्डो हानिन् । त्यसको साथसाथै तिनले थुप्रो धूलो हानेर उडाइन् । तिनले बडो रमाइलो भएको जस्तो बहाना गरिन् । केटाकेटीहरूले उभिएर हेरिरहे । रूठीले दुइटा भकुण्डो एक लाममा राखेर दुवैलाई हानी पठाइन् । हेरिरहने केटाकेटीहरूतिर पिठ्यूँ फर्काएर

तिनले फेरि उतैतिर हेरिन् । अकस्मात हातमा हथौडा लिएर तिनी उनीहरूकहाँ बढेर गइन । तिनले सोधिन् । तिमीहरू आएर खेल-न ।' उनी आएपछि उनीहरू चूपलागेर पछिल्तिर हटे । एक छिन तिनले उनीहरूलाई टोलाएर हेरिन् अनि हथौडा फालेर घरतिर रुँदै दगुरेर गइन् । त्यसपछि केटाकेटीहरू फेरि खेलको मैदानमा गए ।

चुल्ठो बाटेकी लडकौले विनफिल्डसित भनिन् । 'तिमीले अर्को खेल खेल्न सक्छौ ।'

हेरिरहने भद्र महिलाले उनीहरूलाई जनाउ दिइन् । 'तिनी फर्केर आई राम्रो व्यवहार गरिन् भने उनलाई खेल्न दिनू । अमि, तिमी नीच भयौ ।' खेल चलिनै रह्यो । तर जोड-परिवारको पालमा रूठी दुःखी भएर रुन थालिन् ।

पाकेर लाल भैंसकेका आरु भएका फलफूलका बगैंचाहरू नाघेर, सडक आधी पार गरेर फैलिएका हाँगा भएका ओखरका रूखहरूका लाममुनि मलिन र हरिया अँगूरका झुप्पा सहितका लहराहरू नाघेर ट्रक राम्रा सडकहरूमा गुडेर गयो । प्रत्येक फाटकमा पस्दा आलले ट्रक सुस्त्यायो र हरेक फाटकमा एकेकवटा परिचयपाटी राखिएको थियो जसमा यस्तो लेखिएको थियो : 'कुनै सघाउको आवश्यकता छैन । कुनै अतिक्रम नहोस् ।'

आलले भन्यो । 'बा, यी फलफूल पाकेपछि काम प्रचुर मात्रामा हुनेछ । मजाको ठाउँ रहेछ । काम पाइँदैन भनेका होइनन् उनीहरूले ।' त्यसले सुस्त-सुस्त गाडी हाँक्यो ।

वाले भन्नुभयो । 'जुनसुकै ठाउँमा गएर काम कहाँ पाइन्छ थाहा छ भनेर हामीले सोध्न सक्छौं । त्यति त गर्न सक्छौं ।'

नीलो ओवरआल तथा नीलो कमीज लाएको एक जना मानिस सडकको किनारावाट गइरहेको थियो । आलले उसैको बगलनिरवाट गाडी हाँकेर भन्यो । 'ए, मिस्टर, काम कहाँ पाइन्छ, थाहा छ ?'

त्यो मानिस थामिएर ङिच्च हाँस्यो र उसको मुखमा अघिल्लो दाँत खाली थियो । त्यसले भन्यो । 'अँहँ, थाहा छैन । तिमीलाई थाहा छ ? हप्ताभरि भइसक्यो

म हिँडिराखेको, कुनै काम भेट्टिएको छैन ।'

आलले सोध्यो । 'सर्कारी शिविरमा बस्छौ के ?'

'ज्यू !'

'माथि आएर पछिल्तिर बस, हामी सबै मिलेर खोजौंला ।' त्यो मानिस बगलको फल्याकबाट चढेर ओछ्यानमा बस्यो ।

बाले भन्नुभयो । 'हामीले काम पाऔंला भन्ने पूर्वज्ञान त मलाई छैन । तैपनि हामीले खोजी गर्नु पर्छ । कहाँ खोजी गर्ने त्यो पनि हामीलाई थाहा छैन ।'

आलले भन्यो । 'शिविरका मानिसहरूसित कुरा गर्नुपर्ने । काका जान, अब सन्चो-बिसन्चो कस्तो छ ?'

काका जानले भने । 'मलाई दुःख्छ आङभरि । अहिले पीडा भैरहेछ । मलाई त्यस्तो ठाउँमा जानु छ जहाँ मैले आफ्ना मानिसहरूलाई सजाय दिनु नपर्ने होस् ।'

बाले आफ्नो हात जानको घुँडामा राखेर भन्नुभयो । 'यता हेर, कहीं नजानू । हाम्रा मानिसहरू घट्दै गइरहेछन् । बज्यै र बाज्ये मरेर गए । नोआ र कान्नी कता भागे कुन्नि र पादरी जेलमा पऱ्यो ।'

जानले भन्यो । 'पादरीसित हाम्रो भेटघाट हुनेछ भन्ने पूर्वभावना मेरो मनमा आइरहेछ ।'

आलले गियर बदल्ने लीवरमा भएको गोलालाई औंलामा लिएर भन्यो । 'तिम्रो स्वास्थ्यको लागि कुनै किसिमको पूर्वभावनामा लाग्नु ठीक छैन । त्यस्ता भावनालाई भीरबाट लडाइदेऊ । हामी फर्केर जाऔं र कुरा गरेर कहाँ काम पाइन्छ भेट्टाऔं । हामी पानी भित्रको न्याउला शिकार गर्न गएजस्तो भयो ।' ट्रक रोकेर त्यसले झ्यालबाट हेरीकन बोलायो । 'ए, हेर ! हामी शिविरमा फर्केर गई काम कहाँ पाइन्छ बुझ्न जाँदैछौं । यसरी पेट्रोलमात्र बरबाद गरेर केही फाइदा हुँदैन ।'

आलले सडकको बीचमै मोड़ेर पछिल्तिर गाडी लग्यो ।

बाले भन्नुभयो । 'आमालाई निकै चोट लागेको छ, खास गरेर टामले सजिलो-सँग काम पाएकोले ।'

आलले भन्यो । 'त्यसले कुनै काम नपाएको हुनसक्छ । त्यो काम खोजी गर्न गएको हुनसक्छ । आफूलाई त ग्यारेजमा काम मिलोस् भन्ने इच्छा छ । म ग्यारेज-को काम छिटै सिक्न सक्नेछु र मलाई त्यो काम मन पर्छ पनि ।'

बाले कड्केर असन्तोष प्रकट गर्नुभयो र उनीहरू चूप लागेर शिविरतिर गए ।

कमिटीका सदस्य गइसकेपछि आमा जोड-परिवारको पालको सामुन्ने एउटा बाकसमा बसिन र रोज आब शारनलाई लाचार भएर हेरिरहिन् । तिनले भनिन् । 'अँ, मलाई उमेरमा त्यतिको गर्व छैन । ती भद्र महिलाहरू असल छैनन् र ?'

रोज आब शारनले भनिन् । 'मलाई धाइ घरमा काम गर्न मन लाग्छ । सबैले मलाई त्यहीं कुरा भने । त्यहाँ मैले बच्चाहरूको निम्ति के गर्नुपर्छ भन्ने कुरा पत्ता लगाउन सक्छु । त्यसपछि मलाई ज्ञान हुनेछ ।'

आमाले चकित भएर मुन्टो हल्लाइन् । तिनले सोधिन् । 'सबै मानिसले काम पाए बेस हुने छैन र ? उनीहरूले काम पाएपछि अलि-अलि पैसा आउँदैन र ?' उनका आँखा आकाशतिर घुमे । 'उनीहरूले काम पाए, हामीहरूले काम पाए र सबै राम्रा मानिसले काम पाए बेस हुने थियो ।' हामीहरू काम पाएपछि सबभन्दा पहिले एउटा सानो राम्रो चूलो किन्छौं । त्यस्तो चूलोलाई धेरै पर्दैन । त्यसपछि हामी निकै ठूलो पालको साथसाथै अरूले प्रयोग गरिसकेका स्प्रिंगदार ओछ्यानहरू पनि किनौंला । र त्यो पाल हामीले खानपान गर्ने बखतमा काममा प्रयोगमा ल्याउँला । र शनिवार राति हामीहरू नाचमा सामेल होऔंला । तपाईंलाई मन परेका मानिसहरू-लाई तपाईं बोलाउनु हुन्छ भनी अरूले भन्छन् । कोही अरू साथीहरूलाई पनि निम्ता दिन पाए हुने थियो । लोग्नेमानिसहरूले चिनेकाहरूलाई निम्ता दिन सक्छन् ।'

रोज आब शारनले सडकमा हेरेर भनिन् । 'ती महिलाले मेरो गर्भपात हुन्छ भनी भनिन् ।'

आमाले उनलाई जनाउ दिइन् । 'अब त्यो कुरा नगर ।'

रोज आब शारनले सुस्त-सुस्त भनिन् । 'मैले उनलाई देखेकी छु । तिनी यहाँ आएकी थिइन् जस्तो लाग्छ । हो ! तिनी यहाँ आउँदैछिन् । आमा, उनलाई यहाँ आउन नदिनू ।'

आमाले फर्केर त्यो आइरहेको मूर्तिमाथि दृष्टिपात गरिन् ।

ती आइमाईले भनिन् । 'कस्तो छ ? मलाई श्रीमती सान्द्री–लिस्वेथ सान्द्री भन्दछन् । आज बिहान मैले तिम्रो छोरीलाई देखें ।'

आमाले भनिन् । 'तिमीलाई कस्तो छ ?'

'तिमी ईश्वरसँग खुशी छौ ?'

आमाले भनिन्, 'निकै खुशी छु ।'

'तिमी सुरक्षित छौ ?'

'म सुरक्षित छु ।' आमाको आकृतिबाट कडापन झल्केको थियो ।

लिस्वेथले भनिन् । 'अँ, मलाई खुशी लागेको छ । यहाँ पापीहरू धेरै सबल छन् । तिमीहरू डरलाग्दो ठाउँमा आइपुग्यौ । यो ठाउँ निर्दयताले परिपूर्ण छ । वरिपरि दुष्ट मानिसहरू तथा दुष्ट व्यवहार भएकोले निर्दोष क्रिस्तानहरू यहाँ टिक्न गाह्रो छ । हाम्रा वरिपरि जम्मै पापी नै पापीहरू छन् ।'

आमाको मुख अलि लाल भयो र आफ्नो मुख थुनेर तिनले छोट्ट्याएर भनिन् । 'मलाई त यहाँका मानिस सबै असल जस्ता लाग्छन् ।'

श्रीमती सान्द्रीका आँखा टोलाए । तिनले कराएर भनिन । 'राम्रा ! उनीहरू नाचेर अँगालो हाल्छन् तैपनि उनीहरू राम्रा छन भन्ठान्छौ तिमी ? म भन्छु कि तिम्रो अनन्त आत्माले यस शिविरमा कुनै मौका पाउँदैन । हिजो राति वीडपैंचमा एउटा मीटिंग भएको थियो, म त्यसमा गएँ । पादरीले के भन्यो थाहा छ ? त्यसले भन्यो । "त्यस शिविरमा दुष्टचाई छ । गरीबहरू धनी हुन खोज्दैछन् । त्यो शिविरका मानिसहरू पापमा डुबेर दुःखले आर्त्तनाद गरिरहनुको सट्टा नाचेर अँगालो हालिरहेका छन् । यहाँ भएका सबका सब पापी हुन् ।" म भन्छु त्यस पादरीको कुरा सुनेर जसलाई पनि राम्रो लाग्नु पर्छ र हामीलाई थाहा छ कि हामी मुक्त छौं ।

किनभने हामीले नाचेका छैनौं ।'

आमाको मुख रातास्य भयो । बिस्तारै उभिएर तिनले श्रीमती सान्द्रीसित सामना गरेर भनिन् । 'जाऊ, मैले तिमीलाई फलाना ठाउँमा जाऊ भनी म पापी बन्नुभन्दा अगाडि अहिले तिमी जाऊ । तिमी दुःखले आर्त्तनाद गर्न जाऊ ।'

श्रीमती सान्द्रीको मुख खुला रह्यो । पछिल्तिर हटेर क्रूर अनुहार पारीकन तिनले भनिन् । 'तिमीहरू क्रिस्तान थियौ भन्ने ठानेकी थिएँ ।'

आमाले भनिन् । 'हामीहरू क्रिस्तान छौं ।'

'अँहँ, तिमीहरू छैनौ । तिमीहरू सबै नरकबासी पापी छौ । र म यो कुरा मीटिंगमा पनि भनुँला । म तिमीहरूको कालो आत्मा जलिरहेको देख्न सक्छु । म त्यो लडकीको पेटमा भएको निर्दोष बच्चा जलिरहेको देख्न सक्छु ।'

रोज आब शारनको मुखबाट सानो आर्त्तनाद निस्क्यो । आमाले तल झुकेर एउटा लट्ठी टिपिन् ।

तिनले उपेक्षा गरेर भनिन् । 'जाऊ ! फेरि कहिले यहाँ नआऊ । तिमी जस्तालाई मैले पहिले पनि देखिसकेकी छु । तिमीले अलि मजा चाख्ने छौ, होइन त ?' यति भनेर आमा श्रीमती सान्द्रीतिर बढिन् ।

एक छिन ती आइमाई पछि हटिन् र अकस्मात् तिनी आफ्नो टाउको पछाडि हटाएर क्वाँ-क्वाँ रुन थालिन् । उनका आँखा माथितिर गए । उनका कुम र पाखुरा लुला-लुला भएर बगलतिर खसे । र उनको मुखको कुनाबाट डोरी जस्तो बाक्लो न्याल निस्क्यो । तिनले जनावरहरू जस्तै दीर्घ चिच्च्याइ बारम्बार चिच्च्याइन् । लोग्नेमानिस, स्वास्नीमानिसहरू अरू पालहरूबाट दगुरेर आई तर्सेर शान्तपूर्वक नजीकै बगलमा उभिए । बिस्तारै ती आइमाई आफ्ना घुँडाले टेकेर थचक्क बसिन् र उनको चिच्च्याइ काम्ने अस्पष्ट आर्त्तनादमा परिणत भयो । तिनी अगल-बगलतिर हल्लिन्, उनका पाखुरा र खुट्टा झट्का दिएर खिचिए । सम्पूर्ण आँखाका गोलाहरू खुल्ला आँखामा देखिए ।

एउटा मानिसले सुस्त-सुस्त भन्यो । 'भूत, तिनलाई भूत लाग्यो ।' आमा

झट्काले खिचिएको उनको जिउमाथि अवलोकन गरेर उभिरहिन् ।

त्यो सानो मैनेजर आकस्मिक तवरले त्यहाँ आइपुग्यो । त्यसले सोध्यो । 'दुःख ?' भीडले उसलाई बाटो छोडिदियो । त्यसले त्यस आइमाईलाई हेरेर भन्यो । 'ज्यादै खराब भयो । तपाईंहरूमध्ये कसैले उनलाई उनको पालसम्म पुऱ्याइदिन सघाउनु होला के ?' त्यहाँ भएका निःशब्द मानिसहरूले आ-आफ्नो पैताला घिसारे । दुइ जना मानिसहरूले झुकेर तीं आइमाईलाई एउटाले पाखुराहरू तथा अर्कोले खुट्टा समातेर उचालें । उनीहरूले उनलाई लगे र मानिसहरू बिस्तारै उनीहरूको पछि-पछि गए । रोज आब शारन टाटमुनि गएर पल्टिन् अनि सिरक लिएर आफ्नो मुख छोपिन् ।

हातमा लट्ठी लिएर उभिरहेकी आमालाई मैनेजरले हेर्न थाल्यो । त्यसले थका-वटसाथ मुस्काएर सोध्यो । 'तपाईंले उनलाई कुट्नु भएको ?'

आमाले फर्केर गइरहेका मानिसहरूको पछि टोलाएर हेरिनै रहिन् । तिनले बिस्तारै मुन्टो हल्लाएर भनिन् । अँहँ–तर मैले कुट्ने थिएँ किनभने आज तिनले दुइचोटि मेरो छोरीलाई उत्ते जित पारिन् ।'

मैनेजरले भन्यो । 'उनलाई हिर्काउने कोशिश नगरे जाती । तिनलाई सन्चो छैन ।' र त्यसले सुस्त-सुस्त भन्यो । 'उनी र उनका जम्मै परिवार गइदिए बेस हुन्थ्यो । तिनी शिविरमा अरू सबैलेभन्दा बढता दुःख दिन्छिन् ।'

आमाले फेरि हातको कुरा सम्झेर भनिन् । 'तिनी फेरि फर्केर आए मैले उन-लाई कुट्न बेर छैन । यस्तै भन्न सकिन्न । म अब तिनलाई मेरो छोरी हैरान पार्न दिन्न ।'

त्यसले भन्यो । 'श्रीमती जोड, त्यस कुरामा अब चिन्ता नगर्नोस् । उनलाई अब फेरि तपाईंले देख्नु हुने छैन । नवागन्तुकहरूकहाँ तिनी त्यस्तै कुरा गर्न जान्छिन् । अब तपाईंकहाँ आउने छैनन् तिनी । तिनी तपाईंलाई पापी ठान्छिन् ।'

आमाले भनिन् । 'अँ, म पापी छु ।'

'अवश्य, सबै पापी छन् तर तिनले भनेजस्तो किसिमले होइन । श्रीमती जोड,

तिनलाई सन्चो छैन ।'

आमाले उसलाई कृतज्ञतापूर्वक हेरेर बोलाइन् । 'रोसाशर्न, सुन्यौ तिमीले ? तिनलाई सन्चो छैन रे । तिनको हावा बिग्रेको छ रे ।' तर छोरीले आफ्नो टाउको उठाइन । आमाले भनिन् । 'मिस्टर, म तपाईंलाई जनाउ दिन्छु । तिनी फर्केर आए मलाई विश्वास नगरे पनि हुन्छ । म उनलाई हिर्काउने छु ।'

त्यसले मुख बंग्याईकन मुस्काएर भन्यो । 'तपाईंलाई चित्त दुखेको मलाई थाहा छ । तर चित्त नदुखाउने प्रयास गर्नोस् । मेरो त्यही अनुरोध छ ।' त्यो बिस्तारै त्यस पालतिर गयो जहाँ श्रीमती सान्द्रीलाई लगिएको थियो ।

आमा पालभित्र गएर रोज आब शारनको बगलमा बसिन् । तिनले भनिन् । 'माथि हेर ।' उनकी छोरी चूपचाप पल्टिरहिन् । आमाले विस्तारै उनको मुख छोपिराखेको सिरक उचालेर भनिन् । 'त्यो आइमाई अलि हावा बिग्रेकी छे । उसले भनेका कुरा एउटा पनि विश्वास नगर ।'

रोज आब शारनले त्रासमा कानेखुसी गरेर भनिन् । 'तिनले बल्ने कुरा गरेपछि, मैंले पनि बलेको अनुभव गरें ।'

आमाले भनिन् । 'त्यो साँचो कुरा होइन ।'

छोरीचाहिले कानेखुसी गरेर भनिन् । 'मलाई थकाइ लागेको छ । मलाई सबै कुराबाट थकावट महसूस भइरहेछ । म सुत्न चाहन्छु, सुत्न चाहन्छु ।'

'अँ, हुन्छ सुत-न । यहाँ ठाउँ राम्रै छ, तिमी सुत्न सक्छौ ।'

'तर तिनी फेरि फर्केर आउन सक्छिन् ।'

आमाले भनिन् । 'तिनी फर्केर आउने छैनन् । म बाहिरतिर बसिरहन्छु र म उनलाई आउन दिन्नँ । अहिले आराम लेऊ किनभने तिमीले छिटै धाइ-घरमा काम गर्नुछ ।'

आमा उठेर पालको ढोकामा बस्न गइन् । तिनी घुँडामा आफ्नो

कुहिनो अड्याईकन तथा हातमा चिउँडो राखेर एउटा बाकसमा बस्न थालिन। तिनले शिविरमा केही हलचल देखिन्, केटाकेटीहरूको आवाज सुनिन्, फलामको एक टुक्रामा घनले ठोकिराखेको शब्द पनि सुनिन् तर उनका नेत्र अधिल्तिर टोलाएर हेरिरहेका थिए।

बा फर्केर आउनुभएपछि उनलाई ढोकानिर देखेर नजीकै पलेंटी कसेर बस्न थाल्नुभयो। तिनले बिस्तारै उहाँलाई हेरेर सोधिन्। 'काम पायौ ?'

उहाँले शर्मिन्दा भएर भन्नुभयो। 'अँहँ, हामीले हेर्‍यौं।'

'आल, जान र ट्रक खोइ ?'

'आलले केही कुरा जडिरहेछ। एक जना मानिस आलले जड्नु पर्छ भन्छ।'

आमाले उदासीनताले भनिन्। 'यहाँ राम्रो ठाउँ रहेछ। यहाँ केही समयलाई हामीहरू सुखसँग रहन सक्छौं।'

'हामीले काम पाउन सके पो।'

'हो ! तिमीहरूले काम पाउन सक्यौ भने पो।'

बाले उनको उदासीनता बुझेर उनको मुख अध्ययन गर्दै भने 'तिमी किन मन खिन्न गरिरहेकी ? यदि यस ठाउँलाई राम्रो भन्छ्यौ भने तिमीले किन मनलाई खिन्न गर्नु परेको ?'

उसलाई घुरेर हेरेपछि तिनले आफ्ना आँखा बिस्तारै बन्द गरिन्। 'मजाको छ, होइन त ! हामीहरू अगाडि बढेर गइरहेको बेला मैले कुनै कुराको विचार गरिनँ। र अब यहाँका मानिसहरू मलाई अचाक्ली राम्रा लागे र म सबभन्दा पहिले के गर्छु अब ? म विगत शोचनीय कुराहरूतिर लाग्छु। अस्ति राति बाज्ये परलोक हुनु भयो र हामीले उहाँको संस्कार गर्‍यौं। म त्यस बखत कहिले झट्का खाँदै कहिले अगाडि बढ्दै बाटैमा थिएँ। त्यस बखत मलाई त्यतिको नराम्रो लागेन। तर अहिले म यहाँ आएँ, ती कुरा संझेर मलाई नराम्रो लाग्यो। र बज्यै–तथा नोआ हिंडिदिए ! नदीको साथ-साथ हिंडिदिएको। ती घटनाहरू अब एक समूहको रूपमा मेरो

स्मृति-पटमा आइरहेछन् । बज्यै बाँचुन्जेल गरीब थिइन् र परलोक भएपछि पनि निर्धन अवस्थामै उनको संस्कार गर्नुपर्‍यो । त्यो कुराले मेरो मनमा नराम्रोसँग घोचिरहेछ । नोआ नदीको पानी सँगसँगै हिंडिदियो । त्यहाँ के छ भन्ने कुरा त्यसले बुझ्न सकेन । न त्यसलाई थाहा थियो न हामीलाई नै । त्यो बाँच्यो कि मर्‍यो हामीले कहिल्यै थाहा पाउने छैनौं । र कान्नी सुटक्क गइदियो । मैले यी सब कुरालाई पहिले मेरो दिमागमा स्थान दिइनँ । तर अहिले तिनीहरू घुइँचो लागेर आइरहेछन् मेरो मनमा । र हामीहरू राम्रो ठाउँमा परेकोले म खुशी हुनुपर्ने ।' तिनले कुरा गरिरहँदा बाले उनको मुख हेरिरहनुभयो । उनका आँखा बन्द थिए ।'ती पहाडहरू कस्ता थिए भन्ने कुरा म अहिले संझन सक्छु । नोआ गएको नदीको बगलमा ती पहाडहरू दाँत जस्तै तिखा थिए । बाज्ये पल्टेको भुइँमा अन्न काटेर बाँकी रहेका ठुटा कस्ता थिए भन्ने कुराको संझना मेरो मनमा आउँछ । म घरमा भएको एउटा प्वाँख लागेको चेप्टो काठको लठ्ठा संझन्छु जो कुखुरा काट्नलाई प्रयोग गरेकोले त्यसको रगत लागेर त्यो कालो हुनुको साथसाथै त्यसमा चुपीको धारले काटिएका बानगीहरू देखिएका थिए ।'

उनको आवाजमाथि बाको आवाज थपियो । उहाँले भन्नुभयो । 'आज म हाँसहरूलाई माथि आकाशमा दक्षिणतिर उडेर गइरहेको देख्तछु । यस्तो देखिन्छ कि उनीहरू ज्यादै सफा सुग्घर छन् । र मैले कालो चराहरूलाई तारमा तथा ढुकुरहरूलाई बारहरूमाथि बसिरहेका देख्तछु ।' आमाले आँखा खोलेर उहाँलाई पुलुक्क हेरिन् । बाले भन्दै जानुभयो । 'म एउटा मानिसले खेतको वारपार धागो कातिरहेको जस्तो एउटा सानो बवण्डर देख्त छु र हाँसहरू अझ दक्षिणतिर लागिरहेका देख्तछु ।'

आमाले मुस्काएर भनिन् । 'संझना ? ती कुराहरूको संझना भएको जो हामीले सधैं घरमा भन्ने गर्थ्यौं ? हाँसहरू उडेर जाँदा हामीहरू भन्थ्यौं । "जाडो महीना छिटो आउँदैछ ।" जाडो महीना आउन लाग्दा जाडो महीना आयो भनी हामीहरू सधैं भन्थ्यौं । तर हामी जहिले पनि यस्तै भन्थ्यौं । "कति चाँडै जाडो महीना आउँदैछ ।" के अर्थले हामीले त्यस्तो भनेका, मलाई आश्चर्य लाग्छ ।'

बाले भन्नुभयो । 'मैले कालो चराहरूलाई तारहरूमा एकसाथ टाँसिएर बसिराखेका देखेको छु । र ढुकुरका जोड़ाहरू बारेका तारहरूमा बसिराखेका पनि देखेको

छु । त्यति शान्तसँग बस्ने अरू कुनै चरा छैनन् । एउटा ठूलो मानिस जत्रो त्यो सानो बवण्डर खेतको वारपार नाचिरहेको देखेको छु ।'

आमाले भनिन् । 'घरमा जे भएको थियो त्यो विचार नआवस् भन्ने म इच्छा गर्छु । किनभने अब त्यो आफ्नो घर छैन । म नोआ फर्केर आएको र त्यो घर आफ्नो भएको हेर्न चाहन्छु ।'

'त्यसले कहिल्यै ठीक व्यवहार गरेन–मेरो तात्पर्य–अँ, त्यो मेरै दोष थियो ।'

'मैले तिमीलाई त्यस्तो कहिले नभन्नू भनेको थिएँ । त्यो बिलकुल बाँचेको छैन होला ।'

'तर त्यसबारे मैले बढता कुरा जान्नुपर्थ्यो ।'

आमाले भनिन् । 'अब त्यसबारे कुरा नगर । नोआ विचित्र थियो । त्यो नदीमा नै रमाएको हुनसक्छ । त्यसैमा जाती भएको हुनसक्छ । हामीले उसको निम्ति चिन्ता लिएर साध्य छैन । यो ठाउँ राम्रो छ र तिमीहरूले छिटै काम पाए बेस हुनेछ ।'

बाले आकाशतिर औंल्याएर भन्नुभयो । 'हेर–कत्रो ठूलो झुण्डमा हाँसहरू उडेर आएका । आमा, "जाडो महीना छिटै आउँदैछ ।" '

तिनले गिडगिडाएर हाँसीकन भनिन् । 'तिमीले भन्ने त्यस्तै त हो नि र किन त्यस्तो भनेको त्यो पनि तिमीलाई थाहा छैन ।'

बाले भन्नुभयो । 'जान आयो । आऊ जान, बस ।'

काका जान उनीहरूकहाँ आएर आमाको सामुन्ने पलेंटी कसेर बसे । उनले भने । 'हामीले कहीं काम पाएनौं, खालि दौड-धूप गर्नु मात्र भो । आलले तिमीलाई भेट्न चाहेको छ । त्यसलाई एउटा टायर चाहिएको छ भन्छ । टायरमा एक चपरी कपडा मात्र बाँकी छ भन्छ ।'

बाले उठेर भन्नुभयो । 'त्यसले टायर सस्तैमा पाउन सक्छ । खर्च धेरै बाँकी छैन । आल कहाँ छ ?'

'त्यहाँ तल अर्को दोबाटो आएपछि दायाँतिर फर्कनु पर्छ । नयाँ ट्यूब नपाए पुरानोलाई फुटाई बिगारिदिन्छु भन्छ ।' बा जानुभयो र उसका आँखाले ठूलो 'बी' आकारले आकाशबाट तल ओर्लिरहेका हाँसको बथानलाई पछ्याए ।

काका जानले भुइँबाट एउटा ढुंगा टिपेर खसाले अनि फेरि टिपे । उनले आमालाई हेरेनन् ।

उनले भने । 'उनीहरूले कुनै काम पाएनन् ।'

आमाले भनिन् । 'तिमीहरूले सब ठाउँमा हेरेनौ ।'

'अँहँ, हेरेनौं, बाहिरपट्टि नै परिचय-पाटीहरू राखिएका छन् ।'

'अँ, टामले काम पाएको हुनु पर्छ । ऊ फर्केको छैन ।'

काका जानले सुझाउ दिए । 'काम्नी या नोआ जस्तै त्यो पनि भागेर गएको हुन-सक्छ ।'

आमाले उसलाई तिखो नजरले हेरेपछि आफ्ना आँखा कोमल पारेर भनिन् । 'तिमीले जानेका तथा तिमीलाई निश्चय भएका कुराहरू छन् तर टामबारे तिमीलाई थाहा छैन । त्यसले काम पाएको छ र आज साँझ त्यो फर्केर आउने छ । यो तथ्य कुरा छ ।' तिनले सन्तोषपूर्वक मुस्काईकन भनिन् । 'त्यो राम्रो लडका होइन र ? त्यो असल लडका होइन र ?'

कार-गाडीहरू तथा ट्रकहरू शिविरमा आउन थाले र मानिसहरू झुण्डका-झुण्ड भएर सैनिटरी युनिटतिर गए । र हरेक मानिस आ-आफ्नो हातमा सफा ओवरअल्स र कमीज लिएर गयो ।

आमाले नजीक आएर भनिन् । 'जान, तिमी बालाई भेट्न जाऊ । पसल गएर आऊ । मलाई सिमी, चीनी, भुट्नलाई एक टुक्रा मासु तथा गाजरहरू चाहिएको छ । बालाई भन, आज रातिलाई असल-असल कुरा ल्याउनू भनेर । आज राति हामी राम्रो खाना खाऔंला ।'

तेइसौं अध्याय

आफ्नो राज्य छोडेर आएका मानिसहरू कामको निम्ति दौड-धूप गर्दै तथा बाँच्नको निम्ति संघर्ष गर्दै गइरहेका मात्र थिएनन् अपितु मोजमजाको खोजी गर्दै आनन्दको साधन निकाल्दै, बनाउँदै पनि गइरहेका थिए । किनभने उनीहरू मनोरन्जनको निम्ति भोकाएका थिए । कहिलेकाहीं उनीहरूले कुरा गर्दामा पनि मनोरंजन प्राप्त गर्थे र उनीहरू ठट्टा गरेर जिन्दगी व्यतीत गर्न थाले । छायाँदार रूखहरूमुनि खोलाहरूको बगलमा खाल्टो परेको सडकको किनारामा भएका शिविरहरूमा कथा-हाल्ने मानिस उत्पत्ति भएर आयो जसले गर्दा कथा-हाल्न जान्ने मानिसहरूका कथा सुन्नलाई पिलपिल आगोको प्रकाशमा मानिसहरू जम्मा हुन थाले । र उनीहरूले कथा भनुन्जेल ध्यान दिएर सुन्न थाले र उनीहरूले सुनिदिएकाले कथाहरूको महत्त्व बढेर गयो ।

अगाशेहरूको सरदार जेरोनिमोसित लड्नलाई म नयाँ भरना भएको सिपाही थिएँ–

र मानिसहरू ध्यान दिएर सुन्न थाले र उनीहरूका शान्त आँखाले निम्न लागेको आगोमाथि हेर्न थाले ।

ती इन्जिनहरू साँप जस्तै छिटा-छरिता थिए र आवश्यक परेपछि शान्त हुन्थे । सुकेका पातहरूमाथि हिंडेपछि तिनीहरूले कुनै आवाज ननिकाल्न सक्थे । यस्तो ती इन्जिनहरूले कहिलेकाहीं गर्ने कोशिश गर्छन् ।

र मानिसहरू ध्यानपूर्वक सुनेर आफूले कुल्चेका सुकेका घाँसबाट निस्केको आवाज संझन्थे ।

ऋतु परिवर्तन भएपछि आकाशमाथि बादल देखा पर्छ । नराम्रो समय । सेनाले कुनै कुरा कहिले राम्रो गरेको सुनेका छौ ? सेनालाई दसचोटि मौका दिए पनि भूल गर्नेछन् । सय जना वीरहरूलाई मार्न तीन रेजिमेन्ट चाहियो– सधैं ।

र मानिसहरू ध्यानले सुनिरहे र उनीहरूका मुख कथा सुनेर शान्त भएका थिए । कथा-हाल्नेहरूले आफ्ना कथाहरूमाथि ध्यान केन्द्रित गरेर राम्रा लय र ठूल-ठूला शब्दहरूमा भन्न थाले किनभने कथाहरू महत्त्वपूर्ण थिए र सुन्नेहरू कथाद्वारा महान् भए ।

एउटा पहाडमा एक जना बहादुर मानिसले सूर्यको विरोध गरेको थियो । नांगै उभिएर त्यसले सूर्यको विरोधमा पाखुराहरू फैलायो । त्यो पागल भएको हुनु पर्छ । मलाई त थाहा छैन त्यो पागल भएको । पाखुरा फैलाएर उभिदा त्यो दुइटा काठ वारपार राखिएको जस्तो देखियो । पाँच सय गजको फासला । र मानिसहरूले नजर उठाएर आफ्ना औंलाले हावा छामेर हेरे । तिनीहरू त्यहीं पल्टे तर हान्न सकेनन् । त्यो इन्जिनले केही कुरा थाहा पाएको हुनसक्थ्यो । हामीले हान्न सकेनौं भन्ने कुरा थाहा पायौं । खालि राइफलहरू तेर्स्याएर त्यहीं पल्टिरह्यौं तथा राइफल-हरू काँधमासम्म पनि राखेनौं । उसको टाउकोमा बाँधेको छालाको पट्टामाथि हेरि-रहेका थियौं । त्यसमा एउटा प्वाँख पनि देख्न सक्यौं । त्यो सूर्य जस्तै नंगा थियो । हामीले त्यहीं पल्टेर उसलाई निकै बेर हेरिरह्यौं । तर त्यो कहिल्यै चलेन । र त्यस-पछि कप्तान पागल भयो । त्यसले जोरसँग कराएर भन्यो । 'हान्, तिम्रा पागल राँडाछोराहरू, हान् ।' र हामीहरू त्यहाँ पल्टिरह्यौं । कप्तानले भन्यो । 'मपाँचचोटि गनुँला अनि पछि तिमीहरूलाई रोकुँला । अँ, साहेब– हामीले आ-आफ्नो राइफल ढीलो गरी माथि उठायौं र अरूले पहिले हानोस् भनेर हरेकले आशा गऱ्यो । मेरो जिन्दगीमा त्यतिको उदास म कहिले पनि भएको छैन । मैले उसको पेटमा हेरें किनभने तिमीले इन्जिनलाई अरू कुनै ठाउँमा रोक्न सक्तैनौ । त्यसपछि अँ, त्यो भुइँमा खसेर लडीबुडी खेल्यो । हामी माथि उक्ल्यौं । त्यो पहिले जति भडकिलो थिएन । त्यो टुक्रा-टुक्रा भएर सानो देखियो । प्वाँख तथा आँखामा रंगी-बिरंगी बुट्टा भएको फूतिलो राम्रो लुइँचेलाई कहिले देखेका छौ ? र ऊ बुंङ खस्यो ! तिमीले उसलाई रगतले लटपटिएर खुम्चीकन त्यसै पडिराखेको उठायौ । तिमीले त्यसको रूप बिगारीकन खायौ र फेरि त्यस्तै बनाउन सकेनौ ।

र मानिसहरूले मुन्टो हल्लाए । शायद आगोबाट निस्केको प्रकाशले आफ्नो

आत्माभित्र उनीहरूले अवलोकन गरिरहेका उनीहरूका आँखाबाट झलक पाइन्थ्यो ।

सूर्यको सामुन्ने बसेर आपना पाखुरा निकालीकन कथा-हाल्ने मानिस सूर्य जस्तै महान् देखिन्थ्यो ।

एक जना मानिस बीस सेन्ट लिएर खाने कि मनोरंजन गर्ने दुविधामा पऱ्यो । ऊ त मैरिस्विल्ले या ट्युलरे, सेरेस या माउन्टेन विउमा चल-चित्र हेर्न गयो । अनि उसको स्मृतिमा खचाखच भरेर ऊ खाल्टो शिविरमा फर्क्यो । र त्यसले त्यस चित्रबारे बयान गऱ्यो :

एउटा मानिस धनी थियो । त्यो गरीब जस्तो बन्यो । एउटी लडकी धनी थिइन् र तिनले गरीब जस्तो बहाना गरिन् । हैमबर्गको उचा चबूतरामा उनीहरूको भेटघाट भयो ।

किन ?

त्यो त मलाई थाहा छैन– जे भएको हो त्यही भनिदिएँ ।

उनीहरूले किन गरीब जस्तो बहाना गरेका ?

अँ, उनीहरूलाई धनी भएर वाक्क लागेको थियो ।

म धनी भएको भए सुँगुरको मासुको चप थुप्रो बनाउन लगाई दाउरा जस्तै चाङ लगाउने थिएँ र कहीं जाँदा बाटोभरि खाँदै जाने थिएँ ।

अँ, उनीहरू दुवैले एक अर्कोलाई गरीब ठानेका थिए । उनीहरू दुवैलाई पुलिसले समातेर जेलमा हालिदिए । उनीहरू बाहिर निस्केनन् किनभने ननिस्कनेले पहिले निस्कनेलाई धनी छ भनेर चिन्नेथ्यो । जेलको हाकिमले उनीहरूलाई गरीब भन्ठानेर नराम्रो व्यवहार गऱ्यो । त्यसले वास्तविक कुरा थाहा पाएपछि त्यो कस्तो देखियो भन्ने कुरा हेर्न लायक थियो । ऊ प्राय मूर्च्छित भयो । बस, यसपछि समाप्त भयो ।

उनीहरू किन जेल परेका ?

अँ, उनीहरू एक किसिमको रैडिकल पार्टीको मीटिंगमा समातिइए । तर उनीहरू रैडिकल थिएनन् । उनीहरू संयोगले त्यहाँ परे । र उनीहरू रुपैयाँको निम्ति परस्परमा बिहे गर्न चाहँदैनथे, बुझ्यौ ।

यसरी ती राँडा-छोराहरू परस्परमा झूट बोल्न थाले ।

अँ, चल-चित्रमा उनीहरूले भलाइ नै गर्न लागेको जस्तो थियो । उनीहरूको व्यवहार मानिसहरूप्रति राम्रै थियो, बुझ्यौ ।

एकचोटि म खेल हेर्न गएको थिएँ । त्यो मेरो बारेमा जस्तै थियो र त्यो-भन्दा बढी मेरो जिन्दगी जस्तै थियो र हरेक कुरा मेरो जिन्दगीभन्दा बढी थियो ।

अँ, त्यो हेर्दाहेर्दै मलाई धेरै दुःख भयो । मलाई नहेरीकन जान मन लाग्यो ।

अवश्य– तिमीले त्यो चित्रलाई यथार्थ मान्न सके ।

यसरी उनीहरूको विवाह सम्पन्न भयो । त्यसपछि उनीहरूले आफूलाई नराम्रो व्यवहार गर्ने मानिसहरू जति सबैको पत्ता लगाए । एउटा निर्दयी मानिस थियो जो त्यो धनी मानिसले रेशमको लामो टोप लाएर आएको देखेपछि प्रायः मूर्च्छित भयो । जर्मन सिपाहीहरू मार्च गरेको एक रील फिल्म पनि देखाइएको थियो जो बडो मजाको थियो ।

र जहिले पनि कुनै मानिससित अलिकति दाम भएपछि मदिरापानमा लागि-झाल्थ्यो । कठीन समय पार हुनको साथसाथै सुलभ समयको शुभागमन भयो । एक-लोपनको महसूस अब कसैलाई पनि भएन किनभने जसले पनि साथीहरू पाउन सक्थ्यो र त्यसले दुश्मनहरू भेट्टाउन सके उनीहरूको संहार पनि गर्न सक्थ्यो । खाल्टोभित्रको शिविरमा बसेर त्यसले माटो मलिलो पारीकन फसल उमार्न थाल्यो । असफलताहरू मन्द भएर गए र भविष्यले भय र त्रास दिन छोड्यो । बुभुक्षाले पर्खेर बस्न छोड्यो । तर दुनिया नरम र सुगम भयो र कोही पनि आफूले प्रस्थान

गर्न खोजेको ठाउँमा पुग्न सक्थ्यो । ताराहरू गजबसँग नजीक आउन थाले र आकाश कमलो भयो । मृत्यु एउटा साथी जस्तो भयो । पुरानो समयको पुनरावृत्ति भयो– एकचोटि घरमा नाचेकी राम्रो खुट्टा भएकी एउटी लडकी– प्राचीन कालको एउटा घोडा । एउटा घोडा र काठी । काठीको छालामा खोदिएको थियो । त्यो कहिलेको थियो ? एउटी लडकीसित भेटेर कुरा गर्नु पर्छ । त्यसो गर्नु बेसै हुन्छ । ऊसित पल्टेर बस्न सक्थ्यो । तर यहाँ न्यानो । र ताराहरू यति नजीक तल तथा उदासीनता र प्रसन्नता एकसाथ यति घनिष्ठ, वास्तवमा एकै कुरा । सधैं रक्सीले लठ्ठ भएर बस्न मन पराउँछ । रक्सी खराब छ भनेर कसले भन्छ ? रक्सी खराब छ भन्ने साहस कसले गर्न सक्छ ? पादरीहरू– तर उनीहरूको पनि आफ्नो किसिमको मादकता थियो । दुब्ली, थारी आइमाईहरू यति दुःखी हुन्छन् कि उनीहरूलाई केही थाहा हुँदैन । सुधारकहरूलाई जिन्दगीभित्र नपसेकोले त्यसको बारे त्यतिको थाहा हुँदैन । अँहँ– ताराहरू नजीक र प्रिय छन् र मैले विश्वहरूको भ्रातृत्वमा भाग लिएको छु । हरेक कुरा पवित्र छ– हरेक कुरा, म पनि ।

मुखे-बाजा बोकेर लान सजिलो हुन्छ । आफ्नो नितम्बको गोजीबाट झिकेर हतकेलामा ठोकीकन प्वालहरूको भित्रबाट धूलो, बगलीको धूलो तथा सुर्तिका टुक्राहरू झार । अब त्यो तयार भयो । तिमीले त्यो मुखे-बाजालाई जे पनि गर्न सक्छौ । त्यो नरकटले बनेको बाजामा एकोहोरो सुरले मधुर लयदार संगीत निस्कन्छ । त्यसमा बैंगपाइपको जस्तो अपशोचको संगीत निकाल्न तथा त्यसबाट तिखो स्वरले पनि बजाउन हुन्छ । बजाइसकेपछि आफ्नो गोजीमा फेरि हाल्न सकिन्छ । यो जहिले पनि बजाउने मानिसको साथ गोजीमा हुन्छ । यो बजाउँदा-बजाउँदै नयाँ तरीकाहरू सिकिन्छ । हात र ओठको दक्षताले नयाँ-नयाँ सुरहरू निकाल्न सकिन्छ । अरूसँग सिक्नै पर्दैन । कहिलेकाहीं मध्याह्नमा एक्लै छायाँमा बसी, कहिले आइमाईहरूले लुगा धोइरहेको बेला, बेलुकाको खाना खाइसकेपछि पालको ढोकामा बसेर बजाउन मन लागेको हुन्छ । त्यो बजाउँदा-बजाउँदै पैतालाले जमीनमा ताल दिइरहेको हुन्छ । लयको सुरमा आँखि-भुइँ तल-माथि चलिरहन्छन् । केही गरी त्यो बाजा हराएछ या फुटेछ भने त्यसलाई त्यतिको ठूलो नोक्सान भन्न हुँदैन । पचीस सेन्टले अर्को बाजा किन्न सकिन्छ ।

गितारको बढता मोल पर्छ । यो बजाउन सिक्नु पर्छ । बायाँ हातका औंला-हरूमा ठेला बसेको हुन्छ जब त्यो बजाउने अभ्यास गरिन्छ । दायाँ हातको बूढी-

औंलामा ठूलै ठेला बसेको हुन्छ । बायाँ हात पर्दाहरूमा अड्याएर त्यसका औंलाहरू साकुराका खुट्टाहरू जस्तै चलाइन्छन् ।

यो गितार मेरो बाले क्रिस्टमसमा दिनुभएको उपहार थियो । मैले बाले जत्तिकै बजाउन सिकेपछि उहाँले बजाउन छोडनुभयो । मैले बजाउँदा उहाँ ढोकैमा बसीकन तालमा पाइला चलाउँदै सुनिरहनुहुन्थ्यो । एक छिनपछि मैले बजाउन छोडेपछि मैले फेरि बजाउनलाई गितार नलिएसम्म उहाँ रिसाउनुहुन्थ्यो । अनि पछि सजिलैसँग बसीकन उहाँ टाउको हल्लाएर भन्नुहुन्थ्यो । 'बजा, बजा राम्रोसँग ।' यो राम्रो क्रिस्टमसको उपहार हो । यसको सिरमा कति खिइसकेको छ । यो वाद्य-यन्त्रमा लाखौं गीत बजाइसकिएकोले यसमा खाल्टो परिसकेको छ । एक दिन त्यो यन्त्र हाँसको फूल जस्तै खाल्टिएर जानेछ । त्यसो भयो भन्दैमा त्यसलाई न टाल्न सकिन्छ न त चिन्तित नै हुन सकिन्छ । त्यसलाई साँझ बजाइन्छ र त्यसको नजीकको अर्को पालमा मुखे-बाजा बजाइन्छ । दुवै एक साथ बज्दा राम्रो लाग्छ ।

बेला बाजा दुर्लभ छ । यो सिक्न गाह्रो छ । यसमा पर्दाहरू पनि छैनन्, न यसलाई सिकाउने गुरु नै छ ।

एउटा बूढो मानिसले बेला बजाएको सुनेर त्यो टिप्न खोज । बजाउँदा कसरी दूना गर्ने भनी त्यसले भन्दैन किनभने त्यसले त्यसलाई गोप्य कुरा भन्छ । तर त्यसले बजाएको मैले हेरिरहें । त्यसले के गऱ्यो भन्ने कुरा यही हो ।

हावा जस्तो तिखो त्यो बेला बाजा छिटो, तिखो र अलि बेमजाको स्वरले बज्यो ।

त्यो त बेला जस्तो पनि छैन । त्यसको दुइ डलर मोल पर्छ । एउटा मानिसले भन्छ कि चार सय वर्ष पुराना बेला बाजाहरू छन् र ती बाजाहरूको आवाज ह्विस्की जस्तै नरम हुन्छ । ती बाजाहरूको मोल छप्पन्न हजार डलर पर्नेछ भनी त्यो मानिस भन्छ । मलाई त थाहा छैन त्यसको मोल । त्यति मोल पर्नेछ भनेको असत्य जस्तो सुनिन्छ । कडा आवाज थाउने राँडा-छोरा बाजा, होइन त ? नाच्न

चाहन्छौ के ? म प्रत्यंचामा पर्याप्त राल दल्नेछु । त्यसपछि त्यो बाजा यति जोरसँग बज्ने छ कि एक माइल परबाट समेत सुन्न सकिनेछ ।

साँझ यी तीन बाजाहरू– मुखे-बाजा, बेला र गितार बज्छन् । अनि पछि मानिसहरू नजीक नआईकन बस्न सक्तैनन् । सजीव संगीत बजेपछि त्यसको लयमा पैतालाहरू चल्न थाल्छन् र एक जना दुब्लो पातलो हब्सी युवकले पाखुराहरू लुलो-लुलो पारीकन तीन छिटो-छिटो पाइला चाल्छ । खुला ठाउँमा सबै भेला भएर नांगो जमीनमा कुर्कुच्चाले ठोकेर नृत्य प्रारम्भ गर्छन् । नाच्नेहरूका हात चारैतिर घुम्छन्, कपाल तल लत्रन्छन् तथा स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ दम निस्कन्छ । नाच्दा-नाच्दै एकबगल-तिर जाम्छन् ।

त्यो टेकसासबाट आएको लडकालाई हेर जसको लामा-लामा खुकुला खुट्टाहरू छन् तथा जसले प्रत्येक कदममा चारचोटि पैतालाले थपथपाउँछ । कुनै लडकालाई त्यसरी घुमेको देखेको छैन । लाल-लाल गाला भएकी त्यो चेरोकी लडकीसित ऊ घुमिरहेको हेर । तिनको दम बढेर छाती फुलेको हेर । तिनी थाकेकी छन् भन्ठान्छौ ? तिनको दम बढेको भन्ठान्छौ ? अँ, तिनी त्यस्ती छैनन् । त्यो टेकसास-युवकका आँखा कपालले छोपिइयो, उसको मुख बाएता पनि त्यसले हावा पाउन सकेन । तर त्यसले प्रत्येक कदममा चारचोटि थपथपाउँछ र त्यो चेरोकी युवतीसित नाचिनै रहने छ ।

बेला बाजाबाट क्वींक्वीं आवाज आउँछ तथा गितारबाट बांग-बांग आवाज आउँछ । मुखे-बाजा बजाउने मानिसको चेहरा लाल छ । टेकसास-युवक तथा चेरोकी युवती जमीनमा खुट्टा बजाउँदा कुकुरहरूले जस्तै स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ गर्छन् । बूढाहरू आ-आफ्नो हात बजाउँदै उभिरहन्छन् । उनीहरू आफ्ना पैताला लयमा मिलाउँदै मुस्काइरहेछन् ।

यो नाच स्कूल घरको पछाडिपट्टि भएको थियो । पूर्ण चन्द्र पश्चिमतिर सललल्ल बगेर गइरहेको थियो । ऊ र म, हामी दुइ जना अलि बाटो हिंडेर आएका थियौं । आउँदा हामीहरूले बिलकुल कुराकानी गरेनौं किनभने हामीहरूका घाँटी अवरुद्ध भएका थिए । र छिटै एउटा खैरो, रातो-पहेंलो रंगको भाले देखा पऱ्यो । त्यसैको नजीक गएर हामी बस्यौं । टेकसास-युवक र त्यो लडकी अन्धकारमा गएका देखिए । तर उनीहरूलाई कसैले पनि देखेका छैनन् भनी उनीहरूले भन्ठाने । अहो,

भगवान् । म त्यो टेकसास-युवकसित गइरहेको भए हुने थियो । चन्द्रमा छिटै माथि उक्लने छ । त्यस लडकीको बाबुले उनीहरूलाई रोक्न गएको मैले देखें । फेरि त्यो थामियो । उसलाई थाहा थियो कि त्यसले उनीहरूलाई रोक्न सके शरद ऋतु पनि रोक्न सक्थ्यो तथा रूखहरूमा रस आउन नदिन पनि सक्थ्यो । र चन्द्रमा चाँडै नै माथि उक्लनेछ ।

अझ बजाऊ– कथाका गीतहरू बजाऊ– जो यस प्रकार छ– 'जब म लरेडोका सडकहरूबाट गइरहेको थिएँ ।'

आगो निभिसकेको छ । आगो बाल्नु शरमको कुरा हुनेछ । सानो पुरानो चन्द्रमा चाँडै उदाउने छ ।

सिंचाइको खाल्टोनिर एउटा पादरी मिहिनेत गरिरहेको थियो र मानिसहरू रोइरहेका थिए । र पादरी आफ्नो आवाजले मानिसहरूलाई हकारेर बाघ जस्तो हिंड्न लाग्यो । अनि उनीहरू जमीनमा घोप्टिएर रुन थाले । त्यसले उनीहरूको बारे विचार गऱ्यो, आँक्यो, उनीहरू माथि खेलबाड गऱ्यो र जब उनीहरू जमीनमा बेचैनले चल्न थाले । त्यसले निहुरेर आफ्नो प्रबल शक्तिले उनीहरू प्रत्येकलाई पाखुरामा लिएर जोरसँग कराउन थाल्यो । 'क्राइस्ट, यिनीहरूलाई लेऊ' भन्दै त्यसले उनीहरू एकेकलाई पानीमा मिल्काइदियो । उनीहरू सबै कमरसम्म आउने पानीभित्र परेपछि तर्सेको नजरले मालिक (क्राइस्ट) लाई हेरेर पानीको किनारामा घुँडा टेकी उसले उनीहरूको निम्ति प्रार्थना गऱ्यो । सबै लोग्नेमानिस र स्वास्नीमानिस जमीनमा घोप्टो परेर रुन सकुन् भनी त्यसले प्रार्थना गऱ्यो । लोग्नेमानिस, स्वास्नीमानिस सबै आफ्ना आङमा टाँसिएको भिजेको लुगाबाट पानी चुहाईकन हेरिरहे । अनि आफ्ना जुत्ताबाट छ्वाइँ छ्वाइँ पानीको आवाज निस्कने गरी तथा ह्वाल-ह्वाल पानी बग्ने गरी उनीहरू शिविरतिर पालहरूमा फर्केर गए । र जाँदाजाँदै उनीहरूले चकित भई सुस्त-सुस्त कुरा गर्दै गए :

उनीहरूले भने । हामीहरू बचेका छौं । हामीहरू बरफ जत्तिकै सेतो हुने गरीकन पखालिएका छौं । हामीले फेरि कहिल्यै पाप गर्ने छैनौं ।

र केटाकेटीहरू तर्सिएर भिजिएर परस्परमा कानेखुसी गर्न थाले :

हामीहरू बचेका छौं । हामीले फेरि पाप गर्ने छैनौं ।

पाप सबै के थिए भन्ने कुरा म जान्न जाहन्थें ताकि म ती पापहरूको अभ्यास गर्न सकूं ।

अरू राज्यहरूबाट आएका मानिसहरू विनम्रतापूर्वक सडकहरूमा आनन्द पाइरहे कि भन्ने आशाले बसिरहेका थिए ।

चौबोसौं अध्याय

शनिवार बिहान लुगा धुने ठाउँहरूमा घुइँचो थियो । आइमाईहरू धर्के-धर्के तथा फूल-बुट्टा भएका सूती लुगाहरू धोएर घाममा झुण्ड्याउँदै तन्काएर चिप्लो पार्न थाले । साँझ परेपछि सम्पूर्ण शिविरमा हतार हुन थाल्यो र मानिसहरू उत्तेजित भए । केटाकेटीहरू उत्तेजित भई पहिलेभन्दा बढी हो-हल्ला मचाउन थाले । मध्य दुइ-प्रहरतिर केटाकेटीहरूको स्नान शुरू भयो । र केटाकेटीहरूलाई एकेक गरी समात्दै, वशमा राख्दै नुहाई-धुवाई गरिदिएपछि खेल्ने मैदानमा हल्ला विस्तार-बिस्तारै घट्दै गयो । पाँच बज्नु अगाडि केटाकेटीहरूलाई मलेर सफा-सुग्घर गरिसके-पछि फेरि फोहर नगर्नू भन्ने जनाउ दिइयो । अनि उनीहरू सफा लुगा लाएर जथा-भावी नचली होशियारी गर्न बाध्य भएकाले दुःखी भईकन यताउति डुल्न थाले ।

ठूलो खुला नृत्य मञ्चमा एउटा कमिटी व्यस्त थियो । बिजुलीका तारहरू शहरको दुकानबाट ल्याएर जडिएका थिए । ठाउँ-ठाउँमा टेपले गाँसिएको थियो । अब त्यो गाँसिएको र बाटिएको तार सिसीका घाँटीहरूलाई इन्सुलेटर जस्तै प्रयोग गरेर नाच्ने भुइँमा ओछ्याइएको थियो । त्यस राति त्यस भुइँमा पहिलोपल्ट बिजुलीको प्रकाशले आलोकित गर्ने थियो । ६ बजे मानिसहरू आ-आफ्नो कामबाट या कामको खोजीबाट फर्केका थिए र स्नानको नयाँ लहर प्रारम्भ भयो । सात बजे खान-पिन सिध्याईकन मानिसहरू सबभन्दा राम्रा लुगा लाउन थाले । तो लुगाहरू भर्खरै धोएका ओवरअलहरू, सफा नीला कमीजहरू र राम्रा काला लुगाहरू थिए । लडकीहरू छापिएका लुगाहरूलाई तन्काई सफा गरी लगाई तयार भएका थिए । उनीहरूका कपाल बाटिएर रिवन लगाइएका थिए । चिन्तित आइमाईहरू परिवार-हरूलाई पहरा दिईकन साँझका रिकापीहरू सफा गर्न थाले । मञ्चमा केटाकेटीहरूका दोहोरो लामले घेरिएर एक दल बाद्य-यन्त्र बजाउनेहरू अभ्यास गर्न थाले । मानिस-

हरू इच्छुक र उत्तेजित थिए ।

एज्राको पालमा सेन्ट्रल कमिटीको मीटिंग भयो जसमा पाँच जना सदस्यहरू मध्ये हस्टन अध्यक्ष थियो । ऊ अग्लो, दुब्लो-पातलो, मौसमले कालो पारेको चिम्से आँखा भएको व्यक्ति थियो । त्यसले कमिटीका सदस्यहरूलाई प्रत्येक सैनिटरी युनिट-बाट एकेक जना मानिस भनेर भन्यो ।

त्यसले भन्यो । 'यो साह्रै भाग्यको कुरा छ कि उनीहरू नाच इत्यादि र खल-बल गर्ने तरखरमा थिए भन्ने कुरा हामीले सुन्यौं ।'

युनिट नम्बर तीनबाट आएको डल्ले प्रतिनिधिले बोल्यो । 'हामीहरूले उनी-हरूलाई हाम्रो ताकत देखाउन दबाउनु पर्छ भन्ठान्छु म ।'

हस्टनले भन्यो । 'अँहँ, उनीहरूले चाहेको पनि त्यही हो । त्यसैले त्यस्तो गर्न हुँदैन । उनीहरूले झगडा गराउन सक्छन् भने हामीहरू सुव्यवस्थित छौं भनी पुलिस पनि भित्र हुन सक्छन् । पहिले पनि उनीहरूले त्यस्तै प्रयास गरिसके—यहाँ होइन अरू ठाउँहरूमा ।' त्यसले दुइ नम्बरको युनिटबाट आएको उदास कालो लडकातिर फर्केर भन्यो । 'बारहरूको वरिपरि पहरा दिन लगाएर बाहिरबाट कसैलाई घुस्न नदिन मानिसहरू मिलाई राखेको छ ?'

त्यो उदास लडकाले मुन्टो हल्लाएर भन्यो । 'छन् बाह्र जना । कसैलाई पनि न कुट्नू भनेको थिएँ उनीहरूलाई । कोही घुस्न खोजे घचेटेर पठाउनू भनेथें ।'

हस्टनले भन्यो । 'तपाईं बाहिर गएर विल्ली ईटानलाई खोजेर ल्याउनुहुन्छ ? उनी मनोरंजन कमिटीका अध्यक्ष हुन्, होइन र ?'

'हो ।'

अँ, हामी उनलाई भेट्न चाहन्छौं भन्नोस् ।'

त्यो लडका बाहिर गएर एकै छिनमा एउटा बलियो टेकसासको मानिसलाई लिएर फर्क्यो । विल्ली ईटानको लामो कमजोर जबडा थियो । उसको कपालको रंग धूलोको जस्तो थियो । उसका पाखुरा र खुट्टा लामा र खुकुला थिए र त्यसका

आँखा पैनहैण्डलहरूका जस्तै खैरा थिए । आफ्नो हात नाडीमा अधैर्यसँग चलाईकन ङिच्च सिर त्यो पालमा उभियो ।

हस्टनले भन्यो । 'आज रातिको बारे केही सुन्यौ ?'

विल्लीले ङिच्च हाँसेर भन्यो । 'ज्यू, सुनें !'

'त्यसको निम्ति केही गऱ्यौ ?'

'ज्यू, गऱें ।'

'के गऱ्यौ भन ।'

विल्ली ईटानले खुशीसँग ङिच्च हाँसेर भन्यो । 'अँ, साहेब, साधारण मनोरंजन कमिटीमा पाँच जना छन् । मैले बीस जना राम्रा बलिया युवकहरू तयार पारेको छु । उनीहरूले आँखा र कान खुला राखेर नाच हेर्नेछन् । कसैले केही कुरा गरेको या बहस गरेको सुनेपछि उनीहरूले त्यसलाई घेरेर बाहिर निकालिदिनेछन् र त्यसको साथसाथै उनीहरू पनि बाहिर जानेछन् ।'

'उनीहरूलाई त्यस्ता हुल-दंगा गर्नेहरूलाई केही चोट नलगाउनू भन्नू ।'

विल्लीले खुशीसँग हाँसेर भन्यो । 'मैले त्यो कुरा भनें ।'

'अँ, उसोभए उनीहरूले त्यो कुरा बुझेका छन् ।'

'उनीहरूलाई थाहा छ । पाँच जना मानिसले फाटकबाहिर बसेर भित्र पस्ने मानिसहरूलाई निरीक्षण गर्नेछन् । उनीहरूले खलबल मचाउनेहरूलाई अगाडिबाटै फेला पार्ने कोशिश गर्नेछन् ।'

हस्टन उभिरह्यो । उसका इस्पात-रंगका आँखा साह्रा थिए । त्यसले भन्यो । 'विल्ली, हामी तिनीहरूको केही नोक्सान गर्न चाहँदैनौं । सामुन्नेको फाटकबाहिर उप-जिल्लाधीशहरू बसिरहनेछन् । तिमीहरूले ती गोलमाल गर्नेहरूलाई रगतपच्छे गऱ्यौ भने ती उप-जिल्लाधीशहरूले तिमीहरूलाई पकडाउ गर्नेछन् ।'

विल्लीले भन्यो । 'हामीले त्यो कुरा विचार गरेका छौं । ती गोलमाल गर्नेहरूलाई पछिल्तिरको ढोकाबाट बाहिर मैदानमा लानेछौं । हाम्रा मानिसहरूले उनीहरू आफ्नो बाटो लागे कि लागेनन् भन्ने कुरा पनि हेर्नेछन् ।'

हस्टनले चिन्तित भएर भन्यो । 'अँ, सबै ठीक भएको जस्तो बुझिन्छ । तर, विल्ली, केही नराम्रो हुन नदिनू । त्यसको जिम्मेवार तिमी छौ । उनीहरू कसैलाई पनि चोट नपार्नू । कुनै लट्ठी या चक्कु या हथियार केही पनि प्रयोग नगर ।'

विल्लीले भन्यो । 'गर्दैनौं, साहेब । हामी उनीहरूलाई चोट पार्दैनौं ।'

हस्टनलाई शंका थियो । 'विल्ली, म तिमीमाथि विश्वास गर्न चाहन्छु । तिमी उनीहरूमाथि हात हाल्न चाहन्छौ भने त्यस्तो ठाउँमा मात्र हात हाल जहाँबाट रगत-पच्छे हुँदैन ।'

विल्लीले भन्यो । 'हुन्छ, साहेब ।'

'तिमीले छानेका मानिसहरूमाथि तिमीलाई विश्वास छ ?'

'छ, साहेब ।'

'ठीक छ । तिनीहरू फुत्केर गएभने म नाच्ने मञ्चको दायाँ कुनातिर बसिरहने छु ।'

विल्लीले हँसीमा सलाम ठोकेपछि त्यहाँबाट गयो ।

हस्टनले भन्यो । मलाई थाहा छैन । म आशा गर्छु कि विल्लीका मानिसहरूले कसैलाई मार्ने छैनन् । ती उप-जिल्लाधीशहरूले के भनेर हाम्रो शिविरलाई नसहेका होलान् ? उनीहरूले हामीलाई किन नछोडेका ?'

दुइ नं. को युनिटबाट आएको उदास लडकाले भन्यो । 'जमीन तथा गाई-गोरु निगमले अपनाई राखेको सनलैण्ड भन्ने ठाउँमा म बस्थें । ईश्वरप्रति ईमान राखेर भन्न चाहन्छु कि उनीहरूले हर दस जना मानिसको लागि एउटा पुलिस तैनात गरेका थिए तथा अन्दाजी दुइ सय जना मानिसको निम्ति एउटा धारा

राखिदिएका दिए ।'

डल्ले मानिसले भन्यो । 'जेरेमी, जीजस, ईश्वरको शपथ, तिमीले त्यो कुरा मलाई भन्नु पर्दैन । म त्यहीं थिए । उनीहरूले पैंतीसवटा झोपडी एक पंक्तिमा तथा पन्ध्रवटा एकै ठाउँमा बनाएका थिए । ती उप-जिल्लाधीशहरूमध्ये एक जनाले मलाई भित्री कुरा बतायो । त्यो बसिरहेको थियो र त्यस बेला त्यसले भन्यो । "मोरा सर्कारी शिविरहरूमा बस्नेहरूले तातो पानी पाएकाले यहाँका शिविरहरूमा पनि तातो पानीको माग गर्न थालेका छन् । त्यहाँ राम्रा टट्टीहरू भएकाले यहाँ पनि त्यस्तै माग गर्न थाले । मोरा ओकीहरूलाई त्यस्तै कुरा दिएपछि त्यसैको चाहना भैरहन्छ । ती सर्कारी शिविरहरूमा बस्ने मानिसहरूले कम्युनिस्ट-मीटिंग गर्छन् । त्यहाँ बस्नेजति जम्मै कसरी छुटकारा पाउने हो भन्ने कुराको विचार गर्छन् ।" '

हस्टनले सोध्यो । 'कसैले उसलाई ठोकेन त ?'

'अँहँ, एउटा सानो मानिस थियो जसले भन्थ्यो । "तपाईंले भन्नुभएको छुटकाराको तात्पर्य के हो ?" '

' "छुटकाराको मेरो मतलब हो–हामी टयाक्स-तिर्नेहरूले जे-जति तिर्छौं त्यो मोरो ओकीहरूले लिइदिन्छन् ।"

त्यो सानो मानिसले भन्यो । "हामीहरूले बिक्री-कर, पेट्रोल-कर तथा चुरोटको कर, तिर्छौं । किसानहरूले सरकारबाट एक पाउण्ड कपासको चार सेन्ट पाउँछन्–त्यो छुटकारा होइन त ? रेल, सडक तथा जहाज-निगमहरूले आर्थिक सहायता पाउँछन्–के त्यो छुटकारा होइन ?"

त्यो उप-जिल्लाधीश भन्थ्यो । "उनीहरूले गर्नुपर्ने काम गरिरहेछन् ।"

त्यो सानो मानिसले भन्यो । ' "अँ, हामीहरू नभएका भए तपाईंका बालीहरू कसरी काट्ने ?" ' त्यो डल्ले वरिपरि हेर्न थाल्यो ।

हस्टनले सोध्यो । 'त्यो उप-जिल्लाधीश के भन्थ्यो ?'

'अँ, त्यो उप जिल्लाधीश पागल भयो । र त्यसले भन्थ्यो । ' "तिमी मोरा

कम्युनिस्टहरूले सधैं दुःख दिइरहेका हुन्छौ । तिमीहरू मसित आए बेस हुन्थ्यो ।" यसैले त्यसले यो सानो मानिसलाई समातेर उसको आवारापनको लागि साठी दिनको कारावासको सजाय दियो ।'

टिमोठी वैलेसले सोध्यो । 'त्यसको काम भए उनीहरूले जेल कसरी पठाउँथे ?'

त्यो डल्लेले हाँसेर भन्यो । 'तिमी त्योभन्दा बढी कुरा जान्दछौ । तिमीलाई थाहा नै छ कि पुलिसलाई कुनै कुरा मन पर्दैन भने त्यो हो आवारा । र उनीहरूले यस शिविरलाई घृणा गरेको कारण पनि यही हो । कुनै पुलिस यहाँभित्र घुस्न सक्तैन । यो संयुक्त राज्य अमेरिका हो, क्यालिफोर्निया होइन ।'

हस्टनले सुस्केरा हालेर भन्यो । 'हामी यहाँ निकै दिन बस्न पाए हुँदोहो । तर हामीलाई यहाँबाट चाँडै जानु छ । मलाई यो ठाउँ मन पर्छ । यहाँका मानिसहरू बेस छन् । अरे भगवान्, उनीहरूले हामीहरूलाई जेल पठाएर दुःखी पार्नुसट्टा यहीं बस्न दिन किन नसकेका ? म ईश्वरको किरिया खाएर भन्छु कि उनीहरूले हामीहरूलाई दुःख दिन छोड्दैनन् भने हामीलाई संघर्ष गर्न बाध्य गराउनेछन् ।' त्यस पछि त्यसले आफ्नो मनलाई संझाउँदै आवाज नरम पारेर भन्यो । 'हामीले शान्त भएर बस्नु पर्छ । कमिटीलाई आवेशमा आउने अधिकार छैन ।'

तीन नं. को युनिटबाट आएको डल्ले मानिसले भन्यो । 'यस कमिटीले सब थोक गर्न सक्छ भनेर सबै ठान्छन् । आज मेरो युनिटमा आइमाईहरूले परस्परमा गाली गरेर फोहोर-मैला फ्याँकी झगडा गरे । महिला-कमिटीले तिनीहरूको झगडा छिन्न नसकेकोले उनीहरू मकहाँ आए । उनीहरूले आफ्नो झगडालाई मेरो माध्यम-बाट यस कमिटीमा पुऱ्याउन चाहेका थिए । मैले उनीहरूलाई महिला-समस्या आफैंले सुल्झाउनु पर्छ भनें । यो कमिटी मैलो-फोहरबारे गरिएको झगडामा अलमलिन चाहँदैन ।'

हस्टनले टाउको हल्लाउँदै भन्यो । 'तपाईंले ठीक गर्नु भएको रहेछ ।'

अब सन्ध्या हुँदै आयो र अन्धकार बढ्दै गएपछि वाद्य-यन्त्र बजाउनेहरूले बजाएको अभ्यासको आवाज झन् ठूलो हुँदै गएको जस्तो बुझियो । बिजुलीको प्रकाश आलोकित भएपछि दुइ जना मानिसले नाच्ने भुइँमा ओछ्याइएको गाँसेको तारको

निरीक्षण गरे । केटाकेटीहरूको बाक्लो घुइँचोले गवैयाहरूको वरिपरि घेर्न थाल्यो । एउटा युवक 'नीलो आकाशमुनि घर' भन्ने गीत आफैंले बजाएको गितारको सुरमा मिलाईकन गाउन थाल्यो र त्यसले दोश्रो समूह-गीत गाउँदा तीनोटा मुखे-बाजा तथा एउटा बेला बाजाले पनि साथ दिए । पालहरूबाट मानिसहरू नीलो खस्रो सूतीका लुगा लाएर तथा आइमाईहरू धर्के-धर्के सूती लुगा लाएर मञ्चतिर ओहिरिए । उनीहरू मञ्चनिर आएर प्रकाशमा उत्सुक तथा उज्यालो मुख पारेर शान्तसँग पर्खेर उभिए ।

अलग छुट्टचाइएको स्थानको वरिपरि माथिसम्म तारले बारिएको थियो तथा त्यस बारेको ठाउँको पचास फीटको फासलामा मानिसहरू घाँसमा बसेर पर्खिराखेका थिए ।

अब पाहुनाहरूका गाडी, साना-साना किसान तथा उनीहरूका परिवार, विदेशिएका मानिसहरू, जो अरू शिविरहरूमा बसिराखेका थिए सबै आउन थाले । जब हरेक पाहुना फाटकबाट भित्र छिऱ्यो त्यसले आफूलाई निम्त्याउने शिविर-निवासीको नाउँ लियो ।

बाजा बजाउनेहरूले सजीव नृत्यको धुन जोरसँग बजाउन थाले किनभने अब उनीहरूले अभ्यासको रूपमा बजाउन छोडे । उनीहरूको पालको सामुन्ने जीजसप्रति श्रद्धा हुनेहरू मुखमा साह्रोपन र घृणाको भावना लिएर हेर्न थाले । उनीहरूले परस्परमा एक शब्द पनि बोलेनन् । उनीहरूले पापको काम कता हुन्छ भन्ने कुराको खोजी गरेर सम्पूर्ण कारवाईप्रति दोषको भावनाले हेरिरहे ।

जोड-परिवारको पालमा रूठी र विनफील्ड उनीहरूले भेट्टाएका अल्पाहार नचपाईकन निलेर मञ्चतिर हिंडे । आमाले उनीहरूलाई बोलाईकन उनीहरूको चिउँडोमुनि हात राखेर मुख र नाक मात्र निरीक्षण गरेकी होइनन् अपितु कान तानेर भित्रपट्टि जाँचेर पनि हेरिन् । तिनले उनीहरूलाई सैनिटरी युनिटतिर फेरि एक चोटि हात धुन पठाइन् । घरको पछिल्तिरबाट गएर उनीहरू वाद्य-यन्त्र बजाउनेहरूको वरिपरि ठसाठस भरिएका केटाकेटीहरूको बीचमा उभिन मञ्चतिर छिटो-छिटो गए ।

आलले खाना खाइसकेपछि टामको छुराले दाह्री खौरेर आधा घण्टा बितायो ।

आलसित टम्म कसेको ऊनको पैन्ट र धर्के धर्के कमीज थियो । त्यसले नुहाइ-धुवाइ गरी आफ्नो सोझो कपालमा काइँयो लगाएर पछाडितिर लग्यो । नुहाइ-धुवाइ गर्ने कोठामा एक छिन ऊ एक्लै भएपछि आफू ऐनामा हेरेर मुस्कायो । मुस्काउँदै त्यसले फर्केर ऐनामा आफ्नो पार्श्व-दृश्य हेर्ने कोशिश गऱ्यो । रातो र नीलो रंगका पट्टाहरू पाखुरामा लगाएपछि त्यसले आफ्नो टम्म कसेको कोट लायो । टट्टीमा प्रयोग गर्ने एक टुक्रा कागजले आफ्नो पहेंलो जुत्ता त्यसले पुछ्यो । एउटा अबेर गरेर नुहाउने मानिस आएपछि आल छिटो-छिटो बाहिर गयो । लडकीहरूतिर आँखा लगाउँदै त्यो लापरवाहीसित मञ्चतिर गयो । नाच्ने मञ्चनिर त्यसले एउटी गोरी राम्री लडकीलाई एउटा पालको सामुन्ने बसिरहेकी देख्यो । बिस्तारै उनको नजीक गएर त्यसले आफ्नो कमीज देखाउनलाई कोट फुकाल्यो ।

त्यसले सोध्यो । 'आज राति नाच्न लागेकी ?'

त्यो लडकीले अन्यत्र हेरी र जवाब दिइन ।

'एउटा मानिसले तिमीसित कुरा गर्न सक्तैन र ? तिमी र म नाचे के होला ?' र त्यसले उदासीनताले भन्यो । 'म बल्ज नाच नाच्न सक्छु ।'

त्यो लडकीले आफ्ना आँखा लज्जित भावनाले उठाएर भनिन् । 'त्यसमा के महत्त्व छ र–त्यसो त सबैले गर्न सक्छन् ।'

आलले भन्यो । मैले जस्तो कसैले पनि सक्तैन । संगीत बजेपछि त्यसले एउटा पाइला त्यसको लयसित मिलाई चलायो । त्यमले भन्यो । 'आऊ नाच्न ।'

असाध्य मोटी एउटी आइमाईले पालबाट आफ्नो टाउको निकालेर ऊसँग रिसाई क्रूरताले भनिन् । 'तिमी एक्लै नाच । यी लडकीको मगनी भएको छ । तिनको बिहे हुन लागेको छ । उनको भावी लोग्ने उनलाई भेट्न आउँदैछ ।'

आल त्यस लडकीमाथि दुराचारी नजरले आँखा झिम्काएर आफ्नो पाइला संगीतको तालमा बजाउँदै आफ्ना कुम र पाखुरा हल्लाउँदै अगाडि बढ्यो । र ती लडकी उसलाई आँखा गाडेर हेर्न थालिन् ।

बाले आफ्नो प्लेट तल राखेर उभीकन भन्नुभयो । 'जान, आऊ ।' उहाँले

आमालाई व्याख्या गरेर भन्नुभयो । 'हामी कामबारे कुनै मानिसहरूसित कुरा गर्न जाँदैछौं ।' वा र काका जान मैनेजरको घरतिर गए ।

टाम आफ्नो प्लेटको मासुको रसमा एक टुक्रा रोटी चोपेर खान थाल्यो । त्यसले प्लेट आमाको हातमा राखिदिएपछि आमाले त्यसलाई तातो पानी भएको बालटीनमा हालेर पखालीकन रोज आब शारनलाई पुछ्न दिइन् । आमाले सोधिन् । 'तिमी नाच हेर्न नजाने त ?'

टामले भन्यो । 'अवश्य जान्छु । म कमिटीको सदस्य छु । हामीले कोही मानिसहरूको मनोरन्जन गर्नुछ ।'

आमाले सोधिन्, 'कमिटीमा बसिसकेका ? तिमीले काम पाएकाले बसेका होलाउ, हैं ।'

रोज आब शारन रिकापी राख्न जानलाई फर्केपछि टामले उनलाई औंल्याएर भन्यो । 'अरे भगवान्, तिनी कस्ती चाक्ली भैंसकिन् ।'

रोज आब शारनले शरमले रातास्य भई आमासित अर्को रिकापी लिइन् । आमाले भनिन् । 'अवश्य तिनी चाक्ली हुँदै गइरहेकी छन् ।'

टामले भन्यो । 'तिनी झन् राम्री हुँदै आइरहेकी छन् ।'

ती लडकीले झन् बढता शरमले रातास्य भई मुन्टो झुकाएर नम्रतापूर्वक भनिन् । 'कति भनिरहेका त्यो ।'

आमाले भनिन् । 'अवश्य पनि तिनी झन् राम्री हुँदै आएकी छन् । पेटमा बच्चा बोकेकी लडकी जहिले पनि झन् राम्री हुन्छे ।'

टामले खित्का छोडीकन हाँसेर भन्यो । 'तिनी यस्ती मोटी हुँदै गएपछि तिनलाई कहीं जानु पर्‍यो भने ठेलागाडी चाहिएला ।'

'अब त्यो कुरा भन्न छोड ।' भनेर रोज आब शारन अदृश्य हुने गरी

पालभित्र पसिन् ।

आमाले मुख बन्द गरीकन हाँसेर भनिन् । 'तिमीले उनलाई त्यसरी हैरान गर्नु नपर्ने ।'

टामले भन्यो । 'तिनलाई त्यसो भनेको मन पर्छ ।'

'मलाई थाहा छ तिनलाई त्यो मन पर्छ भनेर तर साथसाथै त्यसो भनेपछि उनलाई दिक्क पनि लाग्छ । र तिनलाई काम्नीको बारेमा दुःख भइरहेछ ।'

'अँ, तिनले उसलाई त्याग्नुपर्ने थियो । अहिले त ऊ सम्भवतः संयुक्त राज्य अमेरिकाको राष्ट्रपति हुनलाई अध्ययन गरिरहेको होला ।'

आमाले भनिन् । 'उनलाई दिक्क नगर । तिनले कठिन समयको सामना गर्नु छ ।'

विल्ली ईटानले नजीक आएर डिच्च हाँसीकन भन्यो । 'तपाईं टाम-जोड हुनु हुन्छ ?'

'ज्यू ।'

'अँ, म मनोरन्जन-कमिटीको अध्यक्ष हूँ । हामीलाई तपाईंको आवश्यकता पन्यो । तपाईंबारे एउटा मानिसले भन्यो ।'

टामले भन्यो । 'म अवश्य तपाईंसित खेलुँला । यहाँ मेरी आमा ।'

विल्लीले भन्यो । 'तपाईंलाई कस्तो छ ?'

'तपाईंसित भेट गर्न पाएर खुशी लाग्यो ।'

विल्लीले भन्यो । 'कार्यक्रम शुरू गर्नलाई तपाईंलाई फाटकमा राख्ने अनिपछि भुइँमा । मानिसहरू भित्र आउँदा उनीहरूलाई हेरेर चिन्ने तपाईंले । तपाईंलाई अर्को मानिसले पनि साथ दिनेछ । त्यसपछि म तपाईंलाई मञ्चमा राखेर नाच

देखाउन चाहन्छु ।'

टामले भन्यो । 'ज्यू म त्यो काम ठीकसँग गर्न सक्छु ।'

आमाले डराएर सोधिन् । 'केही गोलमाल त छैन ?'

विल्लीले भन्यो । 'अँहँ, केही गोलमाल हुन नदिनु छ ।'

टामले भन्यो । 'बिलकुल गोलमाल छैन । अँ, म आउँछु । नाच हुने ठाउँमा भेट्छु आमालाई ।' दुवै युवकहरू मूल फाटकतिर छिटो-छिटो गए ।

आमाले धोइसकेका रिकापीहरू एउटा बाकसमा चाङ पारेर बोलाइन् । 'आऊ बाहिर ।' कुनै उत्तर नआएकोले तिनले फेरि बोलाइन् । 'रोसाशर्न, बाहिर निस्की ।'

ती लडकी पालबाट बाहिर निस्किन् । त्यसपछि तिनी रिकापी पुछ्न थालिन् ।

'टामले तिमीसित खालि ठट्टा गरेको ।'

'मलाई थाहा छ । मैले त्यसमा केही ध्यान दिइनँ । मलाई त मानिसहरूले हेरेको मन पर्दैन ।'

त्यसबाट बच्ने के उपाय छ र । मानिसहरूले हेर्छन् । तर कुनै एउटी लडकीले परिवार बढाउन लागेको देखेर मानिसहरू खुशी हुन्छन् । अँ, तिमी नाच हेर्न नजाने त ?'

'मलाई थाहा छैन । मलाई काम्नी यहाँ भएको भए हुने थियो ।' उनले ठूलो स्वरमा भनिन् । 'आमा, काम्नी यहाँ हुनु पर्ने । उसको अनुपस्थिति म सहन सक्तिनँ ।'

आमाले उनलाई आँखा गाडेर हेरीकन भनिन् । 'मलाई थाहा छ । तर रोसाशर्न–तिम्रो परिवारलाई लज्जित नपार ।'

'मा, त्यसो गर्नै मेरो उद्देश्य होइन ।'

'अँ, तिमी हामीलाई लज्जित नपार । बिना शरमले हामीहरू अहिलेसम्म चल्दैछौं ।'

त्यस लडकीका ओठ थरथर कामे । 'म नाच हेर्न जान्नँ । म जान सक्तिनँ, आमा । मलाई सघाऊ ।' तिनी पाखुराहरूको बीचमा आफ्नो टाउको घुसारेर बस्न थालिन् ।

आमा रिकापी पुछ्ने तौलिया-रूमालमा आफ्नो हात पुछेर छोरीको सामुन्ने पलेंटी कसेर बसिन् । तिनले रोज आब शारनको कपालमा आफ्नो हात राखेर भनिन् । 'तिमी असल लडकी छौ । तिमी सधैं असल लडकी थियौ । तिमीलाई म स्याहार गर्नेछु । चिन्ता नमान । तिमीले र मैले के गर्न लागेका छौं, थाहा छ ? हामीहरू नाच हेर्न जाँदैछौं । हामीहरू बसेर हेर्नेछौं । कसैले तिमीलाई नाच्न अनुरोध गऱ्योभने तिमी बलियी छैनौ भनेर म भनुँला । तिम्रो स्वास्थ्य ठीक छैन भनेर म भनुँला । र तिमी संगीत सुन्न र नाच हेर्न सक्छयौ ।'

रोज आब शारनले मुन्टो उचालेर भनिन् । 'तिमीले मलाई नाच्न नदिने हो त ?'

'अँहँ, म तिमीलाई नाच्न लाउन्नँ ।'

'र मलाई कसैले छुन नपाओस् ।'

'अँहँ, म कसैलाई छुन पनि दिनेछैन ।'

ती लडकीले सुस्केरा हालेर उद्दण्डताले भनिन् । 'मैले के गर्न लागेको मलाई थाहा छैन, आमा । मलाई थाहा छैन ।'

आमाले उनको घुँडामा थपथपाएर भनिन् । 'हेर, मलाई हेर । म तिमीलाई केही भन्न लागेकी छु । एकै छिनमा तिमीलाई ठीक हुनेछ । यो तथ्य छ । अब जाऔं, हामी गएर हात-मुख धोऔं । राम्रो लुगा लाएर हामी नाच हेर्न जाऔंला ।'

तिनले रोज आब शारनलाई सैनिटरी युनिटतिर लगिन् ।

बा र काका-जान अफिसको ड्योढीनिर एक दल मानिसहरूको साथमा पलेंटी कसेर बसे । बाले भन्नुभयो । 'हामीले आज झण्डै काम पाउन लागेका । हामी अलि-कतिले अबेर भयौं । उनीहरूले हामी जानुभन्दा पहिले नै दुइ जना मानिस भेट्टाइ-सकेका थिए । अँ, बडो मजाको कुरो यो थियो कि त्यहाँ एक जना कामदारहरूको उप-नाइके थियो जसले भन्थ्यो । "हामीले पचीस सेन्ट ज्याला लिने केही मानिसहरू पाएका छौं । अब हामीलाई बीस सेन्ट ज्याला लिने मानिसहरूको दरकार छ । हामीलाई बीस सेन्ट ज्यालामा निकै मानिस चाहिएको छ भनी तिमीहरू आफ्नो शिविरमा भन्न जाऊ ।" '

पलेंटी कसेर बस्ने मानिसहरू बल-प्रदर्शन गर्दै चल्न थाले । कालो टोपको छायांमा आफ्नो मुख पूर्ण रूपले छोपिएको चौडा कुम हुने एक जना मानिसले आफ्नो घुँडामा हत्केलाले थपथपाउँदै भन्यो । 'त्यो कुरा मलाई थाहा छ । भीरबाट लडाई दे त्यस्ता कुरालाई ! उनीहरूले भोकाएका मानिस पाउनेछन् । घण्टाको बीस सेन्टको दरले ज्याला लिएर तिमी आफ्नो परिवारलाई खवाउन सक्तौ । तैपनि तिमी काम गर्नेछौ । उनीहरूकहाँ तिमी जस्ता मानिस कति आउँछन् कति जान्छन् । उनीहरूले कामलाई लिलामको रूप दिन्छन् । जीजस क्राइस्टको शपथ, छिटै उनीहरूले आफ्नो काम गराउन हामीलाई तिर्न लगाउनेछन् ।'

बाले भन्नुभयो । 'हामी त्यो काम गर्ने थियौं । किनभने हामीले कुनै काम पाएका छैनौं । हामी अवश्य त्यो काम गर्ने थियौं तर त्यहाँ त्यस्ता मानिसहरू थिए जसको अनुहार देखेर हामी त्यो काम गर्न डराएका थियौं ।'

कालो टोप लाउने मानिसले भन्यो । 'यस्तो विचार गरेपछि तिमी पागल बनौला । मैले एउटा मानिसकहाँ काम गरेको थिएँ । तर त्यसले आफ्नो बालीसम्म पनि उठाउन सकेन । बाली बेचेर पाएको पैसाभन्दा बाली काट्नलाई गरेको खर्च बढता परेको थियो । उसलाई अनि के गर्ने-के गर्ने भयो ।'

बाले भन्नुभयो । 'मलाई लाग्छ–' ऊ बसेको ठाउँ वरिपरि बस्ने मानिसहरू चुप थिए । 'अँ, मेरो विचारमा एक जना मानिसलाई एक एकड जमीन भए पुग्छ ।

मेरी श्रीमती त्यस जमीनबाट एउटा सानो ट्रक, एक जोडा सुँगुर तथा केही कुखुराहरू किन्नलाई पुग्ने गरी बाली उत्पादन गर्न सक्छे । र हामी लोग्नेमानिसहरूले बाहिर गएर काम गर्नु पर्छ । केटाकेटीहरूलाई स्कूल पठाउनु पर्छ । यहाँका स्कूल जस्ता असल अन्यत्र कहीं पनि देखेको छैन ।'

कालो टोप लाउने मानिसले भन्यो । 'हाम्रा केटाकेटीहरू ती स्कूलहरूमा पढेर रमाइलो मान्दैनन् ।'

'किन खुशी नभएका ? यी स्कूलहरू निकै राम्रा छन् ।'

'कुनै केटा जुत्ता नलाएर झुत्रे भए, अरू केटाहरूले मोजा मात्र लाएका हुन्छन्; कसैको पैन्ट राम्रो भए, अरू हल्ला गर्ने "ओकी" हुन्छन् । मेरो छोरो स्कूल जान्थ्यो र हरेक दिन लडाईं-झगडा गरेर फर्कन्थ्यो । बलियो भएकोले त्यो जितेर आउँथ्यो । कहिलेकाहीं आफ्नो लुगा च्यातिएर तथा नाक रगतपच्छे गरेर फर्कन्थ्यो । अनि उसकी आमाले उसलाई ठोक्थिन् । उनलाई मैले रोक्नुपर्ने हुन्थ्यो । विचरालाई कति कुट्न दिने ! आफूलाई ठोकेता पनि राम्रा पैन्ट लाउने ती राँडा-छोरा केटाकेटीहरू-मध्ये ऊ कसैको कुटाइ सहेर आउँथ्यो । खोइ त्यसो किन गरेको मलाई थाहा छैन ।'

बाले सोध्नुभयो । 'अँ, मैले के गर्ने लागेको होला ? हाम्रो खर्च सिद्धिसक्यो । मेरो एउटा छोराले सानो काम पाएको छ । तर त्यतिले हामीलाई खान पुग्दैन । म बीस सेन्टमा भएपनि काम गर्न चाहन्छु । मैले त्यो काम लाचार भएर गर्नु पर्छ ।'

कालो टोप लाउने मानिसले आफ्नो टाउको उठाएपछि उसको ठाडो-ठाडो दाह्री भएको चिउँडो तथा भुत्ला जस्तो जुंगा भएको उसको लचकदार घाँटी प्रकाशमा देखा परे । त्यसले कटुतापूर्वक भन्यो । 'हो ! तिमीले त्यो काम गरौला । र म त पचीस सेन्ट नपाईकन गर्दिनें । तिमीले मेरो काम बीस सेन्टमा गरेपछि मैले भोकै बस्नुपर्ने हुन्छ । परिणामस्वरूप मैले त्यो काम पन्ध्र सेन्टमा गर्नुपर्ने हुन्छ । हुन्छ ! तिमी गएर त्यो काम गर ।'

बाले सोध्नुभयो । 'अँ, मैले के गर्ने त ? म भोकै बस्न सक्तिनें, यदि तिमीले पचीस सेन्टमा त्यो काम गऱ्यौ भने ।'

कालो टोपले टाउको निहुराएपछि उसको चिउँडो छायाँमा डुब्यो । त्यसले भन्यो । 'मलाई थाहा छैन । मलाई केही पनि थाहा छैन । एक दिनमा बाह्र घंटा काम गरीकन अलि भोकाएर बाहिर निस्कनाले त्यसको असर साह्रै नराम्रो हुनेछ । तर हामीले यसमा विचार गर्नुछ । मेरा केटाकेटीहरूले पेट-भर खान पाएका छैनन् । मैले के गर्ने हो केही पनि विचार गर्न सकिनँ । अब म पागल हुनमात्र बाँकी छ ।' वरिपरि बस्ने मानिसहरूले आ-आफ्नो पैताला व्यग्रताले फेरे ।

टामले फाटकमा बसेर मानिसहरू नाच हेर्न भित्र आइरहेको हेरिरह्यो । प्रकाश-पुंज उनीहरूको मुखमा पऱ्यो । विल्ली ईटानले भन्यो । 'राम्रोसँग हेर्नु होला । म जुले विटेलालाई पठाइदिन्छु । त्यो अर्ध-चेरोकी भए पनि राम्रो मान्छे छ । राम्ररी हेर्नु होला । त्यस्तै मान्छे आए छुट्टचाई राख्नु होला ।

टामले भन्यो । 'ठीक छ ।' त्यसले किसान परिवारहरू, चुल्ठो बाटेका लडकी तथा नाच हेर्न ठाटिएर आएका लडकाहरू भित्र पसेको हेरिरह्यो । जुले आएर उसको बगलमा बस्यो ।

त्यसले भन्यो । 'म तपाईसँग बस्छु ।'

टामले उसको बाजको चुच्चो जस्तै नाक, खैरो रंगको गालाका माथि उठेका हाड तथा भित्र गडेको पातलो चिउँडोमाथि अवलोकन गरेर भन्यो । 'मानिसहरू तपाईंलाई अर्ध-इन्जीन भन्छन् । मलाई त तपाईं सम्पूर्ण इन्जीन जस्तै लाग्नु हुन्छ ।'

जुलेले भन्यो । 'अँहँ, अर्ध-इन्जीन जस्तो छु म । म झर्रा भएको भए मैले पनि जमीन पाउने थिएँ । कुनै-कुनै झर्राहरूले राम्रो जमीन पाएका छन् ।'

टामले भन्यो । 'तिनीहरूलाई हेर्नोस् ।'

किसान-परिवारहरू, खाल्टो-शिविरहरूबाट आएका विदेशीहरू पाहुनाको रूमा फाटकबाट भित्र पसिरहेका थिए । तिनीहरूका केटाकेटीहरूले आफ्ना आमा-बाबुदेखि मुक्त हुन बल गरे तर आमा-बाबुहरूले तिनीहरूलाई तानेर आफ्नो साथमा राखे ।

जुलेले भन्यो । 'यहाँ नचाएका नाचहरूले मजाका तमाशाहरू देखाएका छन् । आफ्ना साथीहरूलाई बोलाएर तमाशा देखाईकन उनीहरूलाई गर्व गराउनुबाहेक हाम्रा मानिसहरूसँग अरू कुनै कुरा छैन । र मानिसहरू यहाँका नाचहरूलाई आदर गर्छन् । त्यो व्यक्ति जसको एउटा सानो ठाउँमा मैले काम गरिरहेको थिएँ मेरो अनुरोधमा यहाँ नाच हेर्न आयो । त्यसले भन्यो कि हाम्रो यहाँको नाच सभ्य थियो । अतएव जुनसुकै मानिसले आफ्नी स्वाम्नी र छोराछोरीहरूसँगै बसेर त्यो नाच हेर्न सक्छ । हे ! हेर ।'

तीन जना जीनका लुगा लाएका युवकहरू फाटकबाट भित्र प्रवेश गर्दै थिए । उनीहरू टाँसिएर आइरहेका थिए । फाटकमा बस्ने गार्डले उनीहरूसँग प्रश्न गरेपछि उत्तर दिएर उनीहरू प्रवेश गरे ।

जुलेले भन्यो । 'उनीहरूमाथि नजर राख्नु पर्छ ।' त्यसले गार्डकहाँ गएर सोध्यो । 'उनीहरू तीन जनासित कसले प्रश्न गरेको ?'

'चार नम्बर युनिटबाट आएको जैकसान भन्ने मानिसले ।'

जुलेले टामकहाँ फर्केर आएपछि भन्यो । 'उनीहरू आफ्नै मान्छे जस्तो लाग्छ मलाई ।'

'कसरी थाहा पाउनु भो ?'

'त्यो त मलाई थाहा छैन । मलाई त्यही भावना आयो । उनीहरूसँग डर मान्नु पर्ने । उनीहरूलाई पछ्याएर नजर राख्न तथा चार नम्बर युनिटबाट आएको जैकसनलाई जाँच गर्न विल्लीसँग अनुरोध गर्नु होला । उनीहरू ठीक छन् कि छैनन् निरीक्षण गर्न लगाउनु होला । म यहीं बसुँला ।'

टामले तीन जना युवकहरूलाई पछ्याया । नाच्ने मञ्चतिर गएर उनीहरू भीडको छेउमा शान्तसँग बस्न थाले । टामले विल्लीलाई उनीहरूको नजीक देखेर उसलाई इशारा गऱ्यो ।

विल्लीले सोध्यो । 'के गर्नु पऱ्यो ?'

'उनीहरू तीन जना छन्– हेर्नें ?'

'ज्यू ।'

'चार नम्बर युनिटबाट आएको जैकसन भन्ने मानिसले उनीहरूसित सोधपुछ गरेको भन्छ ।'

विल्लीले घाँटी उचालेर हेरेपछि हस्टनलाई देख्यो अनि उसलाई बोलायो ।

त्यसले भन्यो । 'चार नम्बर युनिटको जैकसनलाई डाकेर ती तीन जनासित के सोध-पूछ गरेको भनी बुझ्नु पर्‍यो ।'

हस्टन फर्केर गयो र एकै छिनमा ऊ दुब्लो र हाडैहाड भएको कनसनलाई साथ लिई फर्क्यो । हस्टनले भन्यो । 'जैकसन उहाँ नै हो । हेर्नोस्, जैकसन, यी तीन जना मानिसहरूलाई तपाईंले हेर्न भएको ?'

'ज्यू ।'

'अँ, उनीहरूसित केही सोध्नु भो ?'

'अँहँ ।'

'कहिल्यै उनीहरूलाई देख्नुभएको छ ?'

जैकसनले उनीहरूलाई हेरेर भन्यो । 'जरूर देखेको छु । ग्रेगारिओकहाँ उनीहरूसित काम गरेको थिएँ ।'

'उसोभए उनीहरूलाई तपाईंको नाउँ थाहा थियो ।'

'अवश्य थाहा थियो । मैले ठीक उनीहरूको बगलमा बसेर काम गरेको थिएँ ।'

हस्टनले भन्यो । 'ठीक छ । तपाईं उनीहरूको नजीक नजानोस् । उनीहरू

बेस भए हामीहरू उनीहरूलाई निकाल्दैनौं । मिस्टर जैकसन, धन्यवाद ।'

त्यसले टामसित भन्यो । 'राम्रो काम हो । म अनुमान गर्छु कि ती मानिसहरू यिनीहरू नै हुन् ।'

टामले भन्यो । 'जुलेले उनीहरूलाई ठीक छन् भनेर प्रमाणित गरेको छ ।'

विल्लीले भन्यो । 'उसको इन्जीन रगतको सहायताले ठीक छ भनेर अनुसन्धान गरेकोमा के आश्चर्य भो र । अँ, म उनीहरूलाई युवकहरूको हवाला गरिदिने छु ।'

एउटा सोह्र-वर्षीय युवक घुइँचोको बीचबाट दगुरेर आयो । हस्टनको सामुन्ने स्वाँ-स्वाँ-फ्वाँ फ्वाँ गर्दै अडेर त्यसले भन्यो । 'मिस्टर हस्टन, तपाईंले भन्नुभए जस्तै म बसिरहेको थिएँ जब मसलाका रूखहरूको बगलमा ६ जना मानिसहरू भएको एउटा गाडी आएर रोकियो । र उत्तरतिरको सडकमा चार जना मानिसहरू साथमा लिएर एक जना मानिस आयो । मैले उनीहरूसित एक काँटी सलाइ मागें । उनीहरूसित बन्दूक छ, मैले नै देखेको ।'

हस्टनका आँखा सारा र क्रूर भएर आए । त्यसले भन्यो । 'विल्ली, हरेक काम तयार छ भन्ने कुरामा तपाईंलाई निश्चय छ ?'

विल्लीले खुशीसँग ङिच्च हाँसेर भन्यो । 'निश्चय छ, मिस्टर हस्टन । मलाई कुनै किसिमको फिक्री र तकलीफ छैन ।'

'अँ, उनीहरूलाई कुनै किसिमको चोट नदिनोस् । सम्झनु होला अहिले । सक्नुहुन्छ भने शान्त भएर राम्रो व्यवहार गर्नोस् । म उनीहरूसित भेट्न चाहन्छु । मेरो पालमा आउनोस् ।'

विल्लीले भन्यो । 'हामीले गर्न सकेको गरौंला ।'

औपचारिक रूपले नाच शुरू भएको थिएन । अब विल्ली मञ्चमा चढेर गयो । त्यसले कराएर भन्यो । 'आ-आपनो नाच्ने ठाउँ छान ।' यतिकैमा संगीत थामियो । लडका र लडकीहरू, जवान मानिस र आइमाईहरू यत्र-तत्र दगुरेर ठूलो मञ्चमा

आठवटा नाच्ने ठाउँहरू तयार पारेर पखिरहे । लडकीहरू आ-आफ्नो सामुन्ने हात पसारेर औंलाहरू मोडेर उभिरहे । लडकाहरूले आ-आफ्नो पाइला अधैर्य भएर चलाइरहे । मञ्चको वरिपरि वृद्धाहरू अलि-अलि मुस्काउँदै त्यहाँ बसिरहेका केटा-केटीहरूका पीठ समातेर बसिरहे । र पर-पर जीजस-भक्तहरू दोषारोपण गर्ने आकृतिलाई सारो पार्दै पापलाई बसेर हेरिरहे ।

आमा र रोज आब शारन बेन्चमा बसेर हेर्न थाले । जब हरेक लडकाले रोज आब शारनलाई नृत्यमा साथ देऊ भनी अनुरोध गऱ्यो, आमाले भनिन् । 'साथ दिने छैन, तिनलाई सन्चो छैन ।' रोज आब शारन शरमले लाल भएकीले उनका आँखा चम्कन थाले ।

आह्वान गर्ने व्यक्तिले मञ्चको बीचमा आएर आफ्ना हात पसारेर भन्यो । 'सबै तयार ? त्यसो भए शुरू गरौं ।'

संगीत गुन्जियो तिखो र स्पष्टसँग । वेला बाजा तिखो स्वरले बज्न थाल्यो, मुखे-बाजाहरू नाके तीव्र स्वरमा बजे तथा गितारहरू सबभन्दा तलको सुरमा बज्दै थिए । आह्वान गर्नेले पालैसित नाउँ लिएर बोलाउन थाल्यो । नृत्यकारहरूको चाल छमछमाउन थाल्यो । आफ्ना हात वरिपरि घुमाउँदै उनीहरू अगाडि-पछाडि नाच्न थाले । आह्वान गर्नेले जोशमा आएर आफ्ना पाइलाहरूले ताल दिंदै आफूले जसलाई बोलाएको थियो त्यसकहाँ अगाडि-पछाडि अकडेर गयो ।

संगीत उठेर तल ओर्ल्यो र मञ्चमा चालले गइरहेका जुत्ताको ताल ढोलक जस्तै बज्न थाले । आह्वान गर्ने व्यक्तिले एकनासको उच्च काँप्ने स्वरमा गाएर भन्यो । 'दायाँतिर घुम तथा बायाँतिर घुम । अब छुट्टिएर जाऊ- पछिल्तिर आऊ ।' अब लडकीहरूको राम्रो कोरिएको कपाल बिग्रिसक्यो । लडकाहरूका निधारमा पसिना आउन थाल्यो । अब दक्ष नटुवाहरूले आफ्ना पाइलाका चाल देखाउन थाले । मञ्चको किनारामा बसिरहने बूढाहरू लय पकडेर त्यसैको तालमा हात र पाइला विस्तारै चलाउन थाले । उनीहरूले फिसीफिसी मुस्काएर एक-अर्कासँग आँखा जुधाई मुन्टो हल्लाए ।

आमाले आफ्नो टाउको रोज आब शारनको कान नजीक लगेर भनिन् । 'तिमी शायद यो कुरा कहिल्यै विचार गर्दिनौ होला कि तिम्रा बाबु आफ्नो उमेरमा

राम्रो नाच्नेहरूमध्ये एक जना थिए ।' यो कुरा भनेर आमा मुस्काइन् । मलाई त्यस जमानाको कुरा याद आउँछ ।' र दर्शकहरूको आकृतिमा पुरानो जमानाको स्मृतिले ल्याएको मुस्कान देखा पर्न थाल्यो ।

'बीस वर्ष अघि मुस्कोगी नजोक एउटा अन्धा बेला लिएर बसिरहेको थियो–'

'मैले एउटा मान्छेलाई एक बाजी उफ्रँदा हातले आफ्ना कुर्कुच्चा चारचोटि ठोकेको देखेको छु ।'

'स्वेडीहरू कहिलेकाहीं डाकोटामा के गर्छन् थाहा छ ? भुइँमा खुर्सानी हाल्दिन्छन् । अनि भद्र महिलाहरूका फरियामा लागेर एउटी जवान युवतीलाई भर्खरको उमेरमा उत्तेजित पारेजस्तै उनीहरूलाई पनि उत्तेजित पारिदिन्छ ।'

पर जीजस-भक्तहरू आपना हठी केटाकेटीहरूमाथि पहरा दिइरहे । उनीहरूले भने । 'पाप हेर । ती मानिसहरू आगो सल्काउने डंडीमा बसेर नरकको यात्रा गरिरहेछन् । ईश्वर भक्तहरूको निम्ति त्यो नाच हेर्नु त शरमको कुरा छ ।' र उनीहरूका केटाकेटीहरू चूप लागेर डराउन थाले ।

आह्वान गर्नेले भन्यो । 'अर्को एक चक्कर लिएपछि अलिकति आराम लिनू । जोरदार नृत्य देखाऊ किनभने हामीहरू छिटै आराम लिन लागेका छौं ।' नाच्दानाच्दै लडकीहरू भिजिए तथा उनीहरूका मुख लाल भए । नाच्दा उनीहरूले मुख बाएका थिए तथा उनीहरूका गम्भीर आकृतिबाट आदरका भावना झल्केका थिए । लडकाहरू आफ्ना लामा कपाल पछाडितिर झट्कारेर उफ्रन थाले । आ आफ्नो निम्ति निर्दिष्ट ठाउँ भित्र-बाहिर, वार-पार, पछाडि गएर, घुमेर उनीहरू नाच्न थाले । र संगीत सुनेर मानिसहरूलाई आनन्दले स्पन्दन र रोमाञ्च हुन थाल्यो ।

अकस्मात् संगीत बज्न छोड्यो । नाच्नेहरू थकाइले स्वाँ-स्वाँ फ्वाँ-फ्वाँ गर्दै उभिए । केटाकेटीहरू प्रतिबन्ध तोडेर मञ्चमा घुसीकन एकले अर्कालाई लखेट्दै, छोड्दै, चिप्लँदै, टोपी खोस्दै, कपाल लुछ्दै चल्न थाले । नटुवाहरू आफ्ना हातले पंखाले जस्तै आफूलाई हम्काउँदै बस्न थाले । वाद्य-यन्त्र बजाउने मानिसहरू उठेर आङ साङ तन्काईकन फेरि बसे । अनि पछि गितार बजाउनेहरूले बिस्तारै तारहरू

बाट आवाज निकाल्न थाले ।

अब विल्लीले कराएर भन्यो । 'सक्छौ भने अर्को दल नाच्नेहरूलाई छानेर नचाऊ ।' नाच्नेहरू झटपट उठे तथा नयाँ नाच्नेहरू आफूलाई साथ दिने मानिसहरूको निम्ति अगाडि बढे । टाम तीन जना युवकहरूको नजीक उभिरह्यो । त्यसले उनीहरूलाई घुइँचोमा बलजफ्ती बाटो बनाउँदै मञ्चतिर बढेर एक टोली नाच्नेहरूतिर अग्रसर भैरहेको देख्यो । त्यसले विल्लीसँग हात हल्लायो र विल्लीले बेला बजाउनेसित भन्यो । बेला-वादकले आफ्नो प्रत्यंचा तारमा घिस्याएर कर्कश आवाज निकाल्यो । बीस जना युवकहरू बिस्तारै मञ्च पार गरेर गए । ती तीन जना युवकहरू नाच्ने ठाउँमै पुगे । उनीहरूमध्ये एक जनाले भन्यो । 'म यहाँ नाचुँला ।'

एउटा राम्रो लडकाले आश्चर्य मानेर हेरीकन भन्यो । 'त्यो लडकी मसँग नाच्छे ।'

'तँ सानो राँडा-छोरा ध्यान दिएर सुन्–'

टाढा अन्धकारमा एउटा तिखो सुसेलेको आवाज सुनियो । ती तीन जना युवकहरू अहिले घेरिएका थिए । तीनै जनाले आफूलाई हात लगाएको अनुभव गरे । त्यसपछि मानिसहरूको भीड बिस्तारै मञ्चबाट हटेर गयो ।

विल्लीले कराएर भन्यो । 'हामीहरू जाऔं ।' संगीत चिच्च्यायो । आह्वान गर्नेले मानिसहरूलाई संगीतको सुरमा बोलायो । मञ्चमा पाइलाहरूको ठाक-ठाक आवाज सुनियो ।

एउटा पर्यटन-गाडी ढोकामा हाँकेर ल्याइयो । चालकले कराएर भन्यो । 'फाटक खोल । त्यहाँ भित्र हुल-दंगा भएको छ भन्ने कुरा हामीले सुनेका छौं ।

गार्डले आफ्नो ठाउँ नछोडीकन भन्यो । 'यहाँ दंगा-संगा केही भएको छैन । संगीत बजेको सुनेनौ ? तिमीहरू को हौ ?'

'उप–जिल्लाधीशहरू ।'

'वारेन्ट भएको कोही मानिस छ र ?'

'त्यहाँ भित्र हुल-दंगा भएको रहेछ भने भित्र पस्नलाई वारेन्टको आवश्यकता पर्दैन ।'

'फाटकमा बस्ने गार्डले भन्यो । 'अँ, यहाँ भित्र कुनै हुल-दंगा भएको छैन ।'

गाडीभित्र बस्ने मानिसहरूले संगीत र आह्वान गर्नेको आवाजलाई ध्यान-पूर्वक सुनेपछि गाडी बिस्तारै लगेर दोबाटोमा अडचाईकन पर्खेर हेरिरहे ।

चलान गरिएका तीन जना युवकहरूको दलमध्ये हरेक थुनामा परेको थियो र प्रत्येकको मुख हातले थुनिराखेको थियो । उनीहरू अन्धकारमा पुगेपछि तीनै जनाको मुख थुन्न छोडियो ।

टामले भन्यो । 'त्यसो गरेको बेसै भयो ।' त्यसले आफ्नो साथमा भएको मानिसका दुवै पाखुरा पछिल्तिरबाट समातिराख्यो ।

विल्लीले नाच्ने मञ्च छोडीकन उनीहरूकहाँ गएर भन्यो । 'राम्रो काम गर्नु भो । अब ६ जना मात्र भए पुग्छ । हस्टन यिनीहरूलाई देख्न चाहन्छ ।'

हस्टनले अँध्यारो ठाउँबाट निस्केर भन्यो । 'यिनीहरू नै हुन् के ?'

जुलेले भन्यो । 'ज्यू, सरासर गएर उनीहरूले नाच्न खोजेका, तर एक फन्को पनि घुम्न पाएनन् ।'

'खोइ यिनीहरूलाई हेरौं ।' बन्दीहरूलाई घुमाएर उसैको सम्मुख गराइयो । उनीहरूको टाउको निहुरेका थिए । हस्टनले उनीहरूका उदास चेहरामा चोर-बत्तीले हेरेर सोध्यो । 'तिमीहरूले त्यस्तो किन गरेका ?' त्यसको केही उत्तर आएन । 'को मुलाले तिमीलाई त्यस्तो गर्नु भनेको ?'

'यो सब कुरा बेकारको छ । हामीले नाच्न लागेको सिवाय अरू केही पनि गरेका छैनौं ।'

जुलेले भन्यो । 'अँहँ, त्यो होइन । तिमीले त्यो केटोलाई ठोक्न लागेका थियौ ।'

टामले भन्यो । 'मिस्टर हस्टन, यिनीहरूलाई भित्र हुलेपछि कसैले सिट्टी बजाएको थियो ।'

'हो, मलाई थाहा छ । पुलिसहरू फाटकसम्म आएका थिए ।' त्यसले फर्केर भन्यो । 'हामी तिमीहरूलाई हात छोड्ने छैनौं । अब भन त, तिमीहरूलाई कसले हाम्रो नाच बिगार्न भनेको ?' जवाबको निम्ति त्यो पर्खिरह्यो । हस्टनले उदास भएर भन्यो । 'तिमीहरू आफ्नै मान्छे छौ । तिमीहरूको हामीहरूसँग सम्बन्ध छ । तिमीहरू कसरी आयौ ? तिमीहरू किन आएका भन्ने कुरा हामीलाई थाहा छ ।'

'अँ, यो सबै बेकारको कुरा हो । सबैको मुख छ खानलाई ।'

'अँ, तिमीहरूलाई कल्ले पठाएको ? कसको पैसा खाएर आएका ?'

'हामीले कसैको पैसा खाएका छैनौं ।'

'र तिमीहरू त्यसै आउँदैनौ, पैसा नखाईकन कोही लड्न आउँदैन । मैले ठीक कुरा भनिनँ त ?'

थुनुवाहरूमध्ये एक जनाले भन्यो । 'तिमीहरूले जे गर्नुपर्ने हो गर । हामी केही पनि भन्दैनौं ।'

हस्टनको टाउको एक छिन झुक्यो । अनि पछि त्यसले बिस्तारै भन्यो । 'हुन्छ, नभन । तर यता हेर । आफ्ना मानिसहरूमाथि छुराले प्रहार नगर । हामीहरू सुव्यवस्थितसँग मजा गरेर अगाडि बढ्ने कोशिश गर्दैछौं । त्यसमा बिघ्न-बाधा नपुऱ्याऊ । विचार गर । तिमीहरू आफैंलाई बिगारी रहेछौ ।'

'ठीक छ, लडकाहरू, उनीहरूलाई पछिल्तिर बारेको ठाउँमा राख । उनीहरू माथि हात नछाड्नू । उनीहरूलाई आफूले गरिरहेको काम थाहा छैन ।'

त्यो दल बिस्तारै शिविरको पछाडितिर गयो र हस्टनले उनीहरूलाई पछाडिबाट हेरिरह्यो ।

जुलेले भन्यो । 'हामीहरूले उनीहरूलाई कसेर एकेक लात देऔं ।'

विल्लीले कराएर भन्यो । 'अँहँ, हुँदैन । म भन्छु, दिनु हुँदैन ।'

जुलेले अनुरोध गऱ्यो । 'सानै भएपनि एक लात देऔं । बारेको ठाउँमा मुख तलतिर पारेर पल्टाऊ ।'

विल्लीले आग्रह गरेर भन्यो । 'त्यसो गर्नु हुँदैन ।'

त्यसले भन्यो । 'तिमीहरू सुन, अहिले एक पल्ट तिमीहरूलाई छोडिदिन्छौं । तर पछि फेरि यस्तै भयोभने जो भएपनि हामीहरूले लात दिएर पठाउने छौ र तिनीहरूको हड्डी चूर्ण गरी पठाउने छौं । यो कुरा आफ्ना मानिसहरूलाई सुनाइदिनू । हस्टनले भनेको छ कि तिमीहरू पनि हामीहरू जस्तै छौ । यो कुरा विचार गर्दा मलाई घिन लागेर आउँछ ।'

उनीहरू बारेको ठाउँ नजीक आइपुगे । त्यहाँ बसिरहेका गार्डहरूमध्ये दुइ जना उभिएर माथि गए । ती जना मानिसहरू बारमाथि चढेर अँध्यारोमा विलीन भएर गए ।

टोली छिटै नाच्ने मञ्चतिर गयो र 'ओल्ड डैन टुकर' को संगीत तारको वाद्य-यन्त्रबाट तिखो स्वरमा गुन्जिन थाल्यो ।

अफिसको नजीक मानिसहरू अझ पलेंटी कसेर कुरा गर्दै थिए र तिखो स्वरमा बजेको संगीत उनीहरूको कर्णपटमा ठक्कर खान आयो ।

बाले भन्नुभयो । 'परिवर्तन आउँदैछ । कस्तो परिवर्तन मलाई थाहा छैन । शायद परिवर्तन हेर्नलाई हामीहरू बाँच्ने छैनौं होला । तर परिवर्तन आउँदै छ । अधैर्य भावना फैलिएको छ । मानिसहरूले केही पनि विचार गर्न सक्तैनन् । उनीहरू ज्यादै डर मानिरहेछन् ।'

कालो टोप लाउनेले आफ्नो मुन्टो फेरि उचालेपछि उसको खस्रो ठाडो जुंगामा प्रकाश पर्न गयो । जमीनमा पडिरहेका केही साना-साना ढुंगाहरू टिपेर त्यसले बूढी-औंलाले गुच्चा जस्तै हानिपठायो । 'मलाई थाहा छैन । तिमीले भनेजस्तै तिनी ठीकसँग आइरहिछन् । एक जना मानिसले एकोन, ओहाइओमा भएको घटनाको बारे मलाई भनेको थियो । त्यहाँ रवड निगमहरूले पहाडी मानिसहरूलाई यस कारणले

काम गर्न लगाए कि उनीहरू कम ज्यालामा काम गर्थे । र यी पहाडीहरू जाग्रत भएर संघमा सम्मिलित भए । 'अँ, अकस्मात् अवान्छनीय कुरा फुटेर आयो । दोकानदारहरू, फौज तथा त्यस्तै मानिसहरू उनीहरूलाई कराएर कम्युनिष्ट भन्न थाले । र उनीहरूले एकोनबाट संघलाई चलाउन थाले । पादरीहरूले त्यसबारे धर्मोपदेश गर्न थाले । पत्र-पत्रिकाहरू रुदन गर्न लागे । रबड-निगमहरू बन्चरो फालेर ग्यांस किन्न थाले । ती पहाडियाहरू अनिष्ट थिए भनेर विचार गर्न थाले ।' त्यो थामिएर अलि बढता ढुंगाहरू टिप्न थाल्यो । 'अँ, विगत मार्च महीनामा एक दिन आइतबार पाँच हजार पहाडियाहरू शहरबाहिर लुइँचे हान्न भनी गए । राइफल लिएर उनीहरू पाँच हजार जना शहरको बीचबाट गए । लुइँचेको शिकारपछि उनीहरूले फर्केर पछिल्तिर ताके । उनीहरूले गरेका कुरा जम्मा यति थिए । त्यस बेला देखि कुनै किसिमको खलबल भएन । नगर-कमिटीहरूले बन्चरोहरू फिर्ता गरिदिए, पसलेहरूले आ-आफ्नो पसल खोले । कसैले मिलेर काम गरेन, न कोही मारिए ।' निकै बेर निस्तब्ध भएपछि कालो टोपले भन्यो । 'यहाँ उनीहरू निकै नीच काम गर्दछन् । कहिले कुनै शिविरलाई पोलिदिएकाछन् त कहिले कसैलाई पिटेका छन् । मलाई लागिरहेछ कि हामी सबैसित बन्दूक छँदैछ । हामीहरूले पनि लुइँचे शिकार गर्ने क्लब खोलेर हरेक आइतबार मीटिंग डाक्नु पर्छ ।'

मानिसहरू उसको मुखमा हेरी फेरि तलतिर हेर्न थाले । उनीहरूका पैताला अधैर्य भएर चलेको मात्र होइन अपितु उनीहरूले आफ्नो शरीरको बोझ एक खुट्टाबाट अर्को खुट्टामा बिसाए पनि ।

पचीसौं अध्याय

क्यालिफोर्नियामा वसन्त ऋतु राम्रो छ। त्यहाँका उपत्यकाहरूमा फलफूलहरू पाकेर लाल-लाल भईकन सुगन्धित भैरहन्छन् र छिपछिपे समुन्द्रमा पानी सेतो हुन्छ। अँगूरका भर्खरका अँकुरहरू बढ्दै गएर रूखका फेदहरू ढाक्छन्। पूरा हरिया पहाडहरू स्तन जत्तिकै गोल र नरम हुन्छन्। र समतल भूमिमा हरिया चुकन्दर र पातला, लामा, साना-साना काउलीहरूको एकेक माइल लामो पक्तिहरू उमारिएका हुन्छन्।

रूखहरूबाट पात झरेर तथा फूलका पत्रहरू फलहरूका रूखबाट झरेर जमीन-माथि गुलाबी र सेतो सतरन्जी ओछ्याइएका जस्ता देखिन्छन्। कोपिलाहरू बढेर त्यसमा रंग चढेको हुन्छ। चेरी, स्याउ, आरु, नासपाती तथा अजीरहरू फूलबाट फलको रूपमा स्फुटित हुन्छन्। समस्त क्यालिफोर्नियामा तीव्र गतिले फलफूल उत्पादन हुन्छ र फलहरूको बोझले हाँगाहरू झुकेर बोझ थाम्नको निम्ति हाँगामुनि स-साना लौरोको टेवा दिइएको हुन्छ।

यथेष्ट मात्रामा फलफूल उत्पादनको पछिल्लिर ज्ञानी, समझदार तथा दक्ष मानिसहरू विद्यमान छन् जसले बीउलाई प्रयोग मात्र गर्ने होइनन् कि बढी मात्रामा बिरुवाहरू सपार्ने प्राविधिकहरूको पनि निरन्तर विकास गर्दै जान्छन्। ती बिरुवाहरूका जराले छुचुन्द्रो, कीरा, वनस्पति-रोग, खराब अवस्था जस्ता माटोका लाखौं शत्रुहरूसित सामना गर्नेछन्। यी मानिसहरूले बीउ तथा जरालाई पूर्ण रूपले रक्षा गर्न होशियारीसाथ तथा निरन्तर रुपले काम गर्छन्। रसायनविद्हरूले रोगका कीटाणुहरू मार्न रूखहरूमा रसायन छर्दछन्, अँगूरमा सल्फर दिन्छन्; कीराले खाएका, सडेका तथा रोग लागेका भाग काटेर फालिदिन्छन्। रोग रोकथाम गर्ने

डाक्टरहरूले फलमा लाग्ने कीरा, जापानी गोबर-कीरा लाग्न नदिने मात्र होइन अपितु तिनीहरूलाई राम्रो ज्ञान भएकोले बिरामी भएका रूखहरूलाई अरू रूखहरू-सित संसर्ग नगरी जरासमेत उखेली पोलिदिन्छन् । कलिला बिरुवाहरू, सा-साना अँगूरका लहराहरूको कलम सार्ने मानिसहरू सबभन्दा चलाख हुन्छन् किनभने उनी-हरूको चिरफारको काम कोमल र सुकुमार हुन्छ । यिनीहरूको सर्जनसरि हात र मुट्ठ हुनु आवश्यक छ जसको सहायताले उनीहरूले रूखको बोक्रा चिरेर त्यस ठाउँमा कलम सारीकन सो चिरेको ठाउँमा बाँधेर झावाबाट बचाउनु छ । यिनीहरू महान् पुरुषहरू हुन् ।

वसन्त ऋतुका घाँस च्यातेर माटोमुनि मल बनाउँदै, पानी अड्ने गरीकन जमीन फोर्दै, सिंचाइ गर्नको निम्ति जमीनमा स-साना कुण्डहरू खन्दै, रूखलाई चाहिने पानी सोस्न नपावस् भनेर घाँसका जराहरू उखेल्दै खेतीवालहरू पंक्तिको साथसाथै जान्छन् ।

फलहरू बढेर आउँछन् र फूलहरू अँगूरका लहरामा झुप्पाका झुप्पा भएर फुट्छन् । फलको फसल लाग्ने सालमा गर्मी बढेर पातहरूले गाढा हरियो रंग धारण गर्छन् । जामुनहरू स-साना हरिया चराका फूल जस्तै लाम्चा हुन्छन् र त्यस फलका रूखका हाँगाहरू बोझ थाम्न नसकेर आड दिइराखेका लट्ठीसम्म झुकेर आउँछन् । सारा स-साना नासपातीहरूले रूप धारण गर्दै जान्छन् र आरुमा स-साना रूप फुटेर आउँछन् । अँगूरका कोपिलाहरूमा लघु-पत्तीहरू फुट्न थाल्छन र कडा साना गेडाहरू हरिया टाँक जस्तै देखिन थाल्छन् अनि टाँक जस्ता देखिने गेडा बोझा भएर आउँ छन् । खेतमा काम गर्ने मानिसहरू, सा-साना फलफूल बगैंचाहरूका मालिकले हेरेर निरूपण गर्छन् । त्यो सालको फसल अधिक छ । अतएव मानिसहरू गर्वले फुल्न थाल्छन् । उनीहरूको ज्ञानले गर्दा फसल त्यति बढाउन सकेका । उनीहरूले आफ्नो ज्ञानको बलले दुनियाँ बदलिदिएका छन् । छोटो पातलो गहुँलाई ठूलो गराइदिएको मात्र होइन कि बढी मात्रामा उमारिदिएका पनि छन् । स-साना अमिला स्याउलाई ठूला र मिठा पारेका छन् । रूखहरूको बीचमा उम्रेर चराको चारा हुने पुराना अँगूरको फलले हजारौं किसिमका फलफूल विकसित गरेका छन् । तिनमा रातो र कालो, हरियो र फिका गुलाबी, बैंजनी र पहेंलो रंगका हुन्छन् । हरेक प्रकारमा आ-आफ्नो स्वाद अलग छ । प्रयोगात्मक खेतमा काम गर्ने मानिसहरूले नरम बोक्रा भएका आरुहरू, चालीस किसिमका बयरहरू तथा पातलो बोक्रा भएका ओखरहरू जस्ता

नयाँ नयाँ फलफूलहरू उत्पादन गरेका छन् । छान्दै, कलम सार्दै, परिवर्तन गर्दै, आफैं जोतिइँदै, माटोलाई जोतेर उत्पादन गराउँदै तिनीहरू सधैं काममा व्यस्त रहन्छन् ।

पहिले चेरी फल पाक्छ जसको एक पाउण्ड टिपेपछि डेढ सेन्ट ज्याला पाइन्छ । छोडिदे, त्यतिमा त हामी टिप्न सक्तैनौं । रसिला र मिठा काला तथा राता चेरीहरूमध्ये हरेकलाई चराले आधो खाइदिन्छन् अनि चराले बनाएको प्वालमा बारुला पसेर खान थाल्छन् । अनि पछि तिनीहरूका बीउ जमीनमा खस्छन् । बाँकी सुकेर धुजा-धुजा परीकन झुण्डिरहन्छन् ।

बैंजनी रंगका जामुन नरम र मिठा हुन्छन् । भगवान्, हामीले ती जामुन टिपेर सुकाईकन तिनमा सल्फर हाल्न सक्तैनौं । जतिसुकै भएपनि हामीले त्यसको ज्याला तिर्न सक्तैनौं । र ती बैंजनी रंगका जामुन भुइँमा खसेर सतरन्जी समान ओछ्याइएका हुन्छन् । पहिले त्यस फलका बोक्रा अलिकति खुम्चिन्छन् अनिपछि झिगाका बथान त्यस फलमा लाग्छन् र सम्पूर्ण उपत्यकामा त्यो फल कुहिएको मिठो बास्ना फैलिएको हुन्छ । फलको मासु कालो भएर जान्छ र त्यसको फसल जमीनमा झुर्री परेको हुन्छ ।

नासपातीहरू पहेंला र नरम हुन्छन् । त्यो एक टन टिपेपछि पाँच डलर ज्याला पाइन्छ । पैंतालीस पाउण्ड नासपाती बाकसहरूमा प्याक गरेपछि पाँच पाउण्ड नै ज्याला पाइन्छ । रूखहरूमा कलमी गरेर कीटाणुनाशक औषधि छर, फलफूलका बगैंचाहरूलाई आबाद गर–फलफूलहरू टिपेर बाकसहरूमा प्याक गर अनि ट्रकहरूमा लाद, त्यो लादिएको फलफूल बट्टामा प्याक गर्ने ठाउँमा लग–त्यति गरेर चालीस बाकसको पाँच डलर ज्याला । यस्तो काम हामी गर्न सक्तैनौं । पहेंला फलहरू जमीनमा जोरसँग बज्रेर त्यसको रस यताउति जमीनमा छिटा परेको हुन्छ । बारुलाहरूले फूलको नरम भागमा खन्छन् अनि फल कुहिएको बास्ना फैलिन्छ ।

अंगूरबाट हामीले राम्रो रक्सी तयार गर्न सक्तैनौं । मानिसहरूले असल रक्सी किन्न सक्तैनन् ।

अंगूरका लहराबाट असल अंगूर, कुहिएका अंगूर, बारुलाले खाएका अंगूर झिक ।

डाँठहरू थिच, मैलिएका र सडेका थिच ।

तर झोल राख्ने भाँडाहरूमा पीरो पीरो बास आउने रस र वनस्पति-रोगको रस सम्मिलित हुन्छ ।

त्यसमा सल्फर र रूखको बोक्राबाट झिकेको क्षार मिलाऊ ।

त्यो उमालेपछि त्यसबाट आउने बास्ना रक्सीको सुगन्ध नभईकन कुहिएको र रसायनको बास्ना हुन्छ ।

अहो, अँ, त्यसमा एनकेनप्रकारेण रक्सीको गुण हुन्छ । त्यो खाएपछि रंग चढेर लाग्न सक्छ ।

स-साना किसानहरू आफूमाथि लहराले जस्तै बिस्तारै ऋणले घेरिएको पाउँथे । उनीहरूले कीटाणुनाशक औषधि रूखहरूमा छरे तर फलफूलको फसल बेचेनन् । उनीहरूले बोटको अनावश्यक भाग काटेर कलमी गरे तर फलफूलको बाली टिप्न सकेनन् । ज्ञानी व्यक्तिहरूले काम गरेका छन्, विचार गरेका छन् तर फलफूल भुइँमा सडिरहेका छन् र रक्सीका भाँडाहरूमा भएको कुहाइएको अन्नले वायुमण्डल दूषित पारिरहेछ । र रक्सीको स्वादमा बिलकुल अंगूरको स्वाद नभईकन सल्फर रूखको बोक्राबाट निकालिएको क्षार तथा रक्सीको स्वाद आउँछ ।

यो सानो फलफूलको बगैंचा अर्को साल ठूलो जमीनको एक हिस्सा बन्नेछ किनभने ऋणले त्यो बगैंचाको मालिकले निसासिनु पर्नेछ ।

यो अंगूरको बगैंचा बैंकको हात पर्नेछ । खालि ठूल-ठूला मालिकहरू मात्र बाँच्न सक्छन् किनभने उनीहरूको साथमा फलफूल प्याक गर्ने कारखानाहरू हुन्छन् । चारोटा नासपातीहरू ताछेर आधी-आधी काटीकन पकाएर प्याक गरेपछि पन्ध्र सेन्ट ज्याला पाइन्छ । र डिब्बामा प्याक गरेका नासपातीहरू बिग्रंदैनन् । ती वर्षौंसम्म ताजा भएर रहनेछन् ।

राज्यभरि सडन-रोग फैलिन्छ तथा मिठो बास्ना राज्यमा एउटा दुःखको ठूलो कुरा हुन जान्छ । रूखहरू कलमी गर्नसक्ने तथा बीउलाई उपजाउ पार्न र ठूलो पार्नसक्ने मानिसहरूले भोकाएका मानिसहरूलाई आफूले उत्पादन गरेका फलहरू

खान दिने कुनै उपाय पाउन सक्तैनन् । संसारमा नयाँ फलहरू उत्पादन गर्ने मानिसहरूले यस्तो पद्धति निकाल्न सक्तैनन् जसबाट ती फलहरू खान सकून् । र त्यस्तो गर्न नसक्नु नै राज्यभरि ठूलो विषादको कुरा हुन जान्छ । मूल्य स्थिर राख्नको निम्ति अंगूरका लहरा तथा रूखका जराहरूलाई नष्ट गर्नु पर्छ । र सबैभन्दा विषादको र कटुतापूर्ण कुरा यही छ । गाडीहरूमा भरेर सुन्तला जमीनमा गाडिए । मानिसहरू कैयौं माइलबाट फलफूल लिन आए तर लिन सकेनन् । उनीहरू गाडीबाट गई सुन्तला आफैं टिप्न सके बीस सेन्टमा एक दर्जन सुन्तला कसरी किन्थे ? फोहरा लिएर मानिसहरूले सुन्तलामा मट्टितेल छरिदिन्छन् । त्यो अपराधमा तथा फलफूल लिन आएका मानिसहरूसँग मानिसहरू हिंसाउँछन् । एकातिर दसौं लाख मानिसले फलफूल खान पाउँदैनन् र अर्कोतिर सुनौला रंगका पहाडहरूमा मट्टितेल छरिएका हुन्छन् ।

र फलफूल सडेको गन्ध देशभरि फैलिन्छ ।

जहाजहरूमा इन्धन जस्तो प्रयोग गर्न कफीबाट काम लिइन्छ । न्यानो पार्न अन्न जलाइन्छ, यसले आगो बन्छ । नदीहरूमा आलु खन्याइन्छन् र भोकाएका मानिसहरूले लिन नपाउन् भनेर नदीका किनारामा पहरा राखिइन्छ । सुँगुरहरू मारेर गाडिन्छन् र त्यसको दुर्गन्ध माटैमा मिलेर जान्छ ।

यहाँ यस्तो अपराध हुन्छ जसको सार्वजनिक भर्त्सना गरेर पुग्दैन । यहाँ यस्तो विषाद हुन्छ जमलाई रुदनले प्रतीकको रूप दिन सक्तैन । यहाँ यस्तो किसिमको असफलता हुन्छ जसले हाम्रा जम्मै सफलतालाई बेकार पारिदिन्छ । जमीन उर्बरा छ, रूखका पंक्ति सोझै छन्, रूखका फेद बलिया छन् तथा फलफूल पनि पाकेकै छन् । सुन्तला बेचेर नाफा लिन नसकेकोले केटाकेटीहरूले छाला फुट्ने रोगले मर्नु पर्छ । अपमृत्युको कारण पत्ता लगाउने अफिसरहरूले प्रमाणपत्रहरूमा यस्तो भर्नु पर्ने हुन्छ–अपर्याप्त पोषणले मरेका–किनभने खाद्य-पदार्थ सडाइन्छन्, बलजफ्ती सडाइन्छन् ।

नदीमा आलु अल्झाएर लिन मानिसहरू जाल लिएर आउँछन् । तर गार्डहरूले उनीहरूलाई रोक्छन् । थन्काइएका सुन्तलाहरू लिन मानिसहरू घर-घर आवाज आउने गाडीहरूमा बसेर आउँछन् तर त्यसमा मट्टितेल छर्किएको हुन्छ । उनीहरूले आलु बगेर गएको हेरिरहन्छन्, चिच्याइरहने सुँगुरहरूलाई खाल्टोमा

राखीकन मारेर जिउँदो चुना हालेको सुनिरहन्छन् तथा सुन्तलाका पहाडबाट झोल बगेर सडेको हेरिरहन्छन् । मानिसहरूको नजरमा असफलता देखा पर्छ र भोकाउनेहरूका आँखामा बढ्दै गइरहेको रिस देखा पर्छ । मानिसहरूको मनमा आक्रोशका अंगूरहरू भरिंदै गएका मात्र होइनन् अपितु अंगूरको फसल काट्नको निम्ति त्यो आक्रोश झन् झन् बोझ हुँदै जान्छ ।

छब्बीसौं अध्याय

बीडपैंच शिविरमा एक साँझ जब लामा धर्के-धर्के परेका बादलहरूले अस्ताचलतिर लागेको सूर्यलाई ढाकेकोले त्यस बादलका किनारालाई घामले आलोकित गरेको थियो, जोड-परिवारले बेलुकाको खाना खाइसकेपछि विलम्ब गऱ्यो । आमा रिकापीहरू पखाल्न थाल्नुअगाडि अनकनाइन् ।

तिनले भनिन् । 'हामीले केही गर्नु छ ।' तिनले विनफील्डलाई औंल्याएर भनिन् । 'उसलाई हेर ।' र जब उनीहरूले सानो लडकालाई घुरेर हेरे 'त्यो आफ्नो निद्रामा चलेर खुम्चिरहेछ । उसको अनुहारको रंग हेर ।' परिवारका सदस्यहरूले लाजले फेरि सिर निहुराए । आमाले भनिन् । 'भुटेको आँटाको फल । हामी यहाँ आएको एक महीना भैसक्यो । टामले काम पाएको पाँच दिन भयो । र बाँकी तिमीहरूले प्रत्येक दिन काम पाउन संघर्ष गरेता पनि काम पाइएन । मलाई कुरा उठाउन डर लाग्छ । खर्च सिद्धिसक्यो । यस्तो कुरा झिक्न तिमीहरूलाई पनि डर लाग्छ । हर रात तिमीहरू खाएर घुम्छौ । पैसाको कुरो झिकेपछि तिमीहरू सुन्न सक्तैनौ । अँ, तिमीहरूले सुन्नै पर्छ । रोसाशर्नको समय अब टाढा छैन । उनको चेहराको रंग हेरेपछि थाहा हुन्छ । तिमीहरूले खर्चको बारे कुरा गर्नैपर्छ । तिमीहरूले कुनै ठोस विचार नगरेसम्म कोही उठ्न पाउँदैनौ । भुट्टन एक दिनलाई पुग्ला, पीठो दुइ दिनलाई तथा आलु दस दिनलाई, तिमीहरूले यहीं बसेर के गर्ने भन्ने विचारमा व्यस्त हुनु पऱ्यो ।

उनीहरूका नजर तलतिर झुके । बा चक्कु लिएर आफ्नो बाक्लो नङ सफा गर्न थाले । काका जानले आफू बसेको बाकसको चिप्टी पट्टी टिप्न थाल्यो । टामले आपनो तल्लो ओठमा दाँत गाड्यो र फेरि टोक्न छोड्यो ।

ओठ दबाउन छोडेर त्यसले यता कोमलतापूर्वक भन्यो । 'आमा, हामी काम खोज्दैछौं । पेट्रोल किन्न नसकेदेखि हामीहरू पैदल काम खोज्न गइरहेछौं । कुनै काम पाइँदैन भन्ने कुरा थाहा पाईकन पनि हामीहरू प्रत्येक ढोका, प्रत्येक घरमा गइरहेछौं । तिमी माथि बोझ पर्न गयो । काम नपाउने भन्ने कुरा थाहा पाईकन पनि हामी कुनै कामको खोजी गर्न गइरहेछौं ।

आमाले निर्दयतापूर्वक भनिन् । 'तिमीहरूलाई हतोत्साह हुने अधिकार छैन । हाम्रो परिवार गिर्दै गैरहेछ । त्यसैले उत्साहहीन हुनु हुँदैन तिमीहरू ।'

बाले आफूले सफा गरेको नङ जाचेर भने । 'हामीले काम खोज्न जानु पर्छ, मन नलागेता पनि । यो ठाउँ राम्रो छ र यहाँका मानिसहरू पनि राम्रै छन् । कुनै हूवरविल्लेमा जानु पर्ला भन्ने हामीहरूलाई डर छ ।'

'अँ, हामीले जानु परेपछि जानु त पर्छ । पहिलो कुरा हामीले पेट भर्नु छ ।'

आलले भन्यो । 'ट्रकमा एक टंकीभरि पेट्रोल हालेको छु । मैले त्यो कसैलाई पनि थाहा दिइनँ ।'

टामले मुस्काएर भन्यो । आफू असभ्य भएता पनि आलसँग निकै बुद्धि छ ।'

आमाले भनिन् । 'अब तिमीहरू विचार गर कि मैले परिवारलाई भोकै बस्नु नपरोस् भनेर हेरिराखेको छु कि छैन । भुट्टन एकै दिनलाई पुग्छ । हामीसित भएको जगेडा जम्मा त्यतिनै हो । रोसाशर्न ओछ्यानमा बस्ने समय आयो । 'तिनलाई ख्वाउनु पर्छ । तिमीहरू नै विचार गर ।'

बाले भन्न थाले । 'यहाँ गरम पानी र टट्टीखानहरू छन्–'

'अँ, हामीले टट्टीखानलाई खान सक्तैनौं ।'

टामले भन्यो । 'आज एक जना मानिस आउने छ जसलाई मेरीस्विल्लेमा फलफूल टिप्न केही मानिसहरूको दरकार परेको छ ।'

आमाल सोधिन् । 'अँ, हामीहरू मेरीस्विल्ले किन नजाने ?'

टामले भन्यो । 'मलाई थाहा छैन । जे होस्, त्यो कुरा ठीक जस्तो लागेन । त्यो यस्तो उत्सुक थियो कि ज्याला कति थियो भन्ने कुरा त्यसले भनेन । त्यसलाई ज्याला कति दिइने छ भन्ने ठीक-ठीक कुरा थाहा थिएन ।'

आमाले भनिन् । 'हामीहरू मेरीसविल्ले जाँदैछौं । ज्याला जति भएपनि मलाई परवाह छैन । हामीले जानु पर्छ ।'

टामले भन्यो । 'त्यो ठाउँ धेरै टाढा छ । त्यहाँसम्म पुग्नलाई हामीसित पेट्रोल किन्ने पैसा छैन । अतएव हामी त्यहाँ पुग्न सक्तैनौं । आमा, हामीले विचार गर्नु पर्छ भनी तिमी भन्छ्यौं । मैले सधैं विचार गर्नु बाहेक अरू केही पनि गरेको छैन ।'

काका जानले भन्यो । 'टयुलरे भन्ने ठाउँनिर, जो उत्तरतिर छ कपास बढ्दै आइरहेछ भन्ने कुरा त्यो मानिसले भन्छ । त्यो ठाउँ धेरै टाढा छैन भन्ने कुरा पनि त्यसले भन्छ ।'

'अँ, हामीले जानु पर्‍यो । बरु झट्टै । यो ठाउँ जस्तै राम्रो भएपनि म यहाँ बस्तिनँ ।' यति भनेर आमा आफ्नो बालटीन लिएर गरम पानी लिन सैनिटरी युनिटतिर बढिन् ।

टामले भन्यो । 'आमा कडा भइन् । मैले उनलाई अहिले भर्खरै पागल भएकी देखें । तिनलाई जोश आयो ।'

बाले छुटकारा भएर भन्नुभयो । 'अँ, तिनले वास्तविक कुरा सबैको सामुन्ने ल्याइदिइन् । राति-राति म आफ्नो दिमाग तताईकन पल्टिरहेको छु । अब त्यो विषयलाई लिएर हामी कुरा गर्न सक्छौं ।'

आमा आफ्नो बालटीनमा गरम पानी भरेर फर्किन् । तिनले सोधिन् । 'अँ, केही विचार गर्‍यौ ?'

टामले भन्यो । 'विचार गर्दैछौं । अब उत्तरतिर त्यो कपास टिप्ने ठाउँमा

हामी गर्यौं भने । त्यसो त हामी यस ठाउँमा पनि आएका छौं । यहाँ केही काम पाइँदैन भन्ने कुरा पनि हामीलाई थाहा छ । हामी गुंटा बोकी उत्तरतिर जाँदाजाँदै कपासको खेती तयार हुन्छ । त्यसपछि कपास टिप्ने काम भेट्टाउने छौं । तिम्रो टंकी भरिएको छ ?'

'प्रायः भरिएको छ– अन्दाजी दुइ इन्च कम होला ।'

'त्यतिले त्यहाँ पुग्न सकिहालौंला ।'

आमाले बालटीनमाथि एउटा रिकापी हालेर सोधिन् । 'बेस ?'

टामले भन्यो । 'तिमीले जित्यौ । हामी जाऔंला, हैन बा ?'

बाले भन्नुभयो । 'हामीले जानु पर्ला ।'

आमाले उनलाई पुलुक्क हेरेर सोधिन् । 'कहिले ?'

'अँ– पर्खनु पर्दैन । भोलि बिहानै जान सक्छौं ।'

'हामी बिहान जानु पर्छ । के छुटेको छ भन्ने कुरा मैले तिमीलाई भनें ।'

'अब, आमा, म जान चाहन्न भनेर विचार नगर । यो दुइ हप्तामा मैले पर्याप्त भोजन गर्न पाएको छैन । पेट भरें तर त्यो खानाबाट मलाई केही सन्तोष भएन ।'

आमाले रिकापी बालटीनमा डुबाएर भनिन् । 'हामीहरू भोलि बिहान जाऔंला ।'

बाले सुइँ-सुइँ गरेर व्यंग्यात्मक तवरले भन्नुभयो । 'समय बदलिएको जस्तो बुझिन्छ । हामीले केही गर्नु पर्ने समय आएको छ ।'

आमाले सफा गरिसकेको तप-तप पानी चुहिरहेको रिकापी बाकसमाथि राखिन् । तिनले काम गर्दागर्दै मुस्काउँदै भनिन् । 'बा, आफ्नो लट्ठी लिनोस् । पेटको समस्या र बस्ने समस्या समाधान हुने समय आएपछि आफ्नो लट्ठीलाई प्रयोग गर्न

सक्नु हुनेछ अनि आफ्नो जिन्दगीलाई सुरक्षित राख्न सक्नु हुनेछ । तर तपाईंले विचार गरेर या काम गरेर आफ्नो जिम्मेदारी वहन गरिरहनु भएको छैन । जिम्मेदारी वहन गरिरहेको भए तपाईंले आफ्नो लठ्ठी चलाउन सक्नुहुन्थ्यो र आइमाईहरू आफ्ना नाक सुइँ-सुइँ गर्दै घस्रेर जाने थिए । तर एउटा लठ्ठी पाउनु भयो भने तपाई कुनै आइमाईलाई पिट्न सक्नुहुन्न । तपाईंले लड्नु पर्नेछ किनभने मसँग पनि एउटा लठ्ठी छ ।'

बाले अलमल्ल भईकन ङिच्च हाँसेर भन्नुभयो । 'तिमीले त्यसरी कुरा गरेको केटाकेटीहरूले सुने राम्रो हुने छैन ।'

आमाले भनिन् । 'तपाईं ती केटाकेटीहरूलाई के असल छ भन्नुभन्दा अघि भित्रपट्टिबाट केही सुँगुरको मासु ल्याउनोस् ।'

यो सुनेर बालाई घिन लागेर आयो अनि उहाँ त्यहाँबाट हिंड्नुभयो । काका जान पनि उहाँको साथ लागे ।

आमाका हात पानीमा व्यस्त थिए र तिनले गर्वसाथ टामसित भनिन् । 'उहाँ ठीक हुनुहुन्छ । उहाँले कुट्नु हुने छैन । उहाँले मलाई थप्पड दिनु हुने छैन ।'

टामले हाँसेर भन्यो । 'तिमीले भर्खरै बालाई दबायौ के ?

आमाले भनिन् । 'अवश्य । कोही पनि मानिसलाई चिन्ताले जलाएपछि उसको मुटु खाइदिन्छ । फलस्वरूप त्यो मरेर जानेछ । तर त्यसलाई जिस्काए, पागल तुल्याए त्यसलाई चिन्ताले खाँदैन । त्यो ठीक भएर जाने छ । तिम्रा बाले केही भने तर उनी अहिले पागल छन् । अब उनी चिन्तारहित भई ठीक भएका छन् ।'

आलले उठेर भन्यो । 'म पालको लामसँगसँगै डुल्न जाँदैछु ।'

टामले उसलाई जनाउ दियो । 'ट्रक चल्न लाग्यो कि हेर्नू ।'

'त्यो त चल्न लागेछ ।'

'चल्न नलागेको भए म आमालाई तिम्रो भरमा छोड्ने छु ।'

'गाडी चल्नलाई तयार भैरहेछ ।' यति भनेर आल देखावटी चालले पालको लामसँगसँगै गयो ।

टामले सुस्केरा हालेर भन्यो । 'मलाई थकाइ लागेको छ, आमा । मलाई पागल बनाउने कि नवनाउने ?'

'टाम, तिमी बढ्ता समझदार छौ । तिमीलाई पागल तुल्याउने आवश्यकता म देख्तिनँ । मलाई तिम्रो भरमा बस्नु छ । तिमी बाहेक अरू सबै एक किसिमले विदेशी जस्ता लाग्छन् मलाई ।

उसमाथि कामको बोझ पर्न आयो । त्यसले भन्यो । 'मलाई काम मन परेन । आल जस्तै म कहीं जान चाहन्छु । बा जस्तै म बहुलाउन चाहन्छु तथा काका जानले जस्तै म रक्सी खान चाहन्छु ।'

आमाले टाउको हल्लाएर भनिन् । 'टाम, तिमी त्यसो गर्न सक्तैनौ, मलाई थाहा छ । तिमीलाई मैले सानैदेखि चिनेकी छु । तिमी सक्तैनौ । कोही मानिस यस्ता छन् जो आफ्नै तालमा मस्त हुन्छन् । आल यस्तै मानिस छ जो लडकीको पछि लागेर हिंड्छ । टाम, तिमी कहिले पनि यस्तो भएका छैनौ ।'

टामले भन्यो । 'अवश्य म त्यस्तो थिएँ र अहिले पनि त्यस्तै छु ।'

'अँहँ, तिमी त्यस्ता छैनौ । जे-जति तिमी गर्छौ त्यो तिमीभन्दा बढी छ । उनीहरूले तिमीलाई जेल पठाउँदा मलाई त्यो कुरा थाहा थियो । तिम्रोबारे कुरा चल्थ्यो ।'

'अब, आमा– त्यो कुरा छाडिदेऊ । त्यो सत्य कुरा होइन । त्यो तिम्रो मनको कुरा हो ।'

तिनले चक्कु र काँटाहरू रिकापीहरूमाथि चाङ लगाइन् । 'यो मेरो मनको कुरा हुनसक्छ । रोसाशर्न, यिनीहरूलाई पुछेर थन्काइदेऊ ।'

तौ लडकी स्वाँ-स्वाँ गरेर उठिन् र उनको पेट सामुन्ने झ्वाट्ट निस्केको थियो। आलस्यले वाकसतिर अघि बढेर तिनले एउटा धोइराखेको रिकापी टिपिन्।

टामले भन्यो। 'यतिको टम्म कसिसक्यो र उनका आँखा पनि चाक्ला-बावला भैसके।'

आमाले भनिन्। 'ठट्टा नगर त्यसरी। तिनलाई ठीक नै छ। बिदा लिएर तिमी जहाँ जानु पर्ने हो जाऊ।'

त्यसले भन्यो। 'हुन्छ। गाडी ठीक भयो कि भएन म हेर्न जान्छु।'

आमाले लडकीसित भनिन्। 'त्यसले तिम्रो चित्त दुखाउनलाई त्यसो भनि-रहेको होइन। रूठी र विनफिल्ड कहाँ छन् ?'

'उनीहरू वासित गए। मैले नै देखेकी।'

'अँ, भैगो।'

रोज आब शारन आफ्नो काममा मन्दगतिले व्यस्त थिइन्। आमाले उनलाई राम्ररी जाँचेर भनिन्। 'तिमीलाई सन्चै छ ? तिम्रा गाला गडेका छन्।'

'मलाई जति दूध खान चाहिएको छ त्यति नखाएकोले होला।'

'त्यो कुरा मलाई थाहा छ। हामीसँग दूध छैन, हो।'

रोज आब शारनले भद्दा स्वरले भनिन्। 'कान्नी नगइदिएको भए अहिले-सम्ममा एउटा सानो घर पाइ सक्थ्यौं होला तथा त्यसले अध्ययन गरेर सब थोक गरिसक्नेथ्यो होला। मलाई चाहिएको दूधको साथसाथै एउटा राम्रो बच्चा पनि पाइसक्थें हुँला। दूध खान नपाएकोले यो मेरो पेटभित्रको बच्चा अब राम्रो हुने छैन।' तिनले आफ्नो एप्रोनको गोजीमा हात घुसारीकन केही कुरा झिकी मुखमा हालिन्।

आमाले भनिन्। 'के खान लागेकी ? मैले मुखमा केही हाल्न लागेको देखें।'

'केही होइन ।'

'खै हेरूँ, के खान लागेकी ?'

'एक टुक्रा चून । एक ढिक्का चून पाइयो ।'

'यो त फोहर चीज खाए जतिकै भयो ।'

'मलाई यो खान मन लाग्यो ।'

आमा चूप लागिन् । तिनले घुँडा पसारेर आफ्नो फरिया तन्काईकन भनिन् । 'मलाई याद छ कि मैले पेट बोकेको बेला एकचोटि कोइला खाएकी थिएँ । ठूलै टुक्रा कोइला खाएकी । बज्यैले गाली गरिन् त्यस्तो खान हुँदैन भनेर । तिमी बच्चा-बारे त्यस्तो कुरा नगर । त्यसकोबारे विचारसम्म पनि नगर ।

'मैले नलोग्ने पाएँ न दूध नै खान पाएँ ।'

आमाले भनिन् । 'तिमीलाई सन्चो भएको भए मैले मुखैमा ठोक्ने थिएँ ।' तिनी उठेर पालभित्र गइन् । बाहिर निस्कीकन रोज आब शारनको सामुन्ने उभिएर आफ्नो हात पसारीकन तिनले भनिन् । 'हेर ।' आफ्नो हातको सारो सुनको इयरिंग देखाएर भनिन् । 'यो तिमीलाई ।'

ती लडकीका आँखा एक छिन टल्केर आए । अनि पछि तिनले हेरेर भनिन् । 'मेरा कानमा प्वाल छैनन् ।'

'अँ, म प्वाल पारिदिन्छु ।' आमा छिटो छिटो पालभित्र पसी दफ्ती-बाकस लिएर बाहिर निस्किन् । सियोमा छिटो छिटो धागो हालीकन दोब्र्याइएको धागोमा गाँठोहरू पार्दै गइन् । अर्को सियोमा धागो हालेर गाँठो पार्न थालिन् । त्यस बाकस-बाट तिनले एक टुक्रा काग झिकिन् ।

'त्यसबाट मलाई चोट लाग्ला । त्यसले मलाई दुखाउला ।'

आमाले उनको नजीक गएर कानको पछिल्तिर काग हालीकन सियोले कान

छेडेर कागमा लगाइन् ।

ती लडकीले मुख बिगारेर भनिन् । 'त्यसले घोचेर मलाई दुखाउला ।'

'यति त हो नि दुख्ने ।'

'हो, त्यति नै होला ।'

'अँ, त्यसो भए । अर्को कान पनि हेरिहालौं ।' तिनले काग हालेर अर्को कान पनि छेडिन् ।'

'दुख्ला ।'

आमाले भनिन् । 'चूप लाग । सबै सिद्धिसक्यो ।'

रोज आब शारन चकित भएर उनलाई हेर्न थालिन् । आमाले सियो छिटो-छिटो तानेर दुवैतिर एकेक गाँठो प्वालबाट छिराइन् ।

तिनले भनिन् । 'अब हरेक दिन एकेक गाँठो छिराएपछि दुइ हप्तामा सबै ठीक हुनेछ । अनिपछि यो कानको बाला लाउन ठीक होला । लेऊ-यो तिम्रो । यसलाई आफ्नो साथ राख ।'

रोज आब शारनले बिस्तारै कान छोएर हेरिन् र आफ्ना औंलाहरूमा अलि-अलि रगत लागेको चाल पाइन् । 'दुख्न त दुखेन । अलिकति चस्स मात्र भयो ।'

आमाले भनिन् । 'तिम्रो कान पहिले नै छेड्नु पर्ने ।' तिनले आफ्नी छोरीको मुखमा अवलोकन गरेर विजयस्वरूप मुस्काउँदै भनिन् । 'अब ती सबै रिकापीहरू धोई सिध्याऊ । तिम्रो बच्चा राम्रो हुनेछ । कान नछेडीकनै तिमीले बच्चा पाउन लागेकी । अब तिमी सुरक्षित छयौ ।'

'त्यसमा केही मतलब छ ?'

आमाले भनिन् । 'अवश्य छ, अवश्य ।'

आल सडकबाट नृत्य-मञ्चतिर अगाडि बढ्दै गयो । एउटा सफा सानो पालको बाहिरपट्टि ऊ सुस्त-सुस्त सुसेली बजाउँदै सडकतिर गयो । उसले मैदानको किनारातिर लागेर घाँसमा आसन जमायो ।

पश्चिमतिरका बादलहरूमा अब लाल किनारा बिलाइसकेको थियो र सिगै बादलले कालो रंग धारण गऱ्यो । आफ्ना खुट्टाहरू कन्याईकन आल संध्याको आकाशतिर निहार्न थाल्यो ।

एक छिन पछि गोरी, हल्का खैरो रंगको कपाल भएकी एउटी लडकी नजीक आइन् । उनी राम्री मात्र होइनन् अपितु छिटो-छरितो अनुहार भएकी पनि थिइन् । तिनी उसको बगलको घाँसमा बसिन् तर केही बोलिनन् । आल आफ्नो हात उनको कमरमा राखेर औंलाले छाम्न थाल्यो ।

तिनले भनिन् । 'मलाई कुतकुती लगाएर उत्तेजित नपार ।'

आलले भन्यो । 'हामीहरू भोलि जाँदैछौं ।'

तिनले ऊसँग आश्चर्य मानेर सोधिन् । 'भोलि ? कहाँ जाने ?'

त्यसले लापरवाहीले भन्यो । 'उत्तरतिर ।'

'अँ, हामीहरू बिहे गर्न लागेका, होइन ?'

'अवश्य, केही दिनपछि ।'

तिनले रिसाईकन कराएर भनिन् । 'तिमीले छिटै गर्ने भनेका !'

'अँ, छिटै गर्ने, छिटो आए पछि ।'

'तिमीले वचन दिएका थियौ ।' त्यसले आफ्ना औंलाले यताउति छाम्यो ।

तिनले कराएर भनिन् । 'जाऊ हट । हामीहरूको बिहे हुने भनी तिमीले भनेका थियौ ।'

'अँ, अवश्य हाम्रो बिहे हुन्छ ।'

'र अब तिमी जाँदैछौ ।'

आलले सोध्यो । 'तिमीलाई के भयो ? तिमीले पेट बोकेकी छ्यौ ?'

'अँहँ, बोकेकी छैन ।'

आलले हाँसेर भन्यो । 'म त समय पो बरबाद गर्दैछु, हँ ?'

उनको चिउँडो छुस्स निक्स्यो । उनले उठेर भनिन् । 'आल जोड, तिमी मेरो सामुन्ने नबस । म तिमीलाई हेर्न चाहन्नँ ।'

'अँ, आऊ । के भयो ?'

'तिमी आफूलाई न्यायी ठान्छौ ।'

'अब एक छिन पख ।'

'म तिमीसित जान्छु भन्ठान्छौ तिमी । अँ, जान्नँ म ! मेरा लागि थुप्रा मौका छन् ।'

'एक छिन पख-न अब ।'

'अँहँ–गैहाल । मेरो सामुन्ने नबस ।'

आलले अकस्मात् उनलाई झम्टेर गोली-गाँठा समातीकन लडाइदियो । उनी लडिसकेपछि उनलाई समाएर उनको मुख थुनिदियो । तिनले उसको हत्केला टोक्न खोजिन् तर त्यसले हत्केलालाई प्यालाको आकार बनाई उनको मुख थुनिराख्यो । अर्को हातले त्यसले उनलाई थिचिराख्यो । एक छिनपछि तिनी चूप लागिन् र अर्को छिनमा दुवै सुकेको घाँसमा दबेको स्वरले हाँस्न थाले ।

आलले भन्यो । 'किन, हामीहरू छिटै फर्केर आउँदैछौं । मसँग खल्तीभरि दाम हुनेछ । अनि हामीहरू हलिऊड गएर चल-चित्रहरू हेर्नेछौं ।'

तिनी पल्टिरहेकी थिइन् र आल तिनीमाथि झुकिरहेको थियो । र त्यसले उनका आँखामा सन्ध्याको चम्किलो तारामात्र देखेको होइन अपितु कालो बादल पनि देख्यो । त्यसले भन्यो । 'हामीहरू रेल-गाडीबाट जानेछौं ।'

तिनले सोधिन् । 'यस्तो हुनलाई कति समय लाग्नेछ ?'

त्यसले भन्यो । 'अहो, एक महीना जति लाग्न सक्छ ।'

सन्ध्याको अन्धकार व्याप्त भयो । बा र काका जान पर्लेंटी कसेर बसे । उनीहरूले त्यस रातको अध्ययन गर्नुको साथसाथै भविष्यको पनि अध्ययन गरे । त्यो सानो आकारको मैनेजर खिइएको र सुकिलो सेतो लुगा लाएर ड्योढीको रेलिंगमा आफ्ना कुहिनाले टेकेर बसिराखेको थियो । उसको आकृतिमा चाउरी परेर थकानको झलक पाइन्थ्यो ।

हस्टनले उसलाई हेरेर भन्यो । 'मिस्टर, तपाईंलाई निद्राको आवश्यकता छ ।'

'मलाई पनि सुत्नु पर्छ भन्ने कुरा लागिरहेछ । तीन नम्बरको युनिटमा आज राति बच्चाको जन्म भयो । मैले एउटा कुशल प्रसवकारिणीको काम गर्नु परिराखेको छ ।'

हस्टनले भन्यो । 'मानिसलाई थाहा हुनु पर्छ । विवाहित मानिसलाई त्यो कुरा थाहा हुनु पर्छ ।'

बाले भन्नुभयो । 'हामीहरू भोलि बिहान जांदैछौं ।'

'हो ? कहाँ जांदै हुनुहुन्छ ?'

'हामीहरू अलि उत्तरतिर जाने विचार गर्दैछौं । पहिले कपासको काम गर्ने कोशिश गर्नेछौं । हामीहरूले काम पाएका छैनौं । हामीलाई खानेकुराको अभाव हुँदैछ ।'

हस्टनले सोध्यो । 'त्यहाँ केही काम पाइन्छ भन्ने कुरा थाहा पायौ के ?'

'तर हामीलाई यहाँ पटकै काम छैन भन्ने कुराको यकीन भैसक्यो ।'

हस्टनले भन्यो । 'अलि दिनमा यहाँ काम पाइएला । हामीले दृढ भएर बस्नु पर्छ ।'

बाले भन्नुभयो ।'हामीलाई यो ठाउँ छोडेर जान मन लाग्दैन । यहाँका मानिस, टट्टी र अरू सबै कुरा हामीहरूलाई साह्रै राम्रा लागे । तर हामीले पेट भर्नु छ । हामीसँग एक टंकी पेट्रोल जगेडा छ । त्यसले अलिकति बाटो जानलाई पुग्ला । हामी यहाँ सधैं नुहाउन पाउँछौं । मेरो जिन्दगीमा यति सफा भएर कहिले पनि बस्न पाएको छैन । मजाको कुरा त यो थियो कि मैले पहिलो हप्ता एकचोटि नुहाउँदा आफूलाई कहिले नगन्हाएको जस्तो लाग्थ्यो । तर अहिले एक दिन ननुहाउँदा त म आफूलाई गन्हाएको पाउँछु । यसरी दिन्हौं नुहाउँदा त्यसो भएको हो कि ?'

मैनेजरले भन्यो । 'तिमीले पहिले आफूलाई गन्हाएको थाह्रा नपाएको हुन-सक्छ ।'

'हामीहरू यहाँ बस्न सके हुँदो हो ।'

त्यो सानो मैनेजरले आफ्ना हत्केलाहरूले कंचट समातेर भन्यो । 'आज राति अर्को बच्चाको जन्म होला जस्तो लाग्छ मलाई ।'

बाले भन्नुभयो । 'हाम्रो परिवारमा पनि छिटै एउटा बच्चाले पदार्पण गर्ला जस्तो छ । मलाई त यहीं जन्मे राम्रो लाग्छ । हामीले बच्चा यहीं जन्माउन पाए बेस हुने थियो ।'

टाम, विल्ली र खचडा जुले नाचे भुइँको छेउमा बसेर पाइलाहरू हल्लाइ-रहेका थिए ।

जुलेले भन्यो । 'मसित डरहैमको एउटा बोरा छ । धूमपान गर्छौं ?'

टामले भन्यो । 'अवश्य गर्छु । निकै बेर भो मैले धूमपान नगरेको ।' त्यसले खैरो चुरोट राम्रोसँग बेऱ्यो ।'

विल्लीले भन्यो । 'अँ, साहेब, तिमीहरू गएपछि हामीलाई दुःख लाग्नेछ । तिमीहरू राम्रा मान्छे छौ ।'

टामले चुरोट सल्काउँदै भन्यो । 'मैले त्यसबारेमा निकै विचार गरिसकेको छु । जीजस क्राइस्टको शपथ, मलाई त हामीहरू यहीं बस्न सके वेस ।'

जुलेले आफ्नो डरहैम फिर्ता लिएर भन्यो । 'यो राम्रो भएन । मेरो एउटी सानी छोरी छ । यहाँ आएपछि त्यसले स्कूलको तालीम पाउली भन्ठानेको थिएँ तर दुर्भाग्यवश हामीहरू एकै ठाउँमा बस्न पाएनौं । एक ठाउँबाट अर्को ठाउँमा जाँदै गर्नु पर्‍यो ।'

टामले भन्यो । 'अरू हूवरविल्लेहरूमा जान नपरोस् भनेर म आशा गर्छु । मलाई साँच्चै त्यहाँ बस्न डर लाग्छ ।'

'उप-जिल्लाधीशहरूले तिमीहरूलाई खेदिहाल्छन् के ?'

टामले भन्यो । 'मलाई डर लागेको आफूले कसैलाई मार्नु पर्ला भनेर पो । म केही दिन मात्र त्यहाँ बस्न पाएको थिएँ त्यत्तिकैमा मेरो जोश उम्लेर आएको थियो । उप-जिल्लाधीश आएर मेरो एउटा साथीलाई समातेर लग्यो । उसको दोष थियो बेतालसँग कुरा गर्‍यो भन्ने । म त्यस बेला जोशले उम्लिरहेको थिएँ ।'

विल्लीले सोध्यो । 'कहिले हडतालमा परेका छौ ?'

'अँहँ ।'

'अँ, त्यसबारे मैले निकै विचार गरिसकेको छु । ती उप-जिल्लाधीशहरू यहाँ किन अन्यत्र पसेजस्तै पसीकन खलबल गर्दैनन् ? आफिसमा बस्ने त्यो सानो मानिसले उनीहरूलाई आउन दिंदैन भन्ठानेका ? अँहँ ।'

जुलेले सोध्यो । 'अँ, के त ?'

'म तिमीलाई भनुँला । उनीहरू यहाँ यसकारणले आउँदैनन् कि हामीहरू सब एक भएर काम गरिरहेका छौं । यस शिविरमा उप-जिल्लाधीशले एक जनालाई पनि

समात्न सक्तैन । त्यस्तै रद्दी शिविरमा मात्र गएर त्यसले समात्न सक्छ । र यहाँ त त्यसले साहस गर्न सक्तैन । हामी दुइ सय जना सबै मिलेर एक आवाजले कराउनु छ । यूनियनको संगठनकर्ता एकजुट भएपछि जुनसुकै ठाउँमा हामीले उप-जिल्लाधीश-लाई रोक्न सक्छौं भनेर सडकमा कुरा गरिरहेको थियो । सबै एक हुनु पर्छ । अन्यत्र दुइ सय जवान मिलेर आवाज उठाएका छैनन् । अतएव उनीहरू एकेक जना गरेर समातेर लान्छन् ।'

जुलेले भन्यो । 'हो, एउटा यूनियन भएपछि नेताहरू पनि हुनुपर्‍यो । उनी-हरूले आएर नेताहरूलाई समातेर लान्छन् । अनि तिम्रो यूनियन कहाँ रहन्छ र ?'

विल्लीले भन्यो । 'अँ, हामीहरूले कुनै बेला यसबारे कुरा गर्नेछ । म यहाँ आएको एक साल भैसक्यो र ज्याला घट्दै गइरहेछ । मानिसले अब आफ्नो कामको ज्यालाले परिवार पाल्न सक्तैन र दिन पर दिन अवस्था खराब हुँदै गैरहेछ । अल्छिले बसेर भोकै रहनु जाती छैन । के गर्ने हो मलाई थाहा छैन । एउटा मानिससित हलो जोत्ने एक जोडा घोडा रहेछ र त्यसले हलो नजोतेको बेला ती घोडाहरूलाई खवाउनु पर्‍यो भने त्यसले खेतवाट उत्पत्ति गर्दा नोक्सान पर्न जान्छ । तर त्यसले मानिसद्वारा काम लिनु पर्‍यो भने त्यसले केही पनि दिनु पर्दैन । घोडाहरू त मानिसहरूभन्दा धेरै खर्चिला हुँदा रहेछन् । म यो कुरा बुझ्दिनँ ।'

जुलेले भन्यो । 'यस्तो रहेछ भने म यसबारे विचार गर्न चाहँदिन । तर नचाहेता पनि मैले यसबारे विचार गर्नै पर्छ । मसित यो सानी छोरी छ जो तिमी-लाई थाहा नै छ, कति राम्री छ । कुनै हप्ता उनीहरूले यस शिविरमा उनको सौन्दर्यताको लागि एउटा इनाम दिने छन् । अँ, उनलाई के हुन लागेको छ ? तिनी अग्ली र दुब्ली हुन लागिन् । यस्तो भएको मलाई सह्य छैन । तिनी कति राम्री छिन् ।'

विल्लीले सोध्यो । 'कसरी ? तिमीले के गर्न लागेका छौ—केही चीज चोरेर जेलको हावा खान जाने ? कसैलाई मारेर झुंडिन जाने ?'

जुलेले भन्यो । 'मलाई थाहा छैन । यसबारे विचार गर्दा मैले उच्छृंखल भएर जानु पर्नेछ । मलाई यसले सरासर उच्छृंखल पार्नेछ ।'

ढामले भन्यो । 'म नाचहरू हेर्न नपाउने भएको छु । मैले अझसम्म देखेकोमा

त्यो सबभन्दा राम्रो नाच होला । अँ, म त सुत्न जांदैछु । म तिमीलाई कुनै ठाउँमा भेटुँला ।' त्यसले हात लिएर हल्लायो ।

जुलेले भन्यो । 'अवश्य भेटौंला ।'

'अँ, त्यस बेलासम्मलाई ।' भनेर टाम अन्धकारतिर गयो ।

जोड-परिवारको पालको अन्धकारमा रूठी र विनफिल्ड डसनामा पल्टिरहे । उनीहरूको बगलमा आमा पल्टिरहेकी थिइन् । रूठीले कानेखुसी गरेर भनिन् । 'आमा !'

'किन ? तिमी अझ सुतेकी छैनौ ?'

'आमा–हामी जाने ठाउँमा ममचा खान पाइन्छ ?'

'मलाई थाहा छैन । सुत अहिले । भोलि बिहान सबेरै जानु छ ।'

'अँ, मलाई त यहीं बस्न मन छ । यहाँ हामीले अवश्य ममचा खान पाउँछौं ।

आमाले भनिन् । 'चूप !'

'आमा, विनफिल्डले आज राति एउटा केटोलाई हिर्कायो ।'

'त्यसले हिर्काउन नहुने ।'

'मलाई थाहा छ । मैले उसलाई भनेको थिएँ तर त्यसले नाकैमा हिर्काइदियो । अनि जीजसको शपथ, कति रगत बग्यो !'

'त्यसरी कुरा नगर । त्यसरी कुरा गर्नु ठीक छैन ।'

विनफिल्डले फर्केर ठेस लागेको स्वरमा भन्यो । 'त्यो केटोले हामीहरूलाई ओकीहरू भन्यो । ऊ ओरेगानबाट आएकोले आफूलाई ओकी होइन भनी भन्थ्यो । त्यसले हामीहरूलाई बेकम्मा ओकीहरू भन्यो । मैले नि ठोकिदिएँ उसलाई ।'

'चूप ! तिमीले नठोक्नु पर्ने । त्यसले तिमीलाई गाली गरेर चोट लगाउन सक्तैन ।'

विनफिल्डले क्रूरतापूर्वक भन्यो । 'अँ, म उसलाई त्यस्तो भन्न दिन्नँ ।'

'चूप ! अहिले सुत ।'

रूठीले भनिन् । 'उसको लुगाभरि रगतपच्छे भएको तिमीले देख्नुपर्ने ।'

आमाले सिरकको मुनितिरबाट हात घुसारेर रूठीको गाला चड्काइदिइन् । एक छिन त तिनले रुदन रोकिन, पछि सुइँ-सुइँ गरेर रुन थालिन् ।

सैनीटरी युनिटमा बा र काका जान जोडिएका विभागहरूमा बसे । बाले भन्नुभयो । साना केटाकेटीहरूलाई पहिले बाजी तर्साएपछि कसरी तर्से, संझन्छौ ?'

काका जानले भने । 'मलाई त्यतिको चैन छैन ।' आफ्नो घुँडामाथि ओवर आल्स् तानेर भने । 'म खराब हुँदै छु । म आफूलाई पापी जस्तो अनुभव गर्छु ।'

बाले भन्नुभयो । तिमीले एक थोक पनि पाप गर्न सक्तैनौ । तिमीसित एक पैसा छैन, टाट भएर बसेका छौ । पाप गर्नलाई तिमीसित कम-से-कम दुइ डलर हुनु पर्छ । र हामीसँग दुइ डलर छैन ।'

'हो ! तर म पाप गर्ने विचार गर्दैछु ।'

'हुम्छ । तिमी कुनै हालतमा पाप गर्ने विचार गर्न सक्तैनौ ।'

काका जानले भने । 'त्यस्तो विचार गर्नु खराब छ ।'

बाले भन्नुभयो । 'पाप गर्नु झन् सस्तो कुरा छ ।'

'पापलाई त्यत्तिको सानो छ भनी नठान ।' '

'मैले त्यसो गरेको छैन । तिमी पाप गद जाऊ । तिम्रो निम्ति नरक देखा परेपछि तिमीले जहिले पनि पाप गर्नेछौं ।'

काका जानले भने । 'यो कुरा मलाई थाहा छ । मैले जति पाप गरेको थिएँ त्यसको आधी पनि भनेको छैन ।'

'अँ, त्यो पाप तिमीसँगै राख ।'

'यहाँका राम्रा-राम्रा टट्टीहरूले मलाई पाप गर्न लगाउँछन् ।'

'त्यसो भएको रहेछ भने झाडहरूमा जाऊ टट्टी फेर्न । लौ-लौ पैन्ट माथि तान । अब अलि सुतौं ।' बाले आफ्नो ओवरआलका पट्टीहरू तानेर खोल्नुभयो । उहाँले टट्टीको भाँडामा पानी खोलिदिनुभयो अनि त्यसमा पानी बगेर घुमेको हेरिरहनुभयो ।

अँध्यारै छँदा आमाले आफ्नो पालका मानिसलाई जगाइदिइन् । सैनिटरी युनिटहरूका खुला ढोकाबाट आएको मन्द रात्रि-प्रकाश चम्कन थाल्यो । पालहरूमा सुत्ने मानिसहरूले घुरेका विभिन्न किसिमका आवाज सडकबाट सुनिन थाले ।

आमाले भनिन् । 'आऊ, हामीलाई बाटो जानु छ । अब उज्यालो हुन धेरै बेर छैन ।' तिनले लालटीन बालेर भनिन् । 'आऊ, तिमीहरू सबै ।'

पालको भुइँमा बिस्तार-बिस्तारै चाल चल्न थाल्यो । सिरक र मफ्लरहरू फ्याँकेर अझ निद्राले नछोडेका आँखाले प्रकाशतिर छड्के नजरले हेर्न थाले । आमा आफूले लाइराखेको सुत्ने लुगामाथि अर्को लुगा लाउन थालिन् । तिनले भनिन् । 'हामीसँग कफी छैन । अलिकति बिस्कुट बाँकी छ त्यसलाई बाटैमा खानुपर्ला । अहिले उठ, ट्रकमा लाद्नु छ । आऊ, हल्ला-खल्ला नगर । छिमेकीहरूलाई नजगाऊ ।'

उनीहरू पूर्ण रूपले जागा हुन एक छिन लाग्यो । आमाले केटाकेटीहरूलाई जनाउ दिएर भनिन् । 'अब तिमीहरू कहीं नजानू ।' परिवारका सबै सदस्य लुगा लाउन थाले । लोग्नेमान्छेहरूले टाटको पाल भत्काएर ट्रकमा लादे । आमाले उनीहरूलाई जनाउ दिएर भनिन् । 'टाटलाई राम्ररी पट्ट्याएर चेप्टो गरी राख ।'

उनीहरूले डसनाहरूलाई भारीमाथि चाङ लगाएर टाटलाई माथिको खम्बामा बाँधिदिए ।

टामले भन्यो । 'ठीक छ, आमा, मोटर तयार छ ।'

आमाले चिसो बिस्कुटको एक प्लेट हातमा लिएर भनिन् । 'ठीक छ, तिमीहरू सबैले एकेकवटा बिस्कुट लेऊ । हामीसँग जम्मा यत्तिनै छ ।'

रूठी र विनफिल्ड आ-आफ्नो बिस्कुट टिपेर भारीमाथि आरोहण गरे । ओढ्ने ओढेर हातमा चिसो सारो बिस्कुट लिएर उनीहरू फेरि सुत्न गए । टामले चालकको आसनमा बसेर स्टार्ट गर्ने यन्त्रमा पाइला हाल्यो । त्यसले एक छिन प्यारा-रार्र आवाज निकाल्यो र फेरि थामियो ।

टामले कराएर भन्यो । 'धत्तेरी, आल, तिमीले त ब्याटरी चलाइराख्यौ ।'

आलले रिसाएर जवाब दियो । 'गाडी चलाउनलाई पेट्रोल छैन भने मैले ब्याटरी कसरी छोडिराख्न सक्थें ?'

टामले अकस्मात् मुख बन्द गरीकन हाँसेर भन्यो । 'अँ, त्यो त कसरी भयो म जान्दिनँ तर जे होस् यो तिम्रो दोष हो । तिमीले क्रैंकलाई कस्नु पर्नेथ्यो ।'

'म भन्छु त्यो मेरो दोष होइन ।'

टामले बाहिर गएर आफू बसेको आसनमुनि राखिएको क्रैंक भेट्टाईकन भन्यो । 'यो मेरो दोष हो ।'

'त्यो क्रैंक मलाई देऊ ।' भनेर आलले लिएर भन्यो । 'कन्डक्टरबाट निस्कने स्पार्कलाइटलाई तलतिर तान । त्यसले मेरो पाखुरा जलाउँछ ।'

'हुन्छ । त्यसको पुच्छर बाटेर घुमाई देऊ ।'

आलले क्रैंकको चारैतिर जोर गऱ्यो । टामले गाडीलाई बिस्तारै बन्द गर्दा इन्जिन लाग्यो अनिपछि जोरसँग कराएर गर्जन थाल्यो । त्यसले स्पार्कलाई उठाईकन त्यसको घाँटी दबायो ।

आमा उसको बगलमा चढेर बसिन् । तिनले भनिन् । 'हामीले यस शिविरमा बस्ने जतिलाई उठाइदियौं ।'

'उनीहरू फेरि सुत्नेछन् ।'

आल अर्को बगलतिर चढेर गयो । त्यसले भन्यो । 'बा र काका जान टुप्पा-माथि चढेर फेरि सुत्न लागेका छन् ।'

टामले मूल ढोकातिर गाडी चलाएर लग्यो । चौकीदारले आफ्नो अफिसबाट बाहिर निस्कीकन ट्रकमा चोर-बत्तीले हेरी भन्यो । 'एक छिन पख ।'

'किन ?'

'तिमीले बाहिर चेक गर्ने ?'

'अवश्य ।'

'अँ, मैले तिमीहरूलाई सडकपारिसम्म पुऱ्याउनु छ ।'

'हुन्छ ।'

'कुन बाटो लाग्ने हो थाहा छ ?'

'अँ, हामीहरू उत्तरतिर काम खोज्न जाँदैछौं ।'

चौकीदारले भन्यो । 'अँ, सौभाग्य प्राप्त होस् ।'

'तिम्रो भाग्य पनि चम्कोस् ।'

ट्रक ठूलो टीलाको छेउ-छेउबाट गएर सडकमा आइपुग्यो । ९९ भन्ने ठाउँमा नआइपुगेसम्म टाम वीडपैच र पश्चिम नाघेर गई अघि आफू गएको बाटो फेरि जान थाल्यो । त्यसपछि उत्तरतिरको ठूलो पेलिएको सडक नाघेर गई बेकर्सिफल्डतिर लाग्यो । ऊ सरहदतिर आइपुग्दा उज्यालो भैसकेको थियो ।

टामले भन्यो । 'जतातिर हेर भोजनालयसिवाय केही देख्तैनौ जहाँ तिमीले

कफी पिउन पाउछौ । ती भोजनालयहरूमा रात बिताउनेहरूले दस ग्यालन जति तातो कफी खान्छन् । नपत्याए बाजी ठोकौं, आऊ ।'

आलले भन्यो । 'ओ, चूप लाग ।'

टामले डिच्च हाँसेर उसलाई भन्यो । 'अँ, तिम्रो एउटी लडकी छ भन्ने कुरा मलाई थाहा छ ।'

'अँ, भए के त ?'

'त्यो अहिले बिहानदेखि नै नीच कुरा गर्छ । आमा, त्यसको संगत राम्रो छैन ।'

आलले रिसाएर भन्यो । 'म छिटै आफ्नै निर्णयअनुसार गर्न लागेको छु । त्यसको परिवार छैन भने जिन्दगी झन् सुगम हुन सक्छ ।'

टामले भन्यो । 'नौ महीनामा तिम्रो परिवार भैहाल्छ नि । मैले तिमीलाई त्योसित खेलिराखेको देखेछु ।'

आलले भन्यो । 'तँ पागल, म ग्यारेजमा एउटा काम भेट्टाएर भोजनालयमा खान्छु ।'

'र नौ महीनामा तिमीले स्वास्नी र एउटा बच्चा पाउने छौ ।'

'म भन्छु । त्यसो हुँदैन ।'

टामले भन्यो । 'आल, तिमी त बुद्धिमान् मान्छे रहेछौ । तिम्रो मुन्टोमाथि प्रहार वर्षन लागेको छ ।'

'कसले त्यसो गर्न लागेको छ ?'

टामले भन्यो 'त्यसो गर्ने मानिसहरू जहिले पनि भैरहन्छन् ।'

'त्यसकारणले तिमी ठान्छौ कि तिमीले–'

आमाले कुरा काटेर भनिन् । 'अब बन्द गर यो कचमच ।'

टामले भन्यो । 'कचमच मैले शुरू गरेको । म उसलाई जिस्काइरहेको । आल, मैले तिमीलाई केही खराब गर्न खोजेको होइन । तिमीले त्यस लडकीलाई त्यत्तिको रुचाएका रहेछौ भन्ने कुरा मलाई थाहा थिएन ।'

'म कुनै लडकीहरूलाई त्यत्तिको मन पराउँदिनँ ।'

'ठीक छ, त्यसो भए मन नपराऊ । अब मबाट कुनै तर्क पेश हुँदैन ।'

ट्रक शहरको छेउतिर आइपुग्यो । टामले भन्यो । 'हेर ती दराजहरूमा सुँगुरको मासु कति राम्रोसँग राखेको रहेछ । सयौं टुक्रा होलान् ।'

आमाले भनिन् । 'टाम ! मैले एक डलर अलग राखेकी छु । तिमीलाई कफी पिउन साह्रै मन लागेको छ, हो ?'

'अँहँ, आमा । मैले त खालि बेवकूफ बनाउन लागेको मात्रै ।'

'तिमीलाई साह्रै खान मन छ भने खान सक्छौ ।'

'म खान्नँ ।'

आलले भन्यो । 'त्यसो भए कफीको बारे कुनै नगर ।'

टाम एक छिन त चूप भयो । त्यसले भन्यो । 'मेरो खुट्टा सधैं कफीमा डुबिरहेको जस्तो बुझिन्छ । त्यस रात हामी गएको सडक आइपुग्यो ।'

आमाले भनिन् । 'म आशा गर्छु कि त्यस्तो रात फेरि कहिले नआवस् । त्यो त नराम्रो रात थियो ।'

'मलाई पनि त्यस्तो रात मन पर्दैन ।'

उनीहरूको दायाँतिर घाम झुल्क्यो र ट्रकको दीर्घ छायाँ सडकको बगलमा

रहेको बारेका खम्बाहरूमाथि झट्का दिएर उनीहरूको बगलमा दगुर्न थाल्यो। उनीहरू पुर्ननिर्माण गर्न लागेको हूवरविल्ले नाघेर गए।

टामले भन्यो। 'हेर, त्यहाँ नयाँ-नयाँ मानिसहरू आए। उही ठाउँ जस्तो बुझिन्छ।'

आलले बिस्तारै आफ्नो उदासीनताबाट उम्केर भन्यो। 'एउटा मानिसले मलाई भनेको थियो कि उनीहरूमध्ये कोही-कोहीलाई पन्ध्र-बीस पल्ट आगोले पोलेको थियो। उनीहरूले सरपतका बोटहरूमुनि लुक्न गईकन फेरि बाहिर निस्केर लोखर्केहरूले जस्तै अर्को घाँसा झोपडी बनाएको कुरा भन्थ्यो। उनीहरूलाई त्यस्तो किसिमको जिन्दगी व्यतीत गर्ने बानी नै परिसकेकोले उनीहरू पागल भएर नगएको कुरा पनि त्यसले भन्थ्यो। उनीहरूले त त्यस्तो घटनालाई नराम्रो मौसम जस्तो ठानेका थिए।'

टामले भन्यो। 'त्यो रात मेरो निम्ति साँच्चै नराम्रो मौसम जस्तो भयो।' उनीहरू चौडा सडकमाथि पुगेपछि घामको न्यानोपनले उनीहरूलाई काम्न लगायो। टामले भन्यो। 'बिहान-बिहान जिउमा स्फूर्ति आउन थालेको छ। जाडो महीना आउँदैछ। मलाई आशा छ कि जाडो महीना आउनुअगाडि हामीले केही खर्च पाउन सक्छौं। जाडोमा पालले काम दिने छैन।'

आमाको मुखबाट उच्छ्वास निस्क्यो। त्यसपछि तिनले आफ्नो मुन्टो सोझ्याएर भनिन्। 'टाम, जाडोमा हामीले एउटा घर पाउनु पर्छ। म भन्छु, हामीले पाउनु पर्छ। रूठी त ठीकै छ तर विनफील्ड बलियो छैन। वर्षा शुरू भएपछि हामीले एउटा घर पाउनु पर्छ। मैले सुनेकी छु, यहाँ बडो जोर-तोडले वर्षा हुँदो रहेछ भन्ने कुरा।'

'आमा, हामीहरू एउटा घर लिउँला। तिमी निश्चिन्त भएर बस, तिमीले एउटा घर पाउने छौ।'

'केटाकेटीहरूलाई चिसोबाट सुरक्षित राख्न छाना र भुइँ भएको एउटा घर चाहिएको छ।

'आमा, हामी कोशिश गर्रौला।'

'अब म तिमीलाई चिन्ता र दुःख दिन चाहन्न।'

'आमा, हामी प्रयत्न गरौंला ।'

तिनले भनिन् । 'मलाई कहिलेकाहीं डर लागेर आउँछ, मनःस्थिति डुबेर जान्छ ।'

'तिम्रो मनको अवस्था डुबेको मैले कहिले पनि देखेको छैन ।'

'कहिलेकाहीं राति मनःस्थिति खस्कन्छ ।'

ट्रकको अघिल्तिरबाट जोरसँग छुस्स आवाज निस्क्यो । टामले ब्रेक समातेर गाडी रोक्यो । ट्रक झट्का दिएर थामियो । टामको मुखबाट उच्छ्वास निस्क्यो । 'अँ, बल्ल थामियो ।' त्यसले सीटको पछाडितिर अडेस लायो । आल फुत्त बाहिर निस्केर दायाँतिरको टायरनिर दगुरेर गयो ।

त्यसले कराएर भन्यो । 'ठूलो कीला पो पसेको रहेछ ।'

'हामीसित टायर टाल्ने केही कुरा छ ?'

आलले भन्यो । 'अँहँ, जम्मै सिद्धिसक्यो । रबडको टुक्रा त छ, तर टाँस्ने कुरा छैन ।'

टामले फर्केर आमातिर उदासीनताले मुस्काएर भन्यो । 'तिमीले एक डलर छुट्टयाएर राखेको बारे कुरा नगर्नु पर्ने । हामीले त्यसलाई कुनै कुरामा सदुपयोग गर्नु पर्ला ।' गाडीबाट निस्केर त्यो चेप्टो टायरनिर गयो ।

आलले त्यो चेप्टो टायरबाट निस्किरहेको एउटा ठूलो कीलालाई औंल्याएर भन्यो । 'उ यही हो !'

'यस प्रदेशमा एउटै कीला रहेछ भने त्यसलाई हामीले किच्यौं ।'

आमाले कराएर भनिन् । 'नराम्रोसँग प्वाल पऱ्यो ?'

'अँहँ, त्यति ठूलो प्वाल परेन । तर त्यसलाई मिलाउनु छ ।'

परिवार जम्मैले ट्रकबाट ओर्लेर सोधे । 'पञ्चर भयो ?'

बाले सोध्नुभयो, अनि टायरको नजीक गई हेरेपछि चूप लाग्नुभयो ।

टामले आमालाई बसेको ठाउँबाट परतिर सारेर कुशनको मुनितिरबाट टायर टाल्ने भाँडा झिक्यो । त्यसले रबड पैंच फुकालेर सिमेन्टको ट्यूब झिकेर बिस्तारै निचोरीकन भन्यो । 'यो त प्रायः सुकिसक्यो । यसमा जति भने पनि हुन सक्छ । आल, पछाडिका पांग्राहरू गुड्न नदेऊ । हामी पांग्राहरूलाई उचालिराखौं ।'

टाम र आलले मिलेर राम्रोसँग काम गरे । उनीहरूले पांग्राहरूको पछाडि ढुंगाहरू मात्र राखेका होइनन् अपितु अगाडिपट्टिको एक्सलेमुनि बोझ उठाउने यन्त्र राखेर हावा खुस्केको टायर उचाले । भित्री टायरलाई खोलेर हेरेपछि त्यसमा उनीहरूले प्वाल भेट्टाए अनि एक टुक्रा झुम्रो पेट्रोल-टंकीमा चोपेर प्वालको वरिपरि सफा गरे । आलले ट्यूबलाई आफ्नो घुँडामा कसेर राखेपछि टामले सिमेन्टको ट्यूब दुइ टुक्रा पारीकन एउटा चक्कुले भित्री रबडमाथि बाँकी भएको अलि-अलि लेदो पातलो गरी लगायो । त्यसले बिस्तारै लेदो लगाइसकेपछि भन्यो । 'अब यसलाई सुक्न देऊ, त्यतिन्जेल म एक टुक्रा पैंच काट्छु ।' त्यसले नीलो पैंच काटेर आलले समातिराखेको ट्यूबमाथि बिस्तारै टाँसिदियो । टामले भन्यो । 'अब यसलाई बगल-तिरको फल्याकमा राख म त्यसलाई मुगल ठोक्छु ।' त्यसले त्यो पैंचमा होशियारी-साथ ठोक्यो । ट्यूबलाई फैलाएर त्यसले पैंचका घेराहरूमा राम्रोसँग जाँचेर हेन्यो । त्यसले भन्यो । 'राम्रोसँग टाँसियो । अब यसलाई रिम चक्कामा हालेर हावा हालौं । आमा, अब तिम्रो एक डलर बचेको जस्तो बुझिन्छ ।'

आलले भन्यो । 'हामीसँग जगेडा एउटा भित्री टायर भए बेस हुने थियो । टाम, एउटा त रिम चक्कामा हालेर हावा भरेर ठीक गराई राख्नुपर्ने थियो । अनि पछि त्यो पञ्चर भएको टायरलाई राति मिलाउन सक्छौं ।'

टामले भन्यो । 'हामीसँग जगेडा टायर किन्ने पैसा भए टायरको सट्टा कफी र मासु किनौंला ।'

हलुकासँग बिहानका सवारीहरू मूल-सडकमा हररर-हररर चल्दै थिए । र घाम न्यानो र चमकिलो भयो । दक्षिण-पूर्वतिरबाट मन्द-मन्द हावा चल्न थाल्यो र ठूली उपत्यकाको दुवैतिरका पहाडहरू कुहिरोले गर्दा अस्पष्ट थिए ।

टामले टायरमा हावा भरिरहँदा एउटा गाडी उत्तरतिरबाट आएर सडकको पारिपट्टि रोकियो । खैरो अनुहारको एउटा मानिस जसले हल्का खैरो रंगको लुगा लाइराखेको थियो त्यस गाडीबाट बाहिर निस्की सडक पार गरेर ट्रकको नजीक आउन थाल्यो । उसको सिर नांगै थियो । त्यो मुस्कायो जसबाट उसको खैरो रंगको छालाको पृष्ठभूमिमा उसका दाँत असाध्य सेता देखिएका थिए । त्यसले आफ्नो बायाँ हातको तेश्रो औंलामा आफ्नो बिहेको सुनको औंठी लाइराखेको थियो । उसको इस्कोटको वारपार रहेको एउटा पातलो सिक्रीमा एउटा सानो सुनको फुटबल झुण्डिरहेको थियो ।

त्यसले रमाइलोसँग भन्यो । 'सुप्रभातम् ।'

टामले हावा भर्न रोकेर माथितिर हेरेर भन्यो । 'सुप्रभातम् ।'

त्यो मानिसले आफ्ना औंलाहरू खस्रो छोटो-छोटो खैरो हुँदै गइरहेको कपालमा घुसार्दै भन्यो । 'तिमीहरू काम खोजी गर्दै हिंडेका ?'

'मिस्टर, जरूर हामी काम खोज्दैछौं । परिचय पाटीहरूमुनि समेत हेर्दै गइ-रहेछौं ।'

'तिमीहरू आरु टिप्न सक्छौ ?'

बाले भन्नुभयो । 'त्यस्तो काम हामीले पहिले कहिल्यै गरेका छैनौं ।'

टामले झट्टै भन्यो । 'हामी जे पनि गर्न सक्छौं । जे उम्रिरहेका छन् त्यो हामी टिप्न सक्छौं ।'

त्यो मानिसले आफ्नो सुनको फुटबलमा औंलाहरू खेलाएर भन्यो । 'अँ, चालीस माइल उत्तरतिर तिमीहरूको लागि पर्याप्त काम छ ।'

टामले भन्यो । 'त्यो काम पाए हामी अवश्य प्रशंसा गर्नेछौं । हामी त्यहाँ कसरी पुग्ने ? तिमी नै भन, हामी जोड-तोडले जानेछौं ।'

'अँ, तिमीहरू पैंतीस-छत्तीस माइल परको उत्तरतिर अवस्थित पिक्स्ले भन्ने ठाउँमा जाऊ र त्यसपछि पूर्वतिर लागेर ६ माइल अघि बढेर जाऊ । त्यति गएपछि

त्यहाँ कसैसँग हूपरको विशाल खेत कहाँ छ भनेर सोध । त्यहाँ तिमीहरूको निम्ति पर्याप्त काम पाइन्छ ।'

'हामीहरू अवश्य जाऔंला ।'

'अरू काम खोजेर हिंड्ने मानिसहरू कहाँ छन् थाहा छ ?'

टामले भन्यो । 'अवश्य थाहा छ । विडपैच शिविरमा काम खोजेर हिंड्ने मानिसहरू जति भनेपनि पाइन्छन् ।'

'म त्यतैतिर छार्तोम ठोकुँला । हामीलाई केही मानिसहरूको आवश्यकता छ । यो कुरा संझनू कि पूर्वतिर लागेर पिक्सले पुग्नू अनि सोझै पूर्वतिर लागेर हूपरको विशाल खेततिर लाग्नू ।'

टामले भन्यो । 'अवश्य लागौंला । र मिस्टर हाम्रो धन्यवाद स्वीकार गर्नोस् । हामीलाई कामको साह्रै आवश्यकता भैरहेछ ।'

'ठीक छ । जति सक्छौ त्यति चाँडै पुग्नू ।' त्यो फेरि सडक पार गरेर आफ्नो खुला गाडी चढीकन दक्षिणतिर लाग्यो ।'

टामले जोड गरेर पंपले हावा भर्न थाल्यो । त्यसले कराएर भन्यो । 'बीस-बीसचोटि दिने । एक, दुइ, तीन, चार–' बीसचोटि पुगेपछि आलले पंप लियो र त्यसले बीसपल्ट सिध्याएपछि बाले लिनुभयो र उहाँको पनि बीसचोटि सिद्धेपछि काका जानले लिए । टायरमा हावा भरेपछि फुलेर चिप्लो भयो । चार जनाको बीचमा पंप तीनचोटि घुम्यो । टामले भन्यो । 'अब पंप झिकेर हेरौं ।'

आलले बोझ उचाल्ने यन्त्रलाई छोडिदिएपछि गाडी तलतिर आयो । त्यसले भन्यो । 'हावा प्रशस्त भरिसक्यो । अलि बढ्ता नै भए जस्तो लाग्छ ।'

उनीहरूले औजारहरू गाडीमा फालिदिए । टामले जोरसँग भन्यो । 'जाऔं अब । बल्ल केही काम हामीले पाउन लागेका छौं ।'

आमा फेरि बीचमा बसिन् । अब गाडी आलले हाँक्न थाल्यो ।

'अब गाडी मजासँग लैजाऊ । आल, गाडीलाई नजलाऊ ।'

उनीहरू बिहानको घाम लागेको खेतैखेतबाट गए । पहाडका टुप्पाहरूबाट कुहिरो हटेर गयो र ती टुप्पाहरू सफा भएता पनि तिनीहरूमा कालो रंग मिश्रित बैंजनी रंगको धर्को-धर्को भैंकन खैरै थिए । ट्रक अगाडि बढेर जाँदा जंगली परेवा-हरू बारेका ठाउँहरूबाट उडेर गए । आलले अनायास गाडीको गति तेज गऱ्यो ।

टामले उसलाई जनाउ दियो । 'यसरी गति बढायौ भने गाडी फुट्ने डर हुन्छ । हामीलाई आफ्नो ठाउँमा पुग्नुछ । आजै हामीले काम पाउन सक्छौं ।'

आमाले उत्तेजित भएर भनिन् । 'चार जनाले काम गरेर केही रकम हात पारेपछि सबभन्दा पहिले म कफी किनुँला जो तिमीलाई चाहिराखेको छ र त्यसपछि केही पीठो, बेकिंग-पाउडर र केही मासु किन्नु पर्ला । बगलको मासु पछिमात्र किन्ने । शनिवार मात्र किने पनि हुने । साबुन किन्नु छ । हामी बस्ने कहाँ होला ।' तिनी बकबक गर्दै गइन् । 'र दूध, केही दूध म किनुँला किनभने रोसाशर्नलाई दूध चाहिन्छ । नर्सले चाहिन्छ भनेको ।'

न्यानो मूल-सडकको वारपार एउटा सर्प खुम्चेर बसिराखेको थियो । आलले त्यसलाई लखेटेर भगाइदिएपछि आफ्नै आसनमा बस्न आयो ।

टामले भन्यो । 'नभगाए पनि हुने । त्यो त ठूलै भए पनि कसैलाई नटोक्ने, जमीन खन्ने सर्प ।'

आलले आल्हादपूर्ण स्वरमा भन्यो । 'मलाई त्यस्तो सर्पदेखि घिन लाग्छ । सर्प भनेपछि मलाई कुनै पनि मन पर्दैन । तिनीहरूलाई देखेपछि बान्ता आउला जस्तो हुन्छ ।'

मूल-सडकमा दस-एघार बजेतिर चल्ने सवारीहरूको वृद्धि हुन लाग्यो । तीमध्ये आ आफ्नो गाडीको ढोकामा आ-आफ्नो निगमको मार्का लेखिएका राम्रा साना गाडीहरूमा बसेर पसलेहरू, आफ्ना पछाडि सिक्रीले बाँधेर राता र सेता पेट्रोलका

ट्रकहरू घिसादै गइरहेका तथा मालसामानहरू लिएर थोक-बिक्री गर्ने बनियाँका दोकानहरूबाट आएका चारपाटे ढोका भएका ठूल-ठूला गाडीहरू पनि समावेश थिए। त्यस प्रदेशमा सडकको बगलतिर खूब सप्रेको फलफूलको खेतीपाती थियो जहाँ पंक्तिहरूको बीचमा हरियो लम्पट ओछ्याएजस्तो गरी झ्याम्म पातहरूले लटरम्म भएका अंगूरका लहराहरूको साथसाथै खर्बूजा र अन्नका खेतहरू पनि थिए। ती हरियालीको बीचमा गुलाबका बिरुवाहरू वरिपरि उमारेका घरहरू देखिएका थिए। र तिनमा सुनौला रंगको घाम लागेर न्यानो गराइराखेको थियो।

ट्रकको अगाडिपट्टि सीटमा आमा, टाम र आल खुशीले मख्ख थिए। आमाले भनिन्। 'मलाई आज जत्तिको खुशी त धेरै दिन अघि भयो होला। हामीले निकै आरु टिप्यौं भने एउटा घर दुइ महीनाको बहाल तिरेर भएपनि लिन सकौंला। एउटा घर त लिनै पर्छ।'

आलले भन्यो। 'म पैसा जोगाउँला। त्यो जोगिएको पैसाले शहर गईकन ग्यारेजमा एउटा काम पाउँला। एउटा कोठा बहालमा लिएर भोजनालयमा खाउँला। हर रात सिनेमा हेरुँला, काउ-बोइ सिनेमा। त्यो हेर्न धेरै पैसा लाग्दैन।' स्टियरिंग चक्कामा उसका हात कसिए।

रेडिएटरबाट गडगड आवाज आएर छ्वाइँइँय गरेर बाफ निस्क्यो। टामले सोध्यो। 'रेडिएटरमा पानी भन्यौ?'

'भरें। हावाले त्यसरी उमालेको।'

टामले भन्यो। 'आजको दिन औधी राम्रो लाग्यो। मैकआलेस्टरमा म काम गर्थें र जम्मै काम आफै गरूँ जस्तो विचार गर्थें। कहीं नथामिईकन सोझै नरकमै भएपनि गइनै रहुँ जस्तो लाग्छ। जब म आलेस्टर जेलभित्र थिएँ त्यो दिन धेरै अघि जस्तो लाग्छ मलाई। एउटा गार्ड पाले थियो जोसँग व्यवहार गर्न बडो मुश्किल थियो। मैले उसलाई झण्डै ठोक्न लागेको। त्यसैले गर्दा मैले पुलिसहरूदेखि आगो हुनु परेको। हरेक पुलिसको मुख भएको जस्तो बुझिन्छ। त्यो पालेको मुख जोशले रातो हुन्थ्यो। मानिस के थियो सुँगुर जस्तो। मानिसहरू भन्थे, त्यसको पश्चिमतिर एउटा भाइ थियो रे। उसको भाइलाई ऊ मानिसहरूद्वारा सेनाको सांकेतिक शब्द पठाउने गर्थ्यो। ती मानिसहरूले उसको लागि सित्तैमा काम गर्नुपर्थ्यो। उनीहरूले

बदनाम गर्न खोजे उनीहरूलाई सेनाको सांकेतिक कुरा भंग गरेको आरोप लगाइन्थ्यो। ती मानिसहरू यस्तै भन्थे।'

आमाले विन्ति गरेर भनिन्। 'त्यसबारेमा केही विचार नगर। म पीठो, सुँगुरको बोसो जस्तो थुप्रै खानेकुराको योजना बनाउँदै छु।'

टामले भन्यो। 'त्यसमा विचार गर्नु वेसै होला। त्यसबारे विचार नगरेर बस्दा पनि त्यसको विचार बराबर मेरो मनमा आइरहन्छ। एउटा हावा खुस्केको मानिस थियो जसबारे मैले तिमीलाई कहिले भनेको थिइनँ। त्यो आनन्दले मग्न र हुल्याहाजस्तो देखिन्थ्यो तापनि त्यसले कसैको नोक्सान गर्दैनथ्यो। त्यो जहिले पनि कुरा खुस्काइरहन्थ्यो। मानिसहरू उसलाई हुल्याहा भनेर बोलाउँथे। 'टाम एक्लै हाँस्न थाल्यो।

आमाले याचना गरेर भनिन्। 'त्यसबारे विचार नगर।'

आलले भन्यो। 'भन्दै जाऊ, त्यो मानिसबारे।'

टामले भन्यो। 'आमा, त्यो कुरा भनेर कसैलाई नोक्सान हुँदैन क्यारे। त्यो मानिस जहिले पनि कुरा खुस्काउँथ्यो। ऊ योजना बनाउँथ्यो तर गोप्य राख्न सक्तैनथ्यो र छिटै अरूले थाहा पाइहाल्थे। यहाँसम्म कि जेलको हाकिमले समेत त्यसको योजना थाहा पाउँथ्यो। त्यसको खुकुलोपनले गर्दा जेलका मानिसहरूले उसलाई समातेर फेरि भिन्न फर्काइहाल्थे। एक दिन त्यसले के गर्ने भन्ने योजना बनायो। त्यसले सबैलाई आफ्नो योजना भन्दै-देखाउँदै हिंड्यो तर अरूहरू सब चूप थिए। त्यो लुक्न गयो र अरूहरू चूप नै थिए। कहींबाट एउटा डोरी खोजेर ल्याई त्यो पर्खालमाथि चढ्यो। ६ जना गार्डहरू एउटा ठूलो बोरा लिएर पर्खालको बाहिर-पट्टि बसिराखेका थिए। त्यो हावा खुस्केको हुल्याहा सुस्त-सुस्त डोरीबाट तल झर्दा उनीहरूले समातिराखेको बोराभित्र ऊ पऱ्यो। उनीहरूले बोराको मुख बन्द गरेर उसलाई फेरि जेलभित्र लगे। उसका साथीहरू यति हाँसे कि उनीहरू मर्लान् जस्ता भए। तर यसबाट त्यस पागलको मनमा धक्का लागेर ऊ रुँदा-रुँदै बिरामी भयो। त्यसको मनमा ठूलो चोट परेकोले उसले एउटा पिनले आफ्नो नाडी काट्यो जसबाट ऊ रगतपच्छे भएर मऱ्यो।'

आमाले भनिन्। 'त्यसबारे कुरा नगर। मैले त्यो राम्रो लडका फ्लाइडकी

आमालाई चिनेको थिएँ । त्यो खराब लडका थिएन । त्यो कुनामा पागल भएर बसिरहन्थ्यो ।'

घामले मध्यान्हको संकेत दियो जसबाट ट्रकको छायाँ पातलिएर पांग्राहरूको तल घुस्न थाल्यो ।

आलले भन्यो । 'त्यो सडकको माथि पिक्सले हुनुपर्छ । अलिकति पछाडि एउटा सांकेतिक चिन्ह देखेको छु ।' उनीहरू सानो शहरतिर पुगेपछि पूर्वपट्टिबाट झन् साँगुरो सडकतिर लागे । फलफूलका बारीले बाटोभरि लाम लागेर शोभा दिइरहे ।

टामले भन्यो । 'हामी त्यस ठाउँलाई सजिलैसित पत्ता लगाउन सक्छौं भन्ने आशामा छौं ।'

आमाले भनिन् । 'त्यो मानिसले हूपरको विशाल खेत भनेको थियो । जोसँग सोधे पनि भन्नेछ भनेको थियो । नजीकै एउटा पसल होइदियोस् भन्ने आशा गर्छु । चार जनाको कामबाट केही रकम पाउने आशा गर्न सक्छौं । उनीहरूले केही रकम दिए म बेलुकीको राम्रो भोजनको प्रबन्ध गर्न सक्छु, अझ कबाबको ठूलो भोज लगाउन सक्ने छु ।'

टामले भन्यो । 'र कफी । धेरै दिन भयो आफ्नै सुर्तिले बनाएको धूमपान गर्न नपाएको ।'

धेरै टाढा अगाडिको सडक गाडीहरूले अवरुद्ध थियो तथा सडकको बगलमा सेता मोटरसाइकलहरूको एक लाम थियो । टामले भन्यो । 'ती मोटरसाइकलहरू विग्रेका होलान् ।

उनीहरू नजीक आइपुगेपछि त्यस राज्यको एउटा पुलिस सुट-बुट तथा छालाको कमरपेटी लाएर सबभन्दा पुछारमा राखिएको मोटरगाडीको नजीक आई आफ्नो हात हल्लाएकोले आलको गाडी रोकियो । त्यो पुलिसले गाडीको बगलमा निहुरेर सोध्यो । 'तिमीहरू कतातिर जान लागेका ?'

आलले भन्यो । 'एउटा मानिसले यतातिर आरु टिप्ने काम पाइन्छ भनेको थियो ।'

'काम गर्न चाहन्छौ, हो ?'

टामले भन्यो । 'अवश्य ।'

'बेस छ । एक छिन यहाँ पर्ख ।' त्यो सडकको बगलमा गएर अगाडितिर जोरसँग कराएर भन्यो । 'अर्को एउटा गाड़ी । ६ वटा गाडी तयार छन । यो दललाई लिए हुन्छ ।

टामले कराएर भन्यो । 'हे ! के कुरा भन्न लागेका ?

त्यो घुमिरहने मानिसले पछाडितिर गएर भन्यो । 'अगाडि अलि तकलीफ छ । फिक्री नगर । तिमीले पार गरौला त्यो लामलाई पछ्याए पछि।'

मोटरसाइकलहरू स्टार्ट गरेको भ्यार-भ्यार आवाज सुनियो । गाडीहरूको लाम अग्रसर भयो, त्यसमा जोड-परिवारको ट्रक सबभन्दा पछि पऱ्यो । दुइटा मोटर-साइकल अगाडि गए र दुइटा पछि लागे ।

टामले बेचैन भएर भन्यो । 'कुरा के हो मलाई आश्चर्य लाग्यो ।'

आलले सुझायो । 'सडकको अन्तिम भागमा आइपुगेको होला ।'

'त्यसको निम्ति चार जना पुलिसले बाटो देखाउने आवश्यकता छैन । मलाई यो कुरा राम्रो लागेन ।'

मोटरसाइकलहरू अगाडि हुइँकिए । पुराना मोटर-गाडीहरू सुइँकिए । आल हतपताएर अन्तिम मोटरगाडीलाई पछ्याउन थाल्यो ।

टामले भन्यो । 'यसमा भएका जति आफ्नै मानिस हुन् ।'

अगाडि गइरहेका पुलिसहरू अकस्मात् मूल-सडकबाट मोडिएर चाक्लो कंकड भएको ढोकातिर लागे । पुराना गाडीहरू तिनीहरूको पछि सुइँकिए । मोटर-साइ-कलहरूले भ्यार-भ्यार आवाज निकाले । टामले सडकको बगलमा भएको खाल्टोमा उभिरहेका एक लाम मानिसहरूलाई कराइरहेको जस्तो गरी मुख बाइरहेको मात्र देखेको होइन अपितु उनीहरूले क्रोधको अनुहार लिई मुक्की हल्लाइरहेको पनि

देख्यो ।एउटी बलियी आइमाई गाडीहरूतिर दगुर्न थालिन् तर एउटा मोटर-साइकलले भ्यार-भ्यार आवाज गर्दै उनको बाटो छेकिदियो । एउटा उचा तारको ढोका खुल्यो । ६ वटा पुराना गाडी भित्र पसिसकेपछि ढोका बन्द भयो । चारोटा मोटर-साइकल-हरू जहाँबाट आएका थिए उही दिशातिर बेगले फर्केर गए । अब मोटर गइसकेपछि पर खाल्टोमा मानिसहरू कराएको आवाज सुनियो । दुइ जना मानिस कंकड छापिएको सडकको बगलमा आ-आफ्नो हातमा एकेकवटा केही टाढासम्म मात्र हान्न हुने बन्दूक लिएर उभिरहेका थिए ।

एक जनाले कराएर भन्यो । 'अगाडि बढ, अगाडि बढ । के भनेर पखि-राखेको ?' ६ वटै गाडी अगाडि बढेर गएपछि एक मोड नाघ्दा अकस्मात् आरु-शिविरमा आइपुगे ।

त्यहाँ एउटा ढोका र एउटै झ्याल भएको चारपाटे आकारका पचासवटा चेप्टा छाना भएका स-साना घरहरू थिए । त्यस शिविरको एक छेउमा पानीको एउटा टंकी उचा ठाउँमा राखिएको थियो । र अर्कोपट्टि एउटा सानो बनियाँको दोकान थियो । चारपाटे घरहरूको प्रत्येक पंक्तिको छेउतिर कमीजमा ठूल-ठूला चाँदीका ताराहरू लाएका केही टाढासम्म मात्र हान्न हुने बन्दूकहरू भिरेका दुइ जना मानिस उभिराखेका थिए ।

६ वटै गाडी थामिए । दुइ जना मुनीमहरू गाडी-पिच्छे गई सोध्न थाले । 'काम गर्न चाहेका ?'

टामले जवाब दियो । अवश्य गर्छौं । तर यो के हो ?'

'त्यो तिम्रो काम होइन । काम गन हो ?'

'जरूर गर्छौं ।'

'नाउँ ?'

'जोड ।'

'कति जनाले गर्ने ?'

'चार जनाले ।'

'आइमाईहरू ?'

'दुइ जना ।'

'केटाकेटीहरू ?'

'तिमीहरू सबैले काम गर्न सक्छौ ?'

'किन– सबले गर्छन् भन्ठान्छु ।'

'ठीक छ । ६३ नम्बरको घरमा जाऊ । एक बाकसको पाच सेन्ट ज्याला । नोक्सान भएको फलफूल बाकसमा प्याक नगनूं । ठीक छ, जाऊ अहिले नै काम गर्न ।'

गाडीहरू अगाडि बढे । प्रत्येक चारपाटे रातो घरको ढोकामा एउटा नम्बर लेखिएको थियो । टामले भन्यो । 'साठी, त्यो साठी नम्बर हो । त्यसको तलतिर हुनुपर्छ । एकसट्ठी, बासट्ठी– उ त्यहाँ छ ।'

आलले त्यो सानो घरको ढोकानिर ट्रक रोक्यो । उसका परिवार ट्रकबाट तल ओर्लेर व्यग्रताले यताउति हेर्न थाले । दुइ जना उप जिल्लाधिश आएर उनीहरूको मुखमा आँखा गाडेर हेरे ।

'नाउँ ?'

'जोड ।' टामले अधैर्य भएर जवाब दियो । 'भन, यहाँ के भएको ?'

एक जना उप-जिल्लाधीशले एउटा लामो सूची झिकेर भन्यो । 'यहाँ होइन । यहाँ कहिले देखेका छौ ? लाइसेन्स हेर । अँहँ, त्यो छैन । छ होला, ठीक छ ।'

'अब यता हेर । हामी तिमीहरूलाई दुःख दिन चाहँदैनौं । आफ्नो काम गर्दै जाऊ । आफ्नो काम छोडेर अरू कुराको वास्ता नगर । सब ठीक हुनेछ ।' दुवै

अकस्मात् फर्केर गए । धूले-सडकको छेउमा उनीहरू दुइटा बाकसमा बसेर सडकको लमाइ हेर्न थाले ।

टामले उनीहरू जाँदा उनीहरूलाई घुरेर हेरेपछि भन्यो । 'उनीहरूले जरूर हामीहरूलाई सुविधा दिन चाहेका होलान् ।'

आमा घरको ढोका खोलेर भित्रपट्टि गइन् । भुइँमा बोसो छ्यापिएको थियो । एउटा कोठामा खियाले खाएको टीनको चूल्होसिवाय अरू केही थिएन । त्यो चूल्हो-लाई चारोटा ईंटले अड्याइराखिएको थियो र त्यसको खिया परेको पाइप छानाको बीचबाट बाहिर निस्केर गएको थियो । कोठामा पसिना र बोसो ठस-ठस गह्राउँथ्यो । रोज आब शारनले आमाको बगलमा उभिएर भनिन् । 'हामी यहाँ बस्न लागेका ?'

एक छिन चूप लागेर आमाले भनिन् । 'किन, जरूर हामी यहीं बस्छौं । हामीले एकपल्ट धोएपछि त्यतिको गह्राउँदैन, बढारौंला ।'

ती लडकीले भनिन् । 'मलाई त पाल नै राम्रो लाग्छ ।'

आमाले सुझाइन् । 'यस घरमा भुइँ छ । पानी परेपछि यहाँ चुहिंदैन ।' ढोका-तिर फर्केर तिनले भनिन् । 'यहाँ बोझ पनि हुँदैन ।'

लोग्नेमानिसहरूले ट्रक-गाडीबाट मौन भएर भारी उतारे । मानिसहरूलाई डर लागेर आएको थियो । घरहरूको ठूलो चारपाटे निस्तब्ध थियो । एउटी आइमाईले सडकतिर जाँदा उनीहरूलाई अवलोकन गरिन् । उनको सिर निहुरेको थियो र उनको मैलिएको बहुरंगी छिरबिरे पोशाक फेदतिर खिइएर सानो-सानो झंडा जस्तै भैंसकेको थियो ।

रूठी र विनफिल्डमाथि उदासीनता छाएको थियो । उनीहरू त्यस ठाउँलाई निरीक्षण गर्न हुर्रिएर गएनन् । त्यसको सट्टा उनीहरू ट्रक तथा परिवारसँगै टाँसिएर बसे । उनीहरू धूले सडकको वरिपरि निराश्रित जस्ता देखिए । विनफिल्डले माल-सामान बाँध्ने तारको एक टुक्रा भेट्टाएर त्यसलाई नभाचुन्जेल अगाडि बंग्याउँदै गयो । त्यसले सबभन्दा सानो टुक्रालाई अलिकति मोडेर आफ्नो हात वरिपरि घुमाउन थाल्यो ।

टाम र बाले डसनाहरू घरमा लगिरहँदा एउटा कारिन्दा देखा पऱ्यो । उसको सुरुवाल खाकीको, कमीज नीलो तथा नेक-टाइ कालो थियो । चाँदीको घेरा भएको बाक्लो काँचको चश्माको बीचबाट उसका कमजोर आँखा राता-राता देखिन्थे र आँखाका नानीहरू स-साना निशान लगाउने काला बिन्दु जस्तै देखिन्थे । त्यसले टामलाई अगाडि झुकेर हेऱ्यो ।

त्यसले भन्यो । 'म तिमीहरूलाई जाँच्न चाहन्छु । तिमीहरू कति जनाले काम गर्ने ?'

टामले जवाब दियो । 'चार जनाले गर्ने । काम मुश्किल छ ?'

कारिन्दाले भन्यो । 'आरु टिप्ने काम । स-साना काम । एक बाकस प्याक गरेपछि पाँच सेन्ट पाइन्छ ।'

'स-साना केटाकेटीले गरे केही आपत्ति छ ?'

'जरूर छैन, यदि उनीहरू होशियार भइदिए ।'

आमाले सँघारमा उभिएर भनिन् । 'हामीहरूको बसोबास ठीक भैसकेपछि म आएर सघाउँला । खानलाई हाम्रो साथमा केही छैन, मिस्टर ! हामीले उधारो पाउन सक्छौं ।'

'अँहँ, रुपैयाँ उधारो पाउन सक्तैनौ । तर तिमीले परको दोकानबाट खाने-सामान उधारो पाउन सक्छौ ।'

टामले भन्यो । 'आऊ, छिटो-छिटो । मलाई आज रातिलाई केही मासु र रोटी चाहिएको छ । त्यसको निम्ति हामीहरू कहाँ जाने, मिस्टर ?'

म अहिले त्यहीं जान लागेको छु । मसित आऊ ।'

टाम, बा, आल र काका जान ऊमँगै धूले-सडकबाट गएर आरुका रूखहरू भएको फलफूलको बगैंचामा पुगे । त्यसका साँगुरा पातहरू मलिन भएर पहेंलो रंगमा परिणत हुँदै गइरहेका थिए । हाँगाहरूमा साना-साना पहेंला र राता आरु फलि-

रहेका थिए । रूखहरूको बीच खाली घरहरूको थुप्रो थियो । फलफूल टिप्नेहरू हाँगाबाट बालटीनहरू भरेर बाकसहरूमा आरु राखी जाँच्ने ठाउँमा बाकसहरू लानमा व्यस्त थिए । र जाँच्ने ठाउँहरूमा जहाँ भरिएका बाकसहरूका चाङ ट्रकहरूको लागि पडिरहेका थिए कारिन्दाहरू फलफूल टिप्नेहरूको नाउँ चेक गर्न पर्खिरहेका थिए ।

पथ-प्रदर्शकले एउटा कारिन्दासित भन्यो । 'अर्का चार जना यहाँ छन् ।'

'ठीक छ । पहिले कहिल्यै फलफूल टिपेका छौ ?'

टामले भन्यो । 'पहिले कहिले पनि गरेका थिएनौं ।'

'अँ, राम्रोसँग टिप्नू । नोक्सान भएका र झरेका फलफूल राख्न हुँदैन । नोक्सान फलफूल राखेमा हामी जाँच्ने छैनौं । केही बालटीन त्यहाँ छन् ।'

टामले तीन ग्यालन अटाउने बालटीन टिपेर त्यसमा हेरीकन भन्यो । 'यसको पींधमा प्वालै प्वाल छ ।'

नजीकको कारिन्दाले भन्यो । 'जरूर, त्यो बालटीन मानिसहरूले चोर्दैनन् । ठीक छ– त्यस विभागमा जाऊ ।'

जोड-परिवारका चार जना एकेकवटा बालटीन लिएर बगैंचातिर गए । टामले भन्यो । 'उनीहरू समय बरबाद गर्दैनन् ।'

आलले भन्यो । 'क्राइस्टको शपथ, मलाई त ग्यारेजमा काम गर्न मन लाग्छ ।'

बा चूप भई बारीतिर लाग्नुभयो । अकस्मात् उहाँले आलतिर फर्केर भन्नुभयो । 'तँ यो काम छोडेर जा । तँ साँढे जस्तै उनको पछि लागिरहेको छस् । यत्रो भईकन तैंले काम गर्नु पर्ने । तँलाई अहिलेसम्म मैले आफूतिर पार्न सकेको छैन ।'

आलको मुख क्रोधले रातो भयो । ऊ गर्वसाथ आत्म-प्रशंसा गर्न थाल्यो ।

टामले उसको नजीक गएर बिस्तारै भन्यो । 'आऊ, आल । हामीले रोटी र मासु लिनु छ ।'

उनीहरूले फलफूल भेट्टाएर बालटीनमा राखे । टामले ध्यान दिएर काम गऱ्यो । एउटा बालटीन, दुइटा बालटीन भरेर बाकसमा थन्कायो । तीनोटा बालटीन खन्याएपछि बाकस भरियो । त्यसले कराएर भन्यो । 'मैले पाँच सेन्टको काम गरें ।' बाकस टिपेर त्यो छिटो-छिटो जचाउँने स्टेशनतिर गयो । त्यसले जाँचकीसँग भन्यो । 'पाँच सेन्टको काम गरिसिद्धयाएँ ।'

त्यो मानिसले बाकसमा भएको एक-दुइओटा आरु पल्टाएर हेरेपछि भन्यो । 'यो बाकस त्यहाँ अलग्ग राख । मैले तिमीलाई किचिएका फल नराख्नू भनेको होइन । बालटीनले त्यसमा खन्याएको होइन तिमीले ? हेर एउटा पनि नकिचिएको छैन । त्यो बाकस चेक गर्न सक्तिनँ । त्यसलाई एकातिर थन्काऊ । तिमीले बेकारको काम गऱ्यौ ।'

'किन– यसलाई रद्दी गर्ने–'

'अब राम्रोसँग गर । काम गर्नुअघि म तिमीलाई जनाउ दिन्छु ।'

टामका आँखा उदासीनताले तलतिर झुके । त्यसले भन्यो । 'ठीक छ, ठीक छ ।' यति भनेर त्यो छिटो-छिटो अरू काम गर्नेहरूकहाँ गयो । त्यसले भन्यो । 'तिमीले फाल्यौ होला । तिम्रो पनि मेरै जस्तो छ । तिम्रो लिदैन ।'

आलले भन्यो । 'अब के गर्ने हुँ !'

अलि फुर्सतले टिप्ने । 'बालटीनमा फाल्न हुँदैन । हातले बिस्तारै राख्नु पर्ने ।'

उनीहरूले फेरि राख्न शुरू गरे । यस पाली सुस्त-सुस्त फल मिलाएर राखे । बाकसहरू ढीलो गरी भरिइए । टामले भन्यो । 'हामीले एक थोक गर्न सक्छौं । रूठी, विनफिल्ड या रोसाशर्नले यी फल बाकसमा राखिदिए हामीलाई अलि सजिलो हुने छ ।' त्यसले सबभन्दा नयाँ बाकस स्टेशनमा लगेर भन्यो । 'यसबाट त पाँच सेन्ट

आउला कि ?'

जाँचकीले बाकसमा अवलोकन गरेर धेरै तह तलसम्म खोस्रेर हेरेपछि भन्यो । 'यो बेसै छ ।' त्यसल बाकसभित्र चेक गरेर हेरेपछि भन्यो । 'यो ठीक भयो ।'

टाम हडबडाउँदै फर्केर गई कराएर भन्यो । 'मैले पाँच सेन्ट पाएँ । मैले पाँचै सेन्ट हात पारें । त्यस्तो बीसचोटि भरेपछि एक डलर पाउँछु ।'

उनीहरू दुइ-प्रहरभरि निरन्तर काम गर्दै गए । रूठी र विनफील्डले उनीहरू-लाई एक छिनपछि देखे । बाले उनीहरूलाई भन्नुभयो । 'तिमीहरूले काम गर्नु छ । बाकसमा होशियारीसाथ आरु राख्नु छ । हेर, एकचोटिमा एउटा आरु राख्ने यसरी ।'

केटाकेटीहरू पलेंटी कसेर जगेडा बालटीनबाट आरु टिप्न थाले र उनी-हरूको निम्ति बालटीनको लाम तयार थियो । टामले भरिएका बाकसहरू जाँच्ने स्टेशनमा लाँदै गऱ्यो । त्यसले भन्यो । 'सातवटा पुग्यो । आठवटा पुग्यो । चालीस सेन्ट हामीले पार्यौं । चालीस सेन्टले एक टुक्रा राम्रै मासु पाइन्छ ।'

दुइ प्रहर बितिसकेपछि रूठी जान खोजिन् । तिनले रुँदै भनिन् । 'म थाकें । मलाई आराम गर्नु पऱ्यो ।'

बाले भन्नुभयो । 'तिमी जहाँ छौ त्यहीं बस्नु पर्छ ।

काका जान आरु सुस्त-सुस्त टिप्न थाले । उनले टामको एक-दुइ बालटीन भरिदिए । उनको ढीलो गतिमा कुनै परिवर्तन भएन ।

दुइ-प्रहरको मध्यतिर आमा पाइला घिसार्दै आइन् । तिनले भनिन् । 'रोसाशर्न मूर्च्छा नपरेकी भए म अघिनै आउने थिए । तिनी मूर्च्छा परिन् ।'

तिनले केटाकेटीहरूलाई भनिन् । 'तिमीहरू आरु खाँदैछौ । अँ, त्यसले तिमीहरूको पेट बिगारिदिन्छ अनि वायु बढेर आउँछ ।' आमाको डल्लो डल्लो जिउ छिटो-छिटो चालले चल्न थाल्यो । आफ्नो बालटीन छिटै छोडेर आरु टिप्दै उनले

आफ्नो एप्रोनमा हालिन् । सूर्यास्त नहुन्जेलमा उनीहरूले आरु टिपेर बीस बाकस भरे ।

टामले बीसौं बाकस बिसाएर भन्यो । 'एक डलर त भयो । कति बेर काम गर्ने हामीले ?'

'अँध्यारो नभएसम्म गर, जहिलेसम्म तिमीहरूले देख्न सक्छौ ।'

'अँ, हामीले अब उधारो पाउन सक्छौं ? आमाले गएर खानेकुरो किनमेल गर्नु छ ।'

'जरूर, म तिमीलाई एक डलर उधारो दिन लेखिदिउँला ।' त्यसले एक टुक्रा कागजमा लेखेर टामको हातमा राखिदियो ।

त्यसले त्यो पर्चा आमालाई दिएर भन्यो । 'यो लिएर गएपछि तिमीले एक डलरको सामान पसलबाट लिन सक्नेछौ ।'

आमाले आफ्नो बालटीन बिसाएर कुम तन्काईकन भनिन् । 'पहिलो पटक तिमीले पाएका, होइन त ?'

'अवश्य । हामी सबैलाई यस्तो काम गर्ने बानी हुनेछ । अब भित्र गएर केही खानेकुरो लिएर आऊ ।'

आमाले भनिन् । 'तिमीहरू के खान चाहन्छौ ?'

टामले भन्यो । 'मासु र रोटी, अनि ठूलो भाँडोमा चिनी भएको कफी । मासुको ठूलो टुक्रा ।'

रूठीले रोएर भनिन् । 'आमा, हामीहरूलाई थकाइ लागेको छ ।'

'त्यसो भए आउन त मसित भित्र ।'

बाले भन्नुभयो । 'उनीहरू काम गर्न शुरू गर्दा थाकेका थिए । खरायो जस्तै

उन्मत्त भएर उनीहरू आइरहेका थिए । उनीहरूलाई पकडेर एकै ठाउँमा नराखुन्जेल उनीहरू नियन्त्रित हुँदैनन् ।'

आमाले भनिन् । 'हामीहरूको राम्रो बसाई हनासाथ उनीहरू स्कूल जाने छन् ।' यति भनेर तिनी पाइला घिसार्दै गइन् र रूठी तथा विनफिल्ड डरको भावले उनको पछि-पछि गए ।

विनफिल्डले सोध्यो । 'हामीहरूले हरेक दिन काम गर्नु पर्छ ?'

आमा थामिएर पर्खिन् । उसको हात समातेर जाँदा-जाँदै तिनले भनिन् । 'त्यो मुश्किल काम होइन । तिमी असल भयौ भने हामीहरूको निम्ति सघाउ हुनेछौ । हामी सबै मिलेर काम गर्यौं भने छिटै राम्रो घरमा बस्न पाउने हुनेछौं । हामी सबैले सघाउनु परेको छ ।'

'तर मलाई साह्रै थकाइ लागेको छ ।'

'थाहा छ । मलाई पनि थकाइ लागेको छ । सबैलाई थकाइ लाग्छ । अरू कुराको विचार गरौं । तिमीहरू स्कूल जानेबारे विचार गर ।'

'मलाई स्कूल जान मन छैन, न रूठीलाई नै छ । आमा, स्कूल जाने केटाहरू हामीले देखेका छौं, ती स्नाटहरू न हुन् जो हामीहरूलाई ओकीहरू भन्छन् । हामीले देखेका छौं । म त जान्न ।'

आमाले उसको पराल-रंगको कपालमा दयापूर्वक हेरेर याचना गरिन् । 'अहिले हामीहरूलाई दुःख न देऊ । हामीहरूले आफ्नो सहायता आफैंले गर्नासाथ तिमी खराब भएपनि हुन्छ, तर अहिले होइन । अहिले त हामीले धेरै काम गर्नु छ ।

रूठीले भनिन् । 'मैले ६वटा आरु खाएँ ।

'अँ, तिमीलाई पखाला लाग्नेछ । र हामी बसेको ठाउँबाट टट्टी नजीक छैन ।'

त्यस निगमको दोकान ठूलो थियो जसमा कर्कटपाताले मोरेको थियो। त्यसमा मालसामान प्रदर्शन गर्ने कुनै झ्याल थिएन। आमा पर्दा लाएको ढोका खोलेर भित्र गइन्। काउन्टरको पछाडि एउटा सानो मानिस उभिराखेको थियो। त्यसको टाउको बिलकुल गन्जा थियो र नीलो-सेतो रंगको थियो। ठूल-ठूला खैरा आँखि-भुइँ उसका आँखामाथि यति धेरै गुम्बज जस्तो बांगिएर गएका थिए कि उसको अनुहारबाट आश्चर्य र अलि-अलि डरको भाव झल्कन्थ्यो। उसको नाक लामो र पातलो भएर चराको चुच्चो जस्तो बांगिएको थियो। उसको नाकका पोरा हल्का खैरा रौंले थुनिएका थिए। उसको नीलो कमीजका बाहुलाहरूमाथि त्यसले कालो साटीनका बाहुलाको खोल लाइराखेको थियो। आमा भित्र पस्दा त्यो काउन्टरमा आफ्ना कुहिनाले अडेस लाएर बसिरहेको थियो।

तिनले भनिन्। 'दुइ-प्रहरको नमस्कार।'

त्यसले चाख लिएर उनलाई निरीक्षण गऱ्यो। उसका आँखामाथिका आँखि-भुइँ झन् माथि गए। 'के चाहियो ?'

'एक डलरको पर्चा एक टुक्रा ल्याएकी छु।'

त्यसले भन्यो। 'तिमी एक डलरको सामान लिन सक्छौ।' र त्यो तिखो स्वरले मुख थुनीकन हाँस्यो। 'हो एक डलरको सामान।' त्यसले सामानमा आफ्नो हात लग्यो। 'त्यसमध्ये कुनै लिन सक्छौ।' त्यसले आफ्ना बाहुलाको खोल माथि तान्यो।

'एक टुक्रा मासु लिने विचार छ।'

त्यसले भन्यो। 'सबै किसिमका मासु छन्। हैमबर्ग कुखुराको मासु लिने ? एक पाउण्डको बीस सेन्ट पर्छ।'

'त्यो साह्रै महँगो भएन ? मैले अस्ति किन्दा, हैमबर्ग कुखुराको मासु एक पाउण्डलाई पन्ध्र सेन्ट परेको थियो।'

'अँ, त्यसले विस्तारै मुख थुनेर हाँसीकन भन्यो। 'हो, अहिले मोल बढेको छ र कहिलेकाहीं बढेको हुँदैन। शहरमा गई दुइ पाउण्ड हैमबर्ग कुखुराको मासु

किन्नलाई एक ग्यालन पेट्रोल खर्च हुन्छ। अतएव यहाँ त्यसको भाउ त्यतिको चढेको छैन।'

आमाले झर्किएर भनिन्। 'यहाँ किन्दा त पेट्रोलको मोल पर्दैन कि ?'

त्यसले रमाइलोसँग हाँसेर भन्यो। 'तिमी त्यसलाई पछाडिपट्टिबाट हेर्न लागेकी छौ। हामीहरूले त्यो किन्न लागेका छैनौं, बेच्न लागेको छौं। हामीले किन्नु-पर्‍यो भने भिन्दै कुरा हुन्छ।'

आमाले दुइटा औंला मुखमा हालेर विचार गरीकन मुख अँध्यारो पारेर भनिन्। 'त्यो मासु त बोसो र हाड जस्तो मात्र देखिन्छ नि।'

पसलेले भन्यो। 'यो मासु राम्ररी पाक्छ भन्ने जिम्मा म लिन सक्तिनँ। यो मासु जम्मै आफैंले खाएको छु भन्ने जवान पनि दिइरहेको छैन। यतिको थुप्रो छ, मैले खाएर सकिने होइन।'

आमाले एक छिन तिखो नजरले उसलाई हेरेर आफ्नो आवाजमाथि नियन्त्रण गरीकन भनिन्। 'यहाँ यस्तो किसिमको मासु किन्न पाइँदैन ?'

त्यसले भन्यो। सुरुवा पकाउने हाड एक पाउण्डको दस सेन्ट पर्छ।'

'तर त्यो त हाड मात्र भयो।'

त्यसले भन्यो। 'हाडै मात्र भए पनि राम्रो सुरुवा बन्छ।'

'उमालिराखेको गाईको मासु छ यहाँ ?'

'ओ, अवश्य छ। त्यो एक पाउण्डलाई पचीस सेन्ट पर्छ।'

आमाले भनिन्। 'शायद म मासु किन्न सक्तिनँ होला। तर उनीहरूलाई भने मासु नभई नहुने। उनीहरू मासु नै खाउँ भन्थे।'

'मासु सबैलाई चाहिन्छ। त्यो हैमबर्ग कुखुराको मासु उत्तम छ। त्यसमाको

बोसो मासुको झोललाई राख । गजब हुन्छ । त्यो मासुको केही पनि खेर जाँदैन । त्यसको हाड समेत फाल्नु पर्दैन ।'

'त्यसको ह्याकुलाको कति पर्छ ?'

'अँ, राम्रो मासु लिन खोजेकी छौ । त्यो त क्रिस्टमसमा खाने मासु । त्यो मासु पाएपछि धन्यवाद दिनै पर्छ । त्यो मासु एक पाउण्डको पैंतीस सेन्ट पर्छ । मसित टर्कीको मासु भएको भए सस्तैमा दिन सक्थें ।'

आमाले लामो सास फेरेर भनिन् । हैमबर्ग कुखुराको मासु दुइ पाउण्ड देऊ मलाई ।'

'ज्यू हवस् ।' त्यसले एक टुक्रा मैन-कागजमा पहेंलो मासु पोका पारेर भन्यो । 'अरू के चाहिन्छ ?'

'अँ, अलिकति रोटी ।'

'यहाँ छ । राम्रो ठूलो एउटा पाउरोटीलाई पन्ध्र सेन्ट पर्छ ।'

'त्यहाँ त एउटा पाउरोटीलाई बाह्र सेन्ट मात्र पर्छ ।'

'अवश्य त्यति पर्छ । शहर गयो भने एउटा पाउरोटीलाई बाह्र सेन्ट मात्र पर्छ । त्यसको साथसाथै एक ग्यालन पेट्रोल पनि खर्च हुन्छ । अरू के दिउँ, आलु ?'

'ज्यू, आलु ।'

'पाँच पाउण्डलाई पचीस सेन्ट पर्छ ।

आमाले धम्काउने छाँटले त्यस पसलेतिर गएर भनिन् । 'मैले तिम्रो मुखबाट जे पनि महँगो सुनें । शहरमा आलुको भाउ के छ मलाई थाहा छ ।'

त्यो सानो मानिसले आफ्नो मुख कसेर भन्यो । 'उसो भए शहरैमा गएर किन्न जाउ-न ।'

आमाले आफ्ना अँलाका जोर्नीमा हेरेर भनिन् । 'के यो तिम्रो आफ्नै पसल हो ?'

'अँहँ, म त यस दोकानमा कामदार मात्र हूँ ।'

तिनले आफ्ना टल्केका चाउरिएका हातहरूमाथि अवलोकन गरेर भनिन् । 'तिमीले ठट्टा गरेकोमा केही कारण छ ? त्यसबाट तिमीलाई केही सघाउ हुन्छ र ?' त्यो मानिस चूप थियो । 'यो पसलको मालिक को हो ?'

हूपर रैन्चेज निगम ।'

'र त्यो निगमले मोल तोक्छ ?'

'ज्यू ।'

तिनले अलिकति मुस्काउँदै माथि हेरीकन भनिन् । 'यहाँ कुरा गर्न आउने ज़ति सबै म जस्तै पागल हुन्छन् ?'

एक छिन अनकनाएर त्यसले भन्यो । 'ज्यू, पागल छन् ।'

'र त्यसैले तिमी ठट्टा गर्छौ ?'

'तिमीले के भनेकी ?'

'यस्तो नराम्रो काम गर्नु तिम्रो निम्ति लज्जाको कुरा हुन्छ, होइन त ?'

'धृष्टताले काम लिनु पर्छ, हैं ?' उनको आवाज विनम्र थियो । त्यो कारिन्दाले आकृष्ट भएर उनलाई हेरिरह्यो । जवाब केही दिएन । अन्तमा आमाले भनिन् । 'त्यसैले मासुको चालीस सेन्ट, रोटीको पन्ध्र सेन्ट, आलुको पचीस सेन्ट भनेका । जम्मा असी सेन्ट हुन गयो । कफीको नि ?'

'बीस सेन्ट सबभन्दा सस्तो ।'

तिनले छिटै भनिहालिन् । 'र जम्मा एक डलर भो । वेलुकाको भोजन पाउन हामी सात जनाले काम गरेका । आफ्नो हात हेरेर तिनले भनिन् । 'त्यो सामान जम्मै पोका पार ।'

त्यसले भन्यो । 'हुन्छ धन्यवाद ।' त्यसले आलु एउटा थैलामा राखेर माथि-तिर होशियारीपूर्वक पट्ट्यायो । आमाले नदेख्ने गरीकन उसका आँखा उनीमा दौडिए अनि फेरि आफ्नै काममा हेर्न थाले । तिनले उसलाई हेरिरहिन् र अलिकति मुस्काइन् ।

तिनले सोधिन् । 'यस्तो काम तिमीले कसरी पायौ ?'

त्यसले भन्यो । 'मानिसले खान त परिहाल्छ ।' र अलि विद्रोहात्मक भावनाले भन्यो । 'मानिसले खाने अधिकार छ ।'

आमाले सोधिन् । 'कस्तो मानिस ?'

चार पोका काउन्टरमा राखेर त्यसले भन्यो । 'मासु, आलु, रोटी, कफी । एक डलरको ।' तिनले एक टुक्रा लेखिराखेको कागज उसको हातमा राखिसकेपछि त्यसले खाता-बहीमा नाउँ र हिसाब दाखिल गर्दा हेरिरहिन् । त्यसले भन्यो । 'अब हामीहरू सब बराबर भयौं ।'

आमाले आफ्ना थैलाहरू टिपेर भनिन् । 'कफी बनाउनलाई चिनी नै छैन । मेरो छोरा टामलाई चिनी चाहिन्छ, हेर ।' तिनले भनिन् । 'उनीहरू त्यहाँ काम गरिरहेका छन् । मलाई अलिकति चिनी देऊ र म पछि लेखिराखेको एक टुक्रा कागज लिएर आउँछु ।'

त्यो सानो मानिस परतिर हेर्न थाल्यो–आफ्ना आँखा आमादेखि जतिसक्यो उति पर लान थाल्यो । त्यसले कोमल स्वरमा भन्यो । 'त्यस्तो म गर्न सक्तिनँ । त्यस्तै छ नियम । म गर्न सक्तिनँ । मैले दुःख खप्नु पर्नेछ । ममाथि लट्ठीको प्रहार वर्षने छ ।'

'तर उनीहरू त्यो खेतमा अहिले काम गर्दैछन् । उनीहरूले दस सेन्टभन्दा बढी पाउनेछन् । मलाई आठ सेन्टको चिनी देऊ । टामलाई कफी खाँदा चिनी चाहिन्छ ।

त्यसले चिनी ल्याऊ भनेको थियो ।'

'मैले त्यसो गर्न नियमले दिंदैन । लेखेको कागजको टुक्रा नभए मालसामान पनि पाइँदैन । मैनेजरले त्यसैबारे सधैं भनिरहन्छ । अँहँ, त्यसो त म गर्न सक्तिनँ । उनीहरूले मलाई पकडिहाल्छन् । जहिले पनि उनीहरूले त्यसो गर्ने मानिसहरूलाई पकडिराखेका छन् । म त सक्तिनँ ।'

'दस सेन्टको निम्ति ?'

'जतिको भएपनि हुँदैन ।' त्यसले उनको अनुहारमा याचना गर्ने तरीकाले हेऱ्यो । त्यसपछि उसको अनुहारबाट डरको भावना गायब भएर गयो । आफ्नो खल्तीबाट दस सेन्ट झिकेर त्यसले नकद राख्ने भाँडामा खसाल्यो । छुटकाराको सास फेरेर त्यसले भन्यो । 'लेऊ ।' काउन्टरको मुनितिरबाट एउटा सानो थैला झिकेर त्यसमा केही चिनी हालीकन ऊ तौल्न थाल्यो । अलिकति चिनी थपेर त्यसले भन्यो । 'यो लेऊ । अब कुरा मिल्यो । एक टुक्रा कागजमा लेखाएर ल्याउनू अनि म आफ्नो दस सेन्ट फिर्ता लिनेछु ।'

आमाले उसलाई अध्ययन गरिन् । उनको हातले अनायास बाहिर निक्लेर चिनीको सानो थैलो आफ्नो पाखुराको थुप्रोमाथि राख्यो । तिनले कोमल स्वरमा भनिन् । 'तिमीलाई धन्यवाद छ ।' तिनले ढोकातिर गएपछि फर्केर भनिन् । 'म एक थोक राम्रो कुरा सिक्दैछु, सधैं सिक्दैछु । कसैलाई दुःख पऱ्यो या चोट पऱ्यो या आवश्यक पऱ्यो भने गरीबहरूकहाँ जानु उचित हुन्छ । उनीहरूले मात्र सहायता दिनेछन् ।' ऊ गएपछि पर्दा लाएको ढोका ढचाम्म बन्द भयो ।

त्यो सानो मानिसले आफ्ना कुहिनाहरू काउन्टरमा अडचाएर विस्मय नेत्रले उनलाई हेरिरह्यो । एउटा मोटो बिरालो काउन्टरमा उफ्रेर आई उसको नजीक बिस्तारै आएर उसका पाखुरामा आफ्नो आङ दल्न थाल्यो । त्यसले हात पसारीकन बिरालोलाई आफ्नो गालानिर तान्यो । आफ्नो पुच्छर अगाडि-पछाडि हल्लाईकन त्यो बिरालो जोरसँग ङचार ङचार गर्न लाग्यो ।

अँध्यारो बढ्दै गएपछि टाम, आल, बार काका जान फलोद्यानबाट आफ्नो सानो डेरा घर फर्केर आए । बाटोमा उनीहरूका पैताला अलि बोझा भएर आए ।

टामले भन्यो । 'हामीले भोजन गरिसकेपछि म बाहिर गएर के खलबली मचिरहेछ हेर्न जानेछु । मलाई जाउँ-जाउँ लागिरहेछ । तपाईं पनि आउने, बा ?'

बाले भन्नुभयो । 'अँहँ, केही बेर मलाई काम गर्नु छ, केही कुराको विचार गर्नुछैन । निकै बेर मैले आफ्नो दिमागलाई बोटेर बेकम्मा पारेको जस्तो लाग्छ । म त एक छिन बसेर सुत्न जान्छु ।'

'आल, तिमी के गर्ने त ?'

आलले परतिर हेरेर भन्यो । 'पहिले म यतैतिर हेरुँला ।'

'अँ, काका जान त आउँदैनन् मलाई थाहा छ । म एक्लै भएपनि जान्छु । मलाई उत्कट इच्छा लागिरहेछ ।'

बाले भन्नुभयो । 'ढोकाबाहिर पुलिसहरू भएपछि मलाई पनि बाहिर जान निकै उत्कट इच्छा भएर आउँछ ।'

टामले सुझायो । 'उनीहरू राति त बाहिर बस्तैन होलान् ।'

'अँ, बस्छन् या बस्तैनन् मलाई त्योसँग केही मतलब छैन । तिमी जहाँ गएपनि तिम्रो आमालाई नभन्नू । तिम्रो चिन्ताले उनको कपाल दुखेछ ।'

टामले आलतिर फर्केर भन्यो । 'तिमीलाई बाहिर जाने उत्सुकता छैन ?'

आलले भन्यो । 'यो शिविर वरिपरि घुमेर हेरूँ जस्तो लाग्छ ।'

'लडकीहरूलाई हेर्न, हैं ?'

आलले उग्रतापूर्वक भन्यो । 'मलाई आफ्नै काम गर्न मन लाग्छ ।'

टामले भन्यो । 'म त जाँदैछु ।

उनीहरू फलोद्यानबाट निस्केर राता-राता झोपडीहरूको बीचमा भएको धूले-सडकमा आइपुगे । लालटीनको धीमा पहेंलो प्रकाश कुनै-कुनै ढोकाभित्र बलेको

देखियो र झोपडीभित्रको अर्ध-अन्धकारमा मानिसहरूका काला छायाँ यताउति चलेका देखिए । सडकको छेउमा एक जना गार्ड आफ्नो घुँडामा अलिकति मात्र टाढा हात्र हुने बन्दूक अड्याएर अझ बसिरहेकै थियो ।

गार्डलाई नाघेर जाँदा टामले अडेर सोध्यो । 'मिस्टर, यहाँ नुहाउने ठाउँ छ ?'

त्यो गार्डले अर्ध-प्रकाशमा उसलाई अध्ययन गरेर भन्यो । 'त्यो पानीको टंकी देख्छौ ?'

'देख्छु ।'

'अँ, त्यहाँ पानीको एउटा नली छ ।'

'तातो पानी छ ?'

'भन, आफूलाई के ठानेका, जे. पी. मारग्यैन नै ठानेका ?'

टामले भन्यो । 'अँहँ, त्यस्तो मैले अवश्य ठानिनँ । मिस्टर, रात्रि प्रणाम ।'

त्यो गार्डले घृणासूचक असन्तोष व्यक्त गर्दै भन्यो । 'वाह रे क्राइस्ट, तातो पानी चाहियो रे । त्यस पछि नुहाउने टब पनि चाहिएला ।' ऊ चारै जना जोडलाई अप्रसन्न मुद्राले घुरेर हेर्न थाल्यो ।

एउटा दोश्रो गार्डले छेउतिरको घरनिर आएर सोध्यो । 'मैक, के भो ?'

'किन, ती मोरा ओकीहरूले आएर भने । 'नुहाउनलाई तातो पानी छ रे ?'

त्यो दोश्रो गार्डले आफ्नो बन्दूक जमीनमा अड्याएर भन्यो । 'उनीहरू सरकारी शिविरबाट आएका होलान् । बाजी ठोकौं, उनीहरू सरकारी शिविरबाट आएका हुन् । यी सरकारी शिविरहरू समाप्त नगरेसम्म हामीलाई शान्ति हुँदैन । सबभन्दा पहिले हामी यही जान्दछौं कि त्यहाँबाट आउनेहरूलाई सफा पानीको आवश्यकता पर्नेछ ।'

मैकले सोध्यो । 'मूल-ढोकामा कस्तो छ--केही कुरा सुन्यो ?'

'अँ, उनीहरू दिनभरि कराइरहेका थिए । सरकारी पुलिसले उनीहरूमध्ये चलाखहरूलाई पकडाउ गरे । एउटा अग्लो, दुब्लो पातलो राँडा-छोराले सबैलाई भड्काइरहेछ भन्ने कुरा मैले सुनें । एक जनाले भन्थ्यो, उसलाई आज राति समात्ने रे । त्यसपछि त्यो दल खतम भएर जानेछ ।'

मैकले भन्यो । 'व्यवहारमा सुगमता आएपछि हामीले काम पाउँदैनौं ।'

'हामीले काम पाउने छौं । यी मोरा ओकीहरूमाथि जहिले पनि नजर राख्नु पर्छ । अलिकति शान्ति भएपछि हामीले उनीहरूलाई अलि उक्साउन सक्छौं ।'

'उनीहरूले ज्याला घटाएर लिएपछि हामीलाई मर्का पर्न जान सक्छ ।'

'हामी जरूर भड्काऔंला उनीहरूलाई । हामीले काम नपाऔंला भनेर तिमीले सुर्ता लिनु पर्दैन । जबसम्म हूपरको तर्फबाट चेकिंग गर्ने काम बन्द हुँदैन तब-सम्म त्यस कुरामा चिन्ता मान्नै पर्दैन ।'

जोड-परिवारको घरमा आगो दन्कन थाल्यो । हैम्बर्ग कुखुराको मासुलाई पीठोमा सैन्डबीच गरेर चिल्लोमा छ्वाइँइँय आवाज आउने गरी पकाइयो र आलु पनि उम्लन थाल्यो । घर धूँवैं-धूँवाले भरियो, र लालटीनको पहेंलो प्रकाशले भित्ताहरूमा बोझा काला छायाँहरू फ्याँक्यो । आमाले छिटो-छिटो आगो बाल्दै पकाइरहँदा रोज आब शारन आफ्नो बोझा पेटलाई घुँडामा अडेस लाएर एउटा बाकसमा बसिरहिन् ।

आमाले सोधिन् । 'अहिले सन्चो हुँदै आइरहेछ ?

'खानेकुरो पकाएको बास्नाले मेरो भोक जगाइदियो ।'

आमाले भनिन् । 'ढोकामा बस्न जाऊ, मलाई त्यो बाकस फोरेर बाल्न चाहियो ।'

मानिसहरू घरभित्र पसे । टामले भन्यो । 'ईश्वरको शपथ ! मलाई त मासु र कफी चाहियो । मैले त्यसको सुगन्ध पाएँ । क्राइस्टको शपथ, मलाई भोकले सतायो । मैले थुप्रो आरु खाएं । त्यो खाएर मलाई राम्रो भएन । आमा, हामीले

हात-मुख कहाँ धुने ?'

'पानीको टंकी भएको ठाउँमा जाऊ । त्यहीं हात-मुख धोऊ । मैले रूठी र विन-फिल्डलाई त्यहीं हात-मुख धुन पठाएँ ।' चारै जना फेरि बाहिर गए ।

आमाले आज्ञा दिइन् ।'रोसाशर्न, जाऊ अब, या ढोकामा बस या ओछ्यानमा । मलाई त्यो बाकस फोर्नु पन्यो ।'

ती लडकी आफ्नो हातले टेकेर उठिन् । भद्दा चालले एउटा डसनामा गई तिनी बसिन् । रूठी र विनफिल्ड आफूलाई नदेखियोस् भनेर भित्तामा टाँसिएर चूप लागीकन भित्र पसे ।

आमाले उनीहरूलाई हेरेर भनिन् । 'तिमीहरू त भाग्यमानी रहेछौ भन्ने भावना मेरो मनमा उठिरहेछ ।' तिनले विनफिल्डतिर झ्वाट्ट गई उसको कपाल छामेर भनिन् । 'अँ, तिमी त भिजेकै छौ तर बाजी ठोकेर भन्न सक्छु कि तिमी सफा भएका छैनौ ।'

विनफिल्डले शिकायत गरेर भन्यो । 'साबुन थिएन ।'

'साबुन छैन भन्ने कुरा ठीक नै छ । मैले आज साबुन किन्न सकिनँ । भोलि किन्न सकौंला ।' चूल्होतिर फर्केर गई तिनी प्लेट पसारी बेलुकीको खाना पस्कन थालिन् । कुखुराको मासु भरेको दुइटा ममचा-रोटी र एउटा ठूलो आलुको साथै तीनोटा पातलो पाउरोटी प्रत्येक प्लेटमा राखिदिइन् । कराहीबाट मासु झिकेपछि हरेक प्लेटमा मासुको झोल अलि-अलि हालिदिइन् । लोग्नेमानिसहरू चारै जना फेरि भित्र पसे । उनीहरूको मुखबाट पानी तप-तप चुहिरहेको मात्र होइन अपितु उनीहरू-को कपाल पानीले भिजेर टल्किरहेका पनि थिए ।

टामले कराएर भन्यो । 'मलाई उनीकहाँ छोडिदेऊ ।'

उनीहरूले आ-आफ्नो प्लेट लिएर चूप लागी अगस्तिले खाए जस्तै गरी खाई-कन मासुको झोल रोटीले पुछेर खान थाले । कोठाको कुनामा गई भुइँमा आ आफ्नो प्लेट राखेर स-साना जनावरहरू जस्तै खानेकुरोको सामुन्ने घुँडा टेकेर बस्न थाले ।

टामले आफ्नो रोटीको अन्तिम गाँस निलेर भन्यो । 'आमा, केही थप्ने छ ?'

तिनले जवाब दिइन् । 'अँहें छैन । जम्मा त्यति नै हो । तिमीहरूले एक डलर-को काम गऱ्यौ र त्यो खाने सामान एकै डलरको ल्याएकी ।'

'त्यसो ?'

'यहाँ सामानको बढता मोल छ । मौका परे शहरबाट ल्याउनु बेस होला ।'

टामले भन्यो । मेरो पेट भरिएको छैन ।'

'अँ, भोलि तिमीहरूले पूरा दिन काम गर्नेछौ । अतएव भोलि राति हामी-हरूले पेटभरि खान पाउनेछौं ।'

आलले आफ्नो मुख बाहुलाले पुछेर भन्यो । 'मलाई त यहाँ एक चक्कर घुमेर हेर्न मन लाग्यो ।'

'पख, म पनि तिमीसित आउँछु ।' टाम ऊसँगै पछि लागेर बाहिर गयो । अँध्यारोमा टाम आफ्नो भाइसँगै टाँसिएर गयो । 'तिमी अवश्य मसित आउन चाहँ-दैनौ के ?'

'अँहें, मैले अघि भनेजस्तै म एक चक्कर घुमेर हेर्छु ।'

टामले भन्यो । 'हुन्छ ।' त्यो फर्केर सडकमा टहल्न गयो । घरहरूबाट निस्केको धूँवा तल जमीनमा बसिरह्यो तथा लालटीनहरूले ढोका र झ्यालहरूका चित्र सडकमा फ्याँके । ढोकाका खुड्किलाहरूमा बसेर मानिसहरू अन्धकारमा हेर्न लागे । सडकमा जाँदा मानिसहरूको नजर आफूमा पर्न आउँदा टामले उनीहरूको टाउको देख्न सक्यो । सडकको छेउमा आइपुग्दा हिलो बाटो ठुटै-ठुटाले भरेको सडक नाघेर फैलिएको थियो र चाङ-चाङ लगाइएको परालका काला थुप्राहरू ताराको प्रकाशमा देखिएका थिए । पश्चिमाकाशको तलतिर द्वितीय-चन्द्रमा थियो र टाउकोमाथि आकाश-गंगाको लामो बादल स्पष्ट देखिएको थियो । धूले-सडकमा टामले टेकेको पाइलाको आवाज सुस्त-सुस्त थियो । गोजीमा हात राखेर त्यो मूल-ढोकातिर गयो । सडकको नजीक एउटा बाँध देखा पऱ्यो । त्यसले सिंचाइको खाल्टोमा उम्रिरहेको

घाँसमा पानीले ठोकेको सुस्त आवाज सुन्न सक्यो । पानीको किनारामाथि आरोहण गरेर ऊ तलतिर अँध्यारो पानीमा अवलोकन गर्न थाल्यो जहाँ त्यसले ताराहरूको प्रतिबिम्ब देख्यो । सरकारी खर्चले बनाएको सडक सामुन्ने थियो । सुईकिएर गएका गाडीको प्रकाशले त्यस सडकलाई आलोकित गरेर देखाउँथ्यो । टाम त्यही सडकतिर प्रस्थान गऱ्यो । त्यसले उच्चा तारको फाटकलाई ताराको प्रकाशमा देख्न सक्यो ।

सडकको बगलबाट एउटा व्यक्तिको आवाजले भन्यो । 'ए, को हो ?'

टामले थामेर उभीकन भन्यो । 'तिमी को हौ ?'

एउटा मानिस नजीक आयो । टामले उसको हातमा एउटा बन्दूक देख्यो । त्यसपछि एउटा चोर-बत्तीको प्रकाशले उसको मुख आलोकित पाऱ्यो । 'कतातिर जाने विचार छ तिम्रो ?'

'अँ, म डुल्न आएको । यहाँ डुल्न मनाही छ के ?'

'अन्यत्र कहीं डुल्न जानू ।'

टामले सोध्यो । 'यहाँबाट म बाहिर जान सक्तिनँ के ?'

'आज राति जान सक्तैनौ । तिमी फर्केर जान्छौ कि सघाउको निम्ति सिट्टी बजाएर म तिमीलाई संरक्षणमा लिउँ ?'

टामले भन्यो । 'मलाई केही छैन । त्यतातिर जांदा केही गोलमाल हुन्छ भने म फर्केर जाउँला ।'

त्यो अँध्यारोमा बस्ने मानिसले सारो हुन छोड्यो । चोर-बत्तीको प्रकाश उसको मुखबाट हटयो । त्यसले भन्यो । 'बुझ्यौ, तिम्रै भलाइको निम्ति भनेको । यी पागल धरना दिने मानिसहरूले तिमीलाई पक्डन सक्छन् ।'

'को धरना दिनेहरू ?'

'ती मोरा कम्युनिस्टहरू ।'

टामले भन्यो । 'अहो, उनीहरूबारे मलाई केही थाहा छैन ।'

'तिमी आउँदा देखेका थियौ, होइन त ?'

'अँ, मैले केही मानिसहरूलाई देखेको थिएँ तर पुलिसहरू पनि निकै थिए । के भएको मलाई थाहा थिएन । मैले त केही दुर्घटना भएको भन्ठानेको थिएँ ।'

'अँ, तिमी फर्केर जानु जाती छ ।'

'मिस्टर, मेरो निम्ति त वेस्ै छ ।' त्यो फनक्क फर्केर जान थाल्यो । शय गज जति शान्तपूर्वक गइसकेपछि ऊ अडेर सुन्न थाल्यो । सिंचाइको खाल्टो नजीक रैकान भन्ने एउटा जनावर च्याइँ-च्याइँ कराएको आवाज तथा धेरै टाढा एउटा बाँधेको कुकुरले रिसाएर भुकेको आवाज सुनियो । सडकको बगलमा बसेर टाम सुन्न थाल्यो । एउटा रात्रि-बाजले कोमल तर उच्च स्वरमा हाँसेको आवाजको साथसाथै त्यसले ठुटामा बिस्तारै वस्रेर गएको एउटा जनावरको सन्याक-सुरुक आवाज पनि सुन्यो । त्यसले दुवै दिशातिरको क्षितिज तथा कालो सीमाहरूको निरीक्षण गऱ्यो । अब ऊ सडकको दायाँतिर बिस्तारै गएर ठुटो भएको खेतसम्म आइपुग्यो । र त्यो प्रायः परालहरूको थुप्रोसम्म पुग्ने गरीकन निहुरेर गयो । ऊ बिस्तारै गएर बीच-बीचमा अडिई ध्यानले सुनेर अगाडि बढ्यो । अन्तमा त्यो तारले बारेको ठाउँमा आइपुग्यो । त्यो बारेको ठाउँको बगलमा ऊ पल्टीकन सबभन्दा तल्लो तारमुनि आफ्नो टाउको घुसार्दै हातले तार समातेर सुत्त भित्र पस्यो ।

ऊ उठ्न लागेको के थियो एक दल मानिसहरू मूल-बाटोको छेउतिरबाट गए । टाम नउभीकन उनीहरू निकै टाढा नपुग्नुन्जेल पर्खिरह्यो अनि पछि उनीहरूलाई पछ्याउयो । त्यसले सडकको बगलमा भएका पालहरूलाई हेरिरह्यो । केही मोटर-गाडीहरू सुइँकिएर गए । एउटा खोलाले खेतहरूलाई काटेर गएको थियो र त्यसमाथि एउटा सानो कंक्रीटको पुल बनेको थियो जो मूल बाटो थियो । टामले पुलको बगल-तिरबाट हेऱ्यो । गहिरो कन्दराको फेदमा त्यसले एउटा पाल देख्यो जसको भित्र-पट्टि एउटा लालटीन बलिरहेको थियो । त्यसले एक छिन त्यस पालमा हेरिरह्यो र मानिसहरूका छायाँ त्यस पालको टाटमा देखिए । टाम एउटा बारेको ठाउँ चढेर झाडी र साना-साना सरपतका बोटहरूको बीच हुँदै कन्दराको तलतिर गयो । र तल फेदमा पुगेपछि एउटा सानो खोलाको बगलमा त्यसले एउटा गोरेटो भेट्टायो । एक

जना मानिस पालको सामुन्ने एउटा बाकसमा बसिरहेको थियो ।

टामले भन्यो । 'सन्ध्याको नमस्ते ।'

'तिमी को हौ ?'

'अँ–म अगाडि जाँदैछु ।'

'यहाँ कसैलाई चिनेका छौ ?'

'अँहँ, कसैलाई चिनेको छैन । मैले भनें, मलाई अगाडि जामु छ ।'

एउटा टाउकोले पालबाट बाहिर निस्केर भन्यो । 'के भो ?'

टामले कराएर भन्यो । 'केसी ! केसी ! क्राइस्टको शपथ, तिमी यहाँ के गर्दैछौ ?'

'अहो भगवान्, टाम-जोड ! टाम्मी, भित्र आऊ, भित्र ।'

सामुन्ने बस्ने मानिसले सोध्यो । 'उसलाई चिनेको तिमीले ?'

'उसलाई चिनेको ? क्राइस्टलाई साक्षी राखेर भन्छु, म उसलाई चिन्दछु । मैले उसलाई चिनेको वर्षौं भैसक्यो । म उसको साथमा गएको थिएँ । टाम, भित्र आऊ ।' टामको कुहिना समातेर त्यसले उसलाई पालभित्र तान्यो ।

अरू तीन जना मानिस भुइँमा बसिरहेका थिए र पालको बीचैमा एउटा लालटीन बलिरहेको थियो । उनीहरूले शंकालु दृष्टिले मास्तिर हेरे । एक जना कालो र अँध्यारो मुख लाएको मानिसले आफ्नो हात पसारेर भन्यो । 'तिमीसँग भेटेर मलाई खुशी लाग्यो । केसीले जे भनेको थियो त्यो कुरा मैले सुनें । तिमीले जसको बारेमा भनेका थियौ त्यो मानिस यही हो ?'

'जरूर । मैले भनेको मानिस यही हो । अँ, ईश्वरको लागि तिमीहरू कहाँ बसिरहेका छौ र यहाँ के गर्न लागेका छौ ?'

टामले भन्यो । 'अँ यतातिर काम पाइन्छ भन्ने कुरा हामीले सुनेर खोजी गर्न आउँदा एक दल सरकारी पुलिसले हामीहरूलाई यहाँ यस ठूलो खेतीमा ल्याइदिए र आज साँझ हामी आरु टिपिरह्यौं । मैले एक दल मानिसहरू चिच्च्याएर कराइ-रहेको देखें । उनीहरूले मलाई केही पनि भनेनन् । यहाँ भित्र के भैरहेछ भनेर हेर्न म यहाँ आएँ । केसी, तिमी यहाँ कसरी आइपुग्यौ ?'

पादरी अघिल्तिर झुकेकोले लालटीनको पहेंलो प्रकाश उसको उचा मलिन भालमाथि परेर आलोकित गरायो । त्यसले भन्यो । 'जेलखाना एक किसिमले मजाको ठाउँ रहेछ । म त्यहाँ गएको त जीजसले केही कुरा खोज्नलाई जंगलमा गएको जस्तो भयो । जीजससँग प्रायः मेरो बराबर भेट हुन्थ्यो तर जेलमा त मेरो उनीसितको भेट यथार्थ थियो ।' त्यो कुरा भनिरहँदा उसका आँखा तिखा र रमाइला थिए । त्यसले भन्दै गयो । 'ठूलो पुरानो जेलखानामा त्यो जहिले पनि व्याप्त छ । मानिसहरू आउँदै तथा जाँदै गरे । र उनीहरू सबैसित मैले कुरा गरी हेरें ।'

टामले भन्यो । 'अवश्य गऱ्यौ । तिमी त जहिले पनि कुरै गर्छौ । झुण्डिने बेलामा पनि झुण्ड्याउने मानिससँग तिमी कुरा गर्नेछौ । तिमी जस्तो कुरौटे मैले कहिले पनि देखेको छैन ।'

पालमा बस्ने मानिसहरू मुख थुनेर हाँसे । मुख चाउरी परेको एक जना सानो मानिसले आफ्नो घुँडा बजाएर भन्यो । 'सधैं कुरा गर्छ । जति कुरा गरेपनि मानिसहरू उसको कुरा सुनेर अघाउँदैनन् ।'

टामले सोध्यो । 'त्यसले पादरीको काम गरेको कुरा भन्यो ।'

'अवश्य भन्यो ।'

केसीले ङिच्च हाँसेर भन्दै गयो । 'अँ, मैले कुरा बुझ्न थाले । कारागारमा बस्ने कोही-कोही खाएर लठ्ठ हुन्थे । तर धेरैजसो भने केही चोज चोरेर त्यहाँ आउँथे । आफूलाई चाहिएका चीज नचोरीकन बस्न सकेनन् । बुझ्यौ ?'

टामले भन्यो । 'अँहँ ।'

'अँ, राम्रा-राम्रा मानिसहरू पनि थिए । उनीहरूलाई चाहिएका चीजले गर्दा

उनीहरू खराब हुन गएका । मैले त त्यही कुरा बुझें । त्यत्रो दुःखको कारण खाँचोले गर्दा पो हुँदो रहेछ । त्यसको समाधान मैले गरेको छैन । अँ, एक दिन ती जेलखानाका अधिकारीहरूले हामीहरूलाई अमिलो सिमी खान दिए । त्यो खाएर एक जना मानिस कराउन थाल्यो तर केही असर भएन । त्यसले जोरसँग चिच्च्यायो । चौकीदार आएर भित्र हेरीकन गयो । त्यसपछि अर्को कराय़ो । अनिपछि हामी सबै करायौं । हामीहरू सबै एकै स्वरले करायौं । टंकीमा पानी भरेर पोखिएजस्तै जेलखानामा हाम्रो आवाज गुन्जिएर भरिन थाल्यो । ईश्वरलाई साक्षी राखेर भन्छु, त्यसको केही असर भयो । उनीहरूले दौड्दै आएर हामीहरूलाई अर्कै खानेकुरा दिए । बुझ्यौ ?'

टामले भन्यो । 'अँहँ ।'

केसीले आफ्नो हातमा चिउँडो अडचाएर भन्यो । 'मैले भन्न नसकेको हुन सक्छ । तिमी आफैं पत्ता लगाउन सक्छौ । खै, तिम्रो टोपी कहाँ छ ?'

'म टोपी तलाईकनै बाहिर निस्केको ।'

'तिम्रो बहिनीलाई कस्तो छ ?'

'त्यो, त्यो त गाई जत्तै फुलेकी छ । म बाजी ठोक्न सक्छु त्यसले जुम्ल्याहा छोराछोरी पाउँछे । उसको पेटमुनि पांग्रा चाहिएला जस्तो छ । अहिले त उसले आफ्नै हातले पेट समातेर हिंड्नु परेको छ । हाल-चाल के छ, तिमीले मलाई केही भनेका छैनौ ।'

त्यो चाउरी परेको मानिसले भन्यो । 'हामीहरूले हडताल गऱ्यौं । यहाँ हडताल चलिरहेछ ।'

'अँ, एक बाकसको पाँच सेन्ट दिएर पुग्दैन । तर त्यति सेन्टले त एक जनाले खान सक्छ ।'

त्यो चाउरी परेको मानिसले कराएर भन्यो । 'पाँच सेन्ट ? पाँच सेन्ट ! उनीहरूले तिमीलाई पाँच सेन्ट दिएका छन् ?'

'अवश्य । हामीहरू डेढ डलर कमाउछौं ।'

पालभित्र घोर निस्तब्धता छायो । केसीले ढोकाबाहिर अँध्यारो रातमा घुरेर हेरी भन्यो । 'हेर टाम, हामीहरू यहाँ काम गर्न आएका । तिमीहरूले पाँच सेन्ट पाउने छौ भनेर उनीहरूले भने । हामीहरू थुप्रै छौं । हामीहरू त्यहाँ पुगेपछि उनीहरूले अढाइ सेन्ट मात्र दिने कुरा गरे । त्यतिले त एक जनालाई पनि खान पुग्दैन, केटाकेटीहरूलाई ख्वाउन त परै रहोस् । त्यति त लिंदैनौं भन्यौं हामीहरूले । यति के भनेका थियौं उनीहरूले हामीहरूलाई त्यहाँबाट धपाए । अनि दुनियाँभरका पुलिस आएर हामीलाई लखेट्न थाले । अब तिमीहरूलाई पाँच सेन्ट दिंदैछन् उनीहरू । उनीहरूले यो हडताल दबाएपछि तिमीहरूलाई पाँच सेन्ट दिनेछन् भन्ठानेका ?'

टासले भन्यो । 'खै, त्यो त मलाई थाहा छैन । अहिले पाँच सेन्ट दिइराखेका छन् ।'

केसीले भन्यो । 'हेर, हामीहरूले त्यो शिविरमा बस्न खोज्यौं तर तिनीहरूले हामीहरूलाई सुँगुर धपाएजस्तै धपाए । हामीहरू छयाल्लव्याल्ल भयौं । हाम्रा मानिसहरूलाई उनीहरूले कुटपीट गरेर सुँगुर खेदेजस्तै खेदे । उनीहरूले तिमीहरूलाई पनि सुँगुर खेदेजस्तै खेदनेछन् । हामीहरू धेरै दिन अड्न सक्तैनौं । हामीहरूमध्ये कसै-कसैले दुइ दिनदेखि खान पाएको छैन । तिमीहरू आज राति नै फर्केर जान्छौ ?'

टामले भन्यो । 'त्यस्तै विचार छ ।'

'अँ, टाम, त्यहाँ मानिसहरूलाई भनिदेऊ कि उनीहरूले हामीहरूलाई कसरी भोकभोकै राखे तथा कसरी छकाए । हामीहरूलाई साफ गर्नासाथ उनीहरूले अवश्य तिमीहरूलाई अढाइ सेन्टमा ओराल्नेछन् ।'

टामले भन्यो । 'हुन्छ, म उनीहरूलाई भनिदिन्छु । त्यतिका बन्दूकधारीहरू मैले कहिले पनि देखेको छैन । उनीहरूले कसैलाई कुरा गर्न देलान् भन्ने मलाई लाग्दैन । र मानिसहरू दिनमा फुर्सत पाउँदैनन् । उनीहरूले मानिसहरूलाई टाउको उठाउन दिने छैनन् र आवश्यक परेको बेला प्रसवकारिणी पनि दिने छैनन् ।'

'टाम, अरू मानिसहरूलाई त्यति कुरा भनिदेऊ हैं । हामीहरू गएको केही बेरमै उनीहरूले अढाइ सेन्ट मात्र पाउनेछन् । अढाइ सेन्टको मतलब तिमीहरूलाई थाहा नै होला– एक डलर पाउनलाई एक टन आरु टिपेर बोक्नु पर्नेछ ।' यति भनेर त्यसले आफ्नो मुन्टो झुकाएर भन्यो । 'अँहैं– तिमीहरूले त्यति पाएर काम चलाउन सक्तैनौ । त्यतिले तिमीहरू आफूलाई खानलाई पुऱ्याउन सक्तैनौ । त्यतिमा पेट-पूजा गर्न सक्तैनौ ।'

'म मानिसहरूलाई भन्ने कोशिश गरुँला ।'

'तिम्रो आमालाई कस्तो छ ?'

'त्रेसै छ । आमालाई सरकारी शिविर खूब मन पऱ्यो । त्यहाँ स्नानागार र तातो पानीको प्रबन्ध रहेछ ।'

'हो– त्यस्तै मैले सुनेको थिएँ ।'

'त्यहाँ राम्रो त थियो तर काम कुनै पाइएन । त्यसैले छोडेर आउनु पऱ्यो ।'

केसीले भन्यो । 'मलाई एउटा सरकारी शिविर हेर्न मन लाग्यो । त्यहाँ जान मन लाग्यो । मानिसहरू भन्छन् त्यहाँ कोही पुलिस-सुलिस पनि छैनन् रे ।'

'त्यहाँका मानिसहरूले नै पुलिसको काम गर्छन् ।'

केसीले उत्तेजित नजरले हेरेर भन्यो । 'त्यहाँ कुनै नराम्रो काम हुन्थ्यो ? लडाईं-झगडा, चोरी, मद्यपान ?'

टामले उत्तर दियो । 'अँहैं ।'

'अँ, कुनै मानिस खराब भएर निस्क्यो भने– त्यसलाई के गर्छन् ? त्यस्ता मानिसमाथि के कार्रवाई गर्छन् ?'

'त्यस्तालाई शिविरबाट निष्कासित गर्छन् ।'

'त्यस्ता मानिसको संख्या धेरै थिएन ?'

टामले जवाब दियो । 'अँहैं । हामीहरू त्यहाँ एक महीना बस्दा एक जना मात्र त्यस्तो निस्क्यो ।'

केसीका नेत्र उत्तेजनाले चम्के । अरू मानिसहरूतिर फर्केर त्यसले कराएर भन्यो । 'बुझ्यौ ? मैले तिमीहरूलाई भनेको थिएँ कि पुलिहरूसले खराबी रोक्नुभन्दा बढी दुःखको सिर्जना गर्छन् । हेर, टाम । मानिसहरूलाई बाहिर निस्कन लगाउन खोज । उनीहरूले चाहेमा दुइ दिनैमा गर्न सक्छन् । ती आरु पाकेका छन् । उनीहरूलाई भन है ।'

टामले भन्यो । 'उनोहरूले गर्दैनन् । पाँच सेन्ट पाइरहने मानिसहरूले केही पनि विरोध गर्दैनन् ।'

'तर हडताल समाप्त हुनासाथ उनीहरूले पाँच सेन्ट पाउने छैनन् ।'

'मैले भनेको कुराले असर गर्ला भन्ठान्दिनँ किनभने पाँच सेन्टको आकर्षण नै उनीहरूको निम्ति ज्यादा महत्त्वको कुरा छ ।'

'अँ, जसरी भएपनि त्यो कुरा उनीहरूलाई भन ।'

टामले भन्यो । 'बाले वास्ता गर्नु हुने छैन । मैले उहाँलाई चिनेको छु । त्यो मेरो काम होइन भनेर उहाँले भन्नु हुनेछ ।'

नैराश्यको भावनाले केसीले भन्यो । 'हो, म पनि त्यस्तै अनुमान गर्दछु । त्यस्तोले ज्ञान पाउनुभन्दा अघि ठोकर पाउने छ ।'

टामले भन्यो । 'हाम्रो खानेकुरो सिद्धिसक्यो । आज राति हामीले मासु खाएका । धेरै त होइन, अलि-अलि खाएका । बाले अरूहरूको लागि मासु छोड्नु-हुनेछ भन्ठानेका ? फेरि रोसाशर्नलाई दूध चाहिन्छ । एक दल मानिसहरू ढोका-बाहिर बसेर कराउँदैमा त्यस पेटभित्रको बच्चालाई आमाले भोकै राख्न दिनेछिन् भन्ठानेका ?'

केसीले उदासीनताले भन्यो । 'उनीहरू त्यो कुरा बुझ्न सकून् भन्ने मेरो

इच्छा छ । उनीहरूले मासु प्राप्त गर्ने तरीका भेट्टाउन सकुन् भन्ने मेरो इच्छा । कहिलेकाहीं त मलाई वाक्क लागेर आउँछ । ज्यादै वाक्क लागेर आउँछ । एउटा मान्छेलाई मैले चिनेको थिएँ । म जेलमा छँदा त्यसलाई भित्र ल्याइएको थियो । एउटा संघ त्यसले खडा गऱ्यो । अनि त्यस संघका स्वयंसेवकहरूले त्यो संघलाई टुक्राए । त्यसपछि के भयो थाहा छ ? पहिले उसलाई सघाउने स्वयंसेवकहरूले उसलाई निकाला गरे । उनीहरूले त्यससँग सम्पर्क नै राखेनन् । त्यसको संगतमा लागेपछि आउने खतरा उनीहरूले देखे । उनीहरू भन्थे । "यो संघ छोडेर जाऊ । यो संघमा तिमी रहुन्जेल खतडा बनिरहन्छ ।" त्यो कुराले उसको भावनामा निकै चोट पुऱ्यायो । त्यसले भन्यो । "तिमीहरूले जानेको भए त्यति खतडा आउने छैन । फ्रान्सेली क्रान्तिको श्रीगणेश गर्नेहरूको टाउको काटिएको थियो । जहिले पनि त्यस्तै हुन्थ्यो । तिमीहरूले ठट्टाको रूपमा गर्न लागेका होइनौ । गर्नु परेरै गरेका । वाशिंगटनको कुरा लिउँ । क्रान्तिलाई तयार पारीकन ती राँडा-छोराहरूले उसैको साथ दिएर उसैलाई मारिदिए ।

टामले भन्यो । 'त्यो त कुनै ठट्टा जस्तो सुनिन्न ।'

'अँहँ, त्यस्तो सुनिन्न । त्यो जेलमा परेको मानिस भन्थ्यो । "जे होस्, तिमीहरूले सकेको गर । तिमीहरूले विचार गर्नु पर्ने कुरा यो छ कि जहिले पनि एउटा सानो पाइला अगाडि सार्दा त्यो पाइला अलिकति पछि हट्न सक्छ । तर स्पष्टसँग कहिले पनि पछि हट्दैन । तिमीहरूले त्यो कुरालाई प्रमाणित गर्न सक्छौ जसबाट सबै कुरा ठीक हुन आउँछ । र त्यसको मतलब यो हुन आउँछ कि बरबाद भएको जस्तो देखिएता पनि केही बरबाद भएको हुँदैनथ्यो ।" '

टामले भन्यो । 'कुरै कुरा, जहिले पनि कुरा गरिरहन्छौ । मेरो भाइ आलको कुरा लिउँ । त्यो एउटी लडकीको खोजीमा छ । अरू कुनै कुराको उसलाई फिक्री छैन । एक-दुइ दिनमा ऊ एउटी लडकी ल्याउने कुराको विचार गर्दैछ र रातभरि पनि त्यसैको चिन्तन गर्छ । अरू यताउतिको केही पनि विचार गर्दैन ।'

केसीले भन्यो । 'अवश्य, अवश्य । त्यसले आफूले गर्नुपर्ने काम गर्न लागेको छ । हामी सबैलाई त्यस्तै काम गर्न मन लाग्छ ।'

पाल बाहिर बस्ने मानिसले पालको ढोका उचालेर भन्यो । 'ईश्वरका कुदृष्टि यसमा परोस् । मलाई त त्यसो गर्न मन पर्दैन ।'

केसीले त्यमलाई अवलोकन गरेर भन्यो । 'के भो ?'

'मलाई थाहा छैन । मलाई कुतकुती लागेर आयो । बिरालोलाई जस्तै अत्यास लागेर आयो ।'

'अँ, के भयो ?'

'मलाई थाहा छैन । मैले केही सुनेजस्तो लागेर कान थापेर सुनें तर सुन्ने कुरा केही छैन ।'

त्यो चाउरिएको मानिसले भन्यो । 'तिमीलाई त अत्यास लाग्छ । त्यो उठेर बाहिर गयो र एकै छिनमा त्यसले भित्रपट्टि हेरेर भन्यो । 'ठूलो कालो बादलमाथि आकाशमा ढाकिंदै छ । बाजी ठोकेर भन्न सक्छु त्यसमा चटचाँग र विद्युत् छन् ।' त्यो फेरि बाहिर निस्क्यो । अरू दुई जना मानिस बसेको ठाउँबाट उठेर बाहिर निस्के ।

केसीले कोमल स्वरमा भन्यो । 'उनीहरू सबैलाई कुतकुती लागेको छ । ती पुलिसहरू हामीहरूलाई कुटेर यस प्रदेशबाट निकाला गर्न भनिरहेछन् । उनीहरूले मलाई नेता ठान्छन् किनभने म बढता कुरा गर्छु ।'

त्यो चाउरिएको मानिसले फेरि भित्रपट्टि हेरेर भन्यो । 'केसी, लालटीन निभाएर बाहिर आऊ । केही कुरा छ ।'

केसीले लालटीनको बत्ती घुमाएपछि त्यसको प्रकाश बिस्तारै क्षीण भएर निभ्यो । केसी छाम्दै बाहिर निस्क्यो र टाम पनि त्यसको पछि आयो । केसीले सानो स्वरमा भन्यो । 'के हो ?'

'मलाई थाहा छैन । सुन ।'

निस्तब्धतामा भ्यागुताको जस्तो आवाज तथा झ्याउँकीरीको जस्तो तिखो

उच्च सिट्टीको आवाज सुनियो । तर यी पृष्ठभूमिको बीचबाट अरू आवाजहरू पनि सुनिए । यी हुन्– सडकमा टेकिएका सुस्त-सुस्त पाइलाको आवाज, नदी किनाराको माटोमा पाइला टेकेर आएको छ्वाइँ-छ्वाइँ आवाज तथा खोला तल झारपातबाट निस्केको स्यार्स्यार आवाज ।

केसीले उनीहरूलाई फेरि यकीन दिलाएर भन्यो । 'तिमीले त्यो आवाज सुनेर निश्चित रूपले भन्न सक्तैनौ । मूर्ख छौ तिमीहरू । अत्याउँछौ । हामी सबैलाई अत्यास लागेको छ । त्यो के हो निश्चित रूपले भन्न सक्तैनौं । टाम, सुन्छौ तिमी ?'

टामले भन्यो । 'त्यो आवाज म सुन्छु । हो, म सुन्छु । मानिसहरू चारैतिरबाट आइरहेको जस्तो लाग्छ मलाई । हामीले यस ठाउँलाई छोड्नु जाती होला ।'

त्यो चाउरिएको मानिसले कानेखुसी गरेर भन्यो । 'त्यहाँ पुलमुनि जाऔं । मलाई त यो पाल छोडेर जान मन लाग्दैन ।'

केसीले भन्यो । 'जाऔं, हिंड ।'

उनीहरू सुस्त-सुस्त खोलाको किनाराबाट गए । उनीहरूको सामुन्ने देखा परेको कालो गुम्बज एउटा गुफा थियो । केसी निडरेर जान थाल्यो । टाम त्यसको पछि-पछि लाग्यो । उनीहरूका पाइला पानीमा चिप्लन थाले । तीस फीट जति उनीहरू गए र उनीहरूको सासको प्रतिध्वनि गुम्बजमा सुनिन्थ्यो । उनीहरू पुलको पारिपट्टि निस्किसकेपछि तन्केर उभिए ।

ठूलो स्वरले कराएर भन्यो । 'त्यहाँ पो रहेछन् !' दुइटा चोर-बत्तीको प्रकाश तिनीहरूमाथि परेर आँखा तिमिराईकन पकडिए । अन्धकारबाट निस्केका आवाजले भने । 'तिमीहरू जहाँ छौ त्यहीं उभिराख्नू । त्यो उही हो चमकदार राँडा-छोरा ।'

केसीले त्यस प्रकाशमा केही नदेखिए पनि घुरेर हेरिरह्यो । त्यसले कठिनसित सास फेरेर भन्यो । 'ध्यान दिएर मेरो कुरा सुन । तिमीहरूले गरिरहेको कामको असर तिमीहरूलाई थाहा छैन । तिमीहरूको करतूतले केटीकेटीहरू भोकभोकै मर्न

लागिरहेछन् ।'

'चूप लाग्, तँ कम्युनिस्ट राँडा-छोरा ।'

एक जना सानो भद्दा मानिस प्रकाशमा हिंडेर आयो । त्यसले आफ्नो हातमा एउटा बंचरोको नयाँ सेतो बींड लिएको थियो ।

केसीले भन्दै गयो । 'तिमीहरूले गरिरहेको कामको फल के भयो भन्ने कुरा तिमीहरूलाई थाहा छैन ।'

त्यो भद्दा मानिस बंचरोको बींडको साथसाथै फन्को मारेर घुम्यो । केसी फन्कोको प्रहार छल्न एकातिर गयो । त्यस बोझा डण्डाले उसको टाउकोमा लागेर केसी एकातिर भुक्लुक्क खस्यो ।

'जीजसको शपथ, जार्ज, तिमीले त उसको हत्या गरेको जस्तो लाग्छ ।'

जार्जले भन्यो । 'उसमाथि प्रकाश देखाऊ । त्यो राँडा-छोरालाई यस्तै गर्नु पर्छ ।' चोर-बत्तीको प्रकाश परेपछि केसीको टाउको फुटेको देखियो ।

टामले पादरीमाथि तल झुकेर हेऱ्यो । त्यस भद्दा मानिसको खुट्टा र बंचरोको सेतो नयाँ बींडमा प्रकाश परेपछि टामले चाईंचुईं नबोलकीन उफ्रेर गई त्यो डण्डा खोसेर लियो । पहिले बाजि हिर्काउँदा त्यसले लगाउन सकेन, खालि कुममा लाग्न गयो । तर दोश्रो बाजि हान्दा टाउकैमा जोरसँग बज्न गएकोले त्यो भद्दा मानिस भुतुक्क भयो । अनि तीन प्रहार उसैको टाउकोमा बज्न गए । प्रकाशहरू यत्रतत्र नाच्न थाले । जोरसँग कराएका आवाजहरूको साथसाथै छिटो-छिटो दौडेको पाइलाको आवाज तथा झाड-पात भाँचिएको आवाज पनि सुनियो । पल्टेको मानिस-माथि टाम उभिरह्यो । त्यसपछि एउटा डण्डाको बिजुलीजस्तो प्रहार उसको टाउकोमा पर्न आयो जसको फलस्वरूप विद्युत्ले दिएको जस्तो आघात त्यसले अनुभव गर्न थाल्यो । त्यहाँबाट त्यो टाउको निहुराउँदै खोलै-खोलाबाट कुलेलम ठोक्यो । त्यसले पानीमा छ्याप-छ्याप गरी आफूलाई पछ्याएका पैतालाको आवाज सुनेर अकस्मात् फर्केर हेरेपछि विषालु सिन्दूरको झाडमा गई खुम्चिदै लुक्न गयो । ऊ निस्तब्ध भएर पल्टिरह्यो । पैतालाहरू नजीक आएको आवाज सुनियो । प्रकाशको किरण खोलामा झलमलाउन थाल्यो । झाडको बीचबाट माथि उक्लेर टाम एउटा

फलफूलको उद्यानमा निस्क्यो । अझ पनि त्यसले बोलाएको आवाजको साथसाथै खोलाबाट लखेटेको आवाज सुन्न सक्थ्यो । टाउको निहुराएर त्यो आवाद गरेको भूमिबाट सुइँकुच्चा ठोकेर गयो । ऊ दौडेर जाँदा माटाका डल्लाहरू चिप्लेर उसका पैतालामुनितिरबाट गुडेर गए । आफ्नो अघिल्तिर खेतको चारैतिर सिंचाइको कुलोको छेउ-छेउमा उम्रेको झाड त्यसले देख्यो । अंगूरका लहरा तथा जामुनका झाडको छेउमा बारेका ठाउँबाट ऊ सुत्त भित्र पस्यो । अनि पछि त्यो जोरसँग स्वाँ-स्वाँ फ्वाँ फ्वाँ गरेर चूप लागेर पल्टन थाल्यो । त्यसले आफ्नो चेतनारहित आकृति र नाक छामेर हेऱ्यो । उसको नाक किचिएकोले रगत चुहिएर चिउँडोबाट बगिरहेको थियो । आफ्नो मन यथास्थिति अवस्थामा नआएसम्म त्यो पेटको बलले निस्तब्धतासँग पल्टिरह्यो । त्यसपछि सिंचाइको खाल्टोको छेउमाथिबाट त्यो सुस्त-सुस्त घस्रेर गयो । चिसो पानीले आफ्नो मुख धोइसकेपछि त्यसले आफ्नो नीलो कमीजको पुच्छर च्यातेर पानीमा डुबाईकन च्यातिएका गाला र नाक पुछ्न थाल्यो । पानीले पोलेर घाउ टट्टाउन थाल्यो ।

कालो बादलले आकाश ढाकियो र ताराहरू अदृश्य भए । रात फेरि निस्तब्ध भयो ।

टाम पानीमा गएर आफ्नो पैतालाले पींध नभेट्टाएकोले दुइचोटि बाँकटे पौडेपछि पारीपट्टि बोझासँग उठ्यो । उसको लुगा भिजेकोले बोझा भयो । ऊ हिंड्दा बगिरहेको पानीको आवाज उसको जुत्ताबाट च्वार्र-च्वार्र आउन थाल्यो । ऊ बसेर आफ्नो जुत्ता फुकालीकन त्यसमा भएको पानी रित्त्याउनुको साथसाथै आफ्नो सुरुवालको फेद तथा कोट फुकालीकन निचोर्न थाल्यो ।

मूल-बाटोमा पुगेपछि त्यसले चोर-बत्तीहरूको किरणले सिंचाइको खाल्टोमा खोज्दै गरेको प्रकाशको झल्याक-झलुक चाल पायो । आफ्नो जुत्ता लाएर टाम बडो होशियारीसाथ बाली काटेर बाँकी रहेका ठुटासहितको खेत पार गरेर गयो । उसको जुत्ताबाट पानी भरिएर त्यसबाट निस्केको च्वाइँ-च्वाइँ आवाज आउन छोड्यो । ठुटै-ठुटा भएको खेतको पल्लोपट्टि सहज-ज्ञानको सहारालै अगाडि बढेर गएपछि त्यसले बल्ल सडक भेट्टायो । बडो होशियारीसाथ त्यो चारपाटे घरहरूमा आइपुग्यो ।

एउटा गार्डले आवाज सुनेको जस्तो लागेर कराएर भन्यो । 'त्यहाँ को हँ ?'

टाम भुइँमा टाँसियो । अनि पछि चोर-बत्तीको किरण उसको माथितिरबाट

घुम्न थाल्यो । त्यो बिस्तारै घस्रेर गई जोड-परिवारको ढोकाभित्र पस्यो जसका कब्जाहरूबाट चिच्चयाएको आवाज निस्क्यो । त्यो आवाज सुनेर शान्त, स्थिर तथा सजग स्वर आमाको मुखबाट निस्क्यो । 'त्यो को हो ?'

'म, टाम ।'

'अँ, तिमी सुत अलिकति । आल अझसम्म भित्रिएको छैन ।'

'त्यसले एउटी लडकी भेट्टाएको होला ।'

आमाले कोमल स्वरमा भन्यो । 'त्यो झ्यालमुनि सुत्न जाऊ ।'

त्यो सुत्ने ठाउँ भेट्टाई लुगा जम्मै फुकालीकन सिरक भित्र लग-लग काम्दै पल्टयो । उसको च्यातिएको मुखमा चेतना आएपछि उसको टाउको जम्मै दुःखन थाल्यो ।

एक घण्टा नाघिसकेपछि आल भित्रियो । त्यो होशियारीसाथ नजीक गएर टामको निश्चुक्क भिजेको लुगामा कुल्चन पुग्यो ।

टामले भन्यो । 'चूप ।'

आलले कानेखुसी गरेर भन्यो । 'तिमी सुतेका छैनौ ? कसरी भिजेका ?'

टामले भन्यो । 'चूप । भोलि बिहान भनुँला ।'

बा कोल्टे फेरेर उत्तानो पर्न थाल्नुभयो । उहाँले घुरेको आवाजले कोठा घन्कन थाल्यो ।

आलले भन्यो । 'तिमी चिसो छौ ।'

'चूप लागेर सुत ।' झ्यालको सानो चारपाटे आकारले कोठाको अन्धकारमा कैलो प्रकाश ल्याइदियो ।

टाम सुतेन । उसको च्यातिएको मुखका स्नायुहरू सजीव भएर स्पन्दित हुन

थाले । गालाको हाड दुखेर आयो । उसको फुटेको नाक सुन्निएर दुख्न थाल्यो जसबाट उसलाई छटपटी आउन लाग्यो । उसको नजर सानो चारपाटे झ्यालतिर गयो जहाँबाट त्यसले ताराहरू उदाएर बिलाएको देख्यो । बीच-बीचमा त्यसले पहरादारहरूका पाइलाहरूको आवाज सुन्यो ।

परबाट भाले बासेको आवाज सुनियो र विस्तार-बिस्तारै झ्यालबाट प्रकाश आउन थाल्यो । टामले औंलाका टुप्पाले आफ्नो सुन्निएको मुख स्पर्श गऱ्यो । र आल आफ्नो निद्रामा चलेर दुःखले बर्बराउन थाल्यो ।

अन्तमा भोर भैहाल्यो । घरहरू सजीव हुनाको साथसाथै मानिसहरू चलेको, दाउरा भाँचेको तथा कराही यताउति सारेको सुनिन थाल्यो । गोधूलिको समय थियो । आमा अकस्मात् उठेर बसेपछि टामले उनको मुख निद्राले सुन्निएको देख्यो । तिनले निकै बेर झ्यालतिर हेरिरहिन् । सिरक फालेर तिनी आफ्नो लुगा लिईकन बसी टाउकोमाथि लाउन थालिन् । पाखुराहरूमाथितिर लगेपछि लुगा आफैं कमरसम्म झरेर आयो । उभिएर तिनले आफ्नो लुगा गोलिगाँठासम्म तानिन् । त्यसपछि तिनी नांगा पैतालाले झ्यालनिर होशियारीसाथ गई बाहिरतिर हेरिन् । बढ्दै आइरहेको उज्यालोतिर घोरिएर हेरिरहँदा तिनले आफ्ना दक्ष औंलाहरू चुल्ठो फुकाल्नमा उपयोग गरिन् । अनि फुकालिएका चुल्ठोहरू राम्रोसँग मिलाइसकेपछि तिनी फेरि चुल्ठो बाट्न थालिन् । आफ्नो सामुन्ने हात लपेटी तिनी एक छिन निस्तब्ध भएर उभिरहिन् । उनको अनुहार झ्यालको प्रकाशले आलोकित भएको थियो । फर्केर तिनीले होशियारीसाथ डसनाहरूको बीचबाट गई लालटीनको ढकनी माथितिर तानेर बत्ती बालिन् ।

बा कोल्टे फेरेर उनलाई हेरी आँखा झिम्काउन थाल्नुभयो । आमाले भनिन् । 'बा, तपाईंसित बढता दाम छ ?'

'अँ, उठेर गई अलिकति पीठो र सुँगुरको बोसो ल्याइदिनु पऱ्यो, बरु छिटै ।'

बाले हाइ गरेर भन्नुभयो । 'पसल खोलेको छैन होला ।'

'खोल्न लगाउन । तिमीहरूको निम्ति केही खाना तयार गर्नु पऱ्यो । तिमी-

हरूले बाहिर गएर काम गर्नु छ ।'

बा आफ्नो ओवरअल लाएर त्यसमाथि पुरानो कोट लगाईकन हाइ गर्दै आङ तान्दै आलस्यले ढोकाबाहिर निस्के ।

केटाकेटीहरू जागा भई सिरक मुनितिरबाट मुसाले जस्तै हेरिरहे । मलिन प्रकाशले कोठा भरिएको थियो । सूर्योदयभन्दा अघिको भएकोले त्यस प्रकाशमा उज्ज्वलता थिएन । आमाले डसनाहरूमा नजर लगाइन् । काका जान बिउँझेका थिए । आल निस्फिक्रीसँग सुतिरहेको थियो । त्यसपछि आमाको आँखा टाममाथि पऱ्यो । एक छिन उसलाई अवलोकन गरिसकेपछि तिनी छिटै उसकहाँ पुगिन् र उसको मुख सुन्निएर निलो-कालो मात्र भएको पाइनन् अपितु उसका ओठ र चिउँडोमा लागेको रगत सुकेर कालो भैराखेको पनि पाइन् । च्यातिएको गालाका छेउहरू तनक्क कसिएका थिए ।

तिनले कानेखुसी गरेर सोधिन् । 'टाम, के भएको यो ?'

त्यसले भन्यो । 'चूप, जोरसँग कुरा नगर । म झगडामा फसें ।'

'टाम !'

आमा, 'मैले त्यो झगडा छल्नै सकिनँ ।'

तिनीले उसको बगलमा घुँडा टेकेर भनिन् । 'तिमी झञ्झटमा फसेका ?'

निकै बेरपछि त्यसले जवाब दियो । 'हो, झञ्झटमा फसें । म काम गर्न जान सक्तिनँ । मैले लुक्नु परेको छ ।'

केटाकेटीहरूले हात र घुँडाले टेकी उसको नजीक घस्रेर गईकन आँखा गाडेर हेरी सोधे । 'आमा, उसलाई के भएको ?'

आमाले भनिन् । 'चूप । गएर मुख-सुख धोऊ ।'

'मुख धुनलाई साबुन छैन ।'

'अँ पानीले धोएपनि हुन्छ ।'

'टामलाई के भएको ?'

'अब चूप लाग । यो कसैलाई नभन्नू ।'

फर्केर गईकन उनीहरूलाई अब निरीक्षण गर्न आउने छैनन् भन्ने कुरा थाहा पाएर पर भित्तामा उनीहरू पलेंटी कसेर बसे ।

आमाले सोधिन् । 'नराम्रोसँग भयो ?'

'नाक फुट्यो ।'

'मेरो तात्पर्य, झगडा नराम्रोसँग भयो ?'

'ज्यू, नराम्रोसँगै भयो ।'

आलले आँखा उधारेर टामलाई हेरेर भन्यो । 'अँ, क्राइस्टको शपथ । के कुरामा झगडा भएको ?'

काका जानले सोधे । 'के भएको ?'

बाले भद्दा तवरले भित्र पसेर भन्नुभयो । 'पसल खुलेकै छ ।' दमचूलीको बगलमा पीठोको सानो थैलो र सुँगुरको बोसोको पोको राखेर उहाँले सोध्नुभयो । 'के भो ?'

एक छिन कुहिनाको बलले टेकेर फेरि पिठ्यूँले टेकीकन टामले भन्यो । 'जीजस, म कमजोर भएँ । म फेरि एकचोटि तिमीलाई भन्न लागेको छु । म तिमीहरू सबैलाई भनुँला । केटाकेटीहरूलाई कसो गर्ने ?'

आमाले उनीहरूलाई भित्तामा गुजमुज्ज भई बसेको देखेर भनिन् । 'गएर मुख धुन जाऊ ।'

टामले भन्यो । 'अँहं, उनीहरूलाई जान दिन हुँदैन । उनीहरूले सुन्नु पर्छ,

जान्नु पर्छ । थाहा नपाएपछि उनीहरूले बडबडाएर बक्नेछन् ।'

बाले जोरसँग सोध्नुभयो । 'यो जम्मै के कुरा हो ?'

'म भन्दैछु । हिजो राति मानिसहरू केको लागि जोरसँग कराइरहेका थिए भन्ने कुरा बुझ्न म बाहिर निस्केको थिएँ । अकस्मात् मेरो भेटघाट केसीसँग भयो ।'

'त्यो पादरी ?'

हो, बा । 'त्यो पादरी त हडतालको नेतृत्व गर्दै थियो । उनीहरू उसको निम्ति आए ।'

बाले सोध्नुभयो । 'उसको निम्ति को आएका ?'

'मलाई थाहा छैन । कोही मानिस जसले हामीहरूलाई त्यस राति सडकमा फर्काई दिएका थिए । उनीहरूका हातमा बंचरोका बींडहरू थिए ।' त्यसले थामिएर भन्यो । 'उनीहरूले उसलाई मारिदिए । उसको टाउको फुटाइदिए । म त्यहीं उभिरहेको थिएँ । म पागल भएँ । एक जनाको बंचरोको बींड खोसेर लिएँ ।' त्यसले रात्रि अन्धकारमा फर्केर हेऱ्यो । त्यसले बोलेपछि चोर-बत्तीहरूको प्रकाश झल्याकझुलुक झल्क्यो । 'मैले उनीहरूमध्ये एक जनालाई डण्डाले ठोकिदिएँ ।'

आमाको सास घाँटीमै अड्क्यो । बाको आङ सारो भएर गयो । उनले कोमल स्वरले सोधे । 'उसलाई मार्‍यौ ?'

'मलाई थाहा छैन । म पागल भएँ । मैले त मार्नै खोजेको थिएँ ।'

आमाले सोधिन् । 'तिमीलाई देखे उनीहरूले ?'

'थाहा छैन । मलाई के थाहा । उनीहरूले मलाई देखे जस्तो लाग्छ । उनीहरूले हामीहरूलाई प्रकाशले आलोकित गराइराखेका थिए ।'

एक छिन आमाले उसका आँखामा घोरिएर हेरिसकेपछि भनिन् । 'बा, केही

बाकस फोरिदिनोस्, नास्ता बनाउनु छ । तिमीहरूले काम गर्न जानु छ । रूठी, विनफिल्ड, हेर ! कसैले तिमीहरूसँग सोध्यो भने टाम बिरामी छ भन्नू । बुझ्यौ ? उसको बारे तिमीहरूले भन्यौ भने त्यसले जेल जानु पर्नेछ । सुन्यौ ?'

'हो, आमा बुझ्यौं ।'

'ती केटाकेटीहरूमाथि नजर राख्नू । उनीहरूलाई कसैसँग कुरा गर्न नदिनू ।' तिनी आगो जोर्न थालिन् र बा मालसामान राखेका बाकसहरू फोर्न थाल्नुभयो । पीठोको डल्लो बनाएर तिनले कफीको भाँडा उमाल्न आगोमा चढाइन् । त्यो हलुका दाउरा बलेर त्यसको ज्वाला चिम्नीमा दन्कन थाल्यो ।

बाले बाकसहरू फोरिसकेपछि टामको नजीक आएर भन्नुभयो । 'केसी असल मानिस थियो । त्यसले किन गडबड मचाउन खोजेको ?'

टामले फिका स्वरमा भन्यो । 'उनीहरू एक बाकसको पाँच सेन्टमा काम गर्न आएका ।'

'त्यति त हामीहरूले पाइरहेकै छौं ।'

'हो, हामीले काम गरेर उनीहरूको हडतालमा धक्का पुगेको थियो । उनीहरू-लाई अढाइ सेन्ट मात्र दिइयो ।'

'त्यतिमा त खान पुग्दैन ।'

टामले थकाइ-लाग्ने स्वरमा भन्यो । 'मलाई थाहा छ । त्यही भएर त उनीहरूले हडताल गर्न लागेका । उनीहरूले जुन दिन हडताल समाप्त गर्नेछन् त्यसको भोलिपल्टदेखि नै हामीले अढाइ सेन्ट पाउन थाल्नेछौं । यस्तो मलाई लाग्छ ।'

'किन, ती राँडा-छोराहरू–'

'हो ! बा, केसी तबसम्म असलै थियो । त्यो त्यहाँ टाउको किचिएर रगत-पच्छे भैकन पल्टिराखेको चित्र मेरो दिमागबाट म बहिष्कार गर्न सक्तिनँ । जीजस ।'

यति भनेर त्यसले आफ्नो हातले आँखा छोप्यो ।'

काका जानले सोधे । 'अँ, हामीले के गर्ने ?'

आल अब उभिन थाल्यो । त्यसले भन्यो । 'अँ, भगवान् शपथ, मलाई थाहा छ म के गर्दैछु । म यहाँबाट बाहिर निस्कन्छु ।'

टामले भन्यो । 'आल, अँहँ, तिमी जान हुँदैन । हामीलाई तिमी जस्तो मानिसको आवश्यकता छ । अब म खतरनाक भएँ । म ठीक हुनासाथ मैले यस ठाउँलाई छोड्नु छ ।'

आमा दमचूलीमा व्यस्त थिइन् । उनको आधा दिमाग यो कुरा सुन्नमा लागेको थियो । तिनले तातो कराहीमा चिल्लो हालेर क्वाललल्ल आवाज आएपछि चमचाले पीठोको टुक्रा त्यसमा हाल्दै गइन् ।

टामले भन्दै गयो । 'आल तिमीले छोड्नु हुँदैन । तिमीले ट्रकलाई हेर-विचार गर्नु छ ।'

'अँ, मलाई यो जम्मै मन पर्दैन ।'

'आल, तिमीले त्यसो भन्नु हुँदैन । यो तिम्रो परिवार हो । तिमीले उनीहरू-लाई सघाउनु पर्छ । म उनीहरूको निम्ति खतरनाक भैसकें ।'

आलले असन्तुष्ट हुँदै रिसाएर भन्यो । 'ग्यारेजमा एउटा काम किन मलाई खोज्न नदिएको मैले बुझिनँ ।'

'पछि, त्यो काम गर्न दिन सकिन्छ ।' टामको नजर आललाई नाघेर गई डसनामा पल्टिरहेकी रोज आव शारनमाथि पर्न गयो । उनका आँखा ठूल-ठूला भएर उघारिएका थिए । त्यसले उनलाई कराएर भन्यो । 'चिन्ता नलेऊ । तिम्रो निम्ति आज केही दूध ल्याउन लागेको छु ।' तिनले सुस्त-सुस्त आँखा झिम्काइन् र केही जवाब दिइनन् ।

बाले भन्नुभयो । 'हामीले जान्नु छ, टाम । त्यो मानिसलाई तिमीले मारेका

छौ कि, के ठान्छौ ?'

'मलाई थाहा छैन । अँध्यारो थियो र कसैले मलाई स्वाँट्ट हिर्कायो । मलाई थाहा छैन । मलाई लाग्छ मैले त्यो मोरालाई मारें ।'

आमाले कराएर भनिन् । 'टाम ! त्यसरी कुरा नगर ।'

सडकबाट धेरै गाडीहरू बिस्तारै चलाएर ल्याइएको आवाज सुनियो । बाले झ्यालनिर गएर बाहिर हेरीकन भन्नुभयो । 'थुप्रा नयाँ मानिसहरू आउँदैछन् ।'

टामले भन्यो । 'म ठान्छु कि उनीहरूले हडताल सरासर तोडिदिन्छन् । मलाई लाग्छ हामीहरूले पनि अढाइ सेन्ट पाउने छौं ।'

'मानिसले विवश भएर काम गर्न सक्नेछ तर पाएको ज्यालाले पेट भने भर्न सक्तैन ।'

टामले भन्यो । 'मलाई थाहा छ । झरेका आरु खाएर बाँच्नु पर्नेछ ।

आमाले आँटा पल्टाउनुको साथसाथै कफी पनि चलाइन् । तिनले भनिन् । 'मेरो कुरा सुन । आज मैले पीठो ल्याएकी छु । त्यस्तै पीठो खाएर निर्वाह गरेपछि छिटै पेट्रोल किन्न पर्याप्त पैसा जम्मा गर्नेछौं । अनि हामीहरू यो ठाउँ छोडेर जाने छौं । यो राम्रो ठाउँ जस्तो लागेन । टाम एकलैलाई म यहाँबाट जान दिने छैन ।'

'आमा, तिमीले त्यसो गर्नु हुँदैन । म भन्छु, तिमीहरूको लागि म खतरनाक भैसकें ।'

उनको चिउँडोबाट संकल्प झल्कन्थ्यो । तिनले भनिन् । 'हामी त्यस्तै गरौंला । यहाँ सब थोक ठीक भैसक्यो । खाएर काममा जानू । भाँडाहरू खकालिसकेपछि म छिटै आउँला । हामीले केही पैसा जम्मा गर्नु छ ।'

उनीहरूले भुटेका आँटा सेलाउन नपाईकन खाएकाले उनीहरूको मुख पोल्यो । कफी खन्याउँदै प्याला भर्दै गएकाले कफीको मात्रा उनीहरूले बेसी खाए ।

काका जानले प्लेट चाट्दै मुन्टो हल्लाएर भने । 'हामीहरूलाई यस्तो खाना पनि नसीब नहोला जस्तो छ यहाँ । यो मैले गरेको पापको फल हो ।'

बाले कराएर भन्नुभयो । 'ऐ, नकरा ! तेरो पापको कुरा सुन्ने समय छैन । आऊ, काम गर्न जाऔं । केटाकेटीहरू, तिमीहरू सघाउन आऊ । आमाले ठीक भनिन् । हामीले यस ठाउँलाई तिलान्जलि गर्नुछ ।'

उनीहरू गैसकेपछि आमाले एउटा प्लेट र एउटा कप लिई टाम कहाँ पुगेर भनिन् । 'अलिकति केही खाऊ ।'

'आमा, म खान सक्तिनँ । मलाई यस्तो नराम्रोसँग चोट लाग्यो कि म चपाउनै सक्तिनँ ।'

'खाएर त हेर ।'

'अँहँ, आमा, म खान सक्तिनँ ।'

उसको डसनाको छेउमा बसेर तिनले भनिन् । 'तिमीले मलाई भन्नु पर्छ । अनि जे भएको थियो त्यसमा मैले पनि विचार गर्न पाउँछु । मैले सोझै बुझ्नु छ । केसीले के गरेको थियो जसबाट उनीहरूले त्यसलाई मारेका थिए ?'

'प्रकाश-पुंजमा त्यो त्यहीं उभिराखेको थियो ।'

'त्यसले के भन्यो ? तिमीलाई याद छ उसले भनेको कुरा ?'

टामले भन्यो । 'अवश्य याद छ । केसीले भन्यो । "मानिसहरूलाई भोक-भोकै मार्ने तिमीहरूलाई अधिकार छैन ।" त्यसपछि एउटा भद्दा मानिसले उसलाई कम्युनिस्ट राँडा-छोरा भन्यो । अनि केसीले भन्यो । "तिमीहरूको कामको फल के भयो भन्ने कुरा तिमीहरूलाई थाहा छैन ।" अनिपछि त्यसले उसलाई ठोक्यो ।'

आमाले तलतिर हेरेर आफ्ना हात मलीकन भनिन् । 'त्यसले भनेको त्यति न हो– "तिमीहरूले गरेको कामको फल तिमीहरूलाई थाहा छैन ।" '

'हो ।'

आमाले भनिन् । 'बज्यैले यो कुरा सुनेको भए हुने थियो ।

'आमा–मैले के गरेको थिएँ भन्ने कुराको मलाई होश नै भएन । जस्तो हामीले सास फेरेको क्रिया हामीलाई थाहा हुँदैन त्यस्तै आफूले गरेको कामको पत्तै भएन । त्यसो गर्न लागेको भन्ने कुरा पनि मलाई थाहा भएन ।'

'ठिकै छ गरिसक्यौ । तिमीले नगरेको भए हुने थियो । तिमी त्यहाँ नभएको भए हुने थियो । तर तिमीले गर्नु पर्ने काम गरिसक्यौ । मैले तिम्रो दोष त्यसमा देख्न सकिनँ ।' तिनले दमचूलीनिर गएर तताइराखेको थालको पानीमा एक टुक्रा कपडा भिजाएर भनिन् । 'लेऊ यौ, तिम्रो मुखमा हाल ।'

त्यो न्यानो कपडा नाक र गालामा हालेपछि तातोले झस्केर त्यसले भन्यो । 'आमा, म आज राति नै जान्छु । म तिमीहरूमाथि बोझ भएर बस्न सक्तिनँ ।'

आमाले रिसाएर भनिन् । 'टाम ! म त केही पनि बुझ्न सक्तिनँ । तिमी गएर हामीलाई सुबिस्ता हुने होइन बरु हामीलाई तूफानमा छोडिदिएको जस्तो हुनेछ ।' एकताक हामीहरू सिमानासहित जमीनैमा थियौं । बूढाबूढीहरू परलोक भएर गए र स-साना बच्चाहरू उत्पन्न भएर आए । र हामीहरू जहिले पनि एउटै परिवार भएर बस्यौं, सिंगै र स्पष्ट । अब हामीहरू स्पष्ट छैनौं । म सोझो हुन सक्तिनँ । अब हामीहरूलाई स्पष्ट गर्ने केही कुरा बाँकी रहेन । आल आफ्नै स्वार्थमा हिंड्छ भने काका जान हल्लेर नै बसिरहन्छ । बाले आफ्नो ठाउँ गुमाउनुभएको छ । अब उहाँ घरको नाइके हुनुहुन्न । टाम हामीहरू टुटिरहेछौं । अब परिवार कहाँ छ र । र रोज आब शारनले बच्चा पाउन लागेकी छन् । उनीहरू हाम्रो परिवारभित्र समावेश हुँदैनन् । मैले उनको मनःस्थिति यथावस्थामा राख्ने कोशिश गर्दै आएकी छु । ए विनफिल्ड र रूथ । तिमीहरू जनावर जस्तै के जंगली हुन लागेका ? केही विश्वास गर्नै नहुने । टाम, नजाऊ है । साथमा बसेर सघाऊ ।'

त्यसले क्लान्त स्वरमा भन्यो 'हुन्छ, म जान्नँ । जानु पर्छ भन्ने कुरा थाहा भएपनि जान्नँ म ।'

आमाले खकाल्ने भाँडानिर गई टीनका प्लेटहरू खकालेर सुकाएपछि भनिन् । 'तिमी सुतेनौ ।'

'अँहँ ।'

'अँ, तिमी सुत । तिम्रो लुगा सुक्यो कि सुकेन हेरुँला । नसुकेको भए चूलो-निर सुकाउन झुण्ड्याइदिउँला ।' आफ्नो काम सिध्याईकन तिनले भनिन् । 'म आरु टिप्न जाँदै छु । रोसाशर्न, कोही आयो भने टाम बिरामी छ भन्नू । बुझ्यौ ? कसैलाई भित्र पस्न नदिनू । बुझ्यौ ?' रोज आब शारनले हुन्छ भनी मुन्टो हल्लाए-पछि आमाले भनिन् । 'हामीहरू तीन-चार बजेतिर फर्कौंला । टाम, एक छिन सुत । आज राति हामीहरू यहाँबाट प्रस्थान गर्न सकौंला ।' तिनले छिटै उसको नजीक गई भनिन् । 'टाम, तिमी सुटुक्क त जाँदैनौ ?'

'अँहँ, आमा ।'

'निश्चय जाँदैनौ ?'

'अँहँ, आमा । म यहीं बसुँला ।'

'बेस । रोसाशर्न, मैले जे भनें त्यसमा राम्रो ध्यान दिनू ।' ढोका राम्रोसँग लाएर तिनी बाहिर निस्किन् ।

टाम निस्तब्धसँग पल्टिरह्यो । र त्यसपछि निद्राको लहरमा परेर त्यो अचेत भयो । निद्राको लहरले उसलाई कहिले माथि कहिले तल लाने गऱ्यो ।

'तँ– टाम !'

'हँ ? हो !' त्यो झस्केर बिउँझ्यो । त्यसले रोज आब शारनमाथि दृष्टिपात गऱ्यो । उनका नेत्र रिसले दग्ध थिए । त्यसले सोध्यो, 'के भो तिमीलाई ?'

'तिमीले एक जना मानिसको ज्यान लियौ ।'

'हो । त्यसरी ठूलो स्वरले भन्ने होइन ! तिमीले अरूलाई थाहा दिन

चाहेकी ?'

तिनले कराएर भनिन् । 'म के परवाह गर्छु र ? ती महिलाले पापले के गर्छ भन्ने कुरा मलाई भनेकी थिइन् । राम्रो बच्चा पाउने मौका मैले के पाएकी छु र ? कान्नीले छोडेर गएकोले मैले राम्रो खाना पाइनँ । न दूध खान पाएँ मैले ।' भावुकताले गर्दा उनको आवाज चर्केर गयो । 'अहिले तिमीले एउटा मानिस मार्‍यौ, अब कस्तो किसिमको बच्चा जन्मने होला ? मलाई थाहा छ त्यो आउने बच्चाको रूप विकटाकारको हुन्छ । मैले कुनै नाचमा भाग लिएकी छैन ।'

टामले उठेर भन्यो । 'चूप ! तिमी मानिसहरूलाई भित्र बोलाउन लागेकी छौं ।'

'मानिहरू आए मलाई वास्ता छैन किनकि मैले पाउने बच्चा विकराल आकारको हुने भयो । मैले अँगालो हालेर कसैसित नाचेकी थिइनँ ।'

टामले उनको नजीक गएर भन्यो । 'चूप लाग ।'

'तिमी मेरो नजीक नआऊ । यो पहिलो मानिस होइन तिमीले मारेको ।' भावावेशले उनको आकृति रातम्य भएको थियो । उनले बोलेका शब्द अस्पष्ट हुन गए । 'म तिम्रो मुख हेर्न चाहँदिनँ ।' सिरकले आफ्नो टाउको छोप्न लागिन् तिनी ।

टामले गला घोंटिएजस्तो गरी रोएको उनको आवाज सुन्यो । आफ्नो तल्लो ओठ टोकेर त्यसले भुइँमा झोक्रिएर हेरिसकेपछि ऊ बाको ओछ्यानमा गयो जहाँ डसनामुनि छेउमा एउटा लामो र बोझा विन्चेस्टर ३८ राइफल थियो । टामले त्यसलाई उठाएर कारतूस राख्ने ठाउँमा कारतूस छ कि भनी हेर्न लीभर दबायो । त्यसले बन्दूकको घोडा आधी दबाएर परीक्षा गर्‍यो । त्यति गरेर त्यो आफ्नो डसनामा फर्केर गयो । त्यसले राइफल आफ्नो नजीक भुइँमा राख्यो । त्यसको स्तम्भ माथितिर पारेर तथा नाल तलतिर पारीकन । रोज आब शारनको आवाज पातलिएर रुदनमा परिणत भयो । टामले फेरि पल्टेर सिरकभित्र गई सास जाने बाटो बनाएर आफ्नो चोट परेको गालालाई समेत सिरकले छोप्यो । त्यसको मुखबाट उच्छ्वास निस्क्यो । 'जीजस, अहो, जीजस !'

बाहिर केही गाडीहरू अगाडि बढेर गए र मानिसहरूको आवाज सुनियो ।

'कति जना छौ ?'

'जीजसको शपथ– तीन जना छौं । कति दिने ज्याला ?'

'पचीस नम्बरको घरमा जाऊ । नम्बर ढोकैमा लेखिएको छ ।'

'ठीक छ, मिस्टर । ज्याला कति दिने ?'

'अढाइ सेन्ट ।'

'त्यति किन, त्यसले त एक जनालाई पनि खान पुग्दैन ।'

'हामीले त्यति नै दिइराखेका छौं । दक्षिणतिरबाट दुइ शय जना आइरहेछन् । त्यति पाएर उनीहरू सबै खुशी हुने छन् ।'

'तर, जीजसको शपथ, मिस्टर !'

'अहिले अगाडि बढ । त्यतिमा हुने भए बस, नत्र जाऊ । मसँग बहस गर्ने समय छैन ।'

'तर–'

'हेर । ज्याला मैले राखेको होइन । म त तिमीहरूलाई खालि चेक गर्दैछु । मन छ लेऊ, मन छैन जाऊ ।'

'पचीस नम्बर भनेका तिमीले ?'

'हो, पचीस नम्बर ।'

टाम डसनामा उँग्न थाल्यो । कोठामा बिस्तारै आएको आवाजले उसलाई बिउँझाई दियो । उसको हात बिस्तारै राइफलतिर बढेर कसेर समात्न पुग्यो । त्यसले

आफ्नो मुखबाट सिरक हटायो । रोज आब शारन उसको डसनाको बगलमा उभिरहिन् ।

टामले सोध्यो । 'के चाहिंगो ?'

'तिमी सुत । तिमी निदाऊ । कोही भित्र नपसोस् भनेर म ढोकामा पहरा दिउँला ।'

एक छिन उनको आकृति अध्ययन गरेर त्यसले भन्यो । 'हुन्छ ।' त्यसपछि त्यसले आफ्नो मुख फेरि सिरकले ढाक्यो ।

सन्ध्या हुनासाथ आमा फर्केर आइन् । तिनले ढोकामा अडीकन खटखटाएर भनिन् । 'म ।' टामलाई चिन्ता नपरोस् भनेर तिनले त्यसो भनेकी । ढोका खोलेर एउटा थैली साथमा लिईकन तिनी भित्र प्रवेश गरिन् । टाम उठेर डसनामा बस्यो । उसको घाउ सुकेर टनक्क टन्कियो । यसले गर्दा चोट नपरेको त्वचामा चमकआयो । उसको बायाँ आँखा खिचिएर प्रायः बन्द भएको थियो । आमाले सोधिन् । 'हामी-हरूको अनुपस्थितिमा कोही आयो ?'

त्यसले भन्यो । 'अँहँ ।' कोही आएन । उनीहरूले ज्याला घटाए जस्तो लाग्छ ।'

'तिमीले कसरी थाहा पायौ ?'

'मैले बाहिर मानिसहरूले कुरा गरेको सुनें ।'

रोज आब शारनले फिकासँग आमाको मुखमा हेरिन् ।

टामले उनलाई बूढी औंलाले औंल्याएर भन्यो । 'आमा, तिनले चौपट गरिन् । यो जम्मै झंञ्झट उनैप्रति लक्ष्य गरेको भन्ठान्छिन् तिनी । उनलाई मैले त्यसरी मानसिक सन्तुलनमा आघात पुऱ्याउन लागेको भए मैले यस ठाउँलाई तिलान्जलि दिनु पर्छ ।'

आमाले रोज आब शारनतिर फर्केर भनिन् । 'तिमी के गर्न लागेकी ?'

ी लडकीले रिसाएर भनिन् । 'यस्तो मानिस भएपछि मैले राम्रो बच्चा कसरी पाउने ?'

आमाले भनिन् । 'चूप ! तिमी अहिले चूप लाग । तिम्रो मनमा के भावना आएको छ भन्ने कुरा मलाई थाहा छ । र म यो पनि थाहा पाउँछु कि यसको लागि तिमीसित केही उपाय छैन । तर तिमीले मुखमा बुजो लाउनु पर्छ ।'

तिनले टामतिर फर्केर भनिन् । 'उनले जे भनिन् त्यसमा परवाह नगर, टाम । मलाई थाहा छ, बडो मुश्किलको समय आइरहेछ । बच्चा पाउने भएकीले जुनसुकै नराम्रो काम भए पनि उनी उनैलाई लक्ष्य गरेको भन्ठान्छिन् । कसैले केही कुरा भने उनको लागि अपमान हुन जान्छ । जून कुरालाई पनि उनी नराम्रो भावनाले हेर्छिन् । उनले भनेको कुरामा केही ध्यान नदेऊ । तिनले त्यो भावनालाई बदल्न सक्तिनन् ।'

'म उनको चित्त दुखाउन चाहँदिन ।'

'चूप ! कुरा नगर ।' आपनो थैलो चिसो चूलोमा राखेर तिनले भनिन् । 'केही पनि फाइदा हुँदैन । भैले अघि नै भनिसकें हामीहरू यहाँबाट जान्छौं भनेर । टाम, मलाई दाउरा अलिकति चाहिएको छ, जोडिदेऊ । होइन– तिमी सक्तैनौ । यही एउटा बाकस बाँकी छ । यसलाई फोरिदेऊ । घर फर्केर आउँदा मैले बाटोमा अरूहरूलाई अलिकति सुके लट्ठी टिपिदेऊ भनी भनेको थिएँ । पीठोमा चिनी मिसाएर खाऔंला ।'

उठेर टामले अन्तिम बाकस स-साना टुक्रा गरेर फोऱ्यो । आमाले होशियारीसाथ चूलोको एक प्वालमा मात्र आगो जाने गरी आगो सल्काइन् । केटलीमा पानी भरेर तिनले त्यसलाई आगोमा बसालिन् । केटलीबाट गुड-गुड आवाज आएर छ्वाइँइँय बाफ निस्क्यो ।

टामले सोध्यो । 'आज फल टिपेको कस्तो भयो ?'

पीठोको थैलोमा एउटा प्याला डुबाएर आमाले भनिन् । त्यसको बारे म कुरा गर्न चाहन्न । उनीहरूको कस्तो ठट्टा गर्ने आदत रहेछ भन्ने कुराबारे आज म विचार

गर्दै थिएँ । मलाई त्यस्तो ठट्टा मन पर्दैन, टाम । हामी त ठट्टा गर्दैनौं । उनीहरूले घटिया किस्मिको कटु-ठट्टा गरे । त्यसमा कुनै किसिमको मजा छैन । एक जना मानिसले आज भन्यो । "खिन्नताको अन्त भयो । मैले एउटा खरायो देखें जसलाई कसैले पछ्याएन ।" र अर्को मानिसले भन्यो । "त्यसको कारण अर्कै छ । खरायो मार्न हुँदैन । उनीहरूलाई समातेर दूध दुहेपछि छोड्नु पर्छ । त्यस्तो शुष्क एउटा खरायो शायद देखेको हुन सक्छ ।" मेरो तात्पर्य त्यही हो । त्यो ठट्टा मजाको छैन, त्यति मजाको छैन जति काका जानले एउटा इन्जीनलाई हेरफेर गरेर घर ल्याउँदा त्यस इन्जीनले उसको बाटो काट्दै ल्याएर सिमी राख्ने भाँडोको पींधसम्म पुऱ्याइ-दियो र त्यसपछि काका जानको ह्विस्कीको साथसाथै पछाडि चिप्लेर गयो । टाम, चिसो पानीमा भिजाएको एउटा झुम्रो तिम्रो मुखमा हाल ।'

अँध्यारो बढ्दै गयो । आमाले एउटा लालटीन बालेर कीलामा झुण्डयाइ-दिइन् । आगोमा दाउरा थपीकन तिनले बिस्तारै तातो पानीमा पीठो खन्याइन् । तिनले भनिन् । 'रोसाशर्न, तिमी पीठो चलाउन सक्छ्यौ ?'

बाहिरपट्टि दौडेर गएका पाइलाहरूको आवाज सुनिए । ढोका यति जोरसँग खुल्यो कि त्यसले भित्तामा लागेर ढ्याङ्ग आवाज आयो । रूठी भिन्न दगुरे आई ठूलो स्वरले कराएर भनिन् । 'आमा, विनफिल्ड मूर्च्छा पऱ्यो ।'

'कहाँ ? भन !'

रूठीले स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ गरेर भनिन् । 'त्यो नीलो भएर तल बुङ्ग खस्यो । अति आरु खाएकोले दिनभरि कामेर नीलो-कालो भैकन ऊ मूर्च्छा परी पल्टयो ।'

आमाले भनिन् । 'मलाई देखाई देऊ, कहाँ हो ! रोसाशर्न, तिमी त्यो माड हेर है ।'

तिनी रूठीको साथमा गइन् । त्यस सानो लडकीको पछि-पछि तिनी भट्टासँग सडकमा दौडेर गइन् । सन्ध्याको बेला तीन जना मानिस उनीतिर दगुरेर आए । बीचको मानिसले विनफिल्डलाई पाखुरामा बोकेर ल्याएको थियो । आमाले उनी-हरूको नजीक दगुरेर गई भनिन् । 'त्यो मेरो लडका हो, देऊ ।'

'महाशया, म तपाईंको निम्ति घरसम्म लगिदिन्छु ।'

'पर्दैन, मेरो हवाला गरिदेऊ ।' तिनी सानो बच्चालाई आफ्नो हातले उचाली फर्केर आइन् । त्यसपछि तिनले सम्झेर भनिन् । 'तपाईंहरूलाई धन्यवाद ।'

'स्वीकार गर्यौं, महाशया । त्यो सानो बच्चा निकै कमजोर छ । त्यसलाई जूका परेको जस्तो छ ।'

आमा छिटो-छिटो फर्केर आइन् । उनको पाखुरामा विनफिल्ड शिथिल र लुलो थियो । उसलाई घर लगीकन आमाले घुँडा टेकेर डसनामा राखिदिइन् । आमाले सोधिन् । 'मलाई भन । के भएको ?' रिंगटा लाग्ने गरी त्यसले आँखा उधारीकन मुन्टो हल्लाई फेरि आँखा बन्द गर्‍यो ।

रूठीले भनिन् । 'मैले भनेको थिएँ, आमा, त्यो दिनभरि एक-एक छिनमा कामिरह्यो । त्यसले घेरै आरु खायो ।'

आमाले उसको टाउको छामेर भनिन् । 'त्यसलाई ज्वर त छैन तर त्यो नीलो-कालो छ ।'

नजीक आएर टामले तलतिर लालटीन देखाईकन भन्यो । 'मलाई थाहा छ त्यसलाई भोक लागेको छ । उसलाई नातागत छ । उसलाई एक बटुका दूध ल्याएर पिउन दिनु पर्‍यो । उसलाई माडको खाना दिंदा दूध पनि देऊ ।'

आमाले भनिन् । 'विनफिल्ड, भन तिमीलाई कस्तो लाग्छ ।'

'विनफील्डले भन्यो । 'रिंगटा लाग्छ, रिंगाउने रिंगटा ।'

रूठीले महत्त्वपूर्णसँग भनिन् । 'तिमीलाई यस्तो किसिमको कम्पन पहिले भएको छैन होला ।'

बा, काका जान र आल घर आए । उनीहरूका पाखुरा सुकेका लट्ठी तथा झाडका टुक्राहरूले भरिएका थिए । उनीहरूले आ-आफ्नो बोझ चूलोनिर बिसाए । बाले सोध्नुभयो । 'अब के भो ?'

'विनफिल्डलाई दूध चाहिएको छ ।'

'क्राइष्टको शपथ ! हामी सबैलाई राम्रो खाना चाहिएको छ ।'

आमाले भनिन् । 'आज हामीले कति आर्जन गऱ्यौं ?'

'एक डलर बयालीस सेन्ट ।'

'अँ, गएर एक बटुका दूध विनफिल्डलाई लिएर आऊ ।'

'अब त्यो किन बिरामी हुनु परेको ?'

'किन, त्यो त मलाई थाहा छैन तर त्यो बिरामी छ । अब लिएर आउनू ।' बा असन्तोषपूर्वक गुनगुनाउँदै बाहिर जानुभयो । आमाले भनिन् । तिमीले माड चलायौ ?'

'चलाएँ ।' रोज आब शारनले छिटो-छिटो चलाएर देखाइन् ।

आलले शिकायत गरेर भन्यो । 'ईश्वरको शपथ, आमा ! हामीले साँझसम्म काम गरेर माड मात्र खाने ?'

'आल, तिमीलाई थाहा छ हामीले पेट्रोल किन्नको निम्ति बचाउनु छ ।'

'तर, ईश्वरको शपथ, आमा ! मानिसलाई काम गर्न मासु चाहिन्छ ।'

तिनले भनिन् । 'तिमी चूप लाग । हामीले सबभन्दा ठूलो कुरा पाउनु छ । र त्यो के हो तिमीलाई थाहा नभएको होइन ।'

टामले सोध्यो । 'मेरो बारे कुरा गरेका ?'

आमाले भनिन् । 'हामी खाइसकेपछि कुरा गरौंला । आल, बाटो हिंड्नको लागि हामीलाई पर्याप्त पेट्रोलको आवश्यकता पर्छ । चाहिंदैन र ?'

आलले भन्यो । 'टंकीमा अन्दाजी तीन-चौथाइ जति चाहिन्छ ।'

टामले भन्यो । 'त्यो कुरा मलाई पनि भन ।'

'पछि भनुँला । अहिले पख ।'

'तिमी त्यो माड चलाइ राख्नू । म अलिकति कफी तयार गरुँला । तिमीले आफ्नो माड या कफीमा चिनी राख्न सक्छौ । दुवैमा चिनी हाल्न पुग्दैन ।'

बा ठूलो बटुकाभरि दूध लिएर फर्कनुभयो । उहाँले तिरस्कृत स्वरमा भन्नुभयो । 'एघार सेन्टको ।'

आमाले बटुका लिएर प्वाल पारिन । तिनले बाक्लो दूध प्यालामा भरेर टामको हातमा दिएर भनिन् । 'यो प्याला विनफिल्डलाई देऊ ।'

टामले डसनाको बगलमा घुँडा टेकेर भन्यो । 'यो लिएर पिऊ ।'

'म पिउन सक्तिनँ । मलाई सन्चो छैन । छोड्दे मलाई ।'

टाम उभिएर भन्यो । 'त्यसले पिउन सक्तैन, आमा । एकछिन पख ।'

आमाले प्याला लिएर झ्यालको फल्याकमा राखेर भनिन् । 'तिमीहरू कसैले पनि यो नछुनू । यो प्याला विनफिल्डको निम्ति ।'

रोज आब शारनले उदासीनताले भनिन् । 'मैले दूध पाएको छैन अतएव मैले अलिकति दूध पाउनु पर्छ ।'

'मलाई थाहा छ त्यो कुरा । तर तिमी त अझसम्म पाइला टेक्न सक्छ्यौ । यो सानो बाबु त लडिसकेको छ । त्यो माड पाकेर बाक्लो भयो ?'

'पाकिसक्यो । अब यसलाई चलाउनै मुश्किल भयो ।'

'बस, अब खाऔं । चिनी यहाँ छ । सबैलाई एक-एक चमचा मात्र पुग्छ । या माडमा मिलाएर खाऊ या कफीमा ।'

टामले भन्यो । 'मलाई त माडमा नून र खुर्सानी मन पर्छ ।'

आमाले भनिन् । 'चाहिन्छ भने नून लेऊ । खुर्सानी त सिद्धियो ।'

बाकसहरू जम्मै बालिसकिए । परिवारका सबै माड खानलाई डसनैमा बसे । भाँडो नरित्तिएसम्म उनीहरूले फेरि-फेरि माड थपेर लिए । आमाले भनिन् । 'विनफिल्डको लागि अलिकति राख ।'

विनफिल्ड बसेर दूध खान थाल्यो । एकै छिनमा त्यो क्षुधातुर भयो । त्यसले माडको भाँडा आफ्ना खुट्टाले च्यापेर बाँकी भएको माड मात्र खान थालेको होइन अपितु भाँडाको बगलमा लागेको पाप्रो लागेको माड समेत खुर्केर चट् पारिदियो । आमाले बटुकामा बाँकी भएको दूध एउटा प्यालामा खन्याएर रोज आब शारनलाई एउटा कुनामा सुटुक्क खान दिइन् । कालो गाढा कफी प्यालामा भरेर तिनले सबैलाई बाँडिदिइन् ।

टामले सोध्यो । 'अब के हुन लागेको छ नभन्ने त ? मलाई सुन्न सकसक लागेको छ ।'

बाले बेचैन भएर भन्नुभयो । 'यो कुरा रूठी र विनफिल्डले सुन्नु हुँदैन । उनीहरू बाहिर जान सक्तैनन् र ?'

आमाले भनिन् । 'अँहँ । ठूला नभएता पनि उनीहरूले ठूलाले जस्तै काम गर्न सिक्नु परेको छ । त्यसो नगरीकन भएन । रूठी र विनफिल्ड, तिमीहरू जे सुन्छौ त्यो कसैलाई नभन है । भन्छौ भने हामीहरूलाई बरबाद गर्नेछौ ।'

रूठीले भनिन् । 'हामी भन्ने छैनौं । हामीहरू अब ठूला भैसक्यौं ।'

'अँ, त्यसो भए चूप लाग ।' कफीका प्याला भइँमा थिए । लालटीनको बाक्लो प्रकाशले भित्ताहरूमा पहेंलो गाढा रंग आलोकित गऱ्यो ।

टामले भन्यो । 'अब भन ।'

आमाले भनिन् । 'बा, भनिदिनोस् ।'

काका जान कफी सिप-सिप गरेर खाइरहे । बाले भन्नुभयो । 'उनीहरूल

ज्याला घटाए–तिमीले भने जस्तै । र नयाँ फल टिप्नेहरू थुप्रै आए । उनीहरू यति क्षुधातुर थिए कि दिनभरि काम गरेर एउटा पाउरोटी मात्र पाउने भएपनि उनीहरू टिप्न तयार थिए । एउटा आरु टिप्न उनीहरूमध्ये कोही गयो भने अर्कोले त्यसलाई टिपिहाल्थ्यो । जम्मै आरु टिप्दै थिए । उनीहरू अर्कै रूखमा तँछाड-मछाड गर्दै झगडा गरीकन 'यो मेरो रूख हो' भन्दै टिप्न गएको मैले नै देखेको । त्यतिकैमा अर्को मानिस आएर त्यहाँको आरु टिप्न खोज्यो । उनीहरू पर एलसेन्ट्रो भन्ने ठाउँबाट ल्याइएका थिए । उनीहरू ज्यादै क्षुधा-पीडित भएकाले एउटा रोटीको निम्ति दिनभरि काम गर्न तयार थिए । मैले चेक गर्ने मानिससित भनें । "अढाइ सेन्टले एउटा बाकस हामी भर्न सक्तैनौं ।" जवाबमा त्यसले भन्यो । "उसो भए छोडेर जाऊ । उनीहरू गर्न सक्छन् ।" मैले भनें । "छिटै उनीहरूलाई थकाइ लागेर काम रोकिने छ ।" त्यसले भन्यो । उनीहरूलाई थकाइ लाग्नु अघिनै सबै आरु टिपी सकिइनेछन् ।" ' यति भनेर बा टक्क रोकिनुभयो ।

काका जानले भने । 'हैरानको कुरा त यो छ कि आज राति दुइ शय जना अझ आउँदैछन् रे ।'

टामले भन्यो । 'हो ! त्यो अर्को मान्छेको बारेमा के भो ?'

बाले एक छिन चूप लागेर भन्नुभयो । 'टाम, तिमीले नै गरे जस्तो ठान्छन् उनीहरू ।'

'मलाई पनि त्यस्तै लाग्यो । देख्न त सकिनँ तर मनमा त्यस्तै पर्न गयो ।

काका जानले भने । 'मानिसहरूले धेरै कुरा गरेको त जस्तो लाग्दैन । त्यस-लाई पकडे मार-पीट गर्ने भनी मानिसहरू कुरा गर्छन् ।'

टामले डराएर ठूलठूला आँखा गरेर बसेका केटाकेटीहरूमाथि अवलोकन गऱ्यो । उनाहरूले आँखै चिम्लन बिर्से । मानो त्यस अन्धकारको पल भरमा केही अनिष्ट काम हुन सक्थ्यो भनेर उनीहरू डराए जस्ता देखिन्थ्यो । टामले भन्यो । 'अँ– उनीहरूले केसीलाई मारी सकेपछि मात्र त्यो मानिसले त्यस्तो काम गरेको ।'

बाले कुरा काटेर भन्नुभयो । 'उनीहरू त्यसो भनिरहेका छैनन् । उनीहरूको भनाइ त पहिले त्यसैले गरेको रे ।'

टामको मुखबाट उच्छ्वास निस्क्यो । 'अहह !'

'उनीहरू हामीहरूको विरोधमा भावना खडा गर्न लागिरहेका छन् । मैले त त्यस्तै सुनें । उनीहरू त्यस व्यक्तिलाई त्यहीं भेट्टाउने भन्छन् ।'

टामले सोध्यो । 'त्यसको अनुहार कस्तो छ भन्ने कुरा उनीहरूलाई थाहा छ र ?'

'अँ, ठीक-ठीक त थाहा छैन । तर मैले सुनेअनुसार त्यस व्यक्तिले कुटाइ खाएको भन्ठाने उनीहरूले । उनीहरूले ठाने कि त्यसलाई–'

टामले आफ्नो हात बिस्तारै लगेर चोट परेको गाला छोएर देखायो ।

आमाले कराएर भनिन् । 'उनीहरूले जे भने त्यो होइन ।'

टामले भन्यो । 'सजिलो छ, आमा । उनीहरूले जे भनेपनि ठीकै हुन्छ .यदि त्यो कुरा हाम्रो विरोधमा भनेको रहेछ भने ।'

आमाले टामको आकृतिमा, विशेष गरेर, ओठमा हेरेर भनिन् । 'तिमीले प्रतिज्ञा गरेका थियौ ।'

'आमा, म– त्यो मानिसले यो ठाउँ छोडेर जानु पर्छ । यदि त्यसले केही भूल गरेको रहेछ भने त्यसले यस्तो विचार गर्थ्यो । "ठीक छ । मैले भूल गरेको रहेछ भने मलाई झुण्ड्याई देऊ । म सहर्ष स्वीकार गर्छु ।" तर त्यस व्यक्तिले केही भूल गरेको छैन । त्यसले कुनै एउटा नीच मानिसलाई मारेको रहेछ भने त्यसको मनमा कुनै किसिमको नराम्रो भावना आउँदैन ।'

रूठीले भनिन् । 'आमा, विनफिल्ड र मलाई थाहा छ । हाम्रो निम्ति त्यो मानिसले छोडेर जानु हुँदैन ।'

टामले मुख थुनेर हाँसीकन भन्यो । 'अँ, त्यो मानिस झुण्डिन चाहँदैन किन-

भने त्यसले त्यस्तो काम फेरि-फेरि पनि गर्न सक्छ । आफ्नो परिवारमाथि कुनै किसिमको दुःख बज्रन आवस् भन्ने पनि त्यो चाहँदैन । आमा–मैले जानै पर्छ ।'

आमा आफ्ना औंलाले मुख थुनेर गला सफा गर्न खोक्न थालिन् । तिनले भनिन् । 'तिमी जान सक्तौ । तिमीले लुक्ने ठाउँ पाउँदैनौ । तिमीले कसैमाथि विश्वास गर्न सक्तौ । तर हामीलाई तिमीले विश्वास गर्न सक्छौ । हामीले तिमीलाई लुकाउन सक्ने मात्र होइन अपितु तिम्रो मुख राम्ररी निको नहुन्जेल हामीले तिमीलाई ख्वाएर राख्न पनि सक्छौं ।'

'तर, आमा–'

तिनले जुरुक्क उठेर भनिन् । 'तिमी जाने होइन । हामी तिमीलाई लिएर जादैछौं । आल, तिमी ट्रक ढोकानिर ल्याऊ । अब विचार गर्नुछ । ट्रकको भित्रपट्टि एउटा डसना ओछ्याएपछि त्यसमा टाम छिटो गएपछि अर्को डसना ओछ्याई त्यसको माथितिरबाट गुफा जस्तो बनाऔंला । अनि हामीहरू त्यसको चारैतिर पर्खाल जस्तो गरी बसौंला । त्यसो गरेपछि त्यसलाई सास फेर्न सजिलो हुनेछ । त्यसमा यसो-त्यसो केही बहस नगर । हामी त्यस्तै गरौंला ।'

बाले शिकायत गरेर भन्नुभयो । 'त्यसको त कुनै कुरा भन्ने नै छैन जस्तो भन्ठान्छे त्यो । त्यसले त दुःख दिन्छे । हामी यहीं बसौं, म उसलाई यही सुझाव दिन्छु ।'

आमाले भनिन् । 'सक्छौ भने बस । आल, उठ । अहिले निकै अँध्यारो भैसक्यो ।'

आलले बाहिर राखेको ट्रकनिर गएर हालचाल हेरी त्यसलाई ढोकाको खुड्किलासम्म ब्याक गरेर ल्यायो ।

आमाले भनिन् । 'झट्टै त्यो डसना ट्रकभित्र ल्याऊ !'

बा र काका जानले त्यो डसना ढोकाको छेउमा फ्याँकेर भने । 'लेऊ यो डसना ।' उनीहरूले अर्को डसना पनि माथि उचालेर फ्याँकिदिएपछि भने । 'ल टाम, माथि चढेर डसनाभित्र पस । चाँडै गर ।'

टाम छिटो-छिटो ट्रकमाथि चढेर भित्र घुस्यो । त्यसले एउटा डसना ओछ्याएर आफूमाथि अर्को डसना तान्यो । बाले त्यो डसनालाई माथितिर उठाएर बंग्याउनुभयो । त्यसलाई बगलतिरबाट उठाइयो जसले टामलाई छोपिराख्यो । त्यसले ट्रकको दुवैतिरको फल्याकबाट बाहिर देख्न सक्थ्यो । बा र काका जान र आलले द्रुतगतिले ट्रकमा लादिसकेपछि मिरकहरू टाम पल्टेको गुफामाथि चाङ लगाइए, बालटीनहरूलाई बगलतिर राखेर अन्तिम डसना पछिल्तिर फैलाइयो । भाँडाहरू, कराहीहरू, जगेडा लुगाहरू त्यसै छुट्टा-छुट्टै राखिए, कारण ती चीजहरू राख्ने बाकसहरू बालिसकिएका थिए । उनीहरूले प्रायः लादिसकेपछि एउटा गार्डले आफ्नो बांगो पाखुरामा थोरै टाढा मात्र हान्न हुने बन्दूक बोकीकन नजीक आएर सोध्यो । 'के हुन लागेको छ ?'

बाले जवाब दिनुभयो । 'हामीहरू बाहिर जाँदैछौं ।'

'के को लागि ?'

'अँ–हामीले राम्रो काम पायौं ।'

'हो र ? कहाँ ?'

'किन–वीडपैचतिर ।'

'तिमीहरूलाई हेर्नु छ ।' यति भनेर त्यसले बा, काका जान तथा आलको मुखमा चोर-बत्तीले हेऱ्यो । त्यसले सोध्यो । 'तिमीहरूसित अर्को मान्छे थिएन र ?'

आलले भन्यो । 'तिम्रो मतलब त्यो बटुवा ? मलिन मुख भएको सानो कदको मानिस ?'

'हो । त्यो तिमीले भनेजस्तै छ ।'

'हामीले उसलाई बाटोमा टिपेर ल्याएका । ज्याला घटाएकोले त्यो आज बिहान गयो ।'

'त्यो कस्तो देखिन्थ्यो रे ?'

'छोटो कद, मलिन अनुहार ।'

'त्यो आज बिहान जाँदा जखमी थियो र ?'

आलले भन्यो । 'त्यसो त केही पनि देखिनँ मैले । पेट्रोल-पंप खुलेको होला ?'

'आठ बजेसम्ममा खुल्छ ।'

आलले कराएर भन्यो । 'भित्र आऊ । बिहान हुनुभन्दा अघि हामीले वीडपैंच पुग्नुछ भने हामीले गाडी तेजसँग हाँकेर लानु पर्छ । आमा, अघिल्तिर बस्ने ?'

तिनले जवाब दिइन् । 'अँहँ, म त पछाडि बसुँला । बा, तपाईं पनि पछाडि नै बस्नोस् । रोसाशर्नलाई अगाडितिर आल र काका-जानसँगै बसाल ।'

आलले भन्यो । 'बा कामको ज्याला लेखेको पर्चा दिनोस् मलाई । म पेट्रोल पनि लिनेछु, सके त्यसको दाम लिनेछु ।'

गार्डले उनीहरूलाई सडकमा गएको तथा पेट्रोल-पम्पतिर बायाँ फर्केको हेरि-रह्यो ।

आलले भन्यो । 'दुइ टुक्रा देऊ ।'

'तिमीले टाढा जानु पर्ने होइन ।'

'अँहँ, टाढा जानु पर्ने छैन । यो ज्याला लेखेको पर्चाको रुपैयाँ लिन सक्छु यहाँ ?'

'अँ, मलाई त्यस्तो गर्नु भनेको छैन ।'

'आलले भन्यो । 'हेर, मिस्टर, आज राति हामीहरू त्यहाँ पुग्न सक्यौं भने हामीले राम्रो काम पाउनेछौं । पुग्न नसके काम गुमाउनु पर्नेछ । हाम्रो निम्ति राम्रो व्यवहार गरिदेऊ ।'

'अँ, ठीक छ । त्यसमा सही गरेर मेरो हवाला गरिदेऊ ।'

आल ट्रकबाट बाहिर निस्केर आपनो हडसन-गाडीको अघिल्तिर गएर भन्यो । 'अवश्य म सही गरिदिन्छु ।' रेडिएटरको विर्कोको पेच फुकालीकन त्यसले पानी भन्यो ।

'दुइटा पर्चा भनेका ?'

'हो, दुइटा ।'

'तिमीहरू कुन बाटो जाने ?'

'दक्षिण लाग्ने । हाम्रो काम त्यतै पर्छ ।'

'हो र ? काम पाउनु मुश्किल, सधैंको काम ।'

आलले भन्यो । 'हाम्रो एउटा साथी छ । त्यसले हाम्रो निम्ति काम सुरक्षित पारेको छ ।' ट्रक हल्लेर गयो र मूल-बाटोको मैलो सडकमा झट्का दिएर गुड्दै गयो । कमजोर हेडलाइटले बाटोमा बिस्तार-बिस्तारै झट्का दिंदै गयो र दायाँ-तिरको हेडलाइट राम्रोसँग तार नजोडिएकोले बराबर फक्-फक् निभ्दै-बल्दै गयो । प्रत्येक झट्कामा ट्रकमा राखिएका भाँडा-वर्तन तथा कराहीहरू परस्परमा ठक्कर खाएर बज्न थाले ।

रोज आब शारन सुस्त-सुस्त विलाप गरेर कराउन थालिन् ।

काका जानले सोधे । 'तिमीलाई बेचैनी हुन थाल्यो ?'

'हो, सधैं बेचैनी हुन्छ मलाई । एउटा राम्रो ठाउँमा शान्तसँग बस्न पाए हुँदो हो । यहाँ आउनुसट्टा घरैमा भए वेस हुने थियो । हामीहरू घरैमा भएको भए कान्नीले छोडेर जाने थिएन । त्यसले अध्ययन गरेर एक ठाउँमा आर्जन गरिसक्यो होला ।' उसलाई न आलले न काका जानले नै जवाब दिए । कान्नीको कुराले उनीहरू असमन्जसमा परे ।

विशाल खेतको सेतो पोतेको फाटकमा ट्रक पुगेपछि एउटा गार्डले गाडीको

बगलमा आएर भन्यो । 'कहिल्यै नफर्कने गरी जान लागेका ?'

आलले जवाबमा भन्यो । 'हो, काम पाएकोले उत्तरतिर जाँदैछौं ।'

गार्डले आफ्नो चोर-बत्ती ट्रकतिर फर्कायो अनि त्यस पछि पालतिर । आमा र बाले त्यस प्रकाशमा लापरवाहीले हेरे । गार्डले 'ठीक छ ।' भनेर ढोका खोलिदियो । बायाँतिर फर्केर ट्रक त्यो ठूलो उत्तर-दक्षिण मूल-सडक १०१तिर गुडेर गयो ।

काका जानले सोधे । 'हामीहरू कहाँ जान लागेका, थाहा छ ?'

आलले उत्तरमा भन्यो । 'अँहँ, हामीलाई थकाइ नलागेसम्म जाँदैछौं ।'

रोज आब शारनले तर्साउँदै भनिन् । 'अब मेरो समय नजीक आयो । मेरो निम्ति एउटा राम्रो ठाउँ भए वेस हुने थियो ।'

रात्रि-हावा तुषारको प्रथम आक्रमणले गर्दा चिसै थियो । सडकको बगलमा फलका बोटहरूबाट पात झर्न थालिरहेका थिए । मालसामानमाथि बसी आमाले ट्रकको बगलमा पिठ्यूँ अडेस लाइन् र बा उनीतिर मुख फर्काएर बसे ।

आमाले बोलाएर भनिन् । 'टाम, तिमीलाई ठीकै छ ?'

उसको छोपिएको स्वरले उत्तर दियो । 'यहाँ, भित्र गुम्सिएको छ । हामीहरूले विशाल खेत पार गर्यौं ?'

आमाले भनिन् । 'तिमीले होशियारी गर्नु पर्छ । उनीहरूले आएर रोक्न सक्छन् ।'

टामले उसको गुम्बजको एक बगल उचाल्यो । ट्रकभित्र अन्धकार छाएकोले भाँडा-वर्तनहरू जुध्नेको आवाज आयो । त्यसले भन्यो । 'म यो सिरकको गुफा जम्मै तानेर भत्काउन सक्छु । म त्यसभित्र थुनिएर वस्न चाहन्नँ । त्यसले आफ्नो तकियामा अडेस लाएर भन्यो । 'ईश्वरको शपथ, चिसो हुँदै आइरहेछ, होइन त ?'

बाले भन्नुभयो । 'आकाशमा बादल छन् । मानिसहरूको भनाइअनुसार जाडो

महीनाको प्रारम्भ हुँदैछ ।'

टामले सोध्यो । 'लोखर्केहरूले उचा रूखमा गुँड बनाउँछन् अथवा घाँसको बीउ जम्मा गर्छन् के ? ईश्वरको शपथ, जुनसुकै कुराबाट पनि मौसम जान्न सकिन्छ । एक जोडा जमीन खन्ने जनावरहरूबाट पनि मानिसहरूले मौसम जान्न सक्थे । यो कुरा म बाजी ठोकेर भन्न सक्छु ।'

बाले भन्नुभयो । 'त्यो मलाई थाहा छैन । मलाई त जाडो महीना आउन लागेको जस्तो छ । मौसम जान्नलाई त यहाँ धेरै दिन बस्नु पर्छ ।'

टामले सोध्यो । 'हामीहरू कुन बाटो लाग्ने ?'

'मलाई थाहा छैन । आल बायाँ फककोले हामीले आएको बाटो फेरि जान लागेको जस्तो छ ।'

टामले भन्यो । 'सबभन्दा बेस कुनचाहिं हो भन्ने कुरा म विचार गर्न सक्तिनँ । हामीहरू मूल-बाटोबाट गयौं भने धेरै पुलिसहरू भेट्टिएलान् जस्तो छ । मेरो यस्तो मुख देखेपछि उनीहरूले मलाई समातेर लगिहाल्नेछन् । हामीले बेचल्तीका सडकहरूबाट जानु पर्छ ।'

आमाले भनिन् । 'आललाई पिठ्यूँमा ठोकेर रोक ।'

टामले अघिल्तिरको फल्याकमा आफ्नो मुट्ठीले ठोक्यो । अनि ट्रक सडकको बगलमा आएर थामियो । आल बाहिर निस्केर पछिल्तिर आयो । रूठी र विनफिल्डले सिरकमुन्तिरबाट च्याएर हेरे ।

आलले सोध्यो । 'किन ?'

आमाले भनिन् । 'हामीले के गर्ने, विचार गर्नु पर्‍यो । हामीले बेचल्तीको सडकबाट जानु उचित होला भनी टाम भन्छ ।'

टामले थप्यो । 'मेरो अनुहारबाट मानिसहरूले थाहा पाउनेछन् । कुनै पनि पुलिसले मलाई चिन्नेछ ।'

'अ, कुन बाटो जान चाहन्छौ ? मेरो त उत्तरतिर जाने विचार छ । दक्षिण-तिर त गएर आइसक्यौं ।'

टामले भन्यो । 'बेस छ । तर बेचल्तीको सडकबाट गाडी लैजाऊ ।'

आलले सोध्यो । 'थामिई अलिकति सुतेर भोलि बिहान मात्र गए कसो होला ?'

आमाले छिटै भनिन् । 'अहिले नथाम्ने । अलि पर पुगौं-न ।'

'हुन्छ ।' भनेर आल आफ्नो आसनमा गई गाडी हाँक्न थाल्यो ।

रूठी र विनफिल्डले फेरि आ-आफ्नो मुन्टो सिरकले छोपे । आमाले कराएर भनिन् । 'विनफिल्डलाई ठीकै छ ?'

रूठीले भनिन् । 'निश्चयनै त्यसलाई ठीक छ । त्यो सुतिरहेछ ।'

आमाले ट्रकको बगलमा अडेस लाएर भनिन् । 'तिमीलाई त्यसरी रोगको आक्रमण हुँदा तिमीमाथि हूँसीको भावना दिन्छ । ममा नीचताको भावना आइ-रहेछ ।'

बाले भन्नुभयो । 'सबैमा नीचताको भावना आइरहेछ । आज तिमीले त्यो लडाइँ देखेकै हो । त्यो मानिसमा परिवर्तन आयो । त्यो सर्कारी शिविरमा हामीलाई त्यस्तो नीचताको भावनाले सताएन ।'

आल दायाँ फर्केर कंकड छापेको सडकतिर लाग्यो र पहेंलो प्रकाश जमीनमा थर्थराउन थाल्यो । फलफूलका बोटहरू अब अदृश्य भएर गए र त्यसको ठाउँ कपासका बिरुवाहरूले लिए । देहाती सडकहरूका मोड नाघ्दै घुम्दै उनीहरूले कपासका खेतहरूको बीचबाट बीस माइल गाडी चलाएर लगे । त्यो सडक एउटा झाड भएको खाडीसँगै समानान्तर भएर गएको थियो अनि एउटा कंक्रीटको पुल माथिबाट गएर तिनीहरू खोलाको पारिपट्टि भएर गए । त्यस खाडीको किनारामा पडिरहेका पांग्राविहीन राता गाडीहरू उनीहरूको ट्रकको प्रकाशले देखायो । त्यहींनिर एउटा ठूलो परिचय-पाटी पनि देखा पऱ्यो । त्यसमा लेखेको थियो । 'कपास टिप्नेहरू चाहिएको छ ।' आलले गाडीको चाल सुस्त्यायो । टामले ट्रकको बगलमा भएको

बारको बीचबाट ब्याएर हेन्यो । राता गाडीहरू राखेको ठाउँ नाघेर एक माइलको चतुर्थांश जति गैसकेपछि टामले गाडीको फल्याकमा फेरि मुट्ठीले ठोक्यो । आलले सडकको बगलमा गाडी रोकेर फेरि बाहिर निस्केर भन्यो ।

'अब के चाहियो तिमीलाई ?'

टामले भन्यो । 'इन्जिन बन्द गरेर यहाँ माथि आऊ ।'

आलले आसनमा बसेर खाल्टोमा गाडी लगीकन लाइट र इन्जिन बन्द गरिसके-पछि पछाडिको ढोका चढेर भन्यो । 'ठीक गरेर आएँ ।

टामले भाँडा-वर्तनहरू राखेको ठाउँनिर बिस्तारै आएर आमाको सामुन्ने घुँडा टेकेपछि भन्यो । 'हेर, त्यो परिचय-पाटीबाट थाहा पाइन्छ कि उनीहरूलाई कपास टिप्ने मानिसहरूको आवश्यकता छ । मैले त्यो परिचय-पाटी देखेको छु । अब म तिमीहरूलाई दुःख नदिई कसरी बस्ने भन्ने कुरामाथि विचार गर्न लागिरहेको छु । मेरो गालाको घाउ निको भएपछि सब ठीक होला, तर अहिले होइन । त्यहाँ पर हामीले देखेका लाल गाडीहरूमा कपास टिप्नेहरू बस्छन् । अब हामीले पनि काम पाउन सक्छौं । काम पाएपछि ती गाडीहरूमध्ये एउटामा बस्न सक्छौं ?'

आमाले सोधिन् । 'तिम्राबारे के गर्ने ?

'अँ, त्यो झाडले भरेको खाडीमा कसैले नदेख्ने गरी लुक्न सक्छु म । अनि रात परेपछि तिमीहरूले मलाई केही खानेकुरो ल्याइदिन सक्छौ । त्यहाँ अलि पछि-ल्तिर जमीनमुनि पानीको निकासको निम्ति राखिएको एउटा कल्भर्ट मैले देखेको छु । म त्यहीं सुतुँला ।'

बाले भन्नुभयो । 'ईश्वरको किरिया खाएर भन्छु, म कपासमा हात हाल्न चाहन्छु ! मलाई थाहा छ, त्यहाँ काम पाइन्छ ।'

आमाले भनिन् । 'ती गाडीहरू बस्नाका लागि राम्रै ठाउँ होलान् । किनभने त्यहाँ चिसो हुँदैन । टाम, तिमी लुकेर बस्नलाई पर्याप्त झाडी पाइन्छन् भन्ठानेका ?'

'जरूर, मैले देखेको छु । लुक्ने सानो ठाउँ म भेट्टाउन सक्छु । मेरो गालाको घाउ निको हुनासाथ म बाहिर निस्कन्छु ।'

आमाले भनिन् । 'तिम्रो मुखमा नराम्रोसँग दाग बस्नेछ ।'

'के भो र ! दाग त सबैको छ ।'

बाले भन्नुभयो । 'एकचोटि मैले चार शय पाउण्ड कपास टिपेको थिएँ । त्यस बेला राम्रो बाली लागेको थियो । अहिले हामीले राम्रोसँग कपास टिप्यौं भने केही आर्जन गर्न सकौंला ।

आलले भन्यो । 'हामीले मासु खान पाउने छौं । अहिले हामीले के गर्ने ?'

बाले भन्नुभयो । 'गएर बिहान नहुन्जेल ट्रकैमा सुत, बिहान काम पाइन्छ । म त अँध्यारैमा पनि कपासका बीज-कोष देखन सक्छु ।'

आमाले सोधिन् । 'टाम, के गर्ने तिमीले ?'

'आमा, तिमी मलाई बिर्सिदेऊ । मलाई एउटा सिरक देऊ । हामी आएको बाटो अलि फर्केर गएपछि एउटा राम्रो कल्भर्ट भेटिन्छ । त्यहीं आएर मलाई अलि-कति रोटी या आलु या माड ल्याइदिनू । त्यही खाउँला म ।'

'हुन्छ ।'

बाले भन्नुभयो । 'मलाई त यो राम्रो कुरा जस्तो लाग्छ ।'

टामले आग्रह गरेर भन्यो । 'यो राम्रो कुरा हो । मेरो मुखको घाउ अलि ठीक हुनासाथ म पनि आएर कपास टिप्न थालेछु ।'

आमाले स्वीकार गरेर भनिन् । 'अँ, ठीक छ । तर अहिले बाहिर निस्कने कुनै प्रयास नगर्नू । केही दिनको निम्ति कसैको दृष्टिमा नपर्नू ।'

टामले ट्रकको पछिल्तिर घस्रेर गई भन्यो । 'म यो सिरक लिन्छु । आमा, अलि पर फर्केर गई कल्भर्टको खोजी गर्नू ।'

तिनले बिन्ति गरेर भनिन् । 'होशियारी गर्नू, तिमीले होश गर्नू ।'

टामले भन्यो । 'म अवश्य होश गरुँला ।' त्यसले पछाडि ढोकामा राखेको

फल्याक चढेर तल ओर्लीकन भन्यो । 'रात्रिको सलाम ।'

आमाले उसको आकार राति अस्पष्ट रूपले खोलाको वगलमा झाडहरूको बीच अदृश्य भएर गएको हेरिरहिन् । तिनले भनिन् । 'प्रिय जीजस, मलाई आशा छ, सबै कुरा ठीकै हुनेछ ।'

आलले सोध्यो । 'अहिले मलाई फर्केर जाऊ भनेकी ?'

बाले भन्नुभयो । 'हो ।'

आमाले भनिन् । 'बिस्तारै जाऊ । त्यसले जुन कल्भर्ट भनेको थियो त्यसबारे म निश्चित रूपले जान्न चाहन्छु । मैले त्यो कल्भर्ट देख्नुछ ।'

आलले त्यो साँगुरो सडक ब्याक गरेर आफ्नो गाडीले भरिदियो । अन्तमा त्यसले विपरीत दिशातिर गाडी लैजानमा सफलता प्राप्त गऱ्यो । त्यसले पांग्राविहीन गाडीहरू राखिएको ठाउँनिरबाट बिस्तारै आफ्नो गाडी फर्काएर लग्यो । ट्रकका प्रकाशहरूले गाडीका फराकिला ढोकाहरूसम्म जाने साँगुरा बाटोहरू आलोकित गरेर देखाइदिए । ढोकाहरू अँध्यारै थिए । राती कोही पनि हिंडडुल गरेन । आलले आफ्ना लाइटहरू बन्द गऱ्यो ।

त्यसले रोज आब शारनलाई भन्यो । 'तिमी र काका जान पछिल्तिर जाऊ । म यहीं सीटमा सुतुँला ।'

काका जानले त्यो बोझा लडकीलाई पछाडितिर राखिएको फल्याकमाथि आरोहण गर्न सघाए । आमाले एउटा सानो ठाउँमा भाँडा-वर्तनहरू चाङ लगाइन् । परिवार ट्रकको पछाडिपट्टि सबै गुजमुज्ज भई पल्टेर बसे ।

एउटा गाडी-घरमा एउटा दूध खाने सानो बच्चा लामो स्वरले च्यां-च्यां रोएको आवाज सुनियो । एउटा कुकुर दुलकी मारेर सुइँ-सुइँ सुँघ्दै जोड परिवारको ट्रकको वरिपरिबाट बिस्तारै गयो । खोलाको पानी बगेको आवाज सुनिन्थ्यो ।

सत्ताइसौं अध्याय

कपास टिप्नेहरू चाहिएको छ– सडकमा विज्ञापन-पत्रहरू, सुन्दला रंगका पर्चाहरू– कपास टिपुवाहरूको आवश्यकता ।

यो सडकमा टाँसिएको विज्ञापन-पत्रले यस्तै भन्छ ।

गाढा हरिया विरुवाहरू अब रेशादार भैसके र बीज-कोषमा ठूलठूला फोका उठेका थिए । सेतो रुवो फुलेर मकै जस्तै फुटेर आइरहेका ।

बीज-कोषहरूमा हाम्रा औंला र हात कोमलतापूर्वक फेर्न चाहन्छौ ।

म रुवो टिप्नमा सिपालु छु ।

रुवो टिप्न उपयुक्त मानिस यहीं छ ।

म केही रुवो टिप्न चाहन्छु ।

एउटा थैलो छ ?

अँहँ, मसँग त छैन ।

एउटा थैलोलाई एक डलर पर्छ । एक शय पचास सेन्ट, जो ज्यालाको रूपमा पाइन्छ त्यसैबाट एउटा थैलो किन । खेतमा काम गरेको ज्याला पहिलोपल्ट अस्सी सेन्ट पाइन्छ । दोश्रोपल्ट नब्बे सेन्ट । एक डलर त हो नि, एउटा थैलो किन । तिमीसित एक डलर छैन भने हामी तिम्रो डेढ शय सेन्टबाट कट्टी गरौंला । त्यही न्याय-

युक्त छ र तिमीलाई थाहा छ त्यो कुरा ।

अवश्य त्यो न्याययुक्त छ । असल सूतीको थैलो जो सबै ऋतुमा काम लाग्छ । त्यो थैलो खिइयो भने त्यसलाई पल्टाईकन काम लिन हुन्छ । थैलोको मुख सिएर तलतिर च्यातिएको फेदलाई खोलेर मुख बनाउने । र दुवै छेउतिर च्यातियो भने त्यो लुगा बनाउन हुन्छ । त्यसबाट अन्डरवियर र सुन्दा लाउने कमीज बन्छ । अँ, सूतीको थैलो त राम्रो चीज हो ।

त्यसलाई कमरमा झुण्डयाए पनि हुन्छ,फट्टाइएका खुट्टाको बीचमा राखेर उभिएर बसे या घिच्च्याए पनि हुन्छ । पहिले त्यसलाई तान्दा हलुका हुन्छ अनि औंलाले त्यसको नरम भुत्ला टिपेको हुन्छ र दुवै हातले त्यो बोरालाई खुट्टाको बीचमा बेर्दै जान्छन् । केटाकेटीहरू आफ्नै अलग थैला नभएकोले यो बोराले काम लिन्छन् या ठूलो मानिसको पछाडि आएर उसैको ब्यागमा टिपेको कपास हाल्छन् । त्यसैले त्यो थैलो बोझा हुन्छ । अघिल्तिर आएर थैलो उचाल । कपास टिप्नमा सिपालु छु । ब्याग बोझा नभएसम्म कुरा गर्दै, गाउँदै, टिप्दै जाऊ । औंलाहरू ब्यागभित्र बराबर गइ-रहन्छन् । कपास टिप्दा आँखाले हेरे पनि हुन्छ नहेरे पनि हुन्छ, औंलालाई थाहा छ त्यो काम ।

रुवो टिप्नेहरूका पंक्ति वारपार कुरा गर्दैछन्–

एउटी भद्र महिला घर फर्केर गइन्– नाउँ भनिनन्– तिनको एउटा हब्सी बच्चा पनि थियो । त्यो कुरा पहिले कसैलाई थाहा थिएन । हब्सीको खोजी कहिल्यै हुँदैनथ्यो । तिनले आफ्नो सिर कहिले माथि उठाउन सकिनन् । तर मैले भन्न थाल, तिनी रुवो टिप्नमा सिपालु थिइन् ।

अब ब्याग बोझा भयो । त्यसलाई खिच । आफ्ना नितम्ब कसेर भारी बोक्ने घोडाले जस्तै त्यसलाई तान । र केटाकेटीहरूले बूढो-मानिसको थैलामा कपास टिपेर हाले । कपासको फसल राम्रो छ यहाँ । होचा ठाउँहरूमा कपासको उत्पादन पातलो भएर रेशादार हुन्छ । यहाँ क्यालिफोर्नियाको जस्तो रुवो अन्यत्र कहीं देखेको छैन । मैले देखेकोमा लामो रेखा भएको उत्तम रुवो यही हो । कपासको खेतीले जमीनको उर्वरा-शक्तिको चाँडै क्षय हुन्छ । कसैले कपास-खेती गरेको भूमी किन्न चाहन्छ भने त्यस्तो जमीन किन्न हुँदैन बरु भाडामा लिन हुन्छ । कपासको खेती निखुरेपछि अरू नयाँ ठाउँमा खोजी गर्न जाने ।

खेतहरूको वारपार मानिसहरूको तांती चल्दैछ । उनीहरूका औंला व्यस्त छन् । जिज्ञासु औंलाहरूले कपासका बोटहरूमा बाहिर-भित्र अलि-अलि काटेर बीज-कोष भेट्टाउँछन् । त्यसो गर्न उनीहरूले हेर्नु पर्दैन ।

तर म अन्धै भए पनि कपास टिप्न सक्छु । कपासको बीज-कोषलाई म छामेरै थाहा पाउन सक्छु । र सफासँग टिप्न सक्छु ।

अब थैला भरिएको छ । जोख्ने मान्छे कहाँ लगेपछि तौल बढाउनलाई ढुंगा राखेर ल्याएछौ भनी त्यसले भन्छ । उसको भनाइ कस्तो छ ? उसको एकै ठाउँमा जडिएको तराजु हुन्छ । कहिलेकाहीं त्यसले भनेको कुरा ठीक हुन्छ । थैलाबाट ढुंगाहरू निस्कन्छन् । कहिलेकाहीं जोख्न लाने मानिस सद्दे हुन्छ । किनभने तराजु बांगो हुन्छ । कहिले-कहिले दुवै थोक हुन्छ । ढुंगाहरू पनि पाइन्छन् र तराजु पनि बांगो हुन्छ । जहिले पनि भनाभन हुन्छ, झगडा हुन्छ । दुवै जोख्नेको र जोखाउनेको सिर ठाडो-ठाडो हुन्छ । एक-दुइवटा ढुंगा हुन सक्छन् । चौथाइ-पाउण्डको ? यस्तै जहिले पनि बहस भैरहन्छ ।

खाली थैला लिएर फर्केपछि आफ्नै नोट बुकमा यति तौल भनी लेख्छन् । लेख्नु पनि पर्छ । त्यस्तो लेखेको छ भन्ने कुरा उनीहरूले थाहा पाएका छन् भने उनीहरूले ठग्दैनन् । तर लेख्तैनौ भने भगवान्सित सघाउ लिनु पर्ने हुन्छ ।

यो राम्रो काम हो । केटाकेटीहरू यताउति दगुरिरहेका हुन्छन् । कपास टिप्ने मेशीनको बारेमा सुनेका छौ ?

अँ, मैले सुनेको छु ।

त्यो मेशीन कहिले आउँछ भन्ठान्छौ ?

अँ, यो आउँछ भने– मानिसहरू भन्छन्, यसले कपास टिप्ने हातलाई बेकार तुल्याउँछ ।

रात आया । सबै थाके, किनभने कपास राम्रोसँग टिपियो । तीन डलर ज्याला पायौं; म, बूढी र केटाकेटीहरू सहितले ।

गाडीहरू कपासका खेतहरूमा चल्छन् । कपासका शिविरहरू खडा गरिएका छन् । पर्दा लागेका उचा ट्रकहरू तथा ट्रेलरहरूमा सेतो रुवोका डुङ्गुर राखिएका छन् । बारेका तारहरूमा कपासका टुक्राहरू झुण्डिएका छन् । हावा चलेपछि कपास गुडेर गई साना साना गोला भएर सडकमा देखा पर्छन् । कपास उचाल्ने मेशीनमा सफा सेता कपास लागेका हुन्छन् । र ठूलठूला कपासका गाँठाहरू मेशीनमा गएर थिचिनको निम्ति पर्खिराखेका छन् । लुगामा, जुँगा-दाह्रीमा पनि कपास झुण्डिरहेकै हुन्छ । सिंघान फाल्दा पनि कपासका टुक्राहरू निस्कन्छन् ।

तल झुकेर अँध्यारो नहुँदै थैला भर्छन् । दक्ष औंलाहरूले बीज-कोषमा कपास खोज्छन् । नितम्बहरू बंग्याएर थैला तानेकाले केटाकेटीहरू साँझ परेपछि थाक्छन् । उनीहरू कपासका खेतहरूमा हिंडेरै जान्छन् । र सूर्पास्त हुँदैछ ।

मूल-सडकमा पुराना गाडीहरू थुपारिएका छन् ।

सूतीको ब्याग छ ?

अँहँ ।

एउटा ब्यागको एक डलर लाग्छ नि ।

ईश्वरको निम्ति अलि-अलि खर्च बचाउन खोज्नु पर्छ । जाडो महीना चाँ-चाडै आउँदै छ । ती महीनाहरूमा क्यालिफोर्नियामा बिलकुल नै काम पाइँदैन । अँध्यारो नहुँदै ब्याग भर्नु पर्छ । मैले त्यस व्यक्तिलाई माटाको दुइटा डल्ला ब्यागभित्र हालेको देखें ।

अँ, किन नहाल्ने ? म त त्यो बांगो तराजुलाई सन्तुलित गर्दैछु ।

मेरो पनि हिसाब-किताब छ । तीन शय बाह्र पाउण्ड पुगिसकेको छ ।

ठीक ।

जीजसको शपथ, त्यसले कहिले पनि बहस गरेन । उसको तराजु बांगो भएको हुनसक्छ । अँ, जे होस्, आजको रात्रै छ ।

मानिसहरू भन्छन् यस खेतमा काम गर्न एक हजार मानिसहरू बाटोमा आउँदै छन् । भोलि हामीले पंक्तिमा बस्नको निम्ति झगडा गर्नु पर्नेछ । हामीले छिटो-छिटो कपास टिप्नु छ ।

कपास टिपुवाहरूको आवश्यकता छ । धेरैले टिप्दैछन् तथा मेशीनमा छिटो-छिटो लाँदैछन् ।

अब कपासको शिविरमा ।

ईश्वरको शपथ, आज राति त ह्याकुला उडाउने । ह्याकुला किन्नलाई पुग्ने खर्च हामीसित छ । त्यो सानो बच्चालाई सहायता देऊ, त्यो थाकेको छ । अगाडि बढेर जाऊ र हाम्रो निम्ति चार पाउण्ड ह्याकुला लिएर आऊ । ती बूढीलाई थकाइ नलागेको भए आज राति केही राम्रो बिस्कुट बनाउनेछिन् ।

अट्ठाइसौं अध्याय

पांग्रा नभएका गाडीहरूमध्ये बाह्रवटा खोलाको बगलमा एउटा सानो चेप्टो ठाउँमा छेउ-छेउ जोडिएर पडिरहेका थिए । ६-६ वटा पांग्रारहित गाडीहरूका दुइ पंक्ति थिए । ठूल-ठूला चिप्ला ढोकाहरूसम्म साँगुरो बाटोको निम्ति फल्याकहरू राखिएका थिए । ती गाडीहरू राम्रा घर थिए जहाँ हावा र पानी छिर्दैनथ्यो । तिनी-हरूमा चौबीस परिवारको लागि पुग्ने कोठाहरू थिए । गाडीको छेउमा एक-एक परिवार बस्ने गरेको थियो । फराकिला खुला ढोकासिवाय ती गाडीहरूमा कुनै झ्याल-स्याल थिएन । कुनै-कुनै गाडीहरूको मध्य-भागमा एउटा टाट झुण्डाइएको थियो तर अरू गाडीहरूमा भने ढोकैले सिमाना बनेको थियो ।

जोड-परिवारले एक छेउको गाडीमा ठाउँ पाए । पहिले बस्ने कुनै परिवारले चुलोको पाइपसित एउटा तेलको भाँडो जडेको थियो । र चूलोको पाइपको लागि भित्तामा एउटा प्वाल बनाएको थियो । फराकिलो ढोका खोलेता पनि गाडीको छेउमा अँध्यारै थियो । आमाले गाडीको बीचमा अलकतरा लाएको टाट झुण्ड्याइन् ।

तिनले भनिन् । 'यहाँ राम्रो छ । सर्कारी शिविरमा बाहेक अन्यत्र कहींभन्दा यहाँ प्रायः झन् बेस छ ।'

प्रत्येक रात तिनी डसना भुइँमा ओछ्याउँथिन् र बिहान फेरि लपेटेर राख्थिन् । र हरेक दिन उनीहरू खेतमा गै रुवो टिप्ने गर्थे र प्रत्येक रात उनीहरू मासु खान्थे । एक शनिबारको दिन उनीहरूले ट्युलरे भन्ने ठाउँमा गई एउटा टीनको दमचूली; आल र बा र विनफिल्ड तथा काका जानको निम्ति नयाँ ओवरअलहरू

अनि आमाको लागि एक जोर लुगा किनेर ल्याए । आमाको सबभन्दा उत्तम लुगा रोज आब शारनलाई दिइयो ।

आमाले भनिन् । 'तिनी यस्ती चाक्ली भइन् कि तिनको निम्ति अहिले नयाँ लुगा हाल्नु पैसा बरबाद गर्नु हो ।'

जोड-परिवार भाग्यमानी भए । उनीहरूले पांग्रा नभएका गाडीहरूमा छिटै स्थान पाए । अब अबेर आउनेहरूका पालले त्यहाँको सानो चेप्टो ठाउँ भरियो र पांग्रारहित गाडीहरूमा बस्नेले पुराना भएर एक किसिमको रईसको स्थान प्राप्त गरे ।

त्यहाँ बग्ने सानो खोला सरपतको झाडबाट मिस्केर फेरि त्यस्तै झाडमा पस्यो । प्रत्येक गाडीबाट एक-एकवटा सारो ठोकिएको गोरेटो खोलातिर गइरहेको थियो । गाडीहरूको बीच-बीचमा लुगा सुकाउने डोरीहरू झुण्डिरहन्थे जसमा हर दिन लुगा सुकाइन्थ्यो ।

साँझ उनीहरू सूतीका थैलाहरू पाखुरामा च्यापेर खेतहरूबाट फर्कन्थे । दोबाटोहरूमा थापिएका पसलमा कतिपय रुवो टिप्नेहरू गई आ-आफूलाई चाहिएका चीजहरू किन्थे ।

'आज कति आर्जन भयो ?'

'हाम्रो आर्जन राम्रै छ । आज साढे तीन डलर कमायौं । त्यतिनै गर्न सकियोस् । यी केटाकेटीहरू राम्रो टिप्ने भएर आएका छन् । आमाले उनीहरूलाई एक-एकवटा सानो थैलो बनाइदिइन् किनभने उनीहरूले ठूलो ब्याग तान्न सक्तैनन् । हाम्रै ब्यागमा उनीहरूले कपास थुपार्छन् । उनीहरूको निम्ति पुराना फाटेका कमीजको ब्याग बनाइदिए ती ब्यागहरूले राम्रै काम दिनेछन् ।'

आफ्नो ओठमा राखिएका औंलाहरू बीच सुसेली हाल्दै विचारमा मस्तसँग डुबेर आमाले मासु पसलमा गई भनिन् । 'सुँगुरको मासु राखेको चप पाइन्छ यहाँ ? के भाउ छ ?'

'एक पाउण्डको तीस सेन्ट ।'

'उसो भए, मलाई तीन पाउण्ड चप र बफाएको एक टुक्रा राम्रो गाईको मासु देऊ ।'

'मेरो छोरीले त्यो मासु भोलि पकाउँछे । यो एक सिसी दूध मेरो छोरीलाई । तिनलाई दूध मन पर्छ । बच्चा पाउन लागेकी छन् । नर्सले उनलाई धेरै दूध खानु भनेको छ । आलु छ कि हेर्नु पर्‍यो ।'

हातमा टीनको भाँडामा सिरप लिई बाले नजीक आएर भन्नुभयो । 'यो खाऊ र केही तातो केक पनि खाऊ ।'

आमाले मुख अँध्यारो पारेर भनिन् । 'अँ, हुन्छ । हामी यो खाऔंला । हामी-सित पर्याप्त मात्रामा सुँगुरको बोसो छ ।'

क्रैकर बिस्कुट भएको दुइटा ठूलठूला बाकसहरू हातमा लिएर तथा त्यही बाकसको बारे विचार गर्दै रूठी नजीक आइन् । आमाको सकारात्मक या नकारात्मक मुन्टो-हल्लाइले उनको निम्ति सुख या दुःखको उत्तेजना सिर्जित गर्न सक्थ्यो । बाकसहरू उचालेर तिनले 'आमा ?' भनेर ध्यान आकर्षण गर्ने तरीकाले तल माथि हल्लाइन् ।

'जाऊ, त्यो जहाँबाट लियौ त्यहीं राख–'

रूठीका नेत्रमा दुःखको भावना देखा पर्न थाले । बाले भन्नुभयो । त्यसमा पाँच सेन्टको एक टुक्रा मात्र छ । यी केटाकेटीहरूले आज राम्रो काम गरेका छन् ।'

'अँ–' रूठीका नेत्रबाट उत्तेजना झल्कन थाल्यो । 'ठीक छ ।'

रूठी फर्केर भाग्न थालिन् । ढोका पुग्न आधा बाटो छँदै तिनले विनफिल्ड-लाई समातेर उसलाई सन्ध्याको समय भएपनि बाहिरतिर दौडाएर लगिन् ।

काका जानले पहेंलो छालाको हत्केला भएको एक जोडा टाटको पंजा लिएर आए र फेरि फुकालेर तल राखिदिए । उनी बिस्तारै रक्सी राखेको तख्तातिर

गएर बोतलमा राखेका लेबिल हेर्दै उभिरहे । आमाले उनलाई देखे पछि 'बा', भनेर आफ्नो टाउकोले काका जानतिर इशारा गरेर देखाइन् ।

बाले बिस्तारै उसकहाँ गएर भन्नुभयो । 'जान, तिर्खा लाग्यो ?'

'अँहँ, लागेको छैन ।'

बाले भन्नुभयो । 'कपास टिप्न नसिद्धिउन्जेल पर्खे । त्यसपछि तिमीले जति मन लाग्छ खान सक्नेछौ ।'

काका-जानले भने । 'मलाई पसिना आएको छैन । म कडा मिहिनेत गर्छु र राम्रै निदाउँछु । सपना आदि केही देख्तिनँ ।'

'यी बोतलहरू देखेकोले तिम्रो मुखबाट न्याल टप्केको देखेको छु ।'

'खोइ मैले त न्याल देखिनँ । मलाई आवश्यक नभएको कुरा किन्न चाहन्छु । एउटा सेफ्टी-रेजर किन्न मन लागिरहेछ । त्यस्तो किसिमको एक जोर पंजा किन्ने विचार छ । साह्रै सस्तो छ ।'

बाले भन्नुभयो । 'पंजा लाएर कपास टिप्न सकिन्न ।'

'त्यो कुरा मलाई थाहा छ । मलाई सेफ्टी-रेजरको पनि दरकार छैन । चीज-बीज यसरी राखिएका छन् कि आवश्यक नभएता पनि किन्न मन लाग्छ ।'

आमाले भनिन् । 'आऊ, हामीसँग सब थोक छ ।' तिनले एउटा ब्याग लिइन् । काका जान र बाले एकोटा पोका लिए । बाहिरतिर रूठी र विनफिल्ड आँखा नदुखुन्जेल हेरेर पखिरहे । क्रेकर जैक बिस्कुट मुखभरि भएकोले उनीहरूका गाला फुलेका थिए ।

आमाले भनिन् । 'तिमीहरू भरे भात खाँदैनौ, मलाई थाहा छ ।'

मानिसहरू पांग्रा नभएका गाडीको शिविरतिर ओहिरिए । त्यहाँका पालहरू आलोकित थिए । चूलाका पाइपबाट धूँवा निस्कन थाल्यो । जोड-परिवार सांगुरो

फल्याक चढेर छेउतिरको आफ्नो गाडी-घरमा गए । रोज आव शारान चूलोनिर एउटा बाकसमा बसिरहिन् । तिनले आगो जोरिसकेकी थिइन् र त्यो टीनको चूलोमा उष्णताले गर्दा रक्सीको जस्तो रंग चढ्न लागेको थियो । तिनले सोधिन् । 'दूध पाइयो ?'

'पाइयो । यहाँ छ ।'

'खोइ, मलाई देऊ । अघि दिउँसोदेखि मैले दूध खान पाएकी छैन ।'

'तिनी त दूधलाई औषधि नै ठान्छिन् ।'

'त्यो नर्सले त्यस्तै भन्छे ।'

'तिमीले आलु ठीक गऱ्यौ ?'

'त्यहीं छ– बोक्रा छोडाइसकें ।'

आमाले भनिन् । 'त्यो आलु भुट्ने । सुँगुरको मासुले बनेको चप ल्याएकी छु । त्यो नयाँ कराहीमा आलु काटेर हाल । त्यसमा एउटा प्याज पनि हाल । तिमीहरू बाहिर गएर नुहाई-धोइ गरी एक बालटीन पानी ल्याऊ । रूठी र विनफिल्ड कहाँ छन् ? उनीहरूलाई नुहाई-धोई गराऊ । उनीहरूले क्रेकर जैक बिस्कुट खाइसके एक-एक बट्टा ।'

लोग्नेमान्छेहरू खोलामा नुहाउन गए । रोज आब शारानले आलु पातलो गरी काटेर कराहीमा हालिन् अनि पछि चक्कुको टुप्पाले चलाइन् ।

अकस्मात् टाट उघारेर गाडीको पल्लोपट्टिबाट एउटा पसिनाले तर भएको हृष्ट-पुष्ट अनुहार देखा पऱ्यो । त्यसले सोध्यो । 'श्रीमती जोड, तिमीहरू सबै मिलेर कति आर्जन गर्छौं ?'

आमाले अगाडि आएर भनिन् । 'सन्ध्याको नमस्कार छ, श्रीमती वेनराइट । हामीले राम्रै आर्जन गरेका छौं । साढे तीन डलर । ठ्याक्कै भन्ने हो भने तीन डलर स ताउन्न सेन्ट ।'

'हामी चार डलर कमाउँछौ ।'

'अँ,' आमाले भनिन् । 'तिमीहरू धेरै जना छौ ।'

'हो । जोनास ठूलो हुँदै आइरहेछ । सुँगुरको मासुले बनेको चप खाएर हो कि ।'

विनफिल्डले ढोकाको बीचबाट घस्रँदै आएर भन्यो । 'आमा !'

'एक छिन चूप लाग । हो, हाम्रा यहाँका लोग्नेमानिसहरू पनि त्यस्तै चप मन पराउँछन् ।'

श्रीमती वेनराइटले भनिन् । 'म सुँगुरको मासु पकाउँदै छु । तिमीलाई बास आउँदैन ?'

'अँहँ– आलु र प्याज पकाएकोले त्यसको बास थाहा पाइन ।'

'त्यो डढ्न लाग्यो !' श्रीमती वेनराइटले कराएर भनिन् अनि उनको मुन्टो पछिल्तिर फर्काइन् ।

विनफिल्डले भन्यो । 'आमा ।'

'के ? क्रैकर जैक बिस्कुट खाएर वाक्क आएको ?'

'आमा– रूठीले भनिन् ।'

'के भनिन् ?'

'टामको बारेमा ।'

आमाले घुरेर भनिन् । 'भनिन् ?' तिनले उसको सामुन्ने घुँडा टेकेर सोधिन् । 'विनफिल्ड, तिनले कसलाई भनिन् ?'

विनफिल्डलाई के भनुँ-के भनुँ भयो । त्यो पछिल्तिर गयो अनि भन्यो । 'अँ,

तिनले अलिकति मात्र भनिन् ।'

'विनफिल्ड ! तिनले के भनिन् भन त ।'

'तिनले– तिनले आफ्नो क्रैकर जैक बिस्कुट जम्मै खाइनन् । तिनले केही बचाइराखिन् र सधैं जस्तै तिनी सानो-सानो टुक्रा गरेर खान लागिन् । तिनले भनिन् । "तर तिमीले पनि केही बचाइराख्छु भनेको होइन ।" '

आमाले सोधिन् । 'विनफिल्ड ! भन बा, भन ।' तिनले आत्तिएर पछिल्तिर पर्दामा हेरीकन भनिन् । 'रोसाशर्न, तिमी गएर श्रीमती वेनराइटसँग कुरा गर जसबाट कि तिनले कुरा सुन्न नसकून् ।'

'त्यो आलु के गर्ने त ?'

'आलु म हेरुँला । तिमी जाऊ । त्यो पर्दाबाट उनीले सुनिरहुन् भन्ने म चाहन्न ।' ती लडकी पैंताला घिस्याएर भट्टासँग गाडीबाट तल ओलिन् अनि झुण्ड्याइएको टाटको बगलबाट गइन् ।

आमाले भनिन् । 'विनफिल्ड, भन अब ।'

'मैले भने जस्तै तिनी सानो-सानो टुक्रा टोकेर खान थालिन् र कुनै-कुनै बिस्कुटलाई तिनले दुइ टुक्रा पारिन् जसबाट त्यो धेरै बेरसम्म रहोस् ।'

'भन्दै जाऊ छिटो-छिटो ।'

'अँ, केही खान पाइएला भन्ने आशाले अरू केटाकेटीहरू उनको वरिपरि आए तर रूठी दाँतले किटीकिटी गरेर खान थालिन् र कसैलाई पनि एक टुक्रा दिइनन् । यसैले उनीहरू बहुलाएर एक जनाले त उनको बिस्कुटको बट्टा नै खोसेर लियो ।'

'विनफिल्ड, अरू कुरा छिटो-छिटो भन ।'

त्यसले भन्यो। 'रूठीले बहुलाएर उनीहरूलाई लखेटिन् उनले एक-दुइ जनालाई हिर्काइन् । त्यसपछि एउटी लड़कीले उठेर रूठीलाई लातले हिर्काई । यस्तो हिर्काई कि

रूठी रुन थालिन् । तिनले मेरो ठूलो दाइ छ त्यसले तिमीलाई मार्नें छ भनिन् । त्यो लडकीले भनी । "अहो, हो र ? मेरो पनि ठूलो दाइ छ ।" यो कुरा भनिरहँदा विनफिल्ड स्वाँ-स्वाँ-फ्वाँ फ्वाँ गर्न थाल्यो । यसरी उनीहरूले एउटाले अर्कोलाई पिट्न थाले । र त्यो ठूलो लडकीले रूठीलाई निकै पिटी । अनिपछि मेरो दाइले तिम्रो दाइलाई मार्नेछ भनी रूठीले भनीन् । र तिम्रो दाइले मेरो दाइलाई मार्‍यो भने त्यसको परिणाम के हुन्छ भनेर त्यो ठूलो लडकीले भनी । अनि पछि– अनि पछि, हाम्रो दाइले त पहिले नै दुइ जना मानिसलाई मारिसके भनेर रूठीले जवाब दिइन् । र–र– त्यो ठूलो लडकीले भनी । "अहो, हो ! तिमी त एक नम्बरको फटाहा रहेछौ ।" र रूठीले जवाबमा भनिन् । 'अहो, हो ? अँ, हाम्रो दाइ एक जना मानिसलाई मारेर अहिले पनि लुकिरहेको छ । र त्यसले तिम्रो दाइलाई मार्न सक्छ ।" त्यसपछि उनीहरू एक-अर्कालाई गाली गर्न थाले र रूठीले उसलाई ढुंगाले हानेपछि त्यो लडकी उनलाई लखेटन गई र म घर आएँ ।'

आमाले थकित भएर भनिन् । 'अहो ! नांदमा सुत्ने मेरो प्यारो राम्रो मालिक जीजस ! अब हामीले के गर्ने ?' निधार हातमा राखेर तिनी आफ्ना आँखा मल्न थालिन् । 'हामीले अब के गर्ने ?' गर्जिरहेको दमचूलीबाट आलु डढेको गन्ध आयो । आमाले अनायास उतैतिर गएर आलु पल्टाइदिइन् ।

आमाले बोलाइन् । 'रोसाशर्न ।' ती लडकी पर्दाको बीचबाट देखा परिन् । 'बेलुकीको खाना हेर्न आऊ । विनफिल्ड, तिमी गएर रूठीलाई खोजीकन ल्याऊ ।'

त्यसले सोध्यो । 'आमा, उनलाई पिट्ने ?'

'अँहँ, कुट्ने होइन । यहाँ त केही पनि गर्नु हुँदैन । उनलाई कुटेर केही फाइदा हुँदैन । अहिले दगुरेर गई रूठीलाई यहाँ लिएर आऊ ।'

विनफिल्ड गाडीको ढोकामा दगुरेर गयो । त्यसले सानो फल्याकको बाटोबाट तीन जना मानिस आइरहेको देख्यो । उनीहरू भित्र घुसेर आउँदा त्यो एक बगलमा उभिरह्यो ।

आमाले कोमल स्वरमा भनिन् । 'बा, मैले तपाईंसित कुरा गर्नु छ । टाम लुकिरहेछ भन्ने कुरा रूठीले केटाकेटीहरूलाई भनिदिई ।'

'के ?'

'त्यसले भनिदिई । झगडा गरेर भनिदिई ।'

'किन भनेकी त त्यो मोरीले ।'

'भन्नु हुँदैन भन्ने कुरा त्यसलाई के थाहा ।अब, हेर्नोस्, बा । म तपाईंलाई यहाँ पर्खाउनु चाहन्छु । म गएर टामलाई पत्ता लगाईकन यो कुरा सुनाउँछु । म उसलाई होशियारीसाथ बस भनेर भन्न जान्छु । बा, तपाईं यहीं बस्नोस् । म उसको खाना लिएर जान्छु ।'

बाले स्वीकार गरेर भन्नुभयो । 'हुन्छ ।'

'तिमीले रूठीलाई केही नभन्नू । उसलाई म नै भनुँला ।'

त्यस बेला विनफिल्डलाई पछि पछि राखेर रूठी भित्र पसिन् । त्यो सानी लडकी मैली थिई । उसको मुखमा च्याप-च्याप लस्सा थियो र लडाईं-झगडा गरेकोले उसको नाकबाट अझ अलि-अलि रगत बगिरहेकै थियो । ऊ लज्जित हुनुको साथसाथै डराएकी पनि थिई । विनफिल्डले विजयस्वरूप उसलाई पछ्याएको थियो । रूठीले डरलाग्दोसँग यताउति हेरिन् । तर ऊ गाडीको एक कुनामा गएर बसी । उसको आकृतिबाट लज्जा र डरको भावना झल्किरहेको थियो ।

विनफिल्डले भन्यो । 'त्यसले जे गरेकी थिई त्यसबारेमा मैले उसलाई भनिदिएँ ।'

टीनको प्लेटमा दुइटा चप र केही भुटेको आलु राखेर आमाले भनिन् । 'चूप लाग, विनफिल्ड । उनको भावनामा ठेस पुऱ्याउनु हुँदैन ।'

रूठी जोरसँग हुरिएर आईकन आमाको अग्रीम भाग समातेर आफ्नो टाउको आमाको पेटमा गाडीकन जम्मै आङ हल्लिने गरी सुँक्क-सुँक्क रुन थालिन् । आमाले उनलाई फुक्काउन खोजिन् तर उनका मैलिएका औंलाहरूले कसेर समाइराखे । आमाले उनको टाउको पछाडिको केशमा सुस्त-सुस्त सुमसुम्याइन् र उनका

कुमहरूमा थपथपाउन थालिन् । तिनले भनिन् । 'चूप, तिमीलाई के थाहा ।'

रूठीले आफ्नो फोहर, अश्रु-दाग भएको तथा रताम्य मुख माथि उठाईकन रोएर भनिन् । 'उनीहरूले मेरो क्रैकर जैक बिस्कुट चोरे । त्यो राँडीकी छोरीले मलाई कुटी–' यति भनेर तिनी फेरि जोरसँग रुन थालिन् ।

आमाले भनिन् । 'चूप, त्यसरी कुरा नगर । खोइ छोड । म अहिले जान लागेकी छु ।'

'आमा, उनलाई किन नकुटेको ? तिनले आफ्नो क्रैकर जैक बिस्कुटमा सिंघान लगाएर फोहर नगरेको भए यस्तो हुने नै थिएन । उनलाई ठोक ।'

आमाले रिसाएर भनिन् । 'तिमी आफ्नै काम मात्र हेर नत्र तिमीलाई नै ठोक्नु पर्ला । रूठी, अब छोड ।'

विनफिल्ड बेरेको एउटा डसनामाथि बस्न गयो र त्यसले परिवारलाई तिरस्कृत भावनाले हेर्न थाल्यो । र त्यसले रक्षात्मक तवरले बलियो हुने गरीकन आफ्नो ठाउँ जमायो किनभने रूठी मौका पाउनासाथ त्यसमाथि आइलाग्ने छे भन्ने कुरा उसलाई थाहा थियो । रूठी मन खिन्न गरेर गाडीको पल्लोपट्टि चूप लागेर गइन् ।

आमाले टीनको प्लेटमाथि एक ताउ खबर-कागजले छोपेर भनिन् । 'अब म जाँदैछु ।'

काका जानले सोधे । 'तिमीले केही नखाने त ?'

'म फर्केर आएपछि मात्र खान्छु । अहिले खाउँ-खाउँ लागेको छैन ।' आमा खुला ढोकानिर गएर डोरीले बाँधिराखेको ठाडो फल्याकको सानो भन्याङ्बाट तल ओर्लंदा आफूलाई सम्हालीकन गइन् ।

गाडी-घरहरूको खोलातिर पालहरू घना गरेर टाँगिएका थिए । लाम मिलाएर ठोकिएका कीलाहरूमा पालका डोरी एक-अर्का माथि नघाएर कसिएका थिए । पालका कपडा छेडेर बत्तीको प्रकाश आलोकित भैरहेको थियो । र चूलोका चिम्नीहरूबाट धूँवा निस्किरहेको थियो । ढोकामा उभिएर मानिस र स्वास्नीमानिसहरू

कुरा गरिरहेका थिए । केटाकेटीहरू उत्तेजित भएर यताउति दौडिरहेका थिए । आमा गौरवले पालको लामसँगसँगै गैरहेकी थिइन् । तिनी जाँदा ठाउँ-ठाउँमा तिनलाई मानिसहरूले 'श्रीमती जोड, नमस्कार ।' भनेर अभिवादन गरेका थिए ।

'नमस्कार ।'

'श्रीमती जोड, केही कुरा लाँदै हुनुहुन्छ ?'

'एउटा साथीकहाँ अलिकति खाने कुरा लाँदैछु ।'

अन्तमा तिनले पालहरूको लामको छेउमा आइपुगेपछि अडेर पछाडितिर हेरिन् । शिविरमा प्रकाशको ज्योति फैलिएको थियो र त्यसको साथसाथै मानिसहरूको आवाजको कोमल स्वर सुनिएको थियो । कहिलेकाहीं सारो स्वर पनि कर्णगोचर हुन आउँथ्यो । वातावरण धूँवाको गन्धले परिपूर्ण थियो । कसैले कोमल सुरमा हार्मोनियम बजाइरहेको थियो ।

आमा खोलाको बगलमा सरपतको झाडमा घुसिन् । झाडको गोरेटोबाट निकै पर गैसकेपछि तिनी पर्खेर कसैले पछ्याइरहेछ कि भनेर चूप लागेर सुन्न थालिन् । कुममा बाँधिराखेको पैन्टका ग्याँटिस कस्तै तथा आफ्नो जीनको लुगामा टाँक हाल्दै एउटा मानिस त्यही गोरेटोबाट शिविरतिर गैरहेको थियो । आमा बिलकुल निस्तब्धसँग बसिरहिन् र उनलाई नदेखीकन त्यो मानिस नाघेर गयो । पाँच मिनेट जति पर्खिसकेपछि तिनी उठिन् र खोलाको बगलबाट गोरेटो नछोडीकन घस्रँदै गइन् । तिनी यस्तो शान्तसँग गइन् कि सरपतका झाडमाथि कोमलसँग पाइला हालेकोले पानी बगेको कलकल आवाज समेत सुन्न सक्थिन् । उनी गोरेटो र खोला बायाँतिर पारेर दुवै मूल-सडकको नजीक नपरुन्जेल दायाँतिर लागेर गइन् । ताराको प्रकाशमा तिनले टामलाई सधैं खाना छोडेर आउने कल्भर्टको अँध्यारो गोल प्वाल र बाँध देख्न सकिन् । होशियारीसाथ अगाडि बढेर तिनले खानेकुरो प्वालमा घुसाएपछि त्यहाँ टामले छोडिराखेको खाली टीनको प्लेट लिइन् । तिनी सरपतको बीचबाट गएर झाडमा पर्खेर बसिन् । झाडको बीचबाट तिनले कल्भर्टको अँध्यारो प्वाल देख्न सक्थिन् । आफ्ना घुँडामा अँगालो हालेर तिनी चूप लागेर बसिन् । एकै छिनमा झाड फेरि सजीव भएर आयो । खेतका मूसाहरू पातमाथि होशियारीसाथ चल्न थाले । एक जना मानिस त्यस गोरेटोबाट दुर्गन्ध फैलाउँदै गड्दासँग पाइला टेकेर

गयो । मानो परीक्षा गर्न लागेको जस्तो गरेर हावाले सरपतका पातहरू बिस्तारै चलायो जसको फलस्वरूप पहेंला पातहरू जमीनमा झर्न थाले । अकस्मात् हावाको ठूलो झोका आएर रूखहरू हल्लाइदियो । अनिपछि पातहरूको झरी भयो । आमाको कपाल र कुममा जम्मै पात परे । आकाशमा ताराहरू ढाक्ने गरीकन कालो बादलको चादर ओछिइयो । ठूल-ठूला पानीका थोपाहरू झरेका पातमाथि परेर एकतमासको आवाज निस्किरहेको थियो । बादल हावाले उडाएर लग्यो र फेरि ताराहरू देखा परे । आमा जाडोले काम्न थालिन् । हावा बहेर अगाडि गैंसकेपछि झाडमा निस्तब्धता छायो तर खोलाको तलतिर रूखहरू चलेको चाल पाइयो । पछाडि शिविरबाट बेलाको मसिनो तर हृदयग्राही आवाज आउन थाल्यो ।

आमाले आपनो बार्यांतिर पर पातहरूमा बिस्तारै टेकेर आएको एउटा पाइलाको चाल सुनिन् । तिनी कस्सिएर बसिन् । तिनले आपनो घुँडालाई छोडेर राम्ररी सुन्नको निम्ति मुन्टो सोझ्याइन् । चाल रोकियो तर निकै बेरपछि फेरि सुनियो । अंगूरको लहरामा भएका सुखा पातहरू बजेर सारो आवाज निस्कन थाल्यो । आमाले कल्भर्टको प्वालनिर बिस्तारै एउटा कालो आकार घस्रेर आएको देखिन् । त्यो कालो गोल प्वाल एक छिन थुनियो अनि पछि त्यो आकार फेरि हटयो । तिनले कोमल स्वरले बोलाइन् । 'टाम !' त्यो आकार यसरी निस्तब्ध भएर जमीनमा तल बस्यो कि त्यो एउटा ठुटो जस्तै देखियो । तिनले फेरि बोलाइन् । 'टाम, ओ टाम !' त्यस पछि त्यो आकार चल्न थाल्यो ।

'मलाई बोलाउने आमा हो ?'

'म यहाँ छु ।' तिनी उभिएर ऊसँग भेट गर्न गइन् ।

त्यसले भन्यो । 'तिमी नआउनु पर्ने ।'

'टाम, मैले तिमीसित भेट्नु छ । मेरो तिमीसित कुरा गर्नु छ ।'

त्यसले भन्यो । 'गोरेटो बाटोनिर भएकोले कोही आउन सक्छ ।'

'टाम, तिमी बस्ने ठाउँ छैन ?'

'छ– तर कसैले तिमीलाई मसँग कुरा गरिरहेको देख्यो भने जम्मै परिवार

मुछिइने छ ।'

'टाम, मेरो कुरा गर्नै छ ।'

'उसो भए आऊ, शान्तसँग आऊ ।' पानीमा लापरवाहीसँग गएर त्यसले खोला तऱ्यो र आमा पनि उसको पछि-पछि गइन् । त्यो झाड नाघेर गई पारिपट्टि हलो जोतेको खेतबाट गयो । कपासका कालो भैंसकेका डाँठहरू जमीनमा सारो भएर त्यसै पडिरहेका थिए । तिनीहरूमा अलि-अलि नरम कपास छँदैछन् । उनीहरू खेतको किनारै-किनाराबाट दुइ फर्लाङ्ग गैंसकेपछि फेरि झाडभित्र पसे । जंगली जामुनको झाडको ठूलो ढिस्कोनिर पुगेपछि त्यसले निहुरेर अंगूरका लहरा तानीकन भन्यो । 'त्यहाँभित्र घस्रेर जाऊ ।'

आमा हात र घुँडाले टेकेर गइन् । तिनले बलौटे जमीन छामिन् । ढिस्को-भित्रको कुनै चीजले उनलाई छोएन । त्यहाँ जमीनमा तिनले टामको सिरक भेट्टाइन् । त्यसले फेरि अंगूरको लहरा मिलाएर राख्यो । त्यस गुफाभित्र प्रकाश थिएन ।

'आमा, तिमी कहाँ छौ ?'

'टाम, म यहीं छु, बिस्तारै कुरा गर ।'

'चिन्ता नगर । कहिलेकाहीं म खरायो जस्तै बसिरहन्थें ।'

त्यसले टीनको प्लेट झिकेको आवाज तिनले सुनिन् ।

तिनले भनिन् । 'सुँगुरको मासु हालेको चप र भुटेको आलु ।'

'भगवान्को कृपाले अझसम्म तातै छ ।'

आमाले उसलाई त्यस अन्धकारमा देख्न सकिनन्, तर त्यसले चपाएको, मासु लुछेर निलेको भने सुन्न सकिन् ।

त्यसले भन्यो । 'यो बड़ो मजाको लुक्ने ठाउँ हो ।'

आमाले बेचैन भएर भनिन् । 'टाम, रूठीले तिम्रोबारे भनी दिइन् ।' तिनले घुट्ट निलेको सुनिन् ।

'रूठीले ? के भनिन् ?'

'अँ, दोष उनको थिएन । एउटासँग झगडा गरेर तिनले भनिन् कि उनको दाइले अर्को लडकीको दाइलाई ठोक्नेछ । तिनले यो पनि भनी दिइन् कि उनको दाइ एउटा मान्छे मारेर लुकिरहेको छ ।'

टामले मुख थुनीकन हाँसेर भन्यो । 'ती केटाकेटीहरूले जस्तै म सधैं काका जानलाई ठान्थें । तर त्यसले कहिले पनि मान्छे मारेन । आमा, केटाकेटीहरू त्यस्तै कुरा गर्छन् । उनीहरूले भनेको ठिकै छ ।'

आमाले भनिन् । 'अँहँ, ठीक छैन । ती केटाकेटीहरूले सबैलाई भनिदिनेछन् । अनि मानिसहरूले थाहा पाएपछि उनीहरूले अरूहरूलाई भन्नेछन् । पछि त कुनै मानिसहरूले खोजी गर्न थाल्नेछन् । त्यसैले, टाम, मेरो त यही सल्लाह छ कि तिमीले यो ठाउँलाई छोडेर अन्यत्र कहीं जानु बेस होला ।'

'मैले पनि त्यही भनेको थिएँ । मलाई सधैं यो डर थियो कि कलभर्टमा खाने-कुरो छोड्न आउँदा कसैले तिमीलाई देख्ला, अनि पछि उनीहरूले चेवा लिन थाल्लान् ।'

'त्यो कुरा मलाई थाहा थियो । तर म तिमीलाई नजीक राख्न चाहन्छु । मलाई सुर्ता छ मैले तिमीलाई देखेकी छैन र अहिले पनि म तिमीलाई देख्न सक्तिनँ । तिम्रो मुख कस्तो छ ?'

'ठीक हुँदैछ ।'

'टाम, मेरो नजीक आऊ । म छामेर हेर्छु । नजीक आऊ ।' ऊ नजीक घस्रेर गयो । उनको पसारेको हातले अँध्यारोमा टाउको भेट्टायो । अनि पछि उनका औंलाले नाक छामे र अन्तमा उसको बायाँ गाला । तिनले भनिन् । 'टाम, तिम्रो गालामा नराम्रो दाग बस्यो र तिम्रो नाक बांगिएको छ ।'

'त्यो बेस हुने छ । कसैले मलाई चिन्ने छैन । मेरा औंलाको छाप पुलिसहरूले नलिएका भए म खुशी हुनेछु ।' यति भनेर ऊ फेरि खान थाल्यो ।

तिनले भनिन् । 'चूप, सुन !'

'त्यो हावाले गरेको आवाज हो, आमा, खालि हावा ।' हावाले खोलामा मात्र ठक्कर दिएको होइन कि रूखमा पनि ठोकेर पातबाट मर-सर आवाज निस्क्यो ।

तिनले उसको आवाजको नजीक घस्रेर गई भनिन् । 'टाम, म फेरि तिमीलाई छुन चाहन्छु । अँध्यारो भएकोले म अन्धो भएको जस्तो लाग्छ । म सम्झन चाहन्छु मेरो औंलाको सघाउ पाएर । टाम, तिमीले यस ठाउँलाई छोड्नै पर्छ ।'

'हो ! शुरूदेखि यो कुरा मलाई थाहा थियो ।'

तिनले भनिन् । 'हामीले निकै राम्रो गरेका छौं । मैले केही दाम बचाएकी छु, हात थाप, टाम । म तिमीलाई सात डलर दिन्छु ।'

त्यसले भन्यो । 'म तिम्रो दाम लिन्न । म आफैं कमाउँला ।'

'टाम, तिम्रो हात थाप । तिमीसँग खर्च नभएपछि मलाई निद्रा आउँदैन । तिमी बसमा जानु पर्ने हुनसक्छ । म त तिमीलाई तीन चार शय माइल पर गएको देख्न चाहन्छु ।'

'म दाम त लिन्न ।'

तिनले सारो स्वरमा भनिन् । 'टाम, तिमी यो दाम लेऊ । सुन्यौ ? तिमीले मलाई दुःख दिने अधिकार छैन ।'

त्यसले भन्यो । 'तिमीले राम्रो गर्न लागेकी छैनौ ।'

'मेरो विचारमा त तिमी लस एन्जेलेस जस्तो ठूलो शहरमा जान सक्छौ ।

त्यहाँ उनीहरूले तिम्रो खोजी गर्न छैनन् ।'

त्यसले भन्यो । 'हँ, हेर, आमा । म दिन-रात एक्लै लुकिरहेछु । म कसको बारेमा विचार गरिरहेको छु, अनुमान गर्न सक्छौ ? केसीको बारेमा ! त्यसले धेरै कुरा भन्यो मलाई । त्यो कुराले मलाई कपाल दुखाउँथ्यो । तर अहिले त्यसले भनेको कुरामाथि विचार गर्दछु । र उसको एक-एक कुरा म सम्झन सक्छु । एक दिन त्यो आफ्नै आत्माको खोजी गर्न जंगलमा गएको थियो भनी भन्थ्यो । र त्यसले आफ्नै आत्मा त भेट्टाएन । त्यसले महान् आत्माको एउटा सानो टुक्रा भेट्टाएँ भन्थ्यो । अरू आत्मासित सम्मिलित नभएको भए उसको आत्मा बेकार थियो भन्ने कुरा त्यसले भन्थ्यो । त्यो कुरा क्या मजाको रहेछ भनी म सम्झन्छु । त्यस बेला मैले उसको कुरालाई ध्यान दिएर सुनिरहेको जस्तो पनि लागेन । तर अब म बुझ्छु कि कोही पनि आफू एक्लै बेस हुँदैन ।'

आमाले भनिन् । 'त्यो त असल मानिस थियो ।'

टामले भन्दै गयो । 'त्यसले एकचोटि धर्मशास्त्र ओकलेको थियो । र त्यो शास्त्र द्वेषपूर्ण जस्तो लागेन । त्यसले त्यो शास्त्र दुइचोटि भन्यो । र म त्यो कुरा सम्झन्छु । त्यसले पादरीबाट सुनेको भन्थ्यो ।'

'त्यो शास्त्र कस्तो छ त, टाम ?'

'शास्त्र भन्छ । "एकभन्दा दुइ जाती । किनभने दुइ जनाले गरेको श्रमको इनाम राम्रै हुन्छ । उनीहरू गिरेपछि एउटाले अर्कोलाई उठाउँछ । तर एकलो मानिस दुःखी हुन्छ । किनभने ऊ खसेपछि उसलाई उठ्न सघाउने हुँदैन ।" यो हो शास्त्रको एक अश ।'

आमाले अनिन् । 'भन्दै जाऊ, टाम । भन्दै जाऊ ।'

'फेरि अलिकति । "फेरि, दुइ जना एक साथ पल्टेपछि, उनीहरूले उष्णता पाउँछन् । तर एकलो मानिसले कहाँबाट उष्णता पाउँछ ? कसैले हमला गर्न आयो भने, दुइ जना मिलेर ऊसँग सामना गर्न सकिन्छ । र तीन तह दोब्याएको धागो छिटो चुँडिन्न ।"'

'र त्यही हो धर्मशास्त्र ?'

'केसीले भन्थ्यो त्यही धर्मशास्त्र हो । त्यसैलाई पादरी भन्थ्यो ।'

'चूप लाग– सुन ।'

'हावा हो, आमा । मलाई थाहा छ, त्यो हावा हो । र मैले विचार गर्नु छ, आमा । धेरैजसो धर्मोपदेश सधैं हाम्रो साथमा भएका गरीबहरूको बारेमा हुन्छ । र तिमीसित केही कुरा छैन भने हात बाँधेर बस, तिमी मरेपछि तिमीले आइसक्रीम र सुनका थालहरू पाउने छौ । र त्यो पादरीले भन्थ्यो कि दुइ जनाले मिलेर गरेको कामको निम्ति राम्रो पुरस्कार पाइन्छ ।'

तिनले भनिन् । 'टाम, तिमी के गर्न आँटिरहेका ?'

निर्क वेर चूप लागेर बसेपछि त्यसले भन्यो । मेरो मनमा यो विचार उठिरहेको छ कि सरकारी शिविरमा कति राम्रो प्रबन्ध थियो, त्यहाँ मानिसहरूले परस्परमा क्या राम्रो देखरेख गर्थे, कुनै किसिमको झगडा भए उनीहरू आफैं छिन्थे, बन्दूक तेर्स्याउने कुनै पुलिस थिएनन्, तैपनि ती पुलिसहरूले गर्न सकेकोभन्दा राम्रो शान्ति र सुव्यवस्था थियो त्यहाँ । मलाई आश्चर्य लागिरहेछ कि हामीले त्यो जम्मै काम किन गर्न नसकेका । हामीदेखि अलग ती पुलिसहरूलाई फाल्नु परेको छ । आफ्नै भलाइको निम्ति हामी सबै मिली काम गर्नु परेको छ । आफ्नो जमीनमा हामी सबै एक भई खन-जोत गर्नु परेको छ ।'

आमाले दोहऱ्याएर भनिन् । 'टाम तिमीले के गर्न आँटेका ?'

त्यसले उत्तरमा भन्यो । 'केसीले गरे जस्तै गर्न चाहन्छु ।'

'तर उनीहरूले केसीलाई त मारिसके ।'

टामले भन्यो । 'हो । त्यसले आफूलाई प्रहारबाट छलेर बचाउन खोजेन । आमा, कानुन-विरोधी काम त्यसले केही गरेन । मेरो मनमा यो विचार आइरहेछ कि हाम्रा मानिसहरू थुप्रै कष्ट र दुःख झेलेर सुँगुरको जस्तै जिन्दगी बिताइरहेछन्, उर्बर जमीन त्यसै बंजर भइरहेछ, एकातिर एउटा मानिससँग लाखौं एकड जमीन

त अर्कोतिर हजारौं श्रमजीवी किसानले बेकारीले भोकभोकै वस्तु परिरहेको छ । र हूवर विशाल खेतमा थोरै मानिसहरूले चिच्च्याएर कराए जस्तै मानिसहरूले एक साथ मिलेर कराउन् भन्ने मेरो मनमा उत्सुकता आइरहेछ–'

आमाले भनिन् । 'टाम, उनीहरूले तिमीलाई लगेर युवक फ्लाइडलाई गरे जस्तै मार्नेछन् ।'

'उनीहरूले मलाई एनकेनप्रकारेण लानेछन्, जस्तो उनीहरूले हाम्रो मानिसहरूलाई लगिरहेछन् ।'

'टाम, तिमीले कसैलाई मार्न चाहेको त होइन ?'

'अँहँ । तर मेरो विचारमा यस्तो आइरहेको छ कि जहिलेसम्म मैले यसरी समाजबाट बहिष्कार भएर हिंड्नु परेको हुन्छ शायद म कसैको हत्या गर्न सक्छु कि । मैले त्यस्तो हत्याको वारेमा स्पष्ट चित्रण त गरेको छैन । आमा, अब मेरो बारेमा केही चिन्ता नलेऊ । मेरो केही फिक्री नगर ।'

उनीहरू अंगूरका लहराहरूको अन्धकार गुफाभित्र केही बेर निस्तब्धतासँग बसेपछि आमाले भनिन् । 'मैले तिम्रो बारेमा कसरी जान्ने ? उनीहरूले तिमीलाई मार्न सक्छन् र मलाई थाहा हुँदैन । उनीहरूले तिमीलाई चोट लगाउन सक्छन् । त्यो म कसरी जान्ने ?'

टामले बेचैनसित हाँसेर भन्यो । 'अँ, केसीले भने जस्तै कसैको पनि आपनै आत्मा हुँदैन, हुन्छ भने त्यो महान् आत्माको एक सानो अंश मात्र हुन्छ, र अनि–'

'अनि पछि के, टाम ?'

'अनि त्यसको केही महत्त्व हुँदैन । अनिपछि म कसैले नदेख्ने गरी सर्वव्यापी भै रहनेछु । जसले जहाँ हेरे पनि म त्यहाँ भै हाल्नेछु । भोकाएका मानिसहरूले खानको निम्ति जहाँ-जहाँ संघर्ष गर्छन त्यहाँ-त्यहाँ मेरो उपस्थिति हुनेछ । कुनै ठाउँमा एक जना पुलिसले एउटा मानिसलाई कुटिरहेको छ भने म त्यस ठाउँमा पनि हुनेछु । मानिसहरू पागल भएर चिच्च्याउन लागेका छन् भने त्यहाँ पनि मेरो उपस्थिति

हुनेछ । केटाकेटीहरू भोकले हाँसिरहेको ठाउँमा म भैंहाल्छु अनि बेलुकाको भोजन उनीहरूको निम्ति तयार हुन्छ । जनता आफैंले उत्पादन गरेका खाद्यपदार्थ खान लाग्दा तथा आफैंले बनाएका घरमा बस्दा– किन, म त्यहाँ पनि हुन्छु । बुझ्यौ ? केसीले जस्तै म ईश्वरको बारे कुरा गर्दै छु । केसीको बारे धेरै विचार आइरहन्छन् । कहिलेकाहीं म उसलाई देख्न सक्छु जस्तो लाग्छ ।'

आमाले भनिन् । 'मलाई थाहा छैन । म साँच्चै बुझ्दिनँ ।'

टामले भन्यो । 'न म नै बुझ्दछु । यो त मैले विचार गरिरहेको कुरा मात्र हो । तिमीले केही काम नगरेको बेला त्यसको बारे विचार गर । आमा, अहिले जाऊ ।'

'यो दाम लेउ त ।'

एक छिन चूप लागेर भन्यो । 'ठीक छ, देऊ ।'

'टाम, यो कुराको चर्चा नभएपछि तिमी फर्केर आउँदा हामीसँग भेट होला र ?'

त्यसले भन्यो । 'अवश्य भेट होला । अब तिमी जाऊ । खोइ, हात यता देऊ ।' त्यसले उनलाई ढोकातिर लग्यो । उनका औंलाले उसको नाडी समाइराखेका थिए । अंगूरका लहरा एकातिर पन्छाएर त्यसले उनलाई पछ्याएर भन्यो । 'खोलाको छेउमा एउटा अंजीरको बोट होला, त्यस ठाउँमा नआइपुगेसम्म खेतैखेत लागेर जानू अनि पछि खोला तरेर जानू । बिदाइ-नमस्कार ।'

उत्तरमा तिनी 'बा -नमस्कार', गइन् । उनका नेत्र लाल-लाल भएर भिजेका थिए । तर तिनी रोइनन् । झाडबाट जाँदा उनी पात-हरूमा लापरवाहीले जोरसँग पाइला टेकेर गइन् । बाटोमा कृष्ण-मेघबाट केही ठूल-ठूला पानीका थोपा सुकेका पातहरूमाथि जोरसँग बज्रेर पर्न थाले । आमा अडेर पानी चुहिरहेको झाडमा चूपचाप उभिन थालिन् । फर्केर तिनी अंगूरको लहरा भएको ढिस्कातिर तीन पाइला जति गएपछि छिटै फर्केर गाडीहरूको शिविरतिर गइन् । तिनी सोझै कल्भर्टबाट निस्की सडकको उकालो चढिन् । पानी थामियो तर

आकाश मेघाच्छन्न थियो । उनको पछिल्तिर सडकमा तिनले कसैको पाइलाको आवाज सुनेर अत्यास लागीकन पछाडि फर्केर हेरिन् । धमिलो चोर-बत्तीको चिम-चिम प्रकाश सडकमा खेलिरह्यो । आमा फर्केर घरतिर गइन् । एकै छिनमा एउटा मानिसले उनलाई भेट्टाएर नम्रतापूर्वक आफ्नो चोर-बत्तीको प्रकाश उनको मुखमा नपारी भुइँतिर पारेर भन्यो । 'साँझको नमस्कार ।'

आमाले भनिन् । 'तिमीलाई सन्चै छ ?'

'हामीहरूलाई अलि अलि वर्षाको पानी चाहिए जस्तो छ ।'

'मला त त्यस्तो लाग्दैन । पानी परेपछि कपास टिप्नै हुंदैन । हामीलाई कपास टिप्ने काम चाहिन्छ ।'

'मलाई पनि त कपास टिप्ने काम चाहिन्छ । तिमी त्यही शिविरमा बस्छौ के ?'

'हो, बस्छु ।' उनीहरूका पैताला एकसाथ सडकमा ठोक्तै जान्छन् ।

'मसित कपासको खेती गरिराखेको बीस एकड जमीन छ । अलि अबेर गरेर खेती गरेता पनि अहिले त ठीक भैसकेको छ । तलतिर गएर म कपास टिप्ने मानिसहरू खोज्ने विचार गर्दैछु ।'

'तिमीले त्यस्ता मान्छे पाउने छौ । त्यसको मौसम प्रायः सिद्धिन लागेको छ ।'

'त्यस्तै लाग्छ मलाई पनि । एक माइल जति माथि गएपछि म बसेको ठाउँ आइ पुग्छ ।'

आमाले भनिन् । 'हामी जम्मा ६ जना छौं । तीन जना लोग्नेमान्छेहरू, एक जना म र दुइ जना केटाकेटीहरू ।'

'म एउटा परिचय-पाटी राख्ने छु । यो सडको दुइ माइल पर ।'

'हामीहरू विहान त्यस ठाउँमा आइपुग्ने छौं ।'

'म आशा गर्छु पानी नपरोस् ।'

आमाले भनिन् । 'म पनि त्यस्तै आशा गर्छु । बीस एकडमा काम गर्न धेरै दिन लाग्दैन ।'

'जति कम दिन लाग्छ त्यति बढता खुशी मलाई हुन्छ । मेरो कपासको रोपाइँ पछि भएकोले फसल पनि पछि नै पर्छ ।'

'मिस्टर, ज्याला कति दिने त ?'

'नब्बे सेन्ट ।'

'हामी टिपौंला । मानिसहरूले भनेको मैले सुनेकी छु कि अर्को साल ज्याला पचहत्तर या साठी सेन्टमा ओर्लने छ ।'

'मैले पनि त्यस्तै सुनेको छु ।'

आमाले भनिन् । मानिसहरूलाई मुश्किल पर्ने छ ।'

'मलाई थाहा छ अवश्य मुश्किल पर्नेछ । म जस्तो सानो मानिसले केही पनि गर्न सक्तैन । संघले तोकेको दर मुताबिक हामीले गर्नु परिहाल्छ । केही गरी नगरेको खण्डमा हामीले खेत पाउँदैनौं । स-साना मानिसहरूको जहिले पनि घुइँचो भैरहन्छ ।'

कुरा गर्दागर्दै उनीहरू शिविरनिर आइपुगे । आमाले भनिन् । 'हामीहरू आऔंला त्यहाँ । यहाँ कपास टिप्ने काम धेरै बाँकी छैन ।' तिनी गाडी-घरको पल्लो छेउमा सानो फल्याकको भऱ्याङ चढेर गइन् । लालटीनको न्यून आलोकले गाडी-घरमा धमिलो छायाँ फ्याक्यो । बा, काका जान र एउटा अधवैंसे मानिस भित्तामा अडेस लाएर पलेंटी मारी बसिरहे ।'

आमाले भनिन् । 'ऐ श्रीमान् वेनराइट, साँझको नमस्कार ।'

त्यसले कोमल चटक्क परेको मुख माथि उठायो । उसका नेत्र आँखि-भुइँको

घेरामुनि भित्र गडेका थिए । उसको कपाल नीलो-सेतो रंगको भएर राम्रै थियो । उसका जुंगा-दाह्री सेतै थिए । त्यसले भन्यो । 'महाशया, साँझको नमस्कार छ ।'

आमाले भनिन् । 'भोलि हामीले एक माइल उत्तरतिर गएर बीस माइल एकड भूमिमा कपास टिप्न जानु छ ।'

बाले भन्नुभयो । 'ट्रक लिएर जानु बेस होला । बढता टिप्न पाइन्छ ।'

वेनराइटले आफ्नो मुन्टो उत्सुकतासँग उठाएर भन्यो । 'हामीहरूले पनि टिप्न सक्छौं ?'

'किन नसक्नु, जरूर सक्छौ । त्यो मानिससित म अलिकति परसम्म एक साथ गएर आएँ । त्यो कपास टिप्नेहरूको खोजीमा आइरहेको थियो ।'

'यहाँ त कपास प्रायः सिद्धिसकेको छ । पातलो भैसक्यो । निम्न कोटिको मात्र बाँकी छ । त्यस्ता कपास टिपेर आर्जन गर्न मुश्किल पर्नेछ । पहिलो बाजि टिप्दा राम्रै आर्जन भएको थियो ।'

आमाले भनिन् । 'तिम्रो परिवार पनि हामीसित जान सक्छ । पेट्रोलको खर्च भाग लगाउनु पर्छ ।'

'महाशया, त्यो तिम्रो मित्रतापूर्ण व्यवहार हो ।'

आमाले भनिन् । 'यसले हामी दुवै परिवारको खर्च बचाउँछ ।'

बाले भन्नुभयो । 'श्रीमान् वेनराइटको एउटा दुःख छ । त्यही दुःख पुकार्न हामी कहाँ आइरहेछन् । त्यसबारे हामीहरू कुरा गर्दै थियौं ।'

'के हो त त्यो कुरा ?'

वेनराइटले तलतिर हेरेर भन्यो । 'हाम्री छोरी एग्गी ठूली भैसकिन् । तिनी सोह्र वर्षकी भइन् ।'

आमाले भनिन् । 'एग्गी राम्री लडकी ।'

बाले भन्नुभयो । 'उसको कुरा सुन-न ।'

'अँ, उनी र तिम्रो छोरा आल हर राति डुल्न जान्छन् । एग्गी एउटी असल र स्वस्थ लडकी छिन् । उनलाई एउटा लोग्नेको आवश्यकता परिरहेको छ । लोग्ने नपाएपछि तिनलाई दुःख हुनेछ । हाम्रो परिवारमा कहिले पनि दुःख आएको थिएन । तर अहिले हामीहरू गरीब भएकोले म र मेरी श्रीमतीलाई चिन्ता लागि-रहेको छ । हामीलाई दुःख पऱ्यो भने ?'

आमाले डसना बेरीकन त्यसमाथि बसेर सोधिन् । 'उनीहरू अहिले पनि बाहिर गइरहेका छन् ?'

वेनराइटले भन्यो । 'राति जहिले पनि बाहिर रहन्छन् उनीहरू ।'

'हँ, आल त बेस लडका हो । हिजो-आज नीच भएर गएछ क्यारे । तर त्यो त बेस स्थिर लडका हो । त्योभन्दा बेस लडका मैले इच्छा गरिनँ ।'

'अहो, हामी आलको विरोधमा शिकायत गरिरहेका होइनौं । हामी उसलाई मन पराउँछौं । तिनी ठूली भएकोले मेरी श्रीमती र मलाई डर भएर आइरहेछ । तिमीहरू गयौ या हामीहरू गयौं भने एग्गीको कुन दश होला ? हामी आफ्नो परिवारमा कुनै लाज मान्दैनौं ।'

आमाले कोमल स्वरमा भनिन् । 'हामी तिमीहरूलाई लज्जित नपार्न कोशिश गरौंला ।'

त्यसले जुरुक्क उभिएर भन्यो । 'धन्यवाद, महाशया । एग्गी ठूली भैसकेकी लडकी छिन् । उनी असल र बेस छिन् । हाम्रो लाज बचाई दिएमा हामी तपाईंलाई अवश्य धन्यवाद दिनेछौं । एग्गीको केही दोष छैन, तिनी ठूली भैसकिन् ।'

आमाले भनिन् । 'बाले आलसँग कुरा गर्नु हुनेछ । केही गरी बाले कुरा नगरे म कुरा गरुँला ।'

वेनराइटले भन्यो । 'रात्रिको नमस्कार । हामी तपाईंलाई अवश्य धन्यवाद

दिन्छौं ।' त्यो पर्दाको छेउतिर गयो । गाडीको अर्को छेउमा गई आफूले दूतको काम गरेर आएको परिणाम त्यसले मधुर स्वरमा भनिरहेको उनीहरूले सुन्न सके ।

आमाले एक छिन सुनेर भनिन् । 'तिमीहरू यता आएर बस ।'

बा र काका जान पलेंटी मारेर बसेको ठाउँबाट बोझासँग उठेर आमाको नजीक डसनामा बस्न गए ।

'केटाकेटीहरू कहाँ छन् ?'

बाले कुनाको डसनामा औंल्याएर देखाउनुभयो । 'रूठीले विनफिल्डमाथि झम्टेर टोकिन् । दुवैल ई पल्टाइदिएँ । दुवै सुते होलान् । रोसाशर्न उनले चिनेकी एउटी भद्र महिलासँग बस्न गइन् ।'

आमाले सुस्केरा हालेर मधुर स्वरमा भनिन् । 'मैले टामसित भेटेर उसलाई टाढा ठाउँमा पठाइदिएँ ।'

बाले बिस्तारै मुन्टो हल्लाउनुभयो । काका जानले आफ्नो चिउँडो छातीतिर लगे । बाले भन्नुभयो । 'त्यसले केही पनि गर्न सकेन । जान, त्यसले केही गर्न सक्छ भन्ठान्छौ तिमी ?'

काका जानले माथि हेरेर भने । 'म केही पनि विचार गर्न सक्तिनँ । आफूलाई त म बिउँझिरहेको जस्तो लागेन ।'

आमाले भनिन् । 'टाम असल लडका हो ।' तिनले क्षमा-याचना गर्दै भनिन् । 'मैले आललाई नराम्रो कुरा भन्ने उद्देश्यले ऊसँग कुरा गर्छु भनेको होइन ।'

बाले शान्तपूर्वक भन्नुभयो । 'मलाई थाहा छ । म आफैं असल छैन । अब कहिले आफ्नो नहुने घरको बारे विचार गरेर म आफ्नो समय काट्छु ।'

आमाले भनिन् । 'आफ्नो घरभन्दा यही राम्रो र असल छ ।'

'मलाई थाहा छ । मैले त्यस्तो कहिल्यै ठानेको छैन । किनभने मेरो मनमा सरपतका पात अहिले कसरी झरेका होलान् भन्ने विचार आइरहेछ । कहिलेकाहीं दक्षिणतिर बारेको ठाउँमा भएको प्वाल टाल्ने विचार आइरहन्छ । यो मजाको कुरा छ । आइमाईले परिवारको जिम्मा लिइरहेको । हामीले यो काम गरुँला तथा हामी त्यहाँ जाऔंला भनेर आइमाईले भनिरहेका हुन्छन् । र मलाई ती कुरामा केही परवाह हुँदैन ।'

आमाले रमाइलोसँग भनिन् । 'लोग्नेमानिसलेभन्दा आइमाईले झन् राम्रो-सँग परिवर्तन गर्न सक्छन् । आइमाईको पाखुरामा आफ्नो जिन्दगी हुन्छ । मानिसको तमाम जिन्दगी नै उसको टाउकोमा हुन्छ । यस कुरामा त्यतिको ध्यान नदिनोस्– अर्को साल हामीले एउटा ठाउँ पाउन सक्छौं ।'

बाले भन्नुभयो । 'अहिले हामीसित केही छैन । यतिका दिन भैसक्यो हामीले न कुनै काम पायौं न कुनै फसल नै । अब के गर्ने हामीले ? अब हामीले के खाएर जीवन धान्ने ? र म भन्छु कि अब रोसाशर्नले पनि बच्चा पाउने बेला आइसक्यो । यस्तो विचारसम्म गर्न पनि मलाई मन पर्दैन । हाम्रो जिन्दगी समाप्त भएको जस्तो लाग्छ ।'

आमाले मुस्काएर भनिन् । 'अँहैं, जिन्दगी समाप्त भएको छैन, बा । आइमाईले जान्नु पर्ने एउटा बढता कुरा त्यही रहेछ भनी म बुझ्छु । मानिसको जिन्दगी झट्का-मय छ । बच्चा जन्मन्छ र मानिस मर्छ, त्यो झट्का हो । खेत पाउँछ र गुमाउँछ, त्यो झट्का हो । आइमाईको जिन्दगी खोला, स-साना भुमरीहरू, स-साना झर्नाहरू जस्तै प्रवाहमय छ । आइमाई आफ्नो जिन्दगीलाई नदी सरह ठान्छे । हामी मरणा-सन्न छैनौं । मानिसहरू परिवर्तनशील छन् । अतएव उनीहरू अलि-अलि परिवर्तन गर्दै अगाडि बढ्दै जान्छन् ।'

काका जानले सोधे । 'तिमीले त्यो कुरा कसरी भन्न सकेकी ? हरेक कुरालाई अघि बढ्नमा रोक्न नदिने केले हो ? सबै मानिसलाई थकाइ लाग्न र परित्याग गर्न नदिने केले हो ?'

आमाले विचार गरिन् । तिनले एउटा हातको चम्कने पीठलाई अर्को हातको पीठमा रगड्दै, दायाँ हातका औंलाहरू बायाँ हातका औंलाहरू बीच घुसार्दै भनिन् ।

'यो भन्नु गाह्रो छ । हामी जो कुछ गर्छौं त्यो अगाडि बढ्ने उद्देश्यले गरेको जस्तो लाग्छ मलाई । भोक, प्यास तथा बिमारीले पनि हामीलाई अगाडि धकेल्छन् । कोही मरेर जान्छन् तर नमर्नेहरूको जिन्दगी त सारो छ । जिन्दगीमा बाँच्नको निम्ति प्रयास गर्नु पर्छ ।'

काका जानले भने । 'तिनी मात्र त्यस बेला नमरेकी भए–'

आमाले भनिन् । 'बाँच्ने प्रयास गर । मनमा चिन्ता नलेऊ ।'

बाले भन्नुभयो । 'आगुँ राम्रो हुनसक्छ र घर फर्कन पाउन सकिन्छ ।'

आमाले भनिन् । 'सुन ।'

सानो तेर्स्याइएको भन्याङमा पाइलाको आवाज सुनियो । आलले पर्दाभित्र देखा परेर भन्यो । 'ए, तिमीहरू सुतिसक्यौ भन्ठानेको ।'

आमाले भनिन् । 'आल, हामीहरू कुरा गरिरहेका । आऊ यहाँ बस ।'

'हुन्छ । मलाई पनि कुरा गर्नुछ । मैले चाँडै नै यहाँबाट जानु पर्नेछ ।'

'तिमी जान पाउँदैनौ । हामीलाई तिम्रो आवश्यकता पर्छ । तिमी किन जानु पर्‍यो ?'

'अँ, मैले एग्गी वेनराइटसित बिहे गर्ने विचार गरें । र म ग्यारेजमा एउटा काम पाउँदै छु । केही दिनलाई हामी एउटा घर भाँडामा लिंदैछौं र–' त्यसले धम्काउने भावनाले माथि हेरेर भन्यो । 'अँ, हामीहरूले निश्चय गरिसक्यौं । कसैले रोकेर हामीहरूलाई रोक्न सक्तैन !'

सबै उसलाई घुरेर हेरिरहे । अन्तमा आमाले भनिन् । 'आल, हामीलाई खुशी छ, ज्यादै खुशी छ ।'

'तिमीहरू खुशी छौ ?'

'किन, हामीहरू अवश्य खुशी छौं । तिमी ठूलो भैसक्यौ । तिमीलाई स्वास्नी

चाहिन्छ । तर, आल अहिले नजाऊ ।'

त्यसले भन्यो । 'मैले एग्गीलाई वचन दिइसकें, हामी जाने भनेर । हामी अड्न सक्तैनौं ।'

आमाले बिन्ति गरेर भनिन् । 'वसन्त ऋतुसम्म नजाऊ । वसन्त ऋतुसम्म अड्न सक्तैनौ ? तिमी गएपछि ट्रक कसले हांक्छ ?'

'अँ–'

श्रीमती वेनराइटले पर्दाबाट टाउको छिराएर सोधिन् । 'तिमीले सुन्यौ ?'

'अँ, भर्खर सुनें ।'

'अहो, हामीसित एउटा केक भए हुने थियो– एउटा केक या अरू कुनै खानेकुरो ।'

आमाले भनिन् । 'केही कफी र लिट्टी बनाउँछु म । हामीकहां सिरप छ ।'

श्रीमती वेनराइटले भनिन् । 'अहो ! उसोभए लिट्टीमा हाल्नलाई म चिनी ल्याउँछु ।'

आमाले चूलोमा सुकेका हांगा भांचेर घुमाइन् र चूलोमा बांकी रहेको कोइलाले हांगा सल्कियो । गँगटाहरू आए जस्तै रूठी र विनफिल्ड आफ्नो ओछ्यानबाट बाहिर निस्के । एक छिन उनीहरू होशियार भए । उनीहरू अझै अपराधी जस्तै थिए कि भनेर आफैंले हेर्न थाले । कसैले वास्ता नगरेपछि उनीहरू सूरा भए । रूठी भित्तामा अडेस नलाईकन एउटा पाइलाले टेकेर ढोकासम्म उफ्रँदै गइन् ।

आमाले एउटा बटुकोमा पीठो खन्याइरहँदा रोज आब शारन सानो भन्याङ उक्लेर आइन् । तिनीले होशियारीसाथ बिस्तारै अगाडि बढेर सोधिन् । 'के कुरा भैरह्यो ?'

आमाले कराएर भनिन् । 'किन, एउटा खबर छ ! आल र एग्गी

वेनराइटको विवाह हुने उपलक्षमा हामीले एउटा सानो प्रीति-भोज मनाउन लागेका छौं ।'

रोज आब शारन बिलकुल चूप लागेर उभीकन आललाई बिस्तारै हेर्न थालिन् जो अलमलिएर के गरूँ-के गरूँ भएर उभिरह्यो ।

श्रीमती वेनराइटले गाडी-घरको पल्लो छेउबाट कराएर भनिन् । 'म एग्गीको निम्ति नयाँ लुगा हाल्दैछु ।'

रोज आब शारन बिस्तारै फर्केर खुला ढोकामा पुगिन् । उनी सानो भन्याङ-बाट घस्रेर तल ओर्लिन् । तल जमीनमा पुगेपछि उनी बिस्तारै खोलाको बगलतिर गैरहेको गोरेटोबाट गइन् । अघि आमा गएको बाटो लागेर उनी सरपतको झाडमा पुगिन् । स्थिरसँग हावा लागेकोले झाडहरूबाट स्वाइँ-स्वाइँ आवाज निस्क्यो । रोज आब शारन घुँडा टेकेर झाडहरूमा घस्रेर गइन् । जामुनको लहराले उनको मुख मात्र काटेको होइन अपितु कपाल पनि लुछ्यो । तैपनि तिनले वास्तै गरिनन् । झाडले उनको सम्पूर्ण आङमा स्पर्श गरेपछि मात्र तिनी थामिइन् । आफ्नो पीठ पसारेपछि पेटभित्रको बच्चाको भार तिनले थाहा पाउन लागिन् ।

प्रकाश नभएको गाडी-घरमा आमा चल्न थालिन् । सिरक फालेर तिनी जुरुक्क उठिन् । त्यो गाडी-घरको खुला ठाउँमा ताराको धमिलो प्रकाश अलि-अलि भित्र छिरेको थियो । आमाले ढोकानिर गएर बाहिरतिर हेरिन्, पूर्वतिर ताराहरू मलिन देखिएका थिए । हावा सरपतको झाडमा बिस्तारै बग्यो र सानो खोलाबाट पानीको कलकल आवाज निस्किरह्यो । शिविरका धेरैजसो मानिस सुतिसकेका थिए । तर एउटा पालको सामु सानो आगो पिल-पिल बलिरहेको थियो । र मानिसहरू चारैतिर उभिएर आगो तापिरहेका थिए । आगो दन्केपछि आमाले उनीहरूलाई आगोको सामुन्ने उभिएर हात मलिरहेको देख्न सकिन् । अनिपछि उनीहरू पछिल्तिर हात राखेर पीठ ताप्न थाले । आमा निकै बेरसम्म आफ्नो सामुन्ने हात च्यापेर हेरि-रहिन् । विषम हावा सुइँट्ट बगेर गयो र वायु चिसो तुषारमय थियो । आमा चिसोले कामेर हात मल्न थालिन् । बिस्तारै पछिल्तिर गएर तिनी लालटीनको बगलमा सलाइ छाम्न थालिन् । लालटीनको ढकनी क्रेंच्च आवाज आउने गरी माथि तानेपछि तिनले बत्ती बालीकन एक छिन बत्ती ठूलो भएर नआएसम्म हेरिरहिन् । चूलोमा लालटीन लगी तिनी सुकेका हाँगाहरू भाँच्न थालिन् । एकै छिनमा चिम्नीमाथि

आगो दन्कन थाल्यो ।

रोज आब शारन भद्दासँग कोल्टे फेरेर बसिन् । तिनले भनिन् । 'म उठुंला ।'

आमाले सोधिन् । 'एक छिन नतातुन्जेल किन नपल्टेकी ?'

'अँहँ, म उठ्छु ।'

आमाले बालटीनबाट कफीको भाँडा भरेर चूलोमा बसालिन् । र तिनले कराहीमा निकै चिल्लो हालेर मकैको रोटी तताइन् । तिनले सानो स्वरमा भनिन् । 'के गर्न लागेकी ?'

रोज आब शारनले भनिन् । 'म बाहिर जाँदैछु ।'

'बाहिर कहाँ ?'

'कपास टिप्न जाने ।'

आमाले भनिन् । 'तिमी सक्तिनौ ।'

'म सक्छु । म जाँदैछु ।'

आमाले नापेर पानीमा कफी हालीकन भनिन् । 'रोसाशर्न, हिजो राति लिट्टी खाँदा तिमी थिइनौ । ती लडकीले जवाब दिइनन् । 'किन कपास टिप्न चाहेकी ?' अझ कुनै उत्तर आएन । 'आल र एग्गीको लागि हो कि ? यस पटक आमाले आफ्नो छोरोलाई घुरेर हेरीकन भनिन् । 'अहो, तिमीलाई टिप्ने इच्छा भएन ।'

'म जाँदै छु ।'

'ठीक छ, तर बल नगर्नू ।'

'बा, उठ ! बिउँझेर उठ !'

बाले आँखा झिम-झिम गरेर हाइ गरीकन कराएर भन्नुभयो । 'मलाई निद्रा पुगेकै छैन । हामी सुत्दाखेरि एघार बजिसकेको थियो होला ।'

'तिमीहरू सबै उठेर नुहाई-धोई गर ।'

गाडी-घरका बासिन्दाहरू बिस्तार-बिस्तारै सजीव भएर आए । सिरकबाट बाहिर निस्केर आङ तान्दै उनीहरू लुगा लाउन थाले । आमाले दोश्रो कराहीमा नून छर्केको सुँगुरको मासु पातलो काटेर हालीकन हुकूम चलाइन् । 'बाहिर निस्केर नुहाई-धोई गर ।'

गाडीको पल्लोपट्टि छेउमा प्रकाश झलमलियो । बेनराइट-परिवारले सुकेका हाँगाहरू भाँचेको आवाज सुनियो । त्यहाँबाट आवाज आयो । 'श्रीमती जोड, हामीहरू तयारी गर्दैछौं र तयार हुनेछौं ।'

आलले असन्तुष्ट भएर भन्यो । 'हामीहरूले किन यतिको सबेरै उठ्नु परेको ?'

आमाले भनिन् । 'बीस एकड भूमिको निम्ति । त्यहाँ पुग्नु छ । यहाँ टिप्ने काम धेरै छैन । त्यहाँ अरूले टिप्नुभन्दा अघि पुग्नु पर्छ ।' आमाले उनीहरूलाई छिटो-छिटो लुगा लगाउन लाइन् तथा जलपान पनि चाँड-चाँडै गर्न लगाइन् । तिनले भनिन् । 'छिटै आएर कफी खाऊ, जानु छ ।'

'आमा, हामीले अँध्यारैमा रुवो टिप्न सक्तैनौं ।'

'उज्यालो भएपछि हामी त्यहाँ पुग्न सकौंला ।'

'बाटो भिजेकै होला ।'

'धेरै पानी परेन । आऊ, आल, कफी-सफी खाऊ । चाँडै सिध्याएर इन्जीन चालू गर ।'

तिनले बोलाएर भनिन् । 'श्रीमती बेनराइट, तिमीहरू तयार हुन लाग्यौ ?'

'खाँदैछौं । एक छिनमा तयार हुन्छौं ।'

बाहिरतिर शिविर सजीव भैसक्यो । पालहरूको सामुन्ने आगो बल्दै थियो । गाडी-घरका चूलोका पाइपहरूबाट धूँवा निस्किरहेको थियो ।

आलले आफ्नो जम्मै कफी मुखमा घोप्टाइदियो जसबाट कफीको कीट जति मुखभरि बस्न गयो । कीट थुक्तै त्यो सानो भन्याङबाट ओर्लेर तल गयो ।

आमाले बोलाइन् । 'श्रीमती वेनराइट, हामीहरू त अघिनै ठिक ठाक भैसक्यौं ।' रोज आब शारनतिर फर्केर तिनले भनिन् । 'तिमी बस्नु पर्छ ।'

ती लडकीले आफ्नो जबडा उठाएर भनिन् । 'म त जान्छु । आमा, मैले जानु पर्छ ।'

'अँ, तिम्रो सूतीको ब्याग छैन । तिमी ब्याग तान्न सक्तिनौ ।'

'म तिम्रो ब्यागमा रुवो टिपुँला ।'

'तिमीले आउनु हुन्न भनेको क्या ।'

'म जान्छु ।'

आमाले सुस्केरा हालेर भनिन् । 'मैले तिमीमाथि नजर राख्नु पर्ला । हाम्रो साथमा एक जना डाक्टर भएको भए बेस हुने थियो ।' रोज आब शारन अत्यास लागेर गाडीको यताउति हिंड्न थालिन् । तिनले एउटा हलुका कोट लाएर फेरि फुकालिन् । आमाले भनिन् । 'एउटा सिरक लेऊ । तिमीले आराम लिनु परे न्यानो पार्न हुन्छ ।' उनीहरूले गाडी-घरको पछाडि ट्रक-गाडी गर्जेको आवाज सुने । आमाले खुशी भएर भनिन् । 'हामीहरू बाहिर जानेमध्ये सबभन्दा पहिला छौं । ठीक छ, रूठी, आफ्नो थैला लेऊ । मैले तिम्रो निम्ति रुवो टिप्नलाई दिएको कमीजका थैलाहरू लिन नबिर्स ।'

अँध्यारोमा वेनराइट-परिवार तथा जोड-परिवार ट्रक चढ्न लागे । भोर हुँदै थियो तर ढीलो गतिले ।

आमाले आलसँग भनिन् । 'बायाँ फर्क । हामी जाने ठाउँमा एउटा परिचय-पाटी हुनेछ ।' अन्धकार सडकबाट उनीहरूले गाडी चलाएर लगे । र अन्य गाडीहरूले उनीहरूलाई पछ्याए । पछाडि शिविरमा परिवारहरूले भरिएका गाडीहरू प्रस्थान गर्न लागेका थिए । र गाडीहरू मूल-सडकबाट गएर बायाँतिर फर्के ।

सडकको दायाँतिर नीलो पेन्सिलले एक टुक्रा दफ्तीमा लेखेको थियो । 'कपास टिप्नेहरू चाहिएका छन् ।' आलले ढोकाभित्र पसेर खलिहानतिर गाडी लग्यो जहाँ अरू गाडीहरू पहिले नै खचाखच भरिइसकेका थिए । कपासले सेतो भएको खलिहानको छेउमा एउटा बिजुलीको चिम थियो जसको प्रकाशले तराजुहरूको बगलमा उभिरहेका एक दल नर नारीहरूलाई आलोकित गरेको थियो । उनीहरूका ब्याग पाखुरामुनि च्यापिएका थिए । कोही-कोही आइमाईहरूले थैला कुममा बोकेर आङको अघिल्तिरको भागमा ल्याएका थिए ।

आलले भन्यो । 'हामीले ठाने जस्तै हामी पहिला छैनौं ।' त्यसले ट्रकलाई एउटा वारेको ठाउँमा लगेर राख्यो । परिवारहरू तल ओर्लेर पखिरहेको दलमा मिल्न गए । अरू गाडीहरू सडकबाट भित्र पसेर एक छेउमा लाम लगाएपछि त्यसमा बसेर आएका परिवारहरू दलमा मिल्न आए । खलिहानको छेउमा बालेको बत्तीमुनि मालिकले उनीहरूलाई इशारा गरेर भित्र बोलायो ।

त्यसले भन्यो । 'हले ? तिमीहरू कति जना छौ ?'

'चार जना । विल–'

'विल ।'

'बेन्टान–'

'बेन्टान ।'

'आमीलिया–'

'आमीलिया ।'

'क्लारे–'

'क्लारे । थर्को को ? कर्मी ? कति जना छौ ?'

'६ जना ।'

तौल लेख्ने ठाउँ छोडेर त्यसले उनीहरूको नाउँ किताबमा लेखेर सोध्यो । 'आ-आफ्नो ब्याग छ ?' मसँग केही ब्याग छन् । एउटाको एक-एक डलर पर्छ । र गाडीहरू खलिहानमा ओइरिंदै आए । मालिकले छेउ-छेउमा भेडाको भुत्ला भएको चमडाको जाकेट लाएर घाँटीसम्म तान्यो । त्यसले डरले बाटोतिर हेरेर भन्यो । 'यी जम्मै मानिसले यो बीस एकड जमीनमा कपास टिप्न धेरै दिन लाग्ने छैन ।'

केटाकेटीहरू ठूलो कपास राखेर तानिने गाडीमा चढीकन स-साना तार भएको बगलतिर खुट्टाका औंलाहरू गाडदै थिए । त्यो गाडीको मालिकले कराएर भन्यो । 'जाऊ, तल ओर्ल । तिमीहरूले त्यो तार खुकुलो पार्नेछौ ।' केटाकेटीहरू अलमलिएर चुप लागीकन बिस्तारै ओर्ले । भोर भयो । त्यो एकडको मालिकले भन्यो । 'ठीक छ । जाने मन छ भने जाऊ, गएर काम गर । धेरै उज्यालो भैसक्यो । देख्छौ अब ।'

मानिसहरू छिटछिटै कपासको खेतमा गई पंक्तिहरूमा बसे । उनीहरू थैला आ-आफ्नो कमरमा बाँधेर औंलाहरू चाँडै-चाँडै चलाउनको निम्ति सारो भैराखेका औंलाहरू न्यानो पार्नलाई दुवै हातले थपडी मार्न लागे । पूर्वीय पहाडहरूमा भोरले लालिमा छन्यो । अनि त्यो विशाल लाम पंक्तिहरूमा बांधियो र खलिहान नभरिए-सम्म मूल-सडकबाट गाडीहरू भित्र ओइरिंदै आए । खलिहान भरिएपछि गाडीहरू सडकका दुवैपट्टि राखिए । खेतमा हावा तेज गतिले बग्न थाल्यो । मालिकले भन्यो । 'तिमीहरू सबैले कसरी पत्ता लगायौ, मलाई थाहा नै छैन । अंगूरका लहरा जति भने पनि पाइएलान् । यो बीस एकड त म मध्यान्हसम्ममा सिद्धिने छ । के नाउँ ? ह्यूम ? कति जना ?'

मानिसहरूको लाम खेतको वारपार गयो र प्रबल स्थिर पश्चिमबाट आएको हावाले उनीहरूको लुगा उडायो । उनीहरूका औंलाहरू निस्किरहेका बीज कोषतिर

छिटो-छिटो गई आफ्ना पछाडि बोझा हुँदै गैरहेका लामा ब्यागहरूमा तीव्र गतिले जान थाले ।

बाले आफ्नो दायांतिरको पंक्तिमा भएको मानिससँग भन्नुभयो । 'घर फर्कंदा यस्तो हावा आएपछि हामीहरूलाई पानीले भेट्टाउन सक्छ । पानी पर्नलाई अलि तुषार भएको जस्तो बुझिन्छ । यहाँ आएको कति दिन भयो ?' यो कुरा बोल्दाबोल्दै उहाँले आफ्ना आँखा कामैतिर लगाउनु भयो ।

उहाँको छिमेकीले माथि नहेरीकन भन्यो । 'म यहाँ आएको झण्डै एक वर्ष हुन लाग्यो ।'

'पानी पर्न लागेको छ ?'

'भन्न सकिन्न । भन्न नसकेर केही अपमान पनि त हुँदैन । जिन्दगीभरि यहाँ बस्ने मानिसहरूले त भन्न सक्तैनन् । फसलको बीचमा पानी पर्न सक्छ भने पानी पर्ला । यहाँका मानिसहरू यस्तै भन्छन् ।'

बाले झटपट पश्चिमतिरका पहाडहरूमाथि अवलोकन गर्नुभयो । ठूलठूला बादलहरूले पहाडमाथि घेरा हाल्दै थिए । बतास शीघ्र गतिले चलिरहेको थियो । उहाँले भन्नुभयो । 'ती बादलहरूमा पानी भएको जस्तो बुझिन्छ ।'

उहाँको छिमेकीले छड्के नजरले हेरेर भन्यो । 'भन्न सकिन्न ।' र पंक्तिहरूका मानिसहरू फर्केर बादल हेर्न लागे । र फेरि उनीहरू आ-आफ्नो काममा ध्यान दिन थाले । उनीहरूका हात कपासमा उडेर गए । उनीहरू टिप्नमा, समय र कपासको बोझमा, पानी तथा परस्परमा तँछाड-मछाड गर्न थाले । त्यो सबै बढी-से-बढी कपास टिप्नको लागि तथा अधिकाधिक आर्जन गर्नको निम्ति गर्नु परेको थियो । उनीहरू खेतको पल्लोपट्टि आएर नयाँ पंक्ति भेट्टाउनलाई दौड्न थाले । अब हावातिर उनीहरूको मुख पऱ्यो र उनीहरूले माथि आकाशमा बादलहरू बगेर अरुणोदयतिर बढिरहेको देख्न सके । र धेरै गाडीहरू सडकको बगलमा पडिरहेका देखिए र नयाँ कपास टिप्नेहरू चेक गराउनको लागि आए । मानिसहरूको लाम पागलसरह खेत पार गरेर गई छेउमा कपास तौल्न लगाउनको साथसाथै चिन्ह पनि लगाउन लगाए । तौल कति छ भन्ने कुरा आफ्नो किताबमा लेखिसकेपछि उनीहरू नयाँ पंक्तिहरूको लागि दौड्न थाले ।

एघार बजेतिर खेतको जम्मै कपास टिपी सिद्धियो । तार बेरिएका तानेर लानै गाडीहरू त्यस्तै अरू गाडीहरूमा अंकुश लगाएर मूल सडकबाट गई कपासको बोझ उचाल्ने मेशीनतिर हिंडे । बेरिएका तारको बीचबाट मिहीन कपासहरू हावाले उडाएर लगी सडकको बगलमा उम्रेका घाँसहरूमा अल्झेर हल्लिन थाले । कपास टिप्नेहरू उदासीनताले खलिहानमा जम्मा भई पारिश्रमिक पाउनको निम्ति एक लाममा उभिन थाले ।

'ह्यूम, जेम्स– बाइस सेन्ट । रैल्फ– तीस सेन्ट । जोड, टामस– उनान्सय सेन्ट । विनफिल्ड– पन्ध्र सेन्ट ।' पारिश्रमिकस्वरूप दिइएको दाम नोटको पुलिन्दा, चाँदीका सिक्का, पाँच-पाँच सेन्ट र पेनीको रूपमा थियो । हरेकले पारिश्रमिक पाउँदा आ-आफ्नो किताबमा रुजू गरेर हेरेको थियो । 'वेनराइट, एगनेस– चौंतीस सेन्ट । टाबिन– त्रिसट्ठी सेन्ट ।' त्यो लाम बिस्तारै गयो । परिवारहरू चूप लागेर आ-आफ्नो गाडीमा गए । उनीहरूले बिस्तारै गाडी हाँकेर लगे ।

जोड-परिवार र वेनराइट-परिवारहरू बाटो साफ भएपछि गाडी चलाएर लानलाई ट्रकमा पर्खेर बसिरहे । उनीहरू पर्खिरहँदा पानीका थोपाहरू आउन थाले । आलले हातमा थापेर हेर्नलाई गाडीबाट हात बाहिर निकाल्यो । रोज आब शारन बीचमा तथा आमा बाहिरतिर बसिन् । ती लडकीका नेत्र फेरि कान्तिहीन भए ।

आमाले भनिन् । 'तिमी नआउनु पर्ने । तिमीले दस-पन्ध्र पाउण्डभन्दा बढी टिपिनौ ।' रोज आब शारनले आफ्नो प्यात्त निस्केको भूँडीमा अवलोकन गरिन् तर केही जवाब दिइनन् । अकस्मात् कामेर तिनले आफ्नो टाउको माथि उचालिन् । आमाले उनलाई घुरेर हेरेपछि आफ्नो सूतीको ब्याग बेरिराखेको फुकालेर रोज आब शारनका कुमहरूमा फैलाईकन उनलाई आफ्नो नजीक तानिन् ।

बल्ल बाटो साफ भयो । आलले मूल-बाटोमा आफ्नो गाडी चलाएर लग्यो । रोकी-रोकीकन परिरहेका ठूल-ठूला पानीका थोपाहरू सडकमा जोर-जोरसँग वर्षन थाले र ट्रक-गाडी चलेर गएपछि पानीका थोपाहरू झन् साना भए र छिटो-छिटो पर्न थाले । वर्षाले ट्रक गाडीमाथि यस्तो जोरसँग पिट्न थाल्यो कि यसको आवाज आवाज थोत्रो भैंसकेको गाडीको आवाजभन्दा बढी सुनिन थाल्यो । वेनराइट-परिवार र जोड-परिवार ट्रकको ओछ्यानमा बसेर सूतीका ब्यागहरूले आ-आफ्नो मुन्टो र कुम छोप्न थाले ।

रोज आब शारन आमाको पाखुरामा साफसँग काम्न थालेपछि आमाले कराएर भनिन् । 'आल, अलि छिटो चलाऊ । रोसाशर्नलाई जाडो भयो । उनको पैतालामा तातो पानीले सेक्नु पन्यो ।'

आलले ख्याट-ख्याट आवाज आइरहेको मोटर-गाडीको गति बढाएर लग्यो । आफ्नो शिविरमा आइपुगेपछि त्यसले ट्रकलाई रातो गाडी-घर नजीक हाँकेर लग्यो । गाडी राम्रोसँग थामिनुभन्दा अगाडि आमाले हुकूम चलाएर भनिन् । 'आल, तिमी, जान र बा सरग्तको झाडमा गई सुकेका हाँगाहरू जति सक्छौ त्यति लिएर आउनू । हामीहरूले न्यानो पार्नुछ ।'

'गाडीको छत चुहिएको भए मलाई आश्चर्य लाग्नेछ ।'

'अँहँ, चुहिएको भनेको होइन । तर हामीलाई न्यानो पार्न दाउराको दरकार परेको छ । रूठी र विनफिल्डलाई पनि साथमा लिई जानू । उनीहरूले हाँगा-साँगा बोक्न सक्छन् । यी लडकीलाई सन्चो भएन ।' आमा गाडीबाट बाहिर निस्किन् । रोज आब शारनले पछ्याउन खोजिन् तर उनको घुँडा शक्तिहीन भएर उनी गाडी बाहिरको फल्याकमा फ्यात्त बसिन् ।

मोटी श्रीमती वेनरा टले उनलाई देखेर भनिन् । 'के भो ? उनले बच्चा पाउने समय आइपुग्यो ?'

आमाले भनिन् । 'अँहँ, आइपुगेको जस्तो लागेन । उनलाई ठण्डी लाग्यो । सहायता देऊ । दिन्छौ ?' दुवै आइमाईले रोज आब शारनलाई सघाए । केही पाइला गैसकेपछि उनको बल फर्केर आयो– उनका खुट्टाले शरीरको बोझ थाम्न सके ।

तिनले भनिन् । 'आमा, मलाई ठीक भयो । एक-दुइ मिनेट मात्र मलाई ठीक भएन ।'

दुवै बूढीहरूले उनका कुहिनामा हातको आड दिए । आमाले बुद्धिमत्तापूर्वक भनिन् । 'पैतालामा तातो पानी दिने ?' उनीहरूले उनलाई सानो भन्याङबाट गाडी-घरमा जान सघाए ।

श्रीमती वेनराइटले भनिन् । 'तिमी उनको खुट्टा मल । म आगो बाल्छु ।' तिनले अन्तिम हाँगा बालेर चूलोमा आगो जोरिन् । अब वर्षा भयो अनि गाडीको छतमा पानीका थोपाले हान्न थाले ।

आमाले छानामा हेरेर भनिन् । 'ईश्वरलाई धन्यवाद छ कि हामीले राम्रो छत पाएका छौं । जस्तै असल भए पनि ती पालहरू चुहिन्छन् । श्रीमती वेनराइट अलिकति पानी हाल ।'

रोज आब शारन एउटा डसनामा नचलीकन पल्टिरहिन् । उनीहरूले जुत्ता फुकालेर पैतालाहरू मल्दा उनी चूप लागिरहिन् । श्रीमती वेनराइटले उनीमाथि झुकेर सोधिन् । 'तिमीलाई दुख्छ ?'

'अँहँ, चैन छैन, बेचैनी भइरहेछ ।'

श्रीमती वेनराइटले भनिन् । 'मसित नदुख्ने औषधि छ, तिमीलाई चाहिन्छ भने म दिन्छु, खुशीसाथ दिन्छु ।'

ती लडकी जोरसँग कामिन् । तिनले भनिन् । 'मलाई छोप, जाडो भएर आएको छ ।' आमाले भएभरका जम्मै सिरक ल्याएर उनलाई ओढाइदिइन् । छाना-माथि पानी जोरसँग वर्ष्यो ।

दाउरा खोज्न जानेहरू पाखुराभरि सुकेका दाउरा लिएर फर्के । उनीहरूको ह्याट र कोटबाट पानी तप-तप चुहिरहेको थियो । बाले भन्नुभयो । 'जीजसको शपथ, जम्मै दाउरा भिज्यो । एकै छिनमा सुक्छ ।'

आमाले भनिन् । 'गएर धेरै दाउरा लिएर आऊ । यो चाँड-चाँडै बल्छ ।' रूठी र विनफिल्ड भिजेर निश्रुक्क भए । उनीहरूले लिएर आएका दाउरा थुप्रो-माथि फालियो । उनीहरू दाउरा लिन जानलाई फर्केपछि आमाले हुकूम चलाएर भनिन् । 'तिमीहरू बस । आगोनिर उभिएर लुगा सुकाऊ ।'

त्यस दिन दुइ-प्रहरमा पानी परेकोले सडकहरू पानीले टल्केका थिए । घण्टै-पिच्छे कपासका बोटहरू कालो भएर सुकेर गएका जस्ता देखिन्थे । बा आल र काका जान झाडहरूमा फेरि-फेरि पनि गएर सुकेका दाउराका भारी लिएर आए ।

उनीहरूले सुकेका दाउरा ढोकानिर थुपार्दाथुपार्दै झण्डै दलिन छुन लागेपछि लिन जान छोडेर चूलोतिर गए । उनीहरूको ह्याटबाट पानी चुहिएर कुममा बगिरहेको थियो । उनीहरूको कोटको फेदबाट पानी चुहिरहेको थियो र हिड्दा जुत्ता छ्वाइँ-छ्वाइँ गर्थ्यो ।

आमाले भनिन् । 'अब त्यो लुगा फुकाल । मैले तिमीहरूको निम्ति राम्रो कफी तयार पारेकी छु । ओवरअल लाएर आगो ताप । त्यहाँ न उभिऊ ।'

छिटै साँझ भयो । गाडी-घरहरूमा परिवारहरू गुजमुज्ज बसेर छानामा ओइरि-रहेको पानीको आवाज सुनेर बसिरहे ।

उनन्तीसौं अध्याय

अग्ला पहाडहरूको किनारामा तथा उपत्यकाहरूमाथि सागरबाट बादलहरू आएर घेर्न थाले । माथि आकाशमा बतास जोरसँग चल्यो, झाडमा सुइँ-सुइँ गरेर बग्यो तथा जंगलमा गर्जन थाल्यो । बादलहरू टुक्रेर, गुच्छा-गुच्छा, तह-तह भएर तथा चट्टानको आकार लिएर आउन थाले । तिनीहरू एकै ठाउँमा थुप्रेर पश्चिमतिर फैलिन थाले । हावा आउन छोडेपछि बादलहरू गहिरा र बाक्ला भएर बस्न थाले । हावाको झोकाको साथसाथै पानी पर्न थाल्यो; रोकिइँदै, खनिइँदै पानी पऱ्यो । अनि पछि बिस्तार-बिस्तारै एकनासले स-साना थोपा गरी र स्थिर भएर पानी पर्न थाल्यो । त्यस वर्षाले दिनलाई साँझ तुल्याइदियो । पहिले त पृथ्वीले पानी शोषेर कालो हुन थाल्यो; दुइ दिनसम्म लबालब पानी नभरियुन्जेल पृथ्वी पानी पिउन थाल्यो । त्यसपछि खाल्टाहरूमा पानी जम्न थाल्यो र खेतहरू जस्ता होचा ठाउँहरूमा स-साना दहहरू बन्न लागे । हिले दहहरूको पानी माथि उठ्यो र एकनाससित परेको पानी सफा पानीमा ठोक्दै वर्ष्यो । अन्तमा पहाडहरूमा बढी पानी भएर तिनीहरूको बगलबाट पानीको भल बगेर गै खोलाहरू बन्न पुगे । ती खोलाहरू र स-साना नदी-हरूले किनारातिर बढेर सरपत र रूखका जराहरूमा खन्न थाले; सरपतहरू पानीको धारले गर्दा झुके, र रुवोका जराहरू काटेर बोटहरू ढले । हिले-पानी बेगले घुम्दै किनारा लागेर किनारा पार गरी खेतहरू, फलोद्यानहरू, तथा कपासका डाँठहरू भएका खेतहरूमा बगेर गयो । समथल खेतहरू चौडा दह बने र त्यसको माथिल्लो सतहमा पानी जोरसँग बर्स्यो । त्यसपछि पानीले मूल-सडकमा बाटो बनायो र गाडी-हरू पानी काटेर गई बिस्तारै अगाडि बढे । गाडीहरू गएपछि बाटो हिलोले लतपत भयो । पानीको दर्काइले जमीनमा कानेखुसी गरेको जस्तो आवाज आयो र खोला-हरूको गर्जन सुनियो ।

वर्षाको शुरू शुरूमा आफ्नो देश छोडेर आएका मानिसहरूले पालमा गुजमुज्ज

भई बसेर भने । 'पानी छिटै थामिने छ ।' उनीहरूले फेरि सोधे । 'पानी कति बेर परिरहन सक्छ ?'

खाल्टोहरूमा पानी भरिएपछि मानिसहरू कोदाली लिई पानीमा गईकन पालहरूको वरिपरि स-साना बाँधहरू बनाउन थाले । बसिरहेको पानी पालहरू भिजाईकन भित्र छिरेर गई खोला जस्तै बग्न थाल्यो । स-साना बाँधहरू बगाएर लगेपछि पानीले पालभित्र पसेर ओछ्यान र सिरकहरू भिजाइदियो । मानिसहरू भिजेकै लुगाले बस्न थाले । उनीहरूले वरिपरि बाकसहरू राखीकन त्यसमाथि फल्याक तेर्साई दिन-रात त्यसैमा बसेर गुजारा गर्न थाले ।

पालहरूको बगलमा पुराना गाडीहरू राखिएका थिए । वर्षाको पानीले इन्जिन तातो पार्ने तार मात्र बिगारेको होइन अपितु कारब्युरेटर इन्जिन समेतलाई नष्ट पारिदियो । स-साना खैरा पालहरू दहहरूको बीचमा परे । अन्तमा मानिसहरू त्यो ठाउँ छोड्न बाध्य भए । तर तार खिइएकोले (शट भएकोले) गाडीहरू चलेनन् । केही गरी इन्जिन चालू भए पनि पांग्राहरू हिलोमा डुब्न थाले । र मानिसहरूले आपना भिजेका सिरकहरू पाखुरामा लिएर पानी तरेर जानु पर्‍यो । बूढा-बूढी तथा केटा-केटीहरूलाई पाखुरामा उचालेर उनीहरू पानीमा छ्याप्लाङ-छ्याप्लाङ गरेर गए । र खलिहान उच्चा ठाउँमा रहेको खण्डमा निराशाले कामेर त्यस ठाउँमा मानिसहरूको घुइँचो हुन्थ्यो ।

कोही-कोही सहायता-कार्यको निम्ति खोलिराखेका अफिसहरूमा गएर उदासीनताले आपनै मानिसहरूकहाँ फर्केर आउँथे ।

त्यहाँ यस्ता नियमहरू बनाइराखिएको थियो कि कसैले सहायता पाउनु छ भने एक वर्ष अघिनै आएर त्यहाँ बस्नु पर्नेछ । मानिसहरू भन्थे कि सरकारले सहायता दिन लागेको थियो । तर सहायता कहिले दिने हो त्यो भने कसैलाई थाहा थिएन ।

र बिस्तार-बिस्तारै सबभन्दा ठूलो त्रास आई छोड्यो ।

तीन महीनासम्म कुनै किसिमको काम पाइएन ।

खलिहानहरूमा मानिसहरू गुजमुज्ज भएर बस्न थाले । उनीहरूको आकृति

डर र भयले ओतप्रोत थियो । केटाकेटीहरू भोकले रुन थाले । उनीहरूसित कुनै किसिमको खाद्यपदार्थ थिएन ।

अनि निमोनिया, आँखा र कानको पछाडि लाग्ने मीज्लज् जस्ता रोगको प्रकोप भयो ।

पानी एकनासले परिनै रह्यो । कल्भर्टबाट पानी जान नसकेकोले उच्चा ठाउँहरूमा समेत पानी चढ्न थाल्यो ।

त्यसपछि पालहरू तथा खचाखच भरिएका खलिहानहरूबाट यस्ता नैराश्य-पीडित मानिसहरूको दल निस्कन थाल्यो जसले पानी चुहिने झुत्रे लुगा तथा हिलो जमेको जुत्ता लाएका थिए । उनीहरू पानी तरेर शहरहरूमा, देहाती पसलहरूमा, सहायतार्थ खोलिराखेका अफिसहरूमा खुशामद गरेर खानेकुरो माग्न, सहायता खोज्न, चोर्न, ढाँट्न गए । माग्दा-मार्दै, खुशामद गर्दा-गर्दै नैराश्यमिश्रित क्रोध उनीहरूको मनमा सल्कन थाल्यो । र स-साना शहरहरूमा यी निराश मानिसहरूप्रति देखाइने दया क्रोधमा परिणत भयो तथा यी भोकाएका मानिसहरूप्रतिको रिस डरमा परिणत भयो । जिल्लाधीशहरूले रिसाएर राइफलहरू, अश्रु-ग्यास, गोली-गठ्ठाहरू ल्याऊ भनी उप-जिल्लाधीशहरूको दललाई अह्राए । अनि भोकाएका मानिसहरू पसलहरूको पछाडि गल्लीहरूमा खानेकुरो तथा सडेका सागहरू माग्न, मौका परे चोर्न घुइँचिएर जम्मा हुन थाले ।

निराशाले पागल जस्ता भएका मानिसहरूले डाक्टरहरूका ढोकामा मुड्कौले ठोक्न थाले; तर डाक्टरहरू व्यस्त थिए । अपशोचमा डुबेका मानिसहरूले अप-मृत्युको कारण अन्वेषण गर्ने अफिसरहरूलाई एउटा गाडी पठाइदेऊ भनी देहाती-पसलहरूमा भन्न गए । ती अफिसरहरू ज्यादै व्यस्त नभएकाले तिनीहरूले हिलोबाट गाडीहरू लगेर मरेका मानिसहरू निकाले ।

पानी बहुलट्टी पाराले परिनै रह्यो । र खोलाहरू बढेर बाँध फोरीकन देहातमा यत्र-तत्र फैलन लागे ।

झोपडीहरूमा घुइँचिएर बसिरहने, चिसो परालमा पल्टिरहने भोकाएका तथा डराएका मानिसहरू रिसाउन थाले । अनि युवकहरू बाहिर निस्के, माग्नलाई होइन

अपितु चोर्नलाई; मानिसहरू निर्बल भएता पनि चोर्न सकिन्छ कि भनेर बाहिर निस्के ।

जिल्लाधीशहरूले उप-जिल्लाधीशहरूलाई नयाँ राइफलहरू ल्याऊ भनी कड्केर हुकूम दिए । राम्रा-राम्रा घरहरूमा आरामसाथ बस्ने मानिसहरूले शुरू-शुरूमा ती नैराश्यमा डुबेकाहरूप्रति दया देखाए, अनि पछि अरुचि दर्शाए र अन्तमा घृणा ।

चुहिने खलिहानहरूको चिसो परालमा निमोनियाले स्वाँ-स्वाँ दम आउने आइमाईहरूले बच्चाहरू जन्माए । र बूढाहरू कुनामा कोचिएर मरेकाले अपमृत्युको अन्वेषण गर्ने अफिसरहरूले उनीहरूको शरीर पछि सोझो पार्न सकेनन् । राति ती बहुलाएका मानिसहरूले निडर भएर कुखुरा-खोरहरूमा गई क्वाक्क क्वाक्क कराउने कुखुराहरू चोरेर लगे । उनीहरू गोलीले हान्दा पनि भागेनन् तर पछि उदासीनताले पानीबाट भागे । र उनीहरूलाई गोली लागेको भए उनीहरू हिलैमा डुबेर मर्ने थिए ।

पानी थामियो । खेतहरूमा पानी अडिनै रह्यो । त्यसमा आकाश प्रतिबिम्बित भयो र जमीनबाट पानीको चालले कानेखुसी गरेको जस्तो आवाज निस्कन थाल्यो । मानिसहरू खलिहान र झोपडीहरूबाट निस्कन थाले । पलेंटी कसेर उनीहरूले बाढी-ग्रस्त जमीनमाथि अवलोकन गरे । र उनीहरू निस्तब्ध थिए । कहिलेकाहीं उनीहरूले धेरै शान्त भएर कुरा गरे ।

वसन्त-ऋतु नआएसम्म अब कुनै काम पाइँदैन ।

काम नपाएपछि–आर्जन हुँदैन; आर्जन नभएपछि खान पाइँदैन ।

एक जनासँग एक जोडा घोडा थियो । त्यसले ती जनावरहरूलाई हलो जोत्नमा, खेतीपाती गर्नमा तथा फसल काट्नमा प्रयोग गर्थ्यो । काम नपाएपछि त्यसले उनीहरूलाई भोकभोकै राख्ने विचार गरेन ।

यिनीहरू घोडा हुन्– हामीहरू मानिस ।

आइमाईहरूले पुरुषहरूको चाल सचेत भएर हेरिरहे । आखिरमा राम्रो समय आयो कि भनेर उनीहरू ध्यान दिएर हेर्न थाले । उनीहरू शान्त र सचेत थिए ।

एक दल मानिस कुनै ठाउँमा जम्मा भएपछि उनीहरूको मुखबाट डर बिलाएर जान्थ्यो र त्यसको ठाउँमा क्रोध आउँथ्यो । आइमाईहरूको मुखबाट छुटकाराको उच्छ्वास निस्कन्थ्यो किनभने उनीहरूलाई थाहा थियो– राम्रो मौका आएको थिएन र त्यो पनि ठीकै थियो । जहिलेसम्म लोग्नेमानिसहरूको डर क्रोधमा परिणत भैरहन्थ्यो त्यतिन्जेलसम्म राम्रो मौका कहिल्यै आउने थिएन ।

जमीनबाट स-साना घाँसका अङ्कुर निस्केर केही दिनपछि पहाडहरूमा मलिन हरियाली देखा पऱ्यो ।

तीसौं अध्याय

गाडी-घरहरूको शिविरमा पानी जमिरह्यो र त्यो हिले-पानीमा वर्षाको पानीले छयाप्यो । अलि-अलि गरेर त्यहाँ जमेको सानो खोलो त्यो होचो तल्लातिर किनारामा गयो जहाँ गाडी-घरहरू खडा थिए ।

पानी परेको दोश्रो दिन आलले गाडीको मध्य-भागमा टाँगिएको टाट झिक्यो । ऊ त्यो टाट लगेर गाडीको अग्रीम भागमा फैलाएर गाडीमा फर्केर आई आफ्नो डसनामा बस्यो । अब अलग नबसीकन दुवै परिवार एउटै भए । लोग्नेमानिसहरू मन खिन्न गरीकन एक साथ बस्न थाले । आमाले अलि-अलि हाँगाहरू बालेर चूलोमा आगो निभ्न दिइनन् । गाडी घरको प्रायः चेप्टो छानामा वर्षा भइनै रह्यो ।

तेश्रो दिन वेनराइटहरू बेचैन भए । श्रीमती वेनराइटले भनिन् । 'हामीहरू यहाँबाट हिंड्छौं ।'

आमाले उनीहरूलाई रोक्ने प्रयास गरेर भनिन् । 'कहाँ जाने, नचुहिने छाना कहाँ पाइन्छ र ?'

'मलाई थाहा छैन तर मेरो मनमा हामीले यस ठाउँलाई छोडेर जानु पर्‍यो भन्ने भावना उठिरहेछ । उनीहरूले जाने-नजाने विषयमा बहस गरे । आमाले आल-लाई सचेत भएर हेरिरहिन् ।

रूठी र विनफिल्ड एक छिन खेल्न खोजे तर उनीहरू पनि उदासीनताको आलस्यमा डुबे । पानी छतमा दकिरहेकै थियो ।

तेश्रो दिन पानी परेको आवाजको अतिरिक्त खोला बगेको आवाज पनि

सुनियो । बा र काका जान खुला ढोकामा उभिएर बढ्दै आइरहेको खोला अवलोकन गर्न लागे । शिविरको दुवै छेउमा पानी बढेर मूल-बाटोसम्म उठेर आयो तर शिविरमा यो पानीले यस्तो भल जमाइदियो कि मूल–बाटोको बाँधले पछाडितिर शिविरलाई घेरिराख्यो र खोलाले शिविरलाई अघिल्तिरबाट बन्द गरिदियो । बाले भन्नुभयो । 'जान, तिमीलाई यो कस्तो लाग्छ ? मलाई त यस्तो लाग्छ कि त्यो खाडी माथिसम्म आयो भने त्यसले हामीहरूलाई बगाएर लानेछ ।'

काका जानले मुख खोलेर आफ्नो अलि-अलि दाह्री आएको चिउँडो मल्दै भने । 'हो, त्यस्तै हुन सक्छ ।'

रोज आब शारन ठण्डीले थला परेकी थिइन् । उनको अनुहार सेतो थियो र आँखा जरोले चम्केका थिए । आमाले एक प्याला तातो दूध लिएर उनको बगलमा बसेर भनिन् । 'लेऊ, यो दूध खाऊ । यसमा सुँगुरको बोसो मिसाएको छ । यसले तिमीलाई ताकत दिन्छ । खाऊ यो ।'

रोज आब शारनले कमजोरीले आफ्नो मुन्टो हल्लाएर भनिन् । 'मलाई भोक लाग्दैन ।'

बाले हावामा आफ्नो औंलाले एउटा वाङ्गो रेखा खिचेर भन्नुभयो । 'हामी सबैले एकोटा फावडा लिएर एउटा किनारा भत्काइदियौं भने यो पानीले बाटो पाउनेछ । यो पानीले तलतिर जाने बाटो मात्र पाउनु पर्छ ।'

काका जानले समर्थन गरेर भने । 'हो, त्यस्तै हुन सक्छ । अरूहरू त्यस्तै गर्न चाहन्छन् कि चाहँदैनन् के थाहा ? उनीहरू अन्यत्र कहीं जान पो चाहन्छन् कि ।'

बाले आग्रह गरेर भन्नुभयो । 'तर यहाँ त यी गाडीहरूलाई चिसोले भेट्टाएको छैन । यहाँ जतिको चिसो नहुने ठाउँ अन्यत्र पाउन सकिन्न । पख ।' गाडी-घरमा भएको थुप्रो झाडबाट उहाँ एउटा हाँगा टिपेर सानो भऱ्याङ मुनि ओर्लि हिलो नाघेर गई खोलामा पुग्नुभयो । त्यहाँ उहाँले त्यो हाँगालाई पानीको भमरीमा छोडिदिनुभयो । एकै छिनमा आफ्नो गाडीमा फर्केर आएर उहाँले भन्नुभयो । 'जीजस, पार लगाइदेऊ ।'

पानीको छेउमा छोडेको त्यो सानो हाँगालाई दुवैले हेरिरहे । उनीहरूले

बिस्तारै त्यसलाई पानीले बगाएर किनारातिर लगेको देखे। बाले ढोकामा पलैंटी कसेर भन्नुभयो। 'छिटो-छिटो माथि आउँदै छ। मलाई लाग्छ हामीले गएर अरू मानिसहरूसँग कुरा गर्नु पर्छ। उनीहरूले बाँध भत्काउन सघाउनेछन् कि भनेर हेर्नु छ। उनीहरूले नसघाए हामीले यहाँबाट जानु पर्छ।' बाले वेनराइट परिवार बसेको लामो गाडी-घरको छेउतिर हेर्नुभयो। आल उनीहरूसँगै एग्गीको बगलमा बसिरहेको थियो। बाले उनीहरूको बगलमा गएर भन्नुभयो। 'पानी माथि आइ-रहेछ। हामीले एकातिरको बाँध फोरे कसो होला। सबैले सघाए हामीले गर्न सक्छौं।'

वेनराइटले भन्यो। 'हामी कुरा मात्र गरिरहेका छौं। हामीले यहाँबाट जानु पर्छ जस्तो लाग्छ।'

बाले भन्नुभयो। 'तिमीहरू सबै ठाउँ घुमेर आइसकेका। हामीले चिसोले नभेट्टाउने ठाउँ कहाँ पाउन सक्छौं भन्ने कुरा तिमीलाई थाहा होला।'

'मलाई थाहा छ। तर उस्तै–'

आलले भन्यो। 'बा, उनीहरू गए म पनि जान्छु।'

बाले झस्केर भन्नुभयो। 'आल, तिमी जान सक्तैनौ। हामी त्यो ट्रक चलाउन सक्तैनौं।'

'मलाई वास्ता छैन। म र एग्गी एक साथ बस्नु पर्छ।'

बाले भन्नुभयो। 'पख, यता आऊ त।' वेनराइट र अरू सबै उठेर ढोकामा आए। बाले औंल्याएर भन्नुभयो। 'देख्यौ ? उ त्यो बाँधबाट तल जान्छ पानी। उहाँले आफूले छोडेको लट्ठीमाथि अवलोकन गर्नुभयो। पानीले त्यसलाई बगाएर बिस्तारै किनारातिर लग्यो।

वेनराइटले प्रतिवाद गरेर भन्यो। 'निकै काम गर्नु पर्छ अनिमात्र पानी निखुन्छ।'

'थँ, हामीले काम गरिरहेका छैनौं। काम गर्न सक्छौं। यहाँभन्दा राम्रो ठाउँ

बस्नलाई अन्यत्र कहीं पाउँदैनौं। जाओं, हामी अरू मानिसहरूसित कुरा गरौं। सबैले सघाएमा हामीले त्यो काम गर्न सक्छौं।'

आलले भन्यो। एग्गी गएपछि म पनि जान्छु।'

बाले भन्नुभयो। 'हेर, आल, यिनीहरूले त्यस काममा सघाउँदैनन् भने हामीले यहाँबाट जानु पर्ला। जाओं, हामीहरू गएर उनीहरूसँग कुरा गरौं।' उनीहरू सानो भन्याङबाट दगुर्दै गएर नजीकको गाडी-घरको खुला ढोकाभित्र पसे।

अलि-अलि सुकेको दाउरा सानो आगोमा थप्दै आमा चूलैमा बसिरहिन्। उनको बगलैमा रूठी बसिरहिन्। उनले रोएर भनिन्। 'मलाई भोक लाग्यो।'

आमाले भनिन्। 'अँहँ, तिमीलाई भोक लागेको छैन। तिमीले निकै माड खाएकी थियौ।'

'एक बट्टा क्रैकर जैक बिस्कुट खान मन लाग्यो। नखाईकन भएन। ख्याल-ख्यालमा भनेको होइन।'

आमाले भनिन्। 'ख्यालैमा भनेको होला। पख-न। बस्नलाई घर र ठाउँ त पाओं। अनि चाँडै खान पाउलाऊ।'

रूठीले भनिन्। 'हामीसित एउटा कुकुर भए हुने थियो।'

'हामीले एउटा कुकुर मात्र किन, एउटा बिरालो पनि पाल्ने छौं।'

'पहेंलो बिरालो ?'

आमाले बिन्ति गरेर भनिन्। 'मलाई दिक्क नगर। मलाई अहिले दुःख नदेऊ, रूठी। रोसाशर्नलाई सन्चो छैन। एक छिन त तिमी राम्रो लडकी भएर बस। मजै होला।' रूठी शिकायत गरेर त्यहाँबाट गइन्।

रोज आब शारन गुटमुटिएर पल्टिरहेकी डसनाबाट जोरसँग रोएको आवाज आयो। आमा उनीकहाँ गइन्। रोज आब शारनले सास रोकिराखेकी थिइन् र

उनका नेत्रबाट त्रास झल्केको थियो ।

आमाले कराएर भनिन् । 'क्या हो ?' ती लडकीले सास छोडेर फेरि बन्द गरिन् । अकस्मात् आमाले सिरकभित्र हात घुसारेपछि तिनले उभिएर जोरसँग कराएर बोलाइन् । 'श्रीमती वेनराइट, ओ, श्रीमती वेनराट ।'

ती डल्ली डल्ली आइमाईले आफ्नो गाडी घरबाट तल ओर्लीकन भनिन् । 'मलाई बोलाएकी ?'

'हेर !' भनेर आमाले रोज आब शारनको आकृतिमा औंल्याइन् । उनको दाँतले तल्लो ओठ टोकेको थियो र निधार पसिनाले भिजेको थियो । नेत्रहरूबाट त्रासको भावना झल्किरहेको थियो ।

आमाले भनिन् । 'यिनको बखत आएको जस्तो लाग्यो मलाई । चाँडै नै आयो ।'

ती लडकी लामो उच्छ्वास छोडेर शिथिल भइन् । ओठलाई दाँतले च्याप्न छोड्यो र आँखा बन्द भए । श्रीमती वेनराइटले उनीमाथि झुकेर सोधिन् ।

'तिमीलाई आङभरि खिचेको जस्तो लाग्छ– छिटो भन ? मुख खोलेर जवाब देऊ ।' रोज आब शारनले कमजोरीले स्वीकृतिसूचक मुन्टो हल्लाइन् । श्रीमती वेनराइटले आमातिर फर्केर भनिन् । 'उनको बखत आयो । चाँडै आयो भनेकी ?'

'जरोले त्यसो भएको हुन सक्छ ।'

'अँ, तिनले उठ्नु पर्छ र यताउति डुल्नु पर्छ ।'

आमाले जवाब दिइन् । 'तिनी त्यसो गर्न सक्तिनन् । तिनको बल नै छैन ।'

'अँ, तिनले त्यसो गर्नै पर्छ ।' श्रीमती वेनराइटले आफ्नो कुशलतामा गर्व गरेर शान्त र कड़ा भएर भनिन् । 'मैले धेरै जनालाई सघाएकी छु । हामी त्यो ढोकालाई

प्रायः बन्द गरौं । हावाको झोका आउन नदेऔं ।' दुइ जना आइमाईहरूले बोझा ढोकालाई एक फुट जति खोलीकन अगाडि घचाडे । श्रीमती वेनराइटले भनिन् । 'हाम्रो बत्ती लिएर आउँछु म ।' उनको आकृति उत्तेजनाले लाल-लाल थियो । तिनले एग्गीलाई बोलाएर भनिन् । 'तिमीले यी केटाकेटीहरूको हेर-विचार गर्नू ।'

आमाले मुन्टो हल्लाएर भनिन् । 'ठीक छ । रूठी ! तिमी र विनफिल्ड एग्गीसँग जाऊ । अहिल्यै जाऊ ।'

उनीहरूले सोधे । 'किन ?'

'किनभने तिमीहरूले जानैपर्छ । रोसाशर्न बच्चा पाउन लागेकी छन् ।'

'आमा म हेर्छु । मलाई हेर्न देऊ ।'

'रूठी । तिमी जाऊ अहिले । छिटै जाऊ ।' आमाको त्यस्तो आवाजमा कुनै बहस गर्ने ठाउँ थिएन । रूठी र विनफिल्ड अनिच्छाले गाडी-घरबाट तल ओर्लें । आमाले लालटीन बालिन् । श्रीमती वेनराइटले आफ्नो रोचेस्टर बत्ती ल्याएर भुइँमा राखिन् र त्यसको ठूलो गोलाकार प्रकाशले गाडी-घरलाई राम्रोसित आलोकित गऱ्यो ।

रूठी र विनफिल्ड थुपारिएको दाउराको पछिल्तिर उभीकन च्याएर हेरिरहे । रूठीले सानो स्वरमा भनिन् । 'बच्चा पाउन लागेकी छन् र हामी हेर्न लागेका छौं । अहिले हल्ला-खल्ला नगर । आमाले हामीहरूलाई हेर्न दिने छैनन् । उनले यतातिर हेरिन् भने तिमी झाडको पछाडि लुकेर बस्नू । अनि हामीले हेरौंला ।'

विनफिल्डले भन्यो । 'धेरै केटाकेटीहरूले यस्तो कुरा देखेका छैनन् ।'

रूठीले गर्वले आग्रह गरेर भनिन् । 'हामीबाहेक अरू कुनै केटाकेटीहरूले यस्तो कुरा देखेका छैनन् ।'

बत्तीको उज्यालो प्रकाश आएको डसनामा बसेर आमा र श्रीमती वेनराइटले विचार विमर्श गरे । उनीहरूको आवाज वर्षाको आवाजभन्दा अलि ठूलो थियो ।

श्रीमती वेनराइटले आफ्नो एप्रोनको गोजीबाट एउटा चक्कु लिएर डसनामुनि राखिन् । तिनले माफी माग्ने तरीकाले भनिन् । 'यसबाट केही फाइदा नहुन सक्छ । हाम्रा मानिसहरूले सधैं यस्तै गरेर आएका छन् । जे भए पनि यसले केही नोक्सान गर्दैन ।'

आमाले स्वीकृतिसूचक मुन्टो हल्लाएर भनिन् । 'हामीहरू हलोको टुप्पाको प्रयोग गर्छौं । जुनसुकै तिखो चीजले काम देला भन्ठान्छु । त्यो तिखो चीज लामो हुनु पर्छ अनि त्यसले प्रसव-वेदना घटाउन सक्छ । यिनको प्रसव-वेदना धेरै बेर नहोस् भन्ने आशा गर्छु ।'

'तिमीलाई बेसै छ अहिले ?'

रोज आब शारनले आत्तिएर मुन्टो हल्लाईकन भनिन् । 'बच्चा आउन लागेको छ र ?'

आमाले भनिन् । 'अवश्य, राम्रो बच्चा आउन लागेको छ । तिमीले हामी-हरूलाई सघाउनु पर्‍यो । तिमी उठेर हिंड्न सक्छयौ जस्तो छ ?'

'म कोशिश गरुँला ।'

श्री मती वेनराइटले भनिन् । 'यी त असल लडकी रहिछन् । प्रिए, हामी तिमी-लाई सघाऔंला । हामी तिमीसित हिंडौंला ।' उनीहरूले उनलाई उठ्न सघाए र उनको कुममा एउटा दोलाइँ ओढाइदिए । एकापट्टि आमाले उनको पाखुरा समाइन्, अर्कोपट्टि श्रीमती वेनराइटले । उनलाई दाउरा राखेको ठाउँतिर उनीहरूले हिंडाए-पछि बिस्तारै फर्काईकन बारम्बार डुलाए । र पानीले छानामा गह्रिरोसँग बजाउँदै गयो ।

रूठी र विनफिल्डले उत्सुकतापूर्वक हेरिरहे । विनफिल्डले सोध्यो । 'तिनले कहिले बच्चा पाउने, खोइ ?'

'चूप । उनीहरूको ध्यान नखिच । हामीहरूलाई हेर्न दिने छैनन् ।'

एग्गी पनि दाउराको पछाडि बसी उनीहरूसँगै हेर्न थालिन् । एग्गीको दुब्लो

अनुहार र पहेंलो कपाल बत्तीको प्रकाशमा देखियो । र भित्तामा देखिएको उनको टाउकोको छायाँमा उनको नाक लामो र तिखो देखियो ।

रूठीले कानेखुसी गरेर भनिन् । 'तिमीहरूले कहिल्यै बच्चा जन्मेको देखेका छौ ?'

एग्गीले भनिन् । 'अवश्य देखेकी छु ।'

'अँ, तिनले कहिले बच्चा जन्माउने ?'

'अहो, अब धेरै बेर लाग्दैन ।'

'अँ, कति बेरमा ?'

'भोलि बिहान नहुँदै जन्मन सक्छ ।'

रूठीले भनिन् । 'बेकार ! उसो भए अहिले हेरेर केही फाइदा छैन ! हेर !'

डुलिरहेका आइमाईहरू थामिसके । रोज आव शारन सारो भएर गइन् । तिनी वेदनाले रुन थालिन् । उनीहरू उनलाई डसनामा सुताएर उनको निधार पुछ्न लागे । तिनी क्याँ-क्याँ रोएर मुट्ठी कस्न थालिन् । आमाले उनीसँग सानो स्वरमा कुरा गरिन् । 'सजिलो हुन्छ । सब ठीक हुन्छ, ठीक । हात जोरसँग कस । अब तिम्रो ओठ दाँतले च्याप । बेस छ– बेस छ ।' वेदना टरेर गयो । उनीहरूले उनलाई एक छिन आराम गर्न दिएपछि फेरि उठाएर तीनै जना वेदनाको बीच-बीचमा अगाडि-पछाडि हिंड्न थाले ।

बाले अलिकति खोलेको ढोकाबाट भित्र टाउको घुसार्नुभयो । उहाँको टोपबाट तप-तप पानी चुहिरहेको थियो । उहाँले सोध्नुभयो । 'किन ढोका लाएका ?' उहाँले डुलिरहेका आइमाईहरूलाई देख्नुभयो ।

आमाले भनिन् । 'उनको प्रसव बेला आयो ।'

'उसोभए हामी आउन चाहे पनि आउन सक्तैनौं ।'

'अँहँ ।'

'उसोभए हामीले त्यो बाँध बनाउनु पर्‍यो ।'

'तिमीहरूले बनाउनु पर्‍यो ।'

बा खोलाको हिलोबाट जानुभयो । उहाँले चिनो लगाएको लट्ठी चार इन्च तल गयो । बीस जना मानिसहरू पानीमा उभिरहेका थिए । बाले कराएर भन्नुभयो । 'हामीले त्यो भत्काएको बाँधलाई बनाउनु छ । मेरी छोरीलाई प्रसव-वेदना भैरहेछ । मानिसहरू उहाँको वरिपरि घोरिइन् थाले ।

'बच्चा ?'

'हो । अब हामीहरू जान सक्तैनौं ।'

एउटा अग्लो मानिसले भन्यो । 'त्यो हाम्रो बच्चा होइन । हामीहरू जान सक्छौं ।'

बाले भन्नुभयो । 'अवश्य जान सक्छौ तिमीहरू । काम गर्दै जाऊ । कसैले पनि तिमीहरूलाई रोकिरहेको छैन । फावडा आठवटा मात्र छन् ।' बाँधको सबभन्दा तल्लो भागमा छिटो-छिटो गएर उहाँले आफ्नो फावडा हिलोमा गाड्नुभयो । फावडा-भरि हिलो उचाल्दा चुसेको जस्तो आवाज आएको थियो । उहाँले फेरि फावडा गाड्नुभयो र खोलाको किनाराको होचो ठाउँमा हिलो फाल्नुभयो । र उहाँको बगलमा अरू मानिसहरू एकै पंक्तिमा बस्न आए । उनीहरूले हिलो लामो बाँधमाथि थुपारे र फावडा नहुनेहरूले सरपतका हाँगाहरू काटेर चर्टाइ बुनीकन किनारामा घुसारे । मानिसहरूले संघर्ष गरीकन मिहिनेतले काम गरे । एक जनाले फावडा छोडेपछि अर्कोले त्यसलाई टिपेको हुन्थ्यो; उनीहरूका कोट र ह्याट पानीले भिजेका थिए । उनीहरूका कमीज र सुरुवाल शरीरमा टाँसिएका थिए र उनीहरूका जुत्ता हिलोमा परेर आकार-प्रकार नछुट्टिने भए । जोड-परिवारको गाडी-घरबाट जोरसँग चिच्च्या-एको आवाज सुनियो । काम गरिरहने मानिसहरू थामिएर बेचैनले त्यो आवाज सुन्न थाले । र फेरि उनीहरू आफ्नो काममा व्यस्त भए । दुवै छेउको मूल-सडकको

बाँधसँग नजोडिएसम्म माटोको सानो बाँध फैलाउँदै लगियो । अब उनीहरूलाई थकाइ लागेकोले फावडाहरू धेरै सुस्तीले चल्न थाले । र खोला बिस्तार-बिस्तारै उठेर आयो ।

काममा विजय भएकोले बाले हाँसेर भन्नुभयो । 'हामीले बाँध नबनाएता पनि खोला माथि आउने थियो ।'

खोलाले बिस्तारै नयाँ बाँधको बगलमाथि चढेर सरपतको चटाई च्यात्यो । बाले कराएर भन्नुभयो । 'झन् माथि ! हामीले झन् माथि उठाउनु पर्छ ।'

साँझ झमक्क परेर पनि काम चलिनै रह्यो । अब मानिसहरूलाई थकाइ लाग्न छोड्यो । उनीहरूको आकृतिबाट संकल्पको भावना झल्केको थियो । उनीहरूले मेशीनसरह काम गरे । अँध्यारो भएपछि आइमाईहरूले गाडी-घरका ढोकाहरूमा लालटीन झुण्ड्याएर कफीका भाँडाहरू तयार गरेर राखे । र आइमाईहरू एक-एक गरेर जोड-परिवारको गाडी-घरमा दौडेर पसे ।

प्रसव-वेदना अब बीस-बीस मिनेटको फरकमा हुन लाग्यो । र रोज आब शारनको सहनशक्ति क्षीण भयो । ठूलो वेदनाले उनी जोरसँग चिच्च्याउन थालिन् । र आसपासका आइमाईहरू उनलाई हेर्नाको साथसाथै बिस्तारै थपथपाएर आ-आफ्नो गाडीमा फर्केर गए ।

आमाले अब आगो दन्काइन् र आफ्ना सबै भाँडा-बर्तनहरूमा पानी भरेर तताउनलाई चूलोमा चढाइन् । बाले छिन-छिनमा गाडी घरभित्र हेरेर सोध्नुभयो । 'ठीक छ ?'

आमाले उहाँलाई यकीन दिलाएर भनिन् । 'अँ ठिकै जस्तो लाग्छ ।'

अँध्यारो भएपछि कसैले काम गर्नलाई चोर-बत्ती ल्यायो । काका जान बाँध-माथि हिलो फप्रांक्दै काम गर्न थाले ।

बाले भन्नुभयो । 'तिमी सजिलो ठान्छौ । तिमी आत्महत्या गरौला ।'

'म त्यसै नगरीकन बस्न सक्तिनँ । म त्यो कराएको सुन्न सक्तिनँ । यो त्यस्तै

छ– यो त्यस्तै छ जब–'

बाले भन्नुभयो । 'मलाई थाहा छ । यर यसलाई त्यति सारो नठान्नू ।'

काका जानले रुँदै भने । 'भगवान्को शपथ, म भारन चाहन्छु । मलाई काम गर्नु छ या भाग्नु छ ।'

चोर बत्ती लिने मानिसले लट्ठीमा प्रकाश देखायो । बत्तीको प्रकाशमा वर्षाको पानी सेतो दखियो । त्यसले भन्यो । 'पानी माथि चढ्दै छ ।

बाले भन्नुभयो । 'अब पानी बिस्तारै चढ्नेछ ।पल्लोपट्टि पानी उठाउनु छ ।'

'अझ पानी चढ्दै छ ।'

आइमाईहरूले कफीका भाँडाहरू भरेर फेरि काम गर्ने मानिसहरूकहाँ पठाई दिए । र रात बढ्दै गएपछि मानिसहरूको काममा सुस्ती हुँदै गयो । उनीहरू आफ्ना बोझा पैताला भारी बोक्ने घोडाले जस्तै गरी थकानले उचाल्न थाले । बाँधमा बढता हिलो राखियो र अरू सरपतहरूबाट चटाई बनाइयो । वर्षा एक-नासले भै नै रह्यो । चोर-बत्तीको प्रकाश काम गर्ने मानिसहरूको मुखमा परेपछि उनीहरूका आँखा ट्वाल्ल देखिए तथा उनीहरूका गालाका मांसपेशीहरू छुस्स निस्किएका थिए ।

निकै बेरसम्म गाडी-घरबाट चिच्च्याएको आवाज सुनिएपछि निस्तब्धता छायो ।

बाले भन्नुभयो । 'बच्चा जन्मेको भए आमाले मलाई बोलाउने थिई ।' उहाँले उदासीनताले फावडाले हिलो झिक्दै गर्नुभयो ।

खोलाले भँवरीजस्तो घुमेर किनारामा ठक्कर दिन लाग्यो । त्यसपछि खोला-माथि ग्राम्म आवाज आयो । चोर-बत्तीको प्रकाशले हेरेपछि एउटा ठूलो कपासको बोट ढलेको देखियो । मानिसहरूले अडेर हेर्न थाले । रूखका हाँगाहरू पानीमा डुबेर खोलाका छालसँगै चल्न थाले र खोलाले साना-तिना जराहरूलाई खनेर उखेल्न थाल्यो । त्यो रूख बिस्तारै जराबेखि मुक्त भयो अनि बिस्तारै रूख खोलामा चल्न

थाल्यो । तीं थाकेका मानिसहरू ट्वाल्ल परेर मुख बाएर हेरिरहे । त्यो बिस्तारै चल्दै गयो । अनि एउटा हाँगा ठुटामा अल्झियो । र साह्रै ढीलोसँग जराहरू चलेर नयाँ थापेको बाँधमा अड्कन गए । पछिल्तिरबाट पानी बढ्दै आएकोले रूख चल्न थाल्यो जसबाट बाँध भत्कियो । एउटा सानो खोलो त्यसैमा जोडिन आएकोले बाले अगाडि बढेर फुटेको बाँधमा हिलोले टालिदिनुभयो । रूखको वरिपरि पानी थपिंदै आएकोले बाँधलाई छिटै बगाएर गोलीगाँठा नघाई घुँडासम्म पुऱ्याइदियो । मानिसहरू काम छोडी दगुरेर गए । किनभने पानीको छाल बिस्तारै उनीहरू बसेको घरमुनि, गाडीमुनि तथा गाडी-घरहरूको मुनिसम्म बढेर आयो ।

काका जानले पानीले भत्काएर बाटो बनाएको देखे । अँध्यारोमा पनि उनले त्यो कुरा देख्न सके । अनियन्त्रित भएर उनको शरीरको बोझले उनी तल खसेर घुँडाले टेक्न पुगे र खिच्ने पानीले उनको छातीमा चक्कर काट्यो ।

बाले उनी लडेको देखेर भन्नुभयो । 'हे ! के भो ?' उहाँले उनलाई उठाएर भन्नुभयो । 'तिमीलाई सन्चो छैन ? आऊ, गाडी उच्चा छ ।'

काका जानले बल झिकेर क्षमा-याचना गरीकन भने । 'मलाई थाहा छैन । खुट्टा खुस्के ।' बाले उनलाई गाडीहरूतिर लान सघाउनुभयो ।

बाँध भत्केपछि आल फर्केर भाग्यो । उसको पाइलाको चाल भद्दा र बोझा भयो । ऊ ट्रक-गाडीमा पुग्दा पानी उसको पिंडौलासम्म आएको थियो । अग्रीम भागमा ओढाएको टाट फालेर त्यो गाडीमा उफ्रेर गयो । त्यसले स्टार्ट गर्ने यन्त्रमा पाइला राखेर इन्जिनलाई बार-बार चलायो । तर मोटरले गर्जन छोड्यो । त्यसले इन्जिनभित्र हात्रा जान दिएन । ब्याटरीले ओसिएको मोटरलाई उनले साह्रै सुस्त-सुस्त चलायो तर मोटरले ख्वाक्-ख्वाक् गरेर खोकेन । आलले आगोको झिल्का बढायो । ऊ आफू बसेको ठाउँमुनिको क्रैंक छामेर हेरेपछि बाहिर निस्क्यो । पानी गाडीको बाहिरपट्टि राखेको फल्याकभन्दा माथि चढिसकेको थियो । त्यसले अगाडि छेउतिर गएर हेऱ्यो । क्रैंकको बिर्को नाघी पानी आइसकेको थियो । त्यसले झटपट क्रैंक जडेर घुमायो । उसको कसेको हातले प्रत्येक घुमाइमा पानी बिस्तारै बगेर आएको चाल पायो । आखिरमा उसको जोश सेलायो । मोटरमा पानी भरिएर आयो । ब्याटरी अब चौपट भैसक्यो । अलि उच्चा ठाउँमा राखेका दुइटा गाडी चलेका थिए र त्यसमा भएकाले लाइटले राम्रै काम दिएका थिए । दुइटै गाडीले हिलोमा

भद्दासँग संघर्ष गरेपछि पांग्राहरू तल धसे । अनि चालकहरू मोटर बन्द गरेर हेडलाइटको प्रकाशमा ट्वाल्ल हेरेर चूप लागी बसे । र वर्षाको पानी ती प्रकाशहरूमा सेता देखिए । आल बिस्तारै ट्रकलाई घुमेर भिन्न पसीकन गाडी गर्माउन थाल्यो ।

सानो भन्याङमा पुगेपछि त्यसको तल्लो भाग पानीले डुबाएको बाले देख्नुभयो । उहाँले पानीभिन्न ह्लिलोमा पाइला टेकेर सोध्नुभयो । 'जान, तिमी चढ्न सक्छौ ?'

'चढ्न सक्छु । तपाईं अगाडि जानोस् ।'

बा होशियारीसँग सानो भन्याङ चढेर अलिकति खोलेको ढोकामा चापेर उभिनुभयो । दुइटै बत्ती सानो गरिएका थिए । रोज आब शारनको नजीक डसनामा आमा बसिरहेकी थिइन् र आमाले एक टुक्रा दफ्तीले उनको शान्त मुखमा पंखा हम्किरहेकी थिइन् । श्रीमती वेनराइटले सुकेका हाँगाहरू चूलोमा घुसारेकोले बिर्को वरिपरि पीरो धूँवा आएर त्यो गाडी-घर धूँवाको गन्धले भरिएको थियो । बा भिन्न पस्दा आमाले उहाँलाई पुलुक्क हेरेर फेरि तलतिर हेरिन् ।

बाले सोध्नुभयो । 'तिनलाई कस्तो छ ?'

आमाले उसलाई फेरि नहेरीकन जवाब दिइन् । 'ठिकै छ । तिनी सुतिरहेकी जस्तो छ ।'

त्यस कोठाको वातावरण प्रसूतिपछिको दुर्गन्धले ओतप्रोत थियो । काका जान भन्याङ चढेर भिन्न गई गाडीको बगलमा अडेस लाएर उभिरहे । श्रीमती वेनराइट आफ्नो काम छोडेर बाको नजीक आइन् । तिनले उहाँलाई कुहिनो समातेर गाडी-घरको कुनातिर लगिन् । एउटा लालटीन उठाएर तिनले कुनामा राखेको एउटा स्याउको बाकसमाथि देखाइन् । एउटा अखवारमा मलिन चाउरी परेको सानो मरेको बच्चा थियो ।

श्रीमती वेनराइटले सानो स्वरमा भनिन् । 'सासै फेरेन, मरेकै जन्मेको ।'

काका जान फर्केर गाडी-घरको अँध्यारो छेउतिर थाकेर पैंताला घिसार्दै गए ।

छानामा पानीका थोपा यति सुस्तसँग परिरहेका थिए कि उनीहरूले अँध्यारोमा काका जानले थकाइ लागी नाक बजाइरहेको आवाज सुन्न सके ।

बाले श्रीमती वेनराइटलाई पुलुक्क हेरेर उनको हातको 'लालटीन लिईकन भुइँमा राख्नुभयो । रूठी र विनफिल्ड प्रकाश छेक्नको निम्ति आँखामा पाखुराले छोपेर डसनामा सुतिरहेका थिए ।

बाले रोज आब शारनको डसनामा बिस्तारै गएर पलेंटी मार्न खोज्नुभयो तर उहाँका खुट्टा ज्यादै थालेकाले घुँडा टेकेर बस्नुभयो । आमाले उनलाई चारपाटे दफ्तीले पंखा हम्काइरहेकी थिइन् । तिनले बालाई एक छिन पुलुक्क हेरिन् र उनका ठूल-ठूला आँखाले ट्वाल्ल हेरिरहेका थिए मानौं स्वप्नचारीका आँखाहरू हुन् ।

बाले भन्नुभयो । 'हामीले सके जति गरेका छौं ।'

'मलाई थाहा छ ।'

'हामी रातभरि काम गरिरह्यौं र एउटा रूख ढलेर बाँध काटिदियो ।'

'मलाई थाहा छ ।'

'तिमीले त्यो कुरा गाडी-घरकोमुनि सुन्न सक्थ्यौ ।'

'मलाई थाहा छ । मैले त्यो सुनें ।'

'तिनलाई ठिकै होला भन्ठान्छु, हो ?'

'मलाई थाहा छैन ।'

'हामीले केही गर्न बाँकी राख्यौं ?'

आमाका ओठ सारा र सेता थिए । तिनले भनिन् । 'अँहं, एक थोक मात्र गर्न सकेनौं । अरू सब थोक गरेका छौं ।'

'हामीहरूले नढलेसम्म काम गऱ्यौं अनि एउटा रूख– पानी परेकोले ।' आमाले दलिनमाथि हेरेपछि फेरि तलतिर हेरिन् । कुरा गर्न बाध्य भएर बाले भन्दै जानुभयो । 'मलाई थाहा छैन पानी कतिसम्म माथि चढ्ने छ । गाडीलाई बगाएर लान सक्छ ।'

'मलाई थाहा छ ।'

'तिमीलाई सब थोक थाहा छ ।'

तिनी चूप लागिन् र दफ्तीले पंखा हम्काउने काम सुस्त हुँदै गयो ।

तिनले याचना गरेर सोधिन् । 'हामीले केही कुरा छोड्यौं ? हामीले गर्नु पर्ने केही कुरा बांकी छ ?'

आमाले उसलाई अनौठोसँग अवलोकन गरिन् । उनका सेता ओठहरूमा स्वप्नवत् दयाको मुस्कान आयो । तिनले भनिन् । 'चूप लाग ! दोष नलेऊ । सब ठीक हुन्छ । जतातत हेरफेर भैरहेछ ।'

'त्यो पानीले गर्दा– हामीले जानु पर्ने अवस्था आउन सक्छ ।'

'जाने बेला आएपछि हामी जाऔंला । गर्नु पर्ने काम हामी गरौंला । अब चूप लाग । तिमीले कुरा गरेपछि ऊ बिउँझन सक्छे ।'

श्रीमती वेनराइटले हांगाहरू भांचेर चिसो धूँवा आइरहेको आगोमा झोस्न लगिन् ।

बाहिरतिरबाट रिसले कराएको एउटा आवाज सुनियो । 'म भित्र पसेर त्यो राँडा-छोरालाई आफैं भेटुँला ।'

र ठीक ढोकाबाहिर आलको आवाज सुनियो । 'तिमी कहाँ जाने विचार गरिरहेका ?'

'त्यो राडां-छोरा जोड्लाई भेट्न जांदैछु ।'

'अँहँ, जान हुँदैन । के भो ?'

'बाँधको बारे त्यसले मूर्ख विचार नल्याएको भए हामीहरू बाहिर गई सक्नेथ्यौं । अब हाम्रो गाडीले चल्न छोड्यो ।'

'हाम्रो गाडी मात्र सडकमा चल्न भन्ठानेका ?'

'म भित्र जान्छु ।'

आलले लापरवाहीसँग भन्यो । 'तिमी जबर्जस्ती भित्र जान चाहन्छौ ।'

बाले बिस्तारै उठेर ढोकामा गएर भन्नुभयो । 'ठीक छ, आल, म बाहिर आउँदै छु । ठीक छ, आल ।' बा साँगुरो भन्याङबाट तल ओर्लेर यसो भन्न लाग्नुभएको आमाले सुनिन् । 'हामीकहाँ बिरामी छ । यहाँ तल आऊ ।'

वर्षाले छानामा ठोकेको अब हलुका हुन लाग्यो । र नयाँ उठेको मन्द पवनले त्यो वर्षाको बादल उडाएर लग्यो । श्रीमती वेनराइटले चूलो छोडेर आई रोज आब शारनमाथि अवलोकन गरेर भनिन् । 'महाशया, भोर हुन लागेको छ । तिमी एक छिन नसुत्ने ? उनलाई म हेर-विचार गरुँला ।'

आमाले भनिन् । 'अँहँ, मलाई थकाइ लागेको छैन ।'

श्रीमती वेनराइटले भनिन् । 'आऊ, एक छिन पल्टिएर तिम्रो बोझा अलालाई निम्याउन देऊ ।'

आमाले बिस्तारै दफ्तीले पंखा हम्केर भनिन् । 'तिमीले मित्रवत् सहयोग दिएकोमा हामी धन्यवाद दिन्छौं ।'

ती बलियी आइमाईले मुस्काउँदै भनिन् । 'धन्यवाद दिनु पर्दैन । हामी सबै एकै गाडीमा छौं । हामीलाई पनि दुःख परेको भए तिमीहरूले सघाउने थियौ ।'

आमाले जवाबमा भनिन् । 'हो, हामी सघाउने छौं ।'

'या जसले पनि सघाउने छ ।'

'या जसले पनि सघाउँछ । त्यस्तो सघाउने काममा परिवार सबभन्दा पहिलो हुन्थ्यो । तर यहाँ त्यस्तो भएन । यहाँ त अरू नै सहायक बन्न आएको छ । हाम्रो अवस्था खराब हुँदै गएकोले हामीले बढता काम गर्नु परेको छ ।'

'हामीले त्यसो नगरी हुँदैन ।'

आमाले भनिन् । 'त्यो मलाई थाहा छ ।'

रूठीको मुखबाट लामो उच्छ्वास निस्केपछि तिनले आफ्नो आँखामा राखेको पाखुरा झिकिन् । एक छिन बत्तीमा आँखा तिमिराईकन हेरिसकेपछि तिनले टाउको मोडेर आमातिर हेरेर सोधिन् । 'जन्म्यो ? बच्चा बाहिर निस्क्यो ?'

श्रीमती वेनराइटले एउटा बोरा उचालेर कुनामा राखेको स्याउको बाकस छोपिदिइन् ।

रूठीले सोधिन् । 'बच्चा कहाँ छ ?'

आमाले ओठ भिजाएर भनिन् । 'बच्चा छैन । पेटमा बच्चा नै छैन । हामीहरूले भूल गर्‍यौं ।'

रूठीले हाइ गरेर भनिन् । 'बेकार ! मलाई त बच्चा जन्मेको भए हुने थियो ।'

श्रीमती वेनराइटले आमाको बगलमा बसेर उनको हातको दफ्ती लिई पंखा हम्काइन् । आमाले आफ्नो हात काखमा जोडेर राख्नुको साथसाथै थाकेर सुतिरहेकी रोज आब शारनको मुखबाट आफ्नो थकाइ लागेका आँखा कहिले हटाइनन् । श्रीमती वेनराइटले भनिन् । 'आऊ, एक छिन पल्ट, यहीं उनको बगलमा । किन, तिनको मुखबाट लामो उच्छ्वास निस्केपछि तिमी उठी हालौली ।'

'हुन्छ, म पल्टुँला ।' भनेर आमा सुतिरहेकी छोरीको बगलमा एउटा डसनामा

लम्पासारिइन् । श्रीमती वेनराइट भुइँमा बसेर हेरिरहिन् ।

बा, आल र काका जान गाडीको ढोकामा बसी भोर हुन लागेको हेरिरहे । पानी थामिसक्यो तर आकाश गहिरो र खँदिलो मेघले आच्छादित थियो । प्रकाशको प्रादुर्भाव हुँदा त्यसको छायाँ पानीमा देखिएको थियो । रूखहरूका काला हाँगाहरू, बाकसहरू, फल्याकहरू साथमा लिएर छिटो-छिटो गैरहेको खोलाको तरङ्ग मानिसहरूले देख्न सके । पानी त्यो समथल ठाउँमा घुम्दै आयो जहाँ गाडी-घरहरू खडा थिए । कुनै किसिमको बाँधको चिन्ह त्यहाँ थिएन । समथल ठाउँमा आएर तरङ्ग थामियो । बाढीको पानीको छेउ-छेउमा पहेंलो फींजको रेखा थियो । बाले ढोकातिर निहुरेर ठिक पानीको रेखामाथि सानो भन्याङमा एउटा हाँगा राखिदिनुभयो । मानिसहरूले पानी त्यहाँसम्म बिस्तारै चढेर आई त्यस हाँगालाई सुस्त-सुस्त बगाएर लगेको हेरिरहे । बा अर्को हाँगालाई पानीको एक इन्चमाथि छोडर पछाडि हटेर हेरिरहनुभयो ।

आलले सोध्यो । 'त्यो हाँगा गाडीभित्र आउँछ भन्ठान्नुभएको ?'

'भन्न सकिन्न । पहाडहरूबाट अझ पर्याप्त मात्रामा पानी आउनु छ । त्यसैले भन्न सक्तिनँ । फेरि पानी पर्न सक्छ ।'

आलले भन्यो । 'म विचार गर्दै छु, केही गरी पानी परिदियो भने हरेक चीज भिज्नेछ ।'

'हो ।'

'अँ, पानी गाडीमा तीन-चार फीटभन्दा बढी माथि आउने छैन किनभने पहिले मूल-बाटोमा गएर फैलिने छ ।'

बाले सोध्नुभयो । 'तिमीले कसरी थाहा पायौ ?'

'मैले गाडीको पल्लो छेउमा पानी हेरेर आएको थिएँ ।' हातले देखाएर त्यसले भन्यो । 'अन्दाजी यति जति पानी माथि आउने छ ।'

बाले भन्नुभयो । 'ठीक छ । त्यसो भएपछि के गर्ने त ? हामीहरू त

यहाँ नबस्ने ।'

'हामीहरू यहीं बस्ने । ट्रक यहाँ छँदैछ । बाढी घटेर गएपछि पानी यहाँबाट निख्रेर जान एक हप्ता लाग्छ ।'

'अँ– तिम्रो के विचार ?'

'हामीले ट्रकको दुवैपट्टिको फल्याक झिकेर हामी बस्न र हाम्रा मालसामान राख्नलाई एक किसिमको मञ्च बनाउन सक्छौं ।'

'हो र ? उसोभए हामीले कसरी पकाउने र कसरी खाने ?'

'अँ, त्यसो गरेपछि हाम्रा मालसामानलाई चिसोले भेट्टाउने छैन ।'

बाहिरतिर उज्यालो बढ्दै आयो । सानो भन्याङमा राखेको दोश्रो सानो लट्ठी पनि बगाएर लग्यो । बाले अझमाथि अर्को लट्ठी राख्नुभयो । उहाँले भन्नुभयो । 'यहाँ पनि अवश्य चढ्ने छ । मलाई त त्यस्तै गर्नु जाती होला जस्तो लाग्छ ।'

आमा आफ्नो निद्रामा बेचैनले कोल्टे फेर्न लागिन् । उनका नेत्र झस्केर खोलिन गए । तिनले जोरसँग कराएर जनाउ दिएको जस्तो गरी भनिन् । 'टाम ! अहो, टाम ! टाम !'

श्रीमती वेनराइटले शान्त गर्ने तरीकाले भनिन् । आँखा फेरि बन्द भएर गए र आमा आफ्नो स्वप्नमा खुम्चिएर गइन् । श्रीमती वेनराइट उठेर ढोकातिर गई कोमल स्वरमा भनिन् । 'हे ! हामी छिटै बाहिर जाँदैनौं ।' स्याउको बाकस राखेको गाडी-घरको कुनामा तिनले औंल्याएर भनिन् । 'त्यसले केही भलो गरेन । किनभने यसले एउटालाई कष्ट दियो र सबैलाई अपशोच । तिमीहरू यसलाई लगेर गाड्न सक्तैनौ ?'

मानिसहरू चूप थिए । अन्तमा बाले भन्नुभयो । 'तिमीहरू ठीक भएको जस्तो लाग्छ । त्यो दुःखको कारण बन्न आयो । त्यसलाई गाड्नु ऐनको विरोध गर्नु हो ।'

'यस्ता धेरै कुराहरू छन् जो हामीले ऐनको विरोध नगरीकन केही गर्न सक्तैनौं ।

'हो ।'

आलले भन्यो । 'पानी धेरै बढेर आउनुभन्दा अघि हामीले ट्रकका फल्याकहरू झिक्नु छ ।'

बाले काका जानतिर फर्केर भन्नुभयो । 'आल र मैले त्यो फल्याक भित्र लगुन्जेल तिमीले त्यो बच्चालाई लगेर गाड्ने होइन ?'

काका जानले उदासीनताले भने । 'त्यो मैले किन गर्ने ? तिमीहरूले किन नगर्ने ? म त्यो गर्न चाहन्न ।' त्यसपछि उनले भने । 'म अवश्य गर्छु, जरूर गर्छु । खोइ ल्याऊ, मलाई देऊ ।' उनको आवाज ठुलो हुँदै गयो । 'खोइ ल्याऊ, मलाई देऊ ।'

श्रीमती वेनराइटले भनिन् । 'उनीहरूलाई नजगाऊ ।' तिनले स्याउको बाकस ढोकामा ल्याएर त्यसमाथि बोरा राम्रोसँग ओछ्याइन् ।

बाले भन्नुभयो । 'तिम्रो पछिल्तिर फावडा छ ।'

एक हातमा फावडा लिएर बिस्तारै बगिरहेको पानीमा उनी गए । उनले जमीन छुनुभन्दा अघिनै पानी प्रायः कमरसम्म आएको थियो । त्यसैले फर्केर उनले त्यो स्याउको बाकस अर्को पाखुराले च्यापे ।

बाले भन्नुभयो । 'आल, आऊ, त्यो फल्याक भित्र राखौं ।'

भोरको उज्यालोमा काका जान जोड-परिवारको ट्रक नाघेर अर्को गाडीको छेउतिर पानी तरेर गए । गाडी-घर नाघेर गई उनी मूल-सडकबाट गए । उनी त्यस ठाउँमा आइपुगे जहाँ खलबलिरहेको खोला सडकको नजीक बगिरहेको थियो । त्यो सडकको बगलमा सरपतहरू उम्रिरहेका थिए । फावडा तल राखेर तथा बाकस आफ्नो अघिल्तिर समातेर जोरसँग गैरहेको खोलाको किनारामा नआइपुगेसम्म उनी झाडको छेउ-छेउबाट गए । एक छिन उनले खोलालाई घुम्दै जाँदा सरपतका डाँठहरूमा पहेंलो फींज छोडेर गएको उभेर हेरिरहे । उनले त्यो स्याउको बाकस

आफ्नो छातीको नजीक समाते । त्यसपछि तल निहुरेर उनले बाकस खोलामा राखीकन त्यसलाई आफ्नो हातले सोझो पारे । उनले निर्ममतापूर्वक भने । 'गएर उनीहरूलाई भन । सडकमा गएर कुहिएपछि उनीहरूले त्यही बाटो जानु पर्छ भनिदिनू । तिमीले त्यही तरीकाले कुरा गर्नू । तिमी लडका हो कि लडकी त्यो पनि उनीहरूलाई थाहा छैन । उनीहरूले तिमीलाई भेट्टाउने छैनन् । अहिले गएर सडका पल्टिरहनू । त्यस बेला शायद उनीहरूले तिमीलाई चिन्नेछन् ।' उनले त्यो बाकस बिस्तारै पानीको छालमा छोडेर जान दिए । त्यो बाकस पानीमा परेपछि किनारा लागेर गयो र भँवरीमा परेर बिस्तारै पल्टचो । पानीले बोरा बगाएर लग्यो र बाकस जोरसँग बगेको पानीसँगै गयो । त्यो बाकस छिटो-छिटो बगेर गै झाडको पछाडि अलोप भएर गयो । काका जानले फावडा लिएर गाडी-घरहरूतिर छिटो-छिटो पाइला चाले । पानी तरेर उनी ट्रकमा गए जहाँ बा र आल १×६ का फल्याकहरू झिकिरहेका थिए ।

बाले उसलाई देखेर भन्नुभयो । 'यो काम गर्ने ?'

'हो गर्ने ।'

बाले भन्नुभयो । 'अँ, हेर, तिमीले आललाई सघाउँछौ भने म पसलमा गएर केही खानेकुरो ल्याउँछु ।'

आलले भन्यो । 'सुँगुरको मासु अलिकति ल्याउनोस् । मलाई खान मन लाग्यो ।'

बाले भन्नुभयो । 'हुन्छ, म ल्याउँछु । बा ट्रकबाट तल ओर्लेपछि काका जानले त्यसको ठाउँ लिए ।

उनीहरूले फल्याकहरू गाडी-घर भित्र घुसारेपछि आमा बिउँझेर बस्न थालिन् र भनिन् । 'के गर्न लागेका ?'

'पानीबाट बच्ने ठाउँ बनाउन लागेका ।'

आमाले सोधिन् । 'किन ? यहाँ भित्र त चिसोले भेट्टाएकै छैन नि ।'

'अब सुख्खा हुँदैन । पानी माथि आउँदै छ ।'

आमालै मुश्किलसँग उठेर ढोकानिर गईकन भनिन् । 'हामीले यस ठाउँलाई छोडेर जानु पर्छ ।'

आलले भन्यो । 'हामीले छोड्न सक्तैनौं । हाम्रा सर्व मालसामान यहीं छन् । यहाँ ट्रक छ । हाम्रो सर्वस्व नै यहीं छ ।'

'बा कहाँ हुनुहुन्छ ।'

'जल-पानको निम्ति खानेकुरो लिन जानुभयो ।'

आमाले तल पानीमा अवलोकन गरिन् । अहिले पानी भुइँदेखि ६ इन्च मात्रै तल थियो । डसनामा फर्केर गै तिनी रोज आब शारनलाई हेर्न थालिन् जसले उनलाई घुरेर हेरिरहिन् ।

आमाले सोधिन् । 'तिमीलाई कस्तो छ ?

'थकाइ लागेको छ; बस थकाइ लागेको छ ।'

'तिम्रो निम्ति जल-पान लिन गएका छन् ।'

'मलाई भोक लागेको छैन ।'

श्रीमती वेनराइटले आमाको नजीक गएर भनिन् । 'तिनलाई ठीक भएको जस्तो बुझिन्छ । बेसै भैरहेछ ।'

रोज आब शारनका आँखाले आमालाई प्रश्नसूचक दृष्टिले हेरे । तर आमाले त्यस प्रश्नलाई छल्न खोजिन् । श्रीमती वेनराइट चूलोतिर हिंडिन् ।

'आमा ।'

'किन ? के चाहियो ?'

'यो– ठीक– भो– र ?'

आमाले आफूले गर्न लागेको प्रयास त्यागेर डसनामा घुँडाले टेक्न गइन् ।

रोज आब शारनले बल गरेर उठ्न खोजीकन भनिन् । 'आमा !'

'तिमी सक्तिनौ ।'

ती लडकीले फेरि पल्टिएर आफ्नो पाखुराले आँखा छोपिन् । रूठी बिस्तारै नजीक गएर डरले हेर्न थालिन् । तिनले सारोसँग कानेखुसी गरेर सोधिन् । 'आमा, तिनी बिरामी ? तिनी मर्न लागेकी ?'

'अवश्य होइन । तिनी राम्री हुँदै आइरहेकी छन् ।'

बाले पाखुराभरि पोकाहरू लिएर भित्र पसीकन सोध्नुभयो । 'तिनलाई कस्तो छ ?'

आमाले भनिन् । 'ठीक छ । तिनलाई ठीक हुँदै आइरहेछ ।'

रूठीले विनफिल्डलाई सुनाइन् । 'तिनी मर्न लागेकी छैनन् । आमा यस्तै भन्छिन् ।'

र विनफिल्डले ठूलो मानिसले जस्तै सिन्काले दाँत कोट्टयाएर भन्यो । 'मलाई त्यो कुरा पहिलेदेखि नै थाहा थियो ।'

'तिमीले कसरी थाहा पायौ ?'

विनफिल्डले भन्यो 'म भन्दिनँ ।' र त्यसले एक टुक्रा सिन्का थुक्यो ।

आमाले बाँकी बचेका हाँगाहरूले आगो जोरेर सुँगुरको मासुको झोल पकाइन् । बाले पसलको रोटी ल्याउनु भएको थियो । आमाले त्यो रोटी देखेपछि मुख अँध्यारो पारेर सोधिन् । 'हामीसित जगेडा खर्च छ ?'

बाले भन्नुभयो । 'अँहँ छैन । तर हामीहरूलाई माह्रै भोक लागेको छ ।'

आमाले दोषारोपण गरेर भनिन् । 'र तपाईंले पसलबाट रोटी ल्याउनुभयो ।'

'अँ, हामीहरूलाई असाध्य भोक लागेको छ रातभरि काम गरेकाले ।'

आमाले उच्छ्वास छोडेर भनिन् । 'अब हामीले के गर्ने ?'

उनीहरूले खानलाग्दा पानी बिस्तार-बिस्तारै माथि चढ्न थाल्यो । आलले आफ्नो खाना निलेर बा र ऊ मिलीकन ५ फीट चाक्लो, ६ फीट लामो र भुइँबाट चार फीट माथि मञ्च बनाउन थाले । र पानी ढोकाको छेउसम्म बिस्तारै आए-पछि निकै बेर अनकनाए जस्तो गरी बिस्तारै ढोका नाघी भित्र भुइँमा बगेर आउन थाल्यो । र बाहिरतिर अघि जस्तै पानी पर्न थाल्यो । पानीका ठूलठूला थोपाहरू खोलाको पानीमा छ्यापिएजस्तै र छानामा ठोकेजस्तै गरी पर्न थाले ।

आलले भन्यो । 'अब डसनाहरू र सिरकहरू माथि राखौं । यसो गरेपछि भिज्दैन ।' उनीहरूले आफ्ना भएभरका सामान मञ्चमाथि थुपारे । पानीले बिस्तारै भुइँमा बाटो बनाउँदै आयो । बा, आमा, आल र काका जानले रोज आब शारन सहितको डसनाको चार कुना चारै जनाले उचालेर त्यो मालसामानमाथि राखे ।

र तो लडकीले प्रतिवाद गरेर भनिन् । 'म हिंड्न सक्छु । म ठीक भएँ ।' र अलि-अलि पानीले भुइँ छोपिसक्यो । रोज आब शारन आमासँग कानेखुसी गर्न लागिन् र आमाले आफ्नो हात सिरकमुनि घुसारेर उनको छाती छामेर मुन्टो सोझै हल्लाइन् ।

गाडी-घरको पल्लोपट्टि वेनराइटहरू आफ्नो निम्ति मञ्च बनाउँदै थिए । घना वर्षा भएर थामियो पनि ।

आमाले आफ्ना पैंतालाना हेरिन् । अहिले गाडी-घरको भुइँमा आधा इन्च पानी भरिएर आयो । तिनले विक्षिप्त भएर ठूलो स्वरमा भनिन् । 'तिमीहरू रूठी-विनफिल्ड ! आऊ मालसामानमाथि बस्न । तिमीहरूलाई चिसो लाग्ला ।' तिनले उनीहरूलाई रोज आब शारनको बगलमा सुरक्षितसाथ अपठ्यारोसँग बसिरहेको देखिन् । आमाले अकस्मात् भनिन् । 'हामीले बाहिर निस्कनु छ ।'

बाले भन्नुभयो । 'हामी जान सक्तैनौं । आलले भने जस्तै हाम्रा सबै माल-

सामान यहीं छन् । हामीले गाड़ी-घरको ढोका घचेड़ेर वस्नलाई बढता ठाउँ बनाऔंला ।'

परिवार चूप लागेर, चिडचिडाहटको भावनाले मञ्चहरूमा घुइँचिएर बस्यो । बाढी एकनाससँग बाँधमाथि फैलिएर पल्लोपट्टि कपासको खेतमा जानुभन्दा अगाडि गाडीमा ६ इन्च पानी आइसकेको थियो । त्यस दिन र राति मानिसहरू निराश भएर गाडी-घरको ढोकामा नजीक-नजीकै सुतेका थिए । र आमा रोज आब शारन-को नजीक पल्टिरहिन् । आमाको अनुहार चिन्तनमा डुबेको थियो र उनी कहिले ती लडकीसित कानेखुसी गर्थिन् र कहिले शान्तपूर्वक बस्थिन् । तिनले पसलबाट ल्याएको बाँकी रोटी सिरकमुनि थन्काइराखिन् ।

पानी अब रोकी-रोकीकन पर्न थाल्यो– कहिले पानी मिसिएको अलि-अलि हावाको झोका र कहिले शान्त थियो । दोश्रो दिन बिहान बाले शिविरको खोला तरेर गई आफ्नो गोजीहरूमा दसवोटा आलु राखेर फर्कनुभयो । बाले गाडीको भित्री भित्ताको भाग ताछेर आगो जोर्नुको साथसाथै कराहीमा पानी राख्ता आमाले उहाँलाई अपशोचको नजरले हेरिरहिन् । परिवार तातो आलु बोक्रा छोडाएर खान थाल्यो । यो अन्तीम खाना सिद्धिएपछि उनीहरू पानीमा घुरेर हेर्न थाले । र राति निकै बेर उनीहरू पल्टिएनन् ।

बिहान भए पनि उनीहरू अत्यास लागेर बिउँझे । रोज आब शारनले आमा-सँग कानेखुसी गरिन् ।

आमाले टाउको सोझै हल्लाएर भनिन् । 'हो, त्यसको समय आयो ।' त्यसपछि तिनीले गाडीको ढोकातिर जहाँ लोग्नेमानिसहरू पल्टिरहेका थिए फर्केर निर्ममता-पूर्वक भनिन् । 'हामीहरू यहाँबाट उच्चा ठाउँमा जाँदैछौं । तिमीहरू आउने कि नआउने । तर म रोसाशर्न र यी केटाकेटीहरूलाई यहाँबाट लिएर जाँदैछु ।'

बाले कमजोर स्वरमा भन्नुभयो । 'हामी जान सक्तैनौं ।'

'हुन्छ, उसोभए तिमीहरूले जसरी भएपनि रोसाशर्नलाई मूल-बाटोसम्म पुऱ्याउनु पर्नेछ । त्यसपछि तिमीहरू फेरि फर्कौला । अहिले पानी थामिइसकेको छ र हामीहरू जाँदैछौं ।'

बाले भन्नुभयो । 'हुन्छ, हामीहरू जाऔंला ।'

आलले भन्यो । 'आमा म त जान्नँ ।'

'किन नजाने ?'

'अँ– एग्गी– ऊ र म–'

आमाले मुस्काएर भनिन् । 'अवश्य तिमी यहाँ बसौला, आल । यो माल-सामानको हेर-विचार गनूँ । पानी निखे्पछि हामीहरू फर्केर आऔंला । पानी पर्नु-भन्दा अघि छिटै आऊ । लौ, रोसाशर्न, हामी सुख्खा ठाउँमा जाँदैछौं ।'

'म हिंडेर जान सक्छु ।'

'सडकमा अलि-अलि हिंडे पनि हुन्छ । बा, पिठ्यूँ थाप्नोस् ।'

बा पानीमा गएर पखिरहनुभयो । आमाले रोज आब शारनलाई मञ्चघाट तल ओराली गाडीबाट पार गराइन् । बाले उनलाई आफ्नो पाखुरामा लिई जति-सक्यो उति माथि उचालीकन गहिरो पानीबाट होशियारीसाथ अगाडि बढीकन मूल-बाटोमा पुग्नुभयो । उहाँले उनलाई तल राखीकन समाइराख्नुभयो । काका जान रूठीलाई बोकेर बाको पछि-पछि गए । आमा पानीमा ओलिन् र एक छिन उनको फरियाले उनलाई झलमलाइदियो ।

'विनफिल्ड, तिमी मेरो काँधमा चढ । आल, पानी निखे्पछि हामीहरू फर्केर आउँला । आल–' तिनले थामिएर भनिन् । 'टाम आउँछ भने–उसलाई ह'मी फर्केर आउनेछौं भनिदिनू । उसलाई होशियारीसाथ बस्नू भनिदिनू । विनफिल्ड । तँ मेरो काँधमा चढ । अब पैताला नचला ।' तिनी छातीसम्म आउने पानीमा ढलमलाईकन गइन् । मूल-बाटोको बाँधमा पुगेपछि उनीहरूले उनलाई माथि तानेर लिए र विनफिल्डलाई उनको कुमबाट ओराले ।

मूल-बाटोमा उभिएर उनीहरूले पानीको फैलावमा, लाल गाडीहरूमा, ट्रकहरूमा तथा बिस्तारै चलिरहेको गहिरो पानीमा मोटर-गाडीहरू डुब्न लागेको

सिंहावलोकन गर्न थाले । र उनीहरू उभिएर बस्दा सिमसिम पानी पर्न थाल्यो ।

आमाले भनिन् । 'हामीले अगाडि बढ्नु छ । रोसाशर्न, तिमीलाई हिंड्ने आँट छ ?'

ती लडकीले भनिन् । अलि-अलि रिंगटा लाग्छ । म पिटिएको जस्तो अनुभव गर्छु ।'

बाले शिकायत गरेर भन्नुभयो । 'अब हामी जाँदैछौं । कहाँ जाने ?'

'मलाई थाहा छैन । आएर रोसाशर्नलाई सघाऊ ।' आमाले उनको दायाँ पाखुरा समातेर सघाइन् र बाले उनको बायाँ पाखुरा । 'चिसो नभएको ठाउँमा जाँदैछौं । जानु त पर्छ । तिमी लोग्नेमान्छेहरूले दुइ दिनदेखि सुकेको लुगा लाएका छैनौ ।' उनीहरू बिस्तारै मूल-सडकमा जान लागे । सडकको वगलमा भएको खोलामा जोरसँग पानी बगिरहेको उनीहरूले सुन्न सके । रूठी र विनफिल्ड सडकमा पैतालाले पानी छप्दै एकसाथ अगाडि बढे । उनीहरू सडकमा बिस्तारै गइरहे । आकाशमा अन्धकार छायो र वर्षाको पानी बाक्लो हुँदै आयो । मूल-सडकमा कुनै किसिमको सवारी चलेन ।

आमाले भनिन् । 'हामीले छिटो-छिटो जानु छ । यो लडकी पानीमा रुझी भने यसलाई के हुन्छ म भन्न सक्तिनँ ।'

बाले उनलाई व्यंग्यात्मक तवरले सम्झना गरेर भन्नुभयो । 'हामी कता जाने हो भनेर तिमीले भनेका छैनौ ।'

सडक खोलाको बगलमा बांगिएर गैरहेको थियो । आमा जमीन र बाढीले खाएका खेतहरू खोज्दै गइन् । सडको पर बायाँतिर अलि अलि उतार-चढाव भएको पहाडमा वर्षाको पानीले खाएर कालो पारेको खलिहान थियो । आमाले भनिन् । 'हेर, हेर त्यहाँ ! त्यो खलिहान चिसो छैन, म बाजी ठोक्न सक्छु । पानी नथामिए-सम्म हामी त्यहीं जाऔं ।'

बाको मुखबाट उच्छ्वास निस्क्यो र उहाँले भन्नुभयो । 'खलिहानको मालिकले

हामीहरूलाई घोक्याएर पठाउन सक्छ ।'

सामुन्ने सडकको बगलमा रूठीले एक थोक रातो कुरा देखिन् । तिनी त्यसको नजीक दौडेर गएपछि त्यो जंगली जेरैनियमको बौट भनेर तिनले चिनिन् । त्यसमा एउटा फूल फुलेको थियो जो वर्षाको पानीले बिग्रेको थियो । तिनले त्यो फूल टिपेर त्यसबाट एउटा पत्ती झिकीकन आफ्नो नाकमा टाँसिन । विनफिल्ड त्यो हेर्नलाई दगुरेर आयो ।

त्यसले भन्यो । 'मलाई पनि एउटा देऊ ।'

'अँहँ, यो मेरो हो । मैले पाएकी यो ।' तिनले अर्को रातो पत्ती झिकेर आफ्नो निधारमा लगाइन् जो अलि उज्यालो रातो रंगको पान आकारको थियो ।

'रूठी, खोइ । मलाई पनि देऊ एउटा । अहिल्यै देऊ ।' त्यसले उनको हातबाट फूल खोसेर लिन सकेन । रूठीले उसलाई आफ्नो खुला हातले मुखमा एक चड्कन जमाइदिइन् । त्यो एक छिन त आश्चर्य भएर उभिरह्यो । अनिपछि उसका ओठ कामे र आँखाबाट पानी निस्क्यो ।

यो देखेर आमाले भनिन् । 'के गरेका, के गरेका ?'

'त्यसले मेरो फूल खोस्न लागेको ।'

वनफिल्डले सुँक्क-सुँक्क रोएर भन्यो । 'मैले एउटा पत्ती मात्र खोजेको नाकमा टाँस्नलाई ।'

'रूठी, उसलाई देऊ एउटा पत्ती ।'

'त्यसले अर्कै खोजोस्-न । यो त मेरो हो ।'

'रूठी ! तिमीले उसलाई एउटा पत्ती देऊ ।'

रूठीले आमाको धम्की मिसिएको स्वर सुनेर आफ्नो युक्ति बदलेर दया गरेको

जस्तो गरी भनिन् । 'लेऊ, एउटा म नै टाँसिदिन्छु तिम्रो निम्ति ।' अरूहरू हिँडे अगाडितिर । विनफिल्डले आफ्नो नाक उनको नजीक लग्यो । तिनले एउटा पत्ती झिकेर आफ्नो जिब्रोमा भिजाई निर्दयतापूर्वक उसको नाकमा घोचिदिइन् । तिनले सानो स्वरमा भनिन् । 'तँ सानो राँडा छोरा ।' विनफिल्डले त्यो पत्ती आफ्ना औंलाले छामेर हेरेपछि त्यसलाई आफ्नो नाकमा टाँसिएको पायो । अरूहरूको पछि उनीहरू छिटो-छिटो गए । रूठीले मजा सिद्धिएको जस्तो अनुभव गरेपछि भनिन् । 'अर्को पत्तीहरू तिम्रो निधारमा टाँस्नलाई लेऊ ।'

सडकको दायाँपट्टिबाट चर्को सुइँ सुइँ आवाज आएपछि आमाले कराएर भनिन् । 'छिटो गर । जोरसँग पानी पर्न लागेको छ । यही बारेको ठाउँबाट भित्र पसौं । यहाँ छोटो छ । आऊ, अब । रोसाशर्न, सहनु हैं ।' उनीहरूले त्यो लडकीलाई आधी घिस्याएर खाल्टो वारपार गरेर बारेको ठाउँभित्र लगे । त्यसपछि तूफानले उनीहरूलाई भेट्टायो । पानी पनि पऱ्यो । उनीहरू हिलोको बीचबाट संघर्ष गर्दै सानो उकालो चढ्न लागे । पानी परेकोले त्यो कालो खलिहान प्रायः अदृश्य भयो । हावाको गति तेज भएकोले पानीले स्याइँ-स्याइँ गरेर उनीहरूलाई छयाप्न थाल्यो । रोज आब शारनका पाइला चिप्लेर उनलाई समातेर लानेहरूको बीच उनी घिसिइन् ।

'बा ! तपाईं उनलाई बोकेर लान सक्नुहुन्छ ?'

बाले उनलाई उठाईकन भन्नुभयो । 'हामीहरू निश्रुक्क भिज्यौं । विनफिल्ड, रूठी छिटो आऊ । अघि-अघि जाऊ ।'

उनीहरू पानी शोषिएको खलिहानमा स्वाँ-स्वाँ-फ्वाँ-फ्वाँ गर्दै आइपुगे र खुला छेउमा ढलमलिए । यो छेउतिर कुनै ढोका-सोका थिएन । केही खिया परेको खेतका औजारहरू यताउति त्यसै पडिरहेका थिए । तिनमा हलोको चक्का, एउटा टुटे-फुटेको गोड्ने औजार र एउटा फलामको पांग्रा थियो । पानीले छानामा ठोकेर ढोकै नदेखिने भयो । बाले रोज आब शारनलाई बिस्तारै चिल्लो लागेको बाकसमा बस्न लगाउनु भयो । उहाँले भन्नुभयो । 'ईश्वर सर्वशक्तिमान् !'

आमाले भनिन् । 'भित्रपट्टि पराल हुन सक्छ । हेर, त्यहाँ ढोका छ ।' तिनले खिइएका कब्जाहरूमा लगाएको ढोका खोलेर कराएर भनिन् । 'यहाँ पराल छ । तिमीहरू यहाँभित्र आऊ ।'

भित्रपट्टि अँध्यारै थियो । चिरेका फल्याकहरूको बीचबाट छिरेर अलिकति उज्यालो आएको थियो ।

आमाले भनिन् । 'रोसाशर्न, पल्टेर आराम गर । म तिम्रो चिसो हटाउने केही उपाय सोचुँला ।'

विनफिल्डले भन्यो । 'आमा !' छानामा जोरसँग परेको पानीले गर्दा उसको आवाज सुनिएन । 'आमा !'

'क्या हो ? के चाहियो ?'

'हेर ! त्यो कुनामा ।'

आमाले हेरिन् । अँध्यारोमा दुइटा आकार थिए । एउटा मानिस उत्तानो परेर पल्टिरहेको, अर्को एउटा लडका उसको बगलमा बसिरहेको । त्यो मानिस नवागन्तुकहरूलाई घुरेर हेरिरहेको थियो । तिनले हेरिरहँदा त्यो लडका बिस्तारै उठेर उनीकहाँ आयो । त्यसले गर्जेर सोध्यो । 'यो ठाउँ तिम्रो हो ?'

आमाले भनिन् । 'अँहँ, हामीहरू भिजेर यहाँ आएका । एउटी बिरामी लडकी छे । तिमीहरूसँग एउटा सुकेको सिरक छ ? भए त्यो उसलाई ओढाउन दिई उनको लुगा सुक्न देऊ ।'

त्यो लडकाले कुनातिर गई एउटा मैलिएको ओढने ल्याई आमालाई दियो ।

तिनले भनिन् । 'धन्यवाद छ । त्यो मानिसलाई के भयो ?'

त्यो लडकाले एकनासको स्वरले गर्जेर भन्यो । 'पहिले त्यो बिरामी थियो– तर अहिले त्यो खान नपाएर मर्न लागेको छ ।'

'के ?'

'भोक-भोकै छ । कपास टिप्दा-टिप्दै बिरामी भयो । ६ दिनदेखि केही खाएको छैन ।'

आमाले कुनातिर गएर त्यो मानिसलाई हेरिन् । त्यो अन्दाजी पचास वर्षको थियो । जुँगा-दाह्री बढेर जिंग्रिङ भएको उसको आकृति दुब्लो थियो । उसका खुलेका आँखा अस्पष्ट र ट्वाल्ल परेका थिए । त्यो लडका आमाको बगलमा उभिएको थियो । आमाले सोधिन् । 'तिम्रो बा ?'

'हो ! उनी भोक लाग्दैन भन्छन्, नत्र उनी खान्छन्, खान देऊ भन्छन् । अहिले उनी साह्रै कमजोर छन्, चल्नै सक्तैनन् ।'

जोरसँग वर्षिरहेको पानी घटेर अब छानामा सिमसिम पर्न लागेको छ । त्यो दुब्लो मानिसले आफ्नो ओठ चलायो । आमाले उसको बगलमा घुँडा टेकेर कान थापिन् । उसका ओठ फेरि चल्न थाले ।

आमाले भनिन् । 'अवश्य, तिमी निश्चिन्त भएर बस । त्यो ठीक हुन्छ । तिमी पर्खे, म मेरो छोरीको लुगा सुकाउँछु ।'

आमाले छोरीकहाँ गएर भनिन् । 'अब यसभित्र पस ।' तिनले उनलाई नदेखिने गरीकन ओढने माथिसम्म उचालिदिइन् । उनी नांगो भएपछि आमाले ओढने उनको वरिपरि ओढाइदिइन् ।

त्यो लडका उनको बगलमा बसेर व्याख्या गरिरहेको थियो । 'उनले खाए या उनलाई भोक थिएन भनेको मैले बुझिनँ । हिजो राति म गएर एउटा झ्याल फोरिकन केही रोटी चोरेर ल्याएँ । त्यो रोटी उनलाई चपाउन लगाएँ तर उनले त्यो जम्मै बमन गरे । अनि पछि उनी झन् कमजोर भए । मासुको झोल या दूध किन्नु पर्‍यो । तिमीहरूसँग दूध किन्ने पैसा छ ?'

आमाले भनिन् । 'चूप लाग । चिन्ता नगर । हामीले केही कुरा विचार गरौंला ।'

अकस्मात् त्यो लडकाले कराएर भन्यो । 'म भन्छु, त्यो मर्न लागेको छ । म भन्छु, त्यो खान नपाएर मर्न लागेको छ ।'

आमाले भनिन् । 'चूप ।' तिनले बिरामी मानिसलाई लाचारीसाथ उभेर घुरिरहने बा र काका जानमाथि अवलोकन गरिन् । तिनले ओढनेले गुटमुटिएर बसिरहने रोज आब शारनलाई हेरिन् । दुवैको नजर जुध्नेपछि आमाले फेरि उनीहरू-

लाई हेरिन् । आमा-छोरी दुवैले परस्परमा खूब हेराहेर गरे । ती लडकीको सास छोटो-छोटो भएर स्वाँ-स्वाँ हुन थाल्यो ।

तिनले भनिन् । 'हुन्छ ।'

आमाले मुसुक्क हाँसेर भनिन् । 'तिमीले त्यसो गर्लिउ भन्ने मलाई थाहा थियो । मलाई थाहा नै थियो ।' तिनले आफ्नो काखमा जोल्टिइराखेका हातमाथि अवलोकन गरिन् ।

रोज आब शारनले कानेखुसी गरेर भनिन् । 'तिमीहरू– सबै– बाहिर जान्छौ ?' छानामाथि हल्कासित पानी परिरहेको थियो ।

आमाले अघिल्तिर झुकेर हत्केलाले छोरीको निधारबाट अस्त-व्यस्त भएको कपाल मिलाइन् । अनि तिनले उनको निधारमा म्वाइँ खाइन् । आमाले छिटै उठेर भनिन् । 'तिमीहरू सबै बाहिर आऊ, औजार राख्ने झोपडीमा ।'

रूठी मुख खोलेर बोल्न लागिन् । आमाले भनिन् । 'चूप, चूप लागेर बाहिर निस्की ।' तिनले उनीहरूलाई ढोकाबाट धपाएर लगिन् । त्यो लडकीलाई आफ्नो नजीक तानेर तिनले किरिरिरिरं बज्ने ढोका बन्द गरिन् ।

एक छिन रोज आब शारन खलिहानमा कानेखुसी गर्दै चूप लागेर बसिरहिन् ।

त्यसपछि तिनी थकाइ लागीकन पनि उठेर ओढनेले गुटमुटिईकन बिस्तारै कुनातिर गई दुब्लाएको मुख र ठूल-ठूला तर्सेका आँखामा हेरेर उभिरहिन् । अनि बिस्तारै तिनी उसको बगलमा पल्टन गइन् । त्यसले सुस्त-सुस्त गरी आफ्नो टाउको एक बगलबाट अर्को बगलतिर हल्लाउन थाल्यो । रोज आब शारनले एकातिरको ओढने खुकुलो पारेर आफ्नो छाती नांगो पारिन् । तिनले भनिन् । 'तिमीले चुस्नु पर्छ ।' तिनी खुम्चिएर नजीक गइन् र उसको टाउको नजीक तानिन् । तिनले भनिन् 'लौ, लौ ।' आफ्नो हातले उसको टाउको पछाडि लगीकन थामिन् । उनका औंलाहरूले सुस्त-सुस्त उसको कपाल कन्याउन थाले । तिनी खलिहानको माथि र वारपार अवलोकन गरेर आफ्ना ओठमा रहस्यपूर्ण मुस्कान खेलाउन थालिन् ।

(समाप्त)